धार्मिक ग्रन्थ -

बीजक

(अर्थ सहित)

आज्ञा दास

ડૉક્ટર સાહેબ શ્રી ડિલ્લી ભેણ હેગી રૂ
વાંચિંગ જ્યોતિષ એવ ચિંતામ મા
સદ્ભાવના પૂર્વક પ્રદાન ગદિ છું।
આશીર્વાદ
ઋદ્ધિ[illegible]

सदगुरवे नमः

सन्त कबीरको मुख्य रचना

बीजक

(स्व चेतन बोधक अर्थसहित)

अर्थ लेखक:

आज्ञादास

प्रकाशक र संरक्षकः
साधु सचेतदास
सत्संग आश्रम ख २/६५६ बानेश्वर काठमाडौं–९

पहिलो पटक: ११०० प्रति
सत्कबीर वर्ष: ५८५
सम्वत्: २०४१

मोलः १००।–

पुस्तक पाइने ठाउँः

१– रत्न पुस्तक भण्डार भोटाहिटी, काठमाडौं।
२– हिमालय बुक सेन्टर बागबजार, काठमाडौं नेपाल।
३– पारख प्रकाशक कबीर संस्थान प्रीतमनगर (सुलेमसराय)
इलाहाबाद– २११००१

मुद्रकः १– रमैनी–शब्दः
वण्ड़र प्रेस नरदेवी काठमाडौं।
२– ज्ञान चौंतीसा–साखीः
संकल्प प्रेस कालीमाटी काठमाडौं।

सद्गुरवे नमः

तिमी हंस सुनै जस्ता, गरौं वर्णन के भनी । बुझौला सु तरु पाई, स्यावासी दिउँला अनि

समर्पण

सत्यका शोधक सारग्राही निष्पक्ष-विचारक जिज्ञासुवर्गमा

पारख सिद्धान्तका विशिष्ट सन्त पूज्य श्री प्रेमसाहेबको परिशोधन

प्रखर प्रतिभासम्पन्न सन्त सम्राट् श्रीकबीरदेवको निर्णय-वाणीलाई अत्यन्त कल्याणकारी दर्शन ठानेर विश्वका एकभन्दा एक वरिष्ठ बुद्धिमान् विद्वज्जन पनि अधिक आकृष्ट भई चिन्तन-मनन गर्दै आइरहेछन्। यस्तो खास उहाँकै वाणीका संग्रहको अनूपम कोशरूपी एकमात्र यो बीजक हो। यसमा सम्पूर्ण मानवलाई अमर गराउने अमृतमय हितैषी सुमधुर रस भरिएकोले आ-आफ्ना समारोहका समयमा समस्त शिक्षक-व्याख्याताहरूले यस भित्रका पदहरू परम प्रमेय दिव्य प्रमाणका रूपमा ज्वलन्तरूप दिई मुक्त–कण्ठले वर्णन-विवेचन, गायन गर्दै आइरहेका छन्। सत्यका अनुसन्धाता र अध्येताहरू यी पदहरूकै अधिकांश निर्णयमय तथ्य आधार पाएर सत्य स्वरूपदेशमा शान्त हुन, यसैबाट अलौकिक अद्वितीय अखण्ड शक्ति निकाल्दछन्। बीजकरूपी रत्नाकरलाई मथेर कल्याणका अनेक सामग्रीरूपी रत्न बटुली आफ्नो जीवनमा निहाल बन्दछन्।

समस्त दार्शनिक मनीषीले खुला हृदयबाट एक स्वरले भनिरहेछन्– 'सन्त कबीरले साँच्चिकै आफ्नो कुशाग्रबुद्धि, निर्मल विवेकद्वारा अकाट्य कथन र सत्य आचरणरूपी अति पाइनदार बञ्चरो प्रहार गरेर मिथ्या पाखण्डको पट्टेर बृहत् बन फाँडी, छ्याङ्छ्याङती पारेर मानवमा परस्पर परम मैत्री भावबाट मर्यादापूर्वक चलन बोलन व्यवहार गर्ने यो अपूर्वको सोझो पक्का मूल सडक निर्माण गरी मुक्तिपद देखाइदिनु भयो।

गुरु कबीरको देन यो ग्रन्थको कति-कति महानुभावले आ-आफ्ना समझ अनुसार व्याख्या टीका टिप्पणी गरेका छन्, अझ भविष्यमा अरू कति-कति भाषा रूप लिएर विभिन्न विचारबाट निस्कँदै रहनेछन्। यसमा मूल ग्रन्थकर्ताबाटै स्पष्टरूपमा भन्नुभएको छ–

१– सबै प्राणी परस्पर प्रेम– सहानुभूति-सम्पन्न हेल-मेलबाट नङ–मासुसमान बनी बस।

२– आत्मा-परमात्मा ब्रह्म ईश्वर मालिक अल्लाह आदि सार तत्त्व-माथि अति गडेर विवेक गर । सम्यक सार तत्त्वलाई नै ग्रहण गर । यसैवाट तिम्रो पूर्ण पाण्डित्य र काजीपना झल्कने चम्कने र प्रख्यात हुनेछ ।

३– सत्य, कल्याण, धर्म भक्ति भनी समस्त धार्मिक पन्थद्वारा जे जति मानिए ठहरिएका छन्, तिनमा यो सत्य र यो असत्य हो भन्ने जस्ताको तस्तो पारख कसरी हुन सक्तछ ? यसको उत्तरमा उहाँ स्पष्ट शब्दमा वताउनुहुन्छ– वेद कुरान वाइविल आदि प्राचीन ग्रन्थ र अरू अनेक पुस्तकका आडबाट नाना मत पन्थादिद्वारा ईश्वरीय वाणीका धाकमा–

(१) लाटा सूधा निमुखा प्राणीको घात गर्नु नै पुण्य मानियो ।

(२) मानिस-मानिसमै वैर विरोध उत्पन्न गराइयो ।

(३) अदृश्यका कल्पनालाई नै सबैको मूल आधार कायम गरियो ।

(४) सृष्टि– प्रकृतिका नियम अनुसार स्वयं व्यवहार गर्दै आएर पनि सृष्टि नियमकै विरोधी कुरा–अनादि विश्वको उत्पत्ति-प्रलयको कल्पना गरी अनेक पुस्तक रचिए । तिनैको मान्यतामा मानिसहरू एक दोस्राका रगतको प्यासा वने । मार-काट अनेक उत्पात गर्नलागे । अहङ्कारी बनेर कपट पाखण्ड गर्दै, सत्यवाट सर्वथा रित्ता बनी, सन्तप्त रहने भए ।

यस्ता अनुचित काम कुरा देख्ता सुन्दा उहाँको मुटु अति चस्कन लाग्यो । असह्य भएर यसैबाट पहिले सत्यको अनुसन्धान गर्नुभयो । विवेक-अन्वेषण गर्दा-गर्दा उहाँबाट परम सत्य पहिलियो । त्यहीं सत्यमा स्वयं आरूढ भई, अक्षय अखण्ड शान्तिको अनुभवलाई चरितार्थ गरी देखाउनु पनि भयो । अरू अनेक अनुगामी जनलाई समेत उही भूमिकाको स्थिति वनाउने सन्देश प्रदान गर्नुभयो ।

यिनै आचरणहरू दृढ धारणा गराइदिनको लागि आफ्नो वीजकवाट मानवीय बुद्धिको केस्रा-केस्रामा विवेकपूर्वक सार-सत्य भरी दिई, असार-अनृतलाई परित्याग गर्ने साहस प्रदान गर्नुभयो । सम्यक बोध र स्थिति प्राप्तिको लागि दुइ प्रकारको शैली उहाँको देन यो वीजकबाट पाउँछौं–

(१) उल्टवासी अर्थात् अधिकारी वर्गमा खोजीको जिज्ञासा उमार्न अनुभवपूर्ण युक्ति प्रदानगर्नु । हुनपनि व्यक्तिमा खोजिगर्ने क्षुधा नजागी

उपदेशरूप भोजन कसरी ग्रहण हुन सक्छ र !

(२) सरल स्पष्ट युक्तिको निमित्त खुला तर्कद्वारा सोधनी गर्नु र ज्ञान-बाण सोझै प्रहार गरी, साथै सरल वाणीमा आफ्नो सत्य मन्तव्यको सूचना दिनु ।

(३) अरू सिद्धान्तको पनि सत्य कुरा जति आफ्नै सम्झी सारग्राही बन्ने, सबैको जीवन सफल बनाइदिने उद्देश्यबाट स्वयं आचरणमा उत्रनु, मानबमात्रलाई शिक्षा दिनु । सबैबाट उपलब्ध-प्रेम र उपहासलाई खपेर पनि आफ्नो सद्भाव स्पष्ट बताउँदै रहनु—उहाँको पूर्ण गौरवता हो ।

विशेष अर्थ- लेखकको भाव ग्रन्थबाट अवगत हुन्यैछ । उसमाथि सुज्ञजनले मूल वचनबाटै सर्व सन्धी आशय बुझी, सदाचार-स्वरूप स्थिति बनाउने नै हुनाले यहाँ त केवल सामान्यजनको निमित्त यो ग्रन्थ एउटा पथ-प्रदर्शक वा स्मृति-दाता बनोस् भन्ने भावबाट संक्षेप बताउने भावना लिएको हुँ । अब यत्तिकै स्मरण गर्दछु— महा मानवको अन्तःकरणबाट सहज प्रस्फुटित भएका वाणी-समूहरूप यो पुस्तकको अर्थ- भाव, तपाइँ हामीसहित समस्त मानवमा सादर ग्रहण होस्, यसैमा सबैको साँच्चिकै भलाई छ ।

भ्रमण निकुञ्ज
घाघरा नदी-तट बहरामघाट —**प्रेमदास**
बढनपुर बाराबङ्की [उ. प्र.]
२३–१०–८२ ई.

पारख सिद्धान्तका वरिष्ठ सन्त पूज्य श्री चेतनसाहेबको उद्गार !

कसै- कसैले शंका गर्छन्– सद्गुरु कबीरसाहेबको पृथक् सिद्धान्त संसारमा कसरी चल्यो? के उहाँमा मत-प्रवर्तक बन्ने, सबैद्वारा श्रेष्ठ भनाउने कामना रहेछ कि ! उत्तर हो– उहाँकै देन एकमात्र बीजक ग्रन्थबाट सिद्ध हुन आउँछ– उहाँ प्रथम अनन्त जन्मका विशुद्ध संस्कारी एकान्त मानव हुनुहुँदो रहेछ । उहाँलाई बालककालदेखि नै अनेक महात्माहरूको सत्सङ्गत निर्यत्न उपलब्ध भएछ । अध्ययन-सत्संगत एकान्त चिन्तनबाट उहाँमा प्रखर विवेकको स्रोत फुट्यो, सत्य तत्त्वको पारख गर्दै जानुभयो । उहाँको हृदयमा यो जिज्ञासाले अविकलरूपबाट स्थान बनायो– 'मिथ्या सिद्धान्त अँगालेर कसैको कहिल्यै कुनै कार्य पनि बन्न सक्तैन ।✕ सार सत्य तत्त्व नै चिनेर उसैमा स्थिति बनाउनु पर्छ ।' उहाँ देश-विदेश* घुमी-घुमी सर्व सिद्धान्तीजनको सत्संगत, कर्म उपासना योगादिको अभ्यास र ब्रह्मज्ञान आदिको अनुभव गर्दै जानुभएछ ।

अनादिकालका जीव सबै जताततै घुमी समस्त खानिमा चक्कर काट्तै आइरहेका हुन् । उहाँ उही घुमाईमा परेर पनि यो जीवनमा विशेष अन्वेषक बन्नुभएछ । तर उहाँका पूर्वका कतिपय अनुयायीवर्ग भने कल्पित उपासना, योग ध्यान, ब्रह्मज्ञान आदि नै गुरु कबीरको मुख्य सिद्धान्त, सम्झेर अल्झे छन्, आजसम्म पनि अल्झिरहेछन् । साँचो पारखदृष्टि नखुलेसम्म सबैको यही हालत हुँदै हो । आज पनि मानिसहरू उहाँलाई आ-आफ्नै तीन तोले ढक तराजुले तौलन छाड्दैनन् । गुरु कबीरलाई कोही कल्पित रामका भक्त गृहस्थ सम्झन् त कोही परम योगी ठान्दछन् तथा कोही विशुद्ध ब्रह्मज्ञानी हुनुहुन्थ्यो भन्नेमा छन्, कतिले उटपटाङ्ग फक्कड सन्त थिए भन्न पनि छाडेका छैनन् । जो जस्तो छ उसले आफ्नै चश्माका रङ्ग अनुसार देख्तछ ।

✕– झूठा कबहुँ न करि है काज ...... ।

*– देश विदेशे हौं फिरा, गाँव गाँवकी खोरि ।...... ......

गुरु कबीरबाट अन्वेषण गर्दै जानुहुँदा उहाँमा अचानक पारखदृष्टि खुल्यो। जडदेखि भिन्न स्व चेतन स्वरूपको यथार्थ परीक्षा हुनआयो, सदाचार हंसको गुणयुक्त बनी जीवन्मुक्तिदशामा स्वरूपनिष्ठ रहनुभयो, अनुयायीजनमा पनि उही दृष्टि प्रदान गर्नुभयो । यसरी महान् पारख ज्ञान-यज्ञको उहाँ प्रवर्तक हुनुहुन्थ्यो। दिन-परदिन सत्यको प्रकाश बढ्दै फिंजिदै संसारको कुना काप्चासम्म ढाक्तै छ ।

यसरी यो महान् सत्य सिद्धान्तको निर्माण हुन आएको रहेछ । गुरु कबीरमा आफैं मत-प्रवर्त्तक बन्ने, शिष्य-शाखाको भीड बनाई तिनबाट मान प्रतिष्ठा लिने रुचि रञ्चमात्र पनि भएको देखिदैन ।

उहाँको एकमात्र बीजकको मन्थनबाट पारख सिद्धान्त नै उहाँको मुख्य मन्तव्य ठहर्न आउँछ। विश्वारण्यमा वास्तविक तत्त्व के हो भनी विवेक गर्दा पनि हृदयस्थ चेतन–पारख नै सार सत्य सिद्ध हुन आउने हुनाले यो अर्थ पारख-दृष्टिबाट लेखिएको अत्यन्त उपयुक्त ठानेको छु । व्याख्या मार्मिक ढङ्गबाट सार गर्भित भएको छ। यसको प्रशंसा यहाँ मैले गर्नु भन्दा ग्रन्थ-मनन पश्चात् पाठकहरूबाटै अरू अधिकरूपमा हुनेछ भन्ने मलाई लागेको छ। यसको मनन-चिन्तनबाट साधकवर्गका अन्तःकरणदेखि समस्त कल्पना, मिथ्या मान्यताको बादल विलीन बनी,शरच्चन्द्रको पूर्ण चाँदनीसमान निर्मल शान्त शीतल प्रकाशरूप स्वरूपबोधको उदय हुनेछ। शुभाचरण-धारणा-युक्त नित्य मुक्ति-स्थितिमा निमज्जित हुनेछन् । नेपाली भाषा भाषीय जनताको निम्ति यो बीजक नेपाली भाषामा सर्व प्रथम अर्थ लेखिएको हुनाले दीर्घकालको दुर्भिक्ष पश्चात् प्रथमको सुधा-वृष्टिसमान देश-प्रिय हुनेछ भन्ने मैले पूर्ण विश्वास गरेको छु, धेरै के भनौं !

—चेतनदास

पारवती नदी तट
करजोदा, कोटा, राजस्थान
२८–१२–८२ ई.

सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा प्रेस काउन्सिलका अध्यक्ष श्री वासुदेव शर्माको निर्णय !

श्रद्धेय श्री आज्ञासाहेवद्वारा लिखित 'अर्थ सहितको बीजक' मैले पढ्ने मौका पाएँ। साधक सन्त आज्ञासाहेबले वडो परिश्रमपूर्वक बीजकको व्याख्या प्रस्तुत गर्नु भएका छ।

सन्त कवीरको ग्रन्थ मध्ये यो बीजकमा उहाँको दर्शन प्रतिपादित भएको छ। मेरा विचारमा सन्त कबीरको दर्शन क्रान्तिकारी दर्शन हो। प्रचलित रूढिवादको विरुद्ध नयाँमार्ग देखाई सन्त कवीरले मानवमात्रको ठूलो कल्याण गर्नु भएको छ। मनुष्यले आफ्नो चेतन-स्वरूपलाई बुझ्नुपर्छ, बाहिरी क्रिया-कलापमा मात्र लाग्ने होइन भन्ने सन्देश उहाँले दिनुभयो। सन्तकबीरको प्रचलित दर्शनमा मलाई ज्यादै मन परेको 'पारख सिद्धान्द' नै हो। हामी पारखी बन्ने साधनामा लाग्नु परेको छ। पारखी हुनलाई पहिले विवेकको जागरण गराउनु परेको छ। विवेकको जागरणबाट नै जीवन सफल हुन सक्तछ। विवेकी भएर नै सत्यको बोध हामीलाई हुनेछ र यसलोक-परलोकको आनन्द प्राप्त गर्नमा हामी सक्षेम हुनेछौं। पारखी हुनलाई द्रष्टाभावको अभ्युदय हुनु नितान्त आवश्यक छ। द्रष्टाभावको अभ्युदय हुने वित्तिकै यस संसारमा हामी कमल-फूल जस्तै हुन पुग्नेछौं।

सन्त कवीरले मानवमात्रलाई प्रेमको पुजारी बन्ने शिक्षा दिनुभयो। उहाँको विचारमा पण्डित त्यही व्यक्ति हो– जसले प्रेमको पाठ पढेको छ। उहाँका शब्दमा 'ढाई आखर प्रेमका पढे सो पण्डित होय' मनुष्य प्रेम-स्वरूप हो भनी सन्त कवीरले चिह्लाउनु भयो।

आफ्नो शरीरलाई दुःख तथा यातना दिएर मनुष्यलाई आत्मस्वरूपको बोध हुन सक्तैन भन्ने सन्त कबीरको उपदेश छ। त्यसैले उहाँ भन्नुहुन्छ– 'साधो सहज समाधि भली।' निरन्तर द्रष्टाको स्थितिबाट जीवन यापन हुनु नै सन्त कवीरको विचारमा समाधि हो।

श्रद्धेय सन्त आज्ञासाहेबले निरन्तर साधनाद्वारा जो ज्ञान आफ्नो जीवनमा आर्जित गर्नुभयो, त्यो ज्ञान यस पुस्तकका पृष्टहरूमा झल्की रहेको म पाउँछु। साधारण लेखकले लेखेको प्रस्तुत पुस्तक नभई, साधनिक-अभ्यासी सन्तले लेखेको मूल-व्याख्यामय पुस्तक भएकोले यस पुस्तकको महत्त्व पनि गह्रकिलो छ।

नेपाली वाङ्मयमा लेखिएको यो पुस्तक साहित्य तथा सिद्धान्त–दुवै दृष्टिबाट प्रशंसनीय छ। मलाई पूर्ण आशा तथा विश्वास छ– सन्त आज्ञासाहेबको यो एकै प्रयासबाट धेरैको कल्याण हुनेछ। ॐ शान्तिः

वासुदेव शर्मा
न्यायाधीश, सर्वोच्च अदालत तथा
अध्यक्ष, प्रेस काउन्सिल

बानेश्वर
२०४१–५–१३–४मा

राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति कविवर श्रीमाधव प्रसाद घिमिरेज्यूको गम्भीर चिन्तन

भित्री आँखा खुलेका कवि

सन्त साहित्यमा कवीरको स्थान अत्यन्तै उच्च मानिन्छ । दृष्टिको उचाइ र अभिव्यक्तिको अनौठापन उनका विशेषता हुन् । यो दृष्टिको उचाइ सामाजिक, आध्यात्मिक र स्वानुभूतिको तिनै तहमा पाइन्छ ।

प्रथमत: उनको दृष्टिलाई उच्च मानवताको दृष्टि भन्न सकिन्छ । जाति-पाति र धर्म सम्प्रदायको घेरामा सन्तहरू रहन चाहँदैनन्– 'जात मत पूछियो सन्तको ।' खण्डित विचारधाराहरू परस्परमा प्रहार गर्छन् मात्र । सन्तहरू प्रत्येक मनुष्यभित्र सम्यक बिवेकको आलोकको उद्घाटन गर्छन् । डुब्न लागेको मानिसलाई उतार्न एक जना दौडन्छ, अर्को त्यसलाई रोक्तै भन्छ– त्यो विधर्मी हो, डुब्न दे । मखुन्डो लगाएका मानिसहरू मखुन्डो लगाएर लडाई गर्छन्– तर सन्तहरू त्यो मखुन्डोभित्र केवल मनुष्यको अनुहार देख्छन्– मानवीय रक्तको ऋन्कारमा अनाहत नाद सुन्छन् । उनीहरू प्रत्येक मनुष्यभित्र एक अखण्ड ज्योतिको दर्शन गर्दछन् र त्यसभित्रको रिक्ततालाई भर्छन् । कवीर जुन बेला जन्मिए, त्यस बेला भारतीय समाज अनेक टुक्रामा टुक्रिएको थियो । उनले जो जस्तो छ, त्यस्तैलाई समन्वय गर्ने प्रयत्न गरेनन् र सबैको मन राख्न परस्पर विरोधी विचार पनि व्यक्त गरेनन् । उनले त आफूलाई जे सत्य लाग्यो त्यही बोले । कटु सत्यलाई कटु सत्यकै रूपमा उद्घाटित गरे । यस अर्थमा उनी सबै सन्तहरूभन्दा भिन्न थिए । उनले तात्कालिक उपचारमात्र गरेनन्, उनको उपचार चिरन्तन थियो । आज मानवताको सृजना गर्नमा पनि उनका वाणी त्यत्तिकै प्रभावकारी छन् । उनले आस्था र विश्वासमा मात्र मानवीय मूल्यको जगेर्ना गर्न ह्वैन, स्वानुभूति र स्व विवेकमा त्यसको पारख गर्न सिकाए । उनले सबैभन्दा माथि

उठेर मनुष्यलाई समग्रताको दृष्टिले हेरे । जसरी आज अन्तरिक्षमा संचरण गर्ने यात्रीहरू धर्तीलाई समग्ररूपमा देख्छन् । उनले मनुष्यभित्र यस्तो एक सूत्र भेट्टाए, त्यसैको ताना-बानामा मानवताको लाज राखे ।

कवीरको आध्यात्मिक दृष्टि आफ्नै खालको थियो । एक कविको तत्त्वचिन्तन दार्शनिकको तत्त्वचिन्तन भन्दा भिन्नै हुन्छ र हुन पनि पर्छ । रविन्द्रनाथ, कवीरको रहस्यवादको रन्को सुनेर मुग्ध हुन्छन् । कवीर कहिले ऋग्वेदीय अस्त्रवामीय सूक्तका दीर्घतमाजस्तै एकै ज्योतिलाई प्रतीकका भाषा विभिन्न तरीकाले परिचित गराउँछन् । उनी कहिले सूफी कवि रूमी जस्तै रहस्यको हृदयहारी संगीत सुनेर उचाइतिर यात्रा गर्छन् । उनी सांख्य-वेदान्तकै कुरा गरिरहेजस्तै लाग्छन्, तै पनि तिनलाई उडाउँछन् । उनका कतिपय उक्तिमा आपाततः एक प्रकारको विरोधाभास पाइन्छ, तर उनी जस्तो एकै सूत्रलाई समात्न सक्ने चिन्तक पाउनु दुर्लभ नै देखिन्छ । उनी लोलो–पोतो लाएर मतमतान्तरको बीचमा समन्वय कायम गर्दैनन्, न ता आफू नै पूर्वापर विरोधी कुरा गर्छन् ! उनी सगरमाथाको चुलीबाट बोलेर कान्चनजंघाको चूलीमा चढ्नेलाई उच्च भन्दैनन् । उनी जस्तोसुकै सिद्धान्तको पनि पारमा पुगेर बोल्न सक्छन् । उनी पारदर्शी कुरा गर्छन् । कुनै एक मतलाई समातेर 'यही नै ठीक हो' भन्नु आत्म होइन । कुनै सिद्धान्त आफ्नो बोध नबनुन्जेलसम्म सत्य सिद्धान्त हुन्न । आफैंले आँखा नखोलिकन कुनै सत्यको दर्शन हुन सक्तैन। सत्य त सँधै सत्य नै हुन्छ र त्यसको उद्घाटनमात्र गरिन्छ । अन्ध-श्रद्धाले सत्यलाई स्वीकार्नु अन्धाले रूपसीलाई उसको सौन्दर्यको गीत गाएर रिझाउन खोज्नुजस्तै हो । आत्म संवाद त्यहीं हुन्छ, जहाँ आत्म दर्शन हुन्छ । आत्माभिव्यक्ति बिनाका स्वाँगले सत्यलाई अवतरित गर्न खोज्नु–लाटोले अभिनय गरेर सुन्दरीलाई आत्मनिवेदन गर्नुजस्तै हास्यास्पद हुन्छ । यहाँ सत्यको प्रतिक्रियाले जिवन पुलकित हुन्न । परम सत्य परम प्रिय पनि हुन्छ र नितान्त आत्मीय पनि हुन्छ । सत्य आफैं सत्य हुन्छ, त्यससंग संवाद नभइकन त्यो आफ्नो हुँदैन र आफ्नो नभई त्यो संगको संवाद सत्य हुँदैन । जब यो संवाद हुन्छ, अनि सारा सत्य त्यसैभित्र बोलेजस्तो– एकान्त रातको बाँसुरी बज्दा हाम्रो एकै बिरह अनेकौं भाका हालेर बोलिरहेजस्तो लाग्छ । कुनै सुन्दर जब आत्मीय बन्छ, अनि संसारका सारा सुन्दर त्यसैमा विलीन

हुन्छन् । छिनोको अन्तिम चोट हान्नासाथ मूर्तिको ओठबाट मुस्कान प्रकट हुन्छ, मनले रचेको थियो, त्यही पाउनासाथ सिल्प त्यहीं विलीन हुन्छ र कलाकार आफैं कृतार्थ हुन्छ। ढुङ्गो कुनबेला परिपूर्ण मूर्ति बन्यो, यसको पारख कलाकारले मात्र गर्न सक्छ। यही पारख हो, यही नै प्राप्ति हो र चित्रकार त्यसैमा परमतृप्ति पाउँछ ।

सन्त कबीर योगारूढ महात्मा पनि थिए र उनीभित्र एक आन्तरिक दृष्टि खुलिसकेको थियो– जो प्रत्यक्ष नै देखिन्छ। यस ग्रन्थको प्रारंभ पनि त्यही अन्तर ज्योतिको चर्चाबाट हुन्छ– 'अन्तर ज्योति शब्द एक नारी।' त्यहाँ त्यो ज्योतिले विश्वस्रष्टाको रूप लिन्छ। हामी आफूभित्र शून्य नीरव छैनौं– यो पिण्डभित्र पनि ब्रह्माण्डकै जादू छ र विश्वसंगीतकै समारोह छ। भित्री आँखा खुल्नासाथ हामी त्यो जादू देख्न थाल्छौं। त्यहाँ बादल फाट्तै जान्छन्, आकाश नीरनिर्मल बन्छ। अनि साधकले अलिकति चिताउनासाथै अति सुकोमल रङ्ग र रश्मि उम्रन थाल्छन्– आलोकको कैलाश देखिन थाल्छ। भित्री कान खुल्नासाथ हामी अमरावतीको संगीत सभामा पुग्छौं। त्यहाँ संगीत भित्रबाटै संगीत निस्कन्छ, हामी भित्रैबाट हामीलाई आमन्त्रण आउँछ, अनि हामी आफैंलाई छोडेर आफूतिर जान आकुल हुन्छौं। शायद यही नियन्त्रणतिर संकेत गर्दै रवीन्द्रनाथ ठाकुर भन्छन्– 'बाँशरि ध्वनि तुमि अमिय गरलरे, हृदय विदारइ हृदय हरल रे।' आखिर हामी यो संगीतबाटै संगीतको पारि पुग्छौं, यो जादूमय दृश्यबाटै दृश्यलोकको पारमा पुग्छौं, यो पुग्नुभन्दा अगाडि शून्यको कहाली लाग्न सक्छ, यो नीरवताले भित्री बोल नै बन्द हुन सक्छ। जब यो स्थितिलाई पार गर्छौं, अनि त अपार आनन्दमा पुग्छौं, जसलाई भन्ने भाषा छैन, तैपनि सन्तहरू त्यसलाई यसरी भन्छन्– 'शूली ऊपर सेज पियाकी।'

सन्त आज्ञासाहेब कबीरपन्थका पारंगत सन्त र कबीर वाणीका अद्वितीय प्रवक्ता हुनुहुन्छ। उहाँले कबीरको बीजकलाई नेपाली भाषामा अनुवाद गरेर एक बृहत् आकारको ग्रन्थ प्रकाशित गर्न लाग्नु भएको छ। कबीरका केही पदावली नेपालमा पनि प्रचलित छन्। त्यहाँ साखीको गायन-को अनौठो शैली छ– पहिले बिना ताल नै मुजुरा बजाएर गाइन्छ। पूजा-अर्चनाका जाग्रामका रात्रिलाई कबीर-साखीले रमणीय बनाउँछन्। योगी-हरू कबीरका पदावलीलाई एकतारेमा बजाएर एकान्तमा आत्ममग्न

बन्छन् । साहित्यकारहरू रहस्यवादको प्रसङ्गमा उनको देनको चर्चा गर्छन् । यति हुँदा हुँदै पनि नेपालीहरूले कबीरलाई यथार्थ रूपमा बुझ्न पाएका थिएनन् । सन्त आज्ञासाहेवले यो कमीलाई पूरा गरेर नेपालीलाई ठूलो गुन लाउनु भएको छ । यसमा पहिले सरल अर्थ, त्यसपछि विशद भाष्य, बीच-बीचमा टिप्पणी र आखिरमा सरल पद्यानुवादले मूललाई छर्लङ्ग पारिएको छ । यसको अध्ययनबाट हामी कबीरका पदावलीको मर्मलाई बुझन सक्नेछौं । सन्तज्यूको शास्त्रहरूको विविध विशाल अध्ययन, व्यवहारको सूक्ष्म निरीक्षण, पदावलीको गहन मनन र गुरुप्रतिको अपार आस्थाले गर्दा नै यो कठिन कार्य सरल बन्न सकेको भन्ने लाग्छ । अनुष्ठानको भावनाले गरिने सत्कार्यहरू प्रशंसा खोज्दैनन् र स्वयं प्रशंसित हुन्छन् । आखिरमा यतिमात्र भनुँ– कबीरका पदावलीको अध्ययनबाट हामीलाई उदार नेपाली समाजको रचना गर्न आत्मबोधको शक्ति, भित्रैबाट उमार्न र आज भोलिको बढ्दो रिक्ततालाई भर्न ठूलो बल मिल्नेछ ।

१५ भाद्र, २०४१

–माधव प्रसाद घिमिरे

राजसभाका सम्माननीय सदस्य, त्रिभुवन-स्मारक समितिका अध्यक्ष
प्रख्यात कविवर श्री सिद्धिचरण श्रेष्ठज्यूको सम्मति

जीवन र जगत्मा हामी अलमलिएका छौं । सत्य ज्ञानको पारख नहुनाले हामी आफूले आफैंलाई चिनेका छैनौं । माया र मोहको खोरमा हामी थुनिएका छौं, तड्फिरहेका छौं । हामी जे मा सुख ठान्छौं, पाइला-पाइलामा त्यो दुःख र अशान्तिको अनुभव भइरहेछ । स्त्री, पुत्र, धन, पदार्थ भनेर जे ठान्छौं, त्यो आगोको मुस्लोजस्तो भइरहेछ । तैपनि हामी चेत्दैनौं, नानावली अशान्ति र दुःखलाई हामीले सुख र हर्ष भनेर च्याप्ने गरेका छौं । यहीबाट हामीलाई सावधानी गराएर– 'हामी को ह्वौं ? हाम्रो स्वरूप र कर्तव्य के हो ?' इत्यादिमाथि प्रकाश पार्ने, कुनै परमपरालाई न अँगाली, स्वतन्त्र आलोकित गर्ने युग-पुरुष नै श्री कबीरसाहेब हुनुहुन्छ । मानिसको छाला ओढेर आएका उनी शोध-अन्वेषकका एक पुञ्ज नै थिए । उनले मानिसलाई आफ्नो अनुभव जाज्वल्य विचारको सहायताद्वारा 'संसार के हो ? मुख्य स्थिति कहाँ छ ? त्यसको माध्यम के लिने ?' आदि देखाएर भटकी रहेका असंख्य-असंख्य प्राणीलाई सही बाटो देखाएका छन् । उहांकै विचार र आलोकको सँगालो यो बीजकको नेपालीमा व्याख्या गरेर श्री आज्ञासाहेबले हामीलाई ठूलो गुन लाउनु भएको छ । यसबाट हामीले निखरा चेतनको बोध र सदाचार-सम्पत्ति पाउँछौं । हाम्रो साहित्य-भण्डारमा कबीर-साहित्यको अति नै अभाव छ । यो कमीलाई पूर्ति गर्नेको निम्ति उहाँ जस्ता मर्मज्ञ अनुभवी लेखकहरूको घेरै खाँचो छ । ज्ञान र अनुभवले प्रोज्वलित भएका सन्त कबीरका वाणीहरू नेपाली जनताको समक्ष ल्याई, हृदयमा फिंजिएको अज्ञानरूपी अन्धकारलाई हटाउन यो 'स्व चेतन बोधक अर्थ'ले ठूलो सहायता पुऱ्यानेछ भन्ने मैले विश्वास लिएको छु ।

त्रिभुवन स्मारक उद्यान
शोणितपुर–काठमाडौं
०४१।५।११।२ मा

सिद्धिचरण श्रेष्ठ

कवि भूषण प्राध्यापक भरतराज पन्तज्यूको विचार बीजकको बारेमा

'अध्यात्मविद्या विद्यानाम्'–गीता। आजको बिज्ञानवादी युगमा यसको भन् वृद्धि भएको देखिन्छ। यसैले आध्यात्मपरक ग्रन्थहरूको अति नै खाँचो भइरहेको महसूस हुन्छ। तर आध्यात्मिक ग्रन्थहरूमा छिमेकी देशका भाषाहरूमा देखिएजति पनि नेपाली भाषामा पाइन सकेका छैनन्।

यसै सन्दर्भमा हामी सन्तशिरोमणि महात्मा कबीरको बीजक अपूर्व अध्यात्मपरक ग्रन्थ मननयोग्य एवं पठनीयरूपमा देख्तछौं। जसमा एघार खण्डान्तर्गत् रमैनी शब्दादि ६४८ संख्या छन्। यसैले ग्रन्थको आकार ज्यादै ठूलो देखिन आएको छ। अरू ठाउँठाउँमा विश्लेषण बढी गरेर सरल तथा शुद्ध नेपाली भाषामा विभिन्न छन्द र लयका कवितासमेत समावेश गरी नेपाली गद्यात्मक व्याख्याले जनसाधारणलाई पनि सुबोध गराउने प्रयास भएको छ। दोहा कवित्तादि जस्ता हिन्दी माध्यमका लयलाई पनि नेपाली भाषामा प्रयोग गरिएकोबाट एउटा लयात्मक उपलब्धि पनि थपिन आएको छ। विश्लेषण रोचक हुनुका साथै राष्ट्रिय एवं अन्तरराष्ट्रिय कवि विद्वान्हरूका लेख सूक्ति कविताहरूको पाद टिप्पणी तथा वेद उपनीषद् पुराण तन्त्रादिका प्रमाणहरूले यो ग्रन्थ सारै सिंगारिएको छ।

साहित्य होस वा सिद्धान्त–दुवैले जीवन र जगत्बाट टाढा रहेको केवल कल्पनाको शून्य गगनमा दौडेका ग्रन्थले विवेकी-वर्गबाट मान्यता पाउन र साधक-समाजलाई लाभान्वित गराउन सक्तैन।

जीवन र जगत्को सूक्ष्म विश्लेषण, भौतिक-विज्ञानले बाह्य उपकरणका रूपमा देखाइदिन सक्छ होला, तर मानवजस्तो सचेत प्राणी बाहिरी उपकरणको रिमिझिमिमा मात्र रमाएर शान्तिको शाश्वत अनुभव गर्न सक्तैन र शाश्वत शान्तिके उद्देश्यले अन्तर्जगत्को विचार गर्न खोज्छ। यही नै मानवको सच्चा स्वभाव पनि हो। यसैका क्रममा अन्तःकरण निर्मल गर्नको अत्यावश्य-

कता पर्छ । त्यहाँको कालो पर्दा हटाउने क्रममा उपासनाका दुइ प्रकार–सगुण र निर्गुण देखा पर्दछन् । यदि त्यो कालो पर्दा हट्नुको सट्टा झन् प्रतिस्पर्धाको द्वन्द खडा गर्दछ भने सगुण-प्रसंग अनावश्यक ठहर्नपुग्छ । निर्गुण प्रसंगमा त अहंकारले चियाउन पनि सक्तैन । जहाँवाट वाह्य संसार ज्यादै टाढा रहन्छ । त्यसले यहाँ अवतार वाद र मूर्ति-पूजालाई कोरा काल्पनिक* ठहराइएको छ ।

यसरी पढ्दै जाँदा केवल विशुद्ध चैतन्य, निर्विकार परमतत्त्वलाई; सगुण अवतारवाद तथा शैव वैष्णव शाक्त बौद्ध इसलाम र क्रिस्तानजस्ता सम्प्रदाय-का आधारमा अल्झेर चिन्न, जान्न र बुझ्न सकिने होइन रहेछ । ती वाद र सम्प्रदायहरू प्रतिस्पर्धा पैदा गराउने कोरा व्यापारमात्र हुन् । महात्मा भर्तृहरिको विचार पनि यसैमा सहमत देखिन आउँछ–

'वेद धर्मशास्त्र पुराणादिको विस्तार पढेर तदनुसार गरिने क्रियाद्वारा एउटा जावो स्वर्ग भन्ने गाउँको कुटीमा वस्न पाइने फल दिनेजति सबै वनियाँका व्यापारमात्र हुन् । संसाररूपी दुःखको जङ्गल-सफाईका निमित्त त कालानल झैं प्रज्वल एकमात्र आत्मज्ञानजन्य आनन्दभित्र प्रवेश गर्ने उपाय नै सत्य र शाश्वतमार्ग हो* ।

यही भनाईमा दृढव्रती महात्मा कवीर, अध्यात्मविद्याका चर्चित सन्त हुन्। उनको बीजक पनि त्यत्ति नै चर्चित ग्रन्थ हो । जसको महत्त्वमध्ये हिन्दीको एउटा गाना वेदान्तमा पनि प्रचलित छ –

काली बिल्ली आई कैसे काली बिल्ली आई
फूल बागमें किस मारग से काली विल्ली आई
या तो तुमने बीज लुटाया बीजक-ज्ञान समझ ना पाया
काँच समझकर लाल गँवाया घरका दीपक फूँक बुझाया
इस चूहेने जुलम गुजारा जो बिल्ली बुलवाई
फूल वागमें किसमारगसे काली विल्ली आई

यस्तो बीजक-ज्ञानलाई विश्लेषण गरेर परिश्रमका साथ तयार पारिए-को यो ग्रन्थले अध्यात्मका उपासक विवेकी वर्गवाट अवश्य स्वागत पाउनेछ र अशान्तिका ज्वालामा पिल्सिएको मानव-जगत्लाई शान्तिको शीतल जल वर्षाउने छ– यसमा संशय छैन ।

पन्तकुटी कुस्लेचौर–२०४१ भाद्र — भरतराज पन्त

* द्रष्टव्य रमैनी ७५ ।

* भर्तृहरि वैराग्यशतक ७१ । अरू पनि द्रष्टव्य–कौलार्णव महातन्त्र १।३–७ सम्म ।

बीजकको नालीबेली

सन्त कबीरको प्रादुर्भाव हुनुभन्दा केही अघिदेखि नै भारतवर्षमा विदेशी कैयन तुगलवंशी मुसलमान सुलतानहरू दिल्लीको गद्दीमा बसी हिन्दू-धर्मको खोइरो खने। कालन्तरमा उनीहरूमा आपसी झै झगडा भइरहँदा निर्बल र अयोग्य हुँदै आए। त्यस बखत प्रान्तीय शासकहरूले स्वतन्त्र हुने मौका पाई अनेक राज्य खडा भए। उही समय सन् १३९८ मा तैमुरले भारतका अतुल सम्पत्ति लुटेर भारतीलाई इसलाम-धर्ममा परिणत गर्ने ध्येयले दिल्लीको अधिपति बनी, असंख्य मानिस, मारी घोर अत्याचार गऱ्यो। अनि शैयद र लोदी वंशीको शासन चली, तिनले पनि हिन्दूहरूमा झन् अत्याचार गर्न थाले। हिन्दूलाई काफर भनी आफ्नै धर्म श्रेष्ठ हो भन्दथे। ती क्रूर अन्यायी बने। कुरान र शरिअत अनुसार कानुन बन्थ्यो। काजी कठमुल्लाहरूकै न्याय चल्दथ्यो। हिन्दूहरूले जजिया (पूजा-भेटी) आदि अनेक थरीका कर तिर्नुपर्थ्यो। हिन्दू-मुसलमानमा ज्यादै भेदभाव वैमनस्यता बढ्यो। यस्तै स्थितिमा रामानन्द, माधवाचार्य, सायण, वल्लभाचार्य, कबीर, एकनाथ, तुकाराम, रामदास, ज्ञानेश्वरी, नानक, चैतन्य आदि सन्तहरू समय-समयमा प्रादुर्भाव हुनुभयो। उहाँहरूको आचरण शिक्षा दीक्षाले निराश हिन्दूहरूमाथि आशा र प्रेमको लहर उठ्न थाल्यो। दक्षिण भारत, डेकन, पंजाब, बङ्गाल, उडिसा आदिका जनता जो धार्मिक बोझले समेत थिचिएका थिए, तिनका धार्मिक र सामाजिक विचारमा परिवर्तन ल्यायो तथा हिन्दू-समाजमा इसलाम धर्मको दबाउ धेरै नै कम भयो। साथै तेलगु मराठा र सिक्ख राज्यको प्रभुत्व उत्थान भयो। धर्म-प्रचारकहरूले संस्कृत तथा अर्बी फार्सी भाषाको सट्टा हिन्दी, उर्दू, मराठी तेलगु, बंगाली भाषाहरूमा प्रवचन गरी-गरी प्रचारप्रसार गरे। यसले गर्दा प्रान्तीय भाषाहरूको उन्नति भयो। रामानन्द र कबीरले हिन्दी भाषामा, मीराबाईले ब्रज भाषामा संगीत गायनद्वारा, एकनाथले मराठीमा नानकले गुरुमुखी पंजाबीमा चैतन्यले बंगाली उडिया भाषामा प्रचार गरे। भक्तिमार्गको उत्थान हुनाले हिन्दूहरूमा वर्ण-व्यवस्था खुकुलो भयो।

हिन्दूका वेदान्तको प्रभावले मुसलमानहरूमा सूफीमतको प्रचार भयो । मुसलमानको एकेश्वरवादका प्रभावले कबीर नानक दादूले हिन्दू मुसलमानमा एकता र प्रेमको भाव प्रसार गराए । पण्डित मौलवीहरूका सामाजिक रीतिमा धेरै नै कुप्रथा घुसेको थियो । छुवाछूत जाति-पंक्ति कर्मकाण्डका बखेडा आदिले गर्दा समाजमा अधिकाधिक वैमनस्य बनिरहन्थ्यो । ती विकारहरू हटाउन कबीर नानक दादूले हिन्दू मुसलमान दुवैमा एकता प्रेम मेल-मिलापको जलले सेंचन गरे-गराए ।

रामनन्दज्यूकै शिष्य सायण, वेदका वरिष्ठ भाष्यकार हुनाले उक्त भाष्य लेख बन्दा उहाँहरूमा वेद-अर्थको विशेष मनन, विचार-विमर्श हुँदो रहेछ र यसैको प्रभावबाट पनि वेदार्थको दुरुपयोग गरी लोकमा चलेका कुरीति, जीवमेध, बलिदान, भ्रान्ति-कल्पनाप्रति गुरु कबीरबाट समालोचना भएको रहेछ भन्ने अर्थ ध्वनित हुन्छ । यसैले होला—सत्यप्रति आँखा खुली सर्वाजित आदि पण्डितहरूले गुरु कबीरको शिष्यत्व ग्रहण गरेका रहेछन् ।

महात्मा रामानुजाचार्यले दक्षिणबाट वैष्णव धर्मको किरण फैलाए । तिनका अनुयायी रामानन्दले उत्तर भारतमा प्रचार गरे । यिनले जाति व्यवस्था तोड्ने प्रयास गरे । तत्पश्चात् कबीरले पारखमार्ग चलाए । चैतन्यले राधाकृष्णमत, नानकले एकेश्वरवाद प्रचार गरे । केही समय पछि तुलसीदासजीले रामकथा, सूरदासले भक्ति भाव पूर्ण ग्रन्थहरूको रचना गरे । एवं प्रकारबाट हिन्दी-भाषाको उन्नति हुँदै गयो ।

कबीर धर्म भन्ने सुन्दा धेरैजसो मानिसका मनमा—यो मुसलमानी धर्म हो, वेद नमान्ने नास्तिकमत हो भन्ने भावना हुन्छ, तर सन्त कबीरका सिद्धान्तको सार रहस्य वेद उपनिषद्कै निचोर हो । उहाँ भन्नु हुन्थ्यो "वेद कितेब कहा किन झूठा, झूठा जो न विचारे" उहाँको रहस्य, कुरान बाइबिल आदि संसारका समस्त दक्षिणमार्गका सार सत्य जो जो भित्री रहस्य छन्, उही धर्ममा मेल खाने ज्ञानजति उहाँलाई मान्य छ । खालि तिनमा रहेका आडम्बरी अन्ध-विश्वास, पारखबाट यथार्थमा नउत्रनेजति कुरा भने वेद, बाइबिल, कुरानकै कनथ भएपनि मान्य छैनन् । सत्य चोखो र अनुभव-सिद्ध ज्ञानमात्र उहाँलाई रुच्दछ । तै पनि उहाँ वेद कुरान बाइबिल र ऋषि मुनि पीर पैगम्वरहरूको अधिक आदर गर्नु हुन्छ । ती ग्रन्थहरूको राम्रो छ्यान

विचार गरी, उच्च विचार, सत्य निष्कर्ष धारण पालन गर्न विशेष प्रेरणा गर्नु हुन्छ । किन भने उहाँ हुनु हुन्थ्यो–सत्यका पुजारी, अन्ध विश्वासका कट्टर विरोधी ।

पाणिनी र निम्बार्काचार्यको भनाई अनुसार–परलोक मान्ने आस्तिक, नमान्ने नास्तिक; तर विवेकानन्द भन्दछन्–पहिलेको जमानामा जसले ईश्वर मान्दैन उसलाई नास्तिक भनिन्थ्यो, आजको जमानामा "आफूलाई नचिन्ने, आफ्नै आत्मालाई नमान्ने नै नास्तिक हो" । कपिल, कणाद बुद्ध महावीर कबीर आदि स्वतन्त्र चिन्तकहरूबाट आ-आफ्नो विचार बताउनु भएको छ । उहाँहरूको भनाई–जातिवाद मिथ्या धारणा पुस्तकीय लेखाईमात्र नमानी 'स्व' आत्मालाई चिन्नु नै थियो । उहाँहरू नै कुन् दस–चौवीस अवतारमा पूजित हुनु भएको छ । कबीरको पारख ज्ञान (आत्मा ज्ञान) सत्यमार्गावलम्बी, सच्चरित्रशाली, पूर्णसंयमी, सदाचारी, अहिंसक, दयावन्त बनी, निभ्रान्त रहनु नै हो । उहाँ जाति-पंक्तिको भेदभाव छुवाछूतको आडम्बरदेखि रहित अत्यन्त निर्भीक, महापुरुष हुनुहुन्थ्यो । उहाँ मत-मतान्तरको भेद, हरेक किसिमका कर्मकाण्ड र रूढी-रूढिका कट्टर विरोधी, हिन्दू मुसलिममा एकता गराउने मध्ये अग्रगण्य हुनु हुन्थ्यो । समाज सुधारक, सर्व धर्म समन्वय-कारी, वेद-वेदान्तका खास व्याखाता–दार्शनिक हुनु हुन्थ्यो । मानवमात्रलाई सत्यको बाटोमा डोऱ्याउने हेतुले उहाँका बचनमा 'प्रम-प्रीति, स्नेहपूर्ण व्यङ्ग्य चुट्किला, वाउँटे कुरा र विभिन्न उपमाले भरिभराउ' भएको हो । उहाँको व्यङ्ग्यात्मक वाणीले 'पण्डित काजी अवधूत योगी मुल्ला मौलवी' सबैलाई फट्कार मिल्दथ्यो । मिलेपनि 'मीठा-फल कुर्दा शिरमा लागेको चोटसमान' सबैले स्पष्टताक्पारका वचन सुन्दा अकमक पर्दथे, तर हृदयमा गई शिक्षाको रूपमा ती वचनहरू थन्कन्थे ।

उहाँका वचनमा काव्यरस अति चाख लाग्दा छन् । उहाँकै बीजक ग्रन्थ प्रामाणिक र ज्ञान-वैराग्य वर्द्धक छ । उहाँमा हिन्दी साहित्यको अद्वितीय व्यक्तित्व थियो । हिन्दी साहित्यकारहरू उहाँलाई जागरण युगका अग्रदूत मान्दछन् । उहाँको मुख्य भनाई छ–'सत्य नभयको हृदय छ भने उसको लागि ईश्वरको कुनै प्रयोजन छैन । तिमी यो सम्झ, काबा मक्का मसजिद; मन्दिर तीर्थ-धाममा ईश्वर छैनन् । साँचो पवित्रता र सत्य वस्तु–न मसजिदमा न

मन्दिरमा रहन्छन्; न वेदमा, न कुरानमा छन् । ती ता प्राणीमात्रमा पाइन्छन्, मानवको स्वार्थ हीनता, दयालुता इमान्दारी र सच्चाईमा छन् । तिमी आफैं तरफ दृष्टि घुमाउ, सत्यकै खोजमा लाग-लगाउ । सच्चा सौन्दर्य, साँचो आनन्द कहाँ छ, उधिनेर लेउ– भन्नुहुन्थ्यो । ईश्वर छँदै छैन भन्ने उहाँको मन्तव्य होइन, 'ईश्वर छ, तर त्यो जहाँ छ, त्यहीं खोज ! आफ्नै हृदयमा ईश्वर देख्ने साधनामा प्रयत्नशील बन । बाहिरबाट तिमीलाई सच्चा भगवान् कदापि प्राप्त हुन सक्तनन्' भन्ने उहाँको भनाई हो ।

"दिलमा खोज दिलहीमा खोजो इहै करीमा रामा"

उहाँको मुख्य सिद्धान्त हो– 'द्रष्टा अपरोक्ष स्वयं शुद्ध ज्ञानस्वरूप चेतन अस्तित्वमात्र ।' यो प्राणीमात्रका हृदयमै अपरोक्ष रूपबाट विराजमान छ । सबैदेखि छुट्टा, सबैभन्दा श्रेष्ठ, स्वतन्त्र बस्तु हो । यो केहीबाट कहिल्यै बनेको होइन, न त कहिल्यै नाश हुने हो । शाश्वत अनादि दिव्य ज्ञानमात्र अस्ति वस्तु रूप' हो । जसलाई स्कटलायण्डका दार्शनिक ह्युम (Hume) ले । 'ज्ञानको पुञ्ज" अरीष्टोल (Aristolle) ले सच्चाई पूर्ण वेदागी स्वच्छ विचार' र वाईरनले विचारको गुम्वज, चेतनको दरवार भनेका छन् ।

सन्त कबीरको रहस्यवादबाट धेरै सन्तहरू प्रभावित भएका थिए । पीपा भगत, तत्त्वाजीवा, ज्ञानीजी, वैष्णव सन्त निर्वाणजी, सन्त कवि दुलाराम, वावादीन दरवेश, जीवनजी महाराज, गरीबसाहेब, नानक, जगजीवन, नाभादासजी, पल्टू, दादू, सूरदास, मीरावाई, निरंजनी सम्प्रदायका हरिदास, देवचन्द-प्राणनाथ, सतनामी मतका योगीदास, राधास्वामी सत्संगका शिवदयाल, हंस स्वामी–इत्यादिले आ-आफ्ना प्रवचन लेखनमा उहाँकै वाणीबाट प्रमाण लिएका छन्, लिइरहेछन् ।

गुरु कबीरको यो ग्रन्थरत्न बीजकको मूल लक्ष्य के हो त्यो ! सन्त आज्ञा साहेबबाट छर्लंग्याउनमा अति गहिर बीजककै पूर्वापरको सामञ्जस्य भिडाई, यथार्थ देखाउनु भएको छ । उहाँको अर्थ लेखाई र विस्तार व्याख्यामा, मूल लेखको कडापनलाई पनि सुरसताल्याई, विनम्रतापूर्वक अति स्पष्टरूपबाट सरल बोल-चालका भाषामा सर्व साधारण जनताले पनि बुझ्न सक्ने शैली अँगाली, आत्म चेतनमै वृत्ति बटुलेर स्थिति लिने लक्ष्य रहेको

छ । विवेचनबाट पारख सिद्धान्तलाई प्रष्ट्यानु भएको छ । मन-इन्द्रिय शमन गरी, द्रष्टा-भावमा अचल शान्त रहने कडी, मानव-हृदयमा आच्छादित रहेका भूल मान्यता निवारण गर्ने तरिका, मायाले मानवमात्रलाई कसरी भ्रान्त बनाइरहेकोछ र त्यसबाट छुट्ने युक्ति, भ्रमपूर्ण मिथ्या चमत्कारी कुराका पछि लाग्न हुन्न भन्ने सम्मति, आफू आफैंमा एकरस शान्त रहने युक्ति—इत्यादि विभिन्न किसिमका व्याख्या ठाउँ-ठाउँमा जडिदिनु भएको छ । यस्ता प्रकरणहरूको अध्ययन श्रवण मननबाट सदाचार पालन र स्वरूप बोध पुष्टभई स्वयंको अपरोक्ष स्थिति हुनेछ, परम शान्ति मिल्नेछ भन्ने मैले दृढ निश्चय गरेको छु ।

श्री विशालकुटी
क्षेत्रपाटी काठमाडौ ।
भदौ ७।५ मा

नेत्रबहादुर थापा

सद्‌गुरवे नमः

भूमिका

नेपाली साहित्यमा नाना विधि फूल फुली सौरभित भई, दशदिशा महकिरहेछन् । कति ढकमक्क भएर सुवास छर्न तय्यार छन् । कति कोपिलामा र कति-कति पोटाइसकेका पनि छन् । तिनै मध्ये गुरु कबीरका वाङमय को बीजक-वोटलाई पनि स्वयंको मनन अभ्यास र नेपाली मल जल–भाषा शैलीबाट हुर्काई, पल्लवित-पुष्पित गराएर साहित्यको थुप्रोमा एक थुँगा थप्न र शान्ति मोक्षरूपी महक, मुमुक्षुवर्गमा पुऱ्याई लाभान्वित गराउन यहाँ यो प्रयास भएको छ । ग्रन्थको परिचय माथिका लेखहरूबाट भइसकेकै हुनाले वाँकी निवेदन गर्नुपर्ने कुरा–

युग सुहाउँदो ज्ञान– पूर्वमा महर्षिहरूबाट लोकको हित सोची तिनलाई सुखी बनाउन, सदाचार र धर्म भक्ति पालन गरुन् भनी, पुराणहरूमा अनेक आख्यान रूपकादिको आयोजन गर्नुभएको बुझिन्छ । तिनबाट तात्कालिन सरल जनताले नरकादिको भयवश पापबाट बच्ने र इष्ट-दर्शन, स्वर्गादिमा निवास पाउँला भन्ने लालचले शिक्षा स्वीकार गरी लाभ लिएकै थिए । समयको परिवर्तन हुँदा आज दुनियाँले विविध जानकारी हासिल गरे । यसैले उपर्युक्त आयोजनाका आख्यानहरू कल्पित र फितला हुनजाँदा, सच्चा अनिवार्य– धर्म शुभाचरण जड-चेतनको निर्णय, पाप-पुण्यको विवेक गर्नेपनि बेप्रयोजन सम्झी भौतिकवाद-मनमानी चालतिर तर्कन थाले ।

आजको यस्तो स्थितिमा भ्रम-कल्पनादेखि भिन्न, सत्य-प्रत्यक्षले पूर्ण, छिटो छरितो र सरल शान्ति मार्गको मोक्षस्थिति मिल्ने महती मार्गको अति आवश्यकता सबैलाई परेको छ । यता गुरु कवीरको पारखज्ञान, वर्तमान युग सुहाउँदो, प्रत्यक्ष प्रमाणबाट पुट पाएको, किन-कसरीको कसीबाट उत्रने, प्रयोगात्मक अनुभवबाट अपरोक्ष आत्मानुभूति हुने, वैज्ञानिक ढंगको आत्म चेतनवाद कल्याण-शान्ति इच्छुकका लागि अति उपयोगी ठहरिएको छ । विवेकी वर्गबाट पनि तटस्थ बनेर गुरु कवीरका वाणीप्रति विवेक गर्ने चेष्टा

भएमा सत्य तत्त्वको अनुभव भई सदा निःभ्रान्त शान्त हुइने छ।

सत्यमा एकनिष्ठ बन्ने एक युक्ति– कुनै कार्य गर्दा पनि एक ध्येय एक लक्ष्य एक वृत्तिबाट एकत्वपूर्वक संलग्न नभई कार्य सफल बन्न सक्तैन। कल्याण-मार्गमा पनि जसले जुनमार्ग अँगालुन्, अन्त्यमा सबै छाड्दै गई आत्म-चेतनतिरै आउनुपर्ने रहेछ। अतएव आजैदेखि उही सत्य चेतनकै अन्वेषण-स्थितिको मार्ग किन नअँगाल्नु ? यसैले गुरु कबीरबाट स्व चेतन परात्पर (परभन्दा पर र वर भन्दा वर) को अपरोक्ष स्वरूप नै एकमात्र लक्ष्य बनाई यसैमा एकनिष्ठ बन्ने, अन्य सर्व दृश्यका झर्याउलाबाट फर्की, द्रष्टामै निमग्न रहिने युक्ति यो बीजकमा बताउनु भएको रहेछ। लोकोक्ति पनि छ– 'दुइ नाउमा टेकेर कहिल्यै पार लागिदैन' [संसारमा असंख्य शास्त्र, अनेक विद्यादि छन्, जीवन छोटो छ, त्यसमाथि अनेक विघ्न आइलाग्छन्। यसैले बुद्धिमान् व्यक्तले हंसपक्षीले पानी पन्छाई दुधैदूध ग्रहण गरेझैं सारैसार मात्र चुनेर कल्याण गर्नु]✻

अरू मार्ग छन्– दृश्यलाई अँगाल्ने, यो मार्ग छ– द्रष्टालाई नै राम्रो-गरी ठम्याएर स्वयंमा शान्त हुने। अरू बाटा छन्– कल्पनाका इष्टसग दर्शन, धामको निवास र मुक्ति माग्ने, आशामैं झुन्डिने, गुरुको बाटो छ– सर्व आशा-पासोबाट अलग्ग भएर आज यहीं शान्त विमुक्त बनिने। कुनै मार्ग छन्– जड-चेतन सबै आफैं बनी, विश्वरूप हुने सर्वत्रपूर्ण भरिने, शून्य बन्ने। गुरुमार्ग छ– जडासक्ति र सर्व भ्रान्तिरहित स्वयं ज्ञानमात्रमा स्थिति लिने हामीले यसैको परीक्षा गरेर यथार्थ मार्ग अँगाल्न सक्नुपर्छ।

अरूका मान्यतामा आलोचना र कडा शब्द किन ? – उस समयका समाजको स्थिति हेरी, गुरु कबीरबाट बीजकमा उही अनुसारका प्रकरण र शब्दको प्रयोग गर्नु भएको रहेछ। ती मध्ये धेरै जसो कुरा, समाजले सम्झी बुझी शक्ति अनुसार सुधार गरिसकेका पनि छन्। अलि घोचेरै नभने मानिसले ध्यानै नदिने, सुनेको नसुन्यैं गर्ने, अनादिको आदत, कटकटिएको दाग छुटाउन कठिन पर्ने हुनाले जनतालाई विशुद्ध बनाई, सत्यतिर आकृष्ट गर्न, कहीं-कहीं अलि कडा वचनको प्रयोग र विशेष प्यार-प्रोत्साहनको गुलियो पनि चटाउनु भएको पाउँछौं।

✻ "अनन्त शास्त्र बहुलाश्च विद्या अल्पश्च काले बहु विघ्नता च ।
यत्सार भूतं तदुपासनीयं हंसोयथा क्षीर मिवांबु मध्यात् ।।"

आर्को कुरा– वेद कुरान र परमतलाई उहाँ सर्वथा निषेध गर्नुहुन्न । वस्तु-स्थितिको निर्णय गर्दा आत्म-शान्तिको मार्गमा उपयोगी ठहरेका कुराजति सबैका कथन स्वीकार गर्ने उहाँको स्वभावै छ । यसैले त्यस्ता वचन मध्ये केही-केही संकलन भएका मात्र पनि वेदका सयौं मन्त्र, उपनिषद्हरूका अनेकमन्त्र, पुराण गीता नीति आदिका पवल प्रमाण प्रस्तुत गरिएको छ। ती सबै, अगाडि अध्ययन गर्दै जाँदा सम्मुख पर्नेछन् ।

विषयासक्ति, हिंसा, मादक पदार्थको सेवन, जूवा आदि खेल, जाति-पंक्ति छुवाछूत कर्मकाण्डका विशेष वखेडा, चेतन जीवको अस्तित्वलाई अस्वीकार गर्ने, जड-चेतन एउटै हो भन्ने, अनादि विश्वको पनि कर्ता सिद्ध गर्ने, उत्पत्ति-प्रलय मान्ने-यस्ता कुरा भने उहाँका विचारमा सत्य सावित हुन सकेन । कारण– कोरा शब्द-प्रमाणवाट मानिएका प्रत्यक्षको आधार र युक्ति-प्रमाण नभएका, कुनै कार्य कारण र कृतिको प्रमाण पनि नपाइने कुराजति उहाँको पारख-कसीवाट योग्य उत्रन सकेनन् । यस्तै कुराका प्रति उहाँवाट समालोचना भएको रहेछ । यी कुरामा हामीले पनि स्वतन्त्र विवेक गर्न सक्नुपर्छ, सार सत्यग्राही भमरो नबनी स्वतन्त्र मुक्त कसोगरी होइन्छ ? आफूलाई तत्काल केही सुख भए-जस्तो लागे पनि पर-पीडाको काम र परिणाममा आफैंलाई आपत्ति आइलाग्ने कुराका विषयमा नै उहाँवाट समालोचना हुनु हाम्रै हितको कुरो हो ।

बीजक– यिनै सबै विषयको जिज्ञासुजनमा शिक्षा दिंदा, सत्संग गर्दागर्दै उहाँबाट प्रस्फुटित भएका पदहरूको संकलन नै यो बीजक रहेछ । हुनता गुरु कबीरका नामवाट अनेक वाणी विख्यात छन्, तिनमा धेरै क्षेपक पनि छन् । यो बीजक भने खास उहाँकै कृति हो भन्ने कुरा समस्त कबीर अनुयायीको एक मत छ । सबैले यसलाई मूल स्रोत मानेका छन् । पारखीजनको त बीजक एक प्रकारवाट प्राण वा मुटु नै हो भनिदिए पनि अत्योक्ति हुने छैन । पारख सि-द्धान्तमा आजसम्म जेजति ग्रन्थ रचिए, रचिंदै छन्, रचिनेछन्-सबैको एकमात्र आधार यही हो । यसको आजसम्ममा पचीस छब्बीस प्रकारका टीका व्याख्या भइसके, भविष्यमा अझ कति-कति रूप लिएर निस्कनेछन् ।

नामकरण– माल सामान कहीं पठाउंदा साथमा पठाइने विवरण-मूल्य लेखिएको चिठीलाई बीजक भन्दछन् । अर्को–सेठहरूका आए-व्ययको हिसाव लेखिने मुख्य वही-खातालाई पनि बीजक भनिन्छ । यहाँ, मानवको मुख्य धन-

सार सत्य तत्त्व के हो ? त्यो कहाँ कस्तो छ ? इत्यादिलाई परखद्वारा एक-एक निफनी चाली केलाई, निष्कर्षबाट निक्लेको परम तत्त्वरूप अनेक चेतन जीव तथा सदाचरणको विवरण यसमा यथार्थ बताइएको हुनाले उही अनुसार बीजक भन्ने नामकरण भएको रहेछ। यसको संकेत हामी मूल बीजक वचनबाटै पाउँछौं।*

अर्थको मूल मुहान– यो बीजक-अर्थ लेख्न बस्ता श्रीपूरणसाहेबकृत टीका त्रिजा, श्रीरामस्वरूपसाहेब-रचित रमैनी भाष्य, श्रीमेंहीसाहेब-टीका, श्री हनुमान साहेब-टीका, रिवाँ-नरेश विश्वनाथ सिंह-टीका, श्रीराघवसाहेब-टीका श्री विचारसाहेब-टीका, श्री अभिलाष साहेब-टीका, श्री हरिसाहेब-टीका, डा. जयदेवसिंह- डा. वासुदेवसिंह-रमैनी टीका–सबै साथमा राखी, आफूलाई समेत बीजकको अर्थ पुष्ट होस्, घतलाग्दो अर्थ आओस् भन्ने भावबाट विशेष मनन गर्दा चित्तमा गढेका अर्थ एवं युक्तिहरू सबैबाट मधुकर-न्याय संकलन भएको छ ता पनि विशेष रूपबाट श्री पूरणसाहेबका टीकाको भाव र श्री अभिलाषसाहेबको सरल शैलीलाई अँगाल्न पुगेको छु। अतएव म उहाँहरू सबैको अनुगृहीत छु।

यो अर्थ-लेखन कार्य बी. सं. २०३०–२०३१ सालतिर नै पूरा भएको थियो। कविवर श्री माधव प्रसाद र सन्त श्री अभिलाष साहेबलाई देखाउँदा उहाँहरूले दिनुभएको सम्मति अनुसार पुनः नवीन रूप-रेखा तयार भई प्रस्तुत रूपमा बन्नआएको छ। यसबाट पाठकवर्गलाई सम्भवतः अर्थ सम्झन सरल र रुचिकर नै होला भन्ने ठानेको छु।

वाणी छुट्याउने संकेत– प्रत्येक सैद्धान्तिक पुस्तकमा पूर्वपक्ष र उत्तर पक्षका वचन आउँछन्। त्यस्ता वाणीलाई छुट्याउन, पूर्वकाटीकामा पूर्वपक्षका वाणीलाई 'जीवमुख, मायामुख, ब्रह्ममुख' र उत्तरपक्षका वचनलाई 'गुरुमुख' भन्ने संकेत भएको थियो। त्यसमा तर्कशील व्यक्तिहरूलाई अनेक तर्क गर्ने परिश्रम परेकाले यस पुस्तकमा चारमुखको संकेत गर्ने सट्टा स्पष्टरूप दिई पूर्व-पक्ष' 'उत्तरपक्ष' र कहीं-कहीं 'भावुकजनको भनाई' 'गुरुजनको वचन' भ्रान्त-जनको वचन' 'मायोक्ति' ब्रह्मवादीको भनाई' इत्यादि शब्द प्रयोग भएका छन्। गुरुमुखका यथार्थ वाणीमा भने सबै वचन, गुरु कबीरकै हुनाले कुनै

* रमैनी ३७ को साखी र फल साखी १–२।

संकेत नगरी तथ्य कुराहरू सोझै लेखिएका छन् । सैद्धान्तिक कुनै पनि लेखमा उद्धृत् चिह्न "   " दिएर वा कुनै संकेतद्वारा विपक्षका वचन र स्व मन्तव्यका निर्देशनलाई पृथक् गरिएको हुन्छ । यसो नगरेमा सिद्धान्तको निरूपण र जिज्ञासुजनमा प्रासंगिक विषय-वस्तुको बोध गराउन असमर्थ हुने हुनाले यहाँ उक्त प्रकार तिनैलाई छुट्याउने काम भएको छ ।

वेद प्रमाण– यसमा वेदका वचनको प्रमाण केही पं. रामगोविन्दका अनुवादबाट र विशेषरूपमा श्री राम आचर्यको अनुवादवाट दिइएको छ ।

विशुद्ध निष्कर्ष– सत्यासत्यको छानविन गरी, असत्यजति उडाएर सत्यैसत्य स्वीकार गर्ने गुरु कवीरमा विमल विवेक, अदम्य साहस, निरतीशय निर्भीकता, दृढ धारणा–इत्यादि शोधन र तार्किक शक्तिको विशिष्ठ प्रतिभा अनुपम र अलौकिक रहेछ । अतः उहाँवाट निर्णय प्रशोधनको तीव्र दृष्टिरूपी दूर-दर्शी यन्त्रद्वारा सूक्ष्मातिसूक्ष्म दृष्टिपात गर्दै उधिन्दै काटछाँट गरी सत्य तथ्यलाई प्रष्ट्याउँदै जानुभए छ । यसैले उहाँको नाममा 'सन्तमतका प्रवर्तक, जागरणयुगका अग्रदूत, स्पष्टवक्ता सत्य निर्भीक महात्मा–इत्यादि उपाधि साहित्य-संसार र गुणग्राहीजनले प्रदान गर्दै गएका रहेछन् । अतः यो बीजकमा पारखवाट सत्य ठहरेका कुराहरूमात्र ग्रहण गर्ने संकेत भएको छ । हुन पनि यस्तै निर्णयका वाणी न समस्त मानवले स्वीकार गर्न सक्तछन् । आ-आफ्ना परम्पराका इष्ट र पुस्तकको पक्षमात्र अँगाल्नाले नै अनेक मान्यताको घेरा-भित्र घेरिई, साम्प्रदायिक दंगा, समय-समय वनिरहेको हो ।

परिभाषा– नाटकका पात्रको परिचय पाइएपछि पुस्तक पढ्दा विषय-वस्तुहरू बुझ्न सजिलो हुन्छ । यस्तै दार्शनिक विषय छर्लंगिन पनि पहिले त्यहाँका शब्दको परिभाषा जान्नको अति आवश्यकता पर्छ । यसैले यहाँ व जकको भाव अनुसार केही शब्दको परिभाषा यथामति दिइएको छ –

(१) राम रहीम– घट-घट वासी ज्ञानस्वरूप चेतन ।

(२) ब्रह्म-बृहत् वस्तुको नाम हो । गुण शक्तिको विचारवाट जडभन्दा चेतनको विशेष महत्त्व हुनाले यही चेतन परब्रह्म हो ।

(३) हरि– हरणगर्ने नै हरि हुनाले स्थानानुसार अज्ञान र संसृत-कष्ट हारक 'ज्ञान' र 'पारखनिष्ठ सन्त गुरु' नै हरि हुन् । अर्को–ज्ञान

शुभगुण-हारक हुनाले कुसंगी भ्रामकजन र ललनासक्तिलाई पनि हरि भनिन्छ ।

(४) पारख, परख, अकील कला– सामान्य अर्थमा विवेक, परीक्षा र सूक्षम अर्थमा ज्ञान तथा चेतन स्वरूप वाचक ।

(५) कर्हिं कवीर– निर्णयका कुरा बताउँदा प्रयोग भएको शब्द ।

(६) कहैं कवीर– भ्रान्तजनका भनाई बताउँदा प्रयोग भएको शब्द ।

(७) कवीर, कविरा, कबिरन– अज्ञ जीव वाचक शब्द ।

(८) रहस्य–शुभगुण, सदाचारका अर्थमा स्थानानुसार प्रयोग भएको शब्द ।

(९) खानीजाल वा भवँरजाल– गृहजंजाल, कामासक्ति, मोह क्रोधादिको अल्झो ।

(१०) वाणीजाल वा बकुजाल– कल्पितवाणी, भ्रम-मान्यताहरूको संग्रालो ।

(११) अग्नि– (समयानुसार) अग्नि होत्री वा कर्मीजन ।

(१२) पवन– (") योग वा योगीजन ।

(१३) पानी, नीर (") उपासक उपासना, कर्मकाण्ड, कर्मीजन ।

(१४) पृथिवी, धरती (") धरतीका जीव वा कर्मीजन ।

(१५) चाँद– कर्मयोगी वा वायाँ नाडी ।

(१६) सूर्य– कर्म-संन्यासी वा दाहिना नाडी ।

(१७) मानन्दी– कल्पित मान्यता ।

(१८) विजातिघट– नर भन्दा पृथक् नारी र नारी भन्दा भिन्न नर-शरीर ।

(१९) विजाति वस्तु–चेतन भन्दा छुट्टै जड पदार्थादि ।

(२०) रहनि-रहन– सदाचरण सम्पन्न र चित्तको स्थिरता ।

(२१) अपरोक्ष– स्वयंको अनुभूति (प्रत्यक्ष भन्दा पनि नजिकको ज्ञान) ।

यो पाण्डु-लिपि तयार भएपछि पूर्ण लक्ष्यलगाई परिश्रमपूर्वक आद्योपान्त पढेर आफ्नो समझको सुझावसमेत समावेश गरिदिनुहुने श्री सन्तशरणसाहेवमा साभार कृतज्ञता ज्ञापन गर्दछु ।

वीजकको अर्थ लेख्नमा १–अधिक प्रेरणा गर्ने, २–लेखकापी हेरी, उचित सल्लाह दिई, ठाउँ-ठाउँमा अंग्रेजी आदि टिप्पणीसमेत समावेश गरेर ग्रन्थ सुशोभित बनाइदिने, ३–पुस्तकको मुद्रण-व्ययमा दबिलो काँध लगाई मूलथाम-जस्तो भार थाम्ने-गुरु विशालका चरण अनुगामी भक्त प्रवर नेत्रबहादुर सदा

स्मरणीय हुनुहुन्छ । उहाँकै अनुवाद बीजकका पदहरू पनि संशोधन गरी, यसमा समावेश भएको छ । यसले अर्थ बुझ्न सरल र गाउनलाई सुरस तथा रमाइलो पारेको छ भन्ने ठानेको छु ।

यो अर्थ लेखन प्रारम्भ भएदेखि मुद्रण-समाप्तिसम्ममा पाण्डुलेख तयार गर्नु, अर्थव्ययमा सामेल हुनु, प्रेसमा प्रुफ आदान-प्रदान गर्नु, शरीरको सेवा-कार्य–आदिमा साधु सचेतदासको अथक परिश्रम र समाजका भक्त नेमी प्रेमीवर्ग सबैको योग्यतानुसार सेवा सहयोग सम्मिलित रहेको छ । सबैले आ-आफ्नो कर्तव्य सम्झी धमिरा, कमिला, मौरीसमान परस्पर सौहार्द-संगठन युक्त कार्यमा तत्परताका साथ सहयोग गरेका छन् । यति नभई यस्तो कार्य एकलो व्यक्तिवाट कसोगरी पार लाग्थ्यो ! म त केवल 'निमित्तमात्र भव सव्यसाची' भनेसमान भएको छु ।

ग्रन्थ छपाईको प्रवन्ध, कापी लेखन, प्रुफ आदान-प्रदान, संशोधन आदि-मा सहयोग-परिश्रम गर्ने कल्याणका पात्र–भक्त मोहनवहादुर–भैरववहादुर ध्रुववरसिंह, पूर्णवहादुर, कमलनाथ, केदारमान, रामबहादुर के. सी., मातृका प्रसाद, रविन्द्रकुमार, शोभा के.सी..शिवप्रसाद, रामवहादुर वस्नेत, रामशरण, रामकुमार, मोतीवहादुर, शिवराज, प्रदीपराज, प्रभाकरदास, केशवप्रसाद, ध्रुववहादुर, कवीरवहादुर, रुद्रवहादुर, रामहरि, अमीर, रुकनाथ, अजीत, कंचन, सोमराज, श्यामबहादुर, पुण्यप्रकाश, बद्री, मोहनकृष्ण. नारायण-दाङ–सन्त सुसंगसाहेब, परमार्थसाहेब, सद्गुणसाहेब, सुशीलसाहेव, उत्साह साहेब, गुरुप्रकाशसाहेब, अटलदासजी, तत्परदासजी, निष्ठादासजी आदि निष्काम, सेवा सहयोगका कार्यमा नित्य तत्पर हुनुहुन्छ, यही जीवनमा विशुद्ध अन्तःकरण युक्त स्व स्थितिमा निमग्न वनी स्थिर भएका देख्न पाइयोस् ।

ग्रन्थको आवरण पृष्ट चित्रद्वारा सिंगारिदिनुहुने निष्कामी भक्त कर्णमान्सिंह, टेकवीर मुखिया साधुवादका पात्र हुन् । मुद्रण-कार्यमा पुस्तक शुद्ध-सुन्दर वनाइदिन प्रयत्नशील रहने वण्डर प्रेसका अध्यक्ष तेजेन्द्र प्रताप सुश्री प्रभा राणा र संकल्प प्रेसका मालिक इञ्जिनियर वटुकृष्ण-श्रीमती सृजना खडका-लाई मंगलभावना, दुवै प्रेसको नवोन्नति हुँदै जाओस् । दुवै प्रेसका सम्वन्धित कार्यकर्ताहरूले पनि सुमधुर व्यवहारयुक्त परिश्रम गरेको सराहनीय छ ।

छापिएका पुस्तकहरू मध्ये सहयोगीजनलाई दिएर वाँकी वचेका पुस्तक

विक्रीगरी आएको रकम आश्रमकै आधारमा रहोस्, ग्रन्थ प्रकाशन र सन्त-सेवामा लाग्दै रहोस् भनी तलका धर्मनिष्ठ मुमुक्षुजनले ऐहिक सम्पत्तिको कोशबाट अर्थ झिकी, प्रदान गरेर सत्य सम्पत्तिको कोश बीजकको मुद्रण गराई जन-जनका हृदयकोशमा तथ्य-धनले भरिपूर्ण पारिदिन र नेपाली साहित्य-कोशमा नौलो पारख-साहित्यको एक थैलो थपिदिन सश्रद्धा सम्पत्ति समर्पण गरेका छन् । यी सबैले जसरी तन मनबाट धन समर्पण गरे उसै गरी यिनका हृदयबाट कलिमल बिलाई, दैवी सम्पत्तिले भरिपूर्ण बनोस् । बोध-शान्तिको सम्यक साम्राज्य रहोस् ।

श्री ५ मुमाबडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह

भक्त नेत्रबहादुर- अजीत थापा
" पुण्यवती कार्की
" मीनबहादुर-शिवकुमारी थापा
साधु सचेतदास
भक्त चन्द्रकुमारी राणा इटहरी
" सेवादास उपाध्याय आश्रम
" मासरोज बानेश्वर
" प्रभादेवी दरबारमार्ग
" मांगीलाल कोटा करजोदा
तेजेन्द्रप्रताप–हेमराणा
लालबहादुर श्रेष्ठ बानेश्वर
" ध्रुवबहादुर-सत्य भक्त राउत
" रत्नबाई उपाध्याय आश्रम
" श्री डोल राज्यलक्ष्मी देवी शाह
" गुणवती ताहाचल
" समता "
" सिद्धबाई थापा बालाजु
" घनश्याम वर्सिह-सावित्री, बालाजु

भक्त ध्रुववर्सिंह– कमल बालाजु
" धर्मपाल वर्सिंह- कविता थापा
" हरिमाया थापा दहचोक
" तीर्थ कुमारी राणा
" कल्याणी बानेश्वर
बहादुर जङ्ग- राजन थापा
" कृष्ण कुमारी राणा
गीताको मालिक श्री...
सुश्री अचलराज्य लक्ष्मी देवी शाह
" मोहनबहादुर– श्रीमती के. सी.
" डिल्लीकुमारी– प्रभा बस्नेत
" गङ्गा- मन्दाकिनी बानेश्वर
" धर्मबाई-रामकुमार के. सी.
" पूर्णबहादुर- प्रेमरोज राना
" चेतनबाई-लगनखेल
" बालकुमारी– कबीर राउत
" श्रद्धा सत्संगाश्रम
" सत्यरूपा ताहाचल

भक्त जगत् कुमारी- कंचन, विश्व
" शीलवती महाराजगंज
" उमाभक्त- दुर्गा दाङ
" लेखबहादुर- तुला बहादुर "
" डम्बरलाल- नारायण "
" चूडामणि- प्रकाश "
" चूर्णबहादुर- ऋषिराज "
" तारा विशालनगर
" शुभबाई- रामशरण थापा
" जानुका देवी-ईश्वरीदेवी मालीगाउँ
" कमलनाथ- मातृका प्रसाद पौडेल
" जमुना उपाध्याय, बानेश्वर
" भैरव बहादुर- मीना के. सी. "
श्री रानी नरेन्द्र राज्यलक्ष्मी देवी शाह
सन्त सुपास साहेब कोटा
भक्त फुंकनाथ- श्री मती धर्मस्थली
गोपाल- श्रीमती कालीमाटी
" बुद्धिमती- शिवबहादुर बोगटी
हरि वीर- मीरावती ताहाचल
" डिल्ली ब. स्मृतिमा दल कुमारी दाङ
" नेत्रकुमारी र साथीहरू लालदरबार
" गीता- मीनेट विक्रम भवन
" रामबहादुर- विरेन्द्रकुमार के. सी.
सरज- शोभा के. सी.
श्री रानी राज्यलक्ष्मी देवी राणा
श्री रानी रोहिणी शाह
श्री बिनु राणा लगन

भक्त काइँली मैयाँ शाह
" भक्तमानसिंह- सानुराजा बस्नेत
" निगमकुमारी- सुरेन्द्रवीरसिंह "
" ढकलध्वंज- राजेन्द्र थापा
" चित्रवरध्वज- सुरेन्द्र "
" गङ्गा उपाध्याय आश्रम
शिवप्रसाद- बिन्दु अधिकारी
" रामहरि- श्रीमती पराजुली
" सुमन विष्ट- धन भण्डारी
" दिलबहादुर- दिलकुमारी कार्की
" श्यामबहादुर- विष्णु घिमिरे
" ऋषेश्वर- केशव रिमाल
" धनकुमारी राउत नैकाप
" जुलाई- युटीकलम विक्रम भवन
" सुलोचना ताहाचल
" अमीर- विनयशील धर्मस्थली
" रमादेवी- लक्ष्मीदेव सुवेदी
सन्त सुसंग साहेब
" तत्परदास जी
" सद्गुण साहेब
" अटलदास जी
" परमार्थसाहेब
" सुशील साहेब
" गुरुप्रकाश साहेब
भक्त टङ्कबहादुर- श्रीमती के सी.
" प्रेमबाई बिष्ट-झर्ना थापा
" विमला के. सी. सैंबु

भक्त भजनावती पाटन
" सोमराज– सोमवती थापा सँबु
श्यामबहादुर- श्रीमती सँबु
सार्वणिबहादुर बस्नेत दाङ
रविन्द्रकुमार के.सी.
लोकेन्द्रराजको स्मृति- श्रीमती सत्याल
लोकसिंह बुढाथोकी दाङ
ध्रुव भण्डारी यामुना
होमबहादुर– श्रीमती के.सी.
चिरंजिवी– श्रीमती कुँवर
कुमार–कञ्चन खड्का
पद्मकुमारी के.सी. बानेश्वर
अमृतनाथको माता "
सावित्री–पार्वती रिमाल "
नोखुराम– भोला दाङ
" धनबहादुर– सुशीला
" भरत– जुना बानेश्वर
" छत्रराज– शिवराज कुँवर साङ्ला
" बद्री– प्रकाश थापा दहचोक
" हरिगोपाल– श्रीमती पौडेल
" उत्तरध्वज– श्रीमती थापा
" वीरबहादुर– शोभा घिमिरे
" उमाकुमारी मैतीदेवी
" चरणप्रभा– रामराजा बस्नेत
" नानीमाया नक्साल (बुबु)
" गङ्गा पौडेल बानेश्वर
" शान्तीदेवी चारबुर्जा
" रुकुमकुमारी- ध्रुव कार्की
" बिजुलीप्रसाद- विष्णु श्रेष्ठ
" भक्तदास- गौतम अमात्य
" सुवर्ण– ॐ कृष्ण अमात्य
" धर्मदास– श्रीमती "
ज्ञानवती श्रेष्ठ
सानुकांजी "
" पुण्यप्रकाश- पुण्यप्रभा के.सी.
" जुद्ध बहादुर– श्रीमती थापा
" राधावती मीनभवन
" कमलबहादुर– श्रीमती के.सी.
" गौरीदेवी पानीपोखरी
" नानीमैयाँ थापा बानेश्वर
" शम्भुमानसिंह– श्रीमती बस्नेत
रामबहादुर बस्नेत गुल्मी
शरद अमात्य बानेश्वर
श्रीमती शान्ती भण्डारी "
शान्ता ठाकुर लैनचौर
" घनश्यामप्रसाद बाँके
" गङ्गाप्रसाद कलैया
" पुष्पबहादुर- राधेश्याम कार्की
" ज्ञानु- गोपाल कार्की
दिलकुमारी बस्नेत (विष्णु)
मित्रलाल– गोविन्द दाङ
" दिलाराम– मेहरमान "
श्री विजय राणा जाउलाखेल
श्री अम्बु मैयाँ चाबहिल

मुनिन्द्रकुमार- श्रीमती राना
शिवहरि पौडेल चारबुर्जा
भक्त राजेन्द्र- जमुना थापा डमैटार
गोविन्द- नारान बुढाथोकी
कृष्ण वहादुर टोखेल
" सोनादेवी मीनभवन
" हीरालाल- श्रीमती श्रेष्ठ
" कृष्णबहादुर थापा डमैटार
" वीरबहादुर- दिव्यकुमारी थापा
" नारायणप्रसाद थानकोट
शोभाकर न्यौपाने चार्बहिल
" खड्गबहादुर- श्रीमती बालाजु
उस्ताद गोविन्दलाल श्रेष्ठ
" चन्द्रप्रकाश– चन्द्रप्रभा सैंबु
" केदारमान–सुशील गोर्खाली
कुमार खड्का चारघरे
गौरी उपाध्याय नक्साल
सानी क्षेत्री "
हेमकुमारी बानेश्वर
" श्रद्धावती दहाल महाराजगञ्ज
" जमुना उपाध्याय कोपुण्डोल
" गुलबहार द्वारे पाटन
" चेतबहादुर– श्रीमती बानेश्वर
" केशवप्रसाद वर्मा बाँके
" सीताराम कलैया
" मदनराज–गङ्गा कुँवर

" सुशीला थापा बालाजु
चीनी खडका नैकाप
" ईश्वरी– अम्बिका भण्डारी
" राधेश्याम बस्नेत मातासमेत
" वितराग खड्का नैकाप
" ललितादेवी हाँडीगाउँ
धर्मदास– अनुराधा चेतन
" भक्त कुमारी घिमिरे बुर्धास
श्यामहरि-नारायणहरि
" बलरामप्रसाद बाँके
" नरेन्द्रराज- सरस्वती कुँवर
हरिबहादुर खड्का
" वीरबहादुर झम्सीखेल
" चीनीदेवी क्षत्री झम्सीखेल
" सिद्धकुमारी कुँवर कलैया
गेहेन्द्र राज्यलक्ष्मी अर्याल
" सुधा महाराजगञ्ज
मैना दहचोक
माहिली "
" गौरी (समता) देउपाटन
" कमलबहादुर- मैना भटराई
मीनमर्दन– श्रीमती बस्नेत
" शान्तीदेवी पशुपति
पवित्रकुमारी नेपाल बाह्रबिसे
विष्णुप्रसाद- शिवप्रसाद चरिकोट

—

उपक्रमणिका

[मूल वचनको अनुक्रमणिका ग्रन्थान्तमा छ, अर्थ र टिप्पणीगत विषय–]

रमैनी

शब्दखण्ड

ज्ञान चौंतीसा

विप्रमतीसी

कहरा

बसन्त

विरहुली

हिंडोला

साखी

खण्ड–संक्षेप

गुरुजीको बीजकमा दिव्य ज्ञान पाउँछौं ।
सत्य तत्त्व चिनाइदिने कबीर-यश गाउँछौं ।।टेक।।

आफ्नै ऐन* कल्पना र आसक्तिमा परेका-
लाई छुटाउने मन्त्र 'रमैनी'■ यो रचेका ।।१।।
अनुमित शब्द जाल बीच जीव जेलिए-
भनी सत्य 'शब्द' यहाँ भलीभाँति बोलिए ।।२।।

चौंतीस जो अक्षरका मान्यताको बन्धन-
छुटाउने पूर्ण- ज्ञान- चौंतीसा' हो बूझ्न ।।३।।
गुण हीन विप्र प्रति कृपा गरी सुधार्न-
दया 'विप्रमतीसी' भो हाम्रा आँखा उघार्न ।।४।।

कहरमा कति जीव परो सारै अस्थिर-
थिए 'कहरा' को मन्त्र सुनी हुन्छौं सुस्थिर ।।५।।
बसन्तको उमंगमा मान्छे सँधै असन्त-
फिरन्त र दु:खी देखी रच्नुभयो 'बसन्त' ।।६।।

खानी वाणी चाचरमा नर सबै हारेका-
जानी मन्त्र 'चाचर' दी स्व शान्तिमा पारेका ।।७।।
कुबेलोका झालबाट उकास्नलाइ 'रमैया-
राम' भनी जगाउँदै 'वेलि' ज्ञान भरैया ।।८।।

भोग भ्रान्ति- सर्प- विष- ग्रस्त मस्त जनको ।
'विरहुली' बोली गुरु झार्छन् विष मनको ।।९।।
जन्म मृत्यु- संसृतको पीड- सारै झुलेका-
देखी छुटाउन मन्त्र- 'हिण्डोला' यो बोलेका ।।१०।।

थरी थरी बोध भरी दृश्यबाट हटाउँछन् ।
द्रष्टासाक्षी बनुन्‌भनी'साखी'आँखीखुलाउँछन् ।।११।।
बीजकको आज्ञा यही सबैबाट छुटाउने ।
आसक्ति र भ्रान्ति हरी स्व मैं शान्त गराउने ।।१२।।

---

*- घेरा नियम । ■- रम+ऐनी=रमैनी । रमेको छ ऐनी-जीव, आफ्नै ऐन-आसक्ति कल्पनाका घेरामा, तिनबाट छुटाउनलाई बनेका पद्य ।

प्रार्थना

दिव्य देव प्रभु ज्ञान प्रकाशी । ह्वौ तिमी दिलका चेतन राशि ।।
नित्य निरन्तर घटकै वासी । त पनि चिन्दिन हे अविनाशी ।।
खेल कूद मनका मत भुल्दै । व्यर्थ बिते जीवन कति डुल्दै ।।
क्रोध काम ममता लत लोभ । अहंकार भय आशा क्षोभ ।।
सुखाध्यास अम्मल अरु भ्रान्ति । आइ आइ छेक्छन् निज शान्ति ।।
कूट मान्यता कल्पित वस्तु । बिना विवेक अँठ्याउँछु पस्छु ।।
हे दयालु गुरु मम दुःख देखी । बक्स्यो दर्शन– ज्ञान विवेकी ।।
विरति साधना गुरु- गुण देखें । प्रमुदित सबै हृदय- पट लेखें ।।
खूब परीक्षा गरी सत चुन्छु । दृश्य कल्पना तिर दिल थुन्छु ।।
खान्न म हिंसा लत सुख छाड्छु । बूरु- पेलाहा बन्दिन गाड्छु ।।
अन्तस- छानी मन-रुज फाल्छु । ज्ञानको ज्योति झलमल बाल्छु ।।
भुल्दिन अब ता भव बिच कहिल्यै । झुल्दिन झुला जगका कहिल्यै ।।
तिम्रै शुभगुण मनमा पाल्छु । द्रष्टा स्थिति ली अरु सब फाल्छु ।।

ज्ञान वर्षा हुनै लाग्यो, सुनौं टाठो बनी अब ।
गुरु- विवेक को देन, सत्य निष्कर्ष यो सब ।।
यसले पार्छ सम्पन्न, दिन्छ बोध सु सम्पति ।
बनी सूरो चूनौं सत्य, फालौं झूटो रती रती ।।

सद्गुरवे नमः

श्री पूरणसाहेब कृत वन्दना

सोरठा

बन्दौं चरण सरोज, जिह्न यह बीजक निर्मयो
परख दिखायो खोज, ते गुरु सम दूजा नहीं
१

निर्णय दीह्न कृपाल, परख प्रकाशी स्थीर पद
पारखायो सब जाल, महा दुखित जिव जानिके
२

दया क्षमा सन्तोष, धीरज शील विचार गुण
एक अनेक को धोख, परखायो निज परखते
३

अशरण शरण उदार, सुख साहेब सुख रूप जो
कहुँ टीका विस्तार, तव पारख ते कृपानिधि
४

बन्दों सन्त समाज, जे निर्णयो गुरु परख के
दृढ मम हृदय विराज, सदा सुखी दाया निधि
५

मङ्गलाचरण–छन्द

स्वतन्त्र शोधका स्वामी, सन्त सौम्य सुपारखी
अनुसन्धानमा दक्ष, कबीर देव बन्दगी
१

उहाँ पछि भए सारा, आज पर्यन्त सन्त जो
सबैले पन्थको रक्षा- गरी ठूलो कृपा भयो
२

दयालु दृष्टिका दाता, विशाल शिरमौर छन्
ममा छ ज्ञान जो गुन्छु, प्रभुकै कोश- अंश हुन्
३

सबैका पाउमा माथ, झुकाई शान्त भै मन
त्रि- वार बन्दगी गर्छु, विशुद्ध भाव ली कन
४

प्रतिनिधि सबैका जो, विद्यमान सुसन्तका
आधारमा बनोस् काम, नगुमोस् निज शान्तता
५

सद्‌गुरवे नमः

बी ज क

(छर्लंग अर्थ सहित)

पहिलो खण्ड–रमैनी

रमैनी – १

अन्तर ज्योति शब्द एक नारी । हरि ब्रह्मा ताके त्रिपुरारी ।।१।।
ते तिरिये भग लिंग अनन्ता । तेउ न जानै आदिउ अन्ता ।।२।।

अर्थ– ध्यान गर्दा अन्तर–हृदयमा ज्योति झल्क्यो, शब्द-अनहद-नाद पनि सुनियो र एक–जीवका मनमा नारी–कल्पना भयो; विष्णु, ब्रह्मा र शिवजीले पनि ताके–हेर्नथाले (खोजिगर्न लागे) ।।१।। ती त्रि-देव र भग-लिंगस्वरूप धेरै-धेरै नर-नारी पनि यो काममा प्रवृत्त भए । तर कसैले कल्पनाका पुरुषको आदि–अन्त्य पाउन सकेनन् ।।२।।

अरू– आदि–अन्त्य रहितको यो अनादि* अथाह–संसारमा चंचल मनका वशीभूत मानिसका मनमा किसिम-किसिमका

---

*– वास्तवमा जड–चेतनमय अनादिको यो विश्व, प्रवाहरूपबाट विद्यमान छँदैछ । यहाँका कार्य पदार्थहरू बन्ने–बिग्रने भई नै रहन्छन् । एक वस्तु बिग्रन्छ त तिनै सामग्रीबाट अर्को कार्य बनिहाल्छ । यसैले संसारलाई प्रवाहरूप अनादि भनेका हुन् । कार्य–पदार्थ नष्ट भएपछि ती सामग्रीबाट अरू कार्य नबन्ने भए एक दिन समस्त विश्व विनष्ट भई लोप हुनेथियो, अनादिदेखि उपरोक्त क्रम चालु हुनाले विश्वको कुनै समय प्रथमारम्भ भन्न सकिदैन । शास्त्रहरूमा पनि न्याय र वैशेषिकले परमाणुबाट जगत्‌को सृष्टि मानेका छन् ।

सन्देह उठिरहनु स्वाभाविकै हो। यसैले पूर्व कुनै समय कुनै शंकाशील मानिसका मनमा पनि यो विचित्रको विश्व देख्ता–'यसका कुनै कर्ता सर्व समर्थ पुरुष अवश्य हुनुपर्छ' भन्ने शंका उठेछ र ती कर्ताको खोजि गर्न लागेछन्। बाहिर खोज्दा नभेट्टाएर

सांख्य र योगले प्रकृतिबाट, वेदान्तले ब्रह्मबाट सृष्टि भएको भन्छन् र पनि कल्प–कल्पमा पूर्व कल्पकै समान प्रवाहरूप–सृष्टि हुन्छ भन्छन्। अतएव यो संसारको सर्वप्रथम सृष्टि कुनै बखत भएको हो भन्न कोहीले पनि सकेका छैनन्।

उपर्युक्त प्रकारबाट सृष्टिको आरम्भ मान्नेहरूमा पनि यसरी कसैको मतैक्य छैन। एकै सनातनवादमा वेद उपनिषद स्मृति पुराणहरू प्रति-पुस्तक छुट्टाछुट्टै प्रकारबाट सृष्टिको आरम्भ बताउँछन्, यसैले एक कुनै निश्चय गर्न सकिंदैन। उसमाथि वैज्ञानिकहरू ईथर- निहारिकाबाट सृष्टि भएको भन्छन्, कुरान–बाइबिल आदि बाह्य–धर्मग्रन्थहरू अरू–अरू नै राग अलाप्दछन्।

हाम्रो सबभन्दा पुरानो सर्वमान्य आदि–मूलग्रन्थ ऋग्वेदमै पढौं, अष्टक ८ अध्याय ७ व १७ मँडल १० अनुवाक ११ नासदीय सूक्त १२९ मा सृष्टि–विषय केही वर्णन छ र पनि आखिर चौथा मंत्रको अन्त्यमा मंत्रद्रष्टा ऋषि प्रजापति भन्नुहुन्छ– "मेधावीजनले आफ्ना बुद्धिद्वारा विचार गरेर अप्रकट वस्तुको उत्पत्ति कल्पना गरे"।

मंत्र ६मा– 'प्रकृति तत्वलाई कसैले जान्न सक्तैनन् भने त्यसको वर्णन गर्ने को? यो सृष्टि कुन उपादान कारणबाट उत्पत्ति भयो! कुन निमित्त कारणबाट यी थरी–थरीका सृष्टिभए! देवताहरू पनि यी सृष्टिका पछि, उत्पत्ति भएका हुन्। अनि कसले जान्नसक्छ – यो सृष्टि कहाँबाट उत्पन्न भएको हो!

मंत्र ७ मा – 'यी अनेक सृष्टि कसरी भए? कसले सृष्टि गरे – जो यिनका मालिक दिव्य धाममा निवास गरिरहेछन्. उनै यसको रचनाका विषयमा जान्लान्। सम्भव छ – उनलाई पनि यी सबै कुरा थाहा छैन होला।

[पं. रामगोविन्द कृत हिन्दी भाष्यबाट अनुवाद]

मुख्य वेदमै सृष्टि–विषयक यस्ता सन्दिग्ध वचन पाइन्छन् भने उही वेदका अनुगामिताबाट बनेका अरू ग्रन्थहरूका कुरा कसोगरी सत्यमानी

ध्यानमा संलग्न भए। वृत्ति एकाग्र भएपछि नेत्र वा भृकुटीमा विशेष लक्ष्य जमी, बाह्य–प्रकाशको प्रतिभास भित्र खडाभई ज्योतिको भान भयो। बाह्य-शब्दको आभास ध्वनि–अनहदनाद पनि भित्रै झल्कन थाल्यो। त्यसैलाई ज्योति स्वरूप ॐकार–ब्रह्म वा शब्द–ब्रह्मको अनुभव भयो भनी गद्गद् भए। विष्णु ब्रह्मा र शिवजी पनि यही कल्पनामा परे। ती त्रि-देवले क्रमशः उपासना, कर्म र योगको माध्यम बनाई धेरै अनुसन्धान गरे।

ती देव-त्रयमा विशेष ऐश्वर्य–प्रतिभाको लक्षण विद्यमान् हुनाले तिनैका पछिलागी अरू असंख्य नर-नारी पनि जगत्-कर्ता पुरुषलाई प्राप्ति गर्न भनी प्रवृत्त भएछन्। तर कसैले पनि न जगत्-कर्ता परम पुरुषलाई भेट्टाए, न संसारको आदि अन्त्य नै पाउन सके। कल्पनाका पुरुष कहाँबाट प्राप्ति हुन्थे! अनादि

अनुगमन गर्ने! दोस्रो – छुट्टाछुट्टै गुण-धर्मादि भएका पदार्थ–चार तत्व र असीम अभाव शून्य आकाशलाई के बाट–कसरी बनेका भनी निश्चय गर्ने! यो विश्व–आदि सृष्टि भएको हो भन्नलाई ती तत्वादि सबैका योग्य कारण कुनै नपाइनाले र कारण–सामग्री बिना कार्य–पदार्थ बन्न नसक्ने तथ्य नियम र आप्त वाक्य – [ना कारणं भवेत्कार्यं … …देवी भा. १।६।२३] हुनाले पनि यो विश्व–प्रपञ्च आज जस्तो छ, कम–विशेष यस्तै अनादिदेखि विद्यमान छँदैछ। बीचमा कोही-केहीबाट कहिल्यै कदापि सृष्टि भएको होइन, अनन्तसम्म रहिरहन्छ पनि। यस कुरामा बौद्ध र जैन सिद्धान्तको पनि एक सम्मत छ।

चेतनबाट जड तत्वहरू बनेका र जडबाट चेतनको उत्पत्ति भएको होइन, यी दुवै पदार्थ अरू कुनै तेस्रा – चौथा द्रव्यबाट बने–उत्पत्ति भएका पनि होइनन्। अतएव यी दुवै पदार्थ अनादि हुन्। जडमा पृथ्वी, जल, अग्नि, वायु अथवा ठोस, तरल, वायव्य अति वायव्य– चार थरी छन्। यी अनेक परमाणु-समूह क्रियाशील द्रव्य हुन्। यिनमा आ–आफ्नै मौलिक गुण, धर्म, शक्ति, क्रिया, मेल र आकार हुनाले यिनैबाट नदि–प्रवाहसमान सृष्टिक्रम चलिरहेकै छ। विशेष विवरण अगाडि व्याख्यामा आउने नै हुनाले यहाँ ज्यादा विस्तार गरिएन।

संसारको आदि-अन्त कसोगरी लागोस् ! यसैले अन्त्यमा 'नेति–नेति' अनिर्वचनीय, अथाह, मन-वाणीदेखि पर भन्नथाले ।

धेरैजसा मानिसलाई जगत्का सृष्टि, स्थिति, संहारकर्ता–यिनै त्रिदेव हुन् भन्ने विश्वास हुनाले प्रारम्भमै गुरु कबीर भन्नुहुन्छ–'तेउ न जानेउ आदिउ अन्ता' अतः यस्तालाई संसारका सृष्टि, स्थिति र संहार गर्ने स्वतन्त्रकर्ता भनी कसोगरी भन्ने! * विद्यमान् जगत्मै पैदा भएका यिनले यही जगत्लाई नै रचना गरेका भनी कुन हेतुले ठहऱ्याउने ?

बाखरि एक विधाते कीह्ना । चौदह ठहर पाट सो लीह्ना ॥३॥
हरिहर ब्रह्मा महन्तो नाऊँ । तिह्न पुनि तीन बसावल गाऊँ ॥४॥
तिह्न पुनि रचल* खण्ड ब्रह्माण्डा । छौ दर्शन छानबे पाखण्डा ॥५॥

अर्थ– बाखरि – ज्ञान (वाणी) को भकारी वा कोशरूप वेद ब्रह्माजीले रचना गरे अथवा चयन गरे । चौध विद्याको विभाजन गरी पाट–स्थिति बनाए । एवं रीतले चौधलोक कल्पना भए ॥३॥ त्यसबेला ती ब्रह्मा विष्णु र महादेव नामक तीन व्यक्ति व्यवस्थापक थिए । तिनले तीन लोक–सत्व, रज, तम–त्रिगुणी जनलाई बसाए ॥४॥ फेरि देशको पृथक-पृथक विभाजन गरे ।

–*–विहाय लक्ष्म्या सहसं विहारं, को याति मत्स्यादिषु हीन योनिषु ।
शय्यां च मुक्त्वा गरुडासनस्थः, करोमी युद्धं विपुलं स्वतंत्रः ॥

अर्थ– विष्णुको भनाई– 'यदि म स्वतंत्र हुँदो हुँ त लक्ष्मीका साथ विहार गर्न छोडेर माछो, कछुवादि नीच योनिमा जन्म लिन किन जान्थें? शय्यामाथि शयन गर्न छोडेर गरुडमा सवारभई धेरै कालसम्म को युद्ध गरिरहन्थ्यो ?

[देवी भा. १।४।५]

*– यस भन्दा पहिले नै त्रि-देव र अनेक नर नारीसहित विश्वको विद्यमानता सिद्ध हुनाले यहाँ खण्ड-ब्रह्माण्डको लक्षार्थ सम्झनुपर्छ ।

पुनः छः शास्त्रको रचना भयो । तत्पश्चात् छयानब्बे पाखण्डरूपी मत (मजहब)को पनि बेसरी कल्पना बढ्यो ॥५॥

अरू– वास्तवमा रजोगुणी व्यक्ति नै ब्रह्मा हुन् । उनले वाणीका कोश–वेदको रचना गरे । कसै-कसैको भनाई छ– ब्रह्माजीले वेदको संकलनसम्म गरी विशेषरूपबाट प्रचार गरेका हुन् । यसरी ऋग, यजु, साम र अथर्व– यी चार वेदको विभाजन भयो । चौध लोक– [भूलोक, भुवर्लोक, स्वरलोक, महर्लोक, जन, तपो, सत्यलोक– यी सात स्वर्ग तथा सप्त पाताल–अतल, वितल, सुतल, तलातल, महाँतल, रसातल र पाताल] को निवास कर्मानुसार प्राप्तहुन्छ, स्थिति मिल्दछ भन्ने कल्पना गरे । अर्थात् धर्माचारीहरू माथिका सप्तस्वर्गमा निवास पाउँछन्, पापाचारीहरू निम्न पातालपुरीमा पुग्छन्–कष्ट भोग्छन्; भन्ने कल्पनाबाट स्थितिको पाट बन्यो । चौध विद्या [पुराण, न्याय, मीमांसा–धर्मशास्त्र, चार वेद र छः वेदाङ्ग–शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष] आदि बने* । यिनै वाणीका आधारबाट मनुष्यहरू अर्थ, धर्म, काम र मोक्षरूप चार फलको प्राप्तिका निमित्त अनेक अनुष्ठानमा प्रवृत्तभए । त्यसबेला ब्रह्मा, विष्णु, महेश्वर– यी तीनजना मुख्य व्यवस्थापक हुनाले तिनले कर्म, भक्ति, योगको मार्ग चलाए । तिनै तीन प्रकारका कर्मको सबैलाई अवलम्ब दिई स्थिर गराए । अनि यिनैका आधारबाट छः ऋषिद्वारा माथि बताइएका सांख्यादि× छः दर्शन रचिए । अर्का–योगी, जङ्गम, सेवडादिलाई पनि छः दर्शन भन्ने प्रथा चलेको छ–

*– अर्काथरी चौध विद्या– ब्रह्मज्ञान, रसायन, काव्य, वेद, ज्योतिष, व्याकरण, धनुर्विद्या, जलतरण, सङ्गीत, वैद्यक, अश्वारोहण, कोक, नाटक र चातुरी ।

×– न्यायशास्त्र – गौतम–कृत । मीमांसा वा धर्मशास्त्र–जैमिनी रचित । वैशेषिक – कणाद प्रणित । सांख्य – कपिलदेव – निर्मित । योग – पतञ्जलि रचित वेदान्त – व्यासदेव–विरचित ।

योगी जङ्गम सेवड़ा, संन्यासी दरवेश* ।
छठा कहिये ब्राह्मण, छौ घर छः उपदेश ।। [पंचग्रन्थी]

यिनमा पनि हाँगा फाटेर छयानब्बे पाखण्ड–सम्प्रदाय चले–

दश× संन्यासी बारह योगी, चौदह शेख बखान ।
अठारह ब्राह्मण अठारह जंगम, चौबिस सेवडा परमान ।। [पंच ग्रं.]

संसारमा हिन्दू, मुसलमान, क्रिश्चियन, आदि अनेक जाति, धर्म, चिह्न, भेस र आचार कर्महरू प्रचलित छन् । ती सबै देश काल परिस्थिति अनुसार मनुष्यजीवद्वारा नै स्व-स्व मतानुसार व्यवहारको सुबिस्ताको निम्ति कल्पना गरिएका हुन् । वास्तवमा मानवमात्र सब एकसमान हुन् तापनि अज्ञान तथा विपरित आचरणद्वारा विभिन्न थरीका भई परस्पर ईर्ष्या र द्वेषपूर्ण व्यवहार गर्दै पृथक-पृथक बनिरहेछन् ।

पेट न काहू वेद पढाया । सुन्नति कराय तुरुक नहिं आया ।।६।।
नारी मो चित गर्भ प्रसूती । स्वाँग धरे बहुतै करतूती ।।७।।

अर्थ– पेट (माताको गर्भ) मै कसैले वेद पढी आएका

---

*– दर (ढोका–ढोका) मा गई भिक्षा माग्ने वा परमात्मासित दयाको भिक्षा माग्नेलाई दरवेश भन्दछन् ।

×– दश संन्यासी – गिरी, पुरी, भारती, बन, पर्वत, आरण्य, सरस्वती, सागर, आश्रम र तीर्थ ।

बाह्र योगी – ती दशमा औघड र नाथ मिलाउनु – बाह्र योगी हुन्छन् ।

चौधशेख (शैख) – वृद्ध, गुरुजन, धार्मिक पंडित, महन्त, दरगाहका खलिफा (नेता जानशील) आदिलाई शैख भन्दछन् । ती मुख्य चौध फिर्काका चौधै संचालक छन् । ती फिर्का (सम्प्रदाय) हुन्–

मुहम्मद दोहसनका अनुसार १–नक्स बन्दियाह २–कादिरियाह, ३–चिस्तियाह ४–जलालियाह ५- सुहरावर्दियाह (वशार–वेशार) ६–मन्जुब ।

होइनन् । न मुसलमानहरू गर्भमै सुन्नति–खतना* भई आएका हुन् ! ।।६।। स्त्री–विषयमा पुरुषको चित्त गढेको हुनाले तिनले नारीजातकै गर्भमा गई बार-बार शयन गर्न परिरहेको हो । जन्मे पछि जाति-पाँतिको अनेकानेक आडम्बर बनाई विभिन्न प्रकारका कर्म गर्दछन् ।।७।।

अरू– संसारी मानवले उपर्युक्त प्रकार आफ्नै अनादि भूल – अज्ञानवश विपुलकष्ट भोगिरहेका देख्ता गुरु कबीर स्वाभाविक दया-वश द्रवितभई भन्नुहुन्छ– हे भाइ हो ! तिमीहरू

सरहुल मुवाफिकका ग्रन्थकारका अनुसार– १–मुताजिलाह २–शियाज, ३–खवारीज, ४–मुर्जियाह, ५–नज्जारियाह, ६–जवारीयाह, ७–मुशाब्बिहियाह ८–नजियाह । [मुख्य यिनै चौत्र सम्झनु पर्छ] हुनता– म. दोहसनले ३२ फिर्का र शेख अब्दुल कादिरले १५० फिर्का छन् भनी बताएका छन् । सुन्नीहरूका नजियाह भन्ने पदमा चार कट्टरपन्थी १–हनाफियाह २–सफीइयाह, ३–मलकियाह, ४–अम्बालियाह–बने । यिनका चेलाहरूबाट पनि धेरै पन्थ चलेका छन् ।

[डिक्सनरी अफ इस्लामको आधारबाट]

अठाह्र ब्राह्मण— पूज्य, द्विज, श्रोत्रिय, पङ्क्तिपावन, गुरु, आचार्य, उपाध्याय, ऋत्विक, पण्डित, ऋषि, क्षात्र-ब्राह्मण, वैश्य-ब्राह्मण शूद्र-ब्राह्मण, बिरालो र बकुलो-ब्राह्मण, म्लेक्षब्राह्मण, चाण्डाल–ब्राह्मण, राक्षस-ब्राह्मण तथा अधमाधम ब्राह्मण ।

अठाह्र जङ्गम–शिव पशुपति, मृत्युञ्जय, त्रिनेत्र, कृतिवास, पञ्चानन, शितिकण्ठ खण्डपरशु, प्रथमाधीप, गङ्गाधर, महेश्वर, रुद्र, विष्णु, पितामह, संसार-वैद्य, सर्वज्ञ, परमात्मा र कपाली–यति अठाह्र शिवका नाम छन् । जङ्गम शिव उपासक हुनाले तो पनि अठाह्रै प्रकारका छन् ।

चौबीस सेवडा– ऋषभदेव, अजीतनाथ, सम्भवनाथ, अभिनन्दन नाथ, सुमति-नाथ, पद्मप्रभु, सुपार्श्वनाथ, चन्द्रप्रभु, सुविधिनाथ, शीतलनाथ, श्रेयांसनाथ, वाशूपूज्य, विमलनाथ, अनन्तनाथ, धर्मनाथ, शान्तिनाथ, कुन्थुनाथ, अरनाथ, मल्लिनाथ, सुव्रत-नाथ, नमीनाथ, नेमीनाथ, पार्श्वनाथ, र महावीर । यी जैनका चौबीस तीर्थङ्कर हुन् । यिनैलाई सेवडा भन्दछन् ।

*मुसलमान–बालक जन्मेका छः दिनमा शिश्न इन्द्रियको छाला काटिदिने कर्मलाई सुन्नत वा खतना भन्छन् ।

आफूलाई हिन्दू–तुरुक इत्यादि मानी किन व्यर्थै अभिमान गर्छौ ? विचार गर – न ब्राह्मणहरूले गर्भैदेखि वेद पढेर जनै-लगाई आएका हुन्, न मुसलमानहरूको गर्भैदेखि सुन्नत भई आएको हो । विषय-वासना, कामासक्तिमा चित्त विशेष आसक्त भएकाले बारम्बार गर्भवासमा गई जन्म–मरणको असह्य यातना सहनु परेको हो । जन्मेपछि मानवीय मान्यताका कुल–प्रथानुसार नाना चिह्न शिखा–सूत्र र सुन्नतको आडम्बर रच्तछौ; सन्ध्या, तर्पण, यज्ञ तथा निमाज – कुरबानी इत्यादि कर्म गर्छौ । आफूलाई श्रेष्ठ र अरूलाई तुच्छ सम्भन्छौ । यी सबै तिम्रै अज्ञान-वश मनले बनाएका कल्पनामात्र हुन्, अतएव यिनको कुनै महत्व छैन । यिनमा मुख्य मानवताका गुण-आचरण पालन गर्नु नै सार्थक हो ।

तहिया हम तुम एकै लोहू । एकै प्राण बियापै मोहू ॥८॥
एकै जनी जना संसारा । कौन ज्ञान से भयेउ निन्यारा ॥९॥

अर्थ– तहिया (माताको गर्भमा) हिन्दू, मुसलमान–सबैका शरीर एकै प्रकारका रगतबाट बन्दछन्, एकसमान प्राणवायुबाट सञ्चालित रहन्छन् । पुनः सबै समानरूपबाट मोह-अज्ञानताले आच्छादित छन् ॥८॥ एकै प्रकार सबै माता-पिताद्वारा नै जन्मन्छन् भने कुन ज्ञानको आधारबाट तिमी छुट्टाछुट्टै को अहंकार भर्दछौ ? ॥९॥

अरू– ज्ञानी गुरुदेवको भनाई हो– सबैका शरीर सप्तधातु बाटै निर्मित भएका हुन्, सबै एकसमान प्राणवायुद्वारा संचालित छन्; सबै मोह – अज्ञानले भरिपूर्णछन्, सबै पिता-माताबाटै पैदा भएका हुन्* भने अब कुन महान् ज्ञानको घमण्डमा आफूलाई

*–मेरो उत्पत्ति पनि तिमीहरूकै जस्तो हो, म मात्र अति मानव होइन; कसैलाई पनि अति मानव आकाशीय पुरुष नबनाउ, भन्ने गुरुको यहाँ संकेत बुझिन्छ ।

सारै ठूला-बडा र पाक सम्झन्छौ; अरूलाई अति तुच्छ र नापाक भन्दछौ? यथार्थमा विशेष श्रेष्ठ र पवित्र तबै बनिन्छ जब त्यो सम्यक ज्ञान र उत्तम आचरणमा संलग्न हुन्छ। अर्थात् सुन्दर चाल-चलन र पूर्णईमान्दार हुनुपर्छ; बिना ज्ञान र शुभाचरण, आफूलाई श्रेष्ठ सम्झनु, फोस्रो घमण्डमात्र हो। अतएव सबै ज्ञानी बन, सबै सत्याचरणी - ईमान्दार होउ; रहम-दयाले हृदय भरिपूर्ण पार; परस्पर नङ-मासुसमान बनी मेल-मिलापबाट बस। ठीक-ठीक ज्ञान भएपछि सबैलाई आफैंसमान सम्झनेछौ।

भौ बालक भगद्वारे आया । भग भोगी के पुरुष कहाया ।।१०।।
अविगति की गति काहु न जानी । एक जीव कित कहौं बखानी ।।११।।
जो मुख होय जीभ दश लाखा । तो कोइ आय महन्तो भाखा ।।१२।।

अर्थ- माताबाट जन्मी बच्चा बाहिर आएपछि बालक भनिन्छ, उही यौवन अवस्था भएपछि स्त्रीका अपवित्रद्वारमा क्रीडारत हुँदा पुरुष नामबाट प्रख्यात हुन्छ ।।१०।। किन्तु अविगति-मन-कल्पनाको विचित्रदशा कसैले जान्न सकेनन्। एक जीव नै नित्य, सत्य, श्रेष्ठ* हो, यसको स्पष्टतापूर्वक विशेष व्याख्या म कति गरौं! ।।११।। दश लाख मुख एवं जिभ्रो भएका* कोही महान् पुरुष भए उनले आई विशेष बताउनेछन् ।।१२।।

---

*–गोपालक (जीवात्मा) बार–बार जन्म धारण गर्दछ, कहिल्यै विनाश हुँदैन ।
[ऋग्वेद अनु. ५८ सूक्त १७७ मंत्र ३]

*–एक जीभ–" पाठ मानेमा पनि अर्थ हुन्छ–यो स्वतन्त्र जीवका कल्पनाको गति आजसम्म कसैले जान्न सकेनन्। म एक जिभ्रोले कति वर्णन गरौं! " गुरु कबीरमा सबै विदित छ, यसैले उहाँ भन्नुहुन्छ– ती सबै बताउन कोही दश लाख जिभ्रो भएका अपूर्व व्यक्ति होउन्, ती आएर बताए, बताउन सक्लान् कि! भाव हो–कसैको दश लाख जिभ्रो हुँदैन, न ती आएर बताउन सकुन्! मानिसले स्वयं विवेकबाट बुझ्नुपर्छ। विवेकका निर्णयवचन नरुचाउनेलाई कसैले पनि प्रबोध गर्न सक्तैन।

अरू– आफूलाई उच्च सम्झने ब्राह्मणवर्ग तथा मुसलमान-हरू प्रति गुरु कबीर भन्नुहुन्छ– हे भाइ ! सबै एकसमान नारी-जातका योनि-यंत्रबाट जन्मेका ह्वौ । जन्मेर पनि अज्ञान-आसक्ति-वश उही अपवित्र मूत्रद्वारमै आसक्त छौ भने तिम्रो श्रेष्ठत्वको गर्व कहाँ रह्यो! अर्थात् मानवमात्र जन्म-कर्मका दृष्टिबाट समान-रूपका हुन् । यिनमा ज्ञान र शुभाचरण पालनगर्ने नै श्रेष्ठ भन्नुपर्छ । यहाँ धेरै जसो मानिसले मन र कल्पनालाई चिनी तिनको पञ्जाबाट न अलग हुन सके, न त मनले खडा गरेका कल्पनाको स्वरूप–जगत्-कर्तालाई नै 'खालि कल्पना हो' भनी चिनेर त्यसदेखि बच्न सके । संसारमा कर्ता, भर्त्ता, प्रेरक आदि जे-जति मान्यता दिएर औंल्याइएका छन्, तिनमा केवल सर्व श्रेष्ठ जीव चेतन× नै सत्य-अपरोक्ष छ ।

यसको व्याख्या म कति गरौं ! मिथ्या कल्पनाको पनि कहीं सीमा हुन्छ र ! तात्पर्य-- शून्यको र कल्पनाको अन्त्य कहीं-कहिल्यै हुँदैन, पार पाइँदैन । न कसैको दश लाख मुख होस, न त्यति जिब्रो होउन्, न ती आई सम्झाउन् ।

साखी–कर्हाहि कबीर पुकारिके, ई ले ऊ व्यवहार ।
राम नाम जाने बिना, भौ बूडि मुवा संसार ।।१।।

अर्थ– गुरु कबीर स्पष्ट भन्नुहुन्छ– यी अबोध जीव, ऊ–आकाशीय बाह्य ब्रह्माण्ड एवं विपरीत धर्मी खानी–वाणीको

× उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वर ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुष परः ।।

साक्षी, प्रेरक, भर्ता, भोक्ता, महेश्वर, परमात्मा, परमपुरुष भनी देह-भिन्नको चेतनलाई नै भनिन्छ ।

[गीता १३।२२]

व्यवहारलाई नै सत्य-श्रेष्ठ मानी सबै अल्झे, बेसरीभौंतारिए । पुनः रामनामको मर्म नजानेर गर्भकुण्डमा डुबी मरिरहेछन् ॥१॥

अरू– गुरु कबीर सबैलाई सम्बोधन गर्दै भन्नुहुन्छ– यी भ्रान्त मानवहरू विषय भोग, मान, व्यवहारी सुख र मन-गढन्ते कल्पनाका पुरुषलाई प्राप्त गरी माथिका लोकहरूमा पुग्ने कामना लिएर खानी-वाणीका अनेक कर्ममा अनादिदेखि अल्झी अस्त-व्यस्त हुँदै आइरहेछन् । कति खानि–जालमै लुटपुटिई लम्पट बनिरहेछन्, कति खास अपरोक्ष हृदयस्थ चेतन साँच्चिका• रामको मर्म नजानेर बाहिरी रामकै कल्पनामा दौडिरहेछन् । उनैको स्मरण-कीर्तन तथा स्थूल देहका व्यवहारको लीलामात्रमा मस्त भए-भुले । फलस्वरूप कल्पना र विषयको फन्दामा परी संसारका जीवसमूह आवागमन–गर्भकुण्डमै डुबी-डुबी मृतप्रायः भइ-रहेछन् । यो कल्पनामात्रको मिथ्या जाललाई कहिल्यै कसैले चिन्न सकेनन् ।

यसैको झ्याउरे लयमा पद्य–१

अंतसमा ज्योति झल्क्यो, शब्द सुन्यो जिव्ले ।
कल्पना भो खोज्न थाले, हरि ब्रह्मा शिवले ॥
ती तीन र नर नारी, खोज्ने भए लाखौं ।
रत्ति भर क्यै जानेनन्, आदि अन्त कों कों ॥
ब्रह्माजीले झकारी एक, रची तयार गरे ।
चौध ठाउँ अधार पिर्का, पृथक पृथक गरे ॥
हरि हर ब्रह्मा भए, महन्तको नाऊँ ।
तिन्ले फेरि बसालेका, नूतन तीन गाऊँ ॥
ब्रह्माण्ड र खण्डहरू, रचे यिन्ले फेरी ।
छः दर्शन छयान्नब्बे, पाखण्डले घेरी ॥

• –आत्मेश्वर जीवोऽनात्मनाम् ।
'यो हृदयनिवासी चेतन आत्मा नै ईश्वर हो, यही जीव पनि हो ।'
[सर्वसार उपनिषद् २]

गर्भ भित्रै फसैंलाई, वेद पढाएनन् ।
गर्भबाट सुन्नत भई, तुरुक आएनन् ।।
नारी विषे चित्त दिंदा, गर्भ – जाल परे ।
अनेक वेष अनेक कर्म, मानवले गरे ।।
त्यस बखत हामी तिमी, एकै समान् थियौं ।
उस्तै रगत प्राण मोह, तिम्ले हाम्ले लियौं ।।
बाबु आमा बाटै सबै, जाय जन्म भयौं ।
कुन ज्ञानको बखेडाले, पृथक् पृथक् भयौं ।।
बालक भई योनि द्वारा, यहां हामी आयौं ।
त्यस्तै द्वार लट्टु भई, पुरुष कहलायौं ।।
यो मनको गति कत्ति, जानेनन् ती क्कैले ।
एक जीव साँचो कति– भनूँ विस्तार मैले ।।
मुख जिभ्रो भए देखि, यदि दश लाख ।
तब तिनै ठूला आई, भन्नन् लिई चाख ।।
श्लोक– प्रष्टताले कबीर भन्छन्, यस्ले त्यो व्यवहार गर्‍यो ।
रामनाम नजानेरै, डुबी भव जगतै मर्‍यो ।।

रमैनी–२

जीव रूप एक अन्तर बासा । अन्तर ज्योति कीह्न परकाशा ।।१।।
इच्छा रूपी नारी अवतरी । तासु नाम गायत्री धरी ।।२।।
तेहि नारी के पुत्र तीनि भयऊ । ब्रह्मा विष्णु महेश्वर नाऊँ ।।३।।

अर्थ– सबैका रूप–जड शरीर-भित्र चेतन जीवको निवास छ । यसैले जीवित प्राणीमात्रमा चेतनको ज्ञान-ज्योति (जानपना) प्रकाश भइरहेछ ।।१।। उसको साथमा मन-बुद्धि लागेका हुनाले पूर्व-संस्कार-वश परापूर्व कालमा कुनै व्यक्तिका मनमा इच्छा उठ्यो, पश्चात् मनोमय कल्पना पुष्ट भएपछि प्रत्यक्षमा कहींबाट स्त्री वरण गरी ल्यायो, ती नारीको नाम गायत्री भन्ने राख्यो ।।२।। ती दुवैबाट तीन छोरा जन्मे । तिनका नाम–ब्रह्मा, विष्णु र महादेव भन्ने रह्यो ।।३।।

अरू– शरीर र मन नभई शुद्ध चेतनबाट श्रुति-उल्लिखित 'बहुस्यां प्रजाये येति' अनेक प्रजाको सृष्टि गर्ने न इच्छा बन्न सक्छ,

न सृष्टि हुन सक्तछ । यसैले गुरु कबीरबाट यस रमैनीमा विवेक-अनुभवयुक्त तथ्य कुरा बताउनु भएको हो ।

फिर ब्रह्मैं पूछल महतारी । को तोर पुरुष के करि तुम नारी ।।४।।
तुम हम हम तुम और न कोई । तुमहि से पुरुष हमें तोरि जोई ।।५।।

अर्थ– पछि आफ्ना पितालाई नदेखेर ती छोरा मध्ये चञ्चल मनका ब्रह्माले मातासित सोधे–तपाइँका पति अर्थात् हाम्रा पिता को हुन् ? कहाँ हुनुहुन्छ ? ।।४।। यो सुनेर माताले उत्तर दिइन्–तिमी र म बाहेक अरू कोही छैनन् । तिमी समानकै सबै पुरुष र म समानका सबै नारी हुन्, म तिम्रै भोग्या हुँ । अर्थात् विश्वमा प्रकृति र पुरुष, केवल दुइ वस्तु विद्यमान छन् ।।५।।

"अहं भैरवस्त्वंभैरवी ह्यवयोरस्तु संगमः ।"

साखी-बाप पूत की एकै नारी, एकै माय बियाय ।
ऐसा पूत सपूत न देखा, जो बापहिं चीह्नै धाय ।।२।।

अर्थ– संसारमा पिता-पुत्र दुवै एकसमानका स्त्री जातमा रमण गर्दछन् । त्यस्तै एकै स्त्रीवर्ग–माताबाट जन्म लिन्छन् । गायत्री भन्छिन्–प्रयत्नपूर्वक खोज-खबर गरी आफ्ना पिताको पत्ता लगाई दर्शन गर्न इच्छुक सपूत छोरा मैले एउटै पनि देखिन ।।२।।

अरू– यो रमैनीमा गुरु कबीरबाट कामासक्तिको प्रबलता देखाई मुमुक्षुहरूलाई काम–वासनाबाट बचाउन सावधान गराउनु भएको हो । वास्तवमा यसको तात्पर्य अर्थ अति ग्राह्य छ ।

तात्पर्य (वाणी अर्थमा)– प्राणीमात्रका हृदयमा चेतन जीवको निवास छ । तिनले ज्ञान--ज्योति (शक्ति) द्वारा मन-इन्द्रिय आदि साधनबाट विभिन्न चिन्तन-मनन र व्यवहार गरिरहेछन् । सुखको इच्छा-वश अनेक प्रयत्न गर्दा पनि विशेष मन-अनुकूल भोग

नपाई दु:खै दु:खमात्र पर्न आएकाले सुख-दु:खका दाता अरू नै कोही मालिक अवश्य हुनुपर्छ भन्ने संशय भयो। तिनलाई प्राप्ति-गर्छु भनी खोजीगर्दा, आखिर ध्यानमा तल्लीन भएपछि बाह्य प्रकाशको संस्कार-वश पित्त-नाडिमा जोतिप्रकाश झल्कियो; त्यसैलाई परमात्मा मान्नलागे ।।१।। प्रथम मनमा जे जस्तो इच्छा उठेको थियो, पश्चात् तदनुसार मन्त्रादिको कल्पना गरे। चौबीस अक्षरीय एउटा मन्त्रको गायत्री भन्ने नामकरण पनि गरे ।।२।।

ती गायत्रीका विशेष प्रतिष्ठित तीन उपासक निस्के–रजोगुणी ब्रह्मा, सत्वगुणी विष्णु र तमोगुणी महादेव। अथवा चेतन जीवको देह-सम्बन्धमा तीन प्रकारका शक्ति–इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति प्रकटभए।।३।।

एक दिन रजोगुणी ब्रह्माले चंचल स्वभावानुसार मातासित सोधे–तपाइँले उपास्य भनी बताउनुभएका इष्ट को हुन्? तपाइँले कसलाई सिद्ध गर्नु हुन्छ? ।।४।। यो सुनेर गायत्री भन्छिन्–तिमी चेतन पुरुष, म प्रकृति माया; म प्रकृति, तिमी पुरुष; तेस्रा अरू कोही छैनन् [अर्थात् जड–चेतन वा प्रकृति-पुरुषबाटै समस्त संसारको व्यापार चलिरहेछ] ।।५।।

समीक्षा:– [गायत्री आदि वाणी जड हुनाले ती के बोल्थिन्! मतावलम्बीहरूले आ-आफ्ना सिद्धान्तको परिपुष्टिका निमित्त गायत्री वा उपनिषद्द्वारा भनाएका मात्र हुन्। सबै कल्पनाका कर्ता मानव जीव नै सर्वेसर्वा हो] गायत्री भन्छिन्–ईश्वर र जीवको भोग्या एउटै माया हो। पिण्डको ऐश्वर्य जीवको लागि र ब्रह्माण्डको ऐश्वर्य ईश्वरको निम्ति हो। ऐकै मायाबाट दुवैको सिद्धि हुनाले दुवै एकै हुन्। ज्ञानोपलब्धि पश्चात् दुवै एक रूप हुन्छन्, परन्तु ईश्वर प्राप्ति निमित्त शीघ्र साधनामा प्रवृत्त हुने योग्य साधक अहिलेसम्म एक पनि देखिएनन् ।।२।।

पद्य–२

यँ देह भित्र अजिव एक, चेतन्‌को निवास ।
त्यँ चेतन्‌बाट यँ अन्तस् बिच, ज्योति भो प्रकाश ।।
अन्तस बाट वासना बनी, बाहिर देखियो ।
वासना भन्ने नारीको नाऊँ, गायत्री राखियो ।।
तीनौटा छोरा प्रगट भए, कोख त्यँ एउटा ।
ब्रह्मा र विष्णु महेश्वर भन्ने, तीनौटा देउता ।।
ब्रह्माले सोधे हे महतारी ! रहस्य भन यो ।
कसकी तिमी नारी हौ तिम्रो- पुरुष कुन हो ।।
रहस्य सुन तिमी नै पोई, म तिम्री हूँ जोई ।
तिमी र हामी हामी र तिमी, न अर्का छन् कोई ।।
श्लोक- पिता पुत्र कि त्यँ जोई, एकै आमा बियाउने ।
यस्ता सपूत देखिन्नन्, जो पिता चिन्न धाउने ।।

रमैनी–३

प्रथम आरंभ कौन को भएऊ । दूसर प्रगट कीह्न सो ठयऊ ।।१।।

अर्थ– सृष्टिको आरंभवाद नै सत्य भए सर्वप्रथम कसको–कसरी उत्पत्ति भयो ? दोस्रो–उत्पत्ति-कर्ताले कुन ठाउँमा बसी सृष्टिं गरेका हुन् ? ।।१।।

अरू– अनादिको विश्व-प्रपंचलाई आरंभरूप सृष्टि मान्नेहरू-सित गुरु कबीर प्रश्न गर्नु हुन्छ–सबभन्दा पहिले विश्वको कुन वस्तु बनेछ ? सृष्टिकर्ताले कहिले कहाँ बसी कसोगरी सृष्टि रचेछन् ?

समीक्षा– सृष्टि रचिंदा देख्ने को रहेछ ? आदि सृष्टि हो भन्ने तथ्य प्रमाण के छ ? त्रि-गुणबाट द्रव्य तत्वहरू कसरी बने ? असीम-अवस्तु आकाश के बाट बनेछ ? सबैको भनाई छ–हाम्रा इष्टले अतुलित शक्तिबाट यो विश्व-रचना गरेका हुन् । त्यसो हो भने, त्यस्तो अपार शक्ति आज किन प्रत्यक्ष छैन ? ती शक्तिवान् प्रत्यक्ष भई अन्याय-अनरीतको दमन किन गराउँदैनन्? उनका कानून वेद-नीति नै सर्वदेशीय नभई एक कुनाको निम्तिमात्र भएको र

उही पनि मानिसद्वारा सर्वथा उल्लंघन भइरहेको किन हेरिरहेका ? के ती सर्वसमर्थ छैनन् कि? उनलाई सिद्ध गर्न पनि मानिसले संघर्ष गर्नु परेको किन? यहाँ गुरु कबीरको आशय हो–जड चार तत्व र असंख्य चेतन जीव अनादि सत्य यथार्थ वस्तु हुन् । तिनै जड तत्वका धर्म, गुण, क्रियाहरूद्वारा समस्त जडसृष्टि प्रवाह रूपबाट चलिरहेकै छन्। बीज-वृक्षवत् कर्म र देहको पनि प्रवाहरूप अनादि सम्बन्ध छ । अतएव कुनै पनि वस्तु बीचमा बनेका होइनन् । वेदमा पनि प्रमाण पाउँछौं; केही माथि पहिलो रमैनीको टिप्पणीमा उल्लेख भइसकेको छ। अरू ऋग्वेद अष्टक १ मण्डल १ अनुवाक ६ सूक्त २६ मा र सूक्त ६०।१ समेत कैयौं स्थलमा अग्निलाई अविनाशी बताएको छ; २।१।१।१८।१२३।५ समेत धेरै ठाउँमा उषालाई र २।४।१।२३।१६६।१३ समेत अनन्त स्थलमा मरुतलाई अविनाशी भनेका छन् भने यो जगत्‌लाई आदि अन्तवाला हो भनी विवेकीजनले कसोगरी निश्चय गर्न सक्तछन् ?

प्रगटे ब्रह्मा विष्णु शिव शक्ती । प्रथमें भक्ति कीह्न जिव उक्ती ।।२।।
प्रगटे पवन पानी औ छाया । बहु विस्तार के प्रगटी माया ।।३।।
प्रगटे अण्ड पिण्ड ब्रह्मण्डा । पृथ्वी प्रगट कीह्न नौ खण्डा ।।४।।

अर्थ– ब्रह्मा, विष्णु, महादेव पनि द्वितीय रमैनीमा उल्लेख भए अनुसार पैदा भएका हुन् । यिनले प्रथम जीवको उक्ति अर्थात् स्वयम्‌को कल्पनाबाट जगत्-कर्ताको उपासना गर्न लागे ।।२।। पछि पवन, पानी, छाया अर्थात् प्राणायाम, कर्मकाण्ड र प्रतिमा-पूजन आदिको प्रथा चलाए । यसरी माया–मन्त्र, तन्त्र, ग्रन्थ मत-सिद्धान्तहरू फिंजिए ।।३।।

अण्ड–ओंकारको कल्पना भयो । पिण्डमा षट्‌चक्र, आसन, प्रणायाम आदि र ब्रह्मरन्ध्रमा ध्यान गर्ने प्रथा चलाए । पृथ्वीलाई

प्रदेश, अञ्चल, जनपद आदिको रूपमा विभाजन गरेसमान प्रकट-रूपबाट सात द्वीप, नौ* खण्डमा विभाजन गरे । सबैको नामकरण भयो ।।४।।

अरू– यहाँ पवन, पानी, छाया, पृथ्वी आदि प्रकटभए भन्ने वचनको (बीजकका पारिभाषिक रूढि अनुसार) प्रतिकात्मक अर्थ सम्झनु पर्छ । सोझै शब्दार्थ गऱ्यो भने अर्थको अनर्थ हुनजान्छ र गुरु कबीरका मन्तव्य अनुसार नभई, यही बीजकमै पूर्वापर विरोध पर्नजान्छ । यहाँको भाव–पवन पानी आदिका अनुष्ठान गर्ने कर्ता र कार्यहरू भए, बने भन्ने हो । यदि साँच्चिकै यिनको उत्पत्ति-भयो, भनी विधि गर्नु भएको भए–प्रथम रमैनीको आरम्भमै 'अन्तर ज्योति शब्द एक नारी' भनी किन भन्नुहुन्थ्यो ! यो रमै-नीको प्रथम चौपाईमा पनि जगत्-सृष्टि मान्नेहरू प्रति तर्कपूर्ण प्रश्न किन गर्नुहुन्थ्यो ! दोस्रो–सांख्य शास्त्र अनुसार र उपनिषद् अनुसार आकाश, वायु अग्नि जल पृथ्वीको क्रमबाट उत्पत्ति वर्णन गर्नु हुनेथियो । अथवा विकासवाद अनुसार–अग्नि पृथ्वी जल वायुको क्रमबाट उत्पत्ति बताउनु हुन्थ्यो । त्यसो नगरी, पवन पानी छाया (अग्नि) अनेक माया, खण्ड-ब्रह्माण्ड, अनि पृथ्वी नौ खण्ड प्रकटभए भनी क्रम बताउनु भएको छ । पहिले पृथ्वी आदि तत्व उत्पत्ति नभई ब्रह्मा विष्णु शिव शक्ति र भक्ति अनि जीवको कसरी–कहाँ कुन उपादानबाट सृष्टिहुने ?

यसै हुनाले गुरु कबीरका वाणीको प्रत्येक स्थलमा सोझै शब्दार्थ गर्न मिल्दैन; लक्षणा, व्यञ्जना आदिबाट तात्पर्य बुझी अर्थ सम्झनुपर्छ । यस्तै पछिपनि धेरै ठाउँमा पवन पावक नीरको भाव–योग हवन उपासना भन्ने आउनेछ । ब्रह्माण्डमा झैं पिण्ड-

*सातद्वीप नौ खण्डको नाम रमैनी २७ को टिप्पणीमा उल्लिखित छ ।

मा पनि योगीहरूले षट्चक्रादि र सात स्वर्ग, सात नर्क, नौ खण्ड–सबै यही शरीरमें कल्पना गरेका छन् ।

ब्रह्माण्डे सो पिण्डे जानो । ठौर ठौर घटही पहिचानो ॥
[भक्तिसागर]

प्रगटे सिद्ध साधक संन्यासी । ई सब लागि रहे अविनाशी ॥५॥
प्रगटे सुर नर मुनि सब झारी । तेहिके खोज परे सब हारी ॥६॥

अर्थ– कपिल आदि सिद्ध, गोरखादि योगी, अनेक साधक र संन्यासी बन्नथाले । यी सबै परोक्ष काल्पनिक अविनाशी परमात्माकै खोजीमा लागिरहे–तल्लीन भए ॥५॥ सुर–सत्वगुणी व्यक्ति, नर–रजोगुणी मनुष्य तथा ऋषि-मुनि धेरै भए । सबै उनै अविनाशी परोक्ष कर्ताकै खोजीमा तन्मय भए, तर कसैले पनि भेट्टाउन सकेनन् । भएका प्राणी-पदार्थ भेट्टाइन्छन्, कल्पनाका इष्टलाई के भेट्टाउनु ॥६॥

साखी– जीव शीव सब प्रगटे, वे ठाकुर सब दास ।
कबीर और जाने नहीं, एक रामनाम की आश ॥३॥

अर्थ– मनुष्य शरीरधारी जीवबाटै शिव – ईश्वरादिको कल्पना प्रकट भएको हो । अब तिनै कल्पनाका इष्टलाई मालिक सम्झी, जीव स्वयम् समर्थ स्वतन्त्र छँदै दास बनी, उपासनामा अल्झिरहेछन् । अज्ञ जीवहरू प्रायः यही भन्दछन्– म अरू केही जान्दिन, केवल एक रामनामकै भरोसामा छु । अथवा फलाना इष्टका आधारमा छु; उहाँबाट जे गर्नुहुन्छ, गर्नुहुन्छ ॥३॥

अरू– यो साखीको 'कबीर' शब्द अज्ञ जीव वाचक हो । श्री कबीर साहेबवाट आफूलाई औंल्याउनु भएको होइन। सिद्धान्तको पारिभाषिक संकेतबाट काम लिनुपर्छ । उहाँ त रामनामको प्रति भन्नुहुन्छ–

'रामहि राम पुकारते, जिभ्या परिगौरौष ।'
'रामके कहे जगत गति पाई । खाँड कहे मुख मीठा ।।'

[बीजक]

स्वयम् चेतन जीवले ईश्वर, ब्रह्म, देवी-देवतादिको कल्पनामा किन पर्न परेको ? उत्तर–जड शरीरको सम्बन्धमा कष्टभयो, आफ्नो परम शान्त स्वरूपको बोध भएन र सुख-शान्ति पाउँला कि भनेर कल्पना गरी अल्भिरहेछ । जान्न–स्थिरहुन सकेको भए त्यो परम शान्ति सर्वोच्च आनन्द आफ्नै स्वरूप थियो ।

अब त्यो परम शान्ति, महान् ढुकुटी हातलगाउने हो भने ज्ञान–वैराग्यको गहिराइमा उत्रनु, साधनाको खुडकिलो बनाउनु पर्छ । सर्व प्रथम जडदेखि भिन्न ज्ञानस्वरूप चेतनको अपरोक्ष बोध हुनुपर्छ । विशेष वैराग्यपूर्वक एकान्त स्थलमा निश्चिन्त–शान्तबनी सहजासनबाट बस्नु, आफ्नै अन्तःकरणमा लक्ष्य-लगाई हेर्ने अभ्यास गर्नु । जे–जो सामने पर्छन्, तिनलाई विजाति सम्झँदै छाड्दै गर्नु । यस बखत कुनै देवमूर्ति, ज्योति, अनहदनाद, शून्य, चक्रमन्त्र–जस्तो दृश्य, वृत्ति सम्मुख परेपनि यो सम्झनु–'दृश्यजति भिन्न हुन्, यिनका द्रष्टा अनुभवकर्ता म छुट्टै हुँ'– यो विवेकलाई नछाड्नु । सम्झनु– यसैले कपिलदेखि बुद्धसम्म र महावीरदेखि वर्तमानका परम विवेकी सन्तजनसम्मले बाह्य परोक्षका परमात्मालाई पनि अस्वीकार गरेका । बाहिरबाट दोस्रा–ईश्वर परमात्माकै दर्शन पाएपनि त्यो स्वयम् द्रष्टा ज्ञानस्वरूप चेतनदेखि भिन्न मनका कल्पना आभास, जड, हुन्छन् । अतएव ती अनुभवमा देखिने दृश्यलाई शुद्ध चेतन परमतत्व भनी कसरी मान्ने ? चेतनको स्वरूप त ज्ञानमात्र द्रष्टा हुन्छ । यसैले स्व–स्वरूप द्रष्टादेखि पृथक दृश्यलाई साँच्चिका परमात्मा परमतत्व भन्न मिल्दैन । निर्णयका कुनै आध्यात्मिक सिद्धान्त ग्रन्थ र विवेकी महात्माहरूले पनि स्वीकार गर्न सक्तैनन् । चेतन

त शरीर-सम्बन्धमा द्रष्टा, ज्ञाता, पारखस्वरूप रहेको छ; शुद्ध मुक्त दशामा ज्ञानमात्र, ज्ञप्ति, चिन्मात्ररूपले अवस्थित रहन्छ। यस्तो शुद्ध ज्ञानमात्र अवस्थामा स्थिर हुन, माथि लेखिए अनुसार द्रष्टापनाको अभ्यास गर्दा-गर्दा जब समस्त वासना-विलीन हुन्छन्, अनि उही द्रष्टामात्र अवशेष रहन्छ । बस, बचेको शेष नै स्वयम् चेतन अपरोक्ष स्वरूप अनुभवमा आउँछ, स्थिति मिल्दछ ।

यस्तो अपरोक्ष ज्ञानमात्र नित्य सत्य परमतत्व चेतन स्वरूप-लाई नपहिल्याई दोस्रा–स्व-भिन्न ज्योति छाया अनहद-शब्द आदिलाई नै इष्ट परमतत्व सम्झी अँगाल्नु र मैले नै सर्व सारतत्व पाएँ भनी मक्खपर्नु–यो ठूलो भूल-भ्रमको फल हो ।

अन्तमा जानैजान, चिन्मात्र, केवल ज्ञप्ति, अस्तित्व बाँकी बच्दछ भन्ने विवेकी सन्त-सज्जन सबैको अनुभव छ । सद्शास्त्रको सम्मत पनि यही पाइन्छ । अतएव यही चेतन, यही परमात्मा* यही ईश्वर र ब्रह्म पनि हो । ब्रह्म भन्नाले गुण-स्तरमा वृहद-ठूलो हुन्छ । अब यो चेतनभन्दा ठूलो अरू को रह्यो! यसमा न दुःख छ, न कुनै दोष-दुर्गुण छ; न कसैको विवशता छ ! किन्तु यो शाश्वत शान्तिको पराकाष्टा अवस्था हो । जब हाम्रो स्वरूप नै यस्तो अद्वितीय परम देदिप्यमान् ज्ञानैज्ञानको पुञ्ज छ भने हामी अन्य बाह्य कल्पनामा किन दौडने ! कल्पनामा रङ्गिएसम्म मुक्ति कहाँ भइयो! यो सबै स्वयम् विचारणीय कुरा हो । अतएव अब भ्रान्तिमा न भौतारियौं; आफैंलाई चिन्ने, स्वयम्मा शान्तहुने

---

*आत्मा क्षेत्रज्ञ इत्युक्तः संयुक्तः प्रकृतेर्गुणैः ।
तैरेव तु विनिर्मुक्तः परमात्मेत्युदाहृतः ।।
[म. भारत शांति. १८७।२४]

'यो आत्मा प्रकृतिको गुणले संयुक्त रहँदा क्षेत्रज्ञ भनिन्छ, त्यसबाट मुक्त भएपछि यही परमात्मा कहिन्छ ।'

साधन-पारखीजनको सत्संग गरौं, सद्ग्रन्थको मनन-चिन्तन गरी आफ्नै विवेकको बाटो लम्कौं ।

पद्य-३

पैले सृष्टि के को भयो, भनीदिनु पऱ्यो ।
दोस्रो प्रकट गर्ने को हो, कहाँ बसी गऱ्यो ।।
प्रकट भए ब्रह्मा विष्णु, महादेव शक्ति ।
पैले धेर भक्ति गरे, लगाइ जीव युक्ति ।।

प्रकट् गरे थरी थरी, पवन पानी छाया ।
यसै गरी धेरै धेरै, उपजाए माया ।।
अण्ड पिण्ड ब्रह्माण्ड यी, प्रकट भए फेर ।
नवैखण्ड पृथ्वी पनि, प्रकट भए हेर ।।

संन्यासी सिद्ध साधक्, प्रकट् भए तहाँ ।
यिनी सबै लागिरहे, अविनाशी महाँ ।।
जति यहाँ प्रकट भए, सुर नर मुनि ।
उस्कै खोजी गरी गरी, थाके तिनी पनि ।।

श्लोक– जीव शम्भू सबै निस्के, ती नै ठाकुर दास यी ।
कबीरा अरु जान्देनन्, रामै नाम छ आश नि ।।

रमैनी–४

प्रथम चरण गुरु कीह्न बिचारा । कर्ता गावै सिरजनहारा ।।१।।
कर्महिं कै कै जग बौराया । शक्ति भक्ति कै बाँधिनि माया ।।२।।

अर्थ– गुरु–ब्रह्माजीको प्रथम चरण-बुद्धिसम्पन्न भएपछि मनमा विचार उठ्यो–'यो विशाल-विश्वको कर्ता भनिएका समर्थ पुरुषलाई प्राप्ति गर्न, कीर्तन-भजन गर्नु पर्छ'–इत्यादि सोची [वेदको रचना गराई] गाए। जगत्-जीव पनि पहिलेदेखि नै कल्पनावश दान-कर्म जप-तप आदिमा प्रवृत्त थिए, स्वयम् शक्ति-सम्पन्न स्वतन्त्र छँदै झन् भ्रान्तिका विवशमा परे ।।१।। कर्महिं कै कै–हिंसा बलियुक्त हवनादिसम्ममा पनि प्रवृत्त गराई, शाक्तकर्ममा झन् बेसरी मस्काए। यसरी सोझा-सरल प्रकृतिका मानिसलाई

माया-कल्पनाका देव-देवी ईश्वरादिको भक्तिमा बाँधी भ्रान्त गराइदिए ।।२।।

अदबुद रूप जाति की बानी । उपजी प्रीति रमैनी ठानी ।।३।।
गुणी अनगुणी अर्थ नहिं आया । बहुतक जने चीह्नि नहिं पाया ।।४।।
जो चीह्नै ताको निर्मल अंगा । अनचीह्नें नर भये पतंगा ।।५।।

अर्थ– कल्पित ईश्वरका अपूर्व रूप, दिव्यलोक, देव यक्ष अप्सरादि उत्तम जातिका प्राणी, परम ऐश्वर्य, सुख आदिको वर्णन भएको वेद-पुराणादिद्वारा आश्चर्यजनक वाणी सुन्दा, भावुक सरल मनुष्यका मनमा सारै प्रेम पलायो । ती पनि तिनै कल्पित इष्ट-देव देवीका उपासनामा तल्लीनभए।।३।। तर गुणी, ज्ञान-गुणसम्पन्न जीवको ती निर्गुण-निराकार ब्रह्म-ईश्वरादिबाट मनको शान्ति, अध्यासको निवृत्ति, मुक्ति स्थिति आदि कुनै अर्थ सिद्ध हुनसकेन । धेरै मानिसले यो खालि भ्रान्ति हो भन्ने चिन्नै सकेनन् ।।४।। जस-लाई पारखद्वारा भ्रान्तिको परीक्षा भयो, उनै भ्रमजालबाट छुटी अपरोक्ष पारख चेतन स्वरूपमा स्थिर भए । अरू अविवेकी जति लौकिक भोग र कल्पित स्वर्गादि सुखको लालचवश; कर्म उपासनादि अनेकजालमा अल्भी, काम-क्रोधादि र मिथ्या कल्पना-रूप ज्योतिका पुतली बनी पिलिसरहेछन् ।।५।।

अरू– अदबुदरूप– कहीं भन्छन्–परमप्रभु एक छन्, कहीं भन्छन्– अनेक छन् । कतै भन्छन्– निर्गुण-निराकार छन्, कतै भन्छन्– सगुण-साकार छन् । कहीं परात्पर छन् भन्छन् त कहीं विराट् स्वरूप भन्छन् । कहीं सृष्टि, स्थिति, संहार कर्ता बताउँछन् त कहीं तटस्थ अक्रिय बताउँछन् । कहीं भन्छन्–सर्वत्र छन्, कहीं भन्छन्– वैकुण्ठ- गोलोक, परमधामादिमा छन्; उनको रहस्य अद्भुत र अपार छ । तीर्थ-भ्रमण, मूर्ति-दर्शन, पूजनादिबाट

मृत्युवाद त्यहाँ पुगिन्छ; भगवद्प्राप्ति हुन्छ; भन्छन् । यस्तै अनेक विचित्र विरोधाभासका कुरा र रोचक एवम् लालचप्रद वर्णन सुन्दा अबोध सोझा जीवको त कुरैछैन, ज्ञानी भनेकाहरू पनि ललचाई विवेकका आँखा चिम्ली कल्पनाका कुण्डमा फालहाले। विवेक- दृष्टिसम्पन्न बिरलाकोटी मुमुक्षु नै उक्त लालच-कल्पना-बाट बचेर निर्भीकतापूर्वक शुद्ध पारखस्थितिमा प्राप्त भए तथा हुनेछन् ।

साखी–चीह्निचीह्नि का गावहु बौरे, बानी परी न चीह्न ।
आदि अन्त उत्पति परलय, आपूही कहि दिह्न* ।।४।।

अर्थ– अदेखका, विशेष विभूति-वर्णन गरिएका, विवेक-विरुद्ध वाणीजति कल्पित हुन् भन्ने चिन्दाचिन्दै पनि के गाउँछौ विक्षिप्त ! सत्य र असत्य वचन छुट्याई सार सत्य ग्रहण गर्ने तिम्रो विवेक पुगेन, कल्पित वाणीलाई परीक्षा गर्नसकेनौ । यति होश राख–चार जडतत्व र अनन्त चेतन जीवको कहिल्यै आदि अन्त छैन । संसारको उत्पत्ति भएको हो, एक दिन प्रलय हुन्छ भन्ने वाणी आफैं मनुष्य जीवले कल्पना गरी वर्णन गरेका हुन् ।।४।।

अरू– वेद-पुराणादिमा अदेख, निर्गुण-निराकार परमात्मा, देव-देवीहरूका जे-जति महिमा-विभूतिको वर्णन छ, उसलाई प्राप्त गर्ने जे-जस्ता उपाय र गाथाहरू वर्णन भएका छन्; ती सबै तिमीसमानकै मनुष्यजीवका कल्पनायुक्त कथन हुन् । ती महिमा गाउने, विमोहित हुनेपनि मनुष्य नै हो । व्यर्थ तिमी असम्भव-अयोग्य वाणी हुन् भन्ने जानी-जानी कनपनि 'ईश्वरको देन, अपौ-रुषेय' ठानेर तिनको विवेक गर्न भयभीत हुन्छौ; विवेक-विचारका आँखा चिम्ली गाउँछौ, मान्छौ । विचार गर, निर्गुण-निराकार परमात्माबाट बिना मुख-जिब्रो नै बाउन्न-वर्णका वेद कसरी निक्लन

* जगत् अनादि हो भन्ने गुरु कबीरको मन्तव्य यहाँ मूल वचनबाटै छर्लंग हुन्छ ।

सक्तछन् ! वेदका प्रत्येक सूक्तमा मंत्रद्रष्टा ऋषिहरूको नाम उल्लिखित छ । ऋग्वेदको एक मंत्रमा स्पष्ट लेखिएको छ– ‘ऋषिहरूले समाधिदशामा आफ्नो अंतःकरणमा जो वाक्य प्राप्तगरे उही अरूलाई पढाए*।’ यसैगरी त सबैले ग्रन्थ रच्नेहुन् । समाधि (ध्यानमा) अनुभव गरी पढाउनेलाई रचनाकार न भनेर निराकार-लाई कसरी रचनाकार भन्ने ? ऋग्वेद मण्डल १० अनुवाक १० सूक्त ११३ मन्त्र १० मा त ऋषिले खुल्लमखुल्ला भन्नुभएको छ– ‘म जुन स्तोत्रको रचना गरिरहेछु .....।’ १०।१२।१६०।५ मा आएको छ– ‘मैले यो अभिषव स्तोत्र तिम्रैलागि रचेको हुँ ... ।’ १०।८।९७।१ बाट त ज्ञातहुन्छ– ऋग्वेद नै पूर्वका तीनयुग पछि (कलिमा) बनेको रहेछ । अतएव वेदादि सबै वाणी पनि हामी समानकै नर जीवका रचना हुन् भन्ने किन चिन्न नसकेका ! भयभीत बनी विवेक-विरुद्धका कुरापनि किन स्वीकार गरिरहेका ! जड-चेतनमय यो विश्व-प्रपञ्चको न कहिल्यै उत्पत्ति भएको हो, न कहिल्यै प्रलय नै हुन्छ । प्रवाहरूपबाट चारतत्व कारणबाटै अनन्त कार्य बन्ने बिग्रने भई नै रहन्छ । यो सबै गुनेर निर्भीकता-पूर्वक सत्य-सार कुरा चुनी ग्रहण गर्न नहच्क । पूर्वका कपिल, कणाद, जैमिनि आदि ऋषिहरू र ऋषभदेव, बुद्ध आदि महापुरुष-हरू पनि आ-आफ्नै विवेकबाट कामलिई आ-आफ्ना उच्चस्तरमा पुगेका हुन्; यो कुरा खुब स्मरण गरी सत्य विवेकबाट काम लिउँ ।

---

* ऋग्वेद म १० अ ६ सू. ७१ मन्त्र ३ । मंत्रद्रष्टा ऋषि वृहस्पति ।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परंवेत्ति मद्भावं सोऽधिगच्छति ॥[गीता १४।१९]
गुणभिन्न कुनै कर्ता, छैन भन्ने बुझी सब ।
ती भन्दा परको तत्व, देख्ने मिल्दछ मैं सँग ॥

पद्य–४

आरम्भमा गुरुजीले, विचार गर्न लागे ।
सृष्टिकर्ता भनी गान, गर्न उनी थाले ॥
कर्म गरी गरी सबै, जगत् सिल्ली भए ।
शक्तिवान भक्ति गरी, मायासक्त भए ॥

आश्चर्यको रूप जाति, भन्ने वाणी सुनी ।
जाग्यो प्रेम भक्ति गान, गर्न थाले उनी ॥
गुणीलाई निर्गुणीको, काम छैन रत्ति ।
धेरै मानिसले चिन्न, सकेनन् यो कत्ति ॥

जस्ले चिह्न्यो उसको अति, निर्मल भयो अङ्ग ।
न चिन्ने यी मानव ता, बने नि पतङ्ग ॥

श्लोक– के चिनें मन्दछौ बौला, चिन्न वाणी अशक्त छौ ।
आदि अन्त र उत्पत्ति, प्रलय खुद मन्दछौ ॥

रमैनी–५

कहँलौं कहौं युगनकी बाता । भूले ब्रह्म न चीह्नं बाटा ॥१॥
हरि हर ब्रह्माके मम भाई । बि बि अक्षरले युक्ति बनाई ॥२॥

अर्थ– युग-युगादिका पुराना कुरा म कति भनौं ! महज्जन पनि भुल्दै आइरहेछन् । आफूलाई अभावरूप पूर्णब्रह्म हुँ भन्न कत्ति हच्कँदैनन् । यिनमा कल्याणकारी पारखको बाटो कसैले चिन्न सकेनन् ॥१॥ विष्णु, शिव र ब्रह्मादिले समेत यो मार्ग अति रुचाए । सोहं, राम, आदि दुइ-दुइ अक्षर श्वासोच्छ्वासका साथ जपी मनलाई बाँध्ने युक्ति निकाले ॥२॥

अरू– अनादि-अतीत कालका कुरा कहाँसम्म भनौं ! कति कति व्यक्ति, के-कस्ता मान्यतामा अल्भिरहेका थिए, वर्णन गरी साध्यै छैन । वैदिकयुगदेखि यता अनेक कल्पनाका आधारमा ग्रन्थहरू बनी जीव तिनैमा अल्भी भूल-भ्रममा पर्दैआएकाले त्यसैको निराकरण गरी सत्य-तथ्य सम्झनु-सम्झाउनु परेको हो । त्यो के भने–स्वयम्लाई समेत जड-चेतन मिश्रित एक पूर्ण व्यापक ब्रह्म हुँ

भन्ने सम्झी, धेरै जनसमाज भूलमा चक्कर काटि अल्भिरहेका छन् । ब्रह्मबाट जगत् बन्ने र जगत्-विकार लयभई पुनः जगत्को अधिष्ठान ब्रह्ममा मिल्ने भएपछि फेरि आवागमन कहाँ छुटचो ! अतः यिनले यथार्थ मोक्षको मार्ग पटक्क चिन्न सकेनन् । जडदेखि सर्वथा पृथक ज्ञान-गुण धर्मले पूर्ण, स्व-स्वरूप द्रष्टा चेतन पनि कहीं जडतत्वमा विलयभई एक हुनसक्छ ! न त चेतनबाट जडको उत्पत्ति हुनसक्ने हो ।

बिबि अक्षरका कीह्न बँधाना । अनहद शब्द ज्योति परमाना ।।३।।
अक्षर पढि गुनि राह चलाई । सनक सनन्दन के मन भाई ।।४।।

अर्थ– ती दुइ-दुइ अक्षरलाई श्वासमा जोडेर लक्ष्य बाँधी अभ्यासगर्दा वृत्ति एकाग्र भई अनहदनाद सुनियो, ज्योतिको उज्यालो देखियो र परमतत्व यही रहेछ भनी प्रमाणित गर्नलागे ।।३।। ती दुइ-दुइ अक्षर र अरूपनि अध्ययन, चिन्तन गरी-गरी कर्म उपासना योग र ज्ञानको मार्ग चलाए । यही मार्ग–सनक, सनन्दन, सनातन र सनत्कुमार– ऋषिलाई पनि अति मनपऱ्यो ।।४।।

अरू– 'सो हं' आदि दुइ अक्षरमा, श्वास लिंदा 'सो' अक्षर जोड्छन्, छोड्दा 'हं' अक्षर जोड्दछन् । यसरी श्वास-प्रश्वासमा अक्षर जोडी लक्ष्य बाँधी अभ्यास गर्दा मन केही बेर रोकिन्छ र साधकको भावनानुसार शंख-घंटादिका स्वरसमान दश नादको मिश्रित ध्वनि सुनिनलाग्छ । यसैलाई अनाहत–बिना आहत (चोट) कै सुनिने दिव्य शब्द सम्झी; शब्द-ब्रह्म अथवा सारशब्द पाएँ भनी मख्ख पर्छन्; जो केवल भित्रीवायुको प्रति ध्वनिसम्म हो । यही एकाग्रतामा भानहुने ज्योति-प्रकाश, अग्नितत्वको प्रतिभास मात्रलाई सत्यवस्तु परमतत्व दिव्यज्योति ठानी भुल्दछन् ।

वेद कितेब कीह्न बिस्तारा । फैल गैल मन अगम अपारा । ५।।
चहुँयुग भक्तन बाँधल बाटी । समुझि न परलि मोटरी फाटी ।।६।।

अर्थ– यसै गरी कल्पना-वाणीको झाल थपिंदै चार वेद चार कितेबादि फिँजिए। मन-मान्यताका हाँगा-बिंगा यति बढे, सहसा कसैले गम पाउनै गाह्रो पऱ्यो। अनेक पुस्तक र कर्म-उपासना, मत-सिद्धान्तहरूको वृद्धिभयो ।।५।। चारैयुगमा भक्तहरूले भक्तिको बाटो बढाउँदै गए, तर साथै कल्पना-भ्रम थपिंदै जाँदा कल्याण-सामग्री सद्‌गुण-विवेकको पोकै फाटी बरबाद भइरहेछ । यो कुरा कसैले सम्झन सकेनन् ।।६।।

अरू– प्रथम ऋग्वेद रचिए, त्यस पछि यजुर साम र अथर्ववेद बनी प्रचारमा आए। अनि मुसलमानका इञ्जिल, तौरेत, जम्बुर र फुरकान नामक चार कितेब फिंजिए । उता वेदबाट उपवेद वेदाङ्ग, शास्त्र-उपशास्त्र, पुराण-उपपुराण, स्मृति, विद्या आदि हाँगाहाले । अरूपनि अनेक मत-मतान्तरका विविध पुस्तक र विभिन्न मार्ग बने, मन-कल्पनाका हाँगा-बिँगा पातहरूको वारपार भएन । भक्तवर्गले नवधादि भक्ति लीला-महोत्सव, तीर्थ-सेवन विधि-विधानका धेरै-धेरै मार्ग कायमगरे । तर यिनलाई–

'श्रुति पुराण बहु किहेउ उपाई । छूटन अधिक अधिक अरूझाई ।।' हुनगयो । हामी आफ्नै कल्पनामा बाँधियौं; कल्पना मान्यता भ्रमको भारी आफ्नै थाप्लोमाथि खनियो तथा विवेकादि कल्याण-सामग्रीको पोको नै फाटी बरबाद भयो, भन्ने सम्मपनि यिनीहरूले सम्झन सकेनन् ।

भय भय पृथ्वी दहुँ दिश धावै । अस्थिर होय न औषध पावै ।।७।।

अर्थ– यिनलाई भयभीत हुँदै, आश्रयको निम्ति दशदिशा–पृथ्वीका कुना - काप्चा, तीर्थ-धाम, मक्का-मदीना आदिमा दौडँदै चार वेद छः शास्त्र कुरान-बाइबिलादिमा मस्तिष्क सुकाउँदा,

आँखा तान्दा पनि स्थिति मिल्नसकेन । न मन स्थिर भयो, न औषधी–पारखज्ञान नै प्राप्तभयो ।।७।।

अरू– कल्याणका सामग्री–विवेक-वैराग्यादिको पोको फुटी छरियो, भ्रम-कल्पनाको पहाडले थिच्यो-पुरियो भने यस्ता व्यक्तिले निर्भय शान्ति स्थिति कहाँबाट पाउने ! यिनी निरन्तर भयभीत भइरहन्छन्, सुख र शान्तिको आशैआशामा कल्पनाका पछिलागी बाहिरैबाहिर दौडधूपमात्र गरिरहने भए ।

होय बिहिस्त जो चित न डोलावै । खसमहिं छाँडि दोजखको धावै।।८।।

अर्थ– (पूर्व पक्ष-) चित्तमात्र चञ्चल नबनाई शान्त राख, बहिस्त–परमधाम [मोक्षपद] मिल्नेछ । खसम–खुदा, ईश्वर वा ब्रह्मको अवहेलना गरी चञ्चले चित्तका पछिलागी विषय-वासना र नाना देव, मतवादमा पर्‍यौभने दोजख–रौरवादि नरकको यातनामा अवश्य पर्नेछौ ।।८।।

पूरब दिशा हंस गति होई । है समीप सन्धि बूझै कोई ।।९।।
भक्ता भक्ति क कीह्न सिङ्गारा । बूडि गैल सब माझल धारा।।१०।।

अर्थ– पूर्वदिशा–आफ्नै स्वरूपतिर वा शुभगुणतिर हंस चेतन जीवको गति–चाल अथवा लक्ष्य भइ नै रहेछ । है समीप–त्यो स्वयम् स्वरूप हुनाले अत्यन्त निकट छ । यसको रहस्य कुनै-कुनै गुरु-पारखका सत्संगीजनले मात्र बुझ्नेछन् ।।९।। भक्तहरू भक्ति गर्छौं भनी कल्पनाका इष्टको उपासना-शृंगाररसमा मग्न छन् । अतः बिना विवेक यिनी संसार-सागर, गर्भवासको दुःख-दहमा डुब्ने, आवागमनको बाढीमा बग्नेभए ।।१०।।

अरू– यो शरीरमा नित्य सत्य चेतन जीवको निवास हुनाले अहिल्यै पनि उसको ज्ञान-गुण झल्किरहेकै छ * (जानी-जानी

* – दृश्य वारितं चित्तमात्मनः चित्वदर्शनं तत्त्वदर्शनम् ।।

[महर्षि रमण]

व्यवहार गरिरहेकै छ) ऊ आफ्नै स्वरूप-भावशुमाद्ध शान्त हुन खोज्दछ।* यसको कुनै होश र विवेकै नगरी परमतत्व–मुख्य चेतनलाई छाडेर भावावेशका भक्त, पराश्रयमा परेका अभ्यासी उपासकहरू भक्ति गर्छौं भनी अनेक शृंगारले ठाँटिएर सौभाग्यवती, गोपिका बन्दछन् अथवा विषयलीला हेर्छन्-सुन्दछन्; त्यसैमा आसक्तभई विह्वल बन्दछन्। अतः यिनी जुन विषय-वासनावश गर्भवासबाट आएका थिए, फेरि फर्केर उहींको उहीं निवासगर्ने पुग्नेभए, यिनको संसार-चक्रको परिभ्रमण छुट्ने भएन।

साखी– बिनु गुरु ज्ञान दुन्द भई, खसम कही मिलि बात ।।
युग युग सो कहवैया, काहु न मानी बात ।।५।।

अर्थ–पारखीगुरुको निष्कर्ष–सत्यज्ञान नपाउनाले संसारमा खानी-वाणीका झगडा कल्पना राग-द्वेषादि सारै मच्चिइरहेछन्। भ्रान्त गुरुजन मिली खसम–हाम्रा अधिष्ठाता अरू नै कुनै मालिक छन् भनी सुनाउँदैआएका हुनाले पारख-निर्णयका कुरा दीर्घ कालदेखि पारखी सन्तले सम्झाउँदै आएका छन् र पनि कसैले लिन सकेनन्, बिरलै विवेकीले मात्र बुझी ग्रहण गर्दैआए ।।५।।

अरू– संसारमा सर्वत्र विषयासक्ति र भ्रान्ति-कल्पनाका पुष्टक शिक्षा-दीक्षाकै बाहुल्यता छ। कुवासना, विष-विषय र विविध कल्पना, भ्रम-मान्यता नै प्रायः रौं-रौंमा भरी दिइरहेछन्।

'कुसंग सबै संसार है, शुद्ध संग कोइ कोय।' तथा–
'रोम रोम विष भीनिया, अमृत कहाँ समाय।' अतएव–
ठूलो सावधानी र लगनशीलताको अति नै आवश्यकता छ अनिमात्र कल्याणपथ पक्री पार पुग्न सकौंला।

* – चहत जीव अपने म आप रहैं ... ... [गुरु विशाल, भ्रमयान ८।१७]

पद्य-५

म कति भनौं पुरानो कुरा, अनन्त दिनको ।
भूले ती ब्रह्म नचिनी बाटो, त्रुटिभो यिनको ॥
ब्रह्मा र विष्णु महेशजीले, अति नै रुचाए ।
दुइ दुई अक्षर छानेर लिए, स्वयुक्ति लगाए ॥

दुइ दुई अक्षर जपगर्न थाले, श्वासमा घेरेर ।
अनहद सुनी मगन परे, ज्योतिलाइ हेरेर ॥
अक्षर पढी मनमा गुनी, मारग चलाए ।
सनक आदि ऋषिको पनि, मनले रुचाए ॥

वेदको विस्तार अर्कालि किताब, गरेका प्रचार ।
फिंजियो अति मनको जाल, अगम अपार ॥
चौ युगी भक्त सम्पूर्ण मिली, बाटो त्यो बांधेको ।
पाएनन् थाहा यिनले पोको, सर्वथा फाटेको ॥

भयभीत भई बिचरा तिनी, दश्दिशा दौडन्छन् ।
भएन थिर औषधी कुनै, नपाई अट्कन्छन् ॥
चित्तलाइ चंचल् नगरी बसे, बहिस्त पाउला ।
खसम छाडी अन्यत्र लागे, दोजख जाउला ॥

पूरव दिशा हंसको गति, भएको प्रष्ट छ ।
रहस्य राम्रो बुझ्नेको निम्ति, निकट बस्त छ ॥
भक्तिको शृङ्गार लालचवश, भक्तले गरेर ।
डुबे ती सबै मुल्काकै वेग, बीचमा परेर ॥

श्लोक– गुरुज्ञान बिना द्वन्द, भयो खसमको स्वर ।
भन्दै आए युगौं देखि, बात यो मान्छ को नर! ॥

रमैनी–६

बर्णहु कौन रूप औ रेखा। दूसर कौन आहि जो देखा ॥१॥
वो ओंकार आदि नहि वेदा। ता कर कहहु कौन कुल भेदा ॥२॥

अरू– ती तिमीले बताएका परब्रह्म-परमात्माको रूप चिह्न लक्षण के कस्ता छन्, बताउ ! उनलाई देख्ने दोस्रो साक्षी को हो ! ॥१॥ उक्त ॐकार ब्रह्मको आदि–प्रादुर्भाव वेदलाई पनि थाहा छैन भन्छौभने तिनका सम्पूर्ण भेद–रहस्य-भाव, अर्थ महात्म्य, लक्षण को बाट जान्यौ ! ॥२॥

अरू– रूप-रेखा, गुण-लक्षण नै नभएका निर्गुण-निराकार ब्रह्म छन्, भन्दछन्, उनलाई देख्ने-पाउने साक्षी-प्राप्तक ठड्याउन-औंल्याउन सक्तैनन् । वेदले पनि उनका विषयमा 'नेति-नेति' भन्छन् । अपरामाया तिनगुण भित्रैका वेद हुन् भन्छौ भने * त्यस्ता ब्रह्मलाई व्यापक-अद्वैत वा विराट् स्वरूप अथवा परात्पर परमतत्व भनी बयान गर्नु, उनलाई पाउने-प्रयत्न गर्नु त मन-कल्पनाका सागरमा चक्करकाटी डुब्नु-उत्रनुमात्र हो । पहिले जुन जगत्लाई बन्धन भनिन्थ्यो, अन्तमा सबै मेरै स्वरूप रहेछ भनी वेदान्तको बिगुल बजाउन थाल्यौं भने 'जहँको त्यहीं विश्राम गर्ने भइएन त !'

नहिं तारागण नहिं रबि चन्दा । नहिं कछु होते पिताके बिन्दा ।।३।।
नहिं जल नहिं थल नहिं थिर पवना । को धरे नाम हुकुम को बरना! ।।४।।

अर्थ– विश्व-सृजनाको पूर्व तारागण, सूर्य, चन्द्रमा केही थिएनन्, न त पिता–परमात्माको वीर्य–हिरण्यगर्भादि नै थिए ।।३।। पानी पृथ्वी र स्थूल–चञ्चल वायुका के कुरा! स्थिर वायुसम्म पनि थिएनन् भन्छन् भने गुरु भन्नुहुन्छ–तब ब्रह्म, परमात्मा, ॐकार, सूर्य, चन्द्रमा तारा आदि कहाँबाट आएछन् त! तिनको कसले नामकरण गरेछ! जप, ध्यान, उपासनादि गर्न आदेश दिने को होला ! ।।४।।

नहिं कछु होते दिवस निजुराती । ताकर कहहु कौन कुल जाती ।।५।।

अर्थ– जुन परम तत्वमात्र रहेको साम्यावस्थामा दिन रात, ज्ञान-अज्ञान केही थिएन भने उनको जाति वंश के के भन्ने ! ।।५।।

---

* – त्रैगुण्य विषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।' [गीता २।४५]

'वेद तीनगुण भित्रकै प्रतिपादन गर्ने हुन्, हे अर्जुन ! तिमी ती तीनगुणबाट पार होउ ।'

अरू– ती ब्रह्म ॐ आदि मानिसकै मनका कल्पनामात्र हुन्। सबैको कल्पना गर्ने तिमी मानव-तनधारी जीव चेतन नै सर्व श्रेष्ठ ह्वौ। स्वयम्लाई चिह्न, स्वयम्मा स्थिर बन।

आपन तेज सम्हारौ आपै। तीनिहुँ लोक हाँकते काँपै ॥
[हनुमान चालीसा]

साखी–शून्य सहज मन सुमिरते, प्रगट भई एक ज्योत।
ताहि पुरुषकी मै बलिहारी, निरालम्ब जो होत ॥६॥

अर्थ– पूर्वपक्षीहरूको भनाई छ–मनले सुमिरण गर्दा-गर्दा इष्ट वस्तुमा मन विलय भई स्वाभाविक अभ्यस्त भएपछि शून्य-समाधिमा एक दिव्यज्योति प्रकट भयो। तिनै परम पुरुष परमात्मा हुन्, तिनैमा म स्वयम् समर्पण हुन्छु। जसमा समर्पण हुनाले सदाको निमित्त निराधार स्थिति पाइन्छ ॥६॥

अरू–साधकको कर्तव्य हो–सर्वप्रथम सत्संग र विवेकको अनुसरण गर्नु, जड-चेतनको ठीक-ठीक परिचय गर्नु। पश्चात् शुभाचरण-सम्यक प्रकार पालन गरी वैराग्यपूर्वक अन्तर-विवेक–द्रष्टा र दृश्यलाई पृथक गर्नु, दृश्यवासनाको बाढीलाई हेर्दै तटस्थ रहनु, त्यहाँ नबग्नु। स्व स्वरूप द्रष्टा चेतन ज्ञानमात्रमा अचल स्थिर हुने अभ्यास गर्नु। अनुभवी महात्माहरूद्वारा यसको रहस्य राम्रो नबुझेका भावुकजन, ध्यान गरेपछि ज्ञान त स्वतः उपलब्ध हुन्छ भन्ने सम्झी पथ-प्रदर्शकको बोध-विवेक बिना त्यसै ध्यानको अभ्यासमा प्रवृत्त हुन्छन्। कति प्रारम्भदेखि नै ज्योतिको ध्यान गर्न थाल्दछन्। अर्थात् नेत्र गोलकलाई एक तर्फबाट थिची प्रकाशलाई हेर्ने–त्राटकको अभ्यास गर्छन्।

सावधानी जागरुकतापूर्वक द्रष्टापनाको अभ्यास र चेतनको बोध बिना जुनसुकै ध्यान-अभ्यास गरेपनि मन केही क्षण रोकिना-

साथ नेत्र-ज्योतिको प्रतिभास देखिन्छ, अनहद्ध्वनि सुनिनथाल्दछ, जो अग्नि र वायुतत्वका छाया प्रतिध्वनिमात्र हुन् । तर ती साधक भने बिना बोध के के न पाएँ भनी आफूलाई निहाल सम्झनथाल्दछन् । स्वभाव-आचरण हेर्‍योभने न लोभ-कामादि नै छुटेका हुन्छन्, न अहार-विहार नै सुध्रेका छन् ! राग द्वेष कल्पना र अशान्तिका बाढीमा बगी-बगी परमपदको लाभ लिन-खोज्ने कतिपय व्यक्तिहरू यस्तै खालका हुन्छन् । होइन, कल्याण-गतिको निमित्त स्वयं ज्ञानमात्रको बोध-स्थिति र हंस-गुणको पालन हुनु अनिवार्य छ ।

पद्य–६

वर्णन गर रूप छ कस्तो, लक्षण कस्तो छ !
ववँ छन् कि दोस्रा देखने साछी, छ भने कस्तो त !
त्यो ओम आदि वेदले पनि, जानेन यै भनी ।
कसरी उसको भन्दछौ तिमी, कुल भेद यो भनी ॥

चन्द्रमा सूर्य नक्षत्र तारा, थिएनन् प्रचार ।
थिएन भने पिताको वीर्य, गरन विचार ॥
न जल थियो न थल थियो, न थियो पवन ।
कसले नामकरण गर्‍यो, को दिने वचन ! ॥

दिन र रात स्वजन भन्ने, थिएन भने क्यै ।
भनन उस्को कुन् कुल जाति, भन्दछौ तिमी यै ॥

श्लोक– सम्झँदा मनले शून्य, एक ज्योति भयो प्रकट ।
धन्य भन्छु उसैलाई, निरालम्ब छ जो फगत ॥

रमैनी–७

तहिया होते पवन नहिं पानी । तहिया सृष्टि कौन उतपानी ।।१।।
तहिया होते कली नहिं फूला । तहिया होते गर्भ नहिं मूला ।।२।।
तहिया होते विद्या नहिं वेदा । तहिया होते शब्द नहिं स्वादा।।३।।
तहिया होते पिण्ड नहिं बासू । नहिं धर धरणि न पवन अकासु।।४।।

तहिया होते गुरु नहिं चेला । गम्य अगम्य न पन्थ दुहेला ।।५।।
साखी–अविगति की गति का कहो! जाके गाँव न ठाँव ।
गुण बिहूना पेखना, का कहि लीजे नाँव ।।७।।

अर्थ– विश्वको आदि-अन्त्य मान्नेहरूप्रति गुरु कबीर प्रश्न गर्नु हुन्छ–सृष्टि-पूर्व पानी पवनादि केही थिएनन् भने त्यस बखत कुन उपादानबाट कसले सृजना गरे ? ।।१।। यदि उस बखत शुद्ध निर्गुण-निराकार अद्वैत ब्रह्ममात्र थिए, उनमा कोपिला–माया-शक्ति र फूल–जगत् केही थिएनन्, न गर्भ–बच्चाघर थियो, न मूला–माया प्रकृति वा गर्भको मूल कारण वीर्य नै थियो ।।२।। त्यस समय न कुनै विद्या न वेद, न शब्दादि विषय नै थिए; तिनको आनन्द-रसमात्र थियो ।।३।।

तब पिण्ड शरीर र बासू–शरीरका निवासी जीव पनि थिएनन्, न धर–पर्वतहरू वा पाताल थिए, न पृथ्वी थिइन्, न वायु न आकाश थिए ।।४।। न गुरु, न शिष्य. सुगम-दुर्गम दुइ थरीका बाटा पनि थिएनन् भन्छौभने– ।।५।।

गुरु भन्नुहुन्छ–यस्तो अथाह अगम (ब्रह्म) को गति पनि के भन्ने! जसको न मुकाम न स्थिति, न कुनै ठेगाना; गुणरहित निर्गुण-निराकार अवस्तु शून्यलाई फेरि देख्नखोज्ने ! उसको नाम पनि के भनेर लिन्छौ ! ।।७।।

अरू– त्यसबेला वायु, जल, अग्नि केही थिएनन्; तब वायु बिना इथर वा निहारिकामा कसरी क्रिया पैदाभई सृष्टिको आरम्भ भयो! पानीबाट कसरी सृष्टि भएछ; जो मनुस्मृति आदिले पानीबाट सृष्टि बताउँछन्। त्यस बखत उही पानी पनि त थिएन। तथा वेदको ठाउँ ठाउँमा जगत् उत्पत्तिका विषयमा वर्णन छ ता पनि ऋग्वेद

मण्डल १अनुवाक १० सूक्त ५९; ३।२।२९ मन्त्र ११; ४।१।१।११; सूक्त २; ८।१०।१०२।१७ समेत धेरै ठाउँमा अग्निलाई 'अविनाशी मरण धर्मारहित' र उक्त अन्तिम् सूक्तमा 'सनातन' समेत बताएका छन् । १।११८।१२३।८; ३।५।६१।३; आदिमा उषालाई अनादि बताएका छन् । १।२३।१६६।१३; ५।४।५३।१ मा मरुतको नामबाट र १०।१२.१७७।३ मा प्राणको नामबाट वायुलाई अविनाशी बताएका छन् । नियम यो छ– अविनाशी वस्तुको उत्पत्ति नभई सनातन हुन्छन्, उत्पत्ति भएका वस्तु अनादि नभई, विनाश पनि हुन्छन् । यसैले अग्नि वायु जल पृथ्वी–चार तत्वयुक्त यो विश्व अनादि नित्य छँदै छ । दोस्रो कुरा–जगत्-कर्ताले कुन सामग्रीबाट सृष्टिरचे? उपादान कारण नभई कार्य-संसार कसरी बन्नसक्छ? * एकै ब्रह्म वा ईश्वरलाई निमित्तोपादान कारण भन्न पनि उनको स्वरूप नै निर्गुण-निराकार, निरवयव र मुकाम-स्थितिरहित अक्रिय छ भन्दछन् । यस्ता निर्गुण-निराकारबाट सगुण-साकाररूप वस्तु महान् विश्वको सृष्टि कहाँ हुनसक्तछ ! ती सबै लक्षण त शून्य अभाव अवस्तु फुस्साकै मात्र हुन्छ । किनभने अभावबाट भावरूप पदार्थको उत्पत्ति बन्नै सक्तैन । यिनीहरू दृष्टान्त दिन्छन्- संस्कारसम्पन्न चेतन ज्ञानस्वरूप भएको जड-अहाराबाट शरीर पोषण गर्ने माकुराको ! त्यसबाट धागो निस्कन्छ–खाद्य पदार्थको विष्टारूपमा र जालो बनाउँछ–चेतनकलाद्वारा । यसैले यहाँ ती दुवैको समानता हुनसक्तैन ।

वास्तवमा आकाश अवस्तु, खाली-रिक्तस्थानको नाम हो । त्यसको उत्पत्ति-प्रलय मान्नु केवल कल्पना र स्वप्नको बरबराई

* बिना कारणको कार्य पदार्थ कहीं कहिल्यै बन्नै सक्तैन । यो परम्पराको नियम अचल छ ।

[देवी भा. १।६।२३]

समान हुन्छ । यही रिक्त स्थानमा पृथ्वी आदि जडतत्व, तिनका विविध कार्यसमूह र अनन्त चेतन जीव अनादि कालदेखि रहेका छन् । तिनै जड्तत्वमा स्वाभाविक छः-छः भेद हुनाले तिनबाट जगत्का समस्त कार्य पदार्थहरू प्रवाहरूपबाट बन्ने-बिग्रने भइ-रहेकै छन् । घट-घट निवासी अनेक चेतन जीव पनि अविनाशी र वासना-विवश हुनाले सदासर्वदा जड शरीर लिंदै-छोड्दै गरिरहेछन् । ती जीवसृष्टिका स्रष्टा अज्ञान-वशका मनुष्य जीव नै हुन्। यसको केही विवरण प्रथम रमैनीमा र विस्ताररूपले गुरु विशालदेवबाट भवयानको जड-चेतन निर्णय-प्रकरणमा वर्णन भएकाले यहाँ विशेष विस्तार गरिएन ।

छन्द– नहिं तत्वका कारण कहीं जड शून्य हैं वे ज्ञान से ।
उत्पति तिन्होंकी अज्ञजन कहते अमित अनुमान से ।।
जिसका नहीं कर्ता व कारण दर्शता परमाण से ।
प्रवाह कारण कार्य जड समझादिए गुरु ज्ञान से ।।
चैतन्य नाना दृश्य के द्रष्टा सतत परमाण से ।
जिनका न कारण कार्य है अविनाशिताके ज्ञानसे ।।
जडतत्व जन्तुन देहका कर्ता न कोइ भ्रम जाल है ।
आसक्ति विषयन जीतले तू सर्व मालामाल है ।।

[शिक्षावली–नवरत्न]

पद्य–७

जल वायु तब थिएन सृष्टि, केले भो भनेको ?
कोपिला फूल गर्भ र शक्ति, क्यै थेन बनेको ।।
न विद्या वेद शब्द र स्वाद, पिण्ड औ निवास ।
न थिए पहाड पृथिवी केही, पवन अकास ।।
थिएनन् अघि गुरु र चेला, गम र अगम ।
तब त थेन मारग दुवै, अगम सुगम ।।
श्लोक– बे गति–गति के भन्छौ, स्थान ग्रामादि छैन नि!
देखनु गुण रित्तकै, के भनी नाम लिन्छ नि !

तत्वमसी इनके उपदेशा। ई उपनिषद कहैं सन्देशा ।।१।।
ई निश्चय इनके बडभारी। वाहिक वर्णन करें अधिकारी ।।२।।

अर्थ– पूर्वपक्षीहरू 'तत्वमसि' 'त्यो ब्रह्म तिमी नै हौ' भनी निर्देश गर्दछन्। छान्दोग्य, वृहदारण्यक आदि उपनिषद् पनि यही सन्देशरूपमा बताउँछन् ।।१।। यिनलाई यही दृढ निश्चय हुनाले आफ्ना अनुयायीजनमा यसैको शिक्षा-दीक्षा गर्छन्, व्याख्या टीका-टिप्पणी गरी सुनाउँछन् ।।२।।

अरू– 'ई निश्चय इनके बडभारी'– यो वचन गुरु कबीरको एक व्यङ्ग्य र घोच्का हो। यहाँ स्मरणीय छ– 'तत्वमसि इनके उपदेशा' भनी गुरु कबीर आफू यसदेखि सर्वथा पृथक भई निर्देशन दिनुहुन्छ।* किनभने 'त्यो ब्रह्म तिमी नै हौ' भनी ब्रह्मलाई सर्व व्यापक, जगतदेखि अभिन्न, अद्वैत छ, यसैबाट जगत्को उत्पत्ति हुन्छ, यसैमा लयपनि हुन्छ; यो निर्गुण निराकार हो' भनी यिनीहरू भन्दछन्। पुनः ज्ञानगुण पनि बताउँछन्; जो सर्वथा विवेक-विरुद्ध हो। श्रद्धाको आधारमा बलजफत नै अद्वैतवाद सिद्ध गरेका मात्र हुन्। ब्रह्मको अर्थ वास्तवमा 'वृहद्' हुन्छ। वृहत् भन्नाले ज्ञानगुण, सत्य, अविकारी अपरिवर्तनीय– इत्यादि ऐश्वर्यले सम्पन्न हुनाले वृहत्–ठूलो भनेको हो। अनेक चेतन छन् भनेका भए त ठिकै थियो पनि।

---

*– उहाँको त सिद्धान्त छ– 'घट घट हैं अविनाशी, सुनहु तकी तुम शेष।'

[रमैनी ६३ को साखी]

चेतन, प्रतिघट छुट्टाछुट्टै अनन्त छन्। जडतत्व कारण-कार्यरूपका अनादि प्रवाहरूपबाट नित्य छन्। विषय-वासना र भ्रान्ति-वश जीव बन्धनमा परिरहेछ। सदाचार-पालन र पारखबोधबाट वासना-बन्धन ध्वंस भएपछि स्वयं मुक्तस्वरूप निराधार अचल शान्त रहन्छ।

परम तत्वका निज परवाना । सनकादिक नारद शुक माना ।।३।।
याज्ञवल्क्य औ जनक सम्बादा । दत्तात्रेय वोहि रस स्वादा ।।४।।

अर्थ– 'ब्रह्म नै परमतत्व हो' समस्त वेदको सार पनि यही हो; भनी यिनीहरू प्रमाणित गर्दछन् । यसैलाई सनक, सनन्दन, सनातन, सनत्कुमारादि ज्ञानी; नारद, शुकदेवादि मुनिहरूले पनि स्वीकार गरे ।।३।। याज्ञवल्क्य र जनकको सम्बादबाट ब्रह्मनिरूपण भएको व्याख्या वृहदारण्यक उपनिषद्मा विस्तृत वर्णन छ। दत्तात्रेय पनि उही रसमा विभोरथिए । यो कुरा भागवत एकादश स्कन्ध र अवधूत गीतामा उल्लिखित छ ।।४।।

वोही बात राम वशिष्ठ मिलि गाई । वोही बात कृष्ण उद्धव समुझाई ।।५।।
वोही बात जो जनक दृढाई । देह धरे विदेह कहाई ।।६।।

अर्थ– उही अद्वैतज्ञानको चर्चामा श्रीराम र वशिष्ठ मुनिको सम्वाद भनी योगवाशिष्ठ-वृहद्ग्रन्थ तयार भएको छ । श्रीकृष्णले उद्धवलाई यही ज्ञान सम्झाउनु भएको हो भन्ने भागवतमा वर्णन छ ।।५।। अष्टावक्रमुनिले राजा जनकलाई अष्टावक्रगीतामा यही ज्ञानको प्रबोध गरेका भन्ने वर्णन छ । यही बोध--धारणाबाट उनी सदेहै विदेह-नामबाट विख्यात भए भन्दछन्।।६।।

अरू– (१) आँखा चिम्लनु अथवा निस्पट्ट अँध्यारोमा हेर्नु- संसार सबै एकसमान देखिन्छन् । दृष्टि उघार्नु वा प्रकाश जलाई हेर्नु–विभिन्न वस्तुको छुट्टाछुट्टै ज्ञान हुन्छ । (२) अपढ व्यक्तिले पुस्तकका सबै अक्षर एकनास देख्दछन्, विद्वान्लाई भिन्न-भिन्न अक्षर र लेखाईको भावसमेत ज्ञान हुन्छ। अतः ज्ञान र प्रकाशमैं अनेकताको बोध हुन्छ, अज्ञान र अन्धकारमा मात्र नानात्व रहँदैन । यस्तै सुषुप्ति, मूर्च्छा र समाधिमा मन-इन्द्रियादि साधनको अभाव हुनाले जगत्भान रहँदैन, निद्रादिबाट ब्यूँझनासाथ मान्यतानुसार जस्ताको

तस्तो ज्ञान हुनथाल्दछ । जीवको विदेहमुक्तिमा पनि जगत् आफ्नो स्थानमा रहन्छ, त्यहाँ साधनको अभाव हुनाले बाह्यज्ञान नरहेको मात्र हो, दृश्य नै विलय–समाप्त हुने होइन ।

दृश्यकै लोप हुनेभएं, आजअघि शंकरादि कति-कति महज्जन मुक्त–ब्रह्मलीन भए भन्दछन्, तर जगत् भने आफ्नै थलामा कत्ति नमेट्टिई जस्ताको तस्तो छँदै छ । वेदान्तको कथनानुसार जगत् कथमपि नरहनु पर्ने हो । आत्मा एकभए, एक व्यक्ति मुक्त हुँदा अवश्य पनि सबै मुक्त होइसक्नु पर्ने । विभ्रान्त-व्यक्तिलाई मात्र जगत् सत्य प्रतीत हुन्छ भन्ने हो भने समस्त प्राणीलाई एकसमान भ्रान्ति हुनै सक्तैन । स्वप्नसमान भन्नपनि जाग्रत्को अपेक्षाबाट मात्र स्वप्न प्रतीत हुन्छ । अतएव यो दृश्य जगत्को प्रतीति कुन जाग्रत्को अपेक्षाबाट हुनआएको हो ? एक अद्वैतमा दोस्रो भ्रान्ति कताबाट खनियो ? यसलाई भ्रान्ति भन्ने हो कि माया, अथवा अज्ञान ! जहाँ अज्ञान, माया, भ्रान्तिको प्रतिपादन भयो, त्यहाँ द्वैत भइहाल्दछ । 'ब्रह्म सत्य-जगत् मिथ्या' भन्ने बोध पनि त उहाँ-हरुकै कथनानुसार 'यही जाग्रत्-भ्रान्ति अवस्थैमा भएको नहो !' यसलाई कसरी सत्य ठानेका ! इत्यादि प्रमाणबाट जगत् मिथ्या र एक अद्वैत ब्रह्म सत्य हो भन्ने कुरा विवेकबाट सिद्ध हुँदैन ।

यदि एक ब्रह्म सर्वत्र परिपूर्ण मान्ने हो भने, न जगत्-विकारबाट बच्न सकिन्छ, न अचलरूपबाट मुक्त हुनै सकिन्छ । किनभने 'म ब्रह्म भई सर्वत्र परिपूर्ण भएपछि कुन विवेक–ज्ञानबाट के देखि मुक्त हुने! व्याप्य–विकार त जस्ताको तस्तै रहिरहने नै भए । दोस्रो–ब्रह्म बनेपछि कालान्तरमा पुनः जगत् बन्न-आउन करैलाग्नेहुन्छ । यसो भएपछि 'फेरि कहिल्यै * फर्कनु नपर्ने धाममा कसरी प्राप्त हुने ?

* – यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम: ।। (गीता)

यहाँ उपर्युक्त विवेचना अनुसार प्राचीन महापुरुषहरू सर्वथा भूलमा थिए भन्ने गुरु कबीरको भाव होइन। उहाँहरू महान् ज्ञानी, भक्त, तपस्वी, परम उपकारी हुनुहुन्थ्यो। तथा आजपनि हिन्दूमात्रका दिव्य विभूति बन्नुभएको छ। उहाँहरूबाट समाजको भारी सुधार भयो, साथै विवेक, सत्यको अन्वेषण, वैराग्य र शुभाचरण पालनगर्नमा हामीले अति प्रेरणा पाएका छौं। उहाँहरूबाट छानबीन गर्दा जति अंशमा बाकी रहेको थियो, त्यति कुराको मात्र गुरुकबीरबाट समीक्षा गर्नुभएको हो। विवेकीहरू आफ्नै त्रुटिपनि जनसमक्ष दिक्दर्शन गराइदिन्छन्, लुकाउँदैनन्। अपरोक्ष चेतनस्वरूपभन्दा छुट्टै कर्ता ईश्वर कहीं अरू नै छन् भन्ने भ्रान्ति र जड-चेतन एकैमा मुछिदिएर अद्वैत ब्रह्मको मान्यतामा मस्कनेहरूको सिद्धान्त भने कल्पनापूर्ण भ्रान्तिको आधारमा खडा भएको हुनाले त्यही भ्रान्तिको निराकरण गर्नसम्म गुरु कबीरलाई बाध्य हुनपरेको हो। देवी-देवता कर्तावाद र कर्म-उपासनादिको समालोचना त स्वयं उहाँहरूबाट पनि भएकै पाइन्छ।

पुनश्च– अद्वैतवादमा बन्ध-मोक्ष, पाप-पुण्यको प्रश्न नै समाप्त हुन्छ। के भनौं! यो अद्वैत ब्रह्मवादको मोह यति बलियो छ-महान्-महान् व्यक्ति पनि सब यसै चक्रमा फेरोमारिरहेछन्। निष्पक्ष विवेकी पुरुष नै सम्पूर्ण भ्रान्ति-जाल चुँडाली, जड़देखि सर्वथा पृथक शुद्ध चेतन-पारख स्वरूपको बोध ग्रहण गरी, स्व-स्थिति बताउनमा समर्थ पनि हुन्छन्। मुमुक्षुवर्गले काल्पनिक सिद्धान्त जतिको सम्यक परीक्षा गरी, भ्रान्ति-कल्पनाका जालबाट अवकाश पाउन्, सदा सुख-शान्ति, मुक्तिको मार्गमा अवरोधरहित अगाडिबढुन् भनी करुणापूर्वक यथार्थ तथ्यको परिक्षा गराइदिनुभएको सम्म हो।

सावधानी– यो शब्दको एक-एक रहस्यपूर्ण भावको अति ख्याल

राखी मनन भयो भनेमात्र बीजकको मर्म बुझ्न सकिनेछ; अन्यथा प्राचीन पुस्तकको केवल लेख र महान् व्यक्ति भनी श्रद्धातिरेकबाट मात्र अनुसरण गर्ने हो भने, गुरु कबीरका रहस्यमय ज्ञान र सत्य स्थितिको लाभबाट वंचितै रहिनेछ। भ्रान्ति-कल्पनाबाट कहिल्यै फुर्सत पाइनेछैन ।

साखी– कुल मर्यादा खोय के, जीवत मुवा न होय ।
देखत जो नहिं देखिया, अदृष्ट कहावै सोय ।।८।।

अर्थ– कुल-परम्पराको आचार-नियम छाडेर संन्यासी बनी लाटो बहुला, जड, उन्मत्तसमान भई विदेही–शरीरको भान-भुलाई ब्रह्मनिष्ठ परमहंस बन्न खोज्दछन् । तर जीवितावस्थामैं जड मुर्दा-समान बन्ने प्रयास गरेपनि पूरापुर नकल उतार्न सकिंदैन। सामुन्ने-को जगत् देख्तादेख्तै 'मलाई जगत्को भानै छैन' भन्नु देखीकन पनि नदेखेझैं बुझपचाई बोल्नु–यस्तै स्वभावका व्यक्ति हुन्–अन्धा भनिने ।।८।।

अरू– कृत्रिम परमहंस बन्नखोज्नेहरू भन्दछन् 'मलाई शरीरको भानै छैन । मेरो दृष्टिमा जगत् तीनकालमा छँदैछैन ।' यिनीहरू शरीरका क्रिया भने देखी-देखी गर्छन्; भोकलाग्छ–खान्छन्, तिर्खालागे पानी पिउँछन् । "सबैकाम गर्दैजानु, मनले सम्झनु– गर्ने म होइन, इन्द्रियादिले गरेका, यसरी बन्धन हुँदैन" भन्दछन् । रोगव्याधि लाग्दा 'ऐया-आत्थु' गर्छन् । उता 'जगत्–ख-पुष्प, शशश्रृंग, कछुवाका रौं, बाँझीको छोरोसमान हो' भन्दछन् । सम्झ ! यस्तै हुन्– देख्तादेख्तै पनि आँखा चिम्लने ! यिनको यो अद्वैत सिद्ध गर्नखोज्ने परिकल्पना एउटा बलजफत्याइँ मात्र हो ।

राजा जनकले पुराणानुसार विदेहपदवी पाउनको कारण–वशिष्ठले जनकका पुर्खा निमी राजालाई देहरहित हुने श्राप

दिएकाबाट देह छुटेको रहेछ, यसैले कुल-परम्परामा राजाको विदेह * भन्ने नाम रहन गयो। पिता निमीको शरीरबाट जन्मेकाले जनक÷ भन्ने नाम पर्‍यो। मथनबाट उत्पन्न भएकाले मिथिल भन्ने नाम रह्यो।×यसरी कुल-परम्परामा तेत्तीस पीढीसम्म जनक विदेही नामबाट कहलिए, भन्ने विष्णु धर्मोत्तर पुराण खण्ड १ अध्याय ११७ र श्रीमद्भागवत् नवमस्कन्धमा समेत वर्णन छँदैछ। अतएव आजका ब्रह्मज्ञानीहरू कसोगरी विदेही बन्ने होलान् ! यसैले तिमी कृत्रिम वाचकज्ञानी बन्ने चेष्टा नगर। दैवीगुण पालन युक्त सच्चा विवेकी स्व स्वरूपनिष्ठ बन।

पद्य–८

'त्यो तिमीनै ह्वौ' यो उपदेश, यी सबै गर्दछन्।
यै उपनिषद् सन्देश भन्छन्, जानेर पक्रन्छन्॥
निश्चय यही यिनलाई ठूलो, पक्का छ भन्दछन्।
यसैको शिक्षा मुमुक्षुलाई, गरेर सुनाउँछन्॥

परमतत्त्व यही हो स्वयं, प्रमाण ठान्दछन्।
नारद शुक सनकहरू, यै कुरो मान्दछन्॥
छलफल गरे जनक याज्ञ, यो ज्ञान सबैमा।
यै रस मग्न दत्तजी भए, स्वाद ली यसैमा॥

वशिष्ठजीले श्रीरामलाई, यै कुरा बुझाए।
उद्धवजीलाई कृष्णले पनि, यै तत्व सम्झाए॥
जनकजीलाई सम्झाए खूब, यै तत्व ज्ञानले।
सदेह उनी प्रख्यात भए, विदेही नामले॥

श्लोक– मर्यादा कुल छाड्दैमा, जिम्दै मुर्दा बनिन्न हूँ।
देखी अदेख जो भन्छ, अन्धो व्यक्ति भनिन्छ त्यै॥

❀

रमैनी–९

बाँधे अष्ट कष्ट नौ सूता। यम बाँधे अञ्जनी के पूता॥१॥
यम के बाहन बाँधे जनी। बाँधे सृष्टि कहाँलौं गनी॥२॥

*– देवी भागवत् ६/१४/४२/ ÷–६/१५/२६/ ×–६/१५/२४

अर्थ– अष्टसिद्धि प्राप्तिको प्रलोभन-वश अष्टाङ्ग योग र अष्टप्रतिमा- पूजनमा तथा कष्टसाध्य तपस्या– पञ्चाग्नि- सेवन, जल- शय्या; शीत धूप वर्षा सहन, ठाढेश्वरी, उर्ध्वबाहु र नवधाभक्तिमा सूत– जीव सबै बाँधिए, कष्टमा परे । यम– मन- भ्रामकजन र विमोहिनीद्वारा अञ्जनी– मायाका पूता– दास बनेका समस्त अज्ञजन बाँधिइरहेछन् ।।१।। मनका सवारी बनिरहेका भ्रान्तजन र भोग-लोलुपीहरूलाई तिनै मन-कल्पना, वाणी- ललनाले बाँधिराखेका छन् । यस रीतिबाट सृष्टिका समस्त जीव बन्धनमा मस्के, प्रत्येकको नाम लिई कहाँसम्म गणना गरौं ! ।।२।।

बाँधेउ देव तैंतीस करोरी । सँबरत लोह बन्द गौ तोरी ।।३।।
राजा सँबरे तुरिया चढी । पन्थी सँबरे नाम ले बढी ।।४।।
अर्थ बिहूना सँबरे नारी । परजा सँबरे पुहुमी झारी ।।५।।

अर्थ– लोकद्वारा मानिएका तेतीसकोटी देवताहरूलाई पनि उपर्युक्त यमले बाँधे । उपासकजनको भनाई छ– नामस्मरणबाटै फलामे सिक्रीसमान महान् भव-बन्धन पनि चुँडालेर भक्तहरू पार तरे ।।३।। राजा– ब्रह्मज्ञानीहरू तुरिया–चौथो अवस्थामा आरूढ- भई अहं ब्रह्मास्मिको भावनाबाट आफू सम्हरेको– पार लागेको सम्झन्छन् । नाथपन्थी– 'ओहं, सोहं, राम'– आदि अजपा नाम- जपद्वारा शून्य– भँवरगुफातिर बढ्दछन् ।।४।। आफूलाई भगवान्- की सहचरी सम्झने सोहागिनी भक्तहरू अर्थ बिहूना– बिना प्रयो- जन कल्पित पतिका भक्तिमा लवलीनभई दुःख छुट्छ भन्ने भावा- वेशमा छन् । यसरी सारा पृथ्वीका प्रजाहरू कल्पना- भ्रान्ति पक्रेर आफ्नू कल्याण सम्झिरहेछन् ।।५।।

साखी– बन्दि मनावँ ते फल पावै, बन्दि दिया सो देय ।
कहैं कबीर सो ऊबरे, जो निशिवासर नामहि लेय ।।९।।

अर्थ– भावुकजनको भनाई छ – वन्दना प्रार्थनादिद्वारा जसले भगवान्लाई रिझाउँछ, उसले धर्म, अर्थ, काम, मोक्ष– चारै फल पाउँछ। कर्म अनुसार हामीलाई बन्धन दिने परमेश्वरले मुक्ति पनि दिन सक्तछन्। भ्रान्त शिक्षकहरू भन्दछन्– बन्धनबाट मुक्त उही हुन्छ– जो रात दिन भगवद्भजन, चिन्तन, नामस्मरण गर्दछ ॥९॥

अरू– (१) अष्टसिद्धि हुन्– अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व र वशित्व। (२) अष्टाङ्ग योग– लय, तारक, अमनस्क, सांख्य, लम्बिका, राजयोग, कुण्डली-योग र हठयोग (३) अष्टप्रतिमा–ढुङ्गो, माटो, काठ, पित्तल, तामा, फलाम, पानी र कागत। अथवा महर्षि रमणका अनुसार– पञ्चतत्व र चन्द्र सूर्य जीवसमूह। (४) नवधाभक्ति–श्रवण, कीर्तन, स्मरण, पाद-सेवन, अर्चन, वन्दन, दास्य, सख्य र आत्मनिवेदन।

संसारका धेरैजसो प्राणी खानीजाल–विषयभोग, मोह-ममता काम-क्रोध, ईर्ष्या-आसक्ति, घर, धन-सम्बन्धी व्यवहारमै लुटपुटिई बाँधिएका छन्। आतमकल्याणतिर लाग्ने अल्प जन-समाजमात्र छन् र पनि मनकै कल्पनावश वाणीजाल– कर्मकाण्ड, जड-उपासना, व्यापक-सिद्धान्तादिमै अल्झिरहेछन्। स्व– स्वरूपदेखि भिन्नका इष्ट-प्राप्ति, स्वर्गादि लोकको निवास, उहाँको सुख-उपभोगमा तन्मय छन्। अर्काथरी आत्मज्ञान सुन्दछन् र पनि स्वतन्त्र अविनाशी अपरोक्ष चेतनस्वरूपको महत्व र बाह्य कल्पनाका कर्ता-ब्रह्म आदिको रहस्य सम्झन सक्तैनन्। बाहिरै-बाहिर अल्मलिई रहन्छन्। यसरी संसारका समस्त जीव बरबाद भइरहेका देखेर गुरु कबीरबाट सबैका विवेक-चक्षु उघ्रुन् भनी यहाँ सबै कुरा स्पष्टरूपबाट अवगत गराउनु भएको हो।

पद्य-९

बाँधिए अष्ट कष्ट नौ बीच, ती सूत भनेका ।
यमले बाँधे अंजनी पुत्र, भक्त दास बनेका ।।
यमका वाहन नारीले बाँधे, सम्पूर्ण सृष्टि नै ।
तेत्तीस कोटी देवता मस्के, तिनैका दृष्टि मै ।।

काटिन्छ सिक्री सम्हले देखि, स्वतन्त्र जीव सब ।
उत्रन्छन् राजा घुरिया चढी, नामले पन्थी जब ।।
भक्तजन जति आफूलाइ व्यर्थ उत्रें लौ भन्दछन् ।
धर्तीका यावत् प्रजाजन पनि, सम्हलें ठान्दछन् ।।

श्लोक– बन्दि मनाउ मिल्ला फल, बन्ध दियो त दिन्छ त्यो ।
भन्छन् शिक्षक त्यै बाँच्छ, रात दिन नाम लिन्छ जो ।।

✲

रमैनी-१०

राही ले पिपराही बही । करगी आवत काहु न कही ।।१।।
आयी करगी भौ अजगूता । जन्म जन्म यम पहिरे बूता ।।२।।

अर्थ– राही– कल्याणमार्गका पथिकलाई साथलिई भ्रामक-जन र कामिनीहरू पिपराही– पिपलका पातसमान अनस्थिर भई, बही– उडिरहेछन् । किनभने करगी– आफ्नै हातबाट लेखिएका वाणी-कल्पना र आफैंले अघिलगाई ल्याएकी ललनाका साथ विषयासक्ति सर्व प्रथम आउँदा यो बन्धन हो, भनी कसैले बताइदिएनन्, न त स्वयं जान्न सके ।।१।। जब ती आई घेरै विवश गरे, थाप्लामा दुःखको भारी पऱ्यो, अनि ऊ अजगूता– अचम्म-मानी जिल्लपर्नलाग्यो । दुःखबाट फुर्सत र सुख-शान्ति सोहोर्नुको साटो फन् मस्काईमा पऱ्यो । फलस्वरूप जन्म-जन्म ती यम– भ्रामक र ललनाहरू स्वयं बूता–शरीर वा कर्मको पोशाक पहिरी कष्ट भोग्ने र अरूलाई पनि भोगाइरहने भए ।।२।।

बूता पहिरि यम कीह्न समाना। तीन लोक में कीह्न पयाना ॥३॥
बाँधेउ ब्रह्मा विष्णु महेशू। सुर नर मुनि औ बाँधु गणेशू ॥४॥

अर्थ– बूता– शरीररूपी खोल पहिरेर यम–मन, भ्रामक र विषयासक्तजनले सोझा-अजानजनलाई भुलाई, आफैंसमान बनाई तीनलोक–सत्व, रज, तम, तीन प्रकारका स्वभाव भरिदिई, कर्म, उपासना, योग आदिका फाकटतिर पयाना– लखेटी रिंगाइ-रहेछन् ॥३॥ यसैमा ब्रह्मा, विष्णु र महादेव पनि बाँधिए। देव–सत्वगुणीजन, नर–रजोगुणी मनुष्य, मुनि-समाज र गणपतिजी पनि बाँधिए ॥४॥

बाँधे पवन पावक औ नीरू। चाँद सूर्य बाँधेउ दोउ बीरू ॥५॥
साँच मन्त्र बाँधे सब झारी। अमृत बस्तु न जानै नारी ॥६॥

अर्थ– पवन– योगी, पावक–अग्निहोत्री, नीरू अर्थात् स्नान तर्पण गर्ने कर्मीहरूलाई पनि जड उपासनामा बाँधे। चाँद–कर्मयोगी र सूर्य– कर्मसंन्यासी– यी महान् सुभट दुवैलाई समेत कल्पनामा बाँधे ॥५॥ मन्त्र– वाणी जालमा साँचो– जीव सब झारी–सारालाई बाँधे। अमृत–जड-चेतनको ठीक-ठीक परीक्षा गरी छुटचाउने पारखज्ञान र वस्तु–चेतन तत्वलाई नारी– कल्पित इष्टका प्रेमी भक्तजनले कत्ति जान्नसकेनन् * ॥६॥

साखी– अमृत बस्तु जानै नहीं, मगन भया सब लोय।
कहहिं कबीर कामो नहीं, जीवहि मरण न होय ॥१०॥

अर्थ– अमृत स्वरूप चेतन सत्य पदार्थलाई चिन्न नसक्ता, कल्पित जड आभास र शून्यलाई नै अँगाल्दै सारा समाज मग्नमस्त

---

* 'दृश्यवारितं चित्तमात्मनः। चित्त्वदर्शनं तत्व दर्शनम् ॥

[महर्षि रमण]

"दृश्यदेखि फर्केको चित्त द्रष्टामै लीन रहने हुनाले त्यो चित्तको दर्शन नै परम तत्वको दर्शन हो।"

छन् । गुरु भन्नुहुन्छ–सबै मग्नभएका ती भोग विषय र कल्पनाका इष्ट, तिम्रा कामका होइनन्, तिम्रो हृदयस्थ जीव चेतन नै अखण्ड चिरस्थाई शान्तिको स्वरूप हो । यसमा कुनै कामना-कल्पना, कष्टको कत्ति समावेश छैन । उसको कहिल्यै मरण–विनाश परिवर्तन हुने, कहीं मिल्ने, लय हुने पनि होइन ।।१०।।

अरू– यो रमैनीमा गुरुदेवले स्पष्टरूपबाट जीव भूल-बन्धनमा पर्नगएको दृश्य बताई, ब्रह्मा विष्णु महादेवादि देवता, ऋषि-मुनि, मनुष्यसमाज, गणपति आदि सबै वाणी-खानीजालमा बाँधिए, त्यहीं मग्न भइरहेछन्; यिनका पछिलागी नअलभ्त, अमृत स्वरूप स्व जीव चेतनकै ठीक-ठीक परीक्षा गरी स्वयंमा शान्त बन, भनी परखाउनुभएको छ । निर्भयभई निष्पक्षतापूर्वक विचार गर ।

दोस्रो–हाते-टर्चबत्ती वा मोटरको लाइटले आफूतिर उज्यालो नगरी, सामुन्ने पट्टिमात्र प्रकाश गरेसमान प्राणीका इन्द्रिय-चतुष्टयहरूको गति बाहिर अगाडितर्फमात्र गतिशील रहनाले पारखी सन्तको सत्संग र विवेक बिना आफ्नै अन्तसको स्वयम् चेतन पनि अनुभवमा आउनसक्तैन। यसैले जीवको विशेष बाह्यप्रवृत्ति रहनु स्वाभाविकै हो । उसमाथि वर्तमान युगमा भौतिकी समझ र भोगवादको आँधीमैं उडेर मनुष्य बाह्य विषयमा विशेष प्रवृत्त छन् । आफूलाई स्थूल शरीर सम्झिरहेछन् । धर्म-भक्ति गर्न र ज्ञानस्वरूप चेतनलाई चिन्नको कुनै प्रयोजन सम्झँदैनन् । त्यसतिर लक्ष्य दिने मनै गर्दैनन् ।

परन्तु विचार गर्नु–प्राणीमात्रमा भएका– इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख र ज्ञान; यी छः लक्षण कुन जड कारण-कार्य वा यन्त्रादिमा पाइन्छन्? कहीं पाइँदैनन् । कारण चारतत्वमा नभएका गुण-धर्म, कार्य पदार्थमा कताबाट आउन् ! व्यञ्जनमा नून नहाली

नुनिलो स्वाद आओस् त !

मेरो कपाल दुख्यो, मेरा हात काटिए, मेरा खुट्टा भाँच्चिए– इत्यादि भन्ने को हो ! आफू शरीर भए 'मेरो' भन्ने शब्दको सट्टा 'म हात, म खुट्टा-इत्यादि उच्चारण गर्नेथियो'। यसबाट हामी शरीर होइनरहेछौं, यो शरीरभित्रको संचालक, शरीरदेखि छुट्टै, प्रतिघट पृथक-पृथक, स्वतन्त्र सत्य चेतन पदार्थ रहेछौं भन्ने सिद्धछ। हुनपनि मान्छेको अङ्ग-भङ्ग हुँदा 'म काट्टिएँ अथवा आधा-चौथाई नाशिएँ, फलानो अंग-रहितभएँ' भन्ने अनुभव हुँदैन । खाली आँखा, हात गोडा आदि अङ्ग कमीभएको अनुभव हुन्छ ।

हामी मन बुद्धि चित्त अहंकार पनि होइनौं । नवजात बालकमा सबै मान्यता र तृष्णाको अभाव रहन्छ र पनि चेतनको निवास हुनाले ज्ञान–जानपना त्यहाँ पनि देखिन्छ । क्रमशः देखी, सुनी, चाखी संस्कार टिकाउँछ; मान्यता बन्दछ र प्रारब्ध-संस्कार अनुसारका विषयमा निपुणहुन्छ । यी कामगर्ने क्षमता जड तत्व-हरूमा रत्तिपनि छैन। जड देहका सम्बन्धमा सबै काम चेतन जीवकै हुन् । यसैले हामी शरीर मन चित्त तृष्णादि होइनौं, अनादि स्वतन्त्र चेतन जीव नै ह्वौं। हामी आफ्नै कर्मका फल–दुःख-सुखादि भोग्न विवश छौं । अतएव स्व स्वरूप चेतनको बोध प्राप्त गरी सद्गुणसम्पन्न रहेर आफू आफैंमा एकरस निरीह स्वतन्त्र अचल शान्त रहनको नितान्त आवश्यक छ ।

यो कुराको पुष्टिका निमित्त 'निर्णय प्रवेशिका'को- 'ठम्याइ हेरौं कारण कारज तत्वमा ज्ञानछैन' भन्ने प्रकरणमा तेइस पद छन्, तिनलाई मनन गऱ्यो भने शरीरदेखि सर्वथा चेतन छुट्टै रहेछ भन्ने छर्लंग बोध हुनेछ । विवेकीजनमा जडवादको निश्चय रहनै सक्नेछैन ।

पद्य-१०

पान्थले लिई अबोध पन्थी, बाढीमा बग्दछन् ।
हातकै कृति बन्धन खास, के बुझ्न सक्तछन् ॥
आयो त्यो कृति जीवका निकट, आश्चर्य भरियो ।
अनन्त जन्म यमको फन्दा, शरीर धरियो ॥
शरीर लियो यमले पारे, आफनै समान ।
तीनैलोक विषे भ्रमण गर्छन्, रहन्छ के मान !
हरि हर ब्रह्मा गणेश मुनि, देव नर बाँधिए ।
पवन पावक पानी र सूर्य, चन्द्र वीर बाँधिए ॥
मन्त्रमा सत्य बाँधिए सबै, मसक्क मस्किए ।
अमृत वस्तु न जानी नारी, लै लैभा घस्किए ॥
श्लोक- अमृत वस्तु चिन्दैनन्, उसै संसार यो मगन ।
भन्छन् कबीर के काम, हुँदैन जीवको मरन ॥

रमैनी-११

आँधरि गुष्टि सृष्टि भई बौरी । तीन लोक में लागि ठगौरी ॥१॥
ब्रह्मा ठगो नाग कहँ जाई । देवता सहित ठगो त्रिपुरारी ॥२॥

अर्थ- अन्धा- विवेकहीन जनका गुष्टि- संगतबाट सारा-सृष्टि नै कल्पना र विषय वासना-वश बौलाहा बने । उता तीन लोक- त्रिगुणी जीवका समाजमा विषय- वासना र ठगीविद्या-वाणीजाल घुसे । यिनैले सारा समाजलाई ठगिसके ॥१॥ ती ठगिनीहरूले ब्रह्माजीलाई✕ ठगे । शेषादि नाग कहाँ गएर तिनलाई लुटे । देवता■ सहित महादेवलाई* पनि ठगिछाडे ॥२॥

राज ठगौरी विष्णु पर परी । चौदह भुवन केर चौधरी ॥३॥
आदि अन्त जाकी जलक न जानी । ताकी डर तुम काहेक मानी ॥४॥

अर्थ- चौध भुवनका स्वामी विष्णुमाथि राजठगौरी-राजमद को गर्व खनियो र ती ठगिए ॥३॥ जुन वाणीद्वारा वर्णित निर्गुण

✕-भागवत ३।१२ को २८,२९ श्लोक द्रष्टव्य । ■-इन्द्र, चन्द्रमा, देवगुरु-बृहस्पति आदिको कलंक प्रख्यात छ । *-मोहिनीका पछि दौडेका-इत्यादि ।

निराकारको आदि-अन्त्य आजसम्म कसैले जलक–झलकसम्म पनि जान्न सकेका छैनन्, उही ठगिनी विद्या–असम्भव मिथ्या परोक्ष कल्पनामात्रलाई मानी-मानी तिमी किन भयभीत हुन्छौ ! ।।४।।

अरू– स्वतन्त्र विवेकबाट काम लिन नसकी भ्रम कल्पनाकै जालभित्र हुर्केका मानिसहरूले पद-पदमा फस्किरहनु पर्छ । स्वतन्त्रविवेकी पुरुषहरू सत्यमा आरूढ रहन्छन् । उनी विवेक-सावधानीमा निरन्तर जागारहन्छन् ।

यो सम्फन्छन्–

'सत्यमा श्राप लाग्दैन, छुँदैन कालले रती ।
जो साँचै साँच चल्नेछन्, के हुन्छ तिनको खती ।।'

[बी. साखी ३०८]

'करौ परीक्षा निशदिन निर्भय, डरौ न कबहूँ किसका ।'

[भवयान ५।३]

वे उतङ्ग तुम जाति पतङ्गा । यम घर कियउ जीवको सङ्गा ।।५।।
नीम कीट जस नीम पियारा । विषको अमृत कहत गँवारा ।।६।।

अर्थ– भोग- विषय र भ्रान्ति- कल्पनारूपी उत्तुङ्ग-प्रज्वल अग्नि-शिखामा तिमी पुतलीसमान बनी, पिल्सिरहन्छौ । यम घर– खानी वाणीमा कुसंगतवश पसी, अमूल्य नरतन बर-बाद गरिरहेछौ ।।५।। नीमकाठको कीराले जस्तो नीमको तीतो पनि सारै स्वादिलो मान्दछ, त्यस्तै गँवार– अबोधीजनले विष-विषय र जडाध्यास-कल्पनालाई पनि अमृतसम्फी प्रशंसा बयान गर्दछन् ।।६।।

अरू– विवेक गर, विषयासक्ति- वश यसै जन्ममा कति-कति कष्ट भोगियो! भोगासक्त बन्नाले र कल्पित वाणीमा बग्नाले

जन्म- जन्म असह्य कष्ट खपिरहनु परेको छ । जहाँसम्म आफूले आफैंलाई ठीक-ठीक चिनिदैन, आफ्नै अन्तःकरणमा डुबेर सार सत्य स्वतन्त्र चेतनको स्थिति बनाइँदैन, त्यहाँसम्म हाम्रो हालत बत्तिका पुतली र नीमका कीराको जस्तै भइरहनेछ ।

विषके संग कौन गुण होई । किञ्चित लाभ मूल गौ खोई ।।७।।
विष अमृत गौ एकै सानी । जिन जानी तिन विषकै मानी ।।८।।

अर्थ–विष-विषय र वाणीका कल्पनामा पर्नाले कसलाई लाभ हुन्छर ! देख्नमात्रको शोभा, जन्म-जन्मभरको बोझा; अल्प-क्षण मनकासाथ अल्मलिनुसम्मको सुख-विलास हो । यता आफ्नो शान्ति परमस्थितिरूप मूल धन नै बरबाद भइसक्यो ।।७।। थाहा छः– यसबाट नर्कभोगरूप विषयमा अमूल्य मानवजीवन मिलो खेर गइरहेछ; सदासर्वदा जड-चेतन दुवै एकमा मुछिई नै रहनेभयो । तर जसले जाने–पारख पाए, तिनले विषयभोग र वाणी-कल्पनाको सुख-लाभलाई हलाहल विष मानेर पन्छे ।।८।।

अरू– आवागवन, देहबन्धन, त्रयतापका कष्टमा जीव किन पऱ्यो? उत्तर-विषयासक्ति र भ्रान्ति-कल्पना-वश । अब के त? 'ती सबै कष्टभोग्ने म होइन, म त अलिप्त अक्रिय असंग आत्मा रहेछु, गर्ने भन्ने भोग्ने– सबै इन्द्रियवर्ग रहेछन्; ती आ-आफ्ना विषय भोगुन् वा त्यागुन्, म शुद्ध आत्मालाई त्यसबाट के हानि-लाभ!'* यस्तो समझ बनाएभने के तिनले गरेका कर्मको संस्कार लाग्दैन त? कर्कलाका पातझैं पानीरूपी विषय- संस्कारबाट अन्तः-करण भिजोइन त? अवश्य नभिजी छाड्दैन । यो त मनले सुख

*–निज निज विषयमें इन्द्री बर्तैं, तिनते मेरो नाहीं संग ।
त्यागहु विषय कि भोगहु इन्द्रिय, मोको लगे न रंचक रंग ।।
[विचारसागर]

अनुकूल मानेका भोग छाड्नु नपर्ने एउटा युक्तिमात्र हो । हामी आफ्नै मुटुछामेर हेरौं, भित्र मनले अनुकूल भोगमा लम्केको, सुख-प्रियता मानेको छ छैन ! छैनभने ठीकै छ । अन्यथा कुनै बहाना लिएर मनानुकूल पदार्थहरूको उपयोग लिइरहिन्छ भने के गरी असंग भइएछ ! असंगवाद कथनगर्नु त इच्छित भोगमा डुबिरहन पाइने, मन-इन्द्रियहरूको साधनामा श्रम गर्नु नपर्ने, एक दाउ हो, 'चञ्चल मनको चतुऱ्याइँ' मात्र हो । मानिसले कमल-पातसमान असंग बन्नलाई सर्वप्रथम चेतनको स्वरूप जस्तो छ, उस्तै बोध र स्थिति बनाउनुपर्छ । दोस्रो-अज्ञानबाट ज्ञानदशामा उत्री, दैवीआचरणको ठीक-ठीक पालन पनि हुनैपर्छ । यस्तो दीर्घ कालसम्म बनेपछिमात्र साँच्चिको परमहंसदशामा उक्लन सकिएला। त्यस्ता विज्ञ महात्मा पुनः भोग लोलुपतामा ओर्लने पनि छैनन् । पारखको प्रकाशमा अन्धकारको कहाँ स्थान ! भोगासक्ति र वाणीका कल्पनामा अन्तःकरण रङ्गिरहेसम्म त वचनले मात्र असंग रहिएला; कामले बन्न गाह्रै पर्ला । यसैले भन्नुभएको हो—'जिन जानी तिन विषकै मानी ।'

काह भये नर शुद्ध बेशुद्धा । बिन परिचय जग बूड न बुद्धा ।।९।।
मति के हीन कौन गुण कहई। लालच लागी आशा रहई ।।१०।।

अर्थ– ए नरजीव ! तिमी आफैं सम्झ, कस्ता भइरहेछौ ! स्वयम् स्वतन्त्र चेतन परमशुद्ध स्वरूप छँदै, किन यस्ता बेसुद्धिका, भोगासक्ति र कल्पनाका नशामा अशुद्ध बेभान बनिरहेका ! यिनको ठीक-ठीक पारख बिना ठूल-ठूला व्यक्ति पनि संसार-सागरमै डुबिरहेछन् । तर विवेक-बुद्धिबाट कामलिनेहरू कदापि डुब्दैनन् ।।९।। बुद्धि-विहीनजनलाई कसले सद्गुणी भन्छर ! यो त द्रव्य मान सुखको र स्वर्ग परमधाम ईश्वर-प्राप्ति आदिको लालच—सूक्ष्म आशामै अड्केका भन्नुपर्छ ।।१०।।

अरू– स्व स्वरूपको ठीक-ठीक बोध बिना विद्वान्, प्रतिष्ठित् महान्-महान् व्यक्तिहरू पनि सम्पूर्ण आशाबाट पन्छेर स्वयंकै शान्ति-स्थितिसमेत लिन सक्तैनन् । द्रव्य-मान आदिको लाभ, कल्पित इष्ट-दर्शन, लोकादिको निवास–इत्यादि आशा भरोसा र सूक्ष्म लालचमा झुन्डिरहेका हुन्छन् ।

साखी–मूवा है मरिजाहुगे, मुये की बाजी ढोल ।
सपन सनेही जगभया, सहिदानी रहिगौ बोल ॥११॥

अर्थ– आसक्ति-आशा, कल्पनामैं परी-परी पूर्वका धेरै प्राणी मरी-मरी गए । तिमी पनि होशपूर्वक आफ्नू सुधार नगरे यसैगरी वासना-कल्पनामै बेरिएर बरबाद बनौला । मृत-पशुका छालाको ढोल बजाई प्राचीनी मृत-व्यक्तिका गुण-गण केही दिन गाइन्छन् । यस्तै जगत्-जनका पनि भला-कुभला गुणको बयान केही दिन चल्दछ, इतिहास पनि बन्नसक्तछ । यसरी स्वप्नका स्नेही–मित्रसमान यी जगज्जीवलाई पनि सम्झ । इतिहास लेखिएकाहरूको वाणीका आधारमा निशानीसम्म बाकी छ, त्यो पनि अल्पकालको निम्ति मात्र हो ॥११॥

अरू–इष्ट-दर्शन, स्वर्गादिको निवास, चार फल,चार मुक्तिको आशा-वश भजन-कीर्तन गर्दा मृत पशुकै छालाका तबला, खैंजडी आदि बाजा बजाउँछन् । कीर्ति-इच्छुक व्यक्तिको पनि यस्तै केही दिनसम्म प्रशंसा चल्दछ, तर त्यसबाट आफ्नो कुनै श्रेय हुने होइन । अतएव विवेकीजनको कर्तव्य हो–यो स्वप्नसमान चार दिन रहिने जीवनमा अन्त कतै रत्ति नअल्झि, चाँडोभन्दा चाँडो सावधान हुनु। ज्ञानीजनका सत्संगबाट स्व स्वरूपको बोध प्राप्तगर्नु। सन्त-सेवा, गुरु-भक्ति र वैराग्यको आधार लिई, स्वरूपस्थिति बनाइहाल्नु; यही ठूलो बुद्धिमानी हो । यहाँ बाह्य-विश्वलाई नै

स्वप्नवत् भन्ने भाव होइन । यो भौतिक जगत् प्रवाहरूपबाट बन्ने-बिग्रने भई नै रहन्छ तापनि आफ्नो स्वरूपबाट अटल छ । किन्तु त्यो जगत्का साथ हाम्रो मनोमयद्वारामात्र सम्बन्ध हुनाले हाम्रा निम्ति स्वप्नवत् सम्बन्ध भनेको हो । कुनै-कुनै वेदान्तीजनका भनाईसमान विश्व नै स्वप्नवत् भन्ने तात्पर्य होइन ।

श्रीस्वामी शंकराचार्य जस्ता महापुरुष भन्नुहुन्छ– यो जगत् मायारूप हो । तर जगत्लाई हुँदैनभएको भन्ने उहाँको अभिप्राय होइन । यस्ता बहुला-कुरा उहाँजस्ता पुरुषले किन गर्नु हुन्थ्यो ? जगत् साँच्चिकै छ, परन्तु जस्तो तिमी देखिरहेछौ त्यस्तै छैन, तिमीमात्र त्यस्तो देखिरहेछौ । वास्तवमा जगत् कारण-कार्यरूप छ । कारणरूपबाट नित्य छ र पनि कार्यरूपबाट भने अनित्य, क्षणस्थायी छ ।

दोस्रो–मानवीय दृष्टिले नै जगत्लाई मायामय बनाइरहेछ। मान्छेपिच्छे बेग्लाबेग्लै देख्तछन् । आ-आफ्नै भावनानुसार रमणीय-उराठिलो, प्रिय अप्रिय अनुकूल प्रतिकूल त्याज्य ग्राह्यरूपबाट अनुभव गर्छन् । यकै युवतीलाई उसका बाबु भाई पति पुत्र शत्रु चोर बाघहरूले विभिन्नरूपबाट देख्दछन्, त्यस्तै व्यवहार पनि गरिरहेछन् । यसैले बाबु छोरा दाजु भाइ पति पत्नीमै परस्पर प्रेम प्रणय प्रतीति लडाइँ झगडा लाठी मुङ्री काट् मार मुद्दा मामिला भइरहन्छन् । यसरी आ-आफैं जगत्-निर्माण गरिरहेछन् ।

भौतिक जगतै नभएको, खपुष्प स्वप्नदृश्यसमान भन्नाको अभिप्राय त यो हुनसक्छ– साधकको मन संसारमा नगाडियोस्, उपरामतापूर्वक साधनामा संलग्न रहोस् भनी निकालिएको एउटा युक्तियुक्त प्रकरण सम्म । यस्ता कुरामा मान्छेपिच्छे कलम चल्दै गयो, फुँदा विशेषण उपसर्ग थपिंदै गए । यसैले आज मानिसहरू

संसारलाई सपनासरि भनेर जे गर्नपनि तत्पर हुनेभए; यो एउटा ठूलो अपसोचको कुरा हो ।

पद्य–११

अन्धाको गोष्ठी संसारै पागल, भएका हेरन !
तीनैलोक विषे ठगौरी लागी, विचार गरन ।।
ब्रह्मा र नाग देवता अरू, शिवजी ठगिए ।
भुवन चौध राज्य मैं अड्की, श्री विष्णु ठगिए ।।

आदि र अन्त जसको केही, जानिन्न रत्ति भर ।
त्यस्ताको भय के मान्छौ तिमी, सम्हल शक्तिभर ।।
दन्केको आगोमा पुतली सरी, तिमी त हुम्भिन्छौ ।
यमका घर हे जीव तिमी, निरन्तर फुम्मिन्छौ ।।

नीमका किरा निमनै प्रिय, अत्यन्त मान्दछन् ।
अज्ञानी जीव प्रत्यक्ष विष, अमृत ठान्दछन् ।।
विषको साथ के भलो हुन्थ्यो, विचार गर्नु छ ।
लाभ छ अल्प समूल नष्ट, आखिर गर्नु छ ।।

विष र अमृत संसार बीच, एकैमा मिसाए ।
पारखीजनले जानेर चट्ट, विषकैं बिसाए ।।
के भयो मान्छे पवित्र चोला, पाएर अशुद्ध ।
पारख बिना भवमा डुबे, सुज्ञ थे अबुद्ध ।।

बुद्धिका हीन जनलाइ फल्ले, गुणज्ञ भन्दछ !
लालच गरी बनेर आशे, भवमै बन्दछ ।।
श्लोक– मरी गए र मर्नेछौ, मुर्दाकै ढोल बज्दछ ।
स्वप्न प्रेमी भए सारा, निशान शब्द बचदछ ।।

रमैनी–१२

माटिक कोट पषाणको ताला । सोइक बन सोई रखवाला ।।१।।
सो बन देखत जीव डेराना । ब्राह्मण वैष्णव एकै जाना ।।२।।

अर्थ– माटो- धूलो आदिको निःसार शरीर र भ्रान्ति-कल्पनाका घेराभित्र बसेका विवेक-विहीन व्यक्तिका पाषाण-

हृदयमा जडबुद्धिको ताल्चा लागेको छ । सोइक बन–उही असार वाणीका मान्यतारूप जङ्गलको बनपाले पनि तिनै कल्पित वाणी नै भइरहेछन् ।।१।। ती बनरूप वेद-पुराणादि वाणी देखी-पढी सोझा-निमुखा मानिसहरू भयभीत छन् । ब्राह्मण-वैष्णव दुवैले एक ईश्वर मुख्य नियामक छन् भन्ने जाने ।।२।।

अरू– धेरै जसो मानिस–स्वतन्त्र विचारबाट चल्दा नरक पुगिएला भनी डराउँछन् । कल्पित-कर्ता ईश्वर-ब्रह्म आदिको मान्यता विशेष घुसेकाले तिनलाई सितिमिति काट्न सक्तैनन् । पुराण-स्मृति, वेदादि वाणीका झाल, ठूलो घनघोरको जङ्गल छिचोलेर छिचलिनसक्नु छ । त्यहाँका लेखमा 'संशय* गर्नेको विनाश हुन्छ', 'वेदनिन्दक नास्तिक× हुन्छन्, नरक पर्छन्, ।' इत्यादि भयदायक वाणीकै रखवाला– बनपालेहरू पनि राखिदिएका छन् । यसैले सरल जीवहरू स्वतन्त्र विचार गरी अघि बढ्न सक्तैनन् । जसरी ब्राह्मण-पण्डितहरू वाणीका कल्पनामा बाँधिएका र कल्पित कर्ता– देव देवीहरूमा अल्झेका छन्, उसैगरी वैष्णव-समाज पनि उनैका भाइ भइरहेछन् । अतएव कल्याणेच्छुको कर्तव्य हो–कसैको पक्ष-मोहमा नपरी, निर्भयतापूर्वक परीक्षक बनेर सत्य-सिद्धान्तलाई अंगाल्नु, हृदयस्थ अपरोक्ष अविनाशी स्वरूपको स्थिति बनाई आफ्नो उद्धार गर्नु ।

विचार गरौं, आस्तिक हुँ भन्ने अद्वैत द्वैत र त्रैतवादी सबैले समग्र वेद-वचनलाई पालन गरेका छन् त ? छैनन् । पालन गरेका भए सबैको एक सिद्धान्त किन नबनेको ? वास्तवमा सबैले आ-आफ्नै सिद्धान्तानुकूल वचन ग्रहण गरी बाकीलाई पूर्वपक्ष मानेर छाडेका छन् । तिमीपनि स्व-विवेकबाट सत्य निष्कर्ष

*–संशयात्मा विनश्यति । ×–नास्तिको वेदनिन्दकः ।

तत्वलाई बुझ, छान, पारखी सत्यधारक सन्तहरूका विचार-कसीबाट बुद्धिलाई निखारमा ल्याऊ। अनि कल्याणका सिद्धान्त र साधनामा अगाडि बढ। आफ्ना कर्तव्यको फल आफैंले भुक्तनुपर्ने कुरामा कसैदेखि भयभीत हुने, सत्य छाडी असत्य सिद्धान्त अँगाल्ने गर्न हुँदैन। अरूका डरभर करकापमा परी मिथ्या कल्पनालाई अँगालेर हाम्रो कल्याण हुन पनि सक्तैन।

ज्यों किसान किसानी करई। उपजे खेत बीज नहि परई ॥३॥
छाडि देहु नर झेलिक झेला। बूडे दोऊ गुरु औ चेला ॥४॥

अर्थ– जस्तो खेतीवालले खेतीगर्दा बोट भने बेसरी सप्र्यो, तर गेडा भने एउटापनि लागेन, त्यस्तै ती कल्पनाका खेतीबाट पनि पुराणादिका पुष्पित वाणी र भ्रामकहरूले अनेक फल पाइन्छ भनी प्रलोभन दिन्छन्, प्रारब्ध-पुरुषार्थ अनुसार शिष्य-शाखाको वृद्धि पनि हुन्छ। तर यिनका मनको कल्पना-लालसासम्म पनि शमन हुनसकेको हुँदैन भने मुक्ति-स्थिति त झन् कहाँ होला! ॥३॥ हे विवेकी मानव! यी झेली–भ्रान्तजनका झेला–कल्पित वाणीका झमेलामा नपर, छाड, विवेक गरी सार-सत्यमात्र ग्रहण गर। यिनका भयदायक वाणी सुनी नडराऊ। ती भ्रम-वाणीको अनुसरण गरी चल्ने-चलाउने गुरु-चेला दुवै कल्पना-भ्रान्तिरूपी दहमा डुबे-होशगर! अन्यथा तिम्रो पनि त्यही गति हुनेछ ॥४॥

तीसर बूडे पारथ भाई। जिन बन डाहे दवाँ लगाई ॥५॥
भूँकि भूँकि कुकुर मरिगयऊ। काज न एक सियार से भयऊ ॥६॥

अर्थ– तेस्रा पारथ-पारधी (शिकारी) घुमी-घुमी कल्पित कथारूपी वाणी भावुक जनतामाथि प्रहार गरी घाइते गराउने, बुद्धिभ्रान्त बनाइदिने वाचकज्ञानी पनि डुबे। जसले सोझा-निमुखा जीवको हृदय-बनमा हिंसा दुराचार र कल्पनाको डँडेलो लगाई

सखाप पारिरहेछन् * ॥५॥ कल्पित-वाणी बक-बक गरिरहने ती व्याख्याताहरू पनि मरे, मिथ्या कल्पनामै परे। यस्ताका साथ-सहवासमा स्याल–भयभीत, विवेक-विहीन व्यक्तिमात्र बस्तछन् । अतः तिनको काम कल्याण-स्थिति कताबाट बन्छ ? एक पनि बन्नसकेन ॥६॥

साखी–मूस बिलाई एक सँग, कहु कैसे रहिजाय ।
अचरज एक देखो हो सन्तो, हस्ती सिंहहि खाय ॥१२॥

अर्थ– मूसो र बिरालोको मेलमिलाप समता, कसरी बनोस्! हे सन्त! हेर, यो कस्तो उधेकलाग्दो घटना सुन्न-देख्न परेको ! जाबो हात्तिले पनि महान् शक्तिशाली सिंहलाई खाइरहेछ ॥१२॥

अरू– यस्ता भ्रान्तजन र विपरीतघटका साथ-सहवासको कुसंग, भोग बाहुल्यतामा सरल चित्तका साधकले आफ्नो बोध वैराग्यादिको सम्पत्ति-सम्पादन गरी, बचाउन सारै मुश्किल छ, असम्भवै भनिदिए हुन्छ । दोस्रो आश्चर्यजनक कुरा यो छ–बिना विवेक, मनले जीवलाई भ्रान्तिमा पारिरहेछ । अथवा मानिसकै हस्तलिखित कल्पित वाणी र आफ्नै हातले ल्यायकी ललनाले स्वयं जीवलाई नै भ्रान्ति-कल्पना, भोगारण्यमा रिंगाइरहेछन् । मोहित गराई कल्याण-पथबाट च्यूत गराइरहेछन् । अतएव

---

* खाण्डव बनमा डँडेलो लगाई इन्द्रप्रस्थ-राजधानी बसाउने पार्थ-अर्जुन पनि डुबे, बिना पारख जीवनभर लडाइँ हिंसा वैर विरोध, अभिमानमा व्यस्त रहे । लडाइँ-पूर्व यिनलाई किंचित् उपरामता आएको थियो, तर कृष्णका उपदेशले पुनः करोडों फौज मारे-मराए । फल स्वरूप हत्यालागी नरकवास भयो । अन्त्यमा अर्जुनप्रति श्रीकृष्णको वचन यस्तो थियो—

"कोटिन यज्ञ करहु नृप, तीर्थ करौ समुदाय ।
दान अनेकन देहु तुम, यह हत्या नहिं जाय ॥"

[म. भा. हिन्दी अनुवाद]

साधकको कर्तव्य हो—अति सावधानी र परीक्षापूर्वक सबैबाट बची-बची आफ्नो कल्याण-कार्य सम्पादन गर्नु ।

'कहहिं कबीर भूलकी औषध, पारख सबकी भाई ।'

पद्य-१२

माटाको महल बनाई बन्द, ढुङ्गाको ताल्चाले ।
त्यसैको जङ्गल हेर्नको निम्ति, उही भो बनपाले ॥
त्यो बन देख्ता डराए जीव, थर थरी काम्दछन् ।
ब्राह्मण वैष्णव एकै त जाने, सब त्यै छाम्दछन् ॥

किसान जस्तो गर्दछ खेती, सप्रेर भुस्सिए ।
छाडी द्यौ फेल गुरु र चेला, यी दुवै मोस्सिए ॥
तेस्ता ती डुबे शिकारी भाई, जीव का घातकी ।
जसले बन डँडेलो लगाइ, भए का पातकी ॥

निरन्तर भुकी मरी गो कुकुर, थयैं काम टरेन ।
एउटै काम शियाल बाट, कहिल्यै सरेन ॥
श्लोक— एक साथ बिरालो र, मुसो बस्तछ के गरी !
उधेक ! सन्त, हात्तिले, निलेको सिंह बेसरी ॥

रमैनी—१३

नहिं परतीत जो यह संसारा । दर्ब की चोट कठिन कै मारा ॥१॥
सो तो शेषो जाय लुकाई । काहू के परतीत न आई ॥२॥

अर्थ— यी संसार-प्राणीलाई पारखको कसीबाट निक्खरा ठहरेका सत्य ज्ञानका वाणी सुनाउँदा पनि रत्ति विश्वास हुँदैन, सुन्ने मनै गर्दैनन् । यिनलाई धन-मानकै चोट—आसक्ति, चिन्ता फिक्री, रक्षा-वृद्धि, व्यवहारको-कार्य भार अहंकारादिले सारै घायल बनाई बोध-विचारबाट भुतुक्क पारिरहेछन् ॥१॥ सो तो शेषो—ती सम्पूर्ण वैभव हेर्दाहेर्दै आखिरमा लुप्त हुनेहुन् । अविचल

अदाच्छे कहिल्यै नसकिने सम्पत्तिको ढुकुटी* त हाम्रै हृदयमा गुप्तरूपले गडेकै छ । यी कुरा लाख सम्झाउँदा पनि यिनलाई पत्यार पर्दैन । विवेकबाट काम लिनसके सचेतभई विश्वास हुने थियो ॥२॥

चले लोग सब मूल गँवाई, यम की बाढि काटि नहिं जाई ॥३॥
आजु काज जो काल अकाजा, चले लादि दिगन्तर राजा ॥४॥

अर्थ– खानी-वाणीका विमुग्धजनले मूल धन–दुर्लभ मानवजीवन र बोध-वैराग्य सबै सित्तैं गुमाउँदै गइरहेछन् । धनासक्ति र मन-कल्पनाको बाढी–भेलबाट पार लाग्न अति कठिन छ ॥३॥ यस कामको निमित्त आज यो मानव-जीवन सर्वथा उपयोगी छ । काम फत्ते गर्न सरल छ–सकिन्छ पनि । अन्यथा भोली पशु-पक्षी कीटादि योनिमा त अवश्य अकाज हुनेछ; बनाउँ भन्ने होशसम्म पनि रहने छैन । यस्तो अमूल्य जीवन पाइकन पनि बिना विवेक ठूलठूला सम्राट् सेठ नरेश पण्डितवर्गसमेत भ्रान्ति कल्पना र आसक्ति-वासनाका बोझा बोक्तै आ-आफ्ना कर्मानुसार निम्नातिनिम्न खानिमा विहार गर्न पुगे । कस्तै सम्राट्को सम्पत्ति पनि साथ जाने ह्वैन, सबैले यहीं छाडी रित्तै हात पसारी जानुपर्छ । कल्याण-कार्यको सम्पादनरूपी सम्पत्ति कमाएमात्र साथसाथै लान पाइनेछ ॥४॥

सहज बिचारे मूल गवाँई । लाभ ते हानि होय रे भाई ॥५॥
ओछी मति चन्द्रमा गौ अथई । त्रिकुटी संगम स्वामी बसई ॥६॥

अर्थ– सुखको आशा गर्दागर्दै अनायास यो सोझासाझा

---

* – The human heart has hidden treasures,
In Secret Kept, in Silence sealed– "Charlotte Bronte"
'मानवीय हृदयमा बहुमूल्य जुहारातको ढुकुटी गुप्त रीतिले निःशब्दता पूर्वक गाडिएको छ ।'

मानिसले मूल–मानवजीवन कल्याणभूमिका नै गुमाए । ए भाइ ! कति न लाभ लिउँला, के के न गरौंला भनी अल्प सुखको आशामा फुन्डिदा मोक्ष-लाभ रूपी महान् धनको हानि हुनेछ, होश गर ।।५।। योगीजन भन्दछन्–बुद्धिलाई बाह्य चपलताबाट फर्काई ओछी–सूक्ष्म बनाउ, केवल इष्ट-स्मरण गर, अनि चन्द्रमा–मन विलय भएपछि त्रिकुटी संगम–इंगला पिंगला सुषुम्नाका संगमस्थल–दुवै नेत्रका बीचमा स्वामी–ज्योतिस्वरूप परमात्माको निवास हुनाले त्यहीं दर्शन मिल्नेछ ।।६।।

तबही विष्णु कहा समुझाई । मैथुन अष्ट तुम जीतहु जाई ।।७।।
तब सनकादिक तत्व बिचारा । जैसेरंक परा धन पारा ।।८।।

अर्थ– तब उपर्युक्त स्वामीको दर्शन-निमित्त विष्णुले आफ्ना आश्रित साधकलाई सम्झाई भने–पहिले अष्ट मैथुनको निरसन गर ।।७।। अनि सनकादि मुनिले सोही अनुसार पूर्णब्रह्मचर्य-वृत पालन गरी तत्व-चिन्तन, ध्यान गर्दा उपर्युक्त ज्योतिको आभास देखियो र यही परमतत्व परमात्मा व्यापकब्रह्म रहेछ भन्ने निश्चय भयो । कल्पनाका इष्ट-पाई अपार आनन्दित भए । जस्तो जन्मदरिद्रीले अचानक अपार सम्पत्ति पाउँदा गद्गद् हुन्छ उस्तै भए ।।८।।

भौ मर्याद बहुत सुखलागा । यहि लेखे सब संशय भागा ।९।
देखत उतपति लागु न बारा । एक मरै एक करै बिचारा ।।१०।।
मुये गये की काहु न कही । झूठी आश लागि जग रही । ११।।

अर्थ– उनको चौतर्फबाट आदर हुनलाग्यो र उनिहरू अति सुखीभए । यसका आधारमा योग्य संशय पनि बिलाए; विवेक गर्ने बुद्धि नै हरायो ।।९।। विवेकबाट हेर्दा यस्ता कल्पना-ग्रस्त

जनको उत्पत्ति–दोस्रो जन्म हुन बेर लाग्दैन । स्वतन्त्र चेतनको बोध-स्थिति बिना अचल मुक्ति कसरी पाउने ? संसारको चरित्र विचित्र छ; एक कल्पना-वश बोध-विचारबाट मर्छन्–भ्रान्त बन्दछन्, त एक उही कल्पना-जालमा खुशीसाथ घुस्रन्छन्, उतैबाट निहाल-हुन्छु भन्ने विचार गर्दछन् ।।१०।। कल्पनाका वशीभूत पूर्वका साधकको के गति भयो, आई यो हाल ठीक-ठीक बताउने कोही छैनन् । व्यर्थका आशामा अल्झी जगत्-जीव मर्छन् भने तिनको के गति हुनु ! यी पुनः-पुनः जन्म-मरणको चक्रमा पर्ने भए ।।११।।

साखी–जरत जरत ते बाँचहू, काहु न कीह्न गोहार ।
विष विषय के खायहू, रात दिवस मिलि झार ।।१३।।

अर्थ– गर्भाग्नि, तीन तापको आँच, तीन खानिका अनन्त शरीरको दुःख भोग रूपी भुङ्रामा जल्दै-पिल्सिदै आज मनुष्य शरीरमा आएका छौ, यस बखत ती तीनखानिका कष्टबाट बचेका छौ । अब सम्पूर्ण तापबाट सदाको निम्ति बच्न, सत्यज्ञान-प्रदाता पारखी गुरुको सत्संगमा गई, कोही विनम्र पुकार गर्दैनौ । निर्णयको ज्ञान सम्पादन गर्न पनि सँधै सबै पछि हट्छौ । रात-दिन कुसंगमा मिलेर खालि विषय भोग-लोलुपता, भ्रान्ति-कल्पना नै रुचाउँछौ, यही सबैको भोजन भइरहेछ ।।१३।।

अरू– विषय भोग-विलास, ऐश्वर्य नै परम लक्ष्य सम्झी संसार सबै अल्मलिइरहेछन् । केहीजन कल्याणका इच्छुक छन् र पनि कल्पित वाणीकै विभूतिको वर्णनलाई सत्य सम्झी, बिना विवेक तिनैको आशे बनेर भ्रान्तिका इष्ट-प्राप्ति र लोकान्तरमा निवास पाउँला भनी व्यर्थ श्रम गर्दछन् । तर यो विचार गर–ती दुवै प्रवृत्तिबाट आजसम्म कसैले सुख-शान्ति पाउन सकेका छैनन् । दोस्रो–कल्पनाका कुनै इष्टले पार लगाइदेलान् वा व्यापक अद्वैत

ब्रह्मस्वरूप बनी शून्यमा मिली अखण्ड एकरस शान्तिस्थिति पाउँला भन्ने कल्पनामा पर्नु पनि सित्तैं हो। अतएव यी खानी-वाणी दुवै जालबाट हटी, पारखनिष्ठ सन्तजनको सत्संग गर्नु। जड-चेतनको ठीक-ठीक बोध प्राप्त गरी, अनादि स्वतन्त्र सत्य चेतन घट-घट निवासी द्रष्टा अपरोक्ष ज्ञानमात्र स्व-स्वरूपको निर्वासनिक स्थिति बनाउनु–यसैमा सबैको हित-निहित छ। अतः हामी ऋग्वेद मंडल ४ अनुवाक २ सूक्त १८ को निम्न मन्त्रलाई हृदयमा उतारौं, आचरणमा परिणगत गरौं–

"यो आवागमको मार्ग अनादिकालदेखि चल्दै आइरहेछ (मन्त्र १)। हामी पूर्वोक्त योनिमार्गबाट बच्न सक्तैनौं। टेढो मार्ग–पशु पक्षीको रूपबाट जन्मलिएर पनि जीवन ठूलो कष्टबाट बित्तछ। म चाहन्छु–यो फन्दाबाट निक्लौं। मलाई धेरै कर्म गर्न नपरोस्। संसार-मार्गबाट हामीले पन्छन कै प्रयत्न गर्नु पर्दछ (मन्त्र २)।"

पद्य–१३

विस्वास रत्ति गर्दैन हेर, अबुझ संसार।
द्रव्यको चोटले पारेर घायल, मार्दछ कन्सार॥
ती सब आखिर लुप्त भै जान्छन्, पत्याउने कोइ छैन।
हिंडे ती मूल गुमाइ यमको, बार काट्ने ह्याउ छैन॥

स्वकाम आजै बन्दछ भोली, हुनेछ अकाज।
बोकेर हिंडे दिग्पति सम्राट्, छाडेर स्वराज॥
सित्तैंमा कठै अबूझ बनी, गुमाए स्व धन।
लाभको सट्टा हानि पो भयो, हे भाइ सम्झन॥

मलिन बुद्धि मनको वेग, भो अस्त यै बेला।
त्रिकुटी दोमान विचमा स्वामी, निवास त्यै बेला॥
विष्णुले भने सम्झाई आठ, मैथुन जितन।
सनक आदि तत्वको विचार, गर्दछन् दी मन॥

रोकियो वृत्ति प्रसन्न भए, जसरी भिखारी।
मफत धन पाएर हुन्छन्, दङ्दास ती भारी॥

प्रतिष्ठा बढ्यो संसार भरी, गद् गद भए ती ।
यसरी सबै सन्देह भाग्यो, निर्धक्क परे नि !

उत्पत्ति हुन देखतै त्यहाँ, लाग्दैन क्यै बेर ।
मर्दछ एक एकले विचार, गर्दछ अन्धेर !
मरेर जानेको कसैले खबर, भन्दैनन् कस्तो छ !
व्यर्थको आशा लिएर जगत्, अत्यन्त व्यस्तछ ॥

श्लोक– जल्दै आयो बचेका छन्, कोही छैन पुकारने ।
बिषय विष खाँदै छन्, दिन रात गुजारने ॥

रमैनी–१४

बड सो पापी आहि गुमानी । पाखण्ड रूप छलेउ नर जानी ॥१॥
बावन रूप छलेउ बलिराजा । ब्राह्मण कीन्ह कौनको काजा ॥२॥

अर्थ– अहंकारी व्यक्ति अति पापिष्ट हुन्छन् । यस्ताले जाल-झेल कपटबाट सोझा-निमुखा मानिसलाई जानी-जानी छल-पूर्वक हानी, पीडा, घात गरिरहन्छन् ॥१॥ विष्णुले पनि बिचरा धर्मात्मा राजा बलिलाई कपटी ब्राह्मणकै भेसबाट छलेका थिए । यी ब्राह्मणले कसको भलाईका कार्य गरे ! थियो त यिनको जन्म तप र परम सुख * सम्पादनका निमित्त ॥२॥

अरू– दोष हो–यस्तै छद्म स्वभावयुक्त दुर्गुणी व्यक्तिको । दुगुर्णमा प्रेम गर्नाले नै जीवको दुर्दशा भइरहेछ । छली मानिसको मनमा पहिले नै छल-कपटरूप दुराचरण निवास गरिरहेका हुन्छन्। यसैले त पुराण-अनुसार स्वार्थ-सिद्धिवश विष्णु जस्ताले पनि ऐलेसम्म बलिका ढोकामा पाले बनी बस्न गइरहनु परेको हो ।

---

* – ब्राह्मणस्य तु देहो ऽयं क्षुद्र कामय नेष्यते ।
स तु कृच्छ्राय तपसे प्रेत्यानन्त सुखाय च ॥

ब्राह्मणको यो शरीर विलास र धन बटुल्ने, राज्य गर्ने जस्ता क्षुद्रकामका लागि होइन । यो ता जीवनभर घनघोर तपस्या गरी अन्तमा अनन्त सुख–मोक्ष प्राप्तिको निम्ति हो ॥"
[ऋग्वेद रामगोविन्दकृत टीकाको भूमिका पृ. ७४]

ब्राह्मण ही सब कीन्हीं चोरी । ब्राह्मण ही को लागल खोरी ।।३।।
ब्राह्मण कीन्हों वेद पुराना । कैसेहु कै मोहि मानुष जाना ।।४।।

अर्थ– ब्राह्मणले नै चतुऱ्याइँपूर्वक गुप्तरीतिबाट अरूको अधिकार हनन् गर्दैआए । यसैले यिनका* शिरमा समय-समय अपयश-कलङ्क र पाप-कष्ट पर्न आइरहेको हो ।।३।। ब्राह्मण नै विशेष अग्रसर हुनाले वेद पनि ईश्वरका आडमा रचे, आफू मंत्र द्रष्टा बने । जसरी हुन्छ हामीलाई नै श्रेष्ठ-पूज्य मानुन् भनी विविध सूत्र घुसाइदिए ।।४।।

अरू– प्राचीनदेखि नै ब्राह्मणहरू सबैका पथ-प्रदर्शक हुनाले छल-कपट, चलाक्याइँबाट 'ब्राह्मण दुस्शील, पतित भएपनि पूज्य हुन्छन् तथा शूद्र जितेन्द्रिय, ज्ञान-गुणमा निपुण भएपनि पूज्य हुँदैनन्+ । शूद्रलाई धर्म-उपदेश गर्ने शिक्षकसम्मको पनि नरक हुन्छ× । वेदमा ब्राह्मणको मात्र अधिकार छ, शूद्र र स्त्रीजातिले वेदोच्चारण सुन्न* पनि हुँदैन । शूद्रलाई छुनपनि हुँदैन । 'यिनको पानी मात्र पनि चल्दैन'–इत्यादि वचन पुराण-स्मृति आदिमा घुसाई बनाए; दीर्घकालसम्म सोही अनुसार पूजिए । तर ती सबै छल कपटजन्य कर्मका फल व्यक्तिगत पाए पनि । अब त सबै वर्णका मनुष्य पठित-विज्ञ बने, सबैले थाहापाए । ब्राह्मणवर्ग स्वयं दिनदिनै सदाचार विहीन बन्दै गएकाले तिनको त्यो मान-शान रहेन जस्तै–

कामादि षट्वर्गहरू जितीकन । समाधिमा तन्मयता न लीकन।।

* – ब्रह्मा जी दुर्वासा, विश्वामित्र, रावणादि ।
+ – पारासर स्मृति ८।३३ मनुस्मृति ९।३१७ र रामायण आरण्य काण्ड ।
× – मनुस्मृति ४।८१ ।
* – गौतम धर्मसूत्र २०।४।५ ।

अगाडि सर्छन् धन दक्षिणा लिन । दरिद्र कुत्ता सरि ती नहुन् किन!
[पं. दुर्गानिधि]

यो आलोचना सुनेर ब्राह्मणवर्गले मुहार-मलीन नबनाउन् । किनभने सत्य सँधै तीतो हुन्छ । तीतै चिराइतो औषधी नभई गडेको जरो जानपनि जाँदैन ; भूलको सुधार हुनपनि यस्तै हो । सत्यको धारणाबाटै सदा सबैको कल्याण छ । अतएव सार-सत्य छानीछानी अँगाल्नोस् ।

एक से ब्रह्मै पन्थ चलाया । एकसे हंस गोपालहिं गाया ।।५।।
एक से शम्भू पन्थ चलाया । एक से भूत प्रेत मन लाया ।।६।।

अर्थ– एक व्यक्तिबाट अद्वैत ब्रह्मको सिद्धान्त चल्यो, एकबाट गोपाल–श्रीकृष्ण नै हंस–आत्मास्वरूप हुन् भन्ने वैष्णव सम्प्रदाय चल्यो ।।५।। एक व्यक्तिबाट महादेवको पन्थ–शिवाचार जङ्गम सम्प्रदाय चलनगयो । एकबाट भूत-प्रेतको आराधना गर्ने प्रथा चल्यो ।।६।।

एक से पूजा जैनि बिचारा । एक से निहुरि निमाज गुजारा ।।७।।
कोइ काहूका हटा न माना । झूठा खसम कबीरन जाना ।।८।।

अर्थ– एक पुरुषबाट तीर्थङ्करहरूको पूजागर्ने जैन-सम्प्रदाय खडा भयो । एकबाट दिनको पाँचबार जमीनमा निहुरेर बन्दगी गरी निमाज पढने इस्लाम-धर्म चल्यो ।।७।। किन्तु विवेकीजनको निर्णय–शिक्षा कसैले मानेनन्, झुट्टै खसम–इष्ट कहीं छन् र तिनले हामीलाई तारिदेलान् भन्ने कबीरन–अविवेकी जनले ठाने ।।८।।

अरू– सम्यक विवेक-बिना मानिस, आ-आफ्ना कल्पनाका इष्ट–मिथ्या कर्ता, भर्ता व्यापक-ब्रह्म कृष्ण, महादेव, भूत-प्रेत,

चन्द्रमुक्तशिला, संकोच-विकासवान्युक्त आत्मा, खुदा—इत्यादिका कल्पना-मान्यतामा परे । पारखी सन्तजनले सम्झाउँदा-हट्काँदा पनि कसैको समझमा उत्रेन ।

जगत्को चाल कस्तो छ, भेडे ताँती बगाल झैं ।
एक पर्दछ खाडल्मा, पर्दछन् सब खाडलै ॥
[बी. सा. २४०]

तन मन भजिरहु मोरे भक्ता । सत्य कबीर सत्य हैं वक्ता ॥ ९ ॥
आपहि देव आपु है पाँती । आपुहि कुल आपु है जाती ॥१०॥
सर्वभूत संसार निवासी । आपुहि खसम आपु सुखवासी॥११॥
कहइत मोहि भयल युगचारी । काके आगे कहौं पुकारी ॥१२॥
कहइत मोहि भयल युगचारी । काके आगे कहौं पुकारी[x] ॥१३॥

अर्थ— [भ्रान्ति-कल्पनामा परेका अबुझ जीवहरू सम्झाउँदा पनि कोही सम्झँदैनन्, अतः अब यहाँ खास प्रेमिजनलाई पारख-कसौटीबाट निखारिएका तथ्य कुरा बताउनु हुन्छ—] हे मेरा परम प्रेमी भक्त ! तन-मन (ज्यू ज्यान) लगाएर सन्त-गुरु र सत्य चेतन स्व स्वरूपकै निरन्तर भजन-स्मण गर । अविनाशी स्वरूप कबीर अर्थात् जीव चेतन नै हो । सत्यवक्ता पनि संसारमा एक पारखी सन्त नै हुन्छन् ॥९॥ तिमी शुद्ध चेतन नै परमदेव हौ । ती देवको पूजा-अर्चाको निम्ति फूल-पत्र, पूजा-सामग्री पनि स्वरूप स्थिति नै हो । कुल जाति पनि सबै उसैलाई सम्झ ॥१०॥

संसारका सबै प्राणीका हृदयाकाश-निवासी यही चेतन नै सार-सत्य परमतत्व हो, आफ्नो स्वामी पनि आफैं हो । बोध-

[x] – यहाँ यो वचन दिक्दारीका साथको उद्गार हो । यस विषयमा उहाँकै निषेधात्मक वचन छ—'कृतिया सूत्र लोक एक अहई । लाख पचासकी आयू कहई ॥'
[रमैनी ५७]

वैराग्यद्वारा निर्वासनिक शान्ति-स्थितिमा निवास गर्न योग्य पनि यही छ ।।११।। यसरी सत्य बोध भन्दा सुनाउँदा मेरो चारयुग अर्थात् अठचालीस वर्ष बित्यो, अथवा चारैपन गइसक्यो, म अब फेरि कसका समक्ष गई चिच्याउँ! अज्ञ जन-समाज जति भनेपनि मान्ने होइनन्, अब आफैं सम्झेर ग्रहण गरुन् ।।१२।।

साखी-- साँचहि कोई न माने । झूठेहि के संग जाय ।
झूठेहि झूठा मिलि रहा । अहमक खेहा खाय ।।१४।।

अर्थ-- स्वयं ज्ञानगुणसम्पन्न चेतन जीव नै सत्य हो, सदाचार हंस-रहनबाट सबैको कल्याण छ भनी म भन्छु, अरूपनि सत्य कुरा बताउँदा कोही स्वीकार गर्दैनन् । कल्पित इष्ट-प्राप्ति, लोकान्तरको निवासकै मिथ्या कुरामा हौसिई सबै उतै खनिन्छन् । झुट्टा भ्रामक शिक्षकका साथमा कल्पित इष्ट, मनगढन्ते लोकको निवास र झुट्टै मुक्तिको आशामा अल्झेका भावुकजन मिलिरहेछन् । भैगो! अहमक-सारै अबुझ जन-समाज अन्तमा खेहा--धूलो फाँकोमार्नेछन् ।।१४।।

अरू-- संसारमा वेद, शास्त्र, पुराण, स्मृति, कुरान, बाइबिल आदि धर्मग्रन्थहरू प्रचारमा जे-जति प्रचलित छन्, ती सबै ऋषि-मुनि, महात्मा फकीर औलिया पोप-पादरी आदि मानवद्वारा नै रचिए । यिनैद्वारा समस्त सिद्धान्त चले । अतएव ती मत, ग्रन्थहरू भन्दा यिनका कर्ता मनुष्यजीव नै श्रेष्ठ हुन् । निर्मान, शुभाचरण र सत्य-निर्णय पारखज्ञानबाट मात्र सबैको कल्याण छ, यही कार्य सबैले बनाउनु, मनुष्य जीवनको सदुपयोग गरिहाल्नु-मुख्य कर्तव्य हो । गुण-दोष न बताई अशुभ-असत्यको त्याग र शुभ-सत्यको ग्रहण नहुने हुनाले यहाँ यो निर्णयगर्न गुरु कबीरलाई बाध्य हुनु-परेको हो* । विवेकी ब्राह्मणवर्गसमेतले गुणग्राही बनी आफूमा

* -- संत तुलसीदासजी पनि भन्नुहुन्छ --
तेहिते कछु गुण दोष बखाने । संग्रह त्याग न बिनु पहिचाने ।। [रामायण]

कुनै त्रुटि देखिए भने कत्तिकष्ट नमानी तिनको सुधार गर्नेतिर लक्ष्य दिनु–यही मानवता र दैवी आचरण पनि हो ।

पद्य–१४

अत्यन्त पापी ती अभिमानी, देखौवा वेश ली ।
सिधा र साधा मानवलाई, सताए का छली ॥
वामन रूप हरिले लिई, बलिलाइ छकाए ।
बाहुनज्यूले कसको काम, जगत्‌मा बनाए !

सबको हक खोसेर थिच्ने, ब्राह्मण भनाई ।
यिनको थाप्लो लाग्न गो दोष, कुचाल सिकाई ॥
पुराण वेद यिनैले रचे, अनेक प्रकार ।
जसरी हुन्छ आफू नै ठूला, बन्नमा तयार ॥

धौटाले चलायो ब्रह्मको पन्थ, हंसमत एकले ।
एकले गोपाल शिवको पन्थ, भूत प्रेत एकले ॥
एकले जैनी आचार्य मानी, पूजन गर्दछन् ।
एकले नित निहुरी निमाज, पाँच बार पढ्दछन् ॥

कसैका वचन कोहीले पनि, रत्तिभर मान्दैनन् ।
फूट्टा हो खसम भनेको कुरा, अज्ञजन जान्दैनन् ॥
तन मन भजी हे मेरा भक्त, संलग्न रहनु ।
सत्य हुन् कबीर सत्यका वक्ता, सत्य नै गहनु ॥

आफैं हो देव आफैं हो पत्र, जाति कुल स्व सम ।
समस्त भूत संसार वासी, आफूनै खसम ॥
यो कुरा मैले कथन गर्दा, चारै युग सकियो ।
कसका साम्नु पुकारी भनूँ, चुप्चाप लागियो ॥

श्लोक– न मानी सत्य कोहीले, फुट्टै का साथ लाग्दछन् ।
फुट्टै फुट्टा मिले टम्म, खरानी अज्ञ फाँक्दछन् ॥

रमैनी–१५

वोनई बदरिया परिगौ सन्झा । अगुवा भूला बनखण्ड मन्झा ॥१॥
पिय अन्ते धन अन्तै रहई । चौपरि कामरि माथे गहई ॥२॥

अर्थ– हृदयाकाशमा नयाँ-नयाँ भ्रमको घनघोर बादल उठेर अज्ञान-अन्धकारले ढाक्यो । संसारका व्यवस्थापक ब्रह्मादि पण्डित-

हरू पनि उही बनखण्ड–वाणीजालमा भुले भने अरूको के कुरा ! ॥१॥ पिया–इष्टदेव कहीं अन्तै–स्वर्ग धाम, गोलोकादिमा छन् भन्ने कल्पना गर्छन्, तर धन–मुख्य सार सर्वस्व भने यहीं हृदयमै छँदै छ । उसलाई भुलेर कल्पित इष्ट-प्राप्तिको निम्ति चौपरि कामरी–चार वेदको काँवर* –भारी मान्छेले आफ्नै थाप्लामा बोकिरहेछन् ॥२॥

साखी– फुलवा भार न ले सकै । कहै सखियन सों रोय ।
ज्यों ज्यों भीजै कामरी । त्यों त्यों भारी होय ॥१५॥

अर्थ– फुलवा–नव जिज्ञासु उपर्युक्त कल्पितमार्गका नियम पालन, साधना आदिको बोझा थाम्न सक्तैन । ती भारीले थिचेको कष्ट र इष्ट परमात्मा नपाईएको विरह-चिन्ता, आफ्ना संगीहरूसित रुँदै दुःख पोख्तछ । तर के गरोस्; ज्यों ज्यों भीजै–जति-जति साधना-उपासनादिमा र ईश्वर-प्राप्तिको लालचरूप पानीमा कामरी–हृदय भिज्दै जान्छ, उति-उति भारी–बुद्धि गाडिंदै जान्छ र जडाध्यासी बन्दछ । यतिसम्म गरिसकें; अब कसरी यसलाई छाडौं ! इत्यादि संकोचमा परी वाणी-कल्पना र भोगका धापमा धसिन्छ ॥१५॥

अरू– (दोस्रो-अर्थ) अथवा कामासक्तिरूप बादल उठेर हृदय छोपी विवेक-रहित अन्धकार हुन्छ । यही अँध्यारामा पूर्वका महज्जन पनि भुले । प्रियता अन्तै–प्रेयसीमा मान्छन्, शान्तिको सम्पत्ति चेतन भने थियो– यही अन्तस्तलमा । चौतर्फ व्यवहारको भार जीव आफ्नै थाप्लोमा बोकी भोग-जालमा घुस्तछन् । वृद्धावस्थामा अशक्तभई फूलजति गह्रौं भार पनि थाम्न कठिन पर्छ । परिवारबाट निरादर भएपछि आफ्ना दौंतरी साथी भेट हुनासाथ

* – नोल लगाई बोकिने खर्पनसमानको भारी ।

दुःखपोख्न गुनासो गर्न थाल्दछन् । जति–जति जर्जर हुँदैगयो उति उति कष्ट-सन्तापको भारी थपिई असह्य दुःख हुँदैजान्छ र प्राणसम्म त्याग्न पनि तत्पर हुन्छन् । तैपनि मनुष्य चेत्ने होइनन् ।

'अहो मोह महिमा प्रबल, सबको करत बेहाल।' [वैराग्य श.]

पद्य–१५

सघन मेघ मडार्री उठ्यो, झमक्क साँझ भो ।
अगुवा भुले जङ्गल बीच, अन्योल भारी भो ।।
प्रितम अन्तै धन छ अन्तै, के गर्ने अब लौ !
चौकी र काम्लो थाप्लोमा बोक्छन्, छुटन पर्‍यो धौ ।।

श्लोक– कोपिला बोझले व्यस्त, रुँदै भन्छन् सखी कन ।
जति जति भिज्यो कम्बल्, उति हुन्छ गह्रौं पन ।।

रमैनी–१६

चलत चलत अति चरण पिराना । हारि परे तहाँ अति रे सयाना।।१।।
गण गन्धर्व मुनि अन्त न पाया । हरि अलोप जग धन्धे लाया ।।२।।

अर्थ– कल्पित इष्टको प्राप्तिनिमित्त तीर्थ-भ्रमण, परिक्रमादि गर्दा, साधन-चतुष्टयमा लाग्दा-लाग्दा साधकको चरण–मन अति थाक्यो । यी कल्पनाबाट धेरै टाठाबाठाहरू पनि हारखाए ।।१।। गन्धर्व-गण, ऋषि-मुनिहरूले पनि यसको रहस्य बुझ्न सकेनन् । परमात्मा अति सूक्ष्म र गुप्त हुनुहुन्छ भनी योग-ध्यानादिको धन्धा–साधनामा लागे ।।२।। परन्तु–

गहनी बन्धन बाण नसूझा । थाकि परे तहाँ किछउ न बूझा ।।३।।
भूलि परे जिय अधिक डेराई। रजनी अन्धकूप होय आई ।।४।।

अर्थ– भ्रामकजनका कल्पितवाणी नै गहनी–कठोर तीक्ष्ण बाण हुन् । तिनै बाण निष्पक्ष-बुद्धि छेदक पनि हुन् भन्ने यिनले कत्ति देख्न सकेनन् । थकितभई तिनको त्यहाँ–वाणीजालमै

वास पऱ्यो। किछउन बूझा–पारखी सन्तसित सत्यको बाटो सोधेनन्, अन्योलमा परे ॥३॥ स्वर्गादि धामको महिमायुक्त वाणीमै अल्मलिए। वेदादिका वचनमा रत्ति उल्लंघन भयो भने नास्तिक पतित होइएला भनी अत्यन्त भयभीत भए। अन्धकूप–निष्पट्ट अँध्यारो गहिरो इनारसमान बनी उनका हृदयमा अज्ञान अति आच्छादित हुनगयो ॥४॥

माया मोह उहाँ भरपूरी । दादुर दामिनि पवन अपूरी ॥५॥
बरसै तपै अखण्डित धारा । रैन भयावन कछू न अधारा ॥६॥

अर्थ– उसमा छल-कपट, ममता-आसक्तिले आच्छादित रहन्छ। कामादि-भ्याकुताका शब्द, राग-द्वेषरूपी बिजुलीको चमक्याई, वासना-वायुको प्रबलता रहन्छ ॥५॥ तृष्णाको मूसलधारे वृष्टिमा रुझी, तीनतापको भदौरे घाममा टट्टिँदै, पूर्ण अज्ञानरूपी अन्धकार-रात्रिमा परिन्छ। आफ्नो केही उपाय चल्दैन, कुनै आश्रय पाइँदैन ॥६॥

अरू– वाणीजालबाट खानिजालमा पुगिनु स्वाभाविकै हुनाले त्यहाँ मान-महन्ती, चेला-गुरुवाई विद्या-वित्तादि विभूति र परिणाममा नारी कुटुम्बादिको मोह-ममता हृदयमा भरिनेहुन्छ। काम-क्रोधादि बथानका बथान पाहा भ्याकुता आ-आफ्ना राग अलापी नै रहन्छन्। क्षण-क्षणमा आसक्ति-राग, अतृप्तिरूपी बिजुली चमकिरहन्छ। बाह्य भोग-विषय सम्मुख पर्दा झन् वासनाको हुरी-वायुवेग बढ्दछ। अखण्ड मूसलधारे वर्षा-वृष्टिसमान कामना-तृष्णा बर्सन्छन्। जीवले निरन्तर तीनतापमा जलिरहनुपर्दछ। अज्ञानरूपी भयानक अँधेरी रात सँधै रहिरहन्छ। ज्ञान-सूर्य कहिल्यै झुल्कनसम्म पनि सक्तैन। सत्संग, पारखबोध र विवेकी सन्तको आश्रय बिना जीवको कुनै स्थिति-लाग्नसक्तैन; दुःख औडाहमै जीवन व्यतित हुन्छ।

साखी– सबै लोग जहँडाइया । अन्धा सबै भुलान ।
कहा कोई ना माने । सब एकै माहिं समान ।।१६।।

अर्थ– भोगासक्ति र वाणी-कल्पनामा परेर सारा संसार ठगिए, भ्रान्तभए । बिना पारख कल्याणको कतिराम्रो बाटो पनि भूलिरहेछन् । लाख सम्झाउँदा पनि कोही मान्ने होइनन् । एक भोगासक्तिमा संसारी प्राणी र अर्का जडाद्वैतवादमा भौतिकवादी तथा तेस्रा अद्वैत ब्रह्मवादमा वेदान्तीहरू– यी सबै एक समान कल्पनामै मिलिरहेछन् ।।१६।।

अरू– यो रमैनीमा विषयासक्तिको साथसाथै अद्वैत ब्रह्मवाद, शैव शाक्त वैष्णव मत जडवाद आदि समस्त भ्रान्ति-कल्पनाका मार्गमा जीव सबै भूल-वश अल्मलिएका देखी गुरु कबीर सारै खेद व्यक्त गर्नुहुन्छ । उहाँको निजी मन्तव्य नै उपर्युक्त सिद्धान्त हुँदो हो त आफ्नै पथका पूर्वाचार्यहरूको यस्तो आलोचना गर्नुहुने थिएन । उहाँको त सिद्धान्त हो–"समस्त जडाध्यास, दुर्गुण-दुराचार छाडी; प्रतिघट छुट्टाछुट्टै अनादि, अविनाशी, स्वतन्त्र चेतन-अनेक ज्ञानस्वरूपलाई अँगाल्नु । यसैलाई ठीक-ठीक जानी यसैमा स्थिति बनाउनु ।" यस युक्तिबाट हामी पनि ठगिने; दुःख पाउने हुँदैनौं । सम्पूर्ण भ्रान्ति कल्पनाबाट फुर्सतपाई कल्याणमा स्थिर हुनेछौं । 'नबुझी मत न पस्नु, रुझेपछि श्रोता नबस्नु' भन्ने उक्ति अनुसार आफ्नै कुलपरम्परामा चलिआएको सिद्धान्त भएपनि राम्रो विचार गरेरमात्र अँगाल्नु–अघिबढ्नु उचित छ ।

पद्य–१६

हिँड्दा र हिँड्दा गलेर गोडा, दुःखी भै लत्रिए ।
होशियार मैंहूँ भन्ने जन पनि, हार भै थच्चिए ।।
गन्धर्वगण मुनिले पनि, क्यै अन्त पाएनन् ।
गुप्तछन् हरि पाउँला भनी, धन्दामा लागे छन् ।।

कठोर बन्धन बाण त्यो पनि, दृष्टिमा आएन ।
थाकेर पऱ्यो त्यै जाल बीच, क्यै पत्ता पाएन ॥
भूलमा पऱ्यो हृदय पनि, अत्यन्त डरायो ।
अँधेरी रात्रि गहिरो इनार, समान भै आयो ॥

माया र मोह बिछट्ट व्याप्यो, साधना छुटायो ।
व्याकुता बोल्छन् बिजुली औंधी, बतास सुसायो ॥
अखण्डधारा मोह को वर्षा, सन्ताप अपार ।
भयङ्कर रात्रि भएर आयो, छइन अधार ॥

श्लोक– संसारै पूर्ण बौलाई, अन्धा भै भूलमा परे ।
भनेको को छ ह्याँ मान्ने !, एक बीच सबै मिले ॥

रमैनी–१७

जस जिव आपु मिले असकोई । बहुत धर्म सुख हृदया होई ॥१॥
जासु बात रामकी कही । प्रीति न काहू सो निरबही ॥२॥

अर्थ– जस्तो स्वयंजीव शुद्ध स्वतन्त्र द्रव्य, चेतन ज्ञान स्वरूप छ, अंश-प्रतिबिम्बरूप होइन; त्यस्तै सम्भनामा समर्थ कोही निष्पक्ष जिज्ञासु भेट्टिए भने भारी पुण्य-राशि बटुल्नसकिनेछ; सुखले हृदय गद्गद हुनेछ ॥१॥ स्व स्वरूप रमैयारामको सत्य निर्णयका कुरा म जो-जोसित गर्दछु, सबै सुन्दैमा झन् हच्कनेमात्र हुन्छन् । साँचो वस्तु पायौं भनी सहर्ष अँगाली अघि बढ्ने, एकरस प्रेम-जोगाउने कोही भएनन्, बिरलै-बिरलैमात्र भए ॥२॥

अरू– हृदय निवासी जीव चेतन नै सत्य हो, यही परम सिद्धान्त पनि हो । चेतन जीव बिना परोक्ष ईश्वर-ब्रह्महरूलाई कसले सिद्धगर्ने, मान्ने-जान्ने ! कर्मफल-भोग, बन्ध-मोक्ष इत्यादि पनि तबै सिद्ध हुनसक्छ, जब जीव चेतनको अस्तित्व र स्वतन्त्रता सत्य-सिद्धहुन्छ । जीव सत्य-सिद्ध भएपछि ईश्वर-ब्रह्मादि बिना पनि उक्त कार्य बन्नसक्तछ । 'जीव सत्य हो, दुःख-सुख भोग

जीवलाई नै हुने हो' भन्ने समझमा आएमात्र धर्म भक्ति गरिने र जीवत्व जानी दयाको पालन हुनेहुनाले यो ज्ञानबाट धर्मको वृद्धि पनि हुनेछ, जीवलाई सुख-लाभ मिल्नेछ र वास्तविक धर्मको बोध-स्थितिबाट हृदयमा शान्ति-सुख पनि आउनेछ ।

एकै भाव सकल जग देखी । बाहर परे सो होय विवेकी ।।३।।
विषय मोहके फन्द छुडाई । तहाँ जाय जहाँ काट कसाई ।।४।।

अर्थ– हेर, मानवमात्रमा एकै भाव–एक ब्रह्मवादकै कल्पना भरपूर भइरहेछ । विवेकीजन नै ती भ्रान्ति-कल्पनाबाट बाँचेका हुन्छन् ।।३।। कोही मुमुक्षुजन गृह-जञ्जाल, मोह-पाशबाट त उम्कन्छन्, तर के गर्ने! कल्याण सम्झेर त्यहीं पुग्छन्, जहाँ निर्णयी बुद्धिका घातक भ्रामकजनको निवास छ ।।४।।

अरू– गुरु कबीरका समयमा अद्वैतवादको विशेष प्रसार रहेछ र उहाँबाट विवेक-चश्माले हेर्दा त्यो मत भ्रम-कल्पनाका आधारमा बाँचे-फस्टाएको देख्नुभएकोले यो बीजक भरमा विभिन्न युक्तिबाट विशेष ब्रह्मवादकै समालोचना गर्नुभएको हो । कर्मी उपासक र योगीहरूको पनि अन्त्यमा व्यापक ब्रह्म वा ईश्वर बन्ने लक्ष्य हुनाले 'ब्राह्मण वैष्णव एकै जाना' अथवा 'एकै भाव सकल जग देखी' भन्नु भएको होला । दोस्रो–मुमुक्षुहरू कल्याणको इच्छाले अगाडि बढ्दछन् र पनि विवेकद्वारा केलाई सत्य निर्णय नै अँगाल्नुपर्छ भन्ने होश हुँदैन । कुल परम्परा वा सहजमा उपलब्ध-सिद्धान्त नै अँगाल्दछन् । अथवा ईश्वरीय पुस्तक अपौरुषेय-अविचारणीय सम्झी, सहसा तिनै लेखका विश्वासमा पर्दछन् । सम्झ–कल्पनाका वाणी-पछि दौडेर अचल मुक्ति-स्थिति कसरी मिलोस् ! बिना विवेक कल्याण हुनेभए पशु, पक्षी, कृमि आदिका शरीरबाट पनि कल्याण गति हुने थियो ।

अहै कसाई छूरी हाथा । कैसहु आवै काटौं माथा ।।५।।
मानुष बडा बडा होय आया । एकै पण्डित सबै पढाया ।।६।।
पढना पढो धरो जनि गोई । नहिं तो निश्चय जाहु बिगोई ।।७।।

अर्थ– कल्पनाग्रस्त भ्रामकहरू हृदयरूप हातमा पक्ष-दुराग्रहको छूरी वा खुकुरी लिई बसेका छन् । तिनको घमण्ड छ–कस्तै जिज्ञासु आएपनि तिनको स्वतन्त्र विवेक-शक्तिरूपी शिरच्छेदन् गरिदिनेछु [भय-लालचदिई मुडिछाड्नेछु] ।।५।। यहाँ एक भन्दा एक श्रेष्ठ व्यक्ति पैदाभए, सबैलाई सर्व विद्वद्वर्गले एक अद्वैत जड-चेतनको समिश्रण ज्ञान नै पढाए ।।६।। तिनी शिक्षा गर्छन्–ब्रह्मज्ञानको पठन-मनन गर्दैगर्नु । धरो जनि गोई–अद्वैतज्ञान-परिपुष्टीका वाणी लेखहरू थन्क्याई नराख, मनन-चिन्तन गर्दैगर; ब्राह्मीस्थिति छाडेर अन्यत्र नअल्झ । विश्व-वैचित्र्यको मनन गऱ्यौ, द्वैतवादीका कुरा सुन्यौ भने बिग्रनेछौ; द्वैतको भ्रान्तिमा नभुली धर पाउनेछैनौ ।।७।।

अरू– जब एक ब्रह्मबाहेक दोस्रा कुनै छँदैछैनन् भने के बाट कसरी बिग्रने? बिग्रेर के हुने ? अर्थात् एक ब्रह्ममा कुसंगत के को, कसरी पर्छ ? कहाँबाट आउँछ ? अद्वैत– शुद्धब्रह्मलाई कसरी बिगार्छ ? एकमात्र शुद्ध निर्मल ब्रह्म पनि दोस्राको अस्तित्व बिना कहीं बिग्रन सक्छ ? भ्रान्ति र अज्ञानले भनौंभने एक व्यापकमा ती कताबाट आउने ? स्वप्नसमान भन्नलाई पनि अद्वैत हुनाले सबैको सपना एक कालमा एकैसमान हुनुपर्ने, त्यो हुँदैन । संसारका सबै मानिसलाई हर अवस्थामा रातो, पहेंलो, नीलो आदि रङ्ग; पृथ्वी, जल, आदि कारण तत्व र कार्य पदार्थहरू– अमिलो पीरो... इत्यादि स्वाद सबै छुट्टाछुट्टै किसिमका अनुभव हुन्छन् । यस्तो सबैलाई सबै अवस्थामा पृथक-पृथक ज्ञान हुनु नपर्ने–इत्यादि

कुरा विचारणीय छ । यसैले अद्वैतवादलाई अँगाल्न पारखी समाजले नसकेका हुन् ।

साखी– सुमिरण करहू रामका । छाडहु दुःख की आश
तर ऊपर धै चापि हैं । जस कोल्हू कोटि पिचास ।।१७।।

अर्थ– हृदयस्थ चेतनस्वरूप परात्पर रमैयारामको सुमिरण–स्मृति-स्थिति गर । दुःखस्वरूप खानी-वाणीजनित सुखाध्यासको लालच छाड । अन्यथा कोलमा ऊखु-तोरी पेलिएसमान तिमी पनि गर्भवास, जन्म-मरण र चारखानिका कोलमा पचासों करोडवार पेलिइरहनेछौ ।।१७।।

अरू– भौतिकी स्थूल शरीर भने दाशरथी रामको पनि सामान्य जन-समाजकै समान छुटेर गयो । अतएव स्मरण-चिन्तन गर्न योग्य स्व हृदयका चेतनराम नै हुन् । यिनैको वास्तविक स्वरूपलाई चिन, उनैमा स्थिति बनाउ ।

'राम ब्रह्म चिन्मय अविनाशी । सर्व रहित सब उर पुर बासी ।।
अस प्रभु अछत हृदय अविकारो । फिरहिं मृगाइव जीवदुखारी ।।'
[रामायण]

अब ती हृदयस्थ रामलाई कसरी चिन्ने ! कसरी उनमा स्थिति बनाउने ? यो कुरा संक्षेपमा सुन–जब हामी द्रष्टाको अभ्यासबाट मनमा उठेका वासनालाई सम्मुखको दृश्य बाह्यवस्तु देखेझैं अलग्ग देख्नसक्नेहुन्छौं, अनि आफ्नो होश आफूपट्टि घुमेर स्व स्वरूपको अनुभूतिमा उत्रन्छौं । यति नभएसम्म हामी नाम रूप जाति–आदिलाई नै आफू सम्झिरहेका हुन्छौं । अहिले हामीले आफ्नो लक्ष्यबाट चेतन ज्ञानस्वरूपलाई नै 'म हुँ' भनेर कहाँ सम्झेका छौं ! माथि भनिएझैं द्रष्टाको अभ्यासमा अभ्यस्त भएपनि भने वासनाका घेराबाट फुक्काभई हामी स्वतन्त्र

बन्नेछौं । त्यसबेला पनि आवश्यकतानुसार वासना-वृत्तिबाट काम लिनसकिन्छ, लिइन्छ पनि; तर वासना हाम्रो स्ववशमा रहन्छ । यति नभएसम्म वासनाकै विवशता जीवले सेवन गरिरहेको हुन्छ ।

वासना-वृत्तिलाई हेरीरहने, आफू उसमा नमिली तटस्थ रहने अभ्यासबाट स्वरूपस्थिति पुष्टहुन्छ । बेहोशीपनाको व्यवहार बाट वासना-बन्धनको वृद्धिभई जीवको आवागमन-चक्र चली नै रहन्छ ।

द्रष्टा-स्थितिको अभ्यास सुपुष्ट भएपछि पूरापुर शान्तिको अवस्थामा 'म द्रष्टा हुँ' भन्ने भानपनि रहँदैन; ज्ञानस्वरूप चेतन-मात्र निर्धूम अग्निसमान रहन्छ । जस्तै हामी जागा रही व्यवहार गरेका बखतमा 'म जागा छु' भन्ने स्मृति गरिरहन किन पर्छर ! व्यवहारमात्र चलिरहेको हुन्छ । द्रष्टापनाको होश हरायो भनेमात्र 'म' को भाव-कर्म बनी प्रवृत्तिमा परिन्छ । उपर्युक्त द्रष्टापनाको भाव परिपुष्ट भएपछि केवल ज्ञानैज्ञान शान्त रहिन्छ, अनि यहाँ कुनै अहंकारादि विपक्षपनाले प्रवेशगर्न सक्तैन । यी कुरा विवेक र साधनायुक्त अनुभव–दुवैबाट जान्नसकिन्छ ।

व्यवहारको अधिक प्रवृत्ति लिनाले, तर्कनाशक्ति बढाउने काम र वाद-विवाद प्रश्नोत्तर गरिरहनाले, अध्ययन-भाषणमा अधिक परिश्रम गर्नाले ती साहित्यिक शिल्पकार, प्रवचनकर्ताहरूलाई किंचित् लाभ हुन्छ; तर आफ्नै स्थितिका इच्छुक निवृत्तिवान्का निम्ति उत्तिको लाभ छैन, वासना-प्रवृत्ति बढाउनुमात्र हो । तिनलाई त सबै कुरा सामान्यरूप नै हितकारी हुन्छ ।

प्राणी सबै सुखका खोजी छन्, सुख शान्ति छ–प्रवृत्तिदेखि माथिल्लो तलामा, त्यहाँ नपुगी चिरस्थायी सुख-शान्ति पाइँदैन । जसलाई आनन्द भन्दछन्, त्यो आनन्दको पनि अभिलाषा रहेसम्म

'म' मेटिएको हुँदैन । जब द्रष्टापनाको अभ्यासबाट द्रष्टा-ज्ञानै-ज्ञानमात्र अवशेष रहन्छ, अनि 'म' भन्ने भाव रहँदैन । अचल शाश्वत आफूमात्र रहिन्छ ।

पद्य–१७

जस्तो यो जीव त्यै सरि व्यक्ति, अरू कै मिलेमा ।
अत्यन्त धर्म आनन्द भई, भरिन्थ्यो दिलैमा ।।
जो संग मैले रामको कुरा, बयान गरेथें ।
पालेनन् प्रेम कसैले पनि, गोतामा परेथे ।।

एउटै भाव जगत्का जन, देखतछु भन्दछन् ।
विवेक गरी अलग हुने, बाहिर बच्दछन् ।।
विषय मोह छोडेर फन्दा, मुमुक्षु धाउँछन् ।
पुग्दछन् जहाँ कसाई त्यहाँ, तुरुन्त काट्तछन् ।।

कसाई तिनै छुरा ली हात, तत्पर भएका ।
भन्दछन् कस्तै आउन्न व्यक्ति, काट्तछौं शिर ता ।।
यो भव बीच ठूलठूला, बनी मानिस त आए ।
एउटै भन्ने सबैमा पाठ, विद्वान्ले पढाए ।।

बेसरी पढ सम्पूर्ण विद्या, नराख कसर ।
नत्र त हेर जानेछौ खेर, निश्चय यो गर ।।

श्लोक– भजन रामको गर्नु, दुःखको आश छाड है ।
तल माथि अचेतेर, पेल्नेछन् कोल कोटिऐं ।।

✲

रमैनी–१८

अदबुद पन्थ बरणि नहिं जाई । भूले राम भूलि दुनियाई ।।१।।
जो चेतहु तो चेतहु रे भाई । नहिं तो जीव यमले जाई ।।२।।

अर्थ– आश्चर्यको मार्ग–चेतन ज्ञान तत्व र जडद्रव्य एउटै हो भन्ने बिना विवेकका सिद्धान्तको गाथा गाएर गाइनसक्नु, सारै अचम्मको छ । यस्तै ज्ञानमा श्री रामजस्ता महापुरुष पनि भुले भने अरू सामान्य जन-समाज त भुल्ने नै भए ।।१।। भाइ !

जाग्ने–होशगर्ने भए गरिहाल, ह्वै नभने तिमी जस्ता अविवेकीलाई भ्रम-वासना, भ्रामकजनले घिच्याई कल्पनाकै नगरमा पुऱ्याउने-छन् ॥२॥

अरू– भ्रान्ति-कल्पनाआदिको परीक्षा गर्नेतिर लक्ष्य नगई वेदादि वाणीलाई नै सर्वथा आप्तवाक्य मानेर गुरु-परम्पराप्रति अखण्ड श्रद्धाको आधारबाट परापूर्वदेखि 'जड-चेतन दुवै एउटै हो, सुषुप्ति मूर्च्छा र समाधिमा जगत्को अस्तित्व नरहने हुनाले यो विश्व हुँदैनभएको मिथ्या दृश्य-भ्रममात्र हो' भन्ने तथ्यमा अद्वैत मत अडेको छ। यही ज्ञान वशिष्ठ मुनिले श्री रामजीलाई दिनुहुँदा वृहद् योगवाशिष्ठ ग्रन्थ तयार भएको छ। यसको ठीक-ठीक विवेक गरी सत्य निष्कर्ष निकाल्ने काममा उहाँहरू लाग्नु भएन छ र पूर्व-वाणीका आधारमा स्वीकार हुँदैगएको रहेछ। अथवा अद्वैत मत-पुष्टिका निमित्त राम-वशिष्ठलाई पात्र बनाई पछि पनि ग्रन्थको रचना हुन सक्तछ। कति विद्वान्को यो मत पनि छ।

अन्य धेरै जसो विवेकी जनका शोधमा त्यो अद्वैत-कथन बाट चित्त नबुझेर आ-आफ्ना निश्चय पृथकै-पृथक व्यक्त गर्नुभएको छुट्टाछुट्टै शास्त्रादि बनेका पनि छन्। द्वैतवाद त्रैतवाद र अन्य अनेक मत-पन्थहरू पनि चलिरहेकै छन्। सुषुप्ति मूर्च्छा र समाधिमा बाह्य संसार नासिएको हुँदैन, त्यसबखत व्यक्तिमा साधनको अभावले संसारको भान नभएको सम्म हो। समाधिस्थ पुरुष पनि सोही अवस्थामा उठेर हिंडे वा अरूले धक्का दिए भने ठक्करलाग्ने, लड्ने, चोट बज्रने नभई छाड्दैन। उनीहरूले पनि शरीर-निर्वाहको निमित्त भोजनादि जड पदार्थहरूको उपयोग लिएकै हुन्छन्। विदेहमुक्तिमा साधनको अभावले आफूलाई बाह्य

वस्तुको भान रहेन भन्दैमा चिरस्थायी विश्व-पदार्थ नै नभएको भन्न मिल्दैन। साधन र मान्यता नरहनाले मुक्त-जीवको बाह्य वस्तु-संग सम्बन्धसम्म नरहेको हो। यसैले यो कुरा विवेकबाट असंगत हुनाले 'अदबुदपन्थ वरणि नहिं जाई' भनी अद्वैतवादलाई 'भूलको मार्ग' भन्ने संज्ञा दिनुभएको हो।

शब्द न माने कथै ज्ञाना। ताते यम दियो है थाना ॥३॥
संशय सावज बसे शरीरा : तिन खायो अनबेधा हीरा ॥४॥

अर्थ– भ्रान्ति-कल्पनाद्वारा ग्रस्त रहेका साधकहरू सत्य निर्णयी वचन पनि रूचाउँदैनन्, कल्पित-मान्यताकै कुरामात्र कथन गर्दछन्। अतएव यम–भ्रम-कल्पना र विषय-वासनाले अन्त्यमा गर्भवासको थाना–स्थिति दिंदैछ ॥३॥ संशय सावज–भ्रान्ति कल्पना आसक्तिले अज्ञ जीवको शरीर–हृदयमा निवास गरि-रहेछन्। यसैले अछेद्य हीरा–अखण्ड चेतनजीवलाई खायो अर्थात् महान् कष्ट-जलनमा पारिरहेछ ॥४॥

साखी– संशय सावज शरीरमें, संगहिं खेले जुआरि।
ऐसा घायल बापुरा, जीवहिं मारे झारि ॥१८॥

अर्थ– उपर्युक्त ब्रह्म-कल्पनाको संशयरूप सर्प शरीर भित्र बसी जीवको साथ जुवा खेलिरहेछ, जित्नै–टोक्ने दाउहेरि-रहेछ। यसरी संसार–विषय वासनाबाट घाइते भएको बिचरो जीवलाई झारि–ती भ्रान्ति कल्पना वासना सबै मिलेर मारी भुतुक्क पारिसके ॥१८॥

अरू– वेदान्तका ग्रन्थहरू र ब्रह्मज्ञानी गुरुजनबाट 'जगत् को अस्तित्व छँदैछैन, एक अद्वैत ब्रह्म चराचर व्यापक छ' भन्ने सुनिन्छ। तर बाहिरी-भित्री दुवै प्रकारका नेत्रबाट जगत्–नाना-त्व प्रत्यक्ष अनुभवमा आउँछ; व्यवहार पनि अनेकत्वबाटै चलि-

रहेछ । यसैले दुविधा-वश वरिष्ठ-वरिष्ठ व्यक्तिका मनमा पनि संशय उद्भव भइरहनु स्वाभाविकै हो । मुखले एक अद्वैत भन्ने-हरूको पनि भित्री अध्यास-संशय छुटेको हुँदैन । यिनमा केटाकेटी खेलाई समानका कर्म उपासना जप योगादि र संसारी प्रपञ्चा-सक्तिसम्म पनि रहिरहेका हुन्छन् । यिनै कर्महरूमा समय-समय संलग्न देखिन्छन् । यसैले गोस्वामीजी भन्नुहुन्छ—'कानले सुनिन्छ—अद्वैत, आँखाले देखिन्छ—द्वैत प्रपञ्च, अनि मनमा संशय बनिरहन्छ । यहाँ मुखले समता गरेपनि कामले विसमता हुनजान्छ । जहाँ एकले अर्कालाई अर्कै भन्नथाले, अर्थात् वचनले अद्वैत भन्छन्, उता—कर्म, उपासना, यज्ञ, यागादि र भाषण, शिक्षा-प्रचार पनि स्व मत वृद्धिकै निम्ति तृष्णापूर्वक गर्दछन् । 'यी हाम्रा मतका, ती पराई मतका, विरोधी सिद्धान्तका, फलाना-फलाना नास्तिक, भेद-वादी…' इत्यादि भन्न-सम्झन पनि छाड्दैनन् । जब एक ब्रह्मबाहेक दोस्राको अस्तित्व नै छैनभने त्यो सबै कसलाई भनेका ? किन भनेका ? विचार गर ! यस्तालाई अद्वैतको बोध कहाँ भएको रहेछ र ?

सुन्यो श्रवण देख्यो नयन, संशय मनहिं समान ।
तुलसी समता विषम भौ, कहत आनको आन ।। [तु.सतसई]

पद्य—१८

उधेक लाग्दो पन्थको बयान, सकिन्न गरन ।
श्रीराम भुले संसार सबै, भूलकै शरण ।।
चेत्ने हो भने हे भाइ तिमी, चाँडै नै चेतन !
नत्र ता जीव घिच्च्याई लालान्, यमले हेरन !

निर्णयो शब्द यी मान्ने हुँदैनन्, ज्ञान पो कथ्ने फन् ।
यसैले यम पासमै आफ्नो, कुथान दिनेछन् ।।
संशय पशु शरीर बीच, अटल बसेर ।
सुलुक्क निल्यो अवेध हीरा, पटल फसेर ।।

श्लोक– संशय जन्तु यो ज्यूमा, जुवा पो साथ खेल्दछ ।
यस्तो घायल हा ! बौरा ! सम्पूर्ण जीव मार्दछ ॥

रमैनी–१९

अनहद अनुभव के करि आशा । ई विप्रीति देखहु तमाशा ॥१॥
इहै तमाशा देखहु रे भाई । जहवाँ शून्य तहाँ चलिजाई ॥२॥

अर्थ– जसको कुनै सीमा छैन, रूप-गुणै छैन, त्यस्ता ब्रह्मको अनुभवगर्छु-उसलाई प्राप्तगर्छु भनी मानिस आशा गर्दछन् । अनहदनाद सुन्दछन्; यो कस्तो उल्टो खेल हेर! ॥१॥ भाइ हो ! यो तमाशा राम्ररी सम्झ विचार गर ! यो त जहाँ केही छैन-खाली छ, त्यहीं ओइरो लागी सारा समाज गइरहेछन् ॥२॥

अरू– अनहदनाद भन्नाले बाह्य शब्दको गति रोकिएपछि भित्र भानहुने एक प्रकारको शब्दाभास, छायारूपमात्र हो । यो नाद–जड शब्द सुनने अभ्यासबाट प्रथमका साधकलाई मन रोक्न केही उपयोगी हुन्छ तापनि वास्तविक परमतत्व–चेतन स्व स्वरूप यो होइन । यसैलाई परमतत्व सम्झनु भूल हो । विश्वमा शून्य-खालीबाहेक अरू बेहद असीम, सर्वत्र व्यापक कुनै पदार्थ नै छैन । यस्ता बेहदका अवस्तुलाई पाउने आशामा जहाँ साधक अल्झिए, त्यहाँ असंख्य समयसम्म चक्कर काटिरहने भए । विचार गरौं ! हदै नभएका बेहदको हद के पाउनु ? शून्यमा कहाँ स्थिति ? बरू ती शून्य स्वरूप गर्भवासमा पो पुग्नेभए । अतएव यही विवेकी शरीर मानवजीवनमा परम सत्यको पारख गरिहाल । सबैको कल्पना गरी कल्याण चाहने तिमी नै चेतन, ज्ञानस्वरूप अखण्ड एकरस, अनादि परमतत्व ह्वौ । अतएव सबै कल्पना छाड, स्व स्वरूपको बोध-भावमा शान्त बन ।

शून्यहि बन्धे शून्यहि गयऊ । हाथा छोडि बेहाथा भयऊ ॥३॥
संशय सावज सकल संसारा । काल अहेरी साँझ सकारा ॥४॥

अर्थ– शून्य स्वरूप-ब्रह्म बन्ने इच्छुकजन जति खालीमैं परे । हातको अनमोल मानवीय जीवनलाई कल्पनाकै लालचमा परी गुमाए । बेहाथा–कल्याणको सामलबाट रित्तोभई बोक्रिए 'हात लाग्यो शून्य' भयो ।।३।। स्व स्वरूप पारखको बोध-बिना सारा संसार संशयरूपी पशु–बाघ, भालू आदिबाट त्रस्तछन् । उता–काल (भ्रामकजन) रूपी शिकारीले संशय-निवारण गरिदिन्छौं भनी प्रातः सन्ध्या नित्यप्रति भ्रम-कल्पनाको शिक्षा-दीक्षारूपी बाण चलाइरहेछन् ।।४।।

अरू– यसै गरी जीव झन् दुःख माथि महान् दुःखमा परिरहेछ । विवेकबाट काम लिन नसकेसम्म जीवको यस्तै दुर्दशा भई नै रहनेछ ।

अद्वैत-निष्ठकहरूको भनाई छ–एक चेतन ब्रह्म सर्वत्र व्याप्त छ । अविदया-अन्तःकरणविशिष्ट चेतन, जीव हो; विराट् माया विशिष्ट चेतन, ईश्वर हो । उपाधिरहित अवस्थामा दुवै एक शुद्ध आत्मा रहन्छ । पिण्डको अविद्यामाया अन्तःकरण र ब्रह्माण्डको विराट्माया– यी दुवैलाई हटाइदिनु, शुद्ध चेतन आत्मा एकमात्र अवशेष रहिहाल्यो । इत्यादि प्रकरण बताउँदै, यसैको सिद्धिका निम्ति अनेक उदाहरण प्रयोग गरेका पाइन्छन् । ती मध्ये एउटा उदाहरण हो– 'जस्तो घटभित्रको खालीभागलाई घटाकाश र घरभित्रको रित्तो भागलाई मठाकाश भनिन्छ, घट र घरको उपाधि-हटाइदिनु केवल महदाकाश बाकी बच्तछ ।'

आफूले मानेका परमात्माको खोजिगर्दा जब कहीं पाउँदैनन्, तब हारखाई थाक्तछन् । अनि उपर्युक्त सिद्धान्त अँगालेर आधार लिन्छन्–हृदयस्थ चेतन स्व स्वरूपको । उता–वाणीका आधारमा व्यापक ब्रह्म अद्वैत हुँ, भनी विश्व नै मेरो स्वरूप हो भन्ने सम्झन थाल्दछन् । ईश्वर-ब्रह्म, राम-रहीम जे भनेपनि उसलाई खोज्न

बाह्य कर्तै नग्रल्छी, अन्तरको जड-भिन्न अपरोक्ष स्वरूप चेतनलाई नै अँगालेका पक्षमा विवेक-सम्मत ठीकै थियो। केवल उसको स्वरूप एकदेशी वा सर्वदेशी के कस्तो हो? यसैको ठीक-ठीक पारख गरी सत्य सार वस्तुलाई नै अँगाल्नु अति आवश्यक छ।

समस्त प्राणीलाई दुःख-सुखादि स्व-स्व कर्मानुसार स्वभावतः भइरहेकै छ। 'सुखस्य दुःखस्य न कोऽपि दाता'–सुख र दुःखका दाता अरू कोही छैनन्। '[अध्यात्मरामायण]' स्वभावस्तु प्रवर्तते' [गीता] 'कर्म फल भोग निमित्त कुनै कर्ताको आवश्यकता पर्दैन' [सांख्य तत्व कारिका] इत्यादिबाट र कुनै अरू तथ्य प्रमाण नपाइनाले परोक्ष दोस्रो कर्ता सिद्ध हुँदैन। जिज्ञासुलाई स्व स्वरूपको बोध-धारणा भएपछि वासना-विनाश भई जीवको मुक्ति-स्थिति हुन्छ। यस विषयमा सहायक बोध-वैराग्यनिष्ठ सन्तजन हुन्छन्। अतएव यस कामको निम्ति पनि ईश्वरादिको कल्पना गरिरहने कुनै आवश्यकता पर्दैन।

एक व्यापकमा बन्धन-मुक्ति र यस्तो व्यावहारिक अनेकता बन्न सक्तैन। दोस्रो कुरा–भ्रान्ति भन्न पनि एक शुद्ध ब्रह्ममा कहाँबाट भ्रान्ति आउने? कसरी भ्रान्ति लाग्यो? भ्रान्ति सत्य भएपछि 'एक अद्वैत छ' भन्ने के गरी? तेस्रो–एकै ब्रह्म सत्य भए, एकको बन्धनबाट सबैको बन्धन र एकको मुक्ति हुँदा सबैको मुक्ति हुनुपर्थ्यो। एक अद्वैतमा दोस्रो अविद्यामाया कताबाट आउने? अनेक मत-वाद किन-कसोगरी बने? 'हामी शुद्ध आत्मा हुँ, हाम्रो आवागमन हुने होइन, कर्मफल पनि आत्माले भोग गर्ने होइन भन्ने हो भने ज्ञान र साधनाको के प्रयोजन? हामीलाई ज्ञान होस् वा नहोस्, फल अर्कैले भोग्दोरहेछ त! अर्को पनि कसलाई भन्ने? सबै भ्रान्ति नै न हो! भ्रान्ति भन्दा 'अद्वैत छ, म भ्रान्त छु,

अद्वैतको बोधबाट कैवल्यमुक्तिमा प्राप्तहुन्छु' के यो समझ पनि भ्रान्ति नै त ठहरेन !

हुनता हाम्रा ऋषि-महर्षिहरूले अतित कालदेखि नै परमतत्व सारवस्तुको खोज-अन्वेषण गर्दै आइरहनु भएको हो । उहाँहरूले अनेक शोध-खोज गरी हामीलाई कल्याणका सम्पत्ति बहुतै थुपारिदिनु भएको छ। यस कुराको निम्ति हामी उहाँहरूको कृतज्ञी छौं । परन्तु यो हृदयस्थ रमैयाराम अविनाशी द्रष्टा साक्षी चेतन जीवलाई पनि दृश्य जडमा मुछेर एकै खिचडी बनाइदिएका कुरा विवेक-विरुद्ध हुनाले गुरु कबीरबाट विशेष निर्णय गरी तथ्यकुरा देखाउनको निम्ति तीव्रतापूर्वक प्रकाश पार्नुभएको हो ।

वास्तवमा चेतन प्रतिघट भिन्न-भिन्न अनेक छन् भन्ने कुरा सांख्य-कारिका १८ को व्याख्याबाट पनि सिद्ध छ । चेतन व्याप्य-व्यापक अंश-अंशी आभास प्रतिबिम्ब-होइन । स्वयं ज्ञान स्वरूप अखण्ड चेतन द्रष्टा ज्ञप्तिमात्र तत्व हो । पृथ्वी आदि जडतत्व र शून्य-अभावदेखि ऊ सर्वथा छुट्टै छ । देहधारी जीव अगणितभई जतातत्तै अनुभव ह्ने भेट्टिने, शरीर निर्वाहका क्रिया गर्दा बचाउन पनि अति कठिन पर्ने हुनाले 'जीवहरू कस्तो सर्वत्र व्यापक रहेछन्' भनिएको सम्म हो । जीवको मुक्तिमा जडतत्व सबै आ-आफ्ना ठाउँमा रहन्छन् । मुक्त चेतन पनि स्वयं एक्लै रहने हुनाले कैवल्य मुक्तिको संज्ञा दिनु त सुहाँउँदै कुरो हो ।

'जीव जमा सत्य साँच है, कहहिं कबीर पुकार ।
जीव जमा जाने बिना, महा कठिन जन्म जार ।।'

[क. परिचय]

'जीव जमा एक साँच है भाई । औरों सबै खर्च ठहराई ।।

[निर्णयसार]

जनैया जीव जानहि जान रहे ... ...

जस वह आप विराजत तैसहि, समता ताहि नहैं ।।

[भवयान]

साखी– सुमिरण करहू रामका, काल गहे हैं केश ।
ना जानों कब मारि हैं, क्या घर क्या परदेश ।।१९।।

अर्थ– हृदय निवासी रमैयाराम चेतन स्वरूपको सुमिरण विवेक गर (स्थिति बनाउ) । होश गर, कालले घिच्याउन तिम्रो टुपी समाती सकेको छ । [जाने दिन आइसक्यो] कसैलाई थाहा छैन–को कहाँ कुन समय समाप्त हुने हो ! घरमा वा परदेशमा ! कहींको कुनै नियम र थाहासुद्धि छैन, जसको जुन–बेला जहाँ प्रारब्धरूपी दम सकिन्छ, त्यहीं हृदयको घडी ठप्प रोकिन्छ ।।१९।।

अरू– संसारमा मानिस अल्झने-भ्रान्त बन्ने भूल–भुलैयाका बाटा लाखौं छन् । आफूसित पारख-कसी छैन भने मनको सन्देह–धरमरेपना केही गरेपनि जाँदैन । जीवनको कुनै भरोसा छैन, मानव-जीवन करकलाका पातको पानीको थोपो न हो ! ऐले हो वा भरे, क्षणभर पश्चात् खुत्रुक्क खस्नेछ । यसको कुनै नियम अवधि पनि त थाह छैन । यसैले चाँडो भन्दा चाँडो कल्याण-कार्य वनाउने तरखर गरिहाल्नुपर्छ । त्यो पनि विवेकका चाल्नाले चालेरमात्र । अर्थात् परीक्षापूर्वक सत्य-सिद्धान्त, सत्याचरणको पालनमा समर्पण भइहाल्नुपर्दछ, अन्यथा धोक्का पर्नेछ ।

पद्य–१९

बेहद मन्छन् अनुभव गर्ने, यी आश गर्दछन् ।
यो उल्टो खेल हेरन तिमी, सुनी छक् पर्दछन् ।।
तमाशा यही हेर हे भाइ ! जहाँ त शून्य छ ।
विचार रत्ति नगरी उतै, जांदा छन् सत्य छ ।।

ख्वाहिश गर्छ शून्यको जसले, शून्यैमा जानेछ ।
स्ववश छोडी विवश हुन्छ, त्यो धोखा खाने छ ।।

संशय जन्तु पसेर जगत्, बेमाख बनायो ।
शिकारी कालले बेलुकी बिहान, पसेर सतायो ।।
श्लोक– सुमिर रामजी लाई, समायो कालले टुपी ।
कहिले माछं था छैन, विदेश घर काँ ! ढुकी ।।

❀

रमैनी– २०

अब कहु राम नाम अविनाशी । हरि छोडि जियरा कतँहु न जासी ।।१।।
जहाँ जाउ तहाँ होहु पतंगा । अब जनि जरहु समुझि विष संगा ।।२।।

अर्थ– उपासक गुरुजनको भनाई छ– हे जीव ! भजन बिना तिमीले सारै दुःख पाइरहेछौ; अब त अविनाशी रामकै जप-स्मरणमा लेठ्ठन कस । परमात्माको शरण छाडेर अन्त कतै न लरखराउ ।।१।।

गुरु भन्नुहुन्छ– यसरी जीव जहाँ-जहाँ जान्छन् बिना पारख त्यहाँ बत्तिका पुतलीसमान होमिने-डड्ने सत्य-विवेकबाट भुतुक्क मर्ने हुन्छन् । अब तिमी त्यसरी विष-विषय, भ्रान्ति-कल्पनाको अग्निमा नडढ, तत्काल भाग, बच; वाणीका रसास्वादमा नपर ।।२।।

राम नाम लव लायसु लीह्ना । भृङ्गी कीट समुझि मन दीह्ना ।।३।।
भौ अस गरुवा दुख के भारी । करु जिय जतन जो देखु विचारी ।।४।।
मनकी बात है लहरि विकारा। ते नहिं सूझै वार न पारा ।।५।।

अर्थ– यस्ता वचन सुनेर उपासकहरू पनि अति तन्मयता पूर्वक रामनाममा तल्लीन हुन्छन् । भृङ्गी-कीट* (कुमालकोटी-

* – "कीरालाई कुमालकोटीले टोकी पक्रन्छ, आफ्नो गुँडमा लगी हाल्दछ । त्यो कीरो भयवश कुमालकोटीको ध्यानमा तन्मय हुनाले केही दिनमा कुमालकोटी बन्दछ ।" यस्तो कविकुल परम्परामा चलेको दृष्टान्तानुसार उही उक्ति यहाँ भ्रान्त–शिक्षकका तर्फबाट दिइएको छ । तर ती कीरा-कुमालकोटीले आफ्ना बच्चालाई अहारा राखिदिएको हुनुपर्छ । कुमालकोटीकै वर्गका माहुरी, बारुलाहरूले त्यसै गरी महको अहारा राखिदिएको प्रष्ट छ । यसमा योग्यायोग्यको विवेक पाठक वर्ग स्वयं गर्नेछन् ।

माकुरो) झैं हामी पनि रामकै जस्तो रूप पाउँला, सारुप्य-सायुज्य मुक्ति पाउँला कि भन्ने लालचले साधकहरू उही नाममा मन-बाँध्दछन् ।।३।। यसबाट झन् उल्टो दुःखको बोकिनसक्नु गह्रौं भारीमात्र थपियो । संसारासक्तिको भारीमाथि कल्पना-भ्रान्तिको अरू बोझा बढ्नगयो । अतएव हे जीव ! राम्ररी विचार गरी समस्त दुःख भ्रान्ति कल्पनाका बोझा सर्वथा छुटाउने उपाय गर ।।४।। मनको बतासे तरङ्गमा नउड । बिना पारख यो मनले भोगासक्ति दुर्गुण दुराचार र वाणीका कल्पना-भ्रान्तितिरमात्र दौडाइरहन्छ । यसरी मनका भुमरी-हुरीमा परी उड्नेले वार न पारा– न यहाँको दुःख हैरानी-मिटाई शान्ति लिन सक्तछ, न परत्र-आवागमन, चवराशिको कष्ट तथा मुक्ति-स्थिति नै बुझ्न सक्तछ ।।५।।

साखी–इच्छा करि भव सागर, जामें बोहित राम अधार ।
कहैं कबीर हरि शरण गहु, गौ खुर बछ विस्तार ।।२०।।

अर्थ– भन्दछन्-"प्रथम शुद्ध एक ब्रह्ममा इच्छा उठ्यो–'एक छु अनेक बनौं" बस तत्काल संसार बन्यो । तर यो संसार-दुःखबाट पार हुनको निम्ति जीवको लागि रामनामरूपी जहाज पनि बनाइदिनुभएको छ । उपासक गुरुहरू भन्दछन्–उहाँ परमप्रभु परमात्माकै शरण पक्र, यसबाट तिमिलाई संसार-सागर तर्न, गाईको बाच्छाको-पाइलाले परेको डोभ नाघ्न सहज भएसमान सरल हुनेछ ।।२०।।

अरू– यो शब्दमा गुरुले भ्रान्तजनका कल्पनाको चित्रण गरी प्रत्यक्ष अवगत गराउनु भएको हो । भगवान्ले जानि-बुझी दुःखको सिन्धु-संसार बनाए, त्यसबाट पारहुन भजनको जहाज पनि बनाइदिए, भन्दछन् । कस्ता आश्चर्यका कुरा ! अनीह-ईश्वरमा

इच्छा कहाँबाट उठ्ने? दोस्रो–दुःखको स्वरूप संसार-सृष्टि नरचेका भए उनको के हानि थियो ? रचना गर्नाले उनलाई कुन लाभ भयो ! बालकको स्वभाव पो चञ्चल हुन्छ र आफ्नो खेल खेलाइमा अरूका दुःख-बाधाको होश हुँदैन, जथाभावी काम गर्छन्।

वास्तवमा विश्व-प्रपञ्च अनादि हो । जीव पनि कसैको अंश वा प्रतिबिम्ब होइन, स्वतन्त्र सर्वश्रेष्ठ ज्ञानस्वरूप हो । आफ्नै भूल र कर्म-वश अनादिदेखि प्रवाहरूपबाट शरीर लिंदै-छोड्दै गरिरहेछ । यसलाई न कसैले बाँधिदिएका हुन्, न त अरूले फुकाइदिएर फुक्तछ । आफ्नै भूलबाट सुख मानी-मानी हामी आफैंले संसार-बन्धन बनाएका ह्वौं, गुरुबाट पारखदृष्टि प्राप्तगरी छुट्न पनि स्वयं हामी नै समर्थ छौं । स्वरूपलाई यथार्थ जान्न, सद्गुण-सदाचार पालन गरी, अविदया आसक्ति-वासनादिलाई चुँडाल्न, अति सचेतीका साथ शीघ्र अग्रसर बन; चाँडो भन्दा चाँडो मुक्ति-स्थिति बनाउ । यही गुरु कबीरको हित अर्ति हो । विचार गर, अगाडि बढ; '....यथेच्छसि तथा कुरु'।

[गीता]

पद्य–२०

भजन गर रामको अब, ती अविनाशी छन् ।
श्री हरि छाडी नजाउ कतै, बाबू! ती इष्ट हुन् ।।
जाउला जता पुतली सरी, ज्वालामा जलौला ।
विषको साथ सम्झेर अब, न जल बचौला ।।

रामको नाममा तल्लीन भए, कीट र भृङ्ग झैं ।
सम्झेर मन लगाए तर्न, सप्रेम भक्त भैं ।।
यत्तिको गह्रौं भव यो भारी, असह्य दुःखको ।
मनमा ठीक विचार गर, उपाय सुखको ।।

मनको कुरा तरङ्ग सबै, विकार मात्र हो ।
वार र पार देखिन्न कुनै, कचाउलो तात यो ।।

श्लोक– इच्छाले भयोसिन्धु, भो जहाँ राम बोहित ।
कबीर हरिमा लाग, गोवत्स खुर विस्तृत ॥

❀

रमैनी–२१

बहुत दुःख दुःख दुःखकी खानी । तब बचि हो जब रामहि जानी ॥१॥
रामहि जानि युक्ति जो चलई । युक्तिहु ते फन्दा नहिं परई ॥२॥

अर्थ– हे जिज्ञासु विवेकी मानव ! अज्ञानलाई अँगाल्नाले तिमी आफ्ना कर्मको* फल भोग गर्न आवागवनका चक्रमा पेलिंदै; दैहिक दैविक, भौतिक–तिन तापका छुरीद्वारा रेट्टिंदै अनन्तकष्ट भोग्दै आइरहेछौ, झन् आजपनि दुःखकै थलामा पलेंटी कस्छौ । विचार गर ! तिमी हृदय निवासी साँच्चिका रामलाई ठीक-ठीक जब जानौला अनि यी सबै दुःखबाट बाँचौला ॥१॥ अपरोक्ष चेतनरामलाई चिनी जो युक्तिपूर्वक स्व स्थिति बनाउँछ, युक्तिपूर्वक चल्नाले संसार–खानी, वाणीको फन्दामा पर्नु पर्दैन ॥२॥

अरू– सर्वश्रेष्ठ साँच्चिका अपरोक्ष राम सबैका घटघटमा निवास गरिरहेका छन् । उनलाई जस्ताको तस्तो स्वरूपबाट जान । प्राणीमात्रका साथ समता-क्षमा, विनम्रता र उदासीनता पूर्वक व्यवहार गरी, विषयासक्ति र वाणीजालका कल्पना भ्रान्तिबाट बचेर आफ्नै मुख्य स्वरूप-स्थितिको कार्य बनाउनु–यही तिम्रो अन्तिम कर्तव्य हो ।

---

*– हावा रोपेथे, आँधीबेहरी काट्नेछन्– (They have sown the wind and they shall reap the whirlwind–Bible)
सुख दुःख न दान्योऽस्ति यतः स्व कृत भुक्यमान् ।

[श्रीमद् भागवत १०।५४।३८]

'सुख र दुःखका दाता अरू कोही छैनन्, सबैलाई सँधै आफ्नै कर्मको फल प्राप्त हुने हो ।

युक्ति हि युक्ति चला संसारा । निश्चय कहा न मानु हमारा ।।३।।
कनक कामिनी घोर पटोरा । सम्पति बहुत रहै दिन थोरा ।।४।।

अर्थ– संसार-प्राणी सारै चतुरा छन्, स्व-स्व मनानुसार युक्ति निकाली चल्दछन् । हितैषी पारखी सन्तले दिएका सत्य निर्णयका शिक्षा पनि कत्ति रुचाउँदैनन् ।।३।। सम्पत्ति, सहगामिनी, घोडा, रेशमादिका उत्तमोत्तम वस्त्र र अपार ऐश्वर्य पनि अल्प समयसम्ममात्र रहनेहुन् ।।४।।

थोरी सम्पति गौ बौराई । धर्मराय की खबरि न पाई ।।५।।
देखि त्रास मुख गौ कुह्मिलाई । अमृत धोखे गौ विष खाई ।।६।।

अर्थ– उसमाथि कम बुद्धिका मानिसहरू किञ्चित् ऐश्वर्य आउनासाथ भुइँमै खुट्टा टेक्तैनन् । चञ्चलता र घमण्डता-वश अनेक पाप कर्ममा प्रवृत्त हुन्छन् । यिनलाई यमराजका स्वभावको र प्राण-पखेरू कुनबेला भुर्र उड्नेहो– यो कुराको कत्ति खबरै छैन ।।५।। एकाएक मरणावस्था सम्मुखपर्दा, सम्पूर्ण सम्पत्ति-परिवार छुट्नलाग्दा, हेमन्तको कमल-पातसमान मुख खङ्ग्रङ्ग सुक्नेछ । भोग-पदार्थ र परिवारका साथ-सहवासमा लुटपुटिनमै अमृत-भोग सम्झेका थियौ, आसक्ति-वासनाले मस्काई तीतो फल चखाउँदा 'यो त विष पो रहेछ' भन्ने बल्ल चालपाउला ।।६।।

साखी– मैं सिरजौं मैं मारौं, मैं जारौं मैं खावँ ।
जल थल महिमा रमिरहौं, मोर निरञ्जन नावँ ।।२१।।

अर्थ– ब्रह्मज्ञानी भन्दछन्– 'म अद्वैत ब्रह्म हुँ, मै संसारको सृष्टि गर्दछु, सबैलाई मार्छु; भस्म गर्दछु, महाकालरूपबाट अन्त्यमा सबैलाई खान्छु–प्रलय गर्दछु। जल-थलादि सर्वत्रमा मैं परिपूर्ण छु । यति हुँदापनि मेरो नाम 'निरञ्जन-निर्विकार ब्रह्म' भन्ने छँदैछ।।२१।।

अरू– वास्तवमा ब्रह्म भन्ने कुनै पदार्थ हुँदो हो त उसमा यस्ता परस्पर विरुद्ध धर्म-गुणहरूका आरोप अटाउने थिएनन् । ती मनका कल्पनामात्र, मिथ्या अवस्तु हुनाले त्यहाँ जे-जति आरोपण गरेपनि अटाउँछ, सबै सम्भवै छ । उसमाथि योग्यायोग्यको विचार गर्नपनि वेद-वचन अपौरुषेय आप्त वाक्य हुन्, यिनलाई अक्षरसः नमाने नास्तिक होइएला, नरक पर्नुपर्ला भन्ने भयले विवेकको परम प्रकाशमय मार्ग पनि सर्वथा रोकिएर उहाँहरूबाट आँखा चिम्ली स्वीकार गर्नपरेको हो । यसैले वैशेषिक शास्त्र-कर्ता कणादजीलाई शब्द-प्रमाण नमानी प्रत्यक्ष र प्रत्यक्षका भित्रको अनुमान प्रमाण मात्र मान्न परेको होला । गुरु कबीरका परम्परामा त सबै प्रमाण स्वीकार छन् र पनि पारखसम्मत जतिलाई नै स्थान दिइएको छ । हुनपनि पारख-विवेक बिनाको प्रत्यक्ष प्रमाणमा पनि धोखा मिसिएको हुन्छ । निरञ्जनका विषयमा तल बाइसौं रमैनीबाट बताउनु हुन्छ ।

पद्य–२१

अत्यन्त दुःख दुःखै दुःख खानि, त्रिताप गुनेर ।
त्यसबाट तबै बचौला जब, रामलाइ जानेर ॥
जो राम चिह्नी सयुक्तिबाट, चल्दछ पन्थैमा ।
लगाई युक्ति उद्योग गर्ने, पर्दैन फन्दैमा ॥

आ-आपनै उक्ति लगाई सबै, संसार चल्दछ ।
विवेक पूर्वक भनेका कुरा, नमानी छल्दछ ॥
सुमुखी सून तुरङ्ग पाट, कपडा सम्पत्ति ।
विपुल हउन् क्षणिक सब, विनाशी विपत्ति ॥

सम्पत्ति किंचित् पाएर कोही, मात्तिई हिड्दछन् ।
यमको मार बिर्सेर यिनी, मन्मानी फिर्दछन् ॥
देखतै डरी खड्ग्रङ्ग मुख, सुक्तछ यिनको ।
अमृत सम्झी विषको लड्डु, रुच्तछ धिन यो ॥

श्लोक- सृजना गर्छु मै मार्छु, मै जलाउँछु खान्छु मै ।
जल भूमा रमेको छु, मेरो नाम निरञ्जनै ॥

❀

रमैनी-२२

अलख निरञ्जन लखै न कोई । जेहि बन्दे बन्दा सब लोई ॥१॥
जेहि झूठे सब बाँधु अयाना । झूठा बचन साँच कै माना ॥२॥

अर्थ– अलख-लख्न (देख्नै) नआउने निरञ्जन ब्रह्मलाई कसैले देख्नै सक्तैनन्; भए पो देख्नु । केवल वाणीका भरमा भ्रम-वश तिनैको मान्यता सँगाली सारा मानिस बाँधिदै आएका छन् ॥१॥ जुन भ्रान्ति कल्पनामा भ्रामकहरूले बाँधिदिए, तिनै मिथ्या वचनलाई सबै साँचो मान्दै कल्पित ब्रह्म ईश्वरादिलाई अँगाल्दै आइरहेछन् ॥२॥

अरू–ब्रह्म-वृहद,'वृहत्वाद, वृहणत्वाद, परिपूर्ण'–इत्यादि शब्दै-शब्दको विशेषतामा सबै परे । त्यो कुन वस्तु हो! हामी ज्ञान-गुणसम्पन्न चेतन जीव पनि त्यस्तो निर्गुण शून्य अवस्तु कसरी हुनसक्छौंर ! इत्यादि कुराको कसैले विचारै गरेनन् । 'वृहद' बन्न छोडेर 'अल्प'को बनोस् ! भन्दछन् । जस्ता छौं उस्तै रहनमा के हानि ! व्यक्ति, जहाँपनि 'बन्न खोज्नाले नै बिग्रिरहेछ ।' वास्तवमा हामी जडदेखि भिन्न स्वयं ज्ञानमात्र सत्य चेतन हुँ, यसको महत्व सम्झौं, यसैमा स्थिति बनाउँ ।

धन्धा बन्दा कीह्न व्यवहारा । कर्म विवर्जित बसै निन्यारा ॥३॥
षट आश्रम औ दर्शन कीह्ना । षटरस बास षटै वस्तु चीह्ना ॥४॥

अर्थ– विषय-धन्धा र कार्य-भारादिमा संसारी जीव अल्झेका छन् । बन्दा–उपासकहरू व्रत-पूजा, तीर्थ-भ्रमण, जपादिमा अड्कि-रहेछन् । ब्रह्मज्ञानीहरू ती व्यवहार सबै गर्छन् र पनि हामी सदा कर्मबाट अलिप्त छौं भनी मनले पृथक बनी बस्तछन् ॥३॥ यिनै

कल्पनाको सिद्धिका निमित्त पूर्वका व्यवस्थापकहरूले प्रथम रमैनी अनुसार छः आश्रम, छः दर्शन चलाए । छः नामको* जपरूपी छः रसको स्वाद र वास-सुगन्ध लिने-विचारबाट छुट्टा छुट्टै छः वस्तु (सिद्धान्त)• मान्नथाले । वेदान्तीहरू ब्रह्मज्ञानी बनी सबैदेखि असंग छौं, भन्छन् तापनि स्व-स्व मान्यताका घेराले घेरिएका छन्, विवेकका मैदानमा स्वच्छन्द-रमणगर्न भयभीत हुन्छन् ।।४।।

अरू– छः दर्शनको छः सिद्धान्तमा 'अदेवमूल ब्राह्मणको सिद्धान्त' भन्नाले प्रणव-ॐ (ब्रह्म) निर्गुण, निराकार नै सबको मूल कारण हो, भन्ने ब्राह्मणवर्गको सिद्धान्त । अहं ब्रह्मास्मि–म ब्रह्म हूँ भन्ने संन्यासीको सिद्धान्त। वायुसमान अदृश्य पूर्णशक्तिशाली अल्लाह वा खुदा दुनियाँका मालिक हुन् भन्ने यो मुसलमान फकीर-हरूको सिद्धान्त । शशी, अमीरस–चन्द्रमुक्तशिलामा पुगी निवास

---

* – छः दर्शनको जप–

ॐकार ब्राह्मण उपासी । सोहं ब्रह्म इष्ट संन्यासी ।।
हू अल्लाहू सूफी अधारा । महीनाद योगी विस्तारा ।।
तत्वनाम सेवडा परमाना । नाम निरञ्जन जङ्गम जाना ।।

'ॐ' कारको जप ब्राह्मणहरूको । 'सोहं ब्रह्म'–संन्यासीको । 'हु अल्ला हु'–सूफी र मुसलमान फकीरको । 'महीनाद अहंनाद' अर्थात् 'सोहं'-योगीको । 'तत्वनाम' सेवडा–जैनीको र 'निरञ्जन'– जङ्गमको–यिनै जपमा तन्मय भई रसास्वाद लिने भन्दछन् ।'

• – छः सिद्धान्त—

अदेव मूल श्रवणको कहिये । अहं ब्रह्म संन्यासी लहिये ।।
वायु शेष योगी सो धरणी । शशी अमीरस जानै जैनी ।।
महा अकास् जङ्गमके होई । षट् सिद्धान्त जग जानहु सोई ।।

'अदेव मूल-श्रवण(ब्राह्मण)को । अहंब्रह्म-संन्यासीको । पवनमा पवन शेष (मुसलमान) को । पृथ्वीमा पृथ्वी–योगीको । अमीरस, चन्द्रमुक्त शिला जैनीको । महदाकाश-जङ्गमको–इत्यादि सिद्धान्त मानिएका छन् ।

[पं. मानुष विचार]

हुनु–यही मुक्ति हो भन्ने जैनीहरूको सिद्धान्त। सर्वव्यापक महान् आकाशसमान परमेश्वर छन् भन्ने जङ्गमहरूको सिद्धान्त छ। परन्तु यी सबै मानव-मनका कल्पना नै हुन्। कल्याण-सोच्तासोच्तै झन् वाणीकै झाल बढ्दै फिंजिदै गइरहेछ। 'मैं कहता सुरझाव-नहारी, तू राख्यो अरुझाईरे' भन्ने उक्ति ट्वाक्क घटिरहेछ। अतएव साधकको कर्तव्य हो–सबै भ्रान्ति-कल्पनाबाट पन्छेर सत्य चेतन ज्ञानस्वरूपको परीक्षा गरी स्वयंमै स्थिति बनाउनु।

चारि वृक्ष छौ शाखा बखानी। विदया अगणित गनै न जानी ॥५॥
औरों आगम करै विचार। ते नहिं सूझै वार न पारा ॥६॥

अर्थ– हिंदू-परम्परामा मूलवृक्षसमान चार वेद बने। तिनबाट छःहाँगा–षट् शास्त्र छःवेदाङ्ग निस्के, विदया अनगिन्ती जानेर जानि नसक्नु छन् ॥५॥ अरूपनि आगम-तन्त्रहरू र ज्योतिष, सकुनादि विचारगर्ने वाणीहरूको विशेष वृद्धि छँदैछ। ती छिचोली-नसक्नु छन्। यी सबैबाट पनि न तिनले निरूपण गरेका ब्रह्मको पत्ता लाग्छ, न त तिनका भ्रान्ति-कल्पनाबाट वार-पारै पाइन्छ। बिना स्वतन्त्र परीक्षादृष्टि के पार पाउँन सकियोस्! ॥६॥

अरू- छः शाखा र चौध विद्याहरू दुइ-दुइ थरीका छन् भन्ने कुरा माथि वर्णन भएकै छ। गुरु कबीरका जमानामा विदयाको विशेष प्रचलन र प्रचार-प्रसार निमित्त आजको जस्तो टाइपराइटर, टाइप, लिथोग्राफ, मोनो टाइप, मेशीन, प्रेसादि साधन नभएका समयमा पनि 'अनगिन्ती विदया वाणी' रहेछन् भने आजको युगमा त्त विदया लेखहरू झन् कति-कति पत्तालागेका, बनेका, देश-देशान्तरबाट आदान-प्रदान भएका छन्, ती सबै पत्ता लगाई अध्ययन-मनन गर्न-सम्झन र पार पाउन सकिने त कुरै छैन। यसैले यी सबै वाणीजालका झालमा अल्झने-पस्ने मुमुक्षुको काम

होइन भन्ने गुरुको भनाई हो । मुख्य आफ्नै हृदयको अध्ययनबाट सार-सत्यको मर्म बुझ्नसकिन्छ र त्यहीं* स्थिति मिलेपछि शान्तिको उपलब्धि पनि हुन्छ ।

जप तीरथ कीजै बहु पूजा । दान पुण्य कीजै बहु दूजा ।।७।।

अर्थ– साधकजन जप, तीर्थभ्रमण, व्रत उपासना, पूजा आदि गर्दछन् । दान, धर्म र अरूपनि धेरै-धेरै कर्ममा प्रवृत्त रहन्छन् ।।७।।

अरू– सत्य पारखज्ञान नपाएसम्म यी सबै सात्विकी क्रिया-कलापहरूमा अवलम्बित रहनु त उचितै हो । विवेकमय मानुष जीवनमा त्यहाँबाट पनि अघिबढेर सत्य-सार वस्तुको खोजिगरी सत्य स्वरूप चेतन, स्वयं द्रष्टाकै स्थिति बनाउनुपर्दछ ।

साखी– मन्दिर तो है नेहका, मति कोइ पैठो धाय ।
जो कोइ पैठे धायके, बिन शिर सेंती जाय ।।२२।।

अर्थ– यी सबै वाणीजाल र संसारी ममताका महल–दुवै स्नेह अर्थात् मोह-मन्दिर हुन्, यिनमा लालच गरी लम्कँदै नपस । आसक्त भई सहसा जो-जो घुस्तछन्, ती बिनसित्तिविवेकको-शिर छेदन भई नष्ट हुनेछन् ।।२२।।

अरू– स्नेहको मन्दिर भन्नको भाव हो–खानीजाल–विषय बन्धनमा रमाई-रमाई मनुष्य पस्तछन्, विमुग्ध बनी उहीं मस्की टाँसिन्छन् । त्यो पासो चुँडाली सत्य विवेकलाई अँगाल्न सक्तैनन् । वाणी-बन्धनमा पनि स्नेह मानी-मानी प्रवेश हुन्छन् ।

* – विवेक चूडामणिमा श्री स्वामी शंकराचार्य स्वयं बताउनु हुन्छ–

शब्दजाल महारण्यं चित्तभ्रमण कारणम् ।
अतः प्रयत्नाज्ज्ञातव्यं तत्वज्ञातत्व मात्मनः ।।६२।।

'संसारमा शब्दको जाल घनघोरको जङ्गलसमान बनी झन् मानिसका चित्तलाई विभ्रम बनाउने भइरहेछ । यसउसले अति सावधानी र विवेकपूर्वक मुख्य जान्नुपर्ने तत्व स्व आत्म चेतनलाई ठीक-ठीक जानेर त्यहीं स्थिर हुनु ।'

त्यो निःसार मिथ्या-कल्पना हो भनी हितैषीजनले लाखै सम्झाउँदा पनि त्यहाँको रहन-सहनमा परेको बानी, सुबिस्ता, मान-भाउ र संगी-साथीको प्रेम तथा ईश्वरीय पुस्तक भन्ने मान्यता, भय आदिमा परी मानिसहरू विवेकयुक्त जागृत हुन, भ्रान्ति-कल्पना, आसक्तिबाट निस्कन नसकेका देख्नु भएकोले 'मन्दिर तो है नेहका, मति कोइ पैठो धाय' भन्नुभएको हो ।

पद्य–२२

अलख निरञ्जनलाइ क्वैले, कसीमा कसेनन् ।
बाँधिए त्यहीं समस्त जन, जो कत्ति बचेनन् ।।
जुन फुट्टो बीच अज्ञानी मस्के, विचार नगर्दा ।
सर्वथा मिथ्या वाणी नै साँचो, ठानेर भर पर्दा ।।
दासको धन्धा प्रेमका साथ, व्यवहार गर्दछन् ।
छाडेर कर्म बस्तछन् कोही, निष्क्रिय बन्दछन् ।।
आश्रम दर्शन छः थरी आफ्ना, बनाए यतिले !
षट्रस वास षट् वस्तु चिह्न, आ-आफ्ना मतिले ।।
चारोटा रूख हाँगा छः भन्छन्, विद्या छ बेगिन्ती ।
आगम तिनी विचार गर्छन्, देखिन्न के गिन्ती !
तीर्थ व्रत जप अनेक पूजा, ती नित्य गर्दछन् ।
दान र पुण्य धेरै नै थरी, कतिले मर्दछन् ।।
श्लोक-स्नेहको मठका बीच, कोही गई नपस्नु नि !
सहस्र जो कुनै घुस्छ, सित्तैमा सिर कट्छ छिः !

रमैनी–२३

अल्प सुख दुःख आदिउ अन्ता । मन भुलान मैंगर मैमन्ता ।।१।।
सुख बिसराय मुक्ति कहाँ पावै । परि हरि साँच झूँठ निज धावै ।।२।।

अर्थ– विषय भोग र वाणी-व्यवहारमा केवल मानिएको सुख किञ्चित् छ, दुःख भने शुरूदेखि आखिरसम्म परि नै रहन्छ, कहिल्यै साथ छाड्दैन । तर मिचाहा मन भने मैगर–बहुला-मत्ता हात्तीसमान बनी, विषय-भोग र कर्म उपासना ज्ञानका साधनामा घुस्तछ, त्यहीं किंचित् लाभ मान्यतामा भुल्दछ ।।१।।

वास्तविक सुख–पारख बोध र सन्तोष-शान्तिलाई बिर्सेर आसक्ति, भ्रान्ति कल्पनामा परी-परी मुक्ति स्थिति कहाँ पाउनु ? यिनी साँच्चिकै ज्ञान-साधना छाडेर मिथ्या कल्पनातिरै धाउँछन् ।।२।।

अनल ज्योति डाहै एक संगा । नैन नेह जस जरै पतङ्गा ।।३।।
करहु विचार जो सब दुख जाई । परिहरि झूठा केर सगाई ।।४।।
लालच लागी जन्म सिराई । जरा मरण नियरायल आई ।।५।।

अर्थ– अग्नि-ज्योतिमा एक बन्ने भावनाले आँखाको रूप-विषय अग्नि-ज्योतिमा स्नेह-वश जस्तो पुतलीहरू डढेर मर्दछन्, हाम्रो पनि ज्योति-ध्यानमा त्यस्तै गति भइरहेछ ।।३।। अतएव हे सुज्ञ ! जसबाट समस्त दुःखको अन्त्यहुन्छ उही सत्य वस्तुको विचार-चिन्तनगर, त्यहीं स्थिति बनाउ । माथि बाइस रमैनीमा वर्णीत् झुट्टा व्यवहार–विषय भोग र कल्पित वाणी, भ्रम-सिद्धान्त तथा भ्रामकजनका साथ-सहवास गर्न छाड ।।४।। अन्यथा यिनैका लालच-वश व्यर्थमा जीवन समाप्त हुनेछ, बृद्धावस्था र मरण-समय नजिक आइसकेको छ; होश गर ।।५।।

अरू– वर्तमान-जीवनमै पारखद्वारा स्व स्वरूप चेतनलाई जडतत्व र कल्पित शून्य अवस्तुबाट छुट्याई ठीक-ठीक चिनी, उसैमा शुभाचरणयुक्त शान्ति-स्थिति लिनुपर्छ । यही हो–जीवन-मुक्ति। शरीर छुटेपछि यिनैको विदेहमुक्ति पनि हुन्छ । मृत्यु-पश्चात् कसैले मुक्ति दिन्छन्, ज्ञान-स्वरूप चेतन पनि जडमा मिली विराट् ब्रह्म बन्दछ अथवा निर्वाण भई स्वयंको अस्तितव नै मेटिन्छ भन्ने–इत्यादि कल्पनामा पर्नु मनको एक भ्रान्तिमात्र हो । ज्ञान-गुणसम्पन्न चेतन वस्तु रूप हुनाले अवस्तु शून्य निराकार कहिल्यै हुन सक्छर ! सक्तैन । त्यस्तै अवस्तु ब्रह्म र शून्य पनि ज्ञान-गुणसहितको चेतन कदापि बन्ने होइन ।

'निरास्ति आस्ति न होय' [बीजक रमैनी ८४ को साखी] अथवा 'नासतो विद्यते भावो नाभावो विद्यते सतः....।' [गीता २।१६]

'अभावको भाव र भावको अभाव हुँदै हुँदैन ।'

साखी– भरमक बाँधा ई जग, यहि विधि आवै जाय ।
मानुष जन्म पायके, नर काहेको जहँडाय ।।२३।।

अर्थ– अनेक भ्रान्ति-कल्पनाले पूर्ण यो संसारमा नाना कल्पनाले बाँधिएका यी प्राणीहरू यसैगरी जन्म-मरणका चक्रमा फन्को मारिरहेछन् । हे मानव ! यस्तो विवेकसम्पन्न जीवनमा पनि तिमी किन जहँडाय–अन्योलमा परी खराब हुन्छौ-बिबिन्डिन्छौ ! ।।२३।।

अरू– आफूमा भएको विवेकशक्तिलाई पारखी सन्तद्वारा परिशुद्धि गराई त्यसबाट काम लिनुपर्दछ । सत्य व्यवहार, सत्याचरणबाट बसेर सत्यज्ञानको सम्पादन गरी शान्ति-स्थिति बनाउने मौका आज यही मनुष्य जीवनमै हो । भोलिको भाकामा भुलेर आजको अनमोल जीवनलाई व्यर्थ बरबाद नगरौं । यसैगरी जन्म-जन्म भुल्दै आएका ह्वौं, आज पनि होश गरेनौं भने हामीलाई हुस्सू हत-बुद्धिको नभनेर कसलाई भन्ने ! हाम्रो दुर्गति नभएर कसको हुने !

"त्यो मनुष्य शक्तिशाली र प्रभावकारी हुन सक्तैन, जो आफ्नो मुख्य कार्यमा साद शिथिल बनिरहन्छ । जो औसर आउनासाथ सचेतभई कार्यमा तत्परहुन्छ, उही त्यसमा सफल पनि हुन्छ ।"

[ऋग्वेद मण्डल १० अनुवाक ७ सूक्त ८६ मन्त्र १६]

पद्य–२३

थोरै छ सुख आद्यन्त दुःख, मनले भुलेर ।
जङ्गली हात्ती समान मत्त, फण्टछ बनेर ।।

विर्सेर सुख कसरी तिमी, स्व मुक्ति पाउला !
स्व सत्य छाडी झुट्टाको पछि, धाई के खाउला !

अग्निको ज्योति छुँदैमा जस्तो, भसक्क डढाउँछ ।
आँखाको प्रेममा पुतली जस्तै, समस्त जलाउँछ ॥
विचार गर सबै दुःख छुट्ने, झूटो साथ छाडन ।
लालच गर्दा जीवन बित्यो, वेलाभो मरण ॥

श्लोक– भ्रान्तिमा जग मरकेर, आवागमन पर्दछन् ।
पाई मानवको जन्म, किन विक्षिप्त बन्दछन् ॥

✻

रमैनी–२४

चन्द्र चकोरकी ऐसी बात जनाई । मानुष बुद्धि दीह्न पलटाई॥१॥
चारि अवस्था सपनेहु कहई । झूठो फुरो जानत रहई॥२॥
मिथ्या बात न जाने कोई । यहि विधि सब गयल बिगोई॥३॥

अर्थ– च्याखुराले चन्द्रमालाई टकटकी लगाई हेरेझैं आँखा झिमिक्क नगरी त्राटक मुद्राबाट ध्यान गर, तबै परमात्मलाई प्राप्त गर्नेछौ-मुक्ति हुनेछ । इत्यादि भनी भ्रान्त शिक्षकहरूले भावुक जनलाई बताई-बताई मानवीय बुद्धि, निर्णय-शक्ति नै उल्टाई जड भावमा मिलाइदिए ॥१॥ ब्रह्मवादमा जाग्रत्, स्वप्न, सुषुप्ति, तुरिया अथवा बाल्य, कौमार, युवा, वृद्ध–सबै अवस्था स्वप्नसमान झुट्टै हुन् भन्दछन् । व्यवहार गर्दाभने संसारलाई सत्य सम्झेर जगत्‌को नानात्व स्वीकारयुक्त नै गरिरहन्छन् ॥२॥ उपर्युक्त दुवै कुरा झुट्टाहुन् भन्न आजसम्म कसैले सम्झन सकेनन् । बिना विचार कल्पनामा परी सारा प्राणी विनष्ट भइरहेछन्; आवागमनबाट बच्न सकेनन् ॥३॥

अरू– 'ध्यानमात्र गर्नुपर्छ ज्ञान त स्वयं भइहाल्दछ' भन्नेहरूले यो रमैनीको प्रथम चौपाई राम्ररी मननगर्न योग्य छ । सर्व प्रथम सत्य विवेकी बनेर पारखज्ञानको सत्संगबाट सत्यलाई बुझी, उसैमा स्थिति बनाउनु नै बुद्धिमानी हो । त्यै नभने फोकटको मान्यतामै

अल्झिरहनु पर्नेहुन्छ । चार अवस्था सबै स्वप्नवत् हुन् भने यिनै अवस्थाका भित्रमा भएको ब्रह्मबोध र लेखिएका अद्वैत-निरूपक वाणीहरूमात्र के मिथ्या भएनन् र ! ब्रह्मज्ञानमात्र सत्य हो, अरू सबै मत झुट्टा नास्तिक हुन् भन्नु, यो कुरा पनि त स्वप्नावस्थादेखि बाहिरका कसरी भए ? केवल वाणीकै भरमा उड्न भएन, विवेक-बाट पनि काम लिनपर्‍यो! नत्र कोरा हठवादमात्र सिद्ध हुनेछ ।

आगे दै दै सबन गमाया । मानुष बुद्धि सपनेहु नहिं पाया ।।४।।
चौंतिस अक्षर से निकले जोई । पाप पुण्य जानेगा सोई ।।५।।

अर्थ– अगाडिका ऋषि-मुनि पुराण-कुरानहरूको प्रमाण दिई-दिई सबैले व्यर्थका मान्यता गर्दै-भर्दै तिनैमा जीवन गुमाए । यसै हुँदा यिनले मनुष्यपनाको निर्णय-बुद्धि स्वप्नमा पनि पाउन र उपयोग लिन सकेनन् ।।४।। चौंतीस अक्षरको वाणीजालका-वेद पुराण, कुरान-बाइबिल आदिको मान्यता र हठ-पक्षबाट जो बाहिर निक्लन्छ, पाप-पुण्यको ठीक-ठीक स्वरूप उसैले जान्नेछ ।।५।।

अरू– पूर्वका मानिसहरू "आफ्ना छोराको 'नारायण' नाम लिएर पनि तरे" गंगास्नानबाट मात्रपनि गतिपाए; एक ब्रह्मको बोधबाट मुक्तभएथे; त्यस्तै तिम्रो पनि मृत्युवाद गति-मुक्ति हुनेछ भन्ने, इत्यादि वाणीका आशै आशामा अल्झी अनेक साधक चक्करमा परे, विवेक-बुद्धिबाट काम लिन सकेनन् । दोस्रो–वाणीजालका कल्पनाबाट नहटी धर्माधर्मको मर्म बुझ्न तथा सत्य-सार तत्व र मुक्ति सम्झन गाह्रो पर्दछ । [जीव-बलिदान र यज्ञ-कुरबानीमा जीव-वध गर्ने कार्य-वेद कुरानादिमा विधि हुनाले यो पाप होइन भन्ने कुनै-कुनै प्रतिष्ठित विद्वज्जनको पनि निश्चय बनिरहँदो रहेछ । सितिमिति भ्रान्ति-मान्यता छुट्न सक्तोरहेनछ । यो अनुभूत कुरा हो ।] अतएव शीघ्रातिशीघ्र पदैपिच्छे वाणीको परीक्षा गर्दैगर-नअल्झ ।

साखी– सोई कहन्ता सोइ होउगे, तैं निकरि न बाहिर आव !
हो हजूर ठाढ कहत हौं, तैं क्यों धोखे जन्म गमाव ।।२४।।

अर्थ– मुखबाट जस्तो वाणी उच्चारण गर्दछौ, तिमी उस्तै हुनेछौ । यसउसले ती कल्पित वाणीजालजति सर्वथा छाड, परीक्षापूर्वक भ्रान्ति-मान्यतादेखि बाहिर निस्क न! गुरु-पारख पट्टि आइहाल! तिमी चेतन जीव नै सत्य-सार स्वतन्त्र सम्राट् अपरोक्ष ह्वौ । यो कुरा म सबैका समक्ष उपस्थित भई भन्दछु-कल्पित कर्ता र सबैका अधिष्ठान ब्रह्म ईश्वरादि धोखा हुन्, तिनैका आशामा व्यर्थ किन जीवन गुमाउँछौ ?।।२४।।

अरू– मानिसले जो-जो अयोग्य चिन्तन-मनन र कर्तव्य गर्दछ, निश्चय पनि उही-उही कल्पना-कष्टमा रन्थनिन्छ, उही-उहीमा× प्राप्त हुनेछ–हुन्छ पनि । अधिक रूपबाट तिमी जे जे अध्ययन गर्छौ, जस्तो ध्यान गर्छौ, जस्तो निश्चय बनाउँछौ, तिम्रो त्यस्तै गति-मति हुनेछ । यसैले 'वाणीको जाल र विषयासक्तिको झालबाट निक्ल, तिनका मान्यतामा नपर' भनी गुरु कबीरबाट दया भएको हो । साधकको कर्तव्य पनि यही हो–विशेष गरी पारख निर्णयकै वचनको अवलम्ब लिनु, मनन-चिन्तन गर्नु । अरू भ्रान्ति-कल्पना र संशययुक्त उधारा कुराका पछि नलाग्नु । दृश्य वासनाबाट पन्छेर द्रष्टा चेतन अपरोक्ष ज्ञानस्वरूपमा शान्त रहने अभ्यास बनाउनु । संसार–भोग विषयबाट उपराम हुनु । पारखनिष्ठ सरल निर्मान सन्तका सत्संग-उपासनाको आधार बनाई जीवन बिताउनु । यसो गऱ्यो भने कहीं नअल्झी निश्चित आपनो स्थिति मिल्नेछ ।

पुनश्च– शरीर हो अन्नमयकोश । अन्नकै रस–रज-वीर्यबाट यो बनेको हुनाले अन्नबाटै यसको रक्षा र पुष्टि पनि हुन्छ । यस

×– 'यं यं चिन्तय तेकामं तं तं प्राप्नोति निश्चितम् ।'

भित्र एउटा मन छ । शरीरको सञ्चालन–हालिमुहाली यही मनले गरिरहेछ । यसको उत्पत्ति–विषय भोग र विषय चिन्तन-मननबाट हुने हो । हामी कुनै कुरा सोच्छौं, चिन्तन-मनन गर्दछौं, यसैबाट यसको रक्षा र पुष्टि हुन्छ । खानी–बाणीको चिन्तन-मनन नै यसको अहारा हो तिमी जस्तो सोच्छौ उस्तै हुन्छौ । ऐले जस्ता तिमी छौ, यो पनि तिम्रै सोचाई र कर्तव्य गराईको परिणाम हो । देखी, सुनी, भोगी, बोली, मनन-चिन्तन गरी-गरी तिम्रो मनोमयकोश तयार भएको छ–भइरहेछ । हामीहरू शरीर-को भोजनमा पथ्य र पौष्टिक वस्तु लिन्छौं, तर मनका भोजनमा भने विचार राख्तैनौं, जथाभावी भर्दै जान्छौं, यही मानिस मात्र-लाई विष बनिरहेछ ।

आज सबै मानिस पद-पदमा पछुताइरहेछन् किन ? यही मनको पथ्य नलिनाले । भित्र मनमा जथाभावी भर्न सजिलो छ, निकाल्न साह्रै गाह्रो पर्दछ; निकालौं भन्दा झन् पुष्ट बलवान् बन्दछ, निकाल्नै सकिंदैन । भुलाउन खोज्नु, झन् अगाडि आउँछ । आज यी कुरा हामीलाई हेलचक्र्याइँ छ, अहिले त हामी बन्धन बनाउने-बढाउनेतिर, मनको तरङ्ग, बुद्धिको विलासमा बतासिइ-रहेका छौं, जब संसारबाट कठोर कष्ट–हण्डर पाउँला, कहीं-कसैबाट त्राण नपाई परमार्थकै आधार पक्रन विवश बनौंला, त्यस बखत अनि बन्धन काट्ने शान्ति-उपलब्धिको माध्यम-निवृत्ति मार्गमा पसौंला । अन्यथा आफ्नै पुर्पुरो सुम्सुम्याई पश्चा-ताप गरौंला, थक्क-थक्क परौंला । आज बन्धन काट्ने काम र शान्तिको साधनामा अघि नबढे, बन्धन अशान्ति कष्ट हैरानी-खप्तै तीन तापको आँचमा उसिन्निई पाकिरहुँला ! यो विचार गरी आजैदेखि पूरापुर होश सह्मालौं । जे काम पनि परीक्षा गरेरमात्र थाल्ने बानी बसालौं । सबै आसक्ति र भ्रान्तिजालबाट

बाहिर निस्कौं ! संसारभरमा सर्वेसर्वा सत्य-सार चेतन ज्ञान स्वरूप हामी नै ह्वौं । आफ्नो महत्व सम्झौं, आफैंमा स्थिर होउँ ।

पद्य–२४

च्याखुरो चन्द्र समान बन्ने, सम्मत बताई ।
मानवी बुद्धि पर्लक्क पारी, दिए नि पल्टाई ।।
सपना सरि अवस्था चार, हो सब मन्दछन् ।
यद्यपि यिनी झुट्टो र साँचो, जानेर गर्दछन् ।।

यी मिथ्या कुरा पारख गरी, जानेनन् कसैले ।
यै रीत सब लैलैमा लागी, बिग्रिए रसैले ।।
प्राचीन प्रमाण दी दिई कर्न, सब ती भुलेका ।
मानवी बुद्धि स्वप्नमा पनि, नपाई डुलेका ।।

चौंतीस अक्षर देखि जो हट्छ, त्यही हो जनैया ।
पाप र पुण्य राम्ररी जान्ने, उही हो छनैया ।।

श्लोक– उही बोल्छौ उही हुन्छौ, निक्ली आउन बाहिरै ।
स्वयम् सर्कार ह्वौ भन्छु, के फाल्छौ व्यर्थ जन्म नै !

✻

रमैनी– २५

चौंतिस अक्षरका इहै विशेषा । सहस्रो नाम याही में देखा ।।१।।
भूलि भटकि नर फिर घट आया । होत अजान सो सबन गँमाया ।।२।।

अर्थ– मानिसका कण्ठ, तालु, दाँत, मूर्धा, ओठ, नासिका र जिभ्यामूल–यी सप्तस्थानबाट सम्पूर्ण शब्दको उत्पत्ति मानिएको छ। ती अक्षरहरू कं, च, ट, त, प–पञ्चवर्गका छन् । ती अक्षरको महिमा यही छ–यिनै व्यञ्जनबाट सम्पूर्ण प्राणी-पदार्थका नाम चिन्न सकिन्छ । सबैलाई व्यवहार गर्न सजिलो भइरहेछ ।।१।। अनादि भूलका वशीभूत जीवहरू तिनै वाणीका जाल र खानीको आसक्ति-वश तीन खानिमा हैरान हुँदै बल्ल-बल्ल मनुष्य शरीरमा आएका छन्। यस्तो विवेकी-चोला स्वर्णमय जीवनमा पनि विवेक-बाट काम नलिई फेरि तिनै कल्पित वाणी सुनी-सुनी भ्रान्तिमा

पर्दछन् । सद्‌गुणसम्पत्ति र परीक्षादृष्टि व्यर्थ गुमाई, जीवन बरबाद गरिरहेछन् ।।२।।

अरू– 'क' देखि 'ज्ञ' सम्मका चौंतीस अक्षरमा सोह्र स्वर मिलेर बाउन्नवर्णका देवनागरी लिपीमा वाणी तयार हुन्छन् । यिनै वाणीबाट सारा वेद, पुराण, कुरान, बाइबिल, शास्त्र, इतिहासादि बनेका छन् । अरबी अंग्रेजी आदिका वाणी पनि यिनै चौंतीस अक्षरबाट अनुवाद-उच्चारण गर्न सकिने हुनाले यहाँ चौंतीस अक्षरको समीक्षाबाट तिनको पनि निर्णय भएको छ । यसैगरी 'एक भाषाका अक्षरको अन्तर्गत अरू सबै भाषा पर्न आउँछन् ।

माथि चौबीसौं रमैनीमा चौंतीस अक्षरबाट जो निक्लन्छ, उसैले पाप-पुण्य ठीक-ठीक जान्दछ, भन्नुभएकोले के त यी अक्षरहरूको केही प्रयोजनै छैन त ! इत्यादि शंका हुनसक्ने हुनाले यहाँ भन्नुहुन्छ–सर्व प्राणी-पदार्थहरूका हजारौं नाम यिनै अक्षरबाट जान्न-व्यवहार गर्न सरल भएकोछ, यसैले यिनको आवश्यकता छ । तर यहाँ गुरु कबीरको भनाई हो–तिनका साथै कल्पित इष्टका मान्यता र भ्रान्तिमूलक सहस्रनाम आदि वाणीहरू पनि यिनै अक्षरबाट रचनाभई मानिसहरू तिनैमा अल्झेका हुनाले ती जालबाट बचेर सत्य-सारमा स्थिर हुनको निम्ति यहाँ जोड लगाउनु भएको हो । हेर, कल्पित वाणीको आधार मानेर नै–

खोजहिं ब्रह्मा विष्णु शिव शक्ती । अनन्त लोक खोजहिं बहु भक्ती ।।३।।
खोजहिं गण गन्धर्व मुनि देवा । अनन्त लोक खोजहिं बहु भेवा ।।४।।

अर्थ– तिनै वाणी कल्पनाका जगत्-कर्ता परमात्मालाई पूर्वमा ब्रह्मा विष्णु शिव, शक्तिहरूले खोजे । अरूपनि अनन्त स्वर्ग, वैकुण्ठ, गोलोकादिमा ती परमात्मा छन्, हामीले पनि उहीं निवास पाउँला भनी नवधाभक्तिद्वारा धेरै-धेरै प्राणी खोजीमा

लागिरहेछन् ।।३।। गन्धर्वगण मुनि देवताहरू पनि ज्ञान ध्यान, नृत्य-गानादिद्वारा खोजी गरिरहेछन् ।।४।।

साखी– जती सती सब खोजहीं, मनहिं न माने हारि ।
बड बड जीव न बाँचि हैं, कहहिं कबीर पुकारि ।।२५।।

अर्थ– यति–दत्तात्रेय आदि, सती–सत्यवादी हरिश्चन्द्रादि र पतिव्रता–अनसूयादि सबका सब उनै कल्पित परमात्माकै खोजीमा थिए । अथक परिश्रमै परिश्रममा जीवन समाप्त हुँदा पनि उनलाई पाउन सकेनन्, तैपनि ती मनमा कत्ति हरेस खाँदैनन्। यस भ्रान्ति-कल्पनाबाट ठूल-ठूला विद्वद्वर्ग पनि बचेनन् भने तिमी-मात्र बिना पूर्ण सावधानी के बचौला ! यो कुरा गुरु कबीर खुलस्त भन्नुहुन्छ ।।२५।।

अरू– 'नानी काखामा, खोजछन् पाखामा'–के गरी पाउँनु ! कसैले विश्वलाई बनाएकै होइन त फेरि यसका कर्ता-खोजेर कहाँ पाउनु ! अरू खोजिएका कर्ता कस्ता ? निर्गुण-निराकार; नाम-निशानरहित, अनाम बेठेगानका, बेचून बेनमून; अनि पाउने के ? शून्य नै शून्य न हो ! शून्यमा जे-जति कल्पना गरेपनि कल्पना बन्दैजान-अटाउन सक्तछ, कल्पनाको इति हुँदैन । यसैले आजसम्म तिनलाई कसैले पनि नपाएका हुन् । पायौं भन्नेले पनि 'देखि प्रतिमा आपनी तीनिहुँ भए निहाल' भनेझैं कल्पित छाया नै अँठ्याई मक्ख परे ।

पुराणादिका वचनमा पनि परीक्षा गरेरमात्र लिनको नितान्त आवश्यकता छ। त्यहाँपनि पुष्पित-रोचक भयानक यथार्थ-वाणीहरू सम्मिलित छन् । सबै वाणी मनुष्यकै कृति हुन्, तिनमा विवेक गरी ग्रहण गर्न, भयभीत हुनुपर्दैन । परमात्मा बाहिर खोजेर पाइने वस्तु होइन । हृदय-भित्रै खोज्नेले पनि विवेकको

माध्यमबाट त्यो सत्य वस्तुको खास मौलिकगुण जो हो–'ज्ञान' त्यसलाई नछाडी खोजी पसेमात्र धोक्कामा परिनेछैन । उसलाई एकदेशी वस्तुरूप भन्दा विनाश होला भन्ने र अक्रिय बन्न नसक्ला भन्ने डरले व्यापक, सर्वदेशी, निर्गुण-निराकार छ भन्ने कल्पनामा पर्दछन् । यसैले आजसम्म सन्देह, भ्रान्ति, चञ्चलता नछुटी सत्यबाट वञ्चित रहिएको हो । अतएव साधकले परीक्षक सन्तजनको सत्संग गर्नु, आफ्नो पारखदृष्टिबाट सत्य चेतन द्रष्टा स्वरूपलाई राम्ररी ठम्याई, छर्लङ्ग बोध प्राप्त गर्नु, त्यहीं निर्वासनिक स्थिति बनाउनु–यही हो परमात्माको प्राप्ति । यस्तो ज्ञानमात्र अपरोक्ष स्वरूलाई बाहिर खोजेर कहाँ पाउनु ? बिना विवेकको आभासमा अलभ्रेर के को सत्य-स्थिति मिल्थ्यो ? भोग विषयका वासनादेखि ब्रह्म बन्ने वासनासम्म पनि सबै शमन गरी सदाचारयुक्त स्व-स्वरूप द्रष्टा ज्ञानमात्रमा शान्त स्थिर हुनु–यही हो परम स्थिति ।

पद्य–२५

चौंतीस वर्ण को महत्व यही, जगत्मा देखिन्छ ।
सहस्र नाम ती अक्षरबाट, सहजै लेखिन्छ ॥
भूलमा भर्मी चौरासी घुम्दै, मान्छेमा आउँछन् ।
अज्ञानी रही सम्पूर्ण व्यक्ति, त्यो पनि गुमाउँछन् ॥

खोज्दछन् ब्रह्मा विष्णु र शिव, खोजेर शक्तिले ।
अनन्त लोक खोज्दछन् धेरै, रोजेर भक्तिले ॥
गन्धर्वगण ऋषि र मुनि, देवता खोज्दछन् ।
अनन्तलोक तलास गर्छन्, अनेक रोज्दछन् ।

श्लोक– योगी सती सबै खोज्छन्, नहारी रत्ति हिम्मत ।
बचेनन् व्यक्ति ती-ठूला, भन्छन् कबीर सम्मत ॥

रमैनी–२६

आपुहि कर्ता भये कुलाला । बहु बिधि वासन गढै कुह्मारा ॥१॥
विधि ने सबै किह्न एक ठाऊँ । अनेक जतन के बने कनाऊँ ॥२॥

अर्थ– अनादि देहाध्यास-वश जीव स्वयं आ-आफ्ना शरीरका कर्ता कुम्भकारसमान बनेका छन् । यी जहाँ-जहाँ पुग्दछन्, त्यहाँ-त्यहाँको अनुरूप शरीररूपी भाँडा बनाई नै रहन्छन् ।।१।। प्राक्तन कर्मले माताको गर्भाशयमा शरीर निर्माणका सामग्री जुटाइदियो । उही गर्भाशयरूपी साँचाको अनुरूप प्रारब्ध-मसलाबाट कनाऊ-हात, गोडा आदि अंगयुक्त सम्पूर्ण शरीर तयारभयो ।।२।।

जठर अग्नि मों दीह्न प्रजारी । ता महँ आपु भये प्रतिपाली ।।३।।
बहुत जतन कै बाहर आया । तब शिव शक्ती नाम धराया ।।४।।

अर्थ– गर्भाशयमैं जठराग्निको आँचबाट प्रजारी–पाक्तछ (परिपक्व हुन्छ) त्यहाँपनि आफ्नै प्राक्तनद्वारा स्वयं रक्षक बनेको हुन्छ ।।३।। यसरी गर्भ पूर्णभएपछि बालकको पूर्व कर्म-वश जन्मने, जतन–अनेक क्रिया हुन्छन्, अनि बाहिर आउँछ वा माता, सुडिनी अथवा डाक्टरहरूको युक्तिबाट बालक बाहिर निकालिन्छ र छोरो वा छोरी भन्ने नाम राखिन्छ ।।४।।

घरका सुत जो होय अयाना । ता के संग न जाहु सयाना ।।५।।
साँची बात कही मैं अपनी । भया दिवाना और की पुन्नी ।।६।।

अर्थ– आफ्नै घरका छोरा पनि यदि अयाना–अज्ञानी छन् भने बुद्धिमान् बाबु-आमाहरू तिनका साथ कुरीतिमा लाग्दैनन् । त्यस्तै यहाँ जीवबाटै मनको उत्पत्ति हुनाले मन पनि जीवको पुत्र भयो । अतः ज्ञानीजनले चंचल मनका साथ कुवृत्तिमा लाग्नु योग्य होइन ।।५।। मैले आफ्ना सत्य निर्णयका कुरा सुनाइदिएको छु, तर जीव भने अन्य भ्रामकहरूका कुरा सुनेर पुन्नी–पुनः-पुनः विच्छिप्त बन्दछन्; भोगासक्ति र कल्पित वाणीजालमै घुस्तछन् । अथवा अर्काका हातको प्यूरी बन्दछन् । कपासको प्यूरी चर्खामा कातिएसमान चार खानिका चक्रमा कष्टकाटी पेलिइरहने हुन्छन् ।।६।।

अरू– स्व-स्व प्रारब्धानुसार सबका शरीरको निर्माण र रक्षा भइरहन्छ । सब समानरूपबाट पैदा हुन्छन् । यसमा अरू कसैको हात छैन । 'स्वभावस्तु प्रवर्तते' 'स्वभावैले छ यो स्वत:' [गीता ५।१४]

गुप्त प्रगट है एकै दूधा । का को कहिये ब्राह्मण शूद्रा ।।७।।
झूठे गर्भ भूलो मति कोई । हिन्दू तुरुक झूठ कुल दोई ।।८।।

अर्थ– कल्चौंडाभित्र गुप्तरूपले रहेको दूध र प्रकटमा दोहन-क्रियापछि बाहिरी पात्रमा रहेको दूध एकसमान हुन्छ । यस्तै गर्भभित्र छँदा र जन्मेपछि बालकको शरीरमा लागेका रज-वीर्यमय चारतत्वका परमाणु समानरूपका हुन् । सालनाल सहितको बालक पनि शुद्ध सम्झी जुन् वर्णको भएपनि ब्राह्मण समेतले लगी पाली आफ्ना वर्णमा मिलाउँछन्, त्यो बालक ब्राह्मण बन्दछ । हृदयस्थ जीव चेतन पनि सबैमा एकसमान छन् भने अब कसलाई ब्राह्मण र कसलाई शूद्र सम्झन्छौ ? ।।७।। अतएव अपवित्र शरीरको घमण्ड लिएर मिथ्या बडत्वमा नपर ! हिन्दू-मुसलमान दुवैका जात-कुल झुट्टै हुन् ।।८।।

अरू– अविनाशी चेतनको जीवत्व र जडतत्वात्मक हाड छाला रगत मासु आदि युक्तको शरीर रचनाको विचारबाट मानव मात्र समानरूपका हुन् । ठूलो-सानो भन्ने हो भने आचार र स्वभावबाट होइन्छ । अतएव शुद्ध सात्विकी खान-पान सदाचार, सद्विचार-पालन गरेर निर्भ्रान्त रही, श्रेष्ठ सुखी शान्त बन्नु-मनुष्यमात्रको कर्तव्य हो ।

साखी– जिह्व यह चित्र बनाइया, साँचा सो सूत्र धारि ।
कहँहि कबीर ते जन भले, जो चित्रवन्तहि लेहि निहारि।।२६।।

अर्थ– जसले आफ्नै प्राक्तनद्वारा यो शरीररूपी चित्र (तस्वीर) बनायो, उही शरीरस्थ चेतन जीव सत्य हो । शरीरको

निर्माणक र मदारीसमान संचालक पनि यही श्रेष्ठ ज्ञानस्वरूप जीव छँदैछ। गुरु कबीर भन्नुहुन्छ–उही भलाद्मी हो, जो चित्रकार चेतन जीवको स्वरूपलाई निहारी, राम्ररी अनुभव गर्दछ। चेतन-त्वदृष्टिबाट सबै प्राणीलाई समानरूपले देख्तछ ।।२६।।

पद्य–२६

आफू नै कर्ता कुमाले बनी, बर्तन बनाउँछ।
विधिले सबै एकत्र गरी, सयत्न रचाउँछ।।
अनेक अङ्ग जठर अग्निमा, पोल्दछ बेसरी।
त्यहाँ ती स्वयम् भएर रक्षक, बस्तछन् यसरी।।
सयत्नबाट फजीत सही, बाहिर ऊ आयो।
पछि त नाम शिव या शक्ति, उसले कमायो।।
घरका छोरा व्यसनी भए, पटमूर्ख अज्ञानी।
साथमा उसको नलाग तिमी, सज्जन सुज्ञानी।।
सा-साँचा कुरा स्वयम्‌का भन्छु, सुधार जीवनी।
अरूका कुरा सुनेर सिल्ली, पिउरी भयौ नि!
प्रकट गुप्त दूध हो एकै, विचार गर त!
ब्राह्मण शूद्र कसलाई भन्छौ, एकै छ रगत।।
झुट्टाको गर्व कसैले पनि, नगर्नु न भुल्नु।
हिन्दू र मुसलिम यी दुवै कुल, मिथ्या हुन् नफुल्नु।।
श्लोक–जसले यो रच्यो चित्र, सूत्र धारक सत्य त्यो।
भन्छन् कबीर त्यै श्रेष्ठ, चिन्दछ चित्रकार जो।।

रमैनी–२७

ब्रह्माको दीह्नो ब्रह्मण्डा। सप्त द्वीप पुहुमी नौ खण्डा ।।१।।
सत्य सत्य कहि विष्णु दृढाई। तीन लोकमा राखिन जाई ।।२।।

अर्थ– अष्टंगी माताले ब्रह्माजीलाई ब्रह्माण्डको राज्य दिइन् अर्थात् पृथ्वीको सात द्वीप* नौ खण्ड× सम्पूर्णको अधिकार सुम्पिन् ।।१।। सत्य बोल, सत्य आचरण गर-गराउ भनी विष्णुलाई प्रबोध

* – सात द्वीप--जम्बु, शङ्ख, श्वेत, कुश, पुष्कर, शाल्मली र क्रौञ्च द्वीप।
× – नौ खण्ड–ब्रह्म, नाग, भरत, सौम्य, कसेरू, वरुण, गभस्ति, इन्द्र र ताम्र खण्ड।

गरी, तीनलोक–तेस्रो वैकुण्ठको अधिपति बनाइदिइन् । अथवा सत्व रजो तमो गुणका वशवर्ती, कर्म उपासना योगका अवलम्बी जीवमा अथवा तीनैलोकमा सत्यको प्रचार गर्ने अधिकार सुम्पिन् ।।२।।

अरू– पौराणिक मन्तव्य-कबीर मन्सूरग्रन्थ अनुसार निरञ्जन-धर्मराय नामके पुरुष र अष्टंगी महामाया नामकी पत्नीबाट ब्रह्मा, विष्णु, महादेव–तीन पुत्र पैदा भए । तिनमा व्यवहारको सबै चाँजो-पाँजो गर्ने महामाया रहिछन् र उनले आफ्ना छोराहरूलाई उपर्युक्त प्रकारबाट अंशबण्डा गरिदिइछन् ।

लिंग रूप तब शंकर कीह्ना । धरती खोलि रसातल दीह्ना ।।३।।
तब अष्टंगी रची कुमारी । तीनि लोक मोहा सब झारी ।।४।।

अर्थ– ती मायाले शिवलाई लिंग-किलोसमान बनाई तलको छैटौं लोक–रसातलमा पुऱ्याएर त्यहाँको मालिक्याइँ दिइन् ।।३।। पुनः तिनौटी सुन्दर कुमारी रचना गरिन् । तिनलाई देख्दा तीनलोक–रज, सत्व तमोगुणी-ब्रह्मा, विष्णु, महेश्वर आदि सबका सब विमोहित भए ।।४।।

दुतिया नाम पार्वतीको भयऊ तप कर्ते शंकर कहँ दियऊ ।।५।।
एकै पुरुष एक है नारी । ताते रची खानी भौ चारी ।।६।।
सर्वन बर्वन देव औ दासा । रज सत तम गुण धरति अकासा ।।७।।

अर्थ– (ती माताले विष्णुलाई लक्ष्मी ब्रह्मालाई सावित्री र शिवलाई सतीदेवी विवाह गरी दिएकी थिइन्, सतीले प्राण त्यागेपछि) दोस्रो जन्ममा पार्वती नामले प्रख्यातभई तपस्या गरेकी हुनाले शिवजीका साथ विवाह गरिदिए ।।५।। एकै प्रकारका पुरुष, एकै प्रकारका नारी जाति हुन् । ती दुवैका आपसी आसक्ति, कर्म-वासनानुसार जीव सब चारखानि–मनुष्य,

पशु, अण्डज, उष्मजमा गई शरीर धारणगर्ने हुनाले ती चारैखानि गुलजार भइरहेछन् ।।६।। शर्मा–ब्राह्मण वर्मा–क्षत्रिय देव–वैश्य र दास–शूद्र यी चार वर्णमा मानिसका रज, सत्व र तमोगुणी कर्मका अनुरूप विभाजन भएको हो । तिनमा कति त धरती–पिण्ड (शरीर-भोग) मैं भुलेका छन्, कति अकास–ब्रह्माण्डकलाको मान्यता–वाणी जालमा अल्झिरहेछन् ।।७।।

साखी–एक अण्ड ओंकार ते, सब जग भया पसार ।
कहहिं कबीर सब नारी रामकी, अविचल पुरुष भ्रतार।।२७।।

अर्थ– पूर्व पक्षीहरूको कल्पना छ– 'एक ॐ काररूप अण्ड (फुल)बाट सारा जगत्को रचना भएको हो ।' गुरु कबीर भन्नुहुन्छ– तिनै कल्पित ॐ, ब्रह्म वा रामकै सब अज्ञानी जीव पत्नी-भाव लिई सती बनी धाउँदछन् । मिथ्या कल्पनाका 'एक अचल पुरुष मेरा पति हुन्' भनी सिद्ध गर्दछन् ।।२७।।

अरू– वेद-उपनिषद्, शास्त्र-पुराण, कुरान-बाइबिलादि विभिन्न पुस्तकमा विविध प्रकारबाट विश्व-सृष्टिको वर्णन भएको छ । यसैले उनका कुराको निर्णय उनैद्वारा गराउन गुरु कबीरबाट पनि यो रमैनी र प्रथम-द्वितीय रमैनीमा सृष्टि रचनाबारे उपर्युक्त किसिमबाट बताउनुभएको सम्म हो । यसमा पूर्वपक्षीले भन्नेछन्–यी कुरा कल्पित हुन् । त्यसको उत्तर–यी कुरा कल्पित हुन् त तिम्रा कुरा सत्य हुन् भन्ने के प्रमाण ! वेदादिमा लेखिएजति सबै सत्य हुन् भने सबै पुराणादिमा एकै प्रकारबाट वर्णन हुनुपर्ने । ऋषिहरूका विचारानुसारका कुरा हुनाले वेद पुराणादि सबैका सृष्टि क्रम विभिन्न प्रकारबाट लेखिएका छन् । उसमाथि तिनका प्रत्यक्ष प्रमाण पनि केही छैनन् । अतएव ती पनि सबै विचारणीय हुन् ।

उसोभए सत्य के हो त ? यसको उत्तर–यो विश्व-प्रपंच नै अनादि* हो । अनादि संसारमा भूल-वश वासनाद्वारा प्रवाहरूप-बाट जीव चारखानिमा जन्मदै-मर्दै, गर्भवासमा जाँदै, फेरि जन्मलिंदै गरिरहेछन् । वनस्पति-जगत् र पृथ्वीमा धातु-पाषाणादि पनि प्रकृतिकै नियम अनुसार सबै बन्ने-बिग्रने भइरहेकै छन् । यसमा एकै धर्मराय र अष्टंगी मायाबाट वा ब्रह्म ईश्वरादिबाट सम्पूर्ण-सृष्टि भएको हो भन्ने र एक ॐ कारबाट समस्त विश्व-सृजना भएको हो भन्ने मानिसका मनको एक कल्पनामात्र हो । यो जीव चेतन भन्दा ठूला अर्का कुनै स्वामी छैनन् । यो न कसैको अंश हो, न पत्नी अथवा दास हो, न छाया नै हो । यसले जस्तो कर्म गर्दछ, उस्तै फल पनि भोग्दछ । अतएव मानिसले आफ्नो सकली स्वरूपलाई चिनोस्, आफ्नो महत्व सम्झोस्; दुराचरणबाट बची-बची सदाचारयुक्त स्व-स्थिति बनाओस् ।

पद्य–२७

ब्रह्मालाई दिइन् ब्रह्माण्ड राज्य, सातद्वीप नौ खण्ड ।
स–सत्य भनी विष्णुलाई दिइन्, त्रि लोक अखण्ड ।।
लिङ्गरूप गरी शिवजीलाई, भूखण्ड छेडेर ।
अष्टङ्गी मायाले पुऱ्याइन् पाताल, विचार गरेर ।।
तिनैले पछि कुमारीहरू, सुन्दरी बनाई ।
त्रिलोक पूर्ण मोहमा पारी, विह्वल गराई ।।
नाम को दोस्री पार्वती भइन्, तपस्या बिछट्ट ।
गरेकी हुँदा शंकरसित, विहे भो थपक्क ।।
एकै हुन् पुरुष समान नारी, आसक्त भएर ।
यी बाटै बने चौ–खानि सबै, कर्मैले गएर ।।

---

*–देवी मोह वश सोचिय वादि । जग प्रपंच यह अचल अनादि ।।
[रामयण]

जगत् अनादिको संकेत–ऋग्वेद १२।१७७।३ बाट पनि पाइन्छ– "प्राण (वायु)को कहिल्यै नाश हुँदैन । त्यो कहिले नजिक र कहिले टाढा-विभिन्न मार्गमा घुमिफिरी रहन्छ ।" ... ... इत्यादि ।

शर्मा र वर्मा देव र दास, चार यी भएछन् ।
सत्व रज तम त्रिगुण नभ, अवनि विषे छन् ।।

श्लोक– ओंकार अण्ड एकैले, संसार पूर्ण फैलियो ।
कबीर सब नारी हुन्, स्वामी अचल राम हो ।।

रमैनी–२८

अस जोलहा काहु मर्म नजाना । जिह्न जग आनि पसारिनि ताना ।।१।।
धरति अकाश दोउ गाड खँदाया । चाँद सूर्य दोउ नरी बनाया ।।२।।

अर्थ– जोलाहा-कपडा बुन्ने कुविन्द (काल्पनिक वाणीको जाल बुन्ने भ्रामकजन) का भेद जो कोहिले जान्नै सकेनन् । यिनले संसारमा आई भ्रमवाणीका ताना तानिरहेछन् ।।१।। त्यहाँ धरती आकाश–पिण्ड र ब्रह्माण्डरूपी दुइ खाडल खनाए । चाँद–इंगला र सूर्य–पिंगला यी दुइ नाडीका नरी-सतल बनाए।।२।।

सहस्र तारले पूरनि पूरी । अजहूँ बिने कठिन है दूरी ।।३।।
कहँ कबीर कर्म से जोरी । सूत कुसूत बिने भल कोरी ।।४।।

अर्थ– हजारौं प्रणवको जपबाट कुंभक पूरा भएपछि समाधि रूपी कपडाको थान तयार हुन्छ भन्ने कल्पना गर्दछन् । आज पनि यस्ता कपडा बुन्ने काममा साधकहरू संलग्न छन् । यस्ता कपडा बुन्न–(भगवद्प्राप्ति गर्न)अति कठिन छ, उहाँ अति टाडा–वैकुण्ठ गोलोक परमधाम आदिमा हुनुहुन्छ भन्ने कल्पनामा छन् ।।३।। उपासक–गुरुजन भन्दछन्–साधना अभ्यासमैं मन-जोड । धागो राम्रो-नराम्रो जे जस्तो भएपनि कोरी–कपडा बुन्नेले बुनोट राम्रो बनायो भने कपडा सुन्दर बनिहाल्दछ । त्यस्तैं कर्म जस्तो भएपनि कर्ताको भाव शुद्ध हुनुपर्छ, कार्य सिद्ध नहोला भन्नु पर्दैन ।।४।।

अरू– कल्याण-सिद्धिको निम्ति यी सर्व कल्पित क्रिया कलाप नै पर्याप्त छैनन् । प्रथमावस्थामा चञ्चले मनको निरोध-

निमित्त ध्यान-साधनादि केही सहायक हुन्छन् तापनि बाह्य भगवद्दर्शन-परमतत्त्व प्राप्तिको आशामा अल्झिनाले साधनामा उल्टो अरू तगारो बन्नजाने हुन्छ। अतएव मुमुक्षुको कर्तव्य हो–प्रथम सत्संग-सद्ग्रन्थको मनन-अभ्यासबाट सत्य तत्त्व–चेतन अविनाशी स्वरूपको स्वतन्त्र परीक्षा गरी सत्य तत्त्वलाई अँगाल्नु। सदाचार-पालनपूर्वक द्रष्टा-स्थितिको साधनामा अगाडि बढ्नु।

यस रमैनीको अर्थ यो पनि हुन सक्तछ–मनरूपी जोलाहाले अनेक कल्पनारूपी ताना तानी, आकाश-पाताल नापिरहन्छ। चन्द्र-सूर्यादिलाई पनि स्वाधीन राख्न खोज्दछ। माकुराको जालो समान फन्दैफन्दाको हजारौं जाल बुन्दछ। परमार्थी भनाएर पनि जाल-झेल गर्न छाड्दैन। नाना कर्ममा जीवलाई जोडी कपूत–मनले कल्पनाकै धागोमा मिसाई त्यहीं बुनिदिन्छ, छुट्टा–स्वतन्त्र हुन दिंदैन। अतएव साधकको कर्तव्य हो–मनका मतिमा नलाग्नु, तटस्थ बनेर आफू अलग्गै रहनु। पारखबोध र सदाचरण-सम्पन्न बनी, साधक जहाँ मनबाट मुक्त भयो, त्यहाँ आपनो स्थितिमा स्थिर भइहाल्यो।

"मन हाथ भयो जिनके तिनके लिए। घर ही बन है बन ही घर है॥"

पद्य–२८

जुलाहा यस्ताको कसैले मर्म, पाउन सकेनन्।
जसले ल्याई पसारे तान, विचार गरेनन्॥
धरती अकास दुइतिर ठिक्क, खाडल खनाए।
चन्द्र र सूर्य यी दुवैलाई, सत्तल बनाए॥

हजार तारले थान त पूरा, बेसरी कसेर।
बुन्दछन् अझै कठोर अति, टाढा छ भनेर॥
कबीर भन्छन् कर्ममा यिनले, बहुतै जोर ले।
सूतलाई कुसूत कसेर अति, बुनेका कोरीले॥

✲

रमैनी-२९

बज्रहुँ ते तृण खिनमें होई । तृण ते बज्र करै पुनि सोई ।।१।।
निझरू नीरु जानि परिहरिया। कर्मका बाँधा लालच करिया ।।२।।

अर्थ– (पूर्व पक्षीको भनाई छ–) जसका प्रतापबाट क्षणमा छेस्काको वज्र र वज्रको छेस्को बन्नसक्तछ, क्षणमा बिलाउन पनि बेरलाग्दैन ।।१।।

(गुरु भन्नुहुन्छ–) यस्ता पुष्पित वचन सुनी-सुनी भावावेशमा जीवहरू निझरू नीरु–छाँगाबाट उछिट्टिएका जल-कणसमान क्षणभंगुर संसारका भोग-परिवारलाई छाडी भगवत्-प्राप्तिको लालच-वश कर्म उपासनादिमा प्रवृत्त हुन्छन् । परन्तु त्यहाँ पनि धेरै-धेरै विधि-निषेधरूप कर्मजालमा मस्कन्छन् ।।२।।

अरू– स्वतन्त्र शाश्वत चेतनलाई ठीक-ठीक चिनी स्वरूप स्थिति बनाउनको निम्ति अनित्य भोग परिवारलाई परित्याग गरेका भए त सुनमाथि सुगन्ध हुनेथियो । तर भ्रान्ति-कल्पना अँगाल्न पुगेकाले संसारको आराम पनि गुम्यो, सम्यक शान्ति स्थिति पनि भेट्टिएन । बिचैमा त्रिशंकुसमान बने, अरू के भयोर !

कर्म धर्म मति बुधि परिहरिया । झूठा नाम साँचले धरिया । ३।।
रज गति त्रिविधि कीह्न परकाशा । कर्म धर्म बुधि केर विनाशा ।।४ ।

अर्थ– ती केही अगाडि बढि जब अद्वैत ज्ञानमा निपुण हुन्छन्, अनि शुभाशुभ कर्म केही भन्दैनन्; जे गर्नपनि अघिसर्दछन् । धर्माधर्मको पनि नियम राख्तैनन् । कर्मको विवेकगर्ने बुद्धि र धर्मप्रति प्रेरणागर्ने मति–दुवैलाई तिलाञ्जलि दिए । जो झुट्टा हो, कुनै वस्तुरूप होइन, जसको नामैमात्र उच्चारण भइरहेछ, उही ब्रह्मलाई महान् तत्त्व हो भन्ने सम्झी धारण गर्नलागे ।।३।। रजगति–डोरीमा सर्पको भान भएसमान ब्रह्ममा जगत्‌को भान-

भएको सम्म हो, वास्तवमा यो जगत् हुँदै नभएको, भ्रान्तिले मात्र देखिएको हो भन्दछन् । त्रि-विध–तीन प्रकार (अस्ति भाति प्रियरूप) बाट यो जगत् पनि ब्रह्मै रूप हो, भनी परकाशा–उपदेश प्रचार गरेर माथि लेखिए अनुसार जीवको कर्म धर्म बुद्धि–सबै विनष्ट गरिदिए ।।४।।

अरू– "भन्दछन्–संसारका प्रत्येय पदार्थ–अस्ति भाति प्रिय-रूपका छन् । जस्तै गाग्रो 'छ,' यो 'अस्ति (सत)' भयो । गाग्रो देखिन्छ, यो 'भाति-चित्' भयो । गाग्रो 'काममा आउँछ' यो 'प्रिय-आनन्द' भयो । यसरी प्रत्येक पदार्थ 'सत चित् आनन्दमय' छन् । ब्रह्मबाहेक अरू केही छँदैछैन । यसरी 'ब्रह्म सत्य, जगत् मिथ्या' भन्ने यिनको सिद्धान्त छ । किन्तु यहाँ यो विचारणीय छ–देखिएको गाग्रो कुन विवेकबाट चित् भयो ? द्रष्टामा ज्ञान हुनाले त्यो चित् हुन्छ, दृश्य जड चार तत्त्व पनि चित् भनेपछि अब जडवस्तु के रह्यो ? यिनका समझ अनुसार 'जड' भन्ने नामै शब्दकोशबाट निक्लनेभए। इत्यादि कुराको कुनै विचारै नराखी, विवेकको मुन्टो निमोठी, समस्त विश्व एक अद्वैत ब्रह्म हो, भन्दछन् । यसैले यो ज्ञानमा 'कर्म धर्म बुधिकेर विनाशा' भनी मूलग्रन्थ-कर्तालि भन्नुभएको हो । 'कर्म धर्म रह्यो र जड-चेतन छुट्टै हुन्' भन्ने सम्झ्यो भने त अद्वैत बोध भएकै ठहर्दैन भन्ने ठानी, अनेकताको ज्ञान र व्यवहार छँदा-छँदै पनि एकताको कथन र जिद्दी गर्ने हुन्छन् । पहिले 'विधि-निषेध' गरी, जड चेतन छुट्टै हो, भन्दछन्; दैवी सम्पत्तिको निरूपण पनि गर्छन् । अन्त्यमा एक ब्रह्म व्यापक भनी विधि-निषेधरहित भई, धर्म कर्म सबै छाडी, स्वच्छन्द व्यवहार गर्ने, बाल पिसाच उन्मत्त मूक जड अजिङ्गरको वृत्ति धारण गर्नुपर्दछ भन्ने भएपछि त 'लपसी लोंग गने एकसारा' भन्ने चरितार्थ हुन गएन र !

रवि के उदय तारा भौ छीना । चर बीहर दोनों में लीना । ५।।
विषके खाये विष नहिं जावै । गारुड सो जो मरत जियावै ।।६।।

अर्थ– (पूर्वपक्षीको भनाई छ–) अद्वैत ज्ञानरूप सूर्योदय हुनासाथ द्वैतरूपी तारासमूह बिलाइहाल्दछन् । चर–चेतन, बीहर–जड, सबैमा ब्रह्म पूर्णछ ।।५।। गुरु भन्नुहुन्छ–विषयकै बीज-ब्रह्म-रूपी विष सेवन गरेर कहीं विषय-विष उत्रन्छर ? गारुड-विष-नाशक औषधी उही हो–जसले विष व्यापेका मरणासन्न मनुष्यलाई बचाउँछ ।।६।।

अरू– विषयभोग, आसक्ति, मोह, अहंकारादि र तिनीबाट चढेको विष–'बन्धन तथा वाणीजाल–भ्रम, कल्पनादिको नशा–सबै तिमी नै ह्वौ' भन्ने अद्वैत ब्रह्मको बोधबाट अब त्यो खानी-वाणीको नशा कसरी उत्रनसक्तछ ? जगतै तिम्रो स्वरूप हो भनेपछि सम्पूर्ण विकार-बन्धनरूपी विष उत्र्यो कि आफैंमा रह्यो? पहिले जगत्लाई बन्धन भन्थ्यौं, अब त्यसैलाई ब्रह्म मोक्ष भन्नथाल्यौं; यसमा नाम-मात्र बदलियो, वस्तु त उही नै रह्यो ।

औषधी हो–प्रथम आपनो स्वरूपलाई ठीक रीतिले जान्नु, बन्धन के रहेछ? यो स्पष्टरूपले चिन्नु । बन्धन विनाशगर्ने उपाय–साधना, वैराग्य, द्रष्टा-स्थितिको अभ्यास पनि सम्यक प्रकारले गर्दै रहनु ।

पहिले जानि स्वरूपको, पाछे बन्धन चीह्न ।
दोनों की परिचय भई, तबै मोक्ष लखि लीह्न ।।

[मुक्तिद्वार ४]

साखी– अलख जो लागी पलकमें, पलक ही में डसिजाय ।
विषहर मन्त्र न मानै, तो गारुड काह कराय ।।२९।।

अर्थ– जीवको पलक–बुद्धिरूपी दृष्टिमा अलख–लखनै नआउने ब्रह्मको निश्चय–स्नेह लाग्नाले पलक–निमेषमै डसि-

हाल्यो (भ्रान्ति-कल्पनाको विष चढ्यो) । यस्तो कल्पित मान्यताको विष शमन गर्ने दिव्य पारख बोधरूपी बूटी वा शिक्षारूप मन्त्र नै मान्दैनन्–ग्रहण गर्दैनन् भने गारुड-मन्त्रले के गर्ने ! सन्त पारखीजन र पारखज्ञानलाई के दोष ! ॥२९॥

पद्य–२९

वज्रको तृण तृणको वज्र, क्षणमा गर्दछन् ।
जानेर छाँगा पानीका सरि, विषय छाड्दछन् ॥
कर्मको बन्धन लालचगरी, मस्कन्छन् पर्दछन् ।
कर्म र धर्म मति र बुद्धि, सम्पूर्ण हर्दछन् ॥

झूट्टाको नाम ठानेर सत्य, मनमा धर्दछन् ।
रज्जुको गति त्रिविध सत्य, प्रकाश गर्दछन् ॥
कर्म र धर्म बुद्धिको नाश, गराई दिने हुन ।
उदाए सूर्य बिलाए तारा, चराचर लीन छन् ॥

खाएर विष जाँदैन विष, झन् लट्ठ गराउँछ ।
गारुडी त्यै हो मरणासन्न, जनलाई बचाउँछ ॥

श्लोक– अलख दृष्टिमा पर्दा, पलैमा डसिहाल्दछ ।
न माने मन्त्र विषहारी, गारुड के गर्न सक्तछ !

❀

रमैनी–३०

औ भूले षट दर्शन भाई । पाखण्ड भेष रहा लपटाई ॥१॥
जीव शीव का आहि नशौना । चारिउ वेद चतुर्गुण मौना ॥२॥

अर्थ– माथि अद्वैतवादको विवेचन बताई, अब अरू भन्नुहुन्छ–षट् दर्शन–योगी जंगम जैनी संन्यासी फकीर र ब्राह्मण–यी सबै भूलमा परे । यिनी देखावटी भेसका आडमा मात्र छन् ॥१॥ भेसबाट झन् यिनको कल्याण मार्गमा अवरोध भइरहेछ । चार वेद पनि चार गुण–कर्म उपासना योग र ब्रह्मज्ञानसम्म वर्णन गर्दछन्, त्यसको अगाडि सत्य वस्तु 'यो होइन, यो पनि होइन' भनी अन्त्यमा मौन रहन्छन् ॥२॥

अरू–ती षट् दर्शनमा दैवी आचरणको पालन, व्रत उपासना तत्त्व-विवेचन, ध्यानादिको वर्णन छ। तर घट-घट निवासी द्रष्टा प्रेरक अनादि अविनाशी सार सत्य चेतनको स्वरूप जस्तो छ, त्यसको यथार्थ निर्णय र शाश्वत स्वरूपको स्थिति, गुरु कबीरबाट त्यहाँ नदेखनुभएकोले, स्पष्ट आलोचक गुरुले यहाँ जस्ताको तस्तो वर्णन गर्नुभएको हो। यसलाई गुणग्राही सज्जनवर्गले मधुकर समान बनी शान्तभावबाट गुण-गुण चुनी लिन विनम्र अनुरोध छ। गुणकारी नीमकाठ सँधै तीतो हुन्छ र पनि शरीरको सुस्वास्थ्यका निम्ति बिचारशील व्यक्तिले सेवन गर्दछन्।

वेद पनि चारगुणकै महिमा बताएर पश्चात् मौन छ भन्ने विषयमा अथर्व वेदीय मुण्डकोपनिषद्मा उल्लेख छ–'अपरा र परा दुइ विद्या जान्नयोग्य छन्। तिनमा ऋग, यजु, साम र अथर्ववेद; शिक्षा कल्प व्याकरण निरुक्त छन्द र ज्योतिष–यी सबै अपरा-लौकिक विद्या भित्र पर्दछन्। जसबाट अविनाशी स्वरूप राम्ररी जानिन्छ, त्यो पराविद्या हो।' [खण्ड १ मन्त्र २]
'वेदले पनि तीनगुण भित्रकै कुरा वर्णन गर्दछ।' (गीता अ. २।४५)

जैनि धर्मका मर्म न जाना। पाती तोरि देव घर आना ।।३।।
दवना मरुवा चम्पाके फूला। मानहु जीव कोटि समतूला ।।४।।

अर्थ– ती षट्दर्शनी मध्ये जैनीले छन् मुख्य अहिंसा धर्मको रहस्य राम्रोसित जान्न सकेनन्। फूल-पत्रहरू टिपी-चुँडेर मन्दिर-मा ल्याउँछन् ।।३।। बाबरी गोदावरी चूआ आदिका फूल नष्ट हुँदा यिनीबाट करोडौं जीवसमूहको घात भइरहेछ ।।४।।

अरू– फूल-पत्रहरू टिप्ता–चुँड्दा सावधानी बिना असंख्य कृमि-कीटादि नष्टहुने यो छँदैछ। दोस्रो–यी जैनीको सिद्धान्त अनुसार ती फूल-पातहरू नै असंख्य जीवसमूह मानिएकाले फूल-हरू टिप्ता-चुँड्दा यिनीबाट करोडौं जीवघात सरासर भइरहेछ।

औ पृथ्वी के रोम उचारे। देखत जन्म आपनो हारे ।।५।।
मन्मथ बिन्दु करै असरारा। कल्पै बिन्द खसै नहिं द्वारा ।।६।।
ता कर हाल होय अदबूदा। छौ दर्शन में जैनि बिगुर्चा ।।७।।

अर्थ– यिनका मुनिहरू पृथ्वीरूप शरीरका कपाल, दाह्री खौरँदैनन्, स्वयं उखेल्छन् वा शिष्यद्वारा उखेल्न-लाउँछन् । यस्तो हिंसा देखतादेख्तै आफ्नो अमूल्य जन्म व्यर्थ बरबाद गर्दछन् ।।५।। मन्मथ–काम विजय गर्ने, उर्ध्वरेता बन्ने लालचमा शिष्याहरूका साथ असरारा–वज्रौली साधना (वीर्य स्तम्भन-प्रयोग) घृणित् क्रिया गर्दछन्। द्वारमा रेत पतन हुन नदिने कल्पनामा पर्दछन् ।।६।। यिनको चरित्र अत्यन्त आश्चर्यजनक हुन्छ । छः दर्शनमा जैनीहरू केवल धर्मको बिगुर्चा-एक ख्याक (धोखा) समानका हुन् ।।७।।

अरू– कपाल दाह्री जुँगाहरू उखेल्दा प्रत्यक्ष कष्ट हुन्छ, जीवलाई सताउनु–यो हिंसाभयो । उनकै सिद्धान्तानुसार ती रौंहरू पनि जीव-समूह हुनाले काट्नु वा उखेलुन्, समानै भयो, हिंसा-बाट बचेनन् । किन्तु खौरेका वा कत्रेका भए विशेष कष्टप्रद हिंसा त हुनेथिएन, यो अत्यन्त खेदको कुरा छ । बिना विवेक, मान र आडम्बरको निम्ति मानिसलाई संप्रदायको बाढीमा बग्न परिरहेछ।

वज्रौली-क्रिया घृणित, निन्दनीय र विषयासक्तिको बहाना-मात्र हो । महान् अपराधजन्य कर्म ठहर्छ । जन्म-मरणको मूल कारण, काम-संस्कार हो । पापी मनले भोग भोग्नलाई निकालेको एक बठ्याइँसम्म हो । वीर्यच्यूत हुन नदिने भन्ने समाजलाई छकाउले एउटा बहाना मात्र ठहर्छ ।

सम्भव छ–गुरु कबीरका समक्ष कुनै-कुनै चरित्र-भ्रष्ट जैनीको यस्तो दुश्चरित्र देख्न-सुन्नमा आयो होला र उहाँबाट यो कुरा धार्मिकसमाज-समक्ष प्रदर्शन गराई सबै साधकलाई सावधान

गराउनु भएको हुनुपर्छ । यही शताब्दीमा अरू-अरू पन्थका साधक-हरूमा पनि कतै-कतै यस्ता कुरा सुनिन्थे । आज पनि भोग र योग एकसाथै सिद्ध गर्छौं, दुवै एउटै हो भन्ने र 'सम्भोगबाट समाधि' भनी नारा लगाउनेहरूको पनि कमी छैन, तरिकामात्र बदलिएको छ । यस्तैका निम्ति यो शिक्षा हो भन्ने सम्झी, यस्ता कुत्सित कार्य र कुसंग तथा कुकर्मबाट साधकले बच्नुपर्दछ । परन्तु सबै जैनी त्यस्ता पनि हुँदैनन् । उनीहरूमा भन् विशेष संयम, साधना र तितीक्षु मुनिहरू पनि देखिन्छन् । तथापि निर्बिसीको बनमा विषको बोट उम्रदैन भन्न सकिन्न । प्रत्येक समाजमा सबका सब सच्चरित्र-शाली शुद्ध व्यक्ति पाउन गाह्रै पर्दछ । त्यस्ता विषयासक्त व्यक्ति निस्ले भने त्यस्तालाई स्वयं विवेकी जैनीहरू पनि 'दूधको झींगो' झैं समाजबाट हटाउन बेर लाउनेछैनन् ।

गुरु कबीरबाट जैनीलाई छः दर्शनमा गणना गर्नाको कारण हो–प्रचलित मीमांसादि छःदर्शनदेखि छुट्टै अर्को जोगी, जंगम सेब-डादि षट्दर्शन पनि धार्मिक सन्त-परम्परामा प्रथम रमैनी अनुसार पूर्वदेखि कथन हुँदै आइरहेका हुनाले उही यहाँ पनि उधृत् गरिदिनु भएको हो ।

साखी– ज्ञान अमरपद बाहिरे, नियरे ते है दूरि ।

जो जानै ताके निकट है, नहिं तो रहा सकल घटपूरि ।।३०।।

अर्थ– ज्ञानस्वरूप अविनाशी चेतन जीवको पद-स्थिति, उपर्युक्त कल्पना र जड, शून्यको मन्तव्य लिएका षट्दर्शनीदेखि पृथक छ । त्यो निकट पनि छ, टाढा* पनि । विवेकीको निम्ति चेतन नित्य प्राप्त, अपरोक्ष, आफ्नै स्वरूप हुनाले अत्यन्त निकट भयो; विवेक-विहीनजनका लागि कल्पना-अज्ञानले नै हृदय

---

* – जाने बिना दूर जानेको नजदिक ।
देखो निरन्तरमें अपरोक्ष तस्दिक ।। (श्री निर्मल साहेब)

आच्छादित हुनाले अति टाढा परिरहेछ । वाणीजालकै भरमा पर्‍यो भने ब्रह्म चराचरपूर्ण भन्नेमा नै स्थिति लिने होइन्छ ।।३०।।

अरू–'यो देहमा जो अजन्मा छ, उसलाई पुण्यलोकको प्राप्ति गराउ। यसको अवशिष्ट आयु प्राणवान् रहोस् ।'

[ऋग्वेद १०।१।१६।४-५]

हामीले 'म आत्मा अपरोक्ष स्वरूप नै सत्य हुँ' भनेपनि बिना विवेक विषय भोग र जड-चेतन सबै मैं हुँ भनी आफैंमा मिलाइरहेछौं। यसैले विशेष गरेर स्वतन्त्र विवेककै प्रकाश प्राप्त गर्नु अति आवश्यक छ । जीवनभर विवेककै आधार राखी ज्ञानस्वरूप द्रष्टामात्रलाई सबैदेखि बाहिर (भिन्न) बुझी, शुद्ध ज्ञान मात्रमा स्थिति बनाउनु, यही हामी सबैको मुख्य कर्तव्य हो ।

नैव भवाम्यहं देहो नैन्द्रियाणि दशैवतु ।
न बुद्धिर्नमनः शश्वन्नाहंकारस्तथैव च ।।१६।।
अप्राणोह्यमनाः शुभ्रो बुद्धयादीनां हि सर्वदा ।
साक्ष्यहं सर्वदा नित्यश्चिन्मात्रोहं न संशय ।।१७।।

[सर्वसार उपनिषद्]

'म उत्पन्न भएको होइन, दशइन्द्रियरूप होइन, बुद्धि मन र नित्य अहंकार पनि म होइन ।।१६।। म त सदा बिना प्राण, बिना मनको शुद्ध स्वरूप हुँ; बिना बुद्धिको साक्षी हुँ । निरन्तर चिन्मात्र स्वरूप हुँ–यसमा संशय छैन ।।१७।।

पुनश्च–यदि यस्तो आफ्नो वास्तविक स्वरूपलाई जान्ने-प्राप्तगर्ने, स्थिति बनाउने तिव्र लालसा छ भने सर्व प्रथम-चोरी हिंसा व्यभिचार, झुट्टा बोल-चाल र लत-व्यसन जस्ता दुर्गुणहरूलाई छाड । शुद्ध मानवीयगुण, हंस लक्षणहरूको ठीक-ठीक पालन गर । आफ्नो अन्तःकरणबाट नश्वर भोग विषय र वाणीजालका कल्पित

मान्यता–समस्तलाई हटाई सबैदेखि निवृत्त होउ । अरू यस्तो निश्चय बनाउ–'म यही जीवनमा सम्पूर्ण वासना शमन गरी आफ्नो स्वरूप स्थिति बनाइछाड्नेछु' ।

यस्तो निश्चयपूर्वक एकान्त निर्जन स्थलमा निश्चिंतभई बस । जाडो, गर्मी र जीवाजन्तुबाट बच्नको निमित्त सामान्य उपाय पहिले नै गरिराख । अभ्यासमा बसेपछि फेरि चट्पटाइनरहु, निश्चल बनी बस । रात्रिमा एकनिद्रा सुती बिउँझेपछि अभ्यासमा बस्न अति सहजहुन्छ । त्यहाँ बसेपछि अब मनमा उठेका वासना-प्रवाहलाई हेरमात्र, तिनमा सहमतभई चिन्तन-मनन गर्नपछि नलाग । जस्तो अग्लो टाकुरामा बसी तल मार्गका पथिकहरूलाई हेरे-देखेझैं हेरमात्र । त्यस बखत लाम्खुट्टे, उपियाँहरूले टोकेको थाहाभयो, त्यसको पनि द्रष्टाबन ! मलाई टोकिरहेछन् कि शरीरको फलानो अंगमा टोकिरहेछन्! विचारमात्र गर । हात-गोडा निदाए, कमर-गर्दछन् अररिए, थाके, कष्टभयो–यिनको पनि अनुभव गर, सम्झ–यसलाई पनि जान्ने म हुँ, मैले जानिरहेछु । बाहिर मानिस कराइरहेछन्, मोटर रिक्सा गाडाहरू ओहर-दोहर गरिरहेछन्, शब्द आइरहेछ–यी सबैलाई पनि मैले तटस्थतावाट जानिरहेछु । कान भित्र बजी अवाज सुनिनथाल्यो, भित्रै उज्यालो देखियो, विचार गर्नु–के म यिनै ध्वनि र प्रकाश त होइन ? मैले यिनलाई अनुभव गरिरहेछु । चौतर्फ निस्पट्ट अन्धकार धुम्मिरहेछ, अन्धकार नै म हुँ वा यसको अनुभवकर्ता हुँ ? यो सबै अति गम्भेर विचार गर । यो अभ्यास गर्दा शुरू-शुरूमा झर्कोलाग्नेछ, धेरै-धेरै वासनाको ताँती ओइरोलागी दिक्क पार्नेछन् । 'मेरो मुख्य काम नै यही हो' भन्ने सम्झी कत्ति नआँत्तिई उही हेर्ने काममा नै लेठ्न् दिई लागिपरेपछि वासनाको ताँती सम्मुख पर्न कम हुनेछन् । जति-जति कम हुँदै गए, उति-उति चित्त शान्त हुँदै जानेछ । कहिले कहीं

अल्पसमय मात्रपनि वासना उठ्न बन्दहुँदा अति शान्तिको अनुभव हुनेछ । जति अभ्यास गर्दैगयो उति वासनाको वेग कम हुँदै गई, कुनै समय स्वाभाविक दृश्यरहितको द्रष्टा–जानमात्र स्वयंको साक्षात्कार हुनेछ । यसैको नाम हो–स्वयं प्रत्यक्ष ।

द्रष्टा-स्थिति कालमा यस्तो अवस्था आएपछि पनि अभ्यास नछाड्नु । नित्यप्रति कमभन्दा कम दुइ-तीन घन्टा अभ्यास गर्नु । भरसक त्यसमा पनि बढोस् । यो अभ्यासबाट व्यवहार-कालमा पनि स्वयं द्रष्टा बनी-बनी काम-काज भइरहनेहुन्छ । जब वासनाले हामीलाई घिच्याई क्रिया गराउन असमर्थ हुन्छन्, हामी सावधान तटस्थ स्वतन्त्र द्रष्टा बन्दछौं; अनि हामीबाट अयोग्य काम कुनै पनि बन्नेहुँदैन । हामी व्यवहार-कालमा पनि सदा आसक्ति अहंकाररहित होशपूर्वक द्रष्टा स्थिति स्वरूपभावमा रहनेहुन्छौं। यसैलाई ज्ञानवान्हरूले जीवन्मुक्ति अवस्था भनेका छन् । यस्ता जीवन्मुक्त पुरुषको प्रारब्धान्त पश्चात् सदाको निम्ति विदेह स्थिति छँदैछ ।

पद्य–३०

भूलमा परे दर्शन सबै, जङ्गम शेषादि ।
बनाई छद्म तिनले वेश, रङ्गाई वस्त्रादि ।।
जीवको शुभ कल्याण घाती, यी पक्का बनेछन् ।
चारै वेद पनि चौ गुण कथी, आखिर मौन छन् ।।

धर्मको मर्म नजानी जैनी, फूलपाती टिप्तछन् ।
मन्दिर लगी ती सब फूल, चढाई मुग्ध छन् ।।
बाबरी चुवा गोदौरी फूल, च्यातेर छर्दछन् ।
करोड जीव समान आफैं, मन्दछन् मार्दछन् ।।

फेर अवनीका कपाल रोम, उखेल्छन् तिनले ।
देखता देख्तै स्वयम्को जन्म, गुमाए यिनले ।।
विर्यको स्तम्भन् गर्दछौं भनी, वज्रौली गर्दछन् ।
कल्पना गर्छन् विर्यलाई रोक्ने, स्वयम् ती झर्दछन् ।।

द्वारमा रेत नगिरोस् मन्छन्, उधेक घिन्लाग्दो ।
जैनीको हाल छ दर्शनमा, पाखण्डी डरलाग्दो ।।

श्लोक– ज्ञान अमर यो भिन्न, पद निकट दूर छ ।
नित्य पास छ जान्नेको, अन्यथा सर्व पूर्ण छ ।।

रमैनी–३१

सुमृति आहि गुणनको चीह्ना । पाप पुण्यको मारग कीह्ना ।।१।।
सुमृति वेद पढें असरारा । पाखण्ड रूप करें हंकारा ।।२।।

अर्थ– मनुस्मृति आदि धर्मशास्त्रहरू सद्गुण-ग्रहण गर्न र सदाचारमा चलन-चलाउनको निम्ति बनेका हुन् । तिनमा यी पाप हुन्, यी पुण्य हुन् भनी बाटो देखाएका, कायम गरेका छन् ।।१।। मानिस वेद शास्त्र एवं स्मृति आदि पढ्दछन्, तर विवेक गरी असरारा–दुराचरण-जति पनि छाड्दैनन्, केवल देखावटी, कृत्रिम भेसधारण गर्दछन्; उल्टो श्रेष्ठताको अहंकारमात्र भर्दछन् ।।२।।

अरू– संसारका प्राणीलाई न्याय-नीतिमा चलाउन र अधर्मबाट बचाई धर्ममा प्रवृत्त गराउनको निम्ति वेद शास्त्र तथा अनेक स्मृति बने । तिनमा विशेष गरेर धर्मका अध्यक्ष ब्राह्मण समाज अध्ययन-अध्यापन गर्दछन् पनि । स्मृति वेदादि पढेर त यस्ता कतिपय गुण आफूमा उत्रनुपर्छ–

"मलाई बुद्धि बलदेउ, साना ठूला युवक वृद्ध सबैलाई म नमस्कार गरौं, म सँधै ठूलाको आदर गरौं ।

[ऋग्वेद मं. १ अनु. ६ सू. २७]

"हाम्रो यज्ञमा हिंसा हुँदैन, हे मित्रावरुण तिमी दुवै आउ ।"

[ऋ. ५।५।७।१।१]

'म अहिंसक रहूँ, म कच्चा बुद्धिको नरहूँ ।' [" २।३।२७।७।११]

तर अपसोचको कुरो यो छ–सबैका धर्म-निर्देशक विद्वान् ब्राह्मण भएर पाण्डित्यको व्यासासन ग्रहण गरेर पनि जीवहिंसा

मांसभक्षण धुम्रपान व्यभिचार जूवा–आदि अकर्तव्यमा सहसा प्रवृत्त भएका अधिकांशमा पाइन्छन् । देवीको प्रसाद भनी हिंसा भक्षण गर्न, अन्याय कुविचारमा लाग्न कत्ति संकोच नगर्ने मानिस पनि पाइन्छन् । आश्चर्यको कुरा यो छ–झन् उल्टो उनै 'हामी सबैका गुरु ब्राह्मण हुँ, वेदमा हाम्रै अधिकार छ' भन्ने एकाधिपत्यको गर्व गर्नपनि बेर मान्दैनन् । मनुस्मृतिमा धेरै-धेरै नीति-धर्मको वर्णन छ, अहिंसाधर्मको विधान पनि छ, तर यज्ञमा जीव-वधको विधि लेखिएको हुनाले यिनीहरूलाई हिंसा गर्न मांसभक्षण गर्न-गराउन एक सजिलो बाटो बन्नगयो । मानिसलाई उकालो चढ्न कठिन छ, ओह्रालो ओर्लन-खुर्मुरिन अति सजिलो हुन्छ । झन् आज त पाश्चात्य देशका हिंसात्मक प्रबल वायुले गर्दा हिंसा-भोजन, मद्यपान आदि समस्त आसुरी दुर्गुण-दुराचारकै रजाइँ चलिरहेछ । यो ठीक होइन । देवी भागवतमा पनि लेखिएको छ–

> अहिंसा परमोधर्मो ऽ हंतत्वा ह्याततायिन ।।५५।।
> द्विजैर्भोग रतैर्वेद दर्शितं हिंसनं पशोः।
> जिह्वास्वाद परैः काम महिंसैव परामता ।।५६।।
>
> [स्कं. ४ अ. १३]

> अहिंसा परमो धर्मो विप्राणानात्र संशयः ।
> दया सर्वत्र कर्तव्या ब्राह्मणेन विजानता ।।
>
> [२।११।३९]

'अहिंसा नै ठूलो धर्म हो, जीवघात गर्ने व्यक्ति हत्यारा हुन् ।।५५।।' 'जिभ्राका स्वादवश ब्राह्मणहरूले वेदमा पशुहिंसा गर्ने विधि बताएका छन् । तर वास्तविक कुरा–अहिंसा नै सबैभन्दा ठूलो धर्म हो ।।५६।।' 'ब्राह्मणको निम्ति अहिंसा नै सर्वोत्तम् धर्म हो, यसमा कुनै संशय छैन । ज्ञानी भएका ब्राह्मण जातिले

सबै प्राणीमाथि दया गर्नु परम कर्तव्य हो।' सात्विक रहन-सहन शुभाचरणबाटै सबैको परम कल्याण छ। यसैले आजको युग सुहाउँदो धर्माचरणको निरूपणमा गुरु विशालदेवबाट मुक्तिद्वार ग्रन्थमा पहिलोपाठ सद्गुण शतक राखिदिनुभएको छ। त्यो सबैको निम्ति अति मननीय छ।

पढैं वेद औ करैं बडाई। संशय गाँठि अजहुँ नहिं जाई ।।३।।
पढैं शास्त्र जीव बध करई। मूँडि काटि अगमन के धरई ।।४।।

अर्थ– यिनीहरू वेद त पढ्छन्, तर वेद भनेको ज्ञान हो, त्यो ज्ञान पालन गर्नको सट्टा फन् विद्याको घमण्डमात्र गर्दछन्। संशय–भ्रान्ति-कल्पनाको गाँठो अफपनि फुकेको छैन, भन् मस्कँदैछ ।।३।। धर्मशास्त्र पढ्दछन्, यसबाट धर्म–अहिंसाको बोध हुनुपर्थ्यो, उल्टो शास्त्रकै मन्त्र पढेर संकल्प गराई, निःसंकोच जीवघात गरी, देवीको मूर्ति-समक्ष पशुको टाउको काटी-राखिदिन्छन्, जो आफ्नै निमित्त भविष्यका लागि भयंकर कष्टको जिउ[x] बन्दछ ।।४।।

अरू– धर्मको नामबाट यज्ञ गर्दा र देव-देवीको पूजा गर्दा पनि जीवित जीवहरूको घोर हत्या भएको देख्नुहुँदा र धर्मशास्त्र मानिएका स्मृति-पुराणहरूमा समेत यस्तो पाप कर्मको सर्वथा निषेध नभई उल्टो विधि भएको प्रत्यक्ष अवलोकन गर्नुभएकोले गुरु कबीरबाट धर्मको नाममा त्यस्तो हिंसादि कुकृत्य पापाचरण नहोस् भनी यहाँ यो विवेचन गर्नुभएको हो। सच्चा साधकको कर्तव्य पनि यही हो– आफूबाट यस्तो जीवघातको काम कुनै

x – "मन्दिर तोड मस्जिद तोड. तो कुछ नहीं मुजाका है।
दिल मत किसीका तोड, यह तो घर खास खुदाका है।।
मन्दिर में तो बुत धरे, मस्जिद में सफम–सफाई है।
दिल दरगाह में झलकता, बिलकुल नूर खुदाई है।।"

हालतमा कुनै कारणबाट पनि हुन नपाओस् । सदा अहिंसा सत्य ब्रह्मचर्य अस्तेय अक्रोध निरहंकारादिको पालनपूर्वक सत्य चेतन स्वरूपको अनुसन्धान र स्वरूपस्थितिको साधनामै अखण्ड तल्लीन रहनुपर्दछ ।

साखी– कहहिं कबीर ई पाखण्ड, बहुतक जीव सताव ।
अनुभव भाव न दरशै, जियत न आपु रखाव ॥३१॥

अर्थ– गुरु कबीर भन्नुहुन्छ–यी ढोंगीहरू अनगन्ति जीवलाई नानाप्रकारबाट अत्यन्त सताउँछन् । यो सम्झ–ती सरल प्राणीलाई पनि हामीलाई जस्तै कष्टहुन्छ–पीडित हुन्छन् । यसरी यिनीहरू लाई मारेपछि हामीले पनि बदला अवश्य दिनुपर्ने छ । एक दिन नमारिई सुखै पाइनेछैन, भन्ने अनुभवको लक्षणा यिनमा केही देखिएन । कठै ! यस्तो विवेकी चोला नरजीवनमा पनि यिनले आफ्नो रक्षा गर्न जानेनन् ॥३१॥

अरू– "प्राणीमात्रलाई सताउनु मार्नु; तिनको अपवित्र मासु खानु–यस्तो महान् पाप कर्म गर्दा यसको फलस्वरूप मैलेपनि कष्ट भोग्नैपर्नेछ, बदला नतिरी छुट्टि पाउनेछैन" भन्ने कुरा मनमा सँधै स्मरण रहोस् । आफ्नो शक्ति चलेसम्म सूक्ष्मातिसूक्ष्म* हिंसापनि हुन नपाओस्, भन्ने ध्यान दिनुपर्दछ । निर्मान–विनम्रतापूर्वक धर्मको पालन गरी जीवन यापनगर्नु सज्जनको परम कर्तव्य हो ।

पद्य–३१

स्मृतिहरू धेरै छन् ग्रन्थ, गुणलाई चिनाउने ।
पाप र पुण्य मारग सबै, खोलेर बताउने ॥

---

* – यादृश कुरुते कर्म तादृशं फलमाप्नुयात् ।
अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम् ॥ [देवी भागवत ६।६।६७]

जसले जस्तो कर्म गर्दछ, त्यसलाई उस्तै फल प्राप्तहुन्छ । किनभने आफूले गरेका शुभाशुभ कर्मको फलभोग्नु प्राणीको लागि अनिवार्य छ । यसलाई कसैले टारेर टार्न सक्तैन ॥६७॥

स्मृति वेद पढ्दछन् नर, कुकर्म छाड्दैनन् ।
भव्यता वेश बनाई हिंड्छन्, अहंकार मार्दैनन् ।।

पढेर वेद बढत्व गरी, रहन्छन् 'मै' भनी ।
परन्तु भित्री संशय गाँठो, खुलेन क्यै पनि ।।
पढेर शास्त्र ज्ञानी हूँ भन्छन्, जीव तो मार्दछन् ।
टाउको काटी अगाडि लागि, सँगाली राख्दछन् ।।

श्लोक– भन्छन् कबीर यो दम्भ, धेरै जीव सताउँछन् ।
बोधको भाव देखिन्न, न जीवन सुधार्दछन् ।।

❀

रमैनी–३२

अन्ध सो दर्पण वेद पुराना । दर्बी कहा महारस जाना ।।१।।
जस खर चन्दन लादेउ भारा । परिमल बास न जानु गँवारा ।।२।।
कहहिं कबीर खोजे असमाना । सो न मिला जो जाय अभिमाना ।।३।।

अर्थ– अन्धाको निम्ति जस्तो ऐना व्यर्थ छ, त्यस्तै विवेक-नेत्र विहीन व्यक्तिले वेद-पुराणादिको अध्ययन गरेपनि यदि मांसाहारादि अयोग्य काम गर्दछ भने त्यो निरर्थक नै भयो। त्यसबाट उसले केही लाभ लिन सकेन । त्यस्ताले ज्ञानी हुँ भन्नु त डाडु-पनिउँले सुस्वादिष्ट व्यंजनमा सदा डुबेर व्यंजनको स्वाद सबै मलाई थाहा छ भन्नुसमान* हो ।।१।। जस्तो गधाले श्रीखण्डको भारी बोकेर पनि त्यसको मगमग महकरूप सुख पाउँदैन, त्यस्तै स्व विवेक-विहीन मनुष्यले वेद-पुराणादिको अध्ययन गरेर पनि सार तत्त्व बुझ्न सक्तैनन् । खालि 'भिंगा टँसाई' समान अक्षर-ज्ञानमात्र रहेको हुन्छ। उल्टो अभिमानी, पापाचारमा अधिक निर्भयी, योग-भोग एउटै हो भन्नमा अत्यन्त चतुर भई, अलिप्तवादी बन्न पुग्दछन् ।।२।।

* – वेदैमा पनि वचन छ-अनेक मेधावीजन वेदार्थका गुण–दोष विवेचन गर्न भनी जब भेला हुन्छन्, तब कोही-कोही वेदार्थ जान्ने बनेर सर्वत्र घुम्दछन्, कोही-कोही सर्व ज्ञान-शून्य हुन्छन् । [ऋग्वेद १०।७१।८]

गुरु कबीर भन्नुहुन्छ–भएका हृदयगुफा निवासी मुख्य सनातन ज्ञानस्वरूप चेतन भगवान्लाई ती खोज्दैनन्, आकाशीय भगवान् नै खोजनमा उत्साही छन् । अथवा आकाश-स्वरूप ब्रह्मवत्न रमाँउछन् । यिनलाई सर्व अभिमान आसक्ति अध्यास भ्रान्ति कल्पनादि निर्मूलक वैराग्य नैराश्य-निरत सन्त विवेकी मिलेनन्-चिन्न सकेनन् ॥३॥

अरू– त्यस्ता पुरुषको संग-रंगबाट त अभिमान भ्रान्ति कल्पना तृष्णा आसक्ति आदि कहाँ रहन सक्तछ र ?

'लोहा कनक पारस करे, साहेब शरण समान ।'

[श्री रामरहस्य सा.]

"पारस सङ् भए लौह, के खान्थ्यो लाग्न गै खई ।"

[बी. सा. २३६]

पद्य–३२

अन्धालाई ऐना देखाए सरी, वेद र पुराण ।
डाङ्ले भनोस् सलाई भयो, रसको सुजान ॥
जसरी भागी चन्दन बोक्छ, पीठमा गधाले ।
श्रीखण्ड गन्ध पाउन्न थाहा, असभ्य अन्धाले ॥

भन्दछन् कबीर आकाश खोज्छन्, सुगति भएन ।
मिलेन त्यो ता बगे ती उता, घमण्ड गएन ॥

रमैनी–३३

वेद की पुत्री सुमृति भाई । सो जेवरी कर लेतहि आई ॥१॥
आपुहि बरी आपन गर बन्धा । झूठा मोह कालको फन्दा ॥२॥

अर्थ– ए, भाइ! स्मृतिहरू वेदबाट निस्केका हुनाले वेदकी छोरी भए । तिनले जिवलाई बाँध्न हातमा विधि-विधानका योग्यायोग्य विविध कर्म-पद्धतिरूपी डोरी लिई आएका छन् ॥१॥
मनुष्य जीव आफ्नै हातले डोरी बाटी, आफ्नै घाँटी मस्काई, भन्-

भन् कसिदै गएको पनि थाहा पाउँदैनन् । यस्तै आफैले रचेका वाणीलाई विवेकबाट परीक्षा गर्न सक्तैनन् । अयोग्यकर्म पनि परित्याग गर्न भयभीत हुन्छन् । आप्तवचन, ईश्वरीय वाणी–इत्यादि मान्यताको मोह-भयवश कर्म-बन्धनको पासोमा अल्भि-रहेछन् ।।२।।

अरू– स्मृतिग्रन्थहरू पूर्वमा मनु याज्ञवल्क्य पराशर व्यास वशिष्ठ विदुर शुक्रादिबाट वेदकै आधार लिई, धर्मपूर्वक व्यवहार चलाउन नीति–कानूनको रूपमा बनेका हुन् । तिनमा विशेष सकाम कर्म र यज्ञ-यागादिकै विधि हुनाले निष्काम-निवृत्ति-मार्गावलम्बी शान्ति-मुक्तिका पात्र मुमुक्षुहरूको निम्ति बन्धन र अल्भो डोरीरूप हुँदैहुन् । उसमाथि ती ग्रन्थमा हिंसा, मांस-भक्षणादिको पनि विधि हुनाले समस्त संसार त्यसैको आधार र वेग-वश * तलतिरै बग्ने भइरहेका छन् । खास गरी कल्याण-इच्छुकले त जड-चेतनको निर्णय, सदाचार-सद्गुणको पालन र वासनाको क्षय जसरी हुन्छ उसै गरी सद्ग्रन्थको मनन स्व युक्ति र साथै विवेकी सन्त-जनको सत्संग, मन-इन्द्रियादिको साधना–इत्यादि गर्दै जीवन सुधार गर्नको परमावश्यक छ ।

बंधवत बन्धा छोरियो न जाई । विषय स्वरूप भूलि दुनियाई ।।३।।
हमरे देखत सकल जग लूटा । दास कबीर राम कहि छूटा ।।४।।

अर्थ–माथि बताइएका वाणीजाल–कल्पनारूपी डोरीमा जीवले घाँटी बाँध्न त बाँधे, तर फुकाउने कसरी हो, थाहा पाउन सकेनन् । स्वयं बाँधिए, अरूलाई पनि बाँधिदिए । यो बन्धन हो भन्ने धेरैलाई थाहै छैन । आर्षवाक्यको आधारमा अन्धविश्वास, विवेक बिनाको श्रद्धा, ममता र भयले छुटाउनै दिंदैन । अझ उल्टो

* – जो जस्तो श्रेष्ठले गर्छ, त्यै त्यै गर्छ अरू जन ।
श्रेष्ठले मानिएकोमा, लोक लाग्छ सनातन ।। [गीता ३।२१]

यही मुक्ति-गतिको माध्यम हो भन्ने सम्भन्छन् । त्यो पनि आशा-युक्त विषयकै स्वरूप न हो, सबै त्यहीं भुले । उता व्यवहारी जीव विषय भोगमा तद्रूप बनी, आफैंलाई पनि बिर्सिरहेछन् ।।३।। मैले देख्तादेख्तै सारा संसार लुटिइसके, लुटिइरहेछन् । दास बनेका कबीर अर्थात् उपासक जीवजति केवल रामनाम आदि जप-कीर्तन गरेर तर्न-छुट्न चाहन्छन् ।।४।।

अरू– यहाँ गुरुबाट 'कबीर' रामनाम स्मरणबाट छुट्यो भनी स्वयम्लाई भन्नुभएको होइन। व्यङ्गोक्तिद्वारा भन्नुहुन्छ–अर्का आकाशीय कुनै मालिक छन्, तिनै मेरा स्वामी हुन्, भनेर आफू-लाई नारी वा दासरूपमा मान्नेहरूलाई भन्नुभएको हो। 'तिमीहरू खालि नाम जपेरमात्र के छुटौला ?' भन्नु भएकोलाई, कसैले उल्टो अर्थ न सम्भुन् । दास कबीर, कबीरन... इत्यादिको रूढि अर्थ के के हो ? माथि भूमिकाबाट मनन भएकै होला ।

साखी– रामहि राम पुकारते, जिभ्या परिगौ रौंस ।
सूधा जल पीवै नहीं, खोद पिवन की हौंस ।।३३।।

अर्थ– राम आदि इष्टका नामको जप-कीर्तन गर्दागर्दै भ्रान्त उपासकहरूका जिब्रामा रौंस–ठेला परिसके । सुधा जल–सोझै सम्मुखको निर्मल अमृत स्वच्छ पानी पिउन मन गर्दैनन्, पृथ्वी खनेर अति कठिनतापूर्वक पानी निकाली पिउने हौसला-साहसमा परिरहेछन् ।।३३।।

अरू– यहाँ गुरु कबीरको भनाई हो–कर्मिष्टहरू वेद, स्मृति आदिकै मान्यता, कल्पना-वश कर्मजालमा अड्किरहेछन् । सामान्य जनसमाज विषयासक्तिमै व्यस्त छन् । भक्तहरू आ-आपना मनले माने-थापेका इष्टनामको जप-कीर्तनबाटै तर्छौं-छुट्छौं भनी ढुक्क परिरहेछन् । गान बजान नाच रासलीला आदि पुतली-खेलाईको मन कल्पित उपासनामा अल्भेका छन् । सम्मुखका पात्रको निर्मल

नीर-समान निरन्तर प्राप्त, अपरोक्ष सत्य चेतन स्वरूपको बोध, स्मृति-स्थिति गर्न छाडेर पृथ्वी खनी, पानी झिकी, तृषा मेट्न खोजे-समान 'तथाकथित कल्पनाका इष्ट आकाशमाथि कहीं कुनै लोकमा होलान्, उनले दर्शन देलान्, वैकुण्ठादि लोकमा लैजालान्, सायुज्यादि मुक्ति देलान्' भन्नु के यो सम्भव कुरा हो त ? वास्तविक कल्याणको लागि आफ्नै हृदयवासी अविनाशी साँच्चिका रामलाई नै सत्संगद्वारा खोजेर चीन; सदाचारसम्पन्न उही स्व-स्वरूप ज्ञान-मात्रमा स्थिति बनाउ, अनिमात्र तिम्रो दुःख-बन्धन विनाश हुनेछ। तिमी आफैं शुद्ध स्वतन्त्र चेतन स्वरूप नित्य स्वयं छँदैछौ–इत्यादि संकेत गर्नुभएको हो । यस बारेमा हामी स्वयं विचार गरौं र आफ्नो महान् हित-कल्याण साधनामा अग्रसर होउँ ।

पद्य–३३

वेदकी छोरी स्मृतिहरू, वेदैले बनेका ।
हातमा डोरी लिएर यहाँ, प्रवेश भएका ॥
आफैंले डोरी बाटेर आफ्नै, घाँटीमा मस्काए ।
कुटुंको मोह कालको फन्दा, परे ती के पाए !

बाँध्न त बाँधे तो आफ्नै घाँटी, फुकाउन जानेनन् ।
विषय अँठ्याई दुनिया भुले, बन्धन ठानेनन् ॥
मैले ता देख्ता संसारी बिग्रे, लुटिए बेसरी ।
कबीर दास जपेर राम, छुटेका यसरी !

श्लोक– रामै राम रटी सारा, ठेला जीभ विषे परे ।
पीयूष जल प्यूँदैनन्, खनी प्यूँन भनी बढे ॥

*

रमैनी– ३४

पढि पढि पण्डित करु चतुराई । निज मुक्ति मोहिं कहो समुझाई ॥१॥
कहाँ बसे पुरुष कौन सा गाऊँ । सो पण्डित मोहि सुनावहु नाऊँ ॥२॥

अर्थ– ए, पण्डित जी ! तिमी वेद-शास्त्रादि अध्ययन गरी-गरी बठ्याइँमात्र गर्छौ ! तिमीले मुक्तिको स्वरूप कस्तो सम्झेका

छौ ? राम्ररी मलाई भन ! ।।१।। तिम्रा मुक्तिदाता भनी मानिएका पुराणपुरुष कस्ता कहाँ कुन् ठाउँमा बसेका छन् ? पण्डित जी ! यो सबै आज खुलस्त बताउनै पऱ्यो ! ।।२।।

अरू– अविवेकीजन पुराणमा लेखिएकै कुरा गतानुगतिकएकले जस्तो कल्पना गरी लेखे-भने उही पछिकाले पनि भन्दैगए । 'झिगा टँसाई र अन्ध-लीक पक्राई' रूपबाट स्वीकार गरी कथा सुनाउँछन् । भोगका साथै मोक्ष मिल्दछ भन्ने बठ्याइँ झिक्तछन् । वास्तवमा विवेकयुक्त मुक्तिको अनुभव यिनलाई भएन । सबैका मुक्तिदाता भगवान् अन्तै कहीं छन् र उनको दर्शन गराई, मुक्ति दिलाइदिने एकाधिपत्य अधिकार हामीमै मात्र छ भन्ने सम्झन्छन् । यसैले गुरुले यहाँ प्रश्न गर्नुभएको हो ।

चारि वेद ब्रह्म निज ठाना । मुक्तिका मर्म उनहुँ नहिं जाना ।।३।।
दान पुण्य उन बहुत बखाना । अपने मरण की खबरि न जाना ।।४।।
एक नाम है अगम गंभीरा । तहवाँ अस्थिर दास कबीरा ।।५।।

अर्थ– ब्रह्माजीले चार वेद बनाए वा संकलन गरे, जेहोस् 'निज ठाना'–अपनाए । किन्तु ठीक-ठीक मुक्तिको रहस्य उनले पनि जान्न सकेनन् ।।३।। तिनमा उनले दान-पुण्य, यज्ञ-यागादि गर्ने विधान विविध प्रकारकाबाट बताए; परन्तु आफ्नो सत्य स्वरूपको मर्म र कर्मको फल सुख भोग्न पनि जन्म मरण गर्भवास आदिको कष्ट त नभई छाड्दैन भन्ने कुरा राम्ररी जान्न सकेनन् । अन्यथा पुराणानुसार तिनी विषयासक्त हुने र कर्मजालमा अल्झने अल्झाउने पनि थिएनन् । ज्ञान र विवेक छोडी कर्मजालमा पर्नेपार्ने प्रयोजनै के थियोर ? यो गम्भीरतापूर्वक विचार गर्नुपर्ने कुरा हो ।।४।। बल्ल-बल्ल कुनै जीव कर्मजालबाट माथि उक्ले, तर एक 'प्रणव-ॐ' नाम नै सर्व श्रेष्ठ हो, अगम्य छ; अचलधाम-प्रदाता यही हो, भनी उपासनाबाटै आफ्नो कल्याण-स्थिति सम्झनथाले ।।५।।

अरू– यिनीहरू ॐ राम शिव सोहं–इत्यादि नामलाई आ-आफ्ना मन्तव्य अनुसार एकमात्र मेरै पद्धति सत्य हो भनी जप्तछन्, जप्नलाउँछन्; यसैको ध्वनिमा लक्ष्य शमगरेर बस्ने अभ्यास गर्दछन्। यसैलाई प्रणव अक्षरब्रह्म सारशब्द इत्यादि नाम राख्छन्, अविनाशी तत्त्व भनी विविध मान्यता दिन्छन्। तर ती शब्दलाई निर्धारण गर्ने, कल्पना गर्ने, जप्ने, तिनैको शब्द ध्वनिमा रङ्गिने र प्रत्यक्ष अनुभव गर्ने को हो ? उसलाई चिन्दैनन्। आफ्नो ठीक-ठीक महत्व यिनलाई थाहै भएन। यसैले यो शब्दमा आफ्नो यथार्थ मरण, मुक्ति-स्थिति र स्वरूपलाई जानेनन् भनी भन्नुभएको हो। "चौंतीस अक्षरसे निकरे जोई। पाप पुण्य जानेगा सोई।" यस्तो स्वतन्त्र विवेक-बिना वेद-शास्त्रादिमा भएकै कुरा पनि ठीक-ठीक ग्रहण गर्न सकिंदैन। अन्य स्थलमा विरोध पर्छ कि भन्ने भ्रम-मान्यताको संशय र भयले मन सदा धरमरमा नै रहन्छ।

साखी– चिउँटी जहाँ न चढि सकै, राई ना ठहराय।
आवागमन की गम नहिं, तहाँ सकलो जगजाय ।।३४।।

अर्थ– जहाँ कमिलोरूपी मन-वाणीले चढ्न-गम पाउन सक्तैन, जहाँ रायोरूपी बुद्धि पनि अड्न सक्तैन; जहाँ आउने-जाने विशेष कुनै उपाय नै छैन, त्यहीं सारा संसारका मानिस जान-पुग्न इच्छुक छन् ।।३४।।

अरू– यसमा विशेष विचारणीय कुरा यो छ– जसको मन, वाणी र बुद्धिबाट गमपाउनै* सकिंदैन भने यिनीहरू त्यस्ता ब्रह्मको बोध, साधकलाई कुनरीतिबाट गराउँछन् ? साधकले कसरी मनन चिन्तन, निश्चय गरी जान्ने ? कुन माध्यमबाट बुझ्ने ? जहाँ आउने-जाने उपाय नै छैन भने जहाँ पुगेपछि* फेरि फर्कनुपर्दैन भन्ने

* – 'यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह :।'
* – यद्गत्वा न निवर्तन्ते तद्धाम परमं ममः ।। [गीता १५।६]

यो वचनलाई कसरी सत्य ठहराउने ? गुरु कबीरले यी सबै शंका 'मुक्ति' अन्त कतै कुनै लोकमा छ र कसैले दिन्छन् भनी मान्नेहरूका प्रति गर्नुभएको हो । 'निज मुक्ति मोहिं कहो समुझाई,' 'कहाँ बसे पुरुष कौनसा गाउँ ।' 'तहँ सकलो जगजाय'—यी गुरुका व्यंङ्गोक्ति हुन्, के गरी त्यहाँ जालान्? भन्नुभएको हो। खालि 'जान्छन्' भन्ने अर्थ गर्दा पूर्वापर विरोध पर्दछ । कुनै अर्कै दुर्विज्ञेय अचिन्त्य दैवीशक्ति जोड्ने कल्पनामा पर्नुपर्ने हुन्छ ।

वास्तवमा मुक्ति–अरू कसैले दिएर; कहीं कुनै लोकमा पुगेर; निर्गुण, निराकार, अद्वैत ब्रह्म बनेर अथवा चेतनको स्वरूप नै विलय गरेर शून्य बनेर मिल्ने होइन । यी सबै मनकै कल्पना-मात्र हुन् । जड छाया शून्य प्रतिबिम्ब अंश आभास व्यापक कार्य-कारण, कल्पना-वासना सबैबाट सर्वथा रहितभई परम ज्ञान-मात्र सत्य चेतन स्वरूपमा शान्ति-स्थिति बनाउनु नै वास्तविक मुक्ति हो ।

'मोह-बन्धन काटियोस्, भ्रान्ति-बादल छाँटियोस्; अनिमात्र आफू देखिनेछ ।'

'दिल के आइने में हैं तस्बीर यार, जब जरा गर्दन झुकाकर देखलो !' [गालिव]

'मोक्षस्य नहि वासोस्ति न ग्रामान्तरमेव वा ।
अज्ञान हृदयग्रन्थि नाशो मोक्ष इतिस्मृतः ।।'

पद्य–३४

पण्डित तिमी चतुऱ्याइँ गर्छौ, पुस्तक पढेर ।
आफ्नो जो मुक्ति मलाई मन! कस्तो छ गडेर ।।
पुरुष कहाँ कसरी बस्छन्, कुन हो लोक ठाउँ !
प्रबुद्ध !, मलाई खुलस्त भन ! थलाको के हो नाउँ !

चौ-वेद स्वयं प्रचार गर्ने, ब्रह्मा नै मुख्य हुन् ।
उनले पनि मुक्तिको भेद, जानेनन् त्यो के कुन !

दान र पुण्यको उनले विधि, विशेष बताए ।
मरण हाल नजानी आफैं भवमा बिताए ॥

गहन नाम अगम एक, छ श्रेष्ठ भनेर ।
स्थिर भए कबीर दास, यसैमा चुनेर ॥

श्लोक– कमिला चढ्न सक्तैनन्, रायो रोकिन्न एक त्याँ ।
आवागमनको छैन– गम जाँदै छ विश्व जाँ ॥

रमैनी–३५

पण्डित भूले पढि गुनि वेदा । आप अपन पौ जानु न भेदा ॥१॥
संध्या तर्पण औ षटकर्मा । ई बहुरूप करें अस धर्मा ॥२॥

अर्थ– पण्डितजन वेदको पाठ-पठन, मनन-चिन्तन गरेर पनि भुले । यसैले आफूले आफैंलाई जानेनन्; स्व स्वरूपको ठीक-ठीक रहस्य बुझ्न सकेनन् ॥१॥ यिनले स्नान, जप, सन्ध्योपासना, तर्पण र षट्कर्म (यजन-याजन, अध्ययन-अध्यापन, दान-प्रतिग्रह) विविध प्रकारबाट गर्नु-गराउनु नै मुख्य धर्म सम्झिरहेछन् ॥२॥

अरू– वेदको यथार्थ अर्थ हो–ज्ञान । वेदको अध्ययन चिन्तनबाट मुख्य तत्त्व-आफ्नो स्वरूपको बोध,–आवागमनको कारण, अज्ञानको बोध, तथा त्यसको निवारण–इत्यादिको स्पष्टतया ज्ञान हुनुपर्ने, स्वयं त्यसमा चल्ने र अरूलाई पनि चलाउनुपर्नेमा, भन् आफू पनि कर्मकाण्डमा अल्झी, अरूलाई पनि अल्झाइरहेछन् । कसैले ज्ञान–सत्संगका कुरा गरे भने उल्टो तिनको निन्दा गर्दछन्, आफ्नै कर्मकाण्डादिका क्रिया कलापको घमण्डमा रहन्छन् । वास्तवमा ती धर्म होइनन्, एक साम्प्रदायिक क्रियामात्र हुन् । हरेक सम्प्रदायका आ-आफ्ना क्रिया पद्धति हुन्छन् । मुख्य जीवनको उद्देश्य र कल्याणको मार्ग हो–दुराचारको निग्रह, सदाचारको संग्रह, इन्द्रिय-मनको संयम, सद्ग्रन्थादिको चिन्तन, विवेक-वैराग्यमा तत्परता र पारखनिष्ठ सन्तजनका सत्संगद्वारा यथार्थ ज्ञानमात्र स्व

स्वरूपको बोध प्राप्त गरेर, उसैमा निर्वासनिक स्थिति बनाउनु; अनिमात्र मुक्तिपद प्राप्त हुनेछ ।

गायत्री युग चारि पढाई । पूछहु जाय मुक्ति किन पाई ।।३।।
और के छिपे लेत हो छींचा । तुम सो कहहु कौन है नीचा ।।४।।

अर्थ– गायत्रीको पठन जप आदि भए-चलेको चारयुग कति विते-कति, सोध ! यसबाट आजसम्म क-कसले मुक्तिपाए ? ।।३।। आफूलाई श्रेष्ठ र अरूलाई तुच्छ मानी तिनलाई छोएमात्र-पनि छिटो हाल्छौ (आफूमा पानी छर्काउँछौ) स्नान, सचैलस्नान गर्छौ, विचार गर! तिमी भन्दा निम्नस्तरको व्यक्ति संसारमा को छ ? ।।४।।

अरू– पूर्वको द्वितीय रमैनी अनुसार आदिमायाको नाम थियो–गायत्री । तिनै गायत्रीको नामबाट वेदमा एकमन्त्र✕ लेखिएको छ । यही मन्त्र कुल-परम्परा अनुसार उपनय-संस्कारका समय सुनाउँछन्; प्रति दिन प्रातः र सन्ध्या समय द्विजवर्णमा जप्ने-जप्नलाउने प्रथा छ । ठाउँ-ठाउँमा गायत्री-पुरश्चरणको नामबाट हवन, पठन, जप, अनुष्ठान आदि गर्ने-गराउने चलनपनि छँदैछ । यसैले यसमा निर्णयरूपी चुनौतीको समीक्षा दिएर गुरु भन्नुहुन्छ–ती सबैसित सोध ! पुनः स्वयं विचार गर ! यसबाट आजसम्म कसले मुक्ति पाए ? पाए भने कसरी पाए ? किन भने बिना ज्ञान■ मुक्ति हुँदैन । ज्ञान नभई केवल कर्मले संसारमा को पार भए* ? इत्यादि निर्णय–उपनिषद् आदिले नै बताएका छन् । तब मुक्ति त खास ज्ञानबाट मात्र हुन्छ भने हामी ब्राह्मण हुँ, हाम्रो गायत्री नै सर्वोच्च

✕ – [यजुर्वेद अध्याय ३६ मंत्र ३ मा गायत्री मंत्र लेखिएको छ]

■ – 'ऋते ज्ञानान्नमुक्ति ।'

* – ज्ञान छाडीकन कर्म के जनहरू, संसारको पार गया ? [रामायण ।]

फल प्रदाता हो; यसमा हाम्रैमात्र अधिकार छ, भनी किन यत्तिकैमा निर्थक्क पर्छौ ?

विवेक गर, अगाडि बढ, सत्यज्ञानको सम्पादन गर। अभ्यास धारणा आफूमा बनाउ; तबै तिमी श्रेष्ठपदमा प्राप्त हुनेछौ। श्रेष्ठ ज्ञान, स्थिति तथा शान्तिमा पुगेपछि फेरि यस्तो गर्व रहने पनि छैन। जीवात्मा र शरीर सबैको एकै हो। तिम्रै शरीरपनि रज वीर्यद्वारा निर्मित, मल मूत्र थूक राल खकारादि अपवित्रै-अपवित्रले पूर्ण छ, भने के बाट आफूलाई ठूलो र उसलाई सानो सम्झन्छौ ? खास विवेकबाट हेर, यस बखत सबभन्दा सानो तिमी नै भइरहेछौ। कारण–'म श्रेष्ठ ब्राह्मण हुँ, तीन वर्णको गुरु हुँ, वेदको अधिकार सम्पन्न मैं छु।' इत्यादि अभिमान लिई, अरूलाई 'यी छोटा, शूद्र-पापी हुन्, अछूत हुन्' भन्ने तुच्छ–हेयदृष्टि गर्छौ तथा अरूलाई तिरस्कार गरेर उसको अन्तःकरणमा वेदनात्मक कष्ट आघात गरिरहेछौ भने सोच ! (आफ्नो आङ्को भैंसी नदेख्ने, अरूका आङ्को जुम्रा देख्ने,) तिमी कत्तिका ठूला ! यसो विचार गर्दा त तिमी भन्दा तुच्छ अरू को पाइएला ! .... इत्यादि गुरु कबीरका भनाईको भाव हो।

ई गुण गर्व करो अधिकाई। अधिकै गर्व न होय भलाई ।।५।।
जासु नाम है गर्व प्रहारी। सो कस गर्वहि सकै संहारी ।।६।।

अर्थ– यसरी तिमीहरू यदि ज्ञान आचरणबाट रहित खालि वर्णाश्रमकै मान्यता-वश शिखा-सूत्र धारणको प्रचुर घमण्डमा छौ भने सम्झ–तिमी ठूलो भूलमा छौ, यस्तो बानी नगर। ज्यादा घमण्ड गर्नाले कसैको पनि भलो भएको छैन ।।५।। फेरि तिमीहरू नै भन्छौ, शास्त्रको घोषणा सुनाउँछौ–भगवान्‌को नामै छ–'मदगञ्जन', भने तब उनले तिम्रो गर्वलाई कसरी-कति दिन सहन सक्लान्* र ? ।।६।।

*– तिमी अहंकारीलाई दबाउँछौ। [ऋग्वेद २।३।२३।११]

अरू– यसैले होला आज ब्राह्मणहरू आफ्ना ब्राह्मणत्वका आचार संहिता तथा मान-मर्यादाहरूबाट धेरै नै टाढा पर्दै गएका। विवेकशील ब्राह्मण-समाजले यी कुरा गम्भीरताका साथ सोच्नु–सुधार गर्नु योग्य छ।

साखी– कुल मर्यादा खोय के, खोजिन पद निर्वान।
अङकुर बीज नशायके, नर भये विदेही थान ।।३५।।

अर्थ– उता पूर्ण व्यापक अद्वैत ब्रह्म बन्ने अभिलाषाले जाति–पङक्ति, मान-प्रतिष्ठा–सम्पूर्ण मिटाएर पनि बिना विवेक भेसमा प्रवेश भई, निर्वाण शून्यरूपी ब्रह्मपद खोज्नपुगे। अंकुर–जगत्, बीज-अहंकारादि सबै आत्मा मैं लय गरी जन्म-मरणको बीज भुट्ने आशाका आधारमा निमग्न भई, मनुष्य विदेही थान–ब्रह्मकै स्थितिमा पुग्ने व्यर्थका कल्पनामा परे ।।३५।।

अरू– जगत्-विषय, अज्ञान-अहंकारको मूल वासना-कल्पनादिलाई नै ठीक-ठीक परीक्षा गरी नहटाएर उल्टो अज्ञानादि सर्व विकार आत्मामै लय गरी, विवेक-विचारलाई थन्क्याइदिंदा, पुनः ती अद्वैत ब्रह्मबाटै सर्व जगत्-बन्धन विकार निक्लने भए। ती सबै आफ्नै थाप्लोमा पर्ने भयो। किनभने ब्रह्मबाट जगत्, जगत्बाट ब्रह्म बन्ने–यो ब्रह्मचक्र त छँदैछ; त्यो कहाँ मेटिन सक्छ र ?

पुनश्च–सारा वेद शास्त्र पुराण, अन्य धर्म-ग्रन्थ, ऋषि-मुनि महात्माहरूले शिक्षा-दीक्षा, उपदेश गर्नेको हेतु हो–संसार-दुःखबाट जीवहरूले त्राण पाउन्, बन्धन छुटोस्, शान्ति मिलोस्। यसै उदेश्यमा जैमिनी कपिल कणाद गौतम, पतञ्जलि आदि शास्त्रकारहरू सबैको निश्चय भयो–द्वैत र त्रैतवादको। बुद्ध–संसार र निर्वाणको चर्चा गर्दछन् त, द्वैत भइहाल्यो। महावीर–पदार्थ र आत्मा दुवै लिएर चल्ने भइहाले। ती भन्दछन्–पदार्थलाई छाडेपछि आफू

एकमात्र बचिन्छ, यही हो कैवल्य। वादरायण–अद्वैत भन्छन् र पनि उनलाई यिनै माया र ब्रह्म–दुवैको कुरा नगरी सुखैछैन। यसैले शंकर स्वामीलाई द्वैतमैं बसेर यताउतिका कुरा बटुली अद्वैत सिद्ध गर्न परेको हो। भएको सत्य तथ्यलाई त अजात, अलात, वैतथ्य, आगम आदिको अनेक प्रमाण दिई-दिई सिद्ध गर्नै पर्दैन ! सत्यको त प्रदर्शन गराइदिए पुग्दछ। यदि माया र ब्रह्म (चेतन) दुवै नभए शंकर स्वामीले कसका माथि दिग्विजय गर्नु भयो ? दुइ नभए केबाट छुट्ने ? केबाट मुक्तहुनु थियो र ? एक अद्वैत भए हामी सबै ब्रह्म हुँदै हुँ, अब जाने कहाँ ? हुने के ? गर्नु के छ र ? अद्वैतका उपदेशकलाई पनि केही न केही त छुटाउनै परेको रहेछ। अज्ञान छ, भ्रान्ति छ, माया छ, अविद्या छ–जे भन; केही न केही छुटाउन पर्ने रहेछ त ! उता–भिक्षा गर्ने परिश्रम गरिरहेकै छन्; भने दुइ त बनिहाले नि ! इत्यादि मैं अद्वैत-बन्धुहरूले लरखराउनु परेको छ। विवेकका समक्ष यिनीहरू दराखुट्टाले उभिन सक्तैनन् र ठूलठूला पुस्तकका आडमा अडिन करैलाग्दछ। एक अद्वैत भन्नेले दोस्राको आधार नलिई सुक्खै पाउँदैनन्, चर्चा गर्न करै लाग्छ। दुइ-तीन भनेपनि अन्तमा स्वयं अकेला निराधार स्थिर हुन्छौं, भन्ने सिद्धान्त धेरैले अँगालेकै छन्। अतएव मुक्तिमा दोस्राको आसक्ति र अहंकार अर्थात् 'म' पनालाई छाडेर शुद्ध ज्ञानमात्र चेतन-पारख अस्तित्व स्वरूपबाट स्थिर शान्त रहिन्छ, अद्वैत मानेपनि यसैलाई अद्वैत भन्नमा के हानि ?

पद्य–३५

पण्डित भुले वेदज्ञ बनी, स्व भेद जानेनन् ।
सन्ध्या र तर्पण छः कर्म धर्म, विविध ठाने ऊन् ।।
गायत्री पढाई चारयुग बित्यो, जप र ध्यानमा ।
को मुक्त भए सोधनी गर, इनका कानमा ।।
अरूलाई छुँदा हाल्दछौ छिटो, अछूत भनेर ।
लौ भन–तिमी–भन्दाको सानु, छ यहाँ चिनेर ।।

गुणको गर्व गर्दछन् धेर, नगर गुमान ।
अधिक गर्व गर्नेको भलो, हुँदैन यो जान ॥

जसको नाम छ मदहारी, प्रख्यात यसरी ।
सहन सक्ला घमण्ड उसले, आखिर कसरी ?

श्लोक- छाडेर कुल मर्यादा, निर्वाण पद खोज्दछन् ।
टुसा बीउ बिनाशेर, विदेही स्थान रोज्दछन् ॥

रमैनी-३६

ज्ञानी चतुर विचक्षण लोई । एक सयान सयान न होई ॥१॥
दूसर सयानको मर्म न जाना । उत्पति परलय रैनि बिहाना ॥२॥

अर्थ– ए, ज्ञानी, विवेकी, सूक्ष्म बुद्धिवन्तजन हो ! सुन, एक अद्वैत ब्रह्मलाई सयान–श्रेष्ठ परम सारतत्त्व सम्झेका छौ, त्यो वास्तविक सार सत्यवस्तु होइन, खालि नामैनामको 'ब्रह्म' शब्द हो ; यथार्थमा शून्य अवस्तु हो ॥१॥ दूसर सयान–चेतन जीव-देखि छुट्टै कुनै दोस्रा कर्ता ईश्वर छन् भन्ने कल्पना गर्छौ भने यसको पनि तिमीले ठीक रहस्य बुझ्न सकेनौ ! यो त मानिसकै मनको एक कल्पनामात्र हो । यस्तैयस्ता अनेक कल्पनामा परेर जीवले रात दिन–निरन्तरको उत्पत्ति-प्रलय जन्म-मृत्युको चक्रमा कष्ट काटिरहनु परेको हो ॥२॥

अरू– पुराणानुसार ईश्वर मानेपनि ती एक कामका ठेकदार समान, साम-सबेर भएझैं, उत्पत्ति-प्रलयका काममा लागिरहनेसम्म ठहर्छन् । सर्वश्रेष्ठ मुक्त-स्वरूप परमतत्त्व वा मोक्षदाता सद्गुरु ठहर्दैनन् ।

बनिज एक सबन मिलि ठाना । नेम धर्म संयम भगवाना ॥३॥
हरि अस ठाकुर तजियो न जाई । बालहिं बिहिस्त गावहिं दुलहाई ॥४॥

अर्थ– परमार्थीजन सबै मिलेर कल्पनाका व्यापारको एक संस्था खोले । आ-आफ्ना सिद्धान्तानुसार इष्टलाई प्राप्तिगर्न निमित्त

विभिन्न नियम, संयम, आचार आदिको धर्ममार्ग निकाले ।।३।। 'हरि' नामक एक यस्ता मालिक सबैका मनमा पक्का मान्यताको रूपबाट बसेका छन्– त्यो मान्यता कसैले छाड्ने* मनै गर्दैनन् । बाल-बुद्धिका उपासकहरू आफू दुलहीरूप बनी, कोही स्वामी दुलहारूप भगवान् बिहिश्त-वैकुण्ठ, गोलोकादिमा हुनुहुन्छ, हामी पनि उहीं पुग्नपाउँ भनी स्तुति-प्रार्थना तथा कथा-कीर्तन गर्दछन् । अथवा बालकले कुम्राका पुतलीको विवाह रचेर कुम्रैका दुलहाका साथ तिनका घर भनी बिहिश्तरूप दुलहाका घर-धुलाका घेरा भित्र प्रवेशगर्न खोजे समान भयो ।।४।।

साखी– ते नर कहाँ गए, जिन दीह्ला गुरु घोंटि ।
राम नाम निजु जानिके, छाडि देहु वस्तु खोटि ।।३६।।

अर्थ– यस्ता अनेक कल्पनामा जीवलाई भ्रान्त गराइदिने ती धर्मप्रवर्तक, आचार्य, गुरु बनेका मानवहरू कहाँ गए ? जसले भ्रम-कल्पित मान्यतारूपी खुब लठ्याउने घोट्टाको नशा भरिदिए (मन्त्र जप्न लगाए) र विभ्रान्त बनाइदिए। वास्तवमा 'राम' भन्ने तिम्रो खास स्वरूप-चेतनकै दोस्रो नाम हो । यसैलाई विवेकपूर्वक राम्रोगरी जान, अरू सबै कल्पना जति खोटि–नकली अवस्तु हुन्-छाडिहाल ।।३६।।

'दिलमा खोज दिलहीमा खोजो, यहै करीमा रामा ।'
अमृत वस्तु जाने नहीं, मगन भया सब लोय
कर्हहिं कबीर कामो नहीं, जीवहि मरण न होय ।।
[बी. रमैनी १० को साखी.]

पद्य–३६

चतुर ज्ञानी निपुण बुद्धि, सम्पन्न हे जन !
चनाखो एक श्रेष्ठ हो भन्छौ, त्यो हुँन बुझन ।।

* – छुँदैमा व्यग्रता लिन्छन्, लज्जावती समान ती ।। (बी. साखी ९८)

चतुर दोस्राको जानेनौ भेद, नगर गुमान ।
उत्पत्ति लय सबेरं साँझ, समान यो मान ॥

व्यापार एक सबले मिली, प्रारम्भ गर्दछन् ।
नियम धर्म संयम पाली, भगवान् भज्दछन् ॥
हरिज्यू जस्ता स्वामित त्याग्न, सकिन्न धाउँछन् ।
बालक सरि बिहिश्त निम्ति, दुलाहा गाउँ छन् ॥

श्लोक- ती मानिस कता लागे, दिए थे गुरु घोटि जो ।
राम नाम स्व जानेर, छाडि दयौ खोट वस्तु त्यो ॥

❀

रमैनी–३७

एक सयान सयान न होई । दूसर सयान न जाने कोई ॥१॥
तीसर सयान सयानहिं खाई । चौथे सयान तहाँ लैजाई ॥२॥

अर्थ– जो एक अद्वैत ब्रह्म सयान–सत्य श्रेष्ठ भनी मानेका छन्, त्यो निर्गुण-निराकार व्यापक शून्यसमान भनेका हुनाले यस्तो त कुनै वस्तु नै हुनसक्तैन, यसैले यो श्रेष्ठ सत्य होइन । दोस्रो शुद्ध ब्रह्मका आश्रितमा रहेकी माया अथवा मायाविशिष्ठ ईश्वर श्रेष्ठ हो भन्दछन्, यो कुरापनि कसैले निर्णयद्वारा बुझ्न सकेनन् । ब्रह्म नै अवस्तु भएपछि तिनका आश्रितमा माया कहाँबाट हुने ! अनि ती मायोपाधियुक्तका ईश्वर कहाँबाट बन्ने र सत्य श्रेष्ठ हुने ? विवेकद्वारा यो पनि श्रेष्ठ-सत्य भएन ॥१॥ तेस्रा सयान मानिएका त्रि-देव–ब्रह्मा, विष्णु, महेश्वर हुन् भन्दछन् । यी त्रि-गुणका प्रतीक हुनाले बन्धनरूप स्वयं हुन्; दोस्रो–यिनले पनि जीवलाई क्रमशः कर्म उपासना र योगका जालमै अल्झाए, ज्ञान र मोक्षबाट वंचित गराए । परम सयान–श्रेष्ठ जीवको कल्याण–सत्यज्ञानको समक्ष नै खाइदिए । ती त्रि-देव स्वयं विषय भोग र वाणी-कल्पनामा परेका हुनाले यस्ता त्रि-देव कताबाट श्रेष्ठभए ? चौथो सयान–चार वेदले पनि उही कर्म र उपासनादिका क्रिया-

कलापमै सर्वथा अल्झाएर जीवलाई पुराना अन्ध परम्पराका भ्रम-कल्पना तिरै डोऱ्याई लगे; अतः यी पनि श्रेष्ठ भएनन् ।।२।।

पचयें सयान जो जानेउ कोई । छठयेंमा सब गयल विगोई ।।३।।
सतयाँ सयान जो जानहु भाई । लोक वेद मों देउँ देखाई ।।४।।

अर्थ– पाँचौं सयान–पंच विषय भोग नै सुख-श्रेष्ठ हो भनी कोही भन्दछन्; ती भौतिक-भोग भित्रै भुलेका, दिव्य शान्ति, सत्य सार चेतनलाई नजान्ने सामान्य व्यक्ति हुन् । कोही पंचतत्त्वलाई नै श्रेष्ठ इष्टदेव मानी अष्टधातु, नदी गंगादि देवी, अग्निदेव, वायुदेवता आकाश निरंजन परमात्मा भनी भावना गर्दछन्। कोही-कोही 'यिनै पंचतत्त्व नै सार सत्य हुन्, अरू केही छैन' भन्छन् । यी सबैले जड-चेतनको निर्णय गर्ने तर्फ ध्यानै दिएनन् । अतः विषयसुख भोग्न पाउँदा हाँस्तछन्, छुट्ता रुन्छन् । अतः यिनले श्रेष्ठ मानेका जडतत्त्व, विषयहरू कसरी श्रेष्ठ हुनसक्तछन् र ! छैटौं सयान–मन, यसका मतिमा परे र त सबै बरबाद भइरहेछन्। भोगासक्ति, विषय-जंजाल, वाणी-जालमा अल्झी-अल्झी आवागमनमा चक्कर काटिरहेछन् । अतएव यो मनपनि श्रेष्ठ होइन ।।३।।

अब यी सबैदेखि छुट्टा अन्तिम सातवाँ श्रेष्ठ परमतत्त्वलाई यदि तिमी जान्नखोज्छौ भने यसलाई त म लोक र वेद दुवैमा छर्लङ्ग देखाइदिन सक्तछु ।।४।।

अरू– ब्रह्म माया ईश्वर त्रि-देव चार-वेद पंचतत्त्व पंच विषय छैटौं मन–यी सबैलाई स्वयं चेतन जीवले नै नमानी, सिद्ध नगरी, कुनैको पनि वास्तविकता सिद्ध हुँदैन । यी मध्ये ब्रह्म ईश्वर माया देव-देवी मन आदि कुनै पदार्थ नभई केवल ख पुष्पसमान मानिसकै मान्यताबाट उभिएका छन् । हामीले मानेनौं भने यिनको कुनै अस्तित्व नै पाइँदैन । वेद र जड-तत्त्व, विषयहरू

पदार्थरूप हुन् तापनि यिनलाई हामीले नै मान्यता दिएका ह्वौं। आपना देह-निर्वाहका भोगमा उपयोग लिन्छौं, भूलवश आसक्त पनि हुन्छौं। यिनलाई हामी नमानौं, आसक्त नहोउँ त यी जड तत्त्व आपना ठाउँमा रहनेछन्, हामी यिनबाट सर्वथा फरकै छौं। अतएव चेतन जीवभन्दा ती कुनै पनि श्रेष्ठ होइनन्।

सातौं– जीवको श्रेष्ठत्व भन्छौभने त्यो लोक-व्यवहारमा र वेद-शास्त्रबाट पनि अनुभव गम्य प्रत्यक्ष छ।

लोकमा– जीवको देहमा निवास भएको र नभएको साधारण अज्ञजनले पनि जान्दछन्। जीवित छउन्जेल अति प्रेमपूर्वक स्याहार-सुसार गर्दछन्। जीव निवलनासाथ 'अब लैजाउ, नराख,' भन्दछन्। पुनः सबै मिली लगी जलाउँछन्-समाधि दिन्छन्। त्यस बखत व्यापक भनिएका ईश्वर-ब्रह्महरूबाट शरीर-संचालन हुन वा रहन सक्तैन। सारा व्यवहार चार खानिको चकचकी, घर-घडा यंत्र मशीनादिको शोध-बोध निर्माण, परिचालन, साहित्य-सङ्गीत, औषधी इत्यादिको सृजना-पालन, जीवित मनुष्य जीवबाटै भइरहेको छ।

वेदमा– वेद-उपनिषद्, शास्त्र-पुराण, गीता-रामायण, स्मृति आदिमा* पनि यही शरीरको प्रेरक, परीक्षक हृदयस्थ चेतनकै नित्यता विशेषता गरी उल्लेख भएको छ। उसको लक्षण बताउँदा कथनको प्रवाहमा, 'व्यापक निराकार इच्छाकर्ता...' इत्यादि भनाईमा केही अन्तर परेपनि ब्रह्म ईश्वर परमात्मा राम कृष्ण आत्मा नूर खुदा अल्लाह सोल गार्ड... इत्यादि नाम दिएर सत्य चेतनकै संकेत-संस्थापन गरेको पाइन्छ। समस्त उपनिषद्, आत्मपुराण, योगवा-

---

* – केही नमूना निमित्त प्रस्तुत छ, द्रष्टव्य–सामबेदी केनोपनिषद् मंत्र १ देखि ८ सम्म। कठोपनिपद् १।३ को मंत्र– ३।१०।१२।१३। आ २ वल्ली ३ को मंत्र १।४।१२। वल्ली २ को १।५। मुंडकोपनिषद् अ ३ खण्ड १ को ५।३ २।२। इत्यादि।

शिष्ठ, आत्मरामायण आदि ग्रन्थहरू त यही आत्म चेतनकै लागि बनेका हुन् । यसउसले चेतन जीव नै सर्वेसर्वा महान् श्रेष्ठ सार सत्य तत्त्व परमपद हो ।

साखी– बीजक बित्त बतावै, जो बित गुप्ता होय ।
ऐसे शब्द बतावै जीवको, बूझै बिरला कोय ।।३७।।

अर्थ– [माथि चौथा पदमा सातौं सयानलाई 'लोक र वेदमा पनि देखाइदिनेछु' भन्नुभएको थियो, अब यहाँ उही कुरा बताउनुहुन्छ –] गुप्तरूपबाट कहीं गाडिराखेका धनको हाल–संकेत बीजकबाट पाइन्छ । त्यस्तै हाम्रा शरीरभित्र अदेखरूपबाट रहेको जीव-जमा धन, यो बीजकको निर्णय–गुरुमुख शब्दले बताइदिन्छ । [कुनै-कानमा फुक्ने मन्त्र वा शब्दलाई बताउने होइन ।] परन्तु येसलाई बिरलै पारखीजनले मात्र बुझ्नेछन् ।।३७।।

अरू–'सारशब्द निर्णयको नामा । जातेहोय जीवको कामा ।।'
'साक्षी परीक्षक जनक ज्ञाता, निश्चय कर्ता जीव है ।'
'एक जीव कित कहौं बखानी . . . .।'
'जीवहि मरण न होय . . . .।'
'स्वतः सत्य तू जान जीव . . . .।'

पद्य–३७

प्रथम चतुरो चतुरो हुँन, द्वितीय चतुरा ।
कसैले जान्न नसक्ने ती ता, मायावी फतुरा ।।
तृतीय चतुर चतुरै खाए, चौथो त्यैं लैजान्छ ।
पांचौंलाइ जान्ने कोही छन् छैटौं, सबलाइ बिगार्छ ।।
सातवाँ चतुर जान्ने हो भने, हे भाई यता आउ !
लोक र वेदमा देखाइदिउँला, विवेक दृष्टि लाउ ।।

श्लोक– बीजक धन सङ्केत– गर्छ जो द्रव्य गुप्त छ ।
यस्ता शब्द भने को छ, जीव क्वै व्यक्ति बुझदछ ।।

✲

रमैनी–३८

यहि बिधि कहौं कहा नहिं माना । मारग माहिं पसारिनि ताना ।।१।।
राति दिवस मिलि जोरिनि तागा । ओटत कातत भरम न भागा ।।२।।
भरमहि सब जग रहा समाई । भरम छोडि कतहूँ नहिं जाई ।।३।।

अर्थ– यसरी जीव चेतन नैं सत्य हो भनी भन्दछु, यो मेरो यथार्थ निर्णयलाई यी भ्रान्तिवशका अज्ञजन कोही मान्दैनन् । जीवको कल्याण–विवेक प्राप्तिका मार्गमा विषयासक्ति र विभिन्न कल्पित मान्यतारूपी वाणीका ताना तानेर बाटै छेकिरहेछन् ।।१।। रात दिन सबै मिलेर जोरिनि तागा–धागै गाँसिरहन्छन्– भोग विषय पुष्टक र भ्रान्ति-कल्पना वर्द्धक वार्तालाप र स्व मत सिद्धिकै काम काजमा मात्र व्यस्त छन् । ओटत कातत–ज्यू-ज्यान दिई परिश्रम गर्दा पनि मन अनुकूल सुख पाइन्न । अनेक शास्त्रादि पठन-चिन्तन सत्संग गर्दा पनि मनको दुविधा-भ्रान्ति मेटिं-दैन ।।२।। सारा समाजको हृदयमा सुखासक्ति मान चाहना र भ्रान्तिले नै परिपूर्ण भइरहेछ; भ्रान्ति छाडी यिनीहरू अन्यत्र विवेकी समाजमा जानै सक्तैनन् ।।३।।

परै न पूरि दिनहु दिन छीना । तहाँ जाय जहँ अंग बिहूना ।।४।।
जो मत आदि अन्त चलि आई । सो मत सब उन्हप्रगट सुनाई ।।५।।

अर्थ– त्यति गर्दा पनि न मनानुकूल विषय सुख प्राप्त हुन्छ, न सत्य स्वरूपबोध-स्थिति नै मिल्दछ ! उल्टो नित्य प्रति शरीरको क्रिया-शक्ति, तीर्थाटनादिमा डुलफिर गर्ने बल-शक्ति, मान र द्रव्य तथा शक्ति अन्तःकरणको चिन्तन-विवेकशक्तिमात्र क्षीण हुँदै जान्छ । अन्तमा यी पुग्दछन् त्यहाँ, जहाँ अङ्ग बिहीना–अनङ्ग (कामासक्ति) बाट गर्भवासमा । उता निराकार शून्य ब्रह्म बन्न पुगेर फेरि गर्भयातना खपी शरीर धारण गर्न पुग्दछन् । ब्रह्म-जगत् त भई नैं रहन्छन् ।।४।।

जुन मनको मतमा लाग्नाले आदि–पूर्वदेखि अन्त–पछिसम्म

लाई चल्दै आएसमान खानी-वाणीकै अध्यासबाट जन्म मरण गर्भवासका यात्रामा परिभ्रमण गर्ने मत-मन्तव्य, यी सबै भ्रान्तजनले प्रकटरूपमा सुनाइरहेछन् ।।५।।

अरू– अनादि कालदेखि जीव खानिमा–विषय भोग सुखासक्ति मान-मर्यादा आदि अज्ञानमा भुल्दै आइरहेछ । वाणीमा पनि स्वयं अपरोक्ष चेतनको ज्ञान र सम्यक स्थिति नपाई, 'शरीरमा चेतन भन्ने कुनै वस्तु नै छैन' भनी शून्यमा मिलाउने वा निर्गुण निराकार ब्रह्म भनी उही शून्यकै स्थितिमा पुग्ने-पुऱ्याउने शिक्षा-दीक्षा, अध्ययन-अध्यापन, साथ-संगत सर्वत्र चलिरहेका हुनाले 'तहाँ जाय जहँ अंग बिहूना' भनी गुरुले भन्नुभएको हो । यसरी संसार सबै बाहिरी रमितामै अल्झिरहेछन् ।

साखी– यह संदेशा फुरकै मानेहु, लीन्हेंउ शीश चढाय ।
सन्तो सन्तोष सुख है, रहहु तो हृदय जुडाय ।।३८।।

अर्थ– माथिका आदेश फुर–सत्य सम्झेर सरल हृदयका भावुक जीवहरूले शिरोपर गरी, उही अनुसार विषय-भोगमा र कल्पित वाणीकै लहै-लहैमा लागी, हैरान भइरहेछन् । हे सन्तजन! सर्वत्रबाट सन्तोषपूर्वक रहनमै सुख छ । अतएव सन्तोषी बनी स्वयंमा शान्त रह्यौ भने तिम्रो हृदय सदासर्वदा अखण्डरूपले शीतल स्थिर रहनेछ ।।३८।।

अरू– चाह गई चिन्ता मिटी, मनुवाँ वे परवाह ।
जिनको कछू न चाहिए, सो शाहन्-पति शाह* ।।
[सन्तोष सुरतरु]

---

* – न पैसा थुपार्ने तितो तिर्सना छ । न ता राज सम्मानको वासना छ ।।
कतै जान्न ठूलो थलो ठाउँ खोजी । सदा बस्न तल्ला पिरामा म राजी ।।
न मिल्दा छ निन्दा मिलेमा प्रशंसा - हुँदा गर्व गर्छौं, गयो हुन्छ सुति ।।
सबै द्वन्दको मेखमार्ने अनिच्छा । अनिच्छावृतीको कतै छैन शङ्का ।।
अनिच्छावृती शान्तिमा गर्छ वास । अनिच्छावृतीको जगत् हुन्छ खास ।।
अनिच्छावृती हुन्छ निर्भीक आँटी । अनिच्छावृतीको कमारी छ शान्ति ।।
[महानन्द सापकोटा]

विषय भोग भोगी-भोगी न कहिल्यै कोही सुखी-शान्त बन्न सक्तछन्, न भ्रान्तजनका शिक्षाबाट यथार्थ ज्ञान तथा सत्य सार श्रेष्ठ वस्तु नै प्राप्त हुनसक्तछ! प्रत्येक पदमा विवेकबाट काम लिई सन्तोषपूर्वक* रहने व्यक्तिलाई नै एकरस सुख-शान्ति मिलेको छ, मिल्दछ पनि। मोक्ष र अविनाशी सारतत्त्वलाई चञ्चलता तथा असन्तोषपूर्वक बाहिर खोजेर कदापि मिल्ने होइन। यसैले हर अवस्थामा सन्तोषपूर्वक बसौं, शरीर इन्द्रिय मन चतुष्टय आदिका भोग-व्यापारबाट पनि सन्तोष गरी भित्र पसौं; सारा वासनासमूह-बाट तटस्थ रहुँ। कहाँसम्म भने–अब त्यहाँ प्रतीत हुनआएका ज्योतिप्रकाश अनहदनाद आनन्द र चकमन्न-शून्य, समतल, निरा-कारलाई पनि आफू द्रष्टा स्वरूप भन्दा पृथक जानेर होशपूर्वक जागरुक भई खालि द्रष्टा बनौं, यिनमा नमिलौं। यस अवस्थालाई स्वाभाविक अभ्यस्त बनाउँ। यति गरेपछि अनि हामी शरीरको निर्वाह-खान पानादिमा पनि पानीमा फूल उत्रेझैं ती क्रियाहरूबाट सर्वथा पृथक रहनेछौं। 'अलग केर अलगै धरै' बन्नेछौं। उता समयानुकूल देह-क्रिया पनि यथावत् भई नै रहनेछ। हर अवस्थामा आफ्नो स्थिति एकरस बनिरहेको हुन्छ।

---

* – Blessed is he who expects nothing, for he shall never be disappointed:–Pope

'उही धन्य भाग्यशाली हो, जसको कुनै चाहना छैन। किनभने उसले कहिल्यैं निराश हुनुपर्दैन।'

Lord of himself, though not of land; and having nothing yet hath all:–Henry Wotion.

'ऊ मुलुकको अधिपति नभएपनि आफैं अधिपति छ। केही नभए पनि सबै कुराले भरिपूर्ण छ।'

सब सुख भाव निजहि में रहना, निश्चय अटल रहै ।
लहि विश्राम छाँडि दव सिंधुहि, पूरण भाग्य रहै ।।

[भवयान ८।१८]

अनिमात्र सन्तोष र परम शान्तिको फल मिल्नेछ । यहाँ गुरुले-'रहहु तो हृदय जुडाय'.... भन्नुभएको मुख्य तात्पर्य यही हो। हुनपनि जहाँसम्म मन हृदयमै शम हुँदैन, त्यहाँसम्म सर्वोत्कृष्ट शान्ति-सुख उपलब्ध हुँदैन ।

जता जता यो निस्कन्छ, मनः चंचल अस्थिर ।
त्याई उता उता बाट, आत्मैमा त्यो गरोस् थिर ।।

[गीता ६।२६]

पद्य-३८

यसरी भन्छु मान्दैनन् कत्ति, बाटैमा तान तान्ने ।
दिन रात धागो जोर्दछन् काल्छन्, भरम न भाग्ने ।।
संसार भरी भ्रान्तिको जाल, भरपुर टम्म छ ।
त्यो भ्रम छाडी जाँदैनन् कतै, जीव ता गम्म छ ।।

हुँदैन पूरा कहिल्यै त्योता, दिनप्रति घट्दछ ।
पाउँला भनी अङ्ग ले हीन- तिर नै बढ्दछ ।।
जो मत आदि अन्त तक चल्दै, आएको संसार ।
त्यो मत उनले सबैलाई सुनाए, खुलस्त विस्तार ।।

श्लोक- सत्य मानी यही शिक्षा, लियौं गरी शिरोपर ।
सुख छ सन्त सन्तोष, रहेमा दिल छन् तर ।।

रमैनी-३९

जिह्न कलमा कलि माँहि पढाया । कुदरत खोज तिनहुँ नहिं पाया ।।१।।
कर्मंत कर्म करे करतूता । वेद कितेब भये सब रीता ।।२।।

अर्थ– जुन हजरत मुहम्मदले कलिकालमा कलमा (मुसलमानी मन्त्र*) पढाए, तिनले पनि खुदाई-कुदरत (ईश्वरीय शक्ति) को

* – कितेबको मन्त्र मध्ये एक मूल मन्त्र– "ला इलाह इलिल्लाह मुहम्मदुर्रसुलिल्लाह" । यसको सामान्य अर्थ– खुदाले पठाएका पैगम्बर मुहम्मद-रसूल सिवाय अरू कुनै पुज्य हुनसक्तैनन् ।

केही पत्ता पाउन सकेनन् ।।१।। कर्मंत (वेद-कितेब अनुसार) कर्ममार्गका मतबाट धर्मसम्झी विविध प्रकारका कर्मको अनुष्ठान गरी करतूता–हिन्दू-मुसलमान दुवैथरीले कुरबानी हलाल जीवहिंसा बलि अश्वमेध आदि पापकर्म गर्छन्-गराउँछन् भने यिनका वेद-कितेब दुवै विवेक-सत्यताबाट रित्तैभए ।।२।।

अरू– हजरतमुहम्मद विक्रमीय सम्बत् ६१७ मा अरबको मक्का सहरमा पैदाभएका हुन् । त्रिसठ्ठी वर्षको उमेरमा मदीना भन्ने ठाउँमा यिनको शरीरान्त भयो । इसलाम मतका प्रवर्तक यिनै हुन् । यिनले कितेबलाई 'खुदाई देन' हो भनी मुसलमान-समाजमा तिनका कलमा पढाए । तिनै कलमा पढाई-पढाई अरूपनि धेरैलाई मुसलमान बनाए । खुदाई-शक्तिकै खोजी-खोजाईमा यिनको जीवन बित्यो । तर ती खुदा, मनको एक कल्पनामात्र थियो । यो कुरा उनले पनि चालपाउन सकेनन् ।

कर्मंत सो जग भौ अवतरिया । कर्मंत सो निमाजको धरिया ।।३।।
कर्मंत सुन्नति और जनेऊ । हिन्दू तुरुक न जानेउ भेऊ ।।४।।

अर्थ– कर्मंत-कर्म–वासनावश नै जीवले भवसागरमा जन्मि-रहनपरेको हो । तैपनि कर्मकै मत अनुसार मुसलमानहरू निमाज पढ्दछन् ।।३।। कर्मकै मतबाट सुन्नत–खतनाकर्म गराउँछन् । हिन्दू-द्विजवर्ण पनि व्रतबन्ध कर्मद्वारा यज्ञोपवित धारण गर्दछन् । परन्तु वास्तविक धर्मको मूल रहस्य यी हिन्दू-मुसलमान कसैले पनि जान्नसकेनन् ।।४।।

अरू– मुसलमानहरू आफ्ना किताब–कुरानशरीफमा लेखिए अनुसार निर्धारित कर्म भनी दिनमा पाँचवार निमाज पढ्ने, सुन्नति (बालक जन्मेका आठदिनमा उसको शिश्न इन्द्रियको छाला कटाउने) कर्म गर्दछन् । यसैका आधारमा आफूलाई पक्का मुसल-मान सम्झन्छन् । यस्तै अरूपनि धेरै-धेरै भ्रान्ति-कल्पनाका काम

हिंसा (कुरबानी) हलाल अर्थात् जिम्दै पशुलाई शरीरभरको छाला काढी रेट्ने मार्ने कृत्य गर्दछन् । आफूले गरेका यस्ता क्रूर घातकी कर्म सरासर पाप हो भन्ने जानेपनि किताबकै लेखाईमा बाँधिए-सारै मस्केकाले कुनै हालतमा पनि त्यो कुकृत्य छाड्न सक्तैनन् । आफ्ना किताबकै कुरा बज्रलेप सम्झन्छन् । यस्तै यता–हिन्दूहरू पनि उपनयन कर्म गरी जनै लगाएपछि हामी पक्का द्विज-वर्ण भयौं, अब हाम्रो गतिभयो भन्ने ठान्दछन् । यी दुवैले धर्मको सच्चा मर्म र पवित्रकर्मको मुख्य रहस्य जान्न सकेनन् । व्यर्थका कर्मजालमा अल्झे । ती दुवैथरीले विवेकपूर्वक धर्मको सार-रहस्य बुझी, अरूको ज्यान पनि आफनैसमान सम्झी, घातकी कर्म र हिंसा भोजनलाई हटाउन् भन्ने गुरु कबीरको सम्मति हो । वास्तवमा मनुष्य जस्तो कर्म गर्दछ उस्तै खानिमा जन्मी दुःख-सुखादि भोग्दछ। गुरु-पारखबोधको स्थिति-मुक्ति भने सदाचारको पालनबाट मात्र मिल्दछ । अतएव पारखी सन्तको सत्संग र आफ्नो विवेकद्वारा सत्य चेतन स्वरूपलाई ठीक-ठीक जान्नु । जगत्-बन्धन, सुखाध्यास वासनालाई निर्मूल गर्ने कर्तव्य गर्नु; वैराग्य भक्ति परोपकारकै महान् कार्यमा संलग्न रहनु, यही परम पुरुषार्थ हो ।

'काम करौ जग जाल कटै जेहि शुद्ध स्वरूप खरौ ।'

[भवयान २१५]

साखी-- पानी पवन संजोय के, रचिया यह उतपात ।
शून्यहि सुरति समोय के, कासों कहिये जात ।।३९।।

अर्थ– पानी–माता पिताको रज वीर्य र पवन–प्राणवायुको संयोगद्वारा माथि बताइए अनुसार कर्माध्यासी जीवको यो उतपात-उपाधिको पात्ररूपी शरीर निर्माण भएको हो । पूर्व-देहमा पनि शून्य-ब्रह्म वा नारीको योनियन्त्र (अपवित्रद्वार) मा सुरति समोयके-

आसक्त हुनाले त्यही द्वारबाट जन्मनुपर्‍यो;※ आजपनि फेरि उहीं नै सारा संसार-प्राणी आसक्त छन् । अब म यस्तो सबैले गोत्ता खाइरहेका, सारै उधेकलाग्दा कुरा–को सित गरौं ! कति गरौं ! ।।३९।।

अरू– जीवले बारम्बार जन्म-मरणको कष्ट, गर्भयातनादि भोगिरहनपरेको मुख्य कारण हो–कल्पित मिथ्या तथा आपाततः सुख–कामोपभोग, विषयासक्तिका क्रिया र अर्को-व्यर्थका कर्मजाल-हिंसायुक्त यज्ञ-यागादि तथा अनेकानेक कल्पित सकाम कर्म, किम्वा अलिप्त बनेर निर्धक्कभई, पापाचारमा प्रवृत्तहुने पाखण्ड-कर्म । यस्तै कृत्यबाट अनेक बन्धन खडाभएका हुन् । अतएव हिन्दू मुसलमान क्रिश्चियन यहूदी, पारसी जैन बौद्ध आदि सम्पूर्ण मानवले यसमा खुब विवेक गरी, माथिलेखिएका कर्महरूको सर्वथा सुधार गरेर साँच्चा मानव बनुन् । जीवमात्रलाई आफैंसमान सम्झी दया* धर्मादिको अति राम्रो पालन गरुन् । पुनः कर्तव्या-कर्तव्यको पूर्णपरीक्षा गरी, साँचो-झुट्टो छुट्याएर सत्य-सत्यमात्र चुनी मानव जीवनको महान् कल्याण-कार्य बनाउन् । साथै विनम्रतापूर्वक सुन्दर-पवित्र शील स्वभाव, आचरण उतारुन् । वीरतापूर्वक खानी-वाणीको हठ-पक्ष त्यागी, द्रष्टाको अभ्यास, पारखस्थितिको मुख्य कार्यमा नित्य निमग्न रहुन्–यही हो गुरुको सदाशय ।

यो साखीमा निम्न अर्थको पनि आशय पाइन्छ–'नाद र विन्दुको सम्मिश्रणबाट उत्पातको घर यो स्थूल शरीर खडाभएको छ । यसमा अदेख आत्मादि अरू कुनै अभौतिकी वस्तुको अस्तित्व

※ – बडे आलिम व फाजिल हैं, मगर विषयों के वश होकर ।
उसी रस्ते से आ निकले, जिधर नादान घिस्ता है ।। [प्रकाश भ.]

* – दया विचार शील है वीरा । चारि रीति है मानुष केरा ।। [पञ्चग्रन्थी]

नै छैन ।' इत्यादि भन्दै कति मानिस शून्यवादको समझ-स्थिति पक्रन्छन् । स्पष्ट अनुभवगम्य ज्ञानस्वरूप चेतनको महत्व रत्ति बुझ्दैनन् । यी कुरा म को सित पोखौं ? यस विषयको विशेष विवेचन रमैनी ४० को अन्तबाट मननगर्नु योग्य छ ।

पद्य-३९

कलिमा कलमा पढाउनेले, पनि त खुदाई ।
शक्तिलाइ खोजे अथक किन्तु, पाएनन् जुदा यी ॥
कर्मका मतले कथित मनी, गर्दछन् काम ता ।
किताब वेद रित्ता ती भए, विवेक नाम का ॥

कर्मैले हुन्छ संसार जन्म, कर्मैले मुसलिम ।
निमाज पाँच पढेर ठान्छन्, आफूलाई कुलिन ॥
कर्म कै मतले खतना गर्छन्, जनै ती लाउँछन् ।
तुर्क र हिन्दू नपाई भेद, भूलैमा धाउँछन् ॥

श्लोक- पानी पवन भै योग, यो उत्पात बहाल भो ।
शून्यमा लक्ष्य अल्झाए, मनौं कोसित हाल यो !

रमैनी-४०

आदम आदि सुधी नहिं पाई । मामाहबा कहाँ ते आई ॥१॥
तब नहिं होते तुरुक औ हिन्दू । मायके रुधिर पिताके बिन्दू ॥२॥
तब नहिं होते गाय कसाई । तब बिसमिल्ला किन फुरमाई ॥३॥

अर्थ– आदम (सृष्टिका आदि पुरुष) ले पनि आदि-प्रथम सृष्टिको हाल थाहापाउन सकेनन् । उनले मामा हब्बा (पवित्र स्त्री) ती आफ्नै पत्नी कहाँबाट आएकी हुन् ! यतिपनि जान्न सकेनन् ॥१॥ तब–सृष्ठिको आरम्भ-पूर्व माता-पिता नै थिएनन् भने त्यस बखत रज-बीज नै नहुँदा हिन्दू-मुसलमान कहाँबाट आए ? गाई-कसाई कुनै केही थिएनन् भने त्यसबेला 'बिसमिल्ला' नाम लिई कुरबानी गर्ने हुकुम कसले-कसलाई दिए ? जो अल्लाह-को अनादि मन्त्र भन्दछौ ॥२-३॥

अरू– मुसलमान, इसाई, यहूदीहरूको मान्यता छ– "सर्व प्रथम खुदाद्वारा आदमको उत्पत्ति भएको हो । यिनै सृष्टिका मालिक प्रथम पैगम्बर, 'हिन्दूहरूका ब्रह्माजी समान' सृष्टिकर्ता पुरुष हुन् ।" तिनले पनि प्रथम मेरो सृष्टि कसरी भएको हो ? मेरै स्त्री–मामाहब्बा कहाँबाट आएकी हुन् ? यो जान्न सकेनन् । जगत्-कर्ता कुनै अर्कै बेचून-बेनमून खुदा छन्, जगत् पहिले थिएन, सृष्टि आदि हो भन्दछन्; तथ्यकुरा जान्न नसकी अनेक कल्पनामा परे । तथा यस्तैयस्ता अनेक कल्पना-भ्रान्तिले भरिएका यिनका कितेब छन् । यिनीहरूको मत छ– "सृष्टिको आदिमा खुदाले माटाको मूर्ति बनाएर त्यसमा प्राण फुकी आदमको शरीर बनाए । आदम सुतेका समय एक दिन खुदाले सोचेर आदमको बायाँ करङ्को हाड झिकी हब्बा नामकी स्त्री बनाई, आदमकै साथ राखिदिए । आदम निद्राबाट ब्यूँझेर स्त्री देखी आश्चर्य भए" यसरी उनैका मतबाट पनि आदमले हब्बाको उत्पत्तिको हाल थाहा पाएनन् ।

वास्तवमा यो अनादि संसारमा आदम र मामाहब्बा पनि आफ्नै बाबु-आमाबाट जन्मेका हुन् । बिना माता-पिता (कारण नभई कार्यरूप) पुत्र-पुत्रीको शरीर उत्पन्न हुनै सक्तैन । यी कुरा पनि विवेक गर्न सकेनन् । अनादि संसारमा जति मजहब (सिद्धान्त) छन्, ती सबै मनले कल्पना गरी बनाएका हुनाले बीच-बीचमा बनी चल्दछन्, पुनः मेटिँदै पनि रहन्छन् । यसरी हिन्दू-मुसलमानहरूका सारा मजहब–खास गरी मनुष्यजीवद्वारा नै कल्पना भई, खडा भएका हुन् । तर माता-पिता, गाई-कसाई सब बीचमा आदि सृष्टि भएका भन्ने कुरा कल्पित हुन् । यथार्थमा यी सब प्रवाहरूप अनादि हुँदैहुन् । हत्या-हिंसाका क्रूर-कसाई कर्म अज्ञानता-वश बीचमा चलेको पनि हुनसक्तछ ।

तब नहिं होते कुल औ जाती । दोजख बिहिस्त कौन उतपाती ॥४॥
मन मसले की सुधि न जाना । मति भुलान दुइ दीन बखाना ॥५॥

अर्थ– त्यस समय कुल र जाति थिएनन् भने मुसलमानियत नै थिएन, अतः अजाब-सबाब अर्थात् पाप-धर्म पनि हुनै पाएन। पाप-धर्मै नभएपछि दौजख-बिहिस्त–नरक-स्वर्गको पनि किन, के–कति कारणले आवश्यक पऱ्यो ? फेरि ती कसले उत्पत्ति गरे ? ॥४॥ मन मसले–वेद कुरान बाइबिलका विवेक-बाह्यजति कुरा मन-कल्पित नै हुन् भन्ने कसैले जान्न सकेनन् । मति भुलान–बुद्धि भ्रमित भएर दुइ दीन–हिन्दू-मुसलमान दुवै मजहबी किताब लिएर आ-आफ्ना धर्मको व्याख्या गरी हिंसा-मांसाहारको व्यवहार गर्न-गराउन लागेका हुन् ॥५॥

अरू– प्रथम रमैनीमा गुरुले पहिले नै बताउनु भयो–'सृष्टिको आदि-अन्त स्वयं ब्रह्माजीले पनि जान्न सकेनन्' तथा उनन्चालीस रमैनीमा फेरि बताउनु भयो–'कुरानका कलमा पढाउने हजरत मुहम्मदले पनि कुदरतको हाल पत्ता पाउन सकेनन् ।' अब यो रमैनीमा समीक्षा दिई भन्नुहुन्छ–इसाई, यहूदी, मुसलमान–तीनै सम्प्रदायका महा मान्य, सृष्टिका आदि मानव भनेका हजरत आदमले पनि जगत्-उत्पत्तिको कारण जान्न सकेनन् । यिनले त आफ्नै पत्नीको हाल पनि थाहा पाएनछन् ।

अतएव यिनीहरूद्वारा रचिएका खुदाई-ईश्वरीय पुस्तक भनी मानिएका मन्तव्यका विषयमा पनि विचारणीय छ । तिनमा अरू-अरू शिक्षा सत्य-सदाचार, नीतिसम्पन्न लेख-उपदेशहरू ग्राह्य छन् । यहाँ गुरुकबीरबाट उनीहरूद्वारा कथन भएका 'कल्पित भ्रम-मान्यता, हिंसा-मांसाहार र अनैतिकतापूर्ण व्यवहारको मात्र विवेचना गरी त्यसलाई आफ्ना स्वतन्त्र विवेकबाट छानेर अनि ग्रहण गर्नुपर्छ' भन्ने उचित सल्लाह दिनुभएको हो ।

हिंसा बलि, यज्ञमा जीवको हवन, कुरबानी, हलाल जस्ता जघन्य कर्महरूलाई सर्वथा त्यागिदिनु पर्दछ । यो विश्व अनादि हो, यहाँ कारण-कार्यको नियम विरुद्ध अनुचित रीतिबाट उत्पत्ति अर्थात् कसैको पनि जन्म, उत्पन्न, आगमन हुनै सक्तैन । सबै माता-पिताबाटै पैदा भएका हुन् । सबै पुस्तकहरू मानव जीव चेतनद्वारा नै रचिए-बनेका हुन् । तिनमा असंभव कुरा लेखिएकै भएपनि तिनमाथि पूर्ण विवेक गरी त्याग गर्नलाई भय मान्नु पर्दैन । खालि लेखकै भरमा पर्दा, एक त स्वतन्त्र विवेकको हत्या हुन्छ; दोस्रो आफ्ना मनका सन्देह भ्रान्ति मलीनता रहिरहने हुन्छन् र यिनै हाम्रा निमित्त बन्धन बन्दछन् । अतएव स्वतन्त्र विचारबाट सत्यलाई अँगाली, दैवी आचरणको ग्रहण र आसुरी भावको परित्याग गरेर शुद्ध मानव बनी, आजीवन रहनुपर्दछ; अनिमात्र हामीलाई शान्ति-स्थिति मिल्नेछ ।

साखी– संजोगे का गुण रवै, बिजोगे का गुण जाय ।
जिभ्या स्वारथ कारणे, नर कीह्ने बहुत उपाय ।।४०।।

अर्थ– संयोग–हिन्दूहरूको धारणा छ–"ब्रह्मको 'एकोहँ बहुस्याम... ...' संकल्पमात्रबाट गुण– यो जगत्को उत्पत्ति भयो । बिजोगे– 'विकल्प-उनको उदासीनताबाट' सृष्टिको लय हुन्छ ।" मुसलमानरूको धारणा छ– खुदाले 'कुन्' भन्दा जगत् बन्दछ, अर्थात् उत्पन्न हुन्छ, 'फैकुन्' भन्दा प्रलय हुन्छ । जिभ्या स्वारथ– आ-आफ्ना मजहबी वाणी सिद्ध गर्नको निम्ति हिन्दू–तुर्क दुवैले अनन्त कल्पनाका दृष्टान्त आयोजन गरेका हुन् । यसमा सुज्ञ–विवेकी मानिसले पारख गरी परीक्षाबाट सत्य-सार ठहरेका तथ्य कुरामात्र लिनसक्नुपर्छ; तबै हामी निर्भ्रान्त सतकर्मी असली मानव बन्नसक्नेछौं ।।४०।।

अथवा तत्त्ववादी स्वादासक्त मानिसहरू भन्दछन्– "चार तत्त्वका परमाणुहरूकै संयोगबाट शरीरमा विलक्षण गुण–चेतनपना उत्पन्न हुन्छ । पुनः ती तत्त्वहरूको जब वियोग हुन्छ तब चेतनगुण लोप हुन्छ । अतएव शरीरमा चेतनजीव भन्ने वास्तवमा कुनै स्वतन्त्र वस्तु छैन । अतः पौष्टिक आहारको निम्ति मांसहरू खान-हुन्छ, कुनै दोष छैन ।"– इत्यादि स्वादेजिब्रो तिखार्न मानिसहरूले अनेक चाल चलेका छन् ।

अरू– जब-जडका संयोगबाट पशु पक्षी आदिमा चेतना बन्ने हो भने यही कुरा मानिसमा पनि सिद्ध हुनआउँछ । त्यसो भएपछि कसैका माथि पनि दया-रहम गर्नुपरेन । मानिसले मानिसलाई समेत खानेगरे भइगयो । पशु-पक्षीहरूमा पनि हामी-जस्तै बोल्ने ज्ञानगुण सम्पन्नका चेतनजीवको निवास छ, तिनीमाथि* दयागर । यो खूब विचार गर– गुणी चेतनको निवास नभई कसैको पनि जड शरीरमा ज्ञानगुण–जान्ने धर्म कताबाट आउँछ र ? पशु-पक्षीलाई पनि काट्दा–दुःख दिंदा हामीसमान नै छट्पटाउँछन्, चिच्याउँछन्, आकुल-व्याकुल हुन्छन् । अतएव हृदयमा दया-रहम धारण गर, यिनलाई नमार । मानिसको निम्ति खाद्य वस्तु– अन्न, फल-फूल, शाक, मेवा मिष्ठान्नादिको के कमी छ र ? अतएव यो पापको काममा खूब विचार गर । पछि आफैंले आफ्नो घिच्रो रेटाई, गर्दन कटाई, बदला तिर्नुपर्ने छ । अतएव मानिस भएर पनि प्रत्यक्ष फोहरचीज खाने काम नगर । यो कुरा सबै दाजु-भाइ, दिदी-बहिनीहरूमा हितैषी विनम्र अनुरोध छ ।

*–भो देवरिपवः सत्यं ब्रवीमि भवतां हितम् ।
अहिंसा परमोधर्मोऽ हंतव्या ह्याततायिनः ॥ [देवी भा. ४।१३।५६]

'हे देवशत्रु दैत्य हो ! म सत्य र तपाइँहरूका हितका कुरा बताउँछु – अहिंसा नै सर्वश्रेष्ठ धर्म हो । आफूलाई मार्नभनी आएकालाई पनि कदापि मार्न हुँदैन ।'

पद्य-४०

आदमज्यूले आख्किा कुरा, क्यै पत्ता पाएनन् ।
ती मामा हौवा काँ बाट आइन्, बुद्धिले भ्याएनन् ।।
त्यो बेला थिएनन् हिन्दू र तुर्क, संसार क्यै पनि ।
माताको रज पिताको बीज, थिएनन् ती पनि ।।
थिएन तब कसाई गाई, अस्तित्व दुवैको ।
बिस्मिल्ला भनी फर्मायो कसले, विचार ! सबैको ।।
कुल र जात थिएन तब, कर्मको गमन ।
कसले गरे बहिस्त दोजख, उत्पत्ति मनन !
मनको तानो था – बुद्धि छैन, कल्पना ओढ्दछन् ।
भ्रमित बुद्धि लिएर दुवै, बयान जोड्दछन् ।।
श्लोक– गुण प्रकाश योगैले, नष्ट गुण वियोगले ।
जिब्राको स्वादमा गर्छ, अनेक युक्ति शौकले ।।

रमैनी– ४१

अम्बु की राशि समुद्रकी खाई । रवि शशि कोटि तैंतीसों भाई ।।१।।
भँवर जालमें आसन माडा । चाहत सुख दुख संग न छाडा ।।२।।

अर्थ– अम्बु–पानीरूप वीर्यको समूह यो स्थूल शरीर धारण गरेर, सामान्य जीवदेखि सूर्य, चन्द्र तेत्तीसकोटी देवतासम्म सबै समुद्रकी खाई–मायापूर्ण स्त्रीघटको अपवित्र खाडल–योनिकुण्डमा आसक्त बनी भोग विलासमा परे ।।१।। भँवरजाल–कामासक्ति, बतास–पानीमा पर्ने भुमरीसमान घुमी, फन्को मारिरहनु पर्ने जहाँ नौबत पर्दछ, त्यहीं लुब्ध भ्रमर बनी आसन जमाए, लेठ्न दिई बसोबास बनाए। त्यही विषय भोगबाट यिनी खोज्दछन्–सुख, तर थाप्लोमा खनिन्छ दुःखै दुःख र हैरानी-कष्ट, परिश्रम शास्ति । यिनले कहिल्यै पिण्ड छाड्दैनन् ।।२।।

अरू– यी दृश्य पृथ्वी, पर्वत, समुद्र, अग्नि आदि र ती आकाशीय-चन्द्र सूर्य, बृहस्पति, शुक्र, बुध, वरुण, यम आदि सबै भूगोल, खगोल जड पिण्ड हुन् । यहाँ यो रमैनीमा रवि, शशि देवताहरू

भनेका जो हुन् ती, पुराणमा लेखिएका हिंड-डुल गर्ने, बोल्ने, खाने, व्यक्तिहरू हुन् । गुरु बृहस्पतिकी पत्नीबाट चन्द्रमाद्वारा बुध जन्माउने, दानवहरूसंग लडाइँ गर्ने, पूर्वमा कतिपय व्यक्तिहरू थिए । जसलाई यहाँका दशरथ आदि राजाहरूले सहायता गर्दथे–तिनै हुन् । तिनमा सत्वगुणीलाई देवता, रजोगुणीलाई मनुष्य र तमोगुणीलाई दानव भन्दथे । ती सबै मानिस हामीसमानकै थिए, हामी मध्येकै हुन् । 'जस्तो काम उस्तै नाम–पदवी पाउँछन् ।

दुख को मर्म न काहू पाया । बहुत भाँति के जग भरमाया ।।३।।
आपुहि बाउर आपु सयाना । हृदया बसे तेहि राम न जाना ।।४।।

अर्थ– ती दुःखका धोका आपना थाप्लामाथि परिरहनको मुख्य कारण कसैले बुझ्न सकेनन् । उही भँवर*जाल–कामासक्ति र बकु*जाल्–भ्रामक वाणीका कल्पनामा पर्नाले नै त विविध प्रकार-बाट जीवले नाना नाच नाचिरहन परेको हो । यो सम्पूर्ण दृश्य संसारमा सबैलाई स्पष्ट अनुभव भइरहेकै छ ।।३।। यसै बीच भोग नपाउँदा वा आपत्ति-संकट पर्दा मनुष्य बहुला बन्दछ । अर्को-तिर सुख-सम्मान पाउँदा, आफूभन्दा तल्ला श्रेणिका व्यक्तिको समक्ष पर्दा, आफू अति ठूलो, बाठो-टाढो बन्दछ । तर ती दुवैबाट पृथक भई विवेक गरेमा शान्ति-स्थितिको राशि–"राम हृदयमै स्वयं थियो" किन्तु बिना पारख आफूलाई आफैंले चिन्नसकेनन् ।।४।।

अरू– 'मेधावीजनले एक पुतली (चेतन) लाई देखे । मनमा विचार गरे--उसमाथि आसुरी मायाको प्रभाव परिसकेको रहेछ ।' (यसबाट बन्धन अनादिको ध्वनित पनि हुन्छ) 'इन्द्रियादिको पालन कर्ता प्राणको कहिल्यै नाश हुँदैन । त्यो कहिले नजीक, कहिले टाढा र कहिले विभिन्न बाटोमा विचरण गर्दै रहन्छ । यसरी उसको

* – * – द्रष्टव्य -- साखी ९२ को अर्थ ।

जगत्मा बार-बार आवगमन लागिरहन्छ ।'

[ऋग्वेद मं. १० अनु. १२ सू. १७७ मं. १×२]

खानिजालमा नअल्झ, वाणी–बतासमा नउड । शान्तिको सागर, ईश्वरका पनि परमेश्वर तिम्रै हृदयमा साक्षात् छँदै छन्; उनैंलाई खोज–चिन । त्यहीं (स्वयंमैं) स्थिर होउ ।

साक्षी प्रेरक भर्ता र भोक्ता अनि महेश्वर ।
परं पुरुष परमात्मा भनिन्छ देह जो स्थिर ।। गीता [१३।२२]

साखी–तेही हरी तेहि ठाकुर, तेही हरी के दास ।
ना यम भया न जामिनी, भामिनि चली निराश ।।४१।।

अर्थ– तेही-माथि बताइएकी विमोहिनी वा विमोहकजन र भ्रामकहरूले नै जीवको कल्याण-धन सबै सर्वस्व हरण गरे; तैपनि तिनै ठाकुर-स्वामी बनी हुकुम गरी-गरी कज्याइरहेछन् । जीव तिनै आपना सर्वस्व हारकको दास बनिरहेछ । अन्तमा जीवका साथी, ना यम–न ती मायालु स्त्री र भ्रामक गुरुजन भए, न जामिनी–जमानी, साक्षी बस्ने अर्थात् विवाह गराइदिने पुरोहित, लमी र जन्तीहरू नै साथ भए । तथा वाणी कल्पनामा लगाइदिने साथी संगाती गुरुभाइहरू पनि कोही सहयोगी बनी साथ गएनन् । भामिनी-भावुक जीव आपना कमाई–भोगासक्ति, पाप वासना र कल्पनाको कुटुरो च्यापेर निराश बनी कष्टपूर्वक एक्लै गयो-जानपऱ्यो; हेर, मरणावस्थाको अनुहार ।।४१।।

अरू– अतएव साधकले यो विचार गर्नुपर्दछ–हामी प्रथम-शरीर, इन्द्रियवर्ग, मन र सुखाध्यासबाट घेरिएका छौं, यिनैमा स्वत्व बुद्धि बनिरहेछ । दोस्रो–कल्पित भ्रान्ति मान्यताको आँधी-बेहरीमा उड्दै, भौंतारिंदै छौं र पनि उही मान्यतामा नै स्थिति सम्झिरहेछौं । शरीरान्त पछि पनि चारखानिको चक्कर लगाउँदै आइरहेछौं । अब ती आँधी-भुमरीबाट छुट्न प्रथम–स्वयं ज्ञान

स्वरूप चेतनलाई शरीरबाट प्रतिपल पृथक सम्झौं । प्रत्येक घटना 'शरीरलाई भएको हो, म त यी सबैको द्रष्टा ज्ञानमात्र हूँ' भन्ने होशमा रहौं । दोस्रो तहमा–इन्द्रिय समूह छन् । यी इन्द्रिय आ-आफ्ना विषयमा दशतिर दौडिरहन्छन्, तिनलाई उता दौडन–भुक्न नदिई रोकौं, विषय–विलासी वस्तुका साथ–संयोग पर्न नदिउँ । ज्ञान वैराग्य सत्संग, गुरु भक्तिका पुरुषार्थमा लागी, ती भावनाहरूलाई भुलाउँदै गरी अभाव पारौं । तेस्रो सतहमा मन छ, भित्र उठ्ने प्रत्येक कल्पना चाहनाको समूह नै मन हो । अतएव जे जस्ता कल्पना वासना उठेपनि उठ्नासाथ आफू पृथक भई हेरौं, सम्झौं–'यो म होइन, बाहिरकै छारो-धूलोसमान मात्र हो ।' म त द्रष्टामात्र हुँ भन्ने सम्झी, निरन्तर द्रष्टा भावमैं शान्त रहने अभ्यास गरौं । यसरी सबै सतहबाट अलग भएपछि बाकी हामी ती सबैबाट पन्छने, द्रष्टा चेतन ज्ञानमात्र अवशेष रहनेछौं । यो न सम्झौं–'अब अरू केही बाकी नबचेपछि चकमन्न निराकार, आकाशसमान शून्य शेष रह्यो, यही 'म' रहेछु ।' ह्वैन, त्यस अवस्थामा पनि विवेकयुक्त यो सम्झनुपर्दछ–सबै वासना विलयभई केही नरही शून्य भएपछि 'शून्य' को पनि अनुभव गर्ने म त छँदैछु नि! यस बखत यसरी 'म' भनी क्षणभर भन्नसकिन्छ, पछि त 'म' भन्ने बाकी रहन्छ र पनि 'म' भन्न सकिंदैन । म भनिरहनै पर्दैन । आरोग्य स्वस्थ व्यक्तिलाई पहिले रोगबाट निवृत्ति भई स्वस्थ हुँदा भान रहन्छ– अब 'म स्वस्थ भएँ, तर पछि स्वस्थ भइसकेपछि हर समय 'म स्वस्थ छु–म स्वस्थ छु' भन्ने प्रतीति–ख्याल रही रहँदैन, न कुनै अहंकार नै त्यहाँ रहन्छ! हामी त स्वयं स्वस्थ छँदैछौं नि ! यस्तै अब यहाँ विवेकबाट हेरौं ! सबै वासना बिलाई 'तँ' 'त्यो' भन्ने कुनै नरहेपछि 'म' 'यो' भन्ने भानपनि रहँदैन । तर 'म' भन्ने भावना नरहेपनि 'म'

को अभाव हुँदैन । ऊ ज्ञानैज्ञान स्वरूपबाट सदा अचल शान्त स्थिर रहन्छ । अब त्यहाँ न कुनै अहंकार बच्तछ, न शुद्ध ज्ञान स्वरूप-माथि कुनै बन्धन-आवरण अवशेष रहेको हुन्छ ! वास्तवमा शुद्ध ज्ञानमात्रको अस्तित्व रह्यो, त्यसको कहिल्यै विलय हुँदैन ।

पद्य–४१

समुद्री, खाडल पानीको पौल, शरीर सशक्त ।
तेतीस कोटी चन्द्र र सूर्य, छन् भाई आसक्त ।।
भुमरी जालमा आसन सबै, जमाए सुथिर ।
चाहने सुख सार्थमा दुःखले, छाडेन यो पीर ।।

दुःखको मर्म कसैले पनि, पाउन सकेनन् ।
अनेक भाँति जगतैलाई, भ्रमाई सके छन् ।।
मानव स्वयम् पागल बने, आफै तो चतुरा ।
हृदयवासी रामलाई कत्ति, न जान्ने फतुरा ।।

श्लोक- तिनै हरि तिनै स्वामी, हुन् तिनै हरिदास ता ।
भए यम न जमानो, भामिनी भै निराशगा ।।

❀

रमैनी–४२

जब हम रहल रहल नहिं कोई । हमरे माहिं रहल सब कोई ।।१।।
कहहु राम कौन तेरी सेवा । सो समुझाय कहो मोहिं देवा ।।२।।

अर्थ (अद्वैतज्ञानीहरूको भनाई छ–) सृष्टिपूर्व केवल 'म' ब्रह्म मात्र थिएँ, त्यस समय अरू केही थिएन । "निराकार अद्वैत एक म" मा सबै सूक्ष्म बीजरूपबाट रहेका थिए ।।१।।

(गुरु भन्नुहुन्छ–) हे अद्वैत राम ! त्यस समय तिम्रो कसले सेवा गऱ्यो ! के को संयोग पऱ्यो र तिमीबाट यो विश्व-सृजना हुनआयो ? हे ब्रह्मदेव ! यो कुरा मलाई सम्झाई भन्नोस् ।।२।।

अरू– "अद्वैत ब्रह्म थियो, अरू केही थिएन, वट-बीजसमान सबै ब्रह्मका भित्रै थिए" त तिमी ब्रह्मबाट जगत् उत्पन्न हुनलाई के कारण पर्न गयो ? बीजबाट वृक्ष बन्नलाई माटो-पानी र अनुकूल

ॠतु सुयोग्य समय चाहिन्छ, अनिमात्र वृक्ष बन्न सक्तछ । एकमात्र ब्रह्मबाट जगत्-वृक्ष बन्नलाई त्यस समय उपादान-सामग्री केही थिएनन् भने, जगत्-वृक्ष कसोगरी उत्पन्न भयो ? 'माकुरो-धागो' समान भन्ने हो भने, माकुराको जड शरीर छ, उसले खाएका भोजनबाट मल बनेसमान धागो-जालो बन्दछ । ऊ ज्ञान-संस्कार सम्पन्नको चेतनजीव हुनाले चेतनको कला–कालिगडीपूर्वक जालो लगाउँछ । त्यस्तै एक अद्वैतमा जड शरीर र भोजन, मल त्याग आदि केही नपाइनाले त्यो दृष्टान्त यहाँ घट्न सक्तैन । स्वयं इच्छा उठ्यो– 'एकोहँ बहुस्याम....' यति भन्न पनि बिना वासनाको शुद्ध निरीह स्वरूपबाट कसरी इच्छा उठ्नु ? शुद्ध आनन्दस्वरूप निराकार-निर्गुण ब्रह्मबाट अशुद्ध दुःखरूप सगुण, साकार जगत् कसरी निस्कनु ? यस्तो त वाणीकै व्यंजनमात्र बन्नसक्तछ ! यस विषयमा राम्रो विचार गर्नुपर्ला ।

फुर फुर कहेउ मारु सब कोई । झूठेहि झूठा संगति होई ।।३।।
आँधर कहै सबै हम देखा । तहँ दिठियार बैठि मुख पेखा ।।४।।

अर्थ– साँचो कुरा भनौंभने सबै मार्न आइलाग्दछन् । झुट्टै-झुट्टा मिली खूब संगत गर्छन्–वाणीका व्यंजनको बाहुल्यता बनाउँछन् ।।३।। अन्धो मानिस भन्छ-म सबै देखिरहेछु, त्यहाँ नेत्रसम्पन्न व्यक्ति बसेर लालचयुक्त उही अन्धाको मुख टुलुटुलु ताकिरहेछ ।।४।।

अरू– 'विश्व-प्रपंच अनादि* हो । यहाँ अनन्त जीव चेतन नित्य छन् । अद्वैतका कथन वाणीकै प्रलापमात्र हो ।' इत्यादि साँचा कुरा भन्दा भ्रान्त-जीवहरू उल्टो नास्तिक भनी बाझ्न, जुझ्न

---

* – The world was never made,
It will change, but it will not fade. – Tennyson

'यो संसार कहिल्यै कसैले बनाएको होइन, यो अदल-बदल भइनै रहन्छ, तर नाश भने कहिल्यै हुँदैन ।

कष्ट दिन तयार हुन्छन् । सृष्टि-प्रवाहका नियमको विरुद्ध बिना प्रमाणका कल्पित कुरा लिएर "भएकै हुन्, फलाना ठाउँमा लेखिएको छ, सत्ययुगमा हुनसक्थ्यो, आज त कलियुग भएर पो त्यस्तो हुन नसकेको हो, समर्थले जे पनि गर्न सक्तछन्" भनी जिद्दी गर्दछन् । उस्तैउस्ता गफीहरू मिली एकमुख गरी उही गफका कुरा ठीक ठान्दछन् । हुकुचीलका बथानमा सूर्यको अनअस्तित्व नै सिद्धहुन्छ । 'शून्यबाट साकार विश्व बन्यो, लाशलाई काठमा मथेर मानिस बन्यो, माटोको पुतलामा स्वास फुकेर समर्थ व्यक्ति बने ।' इत्यादि विना प्रमाण तथा कारण-कार्यको नियम विरुद्धका कुरा लेखिएको पनि फलाना पुस्तकमा यसो-यसो भनेको छ भनी अन्धो मानिससमान जड पुस्तकका कल्पित कुरालाई विवेकदृष्टिसम्पन्न मानवले पनि वेद-नीतिले के भन्छ भनी तिनको मुख ताक्तछन्, लेखेकै कुरा बिना विवेक आँखा चिम्लेर मानिरहेछन् । अथवा कल्पनाका इष्टले हामीलाई 'सुख-समृद्धि, मुक्ति गति देलान् भनी विवेकका नेत्रसम्पन्न पुरुषहरू पनि भावनाका मूर्ति वा जड प्रतिमाका समक्ष नतमस्तक भई झुक्तछन्, लम्पसार परी डण्डवत् गर्दछन् ।

यहि विधि कहेउँ मानु जो कोई । जस मुख तस जो हृदया होई ।।५।।
कहहिं कबीर हंस मुसकाई । हमरे कहल दुष्ट बहु भाई । ६।।

अर्थ– यसरी मैले यथार्थ निर्णयका तथ्य कुरा बताएको छु, जसले यी मेरा वचन मान्दछन्, जस्तो मुखले 'ठीक हो' भन्दछन्, त्यस्तै हृदयवाट पनि स्वीकार गरी आचरणमा उतार्दछन् ।।५।। गुरु कबीर भन्नुहुन्छ–त्यो हंसजीव हाँस्नेछ, गद्गद्हुनेछ; शान्ति-स्थिति प्राप्तगर्नेछ । तर हंसको गुण विवेकले सम्पन्न छँदै, त्यसबाट काम लिन नसक्ने अबोध बन्धुहरू विषयासक्ति र वाणीका कल्पनामा मस्केका हुनाले यिनै कुरा सुन्दापनि आफ्नो दुष्टता प्रकट

गरी रुष्ट हुनेछन् ।।६।।

अरू– गुरुले दयागरी उपदेश गर्नलाग्नुभएका समयमा सुपात्र शिष्यले चुपचाप शान्तिपूर्वक 'चातक-स्वाति' भावबाट अति ध्यान दिई गुरुका शिक्षामृत वाणी श्रवण गर्नु । अनिमात्र ती सबै उपदेशामृत आफ्नो अन्तःकरणमा अव्यर्थ रूपबाट प्रवेश भई फलीभूत हुनेछन् । यसरी भित्र घुसेका शिक्षाले शिष्यको भित्र हृदयमा पुगी त्यहाँ केही भाँच्नेछ, केही मेटिनेछः स्व स्वरूपको पर्दा उघ्रन थाल्नेछ, शुभाचरणका बिरुवा उम्रन-सर्न लाग्नेछन् । तबै ती वृक्षमा शान्ति-स्थितिरूपी अमोघ अमृतफल फल्नेछ । यो फलको परिणाम तिम्रो निश्चित मुक्तिगति हुनेछ ।

शिक्षाका समय श्रोता पनि साथसाथै बोल्ने गऱ्यो भने त्यसबाट गुरुको शिक्षामाथि आक्रमण हुन्छ । उसका मनोभावना र शब्दले गुरुका वचनामृत आई अन्तःकरणमा उत्रने बाटो छेक्नेछ र शिक्षामृत भित्र पस्न पाउँने छैन । यस्ता कथा-उपदेशबाट शिष्यको अन्तःकरण रत्ति बदलिने हुँदैन, कत्ति लाभ हुनेछैन । झन् अभिमानको पोकोमात्र थपिनेहुन्छ । गुरुपदको समीप केवल उही पुग्नेछ–जो प्यासो बनी चुपचाप सुन्दछ, हेर्छ; हृदयमा उतार्दछ ।

तिमीलाई गुरुले केही सोध्नुभयो, प्रश्न गर्नुभयो, वा तिमी आफैंले केही भन्नु सोध्नु छ भने जस्ताको तस्तो खुलस्त दिलबाट भन वा उत्तर देउ, सोध; हृदयमा भेद–पर्दा कत्ति नराख । यसले तिम्रो शीघ्र सुधार हुनेछ । यति स्मरण राख–गुरुमा पर्दा राख्यौ भने तिमी नै स्वयं अज्ञानका पर्दा भित्र पर्ने, आफैं ठगिनेछौ ।

पद्य–४२

जब म थिएँ थिएन कोही, मैंमा थे सम्पूर्ण ।
को सेवा गर्थे हे राम तिम्रो, खुलस्त मन न !
यथार्थ सत्य बोलौं त भने, मार्न पो आउँछन् ।
कट्टाका साथ सङ्गत गर्न, कुट्टै ती धाउँछन् ।।

अन्धाले भन्छ सम्पूर्ण देख्छु, यी नष्ठ आँखैले ।
फन् आँखावाला ताक्तछन् मुख, अन्धका चाखैले ।।
यसरी मैले निर्णय भनें, मान्दछ जसले ।
जस्तो छ मुख हृदय उस्तै, बनाउला उसले ।।
कबीर भन्छन् विवेकी हंस, जालमा मस्किन्छन् ।
सम्फाइ मन्छु दुष्ट ती सारै, फन् भाइ ! फस्किन्छन् ।।

रमैनी–४३

जिह्न जिव कीह्न आपु विश्वासा। नरक गये तेहि नरकहिं बासा। १।।
आवत जात न लागे बारा। काल अहेरी साँफ सकारा।।२।।

अर्थ– जुन जीवले आफूलाई 'म देह हुँ' भन्ने विश्वास गर्‍यो, त्यो सरासर चौरासी–नरकमा गयो । दोस्रो–'विश्व नै म हुँ' भन्ने अद्वैतज्ञानीहरू पनि ब्रह्मबाट पुनः जगत् बन्न पुग्ने भए ।।१।। उनैका कथनानुसार यिनले आवागमनका चक्रमा पर्न कत्तिबेर लाग्ने भएन । कालरूप शिकारी पनि प्राणीको मृत्यु बनेर निरन्तर पछि लागेकै छ, आयुरूपी जरो काट्तै छ। सन्ध्या वा प्रातः काल कुनबेला अचानक ढाल्ने हो, कसैलाई थाहासुद्धि छैन ।।२।।

अरू– यहाँ यो निर्णयको कुरा हो–'हामीमात्र मुक्त हुन्छौं अरू सबै नरक पर्दछन्' भन्ने अविचार, हठ र पक्षपातका कुरा होइनन् । यसमा मुख्य त मुक्त हुने को हो ? उसको स्वरूप कस्तो छ ? पुनः बन्धन के हो ? बन्धनरूप आसक्ति वासना अहंकार कसोगरी छुट्तछन् ? सबै उपाय ठीक-ठीक पत्तालगाई सम्पूर्ण अज्ञान-कामनाबाट समेत उत्तिर्ण हुनुपर्दछ । दैवी सम्पत्तिको आजीवन पालन गरी, निर्वासनिक शान्ति-स्थिति बनाई, जीवन्मुक्तिको पूर्णतः अनुभव नगरेसम्म, केवल मनले 'सबै मेटाएर शून्य बनिदिएपुग्छ वा पूर्ण व्यापक हुँ भन्ने सम्फिदिए मुक्त होइन्छ' भनी कल्पना गर्दैमा, आवागमनबाट पार पाउन त गाह्रै पर्ला ! यो कुरा गम्भीरतापूर्वक विचार गर्नु योग्य छ ।

चौदह विद्या पढि समुझावा । अपने मरण की खबरि न पावा ।।३।।
जाने जीवको परा अंदेसा । झूठहि आयके कहा संदेशा ।।४।।

अर्थ– मानिस सारा विद्या–वेद, शास्त्र पुराणादि यथासक्य पढ्दछन्, अरूलाई पनि कथा सुनाई सम्झाउँछन्; तर मैले पनि एक दिन मर्नुपर्छ भन्ने मनमा धारणा लिन सक्तैनन् । आसक्ति भ्रान्ति कल्पनादि दुर्गुण-समूहलाई अँगालिरहेका हुन्छन् ।।३।। यसरी बुद्धिमान् चतुरा गनिएका मानिसको पनि मनमा धुकचुकी रहिरहन्छ । यसको कारण हो–उनलाई पनि अन्य भ्रान्त र विषयासक्तजन मिली कल्पनारूपी झुट्टै शिक्षा भरिदिएका छन् ।।४।।

"सुनि सुनिकै सब संशय बनि गै, वहै भयो मन धाम ।"

[गुरु विशाल]

अरू– यथार्थ ज्ञान तथा सत्संग-निर्णय बिना जस्तै पठित विद्वानको पनि सन्देह-भ्रान्ति मेटिएको हुँदैन, अपितु रहिरहेकै हुन्छ । एकातिर इन्द्रिय-मनका वशीभूत भएर अज्ञान पुष्ट हुने, अर्को वृद्धावस्थामा शरीर शिथिल हुँदैजाने हुनाले रोग, दुःख, चिन्ता, परवशतादिको भुमरीमा पर्दा भ्रान्ति-कल्पना पनि झन्-झन् बढ्दैजान्छ । यसैले सकाम कर्मपनि छुट्न सक्तैन । कल्पित इष्टको आधार पक्रने स्वभाव झन् बढ्दैजान्छ । अतः यस्तालाई निश्चिन्त-निराधार मुक्तिस्थिति मिल्दछ भनी कसरी भन्ने ? के मुक्तिस्थिति पनि कसैले दिएर पाइने कुरो होर ? स्वतन्त्र मुक्तिस्थिति प्राप्तिगर्नेलाई त सत्य पारखको निष्कर्ष सिद्धान्त र हंसको शुभगुण धारण हुनैपर्दछ ।

जो मैथिलको साँचा व्यास । तोहर मरण होय मगहर पास ।।
मगहर मरै मरै नहिं पावै । अन्तै मरै तो राम लजावै ।।
मगहर मरे सो गदहा होय । भल परतीत राम सो खोय ।।

क्या काशी क्या मगहर ऊसर । जो पै हृदय राम बसे मोर ।।
जो काशी तन तजे कबीरा । तो रामहि कहु कौन निहोरा ।।

यसको अर्थ यही बीजकको शब्द १०३ बाट मनन हुनेछ ।

संगति छाडि करे असरारा । उबहै मोट नरक कर भारा ।।५।।

अर्थ– स्व स्वरूपनिष्ठ पारखी सन्तका साथ सत्संग नगरेर स्वेच्छाचारी अविवेकीहरू निरन्तर असरारा-कुकर्म, कामासक्तिमा र भ्रम-कल्पनामा चक्कर काटिरहन्छन् । साँच्चै यिनले पाप-कष्टरूप नरककुण्डबाट आसक्तिरूप मोट–पुराहीद्वारा* उपर्युक्त नरक-नाल उठाई-उठाई आफ्नै थाप्लामाथि खन्याइरहेछन् ।।५।।

अरू– मेधावीजनले सात जघन्य पापलाई मर्यादित गरेका छन् । यी सात काममा एकैको आचरण गर्नेपनि पापी हो भनेका छन् । [ऋग्वेद १०।१।५।६]

दोहा– "जूआ खेल मांस मद, वेश्या व्यसन शिकार ।
चोरी पर रमणी-रमण, सातो व्यसन निकार ।।"

साखी– गुरु द्रोही मन्मुखी, नारी पुरुष विचार ।
ते नर चौरासी भरमि हैं, ज्यौं लौं चन्द्र दिवाकार ।।४३।।

अर्थ– महान् उपकारी गुरुदेवप्रति द्रोहभाव राख्ने विशेष स्वेच्छाचारी स्त्री होस् वा पुरुष, यस्ता व्यक्ति संसारमा चन्द्र-सूर्य रहेसम्म चारखानि–आवागमनमा चक्कर काटिरहने हुन्छन्।।४३।।

अरू– जो व्यक्ति मनमति छ, गुरु-सन्तप्रति द्रोह वैर द्वेष ईर्ष्यादि राख्तछ भने यस्तै अज्ञानी हुन्–आवागमनमा परी, तीन-तापको कष्ट भोगिरहने ! तर बुद्धि फर्की, होश जागी, विवेकी गुरुका शरण पक्रेर श्रद्धा भक्तिपूर्वक शिक्षा-दीक्षा ग्रहण गरी

* – भारतमा अझै पनि ठाउँ–ठाउँमा इनारबाट पानीले खेती सिंच्नलाई दुइ-तीन मुरी पानी अटाउने टीन वा छालाको थैलोले हल गोरुद्वारा पानी खिंची खेती भर्दछन्। यसलाई राजस्थानतिर मोट र उत्तर प्रदेशमा पुराही भन्ने चलन छ ।

सुधारको मार्गमा अग्रसर भए भने यस्ताको पनि कल्याण नहोला भन्नु पर्दैन, अवश्य हुनेछ ।

पद्य–४३

जो जीव आफू देह हूँ भनी, विश्वास गर्दछ ।
नरक गए नरकै वास, त्यो व्यक्ति पर्दछ ।।
आउँन जान तिनलाई भव, लाग्दैन कत्ति बेर ।
शिकारी काल दिन र रात, लखेट्छ बेर बेर ।।

ती चौध विद्या अध्ययन गरी, अरूलाइ सम्झाउने ।
स्वयंको भने मरण निकट, थ्यै पत्तो न पाउने ।।
ज्ञानी हुँ भन्ने जीवको भित्र, सन्देह यो पर्‍यो ।
भ्रमिक फुट्टा आएर फुट्टै, सन्देश पो गर्‍यो ।।

सुसंग छोडी मनपरी सित, कुकर्म जो गर्छन् ।
उठाई भारी नारकी थैलो, हैरानी ती भर्छन् ।।

श्लोक– गुरु द्रोही मनैमौजी, नर नारी जहाँतक ।
गर्छन् भ्रमण चौरासी, चन्द्र सूर्य छँदा तक ।।

*

रमैनी–४४

कबहुँ न भयउ संग औ साथा। ऐसेहि जन्म गमायउ आछा।।१।।
बहुरि न पैहो ऐसो थाना। साधुसंगति तुम नहिं पहिचाना।।२।।
अब तोर होइ है नरकमहँ बासा। निशिदिन बसेउ लबारके पासा।।३।।

अर्थ– तिम्रा प्रेमी कुटुम्बी, परिवारहरू न कहिल्यै तिम्रो दुःखमा संग बने, न अन्त्यमा साथ जाने हुन् । तिमी नै भन ! यी सबै कहिले कुन दिनमा तिम्रा कल्याण-मुक्तिका साथी बनेका थिए ? किन्तु व्यवहारमा पनि प्रायः स्वार्थी नै बन्दैआए । तैपनि फेरि तिमीले तिनकै आसक्ति र भरोसामा परी यस्तो उत्तम कल्याणको पात्र मनुष्यजीवन व्यर्थ गुमायौ, धिक्कार ! आफ्नो सर्वस्व नाश गर्‍यौ ।।१।। अबपनि तिमीले कल्याणको पुरुषार्थमा एकरस विवेकपूर्वक संलग्न रहन सकेनौ भने यस्तो अलभ्य लाभदायक मुक्तिको माध्यम पुनः पाउने छैनौ । तिमीले पारखी सन्तका साथ-

संगतको महत्व बुझ्नसकेनौ, यही थियो मुक्तिको मुख्य मूलढोका ।।२।। अझ तिमी रात दिन लवार–भ्रामक र कामासक्तजनका संग सहवास तथा विषय भोगमै लुट्पुटिइरह्यौ । यस्तै चालबाट शरीर छाडी जानुपऱ्यो भने चार खानिको नर्करूप गर्भमा तिम्रो निवास अवश्य हुनेछ, होश गर ! जाग !! चाँडो चेत !!! ।।३।।

साखी– जात सबन कहँ देखिया, कहहिं कबीर पुकार ।
चेतवा होय तो चेति ले, नहिं तो दिवस परतुहै धार।।४४।।

अर्थ– चिर कालदेखि अधिकांश मानव जीव भोगासक्ति र कल्पना भ्रान्तिमै परी-परी बरबाद भइगएका देखेर गुरुकबीर स्पष्टतया भन्नुहुन्छ–यदि सुध्रने हो भने शीघ्र आफ्नो सुधार गरिहाल ! होइनभने दिन मध्यान्हमै विषयासक्ति, काम, क्रोधादि र भ्रामकजनरूपी डाँकाका बथान आई, शुभगुण र मुक्तिको धन लुटिरहेकै छन्, अझैपनि लुटपिट गरी सर्वस्व हरण गर्लान्, सास्ती-गोत्ता खुवाउलान्, होशगर ! ।।४४।।

अरू– हामी आफ्नो मुख्य कल्याणको साधना–विवेकादिको पुरुषार्थ गर्नना सदासर्वदा आलस्य टारवार नै गर्छौं, यसैगरी अनन्त जन्म व्यतीत भइसके । उमेर अवस्था छउन्जेल विषय विलास-भोगासक्ति तृष्णा मोह वाणीजालकै परिकल्पनामा भुलिन्छ, पछि वृद्धावस्थामा वा विषय जन्जालमा जेलिइसकेपछि भन्छौं– "यो जन्ममा पहिले भुलियो, ठूलो मौका चुकियो; उस बखत होश भएन, अब के गर्ने ? साधना-भक्ति, विवेक-स्थितिलाई पछि गरौंला अथवा अर्को जन्ममा गरौंला; यो जन्ममा त यत्तिकै भयो ।" यसै गरी भाका राख्ताराख्तै त जन्म-जन्मदेखि भुल्दै आइरहेछौं । पछिपनि गर्न सकिन्न ! यसै गरी त्यहाँ पनि भाका राख्ने होइन्छ । पछि त झन् यो भन्दापनि खराब परिस्थितिमा परिनेछ । गर्ने मानिसले आज अहिल्यै गरिहाल्दछन् । आफ्नो जन्म-जन्मको दुःख

छुट्ने, सदाको निम्ति शान्ति मुक्ति पाइने यो महान् कार्य—विवेक-साधना भन्दा अग्रकृत्य, ठूलो काम अरू के हुनसक्छ ? जो यसलाई पर पन्छाएर गर्नुपर्ने अर्को महान् कार्य !

यो मुख्य कार्य सिद्धिको साधना अभ्यासको निमित्त प्रथम सत्संगबाट आफ्नो चेतन निराधार स्वतन्त्र स्वरूपलाई राम्रोसंग चिन्नु, शुभगुण, आचरण ठीक-टीक पालन गर्नु । त्यसपछि त धेरै मेहनत पनि गरिरहनु पर्दैन । सबै छाडी केवल आफैं आफ्नो द्रष्टा स्वरूपमा स्थिर भई बसिदिए पुगिहाल्यो ।

अर्थ प्राप्तगर्न दौडनु-पुरुषार्थ गर्नुपर्दछ, परमार्थ प्राप्त गर्न केवल स्थिर भई बसिदिए पुग्छ । चित्रकारले चित्र लेख्ता, मूर्ति-कारले मूर्ति कुँद्दा, कवि-नाट्ककारले कविता-नाटक रचना गर्दा आ-आफ्ना कलामा यति डुब्दछन्—स्वयं उही कृतिमा बिलाउँछन्, पूरापुर उसैमा आफू हराउँछन्; तब ती कलाहरूमा उनी निपुण बन्दछन् । यसै गरी हामी पनि साधना-द्रष्टाभ्यासमा बिलाउन सक्नुपर्छ, तबमात्र स्वरूप-स्थिति सम्यक प्रकार बन्नेछ । यो अभ्या-समा गुरु-सन्तको इशारा बल र स्वयंको साहस चाहिन्छ । तर अभ्यासमा तन्मयभई दृश्यबाट हटेर 'म' लाई पनि मिटाई द्रष्टा-मात्र अपरोक्ष आफैंमा स्थिर हुने पुरुषार्थ हामीले नै एकरस अखण्डरूपबाट गर्नैपर्दछ । मुखमा पहिले लिइराखेको नून-ढिको नथुकी, मिस्रीको निखरो गुलियो स्वाद पाइँदैन । यस्तै हामी इच्छा गर्छौं-शान्ति मुक्तिको, तर यता वाणी-व्यवहारको सुख-अवलम्ब-सम्मपनि छाड्न चाहँदैनौं । यस्ता चालले निर्वासनिक, स्थिर म-नको शान्ति मुक्ति कसरी मिल्न सक्छ? यो त—'आफ्नो थाप्लाको तीन मनको बोझा नउतारी बोकी-बोकी, भारीको थिचाईबाट बच्न सकौं, भारीले नथिच्ने गराइदिनपऱ्यो ! भन्नु समान हो । यो हुनसक्नेकुरो होइन । यसमा त चाहिन्छ—

जस कथनी तस करनी, जस चुम्बक तस ज्ञान ।
कहहिं कबीर चुम्बक बिना, क्यौं जीते संग्राम ।।
[बी. सा. ३१४]

पद्य–४४

न कल्यै भयौ संग र साथ, व्यर्थ हे असभ्य ।
सित्तैंमा जन्म गुमायौ यस्तो, उत्तम अलभ्य ।।
फेरि त यस्तो उत्तम भूमि, पाउने छइनौ ।
साधुको संगत तिमिले बाबू, रत्तिभर चिनेनौ ।।
यसैंले अब नरक वास, तिम्रो त हुनेछ ।
रात दिन बस्यौ गफीका साथ, भ्रान्तिमा थुनेछ ।।
श्लोक– देखिए सब जाने तौ, कबीर स्पष्ट भन्दछन् ।
चेतने हो भने चेत, दिन मैं डाँकु लुट्दछन् ।।

रमैंनी–४५

हरणाकुश रावण गौ कंसा । कृष्ण गये सुर नर मुनि बंसा ।।१।।
ब्रह्मा गये मर्म नहिं जाना । बड सब गये जे रहल सयाना ।।२।।

अर्थ– हिरण्यकशिपु रावण कंसादि सबै गए, शरीरबाट पनि मरे; ज्ञान-आचरण बिना कल्याणबाट पनि मरी आवागमनमा परे। श्रीकृष्णचन्द्र आफ्ना यादवकुलसहित र सत्वगुणी, रजोगुणी मनुष्य तथा ऋषि-मुनिहरू पनि मरे, बोध-स्थिति र शुभगुण-दैवीसम्पत्तिको ठीक-ठीक पालन नगर्ने जति गर्भवासमै पुगे ।।१।। पुराणानुसार ब्रह्माजी पनि चेतन स्वरूपको सम्यकबोध र शुभाचरणको मर्म नजानी त्यसैंगए । ठूल-ठूला बुद्धिमान्, विद्वान् टाठा-बाठाहरू पनि कोही बचेनन् ।।२।।

समुझि न परलि रामकी कहानी । निर्बक दूध कि सर्बक पानी।।३।।
रहि गौ पन्थ थकित भौ पवना ।दशोंदिशा उजारि भौ गवना।।४।।

अर्थ– ती मानिएका परमात्माको चरित्र राम्रोगरी यिनले चिन्न-सम्झन सकेनन् । शुद्ध दूध हो वा सारा-निखरा पानी-पानी

यसको विचार भएन । अर्थात् सर्व परे शुद्ध चेतन हो वा जड-चेतनमय विराट् स्वरूप ! यसको पनि विवेक भएन ।।३।। बाटो–कर्तव्य कर्म जस्ताको तस्तै रह्यो, वायु थाक्यो–श्वास चल्नछाड्यो अथवा पन्थ–वासनायुक्त आवागमनको मार्गमै यी सबैको स्थिति रह्यो । शरीर छुट्ने बित्तिकै दस इन्द्रियादिलाई उजार–शून्य पारेर प्राणवायुका साथ चेतन-चरो उड्यो ।।४।।

अरू– यद्यपि यो दृश्य विस्व नै विराट्स्वरूप र परात्पर शुद्ध चेतन एक हो भन्ने धेरै ब्रह्म-ज्ञानी बन्धुहरूको धारणा छ; तर विवेकबाट ती दुवैलाई एक भन्न मिल्दैन । यो कुरा केवल शब्द प्रमाण र श्रद्धातिरेकको आधारबाट स्वीकार गरिंदै आइएको हो । यसैले तिनको पनि 'रहिगौ पन्थ–बाटो छलियो' भनी कबीरदेव भन्नुहुन्छ ।

मीन जाल भौ ई संसारा । लोह कि नाव पषाणको भारा ।।५।।
खेवैं सबै मर्म हम जानी । तैयों कहैं रहै उतरानी ।।६।।

अर्थ– जीवका निम्ति, यो संसारको सम्बन्ध, माछालाई फाँस्ने जालसमान भइरहेछ। फलामसमान कठोर कल्पना-मान्यता-को डुङ्गामा पाषाण-ढुङ्गाको, गह्रौं भार–विषयासक्ति र जडाध्या-सको ठूलो भारी बोकी मानिस भवसागर पार तर्न तम्सिएका छन् ।।५।। यी सम्झन्छन्– "बहना (नाउ ख्याउने काठ) हाम्रो हातमा छ, नाउ चलाउन हामी पनि सिपालु छौं ।" तर आफू अति गम्भीर पानीरूपी वाणी-कल्पनामा डुबिसकेका छन्, तैपनि भन्दछन्–'पहिलेका ठूलाबडाहरू सबै यसैबाट उत्री पार भए, अब हामी पनि तर्छौं'–त्यसैको उपयोग गरिरहेछौं, पारलाग्छौं ।।६।।

अरू– माछाहरू जालमा परेझैं उपर्युक्त देव तथा महा मान-वहरू स्वयं विषय-जञ्जाल आसक्ति-शरीराध्यासमा परी अशान्ति हैरानी सहिरहेकै छन् । यिनैं भारी बोकी वाणीको मान्यता रूप

फलामे डुङ्गामा सवारभइरहेछन् । मुखका कुरैंकुराले- "हामी पार लाग्छौं-लाग्छौं, सारतत्त्व चिनेका छँदैछौं, किन पार लाग्दैनौं ? पहिलेका फलाना-फलाना तरेर गए त हामी पनि तर्छौं...." भन्दछन् । तर यिनले मुक्त सम्झेका प्रथमका पुण्यात्मा व्यक्तिहरूको चरित्र र बोध-स्थिति पनि पुराणादिबाट राम्रोसित बुझुन्-विचार गरुन् । अनि ती मुक्त भए-नभएको यथार्थ विवेक गर्न सकिएला । मुक्त हुन, सर्व विषयासक्ति र भ्रान्ति-कल्पनादेखि सर्वथा पृथक हुन सक्नुपर्छ । जडदेखि सर्वथा भिन्न शुद्ध चेतन स्व स्वरूपको स्थिति पनि चाहिन्छ । कसैले दिएर वा कहीं पुगिएर अथवा संसारभरी पूर्णहूँ भन्ने सम्झेरमात्र मुक्त होइने ह्वैन ।

साखी–मछरी मुख जस केंचुआ, मुसवन महँ गिरदान ।
सर्पन माँहि गहेजुआ, ऐसी जात देखि सबन की जान ।।४५।।

अर्थ– बल्छिमा उनिएका गँडचाउला निल्ने माछो, छेपारो पक्रने वा खोरमा परेको मूसो, छुचुन्द्रो पक्रने सर्प–यी सबैको दुर्दशा भएजस्तै मानव प्राणीको पनि लालचवश ज्यान गइरहेको देखिइ रहेकैछ ।।४५।।

अरू– बल्छिमा उनिएको गडचाउँला–खाने लोभमा परी, अबोध माछाको प्राण जान्छ । मूसाहरू रोटी फल आदि खाने लोभ-वश धरापमा परी मर्दछन्, अथवा छेपारो पक्रन मूसो जान्छ, कष्टमा पर्दछ । भनाई छ– 'छेपारोले फुकिदियो भने मूसो अन्धो हुन्छ । अर्को भनाई छ–सर्पले छुचुन्द्रो-खान भनी पक्रन्छ, पक्रेपछि छाडे अन्धो हुन्छ, खाए कोरी बन्दछ; शरीर चिराचिरा भई कष्टका साथ मर्दछ । यस्तै मनुष्य पनि भोगासक्ति र वाणीका भ्रान्तिमा परेर विभिन्न प्रकारबाट कष्ट पाउँछन् । यता विषयको लालच छुट्तैन, त्यसले गर्दा झन्-झन् अज्ञान-आसक्तिमा मस्कँदै एकमाथि एक विघ्न-आपत्ति र कष्ट थपिंदैजान्छ । उता मृत्युपछिको कष्ट त

विवेकी-पारदर्शी पुरुषले मात्र बुझ्न सक्तछन् । स्वरूपबोध र निर्वासनिक स्थिति बिना विश्वास र भरोसाबाट मात्र खालि आशे बनेर पार तरिएला भन्नु वा स्वरूपदेखि भिन्नका बन्धनकारी वस्तु पनि बटुलेर, इन्द्रिय भोगमा भिजी-भिजी आफूलाई असंग सम्झी, एक बनेर अथवा सत्य चेतन पदार्थ पनि शून्यमा विलय गरेर पुनः निर्वाण बन्न खोज्नु, यो चाला त विवेकलाई सर्वथा बिर्सिदिनु हो । अतएव खानी-वाणी दुवैजालबाट सदा सावधान रही, निर्णय-विवेकबाट काम लिई मात्र सर्वथा अघि बढ्नु भन्ने गुरुको यो शिक्षा हो ।

पद्य–४५

हिरण्यकशिपु रावण कंश, गए सब छाडेर ।
श्री कृष्ण गए देव नर मुनि, रित्तो कुल पारेर ।।
ब्रह्माजी गए यथार्थ भेद, नजानी ती पनि ।
ठूल्ठूला सबै होशियार गए, रहेनन् मै भनी ।।

रामको कथा सम्झेनन्, दूध निखरा कि पानी !
बचे ती बाटा थाक्यो नि प्राण, कहाँ गो त्यो पानी ।।
दश दिशा सबै सुनसान पारी, निस्किगो जो सार ।
मत्स्यजाल संसार फलामे डुङ्गा, डुङ्गा को छ भार ।।

खेवैया सबै कुशल मर्मी, आफूलाइ ठान्दछन् ।
तैपनि त्यहाँ उत्रने खालि, आफैलाइ मान्दछन् ।।
श्लोक– मत्स्य मुख गडचौंलो वा, मूसो गिर्दान पर्नगो ।
छुचुन्द्रो सर्पका बीच, यस्तै गो ज्यान सर्वको ।।

रमैनी–४६

बिनसे नाग गरुड गलिजाई । बिनसे कपटी औ शत भाई ।।१।।
बिनसे पाप पुण्य जिह्न कीह्ना । बिनसे गुण निर्गुण जिह्न चीह्ना ।।२।।

अर्थ– पुराण अनुसार अनन्त वाशुकी कर्कट तक्षक शेष आदि नागहरूको विनाश भयो, भगवान्‌का वाहन बनेका गरुड पनि रहेनन्, गलितभई अन्तमा मरे । कपटी सकुनी र राजनीति-निपुण

कृष्णचन्द्र तथा सय भाइ दुर्योधन पनि दुर्गति सहँदै विनाश भए ।।१।। पापाचारी राक्षसीजन र पुण्यात्मा–शिवि, रन्तिदेव आदि पनि विनाश भए । सगुण र निर्गुण एक सम्झने अथवा सगुणको उपासनाबाट निर्गुणको भावगर्नेहरू पनि सबै विनाशभए ।।२।।

अरू– शरीरबाट छुट्टिएर त सबैले मर्नैपर्छ, किन्तु स्वतन्त्र चेतन स्वरूपको बोध-स्थिति र शुभाचरणको धारणा बिना सबै काल-कल्पनावश चार खानि–चौरासीमा परी-परी बरबाद भए ।

थोत्रो सत्तल भित्र यो भुवनको आलो र पालो गरी ।
खुल्छन् द्वार जहाँ निशा र दिनका सर्वत्र एकै सरि ।।
शोच्नोस् ! यो कतिका गरे नृपतिले टङ्कारले शासन ।
केही काल टिकी हिंडे अनि स्वयम् रस्ता निजी ली कन ।।

–उमर खय्याम–(फणिन्द्र)

बिनसे अग्नि पवन औ पानी । बिनसे सृष्टि कहाँ लो गनी ।।३।।
विष्णु लोक बिनसे छिन माहीं । हौं देखा परलय की छाहीं ।।४।।

अर्थ–अग्निहोत्री, प्राणायामी-योगी, तीर्थ सेवी-कर्मी, उपासक आदि पनि भूलमा परे–विनाश भए । सृष्टिका समस्त प्राणी भुले, नष्टभए; ती सबैको कति गणना गरौं ।।३।। विष्णुलोक पनि चिरस्थायी नभई क्षणस्थायी नै छ । म यसरी सबैलाई प्रलयकी छाहीं–परिवर्तनीय विनाशशील देखिरहेछु । अथवा हौं 'अहं ब्रह्म' भन्नेहरू पनि प्रलयको छाया–सरीर छाडी आवागमनमा परेका विवेकीजनले अनुभव गरिरहेछन् ।।४।।

अरू– विष्णुलोकको विषयमा–

'विष्णु सहस्र व्यतीत, शिव की पल एकै कहिए ।'

[विश्राम सागर]

शिवजीको एक पलामा हज्जार विष्णु बित्तछन् । महाप्रलयमा त शिवजीको पनि विनाश हुन्छ, भन्ने पुराणमा वर्णन छ । मुक्त

शाश्वत चेतनको दाँजोमा कल्पनाको महाप्रलय काल पनि निमेष-समान कै न हो !

संसार क्षणभंगुर छ। यहाँ कसैको ऐश्वर्य पद परिवार मान शान–केही स्थायी छैन। कल्पित इष्टका भरोसाबाट कसैको पनि मुख्य कार्य पूरा हुने होइन। देवतादिको भरोसा गरौं भने उनैको पनि गति त्यही रहेछ। अतएव शीघ्रातिशीघ्र विवेकपूर्वक जड-देखि छुट्टा सत्य चेतन स्वयं ज्ञानस्वरूपलाई चिनौं। आफनो कल्याण कार्य बनाइहालौं।

साखी– मच्छरूप माया भई, जबरहिं खेले अहेर।
हरि हर ब्रह्मा न ऊबरे, सुर नर मुनि केहि केर ।।४६।।

अर्थ– मच्छरूप माया–भारी माछोसमान आसक्ति र कल्पनारूपी मायाले शिकारी बनेर सबैलाई बलात्कार सलसली निलिरहिछ। विष्णु शंभु ब्रह्मा पनि यसबाट बचेनन् भने अरू देवता ऋषि मुनि आदिको र विषयाभिमानी अज्ञानी मानिसहरूको के कुरा ? बिना विवेक, मायाजालमा परिरहेकैछन् ।।४६।।

अरू– यहाँ गुरु कबीरबाट अत्यन्त सुहाउँदो माछाको उपमा दिएर हामीलाई विषय-वस्तु छर्लंग पारी सम्झाउनु भएको छ। संसारमा शिकारी मनुष्य हुन्छ, शिकारचाहिं पशु पक्षी जल-चरहरू हुन्छन्। तर माछाहरूमा ठूला माछाले नै सा-साना माछा-लाई खान्छन्। हामीलाई पनि शिकार गर्ने शिकारी अन्त कतैबाट अरू परचक्री आउने होइनन्, हाम्रै हृदयका विषयासक्ति मन काम क्रोधादि र हाम्रै भूल* कल्पना मान्यताले हामीलाई नै

*– करिष्यामि करोम्यहं स्वयं वध्नाति प्राणभृत् ।
कारणेन विना कार्यं नसंभवति कर्हिचित् ।। [देवी भागवत्]

"यो काम गर्न बाकी छ, त्यसलाई मैले पूर्णगर्नु छ"– यस्तैयस्ता अहंकार युक्त धारणा बनाएर प्राणी आफैंले आफूलाई बन्धनमा पार्दछ। कारण नभई कुनै कार्य हुन सक्तैन।"

शिकार गरिरहेछन् । त्यसको फलस्वरूप आवागमन, तीन ताप, तीन खानिको यात्रा, गर्भयातनादि भोगाइरहेछन् । यो रमैनीको तात्पर्य हामीले राम्ररी बुझ्न सक्यौं र कथमपि बिर्सेनौं भने अवश्य पनि हाम्रो मुख्य कार्य सिद्ध भइहाल्नेछ ।

पद्य–४६

नागको शरीर विनष्ट भयो, गरुड गलेछन् ।
विनाश भए कपटी अरू, शयभाइ सबै झन् ।।
पाप र पुण्य गर्ने जो भए, मरेरै ती गए ।
गुणमा निर्गुण चिनेथे जसले, विनाश ती भए ।।

अग्नि र वायु जलको नाश, भयो के भनौं नि ।
विनष्ट भए सृष्टिका वस्तु, कहाँ तक गनौं नि ।।
विष्णुको लोक पनि त नाश, क्षणमा भएको ।
देखेको थिएँ प्रलय छाया, मैले यो जानेको ।।

श्लोक– माछो रूप भई माया, बलै शिकार खेल्छे छिः !
ब्रह्मा विष्णु महादेव, बचेनन् मुनि देव नृ ।।

❀

रमैनी–४७

जरासिंधु शिशुपाल संघारा । सहस्रार्जुन छल सों मारा ।।१।।
बड छल रावण सो गौ बोती । लंका रहल कंचन की भीती ।।२।।

अर्थ– महा योधा जरासन्ध, शिशुपाल, आदि वीरहरू छल र अभिमानको कारणबाट मारिए । सहस्रार्जुन पनि छल अन्याय जवरदस्तीकै कारण परशुरामद्वारा मारियो ।।१।। ठूलो वीर रावण थियो, त्यो पनि छलपूर्वक, सीता-हरण गर्दा मारियो । सुवर्णको भीती–गाह्रो भएको लंकापुरी त्यसैं रह्यो–भोग्न पाएन।।२।।

दुर्योधन अभिमाने गयऊ । पाण्डव केर मर्म नहिं पयऊ ।।३।।
माया के डिम्भ गयल सब राजा । उत्तम मध्यम बाजन बाजा ।।४।।

अर्थ– अभिमानकै कारणले दुर्योधनको विनाश भयो, "पाण्डवको बल तथा गुप्त सहायक–भिष्म द्रोणहरूले पाण्डवलाई

दिएका वचनको ..." रहस्य पनि केही जान्नसकेन ।।३।। मायाकै डिम्भ–छल अहंकारमा परी सबै राजा महाराजाहरू गए–बीते । आज ती सबैका गुण-अवगुण अनुसार यश-अपयश मात्र संसारले गाइरहेछ ।।४।।

छौ चकवे बिति धरणी समाना । एकौ जीव प्रतीत न आना ।।५।।
कहाँलौं कहौं अचेतहि गयऊ । चेत अचेत झगरा एक भयऊ ।।६।।

अर्थ– छः चक्रवर्ति (बेनु बलि कंश दुर्योधन पृथु र त्रिवि-क्रम–वामन) यी प्रसिद्ध सम्राट् पनि मरी-मरी माटैमा मिले । परन्तु बुद्धिहीन जीवहरू मेरो पनि त्यही गति हो भन्ने एक रत्ती सम्झँदैनन् ।।५।। म कहाँसम्म भनौं ! समस्त जीव अचेत–कल्याण-को होश र स्व स्वरूपको बोध-स्थिति बिना नै मरी-मरी गए, वासना-जालमा जेलिंदै गर्भवासमा पुगे । यसबाट यो एउटा भारी झगडा केही गरेपनि टुंगो लागेन । त्यो के भने 'स्वयं स्वतन्त्र सचेतन पुराण पुरुष जीव, अचेत-विषयासक्ति, मान, भ्रान्तिमा परी हायल-कायल भइरहेछ ।' मर्नेभए उहिल्यै मरिसक्थ्यो, अविनाशी हुनाले सारै सास्ती सहिरहेछ ।।६।।

अरू– छः चक्रवर्तिका गणनामा कहीं-जरासन्ध शिशुपाल सहस्रार्जुन रावण दुर्योधन र पाण्डवको नाउँ आउँछ । कहीं–सहोत्र नहुष मरुत मान्धाता शिवि र पृथु लेखिएको देखिन्छ । कहीं–बेनु बलि कंस दुर्योधन पृथु र त्रिविक्रम लेखिएका छन् । किन्तु जो-जो भएपनि सबै राज्यको तृष्णा, छल बल अभिमान लडाइँमैं मरी-मरी गए, कसैको केही साथ गएन, आ-आफना कर्तव्य–पाप-पुण्यको कुम्लो बोकेर सम्राट्देखि लिएर सामान्य जनसमाज सम्मका सबैले जानैपर्‍यो, फलभोग्न विवश बने । धर्म भक्ति ज्ञानको कार्य गरौंला, पछि गरौंला ऐले के बितेको छ र !.... भन्दाभन्दै नै जानेदिन आइहाल्दोरहेछ, सबै मानिस खाली हात, फुस्रो ओठ,

उदास मुख बनाउँदै जिल्ल परेर सर्वस्व लुटिएका सेठसमान आ-आफना कृत्यको कुटुरो च्यापी गइरहेछन्, अरुपनि यस्तै चालाबाट जाँदैछन् । हामी अन्त्यमा मात्र मर्ने होइनौं, शरीर रहिरह्यो भने हाम्रो प्रत्येक हिस्सा, प्रत्येक दशकमा निम्न प्रकार मर्दैछ–हानि हुदैछ । अतएव आजैदेखि मुख्य कामलाग्ने, जीवन सुधारने कार्य–ज्ञानको पुरुषार्थमा अहिले यही निमेषदेखि नै कम्मर कसिहालौं ।

"मानवको प्रथम दशकमा वाल्यपनाको हानि । दोस्रो दशकमा वृद्धिको हानि । तेस्रो दशकमा छविको हानि । चौथो दशकमा मेधाको हानि । पाँचौं दशकमा त्वचाको हानि । छैटौं दशकमा दृष्टिको हानि । सातौं दशकमा शुक्रको हानि । आठौं दशकमा विक्रमको हानि । नवौं दशकमा बुद्धिको हानि । दशौं दशकमा कर्मेन्द्रियको हानि हुन्छ ।" [शारङ्गधर सं. ६।१९]

अतएव यहाँ हाम्रो कर्तव्य हो–मन-बुद्धिलाई तृष्णा अभिमान र कुमार्गबाट फर्काएर सन्तोषपूर्वक कल्याण-कार्यमा निरन्तर संलग्न रहनु ।

साखी- ई माया जग मोहिनी, मोहिनि सब जग धारि ।
हरिचन्द्र सत्त के कारणे, घर घर सोग बिकाय ।।४७।।

अर्थ– यो भोगासक्ति र मनको कल्पना नै महान् क्रान्तिकारिणी दुर्धर माया हो । यसले जगत्-मोहिनी बनी समस्त संसारलाई मोहासक्त बनाई हैरान गराइसकी । यही मायाको[×] ठीक-ठीक

× – माया सुदुर्जया विद्वन्योगिभिर्जित मारुतैः ।
सांख्य विद्भिर्निराहारैस्तापसैश्च जितेन्द्रियैः ।।१४।।
ना ऽ हं शिवो न वा ब्रह्मा जेतुं तां प्रभवो ऽ प्यजाम् ।
मुनयः सनकाद्याश्च कस्त्वं के ऽ न्ये क्षमा जय ।।१६।। [देवी भा. ६।२८]

'हे विद्वन् ! जुन योगीले वायुमा अधिकार पाएको छ, जुन ज्ञानीले सांख्य शास्त्रको गहिरो अध्ययन गरेको छ, जो खान-पान त्यागेर तपस्यामै लागिरहन्छ, जसका इन्द्रिय वशमा भएका छन्–त्यस्ता योगीहरूको लागि पनि माया अत्यन्त अजेया छिन् ।।१४।।

माया भन्छिन्–मलाई शिव, ब्रह्मा, विष्णु सनकादि मुनिहरूले पनि जित्न सकेका छैनन् भने तिमी जस्ता र अरू देवताको के गिन्ती !" ।।१६।।

परीक्षा गर्न नसक्ता राजा हरिश्चन्द्रले सत्य-पालन गर्छु भनी स्वयं पोडेको हात बिकेर घर-घरको शोक–(प्रतिघरका शव-दाहको कर, कात्रो र बाँस) बटुल्ने काम गर्नपर्‍यो ।।४७।।

अरू– 'यह भ्रम भूलको रोग ।'....

यही मोह अँधियारी माया, अन्य न माया कोग ।
माया मानि अन्त कहुँ निश्चय, भरमि रहा सबलोग ।।

[गुरु विशाल भवयान ७।१३]

'यही भ्रम भूल मोह अर्थात् खानी-वाणी मायाले समस्त संसारलाई जिल्ल्याई ठगिरहीछ। माथि लेखिएका सम्राट् देव मुनि मनुष्य-समाजलाई विभिन्न प्रकारबाट ठगी-छली हैरान गरिसकी, यो मायाको छटा यस्तै छ। यस्तै हामीहरू पनि अनेक ढंगबाट छकिई-छलिइरहेछौं। यसको पूर्णपरीक्षा गरेर यसै जन्ममा आफनो स्वरूप-स्थिति लिनसक्नु पर्छ।

दोस्रो– हरिश्चन्द्रले यथार्थ सत्यको स्वरूप चिन्न नसक्ता विश्वामित्रका छलीवचनमा आवद्ध भई अति कष्टपाए, हैरान भए। हरिश्चन्द्र दृढ निश्चयी हुनाले सत्य-व्रतको पूर्णपालन गरिछाडे। यसबाट हामीले पनि धैर्य र सत्यताको व्रत पालनगर्ने शिक्षा ग्रहण गर्नसकौं। अरु उनी प्रखर परीक्षादृष्टि र स्वरूप बोधको स्वतन्त्र विवेकमा दृढ रहेका भए उनको महान् कार्य बन्नेथियो। भवसागर नै सुकाइदिने थिए। स्वर्ग प्राप्तिको कामनामा परेर छलीको पञ्जामा परी कष्ट सहनुपर्ने थिएन।

पद्य–४७

संहार गरे त्यो जरासिन्धु, शिशुपाल मारियो ।
छलैको कारण सहस्राजु‍र्न, मृत्युघाट तारियो ।।
छलीमा पूर्ण रावण थियो, सहजै बिती गो ।
सुनको भित्तो लङ्काको भन्छन्, रह्‌यो त्यो सित्तै भो ।।

दुर्योधन गए अहंकार गर्दा, क्यै साथ गएन ।
पाण्डव गए कसरी कहाँ, था सुद्धि भएन ।।
माया कै गर्वले सम्पूर्ण राजा, विनाश ती भए ।
उत्तम मध्यम बजे थे बाजा, जे जस्ता भै गए ।।

छः चक्रवर्ति राजा थे, बिते, मिले ती माटैमा ।
तैपनि पत्यार गर्दैनन् एक, जीव यी बाटैमा ।।
म कति भनौं नचेती त्यसै, संसारै गएको ।
चेतन जड लठारो यौटा, झगडा परेको ।।

श्लोक– यो माया हो जगत् मोही, लठ्याई जगतै बरै ।
सत्य हेतु हरिश्चन्द्र, बिकेका शोक घर घरै ।।

रमैनी–४८

मानिकपुर कबीर बसेरी । मद्दति सुनी शेखतकि केरी ।।१।।
उजै सुनी जवनपुर थाना । झूसी सुनी पीरनको नामा ।।२।।

अर्थ– गुरु कबीर भन्नुहुन्छ–म एकपटक मानिकपुरमा बसेको थिएँ । त्यहाँ सिकन्दर लोदीका गुरु शेखतकी फकीरको मद्दति–प्रशंसा सुन्नमा आयो ।।१।। उजै–ती फकीर जवनपुरमा पनि थाना–स्थान गरी बस्तथे । झुसी–(प्रयागको पार गंगातट) मा उनका गुरुहरूको नाम लेखिएको छ भन्ने सुनेर त्यहाँ गएँ ।।२।।

अथवा– मानिकपुर-मनको मान्यतामा मुकाम गरी, कबीर-भ्रान्त जीवहरू बसेका छन् । शेष–एक (ईश्वर-ब्रह्म) खुदाको मद्दति–महिमा सुनेर लालच-वश तकी–ताक्नथाले–खोज्नलागे । उनले जुन-जुन लोकमा भगवान् विष्णु परमपुरुष खुदाको निवास छ भनी सुने, उही-उही स्थानको लक्ष्य गरी उपासना (इबादत) गर्न बसे । झुट्टै सुने–परमात्मा-खुदा उहाँ पाइन्छन्; यसैले जीव-हरू भ्रान्तिमा परिरहेछन् ।।१-२।।

एकइस पीर लिखे तेहि ठामा । खतमा पढे पैगम्बर नामा ।।३।।
सुनी बोल मोहि रहा न जाई । देखि मुकर्बा रहा भुलाई ।।४।।
हबी नबी नबीके कामा । जहँ लों अमल सो सबै हरामा ।।५।।

अर्थ– एकइस पीर–उनका एक्काइस गुरुको त्यहाँ नाम लेखिएको रहेछ । मौलबीहरूले पैगम्बरादिको खतमा (खुतवा–प्रार्थना) गरिरहेका देखें-सुनें ।।३।। त्यो मैले सहन सकिन र निर्णय गर्नैपर्ने सम्झी भनें–तिमीहरू सबै मुकर्बा–मकबरा (कब्र-स्थान-समाधि) जडमा भुलेका रहेछौ ।।४।। हबीब (अनन्य प्रेमी) नबी–हजरत मुहम्मद । ए, मुसलमान हो ! तिम्रा इष्ट मुहम्मदले बताएका काममा जहाँ तक अमल छन्, ती सबै हरामा–त्याग्न योग्य हुन्, त्यागिदेउ ।।५।।

अथवा– एकइस–ईश्वर-खुदा पीर-परमातमा वा गुरुको त्यही ठाउँमा निवास छ; उहाँलाई रिझाउँछु भनी प्रार्थना, पाठ-पूजा आदि गरेको विवेकीजनले देखी उनका विवेक-चक्षु खुलाइदिनको निम्ति 'किन जड शून्यको उपासक बन्छौ' भनी झपार्नलागे । तिम्रा प्रेमी इष्टहरूले लेखेका जड उपासना (बुतपरस्ती)–बली कुरबानी मांसाहार मदिरा गाँजा भाँग सेवनादि सबै अमलहरू खराब–त्याज्य हुन् ।।३-५।।

अरू– शरीरको हानिकारक, पाप-वर्द्धक, बुद्धि-विनाशक, नशा चाट वर्द्धक, स्वभावलाई बिगार्ने, तल-तल लागी दुःख दिइरहने, पुनः शरीर निर्वाहमा कुनै उपयोगी नभएका वस्तुहरूको सेवन गर्नु–इत्यादिको नाम हो–अम्मल । जस्तै शिकार खेली वा मनका भावनामा परी प्राणीको ज्यान घात गर्नु; मासु माछा जाँड-रक्सी, गाँजा-भाँग, चर्स-चण्डु ताडी बीडी चुरोट तमाखु खानु, कुनै नस लिनु-खानु खेल-तमाशामा भुल्नु–इत्यादि हराम (त्याज्य) हुन् । यी सबैलाई छाडेर योग्य कर्तव्यमा संलग्न रहनु ।

मुसलमानहरू हिन्दूलाई बुतपरस्ती (मूर्ति पूजा) गर्ने शैतानी काम हो, यस्ता काम गर्ने यी पक्का काफर (नास्तिक-दुष्ट) हुन्

भन्दछन् । यहाँ स्वयं कब्रको पूजा प्रार्थना गरिरहेछन् । के कब्रमा मात्र तिम्रा पीर–पैगम्बर बसेका छन् र ? काबामा गएर त्यहाँको कालो पत्थरमा बोसा लिन्छौ (म्वाई खान्छौ) यो पनि के योग्य हो र? कागतका ताजिया बनाई सिंगारने घुमाउने पूजा गर्ने दफन (समाधि दिने) गर्छन्, के यो काम पनि जायज–ठीकहो ? जिम्दा चेतन प्राणीको कुरबानी–हलाल (छाला काढ्नु, रेट्नु) जिहाद–धर्मयुद्धको नामबाट लाखौं मानिसको हत्या (घात) गर्नु, यी मानवीय लक्षण ठानेका छौ? यो काम इन्शानियत हो कि शैतानियत? कुरानशरीफका मुख्य वाक्य– "बिस्मिल्ला हिर्रहिमाने रहीम" अर्थात् मालिक अल्लाहको नाम वास्तवमा दयावान् छ" यो कुरा कुरानशरीफमा बारम्बार दोहोरिएको छ । विचार गर ! जो वास्तवमा दयालु छ, उसले कहीं जीवको घाँटी रेटाउने–मार्ने आज्ञा देला ? यस्तै कुरबानी, जबह आदि अकृत्य कर्म लेखिएका हरफलाई "खुदाई किताब हो, आसमानबाट उत्रेको हो" भन्ने मान्यता र मजहबी भयले थर्कमान भई, मुसलमान भाइहरू त्यसको विचार गरी कहिल्यै संशोधनपूर्वक सुधार गर्न सक्तैनन् । सोच ! वेद कितेब मानिसकै कृति हुन् । देश काल समय अनुसार रचना हुँदा, लाखौं उत्तम कुराहरूमा दुइ–चार वाक्य निम्नकोटिका पनि पर्न गए होलान्, वा केही छुट्नगई त्रुटि रहनगयो होला । अथवा कुनै कारणवश पूर्वमा विधि मानिएका कुरा पनि समय र व्यक्तिका हिसाबबाट आज निषेध्य हुन सक्तछन् । अतएव आजका जागरूक पठित इसलामी समाजले विवेक गरी अकृत्य जति सर्वथा हटाउन डर मान्नु पर्दैन । निर्दयी घातकी कार्य जतिको त सुधार गर्न अति आवश्यकता छ । यता विवेकशील हिन्दूसमाजले यथार्थ विवेक गरी सामाजिक सुधार गर्नमा धेरै अगाडि बढिसकेका छन् । यस्तै मुसलमान बुज्रुक र विवेकीहरू पनि यस काममा भयभीत नभई

शूर वीर बनी अधिबढुन् ।

साखी– शेख अकर्दी शेख सकर्दी, मानहु बचन हमार ।
आदि अन्त औ युग युग, देखहु दृष्टि पसार ।।४८।।

अर्थ– हे, शेख अकर्दी–शेख सकर्दी ! (यी दुवै सूफी फकीर कबीर साहेबका सत्संगमा आएकालाई भन्नु हुन्छ–) मेरा यी हितैषी वचन मान ! युग-युगदेखि चलिआइरहेको अकाट्य नियम यो छ–प्राणीको शरीर जन्मने-मर्ने भइरहन्छ, पदार्थ पनि बन्ने–बिग्रने भई नै रहन्छन् । यस्तो संसारको गतिलाई हेर, अति गढेर विचार गर ! माथिका अम्मल मदिरा आदि सेवन र जबह, हिंसा, कुरबानी, हलाल, ज़िहाद नाम राखी गरे–गराएका घातकी काम हराम हुन्, सबै त्यागी खुद खुदामा निमग्न बन ।

पद्य–४८

मानिकपुरमा कबीर सुने, शेखतकी महिमा ।
जवनपुर त्यो स्थान सुने, पीरनाम झुसीमा ।।
एकाइस पीर लेखेको त्यहीं, देखेर मनले ।
पैगम्बर नाम प्रार्थना गर्थे, पढ्दथे जनले ।।

यो कुरा सुनी सकीन रोक्न, भनें यो खरखरी ।
समाधि कब्र जडमा भुल्यौ, बुझ यो सरसरी ।।
हबी र नबीको फुर्मान काम, विचार गरेमा ।
जे जति अम्मल जगत्मा हुनन्, खराब हेरेमा ।।

श्लोक– अकर्दी र सकर्दी हो! मेरा वचन मान यो ।
आदि अन्त युगै कैयौं, फिजाई दृष्टिजान त्यो ।।

रमैनी–४९

दर की बात कहौ दर बेसा । बादशाह है कौने भेसा ।।१।।
कहाँ कूच कहाँ करे मुकामा । मैं तोहि पूछौं मूसलमाना ।।२।।

अर्थ– हे दर्वेश! (मुसलमान फकीर) दर–ढोका (स्थिति) को हाल बताउ ! तिम्रा बादशाह भनेका खुदा कुनभेस–स्वरूपका

छन् ? ।।१।। ती कहाँ कूच-यात्रा गर्दछन् । कहाँ मुकाम गर्छन् ? ए, मुसलमानभाइ हो ! यो कुरा म तिमीहरूसित सोध्दछु ।।२।।

लाल जर्द की नाना बाना । कौन सुरतिको करो सलामा! ।।३।।
काजी काज करहु तुम कैसा । घर घर जबह कराबहु भैंसा ।।४।।

अर्थ– ती खुदा-लाल (राता) रंगका छन् कि जर्द-पहेंला रंगका! कि भने नाना बाना-बहुरंगी भेसमा छन् ! उनका कस्ता सकल-स्वरूप सम्झेर तिमीहरू नित्य-नित्य निमाज पढी सलाम-बन्दगी गर्दछौ ! ।।३।। ए काजी ! तिमीले पनि कस्तो तुच्छ कार्य गरे-गराएका ! तिम्रो यो कुन न्याय हो ! घर-घर गई जबह-राँगा, गाई कुखुरा आदिको कुरबानी-घात गराउँछौं ।।४।।

अरू– अल्लाह मियाँ बेचून, बेनमून, लामुकाम, गोयमगोय (अक्रिय, अनूपमेय, बेठेगानका, मनवाणी परे) छन् भन्दछौ, पुनः उनैका खोजीमा युग-युगदेखि अस्तव्यस्त बनिरहेछौ । उनैलाई खुशपार्छु भनी प्रत्यक्ष खुदा-सजीव प्राणीको घात गर्छौं । अब खुद सम्झ, रिझिने को हुन् ? कहाँ छन् ? आजसम्म उनलाई क-कसले फेलापारे-पाए ! रिझाए ? भए पो भेट्टाउन् ! तिमी समझ-दारछौ, अतः तिमी त यस्तो भूलमा नपर ! आफ्नो जिब्रो तिखार्न प्रत्यक्ष खुदालाई नसताउ । उनको निवास-शरीररूपी घर न-बिगार । होइन भने यो घातकी कृत्यको फल भोग्नुपर्दा बदला तिर्दा अनि थाहा पाउला ! होश गर ! तिमीमै छन् ती खुदा । खुद-खुदालाई राम्रोगरी जान । साँचा मुसलमान-मुसल्लम इमानदार बन, अर्थात् पूरापूर सत्य धारक होउ । ठीक-ठीक इसलाम अर्थात् शान्तिप्रद कार्य यही हो, यही काम गर, शान्त बन । अनि तिमी साँचा मुसलमान र इसलाम कहलाउनेछौं । काजीको काम-न्याय गर्नु हो, ठीक इमानसंग न्याय गर, पुराना लेखका लहै-लहैमा लागी भ्रान्त बनी अन्यायी नबन ।

बकरी मुर्गी किन्ह फुरमाया । किसके कहे तुम छुरी चलाया ।।५।।
दर्द न जानहु पीर कहावहु । बैता पढि पढि जग भरमावहु ।।६।।
कहहिंकबीरएकसैय्यदबोहावै। आप सरीखा जग कबुलावै ।।७।।

अर्थ– खसी-कुखुराहरू रेट्न लगाउ भनी तिमीलाई कसले हुकुम दियो ? कसका आज्ञाले ती लाटा सुधा लाचार दुःखी जीवका घिच्रामा छुरी रेट्छौ-रेटाउँछौ ।।५।। हरे ! 'मलाई जस्तै यो अनाथ जीवलोई पनि कष्टहुन्छ' भन्ने कत्ति सम्झन सकेनौ ! पीर–धर्मोपदेशक गुरु भनाउँछौ, अरूको पीर भने रत्ती जान्दैनौ ! अतः तिमी त पीर भएनौ, पिराहा पो भयौ । बैता–धर्मका मंत्र शैरहरू पढी-पढी, जगत्लाई भ्रममा पारी ठूलो हत्या-हिंसाका कर्ममा प्रवृत्त गराइरहेछौ ।।६।। गुरु कबीर भन्नुहुन्छ–मुसलमानमा एक उच्च शैय्यद× पदका मानिएका छन् । ती त बोहावै–बौलाई बौलाई अरूमाथि पापको बोझ बोकाइदिन्छन् । अरू जातिकालाई पनि आफैंसमान मुसलमान बन्न कबूल गराउँदै हिड्दछन् ।।७।।

अरू– जब काजी–धर्मनिर्देशक गुरुहरूबाटै यस्ता भयंकर पापकर्ममा प्रोत्साहन मिलिरहेछ, अत्याचार र पाखण्ड फिजिइरहेछ भने यो कुरा स्वयं उनीहरूले नै विचार गर्नु योग्य छ । यसमा अति विचार गरेर सुधार गर्ने-गराउने गरी, असल नैतिकताको पानल भएका पक्षमा तपाइँहरू झन् पीरका पनि महापीर* -गुरुका पनि महागुरु अवश्य बन्नुहुनेछ●।

× – अली–चौथा खलिफा र महमदकी छोरी फतिमाबाट जन्मेका सन्तानलाई शैय्यद भन्दछन् । [डिक्सनरी अफ इसलाम]

* – "कबीर सोई पीर है, जो जानै पर पीर ।
जो पर पीर न जानई, सो काफर बेपीर ।।"

● – (१) दया हो पृथ्वीको अति चहकिलो पारसमणि ।
दया नै हो कालो-भव जलधिको, मुख्य तरणी ।। [लेखनाथ]

(2) He prayeth well, who loveth well.
Both man and bird and beast. –Coleridge.
उसैले राम्रो प्रार्थना गऱ्यो–जसले मानिस पशु, पक्षी आदि सबैलाई प्यार अर्थात् दया गऱ्यो ।

साखी– दिनको रहत है रोजा, राति हनत है गाय ।
यह खून वह बन्दगी, क्यों कर खुशी खुदाय ।।४९।।

अर्थ– यी मुसलमानहरू आफना खुदा (ईश्वर) लाई रिझा-उन र आफू पाक–शुद्ध बन्नका निमित्त दिनभर भने रोजा-व्रत (उपवास) बस्तछन्, रात पर्नासाथ गाई मार्दछन् । यो प्रत्यक्षको अपराध–हत्याको कर्म र उता त्यो दिनको फोस्रो प्रार्थना बन्दगी (दण्डवत्) ; यो कस्तो पापाचार-ढोंग ! धर्मको नामबाट पाप गर्ने प्रथा । यस्ता दुश्चरित्रको व्यवहारबाट तिम्रा खुदा (परमात्मा) कसरी खुश होलान् ? कदापि कुनै हालतमा खुशी हुनेछैनन् । झन् रुने रिसाउने र दागाधर्नेछन् ।।४९।।

अरू– वास्तवमा मुसलमान-बन्धुहरूका मान्यतानुसार आका-शीय अल्लाह-खुदा मानिएका पनि मनको एक कल्पनामात्र हो । यिनकै सिद्धान्त अनुसार प्रत्यक्ष चल्ने-बोल्ने जीव खास खुदाको नूर–आत्मालाई आघात गरी सताई प्राणलिनु महान् अपराध हो । अतः सबै मुसलमान-बन्धुहरूसित विनम्र अनुरोध यो छ–अबदेखि यस्ता पाप र पाखण्डको काम छाडिदिनैपर्‍यो । हाम्रै हृदय-मन्दिरमा असली खुदाको निवास छ । उसले भित्रबाट हाम्रा सबै काम हेरिरहेछ । उसलाई राम्ररी चिनेर उसैमा स्थिर हुनु, हामी सबैको मुख्य कर्तव्य हो । यति भएमात्र साँच्चिको मुसलमान होइ-नेछ । पूरापूर सत्यवादी सत्यधारक र इसलाम–शान्ति कार्यमा निरत, महान् व्यक्ति–मुक्तात्मा बनिनेछ ।

पद्य–४९

दर्बारी कुरा फकिरज्यू भन्नोस, के वेश सम्राट्को !
कहाँ ती जान्छन् कहाँ छ बास !, म सोध्छु मुसलिम यो ।।
पहेंला राता कि बहुरूपी, भनन यस्ताछन् !
सूरत कुनमा सलाम गर्छौ, भनन कस्ताछन् ।।

ए काजी ! तिम्रो कस्तो काम राँगा, घर घर कटाउँछौ ।
बोका र भालेलाइ हुकुम कसको, छुरीले रेटाउँछौ !
पराई पीर जानेनौ कत्ति, पीरनाम भनाई ।
प्रार्थना शब्द पढेर हिड्छौ, जगतै भ्रमाई ॥

भन्दछन् कबीर ती सैय्यद जाति, पुकारी पुकारी ।
सबैलाइ आफैं समान गर्ने, प्रयत्न छ भारी ॥

श्लोक- दिनमा बस्तछन् रोजा, रात गौ-घात त्यो हुँदा ।
हत्या र बन्दगी साथै, के खुशी हुन्छ हा! खुदा ॥

*

रमैनी– ५०

कहइत मोहि भयल युग चारी । समुझत नाँहि मोर सुत नारी ॥१॥
बंसहि आगि लगि बंसहि जरिया। भरम भूल नर धन्धे परिया ॥२॥

अर्थ– मैले भन्दा-सम्झाउँदा चार युगरूप मेरो चार पन बित्यो । अथवा दयालु सन्त पारखीहरूले सम्झाउँदा-सम्झाउँदै दीर्घ काल भइसक्यो । तैपनि यी संसारीजन–'मेरा छोरा, मेरी पत्नी, मेरो धन...' इत्यादि भनी-भनी सबै तिनैमा आसक्त छन् । जीवको सुधार कल्याण हुने, हित-शिक्षा सम्झी-बुझी लिने, कोही छैनन् ॥१॥ बतासको वेगले बाँस हल्लिई बाँस-बाँस घोट्टिँदा जस्तो आगो निस्कन्छ र तिनै बाँसका झाङ्का झाङ् बलेर सखाप हुन्छन्, त्यस्तै मनुष्य पनि अज्ञान-कुसंगद्वारा मानिएका परिवारादिको मोहासक्ति र आफ्नै भूल-भ्रान्तिवश अनेक अनुमित कर्म, उपासनादिका गोरखधन्दामा परी जीवन गुमाउँछन् ॥२॥

हस्ति के फन्दे हस्ती रहई । मृगाके फन्दे मृगा रहई ॥३॥
लोहे लोह जस काटु सयाना । त्रिया के तत्त्व त्रिया पहिचाना ॥४॥

अर्थ– जङ्गलमा मानिसद्वारा राखिएको कागतको ढोई देखी कामासक्तिवश भुल्नाले मत्ता हात्ती पक्राउमा परी बन्धन–परवशतामा पर्दछ । स्वजाति मृगका साथबाट अबोध बनैलामृग बन्धनमा पर्छ, मारिन्छ ॥३॥ जसरी फलामलाई फलामकै छिनाले काटी

टुक्रा-टुक्रा पार्दछ, नारी जातिको स्वभाव पनि यथार्थतया नारी जातिले नै थाहा पाउँछन् । कुटुनी-फकौरी आइमाईद्वारा सोझी साध्वी स्त्रीहरू पनि त्यसैगरी बिग्रने हुन्छन् । अतः सावधान ! कन्या, कुमारी, विधुवा र सच्चरित्रवती नारीहरूले यो मन्त्र कहिल्यै बिर्सनु हुँदैन ।।४।।

अरू– जीवलाई सुख अथवा दुःख दिने संसारभरमा अरू कोही छैनन्, कसैबाट दुःख आइलाग्ने होइन । सुख शान्ति मुक्ति र दुःख हैरानी बन्धनमा पर्न, आफ्नै कर्तव्यमा निर्भर छ । यसैले आफूलाई दुःखपर्दा कसैलाई दोष नदिनु । कहिल्यै कहीं कसैको आशे पनि नबन्नु । कसैको आधार पक्रेर नअल्झनु । आफ्नै दुःस्व-भाव भूल आसक्तिदेखि बची-बची रहनु । आफ्नै प्रिय-परिजन मित्र[x] हितैषीदेखि पनि सदा सावधान रही, आफ्नै कल्याण गर्नु ।

गुरु भन्नुहुन्छ–जीव स्वयं गृह परिवार स्त्री पुत्रादिमा आस-क्त छ; लाख सम्झाउँदा पनि सम्झँदैन । अतएव बाँसबाट उठेको आगोले बाँस-समूहकै सखाप पारेसमान "कहीं कोही कर्ता मालिक छन्, उनले सुख शान्ति भुक्ति-मुक्ति दिन्छन्, उनलाई रिझाउन नसके नर्कमा निवास गराउँछन्, नास्तिक बनिन्छ"–इत्यादि शंका-उपशंका गरी हामी स्वयं अनेक कल्पनामा पर्दछौं । आफ्नै कल्पना मान्यताले आफैंलाई अनन्त भ्रान्तिमा पारी कल्याण–शान्ति मुक्ति-बाट वंचित गराइरहेछ ।

भन्दछन्–जङ्गलमा हात्ती पक्रनेहरूले कागतको ढोई–पोथी हात्ती बनाई राखिदिन्छन्, त्यसको चारैतिर गहिरो खाडल बनाई घेर्दछन् । पछि मत्ताहात्ती आउँछ-देख्छ; कामासक्तिवश एक्कासी लम्केर जाँदा उही खाडलमा पर्छ-उत्रन सक्तैन । आठ-दश दिनमा भोकले व्याकुल भई टट्टिई निर्बल हुन्छ । अर्को सधिएको हात्तीमा

[x] – 'भेदी विभीषण हो जहाँ, लंका तहाँ कैसे बचे ।।' [कौशल्य गीता]

चढी माहुते जान्छ र उसलाई बाँध्दछ। उसमाथि चढेर अंकुश प्रहार गरी पिट्छ, सधाउँछ। यसरी आफ्नै भूल अज्ञान तथा आसक्तिले गर्दा स्वजाति ढोईद्वारा हात्तीको दुर्दशा हुन्छ।

सुनिन्छ–मृग-शिकारीले घरपाला मृग वा कुकुर लिई जङ्ग-लमा जान्छ, आफू लुक्तछ। मृग वा कुकुर यताउति दौडन्छ, उसका घाँटीमा बाँधेको घण्ट बज्दछ र आवाज सुनेर जंगली मृग आउँछन्, स्वजाति सम्झी लुटपुटिन्छन् तबै कुकुर छ भने टोक्छ, पछार्छ। शिकारी आएर बनैला मृगलाई पक्रन्छ-मार्दछ। यो पनि आफ्नै स्वजाति मृग वा पशुविशेष कुकुरद्वारा स्वयंको शब्दासक्तिले बन्धन, कष्टमा पर्‍यो।

चौथो कुरा–फलामकै छिनोले फलाम काटिन्छ, अरू केहीले काटिंदैन। यस्तै कुटुनी स्त्रीद्वारा सरल-सुशीला महिलाहरूको पतन हुनजान्छ, भइरहेका छन्। ठीक यही अवदशा हाम्रो पनि अज्ञानवश भइरहेछ। अझ आज यो मानव जीवनमा ठीक-ठीक विवेक गरी साधनामा अघि बढ्न नसके अरूपनि सास्ती सासना पर्नेछ; दुःख छुट्नु-घट्नुको सट्टा झन् थपिने, मस्किने, जेलिने हुन्छ। यसको निमित्त पूर्ण सावधानीका साथ गुण-दोष, हित-अनहित सत्य-मिथ्याको राम्रो विवेक गर्नको महान् आवश्यकता छ।

साखी– नारी रचन्ते पुरुषा, पुरुष रचन्ते नार।
पुरुषहि पुरुषा जो रचे, ते बिरले संसार ॥५०॥

अर्थ– प्रायः स्त्रीहरू पुरुषका शरीराकृतिमा रचन्ते–रत्त (आसक्त) हुन्छन्, ठीक त्यस्तै पुरुषवर्ग पनि नारीका शरीरको सौन्दर्यतामा निरन्तर अनुरक्त रहन्छन्। अब पुरुषै पुरुषा–अर्थात् स्त्री-पुरुषको नश्वर चर्म-अस्थिको वास्ता नगरी दुवैथरीको हृदय-पुरका निवासी शुद्ध चेतन पुराण पुरुषमा लक्ष्य लगाउने खालका व्यक्ति संसारमा सारै थोरै मात्रामा पाइन्छन् ॥५०॥

अरू– मुख्य यही, आफ्नै स्वजाति स्त्री-पुरुष दुवै घटका बीचको मदनासक्ति नै गर्भयातना भोगाउने प्रमाणपत्र हो। यसलाई यथाशीघ्र च्यातेर हृदयवासी परम पुरुष चेतन स्वरूपको ज्ञानानुरागमा लवलीनहुन कमर कसौं।

'द्रव्य नारिको त्याग जेहि, नहिं ममता घट कोय।
सुख निर्भय साँचा सोई, अघ अपयश दुःख खोय'॥
[भवयान १०।९७]

पद्य–५०

भन्दैमा मेरो चारयुग बित्यो, सम्झने क्कै छैनन्।
छोरा र पत्नी मेरा यी भन्दै, न भुल्ने क्कै ह्वैनन्॥
बाँसको अग्नि निस्केर सब, बाँस नै जलाउँछ।
भ्रम र भूलले मानव पनि, धन्धामै बिलाउँछ॥

हात्तिलाई बाँध्ने ढोई नै हुन्छे, मृगीले मृग नै।
लोहले लोहै काटे झैं बुझने, नारीले नारी कै॥

श्लोक– नारी रत्त छ मर्दैमा, रत्त पुरुष त्यै सित।
पुरुष पुरुषै रत्त, बिरलै विश्वका बिच॥

❀

रमैनी–५१

जाकर नाम अकहुवा रे भाई। ताकर काह रमैनी गाई॥१॥
कहै तातपर्य एक ऐसा। जसपन्थी बोहित चढि वैसा॥२॥

अर्थ– जसको त नाम अकहुवा–भन्नै नसकिने (अकथनीय–अनिर्वचनीय) भन्छौ, त्यस्ता ईश्वर-ब्रह्म, अल्लाहको रमैनी–कथा प्रार्थना कसोगरी गाउँछौ ? मन-वाणीदेखि पर पनि भन्ने पुनः वाणीले नै गाउने! ॥१॥ यिनीहरू यस्तो तात्पर्य–अभिप्राय बताउछन्–"जस्तो पथिकगण बोहित–डुंगा चढेर नदी पार गर्छन्, त्यस्तै तिमी पनि भगवद्-आराधना, ब्रह्म-चिन्तन, खुतवा-बन्दगी आदिको जहाज बनाई चढ, पारलाग" ॥२

है कछु रहनि गहनि की बाता । बैठा रहै चला पुनि जाता ।।३।।
रहै बदन नहिं स्वाँग स्वभाऊ । मन अस्थिर नहिं बोलै काहू ।।४।।

अर्थ– (पूर्वपक्षीको भनाई छ–)"यसको निम्ति केही रहनि-आचरण पनि गहनि–ग्रहण गर्नु, साधनचतुष्टय साध्नुपर्छ । त्यसपछि त तिमी बसमात्र, परमार्थपथको नाउ स्वयं चल्नेछ, भगवान्, खुदाले खुद पार लगाइदिनेछन् । अथवा "म एकमात्र ब्रह्म हुँ, अरू केही छैन" यत्ति सम्झेर बस, तिमी मुक्तै छौ ।।३।। रहै बदन–त्यस बखत तिम्रो शरीरमात्र रहोस्, अरू कुनै स्वाँग (भेस मुद्रा आसन स्वभाव अहंकारादि नरहोस्) मन शान्त राख, मौनता धारण गरी बसमात्र ।।४।।

साखी– तन राता मन जात है, मन राता तन जाय ।
तन मन एकै होय रहै, तब हंस कबीर कहाय ।।५१।।

अर्थ– (गुरु भन्नुहुन्छ–) प्रायः शरीर-इन्द्रिय पुगेका ठाउँमा मन पुगिहाल्दछ, मनले चिन्तन गरेका विषयमा इन्द्रियगण पनि गइहाल्छन् । इन्द्रिय र मनको वृत्ति जब एक बनी स्वयं चेतनको स्थितिमा संलग्न रहन्छन्, तबै जीव हंस कहिन्छ ।।५१।।

अथवा– तन (इन्द्रिय)बाट एक काम गर्न लागेको छ भने मन अन्तै दौडिरहेको हुन्छ । मनले कुनै कुरा गुनिरहेको छ भने शरीर-इन्द्रियहरूबाट अरू नै काम–नाक कोटयाउने, भूईं कोतर्ने जस्ता कामसम्म पनि भइरहेका हुन्छन् । विशेष गरेर इन्द्रियगण र मनको पूर्ण सामञ्जस्य* रहेको हुँदैन, यही हो–बेहोशीपना । जब शरीर इन्द्रिय र मनबाट केवल स्वरूप-स्थितिको कार्य हुन्छ, सदा होशमा रहिन्छ, तबै साधकमा हंसदशा आउँछ ।

---

* – ॐ वाङ्मे मनसि प्रतिष्ठिता, मनोमे वाचि प्रतिष्ठितम् ।
'मेरो वाणी मनमा स्थिर होस्, मन वाणीमा स्थिर होस् ।'
[निर्वाणोपनिषद्-शान्तिपाठ]

अर्थात्– मेरो मन-वाणी दुवै एक होस्, म मुखले एक कुरा गर्दै, मनले अरू अरू नै चिन्तन गरिरहने-यस्तो चाल नगरौं । वा मनमा अर्कै भाव लिएर मुखले अरू नै कुरा गर्ने नबनौं । मेरो संकल्प र वचन दुवै विशुद्ध भएर एक बनोस् ।
हाम्रो मन हामीमै प्राप्त होओस् । [यजुर्वेद ३।५४]

अरू– 'हंस' यो शब्द गुरुले बीजक भर धेरै ठाउँमा विवेकी जनको प्रति प्रयोग गर्नुभएको छ । यसको भाव हो–"हंसले दूध र पानी छुटचाई दूधैंदूध ग्रहण गर्दछ, पानीजति छाड्दछ।" भन्ने कवि-कलमद्वारा विख्यात छ । त्यस्तै यहाँ विवेकीजनले जड विकारजति छाडेर चेतन र शुभगुणसमूहमात्र चुन्दछन् । अर्को उक्ति छ–हंसले मोतिमात्र रोज्छ-खोज्छ-खान्छ । ठीक त्यस्तै विवेकीजनले पनि चेतन स्वरूपको स्थिति-(मोती)मात्र खोज्छन् । निर्वाहमा आफ्नै सत्यका कमाई वा श्रद्धापूर्वक प्रेमी श्रद्धालुजनद्वारा समर्पण गरिए-का अन्न-वस्त्रादि निर्वाह जतिमात्र ग्रहण गर्छन् । यथा-हंसको अरू तीन स्थिति (गति) हुन्छ–थलमा हिंड्ने, जलमा पौडने, नभमा उड्ने । यस्तै पारखीजन पनि पृथ्वीरूप शरीरबाट शुद्ध आचरण व्यवहार गर्छन्, अर्थात् शरीरको निर्वाहमात्र लिई स्व-स्थिति बनाउँछन् । जल तत्त्वको रसनाबाट हित, मित, सत्य बोल-चाल गर्छन् । आकाशरूप अन्तःकरण–मनबाट विवेक, द्रष्टा-स्थितिको अभ्यास गर्दछन् ।

जे जीव परख विलास में, लहै सदा सुख चैन ।
तिनको त्रास न कालके, और कहै को बैन ।।
[पं. टक्सार १८३६]

पद्य-५१

जसको नामै अकथ छ त, कथन के गर्ने !
के कथा भन्ने प्रार्थना पनि, कसरी को गर्ने ?
भन्दछन् एक तात्पर्य यस्तो, कुरा यो सु-सार ।
लाग्दछन् जस्तै चढेर पन्थि, जहाज ले पार ।।

छ केही रहन गहन कुरा, विचार गरनु ।
केवल बसी रहनु आफैं, चल्ने छ बुझनु ।।
न रहोस् तनमा नक्कली वेश, स्वभाव सपारी ।
स्थिर मन गरेर बस, नबोल ठीक पारी ।।

श्लोक– देह रन्छ मनै साथ, जान्छ मन शरीर त्यैं ।
शरीर मन भै एकै, बस्ने हंस कबीर त्यैं ॥

❀

रमैनी-५२

जेहि कारण शिव अजहुँ वियोगी।अङ्ग विभूति लाय भौ योगी॥१॥
शेष सहस्र मुख पार न पावै ।सो अब खसम सही समुझावैं! ॥२॥

अर्थ– जुन परमात्मा परब्रह्मको प्राप्तिका निमित्त शिवजीले शरीरभर चिताभस्म लेपनगरी, परम योगी बनेर खोज्दापनि आजसम्म वियोगी नै रहे–उनको केही अत्तोपत्तो पाउन सकेनन् ॥१॥ पुनः शेषनागले हजार मुखबाट गाउँदा पनि जसका महिमाको इति हुँदैन, पार पाउन सकेनन्-भन्दछन् । अथवा शेष-बाकी बचेका हजारौं देवगण, ऋषि-मुनिहरूले पनि गाएर, खोजेर नपाएका ती परमात्मालाई अब आजका वेदान्तीजन र उपासकहरू 'यही ठीक हो, यस्तै हो' भनी सम्झाउँछन् । श्रोतागण पनि 'बहुतै उत्तम सत्य कुरा सम्झाउनुभयो' भनी फुरुङ्ग पर्दछन्। अथवा उनी खसम-आकाशसमान ब्रह्म छन् भनी सम्झाउँछन्, श्रोतागण पनि शून्य भनेपछि खाली (मिथ्या, अवस्तु) भन्ने नसम्झेर 'शून्य पनि एक वस्तु-पदार्थ हो,' यिनै हाम्रा खसम-इष्ट हुन् भन्ने ठान्दछन् ॥२॥

अरू–'सो अब खसम सही समझावें' यो गुरुको व्यङ्गोक्ति हो ।

ऐसी विधि जो मो कहँ ध्यावै । छठये माँह दरश सो पावैं ॥३॥
कौनेहु भाव देखाई देहों । गुप्तहिं रहों स्वभाव सब लेहों ॥४॥

अर्थ– (पूर्वपक्षी–) उपर्युक्त विधिबाट जसले मेरो (ब्रह्म-स्वरूपको) अनुष्ठान गर्दछ, उसले पाँच इन्द्रियदेखिमाथि छैटौं मनमा दर्शन पाउनेछ । कुनै न कुनै प्रकारबाट उसको निम्ति म प्रकट हुनेछु । अन्तर्यामीरूपबाट मेरो सर्वत्र निवास छ । अतएव मैले सबैको स्वभाव रत्ती-रत्ती जानेको हुन्छु ॥४॥

साखी– कहहिं कबीर पुकारिके, सबका उहै बिचार ।
कहा हमार मानै नहीं, कैसे छुटै भ्रमजार ।।५२।।

अर्थ– गुरु कबीर स्पष्ट भन्नुहुन्छ–सारा मनुष्यको "निर्गुण, निराकार, शून्यस्वरूप परमात्मालाई पाउँला भन्ने एकै विचार छ।" वास्तवमा 'हृदयस्थ जीव चेतन नै परात्पर सार सत्यतत्त्व हो ।' यो कुरा म भन्दछु, तर कोही सम्झने होइनन् ! अब यिनको भ्रान्ति-कल्पना कसरी छुट्तछ ? ।।५२।।

अरू– यहाँ यो रमैनी एकाउन्न-बाउन्नमा गुरुबाट पूर्व-उत्तर पक्षीको भनाई देखाई, शंका-समाधानको रूपबाट ब्रह्म-ईश्वरादि कल्पनाको निराकरण गरी सम्झाउनु भएको छ । मानिस प्रथम भगवान् इष्ट कर्तालाई कहीं माथि अंतरिक्षमा छन् भनी खोज्छन्, तर त्यहाँ के पाउन् ? अनि निर्गुण निराकार व्यापक छन्, भन्न-थाल्दछन् । अन्त्यमा "सबका उहै विचार" "एक अद्वैत पूर्णब्रह्म" छ भनी उनलाई प्राप्तगर्न वेदान्तको श्रवण मनन निदिध्यासनमा अघिबढ्छन् । यसैबाट साक्षात्कार गरौंला भन्ने आशैआशामा अड्किन्छन् । यसैले 'जेहि कारण शिव अजहुँ वियोगी' बाट यहाँ प्रबोध गर्नुभएको हो ।

वास्तवमा सत्य सार चेतन बाहिर खोजेर पाइने वस्तु होइन । न यो निर्गुण निराकार शून्य आकाशसमान अवस्तुरूप हो, न शून्यरूप हो । यो त सबैको ज्ञाता, ज्ञानगुणले सम्पन्न, हृदय निवासी, प्रतिघटको भिन्न-भिन्न संचालक, सबैदेखि पृथक, परम पुरुषोत्तम शाश्वत अपरोक्ष, स्वयं ज्ञान-द्रष्टास्वरूपबाट बोधहुने वस्तु हो । यसैलाई विवेकद्वारा राम्ररी जान्न नसकेर–खास भनौं भने ठीक संग नपत्याएर हामी हठपूर्वक माथि आकाशमै खोज्दछौं। टाढै अन्तैअन्त दौडन्छौं, बृहद बन्नकै प्रबल इच्छा गर्छौं; यसैले हामीलाई भ्रान्त गराइरहेछ । आफू तर्फ फर्कन्छौं, भित्र हेर्छौं र

पनि वृत्ति बेरिएको छ–व्यापक-विश्वभर । यसरी जड-चेतन एकमा मुछेपछि र परोक्षमा परेपछि शुद्ध चेतन स्वयं स्वरूपलाई कहाँ पाउनु ? अतएव अब साँच्चिकै आफ्नो कल्याण गर्ने हो भने सबै खोजाई दौडाईलाई छाडौं, स्वयं मै छामौं; स्वयं ज्ञान स्वरूप द्रष्टा छँदैछौं। तर नियम छ–सबैमा मिलेर होइन, सबैबाट सर्वथा पन्छिएर शुद्ध पारख ज्ञानमात्रमा शान्त होऔं ।

"तैं तो सबमें मिलिरहा, मैं न मिलौंगा तोहि ।"
मिल्यौ तिमी सबै साथ, मिल्दिन म तिमी सँग ।।

[बी. सा. २५८]

पद्य–५२

जसको लागि शिवजी अझै, बिरही बनेका ।
खरानी घसी शरीर भर, योगी भै फिरेका ।।
हजार मुखले शेषले कथे, पाएनन् क्यै पार ।
त्यै पति भनी भन्दछन् फेरि, संकाई ह्वौं सार ।।

यसरी जसले मलाई भज्छ, योगका रीतिले ।
छैटौं को मास दर्शन पाउला, चल्छ जो नीतिले ।।
जसरी हुन्छ तिमीलाइ अब, दर्शन दिनेछु ।
म गुप्त रही भएका सबै, स्वभाव लिनेछु ।।

श्लोक– भन्छन् कबीर ज्यू प्रष्ट, विचार सबको उही ।
मेरा वचन मान्दैनन्, भर्म छुट्दछ के सही ।।

रमैनी – ५३

महादेव मुनि अन्त न पाया । उमा सहित उन जन्म गमाया ।।१।।
उनहूँ ते सिध साधक होई । मन निश्चय कहु कैसे कोई ।।२।।

अर्थ– महेश्वर जस्ता तपस्वी योगी मननशील पुरुष र महान्-महान् मुनि-महर्षिगणले पनि ब्रह्म ईश्वरादिको अत्यन्त आराधना, खोजी गरे, तर कसैले कल्पनाको अन्त पाउन सकेनन् । पार्वतीसहित भई महेश्वरले तपस्या-ध्यान गरेका थिए, कल्प-कल्प

बित्यो र पनि कल्पनाको अन्त लागेन । अथवा पार्वतीका साथ सहवासमा लागी शिवले सत्य विवेकलाई भुले; वासना, भ्रान्ति र मनगढन्त-सिद्धान्तको अन्त पाउन नसकी जन्म गुमाए ॥१॥ अब तिनका पनि अनुयायीवर्ग–सिद्ध-साधक योगी-संन्यासीहरूले कसरी मन कल्पनाको अन्त्य पाउने होलान् ? ॥२॥

अरू– पछिका अनुगामीजन त झन् "हाम्रा गुरु यस्ता सिद्ध हुनुहुन्थ्यो, परमात्मालाई पाउनुभएको थियो, फलाना-फलानाको यो यो कार्य बनाइदिनुभयो..." इत्यादि महिमा जोडी-जोडी सबैलाई सुनाउने, भ्रान्ति र मिथ्या अनुमानमा झन् अरूलाई समेत अल्झाइदिने हुन्छन् । आफूले पक्रेका भ्रम-सिद्धान्तको मान्यता पक्ष र अन्ध-श्रद्धा तथा भुक्ति-मुक्तिको आशाले विवेक गर्न, पारखको सत्यमार्ग हिंड्न कहाँ दिन्छ र ! अतएव सबैंले सत्यबोध प्राप्त गरी स्व-स्वरूप चेतनको स्थिति लिउन् ।

जब लग तनमें आहै सोई । तब लग चेति न देखै कोई॥३॥
तब चेति हो जब तजि हौ प्राना।भया अयान तब मन पछिताना॥४॥
इतना सुनत निकट चलि आई । मनका विकार न छूटै भाई॥५॥

अर्थ– जहिलेसम्म शरीरमा ती चेतनदेवको निवास रहन्छ, उहिलेसम्म सचेतभई आफ्नो स्वरूपबोध-स्थितिको कोही होश गर्दैनन् ॥३॥ 'भइगो ! तिमिलाई अनि होश आउला, अयान– अज्ञानवश जब प्राणान्तको समय आउनेछ ! कष्टपर्नेछ ।' यो गुरु कबीरको घोच्का-छेड्हनाई हो । त्यस बखत त पछुतो गर्नु सिवाय अरू कुनै उपाय लाग्नेछैन ॥४॥ अन्त समय अज्ञ-भ्रान्तजनले गीता, रामायण, विष्णु सहश्रनाम आदि पाठ सुनाई पनि देलान्, तर यति भन्दै-सुन्दैमा मृत्यु समय आइहाल्छ, के गर्ने ! आफैंले आर्जेको मनका विकार–भोगासक्ति, पाप-पुण्यको वासना, भ्रान्ति, कल्पनादि कसोगरी छुट्ने ? सबै साथैसाथ जाने नै भए ॥५॥

साखी– तीन लोक मुवा कौवाय के, छूटि न काहु कि आश ।
एकै अन्धरे जग खाया, सबका भया निपात ।।५३।।

अर्थ– यसरी राजसी तामसी सात्विकी–तीन प्रकारका समस्त मानव, संसारासक्ति र वाणी-कल्पनामा कौवायके-स्वप्नको बरबराईमा परी मरे । भोगको आशा तथा ईश्वर-ब्रह्म प्राप्तिको लालसा, कसैको पूर्ण हुनसकेन । एउटै अन्धो-कामासक्ति वा निराकार ब्रह्मको कल्पनाले सारा संसारलाई सलक्क निल्यो; सबै निभे, श्री हत्-सम्राट्समान गए, वासनावश आवागमनमा परे।।५३।।

अरू– सबै मानिस केही न केही खोजिरहेछन् । कोही सुख-मानको निमित्त द्रव्य-दर्जा, गृह-गृहिणी, जमीन-कीर्ति... खोजिरहेछन्; त कोही आनन्द-मुक्तिको निम्ति देव-देवी, ईश्वर-ब्रह्म, ऋद्धि-सिद्धि, लोकादिको निवास, ब्रह्म-निर्वाणपदको खोजीमा छन् । केही नखोजी चुपचाप आफैं आफूमा शान्तिपूर्वक बस्न धेरैले जान्नसकेका छैनन् । वास्तवमा खोज्ने नै भूलमा परेका छन्–सास्ती सासना सही-खपिरहेका छन् । केही नखोजी भित्र पस्ने नै सच्चा ज्ञानी र सदाको लागि एकरस शान्त रहने भाग्यशाली हुन सक्तछन् ।

तर केही नखोज्ने हुनलाई पनि सर्व-प्रथम केही सम्झनको, विवेकका आँखा खोल्नको, सत्य स्वरूप चिनेर स्थिर बस्नसक्ने हुनको आवश्यकता पर्दछ । विश्वमा सत्य सार तत्त्व के हो? म को हुँ ? मेरो बन्धन के के हो ? सो बन्धनबाट बच्ने उपाय के छ ? यति कुराको राम्रो बोध हुनुपर्दछ । तबै सत्य वस्तु परीक्षा दृष्टिबाट स्वानुभूतिमा आउँनेछ । सार-सत्य चेतन ज्ञानस्वरूप द्रष्टा म हुँ, यो स्थूल शरीरको संचालक जीव म नै रहेछु, यो प्रतिघट भिन्न-भिन्न रहेछ भन्ने बोध उपलब्ध हुन्छ । यसलाई कहींबाट प्राप्त गर्नुपर्ने होइन, यो कसैको परवशतामा पनि छैन । आफ्नै भूल

आसक्तिले गर्दा जन्म मरण गर्भवासका चक्रमा परी चार खानिको चक्कर लगाउँदै आइरहेछ ।

उक्त भूल शमन गर्नको निम्ति पारखी सन्तको सत्संग, सदाचरणको पालन र द्रष्टा स्थितिको अभ्यास बनाउनको नितान्त आवश्यकता छ । यति भएपछि हाम्रो परम कर्तव्य पूर्ण बनिहाल्दछ। अब यसरी बाहिर कहीं कहिल्यै भ्रान्त भइरहन पर्दैन ।

जहाँसम्म मानिस बाहिरै खोजिरहन्छ, त्यहाँसम्म त्यो आफ्नो स्थान छोडेर दौडिरहेको हुन्छ । बाहिरबाट आफ्नै भित्र-तर्फ फर्की हृदयमा पुगेपछि देहदेखि छुट्टा भइकन पनि देहमै रही, देहको संचालन गरी रहेको ज्ञानमात्र चेतनको अपरोक्ष अनुभव हुनेछ। अनि त यसले किन हैरान भइरहन पर्छर ? खोज्नको अर्थ नै हो–आफूबाट अलग हुनु, आफूलाई बिर्सनु ।

हाम्रोलागि हामी नै पर्याप्त छौं, म जस्तो छु मेरो निम्ति उत्तिनै यथेष्टछु । यो सकली स्वरूप भन्दा बृहद बन्ने कल्पना मलाई किन गर्न परेको छर ?हाम्रो लक्ष्य संसारतर्फ फर्किरहेकोले संसारैमात्र देखिइरहेको थियो; उतैको महिमा सुनी-देखी उतै वृत्ति अल्झिरहेको थियो। संसारबाट दृष्टिघुमाई, हृदयभित्र लक्ष्य लगाई, समस्त दृश्य–संसारको तस्बीर–वासना-संस्कारलाई पन्छा-उनासाथ स्वयंमा स्थिर भइहालिन्छ, आफ्नैतर्फ आँखा खुल्दछन् ।

बाहिर हेर, अथवा भित्र ! दुवैतर्फ एकैसाथ हेर्न सकिंदैन । यसरी भित्रको सार-सत्य ज्ञानमात्र चेतन स्वरूपलाई फेलापारे-पछि–अनुभव भएपछि, अब अन्त कतै-केही पाउन बाकीरहन्न । प्रारब्धान्तको पश्चात् जडदेखि पृथक सत्य ज्ञानमात्र शाश्वत स्वरूपमा सदाको निमित्त निमग्न रहिन्छ ।

पद्य–५३

स्वयं ती शम्भू मुनिले पनि, वयं अन्त पाएनन् ।
पार्वती युत गुमाए जन्म, होशमा आएनन् ॥

उनकै पछि लागेका सिद्ध, साधक जनले ।
निश्चय मन ! कसरी अन्त्य, पाउलान् मनले ।।

जहाँतक ज्यूमाँ रहन्छ ऊ ता, हेदैंनन् सहोश ।
चेतौला तबै खुस्कला प्राण, हे हुस्सू ! बेहोश ।।
यत्तिकै सुन्दा नजिक आई, मृत्युले घेर्दछ ।
छुटेन मनको विकार भाई, पंले को टेर्दछ !

श्लोक– प्रलाप में मरे तीनै–लोक, छुटेन आश ता ।
एकै त्यो अन्धले खायो, सबैको भो विनाश हा !

रमैनी–५४

मरि गौ ब्रह्मा काशीको बासी । शिव सहित मूये अविनाशी ।।१।।
मथुराको मरि गौ कृष्ण गोवारा । मरि मरि गये दशौं अवतारा ।।२।।
मरि मरि गये भक्ति जिह्न ठानी । सर्गुणमा निर्गुण जिह्न आनी ।।३।।

अर्थ– आ-आफ्ना प्रारब्ध कर्म पूरा गरेर ब्रह्माजी मरे, काशीका निवासी शिवजीसहित अमर मानिएका विष्णु तथा देवगण पनि मरी-मरी गए ।।१।। मथुरा निवासी श्री कृष्णचन्द्र पनि ग्वालवंशसहित परमधाम भए । यसैगरी मच्छ-कच्छपादि दश अवतार पनि मर्दैगए ।।२।। ती देवताहरूका उपासक समय-समयका भक्तहरू पनि मरी-मरी गए, कोही बचेनन् । ज-जसले साकार मूर्तिमा निर्गुण-निराकारको भावना गरी उपासना-चिन्तन गर्दथे, ती पनि सबै मरे, गए ।।३।।

साखी– नाथ मछन्दर बाँचे नहीं, गोरख दत्त औ व्यास ।
कहहिं कबीर पुकारि के, ई सब परे कालके फाँस ।।५४।।

अर्थ– परम योगी मत्सेन्द्रनाथ, गोरखनाथ, अवधूत दत्ता-त्रेयजी, तथा कृष्णद्वैपायनादि कोही बचेनन् । गुरु कबीर स्पष्ट भन्नुहुन्छ–यी सबै काल-कल्पनाको पासोमा परे ।।५४।।

अरू– "जातस्यहि ध्रुवोमृत्यु–अवश्य जन्मने मर्छ" इत्यादि वचन र पुराणादिमा विष्णुलोक ब्रह्मलोक शिवलोकसहित त्रि-देव

र अन्य सारा देवताहरूको पनि विनाश[*] हुन्छ" भन्ने पढ्छौं सुन्छौं सुनाउँछौं र पनि 'देवताहरू स्थूल शरीरबाटै पनि अमर छन् भन्ने ठान्नु–यो हाम्रो भारी भूल हो। तर उपर्युक्त महान् पुरुषहरूमा कति देव-देवी त कल्पित इष्टका आशा-पासोमा परे, कति जड–चेतन सम्पूर्ण विकार-बन्धनलाई एकमा मुछेर अद्वैत ब्रह्म बन्ने, कल्पनाकै स्थिति अँगाल्न पुगे। तिनमा कति खानी–विषय बन्धन जालबाट बाँचेका थिए तापनि अर्को वाणीको कल्पनारूपी जालबाट बच्न सकेनन्। बिना सत्य-निर्णय, जडदेखि भिन्न स्वतन्त्र ज्ञान स्वरूप चेतनको बोध र स्थिति प्राप्त नगरी, शाश्वत मुक्ति स्थिति शान्ति कसरी मिल्न सक्तछ ? मुक्त हुने जुन शुद्ध चेतन हो, त्यो त "सर्व व्यापक निर्गुणको कल्पना–भ्रान्तिमा" परी चक्कर काट्नेभयो। 'जहाँको आश त्यहींको निवास' शून्यमा स्थिति लिनेले शून्य नै बन्नु पर्ने थियो तर शून्य मिथ्या हुनाले पुनः शरीर धारण नगरी सुखै छैन। अतः खानी-वाणी दुवै जालबाट शीघ्रातिशीघ्र पन्छने उपाय गरिहाल्नु–यही बुद्धिमानी हो।

दोहा– 'शुभ अवसर नर देह जो, दर्शन सन्तन केर।
मिलना कठिन सुयोग यह, चेतत क्यों न सबेर ।।
फिर न बनै निज काम कछु, छूटिजाय यह देह।
याते गुरुपद नेह से, शीघ्र बसौ निज गेह ।।'
[गुरुपद विनोद]

पद्य–५४

ब्रह्माजी मरे काशीका शिव – मरे, थे अनाशी।
मथुरा गोप कृष्ण जी दश – औतार गो नाशी ।।
मरेरै गए भक्तिका पन्थी, ती बाँकी बचेनन्।
सगुण बीच निर्गुण भन्थे, ती पनि रहेनन् ।।

---

[*]– "अमृतका गुण अमर है, इन्द्रादिक पिये सराहि।
ब्रह्माके दिन एक में, चौदह इन्द्र मरिजाहि ।।"

श्लोक- मत्सेन्द्र नाथ बाँचेनन्, दत्त गोरख व्यास रे !
भन्छन् कबीर टट्कारै, यी परे काल फाँस रे ।।

रमैनी-५५

गये राम औ गये लछमना । संग न गई सीता ऐसी धना । १।।
जात कौरवे लागु न बारा । गये भोज जिह्न साजल धारा ।।२।।

अर्थ- श्रीरामचन्द्रजी जानुभयो, लक्ष्मणजी पनि जानुभयो, परन्तु सीताजीसमान एकमात्र सती-साध्वी नारी पनि साथ गइनन् ।।१।। कौरवहरूको पनि विनाश हुन बेरलागेन । धारा नगरी बसाई इन्द्रको अलकापुरीसमान खूब झकिझकाउ पारी सजि-सजाउ गराउने प्रख्यात राजा भोज पनि गए ।।२।।

गये पाण्डव कुन्ता ऐसी रानी। गये सहदेव जिन बुधि मति ठानी।।३।।
सर्व सोने की लंका उठाई । चलत बार कछु संग न लाई ।।४।।

अर्थ- राजा पाण्डु, पंच पाण्डव बिते, कुन्तीसमान सुशीला धर्म-नीति प्रिय, विख्यात रानी पनि गइन् । बुद्धि र मतिका धनी भनी कहलिएका विद्वान्-भविष्यज्ञाता सहदेवजी पनि गए ।।३।। सुवर्णको लंका शहर निर्माण गर्ने, सदा जीवित रही सुख-शयल गर्नको इच्छुक रावण पनि रहेन । कठै ! यी सबै मरी जाँदा साथमा एउटा सिन्को पनि लान पाएनन् ।।४।।

अरू- माथि तेस्रो चौपाईमा 'बुद्धि मति' भन्ने आएको छ । दुवैको अर्थ सहसा एकै जस्तो लाग्दछ, तर विद्वान्हरूको मत छ– वर्तमानको निम्ति निर्णय दिने 'बुद्धि' हो, भविष्यका कुराको निर्णय दिने 'मति' र मनमा नित्य नयाँ-नयाँ शोध उद्भव भइर-हनु 'प्रतिभा' हो । यसैले यहाँ पुनरुक्ति होइन ।

'ल्हासामा सुनको बाहुल्यता छ' 'ल्हासामा सुन छ' कान मेरो बुच्चै' भनेझैं, त्यो ताक लंकामा स्वर्णको बाहुल्यता हुँदो हो । वा

विशेष सुवर्णका सामानले राजदर्वार भरिएका होलान् । अथवा लंकाको उपनाम–'पूर्वीय देशको मोतीको टापु' (Pearl of the orient) भन्ने भए समान त्यस बखत लंकालाई स्वर्गपुरी भनेका होलान् ।

जाकर कुरिया अन्तरिक्ष छाई । सो हरिचन्द देखल नहिं जाई ।।५।।
मूरख मनुसा बहुत सँजोई । अपने मरे और लग रोई ।।६।।
ई न जाने अपनेउ मरिजैबे । टका दश बिढै और ले खैबे ।।७।।

अर्थ– जुन राजाको महल गगनचुम्बी भव्य, अद्वितीय थियो, ती हरिश्चन्द्र पनि आज देखिंदैनन् ।।५।। अबुझ मानिस धर्न संग्रहकै निम्ति मरिमेट्छन् । केवल पुत्र-पत्नीको बन्दोबस्त गरिदिनको लागि आफ्नो जीवन बरबाद गरिरहेछन्, तैपनि तृष्णावश कमी नै रहन्छ। अथवा यी आफैं मर्न तैयार छन्, प्राण जानलाग्दा पनि परिवारकै निम्ति रुने-कष्टितहुने गर्दछन् ।।६।। यिनलाई म पनि मर्ने हुँ, मरेर अन्तै जान लागिरहेछु भन्ने कत्ति होश छैन; दसटका अर्थात् दश-बीस रुपियाँ अरू बढाउन सके अझ सुख भोगौंला, परिवार पोसौंला; केही जगेर्ना होला भन्ने ठान्दछन् ।।७।।

साखी– अपनो अपनो करि गये, लागि न काहुके साथ ।
अपनो करि गये रावणा, अपनो दशरथ नाथ ।।५५।।

अर्थ– मेरो धन, मेरा परिवार, मेरो नाम... इत्यादि भनी-भनी सबै खाली हात, पराजित – वीरसमान र सर्वस्व लूटिएका सेठसमान बनी गए । ती ऐश्वर्य कसैका पनि साथ गएनन् । रावण आफ्नो कर्तव्यको कुसंस्कार लिई गयो; नाथ–भाग्यशाली मानिएका राजा दशरथ पनि आफ्नै कर्तव्य-संस्कार लिई गए । अथवा दशरथ नाथ–श्रीरामजी पनि आफ्नै कर्मका संस्कार साथ लिई प्रयाण गर्नुभयो । शरीर धारण गरी यहाँ आएर कोही रहेनन् ।।५५।।

अरू–भन्दछन्–"कसै-कसैको घरमा आगलागी भएको देखियो भने गाउँ-पहाडका मानिस आ-आफ्ना अँगेनामा पानी छर्कन्छन्" । यो आगोबाट सावधानी भई सुरक्षा गरेकाको प्रतीक हो । यस्तै उपर्युक्त महा पुरुषहरूको पनि दुर्दशा भएको, आवा गमन नछुटेको विचार गरी, वैराग्यपूर्वक आफ्नै कल्याण-कार्यमा कटिबद्ध हुनु मानवमात्रको परम बुद्धिमानी हो ।

राजा भोजको कथा– मालवाधिपति श्रीहर्षका छोरा सिंधुल लडाइँमा मारिए । राजगद्दीमा जेठा छोरा मुंज थिए । यी पनि वि. सं. १०५० को लगभगमा मरेका हुन् ।

मुंज, राजगद्दीमा थिए । त्यस बखत मुंजको भतिजो (सिन्धुल-पुत्र) भोजप्रति राजाको अतिशय वात्सल्यता थियो । एक-पल्ट बालक भोज विद्यालयमा पढ्न गएका बखत राजा हेर्न पुगेछन् । अध्यापक र अरू विद्यार्थीहरूबाट भोजको प्रशंसा सुने, आफूले पनि देखे । नित्यको सहवासमा भोजका स्वभावबाट राजा परिचित पनि थिंदैथिए । अब उनका मनमा बालक भोजप्रति कुटिलताको टुसो उम्रियो । राजा मुंज विचार गर्नलागे– 'भोज सारै टाठो बाठो चतुरो भएर निस्क्यो, पछि मेरै गद्दी पो खोस्ने हो कि ! अतः यसलाई पहिले नै उखेलिदिनपर्‍यो' भन्ने कुभावनाले मनमा डेरा जमायो ।

एक दिन राजाले आफ्ना मेली मन्त्रीहरूका साथ भोजलाई जंगल पठाए । मन्त्रीहरूलाई भने–'यसको टाउको काटेर बट्टामा बन्दगरी ल्याउनु ।' मन्त्रीहरूले बनमा लगी भोजको टाउको काट्न आँटे । त्यस बेला भोजले सबै कुरा सुनी मुंजलाई श्लोकमा एउटा चिठ्ठी लेखिपठाए–

मान्धाता स महीपतिः कृतयुगे ऽलङ्कार भूतोगतः ।
सेतुर्येन महोदधौ विरचितः क्वा ऽसौ दशास्यान्तकः ।।

अन्ये चापि युधिष्ठिरप्रभृतयो याता दिवं भूपते !
नैकेनापि समं गता बसुमती मन्ये त्वया यास्पति ।।
(प्रवन्ध चिंतामणि)

"सत्ययुगका राजा मान्धाता, त्रेताका श्रीराम, र द्वापरका युधिष्ठिरहरू तमाम वीर प्रतापी राजाहरू सबै मरी-मरी गए कालका मुखमा ग्रास बन्न पुगे, तर पृथ्वी कसैका साथ गइनन्; शायद अब कलियुगमा हजुरका साथ जान्छिन् कि!"

यो श्लोक पढ्दा मन्त्रीहरू मुग्धभए। बालक भोजलाई मार्न मायालाग्यो र कहीं लुकाई कृत्रिम शिर लिएर राजा मुंजका समक्ष रात्रिसमय पुऱ्याए, श्लोकबद्ध चिठी पनि समर्पण गरे। त्यो श्लोक पढ्दा मुंजका आँखा खुले, रुँनलागे। उनी आत्म-हत्यागर्न तत्पर भए। राजाको यस्तो दशादेखी मन्त्रीहरूले सबै हाल जस्ताको तस्तो बताई बालक भोजलाई ल्याएर प्रत्यक्ष गराए। मुंजले भोजसंग क्षमा मागे। भोजलाई राजगद्दी सुम्पेर आफू विरक्त बनी जङ्गलतिर लागे।

भोज, राजा भएपछि आफ्नो राजधानी उज्जैनका निकट धारा नगरी निर्माण गरी, त्यहीं राजधानी बसाए। राज्यको प्रबन्ध गर्न भोज अति सिपालु थिए। धारानगरीमा विशाल सुरम्य भवन बन्यो। सुन्दर समतल सडक, ठाउँ-ठाउँमा पोखरी, बाल-बालिका-हरूलाई पढ्न विद्यालय, औषधालय, पानीघाट आदि अनेकानेक नगर-निर्वाण गर्ने प्रबन्धको निम्ति विभिन्न समितिहरू गठन भएका थिए। भोजको राज्यकालमा प्रजा अति सुखी र सन्तुष्ट थिए। राजदर्वारमा विद्वान्हरूको ठूलो आदर र सत्कार हुन्थ्यो। विद्वान्हरू आचारवान् थिए। बालकलाई विद्या भन्दा आचार-को पाठ ज्यादा पढाइन्थे। संस्कृत विद्याको ठूलो सम्मान थियो। यस्ता ती कवि-विद्वान् सुयोग्य राजा भोज पनि बचेनन्।

भन्दछन्–राजा भोजको देहावसान भयो भन्ने सुनेर कवि कालिदासले निम्नश्लोक रचेका थिए रे !

'अद्यधारा निराधारा निरालम्बे सरस्वती ।
पण्डिता खण्डिता सर्वे भोजराजो दिवंगते ॥'

'राजा भोजको निधनहुनाले अब धारा नगरी निराधार भइन्, सरस्वती (विद्या)को पनि अवलम्ब छुट्यो, सरस्वतीले अब केही काम पाउने भइनन् । सारा पण्डितहरू खण्डित भए–तिनको पनि कुनै काम रहेन; अब तिनको त्यति आदर कसले गरोस् !'

पद्य–५५

श्री राम गए लछुमन गए, सीता सङ्ग गईनन् ।
लागेन बेर कौरव जान, ती पनि रहेनन् ॥
भोजजी गए जसले सजे – थे धारा नगरी ।
पाण्डव गए ती कुन्ती रानी, सहित नै मरी ॥

बुद्धि र मति प्रशस्त भाका, सहदेव रहेनन् ।
सुवर्णपूर्ण लङ्का जो रचे, साथ क्यै लगेनन् ॥
जसको थियो गगनचुम्बी, महल अपार ।
ती हरिश्चन्द्र नरेश आज, देखिन्नन् संसार ॥

लठ्ठक मानव विभिन्न चीज, संग्रह गर्दछ ।
मर्नुछ स्वयं कुटुम्बी निम्ति, रोएरै मर्दछ ॥
जान्दैन यो ता म पनि मर्छु, भन्दछ गरौंला ।
यति छ दश ढ्याक रु बढे, दुइहात सोरौंला ॥

श्लोक– गए 'मेरो' र 'मैं' भन्दै, गएन रत्ति साथ त्यो ।
रावण गो भनी मेरै, मेरो दशरथ नाथ जो ॥

रमैनी–५६

दिन दिन जरै जलनी के पाऊ । गाडे जाय न उमँगे काहू ॥१॥
फन्धन देइ मस्खरी करई । कहु धौं कौन भाँति निस्तरई ॥२॥

अर्थ– नरहरू जलनी–नारीका कामोपभोगको चाहना-

अग्निमा नित्यप्रति जल्दछन् र भोग विलासका लागि निहोरा गर्छन् । त्यहाँ यिनको मानसिक स्थिति बिग्रँदैगई विषयरूपी नर्कमा बुद्धि झन्-झन् गाडिँदैजान्छ, यसबाट उक्सने कसैलाई चेष्टै छैन ।।१।। ती कामासक्त नर-नारी दुवै अङ्कमाल गर्छन्, हाँस खेल ठट्टा गर्छन् । यस्तैयस्ता मनोविनोदमै अनमूल्य जीवन बिताउँछन् । भन ! अब यस्ताको मन शान्त तथा जीवन सुखमय र कल्याण-स्थिति कुन किसिमबाट बन्नसक्ला ?

अकर्म करै औ कर्मको धावै । पढि गुनि वेद जगत समुझावै ।।३।।
छूँछे परे अकारथ जाई । कहहिं कबीर चित चेतहु भाई ।।४।।

अर्थ– त्यस्ता विषयासक्तजन र वाचकज्ञानीहरू अनेक छल-कपटादि–हेय कर्म पनि गर्न तत्पर बनी, सर्व प्रकारबाट द्रव्य बटुल्ने चेष्टा गर्दछन् । जूवा, नृत्य, हिंसा, शिकार, मद्यसेवनादिमा लुब्ध रहन्छन् । कोही-कोही यदाकदा बाह्याचार–तीर्थ, व्रत, कथादिमा सम्मिलित हुन्छन् । विद्याध्ययन गरी यजमान कहाँ गई ज्ञान-धर्मका कथा-पुराणादि पनि सुनाउँछन् ।।३।। परन्तु "अन्तःशाक्ता बहि शैव्या सभामध्ये च वैष्णवा !"* –मात्र बनेकाले यिनका ती कर्महरू व्यर्थ भए; यिनको अन्तःकरण सत्यबोध सदाचारबाट रित्तै रहन्छ । गुरु कबीर भन्नुहुन्छ–हे भाइ, चेतन! अचेत नबन, चाँडो भन्दा चाँडो चेतनको स्थिति बनाइहाल ।।४।।

अरू– यो रमैनीमा प्रथम र दोस्रो चौपाईबाट कामासक्तिको र तेस्रो चौपाईबाट कल्पित वाणीजालको परिणाम बताई, चौथो चौपाईबाट दुवैको फल बताउनु भएको छ । संसारमा जीवको निमित्त दुःख-बन्धनका कारण यिनै हुन् । अतएव हामी सबै सचेतभई राम्ररी विचार गरौं, निष्पक्ष सत्य निष्कर्षतिर अगाडि लम्कौं ।

---

*–गुप्तरूपमा हिंसा-सेवी, देखाउमा शिव उपासक र सभाका बीच अहिंसक बन्दछन् ।

कामासक्तिको ख्याल, वाणीको जंजालबाट बच्ने, जड-चेतन को गाँठो चुँडाल्ने हो भने स्पर्श विषयको मोद र व्यापक ब्रह्म-प्राप्तिको प्रमोदमा पर्ने सपना नदेखौं। काम, क्रोधादि र खानी-वाणी आदि कुनै पनि प्रवृत्तिमा नपसौं। तटस्थ बनौं, द्रष्टा चेतन ज्ञानमात्र स्वयंको भावमा बसौं। अनि कुनै गाँठो पनि बाँकी बच्तैन। अब यस अवस्थामा के फुकाउने? गाँठोसमेतको धागै फालियो। यसरी मन-ग्रन्थिको बीचबाट आफूलाई अलग गर्न सक्यौं भने सबै गाँठा झरे-गाँठाको अतिक्रमण भयो। खानी-वाणी दुवैबाट आफू अलग हुनु—यही हो गाँठो फुक्नु।

खाडलभित्र बसेर त्यहीं त दिनमा पनि सूर्य उदाउँदैनन्। सगरमाथाको चुली-चढौं, त्यहाँ सूर्य सँधै उदाएकै छन्। झन् ध्रुव प्रदेशमा त छः- छः महिनासम्म पनि सूर्य उदाएका-उदायै रहन्छन्। खाडलमैं सूर्य उदाउन्, म यहीं बसी-बसी सूर्यको प्रकाश र गर्मी लिन पाउँ, भन्ने हाम्रो जिद्दी व्यर्थ हो। आसक्ति-अहंकार, कल्पना-लालच लिई-लिई मुक्त हुनखोज्नु—यही हो—खाडलमैं सूर्य उदाउन् भन्नु। गुरु पारखको द्रष्टा अभ्यासरूपी चुली (सगर-माथा) मा चढौं, त्यहाँ स्व स्वरूप चेतन-सूर्य झलमल्ल छँदैछन्। अरू पनि—द्रष्टाको पुष्ट अभ्यासबाट स्व स्थिति-शान्तिमा पुगेपछि, त्यहाँ त ध्रुव प्रदेशको धुरीमाथि चढेसमान ज्ञानमात्र स्वयं स्वरूप सूर्यको कहिल्यै अस्त हुँदै हुँदैन—

'राम रहस्य साहेब शरण, अभय अशंक उद्योत।
आवागमन की गम नहीं, साँझ भोर नहिं होत॥
[पंचग्रंथी]

पद्य–५६

दिनदिनै जल्छ जलाउने पद, उम्कन्न गाडिन्छ।
ठट्टा र अंक शालमा मग्न, झन् धेरै मोहिन्छ॥
अकर्म गर्छन् देखमा भने, कर्ममा धाउँछन्।
वेदको पठन मनन गरी, सबैलाइ सम्झाउँछन्॥

परेंछौ खाली व्यर्थमा तिम्रो, जीवन गुम्नेछ ।
कबीर भन्छन् चित्त दी चेत, दिमाग घुम्नेछ ।।

रमैनी–५७

कृतिया सूत्र लोक एक अहई । लाख पचास की आयू कहई ।।१।।
विद्या बेद पढे पुनि सोई । बचन कहत परतक्षै होई ।।२।।
पैठी बात विद्या की पेटा । वाहुक भर्म भया सङ्केता ।।३।।

अर्थ– कृतिय–कृत्रिम सूत्रा–वाणी मन्त्रहरू जगत्मा धेरै प्रचार छन् । माथि कहीं स्वर्गादिलोक छन्, "पहिलेका व्यक्ति पचासौंलाख वर्ष आयुका थिए"– इत्यादि कल्पना गरी-गरी वर्णन गरेका छन् ।।१।। मानिसहरू तिनै विद्या-वेदादि वाणीको अध्ययन-मनन गर्दछन्, कहीं बार्तालाप हुँदा तिनीहरू झन् बढी कल्पनाको पुलबाँधी, फुँदा-गाँसी, स्वयं देखेरै आएसमान गरी बताउन थाल्दछन् ।।२।। यस्तै भ्रामक वचन, कल्पित गाथा पढ्दा-सुन्दा अन्तःकरणमा भ्रान्ति भरिन्छ, श्रोता पनि सारै हौसिई उही भ्रान्तिमा पर्दछन् । पश्चात् तिनै कल्पित घटनाहरू अन्य जन प्रति बयान गर्न थाल्दछन् ।।३।।

अरू– 'आश्चर्य बातै सब यी रुचाउँछन् ।
तरङ्गमा उड्न सँधै रमाउँछन् ।।'

–समान पुराण-कथित स्वर्गादिका सुख-विलास वर्णन तथा परमधामको दिव्य झलकको व्याख्या, माथि शून्यमा अनेक लोक-को कल्पना गर्दैजाने बठ्याइँ, उहाँका सुख-विलासको विवेचन– इत्यादि सुन्दा मानिसहरू दङ्दास पर्दछन्, सुन्नमा झन् चाख लिन्छन् । बिना विवेक सत्य नै सम्झेर लोभिन्छन् । दोस्रो–यस्तै "फलानाको आयु चवालीस करोड वर्षको थियो, फलानाको पचास लाख वर्षको थियो, फलानाको दशहजार वर्ष । फलानाले

साठीहजार वर्ष तपस्या गरेका थिए, हातको ठेला, पृथ्वी, खीर, कमल, गाग्रो, वृक्ष, प्रकाश, तारा... आदिबाट मानिस पैदा भए; राजा सगरका साठीहजार पुत्र फुलबाट उत्पन्नभएका थिए, फलानाले मृत-व्यक्तिलाई बचाए; सुकेको रुख हरियो-भरियो बनाइदिए, आयु थपिदिए, धनको रास देखाइदिए।" यस्तैयस्ता असम्भव, कल्पित कुरा गरे, सुने; कुनै-कुनै कुरा 'काक-ताली' न्याय संयोगाधीन कतै घट-बढरूपले बन्न-पुग्न गएको पनि देखियो। पछि तिनै असम्भव कुरा पुस्तकरूपमा लेखिए, तिनैलाई सही-सत्यरूपले मान्यता पनि दिइयो। यसैले ती कुरालाई पछिका मानिसहरूले बज्रलेपसमान सम्झन लागे। ढुङ्गाका अक्षर-मेटिए-लान्, किन्तु यिनका हृदयबाट ती कल्पना सहसा हट्न कठिन छ।

ठिकै हो, श्री कृष्णचन्द्र पनि गीतामा भन्नुहुन्छ–"हे अर्जुन! खालि वेदका कुरामा चल्ने, स्वर्गलाई नै श्रेष्ठ मान्ने र स्वर्ग-भोग भन्दा अरू उत्तम केही छैन भन्ने तथा भोग र ऐश्वर्य प्राप्तिको लागि धेरै क्रियामा प्रवृत्त गराउने पुष्पित वचन–देखाउ वाणीद्वारा चित्त हरिएका; सांसारिक भोग र ऐश्वर्यमै लुब्ध-पुरुषहरूका अन्तः-करणमा कल्याण गर्न सक्ने निश्चयात्मिका बुद्धि* हुँदैन।" यसैले कन्दराभित्र, चमेरोलाई दिन पनि रातै देखिएसमान विवेक बिना मानिसलाई सबै उल्टैउल्टा भान हुन्छ।

यसमा सम्झनुपर्दछ–सृष्टि नियम, कारण-कार्यको व्यवस्था नाघी तथा प्रारब्ध-कर्म भोगको प्रतिकूल, अनादि शाश्वत व्यवस्थाको अतिक्रमण भई, संसारमा कुनै काम पनि हुन सक्तैन। अधरमा लोक-लोकादिको कल्पना र लामो आयु, ऋद्धि-सिद्धि आदिका कुरा त मनुष्यले खालि महिमा बढाई लेखेका मन-कल्पित कुरामात्र हुन्। पुराणादिमा यिनका आयोजन हुनको तथ्य बेग्लैछ।

* द्रष्टव्य– गीता अ. २। ४२ ४४।

पुराण-कारहरूले संसारी मानिसका मनमा श्रद्धा उब्जाई उत्साह–उद्वेगित गराई, धर्ममा प्रवृत्त गराउनको निमित्त त्यस्ता रूपक खडा गरी वर्णन गरेका हुन् । विशेष विवेकशील र बुद्धिजीवी बनिकन पनि पुरानै कल्पित मान्यतामा अल्भी, भयवश स्वतन्त्र विवेकबाट वञ्चित रहिरह्यौं भने 'नीरक्षीरको निर्णय गर्ने' पारखी कसरी बनिएला! यति नभई भ्रान्ति-जालबाट कहाँ पार पाउनु !

पातञ्जलि योगशास्त्रको साधनापाद–प्रारम्भमा नै सबै नियम–अनुष्ठान बताई, साधकको योगमा उत्थान गराउन प्रक्रिया-हरू बताउँदै गए । विभूतिपादमा अनेक सिद्धि-वर्णन गरी साधना-मा रुचि बढाउने, प्रोत्साहन दिने काम भयो । अन्त्यमा कल्याण निवृत्तिका साधकको निम्ति 'सम्पूर्ण ऋद्धि-सिद्धि हानि कारक छन् मुक्तिमा बाधक विघ्नरूप हुन्'* भनी तन्त्रमा समेत बताइएको छ । अतएव ती ऋद्धि-सिद्धिको वर्णन योग साधनामा प्रवृत्त गरा-उनको निमित्तसम्म भएको रहेछ ।

देवताका विषयमा पनि कहीं-कहीं पुराणादिमा तेतीस कोटी देवताको वर्णन छ र पनि उपनिषद्,※ महाभारत,● विष्णु पुराण■ र वेदमा* पनि देवता तेतीस नै छन् भन्ने पाइन्छ । यसबाट यो निष्कर्ष बुझ्नुपर्दछ–आयुमा, पनि मनुष्यको पूर्ण आयु सय वर्षको हुनाले 'सय वर्ष बाँच्न पाउँ' भनी मन्त्रद्रष्टा ऋषिहरूले ऋग्वेद-को★ धेरै ठाउँमा प्रार्थना गरेका छन् । अतः आयुमा, तपस्या

---

* – अमनस्क गीता -१।७४- 'भवन्ति सिद्धयः सर्वास्तेषां विध्वंसकारका . . ।'

※ – बृहदारण्यक उपनिषद् अ. ३ ब्राह्मण ६।२।३...... ।

● – आदिपर्व ६५।१७ ।

■ – ...विष्णु पुराण अ. १।१५ ।

* – ऋग्वेद मण्डल १ अनुवाक ७ सूक्त ३४; १।७।४५; ३।१।६ इत्यादि ।

★ – ऋग्वेद १।७।४५; २।३।२७; ३।३।३६; ४।१।४; ६।४।४८; ७।४।६६; ७।६।१०१ इत्यादि र छान्दोग्य उ. ३।१६।१७; ऐतेरिय ब्राह्मण २।२।१७। र शार्ङ्गधर संहिता ६।१९ ।

गरेका वर्षमा र राज्य गरेका वर्षमा पनि यस्तै विशेष अति-शयोक्तिकै वर्णन कहीं-कहीं भएको र समयानुसार कथालाई रोचक बनाउन तथ्य अङ्कको पछाडि शून्य थपिंदैजाने तथा कल्पनाका फुँदा थपिंदैजाने भएको रहेछ भन्ने ध्वनित हुन्छ ।

उस समय धर्ममा प्रवृत्ति र साधनामा अभिरुचि बढाउन, समाजको हित-कल्याण सोची, नियम बनेका-लेखिएका थिए; आज तिनै धार्मिक वचनका आंडमा अनेक पाखण्ड छद्म-कृत्य, प्रवञ्चनाका कामहरू बढ्दै-चल्दै आइरहेछन् । यसबाट आफू ठक्कर खान्छन्, जीवन व्यर्थ बरबाद गर्दछन्, अरूलाई पनि नाहक कल्पना-मा अल्झाई, धन-जीवनबाट वञ्चित गराइदिन्छन् । विचार गरौं, यो सबै भयङ्कर भूलको परिणाम हो ।

कसैले जहाँ केही चमत्कार प्रदर्शन गराउँछन्, त्यहाँ हातको सफाई, दर्शकका दृष्टिमा पर्दापार्ने चलाख्याइँ वा भित्री कुनै अर्कै चतुऱ्याइँ-इन्द्रजालको प्रयोग भएको छ । यो सबै विचार गरेर विवेकी साधकले सावधानीका साथ बच्नु, आफ्नो पारखदृष्टिलाई अति तीव्र-स्पष्ट राखी, त्यसैबाट काम लिनुपर्दछ । यस्ता भ्रमपूर्ण मिथ्या चमत्कारी कुरा सुन्दा, प्रथम मानिस के के न पाइएला भनी आश्चर्यका साथ दौडन्छन्, पछि ठगाईमा पर्दा थक्क-थक्क पर्दछन् ।

साखी– खग खोजनको तुम परे, पाछे अगम अपार ।
बिन परिचय कस जानि हो, कबीर झूठा है हंकार ।।५७।।

अर्थ– त्यस्तै कल्पित कुरा सुनी-सुनी तिमी पनि परमात्मा-परमधामरूपी खग–चिडियालाई खोज्न प्रथम परमार्थ-पथमा प्रवेश भएका ह्वौ, तर ती जहाँ थिए त्यहाँ खोज्न जानेनौ वा पत्याएनौ र अन्तअन्तै खोज्दै हिंड्यौ । वाणीका महिमा-बहक्याहटमा परेर 'अल्प एकदेशी को बनोस्! बृहत् ब्रह्म पो बन्नुपर्दछ' भन्ने लालचमा पऱ्यौ । उसलाई त उपनिषदादिले नै 'अगोचर अगम अपार

निर्गुण निराकार निरवयव अर्थात् अदृश्य, गम पाइनसक्नका, पार पाइनसक्नका, गुण-आकार अंग-प्रत्यंगरहितका भनी बताएकै छन् ।' यस्ता स्पष्ट वचन पनि हामीले किन बुझ्न नसकेका ? त्यस्ता लक्षणका इष्टलाई कसरी चिन्नु ? ती कताबाट प्राप्त हुनु? अतएव अन्तमा परात्पर ब्रह्म बन्न त्यत्तिकै भयो, अपर ब्रह्म-विराट् ब्रह्मका अङ्ग नै रहिरह्यौं । विराट्कै निवास र आवागमनको 'भ्राम्यते ब्रह्म चक्र':– प्रकारबाट रिंगिरहने भयौं, विशुद्ध स्थिति-बाट वञ्चितै रह्यौं । हाम्रो सर्व अहङ्कार व्यर्थ भयो ।।५७।।

अरू– यस्तै कृत्रिम सूत्रहरू लेखिदै थपिंदै जाँदा–'एक ब्रह्म छ, त्यो आकाश जस्तै निर्गुण निराकार अक्रिय निर्लेप छ, साकार निराकार दुवैरूप, सर्व परे छ, सर्वरूप पनि हो, 'पद बिनु चलै सुनै बिनु काना...।' इत्यादि लक्षणको छ भन्ने कुरा भ्रान्तजनद्वारा प्रचारमा आयो । यस्तै कुरा पत्याई तिमी पनि उनैका खोजीमा पऱ्यौ । विचार गर ! आकाशसमान छ; गम पाइनसक्नु, पार पाइनसक्नुको छ, नेति-नेति (यो होइन, यो पनि होइन) भनेपछि भनाईको तात्पर्य पनि त सम्झनुपर्दछ । त्यस्ता विचित्रका अवस्तुलाई कसोगरी प्राप्त गर्ने हो! उही स्वरूप म हूँ, उसैमा मिल्छ, भन्दछौ– खूब गम ! तिमी जानिफकार ज्ञान-गुणसम्पन्न चेतन ह्वौ, त्यो अवस्तु मिथ्या शून्य हो । अतः तिमी भावरूप चेतन छँदै, अभाव रूप बन्ने कुरापछि नलाग । विवेकी मानवले पनि म जड-चेतन मिश्रित पूर्णव्यापक अद्वैत स्वरूप हूँ भनी अभिमानमा पर्नु व्यर्थ हो । ज्ञान-रत्न चेतनलाई शून्य अज्ञानको अध्यासमा नमिसाउ । जड-चेतन एउटै हो भनी जडमा पनि नमिलाउ ।

सम्झ–अग्नि तत्त्वको अन्तिम एकाई इलोक्ट्रोनलाई दोबर गर्दैजाउ, त्यो बृहत् हुँदै जाँदा स्थूलरूप धारण गरेपछि द्रव शीततत्त्व स्वरूप जल बन्दैन, न कोमल स्पर्शस्वरूप वायु बन्दछ, न गन्धगुण-

युक्त पृथ्वी नै बन्नसक्तछ; उष्ण र प्रकाश स्वरूप अग्नि तत्त्वको अग्नि नै उद्भूत हुन्छ। यसैगरी अन्य जल पृथ्वी वायुहरूका एक तत्त्वको अन्तिम एकाई अस्तित्त्वरूप द्रव्यबाट पनि अन्य तत्त्वका गुण, धर्मी वस्तु उत्पत्ति हुँदैनन्। आ-आफ्नै गुण-धर्मानुकूल कार्य बन्ने हुन्छन्। यस्तै तिमी चेतन जीव मुक्तभएर आफ्नो स्वरूपमा अवस्थित हुँदापनि चेतन ज्ञान-द्रव्य, अन्य गुण-धर्मी जड-तत्त्वहरू सित मुछिएर अरू नै जडतत्त्व बन्न पुग्दैनौ, शुद्ध ज्ञानमात्र चेतनकै अस्तित्त्व स्वरूपबाट रहन्छौ। त्यस समय इन्द्रियादि साधनको सम्बन्ध नहुँदा, बाहिरी पदार्थलाई जान्ने र अरूलाई जनाउने काममात्र त्यहाँ नरहनेहुन्छ, तिमी त कहिल्यै मेटिदैनौ; फुलेर फिँजिएर सर्वत्र भरिभराउ पनि हुँदैनौ। जस्तो आज यस बखत सबैदेखि भिन्न स्वतन्त्र स्वरूप छौ, भविष्यमा पनि उस्तै-उही नै स्वरूपबाट निरन्तर रहनेछौ। अतएव 'म शून्य हुँ, आकाशभैं सर्वत्र परिपूर्णछु' भन्ने कृत्रिम धारणामा नपर। विवेकको माध्यमबाट स्वयँ शुद्ध चेतनलाई चिन, स्वयं द्रष्टा स्वरूप ज्ञानमात्रमा स्थिर भई बस।

पद्य–५७

कृत्रिम सूत्र एउटा लोक, छ माथि ठान्दछन्।
पचास लाखको जीवन त्यहाँ, पाइन्छ भन्दछन्॥
विद्या र वेद पढ्दछन् तिनै, देखे कैं आँखैले।
बयान गर्छन् त्यहाँको अति, कल्पेर आफैंले॥
भरियो भित्र विद्याकै बात, मो भर्म संकेत।
संकेतै सुनी संसारै भ्रान्त, भएका विचेत॥

श्लोक– खग खोज्न तिमी तर्स्यौ, पछि लाग्छौ अपार को।
के चिन्दछौ नभै ज्ञान, मिथ्या गर्व कबीर हो॥

रमैनी–५८

तैं सुत मान हमारी सेवा। तो कहँ राज देउँ हो देवा।१।।
अगम दुगम गढ देउँ छुडाई। औरों बात सुनहु कछु आई।।२।।

अर्थ– हे बाबू जीव! तिमी मेरा ज्ञानोपदेशरूप सेवा अवश्य स्वीकार गर । तिमीलाई पारख-स्थितिरूपी राज्य प्रदान गरी, त्यहाँको देवेन्द्रपदमा प्रतिष्ठित गराइदिनेछु ।।१।। निराकार-साकार वा खानी-वाणी जालरूप अभेद्य दुर्गका घेराबाट छुटाई, विवेक कल्याणका दुर्गम किल्लाको भित्र स्थिर गराइदिनेछु । हे भाइ ! अरूपनि मेरा सत्याचरण, सद्गुणका कुरा केही सुन ! ।।२।।

अरू– जस्तै भक्ति नौ प्रकारका बताएका छन्, त्यस्तै सेवा पनि धेरै प्रकारबाट हुन्छ । जस्तै–सन्त-गुरुको सेवा, दुःखी लाचार-हरूको सहायता, प्राणीमात्रको रक्षारूप सेवा, सत्यासत्यको शोधन-सेवा, वस्तु निर्देशन-वन्दनारूप सेवा, स्वरूप स्थिति-सेवा, कहाँसम्म गिन्तिगरौं ! सद्गुरु विशालदेवबाट 'गुरुनिर्णय-ग्रन्थको अन्तमा सप्तइष्ट बताउनु भएको छ । ती निर्णयग्रन्थका पठन, सत्सङ्ग सबै लोकोत्तर सेवा हुन् । यस्तै बोध-वैराग्यनिरत पारख-निष्ठ सन्तगुरुको मुमुक्षु जीवलाई दया-दानरूप शिक्षा-आधार दिनु पनि उहाँहरूले सेवा नै सम्झनु हुन्छ ।

उतपति परलय देउँ देखाई । करहु राज सुख बिलसो जाई ।।३।।
एकौ बार न होइ हैं बाँको । बहुरि जन्म न होइ हैं ता को ।।४।।
जाय पाप सुख होइ हैं घना । निश्चय वचन कबीर के मना ।।५।।

अर्थ– 'अनादि प्रवाहरूप संसारको पनि उत्पत्ति र प्रलय हुन्छ, भन्ने मानस-कल्पनाको' एक-एक सन्धि परीक्षा गराई, कर्म-वश शरीरको जन्म-मरणरूप उत्पत्ति-प्रलय हुने विवरण सबै छर्लङ्ग देखाइदिनेछु । तिमी निर्भ्रान्त स्वरूप-स्थितिरूप पारख-साम्राज्यमा विराजमानभई शान्ति-सुख लेउ । पारख-विलासको चैनाचैनमा निमग्न बनी बस ।।३।। यसबाट तिम्रा एक रौं पनि टेढा हुनेछैनन्, कुनै भ्रान्ति आसक्ति कल्पनाले तिमीलाई किञ्चित्-मात्र हल्लाउन सक्ने छैनन् । यस्ता पारख-विलासी, स्थितप्रज्ञ

पुरुषको फेरि कहिल्यै आवागमन हुँदैन ।।४।। आसक्ति, अहङ्कार कल्पना-भ्रान्तिरूपी सम्पूर्ण पाप छुट्नेछन्; सुखघना–सर्वोच्च सुख, परम शान्ति-स्थिति मिल्नेछ । गुरु कबीरका यी निर्णय वचन सत्य हुन् भन्ने पक्का-पक्का निश्चय गरी ग्रहण गर× ।।५।।

साखी– साधु सन्त तेई जना, जिन मानल बचन हमार ।
आदि अन्त उत्पति प्रलय, देखहु दृष्टि पसार ।।५८।।

अर्थ– तिनै साँचा साधु हुन्, तिनै सन्त पनि हुन्, जसले त्रिवेकी सन्तका हितैषी सत्य वचन मानी ग्रहण गर्दछन् । विवेकका आँखा उघारी हेर, कर्म-संस्कारवश प्रवाहरूपबाट जीवको आदि–जन्म र अन्त–मरण पनि भइरहेकै छ । यही हो–उत्पत्ति र प्रलय भनेको । यसको अतिरिक्त सम्पूर्ण संसारको एकसाथ उत्पत्ती भएको थियो, कुनै दिन एकैसाथ सम्पूर्ण प्रलय पनि हुन्छ, भन्ने यस्ता कुरा विवेक-बाह्यका कल्पनायुक्त हुन् ।।५८।।

अरू– संसार प्रवाहरूप अनादि हो भन्ने विषयमा विशेष लेख रमैनी ३×७ मा आइसकेको हुनाले उतैबाट मनन भएकै होला ।

पद्य–५८

हे बाबू ! मेरो वचन सेवा, गरे हुँ स्वीकार ।
दिनेछु तिमिलाइ सबैका माथि, साम्राज्य अपार ।।
अदेख-देख दुर्गको गढ, छुटाई म दिन्छु ।
वयै अरू कुरा संगत आई, सुन यो म भन्छु ।।

उत्पत्ति लय रहस्य सबै, दिउँला देखाई ।
भोग स्वराज्य विलास सुख, डुब गै हे भाई !
रौं एक टेढो हुँदैन कैल्यै, बसे यो युक्तिमा ।
फेर जन्म नभै ती भाग्यशाली, पुग्नेछन् मुक्तिमा ।।

पातक नाशी अनन्त सुख, हुनेछ जानेमा ।
कबीर वचन निश्चय गरी, श्रद्धाले मानेमा ।।

× – यजुर्वेद पृ. ३।६० मा पनि मुक्ति र मुक्तिमा शान्तिको स्थितिको निरूपक मन्त्र पाउँछौं– "हामी जन्म-मरणको पाशोबाट मुक्त होउँ... ।"

श्लोक– साधु सन्त तिनै व्यक्ति, मेरा वचन मान्छ जो ।
आदि अन्त लयोत्पत्ति, हेर दृष्टि उघारी यो ।।

रमैनी–५९

चढत चढावत भँडहर फोरी । मन नहिं जाने केकरि चोरी ।।१।।
चोर एक मूसै संसारा । बिरलाजन कोइ बूझन हारा ।।२।।
स्वर्ग पताल भूम्य ले बारी । एकै राम सकल रखवारी ।।३।।

अर्थ– हठ योगीहरू ब्रह्माण्डमा प्राणवायु चढाउने, आफू पनि चढ्ने कल्पना गर्दछन् । यो क्रियाको अभ्यासमा भण्डहर-मस्तिष्क र शरीरसमेत बिग्रन्छ । यिनले मनको गति जान्न सकेनन् । कसले कसको, के चोरी गरेको थियो र योगीहरूले ब्रह्माण्डमा गई लुक्ने परिश्रम गर्नुपरेको हो? ।।१।। मनको कल्पना नै एक चोर हो, यसले संसारभरको विवेकदृष्टिरूपी धन चोरी गरिरहेछ । यो कुरा पारख दृष्टिसम्पन्न बिरलै ज्ञानीजनले मात्र बुझ्नेछन् ।।२।। "स्वर्ग, मृत्यु पाताल यी तीन लोकरूप फुलबारीका रक्षक एक 'राम' नै हुनुहुन्छ" भन्ने यिनै भ्रान्तजनका मनको कल्पना हो ।।३।।

अरू– चित्त-वृत्ति* निरोधको निमित्त सरलतापूर्वक गरिने यौगिक क्रियाको पद्धति प्रथम साधनामा साधकलाई सहयोगी छ । तर यो कार्य पारखस्थितिको साधनाबाट झन् सरल पर्दछ । काया-कञ्चन बनाउन, कालबाट उम्कन, उर्ध्वरेता बन्न, सदा स्वस्थ, आरोग्य रहनको निमित्त गरिने हठयोगका साधनाबाट प्रायः हानि नै हातलाग्नेहुन्छ । यसमा अल्झनाले बन्धन-मूलक वासनालाई शमन गरी, निर्वासनिक स्थिति बनाई, निहाल बनिने अमूल्य समय नै बरबाद हुनेछ । वास्तवमा सबैलाई छकाउने, छल्ने पक्का चोर हुन्–मन र मनका कल्पना । ती कल्पना धेरैथरीका छन्, जस्तै-विषयासक्ति, कामासक्ति, अर्को–कर्ता, ईश्वर खुदा ज्योति

---

* – योगश्चित्त वृत्ति निरोधः। [योग सूत्र]

अनहद ऋद्दि सिद्धि अनेक चमत्कार परमधाम आदिको मान्यता ब्रह्म वा शून्यवादको निश्चय–इत्यादि सबै मनकै कल्पना हुन् । यही एक कल्पना-चोरबाट सावधान हुनु-साधकको मुख्य कर्तव्य हो।

'जो मनको मानो नहीं, सुखी सो साधु निराश ।'

[श्री पूरणसाहेब]

साखी– पाहन ह्वै ह्वै सब गये, बिन भितियनके चित्र ।
जासो कियउ मिताइया, सो धन भया न हित्त ।।५९।।

अर्थ– बिना भित्तो वा पट-कागतको चित्र (मन कल्पनाका इष्ट) लाई प्राप्ति गर्ने प्रयास गर्दा-गर्दा पाहन-ढुङ्गासमान जड बुद्धिका बनी-बनी सब पूर्वका व्यक्तिहरू बिलाई गए । जुन स्थूल–द्रव्य-नारी धनादि र सूक्ष्म–ब्रह्म, ईश्वरादि कल्पनासित मितेरी लगाई मानिस उही स्वरूप बन्न खोजेका थिए, अन्तमा तिनबाट केही हित-लाभ हुन सकेन; स्व देखि भिन्न जति सबै छुटे, मनका कल्पना सबै बिलाए । आखिर जीवले सित्तैं जिल्लिनुपऱ्यो ।।५९।।

अरू– स्व स्वरूप-भिन्न जे पाएपनि, जहाँ पुग्ने कल्पना गरेपनि, जसमा मिलेपनि अन्तमा नाशहुने भर्ने र छुट्टिनुपर्ने हुन्छ ! स्वयं चेतनलाई बिलाउँछ भन्ने कल्पना गरेपनि वास्तवमा बिलाउँने होइन । न यो कहिल्यै बनेको हो, न बिग्रन्छ, न परिवर्तन हुन सक्तछ ! न यसमा कुनै विकार छ । न त यसलाई कुनै जड-विकारले छुनै सक्तछ । अनादि शाश्वत अखण्ड अपरिवर्तनीय अविकार अचल निराधार शुद्ध–इत्यादि गुणसम्पन्न खास चेतन ज्ञान स्वरूप तिमी स्वयं छँदैछौ । अतः स्वयंलाई जान, सबै आसक्ति अभिमान कल्पनाबाट बच, वासनारहित शान्त-स्थिर बन्ने प्रयास गर । यसैबाट तिम्रो परम कल्याण हुनेछ ।

पद्य–५९

चढाइ चढ्दैं भण्डार फोरी, जानेछ आखिर।
जान्दैन मन कसले धन, लानेछ चोरेर ॥
एउटा चोरले संसारै सारा, चोरेरै सक्यो नि !
विरलै जन यो कुरा बुझ्ने, होलान अहो ती !

पाताल स्वर्ग अवनी सम्म, बगैंचा सर्वत्र।
एउटै राम सबैका रक्षक, यो बुझ परत्र॥

श्लोक– ढुङ्गो भैं भैं गए सर्व, भीत रहित चित्र जो।
मितेरी जो सितै लायौ, हुँदैन धन मित्र त्यो ॥

रमैनी–६०

छाडहु पति छाडहु लबराई । मन अभिमान टूटि तब जाई ।।१।।
जिनले चोरी भिक्षा खाई । सो बिरवा पलुहावन जाई ।।२।।
पुनि सम्पति औ पतिको धावै । सो बिरवा संसार लै आवै ।।३।।

अर्थ– मानिएका कल्पित पति–परमात्मा, लबराई–आसक्ति चापलूसीपना र त्यस्तै वाणीजालका स्नेह सबै छाड । तबै मनको अहंकार अज्ञान र कल्पनाको फोस्रो घमण्ड ध्वंस हुनेछ ।।१।। जसले लुकी-छली भामिनीबाट भोग-विलासको भिक्षा मागी खायो–भोग्यो, अर्को–लुकी-छिपी कल्पित मन्त्र मागिखायो–कान फुकाई (कल्पनाको निश्चय गऱ्यो) यिनै कर्मबाट जीवको आवा-गमनरूपी संसार-वृक्ष पलाउँदै झाङ्गिदै आइरहेको हो ।।२।। सेवा रक्षा चाकरीरूप ऐश्वर्य प्राप्ति गर्ने आशा र सम्पत्ति तथा स्त्री-पुरुषको परस्पर आसक्तिवश भामिनी भ्रामक वा कुनै पनि इष्टमा संसारीजन धाउँछन् । उता–वाणीको सम्पत्ति र ब्रह्म-ईश्वरादि पति प्राप्ति गर्न भनी परमार्थीजन धाउँछन् ; तर ती न भोग-ऐश्वर्यबाट अघाउँछन्, न कल्पनाका ईश्वरादिबाटै शान्ति-स्थिति पाउँछन्; अन्तमा ती दुवै छुट्नेहुन् । पश्चात् तिनैका वासना-बीजरूप अध्यासबाट बार-बार शरीर-वृक्ष बनाई, उपर्युक्त कर्म-संस्कारले ल्याई, तीन तापको फल भोगाउँनेछ ।।३।।

साखी– झूठ झूठा कै डारहू, मिथ्या यह संसार।
तेहि कारण मैं कहत हौं, जाते होय उबार ॥६०॥

अर्थ– उपर्युक्त खानी-वाणी दुवैको आसक्तिलाई मिथ्या-कल्पित सम्झी त्याग, संसार (परिवार-व्यवहार) सितको सम्बन्ध तथा भ्रान्त गुरुजनका भ्रम-उपदेशलाई पनि परीक्षा गरी छाड । (यहाँ यो संसारै मिथ्या भन्ने भाव होइन, आजसम्म कति-कति व्यक्ति मुक्तभइगए र पनि जड-चेतनमय संसार त प्रत्यक्ष विद्यमान छँदैछ) अतएव कष्टप्रद आसक्ति र आवागमनरूप संसारको बन्धनबाट तिम्रो उद्धार होस् भन्ने हेतुले तिमीलाई यो शिक्षा गरिरहेछु, विषयासक्ति र कल्पना छुट्नासाथ तिमी स्वतन्त्र शान्त मुक्त भइहाल्यौ ॥६०॥

अरू– हामी झुट्टै मोह लोभ आसक्ति वासना र अर्को– भ्रान्ति कल्पना मिथ्या अनुमान आभास आदिमा परी, सत्य चेतन ज्ञानस्वरूप स्वयंलाई बिर्सी, शरीरै बनिरहेछौं । अब ती झुट्टाबाट पन्छेर जो सत्य ज्ञानस्वरूप हामी ह्वौं, उसैको होशयुक्त बोध-स्थितिमा उक्लनुपरेको छ । मानिसले संसारलाई आ-आफ्नै भावनानुसार प्रिय-अप्रिय आदिको रूपबाट देख्ने हुनाले एक घरमा बीस जना जहान छन् भने बीस प्रकारकै जगत् बनिरहेछ । यसैले सबैका भिन्न-भिन्न रुचि, गति भइरहेछन्; एक घरका जहानमै मेल छैन । दुनियाँमा जति प्राणी छन्, उति नै संसार पनि बनिरहेछ । वास्तवमा यो बाहिरी विश्व छ त एक, तर हामी मानिसका निमित्त अनेक भइरहेछ, त्यही अनेक नै बन्धनरूप हो, यो बाह्य जगत् होइन । ज्ञान भयो, जड-चेतन जस्ताको तस्तै देखिए । अब आ-आफ्ना जगत् बिलाए, ती सबैको निम्ति बन्धन हरायो, बाह्य जगत् एकको एकै छँदै छ । वासनारहित विदेह-मुक्तिमा पनि आफैं एक्लै बचिन्छ, यही कैवल्यमुक्ति हो, ऊ स्वयंमा अद्वैत रह्यो ।

निर्णयबाट यस्तो अद्वैतवाद समीचीन–सत्य ठहर्छ। 'विभिन्न धर्मी-जड चारतत्त्व र शाश्वत ज्ञानस्वरूप अनन्त चेतन पनि सबै एकै अभाव स्वरूप बनिन्छ' भन्ने सम्झन भने विवेकले दिंदैन।

पद्य–६०

छाड ती पति छाडियौ चांडै, लबर पना त्यो ।
मनको अहं अनि पो बल्ल, भाग्नेछ मापाको ।।
जसले चोरी भिक्षा ली खाए, उत्साह दिनदिन ।
हुर्कंदै त्यो बोट पालुवा हाल्दै, बढ्दो छ छिनछिन ।।
अनि त द्रव्य स्वामीको दर्शन, आशले धाउँछ ।
बोटैले आखिर संसार बीच, अवश्य ल्याउँछ ।।

श्लोक– झुट्टा झुट्टै बुझी फाल, यो संसार छ नश्वर ।
यसैले भन्छु जे गर्दा, हुन्छ उद्धार त्यै गर ।।

❀

रमैनी–६१

धर्म कथा जो कहतहि रहई । लाबरि उठि जो प्रातहि कहई ।।१।।
लाबरि बिहाने लाबरि सन्झा । एक लाबरि बसे हृदया मन्झा ।।२।।

अर्थ– श्रुति स्मृति पुराणादिमा विशेषरूपबाट कर्मकाण्डको पद्धति र लडाईं हिंसा-हत्याको उत्पात, छल कपट विवाह रासलीला नृत्य आदियुक्त माया-प्रपञ्च व्यावहारिक गाथाकै वर्णन छ। त्यसैलाई धर्मकथा भनेर ज्ञानको लाभ मानी सुन्ने-सुनाउने प्रचलन छ। त्यसमाथि पनि वाचकले कल्पित फुँदा जोडी-जोडी, रोचक रसिक भयानक वाणीको बयान नित्य बिहानैदेखि सुनाउँछन् ।।१।। पुनः उही लोले-पोते (प्रार्थना) वाणी प्रातः सन्ध्या पाठ-गायन गर्दछन् । उनका हृदयमा एक कल्पित नाम को मान्यता नै रहेको छ ।।२।।

रामहु केर मर्म नहिं जाना । ले मति ठानिनि वेद पुराना ।।३।।
वेदहु केर कहल नहिं करई । जरतई रहे सुस्त नहिं परई ।।४।।

अर्थ– साँचोराम खास हृदयवासी चेतन जीव हो भन्ने यथार्थ हाल यिनलाई थाहाभएन । यसैले मन-कल्पित अनेक विषय-वार्ता जोडी ग्रन्थ रचना गरे । उही तथाकथित कुरालाई नै यिनीहरूले सत्य ठानेका छन् ।।३।। अरु अचम्मको कुरा यो छ–वेदैले बताएका शुभाचरणहरूको पनि यी पालन गर्दैनन्, केवल वेदको पाठ र पुस्तकको पूजा गर्नु नै पर्याप्त ठान्दछन् । अन्धश्रद्धा-कामनावश लोभ-अहंकार, पीर-तापमै सदा जलिरहन्छन् । रत्ती-भर शान्ति-सन्तोष पाउँदैनन् ।।४।।

अरू– ऋग्वेदमा सदाचार आदिका निर्णय वचन धेरै आएका छन् । ती मध्ये केही हुन्– "म सबैको आदर नमस्कार गरौं...... [१।६।२७] । त्यो सत्य चैतन्य-यज्ञमा जागेर हामीलाई आश्रय देउ... [१।५।२१]। मेरो वाणी सत्य र मधुर होस [२।६।३०]। सदादेखि एकसाथ रहने औंलाहरू असंख्य कर्म गर्दछन्। (समता मेल प्रेम र साहस पुरुषार्थको शिक्षा) [१।११।६२।१०]"–यस्ता वचन पनि पालन गर्दैनन् ।

साखी– गुणातीत के गावते, आपुहि गये गँवाय ।
माटीका तन माटी मिलि गौ, पवनहिं पवन समाय ।।६१।।

अर्थ– बिना पारख यी भ्रान्त-बन्धुहरूले गुणातीत–गुण-रहित निर्गुण आत्मा भन्दाभन्दै स्वयं ज्ञान-गुण सम्पन्न चेतन जीवलाई पनि यौगिक हो भनी शून्यमा मिलाएर आफैंलाई भुले, चेतनको स्थिति नै गुमाए । अन्त्यमा स्थूल जड शरीर, जडतत्त्व मैं मिल्यो, प्राणवायु-वायुतत्त्वमा शम भयो, भनी वाणीले मात्र चेतनलाई शून्यमा मिलाई मौन भए । तर कुराले शून्यको स्थिति लिंदैमा वस्तुरूप चेतन पनि कहीं शून्य हुन्छ र? अध्यासवश दोस्रो गर्भवासमा डेरासर्न विवश बनिहाल्दछ ।।६१।।

अरू– वाणीको जालमा अनन्त भ्रान्ति-मान्यता र अज्ञान-रूप गाँठैगाँठाले जीव कसिएका हुनाले तिनलाई यो सारै अल्भो भइरहेछ। यसैबाट हृदयमा "ब्रह्मग्रन्थि, भोगग्रन्थि र जडग्रन्थि-रूपी ठूल-ठूला गाँठा परेका छन्। यिनै ग्रन्थिमा स्वयं मस्किई अतिशय कसिएका कुरा मानिसलाई होशैछैन। अनेक मान्यताको नशा सारै मोहक छ, जीवले दुःख र बन्धन पनि उल्टै सुख सत्य सुन्दर र अद्वितीय भूषण सम्झिरहेछ। यो ग्रन्थिबाट छुटी फुत्कन, आफ्नै भित्रबाट स्वतन्त्र विवेकशक्ति जगाउनुपर्दछ, कसैको डर-धाक, प्रलोभनमा पर्नु हुँदैन। विवेकबाट सत्य ठहरिएका कुरामा निर्भयतापूर्वक वीर बनी अविबद्ध्नुपर्दछ। यिनीहरूले जड-को गुण-धर्मदेखि सर्वथा पृथक, ज्ञान-गुण सम्पन्नको चेतनलाई गुणीभन्दा दोषारोपण हुन्छ भन्ने भयले गुणातीत भन्नथाले। उस-को नित्य ज्ञानगुणलाई यौगिक धर्म भनी पन्छाइदिए। आत्मा अस्तित्वमात्र हो, सबैको अस्तित्व एक हो भनेर आखिर जड-चेतन एकमा मुछ्नथाले। अन्त्यमा सबैलाई मिटाएर 'शून्य आकाशवत्' भनी नाममात्र ब्रह्म राखे, वस्तु उही शून्यलाई नै अँगाले। यसैले शङ्कर स्वामीलाई रामानुजी मध्वाचारीहरूले' प्रच्छन्न बौद्ध भन्ने नामको उपाधि दिनुभएको होला।

वास्तवमा यसरी वाक-विलासबाट मिलाउँदैमा पदार्थरूप चेतन शून्यमा कहाँ मिल्न सक्तछ र? सबै आ-आफ्ना गुण धर्म-युक्त नै द्रव्य रहन्छन्। गुण-गुणी, धर्म–धर्मीको समवाय सम्बन्ध रहने हुनाले तिनको कहिल्यै फाटो हुँदैन। चेतन जीव भूलवश आज शरीरको साथमा छ र पनि उसको ज्ञानगुण छँदैछ, जानी-जानी सबै कार्य गरिरहेकै छ। निर्वासनिक स्थिति र विदेहमुक्ति-मा पनि उसको ज्ञानगुण लोप हुने होइन, ज्ञानको ज्ञानै रहेको*

---

* – "ज्ञान वर्जिता ज्ञानहीनचिद्, ज्ञानमस्ति किं ज्ञातु मन्तरम्।" [महर्षि रमण]

हुन्छ, जस्तो सूर्यको स्वरूप कहिल्यै परिवर्तन हुँदैन। अतएव तिमी चेतन स्वरूप हुनाले बृहत्–ब्रह्म त हुँदै ह्वौ, तर व्यापक अद्वैत निर्गुण गुणातीत बन्ने मिथ्या कल्पनामा नपर। शरीर रहेसम्म आफूलाई अलिप्त सम्झी मनमानी अयोग्य कुत्सित-कार्य नगर। यही हो–ज्ञानीको परम सुधार।

पद्य–६१

धर्मको कथा विद्वानहरू, सुनाई रहन्छन्।
लवरी वाणी सबेरैं उठी, दिनहुँ कहन्छन्॥
सबेरैं साँझ लवरी वाणी, अभ्यास गर्दछन्।
लबरी एक हृदय बीच, वास छ भन्दछन्॥

रामको पनि जानेनन् भेद, न गर्दा विवेक।
बुद्धिले गर्मी पुराण वेद, रचे ती अनेक॥
वेदले पनि भनेका कुरा, ती रत्ति लिंदैनन्।
निरन्तर जली रहन्छन् कहैं! ती शान्त हुँदैनन्।

श्लोक– गान गर्दा गुणातीत, आफैं त्यो गुमि हाल्दछ।
माटो शरीर माटैंमा, वायुमा वायु मिल्दछ॥

□

रमैनी–६२

जो तू करता वर्ण बिचारा। जन्मत तीनि दण्ड अनुसारा॥१॥
जन्मत शूद्र मुये पुनि शूद्रा। कृतम जनेउ घालि जग धन्दा॥२॥

अर्थ– यदि तिमी श्रेष्ठ मानवलाई पनि वर्ण-व्यवस्थाकै आधारमा 'सानो र ठूलो' भन्दछौ भने नवजात बालक अवस्थामै उच्चता-नीचताको सूचक त्रि-दण्डको चिह्न वा निसानी लिई आएका हुनुपर्थ्यो॥१॥ त्यसो नभई, जन्मदा सबै शूद्रसमान र मर्दा पनि शूद्रैसमान हुन्छन्।* खालि यहाँ कर्मकाण्डका कल्पनाले काँधमा जनै लगाई हामी ठूला हुँ भन्नु-एउटा बालकको खेलसमान भइरहेछ॥२॥

* – 'जन्मनाज्जायते शूद्र… … … … …।'

अरू– वर्ण व्यवस्थाका आधारमा आफूलाई श्रेष्ठ सम्झी गमक्क पर्नेहरूलाई गुरु कबीर चुनौती दिई भन्नुहुन्छ–यदि तिमीहरू विवेकरहित ब्राह्मण-क्षत्रिय आदि वर्ण-व्यवस्था मान्दछौ भने, एक त विश्वमा विभिन्न थरीका मानव छन्; ती सबैलाई कुन-कुन वर्ण एवं व्यवस्थामा वर्गीकरण गर्ने हो? किनभने आजको यो विश्व आदान प्रदान, सङ्घ संङ्गठन एक हुनआएको युगमा विधान बनाएपछि मानवमात्रको हितकारी र सुहाउँदो एउटै विधान बनिनु पर्छ । दोस्रो–जन्मदैमा वाल-बालिकाहरूले हिन्दू शास्त्रानुमोदित श्रुति तथा मनुस्मृतिमा चर्चित त्रिदण्डको चिह्न* साथै लिई आउनुपर्थ्यो । वा उत्तिकै अग्ला होचा हुनु पर्थ्यो। यसो नभएर सम्पूर्ण मानवको शरीराकृति, अवयव तथा इन्द्रियादिका रचना, शरीर बन्ने उपादान (रज-वीर्य) आदि सब्र सर्वत्र समान भावले एकनास नै पाइन्छन् । तब कुन निर्णयको आधारमा वर्ण-व्यवस्था निर्धारण गर्ने ? अथवा उत्तम मध्यम कनिष्टको विभाजन गर्ने ?

जसलाई शूद्र अछूत भनी भूल-अज्ञानवश समाजले 'अपमान उपहास, छिः- छिः र दूर-दूर' गर्दछ, उही शूद्रको शरीर र ब्राह्मणादिको शरीरमा के कति फरक छ र? जन्मदा सबै एकै प्रकारका मल-मूत्रको थैला र द्वारबाट आएका हुन् तथा एकैसमान हाड छाला रगत मासुको डल्लो शरीरलिई बाहिर निस्के । अनि जस्तो शूद्र; उस्तै ब्राह्मण; जस्तो शूद्र जन्मदाको गतिविधि, त्यस्तै ब्राह्मणका जन्मकालको परिस्थिति ! मृत्यु पनि एकै प्रकार र

* – ब्राह्मण-बालकको बेल वा पलासको कपालसम्म लामो, क्षत्रिय बालकको वर वा खएरको निधार सम्मको र वैश्यको पिलु वा गुलरको नाकसम्म लामो दण्ड-लठ्ठी हुन्छ भन्ने मनुस्मति अ. २।४४–४५ अनुसार कै उँचाई–कदका बालक जन्मनु पर्ने । अथवा काय, वचन, मन–तीन प्रकारकै दण्डपूर्वक(ती तीनको संयम भएर) जन्मेका हुनुपर्थ्यो; त्यस्ता जन्मेका त पाइँदैनन् ।

मृत्युवाद पनि शरीरको उस्तै स्थिति । पछि मुर्दा शरीर सडी, गली कुहिई दुर्गन्धी बन्ने वा खरानी-माटो बन्ने, इत्यादि सबैको एकै रीति हुनाले जन्मदा र मर्दा सब एकनास शूद्रै हुन्, अछूत् हुन् (केवल अभिमान र अज्ञानको पोषणरूप कर्मकाण्डले व्रतबन्ध आदि संस्कार गरी यज्ञोपवीत-जनै लाएका) नाताबाट हामी ठूला, ब्राह्मण-क्षत्रिय ह्वौं, अरू सबै तल्लातहका अछूत हुन् भन्ने मनगढन्त कल्पना गर्नु सारै अयोग्य हो । वास्तवमा मानिस जन्मका नाताले सानो-ठूलो हुँदैन, सत्य आचार-विचार र ज्ञान-गुणादि श्रेष्ठ कर्तव्यले नै श्रेष्ठ हुनसक्तछ ।

जो तू ब्राह्मण ब्राह्मणीको जाया । और राह दे काहे न आया ।।३।।
जो तू तुरुक तुरुकनिको जाया । पेटहिं काहे न सुन्नति कराया ।।४।।

अर्थ– यदि तिमी ब्राह्मणीबाट जन्मदैमा आफूलाई ब्राह्मणको हाड, म जन्मजात श्रेष्ठ ब्राह्मण हुँ, भन्दछौ भने सर्वश्रेष्ठ बन्नलाई अरू नै द्वार–मुख वा ब्रह्मरन्ध्र आदिबाट किन न जन्मेका ? ।।३।। मुसलमान पनि असली मुसलमाननीबाट जन्मेको म पाक–झर्रो मुसलमान हुँ भन्छौ भने गर्भैदेखि सुन्नति (खतना) भएर किन आएनौ र यहाँ जन्मेपछि पाखण्ड कर्म गर्न परेको ? ।।४।।

अरू– "विराट् भगवान्का मुखबाट ब्राह्मण, हातबाट क्षत्रिय, तिघ्राबाट वैश्य र पैतालाबाट शूद्र पैदाभएका" भन्दछन्; तर त्यो कल्पनामात्र हो । ती कुरा साँचा भए आजपनि उसै प्रकारबाट पैदा हुनेथिए । पुराणमा वर्णन भएको छ–"कमलबाट ब्रह्मा, गणिकाबाट वशिष्ठ, दासीबाट नारद, माझिनीबाट व्यास, क्षत्राणीबाट विश्वामित्र, शूद्रिनीबाट भारद्वाज, दस्यूनी (पासिनी) बाट वाल्मीकि, घडाबाट अगस्त्य, धेनुबाट गौतम, हरिणीबाट श्रृङ्गी, आदि ऋषि मुनिहरू, उत्पन्न भएका हुन् ।" ब्रह्मादेखि लिएर हिन्दूधर्मका मूर्द्धन्य समस्त ऋषि-महर्षिहरूका उत्पत्तिको क्रम यस्तो रहेछभने

अब मुखबाट जन्मेका कुन् महापुरुष रहेछन् त ! कि त ती कुरा र पुस्तक अर्कै ब्रह्माण्डका हुन् कि ?

वास्तवमा सृष्टि-नियमानुसार सबैको जायजन्म माता-पिताबाटैं भएको हो, भइरहेछ र हुन्छ पनि । पहिलेका निम्नवर्गका मानिस पनि आ-आफ्ना गुण-कर्मले नै ब्राह्मणमात्र होइनन्, महान् देवता, ब्रह्मर्षि, देवर्षिसमेत बनेका थिए । आजपनि आचार-विचार ज्ञान साधनाले नै श्रेष्ठ बनिन्छ र बन्नुपर्दछ, बिना आचार जन्म जातको अभिमान लिई गम्कनु व्यर्थ हो । पुलस्त्य ऋषि-ब्राह्मणको नाति महान् विद्वान् रावण पनि कर्मले राक्षसमा गणना भएको कुरा जगत्-विख्यात् छँदैछ । मुसलमानहरू पनि 'म सिया, तँ सुन्नी..!' भनी अज्ञान-घमण्डका साथ परस्पर लडाइँ मार-काट्सम्म पनि गरिरहन्छन्; यो सर्वथा अयोग्य कर्म हो । अतएव गुरु कबीर का शिक्षा सुनेर भाव राम्रो बुझी, हिन्दू-मुसलमान दुवैथरीले आ-आफ्नो सुधार गरुन्, जाति-पाँतिको गर्वमा नपरुन् ।

कारी पियरी दूहहु गाई । ताकर दूध देहु बिलगाई ।।५।।
छाडु कपट नर अधिक सयानी।कहहिं कबीर भजु सारङ्ग पानी।।६।।

अर्थ– काली र पहेंली (कैली) गाईको दूध दुही एकमा मिलाइसकेपछि, पुनः पृथक-पृथक छुट्याउनखोज्नु, केही गरेपनि सकिंदैन । यस्तै ब्राह्मणका बालक र मुसलमानका बालक जन्मदै एक स्थलमा राखिदियो भने एकसमान हुन्छन्, छुट्याउन सकिंदैन ।।५।। अतएव मानवमात्र एक हुन्, जातिको पक्षलिई गर्वगर्नु व्यर्थ हो । यसलाई सबैले सर्वथा मनको छल-कपट, चतुऱ्याइँ जानी छाडुन् । गुरु कबीर भन्नुहुन्छ-सारङ्ग पानी–हातमा ज्ञान-धनुष धारण गरेका पारखी सद्गुरु र स्व स्वरूप हरिको भजन-भक्ति गर । अथवा कल्पनाका विष्णु, राम आदिको मान्यताबाट भाग-हट ।।६।।

अरू– सारङ्गको अर्थ चालीस भन्दा बढी छन् । गुरु कबीरको पारख सिद्धान्त अनुसार उक्त 'सारङ्ग पानी भज' को सोझै अर्थ गर्दा उहाँको सिद्धान्तमा मेल खाँदैन र पूर्वापर अनेक स्थलमा बिरोध पनि पर्नेहुन्छ । सर्वत्र विवेककै बिगुल फुक्ने पारखी महापुरुषले यस्तो फितलो र बिरोधाभासको कुरा किन गर्नुहुन्थ्यो ! यसैले यहाँ यो शब्दको लाक्षणिक उपर्युक्त अर्थ सम्झनुपर्दछ । 'भज' को अर्थ– 'भजन गर' पनि हुन्छ, 'भाग' भन्ने पनि हुनसक्तछ, 'चले भाजि तब पूप देखावहि' [रा. बालकाण्ड] तथा 'रुपैया भजाकर लाओ' भन्ने पनि भारतमा प्रचलन छ । अतएव माथि अर्थको अनुच्छेदमा लेखिएका दुवै अर्थ मध्ये जुन लिएपनि ठिकैछ।

पद्य–६२

जो तिमी वर्ण विचार गरी, हुँ मन्छौ बाहुन ।
त्रिदण्ड सरी जन्मन्थ्यौ किन– जानेनौ आउन !
जन्मदा शूद्र मर्दामा शूद्र, नीतिले बताउँछ ।
कृत्रिम जनै भिरेर धन्दा–सबको बढाउँछ ॥

ब्राह्मणीबाट जन्मेका, हामी ब्राह्मण भन्दछौं ।
अरू नै द्वारा भएर किन, आएनौ सुन्दछौं !
मुसलमान तुर्कनीबाटै, थियौ त आएका ।
खतना कर्म गर्भकै बीच, किन न भएका !

काली र कैली दुहेर गाई, दूधलाइ मिसाउ ।
ती दुवै दूध पृथक गरी, लौ तिमी बताउ !
कपट छाड हे नर जीव, चलाकी न गर ।
कबीर भन्छन् सारंग पानी–भज भर नपर ॥

रमैनी–६३

नाना रूप वर्ण एक कीह्ना । चारि वर्ण वै काहु न चीह्ना ॥१॥
नष्ट गये कर्ता नहिं चीह्ना । नष्ट गये औरहि मन दीह्ना ॥२॥

अर्थ– नाना रूप– चारखानिका देहको विभिन्न आकृति, कालो-गोरो रङ्ग र डील-डौल आदि सबै एक जीवकै अध्यास–कर्म

संस्कारबाट बने । वर्ण–ब्राह्मण, क्षत्रिय आदि वर्ण पनि जीवकै कल्पनाबाट मानिएका हुन् । ती चारै वर्णका कसैले पनि आफ्नो असली चेतन स्वरूपलाई र उपर्युक्त अध्यास कल्पनालाई चिन्न जान्न सकेनन् ।।१।। आफ्ना सुख दुःखका कर्ता स्वयं हो तथा बाहिर कल्पना गरिएका कर्ता–ईश्वरादि मिथ्या हुन् भन्ने चिन्न जान्न नसक्ता, समस्त प्राणी बरबाद भइरहेछन् । भोग पदार्थ तथा भ्रामक, भ्रमवाणीमा वृत्ति दिंदा, तिनैमा अल्मलिई, सबै मनुष्य बरबाद भए–भ्रान्तिमा परे ।।२।।

नष्ट गये जिह्न वेद बखाना । वेद पढे पर भेद नजाना ।।३।।
बिमलख करैंनैन नहिं सूझा । भया अयान तब किछउ न बूझा।।४।।

अर्थ– वेद बखाना–वेदको तात्पर्य हो ज्ञान, उही ज्ञान-रूप वेदमा पनि "यज्ञादि कर्मकाण्डको विशेष वर्णन र जड चेतन सबैसित स्वार्थ-भोगका सामानकै याचना, राग-द्वेष कल्पना आदि" वर्णन गरिएकाले ती बयान गर्नेहरू नष्ट भए, कल्पनामा परे; अर्थात् वेद–ज्ञानको फल पाएनन् । अरू पनि मानिस वेद पढ्छन् तर त्यसको मर्म जान्दैनन् ।।३। बिमलख–अञ्जन (सुरमा) नेत्रमा लगाउँछन्, तर केही देख्दैनन् (वेद-शास्त्रादि त पढ्दछन्, बिना विवेक हृदय अन्धकार नै रहन्छ)। जड चेतन बन्ध मोक्ष सदाचार ठीक-ठीक जानिएन, गुण-ग्रहणको सट्टा झन् अभिमान मात्र बढ्यो । यसैले अबुझ –अज्ञानीझैं केही नजान्ने देखिए ।।४।।

अरू– वेदबाट पनि आजसम्म "निर्मल विचार, निःसन्दिग्ध निष्कर्ष, सत्य निर्णयको परम प्रकाश, एकरस स्वरूपको बोधरूपी पारख स्थिति" छर्लङ्ग देखाउन सकेनन् । अहिलेसम्म भएका वेद-भाष्य, व्याख्याहरू तथा उपनिषद् शास्त्र पुराणहरूबाट कर्म उपासना योग आदिको निरूपण, आहुति यज्ञ र अद्वैतवाद कर्तावाद अकर्तावाद आदि विवादास्पद तमाम विषयहरू प्रकट भए, तर

संशयरहित मोक्ष हुने कल्याणको राजमार्ग–पारख स्थिति खुलेन। जीवको निम्ति एक अल्झो–झाल नै हुन गयो। अतएव 'नष्ट गए जिन वेद बखाना' भन्ने गुरुवाणी सोह्रै आना सत्य छ। वेदका भाष्यकार व्याख्याता टीकाकार विवेचकहरूले अनेकानेक कल्पना बढाउँदै गए। यज्ञ-यागादिमा अश्व गौ अजादि हवन गर्ने तथा जन्मजात वर्ण-व्यवस्था, ठूलो-सानो, स्पर्शास्पर्शको भावना, वेद र संन्यासमा जाति तथा लिंगको आधारबाट अधिकार, हिंसा, बलि-विधान र यस्तै अरू अनेक प्रकारका वाणीको कल्पना... इत्यादि भ्रमजाल बढ्दै गयो। यही हो–नेत्र शुद्धिको निमित्त अञ्जन लगाउँदा झन् आँखै फुटी निष्पट्ट नदेखिएझैं निर्मल तात्पर्य ननिस्कनु र भ्रमको अन्त्य नहुनु, झन् अरू बढ्दै जानु।

साखी– नाना नाच नचायके, नाचे नटके भेष।
घट घट है अविनाशी, सुनहु तकी तुम शेष ।।६३।।

अर्थ– भ्रामकहरूले सरल-सोझा भावुकजनलाई परमतत्त्व प्राप्ति हुन्छ भनी नाना मत-मतान्तर, कर्म-उपासनादिका अनेक रङ्गमञ्चमा विविध प्रलोभन देखाई-नाच नचाउँछन्। आफू पनि वाणीजालको फेरोमा परी, थरीथरीका भेसमा काटी-कुटी दोस्रो नचुवा बनेर नाच्तछन्। गुरु भन्नुहुन्छ–हे शेषतकी ! सुन, प्रत्येक घटमा अविनाशी चेतन, पुराणपुरुष (नूर-रूह) को रूपबाट विराजमान छ। उसलाई भित्रै हेर, विवेकपूर्वक हिंसा त्याग, कसैलाई नमार, सबै तिमीसमानकै चेतन हुन्। अथवा तिमी सुन, अति गडेर विचार गर ! सबै पन्छाउँदा अन्त्यमा शेष–बाकी बच्ने सार अस्तिमात्र चेतनतत्त्व तिमी नै ह्वौ ।।६३।।

अरू– यो रमैनीको भाव हो–जाति वर्ण मिथ्या हुन्। कल्पनाद्वारा गरिएका मान्यता सबै मनुष्यकै भ्रम-समझ, अज्ञानको देन हो। वेदादि वाणी-बनको झालमा अल्झेपछि त्यहाँबाट निस्कन

बिना पारख सारै कठिन छ ।* तिनैमा अल्झेका भ्रान्तजनले सबै-लाई कल्पना-मान्यमा नचाई, स्वयम्समेत सहर्ष नाचिरहेछन् । सबैका घट-घटमा अविनाशी जानक जीव चेतनको निवास छ । अतः कुनै पनि अबोला पशु-पक्षीलाई नसताउ-नमार । आफ्नै भित्रको सत्य-सार, चेतन (रूह)लाई जान, सदाचरणसम्पन्न बनी, स्वयं स्वरूप ज्ञानमात्रमा शान्तभई बस ।

पद्य–६३

अनेक थरी रूप र वर्ण, बनाए एकैले ।
ती चार वर्ण यस्तो हो भन्ने, चिनेनन् कर्ताले ।।
विनष्ट भए चिनेनन् कर्ता, कल्पना लिएर ।
विनष्ट भई गए ती मन- अर्कैमा दिएर ।।

विनाश भए बखानी वेद, विवेक भएन ।
पढ्न त पढे वेदको भेद– जानेनन् खुलेन ।।
विमल चक्षु बनाउँ भन्दा, आँखै पो बन्द भो ।
अजान भए भएन बूझ, समझ मन्द भो ।।

श्लोक– नाना नृत्य नचाएरै, नाच्तछन् नट वेशमा ।
घटै घट अनाशी छ, सुन शेखतकी जमा ।।

✻

रमैनी–६४

काया कञ्चन जतन कराया । बहुत भाँतिके मन पलटाया ।।१।।
जो सौबार कहौं समुझाई । तै यो धरो छोरि नहिं जाई ।।२।।

अर्थ– शरीर सुन्दर-सुवर्णसमान, आरोग्यमय र अमर बनाउने योग्य भ्यासीजनले सारै मेहनत गरे, गर्न लगाए । यस्तै क्रिया र प्रलोभन दिई-दिई सरल-भावुक जीवको मन पनि विवेकको माध्यमबाट घुमाइदिए ।।१।। तर 'यो काया अमर बनाउने कुरा असम्भव हो । यस्ता व्यर्थका कल्पनाका पछि नलाग, कल्याणकै प्रयत्नमा अघिबढ' भनी मैले सयौं पटक सम्झाउँदा पनि यी

---

* – द्रष्टव्य– 'वाणीबाट पार पाउन सकिन्न...।' [ऋग्वेद १०।१०।११४।८]

आफ्ना ढिपी छोड्दैनन्, यिनी आशावश भ्रान्ति-कल्पनाकै पछि मरिमेट्तछन् ।।२।।

अरू– भोगीजन, शरीरलाई हृष्टपुष्ट बलवान् सुन्दर बनाउन अभक्ष-भक्षण, मलय-लेपन, अङ्गमर्दन्, दण्ड मुद्गर कसरत गर्दछन् । वस्त्र आभूषण श्रृङ्गारादिद्वारा शरीर सुसज्जित बनाउनमै अमूल्य समय बिताउँछन् । साथै धन-मानका निमित्त पनि मरिमेट्तछन् । अर्का योगाभ्यासीजन खान-पान, व्यायाम तथा हठयोगादि साधनाद्वारा सुन्दर आरोग्य दीर्घजीवी बन्न र मन-कल्पित ऋद्धि सिद्धि आदि नाशवान् ऐश्वर्य प्राप्तिका लालचमा, आफ्नो कल्याणको महान् साधना–मन शमनगरी स्व-स्थिति–बनाई मोक्षहुने अमूल्य समय व्यर्थ बिताउँछन् । विरक्तदशामा आएर पनि अबोध जीवसमान 'यी उनैका भाइ' भइरहेछन् ।

जनके कहे जन रहिजाई । नौ निद्धि सिद्धि तिन पाई ।।३।।
सदा धर्म जाके हृदया बसई । राम कसौटी कसतहिं रहई ।।४।।
जोरे कसावै अन्तै जाई । सो बाउर आपुहि बौराई ।।५।।

अर्थ– (योगीजन भन्दछन्–) "योगी गुरुका वचन पालन गरी योगाभ्यासमा निमग्नरहने साधकलाई पद्म, महापद्म आदि नौ निधि र अणिमादि अष्टसिद्धि प्राप्त हुनेछ" ।।३।। योगधर्मका दृढ निश्चयवान् साधकलाई भगवान्ले बीच-बीचमा परीक्षा लिंदैरहनु हुनेछ । यस उसले साधनाबाट शीघ्र सिद्धि नमिलेपनि योग मार्गबाट विचलित नहुनु ।।४।। 'जो साधक, साधनाबाट हरेसखाई अन्य गुरु कहाँ परीक्षा गराउन गयो वा साधनाबाट बिचलित भयो भने त्यो अबुझमति आफैं बहुला हुनेछ ।' इत्यादि प्रलोभन र भय देखाई तर्साउँछन् ।।५।।

अरू– शरीर हृष्ट-पुष्ट गराउने, सुन्दर राख्ने, अमरत्व प्राप्ति गर्ने, ऋद्धि-सिद्धि लाभ लिने–इत्यादि भावना सबै अज्ञ-

मनकै प्रलोभन हुन् । यसबाट आफ्नो परम कल्याणको साधना गर्ने अमूल्य समय-बरबाद गर्नुमात्र हो । प्रारब्धकर्मको विवशता पनि त सबै जीवको साथमा लागेको छ, त्यो कहाँ जान्छ नि ? आफूले पूर्वमा गरेका शुभाशुभ कर्मको फल भोगगर्न समस्त प्राणी विवश छन् । यदि कसैले प्रारब्ध-भोग भन्दा बढ्ता सुखी धनी निरोग र उच्चपद दिलाउनसक्ने कुरा सत्य हो भने पूर्वमा आफैं-ले गरेका सम्पूर्ण कर्म निरर्थक हुनजानेभए, कर्मफल भोगको शाश्वत सृष्टि-नियम नै भङ्ग हुनजानेहुन्छ ।"×

साखी– ताते परी कालकी फाँसी, करहुन आपन सोच ।
जहाँ सन्त तहाँ सन्त सिधावै, मिलि रहै धूर्तहि धूत ।।६४।।

अर्थ– (गुरु भन्नुहुन्छ–) यसैले सोझा-सरल जीवहरू यस्तै भ्रामकजनद्वारा भ्रान्ति-कल्पनाको पासोमा परी मस्किरहेछन् । हे सुज्ञ! अब तिमी स्वयं जीवकै कल्याणको फिक्रीगर । यो सम्झ! संसारमा विवेकी सन्त-सज्जनका निकट, सज्जन मुमुक्षु पुरुष नै पुग्दछन् । धूर्त, प्रलोभक जनका समीपमा उस्तै लालची व्यक्ति पुग्ने हुन्छन् ।।६४।।

अरू– लोभी केरे गाँवमें, ठग नहिं परै उपास ।
जो जेहि मतके लोभिया, तेहि घर ठगको वास ।।
[कबीर परिचय]

"हिंसक, चोर, जुआरीहरूलाई म देखि टाढा गरिदेउ। चोर लुटाहा दस्युहरूलाई मेरा बाटाबाट हटाइदेउ । क्रोधीलाई कुल्ची-मिल्ची पार ।" [ऋग्वेद १।८।४२]

तिमी कुनै मोह-लालचमा नपर, आफैंतिर फर्क । सोच ! आजसम्म तिमी सबैका ढोकामा पुग्यौ, सबैसित चोचो-मोचो

×– "स्वयं कृतं कर्म यदात्मनापुरा, फलंतदीयं लभते शुभाशुभम् ।
परेणदत्तं यदि संस्कृतं स्फुटं, स्वयंकृतं कर्म निरर्थकं तदा ।।"

मिलायौ, तर एउटा आफ्नै भित्री ढोकामा पुगी घचघच्याएनौ; आफ्नै वास्ता गरेनौ। धेरैलाई चिन्यौ, किन्तु आफैंलाई चिन्न-सकेनौ। सबै काम गर्‍यौ, एक काम गरेनौ, त्यो हो– आफू आफ्नै होशमा रहने, सदा स्वयम्‌को भावमा रही-रही प्रारब्धयात्रा पूर्ण गर्ने। यही एक काम बिना तिम्रो सबै काम, सारा परिश्रम सित्तैं भइरहेछ। जाग, सुख-सम्मान, अनुकूलतामा जाग्नभन्दा दुःख, अनादर, प्रतिकूलताको समय सावधान हुन-जाग्न सजिलो हुन्छ। चतुरो भई चाँडो आफ्नो होश सह्माल। पारखी सन्त पुरुषका सत्सं-गबाट सार सत्य चेतन तत्त्व र शुभ गुण, सम्यक सदाचारलाई राम्रो चिनी-जानी अँगाल, त्यहीं स्थिति बनाउ, यही हो– आफ्नो सोच-फिक्री गर्नु भनेको।

पद्य–६४

कञ्चन काया गराउँ भनी, गरे थे यतन।
अनेक युक्ति गरेर मन, पल्टाए पतन॥
जो सय बार सम्झाई भन्दा, नबुझने तैपनि।
धारण गरी राख्तछन् भ्रम, अटेरी भैं यिनी॥

गुरुको शिक्षा जो जन लिई, रहन्छ अडेर।
नौ थरी निधि र अष्टसिद्धि, आउँछ लडेर॥
सतत धर्म बस्तछ जसको, हृदय बीचमा।
रामले लाउँदै रहन्छन् कसो, कसौटी बीचमा॥

जो अन्त गई परीक्षा लिन्छ, गुरुको ज्ञानमा।
त्यो अज्ञमति बौलाई आफैं, पर्नेछ घानमा॥

श्लोक– यसैले कालको पासो – पर्‍यो जोह स्वयं गर।
सन्त सन्तै कहाँ जान्छन्, धूर्त धूर्तै मिलान र॥

रमैनी –६५

अपने गुणको अवगुण कहहू। इहै अभाग जो तुम न बिचार हू ॥१॥
तूँ जियरा बहुतै दुःख पावा। जल बिनु मीन कौन सँच पावा ॥२॥

अर्थ– हे जीव ! तिमी आफ्नो ज्ञान गुणलाई पनि मेट्न खोजेर अवगुण–गुणरहित निर्गुण आकाशवत् हुँ भन्दछौ । यही तिम्रो आफैंलाई होच्याउने विशेष अभागीपनाको लक्षण हो । यस कुराको रत्ती होश गर्दैनौ ! ।।१।। तिमी जियरा–अनाथ, बेहोशी भएर नै सार्‍है संकष्ट सहिरहेछौ । बिना पानी कुन माछोले सुख-शान्ति पाएको छ ? विचार गर ! ।।२।।

अरू– चेतन जीवको स्वतन्त्र मौलिक ज्ञान-गुण शरीररूपी साधनको सम्बन्धमा स्पष्टतया विदितै छ। यस्तै विदेहमुक्ति स्थितिमा पनि चेतनस्वरूप नित्य एकरस ज्ञानमात्र रही नै रहन्छ। त्यस अवस्थामा साधनाभावले जान्ने र जनाउने काममात्र रहँदैन। यस्तोमा पनि 'चेतन जीवको वास्तवमा कुनै अस्तित्व नै छैन, कुनै वस्तु नै होइन, भन्ने कल्पनामा पर्नु भारी भूल हो। अथवा चेतन शब्दलाई ब्रह्ममा परिवर्तन गरी, त्यो ब्रह्म-व्यापक निर्गुण निराकार छ, भन्नुपनि एउटा अविवेकको चिह्न दर्शित हुन्छ । पुनः जीवलाई आभास, अन्तःकरण विशिष्ठ, अंश, परिछिन्न, छायासमान हो भनी, उसको अस्तित्व नै लोप गराउँन खोज्दछन् । यसैले यिनको सिद्धान्त जगैदेखि बिग्रनगई, ब्रह्मअद्वैत बनेर जडतत्त्व पनि त्यसैमा मिलाई; शून्य भनी सृष्टिको मुख्यबीज बन्दछन् । यसबाट पुनः-पुनः आवागमनमा चक्कर-काटिरहिने हुन्छ ।

दोस्रो– स्वयम् अंश, अल्पज्ञ झिल्कोसमान बनी, आफैंलाई असमर्थ बेकम्मा ठानी; सृष्टि स्थिति संहारकर्ता, सुख-शान्ति, मुक्ति-गतिका दाता अरू नै कहीं कोही छन्, भनी कोही-कोही परमुखापेक्षी बनिरहेछन्। कति त स्वयं मानवका गुण– दया क्षमा विवेकादिलाई तिलाञ्जलि दिई, आसक्त अहंकारी बनी, भोग-जालमै लुट्पुटिइरहेछन् । 'धर्म ज्ञान वैराग्यादि साधना त उनैका

कृपाले मात्र हुने हो,* उनले जहिले राम्रो बाटो देलान्, प्रेरणा गर्लान्; उसै समय हामी पनि ज्ञान वैराग्यमा पूर्ण रीतिले लागौंला भनी टार्दछन्; यही मानिसको भाग्य-हतपना हो। ती तैपनि आफूतिर रत्ती विचार गर्दैनन् अब तिमी त जाग, होशमा आउ, स्वयंको मुख्य काममा रत्ती पछि नहटी, कटिबद्ध बनिहाल।

मानव, योग्य काम जे गर्न पनि समर्थ छ। तिमी उही मानव शरीरधारी चेतन ज्ञानस्वरूप द्रष्टा स्वतन्त्र अनादि शाश्वत पुराण पुरूष ह्वौ। भूल-वश आफैंले खानी-वाणीको जाल खडागर्‍यौ। अब गुरुदेवबाट पारखदृष्टि प्राप्त गरी, सबैदेखि पृथक होउ, आफ्नो हंसगुणरूपी पानीमा चुर्लुम्म डुब, संसार-सागरबाट पौडिखेली पार-लाग। आजै समस्त वासना-आसक्ति, कल्पना-भ्रान्तिबाट फुत्क, स्वतन्त्र सम्राट् बन! आफ्नै ज्ञान-गुण द्रष्टा-स्थितिमा निमग्न रही शान्ति-सुख लेउ। आफैं आफू मुक्तिमा सदाको लागि स्थिर बन।

यो सबै अरू कसैले दिएर दिइने वस्तु होइन, दिने कोही अरू कहीं छँदापनि छैनन्। अरूबाट पाउँछु कि भन्ने मानव-मनको कल्पनामात्र हो। यस कार्यमा केवल स्वतन्त्र विवेकबाट काम लिनुपर्दछ। पारखी सन्त-गुरुको शिक्षा-सहारा (मार्ग-दर्शकको निर्देशन)को बीच-बीचमा आवश्यकता छ। बाकी सबै कल्याणको परम लाभ प्राप्तगर्ने तिमी नै ह्वौ।

चातृक जलहल आसैपासा। स्वाँग धेरै भव सागर की आशा ॥३॥
चातृक जलहल भरै जो पासा। मेघ न बरसै चलै उदासा ॥४॥

अर्थ– काकाकुल पक्षीको चारैतिर जलले भरिपूर्ण भएपनि ऊ त्यो पानी पिउँदैन, स्वाति-बूँदकै आशामा रहन्छ। यस्तै भ्रान्त जीवका नजिकमै रात-दिन पारखज्ञानको सत्सङ्गरूपी जल छेलो-खेलो भएपनि त्यो सुन्ने-लिने होइन। अनेक स्वाङ–नकली पंच-

* – ये गुण साधन ते नहिं होई। तुम्हरी कृपा पावहिं कोइ कोई। [रामायण]

विषयको भोग र कल्पनाद्वारा ब्रह्म बन्ने लहड्मै दौडिरहन्छ । कारण– उसको पुनरपि संसार-सागरमै दु:ख भोग्न आउने बीज– आनन्द र महत्वाकांक्षा सूक्ष्मरूपबाट छँदैछ ।।३।। दोस्रो काकाकुलको अति समीपमा जलपूर्ण तलाउ किन नहोस्, तर त्यो त्यहाँ पानी पिउँदैन, स्वाति-वृष्टिकै आशा गर्दछ । कदाचित् स्वाति नक्षत्रमा पानी बर्सेन भने बरु प्यासै निराशभई उडदछ । ठीक यस्तै विवेकी साधक पनि सांसारिक सब सुख भोग-विलास उपलब्ध होस् अथवा ब्रह्म, वैकुण्ठ, सायुज्यमुक्तिको कसैले प्रलोभन देखाउन्, किन्तु उनी निर्णय पारखको सत्संग पाएमात्र विश्राम लिन्छन्, नत्र तथाकथित खानी-वाणीका विस्तारक सर्व कुसंगबाट नैराश्यतापूर्वक फरकै रहन्छन् ।।४।।

अरू– भ्रान्त जीव बनौटे काकाकुलसमान हुन्छन् । सत्य-निर्णयका सत्संग र शुभाचरण, ती रुचाउँदैनन् । यथार्थमा विवेकी हंस जीव नै सच्चा चातक हुन् । ती निर्णय, सत्संग र कल्याणको साधना गर्न नपाए उदास रहन्छन् । विषयासक्ति-अभिमान र वाणीजालका प्रवृत्तिको परिणाम भवसागर हो भन्ने सबैलाई थाहा भएकै कुरा हो । अविद्या-ग्रस्त मनले रचना गरेका भ्रान्ति-कल्पनाबाट कुनै इष्टको आधार मानेतापनि आखिर कल्पनाको धाम कतै नभई, कहीं स्थिति नहुनाले फेरि फर्केर संसारमा आउँनै पऱ्यो– पर्दछ । यदि ब्राह्मी स्थिति वा निर्वाणको परिकल्पना गरेपनि मनले कल्पना गर्दैमा न चेतन जीव फुले र व्यापक बनी संसारभर पूर्ण बन्दछ, न वस्तुरूप सत्य पदार्थबाट मिथ्या शून्य अवस्तु बनी अन्त्यमा विलाएर जाने नै हुन्छन् । बरु अन्यत्र कहीं स्थिति नहुनाले खानीको अभ्यस्त भ्रान्त जीव सोझै गर्भवासरूप संसार सागरमा अवश्य आउँछ, उसलाई शरीर नलिई सुखैछैन । यसैले भन्नुभएको हो– 'भवसागर की आशा' ।

"ज्ञानमात्र चेतन स्वयं ज्ञानप्रकाशरूप अखण्ड अक्रिय अचल दुःख-सुखदेखि पार छ" यस्तो शुद्ध स्वरूप हुनाले जस्तो यो छ, उस्तै निर्णय-ज्ञान प्राप्त गरेर शुद्ध आचारसहित स्व-स्थिति बनाएमात्र परम कल्याण हुनेछ । गुरु विशालको वचन पनि छ–

"ज्ञानमात्र सो स्वयं प्रकाशी, निरअधार सो अचल पार दुःख ।
बिन ठहरे तहँ जानि मिलै कस, सदा स्मरण निश्चय विष झुख ।।
कथन धारणा एकमें लावै, तब ही अटल न टल घुख ।
पारख थीर सो आप बिराजै, जसका तस लखि भरम न ढुख ।।"

[भवयान १३।१२]

रामनाम इहै निजु सारा । औरों झूठ सकल संसारा ।।५।।
हरि उतङ्ग तुम जाति पतङ्गा। यम घर कियेहु जीवको सङ्गा ।।६।।

अर्थ– (पूर्व पक्षी-) एक 'रामनाम-हरिस्मरण' नै सार छ, अन्य समस्त संसार मिथ्या हो ।।५।। (गुरु भन्नुहुन्छ-) पुतली नष्ट हुने कारण–अग्निको तीव्र ज्वालासमान एक विषयासक्ति र अर्को तिम्रो त्यो मन-कल्पनारूप 'हरि-राम' आदि नै अग्निकुण्ड भइरहेछन् । तिमी त्यहाँ हरदम पिल्सी-पिल्सी मर्ने पुतलीका जाति समान भयौ । यम घर–भामिनी र भ्रामकहरूका साथ-सहवासमा तिमीले आफ्नो स्थिति बनायौ; जन्म-जन्म-जीवनभर तिनैका साथमा बितायौ ।।६।।

अरू– पूर्व पक्षीको सिद्धान्तमा "संसार झुट्टाहो, दृष्टिमात्र बाट पल-पल सृष्टि भइरहेछ, यसको अतिरिक्त रामनाममात्र सत्य सार छ ।" भन्ने हुनाले गुरु कबीर भन्नुहुन्छ–जुन संसारलाई तिमी झुट्टा हो भन्छौ, वास्तवमा त्यो द्रव्यरूपले मिथ्या होइन, संसार प्रवाहरूप सत्य हो; यो केवल परिवर्तनशील छ । यो कारणरूपबाट नित्य र कार्यरूपले अनित्य छ । कार्य पदार्थ बन्ने-बिग्रने भइ-रहन्छन् । यसदेखि भिन्न बरु यिनले सार सत्य भनेका 'राम, हरि'

आदि नै मनका कल्पना हुनाले मिथ्या हुन्, नामै-नाममात्र हो । यस्तै कल्पनालाई सत्य मानी कल्पना-ज्वालामा हुम्मिने जति पुतलीझैं बनी पिल्सिए–जले, जडाध्यासी भई चौरासी गए । यथार्थमा सत्य राम हाम्रै हृदय भित्र छ, यसैलाई गुरु पारखद्वारा जान; यसैलाई सार सत्य अपरोक्ष बुझेर हृदयमा स्थिति बनाई शान्तिका साथ बस ।

किञ्चित है सपने निधि पाई । हिय न समाय कहाँ धरौं छिपाई ।।७।।
हिय न समाय छोरि नहिं पारा । झूठा लोभ किछउ न बिचारा ।।८।।

अर्थ– स्वप्नसमान लौकिक नश्वर सम्पत्ति, पद-पत्नी परिवार पाएर, भ्रम मान्यतामा केके न पाएँ भन्ने सम्झी मानिस हर्षले उम्लन्छ । स्वप्न-धन कहाँ लुकाउँ ? अरूले खोस्छन् कि ? भनी सशंकित हुन्छ ।।७।। पुनः त्यो मनोमय-हर्ष, भित्र अटाउँदैन र 'कसलाई देखाउँ, कसले हेरिदेलान्' भन्ने ठान्दछ । अरूले लिइदेलान् भन्ने भयले देखाउन पनि सक्तैन । मफतमा लोभले अति आसक्त र मिथ्या अहंकार-वश मैमत्त पारिदिन्छ । तर के गर्ने ! मनुष्यले यो अज्ञानताको विचार गर्नसक्तैन ।।८।।

अरू– बाह्य भोग-सम्पत्ति क्षणिक हुन् । यिनमा हर्ष-शोक मान्नु अबोधपना हो । परमार्थ-मार्गमा पनि आजको किंचित् प्रगतिमा हर्ष भयो भने 'यो कसलाई भनौं ? कसले सुनिदेला ?' भनेझैं हुन्छ । त्यो एक मनोवृत्तिको लहरबाट, वास्तवमा केही पाइएको र प्रगति भएको हुँदैन, व्यर्थ हर्षोल्लासमा परिएको हुन्छ। यथार्थ विवेकको उपलब्धि भएपछि एकदम झल्याँस्स होइन्छ, अनिमात्र ठान्दछ–'म नाहकै उम्लेको रहेछु ।' अतएव खानी वाणीका सबै सम्पत्ति स्वप्नका दृश्यसमान नै हुन् । यथार्थमा सत्य सार हृदय भित्रको सम्पत्ति चिनेपछि त्यस्तो झुट्टो मोह अज्ञानमय हर्ष-विषादमा पर्ने होइँदैन । अनुपम अपार स्वरूपज्ञानको अखण्ड लाभ पाई, हृदय तृप्त-शान्त हुन्छ ।

सुमृति कीह्न आपु नहिं माना। तरुवर तर छर छार हो जाना ॥९॥
जिवदुर्मति डोले संसारा। ते नहिं सूझे वार न पारा ॥१०॥

अर्थ– शुक्र चाणक्य विदुर आदिले तमाम नीति-शास्त्र बनाए। तर ती बनाउनेले पनि स्वयं आफूलाई ठीक रीतिबाट चिन्न-मान्न सकेनन्। उही स्मृतिलाई पनि आफैंले मानेनन् (त्यहाँ-को शुभाचरण पूर्णरूपले पालन गर्न सकेनन्) केवल ब्रह्म ईश्वरादि रूप बृहत्-वृक्षका छहारीमा रहेर, उसैमा सर्वथा टाक्सिई टाँस्सिए-अनुसरण गर्नमात्र जाने ॥९॥ सद्‌बुद्धि र यथार्थ विवेक-बिना सारा जीव संसाररूप मृग-मरीचिकाको पथ पक्री भ्रान्त भइरहेछन्। न वारिकै बन्धन विषय-वासना, भ्रान्ति-कल्पनालाई राम्ररी देख्न त्याग्न सके, न पारिको सत्य चेतन स्वरूप, शुभाचरण मुक्ति स्थितिलाई नै ठीक संग जान्नसके ॥१०॥

साखी– अन्ध भया सब डोलै, कोइ न करै बिचार।
कहा हमार मानैं नहीं, कैसे छुटै भ्रमजार ॥६५॥

अर्थ– पारखदृष्टि नमिल्नाले सारा मानव-समाज अज्ञानकै विश्वारण्यमा भौंतारिंइरहेछन्। सत्य-असत्य, कर्तव्याकर्तव्यको कोही विचार गर्दैनन्। पारखी गुरुको अमृत वचन–"तिमी चेतन स्वतन्त्र सत्य ह्वौ, आफूलाई ठीक-ठीक जान,* आसक्ति कल्पनाबाट पार लाग!" यस्ता निर्णय शिक्षा पनि रत्ती मान्दैनन्। विषया-सक्ति र परोक्षको भ्रान्ति-कल्पनामा अल्झेर कसरी तिम्रो त्यो भ्रमजाल छुट्‌न सक्ला! ॥६५॥

अरू– खाणी-वाणीरूप वासना-आँधी-बेहरीमा उडेर मन्दिर वृक्ष पहाड पिच्छे ठक्करखाने, ठक्कर पाएर पनि नचेत्ने, हामी साँच्चिकै अन्धा ह्वौं। हाम्रो भित्रको कामना नै मन हो।

* – मुक्ति-ज्ञानको सम्पादन गर्ने संकेत वेदबाट पनि पाउँछौं– 'हामी जन्म-मरणको पाशबाट मुक्त होउँ।' [यजुर्वेद पृ. ३।६०]

निष्कामी नबनी हामी साँच्चिको जीवनमा पुग्दैनौं । यो कामना-लाई शमन गर्न हामी जस्ता सर्व साधारण मानिसको निम्ति शनैः शनैःको मार्ग–सत्संग गुरुभक्ति शुभाचरणको पालन, वैराग्य-साधना द्रष्टा-स्थितिको अभ्यास–यही माध्यम अपनाउनु पर्दछ । यसमा पनि सत्संग, वैराग्य, साधनाको कमी छ भने उल्टो कामना बढ्दै जानेहुन्छ । यस्ताले वैराग्यलाई दृढ लगनका साथ बढाउनु आवश्यकता छ । निर्वासनिक स्थिति लिने साँच्चिको समझ छ भने यो एउटा–'समझ' नै पर्याप्त छ । विशेष अरू केही गरिरहनु पनि पर्दैन । अर्थात् ठीक-ठीक विवेक दृष्टिमात्र बलियो चाहिन्छ । विष भन्ने जानेपछि कसले खान्छ ! आगोको भुङ्रो भन्ने थाहा पाए-पछि त्यहाँ को फलाल्दछ ! समझ-विचारमात्र हाम्रो हृदयसम्म पुग्नुपर्दछ, यसैबाट सारा भूल-बन्धन निर्मूल हुनेछन् । यो समझ बलियो बनाई आफ्नै द्रष्टा स्वरूपमा चुपचाप स्थिर भई बसौंमात्र। यही एक दिव्यास्त्रले हामीलाई सर्वत्रबाट बचाई, स्वतन्त्र साम्राज्य मुक्ति-स्थितिमा अटल गराउने छ ।

पद्य–६५

खुलासा आपनो गुणलाइ पनि, अवगुण भन्दछौ ।
दुर्भाग्य यै हो तिमी नै विचार– नगरी अन्ध छौ ॥
बिचरा सारै पायौ नि कष्ट, भ्रान्तिमा धाएर ।
बेगर पानीका माछा कठै ! के सञ्चो पाएर !

चातक चरीको चौतर्फ जल, भरी छ अथाह ।
नक्कल गरी संसार सिन्धुको, गर्दछ उ चाह ॥
चातक निकट खोला र नाला, जलाम्य बुड्दछ ।
स्वातिमा मेघ बर्सेन भने, उदास उड्दछ ॥

रामको नामै स्वयंको लागि, एकै छ स्व सार ।
अरू यो विश्व प्रपञ्च सबै, फुट्टो हो असार ॥
हरि हुन् ठूलो अग्निको ज्योति, कीरा झैं पतित भै ।
यमको घर जीवको सङ्ग, मिल्दछौ सतत गै ॥

क्षणिक सुख सपना बीच, भण्डार भेटाई ।
हृदय हर्ष उम्लिन्छ कता–राखौं यो लुकाई ।।
अन्तसमा त अटाउँदैन, ऊन् त्यागन सक्तैन ।
फुट्ट हो लोभ यो दिशा कत्ति, विचार पुग्दैन ।।

स्मृति रची रहनी लेखे, आफैले मानेनन् ।
ठूलाका सेपले धूलामा मिले, यो हाल जानेनन् ।।
कुमति भरी संसारी जीव, भर्मन्छन् संसार ।
यो पनि सूझ हुँदैन रत्ती, भवको वारपार ।।

श्लोक– अन्धा भै सब भर्मन्छन्, को पो विचार गर्छ र !
मेरा वचन मान्दैनन्, भ्रम जाल त फर्छ र !

रमैनी–६६

सोइ हित बन्धू मोहि भावै । जात कुमारग मारग लावै ।।१।।
सो सयान मारग रहिजाई । करै खोज कबहूँ न भुलाई ।।२।।

अर्थ– उही मेरो परम हितैषी र भाइ हो, उही नै मलाई अति मन पर्दछ, जो खानी-वाणीका भ्रम-पथमा बरालिरहेको आफ्नै मन र अरू जीव समेतलाई सम्झाई-बुझाई सद्विवेकको बाटो लगाउँदछ ।।१।। फेरि उही होशियार हो जो आजीवन कल्याणको सरल सत्यपथ–पारखमा सावधान रहन्छ । साथै चेतनको निश्चित पारख र सद्गुण-सदाचारको खोजीमा लगनशील बन्दछ, कहिल्यै त्यसबाट विचलित हुँदैन ।।२।।

सो झूठा जो सुतको तजई । गुरुकी दया रामते भजई ।।३।।
किञ्चित है एक तेज भुलाना । धन सुत देखि भया अभिमाना।।४।।

अर्थ– त्यो हो झुट्टो– गफी, जसले आफ्नो सुपुत्र ज्ञानलाई त्यागदछ । तिमी पनि गुरुको दया–बोध-बल लिएर भ्रम, कल्पनाका रामबाट भाग ।।३।। किञ्चित– अलिकति कल्पनाको ज्योति–तेज मूर्ति तथा शब्द, शून्यको भान हुँदैमा मनुष्य भुल्दछन्, उसैमा अरू-लाई पनि भुलाउँछन् । यता खानीका विनश्वर अत्यल्प सम्पत्ति

सुमुखी स-साना लाडिला नानी, छोरा देख्तैमा दङ्ग पर्दछन् । यिनै दुइ दिनका रामछायामा भुलेर त्यसैको अभिमानमा फुली अमूल्य जीवन सारा सित्तैंमा खेर फाल्दछन् ।।४।।

अरू- स्व स्वरूप चेतन जीवबाटै ज्ञानको परम प्रकाश बाहिर व्यक्त हुने हुनाले त्यो निर्णय ज्ञान जीवको सुपुत्र भयो, अतः यसलाई नछाड । अर्को कुरा– ध्यानमा अल्पक्षण वृत्ति स्थिर हुँदा अनाहतनाद सुनिने, ज्योति-प्रकाश देखिने वा यस्तै कुनै प्रकारका आभास–दृश्यको झलक हुँदा तिनैलाई सत्य ठानी नभूल! कदाचित् ती मिथ्या आभासमा भुली मग्नभयौ भने तिम्रो कल्याणमा तगारो लाग्यो । अरु त्यहाँपनि ती सबै दृश्यलाई देख्ने को हो ? यसको अति गम्भीरतापूर्वक विचार गर ! द्रष्टा चेतनलाई नै अँगाल, दृश्यमा नअल्झ; निरन्तर आफ्नो होश सह्माल !

साखी–दिया न खताना किया पयाना, मन्दिर भया उजार ।

मरि गये सो मरि गये, बाँचे बाँचनहार ।।६६।।

अर्थ–[ती किंचित् ज्योति-दर्शन वा कल्पित अल्प अनुभवको आधारमा हाम्रो कल्याण भयो भनी ढुक्कपर्ने, धन - पुत्रादिमा मक्खपर्नेहरू वा यस्तै पूर्वका व्यक्तिहरू यहाँबाट शरीर छाडी गए-पछि हामी यस्ता लोक–धामको सुख चैनमा चुर्लुम्म डुबी बसेका छौं भनी] दिया न खता–न चिठीपत्र नै दिए, ना किया पयाना– न त्यहाँबाट फर्की आई पछि परलोकको केही खबर नै बताए, तर यहाँ शरीररूपी मन्दिर भने उजार–निश्चेष्ट शून्य भएको छ; अब यसमा रहस्य के भयो त ? उत्तर हो– अन्त्यकालसम्म भ्रान्ति आसक्तिमा रही-रही बोध विचारबाट मर्नेजति शरीरबाट पनि मरेर खानीमैं परे । बाँचे – जीव चेतनको बोधसम्पन्न सदाचारमा स्थिर हुने जति नै साँच्चैं बाँचेका जिम्दा हुन् । ती ज्ञानस्वरूपबाट सदा एकरस स्थिति पाई बाँचेकै छन्, यिनैका जीवनको साफल्य

पनि छ । वा मरणधर्मा देह-इन्द्रियादि नष्टभए गए, अजरामर चेतन जीवजति सब जिउँदैछन् ।।६६।।

अरू– अथवा यसको यस्तो भाव पनि ध्वनित हुन्छ–खताना (कर्मखाताको हिसाब वासनारूपी पोत) दिया न–चुक्ता नगरी जीव गयो, शरीर–मन्दिर उजाड निश्चेष्ट भयो । यसरी मरण-शील शरीर त विनाश भयो, बाँच्ने अविनाशी चेतन बाँचेकै छ ।

सज्जनवर्गले बेलैमा लगान–कर्जाको सबै हिसाब चुक्ता गरी निर्भार रहन्छन् । यसोगरेमा पछि सजाय भोग्नबाट बच्तछन्। यस्तै–मानव जीवनमा शक्तिसम्पन्न छँदै, बोध वैराग्य र सदाचार पालनबाट वासना-बन्धनको पुराना खाता चुक्ता नगरी पोत बाकी-वाला बनी जानेहरू प्रथम त विवेकदृष्टि, हंसपदबाट मरे, अन्त्यमा शरीरबाट पनि मरी-मरी चार खानिमा गइरहेछन् । यता प्रत्यक्षमा शरीर-मन्दिर उजाड (निश्चेष्ट-नष्ट) भयो । परन्तु चेतन अमर हुनाले पारखीजन जति आफ्नो शुद्ध पारखस्वरूप ज्ञानमात्रबाट सदा शान्त भए, चौरासीको चक्कर छुट्यो, परम स्थिति मिल्यो। यही कार्य बनाउनु मानवमात्रको मुख्य कर्तव्य हो ।

"विना ज्ञानेन सर्वज्ञ नैव मुक्ति कदाचन ।
भ्रमता कालचक्रेऽत्र नराणां त्रिगुणात्मने ।।"

"त्रिगुणात्मक कालचक्रको चक्कर लगाइरहेका मानवको सम्यक ज्ञान-बिना मुक्ति-गति कदापि हुनसक्तैन ।"

[देवी भा. ११११२४]

पद्य–६६

तिनै सुमित्र हितैषी बन्धु, मलाई प्यारा छन् ।
कुबाटोबाट सुबाटो तिर, जसले लगाउँछन् ।।
तेही हो चतुर कल्याण पथ, एकरस पक्रने ।
गर्दछ खोज कहिल्यै पनि, नभुली सप्रने ।।

कुट्टै हो त्यो ता यो बुक्र पक्का, छोरालाइ छाड्दछ ।
गुरुको दया पालन गरी, राम देखि भाग्दछ ।।
वयै अल्प एक प्रकाश देखी, भ्रान्तिमा भुलेका ।
द्रव्य र छोरा देखतै अति, घमण्ड खुलेका ।।

श्लोक– खताना नदिए निस्के, देह निश्चेष्ट शून्य भो ।
मर्ने जति गए मर्दै, बाँच्ने योग्य बचे अहो !

रमैनी–६७

देह हलाय भक्ति नहिं होई । स्वाँग धरे नर बहु विधि जोई।।१।।
धीङ्गी-धीङ्गा भलो न माना । जो काहू मोहिं हृदया जाना ।।२।।

अर्थ– शरीर हल्लाएर कर्की-मर्की, नाच्दै र उफ्रँदैमा साँचो भक्ति हुँदैन । मानिस भक्तिको नामबाट अनेक भेस बनाई नाना नकल गर्दछन् ।।१।। सत्य चेतनलाई हृदयमै जान्ने ज्ञानीजनले त्यस्ता धींगी-धींगा–व्यर्थका मनमानी कृत्यलाई ठीक मान्दैनन् ।।२।।

मुख कछु और हृदय कछु आना। सपनेहुकाहु मोहिनहिं जाना।।३।।
ते दुःख पइ हैं ई संसारा। जो चेतहु तो होय उबारा ।।४।।

अर्थ– मुखले एक कुरा गर्ने, हृदयमा अरू नै निश्चय राख्ने छद्मचाली व्यक्तिले स्वप्नमा पनि 'म' (शुद्ध चेतन वा पारखी गुरु) लाई चिन्न सक्तैन ।।३।। यस्ता दुइ-जिब्रे मानिसले व्यवहारमा पनि दुःख गोता पाइरहन्छ । तिमी सावधान हुने हो भने तत्काल जागृत भइहाल, अनि तिम्रो उद्धार हुनेछ ।।४।।

अरू– व्यवहारमा छल-कपट नराख, दिल खलासबाट जस्ता को तस्तो प्रिय सत्य हितैषी बोल, योग्य व्यवहार गर । परमार्थमा पनि जस्तो संसारको सम्बन्धलाई "दुइदिनको रामछाया" भनिन्छ, त्यस्तै भित्रबाट पनि सम्झी, मोहासक्ति लोभ अभिमान-रहित विनम्र स्वभावबाट शुभाचरणीय बनी काम गर्नु । शरीर क्षण-भङ्गुर र ज्ञाता चेतन सत्य सम्झी, स्वरूप स्थितिको भाव द्रस्टाको अभ्यासमा विशेष संलग्न रहनु ।

जो गुरु किञ्चित निन्दा करई । शूकर स्वान जन्म ते धरई ।।५।।

साखी–लख चौरासी जीव जन्तु में, भटकि भटकि दुःख पाव ।

कहहिं कबीर जो रामहिं जानै, सो मोहिं नीके भाव ।।६७।।

अर्थ– जसले गुरुको रत्तीभर निन्दा गर्दछ, त्यो सुङ्गुर-कुकुर शरीरमा जन्म लिन पुग्दछ ।।५।। यस्ता जीव चार खानिका कृमि कीटादि देहमा भौंतारिंदै अनन्त असह्य दुःख सास्ती पाउने हुन्छन् । गुरु कबीर भन्नुहुन्छ–जसले हृदयस्थ असली रामलाई जान्दछ, तहीं स्थिति बनाउँछ, उही मेरो परमप्रिय हो ।।६७।।

अरू– गुरु-सन्तका निन्दकी जीव, चार खानिमा चक्कर काट्ने नै भए । यिनमा बोध-वैराग्य शुभाचरणले निवास गरेको भए, सर्वहितैषी इष्टदेव गुरु-सन्तको किन निन्दा गर्दथे ? शान्त विनम्र सहनशील आज्ञाकारी प्रत्युपकारी बनिहाल्नेथिए । किन्तु स्वरूपबोधरहित, दुराचारी, बोध-वैराग्यका प्रतिकूल, भ्रामक गुरुबाट भने युक्तिपूर्वक पृथक हुनैपर्दछ । तिनको पनि निन्दा-बद-ख्वाइँ गर्नुभने सारै अनुचित हो। गुरु विशालको निर्णय वचन छ–

'जेहि से जेहिको काज हो, तेहि सेवन विधि ठीक ।
बाधा करै जो ताहि में, तब त्यागै सोइ लीक ।।
अधर्म न होवै याहि में, सत्य न्याय से देख ।
जेहि हित त्यागा सबनको, मुख्य काज सोइ पेख ।।

[सत्यनिष्ठा १।५५]

पद्य–६७

शरीर हल्लाइ कर्काइ मर्काइ, यो भक्ति हुन्न है ।
नखरो वेश अनेक गरी, हिड्दछन् मानवै ।।
ढोंगी को ढोंग कसैले पनि, ठीक त मान्दैनन् ।
जो कोही मलाइ हृदय वासी, जान्दछन् भुल्दैनन् ।।

मुखले एउटा मनमा अर्कै, राख्तछ जसले ।
स्वप्नामा पनि सक्तैन चिन्न, मलाई त्यसले ।।
त्यस्ताले धेरै भवमा दुःख, पाएर रुनेछ ।
जो तिमी आजै सचेत भए, उद्धार हुनेछ ।।

जो गर्छ किंचित् गुरुको निन्दा, मनका जोशमा ।
सुङ्गुर कुकुर भएर जन्मी, रोला बेहोशमा ।।
श्लोक– चौराशी लक्ष योनीमा, दुखी भै भ्रमि फिर्दछ ।
कबीर राम जान्ने नै, मलाई मन पर्दछ ।।

✲

रमैनी–६८

तेहि वियोग ते भयउ अनाथा । परेउ कुञ्ज बन पावे न पन्था ।।१।।
वेदो नकल कहैं जो जाने । जो समझै सो भलो न माने ।।२।।

अर्थ– तेहि (उपर्युक्त रमैयाराम चेतनको) वियोग ते–स्मरण बाट भुल्नाले तिमी अनाथ दुःखी भई कुञ्जबन–भ्रम-वाणीका जङ्गलमा अल्झियौ, विवेकको ठीक बाटै पाएनौ ।।१।। वेदले* पनि नक्कल–अपरा विद्या (यथार्थ स्वरूपज्ञान बाहिरकै कुरा) सम्म वर्णन गरेका छन् । यथार्थ वस्तुलाई तत्त्व-विवेकबाट जसले जाने उनैले वेदको भाव ठीक-ठीक, सम्झे-बुझे; तिनले पनि भलो नमानो–स्वरूपज्ञान बिना बाह्य प्रपञ्चका कुरामा अल्झन उचित मान्दैनन् ।।२।।

अरू– अन्य कुरामा वेद विशेष उपयोगी छन् तापनि स्वरूप ज्ञानको निम्ति 'त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन**' भनी गीताले संकेत गरेकै छ ।

नट वट विद्या खेलै जो जानै । तेहि गुणको ठाकुर भल मानै ।।३।।
उहै जो खेलै सब घट माहीं । दूसर कै कछु लेखा नाहीं ।।४।।
भलो पोच जो अवसर आवै । कैसहु कै जन पूरा पावै ।।५।।

अर्थ– नटवट–नचुवा मानिसकै नकल गर्ने विद्या–योग र

*– मुण्डकोपनिषद् १।१।५ । **– यो गीता २।४५को भाव माथी अर्थमा आएकै छ ।

उपासनामा जो निपुण छन्, तिनलाई ठाकुर–ब्रह्मज्ञानी स्वामीज्यूले पनि प्रियता गर्दछन् ।।३।। उनको भनाई छ–उही ईश्वर-ब्रह्म सबैमा बसी प्रेरणा गरिरहेछ । अपितु घट-घटकै मात्र के कुरा, चराचर उही एक ब्रह्म नै हो–अद्वैत; दोस्राको कुरै छैन ।।४।। शुभाशुभ, दुःख-सुख जे जस्तो भए-परेपनि व्यवहार गर्दछन् । यसबाट ती आफ्नो कुनै त्रुटि सम्झँदैनन्, 'सबै उही एक ब्रह्म नै त हो !' भन्दछन् ।।५।।

साखी– जे कर शर तेहि लागे, सोइ जानेगा पीर ।
लागे तो भागे नहीं, सुख सिन्धु निहार कबीर ।।६८।।

अर्थ– (उनको भनाई छ–) जसको शर–लक्ष्य पूर्ण ब्रह्ममा लाग्दछ, उसैले पीर–अनुभव पाउँदछ । तर त्यो अनुभव भएपछि भागे नहीं–नछोडोस्, ब्रह्म-अद्वैत भावमा स्थिर रहोस् । हे जीव ! यस्तै अभ्यासी साधकले आनन्द सागर–पूर्ण ब्रह्मको सम्यक अनुभव पाउने हुन्छन् ।।६८।।

अरू– साधकले स्वयम् विवेकबाट तौलेर अनुभव गरुन् भनी गुरुबाट यस रमैनीमा ब्रह्मवादको सिद्धान्त दिग्दर्शन गराउनु भएको छ । अरू विशेष विवेचन रमैनी ८।११।१७।१८।१९।२५।२९।६५।७१।७२ आदिबाट मनन गरी, सत्य परीक्षक चेतन द्रष्टाको ज्ञान मात्र स्वरूपमा स्थिति लिनु, जिज्ञासुवर्गको अन्वेषक बुद्धिको फल हो ।

पद्य–६८

उनको तिमी वियोग मानी, अनाथ भयौ नि !
पाएनौ पथ विकट बन, बीचमा पऱ्यौ नि !
वेदको नक्कल जान्दछ जसले, मनमा गुनेर ।
सम्झने जनले मान्दैन भलो, मतिले छानेर ।।

नटको विद्या समान खेल्न, जसले जान्दछ ।
त्यै गुणलाई स्वामीजी भनी, उत्तम मान्दछ ।।

उही त एक खेल्दछ सर्व– घट का बीचमा ।
दोस्राको गम रत्ती भर छैन, संसार रीतमा ॥

कुभलो भलो औसर जस्तो, परोस्त उनीलाइ ।
उसैमा पूरा सम्झेर बस्छन्, न चाह ! तिनीलाइ ॥

श्लोक– जसको शर त्यो लाग्छ, उसैले कष्ट जान्दछ ।
लागे पछि नभागेमा, कबीर सुख छान्दछ ॥

❋

रमैनी–६९

ऐसा योग न देखा भाई । भूला फिरै लिये गफिलाई ॥१॥
महादेवको पन्थ चलावै । ऐसो बडो महन्त कहावै ॥२॥
हाट बजारे लावै तारी । कच्चा सिद्ध माया पियारी ॥३॥
कब दत्ते मबासी तोरी । कब शुकदेव तोपची जोरी ॥४॥
नारद कब बन्दूक चलाया । व्यासदेव कब बम्ब बजाया ॥५॥
करहिं लराई मति के मन्दा । ई अतीत कि तरकसबन्दा ॥६॥
भये विरक्त लोभ मन ठाना । सोना पहिरि लजावै बाना ॥७॥
घोरा घोरी कीह्न बटोरा । गाँव पाय जस चले करोरा ॥८॥

साखी– सुन्दरी न सोहै, सनकादिक के साथ ।
कबहुँक दाग लगावै, कारी हाँडी हाथ ॥६९॥

अर्थ– ए, भाइ ! यस्तो योग त मैले कहिल्यै पनि देखेको थिइन । किनभने आफ्नो ज्ञान वैराग्यको मूल-तत्त्व नै बिर्सेर मन-परी चाल गरी हिंड्ने, यो पनि के साधु-सन्तको काम हो ! ॥१॥ मानिसले महादेवको नामबाट आ-आफ्ना पन्थ चलाएका छन् । ठूल-ठूला महन्त अथवा मण्डलेश्वर कहलिन्छन् ॥२॥ मान र धनको निम्ति हाट-पिठिया आदि सबैले देख्नेठाउँमा पसल खोले झैं तारी–समाधि लगाई एक तमाशाको दृश्यावलोकन गराउँछन् । अधबीचका सिद्ध भनाउँदालाई विशेष माया (सम्पत्ति, मान, प्रतिष्ठा) नै प्रिय रहन्छ ॥३॥

भन ! पूर्वका विरक्त सन्त दत्तात्रेयले कहिले कसको मवासी –गढ(किल्ला) फोरेका थिए ! वीतराग मुनि शुकदेवजीले कहिले तोपची (तोप चालक) बनेर तोप बटुले ! ।।४।। देवर्षि नारदले कहिले कसमाथि बन्दूक चलाएका थिए ! फेरि वेदव्यासले कहिले बम्ब (दुन्दुभी बाजा) बजाई युद्धको आह्वान गरे ! ।।५।। साधु भएर पनि बञ्चरो भाला त्रिशूल तरवार बन्दूक आदि संहारकारी शस्त्रास्त्रले सुसज्जित भई, विशेष बाजा-गाजासहित ठूलो फौज बनेर कुम्भ-मेला, तीर्थस्थान आदिमा आ-आफ्ना शक्ति प्रदर्शन गराउँछन्, विजय र मानका निमित्त एक-दोस्रा दलसित लडाइँ-झगडा गरी मर्न-मार्न तत्पर हुन्छन् । अब यिनलाई ज्ञानी विरक्त सन्त भन्ने, कि तरकसबन्दा–शस्त्रधारी वीर सिपाही भन्ने! ।।६।।

अरु यिनीहरू देख्नमात्र भेसबाट विरक्त बनेका, भित्र लोभको साम्राज्यले पूर्णरहेका पाइन्छन् । यी महा पुरुषहरू स्वर्णादिका आभूषणले समेत सुसज्जित भएर विरक्ति भेसलाई पनि लज्जित गराउन पछि सर्दैनन् ।।७।। घोडा-घोडी, हात्ती, ऊँट आदि सवारी संग्रह गर्दछन् । दान-प्रतिग्रहमा विशेष गाउँ-जमीन पाएर आफूलाई दोस्रो पृथ्वीपतिसमान सम्झी, करोडपति-अरबपतिको जस्तो धूमधामसित यिनको सवारी निक्लन्छ ।।८।।

सनकादिक–विरक्त परिव्राजक साधुका साथ विपरित घटको निवास विशेष अशोभनीय, अयोग्य र लान्छनीय हुन्छ । जस्तो कालो हाँडी हातमा लिइराख्नाले कुनै न कुनै समयमा दाग नलागी छाड्दैन ।।६९।।

अरू– विशेष सत्यान्वेषक महात्माहरूको यो एक गौरवपूर्ण गुण हुन्छ– आफ्नो दीर्घकालको दिव्यानुभव सबै मुमुक्षुलाई पनि उपलब्ध होस्, सबैको कल्याण बनोस् भन्ने उदात्त विचार राख्तछन्। यिनै सब लोकोपकारको अहेतुक करुणाले द्रवित भएर, गुरु कबीरले

अनादि अविद्याद्वारा मानव-हृदयमा आच्छादित भएका भूल अज्ञानलाई इंगित गर्दै तिनको सर्वथा निवारण भई परमपदको स्थिति होस् भन्नाको निमित्त, समस्त परमार्थ-पथिक विरक्त-ज्ञानी सन्त समाजलाई सम्बोधन गर्दै भन्नुहुन्छ–

संसारमा गृहस्थ र विरक्त दुइ मुख्य मार्ग मानिएका छन् । ती मध्ये विरक्ताश्रमचाहिं संसारको दुःख बन्धन तथा आवागमनको मूलकारण विषय भोगको सर्वथा निवारणको लागि परम प्रयत्न गर्ने आश्रम हो । परमार्थ पथिकले सर्वप्रथम दुर्गुणरूपी दस दोष (चोरी, हिंसा, व्यभिचार; निन्दा, मिथ्या, गालि; क्रोध, ईर्ष्या, मान र छल) लाई मन, वचन कर्मले परित्याग गर्नुपर्दछ । अर्को छः पशु-कर्मको सुधार हुनुपर्दछ । ती हुन्– आच्छादन (वस्त्र, घरादि) भोजन, मैथुन, भय, निद्रा र मोह । तिनमा शारीरिक-क्रिया– आहार, आच्छादन, निद्रा– यिनको सम्यक्‌रूपबाट सुधारहुनु योग्य छ । दोस्रो मानसिक क्रिया– मोह, मैथुन, भय– यी तीनको सर्वथा त्याग हुनुपर्दछ । यसरी मानव-जीवनलाई परिष्कृत, परि-मार्जन नगरी हुँदैन ।

नर-नारीको परस्पर विषय प्रेम-संसर्गबाटै कामोपभोग क्रिया हुन्छ र त्यसैबाट आसक्ति-वासनाको वृद्धिभई, संसारको बन्धन बन्ने र जन्म-मरणको सङ्कटमा जीवलाई परिरहनु परेको हुनाले मुक्ति-इच्छुक नर-नरी दुवैले यसलाई मन वचन कर्मद्वारा परित्याग गर्नुपर्दछ । यसै हुनाले गुरु कबीरबाट 'सुन्दरी न सोहै सनकादिकके साथ' भनी स्पष्ट आलोचना गर्नुभएको हो । यसको निम्ति विचारवान् ब्रह्मचारी-साधुको कर्तव्य हो– आश्रमधारी परमार्थ-पथिक नर-नारीको घटको दैनिक-व्यवहारजति पृथक-पृथक होस् । आसन-शयन आदि व्यवस्थामा सर्वथा छुट्टाछुट्टै रहने नियमको पूर्णपालन गर्नैपर्दछ । अष्ट मैथुनको विकार भाव

जतिको अति संयम-परहेज चाहिन्छ । यो कामासक्तिको उन्मूलन गर्नको निमित्त जति वैराग्य-उपरामताको पालन र तीव्र जोश भरिन्छ, उति नै निर्मल निर्दोष सन्त-आचरणको धारणा भई परम कल्याण हुनेछ ।

काम जस्तै क्रोध पनि सर्व अनर्थकारी हुनाले विवेकी सन्त-हरूले यसको मूलोच्छेदन गर्नमा निरन्तर कटिबद्ध रहन्छन् । क्रोधका सहयोगी नै उपर्युक्त मूल वचनमा आएका शस्त्रास्त्रहरू हुन् । अतः साधु–अहिंसकवर्गले हात हतियार ग्रहण गर्नु पनि सर्वथा अनुचित हो । विशेष कुम्भ आदि पर्वमा अनेक शस्त्रास्त्रको प्रदर्शन गर्नु र साथै विरोधीदलका माथि प्रहार गर्नु, लडाइँ, झगडा, रक्तपात गर्नु-गराउनु; यो विरक्ति-भेस, धर्म र शान्तमय जीवनलाई लान्छन् लगाई तामसीको संज्ञा कमाउनु मात्र हो । यसैको परिहार गर्न निमित्त मूल-ग्रन्थकारले 'ई अतीत कि तरकस-बन्दा' भन्नुभएको हो ।

यस्तै विशेष-लोभ पनि बन्धन, भार झन्झट र दुःखदायक हुनाले साधु सन्तका आश्रममा पनि निर्वाहको निमित्त कृषि आदि-को प्रबन्ध सामान्य राखी, प्रधान लक्ष रहनु पर्दछ– शरीर निर्वाह सुविधापूर्वक भई, आगन्तुक सन्त अतिथिहरूको सेवा-भक्ति बनोस्, साथै सत्सङ्ग, ज्ञान, वैराग्यादिको धारणायुक्त कल्याणपदको भागी बनौं । यसरी मठाधीश, महन्त वा स्थान निवासीहरूले विशेष सत्सङ्ग, पठन-पाठन संयम साधनामा संलग्न भई, आपसमा मेल प्रेम, सहानुभूति, शील, सद्भावना, सेवा, दया, परोपकारादि सद्-गुण ग्रहण गरी; मायावी संग्रह, भार बढाउनमा प्रवृत्त नभई, सबैदेखि प्रायः उदासीन रही, आफूलाई सदा पन्थी-यात्री सम्झी अधिकांश समय ज्ञान-वैराग्य सत्साधनामा व्यतीत गर्नु–यही परम कर्तव्य र होशियारी हो ।

पुनः सन्त वा महन्तहरूले सुवर्ण रौप्य आदिका आभूषणहरू धारण गर्ने, यो पनि विरक्तिमार्गमा अशोभनीय हो । यो चाल पनि सुधार्नुपर्दछ । यी सबै नियमको पूर्ण पालन नगरेका सन्त, महन्त, भेसधारीहरूलाई बीजक-निर्माताले 'भए विरक्त लोभ मन ठाना । सोना पहिरि लजावै बाना ॥' भनी चेतावनी दिनुभएको छ ।

विचरणशील साधु-सन्तहरूले पनि भ्रमण गर्दा शरीर निर्वाहको लागिमात्र, अयाचकी वृत्तिद्वारा मिलेका अन्न-जललाई नै अमृत सम्झी, सन्तोषपूर्वक ग्रहण गर्दछन् । यसको अतिरिक्त यदि श्रापको भए र आशीषको आशा लगाई, शासन-ताडन गरी ,उपोद्-घात बाँधेर मनानुकूल पदार्थ याचना गर्ने-लिने, धनादिको निम्ति धर्ना कस्ने, नदिएमा वाद-विवाद गर्ने, यस्ता व्यवहार भए भने विचरणगर्नेहरूमा झन् अज्ञानको दुर्गुण नआउला भन्नुपर्दैन । अतः आफूलाई अभ्यागतसमान ठानी, नैराश्यतापूर्वक आवश्यक शरीर-निर्वाहको व्यवहार लिएर ज्ञान-वैराग्यमा तत्पर रही, स्व-पर कल्याणमा स्थिर हुनु, विवेकी सन्तको दैनिक कार्य-क्रम हुन्छ ।

एवंरीतले सम्पूर्ण विचरणशील वा स्थान-मठ निवासी सबै सन्त-महन्तहरूले आफ्नो कल्याणको महान् लक्ष्यलाई कहिल्यै बिर्सनुहुँदैन । यता-उति खानी-वाणीको कुनै प्रपञ्चमा विशेष न अलमल्लिई, परमार्थकै सत पुरुषर्थमा संलग्न रहनुपर्दछ । आफ्नो मानव-जीवनको अमूल्य समयलाई सर्वथा सार्थक बनाई, परमपद प्राप्तिको लागि विशेष ध्यान दिनु । साधन-संयमको अखण्ड आधार लिई, स्वतन्त्र स्वरूप-स्थितिमा स्वयम् समर्पण हुनु, साधकको मुख्य कर्तव्य हो ।

पद्य-६९

यस्तो त योग हे भाइ ! मैले, देखिन के भनुँ ।
भूलमा परी निर्बक्क बनी, रल्ले नि के गरूँ !
शङ्करजीको सिद्धान्त यिनी, प्रचार गर्दछन् ।
महन्त ठूला मण्डलेश्वर, नाम यी पर्दछन् ॥

बजार मेला पिठिया बीच, समाधि देखाउँछन् ।
अधूरा सिद्ध मायाका प्रेमी, पट्टल जमाउँछन् ।।
दत्तले कँले फसको कहाँ, लिल्लालाइ फोरेथे !
शुकले कँले तोपची बनी, जोरीलाइ मारेथे !

नारदजीले काँ हाने बन्दूक! बम फुके व्यासले ।
लडाइँ गर्छन् बुद्धिका हीनी, त्यागी कि ठोकरे !
विरक्त भई मायाका लोभी, द्रव्य नै रुचाउने ।
सूवर्ण भूषण लाएर उत्तम, वेश लाइ लजाउने ।।

घोडा र घोडी हात्ती र गाई, इत्यादि जोरेका ।
पाएर गाउँ करोडपति – ठाटले फिरेका ।।

श्लोक – सुन्दरी त सुहाउन्न, सनक आदि साथमा ।
कँल्यै त दाग लाग्नेछ, कालो हाँडी छ हात मा ।।

❀

रमैनी–७०

बोलना कासो बोलिये रे भाई । बोलत ही सब तत्त्व नशाई ।।१।।
बोलत बोलत बाढु विकारा । सो बोलिये जो पडे बिचारा ।।२।।

अर्थ– ए, भाइ ! वार्तालाप गर्न कस्ता व्यक्तिसङ्ग योग्य छ ? होशगर ! बोलत ही–मुख खोल्दै वा जिब्रो फट्कार्दैमा तत्त्व नशाई–आफ्नो मौनत्व र शान्त स्वभाव दुवै छुटिहाल्दछन् ।।१।। धेरै बोल्दा विवेकको अतिक्रमण भई, जथाभावी बोलिने, कटु-असत्य वचन निस्कने पनि हुन्छ, राग-द्वेषादि विकार बढ्दछन् । अतः वाणीबोल्दा-सत्य प्रिय हित मितयुक्त वचन उत्तिकै बोल्नु, जो नापी-जोखी सुख-दायक सरल र कल्याण-साधक जतिमात्र ।।२।।

मिलहि सन्त बचन दुइ कहिये । मिलहि असन्त मौन होय रहिये ।।३।।
पण्डित सो बोलिये हितकारी । मूरख सो रहिये झखमारी ।।४।।
कहहि कबीर अर्ध घट डोलै । पूरा होय विचार ले बोलै ।।५।।

अर्थ– सन्त-सज्जनहरू मिलेभने दुइ वचन अर्थात् जड-चेतन निर्णयका चर्चा चलाउनु । दुष्ट व्यक्ति भेटभएमा चुपचाप बनिबस्नु

।।३।। पण्डित–शुद्ध बुद्धिका विनम्र सरल मानिससङ्ग स्व-पर हितैषी धर्म-भक्तिका कुरा बोल्नु । मूर्ख मानवका समक्ष शान्त रहनु । किनभने यिनको स्वभाव हुन्छ–भेट हुनासाथ केही न केही छेड्हानिहाल्ने, अतः यस्ताका साथ परेमा झकमारी–मन मारेर बस्नु, उत्तर पनि सकेसम्म नदिनु ।।४।। गुरु कबीर भन्नुहुन्छ–आधा गाग्रो पानी प्रायः छचल्किरहन्छ । त्यस्तै अल्पज्ञताको लक्षण हो–केही न केही बोल्ने-बरबराइरहने । तर पूर्णज्ञानवान्को लक्षण हुन्छ–समुद्रसमान गम्भीर, यिनी ठीक-ठीक विचारगरेरमात्र बोल्दछन् । मेरा वाणीबाट कसैलाई आक्षेप पर्छ कि ! मैले बोलेको व्यर्थ हुन्छ कि ! भन्ने ख्यालराखी, विवेकले तौलेरमात्र वाणीको प्रयोग गर्दछन् ।।५।।

अरू– स्नेह-दात्री नदीझैं यो घृतधारा अथवा वाणीहरू अन्तःकरणमा चित्तद्वारा पवित्र भएर बाहिर निस्कन्छन् ।

[ऋग्वेद ४।५।५८।६]

मेरो वागिन्द्रिय सब औषधी र मनको विषयबाट निवृत्त पाएर आत्मामा स्थापित होस् । [यजुर्वेद पू. २०।३४]

अर्ध समक्षसम्पन्न-समाजमा र विशेष वाद-विवादमा तत्पर रहने, विवेकयुक्त सारग्राही नबन्ने–यस्ता व्यक्तिका अगाडि विशेष मौनता नै उपयोगी रहन्छ ।

"मौनं कृतं कृतं भद्रे ! कोकिले जलदागमे ।
दर्दुर यत्र वक्तारस्तत्र मौनं हि शोभनम् ।।"

'हे कोइली ! यस बखत तिमीले मौन धारण गरेको अति नै कल्याणकारी छ । किनभने अब यो वर्षा-ऋतुमा, यहाँ भ्यागुताको टर्टरे बोलीकै घनघोर कोलाहल मच्चिरहेकाले अहिले तिम्रो यो मौनता नै अति शोभनीय छ ।

Deep rivers move in silence. Shallow brooks are noisy.
"गहिरा नदीहरू शान्त भई बग्दछन्–उर्लंदो खहरे हेर कत्तिको गड्गडाउँछ ।"

पद्य–७०

हे भाइ! को सित के कुरा झिकी, बोलेमा बेश छ ।
किंचित मात्र बोल्दैमा सब, स्वत्वको नाश छ ।।
बोलदा बोल्दै विकार बढ्छ, अयोग्य मिसिन्छ ।
उत्ति नै बोल्नु विचारबाट, जो ठीक देखिन्छ ।।

मिलेमा सन्त जिज्ञासुजन, दुइ कुरा गरनु ।
असन्त भेटे अवाक् नै बनी, शान्त भै रहनु ।।
पण्डित जन भेट भो भने, हितैषी बोलनु ।
मूर्ख जो मिले खामोस खाई, मौनता पालनु ।।

कबीर भन्छन् अपूरो गाग्रो, छचल्की पोखिन्छ ।
पूर्ण छ सम्झ गम्भीर बनी, विचारी बोलिन्छ ।।

❀

रमैनी–७१

सोग बधावा जिह्न समकैमाना । ताकी बातइन्द्रहु नहिंजाना। ।१।।
जटा तोरि पहिरावै सेली । योग युक्तिकी गर्भ दुहेली ।।२।।
आसन उडाय कौन बडाई ! जैसे कौवा चिह्न मिडराई ।।३।।
जैसी भीत तैसी है नारी । राज पाट सब गनै उजारी ।।४।।

अर्थ– सोग बधावा – शोक र बधाई–सबैलाई एकसमान सम्झने भनेका छद्मचाली मानिसहरूका कुरा वा ध्येय इन्द्रजाली र जालीका राजा इन्द्रले पनि जान्न सक्तैनन् ।।१।। कुनै-कुनै पन्थका गुरुजन आफ्नै जटा उखेली, सेली बनाई शिष्यलाई पहिराउँछन्; अथवा वैरागीहरूका जटा मुडाई आफ्नो सेली (ऊन सुत रेशम, कपालका रौंहरू मिलाई बाटेको खिरिलो डोरी) पहिराइदिन्छन् । योगका रहस्यको ज्ञाता हामी नै ह्वौं भन्ने यिनलाई दुहेली–दोब्बर घमण्ड छ ।।२।। मदारीले चटक देखाएझैं 'यिनी आफ्नो आसन

उडाउँछन्' भन्दछन्, यी कुरा मानेता पनि यसमा के विशेषता ! काग-चीलहरू पनि त आकाशमा मडारि-मडारि उड्दछन् नि! ॥३॥ ज्ञानीको निमित्त जस्तो भित्तो, उस्तै स्त्री तथा राजपाट– राज्य सिंहासन र उजाड जङ्गल एकसमान हो भन्दछन् र योगको प्रदर्शन बाट मान-सुख भोग्दछन् वा भोगले भकारी भर्दछन् ॥४॥

जस नरक तस चन्दन जाना । जस बाउर तस रहै सयाना ॥५॥
लपसी लौंग गने एक सारा । खाँड छाडि मुख फाँके छारा ॥६॥
साखी– ईहै बिचार बिचारते, गये बुद्धि बल चेत ।
दुइ मिलि एकै होय रहा, मैं काहि लगाऊँ हेत ॥७१॥

अर्थ– ज्ञानीको निमित्त 'जस्तो नरक (नाल)को दुर्गन्ध, उस्तै श्रीखण्ड-चन्दनको सुगन्ध हो । जस्तै बहुलाको चाल, उस्तै ज्ञानीको हाल हुनुपर्छ'–भन्दछन् ॥५॥ लपसी–उत्तम मिष्ठान्न र ल्वाँङ–पीरो दुइपैसे वस्तु-एकसमान देख्नुपर्छ भन्दछन् । यस्तै मानिस हुन्– विवेक विचाररूपो मिश्री फालेर अभक्ष त्याज्य विषय भोग मांस-मदिरादिरूप धूलो फँक्याउने भनेका ! ॥६॥

यस्तै युक्ति विचार गर्दागर्दै निर्णयीबुद्धि, स्व-स्वरूप द्रष्टा चेतनको होश, शरीरको शक्ति आयु सबै समाप्त भए । कल्पित वाणी र आनकहरूमा मिली, अलिप्तवादीजन गुण-दोष, शुभ-अशुभ, जड-चेतन, विधि-निषेध–सबै एकमा मिलाई अद्वैत ब्रह्म बनिरहेछन् । अब म कोसित प्रेम गरौं! हित सम्भी कसलाई सम्झाउँ ? ॥७१॥

अरू- आसन उडाउने, शून्य आकाशबाट पदार्थ निकाली देखाउने, यस्ता अनेक चमत्कारी काम त इन्द्रजालीहरूले ठाउँ-ठाउँ मा प्रदर्शन गराउँदै रहन्छन् । तर उही चटक-दृश्य कुनै महात्माले देखाए भने लालचवश कति-कति विज्ञ मानिएका व्यक्ति पनि तिनैका पञ्जामा परी नाच्न थाल्दछन् । यो विचार गर्दैनन्– यदि

यिनमा त्यस्तो चमत्कारी विशेष शक्ति भए, कुनै उच्चस्तरीय अभूतपूर्वका काम गरेर देखाउनेथिए । सारा दुःखीलाई सुखी, रोगीलाई आरोग्य, बनाइदिने तथा "सर्वभूत हितेरतः" बाट विश्वलाई लाभ प्रदान गरी, हिंसा युद्ध कलह विपदादिलाई निर्मूल गराइदिनेथिए । मादक पदार्थ सेवन, जुवा व्यभिचार आदि सम्पूर्ण विकारी व्यवहारलाई पूर्ण दमन गराई, दानवको मानव र नरको नारायणका समाज निर्माण गरी, राष्ट्रलाई स्वर्ग बनाइदिने थिए । संसारभरमा एकै सत्य-सिद्धान्त व्यापकरूपबाट पिंजाई मत-वादका झगडा निर्मूल पारिदिने थिए । इत्यादि पुरुषार्थ गरेर देखाएमात्र पनि यिनका सिद्धिको झण्डा साँच्चै विशालरूपले फरफराउने थियो । साँचै हो–

'लोभी के रे गाँव में, ठग नहिं परे उपास ।'
जो जेहि मतके लोभिया, तेहि घर ठगको वास ।।

[क.परिचय]

'भित्तो र नारीको स्पर्श; राज्यभोग र जङ्गल वास; नर्क र चन्दन; लप्सी र ल्वाङ–एकसमान देख्ने' भन्ने यो विवेकरिक्त तर्कलाई अगाडि राखी, अलिप्तवाद सिद्धगरी, इन्द्रिय-भोगमा निमग्न रहन र मनमानी सुख लिने हेतुले निरूपण गरिएका ती विक्षिप्त ज्ञानीका आचार हुन् । बाह्य विषय सुख भोगी-भोगी दुनियाँमा 'पूर्णज्ञानी महात्मा' भन्ने महत्त्वपूर्ण नाम पनि स्थिर राखौं भन्ने एक बठ्याइँ हो । यस्तैयस्ता युक्ति-प्रयुक्ति सोच्ता-सोच्तै अन्तमा एकदिन आयु बल विवेक स्मृति सबै समाप्त हुन्छन् । यस्तालाई अब विवेकी सन्तले कुन उपायबाट सम्झाउनु ! यिनी आफ्नो जीवन व्यर्थ बरबाद गरी 'जहाँको ताहिं टमी' भइरहेछन् र हुन पुग्दछन् । अतएव यस्ता आचार-विचारबाट सावधान !

पद्य–७१

शोक र हर्ष जसले एकै, मान्दछन् डर्दैनन् ।
यस्ताको हाल इन्द्रले पनि, क्यै जान्न सक्दैनन् ।।
कटाई जटा बनाई सेली, अरूलाइ पहिराउँछन् ।
योगको युक्ति ज्ञानको दोबर, घमण्ड जमाउँछन् ।।

आसन उडाइ प्रदर्शन गर्नु, के ठूलो कुरो हो ?
मडारीं कौवा चिलादि उड्छन्, के बढी कुरो भो !
भित्तो र नारी समान देख्ने, राजपाट जङ्गल ।
श्रीखण्ड नरक समान मन्छन्- ज्ञानी र पागल ।।

मिठाई स्वाद एकै हो भनी, समान गर्दछन् ।
गुलियो चीनी छाडेर धूलो, ती फाँको मार्दछन् ।।

श्लोक– यस्तै विचार गर्दैमा, चेत बुद्धि गए बल ।
दुवै मिली भए एकै, गरौं को सित प्रेम ल !

रमैनी–७२

नारी एक संसारही आई । माय न वाके बापहि जाई ।।१।।
गोड न मूड न प्राण अधारा । जामे भभरि रहा संसारा ।।२।।
दिना सातले उनकी सही । बुद अदबुद अचरज का कही ।।३।।
वाहिक वन्दन करें सब कोई । बुद अदबुद अचरज बड होई ।।४।।

अर्थ– एक कल्पित वाणीरूपी नारी संसारमा आई । त्यो कुनै माताबाट जन्मेकी होइन, जीवरूप पिताका भ्रम-कल्पनाबाटै पैदाभएकी हो ।।१।। त्यसको पाउ शिर र हात आदि कुनै अङ्ग छैनन्, न प्राणकै आधार छ; तैपनि समस्त संसार यसैका विवश भई भौंतारिइरहेछन् ।।२।। सातैवार अर्थात् सदा सर्वदा यिनै कल्पित वाणीका सिद्धान्त सही-सिद्ध गर्ने प्रयासमा बुद–प्रबुद्ध हुन् वा अबुद्ध, सबै व्यस्त छन् । के भनौं! यस्ता आश्चर्यका कुरा कति गरौं! ।।३।। तिनैका दास बनी सुज्ञ-अज्ञ सबै शिर झुकाई वन्दना गर्दछन्, यो पनि अचम्मकै कुरा भइरहेछ ।।४।।

अथवा– काम वासनारूपी एक नारी संसारमा आइरहीछ। ऊ भावनात्मक रूपकी हुनाले उसकी माता छैनन्, पितारूपी मानवकै मनबाट उत्पन्न भएकी हो ॥१॥ उसका पद शिर हात आदि कुनै वास्तविक अङ्ग पनि छैनन्, न प्राणकै मुख्य आधार छ। तैपनि सारा नर-नारी उसैका वशमा परी हारा-बारा खेली दुःख भोलिरहेछन् ॥२॥ सदासर्वदा त्यही भोग-कामना सिद्ध गर्नमा संसारका बुद्धिमान् र निर्बुद्धिका जन सबै तल्लीन छन्। यो आश्चर्यको के बयान गरौं! ॥३॥ उही काम-भोगका पुष्टक नारीको नर्कमय शरीरकै सबै महिमा गाउँछन्, विनय-वन्दना गर्दछन्, काव्य साहित्य पत्र पत्रिका खेल सिनेमा इत्यादिमा समेत उसैको वर्णन व्यापकरूपबाट भइरहेछ, यसैमा सबै आफ्नो गौरव सम्भन्छन्। मूर्ख हुन् वा पण्डित, सबैको यही चाला छ, कस्तो आश्चर्य! ॥४॥

साखी– मूस बिलाई एक संग, कहु कैसे रहिजाय।
अचरज एक देखो हो सन्तो, हस्ती सिंहहि खाय ॥७२॥

अर्थ– भ्रामक वाणी र विमोहिनीको आसक्ति दुवै बिरालै-समान हुन्। जो मसिनो स्वरले बिरालो बोलेसमान बोली, फकाई, प्रलोभनको जालमा पारी, जीवरूप मूसोलाई सजिलैसित क्वाप क्वापती पारिरहेछन्। यस्ता प्राण-घातकका साथ बिचरो जीव कसरी रहोस्! सुख-शान्ति सोर्न खोज्दछ, कसरी पाओस्! एउटा आश्चर्य-जनक घटना अर्को भइरहेछ–त्यो के भने हात्तिले नै सिंह-लाई खाइदियो, अर्थात् मानवकै हातले लेखेका कल्पित वाणी र आफैंले अघिलगाई ल्याएकी भामिनीले नै सिंहसमान स्वतन्त्र स्वरूप चेतनलाई विवश गरी, नाच नचाई, उसको विवेक विचार स्वाधिनता बल बुद्धि सबै खुलखुली निलिसके ॥७२॥

अरू– कल्पित वाणीको मन्तव्य र विषय-वासना–यी दुवै

सारै शक्तिशाली छन् । भूत प्रेत डाइनी (बोक्सी) नाग मशान देव देवी ईश्वर परमात्मा लोक लोकादिका मान्यतारूपी गाह्रोको सल बाल्यावस्थादेखि नै एक-एक गरी थपिंदै भ्रान्ति-कल्पनाको पक्का महल आफ्नो अन्तसमा पनि बन्दै आएको र ती सबै सत्य-हुन्, वेद वाणी ईश्वरकै देन अपौरुषेय हुन् भन्ने वर्तमानमा पनि भ्रान्तजनबाट समय-समयमा सुनिंदैं आएकाले त्यसप्रति ठीक-ठीक विवेक गर्ने कसैको हिम्मत नै हुँदैन, धेरै मानिस विचार गर्नसम्म पनि भयभीत हुन्छन् । हे नर शार्दूल ! तिमी ता यसमा नडराउ! ती सबै वाणी मनुष्य जीवकै कृति हुन् । यी कुरा विस्तारपूर्वक रमैनी चार-पाँचमा वर्णन भएकै छ । यसमा स्वतन्त्र विवेकबाट सत्यसार तत्त्व ग्रहण गर्ने सबैको अधिकार छ । विवेक गर, कल्पना भ्रमबाट पन्छ, सत्यसार सिद्धान्त अँगाल, यस काममा मनुष्य जीव तिमी नै समर्थ छौ, सत्य चेतन ज्ञानमात्रमा स्थिर होउ । 'हामी वेदका अनुयायी हुँ' भन्नेहरूले पनि आ-आफ्ना मन्तव्यमा मेल नखानेजति वचनलाई 'पूर्व पक्ष' भनी पन्छाइरहेकै छन् । तिमी-मात्र किन भयभीत हुन्छौ ! अतः वेदका पनि विवेक-बाह्यका वचनलाई पूर्व-पक्षकै ठानी पृथक गर्न सक्छौ, यसमा तिम्रो पनि अधिकार छ । पूर्वका शास्त्रकार कपिल-कणादादिले पनि विवेक-बाटै छानी, स्व मतानुसार ग्रहण गरेका थिए । अतः तिमी पनि विवेकबाट सार ग्रहण गर । आफूलाई अपरोक्ष स्वतन्त्र ज्ञानमात्र-को स्थिति प्राप्त गर्नसक्ने साधक बनाउ ।

पद्य–७२

एउटी नारी संसार बीच, यो रीत आएकी ।
माता त छैनन् उसकी कोही, पिताले पाएकी ।।
पयर शिर प्राणको आधार, छैनन् ती क्यै पनि ।
जगतै चक्कर काटेका यसमा, बेहाल त्यै बनी ।।

ती सातै दिन व्यस्त छन् त्यही, सिद्धिमा ! यो गुनौं ।
अबूझ विज्ञ समान यहाँ, उधेक के मनौं ?
उसैको वन्दना दर्शन गर्छन्, सबै पी संसार ।
आश्चर्य ठूलो विज्ञ र अज्ञ, अल्झेका व्न्सार ॥

श्लोक– मूसो मार्जार एकैमा, मन! के गरि मिल्दछ ।
आश्चर्य हेर यो सन्त, हात्तीले सिंह निल्दछ ॥

रमैनी-७३

चली जात देखी एक नारी । तर गागरि ऊपर पनिहारी ॥१॥
चली जात वह बाटहि बाटा । सोवनहार के ऊपर खाटा ॥२॥

अर्थ नारी (भ्रम कल्पनारूपी वाणी) भावुक जीवका हृदयमा पसिरहेको देखें, तर आश्चर्यको कुरा–गाग्रोमाथि पो पनेर्नी रहीछ। अर्थात् शरीररूपी गाग्रो तल छ, ब्रह्माण्डमा ज्योति-ईश्वरादिको कल्पना गरी, उहीं लक्ष्य लगाउँछन् ॥१॥ बाटैबाटा–'एकको मुखबाट अर्काका कानमा' एवं प्रकारले संसारमा सर्वत्र यही भ्रान्ति फिजिएको छ । सोवनहार–अविवेकी जीवका शिरमा छः शास्त्र तथा योगी, जङ्गमादि छः दर्शनका प्रपञ्च र काम क्रोधादि षट् अरिवर्गका भारिले थिचेको छ ॥२॥

जाडन मरे सपेदी सौरी । खसम नचीह्ने घरणी भई बौरी ॥३॥
साँझ सकार दिया लै बारे । खसमहिं छांडि सँबरे लगवारे ॥४॥

अर्थ– सुकिलो नयाँ सौरी–सिरक नै जाडोले मरिरहेछ । अर्थात् स्वतन्त्र विवेकसम्पन्न समर्थ जीव जडाध्यासमा परी मृतप्रायः भइरहेछ । स्वयंपतिलाई नचिनेर महिला बौलाई भई अर्थात् बाहिर अर्कै कल्पनाका पति छन्, प्राप्त गर्छु भन्ने प्रयत्नमा परी साधक पागल बनिरहेछ ॥३॥ प्रातः सन्ध्या धूप-दीपादि जलाई, कल्पनाका इष्ट-मूर्तिको पूजा-आरति गर्दछ । स्वयं सत्य हृदयस्थ चेतन पुरुष छाडेर, लगवार–कल्पनाका जारपति ईश्वरादिको सँवरे–स्मरण सुश्रुषामा परिरहेछ ॥४॥

वाही के रस निसदिन राँची । पियासो बात कहै नहिं साँची ।।५।।
सोवत छाडि चली पिय अपना । ई दुख अबधौं कहै केहि सना ।।६।।

अर्थ– उनै भगवान् इष्टका प्रेमरसमा र कल्पित वाणीका महात्म्यमै रात दिन सबै तल्लीन छन्, अतः स्वरूपबोध-प्रदाता प्रेमी सन्त गुरुजनसित साँचो कुरै गर्दैनन्, सत्सङ्ग-निर्णय गर्ने मनै छैन ।।५।। यसरी कल्पना-भ्रान्तिकै निद्रामा आफ्नो प्रिय शरीर छाडी हिंडे । अब यो कल्पना-मान्यताबाट आइलागेको दुःख, ती को सँग पोखुन् ! ।।६।।

साखी– अपनी जाँघ उघारि के, अपनी कही न जाय ।
की चित जाने आपना, की मेरो जन गाय ।।७३।।

अर्थ– आफ्नो दोष आफैंले उघारी आफ्नै बेइजती गराउन सकिंदैन । यस्तै आफ्नै रहरले स्वीकार गरेका मान्यता कल्पना-जन्य हानि-कष्ट, कि त स्वयंलाई थाहाहुन्छ, कि भने उहीसमान भुक्तभोगीले नै बताउन सक्नेछन् ।।७३।।

अरू– भ्रान्ति मान्यतामा परी दुःख पाउनेहरूको अवदशा यो रमैनीबाट राम्ररी मनन गरी, हामी सबै स्वयंको विवेकमा जागा हुनसकौं । गुरु-पारखको सत्सङ्गद्वारा विवेकबाट कामलिने मौका यही हो ।

पद्य–७३

ती खुरु खुरु हिंडेकी एक, नारी त देखिइन् ।
घडा छ तल पनेर्नी माथि, रहेकी बुझिइन् ।।
बाट बाटै जान्छिन् सुतुवा माथि, परे छः खाट नि !
जाडैले मऱ्यो सुकिलो सिरक, खसमै न चिनी–।।

घरिणी बौलाई सबेर साँझ, दियो ली बाल्दछे ।
खसम छाडी बाहिरी पति, त्यो सँधै लाग्दछे ।।
उसैका रस रात दिन मग्न, आसक्त छ पूरा ।
प्रीतम साथ कहिल्यै साँचा, बोल्दीन क्यै कुरा ।।

सुतेका आफ्ना प्रितमी छाडी, हिंडी त्यो अन्यत्र ।
यो दुःख अब कोसित पोखोस्, परी त्यो अल्पत्र ॥
श्लोक– आफ्नै जाँघ उघारेर, सकिन्न भन्न आफुले ।
कि स्वयं चित्तमा था छ, कि मन्नन् जन साफले ॥

रमैनी–७४

तहिया होते गुप्त अस्थूल न काया । न ताके सोग ताकि पै माया ॥१॥
कँवल पत्र तरङ्ग एक माहीं । सङ्गहि रहै लिप्त पै नाहीं ॥२॥

अर्थ– (ब्रह्मज्ञानीको भनाई–) तहिया–सृष्टिपूर्व स्थूल काया–ब्रह्माण्ड केही थिएन, न शरीरधारी नै थिए । त्यस बखत ब्रह्ममा न शोक न कुनै चिन्ता फिक्री नै थिए, एकमात्र शुद्ध ब्रह्म आकाशवत् पूर्ण थियो । पै–किन्तु 'माया' सूक्ष्मरूपबाट ब्रह्मको एक पादमा (गोरो अङ्गमा सानु कालो कोटीसमान) रहेकी थिइन् ॥१॥ कँवल पत्र–कमलको पातमा पानी पर्दा, लहरी उठी डुब्दा, एकैसाथ रहँदा पनि लिप्त–भिजेको हुँदैन । त्यस्तै उपर्युक्त अवस्थामा ती ब्रह्म, मायाकै साथ थिए तापनि मायादेखि निर्लिप्त-असङ्ग नै थिए ॥२॥

आश ओस अण्डमा रहई । अगणित अण्ड न कोई कहई ॥३॥
निराधार आधार ले जानी । राम नाम ले उचरी बानी ॥४॥

अर्थ– ती भन्दछन्–"आश ओस–दूबाका मुन्टामा अड्केको शीत–कँणसमान आश–सूक्ष्म इच्छा ब्रह्म-अण्डमा रहेको हुनाले उनैको 'एको हं बहुस्याम...' यत्तिकै इच्छाबाट यो विराट्-सृष्टि भएको हो । उनमा यस्ता अगणित ब्रह्माण्ड छन् । ती ब्रह्माण्डको गणना गरी कसैले बताउनै सक्तैनन्" भन्दछन् ॥३॥ (गुरु भन्नुहुन्छ-) निराधार–अविद्यमान वस्तुलाई पनि आधार–कारण-कार्यको नियमकै माध्यमबाट जान्नुपर्दछ । तर यहाँ अवस्तुरूप ब्रह्मबाट वस्तुरूप विश्वसृष्टि भएको हो भन्ने निराधार, कल्पित

कुरा हुनाले त्यो वस्तुरूप चेतन जीवले नै देहेन्द्रियादिका आधार-बाट कल्पना गर्न जाने, काल्पनिक राम आदि इष्टको नाम-महिमा गाउँन थाले। अतएव ती कल्पना सबै मिथ्या हुन्, कल्पना कर्ता जीव चेतन नै सत्य हो ।।४।।

अरू– यिनीहरू 'एक अद्वैत ब्रह्ममात्र हो अरू केही छैन' पनि भन्दछन्, पुनः 'गोरो अङ्गमा सानो कालो कोठी समान माया थिई' पनि भन्दछन्। धेरथोर जे जति भएपनि दोस्राको अस्तित्व त रहेछ ! यसबाट यिनको अद्वैतको कल्पना यहीं उड्दछ। अर्को कुरा–ब्रह्मलाई 'निरीह' पनि भन्दछन्, 'एकोऽहं बहुस्याम'... भन्ने इच्छाबाट विश्वसृष्टि भएको भन्ने पनि बताउंछन्, यहाँ यो कुरा पनि, मेल खाँदैन। सूक्ष्म मायाबाट स्थूल अनन्त ब्रह्माण्ड उत्पन्न हुन पनि बिना उपादान कारणको कार्यरूप अनन्त साकार सगुण ब्रह्माण्ड कसोगरी बन्न सक्तछन् र ?ब्रह्मलाई उपादान कारण भन्न पनि सुहाउँदैन। किनभने निर्गुण–निराकार ब्रह्मबाट सगुण-साकार जगत्को उत्पत्ति भएको हो भन्ने कुरैमात्र हुनसक्तछ, तर कामले बन्न सक्तैन। अतएव सृष्टि पहिले थिएन, पछि निराकार निर्गुण ब्रह्मबाट भएको हो भन्ने मनुष्य जीवको कल्पनाकै कथनमात्र हो। यो विश्व प्रवाहरूपबाट अनादि विद्यमान छँदैछ। बिना चार तत्त्व कारणको कहाँ कुन कार्य-पदार्थ बन्न सक्तछ र ? एकै वस्तुबाट समस्त सृष्टि भएको हो भन्ने कुन तथ्य प्रमाणबाट निश्चय गर्ने ?

चतुर्भूत बिन कौन-सी, होत लखै कोइ वस्तु ।
एकै से जो लखि मिलै, सृष्टी भई समस्तु ।।

[मुक्तिद्वार २।२५]

धर्म कहैं सब पानी अहई । जातीके मन पानी अहई ।।५।।
ढोर पतङ्ग सरे घरियारा तेहि पानी सब करैं अचारा ।।६।।
फन्द छोडि जो बाहर होई । बहुरि पन्थ नहिं जोहैं सोई ।।७।।

अर्थ– धर्म शास्त्र * बताउँछ– 'प्रथम जलको सृष्टि भई जलबाटै संसार उत्पन्न भएको हो, अतएव संसार सबै पानी स्वरूप नै हो । जाति–अन्य शैव शाक्त वैष्णव नाथ आदि मार्गावलम्बीहरूका मनमा पनि यिनै पानीरूप कल्पित वाणी भरिएका छन् ।।५।। किन्तु पानीले जगत् बनेको होइन, यही पानीरूपी वाणी हृदयमा जमेर ढोर–भोगासक्त, सकामी-कर्मी, पतङ्ग–उपासक, घरियार–श्वासरोक्ने योगी र ब्रह्ममा अचल भई बस्न चाहने विज्ञानी–सबै सडे; क्रमशः–विषय-स्वर्गादिको आशामा, वैकुण्ठवास-चार मुक्तिको कल्पनामा र ब्रह्माण्डमाथि चढी लुक्ने उद्देश्यमा तथा ब्रह्म-समाधिको कल्पित मान्यतामा परे, जडाध्यासी बने । आजपनि उही कल्पित वाणीकै प्रमाण पक्री, शान्ति मुक्तिको लालचमा सारा संसार प्रवृत्त भई भ्रान्तिमा परिरहेछ ।।६।।

परन्तु ती कल्पित वाणीलाई फन्दा भन्ने सम्झेर विवेकपूर्वक छाडी, खानी-वाणी दुवै जालबाट जो-जो बाहिर हुन्छन्, ती स्वतन्त्र विवेकी सदाचारी ज्ञानी साधकले पुनः चौरासीको मार्ग नहिं जोहैं–खोज्नु र भ्रान्त हुनु पर्दैन ।।७।।

अरू– पुनः कति-कति व्यक्ति 'पानी नै नारायण हुन्, भागीरथी देवी हुन्, यमुना माता हुन्, यिनैले गति-मुक्ति दिन्छन्' भनी, गङ्गा गोदावरी नर्मदा वाग्मती आदिको स्नान, तीर्थसेवन, उपासनादि गर्दछन् । कल्पित स्वर्गादिको आशामै अड्की भ्रम-मान्यतामा झुण्डिरहेछन् । कति पानीरूपी वाणी पक्री स्व-स्व मतकै मान्यतामा परेका छन् । त्यसबाट पार हुन नसकी, परमज्योति परमधामको प्राप्ति, निर्वाण गतिको लोभवश बीचमैं अल्झिरहेछन् ।

कति मानिस पानी–काम-जलका जोशमा भोगासक्त भई नर-नारी दुवै नर्कमय काम-क्रीडामा तल्लीन छन् । मिथ्या सुखको

* – मनुस्मृति अ. १।८।१०।

कल्पनै-कल्पनामा गर्भवास-चारखानिका कुण्डमा परी कुहि-रहेछन् । गुरु-पारखको प्रबलदृष्टि जसमा छ, तिनै भाग्यशाली स्वतन्त्र विवेकी पुरुष नै कल्पना-वाणीका बन्धनलाई चटक्क चुँडाली, स्वच्छन्द फुक्का भई, परीक्षा साधनाका मैदानमा उत्री स्वतन्त्र साम्राज्य पारख स्थितिको सिंहासनमा अटल विराजमान हुन्छन् । यस्ता पुरुषले पुनः ती कल्पनाका मार्गमा दृष्टि दिनु रोकिनु पर्दैन । अर्थात् खानी-वाणीजालको हैरानी भोग्नु त के ! पुलुक्क हेर्नुपनि पर्दैन ।

वास्तवमा जगत् अनादि हो । यो न कहिल्यै बनेको हो, न कहिल्यै सम्पूर्ण एकसाथ प्रलय नै हुन्छ । यहाँ जड चारतत्त्व अनादि छन्, यिनैबाट प्रवाहरूपले कहीं केही कार्य पदार्थ बन्ने र कहीं बिग्रने भई नै रहन्छ । मनोमय सृष्टिको उत्पत्ति प्रलय भइ-रहेसमान प्राकृतिक सृष्टि पनि तत्त्वहरूका गुण धर्म क्रिया मेल शक्ति अनुसार कार्य पदार्थ बन्ने-बिग्रने भइरहने हुनाले निरन्तर परिवर्तनशील छन्, यो गति कहिल्यै रोकिंदैन । मनोमयसृष्टि भने ज्ञान र दुःख-दर्शनद्वारा रोकिन्छ र जीवको मुक्ति स्थिति हुन्छ ।

साखी– भरम क बाँधा यह जग, कोई न करे बिचार ।
एक हरि की भक्ति जाने बिना, भौ बूडि मुवा संसार ॥७४॥

अर्थ– भ्रान्ति-मान्यतामा बाँधिएका संसारका प्राणी, 'बाँधिने को हो ? छुट्ने कसरी ?' यसको ठीक-ठीक विचार कोही गर्दैनन् । 'एक हरि भनेका को हुन् ? उनको भक्ति कसरी गर्ने ?' यो नजान्नाले नै भौ बूडि–भवसागरमा डुबी, संसारका समस्त जीव मरे, जडाध्यासी बने ॥७४॥

अरू– बालककालदेखि नै बाह्य प्राणी-पदार्थलाई देखी सुनी पढी गुनी साथ सङ्गत गरी–हर तरहबाट मानिसका हृदयमा भ्रम-कल्पनाको काई-लेदो जमेर बज्रलेप बनिरहेछ । यसैले बुद्धि

विचारसम्पन्न पठित व्यक्ति पनि अरू व्यवहारका कार्यमा विचार गर्न निपुण छन्, तर यता कल्याणको काममा भने परीक्षाद्वारा जानी-बुझीमात्र प्रवृत्त हुन कसैलाई होश-हवाशै हुँदैन । जसलाई जुनमार्ग उपलब्ध छ अथवा जहाँ सुलभ र स्वार्थ-लाभ सम्झ्यो, उतै फालहाल्दछन् । दोस्रो कुरा–प्रथम कक्षाको काम रत्तीभर गरेको छ भने उत्तिकैमा आफूलाई पूर्ण सम्झन्छन्, विचार गरी, त्यसको अगाडि बढ्ने आवश्यकता नै सम्झँदैनन् ।

एक 'हरि' भनेका को हुन्, यही कुराको पत्तो छैन । यथार्थमा पहिला हरि हुन्–हृदयका चेतन, मुख्य यिनैलाई राम्रो ठम्याई, त्यहीं स्थिति बनाउनु पर्दछ । दोस्रा हरि हुन्–ती प्रथमका हरिलाई चिनाई, भ्रम-अज्ञानलाई शमन गराइदिने, विरक्त निःस्वार्थी पारखी सन्त गुरु । यिनैको शरण ग्रहण गर्नाले भक्ति-सत्सङ्ग साधनाद्वारा समस्त भ्रान्ति-मान्यता बिलाउँछन्, उपर्युक्त भित्री हरिलाई चिनिन्छ, सदाचार-स्थितिको रहस्य थाहाहुन्छ । सोही अनुसार चलेपछिमात्र आफ्नो कल्याणको कार्य पूरा-पूरा बन्दछ । अनि जीवले आसक्ति अहंकार र भ्रान्तिको भवसागरमा डुब्नु-उत्रनु, पानी खानु-मर्नु पर्दैन ।

यहि तन में जो रमिरह्यो, चेतन शुद्ध स्वरूप ।
दृश्य परे स्व राम है, द्रष्टा आप अनूप ।। [शिक्षावली]

पद्य–७४

तब त थिएन सूक्ष्म र स्थूल, शरीर उसको ।
न साथ रत्ती शोक नै थियो, बस! माया थिई त्यो ।।
कमलपात पानीको छाल, एकैमा रहन्छ ।
रहे ता पनि भिज्दैन कत्यै, ओभानै रहन्छ ।।

आशाको कण अण्डमा थियो, समान ओसले ।
अनन्त अण्ड त्यैबाट बने, यो भनोस् कसले ।।

आधारबाट निराधार जाने उपासक भवले ।
राम नाम वाणी उच्चार गरी, भन्दछन् सबले ।।

भन्दछ धर्म शास्त्रले सबै, पानी नै पानी थ्यो ।
अरू ती जाति मनमा लिन्छन्, पानी नै पानी पो !
पशु र कृमि ग्राहादि सङ्छन्, पानीमै मिल्दछन् ।
त्यै पानी लिई संसार सबै, आचार गर्दछन् ।।

छुटाई फन्दा बाहिर हुने, विवेकी जतिले ।
ती बाटा कल्यै हेर्दैनन् कत्ति, लालची मतिले ।।

श्लोक– मस्केका विश्व भूलैमा, छैनन् विचार गर्ने क्कै ।
हरिभक्ति नजानेरै, भव डुबी मरे सबै ।।

रमैनी –७५

तेहि साहेब के लागहु साथा । दुइ दुख मेटिके होहु सनाथा ।।१।।
दशरथ कुल अवतरि नहिं आया। नहिं लङ्का के राव सताया ।।२।।
नहिं देवकी के गर्भहिं आया । नहिं यशोदा गोद खेलाया ।।३।।
पृथ्वी रवन धवन नहिं करिया। पैठि पताल नहीं बलि छलिया ।।४।।
नहिं बलिराज सो माँडल रारी । नहिं हरणाकुश बधल पछारी ।।५।।
बराहरूप धरणी नहिं धरिया।क्षत्री मारि निःक्षत्री नहिं करिया।।६।।
नहिं गोबर्धन कर गहि धरिया।नहिं ग्वालन संग बनबन फिरिया।।७।।
गण्डुकी शालिग्राम नहिं कूला।मच्छ कच्छ होय नहिं जल डोला ।।८।।
द्वारावती शरीर नहिं छाडा । ले जगन्नाथ पिण्ड नहिं गाडा ।।९।।

साखी– कहहिं कबीर पुकारि के, वै पन्थे मति भूल ।
जेहि राखेउ अनुमान के, सो थूल नहीं अस्थूल ।।७५।।

अर्थ– त्यस्ता साहेब–गुरु-सन्तका सङ्गतमा लाग, जो निर्भ्रान्त, पारखनिष्ठ, आचार-वरिष्ठ सरल स्वभावका छन् । तिमी पनि खानीको आसक्ति र वाणीको भ्रान्तिजाल–दुवै दुःख निर्मूल पारी, सनाथ–भाग्यशाली बन ।।१।। ती परम पूज्य निर्मल

निर्मान दयालु सन्त साहेब, राजा दशरथका वंशमा रामावतार बनी आएनन् तथा लङ्केश रावणलाई शास्ति शासना पनि दिएनन् ।।२।। न त उनले कृष्णको रूपलिई देवकीका कोखमा निवास गरे, न तिनलाई यशोदाले काखमा खेलाइन्।।३।। पृथ्वीमा राधा-गोपिनीहरूका साथमा रमण पनि गरेनन् । दौड-धूप गरी कंस-जरासिंधहरूसित लडाइँ पनि लडेनन् । पुनः वामनरूप धारण गरेर पताल पसी, बलिराजालाई पनि छलेनन् ।।४।।

न त कुनै बलवान् राजाका साथ उनले लडाइँ छेडे ! अथवा न सुग्रीवसित मितेरी लगाई, वालिराजासङ्ग निउँपिउँ गरी, झगडा मच्चाई उसलाई मारे । न नृसिंह बनेर हिरण्य-कशिपुलाई पछारी काखमा राखी सिध्याए ।।५।। न ती सन्त साहेबले बराहरूप धारण गरेर पृथ्वीलाई उचाले । न क्रोधमूर्ति परशुराम बनेर एक्काइस चोटी घुमी-घुमी, सारा क्षत्रियको संहार गरी, क्षत्रिय-रहित पृथ्वी बनाए ।।६।। कृष्णरूपबाट हातले गोवर्द्धन उठाएनन्। ग्वालबालहरूसङ्ग खेली, बन-बन पनि घुमेनन् ।।७।। न विष्णु भई वृन्दालाई छलगर्दा तिनका श्रापले कृष्ण-गण्डकीको शालि-ग्राम पत्थर नै भए । न त मत्स्यावतार र कच्छपावतार बनी पानीमा पौडिखेल्दै विहार गरे ।।८।। न कृष्णरूप धारण गरी द्वारिकामा शरीर त्यागे । न जगन्नाथमा लगेर ती साहेबको अव-शेष पिण्ड* गाडेका हुन् ।।९।। गुरु कबीर स्पष्ट भन्नुहुन्छ—वै पन्थे मतिभूल—उपर्युक्त भ्रम-वाणीका मार्गमा तिमी नभूल । जो

*– द्वारकाको प्रभास क्षेत्रमा श्री कृष्णको शरीर छुटेपछि अर्जुनद्वारा उनको दाह संस्कार-पश्चात् अवशेष भाग हाड वा फूल (मांस-टुक्रा) उनका भक्तहरूले जगन्नाथ-पुरीमा लगी गाडिदिए । पछि त्यहाँ चौतारो बनाई त्यसमाथि श्रीखण्डको मूर्ति स्थापना गरेका हुन् ।　　–[महाभारत मौसल पर्व ७।३१]

‘कोही–कोही जगन्नाथको प्रतिमालाई नै बुद्धावतार पनि भन्दछन् ।’

तिमीले मिथ्या अनुमान गरी चेतन जीवका माथि अर्को श्रेष्ठ जगत्कर्ता मालिक भगवान्, अवतार मोक्षदाता भनी मानेका छौ, ती न सूक्ष्म हुन्, न स्थूल नै । जड चेतन केही होइनन् । केवल मानव-मनकै देन एवं कल्पना हो ।।७५।।

अरू– उपर्युक्त अवतार सबै हुँदै-नभएका भन्ने गुरु कबीर-को भाव होइन, यहाँको तात्पर्य हो–'मुमुक्षुवर्गका निम्ति हिंसा, सुरापान आदि आसुरी-आचरण छुटाई, शुद्ध चेतन स्वरूपको बोध प्रदान गर्ने–कल्याण कर्ता ती होइनन् । स्व कल्याणको निम्ति विवेक-दृष्टिले सम्पन्न, वैराग्यनिरत, शुभाचरण-विभूषित, सरल निर्मान ज्ञानी सन्तको शरण पक्रनुपर्दछ । तिनीबाट शुद्ध ज्ञान प्राप्त गरी, उही स्व स्वरूपमा स्थिति बनाउ, भन्ने यही उहाँको शिक्षा हो । श्रीराम, कृष्णचन्द्रहरू उस अवस्थामा 'नीति-निपुण धर्मनिष्ठ शासक, दुष्ट-दमनकर्ता, सन्त-संरक्षक, ऐतिहासिक महापुरुष' हुनुहुन्थ्यो । उहाँहरूले पनि त स्व-स्व समझ अनुसार कल्याणको निमित्त आ-आफ्ना गुरुको अनुसरण गरी, ज्ञान उप-लब्ध गर्नुभएको थियो । तदनुसार हामीले पनि कल्याणकारी बोध-वैराग्यसम्पन्न पारखी महापुरुषलाई खोजी, उहाँहरूबाट ज्ञान-दृष्टि शुभाचरण प्राप्तगरी, आफ्नो उद्धार गर्नु मुख्य कर्तव्य हो ।

पद्य–७५

तिनै सुस्वामी को लाग साथ, गरेर– मनन ।
दुइ दुःख पूर्ण निर्मूल पारी, सनाथ बनन !
दशरथ कुल आएर तिनले, औतार लिएनन् ।
लङ्काका राजा रावणलाई, क्यै कष्ट दिएनन् ।।

न आए कृष्ण जगत्का बीच, देवकी- कोखमा ।
न उनलाई यशोदाजीले, खेलाइन् काखमा ।।
न पृथ्वी घुमी विजयी बने, न लडे कहिले ।
न पताल पसी उनीले छले, बलिलाई पहिले ।।

न बालिलाई लडाइँ लडाई, मृतक पारे थे ।
हिरण्य कशिपु उनीले न त, पछारी मारे थे ।।
बराह बनी उनले कैल्यै, पृथिवी बोकेनन् ।
क्षत्रिय मारी निःक्षत्री पनि, कहिल्यै गरेनन् ।।

गोवर्धन लाई हातमा पनि, कहिल्यै लिएनन् ।
गोठाला सङ्ग बन बन पनि, कदापि फिरेनन् ।।
गण्डकी तीरको सालिग्राम ती, भएका होइनन् ।
मत्स्य र कच्छ भएर पानी- पौडन गएनन् ।।

द्वारिका पुरी पुगेर त्यहाँ, शरीर छाडेनन् ।
अस्तुको पिण्ड जगन्नाथ पुरी, लगेर गाडेनन् ।।

श्लोक– भन्छन् कबीरज्यू स्पष्ट, त्यो पन्थ न भुले तिमी ।
जो अनुमानले थाप्यो, त्यो सूक्ष्म स्थूल हुँन नि !

रमैनी–७६

माया मोह सकल संसारा । इहै बिचार न काहु बिचारा ।।१।।
माया मोह कठिन है फन्दा । करे विवेक सोई जन बन्दा ।।२।।

अर्थ– विषय भोग र भ्रम-मान्यतारूप मायाकै आसक्ति अज्ञानमा संसार सबै परेका छन् । यिनबाट सर्वथा बच्नुपर्दछ भन्ने सम्मपनि कोही विचार गर्दैनन् ।।१।। माया मोहको पासो सारै बलियो छ । यसबाट छुट्ने जो विवेक गर्दछन्, पारखदृष्टि बिना भ्रम-वाणीको आधार पक्रँदा कल्पित इष्टको मान्यतामा परी, झन् उल्टो आसक्ति-कल्पनामात्र थपिँदै गइरहेछ । यिनबाट छुट्न सारै कठिन छ ।।२।।

राम नाम ले बेरा धारा । सोतो ले संसारहि पारा ।।३।।
साखी– राम नाम अति दुर्लभ, औरे ते नहिं काम ।
आदि अन्त औ युग युग, मोहि रामहि ते सङग्राम ।।७६।।

अर्थ– संसारलाई भवसागर भन्ने विवेक गरेर त्यसबाट पार-हुन जीव अघिबढे । तर राम अन्तै कहीं छन्, उनैले हाम्रो

कल्याण गरिदिन्छन् भन्ने सम्झी, तिनैका नामको जहाज मानेर त्यसैमा बसी पारजाने इच्छा गर्दछन्, कल्पनाका भरमा परी जप-ध्यानमा पर्दछन् । परन्तु ती त झन् संसार-सागरमै पर्नेभए । कल्पनालाई अँठ्याएर कसरी पार पाउनु ? ।।३।।

यस्ता भावुक भक्तको भनाई हुन्छ–'रामको नाममा श्रद्धा हुन सारै कठिन छ । परन्तु उक्त रामनाम छाडेर अरू सत्सङ्ग-विवेक आदि गर्नको कुनै आवश्यतका छैन । आदि अन्त–जन्मदेखि मृत्युसम्म तथा युगानयुग पर्यन्त पनि मेरो कण्ठबाट रामनाम नछु-टोस्, म यही धर्म-युद्धमा प्राण विसर्जन गर्नपाउँ' ।।७६।।

अरू– प्रथम खानिजालकै आसक्ति मोह र अभिमानको पहाड अति दुर्गम छ, अग्लो सगरमाथा भनिदिए हुन्छ । यसबाट पार पाउन अति कठिनको समस्या छ। पूर्वसंस्कार तथा सत्सङ्गको बल र सत्पुरुषार्थद्वारा व्यवहाररूपी अशुद्ध प्रारब्धलाई पन्छाएर परमार्थमा प्रवेश होइन्छ र पनि त्यहाँ त झन् वाणीका कल्पित मान्यतामा परी बोध-स्थितिमा स्थिर हुन सकिदैंन । ईश्वरादिका कल्पनामा अड्किइन्छ वा ध्यानजन्य आभासीय नाना चमत्कारमै भुलिन्छ । अथवा अद्वैत व्यापक ब्रह्मको कल्पनामा पर्न पुगिन्छ । जो जहाँ पुगी अल्झन्छन्, तिनलाई त्यहाँबाट छुट्न सारै कठिन पर्दछ । 'गुरुमाया छूटब कठिन'को चरितार्थ घट्नजान्छ ।

आफू पसेका पन्थको भ्रम-मान्यतालाई 'यसमा पनि कसर र बन्धन रहेछ' भनी देख्न-परीक्षा हुन पूर्ण पारखदृष्टि बिना असम्भव भनिदिए हुन्छ । अतः आफूले मानेका सिद्धान्तको धारणा प्रति पनि समय-समय सिंहावलोकन गर्दैरहनु श्रेयस्कर छ । त्यसमा जो त्रुटि देखिनआउँछ वा कसैले बताइदिन्छन् भने तिनको स्वागतपूर्वक सुधारगर्न सदा तत्पर रहनु, बुद्धिमान्को कर्तव्य हो ।

स्व मतको पनि पक्ष-मोह र ढिपी लिन हुँदैन । यसरी निष्पक्ष गुणको पालन भयोभने अनि हामी पारखपदमा स्थिर हुन सकौंला।

पद्य-७६

माया र मोह संसार सबै, सहजै पर्दछन् ।
यै विचार गर्छन् यो बाट बच्ने, न सोच गर्दछन् ।।
यो माया मोह बलियो पासो, काट्ने हो के गरी !
विवेक गर्ने जन त कुन् कुन्, मस्कने बेसरी ।।

रामको नाम जहाज बनाइ, चलाए बाढीमा ।
कुन् त्यसले त लगेर भव- डुबायो खाडीमा ।।

श्लोक- राम नाम छ दुर्लभ्य, अरूको काम छैन त !
युग युग र आद्यन्त, म लड्छु रामजी सित ।।

रमैनी-७७

एकै काल सकल संसारा । एक नाम है जगत पियारा ।।१।।
त्रिया पुरुष कछु कथ्यो न जाई । सर्व रूप जग रहा समाई ।।२।।

अर्थ– एकैकाल–प्राय: भ्रान्ति कल्पना नै संसारमा व्याप्त छ । कल्पित एक ब्रह्म वा रामकै मान्यता जगत्लाई प्रिय भइरहेछ ।।१।। ब्रह्मज्ञानीहरू उही ब्रह्मको स्वरूप बताउँछन्। उसलाई स्त्री वा पुरुष केही भन्न सकिंदैन, यही सर्वरूपबाट विश्वमा व्याप्त बनिरहेछ ।।२।।

रूप निरूप जाय नहिं बोली । हलुका गरुवा जाय न तौली ।।३।।
भूख न तृषा धूप नहिं छाहीं ।दुःख सुख रहित रहै तेहि माहीं ।।४।।

अर्थ– त्यो ब्रह्म, रूपवान् हो वा बिना रूपको ? केही भन्न सकिंदैन । हलौं छ कि गह्रौं, तौलन पनि सकिंदैन ।।३।। उसमा न भोक छ न प्यास, न तातो छ न चिसो; तातो-चिसोले छुन पनि सक्तैन । दुःख-सुखदेखि सदा फरक छ । भाव बरको बिउ

समान सारा संसार उसैमा रहेको छ; यही हो अद्वैत ब्रह्मको विवरण ।।४।।

साखी– अपरं परं रूप मगु रङ्गी, आगे रूप निरूप न भाय ।
बहुत ध्यान कै खोजिया, नहिं तेहि सङ्ख्या आय ।।७७।।

अर्थ– (उनीहरूको भनाई छ–) अपरम्–जगत् पनि उही हो, परम्–मायामय जगत्देखि पृथक र श्रेष्ठ पनि उही छ । उसैको मगु-रङ्गी–ज्ञानमार्गमा रङ्गिनु (ज्ञानमा स्थिर बन्नु) भाइ ! यसदेखि अरू यसका रूपको निरूपण हुन सक्तैन । धेरै ध्यान-समाधिद्वारा अनुसन्धान गर्दा पनि उसको सङ्ख्या–गणना हुन-सकेन, 'यस्तै हो-यही हो' भन्न सकिंदैन । यसैले उसका विषयमा वेद पनि 'नेति-नेति' भन्दछ ।।७७।।

अरू– यो रमैनीको प्रथम चौपाईमा नै ग्रन्थकारबाट 'एकै काल सकल संसारा' भनी आफ्नो मन्तव्य बताई, बाँकीमा ब्रह्म-वादको मन्तव्य दिग्दर्शन गराउनु हुन्छ । अर्को उहाँ जिज्ञासुलाई यो देखाउनुहुन्छ–"तिनको सिद्धान्त नै धरमरको छ, केही भन्न र निश्चय गर्न नसकिने छ, भनी यिनीहरू स्वयं भन्दछन् भने यिनीबाट के पाउने ! संसारै उही हो पनि भन्छन्, संसारदेखि पार–'परब्रह्म' पनि भन्दछन् । अब केलाई ब्रह्म तत्त्व भनी निश्चय गर्ने ? केलाई बन्धन भनी त्याग्ने ? 'अपरोक्ष स्वरूप स्वयंलाई भन्दछन् भने अपरोक्ष त ज्ञानमात्र छ, यिनीहरू अन्तमा ज्ञानलाई पनि साधनको माध्यमबाट उप्जने गुणभनी पन्छाएर जड र शून्यमा मिल्नपुग्दछन् । यसबाट त झन् बीचको कल्पनामा पो पर्ने भइयो । वरु केही नभएपनि साक्षीदशा-तुरीयसम्ममा मात्र स्थिति लिन सकेको भएपनि त धेरै नै कल्याणको निकट पुगिनेथियो ।

यसैले गुरु कबीर यो बीजकभरमा ब्रह्मवादको विस्तृत विवे-

चन गर्नुहुन्छ । वास्तवमा न सबै एक चेतन हो, न सबै जड हुन् । अनेक चेतन र जड चारतत्त्व भिन्न-भिन्न हुनाले नै शरीरबाट चेतन निक्लनासाथ जड शरीर मुर्दा हुनजान्छ । अद्वैत ब्रह्ममात्र भए शरीर मुर्दा बन्ने नै थिएन, तत्त्वका कण-कणबाट पनि चेतनत्व (ज्ञान)को प्रकाश भइरहनेथियो । चेतन जीव अनादि र पृथक-पृथक हुनाले नै सबै प्राणी आ-आफ्ना कर्म संस्कारानुसार सुखी दुःखी, रोगी-निरोगी, बन्ध-मोक्ष भएका सबैमा अनुभव छँदैछ ।

पद्य–७७

एउटै काल सम्पूर्ण विश्व, व्याप्त भै रहेछ ।
एउटै नाम संसार भरी, प्यारो भै रहेछ ।।
नर या नारी यही हो भनी, कथ्न यो कठिन्छ ।
सम्पूर्ण रूप जगतै भरी, भरपुर भनिन्छ ।।

रूपवान् हो कि न रूप हीन, यो भन्न सकिन्न ।
न त्यो छ हल्का न छ त्यो गह्रौं, तौलन सकिन्न ।।
उसमा भोक न त छ प्यास, न घाम न छाया ।
दुःख र सुख रहित तहाँ, न हर्ष न माया ।।

श्लोक–अपर परका मार्ग, रंगौं छैन अरू कुनै ।
खोजियो ध्यानले घेरे, सकिन्न ग्रन्थि त्यो फुनै ।।

रमैनी–७८

मानुष जन्म चूकेहु अपराधी । यहि तन केर बहुत हैं साझी ।।१।।
तात जननि कहैं पुत्र हमारा । स्वारथ जानि कीह्न प्रतिपारा ।।२।।
कामिनि कहै मोर पिउ आही । बाघिनि रूप गिरासा चाही ।।३।।
सुत कलत्र रहैं लौ लाई । यम की नाईं रहैं मुख बाई ।।४।।
काग गिद्ध दोउ मरण विचारें । सीकर स्वान दोउ पन्थ निहारें ।।५।।
अग्नि कहै मैं ई तन जारों । पानि कहै मैं जरत उबारों ।।६।।
धरति कहै मोहि मिलि जाई । पवन कहै संग लेउँ उडाई ।।७।।

तेहि घरको घर कहै गँवारा । सो बैरी होय गले तुह्मारा ।।८।।
सो तन तुम आपन कै जानी । विषय स्वरूप भूलेउ अज्ञानी ।।९।।
साखी– इतने तनके साझिया, जन्मो भरि दुःख पाय ।
चेतत नाहिं मुग्ध नर बौरे, मोर मोर गोहराय ।।७८।।

अर्थ– कल्याणको स्वतन्त्र स्वर्णपात्र मानव शरीरलाई विषय वासना र भ्रम-कल्पनारूपी खाडलमा हाल्ने हे कर्तव्यच्यूत ! यस्तो अमूल्य जन्म पाएर पनि तिमीले मोहासक्तिमै जीवन गुमायौ । विचार गर, तिमी जुन शरीरको मोह गर्छौ, अभिमानमा फुल्दछौ; त्यो शरीर तिमी होइनौ, न त शरीर एकलौटी तिम्रो हो ! यसका सभियार त धेरै छन् ।।१।। हेर, तिमीलाई पिता-माताले 'यो मेरो छोरो हो, पछि मलाई पाल्नेछ, मेरो नाम राख्ला' भनी लालन-पालन त गर्छन्, तर मोहमा बाँधी विवश गर्दछन् ।।२।।

कामिनी–बाहिरी प्रियतमाले पनि 'हजुर त मेरा प्राण प्यारा, आँखाका तारा, मुटु होइबक्सन्छ' भनी-भनी बाघिनी समान गिरासा–ग्रास्न चाहन्छे, धन शक्ति इज्जत सबै हरणगरी अक्करमा पारी, अनेक आपत्ति-कष्ट भोगाउँछे ।।३।। छोरा र कलत्र–भामिनी पनि हितैषी बनी, लौलाई–लाडिला बनी-बनी लुट्-पुटिइन्छन्, तर धन-भोगका लागि यमराजसमान 'आँ' मुखबाइ-रहेका हुन्छन् ।।४।। काग-गिद्धहरू तिम्रा अङ्ग देखेर मनमा सोच्तछन्– 'कहिले यो मर्ला र यसको मासु ठुङ्गी-ठुङ्गी लुछौंला' ! स्याल, कुकुरहरू बाटो हेरिरहेछन्–कहिले त्याई फाल्लान् र खाउँला ।।५।।

शरीर-निर्माणका सामग्रीदाता–चारतत्त्व पनि आ-आफ्ना भाग असूल गर्न आक्रुष्ट छन् । अग्निमा परे जलाउँछ, जलमा प्रवाह गरिदिए जलनबाट बचाउँछ; जल-जन्तुको आहारा बन्दछ

।।६।। गाडिदिए माटोमा मिल्दछ, जलेको खरानी वा बचे-खुचेका हाड-खोर सुकेपछि बतासले उडाउनेछ । जसो गरे पनि तत्त्वका अंशहरू स्व-स्व कारण तत्त्वमै मिल्ने हुन्छन्; तिम्रा साथमा ती कदापि रहने-जाने हुँदैनन् ।।७।।

यस्तै शरीर-घरलाई 'म' 'मेरो' भन्छौ, अबूझ कहींका ! यही शरीर त तिम्रो शत्रु बनी गलपासो परिरहेछ । व्याधि जर्जर विवशता र घोर चिन्ता-कष्टमा सोच, कस्तो भावना उठ्दछ ! आज सावधान भई न सुधारे यस्तै प्रवृत्तिबाट पछि कुन दुर्दशा हुनेहो, के यो तिमीले सोचेका छौ ! वास्तवमा यही शरीरासक्ति नै तिम्रो पक्का शत्रु हो ।।८।। यस्तो कृतघ्नी, कष्ट-कारक सबैको साझा शरीरलाई पनि तिमी 'म-मेरो' सम्झिरहेछौ, विषयकै स्वरूप बनी भोगमा अतिशय लिप्तछौ, स्वयं शुद्ध चेतनलाई भुलिरहेछौ । धिक्कार ! कहाँका अज्ञानी ! ।।९।।

यत्तिका तिम्रा शरीरका अंशियार छन् । हेर, यस्तो धेरैको साझा शरीरमा-एकलौटी ममता गरी, तिमीले जन्मभर दुःख पायौ, तै पनि तिमी रत्तीभर चेत्तैनौ ! मोहासक्त भई सिल्ली बनिरहेछौ, झन् अझ मेरो शरीर, मेरा कुटुम्बी, तथा मेरो सम्पत्ति भनी-भनी आसक्त हुन्छौ ।।७८।।

अरू– पूर्व छैटौं-सातौं चौपाईमा 'अग्नि कहै...पानी कहै... धर्ती कहै... पवन कहै... इत्यादि जो पद आएका छन्, त्यहाँको भाव–'ती जड तत्त्व पनि चेतनसमान हुन्, ती बोले' भन्ने होइन । 'यो बाटो कता जान्छ ? वा चुल्हो बल्यो, आगो बल्यो, भुजापाक्यो' भन्ने चलन छ । तर बल्ने दाउरा हो, पाक्ने चामल हो । यस्तै माथिका कुरा पनि एउटा बोलीको थेगोसम्म हो । उहाँ गुरु कबीरको भाव–शरीर-गत् चार तत्त्वका सामान अन्तमा आ-आफ्नै तत्त्वमा मिल्दछन् –भन्ने हो । विशेष-'शरीरको अनित्यता र

मोहबाट स्वयम्को हानिभई, विवेक सत्सङ्ग साधनादि सुधार गर्ने अमूल्य समय नष्ट भइरहेछ, सावधान होउ' भन्ने शिक्षा सम्झी यसबाट काम लिनुपर्दछ ।

शरीरदेखि हाम्रो स्वरूप भिन्न हो भन्ने कुरा हामी वेदबाट पनि स्पष्ट बुझ्न सक्तछौं– 'मैले सब लौकिक व्यवहार त्यागिदिएँ, अब म मुक्त भएँ । मेरो आत्मा वायुमा मिल्यो (अदृश्य भयो) तिमी मेरो शरीरलाई नै देख्तछौ । ऋषिहरू सत्याचरण गरेरै अमृतत्त्वमा प्राप्त भएका छन् ।'

[ऋग्वेद १०।११।१३६।३×४]

पद्य–७८

मानब जन्म चुक्यौ नि! पापी, विचार गरन ।
यो शरीरको सजियार घेरै- छन् राम्रो हेरन ।।
आमा र बाबुले यी मेरा छोरा, भनेर मोह ली ।
स्व स्वार्थ सम्झी पालन गर्छन्, जान्दैनन् अरू यी ।।

रखौटीहरू प्राणप्रिय हजुर ! भनेर छोप्तछन् ।
नपुग्दा मनको बाघिनी बनी, झम्टेर टोक्तछन् ।।
प्रेयसी छोरा लुट्पुटिइन्छन् सेवामा धाउँछन् ।
मनमा भने यम झैं बनी, मुख 'आँ' बाउँछन् ।।

काग र गिद्ध यो मरोस् भनी, विचार गर्दछन् ।
कुकुर स्याल खाउँला भनी, बाटो पो हेर्दछन् ।।
आगोले भन्छ यो तनलाई, ह्वार्ह्वारी जलाउँला ।
पानीले भन्छ म बल्नदिन्न, निभाइ बगाउँला ।।

धरणी भन्छिन् यसलाई म त, आफैंमा मिलाउँछु ।
वायुले भन्छ धूलो त हवस्, तत्कालै उडाउँछु ।।
निर्घिनी यस्तो घरलाई मेरै, घर हो भन्दछौ ।
शत्रु भै गला थ्याँकेको यसले, के तिमी जान्दछौ !

सबको साझा यस्तो यो देह, आफ्नै हो बुझदछौ ।
विषय यो त भवमा तिमी, अज्ञानी भुल्दछौ !

श्लोक–यत्ति छन् तनका साझे, दुःख आजन्म पाउँछन् ।
चेत्तैनन् मोहले सिल्ली, 'मेरो मेरो म' गाउँछन् ।।

रमैनी–७९

बढवत बढी घटावत छोटी। परखत खरी परखावत खोटी ॥१॥
केतिक कहौं कहाँलौं कही। औरों कहौं पडे जो सही ॥२॥
कहे बिना मोहि रहा न जाई। बिरही ले ले कूकुर खाई ॥३॥

साखी– खाते खाते युग गया, बहुरि न चेतहु आय।
कर्हीह कबीर पुकारिके, ये जीव अचेतहिं जाय ॥७९॥

अर्थ– विषयको तृष्णा; काम क्रोधादि विकार र वाणीका कल्पनाहरूलाई जति बढायो उति बढ्दैजान्छन्, घटाउँदैजानु-घट्तछन् पनि। अथवा विषय-प्रवृत्ति जति बढायो उति आफ्नो स्वत्व–विवेक घट्तछ। ती विषय भोग, वाणीजाल पहिले आफूले पर-खँदा (विचार गर्दा) ठीक-ठानिन्छ, उसैलाई पारखी सन्तगुरुले परीक्षा गराइदिंदा सबै रहस्य थाहा हुन्छ र मिथ्या-बन्धन रहेछ भन्ने बोधहुन्छ ॥१॥ 'स्व चेतन जीव नै सत्य हो, विषयासक्ति वासना मिथ्या-मान्यता–सबै असत्य हुन्।' यी कुरा म कति भनौं, कहाँसम्म भनौं! यदि मेरा वचनलाई तिम्रो विवेकबाट सत्य भन्ने ठान्दछौ भने अरूपनि भन्दछु सुन! (शुभगुण बटुल, स्वयं द्रष्टा-स्थितिमा शान्त होउ) ॥२॥

बिना विवेक जीवले आसक्ति-भ्रान्तिमा कष्ट पाएको देख्ता कत्ति नबोली बस्नपनि सक्तिन। हेर, बल्ल-बल्ल परमार्थमा प्रवेश भएका मुमुक्षु जीवको भ्रामक शिक्षकहरूले विवेक-शक्ति र मुमुक्षुता नै समाप्त गरिदिए ॥३॥ खाते-खाते–विषयरस लिंदा-लिंदा वा भ्रामकजनले तिम्रो विवेक-बुद्धि हर्दा-हर्दा भ्रम कल्पनामा ठगिंदा ठगिंदै युग–अनन्त समय व्यतीत भए, के अझपनि नचेत्ने! बेहोशीमै रहने! गुरु कबीर स्पष्ट भन्नुहुन्छ–यो जीव अबपनि असावधानीमै बगिरहने भयो ॥७९॥

अरू– परमार्थपथको चुचुरोमा चढ्न, पहिलो उकालोको कठिन समस्या–विषयासक्ति सुखाध्यास मोह ममता मान अहंकार र दोस्रो विघ्न घातक–कल्पित मान्यता वाणीजालको अल्झो, भ्रम-पथको चिप्लेटी-काई । यिनै दुइ बाधा-विघ्नले चुचुरोमा पुग्न प्रतिबन्ध गर्दछन् । यसैले सर्वत्र सतत सावधान रहनको ठूलो आवश्यकता छ । दोस्रो–आफूले पक्रेका पद पदार्थ वाणी सिद्धान्त आचरणलाई आफैंले बेठीक निरर्थक भन्ने कोही हुँदैनन्, अयोग्य भएपनि सबैले योग्य नै मानेका हुन्छन् । यसैले समय-समयमा परीक्षक-सन्तका सत्सङ्ग-विचारमा रहनु नै 'कसी' लगाउनु हो । परमार्थीजनको यो पनि एउटा मुख्य कर्तव्य हुन्छ ।

पद्य–७९

बढाए बढ्छ घटाएदेखि, झन् झन् ती छोटिन्छन् ।
पारख गर्दा सत्य झैं लाग्छ, पर्खाउँदा झुट्टा झन् ॥
यी सबै कुरा म कति भनौं, कहाँ तक बताउँ ।
सत्य र प्रिय ठान्दछौ भने, क्यै अरू चेताउँ ॥

कण्ठित देख्ता नमनो कन, चुप्लाग्न सकिन ।
बिरही ली ली कुकुरले खायो, गर यो एकिन ॥

श्लोक–खाँदा खाँदा बित्यो कल्प, आउ चेत ! तिमी अझै ।
भन्छन् कबीर चिच्याई, यो जीव गो अचेतमै ॥

रमैनी–८०

बहुतक साहस करु जिय अपना । तेहि साहेब से भेंट न सपना ॥१॥
खरा खोट जिन नहिं परखाया । चाहत लाभ तिन मूल गमाया ॥२॥
समुझि न परलि पातरी मोटी । ओछी गाँठि सबै भौ खोटी ॥३॥
कहहिं कबीर केहि देहो खोरी । जब चलिहो झिझि आशा तोरी ॥४॥

अर्थ– हे जीव! तिमी पूर्णसाहसका साथ पुरुषार्थ त गर्दछौ, तर ती सबै पुरुषार्थ भ्रान्ति कल्पनाको लागि पो हुनगयो, सबै

व्यर्थ भए। विचार गर, ती तिम्रा साहेब–इष्टदेवसित तिम्रो स्वप्नमा पनि भेट-दर्शन होला भन्नुपर्दैन। भएको सत्य वस्तु भेट्टाइन्छन्, नभएको कल्पनालाई कहाँबाट पाउने ? ।।१।। जसले सत्यासत्यका विवेकी सन्त-गुरुद्वारा स्व मन्तव्यलाई पारख गराएको छैन, तिनले लाभको इच्छा गरेपनि झन् उल्टो मूलधन– विवेकदृष्टि र अमूल्य मानव जीवनमात्र गुमाउने हुन्छन् ।।२।।

बिना पारख पातरि मोटी–स्थूल-सूक्ष्म माया अर्थात् खानी वाणीलाई जाल बन्धन हो भन्ने यिनले सम्झन सकेनन्। यसैले ओछी गाँठी–नश्वर पदार्थ भोग सुख र भ्रान्तितिरका प्रवृत्ति सबै अन्तमा व्यर्थ दुःखका कारण ठहरे ।।३।। गुरु कबीर भन्नुहुन्छ– तिमी त्यस बखत कसलाई दोस देउला, जब झिझि–दुइ (खानी-वाणीका) आशाबाट सर्वथा निराश भई दोस्रो शरीर लिन विवश बनौला। (यता-शरीर सम्पत्ति परिवार छुटेर जान्छन्, उता कल्पनाका इष्टको आधार अँगालेको पनि निरर्थक हुन्छ) अनि तिमी थक्क-थक्क पर्नेछौ ।।४।।

अरू– खानीका सम्पत्ति, शरीर, परिवार सबै नश्वर हुन्। यो कुरालाई छरछिमेक र आफ्नै थाप्लामाथि बितेका घटनाहरू स्मरण गर। अर्को वाणीका इष्ट– कहीं कुनै सर्व शक्तिसम्पन्न शासक छन्, तिनले तार्लान् भन्ने भरोसामा पनि नपर। तिमी नै स्वतन्त्र अनादि शाश्वत अखण्ड सत्य चेतन स्वरूप ह्वौ। अतएव अब तिमी अतीतका सारा व्यवहार-स्मृतिलाई "सबै सपना थिए आए; सम्मुख परे, लोप भए गए; ती कुनैसित मेरो केही सम्बन्ध र प्रयोजन नै छैन" भन्ने सम्झ। अनागतको त आशा गर्नु पनि अनावश्यकै छ। म शुद्ध चेतन स्वरूपमा के कमी छ र भविष्यको भावनामा अल्झिरहुँ ! इत्यादि विचार गरी, सबै आशा कल्पना

छिमली, शीघ्रातिशीघ्र आफैंलाई चिनेर, आफ्नो महत्त्व सम्झी,* आफैंमा शान्ति लिइहाल ।

पद्य–८०

दिएर ज्यान साहस अति, गर्दामा पनि ता ।
ती साहेब सित स्वप्नमा पनि, भएन भेट हा !
सांचो र झुट्टो जसले ठीक, पारख गरेनन् ।
खोजेका लाभ मूल नै तिनले, गुमाए चिनेनन् ।।

सकेनन् जान्न झिनी र मोटी, माया ती फसैंले ।
अज्ञान पोको अन्तमा सबै, बेकम्मा यसैले ।।
कबीर भन्छन् अन्तमा तिमी, को प्रति दोषौला ।
निराश भई दुइ आश काटी, परत्र हिंडौला ।।

❀

रमैनी–८१

देव चरित्र सुनहु हो भाई । जो ब्रह्मा सो धियेउ नशाई ।।१।।
दूजे कहौं मन्दोदरि तारा । जेहि घर जेठ सदा लगवारा ।।२।।
सुरपति जाय अहिल्या छरी । सुर गुरु घरणि चन्द्र ने हरी ।।३।।
कहहिं कबीर हरिके गुणगाया । कुन्तिहि कर्ण कुँवारेहि जाया।।४।।

अर्थ– भाइ हो ! अब देवताको चरित्र पनि सुनिहाल ! जो बुद्धिका विचक्षण, वेदका निर्माता सबैका अग्रगामी भनेका ब्रह्माजी नै आफ्नी कन्यामा प्रेमासक्त भए ।।१।। दोस्रो–पञ्च-कन्यामा गनिएका मन्दोदरी र तारा दुवै जेठी भाउजु थिए, तिनले आ-आफ्ना पतिको निधन पश्चात् देवर क्रमशः– विभीषण र सुग्रीवलाई पति बनाए । यिनका घर (कुलको) प्रथा नै थियो– दाजुको देहावसान पश्चात् भाउजुलाई देवरले पत्नीरूपमा वरण गर्ने ।।२।।देवराज भएका इन्द्रले गौतम-पत्नी अहल्यालाई छलगरी

* ज्ञान नै श्रेष्ठ हो, ज्ञानकै सम्पादन गर्नुपर्छ भन्ने शंकेत हामी वेदबाट पनि पाउँछौं– 'हामीलाई अत्यन्त तेजस्वी धन [ज्ञान] प्रदान गर ।' [यजुर्वेद ३।२५]

उनको सतित्व नै नष्टगरे । सुरगुरु–बृहस्पतिकी पत्नी तारालाई चन्द्रमाले हरण गरे, जसबाट बुधको जन्मभयो ।।३।। गुरु कबीर भन्नुहुन्छ–मानिस, हरि–विष्णुका गुण गाउँछन्, तर तिनले पनि जालन्धरकी पत्नी वृन्दाको छलपूर्वक सतित्व नष्ट गरिदिएका थिए । कुन्तीले त कन्यावस्थामै कर्ण जन्माएकी हुन् ।।४।।

अरू– दोस्रो पङ्क्तिको 'जेठ' शब्द जेठाजुलाई भन्नुभएको होइन, जेठाजुलाई त 'भसुरहिं परलो गारी [बीजक शब्द ६२]' भन्नुभएको छ । यहाँको भाव हो–'जसका घरमा सदा जेठी (भाउजु) ग्रहण गर्ने चलन थियो र वालि-रावण मारिए पछि सुग्रीव-विभीषणलाई पति वरण गरी बसे' भन्नुभएको हो ।

ब्रह्मा– स्कन्धपुराण खण्ड ३।१।४० अनुसार–वाक वा उषा नामकी पुत्रीमा यिनी आसक्त हुँदा शिवजीले तिनको शिरच्छेदन गरिदिए । शिवपुराण सं. २ खं. २ अनुसार ब्रह्माजीले सन्ध्या-नामकी पुत्रीमा रमण गरे । दक्ष-कन्या सतीको विवाहमा तिन-लाई देखी ब्रह्मा विमोहित हुँदा शिवले पाँचौं शिर काटिदिए । मत्स्यपुराण ३।३०–४७ अनुसार छोरी–दिक व्राक सन्ध्या सतरूपा र सरस्वतीका साथ पतित हुँदा शिवले पाँच शिरमा एक शिर काटिदिएपछि चतुरानन भन्ने नाम रह्यो । यसरी पुराणैपिच्छे विभिन्नरूपबाट वर्णन भएको छ ।

मन्दोदरी– मय दानव र हैमा अप्सराकी कन्या हुन् । यिनी रावणकी पटरानी थिइन् । रावण मारिएपछि विभीषणलाई पति वरण गरी बसिन् ।

तारा– यी राजा वालिकी पत्नी थिइन् । वालि मारिएपछि सुग्रीवलाई पति वरण गरी बसिन् ।

इन्द्र– गौतम-पत्नी अहल्यालाई राम्री देखेर विमोहमा परे। चन्द्रमालाई साथलिई ऋषिका आश्रम-निकट गए । मध्यरातमा

चन्द्रमाले भाले कुखुराको बोलीमा बासे। सबेर भएछ, भन्ने ठानी गौतम स्नान गर्न नदीतिर लागे। यता इन्द्रले अहल्याको सतित्व नष्ट गरी निस्कँदा गौतमले भेटेर श्रापदिए–'भग-लम्पट रहिछस्, तेरो शरीरभर हजारौं भग होस्।' पछि ऋषिले अहल्यालाई छाडेर तपस्या गर्न जङ्गल पसे। [ब्रह्मपुराण खं. १ अ. १६]

अहल्या– यी गौतमकी पत्नी, विशेष सुन्दरी थिइन्। इन्द्रको छल जानीकन पनि देवेन्द्रका साथ-समागमको स्वर्गीय सुख लिने लालचमा परिन्। [वा.रा. बालकांड सर्ग ४८ श्र. १७।२२]

बृहस्पति– यिनी अङ्गिरसका पुत्र, उतथ्यका भाइ र देवताका गुरु हुन्। आफ्नी भाउजु ममताका साथ बलात्कार गरी भ्रष्ट भएका थिए। [भागवत ९।२०।३५–३९]

चन्द्रमा– यिनले आफ्ना गुरु बृहस्पतिकी पत्नी तारालाई यज्ञमा बोलाए। पछि पतित हुँदा दुवैका संसर्गबाट बुध जन्मे। बृहस्पतिले पञ्चायत गराउँदा–पत्नी बृहस्पतिलाई र छोरोचाहिं बाबुको कमाई हुन्छ भनी ब्रह्माले चन्द्रमालाई नै दिलाइदिए।
[विष्णु पु. अं.२।४।६]

विष्णु– परम सती वृन्दा जालन्धरकी पत्नी हुन्। जालन्धर र महादेवको सङ्ग्राम हुँदा, वृन्दाका पातिव्रत्य–धर्मको बलले महादेवले जित्न सकेनन्। विष्णु कृत्रिम जालन्धर बनी वृन्दा कहाँ पुगे। उनले आफ्नै पति सम्झिन्, विष्णुले सतित्व नष्ट गरिदिएपछि थाहापाइन् र क्रुद्धभई श्राप दिइन्–पत्थर घास वृक्ष र झार बन्नुपरोस्। यसैको परिणाममा शालिग्राम कुश पीपल र तुलसीको रूप विष्णुले धारण गर्नु परेको हो भन्ने पौराणिक कथा छ। वास्तवमा विष्णु जड पत्थर, झार, घास, रूख बने भन्ने कुरा कल्पित हुन्। हुनसक्तछ–एक त व्यभिचार कर्म, दोस्रो त्यस्ती सती साध्वीमाथि छलगरी सतित्व डगाइदिनु–यही हो जड

बन्नु; अर्थात् बुद्धि जड बनेछ ।

कुन्ती– यिनी राजा सूरसेनकी कन्या हुन् । कुन्तल भोजले धर्मपुत्री बनाएका थिए । भनाई छ–यिनलाई दुर्वासा ऋषिले वशीकरण मन्त्र दिएका थिए । कन्यावस्थामै मन्त्रको परीक्षा निम्ति सूर्य देवताको आराधना गरिन्, यिनैबाट कर्ण जन्मेका हुन् । पछि पाण्डुका साथ विवाह भयो । युधिष्ठिर भीम अर्जुन पनि तिनैका पुत्र हुन् । क्रमशः धर्मराज वायुदेव र इन्द्रका सहवासबाट पैदाभए । अहल्या द्रौपदी तारा कुन्ती र मन्दोदरी–यी पञ्च-कन्यामा गणना गरिन्छन् ।

यो रमैनीको भाव हो–जस्तै विद्वान् वाचकज्ञानी पराक्रमी तपस्वी जप तप ध्यान यज्ञादि गर्ने भएपनि सत्सङ्ग वैराग्य विवेक नभई, चरित्रको ठीक-ठीक सुधार हुन सक्तोरहेनछ ।

दोस्रो–मैले देवताको भक्ति गरेको छु, मेरो उद्धार उनैले गरिदिन्छन् भन्ने कसैले सम्झलान्, किन्तु देवताका चरित्रको चित्रण पनि माथिबाट मनन भइहाल्यो; अब त्यस्ताको पनि उपासनाका भरोसाबाट कसरी पारलागिन्छ ? के सुख शान्ति पाउँला भन्नु ! अतः सबैको आशा-भरोसा छाडी, स्वयंलाई चिनेर वैराग्यवान् पारखी सन्तको सत्सङ्ग र साधनामा अगाडि बढ्नु नै बुद्धिमानी हो ।

पद्य–८१

हे भाइ सुन ! धोताको चाला, नीतिले मनेका ।
जो ब्रह्मा थिए बिगारी छोरी, भ्रष्ट भै गएका ।।
मन्दछ तारा र मन्दोदरी, आसक्त देवरमा ।
इन्द्रले छले अहल्यालाई, चन्द्रले गुरु–मा ।।

कबीर भन्छन् हरिको गुण, गाउँछन् संसार ।
कर्णलाइ कुन्ती कुमारी छँदै, पाएकी कन्सार ।।

❀

रमैनी-८२

सुख के बृक्ष एक जगत्र उपाया । समुझि नपरलि विषय कछु माया ।।१।।
छौ क्षत्री पत्री युग चारी । फल दुइ पाप पुण्य अधिकारी ।।२।।

अर्थ– सुख-आनन्दको एकमात्र बोट भनी जगत्-त्रय (त्रिगुणी जगत्का प्राणीले) संसारको भोग लुट्ने र ब्राह्मी-स्थिति प्राप्ति गर्ने उपाय गरे । तर विषय भोग परिणामी, क्षणस्थायी छ; ब्रह्म-मायारूप भ्रान्ति कल्पनामात्र हो भन्ने कुरामा यिनको विवेक पुग्नसकेन ।।१।। अरूको के कुरा, छः चक्रवर्ती* सम्राट्, अन्य क्षत्रिय राजाहरू र पत्री–वेदज्ञ ब्राह्मण ऋषि मुनिहरू पनि चारैयुग देखि पाप–विषयानन्द र पुण्य–स्वर्ग, वैकुण्ठ, ब्रह्मानन्दादिका फलको अधिकारी हुँ भनी लालचमा परिरहेछन् ।।२।।

स्वाद अनन्त कछु वर्णि न जाई । करि चरित्र सो ताहि समाई।।३।।
जो नट वट साज साजिया । जो खेलै सो देखै बाजिया।।४।।
मोहा बापुरा युक्ति न देखा । शिव शक्ती विरञ्चि नहिं पेखा।।५।।

अर्थ– ती दुवै फल लिन उत्सुक भएका जीव विषय र ब्रह्म दुवै फलको स्वाद अवर्णनीय, अनन्त छ भनी आ-आफ्ना उद्योग धन्धाको साधना गर्नलागे । तिनैका खोजीमा तल्लीन हुँदाहुँदै सवका सव समाप्त भइरहेछन् ।।३।। जो नट वट–हठयोगी उपासक जन, विषयभोगका विलासी र ब्रह्मानन्दका इच्छुकहरू आ-आफ्ना मार्गका साज-सज्दछन्–साधनामा संलग्न रहन्छन् । जो खेलै–साधनामा जो-जो अघि वढ्दछन्, ती सबै आ-आफ्नै दाउलागेको अर्थात् हाम्रै जीवन सफल भयो भन्ने सम्भन्छन् ।।४।। परन्तु विचरा मायाकै मोह-जालमा परे, मनको चालबाजी र कल्पना जालबाट बच्ने युक्ति जान्न सकेनन् । शिव शक्ति र ब्रह्मा पनि यिनै विषयानन्द–ब्रह्मानन्दकै विरहमा छन्, त्यो युक्ति यिनको

* – छ चक्रवर्ती राजाहरूको नाम रमैनी ४७ मा उल्लेख छ ।

पनि दृष्टिमा आएन ।।५।।

अरू– 'संसारमा रहन निमित्त तिमी बाँच्न इच्छुक छौ, यसैले संसारमै फर्किरहनु पर्ने छ ... ... ।' (स्नेह पास नचुँडिए-सम्म आवागमन छुट्तैन ।)

[ऋग्वेद १०।४।५८।२–३]

साखी– परदे परदे चलिगई, समुझि परी नहिं बानि ।
जो जानै सो बाँचि हैं, नहिं तो होत सकल की हानि ।।८२।।

अर्थ– भ्रान्ति-कल्पनाका आड-आडैमा विषयासक्ति र उपर्युक्त भ्रान्ति-कल्पनाको स्थिति रहँदै चल्दै अगाडि बढ्दै जाँदैछ । विषयको आदत र मत-मतान्तरीय वाणीका कल्पनाको परीक्षा कसैलाई हुनसकेन । जसले ती दुवैको सम्यक परीक्षा गर्दछ, उही भाग्यशाली साधक ती कठिन दुवै जालबाट बच्नेछ । अन्यथा संसारका समस्त जीव महान् हानिमा नै परिरहेछन् ।।८२।।

अरू– धेरै मानिस विषयानन्दकै इच्छुक बनी, विषय भोग-धन्धामै लुट्पुटिरहेछन् । आफ्नै मनपनि आजसम्म नअघाएको र आफूभन्दा अधिका व्यक्ति कोही पनि तृप्ति नभएको, अन्त्यमा पश्चाताप गरी 'व्यर्थ भूलमा परिएछ' भन्दै पछिकालाई शिक्षा अर्ति दिंदै मरी-मरी गएका देख्दछन् सुन्छन् र पनि 'सुख यहीं छ, भन्ने संस्कार ननिस्कनाले भोगजालमै घुमी-घुमी, रन्थनिई हैरान भइरहेछन् ।

कति मानिस संसार-प्रवृत्तिबाट वाक्कभई कल्याणको खोजी गर्दछन्, तर पारखदृष्टिसम्पन्न ज्ञानीजनको सत्सङ्ग नपाई, पाए-पनि नपत्याई, आखिर वाणीकै कल्पनामा पर्दछन् । कर्म उपासना योगका क्रिया-कलापमा धेरै-धेरै व्यक्ति अलमलिएका छन्, कति मानिस अन्त्यमा ब्रह्मानन्द-सुखको महिमामा परी, उहीं स्थितिलिने

इच्छा गर्नेपनि छन्, किन्तु त्यो भेट्टाउँने होइनन् । शिव विरञ्चि सनकादि पनि उसलाई नपाई, अगम अगोचर शून्य निराकार ..... इत्यादि वाणीमै परेका शास्त्रबाट देखिए, किन्तु स्वयं त्यसबाट विवेकपूर्वक बची सह्मालिएका कहींबाट देखिएनन् ।

कथा-पुराणादि सबै सुन्दछन्, त्यहाँ पापी–गणिका गिद्ध व्याधा अजामिलहरू भगवान्को नाम लिंदैमा तरे; फलाना-फलानाको ब्राह्मी-स्थिति भयो, ... इत्यादि कल्पित वाणी सुनी-सुनी विश्वासमा पर्दछन्; मेरो पनि अवश्य कल्याणहुन्छ भनी ढुक्क हुन्छन् । उता ब्रह्म-ईश्वरलाई उपनिषदादिमा, नेति-नेति, अगम अपार ...... इत्यादि वर्णन गरेका वचनप्रति केही विवेक गर्दैनन्, यही हो–'कल्पना-भ्रम वाणीका आडैआडमा खानी-वाणी दुवैजाल चल्दै, फिंजिदै आइरहेको ।' मुमुक्षुको यहाँ कर्तव्य हुन्छ–पारखी सन्तजनको सत्सङ्गबाट सबै कुराको ठीक-ठीक परीक्षा गर्नसक्ने दृष्टि बनाउनु, सत्य परीक्षक दृष्टिबाट छानी निर्णय बुझी, स्व स्थिति बनाउनु; भ्रान्ति कल्पनाका अनुगामी नबन्नु, यही भाग्यवन्त बन्ने लक्षण हो ।

असत्य कुरा समर्थकका लाखै लच्छेदार आकर्षक वचन हुन् तापनि, तिनका प्रतिको माया मुलाहिजा परित्याग गर्नैपर्दछ । सत्य-समर्थक वचन एकै सूत्र होस् वा असभ्य पाखे, काँठे बोलीमा हुन्, तैपनि तिनलाई महामन्त्र सम्झी ग्रहण गर्नु विवेकीजनको बुद्धिमत्ता हो । वस्तु-स्थितिको विवेकबाट मात्र सत्यको सही प्रमाण मान्नु पर्दछ । लेखवद्ध प्रमाणमात्र पर्याप्त हुँदैनन् । यी वचन ठीक सम्झन सकेमात्र सत्यमा आफू अवस्थित होइनेछ ।

पद्य–८२

सुखको बोट जगत्मा एक, प्रकट गरायो ।
समझ कत्ति भएन केही, विषय माया यो ।।
छः चक्रवर्ती पत्रका धारी, चौं युग कल्पदै ।
दुइ फल पाप पुण्य का पात्र, बने का जल्पदै ।।

स्वाद छ मीठो सारै नै भन्छन्, बयान बिनको ।
चरित्र गरी आखिर त्यो त, उसैमा लीन भो ।।
नटको नक्कल जसले साजी, सम्पूर्ण सज्दछ ।
खेलाडो जन खेलमा दाऊ, लागेको देख्दछ ।।

मोहित बरा जनले कठै ! युक्ति नै देखेनन् ।
शिव र शक्ति ब्रह्माले पनि, क्यै देख्न सकेनन् ।।

श्लोक- पर्दै–पर्दा गएको छ, वाणी सम्झन धौ भयो ।
जो जान्यो बाँचने त्यै हो, हानि भो नत्र सर्वको ।।

*

रमैनी–८३

क्षत्री करे क्षत्रीया धर्मा । सवाई बाके बाढे कर्मा ।।१।।
जिन अवधू गुरु ज्ञान लखाया । ता कर मन ताही लै धाया ।।२।।

अर्थ– क्षत्रियहरू आफ्नो क्षात्रधर्म भनी युद्धस्थलमा सङ्ग्राम गर्छन्, शिकार-मांस, भक्षण पनि गर्दछन् । यसरी तिनको सवाई कर्म–झन्-झन् पाप-प्रवृत्तिको बोझा थपिंदै गइरहेछ । यिनले यसको परिणाम फल–दुःख भोग्न विवश हुनैपर्छ र भोगी पनि रहेछन् ।।१।। परन्तु संसारमा जस्ता शिक्षक गुरुले जसलाई जस्तो ज्ञान–शिक्षा दीक्षा दिएका छन्, तिनको मन उही मान्यता-मा दौडन्छ–दौडिरहेछ ।।२।।

अरू– पानी अंसारका माछा, कुल अंसार शुद्धिता ।
जसका गुरु छन् जस्ता, ती बन्छन् उहि बुद्धिका ।।
(श्री पूरणसाहेबको उक्ति)

क्षत्री सो जो कुटुम सों जूझै । पाँचों मेटि एककै बूझै ।।३।।
जीव मारि जीव प्रतिपारे । देखत जन्म आपनो हारे ।।४।।
हाले करे निशाने घाऊ । जूझि परे तहाँ मन्मथ राऊ ।।५।।

अर्थ– वास्तवमा क्षत्रिय भनेको उही हो जो आफ्नै भित्री कुटुम्बरूप शत्रु–काम क्रोधादिका साथ सङ्ग्राम गर्दै रहन्छ । पञ्च

विषयासक्ति निर्मूल गरी, एक हृदयस्थ चेतन सत्य-सार रहेछ भनी बुझ्दछ ।।३।। अज्ञ जीव स्वादासक्तिका वशमा परी, अनाथ निर्धा पशु पक्षी मारी आफू खान्छन्, परिवारलाई पनि पोस्तछन् र मुख्य आफ्ना उपर्युक्त शत्रुलाई नचिह्नी वा क्रोधवश अरूलाई मार्दछन्, सङ्ग्राममा भिड्दछन् । आफैंसमान यिनलाई पनि कष्ट-हुन्छ भन्ने देख्तादेख्दै यस्तो अमानुषीय काममा आफ्नो अमूल्य जीवन गुमाउँछन् ।।४।। स्वादासक्ति, बल-वृद्धिको लोभवश वा अहङ्कार क्रोधका आवेशमा परी, स्फूर्तिका साथ ताकी, जीवघात गर्दछन् अथवा शत्रुलाई घाइते बनाइदिन्छन् । यसरी मनमानी गर्ने राजा, क्षत्रिय भनाउँदाहरू आफ्नै ज्यानको बाजी थापेर पनि बिचरा जीवलाई मार्नमै आफ्नो बहादुरी ठान्दछन्, तथा लडाइँमा मुठभेट–हानाहान गर्दछन् ।।५।।

अरू– गीताको 'स्व धर्ममा मर्नु श्रेय छ' भन्ने वचनबाट क्षत्रियहरूलाई 'मारकाट गर्ने हाम्रो धर्म हो' भनी अधर्ममा ओरालो लाग्न सारै सजिलो भएको छ । यिनलाई 'स्व' कै पत्ता छैन, शरीरकै जातिलाई 'स्व-आफू' सम्झेका छन् । दोस्रो 'म लडाइँमा भिडेको छु कि निरीह जीवको निर्दयतापूर्वक घात गरि-रहेछु' यो कुराको यिनलाई कत्ति होश भएन । बिचरा के गरुन् ! यिनलाई यिनका शिक्षकहरूले यही पढाएका छन् । आगम-निग-महरू वाणीका बन हुन्, तिनबाट जसले जे सिद्धगर्न खोजेपनि प्रमाण नपाइएला भन्नु पर्दैन । यसैले त वेद शास्त्रकै आडमा गनिनसक्नका मत चलेका छन् । यता, यिनीहरू 'धर्म-युद्धको विधि देख्दछन्', त्यो त यिनीबाट के हुनसकोस् ? अर्जुन जस्ताले त सकेनन् र नर्क जानपऱ्यो । सकेपनि राजनीतिको व्यवहार पालन गर्नेसम्म हो, तर ज्यान-घातको बदला न तिरी त सुखैछैन ।

यिनी क्रोध र स्वादका वश निर्धा जीवलाई निमोठ्न बेरै

लगाउँदैनन् । अर्काको ज्यान लिने काम–शिकार-खेल्न, मार-हान्न मा यिनलाई रमाइलो लाग्छ। होटेल आदिमा पाकेका माछा मासु कुखुराका फुलहरू अनायास खान पाउने हुनाले वर्तमानमा त झन् अनाचार अनीति हिंसा पापादि कुकृत्यहरू बढ्दै गइरहेछन् । यी सबै कर्मको साटो नतिरी सुखपाइने होइन ! आखिर तिर्नुपर्दा 'नानीको ताइँ, देखिनेछ' होशगर । आजैदेखि कल्याण-कार्यमा कटिवद्ध बनिहाल । जसमा पछि पछुताउन नपरोस् ।

साखी– मन्मथ मरै न जीवै, जीवहि मरण न होय ।
शून्य सनेही राम बिनु, चले अपन पौ खोय ॥८३।

अर्थ– मनमथ–मनबाट मथिएर निस्कने–काम-वासना र अहङ्कार, यी कुनै स्वतन्त्र द्रव्य नहुनाले मुर्दा–छायासरि हुन् । तिमीमात्र आफ्नो होशमा बस, ती सँधै मरेकै छन् । यिनमा तिमी नै बेहोशी बनेर आफ्नो शक्ति भरिदियौर पो यिनले तिमीलाई निरन्तर थिचिराखेका छन् । तिमी जीव चेतनको कहिल्यै मृत्यु हुने होइन । तर शून्यका प्रेमी जीवले हृदयका साँचा रामलाई न चिह्नी अपन पौ–आफ्नो स्वत्व फाली हिंडे, शून्यमै मिल्ने काम गरे, भ्रान्तिमा परे ॥८३॥

अरू– काम- वासना र मनका अभिमानको कहीं स्थिति हुँदैन । अतएव यिनीबाट जीव सावधान भई, आफ्नो विवेक गरोस्। शून्य कामासक्ति, शून्य स्वरूप अभिमानादि सबै 'स्व सत्य चेतनलाई आवरण गर्ने, नाना कष्ट भोगाउने र आफ्नो शान्ति–मुक्ति स्थितिबाट वञ्चित गराइदिने' बाटामात्र हुन् । यिनलाई परीक्षाको कसीमा कसेर यिनबाट पृथक बन, आफ्नो असली अखण्ड स्वरूप चेतनलाई चिन, स्वयंको शाश्वत स्वत्वलाई बचाउ र त्यहीं स्थिति बनाउ ।

अथवा शून्य-जडवाद र शून्य-आकाशवत्को ब्रह्म अद्वैतका

स्नेही जीवहरू रमैया राम चेतनको स्थिति बिना आफ्नो सत्व गुमाएर चारखानिमा चक्कर काटिरहेछन् । तिमी त त्यस्ता नबन, पारखको माध्यमबाट परमार्थ-पथमा अगाडि बढ ।

पद्य–८३

छेत्रीले गर्छ क्षत्रिय धर्न, कर्तव्य भनेर ।
सवाई बढी उनलाई कर्म, मिल्दछ बनेर ।।
के गरुन् बरा जे जस्तो ज्ञान, गुरुले देखाए ।
तिनको भित्र त्यै छाप पऱ्यो, स्वै गर्न रमाए ।।

क्षत्री हो उही कुटुम्बी संग, जो व्यक्ति लड्दछ ।
मिटाई पाँच एक नै , सार, बुझेर बढ्दछ ।।
मारेर जीव जीवलाइ पोस्ने, निर्दयी मानव ।
देखता देख्तै जीवन आफ्नू, फाल्ने ती दानव ।।

शीघ्रातिशीघ्र ताकेर हान्छन्, घायल पार्दछन् ।
मनपरी गर्ने राजाको चाला, सुरीदै मार्दछन् ।।

श्लोक–मर्छ न बाँच्छ मानन्दि, जीव मर्दैन नित्य छ ।
शून्य प्रेमो बिना राम, छाडी स्व सत्व हिंड्दछ ।।

❀

रमैनी–८४

ये जियरा तैं अपने दुःखहि सह्मार । जेहि दुःख व्यापि रहा संसार ।।१।।
माया मोह बँधा सब लोई । अल्प लाभ मूल गौ खोई ।।२।।

अर्थ– हे जीव ! विषयासक्ति र भ्रम-मान्यतावश तीन ताप आवागमन, गर्भवास आदिको कष्ट जो संसारमा परिरहेको छ, ती सबैबाट तिमी स्वयंलाई बचाउ ।।१।। समस्त प्राणी मोह-कल्पनामा बाँधिएका छन् त्यहाँ लाभ किञ्चित् छ, त्यो पनि मनले मानेको मात्र हो । यता मूल धन–चेतनको विवेक बिना उसको स्वत्व माटोमा मिलिसक्यो, अर्थात् मानव-तनको हंसदशा हराइरहेछ ।।२।।

मोर तोर में सबै बिगुर्चा । जननी गर्भ वोद्रमा सूता ।।३।।
बहुतक खेल खेलें बहुरूपा । जन भँवरा अस गये बहूता ।।४।।

अर्थ मेरा परिवार, मेरो धन, मेरो मत... ...इत्यादि भनी भनी राग-द्वेषमा अल्झिदै बिगुर्चा–धोक्कामा परी-परी सबै गए । चौरासीको यातना भोग्नलाई माताको गर्भमा बारम्बार गुँडुल्किन पुगे ।।३।। गृहस्थीको अनेक झ्याउलामा कष्ट काट्तै तथा षट् दर्शनीका अनेक भेस धारण गरी-गरी, नाना थरीका खेल–साधनाका आडम्बरी क्रीडा गर्दै, मानव-भ्रमरा विषयासक्ति र भ्रम-मान्यताको कमल-फूलमा बन्द बनी, जडाध्यासरूप हात्तीद्वारा विनष्ट भई गइसके ।।४।।

उपजि बिनशि फिर जुइनी आवै । सुखको लेश सपनेहु नहिं पावै ।।५।।
दुःख सन्ताप कष्ट बहु पावै । सो न मिला जो जरत बुझावै ।।६।।

अर्थ– अज्ञानी जीव बारम्बार जन्म-मरणमा घुम्दै-फिर्दै पुनः जुइनी–गर्भवास-डेरामा शयनगर्न आइपुग्दछन् । तर त्यो आवागमनको चक्रका बीचमा स्वप्नमा पनि रञ्चमात्र सुख-शान्ति पाइँदैन ।।५।। शरीर धारण गरी थरी-थरीका दुःख–तीन-ताप तीन पन, तीन अवस्थादिको अनगिन्ति कष्ट पाई नै रहिन्छ । यी सबै जलन मिटाई, स्वरूपज्ञान-स्थितिको शीतलता प्रदान गरि-दिने वीतराग पारखी सन्त आजसम्म मिल्न सकेनन् ।।६।।

मोर तोर में जरे जग सारा । धृग स्वारथ झूठा हंकारा ।।७।।
झूठी आश रही जग लागी । इन्ह ते भागि बहुरि पुनि आगी ।।८।।
जेहि हित के राखेउ सब लोई । सो सयान बाँचा नहिं कोई ।।९।।
साखी– आपु आपु चेते नहीं, कहौं तो रुसवा होय ।
कहहिं कबीर जो आपु न जागे, निरास्ति आस्ति न होय ।।८४।।

अर्थ– सारा संसार राग-द्वेषमा जलिरहेछन् । जीवलाई जलाउने स्वार्थासक्ति र वाणी-कल्पनाको आसक्ति–दुवैलाई

धिक्कार छ। यिनैमा फुलेर अहङ्कार गर्नु व्यर्थ हो। जीव यसैका वश रङ्गशालाको भकुण्डो भइरहेछ ॥७ जगत्का जीव झुट्टै अनेक आशामा अल्झेका छन्। जो यी अग्नि ज्वालाबाट भाग्न अघि बढ्छन्, ती बिना पारख झन् वाणीका कल्पित ईश्वरादिको मान्यतारूपी अग्निकुण्डमा पर्दछन् ॥८॥ सुख-शान्ति, मुक्तिको आशाले भोगासक्ति र भ्रम कल्पनालाई हृदयमा राखेका थिए, ती चतुरा-पठित व्यक्तिहरूसमेत कोही बाँचेनन्। मन, कल्पनाका इष्टले के बचाउन्! ॥९॥

विवेक-विहीन व्यक्ति स्वयं सावधान भई सुधार्दैनन्, भोग विषय क्षणस्थायी र कल्पनाका इष्ट आकाश-कुसुमसमान हुन्। यिनमा नभूल, भनी पारखी सन्तले लाख शिक्षा गर्दा पनि उल्टै यी अबुझ झन् झनक्क झन्कन्छन्। गुरु कबीर भन्नुहुन्छ–जो आफू आफैंतिर नफर्की, विवेकका आँखा उघार्दैन-जाग्दैन, त्यस्तालाई जत्ति सम्झाए पनि के गर्ने? व्यर्थ छ। ती आफू-आफ्नै जिद्दी पक्रि-रहन्छन्। तर भ्रम-कल्पनाका इष्ट र जड पदार्थ, कदापि अस्ति–सत्य ज्ञान स्वरूप चेतनजीव हुन सक्तैनन्। हृदयस्थ द्रष्टा चेतन नै सत्य हो, यसैलाई जानी यसैमा स्थिति बनाउ; × यति मैले निश्चित कुरा भनिदिएँ ॥८४॥

अरू– संसारका सारा प्राणी दुःख जलन कमी परिश्रम परवशता आदिबाट त्रस्तछन्। व्यवहारमा विषयभोग-सुखको कमी सम्झी, तृष्णा परिश्रम मोह लोभ काम क्रोधादिमा पिल्सी उसिन्नी पाकिरहेछन्। यसबाट छुट्ने, आफूलाई शान्ति-सुख उप-लब्ध हुने, परमार्थपट्टिको शोध-खोज गर्ने काममा अवकाश निकाल्नै सक्तैनन्। बल्लतल्ल हजार व्यक्तिमा एक जना परमार्थ

×– सत्यको आधारभूत अग्नि (ज्ञान) साधकको अन्तःकरणमा प्रकाशित हुन्छ।
[सामवेद उ. वि. ६।२।२। (७)]

को चासो लिने पाइन्छन्, तिनमा पनि विवेक-विचारबाट सम्झी बुझी सत्य सिद्धान्त र यथार्थ आचरण पहिल्याई पक्रने पात्र पाउन दुर्लभै छ ।

ती मध्ये धेरैजसो कल्पित वाणीका भरमा परी 'मिथ्या अनुमानको अनुसरण गर्ने, स्व स्वरूपदेखि भिन्न दोस्रा अरू नै कर्ता परमात्मा छन्' उनै भुक्ति-मुक्तिका दाता हुन् भनी मिथ्या भ्रान्ति नै पछ्याउनेछन् । कति त 'एक ब्रह्म सत्य, जगत् मिथ्या हो' भन्ने मान्यतामा छन् । कति– 'हामी पुस्तकका पुच्छर पक्रँदैनौं, विवेकको निष्कर्षलाई मान्दछौं' भनी अगाडि बढ्दछन्, ती त झन् सूर्यसमान भएको ज्ञान स्वरूप सत्य चेतनलाई समेत मेटेर 'म' भन्ने कुनै वस्तु नै छैन, ज्ञानगुण पनि चार तत्त्वको यौगिक धर्म हो' भनी आफ्नै अस्तित्वसमेत संहार गर्दछन् ।

यसरी संसारका सारा प्राणीको हृदय दुःख चिन्ता शोक परिश्रम परवशता भ्रान्तिबाट रौं-रौं पुरिए-ढाकिएका छन् । यसैले यो शब्दको आरम्भमै गुरु भन्नुहुन्छ– 'ये जियरा तैं अपने दुखहि सह्मार । जेहि दुख व्यापि रहा संसार ।'

अब ती सबै दुःख परवशता, भ्रान्ति आदिबाट त्राण पाउने मुख्य माध्यम के त भने ! हामी मानवमात्रले सर्व प्रथम पारख-दृष्टिकै अनुसरण गर्नुपर्दछ । अर्थात् प्रथम परमार्थमा प्रवेश हुने पाइलोदेखि नै विवेकबाट जाँची-बुझी सत्य देखिएका कुराहरूमात्र लिने अभ्यास बसाल्नु । सत्य सिद्धान्त, सत्य आचरण–सत्संग भक्ति वैराग्य दया अहिंसा शील क्षमादि गुणको पालन नगरी हुँदैन । प्रथम आफूले आफैंलाई चिन्न र आफ्नो महत्व सम्झनको अति आवश्यकता छ । आफ्नो असली स्वरूप–ज्ञानमात्रमा स्थिति बनाएपछि यो सम्झ–वास्तविक मुक्ति-स्थिति मिलिहाल्यो; अरू कसैका कृपाले मुक्ति दिएर दिइने, पाइने होइन । न अद्वैत ब्रह्म

बनेर बनिन्छ न संसार भरी म व्याप्तछु भन्ने सम्झेर नै 'आफ्नो स्थिति मिल्दछ; न आफैंलाई मिटाएर नै दुःखबाट सर्वथा रहित भई निर्वाण होइने हो !

उसोभए शरीरमा 'म' भन्ने ज्ञान स्वरूप भनेको त्यो को हो त ? उत्तर हो–हामीले 'म' भनेर नाम जात पद कदहरूलाई नै सम्झेका छौं। परन्तु ती सबैका समूह नै हाम्रो अहङ्कार हो। यही अहङ्कारलाई कसै-कसैले आफ्नो वास्तव स्वरूप सम्झेका छन्। तर त्यो अहङ्कारसहित मन बुद्धि चित्त र दश इन्द्रियका समूहरूप यो शरीरलाई जसले भित्रबाट सत्ता दिइरहेछ, वास्तविक ज्ञान-स्वरूप 'म' उही हो।

शरीर जन्मेपछि नामकरणका दिन नाम राखिदिए, अवस्थाले बाल तरुण वृद्धादि पन आयो, पढेर पण्डित भयौं, सिकेर सुज्ञ-विज्ञानी बन्यौं। यसैं गरी-गरी पछि थपिएका उपाधि–नाम जात अवस्था पद आदि प्राप्त भएका थिएर आफूलाई उही नाम, पदादि सम्झी, तिनको अहङ्कार आफूमा थुपारेका छौं, यही अहङ्कारको समूह 'म' बनिरहेछ। असली सत्य ज्ञान स्वरूप चेतनलाई बनाउन पर्दैन, त्यो बनाएर बन्ने कृत्रिम पदार्थ पनि होइन। त्यो सत्य चेतनले वासना, कर्म-संस्कार लिई गर्भमा आएपछिमात्र उसैको अस्तित्वका आधारबाट प्रारब्धानुसार शरीरको निर्माण हुनथालेको र उसैको विद्यमानताबाट शरीरको स्थिति-रक्षा हुँदै आएको हुनाले स्वयं प्रत्यक्षद्वारा उसको अनुभव स्पष्ट छँदैछ। माथिका कृत्रिम कुराको समूह 'म' विकारी हो। यसैले यस्तो 'म' बनेका व्यक्तिलाई पनि ती पद धन परिवारादि छुट्दा आफैं छुटेको, लुटिएको, नरहेको समान कष्ट हुन्छ।

उक्त कृत्रिम 'म' लाई विधिको द्वारा चिनाउन चिन्न सकिन्छ, तर यो ज्ञान स्वरूप वस्तुरूप 'म' को चर्चा विधिबाट मात्र अप-

रोक्ष अनुभवमा आउँदैन; निषेधबाट रून् अरू अनुभव पुष्ट हुन्छ ।

म इन्द्रिय होइन, बुद्धि होइन तथा मन पनि होइन । स्थूल (मोटो) अहङ्कार त माथि भनेझैं यश धन मान आदिका नशा हुनाले त्यो म होइन-होइन; सूक्ष्म (महीन) अहंपना पनि म होइन । यसको भाव हो–लोभ र स्थूल अहङ्कारबाट ग्रस्त हाम्रो मनले चेतनलाई पनि अहङ्कारकै शुद्ध रूपमा देख्नथाल्दछ । हामी आफूलाई 'चेतन' भन्दछौं र पनि सम्झने दोस्रा व्यक्तिले सम्झन्छ–म उही सूक्ष्म भित्र (अन्तःकरणमा दृश्यरूपबाट अनुभव हुने मूर्ति ज्योति शब्द अभाव-शून्य इत्यादि) रूप हुँ । गुणी लेखक शिक्षकहरू पनि पारख बिना आफूलाई 'गुणज्ञ, लेखन-कुशल,शिक्षा-निपुण सम्झन्छन् । तर प्रारब्ध र भ्रान्तिको सङ्घातले गर्दा यो 'म' हत्तपत्त हट्तैन, लागिरन्छ । किन्तु ती कुनै पनि असली 'म' (वास्तविक हाम्रो स्वरूप) होइनन् । वास्तविक 'म' को स्वरूप हो– 'द्रष्टा, अपरोक्ष, स्वयं शुद्ध ज्ञान-स्वरूप चेतन अस्तित्वमात्र ।

दश इन्द्रिय 'म' होइन भन्दा ती इन्द्रियवर्ग र तिनले जानेका, जोर-जम्मा गरेका–विषय प्रेम मान अपमान शरीरादि सबै गए, केही बचेनन् । मन बुद्धि चित्त अहङ्कार 'म' होइन भन्दा ती चतुष्टय र तिनका व्यापार–सङ्कल्प विकल्प निश्चय चिन्तन अनुसन्धान कर्तव्यको गर्व सबै समाप्त भए, केही रहेनन् । प्राण त प्रत्यक्षमा वायुतत्त्व हुँदै हो । यसलाई एकक्षण रोक्न सबै समर्थ छन्, अभ्यासले दश क्षण पनि रोक्न सकिन्छ । योगी-हरूले कुम्भक-क्रियाद्वारा प्राण-रोधन गरी, धेरै बेरसम्म पनि प्रदर्शन गराउँदछन् । मस्तिष्क भनेको पनि मथिगल (गिदी) स्थूल शरीरकै अवयव न हो ! यो हो– बुद्धि-विलासको संस्कार जम्मा हुने भण्डार ।

यसरी यी सबै जड-स्वरूप पृथकका वस्तु हुन् म भन्ने

असली चेतन त यी सबैदेखि छुट्टै जानमात्र अनादि शाश्वत द्रष्टा रूपबाट स्वयं अनुभव बोध-गम्य छँदैछ । संसारमा नभएका पदार्थ-का कुनै गुण धर्म हुँदैनन् । भएका जड तत्त्वहरूमा अरू-अरूनै गुण धर्महरू छन्, ज्ञान-गुणको तिनमा सर्वथा अभाव छ । यता, हाम्रो शरीरमा 'ज्ञानगुण, ज्ञान प्रकाश' सारा प्राणीमा व्यक्त छ भने अब त्यो ज्ञान-प्रकाश के-कसको गुण हो ? जडको योगबाट पैदा भएको हो, भन्नलाई कारणमै नभएको ज्ञान, संयोगबाट कार्य पदार्थमा कसरी प्रकट हुन सक्तछ ? यता, प्रति-घट ज्ञानपना व्यक्त भइरहेकै छ । यसैले यो हृदयस्थ चेतन, सबैदेखि छुट्टा सबै-भन्दा श्रेष्ठ, स्वतन्त्र वस्तु हो, केहीबाट बनेको होइन, कहिल्यै नाश हुनपनि सक्तैन । शाश्वत ज्ञानमात्र अनादि अस्ति वस्तुरूप हो । यसलाई अहिले तत्कालमा पारखी-गुरुको इशाराबाट सबैदेखि पृथकको अभ्यन्तर स्थित ज्ञाता चेतन स्वरूप भनी विवेक-अनुभव-द्वारा जान्नुपर्दछ । वासनालाई हेर्ने द्रष्टाको अभ्यासद्वारा दृश्य-मात्रबाट वृत्ति हटी, स्वयंमा स्थिर भएपछि, यो स्वयं ज्ञानमात्र स्वरूको अपरोक्ष अनुभव हुनेछ ।

सङ्कल्प-विकल्प, चिन्तन, निर्णयदिने काम, मैले गरेको हुँ भन्ने अहङ्कारको भाव—यी चारै क्रिया बन्दगरी केवल जानेर बसौं । जस्तो— त्यो सम्मुखको सन्दूकलाई द्रष्टाले देख्छमात्र, राम्रो-नराम्रो, लिउँ-नलिउँ, आहा ! छि ! इत्यादि केही भन्दैन, विचार—सङ्कल्प-विकल्पको तरङ्ग नै उठाउँदैन । उता सन्दूक, यता द्रष्टा 'म' मात्र बाकी बचें । यति भएपछि म सन्दूकको द्रष्टा बनें । यस्तै अन्तः करणमा उठेका वासनालाई हेर्दा-हेर्दा जब द्रष्टामात्र बाँकी बचिन्छ, दृश्य केही बच्तैन, अनि निरन्तर ज्ञान-जानमात्र सदाको निमित्त अवशेष रहिन्छ । यही धारणा र स्थितिबाट उसको प्रारब्ध-रूप शरीर छुटेपछि विदेह मुक्त भयो ।

पद्य-८४

हे बाबू तिमी आफ्नो जो दुःख, आफैंले सह्यार ।
जुन दुःख व्याप्त छ जग भरी, व्यस्त छन् अपार ।।
बाँधिए माया मोहमा सबै, आसक्त गरायो ।
थोरैको लाभ लोभमा परी, मूल नै हरायो ।।

मेरो र तेरो भनेर जगत्, धोखामा बिग्रन्छन् ।
घृणित माताको गर्भमा गई, बार बार सुत्तछन् ।।
विविध खेल खेल्दछन् रूप, अनेक लिएर ।
बहुतै जन भुमरा गए, यसरी बनेर ।।

जन्मदै मर्दै फेरि यो जीव, योनिमै कोक्रिन्छन् ।
सुखको लेश स्वप्नामा पनि, नपाई बोक्रिन्छन् ।।
दुःख र ताप संकट घोर, उसले पाउँछ ।
पाएन त्योता जसले ताप, सर्वथा निभाउँछ ।।

मेरो र तेरो भनेर सारा, जगतै जलेका ।
धिक्कार स्वार्थ असत्य अहं, यिनैमा बलेका ।।
व्यर्थैको आश संसारलाई, लागेर व्यस्त छन् ।
यो बाट भागे फन् अरू अग्नि, बिचमा पस्तछन् ।।

जसको लागि सबले राखे, आधार मानेर ।
तो होशियार बचेनन् कोही, सम्यक जानेर ।।

श्लोक–स्वयं तो चेतने ह्वै नन्, क्रोध गर्छन मनौं मने ।
स्वयं कबीर जान्दैन, फुट्टो सत्य हुँदैन के !

संसारका सबैभन्दा श्रेष्ठ प्राणी मनुष्य जीव नै स्वयं खानी-मा अनेक भोग-क्रिया व्यवहार ममता अहङ्कारादि जाल र वाणीमा विविध मान्यता–कर्म उपासना योगादिका पर्खालले घेरी, उही घेरा-नियम (ऐन) मा स्वयं ऐनी (ऐन-निर्माता) जीव रमाई-रमाई बन्धनमा बाँधिएका, जेलिई कष्ट-पाइरहेका थिए। यस्तो दुःखको हाल गुरु कबीरका विवेकदृष्टिरूप दिव्य दूरवीनबाट देख्नु भएछ र उहाँ द्रविभूत हुनुभई, उक्त रमणस्थलको परिचय र कष्टको एक-एक रहस्य बताई, जीवलाई ती फन्दाबाट छुटाउन, चौरासी (चारखानि) का कष्टबाट बचाउनको निम्ति यो रमैनी खण्डको रचना गर्नुभएको रहेछ। यसैले यसखण्डको 'रमैनी' भन्ने उहाँबाटै नामकरण गरी, संख्यामा पनि चौरासी बन्नगएछन्।

रमैनी खण्ड भो पूर्ण, शब्दको झाल फाँड्दछन्।
गुरु निर्णयका शब्द, कबीर देव भन्दछन्॥

*

सद्गुरवे नमः

बीजक

दोस्रो खण्ड—शब्द

शब्द – १

सन्तो भक्ति सतोगुर आनी ।।१।।

नारी एक पुरुष दुइ जाया, बूझो पण्डित ज्ञानी ।।२।।

पाहन फोरि गङ्ग एक निकरो, चहुँदिश पानी पानी ।।३।।

तेहि पानी दुइ पर्वत बूडे, दरिया लहर समानी ।।४।।

अर्थ– हे सन्तवृन्द ! "भगवद्-दर्शन, दिव्यलोक-प्राप्तिको मार्ग भनी ब्रह्माजीले कल्पनाबाट संसारमा भक्तिको माध्यम निकाले" ।।१।। अब गुरु कबीर एउटा आश्चर्यजनक प्रहेलिका (पहेली)बाट भन्नुहुन्छ–'एक पत्नीले दुइ पुरुष जन्माइन्' यो कुरा के हो ? ज्ञानी पण्डितहरू बुझ ! [उत्तर–नारी हुन्–मानव-मनको कल्पना । दुइ पुरुष हुन्–ईश्वर र अल्लाह । मानिसका कल्पनाबाट दुवै जीवित छन्] ।।२।। मनुष्यको मनरूपी पहरो फोरेर काम-वासना र ती ईश्वर-अल्लाहको प्रेमरूपी गङ्गोत्तरीबाट कल्पनाको गङ्गानदी निस्क्यो । चहुँ दिश–सर्वत्र पानीरूपी वाणी–वेद-कितेब, पुराण-कुरान आदि अनेक प्रकारका कल्पित वाणी भरिए ।।३।। उही कल्पनारूपी पानीको बाढीमा हिन्दू-मुसलमान रूप दुइ ठूल-ठूला पहाड डुबे । यता–काम-जलमा सारा नर-नारी डुबे, दरिया–समुद्र नै लहरीमा मिल्यो । अर्थात् महान् जीवरूपी समुद्र आफ्नै कल्पनाका छालमा मिल्नपुगे ।।४।।

उडि माखी तरवर को लागी, बोलै एकै बानी ॥५॥
वह माखीको माखा नाहीं, गर्भ रहा बिनु पानी ॥६॥
नारी सकल पुरुष वै खाये, ताते रहै अकेला ॥७॥
कहहिं कबीर जो अबकी बूझै, सोई गुरु हम चेला ॥८॥

अर्थ– पोथी झींगो उडेर श्रेष्ठ रूखमा बस्नपुग्यो र एउटै वचन बोल्यो । अर्थात् ईश्वर-अल्लाहको कल्पित वाणी गुरुजनका मुखबाट उडेर श्रेष्ठ रूख–विवेकी चोला मानिसकै शरीर-भित्र पस्यो, हृदयमा भरियो । यसैले 'एक ब्रह्म छ' भनी सबै भन्नलागे । अथवा एकै कल्पित वाणीमा सबैले 'हो, हो–छ छ,' भनी आश्वासन दिए र भ्रान्ति-पुष्टिको लोली मिलाउन लागे ॥५॥ हुनता उक्त मान्यतारूपी पोथी झींगाको भाले–कल्पनाका पतिको अस्तित्व नै छैन, तैपनि पानी–रज-बीजको बिना गर्भ रहे झैं नभएका पति छन् भन्ने संस्कार रह्यो; अभिमान गर्नथाले ॥६॥

यसरी कल्पनारूपी नारीले सारा जीवलाई खाइसकी, सबै कल्पनामा परे । सर्वत्र एक कल्पना-मान्यता नै व्याप्त छ । तथा भोगासक्तिमा सबै हतासभई लडे–थला परे ॥७॥ गुरु कबीर भन्नुहुन्छ–जो अब यस जीवना यो सबै, जीवको कल्पनामात्र रहेछ भनी ठीक-ठीक बुझी, यसबाट सर्वथा पृथक हुन्छ, गुरु पारख को महत्व सम्झी द्रष्टा चेतन ज्ञानमात्रमा स्थिर हुन्छ, उही गुरु हो, उही मुक्त पुरुष हो । हम चेला–वासना कल्पनामा परी अहङ्कार लिनेजति सबै मायाका दास हुन् । अथवा 'यो मानव-जीवनमा ठीक-ठीक पारख गरी, सर्वकल्पित मान्यताबाट पन्छेर जो-जो स्वयंको साक्षात्कारपूर्वक द्रष्टा-स्थितिमा शान्त हुन्छन्, त्यस्ता पुरुषलाई म पनि मान्न तयार छु ।' यो गुरु कबीरको उदार-हृदय निर्मानता र परमार्थ-प्रेमको द्योतक हो । यही भाव साखी ३२२

मा पनि व्यक्त गर्नुभएको छ ।।८।।

अरू– चेतन शुद्ध स्वरूपको विषयमा भागवत आदिले पनि बताएकै छन्– 'यो कुरा पुस्तकमा लेखिने वस्तु होइन'। यसको निम्ति सबैले स्वतन्त्र विवेक र स्थितप्रज्ञ पारखी गुरुको सत्सङ्ग नै अँगाल्नु पर्दछ ।

ध्यान-चिन्तनमा पनि सम्मुखमा परेका सबै वासनालाई पन्छाई, तदन्तर पन्छाउने शेष (बाँकी) जो हो, उही नै हो–अपरोक्ष चेतन, सार सत्य वस्तु । यो कुराको सङ्केत उपनिषदादिमा पनि हामी यत्र-तत्र पाउँछौं, तैपनि विवेकपूर्वक पारख शुद्ध जान मात्रमा स्थिति लिनेतिर ठीक-ठीक लक्ष्य दिदैनौं । कल्याण–परम मोक्षको लागि हामीले यही माध्यम अँगाल्नु पर्दछ । वेद-शास्त्र पुराण-कुरान बाइबिलहरू मनुष्यलाई अनीति कुमार्गबाट बचाई, न्याय-नीतिको बाटो चलाउन र लोक-परलोकको सुख-शान्तिले परिपूर्ण पारिदिनको निम्ति रचिएका हुन् । विवेकीजनले यसबाट यो जन्म र दोस्रो जन्मको पनि सुख-समृद्धिको लाभ लिइरहेछन् ।

तर तिनमा एकातिर त कुनै न कुनै रूपबाट सत्य चेतनको स्वीकृति, पुनर्जन्म, कर्मफल भोग, बन्ध-मोक्ष, सदाचार, आत्मसंयम, त्याग-वैराग्यको वर्णन हुनाले ती मार्गमा चल्नेहरूको निम्ति लाभ छँदैछ । साथै ती मान्यताले पूर्ण भएका ग्रन्थहरूमा–यज्ञादिमा पशुवध, देवी-देवताहरूका मन्दिरमा पशुबलिको विधान, ठाउँ-ठाउँमा हिंसा भक्षण गर्ने विधि तथा पाखण्ड, कल्पना, भ्रान्ति र विषयासक्ति भेदभाव–आदिको पनि विस्तार हुनाले यिनबाट धेरैको हानि भइरहेको पनि छ । पानी तलतिरै बगेझैं मानिसलाई मनको मार्गमै बग्न सजिलो छ; मनले हम्मेसी उतै–आसक्ति भ्रान्ति तिरै तान्दछ । झन् नीति-शास्त्र, वेदादिको पनि आड पाएपछि त के चाहियो र ? 'रुन्चि बुहारीलाई माइतबाट आमा

आएकी’ भने जस्तै भइगो । अतएव पारखको कसी लगाएरमात्र ग्रन्थ र सत्सङ्गका कुराको पनि अनुसरण गर्नु पर्दछ। यसरी विवेक पूर्वक ग्रहण गरेका पक्षमा यिनैबाट गुण पनि लिन सकिन्छ। होइन, ती लेखहरूलाई पत्थरको लीक वा लालमोहरको कागत सम्झी पढे, मान्यता दिएका खण्डमा लाभको सट्टा हानि नै हात लाग्ने हुन्छ। यसैले मोक्षार्थीले प्रथम पारखदृष्टि अँगाल्नु परम कर्तव्य र बुद्धिमानी हो। यसरी पढे-सुनेका पक्षमा कहींबाट पनि हानिरहित लाभै-लाभ लिन सकिने छ।

ईश्वर-अल्लाहहरूका मान्यताबाट पनि धर्म र सदाचारको केही हदसम्म प्रचार भई, सामान्य रीतिबाट जनताको हित भइरहेकै छ। यसउसले ती पूर्व-पक्षमा अधिकांश सहायकै छन्; कसैले पनि तिनलाई नमानुन् भन्ने यहाँको भाव होइन। दुराचार नास्तिकवाद भौतिकवाद भन्दा ईश्वर-खुदादिवाद धेरै उत्तम हुन्। तैपनि निराधार चेतनको मुक्ति-स्थिति प्राप्ति गर्नका निमित्त भने साधकले अगाडि पारख-स्थितितिर बढ्नै पर्दछ। विवेकलाई दाहिने हात बनाई, परीक्षाको पराकाष्टामा पुगेर, ईश्वरादिको कल्पना पनि छाडी, सबैको कल्पना गर्ने स्वयं चेतन स्वरूप ज्ञान मात्रमा स्थिति बनाउनै पर्दछ। यही चेतन जीव बिना ती कल्पित ईश्वर अल्लाहहरूलाई कसले सिद्ध गर्ने ?

यिनै ईश्वरादिको मान्यताबाट वेद-कुरानादिका वाणी अक्षरसः स्वीकार हुन्छन्, अनि त मानिस-पूजा यज्ञ होम बलि कुरबानी जिहाद (धर्मयुद्ध) का नामबाट पाप-अत्याचार अमानुषी क्रूर कर्मतिर लाग्ने र भ्रम-कल्पनापट्टि बढ्ने नै भए। त्यस्ता कर्म गरी राम ईश्वर अल्लाह ईसालाई सम्झेर उनको नाम लिंदैमा पापको दाग छूट्छ, धर्म हुन्छ भन्ने सम्झनु भूल हो। त्यो पाप केही गरे पनि काटिंदैन, तिनको कदापि कल्याण हुनेछैन।

यसैले सर्व प्रथम एकमात्र 'आत्माराम' 'खुदखुदा' लाई ठीक-ठीक जानी उसैमा स्थिति बनाउनु । अरू कुनै भ्रम-कल्पना, मान्यतामा नअल्झनु । यही हाम्रो परम कर्तव्य हो ।

चुडका-१

सद्गुरुले सन्त भक्ति, ल्याए बुझ विज्ञ उक्ति; एक नारी दुइ नर जन्माइन् टे. ।।
गङ्गा एक पहाड फोरि, निस्की चारै दिसा भरी; छताछुल्ल पानी हुन गो !
त्यही पानी बीच दुइ, पहाड डूबे पूर्ण भई; लहरी मै नदी लीन भो ।।
पोथी झिंगा उडी रूख, लाग्न गयो प्राणी मुख; बोल्दा-भए एकै वाणी त्यो ।
त्यो झिंगाको भाले चाहीं, छँदै छैन अब काहीं; गर्भ रह्यो बिना पानीको ।।
एकै नारी जग भरी, सबै पुरुष भोजन गरी; अतः बस्छे सँधै अकेलै ।
गुरु कबीर भन्नुहुन्छ, यस पाली जो बुझ्दछ; त्यो गुरु म चेला बनें है !

शब्द–२

सन्तो जागत नींद न कीजै ।।१।।
काल नखाय कल्प नहिं व्यापै, देह जरा नहिं छीजै ।।२।।
उलटी गंग समुद्रहिं सोखै, शशि औ सूरहिं ग्रासै ।।३।।
नौ ग्रह मारि रोगिया बैठो, जलमें बिम्ब प्रकाशै ।।४।।

अर्थ– हे शान्तस्वरूप मानव-तनधारी चेतन ! यस समय तिमी जाग्रत भूमिकामा छौ । नींद–बेहोशी बनी अज्ञान-निद्रामै मस्त नबन* ।।१।। तिम्रो स्वरूपलाई कालले खान सक्तैन, त्यहाँ न कुनै कल्पना घुस्नसक्तछ ! अथवा तिम्रो शाश्वत स्वरूपका समक्ष असंख्य कल्प, एक निमेष प्रमाण पनि हुन सक्तैन । वृद्धावस्थाले क्षीण गराउन समेत सक्तैन । तिमी अखण्ड सत्य पारख स्वरूप अक्षय सनातन छौ ।।२।।

गङ्गाले समुद्रमा प्रतिपल जल थपी वृद्धि गराइदिनुपर्नेमा झन् उल्टो शोषण गरेसमान तिमीबाट उब्जेका कल्पित वाणी,

*– हामी ज्ञानबाट कहिल्यै पर नपरौं । सम्पूर्ण ज्ञानबाट हामी ओतप्रोत होउँ ।
[अथर्ववेद १।१।१।४]

फर्केर वाणीका प्रवर्तक तिमी चेतन जीवलाई नै शान्ति-स्थिति प्रदान गर्नको उल्टो झन् शोषण गरिरहेछ, भ्रान्त गराइरहेछ। शशि–योगीजन र सूर्य–ब्रह्मज्ञानीजनलाई नै ग्रास गरिरहेछ ।।३।। यसैले कल्पना अज्ञानरूपी रोगबाट ग्रस्त भएका योगीहरू नौ ग्रह-मारि–नेत्रादि नौद्वार बन्दगरेर कुंभक गर्दछन्, समाधि गर्छौं भनी व्यस्त छन्। ध्यानावस्थामा भ्रान्ति-जलका बीच ज्योति-प्रकाश देखी छायामै व्यर्थ गद्गद् हुन्छन्। रोगिया–ज्ञानीजन पनि पञ्च विषय र अन्तःकरण चतुष्टय–यी नौग्रहलाई दमन-शमन गरी, ब्रह्मानन्दको स्वाद लिन भनी बस्तछन्। क्षणमात्र वृत्ति रोकिदैमा आफूलाई पूर्ण सम्झी, मै पूर्णब्रह्म रहेछु भनी ढुक्क पर्दछन्। अतः यी पनि वाणीरूपी पानीमा कल्पित ब्रह्मरूपी ब्रिम्बको प्रकाश देखेर त्यसैलाई सत्यमानी धोक्कामा परे।।४।।

बिनु चरणनको दहुँ दिश धावै, बिनु लोचन जग सूझै ।।५।।
संशय उलटि सिहको ग्रासै, ई अचरज कोइ बूझै ।।६।।
औंधे घडा नहीं जल बूडे, सीधे सो जल भरिया ।।७।।
जेहि कारण नर भिन्न भिन्न करें, सो गुरु प्रसादे तरिया ।।८।।

अर्थ– वाणीका कल्पना र मनको गति छ– बिना गोडाकै दसदिशा दौडी-दौडी पुग्ने। ध्यानमा आँखा चिम्लेर पनि यी संसार सबै छर्लङ्ग देख्छु भन्दछन्। अथवा यिनलाई आफ्नो पुस्तकीय ज्ञान नै सत्य प्रतीत हुन्छ। ती पुस्तकीय कल्पित वाणी-का कुनै पद–खुट्टा त छैनन्, तर सर्वत्र खूब दौडिरहेछन्। भ्रान्त-जनका मस्तिष्कमा सवारभई जतातते पुग्दछन्। नेत्र-विहीन अन्धो वाणीले सबैलाई शिक्षा गरिरहेछ, अर्थात् सबै लेखेकै भरमा दौडन्छन्, स्वयं विवेकबाट काम लिदैनन् ।।५।।

मनका संशय-भ्रान्तिले नै फरक्क फर्केर स्वयं सिहसमान विवेक-शक्तिले सम्पन्न जीवलाई नै दाह्रा धसिरहेछ। यस्ता

अचम्मका कुरा कुनै पारखीजनले मात्र बुझ्नेछन् ।।६।। औंधे घडा–घोप्टो रित्तो गाग्रो पानीमा डुब्दैन।त्यस्तै रित्तो अवस्तु ब्रह्ममा कल्पनारूपी पानी के भरियोस्! तथा के डुबोस् ? कल्पना स्वयं कसो गरी प्रचार होस् ? सीधा–ज्ञान-गुणयुक्त चेतन मनुष्य जीवले नै कल्पित वाणी मस्तिष्कमा भरेर उही कल्पनामा स्वयं डुबिरहेछन् । बाहिर पनि प्रचार गरिरहेका छन् ।।७।।

ब्रह्मज्ञानी भन्दछन्– 'जुन मुक्ति कल्याणको निम्ति, मानिस अनेक मतको कल्पना गरी अनुष्ठान गर्दछन्, त्यो काम ब्रह्मज्ञ गुरुको कृपाबाट पूर्णभयो, ब्रह्मबोध प्राप्त भयो । अब सहजै अद्वैत ब्रह्म बनियो । यिनी यो विचार गर्दैनन्– "ब्रह्म र जगत् नाममात्र दुइ हुन्, वस्तु त एउटै हो ।" 'जन्मेको छु, बन्धनमा छु, मुक्त हुनुपर्छ, भ्रान्ति छुटाउनु छ' यी कुरा पनि हामीलाई भ्रान्ति भएको मात्र हो, यत्ति बुझ्नमात्र त्रुटिरहेको छ, यति बुझेपछि मुक्तिमा कुनै विलम्ब रहँदैन–यो यिनको धारणा छ ।।८।।

बैठि गुफामें सब जग देखै, बाहर किछउ न सूझै ।। ९ ।।
उलटा बाण पारधिहिं लागै, सूरा होय सो बूझै ।।१०।।
गायन कहै कबहुँ नहिं गावै, अनबोला नित गावै ।।११।।
नटवट बाजा पेखनी पेखै, अनहद हेत बढावै ।।१२।।

अर्थ– योगीजन गुफाभित्र समाधि लगाई बस्तछन्, 'सारा जगत् हातको अमलाभैं देखिरहेछु' भन्दछन् । ब्रह्मज्ञानी ब्रह्मसमाधिमा बस्छन्, जगतै एक ब्रह्मरूप देख्छु, भन्दछन् । यिनै योगी र ज्ञानीजन जब आँखा उघारी हेर्दछन् त ती दृश्य केही छैनन्, जड-जगत् जस्ताको तस्तै प्रत्यक्ष छ ।।९।। अतएव त्यो ब्रह्म-कल्पनाको बाण फर्केर आफैं पारधी–शिकारी (योगी, ज्ञानी)लाई नै लाग्यो । अर्थात् श्वास उल्टाएर ब्रह्माण्डमा चढ्न खोजेका थिए, तर कष्ट-पूर्वक श्वाससम्म बल्ल-तल्ल चढ्यो, तैपनि काम केही भएन, द्रष्टा

जीव पृथकै रह्यो । आयु समाप्तभई एक दिन मस्तिष्क फुट्यो, जीव, कल्पना-शून्यमै पर्‍यो, यी सबै भ्रान्ति-धोखामै परे । यो कुरा वाणीका पक्ष-मोहमा नपर्ने स्वतन्त्र विवेकी कुनै शूरवीर भए तिनैले मात्र बुझ्नसक्नेछन् ।।१०।।

गायन–वेद कुरान आदि समस्त वाणीका गायक तथा रचनाकार जीव चेतनको विशेषता कोही गाउँदैनन्, अनबोला–कहिल्यै, केही भन्न बोल्न नसक्ने, सर्वथा जड कल्पित वाणी–वेद-पुराणादि र मिथ्या मान्यतामात्रका ईश्वर ब्रह्म, खुदादिको महात्म्य स्तुति भने सबै गाइरहेछन् ।।११।। नटवट बाजा–चौरासी आसन लगाई, अनहदनाद सुन्दछन्, पेखनि पेखै– 'त्राटक मुद्रादि-द्वारा ज्योति दर्शन' गरी उही बेहदका कल्पित ब्रह्ममा हेत–प्रीति बढाउँछन् ।।१२।।

अरू– चौरासी आसनबाट त शरीरलाई विशेष कष्टदिई सताउनु र समयलाई नष्ट गर्नुमात्र हो। अनहदनाद र ज्योति-दर्शन पनि क्रमशः– शब्द र स्पर्श विषयकै सूक्ष्म स्वरूप हुन् । यिनकै भरोसामा परी अल्झिनु पनि कल्याण-कार्य साध्ने अमूल्य समय-लाई व्यर्थ बरबाद गर्नु र जड-पराईको धोखामा परी निर्णयज्ञान, सत्य चेतनको बोधबाट वञ्चित हुनुमात्र हो । ज्योति प्रकाश हेर्ने साधन– 'घेरण्य संहितादिमा' वर्णन छ–

पञ्च मुद्रा– खेचरी, भुचरी, चाचरी अगोचरी र अलक्ष्य ।

खेचरी– जिभ्रो बढाउन, जिभ्राको तल्लो भाग–जरो अलि-कति काटेर नित्य जिब्रो दूहुनु । दश-पन्ध्र दिनपछि जिभ्रो उल्टाएर किल्किलेमाथि तालुमा घुसार्नु । टडकारा नेत्र गरी भृकुटीमा लक्ष्य लगाई अखण्ड ध्यान गर्नु । यसबाट मोती झरेसमान ज्योति-दर्शन हुन्छ, भित्र अमृतपान मिल्दछ ।

भुचरी– दुवै नेत्रलाई नासाग्र स्थिर गर्न, नाभि वा जमीन-

मा लक्ष्य लगाउनु; प्रकाश-दर्शन हुनेछ ।

अगोचरी– लक्ष्यलाई बाहिरबाट फर्काई, हृदयमा एकाग्र गर्नु, श्वास लट्ठीसमान सोझो भई त्यसैमा प्रकाश देखिनेछ।

चाचरी– हातका औंलाले दुवै नेत्रका गोलकलाई थिच्नु तत्काल प्रकाश देखिन्छ ।

अलक्ष्य– हृदयमा ध्यान गर्दा-गर्दा शरीरको भान हराएपछि अङ्गुष्ट प्रमाण ज्योतिको एक प्रकाश देखिनेछ।

यी सबै मुद्रा र नेती धौती बस्ती गज क्रियादि यौगिकजाल र विशेषतः विघ्न कष्ट परिश्रमको घर; विवेकका कुठार हुन् । जड-चेतनको पृथक-पृथक विवेक गरेर स्वयं ज्ञानस्वरूप चेतनमा स्थिर हुनु–सर्वश्रेय छ ।

कथनी बदनी निजुकै जोवै, ई सब अकथ कहानी ।।१३।।
धरती उलटि अकासहिं बेधै, ई पुरुषन की बानी ।।१४।।
बिना पियाला अमृत अँचवै, नदी नीर भरि राखै ।।१५।।
कहहिं कबीर सो युग युग जीवै, जो रामसुधारस चाखै ।।१६।।

अर्थ– मनले कथेका र पुराना ग्रन्थमा लेखिएका वाणीका कल्पित पतिलाई निजुकै–आफ्ना कल्याण स्वरूप इष्ट सम्झी जोवै–सबै हेर्दछन्, निश्चय गरी बदनी–वन्दना गर्दछन् । तर यी सबै अकथ–भन्नै नसकिने कुरैमात्र हुन् ।।१३।। परन्तु ई पुरुषनकी बानी–पूर्वका ऋषि महर्षि मुहम्मद मूसा इसादि महान् पुरुषहरूका वाणी भन्ने सुनी-सुनी पृथ्वीका जीव अन्तरिक्षतीर ताक्नथाले । योगीजन पिण्डबाट प्राण उल्टेर ब्रह्माण्डमा पुऱ्याउन लागे–सबै कल्पनामै परे ।।१४।।

बिना पात्र अमृत पान गर्दछन्–अमृत भन्ने सुनेर बिना विवेक कल्पित वाणीमा पर्दछन् । बिना सत्य वस्तु कल्पनामात्र-लाई अमृत–अविनाशी तत्त्व सम्झी अँगाल्दछन् । सत्सङ्गरूपी नदी-

को विवेक र सत्य चेतन-सुधालाई पनि पानी–बेकम्माको भोल सम्भिरहेछन् । थियो त ठेलमठेल पूर्णअमृत, तर के गर्ने ! यी पक्ष-पिशाचले ग्रस्त रहेका जीव, आफ्ना पुस्तकीय काला अक्षर-को मोह छाडी, उता अमृतपट्टि फर्कनै सक्तैनन् ।।१५।। गुरु कबीर भन्नुहुन्छ–युग-युगसम्म जीवित रहने, भाग्यशाली, मुक्ति-स्थितिमा निमग्न हुने पुरुष उही हो–जसले आफ्नै हृदय निवासी चेतनराम-को स्थितिरूपी अमृतरस चाख्तछ ।।१६।।

चुडका–२

सन्त जागा रूप, छँदैं, नित उभी मस्त हुँदै; निस्फिक्री भै तिमि न सुत ।
कालले खाने ह्वैन, कल्पनाले छुने छैन; वृद्ध नाश हुन्न यो बुझ ।।
गंगा फर्की समुद्र नै, शोषी पाऱ्यो सुखा साफै; चन्द्र सूर्य दुवै ग्रासेको ।
नवैग्रह मारी रोगी, आरामले बसे योगी; पानी बीच बिम्ब मासेको ।।

बिना चरण दशै दिशा, दगुर्दछ अहर्निशा; नेत्र बिना जगत् सुझ्दछ ।
संशय फर्कि अघि सऱ्यो, सिंहलाई ग्रास गऱ्यो; यो आश्चर्य को पो बुझ्दछ ।।
उल्टो गाग्रो कसै गरी, डुब्ने ह्वैन पानी भरी; सुल्टो भए मात्र भरिन्छ ।
मानवले जेको लागि, छुट्टा छुट्टै गर्छ थाकी; त्यो ता गुरु कृपा तरिन्छ ।।

गुफा भित्र बसी गुन्छन्, सारा जगत् देखें भन्छन्; बाहिरको न क्यै सुझ्ने छन् ।
बाण फर्को व्याधैलाई, लागी विकल भयो हाई; शूरा भए सबै बुझ्ने छन् ।।
गायक को कैल्हे पनि, गाउँदैनन् रत्ती यिनी; नबोल्नेकै नित्य गाउँछन् ।
नट सरि बाजा सुन्छन्, नानाथरी दृश्य देख्छन्; अनहद प्रेम बढाउँछन् ।।

कथनी र वन्दनाले, आफ्नै सम्झी हेर्नेथाले; सब यी त अकथ कहानी ।
भूमी उल्टी छेडी अकास– माथि पुग्न गर्छन् प्रयास; पुरुषका सबै यी बानी ।।
बिना प्याला अमृत पान, गर्छन् यिनी अति गान; नदी जल भरी राख्तछन् ।
गुरु कबीर भन्नुहुन्छ, उही सदा अमर हुन्छ; राम सुधा रस चाख्तछन् ।।

❀

शब्द–३

सन्तो घरमें झगरा भारी ।।१।।
राति दिवस मिलि उठि उठि लागें, पाँच ढोटा एक नारी ।।२।।
न्यारो न्यारो भोजन चाहैं, पाँचों अधिक सवादी ।।३।।

कोइ काहू का हटा न मानै, आपुहि आपु मुरादी ।।४।।
दुर्मति केर दुहागिन मेटै, ढोटहि चाप चपेरे ।।५।।
कहहिं कबीर सोई जनमेरा, जो घरकी रारि निबेरे ।।६।।

अर्थ– हे सन्तवृन्द ! यो शरीररूपी घरमा भारी कलह मच्चिरहेछ ।।१।। रात-दिन हुल उठी-उठी जीव-मुखिया सङ्ग राढो मच्चाइरहन्छन् । ती हुन्–पाँच ढोटा–छोरा (ज्ञान इन्द्रिय-हरू) र एक स्त्री (कुवासना) ।।२।। ती सबै आ-आफ्ना छुट्टा-छुट्टै भोजन× माग्दछन्, ती पाँचै अति स्वादे-जिब्राका छन् । एक नारीरूपी कुवासना पनि अति निकृष्ट हुनाले निरन्तर विषय भोग-विलासमै आसक्त बनी दौडिरहन्छे ।।३।।

यी कुनै पनि कसैका कुरा मान्ने होइनन् । सबै मुरादी–स्वेच्छाचारी छन् ।।४।। अतएव कुबुद्धि दुर्वासनाको, दोहागिन मेटै–दोहोलोपारी शेखी झारिदेउ; आउनासाथ उल्टो पाइलो फर्काएर लोप्पा खवाइदेउ ।* पाँच इन्द्रिय ठिटाहरूको पनि गाला चड्काइदेउ; साधनाद्वारा दमन गर, मागेको कत्ति नदेउ । यही हो साधना ।।५।। गुरु कबीर भन्नुहुन्छ–तिनै मेरा आफन्त र प्रियजन हुन्–जसले आफ्नो घरको कलह-वैमनस्य दोष दुर्गुणादि• सबै छिनाफाना गरी निश्चिन्त-शान्तिपूर्वक रहन्छन् ।।६।।

अरू– माथि प्रथम शब्दमा भन्नुभएको थिओ– "जो अब कि बूझे–सोई गुरू हम चेला" अब पुनः यो शब्दमा भन्नुहुन्छ–

×– "यो कान गाना तिर जान खोज्दछ । आँखा भने सुन्दर माल रोज्दछ ।।
जिब्रो हरे रुन्छ मिठो मिठो भनी । सुगन्धमा भुल्दछ नासिका पनि ।।
छाला सँधै खोज्दछ वस्तु कोमल । उपस्थलौ रोज्दछ भोग मण्डल ।।"

*– ख्वाहिश दूरि नदेयक साधन, जेहिते होय सदै निजरक्षा ।। [भव. ५।३४]

•– 'तिम्रो मन शान्त होस्, वाणी र प्राण शान्त रहुन्; सबै कर्म शान्त रहुन्, तिमी सर्व प्रकारबाट दोषरहित बनी रहु ।' [यजुर्वेद पू. ६।१५]

"सोईजन मेरा जो घरकी रारि निवेरे" गुरु कबीरबाट यस्तै व्यक्तिलाई मनपराउनु हुँदोरहेछ । यो बीजकमा अरू पनि यस्ता वचन धेरै आएका छन् जो गुरुको दयालुता, निर्मानता, निःस्वार्थीपन, र करुणाशील-सम्पन्न गुणको परिचय पाइन्छ । साथै शिष्यको बोध-आचार पनि निर्भ्रान्त सत्य विवेकपूर्ण हुनु नै महत्वपूर्ण रहेछ भन्ने सङ्केत बुझिन्छ । हुन पनि भ्रान्त अहङ्कारी स्वार्थी वाचकज्ञानी गुरुबाट न शिष्यको काम बन्दछ, न सर्व वाणी–खानी जालबाट मुक्तभएर आफ्ना मन-इन्द्रिय वासना आसक्तिकै नाश हुन सक्तछ । अज्ञानलाई सर्वथा निर्मूल नपारी कथनमात्रको ज्ञानले हाम्रो मुख्य काम कदापि बन्दैन । अतएव पारखनिष्ठ सदाचार-सम्पन्न गुरु-सन्तको सत्सङ्ग-सेवाद्वारा पारख स्वरूपको बोध र शुभाचरणको पालन गरी आफ्नो कल्याण-कार्य बनाउनु हाम्रो परम कर्तव्य हो ।

चुडका–३

घरै बीच अति दङ्गा, मच्चिदो छ नाना रङ्गा; हेर कस्ता सारै छोटा नि !
रात दिन मिली सबै, चम्की उठी लड्छन् तबै; एक नारी पाँच ठिटा ती ॥
छुट्टा छुट्टै भोजन खोज्ने, सुख शैल मात्र रोज्ने; पाँचै अन्न अति स्वादिला ।
रोक्छन् नगर बाबै भनी, टेर्नै हुँनन् कोही पनि; आफैं आफू सारै हठिला ॥
कुबुद्धिनी लाई खार, दोलो पार शेखी झार; देउ चड्कन् ठीटाहरूलाइ ।
मन्नुहुन्छ गुरु कबीर, उही मेरा प्रिय सुधिर; जो ता मेट्लान् गृही दङ्गालाइ॥

शब्द–४

सन्तो देखत जग बौराना ॥१॥
साँच कहौं तो मारन धावै, झूठे जग पतियाना ॥२॥
नेमी देखा धर्मी देखा, प्रात करे अस्नाना ॥३॥
आतम मारि पषाणहिं पूजे, उनमें किछउ न ज्ञाना ॥४॥

अर्थ– हे सन्त! मैले देख्ता संसारै बौलाहा भइरहेछन् ॥१॥

विवेकका सत्य कुरा भनौं भने यिनीहरू उल्टो मार्न आइलाग्छन् । जगत्-जीव झुट्टा, कल्पित कुरा नै पत्याउँछन् ।।२।। मैले नियम-धर्म पालकहरूलाई एक-एक देखेको छु । यिनीहरू प्रातः ब्राह्म मुहूर्तमा उठ्छन्, गङ्गादिमा स्नान गरी आउँछन् ।।३।। पुनः बोका कुखुरा इत्यादि सजीव प्राणीको हत्यागरी पत्थरको पूजा गर्दछन्, यिनी यस्तै कर्मबाट गति-मुक्ति चाहन्छन् । अतः यिनमा सत्यज्ञान भनेको रत्तीभर पनि रहेनछ ।।४।।

बहुतक देखा पीर औलिया, पढ़ें कितेब कुराना ।।५।।
कै मुरीद तदबीर बतावैं, उनमें उहै जो ज्ञाना ।।६।।
आसन मारि डिम्भ धरि बैठे, मनमें बहुत गुमाना ।।७।।
पीतर पाथर पूजन लागे, तीरथ गर्भ भुलाना ।।८।।

अर्थ— यस्तै मुसलमानका पीर (गुरु) औलिया-सिद्ध तपस्वीहरू पनि धेरै-धेरैलाई देखें, जो कुरान सरीफादि चार कितेब पढ्दछन् ।।५।। अनेक मुरीद—शिष्य-शाखा बनाउँछन् । तिनलाई पनि कुरबानी-हिंसा गर्ने नाना प्रकारका युक्ति बताउँछन् । अतः यिनमा पनि उस्तै निर्दयतापूर्णको ज्ञान भरिपूर्ण छ।।६।।कति त स्वयं अटल आसन जमाई देखावटी नैष्ठिक कर्मिष्ठ तथा जापक-ध्यानी बनेका हुन्छन् । तर भित्र मनमा अति अभिमान लिई बस्तछन् ।।७।। ती पित्तल ढुङ्गा काठ आदिका मूर्ति पुज्दछन्, 'हामीले चारधाम अठसठ्ठी तीर्थ गरेका छौं' भन्ने घमण्ड भरिएको हुन्छ वा कुनै एक तीर्थको सेवन गरी कल्पवास बस्तछन् । त्यसैको झुट्टै अभिमानमा फुलेर आफ्नो कल्याण-सुधारको मुख्य माध्यम—विवेक वैराग्य नम्रतादि सद्गुणलाई नै सर्वथा भुल्दछन् ।।८।।

टोपी पहिरे माला पहिरे, छाप तिलक अनुमाना ।।९।।
साखी शब्दै गावत भूले, आतम खबरि न जाना ।।१०।।
हिन्दू कहैं मोहिं राम पियारा, तुरुक कहैं रहिमाना ।।११।।

आपुसमें दोउ लरि लरि मूये, मर्म न काहू जाना ॥१२॥

अर्थ– टोपी माला लाउँछन्, आ-आफ्ना सिद्धान्तानुसार, छाप टीका चन्दन विभूति धारण गर्दछन् । यिनलाई यत्तिकैबाट धेरै पुण्यात्मा बनिने अनुमान छ । 'भावयते देवः'– 'भावनामै भगवान छन्' भन्दछन् ॥९॥ भजन-कीर्तन कथा गाउँदा-सुन्दामा नै के केन गरें भन्ने भावना लिई गजक्क पर्दछन् । वास्तवमा ज्ञान-गुणी चेतन नै सत्य देव हो भन्ने यिनलाई प्रतीत छैन ॥१०॥

हिन्दू भन्छन्-'हामीलाई राम प्यारा छन्' मुसलमान भन्छन्-'रहिमाने रहीम' अल्ला-ताला नै एकमात्र मालिक हुन् ॥११॥ यिनै पक्ष पक्षी हिन्दू-मुसलमान दुवै परस्पर लडाईं मार-काट गर्दछन्, कति मर्दछन् पनि । तर बाह्य राम रहीम कुरैमात्र हुन्, वास्तवमा आत्माराम-खुद खुदा नै सत्य हो । यो मर्म यिनले जान्न सकेनन् ॥१२॥

घर घर मन्तर देत फिरत हैं, महिमा के अभिमाना ॥१३॥
गुरू सहित शिष्य सब बूडे, अन्तकाल पछिताना ॥१४॥
कर्हाहि कबीर सुनो हो सन्तो, ई सब भरम भुलाना ॥१५॥
केतिक कहौं कहा नहिं माने, सहजे सहज समाना ॥१६॥

अर्थ– सत्यज्ञान तथा सत्याचरणबाट रहित कल्पना-ग्रस्तका भ्रामकजन घर-घर घुम्दै काल्पनिक र भ्रान्तिको पाठ पढाई-पढाई आ-आफ्ना सिद्धान्तानुसार धागा कण्ठी, रुद्राक्षादि पहिराई मन्त्र दिई शिष्य बनाउँछन् । हाम्रा यति चेला छन्, मुक्तिको एकाधिकार हाम्रै हातमा छ, भनी महिमा सुनाई अभिमानमा व्यर्थ-गम्कन्छन् ॥१३॥ यस्ता गुरुसहित शिष्य पनि सबै अज्ञानको खाडल र स्वार्थको दहमा परे-चुर्लुम्म डुबे । आखिर यिनको हात लाग्ने हुन्छ-केवल पश्चाताप ॥१४॥ गुरु कबीर भन्नुहुन्छ–हे सन्तजन ! सुन, यी सबै भ्रान्ति-भूलका वशमा छन् ॥१५॥

म कति भनौं ! यी स्वार्थी मानिस, भनेको सुन्ने, मान्ने होइनन् । मनानुकूल सजिलो, सहज र सुखमात्र खोजी यी सबै सरासर मिथ्या धोखामा परे, अज्ञानमै मिले; चौरासी पुगे ।।१६।।

चुडका–४

सन्त कठै देख्ता देख्तै, बौलाएका जगत् सबै; साँचो बोलौं मार्न आउँछन् ।
कुट्टोको नै पत्यार गर्ने, देखें नेमी धर्मी भन्ने; प्रातः काल स्नान गर्दछन् ।।
आत्मघात गरी पत्थर- पूजा गर्छन् तिलभर- देखिएन ज्ञान हेर भाइ !
औलिया पीर धेरै, देखें किताब कुरान पढ्दै- बताउँछन् युक्ति मुरीदलाइ ।।

उही ज्ञान उहाँ पनि, आसन बाँधी दम्भी बनी; घमण्डी भै सब बस्तछन् ।
ढुङ्गा पित्तल पूजा गर्छन्, तीर्थ धाम भुली फिर्छन्; अहं भरी फुली बस्तछन् ।।

मुकुट माला भिर्दछन्, छाप तिलक-सिंगारिन्छन्; अड्कलैमा परे हेरेनन् ।
साखी शब्द आदि गाई, सारै भूल परेका यी- आत्मा-खबर रत्ती जानेनन् ।।

हिन्दू भन्छन् हामीलाई, रामजी नै प्यारा भाई; मुसलीम रहीम भन्दछन् ।
आपसमा दुवैथरी, अज्ञ मर्छन् लडीलडी; कसैले के मर्म जान्छन् !
प्रति घर मन्त्र दिदै, घुमी फिर्छन् यिनी संघै; महिमा कै गर्भ धापमा ।
गुरु सहित शिष्य सबै, डुबी सके कल्पना मैं; अन्त पर्छन् पश्चातापमा ।।

भन्नुहुन्छ गुरु कबीर, सुन भाइ सन्त प्रवीर; भूल भ्रम बीचै सबै छन् ।
कति भनौं भनेका ववै, मान्ने ह्वै नन् गरौं के ख्वै! सहजै गै सहज मिल्दछन् ।।

शब्द–५

सन्तो अचरज एक भौ भारी, कहौं तो को पतियाई ।।१।।
एकै पुरुष एक है नारी, ताकर करहु विचारा ।।२।।
एकै अण्ड सकल चौरासी, भरम भुला संसारा ।।३।।
एकै नारी जाल पसारा, जगमें भया अँदेशा ।।४।।
खोजत खोजत काहु अन्त न पाया, ब्रह्मा विष्णु महेशा ।।५।।

अर्थ– हे सन्तवृन्द ! यहाँ एउटा ठूलो अद्भुत घटना घटिरहेछ, भनौं भने कसले पत्याउँछ र ! ।।१।। एक पुरुषरूप चेतनवर्ग, एक स्त्रीरूप प्रकृति-जडवर्ग, यिनै दुइबाट जगत्मा अनादिदेखि सृष्टि-प्रवाह चलिरहेछ । यता एक चेतनवर्गका घट-घट

निवासी अनन्त-अनन्त जीवको एक कल्पनारूपी नारीबाट चार खानिका सारा जीवसृष्टि-शरीर लिने । छोड्ने प्रवाह चलिरहेछ । यसको राम्रो विचार गर ! यसदेखि दोस्रा कुनै कर्ता स्वामी छैनन् ।।२।। यी कुराको ठीक-ठीक विचार नगरी "एक ॐकार अण्डबाट चार खानिका जीवसहित सम्पूर्ण विश्वको सृष्टि भएको हो" यस्तै भ्रान्तिमा संसारै परिरहेछन्, तिमी त यस्ता कल्पनामा नपर।।३।।

एक कल्पित वाणीरूपी नारीबाट अनन्त कल्पना-जाल फिंजिएको हो । तिनै वाणी सुनी-सुनी "एक स्रष्टा कोही होलान् वा हुनुपर्दछ" भन्ने सन्देहमा जगत्-जीव परेका छन् ।।४।। यसैले प्रत्येक मतका साधकहरू ती परमात्माको खोजमा प्रवृत्त छन् । खोज्दा-खोज्दा कसैले कल्पनाको मर्म नपाई ब्रह्मा, विष्णु, महेश्वर जस्ता पनि हारखाएर 'अद्वैत ब्रह्म, मैं रहेछु' भन्नथाले ।।५।।

नाग फाँस लिहे घट भीतर, मूसेनि सब जग झारी ।६।।
ज्ञान खड्ग बिनु सब जग जूझै, पकरि न काहू पाई ।।७।।
आपै मूल फूल फुलवारी, आपहि चुनि चुनि खाई ।।८।।
कहहिं कबीर तेई जन उबरे, जेहि गुरु लियो जगाई ।।९।।

अर्थ– मनको कल्पना-मायाले त्रिगुणी अमोघ नाग-पाश लिई सबैका अन्तःकरणभित्र पसी पत्तै नदिई सबैलाई मस्काई जीवको विवेक-शक्ति र स्वतन्त्रतारूपी धन सम्पूर्ण चोरिसकी ।।६।। पारखरूप तरवार बिना जगत्का प्राणी ऊ सित लडाई गर्दछन्, यसैले सबै त्यहीं हताहत भइरहेछन् । किन्तु कल्पनालाई कसैले पक्रन सकेनन्, परीक्षा गरी छाड्न सकेनन् ।।७।। उही वाणीका कल्पना-वश आफैं मूल–जगत् उत्पत्तिको कारण ब्रह्म बने, आफैं जगत्रूप फुलवारी बनी, आफैं फूल–पञ्च विषय भोग बने । आफैं चुनि-चुनि (रोजी-रोजी) खाई, स्वयंमा सबै विलय गरे, अर्थात् "एक अद्वैत ब्रह्म नै निमित्त र उपादान कारण हो, उसैको 'एकोहं

बहुस्याम'बाट जगत्-सृष्टि भएको थियो, अन्तमा उसैमा विलय हुन्छ । हामी उही ब्रह्म ह्वौं, हामीले जे गरेपनि हुन्छ, त्यो सबै ब्रह्मअण्ड भित्रै हो, भित्रको भित्रै रहन्छौं" भन्ने भावनाबाट व्यवहार गर्नेभए ।।८।। गुरु कबीर भन्नुहुन्छ–यो भ्रान्ति-कल्पनारूपी चक्रबाट उही भाग्यशाली पार लाग्नेछ–जसलाई पारखी गुरुदेवले पारखदृष्टि प्रदान गरी अज्ञान-निद्राबाट जगाइदिनु भएको छ ।।९।।

चुडका–५

सन्त अति आश्चर्यको, घटना छ त्यो घटेको; भनौं पत्याउने को छ र !
एकै पुरुष नारी एकै, यो बिचार गर पक्कै; एक अण्ड चौराशी घर ।।
परे सबै भ्रम भूल, एकै नारी फिजी जाल; संसारमा पऱ्यो शंका स्वर ।
खोज्दा खोज्दा कोही जन, पाएनन् क्यै अन्त्य मन; ब्रह्मा विष्णु थाके महेश्वर ।।
नाग फाँस लिई भारी, भित्र भित्रै सखाप पारी; पूर्ण जगत् सकी चोरेर ।
ज्ञानखड्ग बिना सब, लडे शक्ति भर भव; समाउने को पो भएर !
आफैं मूल फूल आफैं, फुलवारी पनि साफैं; स्वयं टिपी टिपी खान्छे त ।
भन्नुहुन्छ कबीर गुरु, तिनै बचे जनहरु; गुरुज्यूले दिए सचेत ।।

शब्द–६

सन्तो अचरज एक भौ भारी, पुत्र धइल महतारी ।।१।।
पिताके सङ्गे भई बाबरी, कन्या रहल कुँवारी ।।२।।
खसमहिं छाडि ससुर सङ्ग गौनी, सो किन लेहु बिचारी ।।३।।
भाईके सङ्ग सासुर गौनी, सासुहि सावत दीह्ना ।।४।।
ननद भौज परपंच रचो है, मोर नाम कहि लिह्ना ।।५।।
समधी के सङ्ग नाहीं आई, सहज भई घरबारी ।।६।।
कहहिं कबीर सुनो हो सन्तो, पुरुष जन्म भौ नारी ।।७।।

अर्थ– हे सन्तजन ! एउटा ठूलो आश्चर्यको घटना घटिरहेछ। त्यो के भने–छोराले नै आमामाथि हातपात गरेको । अर्थात् सबै मानिस स्त्री–माताबाट उत्पन्न हुन्छन्, तरुण भएपछि उनै मातृ-जाति स्त्रीका साथ रमण गर्दछन् । अथवा ब्रह्मज्ञानीहरू सबैको

उत्पत्ति स्थान 'योनि'* कल्पनाका ब्रह्मलाई बताउँछन् । फेरि उही ब्रह्ममा मिल्न खोज्दछन् । अतः यिनी जन्म-मरणादि दुःखबाट कसो-गरी मुक्त हुन्छन् ! यो कुरा सोच्नु योग्य छ ।।१।। जीव कल्पना गर्दछ– 'हाम्रा सृजक परमपिता परमात्मा हुन्'– उनैलाई प्राप्त गर्न जीव रूप कन्या विच्छिप्त बनिरहीछ । ईश्वर-पति नपाई अद्वैतका साधक [जीवरूप पुत्री] आजसम्म कुमारी वा वैकल्या नै परिरहीछ ।।२।। खसम कल्पित हुनाले परमात्मा खोज्दा भेट्टिएनन्, नपाएपछि ससुरा अर्थात् आफ्ना कल्पनाद्वारा ईश्वरलाई जन्म दिने भ्रान्त गुरुका निकट जान्छन् । हे जीव, यी सबै भ्रम-कल्पना हुन् भन्ने विचार किन गर्दैनौ ? ।।३।। ईश्वर पनि नभेट्टाउँदा स्त्रीभाव लिने जीव संसार-बन्धनदेखि भाइ के सङ्ग–भयका साथ, सासुर–ससुराली अर्थात् मतवादी गुरु-समाजमा पुग्यो । त्यहाँ सासु–संशयग्रस्त गुरुले सावत–साउती गरी, कानमा कल्पनाके शिक्षा दिए। यही शिक्षा ती भावुक जीवका निम्ति सौतासमान कष्ट दिनेभयो ।।४।

ननद–स्नेह पुष्ट गरिदिने र भौज–भय जन्माइदिने यस्तै यस्ता गुरु–गुरुभाइहरू मिली, परपञ्च रचो है–वाणीजालका अनेक कल्पना सुनाई मस्काइदिए। मोर नाम–'सोहं' अर्थात् "त्यो ईश्वर मै हुँ"– इत्यादिसहित ब्रह्मज्ञानको महावाक्य सुनाए । सरल जीव पनि 'लीह्ला–उही नाम लिन उसैमा निछावर हुनथाल्यो।।५।। समधी–कल्पित ब्रह्ममा बुद्धि सम भएका ब्रह्मज्ञानीका साथ नाहीं–सबैका नाह–मालिक स्वतन्त्र जीव आयो । 'अब त सरलतापूर्वक घरजम हुनेभयो, स्वतन्त्र मुक्ति-गति जीवले पाउनेभयो ।' यो

*– मम योनिर्महद् ब्रह्म तस्मिन्गर्भंदधाम्यहं ।। [गीता अ. १४]
हे अर्जुन ! जगत्–उत्पत्तिको मुख्य योनि नै मेरो योनि हो, त्यही महद् ब्रह्म हो । त्यसैमा म (परमात्मा) गर्भलाई धारणा गर्दछु ।

गुरु कबीरको व्यङ्ग्योक्ति हो । भाव हो–यिनको मुक्तहुन्छौं भन्ने कल्पनामात्र भयो, तर स्थिति भने कतै लाग्नेभएन । अन्तमा ब्रह्म-जगत्को चक्रमा घुमिरहने भए ।।६।।

गुरु कबीर भन्नुहुन्छ–हे सन्त वृन्द! सुन, पुरुषरूप स्वयं जीव चेतन सत्य स्वतन्त्र छँदै, भय-वश स्त्री भाव लिएर दोस्रा पुरुषको कल्पना गरी मानिसहरू परवश बनिरहेछन् ।* तिनै कल्पनाका पतिलाई खोज्दै भौंतारिन्छन् भने यही भावना-वश पुनः संसारमा स्त्री बन्न आउने नै भए । अथवा यिनको जन्ममात्र पुरुषको भयो, यी भित्री भावनाबाट आजै स्त्री बनिरहेछन् त पुनः स्त्रीको शरीर नलिई के सुख पाउलान् ! ।।७।।

अरू– यो शब्दमा गुरुबाट वाणीजाल पनि खानीजाल-समानकै बन्धन-दायक हो भन्ने अवगत गराउन, यहाँ खानीकै नाता कुटुम्बको रूपक बाँधी, आलङ्कारिक भावमा वाणी-कल्पनाको बन्धन प्रदर्शन गराउनु भएको हो, वास्तवमा जीव स्वतन्त्र छ । यो स्वयंको भूलजन्य कर्तव्य-वश बन्धनमा परेको हो । पारख-गुरुको सत्सङ्ग र स्वयंको प्रबल विवेकबाट स्वयं द्रष्टा स्वतन्त्र चेतन स्वरूपको परीक्षा गरी, स्वयंको स्थिति प्राप्तगर्न समर्थ छ । अरू यसदेखि पृथक अर्को कहीं कुनै कर्ता-ईश्वर, खुदादि छैनन्, त्यो सबै कल्पनै-कल्पनामात्र हो । एक ब्रह्म भन्नुपनि मानिसकै मनको आकृति हो । विवेकी बनी आफ्नो स्थिति सह्माल ।

चुडका-६

संत अति आश्चर्यको, घटना छ त्यो घटेको; पुत्रले नै माता समात्यो ।।टेक।।
पिताजी कै संग छोरी, बहुलाई फस्ती मोरी! कुमारी नै रही बुढ्देनों ।

*– हामीलाई सुन्नयोग्य सुन्दर ज्ञान प्राप्त गराउ । हामीलाई ज्ञानरूप रसद्वारा सेंच नगर । उत्तम रसले हाम्रो पारलौकिक स्थानलाई पनि सींच ।

[सामवेद उ. प्रपा, अर्ध १ मन्त्र ३।४।१(५)]

पतिलाई छाडी गई, ससुराका साथ भई; यो किन नि विचार लिंदैनो ।।
भाई को त साथ गरी, ससुराल गई परी; सासुले कन् सौता दिइछन् ।
नन्द भाउजु परपंच, रचनथाले मानी संच; मेरो नाम भनी दिएछन् ।।
सम्धिको साथ नाहा, आए सहज ही आहा; घर बारी भयो साँचिको ।
भन्नुहुन्छ गुरु कबीर, सुनसन्त नर सुवीर; जन्म भयो नारी जाति को ।।

✲

शब्द-७

सन्तो कहौं तो को पतियाई, झूठ कहत साँच बनि आई ।।१।।
लौके रतन अबेध अमोलिक, नहिं गाहक नहिं साँई ।।२।।
चिमिक चिमिक चिमिकै दृग दहुँ दिश, अर्ब रहा छिरियाई ।।३।।

अर्थ हे सन्तजन ! म सत्य-सत्य कुरा भन्दछु, तर त्यो कसले पत्यार गरिदियोस् ! भ्रान्त गुरुजनले खालि अड्कलबाट मिथ्या वाणी कल्पी, कथन गरेका पनि सत्य प्रतीत भइरहेछ ।।१।। त्यो के भने–भ्रामकजनले बताए–लौके (ध्यानमा) तेजपुञ्ज एक अलौकिक रत्न दृश्यहुन्छ, त्यो अवेद्य–अछेद्य अखण्ड र अमूल्यको छ । उसलाई खरीद (ग्रहण) गर्नसक्ने ग्राहक र त्यसका अरू हकदार मालिक पनि कोही छैनन् ।।२।। ध्यान-मुद्राबाट हेर्नु-झल्झलाकार भएर दशैदिशा ढाक्तछ। उही अर्ब–प्रकाश छिरियाई–सर्वत्र छरिन्छ । यही तेजपुञ्ज ज्योति, साक्षात् परमतत्त्व हो ।।३।।

आपै गुरू कृपा कछु कीन्हा, निर्गुण अलख लखाई ।।४।।
सहज समाधी उन्मनि जागे, सहज मिले रघु राई ।।५।।
जहँ जहँ देखो तहँ तहँ सोई, मन मानिक बेधो हीरा ।।६।।
परम तत्त्व गुरु सो पावै, कहैं उपदेश कबीरा ।।७।।

अर्थ– [योगी गुरुले चाचरी मुद्रा प्रयोग गराई ज्योतिको झलक देखाइदिदा भावुक शिष्य गदगद् भई विनय गर्दछ–] हे गुरु महाराज ! हजुरले कृपा गरेर निर्गुण अलख–लख्न (देख्न) मै

नआउने ब्रह्मलाई पनि दिव्य-ज्योतिको रूपमा दर्शन गराइदिनु-भयो ॥४॥ अब त मेरो सहज समाधि सिद्धभयो । निरन्तर म त्यो ज्योतिलाई बिर्सन्न, मेरो उन्मनि जाग्यो–मनको त्यहाँ गति नै रहेन । अनायासै रघुराई–परमात्मा भेट्टाएँ ॥५॥ गुरु भन्नुहुन्छ–जता हेऱ्यो उतै सर्वत्र यही कल्पना-भ्रान्ति भरिपूर्ण छ । मन मानिक–मनको मान्यताले अछेद्य हीरा चेतनलाई छेडिरहेछ–भ्रान्त बनाइरहेछ ॥६॥ कबीरा–भ्रान्त शिक्षक भन्दछन्–परम तत्त्व, सार शब्द, ज्योति-स्वरूप परमात्माको दर्शन गुरुद्वारामात्र पाइन्छ ॥७॥

अरू– आँखा चिम्लेर अर्थात् देख्ने साधनलाई नै थिचेर भान भएको त्यो प्रकाश आभासमात्र हो । त्यसदेखि भिन्न त्यसको ज्ञाता द्रष्टा खास चेतन ज्ञान–स्वरूप स्वयं पअरोक्ष अर्कै छ । यसैलाई जानी, यसैमा स्थिति बनाउनु, मानवको परम कर्तव्य हो ।

अर्थात्–भित्र भानभएको झल्झलाकार ज्योति-प्रकाश नै सत्य चेतनको स्वरूप होइन । यो त ध्यानमा साधकको भावनानुसार वृत्ति केही बटुलिई स्थिर भएपछि भान हुनआउने एक आभास सम्म हो । चेतनलाई प्रकाश भन्नको भाव हो–चित्तको एक यस्तो दशा–जहाँ अज्ञानका कुनै वृत्तिहरू रहँदैनन्, कुनै आवरण र कल्पना बच्दैनन्, जस्ताको तस्तो देख्नुमात्र, होश वा ज्ञानपनामात्र बाँकी बच्नु । प्रकाश-ज्योतिको अनुभवी जो हो, केवल उसैको स्थिति रहनु । शरीरको खान-पानादि व्यवहारका समयमा पनि द्रष्टाको होश नहराउनु, बीच-बीचमा स्व स्मृति रहिरहनु–यही हो चेतनको एकरस अपरोक्ष दिव्य प्रकाश ! यसैले बाह्य सूर्यादि-का प्रकाशको माध्यमबाट पदार्थादि देख्छ, ज्ञान–अनुभव गर्दछ । दोस्रो–प्रकाशले देखाउन नसकेको, प्रकाशको बिरोधी अन्धकारको पनि अनुभव गर्दछ । तेस्रो–साथै वृत्ति उल्टेर सबैको ज्ञान-अनुभव

गर्ने स्वयं चेतनको पनि अपरोक्ष अनुभव गर्दछ ।

बाहिर अन्धकार छ भने पदार्थहरू देखिंदैनन्, भित्र अँध्यारो (अज्ञान) छ भने आफूलाई देखिंदैन, चेतनको होश हराउँछ। अतएव यहाँ साधकले अभ्यासको साधन-स्वरूप प्रकाशको अनुभव-लाई नै साध्य सम्झी, मग्न परेर बस्योभने अनुभविता-द्रष्टा चेतनको स्मृति बोध नै हराउने हुन्छ । यसैले भित्री ज्योतिको र अनहद ध्वनिको पनि द्रष्टा–अनुभविता को हो ? यसको ठीक-ठीक पत्ता लगाई, उसैको अनुभव–होशमा निराधार स्थिति बना-उनु–यही विवेकी साधकको मुख्य कर्तव्य हो ।

चुडका–७

सन्त ! भनौं भने को पो, पत्यार गर्छ ओ हो! कुट्टं बोली साँचो भँरछ ।।टेक।।

प्रकाश छ रत्न सद्दे, अनमोल अनवेध्य; धनी ग्राहक छैनन् नि खास ।
चम चम चमकिन्छ, दशै दिशा झलकिन्छ; छरिएको हेर प्रकाश ।।
आफैं गुरु दया भयो, केही दृष्टि दिनु भयो; लखाइदिए निर्गुण अलखं ।
उन्मनि सहजैमा, लाग्यो समाधि स्वमा; प्राप्त भए राम सहजं ।।

दृष्टि दिन्छु जहाँ जहाँ, यसै गरी त्यहाँ त्यहाँ; मनले नै छेड्यो माणिक ।
गुरुबाट श्रेष्ठ तत्त्व, प्राप्ति हुन्छ बुझ सत्व; गर्छन् उपदेश श्रमिक ।।

शब्द–८

सन्तो आवै जाय सो माया ।।१।।
हे प्रतिपाल काल नहिं वाके, ना कहुँ गया न आया ।।२।।
का मकसूदन मच्छ कच्छ न होई, शङ्खासुर न संहारा ।।३।।
है दयाल द्रोह नहिं वाके, कहहु कौन को मारा ।।४।।

अर्थ– हे सन्तवृन्द ! आवै जाय–जन्मने-मर्ने जो-जो हुन् ती वासना विवशका मायासक्त जीव हुन् । अथवा "वैकुण्ठादि धामबाट दुष्ट-दलन र सन्त-संरक्षणका निमित्त संसारमा आउने, भू-भार हरण गरी पुनः धाममा जाने" भन्ने-यही मनुष्यका मनको

कल्पना-माया हो ।।१।। वाके–ती शुद्ध निर्मल मुक्त चेतनको न कहीं कसैलाई मार्ने, काट्ने, विनाश गर्ने काम हो, न ती कसैका पूर्ण प्रतिपालक हुन् ! न कहीं जान्छन्, न आउँछन्; सदा अचल-अक्रिय स्थिरपद हुन् । जीवका कल्याण-कर्ता, शरीरधारी जीवन्मुक्त सन्त-गुरु पनि सबैका प्रतिपालक हुन्छन्, ती कसैका काल बन्दैनन् । त्यस्ता हितैषी ज्ञानी पुरुषले कसैलाई मार-काट गर्न कतै जाने-आउने पनि गर्दैनन् ।।२।।

मक सूदन–मधुसूदन (विष्णु) का मत्स्य र कच्छपावतार जसले शंखासुर दैत्यलाई मारेथे भन्दछन् । ती जीवका कल्याण-कर्ता होइनन् र हुनपनि सक्तैनन् । दयालुले पनि कहीं कसैलाई मार्दै हिड्छन् ! ।।३।। जीवका उद्धारक सन्त-सद्गुरु दयाका दिव्य मूर्ति हुनाले उनमा कसैप्रति द्रोह हुँदैन । अतः यस्ताले कसलाई मार्छन् र ! यो गम्भीरतापूर्वक सम्झनुपर्ने कुरा छ ।।४।।

वै कर्ता नहिं बराह कहाये, धरणि धर्‍यो नहिं भारा ।।५।।
ई सब काम साहेबके नाहीं, झूठ कहै संसारा ।।६।।
खम्भ फोरि जो बाहर होई, ताहि पतीजे सब कोई ।।७।।
हरणाकुश नख बोद्र बिदारा, सो कर्ता नहिं होई ।।८।।

अर्थ– ती जगत्का कर्ता उद्धारक ज्ञानी वराह कहलिएनन् । न त तिनले पृथ्वी बोकी पतालबाट ल्याई स्थापना गरेका हुन्, न तिनैका साथ भोग-विलासमा भुलेका हुन् ।।५।। युद्ध मार-काट र भोगासक्तिको काम जीवन्मुक्त पुरुष र सद्गुरु साहेबले कदापि गर्नुहुँदैन। यस्ता कुरा संसारले फुँदा गाँसी बनाएका मात्र हुन्।।६।। खम्बा फोरी नर-सिंह प्रकटभए भन्ने कुरा सबै विश्वास गर्दछन् ।।७।। तर हिरण्य-कशिपुको पेट आफ्ना नङ्ले चिरी मार्ने ती नृसिंह जगत्-कर्ता र जीवका उद्धारक कथमपि हुनसक्तैनन् ।।८।।

अरू– पृथ्वी नै डुब्ने मैलाको तेत्रो कुण्ड कहाँ रहेछ ! पृथ्वी छोडी अरू कहाँका व्यक्ति आई तेति मैला गरेछन्! यस्ता कुरा रोचक र रूपक बाहेक अरू के हुन सक्तछ! पुनः 'पृथ्वीको दिव्यरूप देख्ता कामासक्त भई वराहले रमण गरे भुले ।' इत्यादि कुरा पनि मानव मनकै उब्जनी हुन् । दोस्रो–'खम्बा फोरी नृसिंह प्रकट भए' भन्ने पनि विवेकै नगरी मानिस सत्य सम्भन्छन् । यो कुरामा एउटा रहस्य लुकेको छ, त्यो बिना पारख, केवल परम्पराका श्रद्धा-निष्ठामा पालिएका अन्तःकरणबाट के बुझ्न सकुन् ?

बावन रूप न बलिको जाँचे, जो जाँचे सो माया ॥९॥
बिना विवेक सकल जग भरमें, माया जग भरमाया ॥१०॥
परशुराम क्षत्री नहिं मारे, ई छल माया कीह्ना ॥११॥
सदगुरु भेद भक्ति नहिं जाने, जीवहि मिथ्या दीह्ना ॥१२॥

अर्थ– ती मुक्त चेतनले वामनरूपबाट छलगरी राजा बलिसँग साढे तिन पाउ पृथ्वी मागेनन्, जसले त्यसरी मागे, ती प्रपञ्ची, छली, मायावी जीव हुन् ॥९॥ बिना विवेक जीवलाई भ्रान्ति-मान्यतारूप मायाले रिंगाइरहिछ ॥१०॥ परशुरामले एक्काइस पटक पृथ्वीमा घुमी-घुमी क्षत्रियहरूलाई मारे भन्दछन् । अतः यस्ता पुरुष जगत्-उद्धारक कसरी हुन सक्तछन् र ! यस्तो छल-क्रोध गर्ने मायावादी मानिसकै काम हो ॥११॥ सद्गुरुको यथार्थ मर्म र भक्तिको ठीक-ठीक लक्षण जानेका छैनन्, भ्रामक जनले झुट्टै उपदेश गरी-गरी कामी, क्रोधी, मोहीहरूका उपासक बनाइदिए ॥१२॥

अरू– सद्गुरुको लक्षण हो–'पारखदृष्टि सम्पन्न, स्वतन्त्र, खानी-वाणीका आसक्ति-भ्रान्तिबाट पृथक, सरल निर्मान जितेन्द्रिय सद्गुणसम्पन्न शान्त, सत्य चेतन ज्ञान स्वरूपको स्थिति लिएका

हुन्छन् । यस्तै निर्मल पुरुषमात्र जीवका सच्चा हितैषी, उद्धारक हुनसक्तछन् । यस्ता इष्ट सन्त-गुरुको प्रेम, सेवा, ध्यानबाट आफ्नो चित्त प्रसन्न राख्नु, स्वयंको मनोभावना मिटाई, गुरुको इशारानुसार चल्नु, अन्तमा स्व स्वरूप चेतनको शान्ति-स्थिति बनाउनु; यही भक्ति उपासनाको पराकाष्टा हो । किन्तु मनुष्य यो यथार्थ रहस्य नजानी, वाणीका महिमामा परी; कामी क्रोधी छली प्रपञ्ची मायावी कुराकै मान्यताका पछि दौडन्छन् । त्यो सत्य विवेकबाट काम लिन नसक्नाको र निर्णय-सत्सङ्ग नमिल्नाको परिणाम हो ।

सिर्जनहार न व्याही सीता, जल पषाण नहिं बन्धा ।।१३।।
वै रघुनाथ एक कै सुमिरै, जो सुमिरै सो अन्धा ।।१४।।
गोपी ग्वाल न गोकुल आया, कर्ते कंस न मारा ।।१५।।
है मेहरवान सबहिनको साहेब, ना जीता ना हारा ।।१६।।

अर्थ– जुन रामले सीताजीका साथ विवाह गरे, बाँदर-भालुद्वारा ढुङ्गा-मुडा बटुली जलपूर्ण-समुद्रमा पुल बाँधे, ती सिर्जनहार न–सृष्टिका कर्ता र जीवका कल्याण कर्ता होइनन् ।।१३।। ती रामचन्द्रले पनि योगवाशिष्ठ अनुसार अद्वैत ब्रह्मको ज्ञानलिई अनुष्ठान गरेका थिए, भने यस्तालाई नै यो जगत्को कर्ता भनी मानिसहरू उपासना गर्दछन् । यसैले ती विवेक-चक्षुबाट विहिन हुन् ।।१४।। ती कल्याणकारी सद्गुरुले गोकुलमा ग्वाला बनी गोपीनीहरूका साथ नाच-गान गर्दै हिडेनन्, न कंसलाई नै मारे । यस्ता काम गर्ने व्यक्ति जगत्कर्ता र जगत् उद्धारक कहिल्यै हुन सक्तैनन् ।।१५।। जगत् उद्धारक सद्गुरु साहेब त सबै माथि परम दयालु, राग-द्वेषादिबाट शून्य विषय-क्रीडा हिंसादिदेखि सर्वथा रहित हुन्छन् । उनी न कसैलाई पराजय गराउँछन्, न स्वयं पराजय हुन्छन् । कसैसित कै झगडै छैन त के हारुन् ! के जितुन् ! ।।१६।।

अरू– रामायण महाभारतादि ग्रन्थमा श्री राम र श्री कृष्णको जो-जो शुभाचरण वर्णन छ, ती सबै हामीले विवेकयुक्त ग्रहण गरी, कल्याण गर्नको निम्ति लेखिएका हुन् । तर हामी श्री राम र श्री कृष्णलाई मर्यादा पुरुषोत्तम, आदर्शरूप न सम्झी, अलौकिक पुरुष सम्झन्छौं । यसैले ठान्दछौं– 'उहाँको बरोबरी गरी उहाँले गर्नु भएको जस्तो हामी सामान्य मानिसले कहाँ गर्न सकिन्छ र !' भनी आफ्ना बुद्धि विवेक-साधनामा ताल्चामार्छौं । हामी सबै रामायणादि पढ्छौं- सुन्छौं र पनि हितैषी शिक्षालाई ढोगेर थन्क्याउँछौं । स्वयंमा उतार्ने चेष्टा नगरी, उहाँको जहिले कृपा होला, अनि हामी पनि धारण गरौंला, भनी पछि हट्छौं ।

होइन, उहाँ पनि गृहस्थाश्रमका एक मर्यादा पुरुष, न्याय-नीति र धर्मपालक, आदर्श महाराजा हुनुहुन्थ्यो । उहाँको गुरु-निष्ठा, सन्त महर्षिहरूको सेवा-सहयोग, मातृ-पितृ भक्ति, भातृस्नेह, प्रजा-संरक्षकता आदिको भाव अत्यन्त प्रशंसनीय छ । हामीले पनि उही आदर्शलाई अँगाल्ने प्रयास गर्नुपर्दछ । उहाँलाई जगत्-कर्ता भन्नु त उहाँको उपहास गर्नुमात्र हो । उहाँलाई सर्वश्रेष्ठ, चरित्र-वान् पुरुष सम्झ्यौं भनेमात्र उहाँका आचरण आफूमा उतार्ने प्रयत्न गरिनेछ । यसको निम्ति निष्पक्ष विवेक-बनाउनु पर्दछ।

वे कर्ता नहिं बौद्ध कहाये, नहीं असुर संहारा
ज्ञान हीन कर्ता कै भरमें, माया जग भरमाया ।१८।।
वे कर्ता नहिं भये निकलङ्की, नहिं कालिङ्गहि मारा ।।१९।।
ई छल बल सब माया कीह्ना, जत्त सत्त सब टारा ।।२०।।

अर्थ– ती जगत्-उद्धारक सद्गुरु, बुद्ध पनि कहलिएनन्; न उनले कुनै राक्षसलाई संहार गरे । आसुरीजनलाई आफ्ना शिक्षा-बाट झन् भ्रान्त-नास्तिक गराई कष्ट दिने र संहार गराउने

कामको उहाँ प्रति जति आरोप लगाएका हुन्, ती काम जगत् उद्धारक सन्त-पुरुषले कहिल्यै गरेनन् ॥१७॥ विवेक-विहिन जन मात्र जगत्-कर्ता, जगत्-उद्धारक अलौकिक पुरुष कहीं कुनै छन् भनी भ्रान्तिमा पर्दछन्, यिनैका मन-कल्पित वाणीरूपी मायाले यिनै लाई भ्रान्तिमा पारिराखेकी छ ॥१८॥

कलिङ्गलाई मार्ने ती निष्कलङ्की पनि जगत्-कर्ता उद्धारक भएनन् ॥१९॥ यो सबै दाउ-पेच गर्ने, जुझाउने-बझाउने मायावी अज्ञजनकै काम हो । यस्तै जीवबाट यति पुरुषको योग, सतीको सतित्व, सत्यवादीको सत्यताको अपहरण भइरहेछ ॥२०॥

अरू– सनकादिलाई वैराग्यको उपदेश गरे बापत ब्रह्मा-जीले नारद योगीलाई श्राप दिई स्त्री बनाइदिए। विष्णुले परम सती वृन्दाको सतित्व भ्रष्ट गराइदिए । विश्वामित्रले सत्यव्रती हरिश्चन्द्रलाई अनाहकमा हैरान गराए–इत्यादि ।

दश अवतार ईश्वरी माया, कर्ता कै जिन पूजा ॥२१॥
कहहिं कबीर सुनो हो सन्तो, उपजै खपै सो दूजा ॥२२॥

अर्थ– माथिका दश अवतारलाई ईश्वरीय माया, भगवान्-का अवतार भनी ज-जसले पूजा-उपासना गर्दछन्, ती सबै माया–भ्रान्तिमै परे ॥२१॥ गुरु कबीर भन्नुहुन्छ–हे सन्त ! सुन, जो-जो जन्मन्छन्-मर्छन्, आउने-जाने गर्दछन्, ती शुद्ध-मुक्त पारख स्वरूप ज्ञानमात्र चेतन होइनन्, आवागमनमा परिरहेका कर्माध्यासी जीव हुन् । यो कुरा विवेकद्वारा बुझ्नुपर्दछ ॥२२॥

अरू– वास्तविक कुरा हो– पौराणिक कालमा विशेष पुरुषार्थी शूर वीर दानी लेखक विचक्षण बुद्धिसम्पन्न र सतोगुणी व्यक्तिलाई भगवान् अवतार ईश्वरको अंश भनिदोरहेछ । उनका कृतिमा अनेक विभूति-चमत्कारको विशेषण थपिंदै पुस्तकहरू

रचना हुँदै आए । क्रमशः महिमा बढ्दैगयो । यस्तै मध्य-पूर्वकाल-मा पनि विशेष पुरुषार्थी, आन्दोलनकारी जयचन्द-पृथ्वीराज आल्हा उदल महात्मा गान्धीहरूलाई अवतार सिद्धगर्ने प्रयास थियो। आज पनि कति-कति व्यक्ति भगवान् अवतार बन्ने-बनाउने भन्ने-भनाउनेमा छन् ।

आज त मानव-समाज अन्धश्रद्धा, भेडेताँतीबाट धेरै नै माथि उक्ली, किन-कसरी ! को माध्यम अँगाली, बुद्धिजीवी हुँदै आइरहेछ । अतएव गुरु कबीरको पारदर्शी बुद्धिको निष्कर्ष–यी कुराहरूमाथि पनि अति गडेर विवेक गरोस् । माथि अवतार भनी बताइएकाहरू पनि आ-आफ्नै कर्म-संस्कार-वश* यही जगत्मा जन्मेका हुन्; अधिक पुरुषार्थी बनी उस बखतका समाजको हित-कार्यमा प्रवृत्त भए । विवाह राजकाज लडाई-आदि गरे, सन्तानको

* – तदधीना वयं सर्वे वर्तामः सततं विभो ।
प्रत्यक्षे च परोक्षे च दृष्टान्तं श्रृणु सुव्रतः ।।
उत्पत्ति सर्वजन्तूनां विना कर्म न विद्यते ।
कर्मणा भ्रमते सूर्यः शशांकः क्षय रोगवान् ।।१२।।
कपाली च तथा रुद्रः कर्मणैव न सशयः ।
अनादि निधनं चैतत्कारणं कर्म विद्यते ।।१३।।
भ्रमतेव जगत्सर्वं राज कर्मं नियंत्रितम् ।।१७।।

विष्णु भन्नुहुन्छ–हे ब्रह्माजी ! हामी सबै सँधै पराधीन छौं । यस विषयमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा पनि हे सुव्रत ! दृष्टान्त सुन्नुहोस् । (मधुकैटभका साथ लडाईमा विवश बन्नुपरेको कथा बर्णन छ) । –[देवी भा. १।४६]

सृष्टिका जन्तु, कर्मका विवश नभएका कोही देखिदैनन्, कर्मवश सूर्य घुमेका घुम्यैछन्, चन्द्रमा क्षयरोग-ग्रस्त छन् ।।१२।। रुद्र खप्पर लिएर फिर्दछन् । यो सारा कर्मले भएको हो, यसमा कुनै सन्देह छैन । कर्म उत्पत्ति हुनमा कारण जन्म-मरण रहित यही माया नै छ । तसर्थ सारा स्थावर-जङ्गम जगत् नित्य छ ।।१३।। कर्मले नै बाँधिई जकडिएका सारा संसार तल-माथि गरी निरन्तर घुमिरहन्छन् ।।१७।।
[देवी भा. ४।२]

वृद्धि गरे । सामान्य मानिसकै समान देह त्याग गरी प्रयाण गरे । अतएव उहाँहरू हाम्रा श्रद्धेय आदर्श महापुरुष हुनुहुन्थ्यो । तर उहाँहरूलाई विश्व-सृजक र जीवका मुक्तिदाता भन्न विवेकले दिंदैन, उल्टो 'व्यङ्गय-गालि' ठहर्दछ ।

तथा–यो विश्व शाश्वत अनादि हो, अनन्तकालसम्म रहि-रहन्छ पनि । यस कुराको पुष्टिको प्रमाण यो छ–गीतामा उल्लेख छ–'प्रभुले न कर्तापन लिन्छन्, न कर्म गर्छन्, न लोकको सृजना गर्छन्, न त कर्मका फलको संयोग गराइदिन्छन्। यो सबै स्वभावा-नुसार (प्रकृतिको नियमबाट) भइरहेछ । न कसैलाई पाप-पुण्यमा प्रवृत्ति गराउँछन् । अज्ञानले ज्ञान ढाकिदिंदा मोहित भई प्राणीहरू प्रभुमाथि उक्त दोष थोपर्दछन् ।* भनेपछि फेरि जगत् आदि हो, यसका कर्ता भगवान् हुन्, इत्यादि कथनको कल्पना नै किन गरिरहन पर्‍यो र !' गीताको यत्तिकै वचनको मात्र निष्पक्षताबाट विचार गरी लिनसक्यौं भने पनि हामीलाई कल्पनाको साम्राज्य-बाट माथि उचाली, गुरु कबीरको मन्तव्य बुझ्न सक्षेम बनाउने छ। श्रीमद्भागवत १।३ मा अवतारको नाम यसप्रकार वर्णन छ –

पहिला:– सनक, सनन्दन, सनातन, सनत्कुमार-ब्रह्मचर्य पालन गर्न।
दोस्रा:– वराह-पृथ्वीलाई, रसातलबाट फर्काई, ल्याउनको निम्ति।
तेस्रा:– नारद-उपदेशकका रूपमा ।
चौथा:– नर नारायण-बदरीकाश्रममा तपस्या गर्न निमित्त ।
पाँचौं:– कपिल-सांख्य शास्त्रको उपदेश गर्नको लागि ।
छैटौं:– दत्तात्रेय अवधूत--यी पनि उपदेशक थिए ।

* – न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभो ।
न कर्म फल संयोगं स्वभावस्तु प्रवर्तते ।।१४।।
ना दत्ते कस्य चित्पापं नचैव सुकृतं विभो ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्त्व जन्तवः ।।१५।। [गीता अ. ५]

सातौं:– यज्ञ-रूचि प्रजापति आकूतिबाट उत्पन्नभएका स्वायंभुव ।
आठौं:– ऋषभदेव-परम हंसको आदर्श देखाउनको निम्ति ।
नवौं:– पृथु-यिनले पृथ्वीबाट औषधीहरू दुहेका थिए ।
दशौं:– मत्स्य-डुबेकी पृथ्वीलाई उतार्न र शंखासुरले वेद चोरी लगेको फर्काउन । उसलाई मारी वेदोद्धार गरेका थिए ।

एघारौं:– कच्छप-समुद्र मथनको लागि ।
बाह्रौं:– धनदन्तरि-समुद्रबाट अमृतको घडालिई प्रकट भएका ।
तेह्रौं:– मोहिनी-देव दानवको विवाद फर्स्याउनको निम्ति ।
चौधौं:– नृसिंह-हिरण्य-कशिपुलाई संहार गर्न निमित्त ।
पन्ध्रौं:– वामन-बलिलाई छल्नको लागि ।
सोह्रौं:– परशुराम-क्षत्रियहरूलाई मार्नको निम्ति ।
सत्रौं:– व्यास-वेदको विभाजन गर्न निमित्त ।
अठारौं:– श्री राम-रावणको संहारका लागि ।
उन्नाइसौं र बीसौं:–बलराम र श्रीकृष्ण-पृथ्वीको भार हरण गर्न ।
एक्काइसौं:– बुद्ध-वेद विरुद्ध मत चलाउनको लागि ।
बाईसौं:– कल्कि-पृथ्वीको भार उतार्नको लागि ।

उक्त स्थलमा यी बाईस अवतारको वर्णन छ । अन्यत्र वर्णन आउँछ–हंस–सनकादिलाई उत्तर दिन निमित्त र हयग्रीव–देवी भा. १।५।१०९-११० अनुसार हयग्रीव दानवलाई मार्न ।

माथिका सबैलाई भगवान्का अवतार भन्दछन्, तर बलराम र श्री कृष्ण साथसाथै भए । नारद, व्यासहरू सङ्ग पनि बरोबर भेट भइरहन्थ्यो । यसरी धेरै-धेरै अवतार एकैसाथ थिए । एकले अर्कालाई अवतार भनी सहसा चिन्नसम्म पनि सकेका छैनन् । श्रीराम र पशुराम त परस्पर वाक-युद्धमा चर्किएका पनि थिए । पुराणकै अनुसार त्रि-देव पनि शुद्ध परमात्मा [चेतनदेव] देखि निम्न-

स्तरकै कर्म संस्कार-वशका त्रि-गुणी जीव हुन् । ती अवतारादिमा प्रताप-चमत्कार थिए भनी कल्पना गर्ने हो भने तिनबाट विषयासक्ति र मार-काटको काम हुनु नपर्ने! दोस्रो– यस्ता चमत्कार हुनै सक्तैनन्। कदाचित् भएपनि शरिर पो धेरै हुनुपर्थ्यो, के चेतन पनि टुक्रेर खण्ड-खण्ड बनी बाँडिन सक्छर ?

वास्तवमा यी मध्ये-कति अवतार त कल्पनामात्रै हुन् । बाँकी पनि एक-एक गुणको विशेषताबाट अवतार मानिएका रहेछन् । तिनमा पुराणानुसार श्रीराम र श्रीकृष्णको विषेश ख्याति छ । अरू सामान्य नै रहेका छन् । ती दुवै पनि आ-आफूले गरेका कर्मको फल भोग गर्न विवश भएका देखिन्छन् । अनैस्वरवादी कपिल, बुद्ध, ऋषभदेवहरू पनि भगवान्का अवतार के गरिभए ? यो पनि एउटा रहस्यपूर्ण तथ्य छ । यहाँ मुख्य कुरा के भने– भगवान्को मान्यताबाट मानिस केवल उनैका भरोसामा मात्र पर्नेभए । गर्नुपर्ने यथार्थ पुरुषार्थ त्यसै रहने भयो । अथवा–

बोले बिहँसि महेश तब, ज्ञानी मूढ न कोय ।
जब जेहि रघुपति करहिं जस, सो तेहि क्षण तस होय ।।
[रामायण]

इत्यादि सम्झेर आफूलाई विवश ठानी सर्वथा विवेकपुरुषार्थबाट रहितभई खालि आकाश ताकेर बस्तछन्, कति-कति काम व्यर्थ बरबाद भइरहेछ । अतएव यी सबै कुरा गुनेर आकाशीय कुनै पुरुषका भरोसामा नपरी,स्वयं दुराचार छाडी, सदाचारमा सदा सम्लग्न रहनु-बुद्धिमान्को परम कर्तव्य हो। यद्यपि मानिसले विषय भोग र व्यावहारिक कार्यमा जे जस्तो परेपनि पुरुषार्थ गर्न छाडेका छैनन्, केवल परमार्थकै लागि भगवान्का भरोसामा पर्दछन् । मुख्य निर्बन्ध, मुक्त हुने धार्मिक कर्तव्यमा विवेकविचारबाट काम लिन भयभीत बन्दछन् । वास्तवमा स्वतन्त्र

विवेक, निर्णय-ज्ञान र शुभाचरणको मैदानमा उत्रेर सत्साधना-स्थितिमा तल्लीन नभई निर्भ्रान्त, निर्बन्ध, शान्ति, मुक्तिको सिंहासन मिल्न सक्तैन ।

चुड्का-८

सन्त! आउने जाने त्यो त, माया जान, पालक को त; हुन्न काल बुझ यी कुरा ।
न त उनी कतै जान्छन्, न त कतैबाट आउँछन्; उनी शान्त शुद्ध छन् पूरा ।।
के ती मधुसूधन त, मच्छ कच्छ बनेथे र ! शंखासुर संहार गरेनन् ।
दयालु थे द्रोह थेन, चाह रीस भूल थेन; भन कसलाई मारेछन् !

ती कर्ताले वराहको, नाम कहलाएनन् त्यो; भार लेनन् धर्ति पूराको ।
साहेबको सब कार्य, कथमपि ह्वँन आर्य; मन्छ भव झुट्टै कुरा यो ।।
खम्भाफोरी आए भनी, सबै गर्छन् विश्वास नि; तिनैलाई कर्ता भन्दछन् ।
हिरण्य कशिपु मार्ने, पेट नङले चिरी फार्ने; तिनी पनि कर्ता होइनन् ।।

वामन बनी बलि- सँग भिख लेनन् छली; माँगने हो काम मायाको ।
विवेक बिना जगत्, भ्रम बीच परे फकत; भ्रमाउने भव माया हो ।।
परशुराम-क्षत्री पनि, मारेनन् छि: छली बनी; सबै मायाले नै गरेको ।
सद्गुरुको भेद भक्ति, न जान्ने ती राई रत्ती; जीवमा यो झुट्टै भरेको ।।

सीता सित सृजकले, गरेका ह्वँनन् बिहे; पानी माथि पुल बाँधेनन् ।
उनै रघुनाथलाई, एक भनी भज्छन् भाइ; जो भज्छन् ती अन्धा-जानेन् ।।
गोपी कहाँ ग्वाल बनी, आएनन् ती गोकुल नि! कर्ताले ता कंस मारेनन् ।
दयालु हुन् सबै प्रति, साँच्चिकै का साहेब ती; जीत हार बीच परेनन् ।।

उनी कर्ता बुद्ध पनि, भनाएनन् सम्झ गमी; असुर नै न त संहारे ।
ज्ञान हीन कर्ता थापी, भ्रमेका छन् अज्ञ काफी; माया द्वारै जगत् भ्रमाए ।।
निस्कलङ्की कर्ता उनी, भएनन् यो सम्झ गुणी: न त कलिङ्ग नै मारे थे ।
यो छलबल सब, माया बाटै भयो जब; यति सति सबै टारे थे ।।

दश अवतार ईश्वर, भन्नु माया वाणी नश्वर; कर्ता ठानी पूजा गर्दछन् ।
भन्नुहुन्छ कबीर गुरु, सुन सन्त जनहरू; बन्ने नाश हुने अर्कै जन् ।।

शब्द – ९

सन्तो बोले ते जग मारे ।।१।।
अन बोले ते कैसक बनि है, शब्दहि कोइ न बिचारे ।।२।।

पहिले जन्म पुत्रका भयऊ, बाप जन्मिया पाछे ।३॥
बाप पूतकी एकै नारी, ई अचरज कोइ काछे ॥४॥

अर्थ– हे सन्त ! साँचा कुरा बोलौंभने यी जगत्-जीव मार्न आइलाग्छन् ॥१॥ चुपलागि बसौं त जिज्ञासुको काम कसरी बन्दछ ? शब्द सुने-पढेपछि सम्भव-असम्भव के हो ? यो कुरा कोही विचार गर्दैनन् । अन्ध-श्रद्धावश आँखा चिम्ली स्वीकार गर्दैजान्छन् ॥२॥ प्रथम पुत्ररूपी मानव जीवको जन्म हुन्छ, बुद्धि छिप्पिएपछि कल्पना गर्दछ–'हामीलाई पैदागर्ने एक कुनै कर्ता अवश्य हुनुपर्दछ' । यसरी मानव-मनबाट ईश्वररूपी पिता (जगत्-कर्ता) को उत्पत्ति, पछिमात्र हुन्छ । अथवा छोरो जन्मेपछि 'बुबा!' भन्छ र अनिमात्र व्यक्तिले 'पिता' को पदवी पाउँछ। यसैले 'बाप जन्मिया पाछे' भनेको हो ॥३॥

बाप पूतकी एकै नारी–मनुष्य पनि कल्पना-वाणीमा अल्भेको छ, ईश्वरको पनि उही कल्पित-वाणीबाट सिद्धि भइरहेछ (प्रतिष्ठा बढिरहेछ)यसरी दुवैकी वाणीरूपी एकैनारी हुनगई। यो आश्चर्यको मामिला कोइ काछे–कसले निवारण गरोस् ! अथवा पिता र पुत्र-पुरुषवर्ग, माता र पत्नी– स्त्रीवर्गका हुन् । तर पुरुष सबै एकै (नारी-जाति)को साथ भुल्दछन् । कोही विवेकीले मात्र बुझी, विचारपूर्वक त्यसबाट बची, ब्रह्मचारी बन्दछ । यो कुरा दोस्रो रमैनीको साखीमा पनि वर्णन भएकै हो ॥४॥

दुन्दुर राजा टीका बैठे, विषहर करै खवासी ॥५॥
श्वान बापुरा धरनि ढाकनो, बिल्ली घरमें दासी ॥६॥
कार दुकार कार करि आगे, बैल करे पटवारी ॥७॥
कहहिं कबीर सुनो हो सन्तो, भैंसे न्याव निबेरी ॥८॥

अर्थ– दुन्दुर– दादुर (भ्याकुतो) राज-तिलकबाट सुशोभित भई, राज-सिंहासनमा विराजमान हुनतम्स्यो। विषहर–महाविषधर

सर्प खत्रासी– सचिव भयो । (भाव हो–मन पनि भ्याकुतोसमान उफ्रेर म 'ब्रह्म हुँ') भनी राजा बन्नपुग्यो, विश्व-व्यापकताको राजतिलक लिई सिंहासनमा बस्यो । कल्पना-विषले पूर्ण सर्पसमान भ्रामकजन उनै मन-महाराजको अनुमोदन गर्नलागे ।।५।। श्वान–बकवके भ्रान्त-उपदेशकले बापुरा–बिचरा सरल जीवलाई दोसल्ला चादरले ढाकी दीक्षादिए, भ्रान्तिज्ञान पुष्ट गराई, विवेक-शक्ति ढाकिदिए । बिरालीरूपी कल्पित वाणी, जीवको अन्तःकरण-घरमा दासी बनी भित्रभित्रै ज्ञान-धन चट्पारिसकी ।।६।।

कार–क्षर (नाशवान् माया) दुकार–अक्षर (अविनाशी जीव) कार–निःअक्षर (ब्रह्म)। आगे–अन्त्यमा एक ब्रह्म नै सत्य हो, माया र जीव दुवै ब्रह्मका अंश हुन्; भनी बैल करै पटवारी–विवेक-विहीनजन गुरुवाई गर्नलागे । आचरणमा विधि-निषेध, निषेधा-निषेध भन्दै ज्ञानीले जे गरेपनि हुन्छ भनी आफूलाई अलिप्त ब्रह्म सम्झी, सबै काम निःसंकोचताबाट गर्नेभए ।।७।। गुरु कबीर भन्नुहुन्छ–सन्त हो ! सुन, यिनीहरू भैंसे न्याव निबेरी–भय दिई-दिई उपदेश दिन्छन् वा एक श्रद्धाकै बलबाट राँगा-पेलाई (जबर-दस्ती) सित मनाउने काम गर्दछन् ।।८।।

अरू– विवेक बाह्यका कुरा कहीं लेखिएका, कस्तै व्यक्तिका भएपनि त्याग गर्नलाई भय मान्नुपर्दैन । मनुष्य जीवनलाई कल्याणको पात्र भन्नको मुख्य कारण–यो विवेकी चोला हुनाले नै हो। अतः गुरुको विवेकदृष्टि आफूमा उतार्नुपर्दछ । दैवी सम्पत्तिलाई हृदयमा नभरी हुँदैन । हामी मानवजाति एक मत-पन्थका कूप-मण्डुक होइनौं । मनुष्यमात्र सबै एकसमान ह्वौं । अतः सबैको कल्याण-मार्ग एकसमान हुनु पर्दछ; यही हो विवेक । अरू सबै पक्षपात र कल्पनाका कथन, आ-आफ्ना कूप हुन् । आफ्नो जीवन सफलताको निमित्त एक कूप-मण्डुक बनेर काम बन्दैन । विवेकको मैदानमा

उत्र, पारखदृष्टि बनाउ, जड-चेतनको विवेचन गरी सदाचारसम्पन्न रहेर चेतनको निर्वासनिक स्थिति सह्माल ।

चुडका-९

सन्त बोल्दै जगत् यी त, मार्न उठ्छन् के भनौं त ! न बोलेर कहां बन्दछ॥टे.॥
शब्द कोही विचारदैनन्, पैले छोरा जन्म्यो ह्वैनन्? बाबु भने पछि जन्मे छन् ।
बाबु छोरा-एकै नारी, ठट्ट हेर्दा उदेक भारी; कोहीजन विचार गर्दछन् ॥
तिलकलिई भ्यागुतो ता, राजगद्दी बस्यो उता; विषधर सेवा भर्दछ ।
कुकुर जाबो कान ढाकी, बिरालो छ घर दासी; कार दुकार एक गर्दछ ॥
पछि फेरि कार गरी, बयल गर्छ पटवारी; नित प्रति व्यस्त बनेर ।
भन्नुहुन्छ कबीर गुरु, सुन सन्त यिनीहरू; न्याय गर्छन् भय दिएर ॥

❀

शब्द – १०

सन्तो राह दुनो हम दीठा ॥१॥
हिन्दू तुरुक हटा नहिं माने, स्वाद सबनको मीठा ॥२॥

अर्थ - हे सन्तजन! मैले हिन्दू-मुसलमान दुवैका धर्ममार्ग खूब जानेको छु ॥१॥ यस्ता पापाचार नगर भनी विवेकीजन कति-कति उपदेश गर्दछन्, किन्तु ती दुवै रत्ती मान्ने होइनन्; सबै आ-आफ्नै जिब्राका स्वादमा लुब्ध छन् ॥२॥

हिन्दू बरत एकादशि साधे, दूध सिंघारा सेती ॥३॥
अन्नको त्यागे मनको न हटके, पारन करे सगौती ॥४॥
तुरुक रोजा निमाज गुजारे, बिसमिल बाँग पुकारे ॥५॥
इनको बिहिस्त कहाँसे होवे, जो साँझै मुरगी मारे ॥६॥

अर्थ– हिन्दूहरू एकादशी-व्रतका दिन सिङ्घडा (तलाउमा हुने एक फल विशेष) का साथ दूध लिई फलाहार गर्दछन् ॥३॥ त्यो दिन अन्न भने खाँदैनन्, तर मनलाई कुकर्म-कुभावनाबाट रोक्नु पर्छ भन्ने यिनलाई थाहैछैन । दोस्रो दिन द्वादशी लाग्ना-साथ व्रत-पारायणमा कोही-कोही सगौती (सामिष भोजन)

गर्दछन् ।।४।। यिनका भाइ, मुसलमान पनि यसैगरी वर्षको एक पटक रमजानका दिन भनी तीस दिनसम्म दिनहुँ रोजा (व्रत) बस्तछन् । दिनको पाँचवार नमाज (उपासना पद्धति) पढ्छन्, विस्मिल्लाको नाम लिई बाङ (प्रार्थना) पुकार्दछन् ।।५।। परन्तु साँझ पर्नासाथ कुखुरा खसी वा गाईलाई छुरीले रेटी-रेटी मार्दछन् । यस्ता कर्मबाट यी बिहिश्त (स्वर्ग) के गरी पुगौंला भन्दाहुन् ! कस्तो आश्चर्य ! ।।६।।

हिन्दूकी दया मेहर तुरुकनकी, दोनों घट से त्यागी ।।७।।
ई हलाल वे झटका मारें, आग दुनों घर लागी ।। ८ ।।
हिन्दू तुरुककी एक राह है, सतगुरु सोइ लखाई ।। ९ ।।
कहहिं कबीर सुनो हो सन्तो, राम न कहूँ खुदाई ।।१०।।

अर्थ– हिन्दूको 'दया' र मुसलमानको 'मेहरवानी' यो दुवैको ठूलो सम्पत्ति थियो तर यसलाई दुवैले तिलाञ्जलि दिए; सात समुद्रपारी हुत्याइदिए ।।७।। मुसलमानहरू हलाल–घिच्रो रेटी-रेटी जीवघात गर्दछन् । हिन्दूहरू झटका–गर्दनमा खुकुरी-खुँडाले जोडसित मच्चेर हानी, छिनाली मार्दछन् । यसरी दुवै थरीका हृदय-घर र मतरूपी घरमा क्रूरतारूपी भयङ्कर अपराधको आगो लाग्यो, लागिरहेछ ।।८।।

हिन्दू-मुसलमान दुवैको लगभग एकसमान भ्रान्ति-कल्पना, हिंसाले पूर्ण मार्ग छ । यिनका गुरुले यही शिक्षा-दीक्षा दिएका छन् । अथवा दुवैको कल्याण एकै सत्य अहिंसा विवेकको मार्ग हुनु पर्दछ ।।९।। गुरु कबीर भन्नुहुन्छ– हेसन्तजन! सुन, घटघट निवासी सत्य चेतन रमैया रामलाई छोडेर बाहिर अर्का कहीं न राम छन् न खुदा, यिनलाई पाउन बाहिर भौंतारिन र हिंसादि पाप कर्म गर्नु महान् भूल हो ।।१०।।

अरू– आकाशीय ईश्वर-खुदा, देवी-देवताको निगाहबाट

सुख-शान्ति, मुक्ति-गति पाइएला भनी जीम्दा चेतन रमैया राम-को हत्या गर्छौं, आफ्नो स्वादे-जिब्रो तिखार्छौं। कर्कलाका पातको पानीका थोपासमान क्षणस्थायी शरीरलाई पोस्ने, शक्ति बढाउने सपना देख्छौ। यो बुद्धिसम्पन्न मानव प्राणीको योग्य कर्तव्य होइन।* एक त अर्कालाई सताई ज्यान मारेपछि आफूले पनि कष्ट सास्ती सही ज्यानको बदला ज्यान नदिई सुक्खै पाइँदैन, एक दिन उसले पनि त्यसै गरी हाम्रो ज्यान लिनेछ। आज हाँसी-हाँसी लुछेको सट्टा भोली कष्टका साथ रोई-रोई आफ्नै मासु पनि लुछाउनु पर्नेछ। दोस्रो–आज तिमी जस्तो आहार गर्छौं, त्यसको गुण तिम्रो शरीरका भित्रभित्रै फिंजिदै जानेछ। शाका-हारबाट स्वभाव–सरल शान्त विनम्र दयालु कोमल बन्दैजानेछ; यो स्वभाव मासाहारीमा आउन सक्तैन। मांसाहारीको स्वभाव यसको उल्टो–कठोर ठाढे निर्दयी र क्रूर बन्दछ। शरीरका केस्रा (सतह) पनि जुन-जुन जनावरको मासु खाएको छ, बिस्तार–बिस्तार उनै पशु पक्षीका जस्तै बन्दैजाने हुन्छ। यसले गर्दा ती व्यक्तिले बाह्य जड स्थूल विषयको परिणाम केही निकाल्न सके पनि सूक्ष्म-सूक्ष्म विषयको शोध-खोज लगाउन असमर्थ हुन्छन्। चेतनको शोध-खोज र त्यसको तर्फबाट हुने लाभ प्रगतिबाट वंचितै रहिन्छ। अर्को कुरा–"पशुका अंगमा लागेका कतिपय रोगले त्यस पशुको मासुखाने व्यक्तिमा प्रवेश गरी सताउने कष्ट दिने हुन्छन्।" [२०४०।४।१६।२ को गोरखापत्रबाट]

मानवीय तृतीय नेत्र, कुशाग्र बुद्धि वा शीशाको पर्दा जस्तो पारदर्शी दृष्टिभए पनि माटा-ढुंगाको पर्खाल जस्तो बन्दै जाने-

*– हामीहरूले वेदका निम्न वचन त अवश्य पालन गर्नै पर्दछ—
'जस्तो गाई अवध्य हो, उस्तै अरू पशुहरू पनि हुन्। हामीलाई हिंसारूप पापबाट छुटाउ।' ... ... [यजुर्वेद पृ. ६।२२]

हुन्छ, भित्री विकासक-विवेक शोधन शक्ति सबै उड्दछन् । यसैले आज देशमा जति-जति हिंसा-आहार बढ्दै गइरहेछ, उति-उति मानिसमा आध्यात्मिक प्रगति-सात्विकी आचार-विचार पनि मर्दै गइरहेछन् । शरीरको सतह (केस्रा) मनमा चित्रण, बुद्धिको गति सबै आज पशु-पंक्षीका आकृतिमा ढल्दै गइरहेछन् भने यो शरीर ढल्नासाथ, तिमी पनि तिनै शरीरमा नपुगौला, उसै गरी सास्ती सासना सहँदै नमारियौला भन्ने के आश्चर्य ? तिम्रो मासु पनि त्यसै गरी तिनले लुछ्ने नै भए । अतः शिघ्र सावधान होउ स्वादको लालचमा नपर, आफ्नो होशमा आउ, जीवन सुधार ।

चुडका-१०

सन्त मैले यहाँ हेरें, दुवै मार्ग प्रष्ट देखें; भन्छु केही चाला जस्तो छ ।
हिन्दू मुसलिमलाई, रोक्छु मान्ने ह्वैनन् भाइ; स्वाद सबैलाइ मिठो छ ।।
हिन्दू व्रत एकादशी- बस्छन् मन भई खुशी; सिगडा र दूध खाएर ।
अन्न भने त्याग गर्छन्, मन रोक्न पछि सर्छन्; पारण ता मासु ल्याएर ।।
रोजा निमाज तुरुकले, बिसमिल्ला नाम बोले; नित नित बाँग पुकारछन् ।
बिहिश्तको यिनीलाई, वास मिल्छ कहाँ भाइ; कुखुरा यी साँझै संहारछन् ।।
हिन्दूको दया धर्म, मेहरबानी तुरुक-कर्म; त्यागे दिलैदेखि दुवैले ।
हलाल ले यिनी रेट्छन्, उनी मार हानी गिड्छन्; डढ्यो दुवै घर आगैले ।।
हिन्दू तुरुक सबैको, एकै बाटो छ सँधैको; सतगुरु यही लखाउँछन् ।
भन्नुहुन्छ कबीर गुरु, सुन भाइ सन्तहरू; राम छन् न कहीं खुदाछन् ।।

❀

शब्द-११

सन्तो पाँडे निपुण कसाई ।।१।।

बकरा मारि भैंसा पर धावैं, दिलमें दर्द न आई ।।२।।
करि अस्नान तिलक दै बैठे, बिधि सो देवि पुजाई ।।३।।
आतम राम पलकमें बिनशे, रुधिरकी नदी बहाई ।।४।।

अर्थ- हे सन्तजन ! हिंसक-मांसभक्षी, पुजारी ब्राह्मणहरू सारै बाठा पक्का कसाई हुन् ।।१।। यिनी देवी-मन्दिरमा र दशैंका

समयमा बोका-भेडाहरू मारी राँगामाथि पनि जाइलाग्छन् । यिनका हृदयमा रत्तीभर दया-विवेक छैन; अर्काको प्राण लिन कत्ति संकोच र कष्ट मान्दैनन्* ।।२।। यी स्नान गर्छन्, ललाटमा चन्दन, त्रि-पुंड्र लगाई मन्दिरमा बस्तछन्, विधि-विधानपूर्वक देवी-भैरवादिको पूजा गर्छन्-गराउँछन् ।।३।। किन्तु कल्पित देवीको-मूर्तिका अगाडि लगी साँच्चिका आत्माराम चल्ने-बोल्ने जीवलाई पल भरमा विनष्ट गरी रगतको खोलो बगाइदिन्छन् ।।४।।

अरू– ब्राह्मणवर्गले प्रायः राँगा कुखुराको बलि चढाउँदैनन् तापनि दक्षिणाको लालच-वश अरूले बलि दिन ल्याउँदा संकल्प गराइदिन्छन् ।

अति पुनीत ऊँचे कुल कहिये, सभा माँहि अधिकाई ।। ५ ।।
इन्हते दीक्षा सब कोइ माँगे, हँसी आवे मोहि भाई ।। ६ ।।
पाप कटन को कथा सुनावें, कर्म करावें नीचा ।। ७ ।।
हम तो दूनों परस्पर देखा, यम लाये हैं धोखा ।। ८ ।।
गाय बधेते तूरुक कहिये, इनते वै क्या छोटे ।। ९ ।।
कहँहि कबीर सुनो हो सन्तो, कलिमा ब्राह्मण खोटे ।।१०।।

अर्थ– भारतवर्षमा ब्राह्मण-जाति अति पवित्र श्रेष्ठ कुलका कहलिएका छन् । सभा पूजामा उच्च आसन पाउँछन् ।।५।। आफ्नो कल्याण सम्झी धेरैले यिनैसित मन्त्र-दीक्षा पनि माग्दछन् । यो देख्ता-सुन्दा र यिनीहरूका चरित्र सम्झँदा मलाई त अति हाँसो

---

* So many gods, so many creeds,
So many paths that wind and wind,
When just the art of being kind
Is all this sad world needs. E.W. Wilcox

यतिका देउताहरू, यतिका सम्प्रदायहरू मतमतान्तर र घुमाउरा टेढामेढा कयौं बाटा-हरू छन्; जबकि यो बिचरा दुःखी संसारलाई खालि एक दयाको मात्र खाँचो छ ।

उठ्तछ ।।६।। किनभने पाप मोचन गराउनको निमित्त भागवतादि कथा सुनाउँछन्, उहाँ भने पापाचार–हिंसा, बलिदान आदि कर्म गर्छन्-गराउँछन्, उही अशुद्ध आमिष खान्छन् । यस्ता चालबाट पाप काटिन्छ कि थपिन्छ ? यो कुरा विचारणीय छ ।।७।।

मैले त परस्पर ती दुवैलाई देखें, हिन्दू र मुसलमानको चाल एकैनासको निर्दयी-स्वार्थी रहेछ । अर्को–एकातिर पुण्य-प्राप्तिको निम्ति कथा-पुराण सुनाउने, उता पापकृत्य–हिंसा, बलि आदि जीवघात पनि गर्ने-गराउने पो रहेछन् । यसबाट यी हिंसकी, ब्राह्मण र काजी मौलबीहरू पूरापुर यमराजै पो सिद्ध हुन्छन् । मानिसलाई आफ्ना मुठ्ठीमा राख्नको निम्ति कथाको जालहालेका सम्म रहेछन् ।।८।। गाई मार्ने मुसलमान तुर्क भनिन्छन् भने के ती भन्दा यी हिंसकी ब्राह्मण कम हुन् त ? यिनलाई पनि भरतखण्डी तुर्क भनिदिए भयो ।।९।। गुरु कबीर भन्नुहुन्छ–हे सन्तजन! सुन, कलि–कल्पनाको युगमा हिंसा पाप अभिमानको कालिमाले पोतिएका ब्राह्मणहरूका कर्म खोट्टै हुन् ।।१०।।

अरू– देवी काली भैरव गणेशका मूर्तिमा अथवा भूत–प्रेतादिमा बलिको नामबाट जीव-घात गर्ने प्रथा चलाएका छन् । यस्तै आश्विनको नवरात्रि, दशैं र चैत्रको नवरात्रि अष्टमीमा तथा देवीको पीठ मानिएका ठाँउ र यात्रा-मेलामा घोर अमानुषीय चालबाट राँगा बोका खसी भेडा हाँस सुंगुर कुखुराहरू बध हुन्छन्, जो आँखाले हेर्न पनि सकिंदैन ।

कसाई बगरेहरू कहाँ र होटल आदिमा असंख्य जीव मारिन्छन्, यसको त गिन्ति नै छैन । हरे, मनुष्य वर्गका हृदयमा दया-मेहरले पूर्णरूपबाट कहिले निवास गर्ने होला र प्राणीको यस्तो अमानुषीय दुर्दशा हुन रोकिएला ! हाम्रा प्रबुद्ध समस्त भाइ बहिनीहरूले यसतिर पनि लक्ष्य घुमाइदिए ठूलो पुण्य मिल्ने

थियो । लाचार प्राणीले कष्ट पाउने थिएनन् । अभक्ष- आसुरी भोजनले भुँडी भरिई अपवित्र हुने थिएन । तद्जन्य धेरै-धेरै रोग का शिकार बन्नुपर्ने थिएन । पापको फल– कष्ट भोगाई, बदला तिराई, आँसु बगाई-रोवाई, इत्यादिबाट छुट्टी पाई सुख-शान्ति पूर्वक सबै रहने थिए ।

गुरु कबीरको भनाई हो– ब्राह्मणवर्ग भू-सुर, सबैका शिर-मौर शिक्षक हुन्; सबैले यिनैसँग शिक्षा-दीक्षा लिन्छन् । यिनका आचार-विचार सुध्रे भने सबैको सुधार हुनेथियो र सबै शिक्षित सात्त्विकी सुखी बन्ने थिए; भनी हिंसकी दुराचारी ब्राह्मणहरूलाई औंल्याई हितैषी दृष्टिले शिक्षा दिने कष्ट गर्नुभएको हो । अहिंसा व्रती सात्त्विकी सज्जन ब्राह्मणवर्गलाई भन्नुभएको होइन । अलि घत लाग्ने गरेर घोचेरै नभने मनुष्यको भित्र हृदयसम्म नपुग्ने, एक कानबाट सुनी दोस्रो कानबाट उडेर जाने हुनाले उहाँबाट केही कडा शब्दको प्रयोग गर्नुभएको हो । यसलाई सुनेर परिणामको विवेक गर्ने क्षमता राख्नु हुन विनम्र अनुरोध छ ।
"वचन परम हित सुनत कठोरे । कहहिं सुनहिं ते नरवर थोरे ।।"

चुडका–११

सन्त सम्झ विप्र बनी हिंसा कर्म गर्छन् यिनी! तिनै जान बाठा कसाई ।
बोका मारी राँगा प्रति, धावा गर्छन् कस्तो मति ! दिल-दया रत्ती न आई ।।
स्नानले शुद्ध बन्छन, टीका लगाएर बस्छन्; विधिबाट देवी पुजाउँछन् ।
आत्माराम पर्ने भरमा, नाश गर्छन् लोभ घरमा; रगतको खोलो बगाउँछन् ।।

अति शुद्ध उच्च कुल, भनाएर परे भूल; सभा बीच श्रेष्ठ बन्दछन् ।
यिनै सित सबै जन, शिक्षा दीक्षा माग्छन् भन! देखता मलाइ हाँसो उठ्छ क्न् ।।
पाप नाश गर्ने भनी, कथा सुनाउँने यिनी; कर्म भने नीच गराउँछन् ।
मैले परस्पर दुवै, देखेँ विचार गरी खुबै; यमले नै छल गरेछन् ।।

गाई मार्ने मुसलमान, भन्दछन् यो तिमी जान, यिनी भन्दा ती के कमीछन् !
भन्नुहुन्छ गुरु कबीर, सुन भाइ सन्त सुधीर; कलीका यी ब्राह्मण तुच्छ क्न् ।।

*

शब्द – १२

सन्तो मते मातु जन रङ्गी ।।१।।
पियत पियाला प्रेम सुधारस, मतवाले सतसङ्गी ।।२।।
अर्धे उर्धे भाठी रोपिनि, लेत कसारस गारी ।।३।।
मूँदे मदन काटि कर्म कस्मल, सन्तति चुवत अगारी ।।४।।

अर्थ– [प्रायः यो शब्द भरमा बक्रोक्तिबाट भ्रम-कल्पनाका कृत्यको सन्धी प्रदर्शन गराउनु भएको छ] हे सन्त ! मते – अनेक मतमा [कर्मी, कर्ममा, योगी योग-ध्यानमा, ज्ञानी अहं ब्रह्मास्मिमा] रङ्गिई मातु–मस्त (बेभान) भए ।।१।। आ-आफ्नै मत मान्यता र कल्पित इष्टका प्रेमरूपी अमृतरस, प्याला–कचौरा भरी-भरी पिई सतसङ्गीजन लट्ठपरी विक्षिप्त बनिरहेछन् ।।२।।

स्व-स्व मान्यतानुसार तल-माथि भट्टी–चुल्हो बनाए। कसा– इन्द्रिय-मनलाई कसेर रस गारी– अनुभव-रस ग्रहण गरे ।।३।। मूदे मदन– काम-वासना दमन गरी कस्मल– पाप कर्मलाई काटे । परिणाममा उनका सन्तति– अनेक शिष्य-शाखा चुवत–पैदा हुन-बन्न लागे । अथवा निरन्तर अनुभवरस चुहुन निक्लन थाले ।।४।।

अरू– स्व-स्व मतानुसार कर्मकाण्डीजनले तल संसार-सुख माथि स्वर्ग-सुखको लागि वेदका कर्मकाण्ड प्रतिपादक वाणीको चूल्हो बनाए । ज्ञानीहरूले पिण्डमा जीव र ब्रह्माण्डमा ब्रह्म-ज्योति को कल्पना गरी जीव-ब्रह्मको एकतारूपी रस पान गर्न, पिण्ड-ब्रह्माण्ड-दुइ चुल्हो कल्पना गरे। योगीहरूले-पिण्डको वायु ब्रह्माण्ड-मा स्थिर गरी, इन्द्रिय मनलाई कसेर ज्योति-ब्रह्मको अनुभवरूपी रस निचोरी लिए ।

गोरख दत्त वशिष्ठ व्यास कपि, नारद शुक मुनि जोरी ।।५।।
बैठे सभा शंभु सनकादिक, तहाँ फिरै अधर कटोरी ।।६।।

अम्बरीष और याज्ञ जनक जड, शेष सहस मुख फाना ।।७।।
कहाँ लौं गनौं अनन्त कोटिलौं, अमहल महल दिवाना ।।८।।

अर्थ– गोरखनाथ दत्तात्रेय वशिष्ठ वेदव्यास हनुमान नारद शुकदेव महादेव सनक सनन्दन सनत्कुमार आदि मुनिगण जोरी–भेलाभई सभा जमेको छ । त्यहाँ सबैका अधर–ओठमा उही ब्रह्म अनुभवका रसको कचौरा घुमिरहेछ (सबै आ-आफ्ना अनुभव-तर्क बाट ब्रह्म सिद्ध गर्नमा तत्पर छन्) ।।५-६।। राजा अम्बरीष, मुनि याज्ञवल्क्य, जनक, जडभरत, हजार मुख, हजार फणका शेष नाग–म कति गणना गरौं, अनन्त कोटी अमहल–त्यागी, महल–गृहस्थ, सबका सब माथि आकाश–शून्यमा वैकुण्ठ छ, त्यहाँ ईश्वर छन् भनी अथवा ब्रह्मको मान्यतामा विक्षिप्त बने ।।८।।

ध्रुव प्रह्लाद विभीषण माते, माती सेवरी नारी ।। ९ ।।
निर्गुण ब्रह्म माते वृन्दावन, अजहूँ लागु खुमारी ।।१०।।
सुर नर मुनि यति पीर औलिया, जिन रे पिया तिन जाना ।।११।।
कहें कबीर गूँगेकी शक्कर, क्योंकर करे बखाना ।।१२।।

अर्थ– ध्रुव प्रह्लाद विभीषण र शवरी नारी– यी सबै कल्पित इष्टका प्रेममा लट्ठिए ।।९।। निर्गुण-ब्रह्म कहलाएका श्रीकृष्णचन्द्र पनि वृन्दाबनमा गोपिनीहरूका साथ रास-क्रीडा, मुरलीको स्वर–ध्वनि, नृत्य तथा राजनीतिको दाउ-पेच गर्नमै तल्लीन भए । त्यो खुमारी–नशाले आज पनि मानिसलाई बेहोश गराइ-रहेछ ।।१०।। तिनको भनाई छ– "देवता, मनुष्य, मुनि, योगी, पीर (गुरु), औलिया (सिद्ध) हरूमा ज-जसले उक्त ब्रह्म-रसायन अथवा भगवद्-प्रेमरस पान गरेको छ, उसैले मात्र त्यसलाई जानेको र यथार्थ स्वाद पाएको हुन्छ ।।११।। "लाटाले चीनी चाखेर त्यसको स्वाद के गरी बताउन सक्तछ? यस्तै 'ईश्वर-प्राप्ति ब्रह्म'-अनुभवको दशा पनि वाणीबाट व्यक्तगर्न सकिंदैन, भन्दछन् ।।१२।।

अब गुरु यसको निराकरण तलको शब्दबाट गर्नु हुन्छ–

चुडका-१२

सन्त हेर ! मतै मत, सबै रङ्ग बीचै मद, पिई प्रेम प्याला सुधारस ।
उही रस-मस्त बनी, बसेका ती जन पनि; सतसंगी नित एकरस ॥
तल माथि खनी चुलो, मनलाई चढाइ ठूलो; लिए रस सार निचोरी ।
काम पुरी कर्म मलै- काटी थिर भए बजै; सिद्धि शिष्य आए यसोरी ॥
गोरख दत्त व्यास, वशिष्ठ कपि खास; नारद शुक भए एकत्र ।
शिव सनकादि पनि, सभा बीच बसे अनि; फिर्न थाल्यो शून्य अपात्र ॥
याज्ञवल्क्य अम्बरीष, जड भरत र जनक; शेषनाग हजार फणका ।
कति गनौं अनगिन्ती, कोटी गृही त्यागी छन्ती; शून्य महल रचन लागेका ॥
प्रह्लाद ध्रुव मस्त, विभीषण भए व्यस्त; मस्त भइन् सवरी नारी ।
निर्गुण ब्रह्म मस्त, बिन्द्राबनमा प्रशस्त, अझै पनि नशै छ भारी ॥
देव नर योगी मुनि, पीर औलियादि पनि; जो पिउँछ उही जान्दछ ।
भन्छन् कबीर लाटोलाई, चीनी चाख्न दिनु खाई; कसो गरी स्वाद भन्दछ ! ॥

शब्द – १३

राम तेरी माया दुन्द मचावै ॥१॥
गति मति वाकी समुझि परै नहिं, सुर नर मुनिहि नचावै ॥२॥
क्या सेमर तेरी शाखा बढाये, फूल अनूपम बानी ॥३॥
केतेक चातृक लागि रहे हैं, देखत रुवा उडानी ॥४॥

अर्थ– हे रमैयाराम चेतन ! तिम्रो कल्पनारूपी मायाले भारी उत्पात मचाइरहन्छे ॥१॥ पारखदृष्टि नपाएका अबोध जनले माया–कल्पित वाणीको छल, चालबाजी जान्नै सक्तैनन् । यसले देव मानव ऋषि मुनि सबैलाई नचाइरहेछ ॥२॥ हे सिमल-वृक्ष ! तेरा हाँगा धेरै र अग्ला लामा भई के भयो ? बिना सुगन्धको, देख्नमात्र राताम्य फूल फुलेर पो के काम ? (कुरैले मात्र कल्पित इष्टको महत्व भइरहेछ) ॥३॥ कति-कति चरा–साधकहरू फलका आशाले धुइरिई-रहेछन्, तर केराका कोसा

जस्ता तेरा सुन्दर फलबाट हेर्दा हेर्दै बेकामका भुवा (कल्पना) उडेर जानेछन्–व्यर्थका हुनेछन् ।।४।।

अरू– धन परिवार, मान-प्रतिष्ठादिको बाहुल्यताले के गर्दछ ? * देख्न भरका सुन्दर, नामै नामका न हुन् ! यिनबाट तत्काल पनि सुख-शान्ति हुने होइन, परिणाममा दुःख-सन्ताप दिने मात्र हुन् । वाणीमा पनि कल्पित सबै इष्ट, सबै धाम (लोकादि) शब्दका मिष्ठान्न, मन-मोदक मात्र हुन् । फल-प्राप्तिको रूपमा कल्पनाबाट के पाइन्छ ? केवल फुस्सा । भावरूप पदार्थ–जड-चेतनलाई कसरी अभाव बनाउने र शून्य वा निराकार बन्ने ! यी सबै खालि कुरैकुरा हुन् । यिनका कल्पना र पक्षमा लाग्ने मिथ्या मुक्तिका आशेजति अन्त्यमा तिनै सिमल-फल खान खोज्ने लालची चरा सरी जिल्लिने हुन्छन् ।

काह खजूर बडाई तेरी, फल कोई नहिं पावै ।।५।।
ग्रीषम ऋतु जब आनि तुलानी, तेरी छाया काम न आवै ।।६।।
आपन चतुर औरको सिखवै, कनक कामिनी सयानी ।।७।।
कहहिं कबीर सुनो हो सन्तो, राम चरण ऋतु मानी ।।८।।

अर्थ– हे खजुर ! तेरो पनि के विशेषता ! बनोटमा अति अग्लो भएर के भयो ! तेरो फल कसैले भेट्टाउँदैनन् ।।५।। जब प्रचण्ड गर्मी पर्दछ, तब तेरो छायासम्म पनि कसैले पाउँदैनन् । अर्थात् पुराणादि वाणीले खजुरसमान माथिका स्वर्गादि र चार मुक्ति फल बताउँछन्, तर कसैले भेट्टाउने होइनन् । गृष्म ऋतु समान मृत्यु-समयमा जब डाह छटपटी हुन्छ, अनि वाणी-कल्पनाका इष्टको छायासम्म पनि प्राप्त हुँदैन– कुनै सहयोग पाइँदैन ।।६।। भोग ऐश्वर्यादिको प्राप्ति-वृद्धिका इच्छुक, भामिनी-विलासका

* –यी त्रिषयका विकार, श्वान-शूकरका योनिमा हाल्ने हुन् । यिनलाई शमन गर । पापमा घचेट्ने कुबुद्धिलाई मिटाउ । [अथर्व वेद काण्ड २ अनु. २।६।५]

अति प्रेमी तथा भुक्त-भोगीहरू र बाह्यरामका दर्शनाभिलाषी लोकादि निवासका इच्छुकहरू सबै स्वयं अनेक बठ्याईं दाउ-पेच गरी-गरी त्यसैमा जीवन व्यतीत गरिरहेछन् । उही चतुऱ्याइँ अरूलाई पनि सिकाउँछन् ।।७।। गुरु कबीर भन्नुहुन्छ– हे सन्तजन ! सुन, माथि लेखिएका रीतिबाट मायामा मस्किएका मानिसहरू– व्यवहारमा बठ्याइँपूर्वक जीवन व्यतीत गर्छन्; तर मुक्तिको निम्ति भने कल्पित रामका चरणमा ऋतु–रत्तभई आधार पक्रन्छन् । यी यदा-कदा 'हृदयको राम' भनी नाम लिन्छन् तापनि सम्यक बोध-बिना यिनको लक्ष्य बाहिरै-बाहिर बगिरहेको हुन्छ, कल्पनाका धाममा पुग्ने ध्येयमै विश्वस्त रहन्छन् ।।८।।

अरू– खानीका सम्पत्ति परिवार-पद प्रतिष्ठादि सबै सिमलका फूल-कोसासमान शोभा-सम्पन्न भई, सुखको आशै आशामा अल्झाउने सम्म हुन् । यिनका लालचमा फुण्डिएर जीवन व्यर्थ बिताउनुमात्र हुन्छ । यिनबाट सुख-सन्तोष शान्ति न वर्तमानमा मिल्दछन् न भविष्यमा । उल्टै वासना-वर्धक र बन्धनकारक मात्र हुन् । वाणीका विभूति–स्वर्ग वैकुण्ठ बिहिश्त; ईश्वर खुदा प्राप्ति, ब्राह्मी स्थिति पनि खजुर-वृक्षका फल-छाया, काममा नआएसमान वाणीकै व्याख्या मात्र हुन् । यिनको त झन् अस्तित्व नै नहुनाले आकाश-कुसुम समान भनिदिए हुन्छ । यिनबाट न कुनै फल मिल्छ न स्थिति ! अतः शान्ति मुक्तिका इच्छुकले खानी-वाणी दुवै जालमा नअल्झी, आफ्नै हृदयका रामलाई चिनेर; सत्साधना, द्रष्टा स्थितिमा विलीन रहनु, परम सावधानी र बुद्धिमत्ता हो ।

चुडका–१३

राम तिम्रो माया अति, राडो मचाउँछिन् कति; अगम्यको चाल निरन्तर ।
मति पनि तिनको सारै, बुझ्न अति पर्छ गारै; नचाउँछिन् देव मुनि नर ।।
लामा हाँगा हाली सिमल, के बढत्व फूल विमल; वाणी मात्र लेउ बुझेर ।
कैयौं पक्षी आश गरी, फुम्मिएका थिए भरी; देख्तै भुवा गए उडेर ।।

के बढत्व खजूर तिम्रो, आशे बनी हेर्छन् राम्रो; फल कोही पाउँदैनन् व्यर्थ ।
जब ग्रीष्म ऋतु आयो, न कोही ले छाया पायो ! देख्न मात्र बिनसित्ति कै ।।
आफ्नु बुद्धि चतुऱ्याइँ, सिकाउँछन् अरूलाई; द्रव्य नारी लागि चतुरा ।
भन्नुहुन्छ कबीर गुरु, सुन सन्त भाइहरू; राम चरण रति छ पूरा ।।

शब्द–१४

रामुरा संशय गाँठि न छूटै, ताते पकरि पकरि यम लूटै ।।१।।
होय कुलीन मिस्कीन कहावै, तू योगी संन्यासी ।।२।।
ज्ञानी गुणी शूर कवि दाता, ये मति किनहुँ न नासी ।।३।।

अर्थ– रामुरा– हे रमैयाराम चेतन ! तिम्रो संशय गाँठी– विषयासक्ति, वासना-ग्रन्थि र कल्पित वाणीको भ्रम-मान्यता ग्रन्थि आजसम्म अनेक उपाय गर्दापनि छुटेन । यसैले तिमीलाई यम– भ्रामकजन र मृत्युले पक्री-पक्री लुटिरहेछन् ।।१।। तिमी कहीं कुलीन–उच्च वर्ण-पदका र मिस्कीन– अकिंचन भक्त कहलिन्छौ । कहीं परम योगी संन्यासी स्वामीजी बन्यौ ।।२।। तिमी नै ज्ञानी गुणी– गुनिला, शूर-वीर, कवि-शिरोमणि, दानाध्यक्ष– इत्यादि बन्यौ । तर ये मति–उपर्युक्त संशय ग्रन्थिको बुद्धि कसैले नाश गर्न–बदल्न सकेनन् ।।३।।

अरू– पाँचै विषयमा लुब्ध बनी, भोग-जालमा जेलिइरहँदा कसैलाई शान्ति भएको हुँदैन, मन दशदिशा दौडिरहेको हुन्छ । निरन्तर दुःख कमी तृष्णा खिन्नता विघ्नले आक्रान्त रहन्छ । 'मेरो अन्त्यमा के गति होला ?' भन्ने संशय बनिरहन्छ । मन संसार-चक्रमै चक्कर लगाइरहेको हुन्छ । कर्म-उपासनादिबाट पनि चित्त पराश्रित रहिरहन्छ । आशाबाट अलग रहन, स्वतन्त्र बन्न पाइँदैन । "प्रभुको कृपा हुन्छ-हुन्न! स्वर्गादिको निवास, मुक्तिको स्थिति, पाउँला कि नपाउँला ?" इत्यादि धरमर रहिरहन्छ । किन्तु कल्पनाका लोकमा के पुगिनु? मनचिन्ते इष्ट कहाँ भेट्टाउनु?

दोस्रो– "कर्म प्रवाहरूप अति महान् र गम्भीर समुद्र हो, जीवको निमित्त पतनको कारण पनि हो, यसको फल विनश्वर र मुक्ति-गतिको निरोधक* छ। अद्वैत ज्ञानीहरू प्रारम्भमा जड-चेतनको विवेचन गर्दछन् र पनि अन्त्यमा 'सबै ब्रह्ममय हो' भनी एकैमा मुछ्दछन् । एउटै भनेपछि विवेकको काम कहाँ रह्यो ? कहीं पाप-पुण्यको पृथकीकरण गर्दछन्, कहीं विधि-निषेधरहित ब्रह्म बन्दछन् । मुखले अद्वैत भन्छन् र पनि द्वैतका क्रियायुक्त रही शिक्षा-दीक्षा गर्दछन् । यता 'परब्रह्म शुद्ध छ' भन्छन्, उता जगतै ब्रह्म हो, अरू के छ ! कहाँ जानु छ र ! पनि भन्दछन् ।

यसै हुनाले कुलीन– ब्रह्माजी आदि, मिस्कीन– जड-उपासक आदि, योगी–महादेवादि, संन्यासी–दत्तात्रेयादि, ज्ञानी–सनकादि गुणी–नारदादि, शूर–भिष्म, अर्जुनादि कवि–व्यास, वाल्मीकि आदि दाता–कर्णादि.... कसैले पनि उपर्युक्त संशय-ग्रन्थि र भ्रान्त मतिलाई नाश गर्न-चुँडाल्न सकेनन् ।

प्राचीनका ऋषि-मुनिहरू र अर्वाचीनका विद्वज्जनका वचन-वेदान्तका ठूल-ठूला पुस्तकहरू हेर्नु– एकातिर अनेक युक्ति-प्रयुक्तिबाट जड-चेतनको पृथककरण गरेको पाइन्छ त अर्कातिर 'जड-चेतन सबै एउटै ब्रह्म हो, त्यो ब्रह्म मै हुँ' भन्ने वर्णन भएको छ । यो त उही श्रीपूरण साहेबका वचनको चरितार्थ भयो– 'दिनभर चामल केलायो, कसिंगर, कीराहरू निकाल्यो-फाल्यो, अन्त्यमा सबै सोर-सार, बडारकुडार गरी एकैमा मिलायो । ठीक यस्तै छ, वेदान्तको विचार ।' [बीजक त्रिजा]

एकातिर त्याग-वैराग्यको महत्त्वपूर्ण वर्णन छ, त अर्कातिर लडाइँ हिंसा, विषय-क्रीडा, आमिष, मादक-पदार्थमा रत रही-रही पनि मुक्ति-सिद्ध गर्दछन् । श्री कृष्णचन्द्र हजारौं नारीका साथ

*–कृति महोदधो पतन कारणं, फलमशाश्वतं गतिनिरोधकम् [उपदेश सार]

रमण गर्दै अनेक सन्तान पैदा गरेर पनि बाल ब्रह्मचारी नै थिए। शंकराचार्यले मण्डन मिश्रकी पत्नी भामतीलाई काम-कलाको उत्तर दिन, मृतक राजा अमरूकका सय भन्दा बढी सुन्दरी रानीसित लामो अवधिसम्म भोग-विलास गरे, तैपनि उनी मुक्तै थिए। यिनैबाट पछि वेदान्तोक्त संन्यासको पुनःस्थापना पनि भयो। राजा जनक पनि राज्य भोग, राजस-तामस मिश्रित कार्य गर्दै विदेहमुक्त कहलिएका थिए। रानी चूडाला र राजा शिखरध्वजको कथामा ब्रह्म-ज्ञान भइसकेपछि त्याग-मार्गलाई तिलाञ्जलिदिई विषय-भोग मा निरत रहेपनि मुक्ति हुन्छ भन्ने अतिशयोक्तिपूर्ण अनेक दृष्टान्त आयोजन गरी योग वाशिष्ठ नामक बृहत् ग्रन्थ बनेकाले वेदान्ती-हरूमा कसैलाई भित्री विवेकमा ठूलो भ्रान्ति भइरहेछ भने, अर्कातिर 'कसैलाई जे जस्तो गरे-भोगेपनि मुक्तिमा बाधा छैन, हामी मुक्त हुन्छौं' भन्ने धारणा पनि छँदैछ। यो भन्दा सस्तो बेसाहा अरू के चाहियो ? अनि किन यस्ता सिद्धान्त नरुचाउनु !

परन्तु होश गर, यो सबै मनकै जाल-झेल र भोग-विलास छाड्न नखोज्ने युक्ति हो। विचार गर ! अब यहाँ निषेध र बन्धन के भयो ? के बाट मुक्त हुने ? यी सबै सजिला माग, वेदले बताएका सिद्धान्त हुन्। पूर्वका महज्जनहरूको अनुसरण गरेको भन्ने आडमा बिना विवेक भोगतर्फ ढल्कने युक्ति अँगालेर हाम्रो साँचो मुक्ति हुँदैन। विज्ञ पुरुषले यस्ता समस्त तथ्यबाट विवेकपूर्वक विशेष सावधान भई; विषय-वासना, पाप कृत्य, आदिबाट पनि सर्वथा बची, सबैदेखि पृथक ज्ञानमात्र चेतनको अपरोक्ष-स्थिति सह्माल्नै पर्दछ। कुराले मात्र मुक्ति, कैवल्य स्थिति, निर्वाण भनी कामभने सा-साना आदत र तुच्छस्वाद पनि नछुट्ने, मनका तरंग-मा तरङ्गित भइरहिने चालाले कुनै हालतमा पनि संसार-बन्धन छुट्ने हुँदैन। "कि त घर बस, कि त बन पस" को उक्तिझैं

आज मानव-जीवनमा साँच्चिकै कल्याण-इच्छुकले यही शरीर बाट उपर्युक्त भोग-विलास, आदत, माया-मोह, जिब्राको स्वाद आसक्ति, वासना र कल्पित मान्यता, भ्रान्ति अज्ञानको मिथ्या समझलाई हटाउनै पर्छ । यो कुरा मनन गरौं–

सुमृति वेद पुराण पढें सब, अनुभव भाव न दरसे ।।४।।
लोह हिरण्य होय धौं कैसे, जो नहिं पारस परसे ।।५।।
जियत न तरेहु मुयें का तरि हो, जियतहिं जो न तरें ।।६।।
गहि परतीत कीह्न जिन जासों, सोई तहाँ अमरे ।।७।।

अर्थ– वेद पुराण धर्म शास्त्रादिका अक्षर सबै पढ्दछन्, तर अनुभव-भाव (स्वानुभूति) अर्थात् लेखन कथनमा पूर्वापरको विवेकपूर्वक सत्य निष्कर्षलाई चयन गरी ग्रहण गर्ने क्षमता देखिंदैन ।।४।। पारसमणिको× स्पर्श नभई फलाम कसरी सुन बनोस्! भाव हो– पारखीजनको सत्संग र निर्णय-ग्रन्थको मनन-बाट मात्र आफूमा ठीक-ठीक बोध उत्रन्छ ।।५।। वासना-आसक्ति अहङ्कारादि र कल्पित मान्यताबाट ज्यूँदैमा मुक्त हुन नसके, मरेपछि कहाँ मुक्त हुनु? अतः आजै यी वासना मान्यतादिबाट पन्छेर स्वयं द्रष्टा चेतनमा स्थिति बनाइहालौं* ।।६।। जसमा जस्तो दृढ विश्वास र धारणा बनेको, छ, त्यो जीवले त्यही स्थिति लिन पुग्ने हुन्छ। बिना पारख अखण्ड स्थितिको त कल्पना-मात्र रहन्छ ।

अरू– मुक्ति इच्छुकले आजै बन्धन-वासना, काम क्रोधादि

× पारसको उपमा साहित्य-संसारमा धेरै नै उल्लेख छ, तर त्यसको सत्यता प्रति स्वयं विचारणीय छ ।

*- Goodbye, proud world, I am going home
Thou art not my friend, and I'm not thine
—R.W. Emerson.

बिदाई छ स्वाभिमानी संसार, म घर जाँदैछु; तँ मेरो मित्र होइनस र म तेरो होइन ।

लाई दमन-शमन गरी स्वतन्त्र शान्ति-स्थितिको साधनामा लागिहाल्नुपर्दछ, अनिमात्र प्रारब्ध-समाप्ति पश्चात् विदेहमुक्ति स्थिति मिल्नेछ । मृत्युवाद अरू कसैले मुक्ति देलान् भन्नु त आशामै अड्कनु र अज्ञानको अन्धकारमा भर्मनुमात्र हो । मनुष्य जीवनबाट हुनसक्ने सम्भाव्य कुराको आशा र यथार्थ कर्तव्य हुन सक्तछ । असम्भव, केवल कल्पना मान्यताको फोस्रो आशा छ भने त्यस्ताको कहाँ सत्य स्थिति हुन सक्तछ ! आकाशमा हानेको झटारो, वेग समाप्त हुनासाथ पृथ्वीको पृथ्वीमै खसिहाल्दछ । यस्तै स्वर्गादि लोकको निवास र ईश्वरादि प्राप्ति गर्ने कल्पनाबाट पनि शून्य निराधारमा स्थिति हुने भूमिका नै नहुनाले र कल्पनाका इष्ट ईश्वरादि आकाश-कुसुमसमान हुनाले पूर्वकै अध्यास-वश "खोलाको माछो खोलैमा" भने झैं संसार मै शरीर लिन नआई सुक्खै छैन । यसैले यही जीवनमा समस्त आशा-कल्पनाबाट रहित भई, शुद्ध ज्ञानस्वरूप सत्य स्वयं चेतनको महान् स्थिति सह्माल्नु मुमुक्षुको परम कर्तव्य हो ।

जो कुछ कियेउ ज्ञान अज्ञाना, सोई समुझ सयाना ।।८।।
कहहिं कबीर तासों क्या कहिये, जो देखत दृष्टि भुलाना ।।९।।

अर्थ– ज्ञान (प्राचीनका) ज्ञानस्वरूप मानव जीवले जो-जो अज्ञात–अदेख कुराको कल्पना गरी-गरी छाडी गएका थिए, उही समझ धारणा गरी आजका मानिसहरू पनि सयाना–चतुरा बनिरहेछन् ।।८।। गुरु कबीर भन्नुहुन्छ– त्यस्तासित म के भनौं?

जो जडदेखि सर्वथा भिन्नको सत्य चेतनलाई अपरोक्ष अनुभव गरिरहेछन् र पनि यथार्थ परीक्षा बिना क्षण-क्षणमा भुल्दछन्, भ्रान्तिमा पर्दछन् । अथवा 'चेतन भन्ने कुनै सत्य वस्तु छैन, जडको मात्र अस्तित्त्व छ' भन्दछन् । अर्को कुरा– कर्म अनुसार फल भोग भएको विवेकगम्य पूर्ण अनुभव छँदाछँदै पनि त्यसलाई भुली

मनमानी हिंसादि दुष्कर्म गर्दछन् भने यस्तालाई म के भनौं? ।।६।।

चड्का-१४

हे रमैया ! शंका बढ्यो, गांठो फुक्न गाह्रो पऱ्यो; छुट्न सारै पऱ्यो कठिनै ।
पर्की-पर्की यसै कारण, गर्भवास बीच धारण; यम राज लुट्छन् अति नै ।।
भयौ कुलिन भक्त, तिमी योगी र विरक्त; संन्यासी ज्यू! भन्छन् सबैले ।
ज्ञानी गुणी दाता सूर, भयौ तिमी कविस्वर; फालेनन् यो मति कसैले ।।
वेद स्मृति पुराण पढ्छन्- सबै मैले जाने भन्छन्; अनुभव छैन उनमा ।
लोह सून बन्थ्यो कैले, पारस को स्पर्श पैले- नभै उसै गुन मनमा ।।
जीवितैमा बिना तरी, के तरौला पछि मरी! जो तर्दैन जिम्दो छँदैमा ।
जसको छ जेमा पत्यार, उही मरी लिई संस्कार; अमर गो उही तनैमा ।।
ज्ञान रूप छँदै जो जे, अज्ञान को काम खोजे; गर्छन् उही चतुराई भर ।
कबीर भन्छन् यस्ता सित, के भनौं खै! देख्तै यी त; आँखा चिम्ली भुल्छन् सरासर ।।

शब्द-१५

रामुरा चली बिनावन मा हो, घर छोडे जात जोलहा हो ।।१।।
गज नौगज दश गज उनइसकी, पुरिया एक तनाई ।।२।।
सात सूत नौ गण्ड बहत्तर, पाट लागु अधिकाई ।।३।।

अर्थ– हे रमैया राम जीव ! जब घर–शरीर छाडी जुलाहा अध्यास-वशका जीव निक्लन्छन्, तब मा–माया (जीवको कर्म-वासनारूपी माया) पनि चली बिनावन–दोस्रो शरिररूपी कपडा बुनाउन साथै गई* ।।१ वासना-मायाले जीवलाई साथ लिई जब माताको गर्भाशयमा गई, त्यहाँ गज–एक मन नौ गज–नौ तत्त्व*को सूक्ष्म संस्कार र दश–दश इन्द्रिय■ उन्नाईस– तिनै दश

---

* –(१) 'जो आज मर्दछ त्यो दोस्रो दिनमै जन्म धारण गर्दछ . ।'
[सामवेद पूर्वाच. प्र.पा. ४ अर्ध १ दशति ४।२]
(२)Death is life and life is death–[Aristophanes 446-360B.C.]
'मृत्यु जन्म हो, जन्म मृत्यु हो ।'

* –पांच विषय– शब्द स्पर्श रूप रस गन्ध र चतुष्टय– चित्त मन बुद्धि अहङ्कार ।

■ –कान छाला आंखा जिब्रो नाक मुख हात गोडा शिश्न र गुदा ।

इन्द्रिय र सूक्ष्म नौ तत्त्व मिल्दा उन्नाइस भए। सात सूत–सप्त• धातु, नौ गण्ड–नौ नाडिको× गाँठो पारी बहत्तर कोठा अथवा बहत्तर हजार नाडी इत्यादि सामग्री लागेर पाट–अति चौडा, अधिकाई–उत्तम वस्त्र, सबै शरीरभन्दा श्रेष्ठ मनुष्य शरीररूपी कपडा तयार भयो ।।२-३।।

ता पट तुला तुलै नहिं, गज नअमाई पैसन सेर अढाई ।।४।।
तामें घटे बढे रतियो नहिं, करकच करे गहराई ।।५।।
नित उठि बैठि खसम सो बरबस, तापर लागु तिहाई ।।६।।
भींगी पुरिया काम न आवै, जोलहा चला रिसाई ।।७।।

अर्थ– ता पट– यो मनुष्य शरीररूप वस्त्र, तुला तुलै नहिं– अरू तीन खानिका शरीररूपी वस्त्रसित दाँज्दा बराबर हुँदैन, सर्वोत्तम ठहर्दछ। तैपनि गज–मन नअमाई–अटाउँदैन (शान्त हुँदैन)। यो मानव जीवन पैसन सेर अढाई–पैसाको अढाई सेरमा बिक्नलाग्यो (तुच्छ विषय भोगमा व्यर्थ बरबाद भइरहेछ) ।।४।। यसैले यसको मर्यादा घट्तै गयो, प्रतिष्ठा बढ्ने रत्ती आशा भएन। मन इन्द्रियहरू करकच–विषय भोगको लागि झगडा गरिरहन्छन्। स्त्री-पुत्रादि सबै पिरोलिइरहने भए ।।५।। उता मन वासनारूपी माया नित्य उठी-उठी, बैठि खसम–शान्त विचारमा बस्नखोज्ने जीवलाई जबरदस्ती घिच्याई विषयाकार-वृत्ति बनाइरहन्छे। यस्तै हुँदा हुँदै, लागु तिहाई–तेस्रोपन (वृद्धावस्था) आइहाल्दछ ।।६।। भींगी पुरिया– विषयमा भिजी-भिजी गलेको वृद्ध शरीर अब कल्याण-साधनमा काम नदिने भयो। अन्तः करण पनि पाँच विषयको आसक्तिले मोह जालमा सारै भिजी-सकेकाले विवेक-स्थिति गर्ने साहस हुन सक्तैन। यत्तिकैमा

• –हाड नसा मासी (मज्जा) मासु रगत वीर्य र रौं।

× –पुहुखा गणेशिनी गान्धारी कुहु अलम्बुषा पयस्वनी हस्तिनी वारूणी र शङ्खिनी।

जीव-जुलाहा क्रुद्ध र दुःखी भई शरीररूपी घर छाडी अर्को शरीर लिन हिंड्दछन् ॥७॥

कहाँहि कबीर सुनो हो सन्तो, जिन यह सृष्टि बनाई ॥८॥
छाड पसार राम भजु बौरे, भव सागर कठिनाई ॥९॥

अर्थ– गुरु कबीर भन्नुहुन्छ– हे सन्तजन ! सुन, जुन जीवले अज्ञान-वश यो विषय-मोहादिको बन्धनरूप सृष्टि रचेको हो, उसैले ठीक-ठीक बोध आचरण बनाएर उक्त बन्धनलाई छाड्न पनि सक्तछ । अथवा यो सृष्टि रच्ने मन-कल्पनालाई जीवले छाड्छु भनी पक्का निश्चयसहितको पुरुषार्थ गऱ्योभने नछुट्ने हुँदैन ॥८॥ अतएव हे सिल्ली ! तिम्रै रचनाको (माया, मोह, कुटुम्बजाल, कल्पना मान्यताको) सृष्टि हो, यसलाई चाँडै छाड; रमैयाराम चेतन स्वरूपकै चिन्तन गर । जन्म-मरणरूप भयंकर, भवसागर अति दुस्तर छ। गुरु-पारख र सत्संग-साधनाको बलबाट शीघ्रातिशीघ्र पार लागिहाल ॥९॥

अरू - मनको हेलचक्र्याइँ र विषय-कल्पनाको प्रवृत्ति नै कल्याण-कार्यका अवरोधक तगारा हुन्; संसार-वृक्षको बीज पनि यही हो । यसैले हाम्रो संसार-वृक्ष मौलाई रहेछ । मोक्ष-ईश्वर प्राप्तिकै इच्छा पनि बिना विवेक झन् बलियो तगारो बन्दछ । यसैले निरन्तर संसारमा रिंगिरहनु पर्ने पार्दछ–पारिरहेछ । हाम्रो अतीतको चिन्ता र भविष्यको लोभले वर्तमानको बहुमूल्य जीवनलाई खाइरहेछन् । यसैले भनेको– "अहिल्यै यहीं मुक्ति लेउ; भोलीको भाकामा आजको उपलब्ध शान्ति-सुखबाट वञ्चित नबन । जस्तो नेत्र-दूषण-वश टाढामात्र देख्ने व्यक्तिले मार्गमा हीरा देख्यो, अनमोलको रहेछ भन्ने जान्यो; तर टिप्न जान्छ, निकट पुग्नासाथ आँखाले हीरा देख्न छाडिहाल्दछ, अरू टाढाका पदार्थ पो देख्यो, हीरा प्राप्तिको लाभबाट वञ्चितै रह्यो । हामी-

लाई प्राप्त हुने हरेक हीराको साथ हाम्रो हालत यस्तै भइरहेछ । सम्मुखका विषयको सुख लाभ देख्छौं, लिने पुरुषार्थमा अल्मलिन्छौं, सुख खोज्छौं-भोग्छौं, सुखले तृप्ति हुँदैन; भविष्यमा सुख पाउँला भन्ने भरोसामा झुण्डिन्छौं । यता कल्याणको काममा भोलिको भाका राख्छौं, किन्तु भोलिको परिस्थिति अर्कै उभ्रन्छ । साधना गर्न, शान्ति-सुख लिन सकिंदैन । आज गर्न-लिन सकिनेथियो, यहाँ हाम्रो दृष्टि नै छैन, हामी सँधै भोलिमै झुण्डिएका छौं । यसै गरी-गरी सारा जीवन रित्तै परिरहेछ । अतः आजै सावधान भई पारख-साधनामा अग्रसर बनौं ।

चुड्का–१५

बुनाउन माया हिंडी, जुलाहा ले घर छोडी- गयो परदेश बेमन ।।टेक।।
गज नव गज दश, पोकोपारी उन्नाईस; लगी गर्भ तान लगाई ।
सात डोरी र नौ पोका, बहत्तर राम्रा घोचा; वस्त्र बुन्यो साज जुटाई ।।
पट हेर्दा दाँजो गरी, कुनै हुन्नन् बराबरी; बिक्यो पैसाको अढाई सेर ।
त्यसमा घट्छ रत्ती- बढ्ने ह्वैन राई रत्ती; कचकच गर्छन् सबै घेर ।।
नित्य उठी खसम सँग- बसी गर्छे बलात् जंग; तेसोपन आइहाल्दछ ।
थोत्रो तन काम दिन्न; साधना क्यै कत्ति हुन्न; जीव रिसाइ हिंड्न थाल्दछ ।।
गुरु कबीर भन्छन् सन्त! सुन जो त सृष्टि उक्त; विस्तार ले नित्य रच्दछ ।
छाड सर्व रामभज, पागल यो सिन्धु भव; असाध्य नै दुःख फन्दछ ।।

शब्द–१६

रामुरा ! झी झी जन्तर बाजै, कर चरण बिहूना नाचै ।।१।।
कर बिनु बाजै सुनै श्रवण बिनु, श्रवण श्रोता सोई ।।२।।
पाटन सुबस सभा बिनु औसर, बूझो मुनि जन लोई ।।३।।

अर्थ– योगीहरू भन्दछन्– हे साधक जीव ! अन्तर–हृदय वा ब्रह्मरन्ध्रमा झी झी– अति सूक्ष्म नाद 'रँ रँ' वा 'सोहं' अथवा 'ॐ कार' ध्वनि निरन्तर बजिरहन्छ । उहाँ हात बिना बाजा बज्दछ, पाउ बिना नाच हुन्छ ।।१।। बिना हातकै ब्रह्माण्डमा

बाजा बज्दछन्, बिना कान नै सुनिन्छ । अतएव श्रोता (सुन्नका इच्छुकजन) कान बन्द गरी उक्त अनहद बाजा सुन ।।२।।

त्यहाँ पाटन–शहर, सुबस–सुन्दर बसेको छ । बिनु औसर–असमयमा पनि नित्य-निरन्तर सभा लागिरहन्छ, बिना दरवारै सभा जुटिरहन्छ । हे मननशील सन्त-सज्जन ! त्यो ब्रह्माण्डको स्थिति र अनहद शब्दको रहस्य के हो ? ठीक-ठीक बुझ ।।३।।

इन्द्रि बिनु भोग स्वाद जिभ्या बिनु, अक्षय पिण्ड बिहूना ।।४।।
जागत चोर मन्दिर तहाँ मूसै, खसम अछत घर सूना ।।५।।
बीज बिनु अंकूर पेड बिनु तरिवर, बिनु फूले फल फरिया ।।६।।
बाँझ कि कोख पुत्र अवतरिया, बिनु पग तरिवर चढिया ।।७।।

अर्थ - (पूर्व पक्षीको भनाइ छ–) त्यो ठाउँमा बिना इन्द्रिय नैं अनेक भोग-विलास हुन्छ, बिना जिब्रो सुरस स्वाद लिन पाइन्छ । बिना शरीर उक्त शब्दस्वरूप ब्रह्म, अक्षय-अविनाशी छ ।।४।। (गुरु भन्नुहुन्छ–) जागत–सदा जाग्रत् स्वरूप चेतन विद्यमान् छँदै, बेहोशीपनाले गर्दा मन-कल्पनारूपी चोरले हृदय मन्दिरको विवेकादि धन चोरिसक्यो । खसम–पारख स्वरूप जीव मालिक छँदै होस्ल्याङ्ग हुन जाँदा हृदय-मन्दिर सूना–चकमन्न (विवेक-साधनाबाट शून्य) भइरहेछ ।।५।।

(पूर्व पक्षी–) बीज–ब्रह्म र जगत्-अंकुर केही छैन, पेड–फेद (अज्ञान) रहित शुद्ध ब्रह्म आनन्दै-आनन्दले पूर्ण सघन तरुवर–महान् वृक्ष छ । उसमा बिना स्फुरणरूपी फूलकै ब्राह्मी स्थितिको फल फल्दछ (यही सहज समाधिमा बस) ।।६।। (गुरु–) यो कुरा त 'बाँझी स्त्रीका कोखबाट छोरो जन्म्यो, अथवा बिना गोडा-को मानिस रुख चढ्यो' भन्ने समान भयो ।।७।।

अरू– ध्यानमा किसिम-किसिमका नृत्य, ज्योति देख्नु, (अनहद ध्वनि) सुनिनु, बिना इन्द्रियकै विषय-भोग भोग्नु; रसा-

स्वाद पाउनु– इत्यादि साधकको ध्यानका समय, किंचित वृत्ति स्थिरहुँदा आफ्नै कल्पनाको प्रतिभास सम्मुख पर्नेसम्म हो। विवेक-चक्षुले हेर्नु, यस बखत प्रथम भोगेका विषयकै प्रतिभास (चित्र) सम्मुख परिरहेछन्। सावधान! यी सबै मन-मान्यता, वाणी-कल्पना तथा भ्रान्तजनका शिक्षा-सङ्गतकै प्रसाद हुन्। वास्तवमा सबैको कल्पना गर्ने चेतन जीव नै सत्य हो, यसका माथि अरू कोही छैनन्। आफूलाई ठीक-ठीक चिनेपछि सम्पूर्ण भ्रान्ति कल्पना छुटिहाल्दछन्, स्वयम् स्वरूपको स्थिति सह्मालिन्छ।

मसि बिनु द्वाइत कलम बिनु कागद, बिनु अक्षर सुधि होई ।।८।।
सुधि बिनु सहज ज्ञान बिनु ज्ञाता, कर्हहिं कबीर जन सोई ।।९।।

अर्थ– (पूर्वपक्षी–) मसी मसी-दानी कलम कागत र अक्षर बिना नै त्यो निःअक्षर–शब्द-ब्रह्मको अनुभव हुन्छ ।।८।। गुरु भन्नुहुन्छ– साँचो ज्ञानको सुधि–होश बिना योगीहरू सहज–बिना पारख उसै ज्ञाता बनिरहेछन्। जनसोई– ती योगीजन उही अनहदनाद-ज्योति-दर्शन, आदिको भ्रान्तिमा अल्झेका छन् ।।९।।

चुडका-१६

हे राम! यन्त्र बज्छ, मिहीनाद शब्द हुन्छ; हात पाउ बिना नाच्तछ ।।टेक।।

बिना हात बाजा बज्छ, कान बिना शब्द हुन्छ; कान थुनी नाद सुनन!
राम्रो शहर बसेको छ, बेमौका मै सभा लाग्छ; मुनिजन बुझी गुनन!
बे इन्द्रिय भोग हुन्छ जिभ्या बिना स्वाद मिल्छ; बिना पिण्ड अमर नित्य छ।
आफू जागा हुँदा हुँदै, मन्दिर चोरी भयो लहै! पति छँदै घर रित्ते छ।।

बीज बीना टुसा उम्री, फेद बिना हाँगा काङ्गी; बिना फूलै फल फले छ।
बाँझीका कोखबाट, छोरो नै पो जन्म्यो त्याँ त; बिना पद रूख चढेछ।।
मसी-मसीदानी बिना, कलम र कागत बिना; वर्ण बिना होश हुनेछ।
होश बिना स्वाभाविक- भूले, थिए ज्ञाता यी त; कबीर भन्छन् जन बन्नेछ।।

शब्द – १७

रामहिं गावै औरहिं समझावै, हरि जाने बिनु बिकल फिरे ।।१।।
जेहि मुख वेद गायत्री उचरे, ताके वचन संसार तरे ।।२।।
जाके पाँव जगत उठि लागे, सो ब्राह्मण जीव बद्ध करे ।।३।।
आपन ऊँच नीच घर भोजन, घीन कर्म हठि बोद्र भरे ।।४।।

अर्थ– भ्रान्तजन मुखले राम-कृष्णादिको नाम जप-कीर्तन गर्दछन्, अरूलाई पनि सम्झाउँछन् । हरिको रहस्य के हो ? यो नजान्नाले व्याकुल भई भ्रान्त रहन्छन् ।।१।। जसका मुखबाट नित्य वेद-गायत्रीको उच्चारण हुन्छ, तिनैका वचनबाट संसारीजन दुःखदेखि पार पाउँला भन्ने आशामा छन् ।।२।।

भेटहुनासाथ झटपट उठी जगत्-जीव जसका पाउमा पर्दछन् तिनै ब्राह्मण, जीव-घात मांसाहार जस्ता जघन्य कर्ममा निरत छन् ।।३।। यी स्वयं उच्चवर्ण छँदै लोभ र स्वार्थ लाभ-वश अपवित्र आचरणयुक्त मानिसका घरमा पनि गई भोजन गर्दछन् । घीन-कर्म–अभक्ष भोजन जीवघात प्रेतकर्म एकादशको दान राहू-शनि आदिको दान–इत्यादि पनि हठी–बूझ्पेल्याइँ गरी लिई-खाई पेट पाल्दछन् ।।४।।

ग्रहण अमावस ढुकि-ढुकि मागे, कर दीपक लिये कूप परे ।।५।।
एकादशी व्रत नहिं जाने, भूत प्रेत हठि हृदय धरे ।।६।।
तजि कपूर गाँठी विष बाँधे, ज्ञान गवाँये मुग्ध फिरे ।।७।।
छीजै साहु चोर प्रतिपाले, सन्त जना की कूटि करे ।।८।।
कहहिं कबीर जिभ्याके लम्पट, यहि विधि प्राणी नर्क परे ।।९।।

अर्थ– ग्रहण र औंसीको निषिद्ध दानसम्म पनि आशे बनी घर-घर गई लिन्छन् । हातमा बत्ति लिएर इनारमा पर्ने भनेका यस्तै हुन् । वेद-नीतिका ज्ञाता स्वयं छँदै यस्ता घृणित काम गर्दछन् ।।५।। दश इन्द्रिय र मन नियन्त्रणमा राख्नु, यही मुख्य

एकादशीको व्रत हो भन्ने जान्दैनन्, दिनभर उपवास बस्छन्, भूत-प्राणीको बध गरी प्रेत–मुर्दा बनेकाको मांस खाई भुँडी भर्दछन् । अथवा जिद्दीका साथ भूत-प्रेतादिको मान्यता हृदयमा राख्तछन् ॥६॥ पारखबोध-शुभाचरणरूपी कपुर छाडी भ्रम कल्पना र विषयासक्ति नै हृदयमा पोको पार्दछन् । शुद्ध चेतनको ज्ञान गुमाई मोह-कल्पनामा विह्वल बनी भौंतारिन्छन् ॥७॥

सत्यवक्ता सन्त-सज्जनको खोइरो खन्छन्, ज्ञान-धनलाई वञ्चना गर्ने भ्रामकजन र कल्पना-मान्यताको भने संरक्षक बनी निर्मल शान्त महात्माहरूको निन्दा, खिसी-टिउरी गर्दछन् ॥८॥ गुरु कबीर भन्नुहुन्छ– स्वादे जिउराका लम्पट-आसक्तजनलाई मांस मदिरादि अभक्ष भोजन नभइहुँदैन । यसैले यस्ता मानिस सरासर नर्क पर्दछन् ॥९॥

अरू– यो शब्द 'आचार-विहिन ब्राह्मण-वर्गका निमित्त' सावधानीको शिक्षा हो । यसलाई परम हितैषी अमृत सम्झी ग्रहण गर्नु, अवश्य पनि महान् सुखी होइनेछ । 'जस्तो कथनी ज्ञान उस्तै आचरण महान्' पनि हुनुपर्छ । अन्यथा केवल उच्च वर्णमा जन्मी, वेदादि पढी, शिक्षा गर्न जान्दैमा न आफ्नो कल्याण हुन्छ, न अरूलाई शिक्षा लाग्दछ । अतएव हृदयस्थ रमैयाराम चेतनलाई चिन्नु र उही ज्ञान-आचरणमा स्थिर हुने प्रयत्न गर्नै पर्दछ । साथै अन्तर-बाह्य शुद्ध-सरल बनी, शुभाचरणको पालन ×नभइहुँदैन ।

×– Self reverence, Self knowledge and self control,
these three alone lead life to sovereign power.
–Tennyson

"आत्मश्रद्धा, आत्मज्ञान, आत्मसंयम– मुख्य यी तीनले मात्र मानिसको जीन्दगीलाई सर्वोत्तम् शक्तितर्फ डोऱ्याउँदछ ।"

चुड्का-१७

राम नाम गान गर्छन्. सबैलाई सम्झाउँ छन्; हरि जाने बिना व्याकुल ।।टेक।।
जुन मुख वेद उच्चार- हुन्थ्यो गायत्रीको प्रसार; बचनैले सब तारने ।
जगत् उठी उनका त, पाउ पर्छन् प्रेम सित; उनै बाहुन् जीव मारने ।।
आफू उच्च नीच घर, तुच्छ कर्म गरी तर; हठ पूर्वक पेट भर्दछन् ।
ग्रहण औंसी ढुकी, भिक्षा माग्छन् कठै दुःखी! बत्ति लिदै इनार पर्दछन् ।।
एकादशी व्रत यो त, थाहा छैन बलै प्रेत; भूत भाव भित्र लिएका ।
छाडी कपुर विष पोका- पारी ज्ञान गुमाएका; पागल यी रल्ली फिरेका ।।
सज्जन को जरो खनी, तस्करको रक्षक बनी; साधु को ती हँस्सी उडाउँछन् ।
कबीर भन्छन् तिखा जिभ्रे, लम्पट यै रित बिग्रे; नरक मै जुनी बिताउँछन् ।।

शब्द-१८

राम गुण न्यारो न्यारो न्यारो । १।।

अबुझा लोग कहाँलों बूझै, बूझनहार विचारो ।।२।।
केतेहि रामचन्द्र तपसी से, जिह्न यह जग बिटमाया ।।३।।
केतेहि काह्न भये मुरलीधर, तिह्न भी अन्त न पाया ।।४।।

अर्थ– स्व-स्वरूप चेतन रामको लक्षण–त्रिगुण (तत् त्वं असि) देखि छुट्टै छ । अथवा जगत्ले मानेका व्यापक राम (ब्रह्म स्वरूप) देखि अपरोक्ष राम चेतन अर्कै हो । उक्त व्यापक राम' कल्पनामात्र हो ।।१।। यो कुरा अबुझ–विवेक-चक्षुबाट विहीनजनले के बुझ्न सकुन्! यो त कुनै विचारसम्पन्न पारखीजनले मात्र बुझ्नसक्ने कुरा हो ।।२।। यो अनादिको संसारमा आजसम्म तपस्वी भेसधारी श्रीरामचन्द्रसमान कति राम भए कति ? ती सबैले यो खानी-वाणीमय जगत्लाई नै विटमाया–पुष्ट गरे ।।३।। तथा मुरलीधारी कति-कति कृष्णचन्द्र भए, तिनले पनि यो जगत् र कल्पनाको अन्त्य पाउन सकेनन् ।।४।।

मच्छ कच्छ बराह स्वरूपी, वामन नाम धराया ।।५।।
केतेहि बौद्ध निकलङ्की कहिये, तिह्न भी अन्त न पाया ।।६।।

केतेहि सिद्ध साधक संन्यासी, जिह्न बनबास बसाया ।।७।।
केतेहि मुनिजन गोरख कहिये, तिह्न भी अन्त न पाया ।।८।।

अर्थ– मच्छ कच्छ, वराह, वामन–नामधारी कति-कति भए ।।५।। कति बुद्ध, निष्कलङ्की कहलाए, ती कसैले पनि कल्पना को अन्त्य पाउन सकेनन् ।।६।। कति-कति सिद्ध साधक संन्यासी भए, जङ्गलमा गई ऋषि-आश्रम, सन्त-बस्ती बसाली निवास गरे ।।७।। अरू पनि कति मुनिसमाज, गोरखनाथ आदि योगी भए ती कसैले 'यो सबै कल्पना हो' भन्ने रहस्य बुझ्न सकेनन् ।।८।।

जाको गति ब्रह्मै नहिं जानी, शिव सनकादिक हारे ।।९।।
ताके गुण नर कैसेक पइहो, कहहिं कबीर पुकारे ।।१०।।

अर्थ– जुन कल्पित मान्यताको भेद ब्रह्माजी जस्ताले पनि जान्न सकेनन्, शिव-सनकादिले पनि अन्त्य नपाई हारखाए ।।९।। गुरु कबीर भन्नुहुन्छ–हेभाइ हो ! त्यस्ता कल्पनाका इष्टलाई तिमिहरूले कसो गरी पाउँला भन्दछौ?× ।।१०।।

अरू– सत्य सार परमतत्त्व भन्ने वस्तु नभएको होइन, छ । त्यो हो–चेतन ज्ञान स्वरूप; यो अनेक छ । सम्पूर्ण संसारमा व्याप्त छैन, प्राणीमात्रका हृदयमा निवास गरिरहेछ । जड-चेतन एकैमा मुछिएर होइन, जड शरीरमा छ र पनि जडदेखि छुट्टै छ । जड र शून्य होइन, दुवैको द्रष्टा, अनुभव कर्ता, दृश्य-अनुभाव्य वस्तुदेखि पृथक छ । निर्गुण-निराकार होइन; ज्ञानगुण- ज्ञानाकार हो । अयोध्यावासी दाशरथी राम र निर्गुण-व्यापक होइन, साक्षात् हृदयवासी रमैयाराम हो । शुद्ध प्रबुद्ध प्रसिद्ध चेतन

×– मर्यादा के हो ! गर्ने योग्य कर्तव्य कुन–कुन हुन् ! जान्न योग्य ज्ञान के हो ? निरालस्य ज्ञानले विज्ञान (अनुभवयुक्तज्ञान) प्राप्त गर्दछ । विपरीतज्ञान भएको अतृप्त मनुष्यले असत ज्ञानबाट युक्तभई क्लेश पाउँछ ।

[ऋग्वेद ४।१।५।१३×१५]

जीव हो । अन्तःकरण विशिष्ट, आभास होइन; अजन्मा अनादि शाश्वत अखण्ड अपरिणामी एकरस–इत्यादि लक्षण सम्पन्न छ ।

उपर्युक्त लोक धाम, ईश्वर ब्रह्म आदि सबै यही जीवका कल्पना हुन् । परन्तु भूल-वश आफैंले आफूलाई चिन्न सकेन । मेरै कल्पना हुन् भनी जान्न सकेन र संसारमा यत्रो महामारी खानी-जालको बोझा र वाणीजालको महा झालमा जीव आफैं पर्दै अल्झँदै कष्टपाउँदै आइरहेछ । अतएव हामी सबैको सुख शान्ति र कल्याण-स्थितिको निमित्त पारख-रत्नकै अति आवश्यकता छ । त्यसलाई विवेकको कोदालीले आफ्नै हृदय-क्षेत्रमा शीघ्रातिशीघ्र युक्तिपूर्वक खोस्री निकालिहालौं ।

चुडका–१८

राम गुण छुट्टा छ हं, छुट्टै छ हं छुट्टै छ हं; छुट्टै सम्झी सम्यक सह्माल ।
अबूझ ले के बुझुन् र ! बुझ्ने खूबी कहाँ छ र! विवेकले बुझ्छ यो हाल ।।
कति रामचन्द्र सरी, तपोधन भए हरि; तिनै रच्ने भन्छन् यो भव ।
कति कृष्ण वंशीधर, भए उनी ले नि तर; पाएनन् क्यै अन्त्य त्यो सब ।।
मच्छ कच्छ बँदेन बनी, वामन को नामधरी; अवतार कति लिएछन् ।
कति निष्कलंकी बुद्ध, भए तिनले त शुद्ध; भेद कत्ति पनि पाएनन् ।।
कति सिद्ध साधक र, संन्यासी ती भए तर; बनवास जसले बसाले ।
कति मुनिजन भए, गोरखजी कहलिए; मर्म रत्ती तिनले नि पाए !
जसको त गति ब्रह्मा- जीले पनि जाने कहाँ! शिव सनकादि आजित ।
त्यसको नि गुण नर, कसोगरी पाउँछन् र; भन्नु हुन्छ कबीर नित ।।

शब्द १९

ये तत्तु राम जपो हो प्रानी, तुम बूझहु अकथ कहानी ।।१।।
जाके भाव होत हरि ऊपर, जागत रैनि बिहानी ।।२।।
डाइनि डारे स्वनहा डोरे, सिंह रहै बन घेरे ।।३।।
पाँच कुटुम मिलि जूझन लागे, बाजन बाजु घनेरे ।।४।।

अर्थ– (पूर्वपक्षी–) ए प्राणी हो! परमतत्त्व परमात्मा राम-

लाई प्राप्त गर्न तिमी जप-चिन्तन मनन गर। अकथनीय ईश्वर-ब्रह्मको रहस्य–व्याख्या बूझ ।।१।। जसको निष्ठा उनै हरि परमात्मामा अटूट रहन्छ, उसको भजनमै रात-दिन व्यतीत हुन्छ। ऊ निरन्तर जागा रहन्छ ।।२।।

(गुरु–) डाइन डारे–कल्पित वाणीले उपर्युक्त भ्रान्तिको पासोमा पारेको हुनाले मनुष्यको स्वनहा–मन उही कल्पित मान्यतातिर डोरियो–विश्वस्त भयो। यसरी स्वयं सिंह-जीव कल्पना-बनको घेरामा परे ।।३।। वासना उत्तेजक र कल्पना वर्द्धक वाणीरूपी बाजा सर्वत्र बजी नै रहने हुनाले यता विषयी जीव पाँच ज्ञानेन्द्रियमा मिली, भोग-क्रियामा मरिमेट्न लागे। ध्यानमा पनि सूक्ष्म पञ्च विषयको स्वाद (अनहद-शब्द, ज्योति-दर्शन, अमीरसादिको) सुख लिन ठूलो पुरुषार्थ गर्नथाले ।।४।।

रेहु मृगा संशय बन हाँके, पारथ बाणा मेलै ।।५।।
सायर जरे सकल बन डाहे, मच्छ अहेरा खेलै ।।६।।
कहँहि कबीर सुनो हो सन्तो, जो यह पद अर्थावै ।।७।।
जो यह पदको गाय विचारे, आप तरे औ तारै ।।८।।

अर्थ– भ्रान्त मनुष्यले आफ्नो मन-मृगलाई संशय-सन्दिग्ध (भ्रान्तिरूपी) वाणीको बनमा हाँके–छोडिदिए। यसैले त्यो मन* भ्रान्त बनी, रेहु–ठूलो रोहूमाछो (एक ब्रह्म) लाई समात्न पुग्यो। अर्थात् ब्रह्मको कल्पना गर्‍यो। यही सिद्धान्त निश्चय गरी पारथ–शिकारी (भ्रमोपदेशकहरू) संसारमा कल्पित वाणीरूपी बाण हान्नलागे ।।५।। परिणाम यो भयो–सायर (समुद्र-चतुर) संसारका चतुर जीव जले, समस्त प्राणीरूपी बनलाई भ्रम-वाणीले जलाउने भए। माछा–जीवहरू शिकार खेल्नलागे (उही भ्रान्तिमा परेर मायारूप बनी, एकजीव दोस्रामाथि शिकार-

*'मेरो मन चञ्चल हुन नदेउ...।' [यजुर्वेद पृ. ६।२१]

खेलिरहेछन्) अर्थात् कल्पना थपिदिदैछन् ।।६।।

गुरु कबीर भन्नुहुन्छ– हे सन्त हो ! सुन, जसले यो शब्दको ठीक-ठीक अर्थ गरी हृदयमा उतार्दछ बारम्बार अध्ययन-विचार गर्दछ, ऊ समस्त कल्पनाबाट स्वयं पार भई अरूलाई पनि कल्पना विहीन बनाइदिन सक्षेम हुनेछ। अथवा यो मानव-जीवनमा जसले जड-चेतनको ठीक-ठीक पारख गरी सत्सङ्गबाट स्व चेतनलाई पहिल्याई हृदयंगम गर्दछ, त्यो साधक पारखनिष्ठ बनी मुक्त हुनेछ। अरूलाई पनि मुक्तिमार्ग प्रदर्शन गराउन समर्थ बन्नेछ ।।७-८।।

चुडका–१९

त्यो तत्त्व राम जप, जग प्राणी तिमी तब; बुझौला नि अकथ कहानी ।
जसको त भाव हरि- प्रति,हुन्छ जागा मति; रात प्रातःबस्छन् ती प्राणी ।।
डङ्किनीले हाली पासो, कुकुर उतै घिच्चिच गाको; सिंह घेरा–पऱ्यो अघोर ।
पाँच मिली परिवार, लड्न लागे बारबार; बाजा बजे त्यहाँ घनघोर ।।
छाडी दिए मृग-मन, संशयको भित्र बन; शिकारीले बाण बर्साए ।
सिन्धु सबै जल्न थाले, बनै डडाउन लागे; माछा शिकार खेली हर्षाए ।।
भन्नु हुन्छ गुरु कबीर, सुन सन्त ज्ञानी सुधीर; जो यसको अर्थ गर्नेछ ।
यो पद जो गान गरी, विचारला स्वयं तरी; अन्य जन पनि तार्नेछ ।।

शब्द–२०

कोइ राम रसिक रस पीयहुगे, पीयहुगे युग जीयहुगे ! ।।१।।
फल लंकृत बीज नहि बकला, शुक पन्छी तहाँ रस खाई ।।२।।
चुवै न बुन्द अङ्ग नहि भीजै, दास भँवर सब सँगलाई ।।३।।

अर्थ– कोही राम (ब्रह्म) रसायन रसका रसिक–प्रेमी छौ कि यदि छौ भने ब्रह्मरस पान गर्छौ कि, गऱ्यौ भने युगानपुग जीवित रहनेछौ–अमर भइहालौला नि ! अर्थात् के अमर होउला ।।१।। उपर्युक्त ब्रह्मरूप कल्पित फल लंकृत (अलंकृत) अति सुन्दर छ। उसमा पुनर्जन्मको बीज–विषय वासना र काम क्रोधादि बोक्रा

(विकार) केही छैनन् । अरूको के कुरा, मुनि शुकदेवजी समान-का पक्षी (महात्माहरू) पनि त्यो फलको रसपान गर्दछन् ।।२।। (यी दुवै चौपाई व्यङ्गत्योक्ति हुन् । यस्ता पुष्पित वचन सुन्दा) दास भँवर-भक्तरूपी भुमरा उही कल्पित ब्रह्म-रसको निम्ति सँग-लाई-त्यही कल्पनाका साथ भुम्मिरहेछन् । तैपनि न एक थोपा रस चुहिन्छ, न तिनको अङ्ग- अन्त:करण नै भिज्दछ ! आशै आशामा सबै अल्भेका छन् ।।३।।

निगम रसाल चारि फल लागे, तामें तीनि समाई ।।४।।
एक दूरि चाहें सब कोई, जतन जतन काहु बिरले पाई ।।५।।
गये बसन्त ग्रीषम ऋतु आई, बहुरि न तरिवर तर आवै ।।६।।
कहँ कबीर स्वामी सुख सागर, राम मगन होय सो पावै ।।७।।

अर्थ– (त्यसरी मरिमेट्ता पनि फल नपाउँदा आपसमा विचार-विमर्श गरी पूर्वपक्षीजन भन्दछन्–) निगम रसाल–वेद-रूपी सरस वृक्षमा धर्म अर्थ काम मोक्ष–यी चार फल लागेका छन् । तिनमा धर्म अर्थ काम–यी तीनफल त समाई–सामान्य (नाशवान्) हुन् ।।४।। एक मोक्षफलमात्र अति टाढा–दुष्प्राप्य छ । त्यो फल प्राप्तिको निम्ति सबै उत्सुक छन् । तैपनि अति प्रयत्नबाट कोही एकाध साधकले मात्र पाउन सक्तछन् ।।५।। गए बसन्त–विषय वासना-जब विनाश हुन्छ, ग्रीष्मऋतु–ब्रह्मज्ञानरूपी अग्निको ज्वाला अधिक उत्तेजित भई बढ्दछ; तब त्यो, न तरिवर तर आवे–शरीररूपी वृक्षको मुनि आउँदैन, मुक्तहुन्छ ।।६।। उनी भन्छन्– 'उसैले सुखको सिन्धु परब्रह्म-पति पाउँछ, जो सर्वत्रपूर्ण राममा मग्नहुन्छ' रमण गर्दछ ।।७।।

अरू– विषयासक्ति र वाणीका कल्पना-भ्रान्तिमा समस्त जीव अल्भी कष्ट पाइरहेका गुरु कबीरबाट देखनुभएकोले यो बीजकभरमा विविध प्रकारका चरित्र चित्रणको आयोजना गरी

सबै बन्धनको परीक्षा गराई सम्झाउनु भएको हो । यो शब्दमा अद्वैत ब्रह्मलाई एक फलको प्रतीक बनाई, त्यो फलको रस लिन सबै लालायित छन् । खान खोज्छन्, ठुङ्छन्; सिमलको कोसाबाट भूवा उडी सुगा हीसिएसमान हिस्स परी जिल्लिन्छन्, फलै भेट्टाउँदैनन् । पुस्तकमात्र पल्टाउँछन्, सत्य अपरोक्ष ज्ञानमात्र स्वयंलाई अँगाल्न सक्तैनन् । चार फल छ भन्ने पुराणादिमा पढ्छन्-सुन्दछन् । ती मध्ये निम्नकोटिका तीन फलको के आशा गर्ने ? सबै ठूलै-मोक्ष फल ताक्ने हुन्छन् । त्यो फल छ– 'अति टाढा, कल्पना-भ्रान्तिका काँडाले जेलिएकोले उक्त बोटमा चढ्नै सकिँदैन ।' फल भेट्टाउन उस्तै उखानको चरितार्थ हुन्छ–'आकाश-को फल, आँखा तरी मर।' आभासमात्रको फल कसले भेट्टाउने ?

अतएव विश्वमा जड-चेतन दुइ वस्तु अनादि छन् । यसको अनुभव सबैमा छँदैछ । ती दुवैको विद्यमानताबाट सारा प्राणीले व्यवहार पनि गरिरहेकै छन् । यिनमा 'राम' यो नाम जडको केही गरेपनि हुन सक्तैन, सर्वथा चेतनकै नाम हुन्छ । संसारमा जडको पनि अस्तित्व सिद्ध भएपछि, यता चेतन व्यापक सिद्ध हुन सकेन । घटघट निवासी चेतन नै असली अविनाशी राम ठहर्दछ । यसैले गुरु कबीर घटघट प्रति राम देख्नुहुन्छ, कण-कणप्रति होइन; यही असली अपरोक्ष र तथ्य कुरा हो। यसैले अब अन्तःनअलझौं, आफ्नै अन्तःकरणतिर फर्की, चेतन द्रष्टा ज्ञानमात्रमा स्थिति बनाऔं ।

चुडका–२०

कोही राम रसिक रस- पान गर्छौं भई खुस ! पिए युग युग बांचौला ।।टे०।।

फल अति सुन्दर छ, बोक्रा बियाँ रहित छ; सुगा चरो खान्छ रस ली ।
चुहुँदैन थोपा रत्ती, मिज्ने हुँन देह कत्ति; भुमरो कै दास लीन ती ।।
निगमका फल सुरस, चारमा तीन निरस- ठिक्कै, ज्ञानी धेरै के धाउँछन् !
एक अति ठाढा भन्छन्, सबै प्राणी चाह गर्छन्; यत्नबाट कोही पाउँछन् ।।

बसन्तको ऋतु गयो, गृष्म ऋतु जब आयो; रुख मुनि किन आउँछन् !
भन्छन् कबीर जन भाइ, सुखसागर स्वामीलाई; राम मगन भइ पाउँछन् ।।

शब्द–२१

राम न रमसि कौन दण्ड लागा, मरिजैबे का करवे अभागा ।।१।।
कोई तीरथ कोई मुण्डित केसा, पाखण्ड मन्त्र भरम उपदेशा ।।२।।
विद्या वेद पढि करे हङ्कारा, अन्तकाल मुख फाँके छारा ।।३।।
दुःखित सुखित होय कुटुम जेंवावैं, मरण बार एकसर दुःख पावैं।।४।।
कहहिं कबीर यह कलि है खोटी, जो रहै करवा सोनिकरै टोटी।।५।।

अर्थ– स्वयं हृदयस्थ राम-चेतनमा तिमी किन निरन्तर रमण गर्दैनौ ? कुन दण्ड–दशाले तिमीलाई कुत्कुत्याइरहेछ ? हे अभागी ! गरौंला-गरौंला भन्दाभन्दै एक दिन अचानक मरेर जानेछौ । अनि अरू पशु किटादि शरीरमा पुगेपछि के विवेक-साधना गरौला ! ।।१।। मुक्ति-गतिको निमित्त कोही तीर्थ धाउँछन्, कोही कुनै मतमा गई मुडिन्छन्, कल्पित मन्त्र र भ्रान्ति-पूर्ण उपदेश लिन्छन् ।।२।। कति मानिस त अनेकं भाषा, विविध विषय, वेद-शास्त्रादि अध्ययन गरी, अक्षरकै अभिमानमा फुल्दछन् । तर ती सबै अन्तमा धूलो फक्याउने (धोखा खाने) हुन् ।।३।। भयङ्कर दुःखदायक अनगिन्ति पाप कर्म गरी, कुटुम्ब-पोषण गर्दछन्; आखिरमा आफ्ना कृत्यको फल दुःख-सन्ताप आफैं एक्लै सहन बाध्य हुनुपर्दछ ।।४।।

गुरु कबीर भन्नुहुन्छ– कलि (कल्पना) विषयासक्ति र पाप कर्म जीवको निमित्त महान् कष्टकारण हुनेछन् । जुन चीज करुवामा छ, उही त टुटोबाट निस्कन्छ ! यस्तै प्रथम जस्तो कर्म गरी हृदयमा संस्कार भरेको छ, उही-उही वासना सम्मुख पर्दछन्; वासना अनुसार सुख-दुःखादि फल भोग्न जीवले विवश हुनु पर्दछ । तथा जस्तो भ्रम-मान्यता बनाइराखेको छ जन्मान्तरमा

पनि उही अभ्यास-वश भ्रान्त बनी चक्कर काटिरहनुपर्नेछ* ।।५।।

अरू– यसैले पहिले नै राम्रो जानी-बुझी पारख ज्ञान प्राप्त गरी, सदाचार-सदुपासनासम्पन्न स्वयम् द्रष्टामात्रको स्थिति बनाउनु । कुनै आशा-अभिमान, भ्रान्ति-कल्पना बाँकी नरहोस् । यसको निमित्त रोगीले वैद्यबाट सत्परामर्श लिएसमान हामीले पनि आफ्नो परम कल्याणार्थ यथार्थ आचरण र बोधसम्पन्न पारखी सन्तको समय-समयमा शुभ सम्मति लिंदैरहनु, यही साधकको सावधानी हो ।

चुडका—२१

रामै न रमी माइ, के दण्ड भो तिमीलाई; के गरौला मर्दा अभागी! ।।१०।।

कोही तीर्थ कोही केश- मुडी दम्भी मन्त्र वेश; भ्रान्ति उपदेश उसमा ।
कोही वेद विद्या पढी, अहंकार गर्छन् बढी; अन्त्य धूलै फाँक्छन्मुखमा ।।
दुःख खपी पाप मर्छन्, कुटुम्बी पोषण गर्छन्; मर्दा एक्लै दुःख पर्दछ ।
कबीर भन्छन् रट्टी कली, करुवामा जे छ भरी; टुटीबाट उही झर्दछ ।।

शब्द – २२

अबधू छाडहु मन विस्तारा ।।१।।

सो पद गहो जाहि ते सद्गति, पारब्रह्म सो न्यारा ।।२।।
नहीं महादेव नहीं महम्मद, हरि हरजत कछु नाहीं ।।३।।
आदम ब्रह्मा नहिं तब होते, नहीं धूप नहिं छाहीं ।।४।।

अर्थ हे अवधू (त्यागी योगी ब्रह्मज्ञानी) ! आ-आफ्ना मनका जे-जति भ्रान्ति मान्यता छन्, ती सबै छाड ।।१।। त्यो

*The thorns which I have reaped are of the tree I planted; They have torn me and I bleed,
I should have known what fruit would spring from such a seed. —Lord Byron (Child Hearold) —Bible

'काँडा जो म काट्दै छु–मैले नै रोपेका रुखका हुन् । तिनले मलाई घोचेर रगताम्य पारे । यस्ता बोटवाट कस्ता फल फल्ने हुन् भन्ने मैले पहिले नै थाहा पाउन पर्ने हो ।'

पद ग्रहण गर, जसबाट सद्गति-अविचल मुक्ति स्थिति प्राप्ति हुन्छ। त्यो हो—शुद्ध चेतन पारख ज्ञानमात्रको स्थिति, पारब्रह्म सो न्यारा—जड-चेतन मुछिएको कल्पनाका अद्वैत ब्रह्मदेखि सर्वथा पार बृहत् अपरोक्ष स्वरूप ।।२।। (ब्रह्मज्ञानी भन्दछन्—) सृष्टिको पूर्व जब केवल ब्रह्म थियो, तब महादेव-मुहम्मद, हरि-हजरत, आदम-ब्रह्मा, धूप-छाया इत्यादि कोही केही थिएनन् ।।३-४।।

असी सहस पैगम्बर नाहीं, सहंस अठासी मूनी ।।५।।
चन्द्र सूर्य तारागण नाहीं, मच्छ कच्छ नहिं दूनी ।।६।।
वेद कितेब सुमृति नहिं संजम, नहिं जीवन परिछाँई ।।७।।
बांग निमाज कलमा नहिं होते, रामहु नाहिं खुदाई ।।८।।
आदि अन्त मन मध्य न होते, आतश पवन न पानी ।।९।।
लख चौरासी जीव जन्तु नहिं, साखी शब्द न बानी ।।१०।।
कहहिं कबीर सुनो हो अवधू, आगे करहु बिचारा ।।११।।
पूरण ब्रह्म कहाँ ते प्रगटे, कृत्रिम किह्न उपराजा ।।१२।।

अर्थ— (पूर्वपक्षी-) असीहजार पैगम्बर (ईश्वरका सन्देश बाहक दूत), अठासी हजार ऋषि-मुनि, चन्द्रमा सूर्य तारागण मत्स्य-कच्छपादि दुवै अवतार, वेद कुरान, धर्मशास्त्र-निर्देशित धर्माचरण, जीवन, माया, बाँग (ईश्वर-पुकार), नमाज (मुसलमानका ईश्वर-प्रार्थना) कलमा (सार्थक शब्द वा मूलमन्त्र), राम खुदा, आदि अन्त मध्य, मन अग्नि वायु, चौरासी लाख जीव-जन्तु, साखी शब्द-श्लोकादि वाणीका विस्तार इत्यादि त्यस बखत केही थिएनन्, ।।५-१०।।

गुरु कबीर भन्नुहुन्छ— हे ब्रह्मज्ञानी सज्जन ! यसमाथि विचार गर— ।।११।। पूर्ण व्यापक ब्रह्म कहाँबाट उद्भव भए ? उत्तर हो—भ्रान्तजनका कल्पनाबाट ।।१२।।

अरू— हुन त यो बीजकभरमा ब्रह्म-ईश्वरादि र बांणी-

जालको पर्याप्त आलोचना तथा शुद्ध पारख चेतन ज्ञान स्वरूप, हृदय निवासी रामको स्पष्ट निर्देशन नभएको होइन, तैपनि यो शब्द र आठौं रमैनी आदि धेरै ठाउँमा गुरु कबीरले मूल पदमै ती कुराको खुलासा वर्णन गर्नुभएको छ । दोस्रो–ब्रह्म, ईश्वरादि, ती वादका ग्रन्थ र तिनका अनुयायी–देव, मुनि, मानव आदिको पनि स्पष्टरूपबाट प्रशस्तै आलोचना भएको छ । यसबाट उहाँको सिद्धान्त "व्यापक ब्रह्मवाद नभई, जड-चेतन दुवैको अस्तित्व छ, वासना-कल्पना छुटेपछि जीवको मुक्ति हुन्छ' भन्ने पारख सत्य सिद्धान्त नै रहेछ"–इत्यादि कुरा स्पष्ट हुन्छ । प्रथम केही थिएन, निराकार आकाश-वत् ब्रह्मबाटै संसारको सृष्टि भएको हो, ब्रह्म सत्य जगत् मिथ्या हो, भन्ने निर्णय पनि मानव-मनकै उब्जनीमात्र हो । वास्तवमा जगत् प्रवाहरूप अनादि छ । यो पहिले पनि थियो, पछिसम्म पनि रही नै रहन्छ ।

चेतनकी उतपति नहीं, ना जड उतपति होय ।
दोनों रंहे अनादि हैं, भिन्न भिन्न लखु सोय ।।

[सत्यनिष्ठा १।१२४]

ज्ञानं नामोत्पत्ति विना रहितं नैरन्तर्यं ज्ञान मित्युच्युते । अर्थात् उत्पत्ति विनाश रहित नित्य चेतनलाई ज्ञान भन्दछन् ।।

[सर्वसार उपनिषद्]

चुडका--२२

हे अवधू देउ छाडी, मनको तानो बाढी; जे जति छन् जाल रूपका ।।टे०।।
त्यो पद लौ गर ग्रहण, हुन्छ जेले तारण तरण; परब्रह्म देखि अलग ।
महादेव मुहम्मद, ह्वैनन् हरि हजरत; ब्रह्मा आदमबाट फरक ।।
धूप छाया असी हजार पैगम्बर, मुनि हजार- अठासी ती चन्द्र होइनन् ।
सूर्य तारा मच्छ कच्छ, दुवै ह्वैनन् वेद पक्ष; कितेब स्मृति संयम थिएनन् ।।
जीवन निमाज छाया, बांग खुदा राम माया; कलमा आदि अन्त न ता थे ।
मन अग्नि वायु पानी, चौरासी लाख प्राणी; साखी शब्द वाणी कहाँ थे !

मन्नुहुन्छ कबीर गुरु, सुन योगी साधुहरू; यसमाथि गर विचार ।
कतिबाट पूर्ण ब्रह्म, प्रकट भए रास्रो गम; कृतिमले गरे प्रचार ।।

शब्द–२३

अबधू कुदरत की गति न्यारी ।।१।।
रङ्क निवाज करे वै राजा, भूपति करे भिखारी ।।२।।
याते लोग हर फना लागे, चन्दन फूलन फूला ।।३।।
मच्छ शिकारी रमे जङ्गलमें, सिंह समुद्रहिं झूला ।।४।।

अर्थ– हे सन्त ! कुदरत–ईश्वरीय माया अर्थात् मनका कल्पनाको चाल निरालै छ ।।१।। किनभने यो रङ्क–कङ्गाललाई निवाज–कृपा गरी सम्राट् र सम्राट्लाई माङ्ने बनाइदिन पनि समर्थ छ ।।२।। यसैले मानिसहरू हर–ज्ञान फना–नष्ट गरिदिने शून्य कल्पित ब्रह्म-ईश्वरमा प्रेमगर्न लागे। चन्दन–चेतन जीव फूल–पूर्ण ब्रह्म बन्नेभएँ भनी अभिमानमा फुल्नलागे, तर त्यहाँ त फूल पनि फुलेन (भ्रान्ति-कल्पनासम्म पनि छुटेन) ।।३ ।

झन् यहाँ उल्टो अर्कै चमत्कार पो घट्यो–माछा-शिकारी जङ्गलमा रमाई-रमाई घुम्न थाले, सिंह, समुद्ररूप पिङ्मा मच्चिन लाग्यो। अर्थात् भ्रामक गुरुजन जीवलाई शिक्षा गर्न संसार–बनमा घुमिरहेछन् । सिंहसमान स्वतन्त्र ज्ञान-शक्तिसम्पन्न जीव, कल्पनाका समुद्रमा पौडी खेली भ्रान्तिमा झुलिरहेछन् ।।४।।

अरू– मानव-मनको कल्पना नै माया हो । यो कल्पनाले तुच्छ जड पत्थर पानी शून्यलाई महान् देव-देवी, परमात्मा बनाइ-रहेछ; अर्कोतिर देहधारी प्रत्यक्ष परम देव साँचा ज्ञानमात्र चेतन (वास्तविक परमात्मा*)लाई अत्यन्त तुच्छ दास पराधीन माङ्ने बनाई, हेय नश्वर त्याज्य भन्ने ठानिरहेछ । यस्तो कल्पना, आ-सक्ति र अज्ञानरूप दैवीमायाको चरित्र विचित्र छ । यो–सर्वथा अविद्यामय समझको परिणाम हो ।

*– [गीता १३।२२ द्रष्टव्य] ।

रेंड रुख भये मलयागिर, चहुँ दिशि फूटी बासा ।।५।।
तीन लोक ब्रह्माण्ड खण्डमें, अंधरा देखै तमाशा ।।६।।
पङ्गा मेरु सुमेरु उलङ्घै, त्रिभुवन मुक्ता डोलै ।।७।।
गूंगा ज्ञान विज्ञान प्रकाशै, अनहद बानी बोलै ।।८।।

अर्थ– अडिलको बोटसमान खोक्रो, कल्पनामात्रको ब्रह्म नै श्रीखण्ड चन्दन (कैवल्य मुक्तिपद) बन्यो । चारैतिर सुगन्ध फिजिइरहेछ– उसको चार वेदले गुण गाइरहेछन् ।।५।। योगीहरू आँखा चिम्लेर सर्वत्र देखिरहेछु भन्दछन् । तथा जीव पनि प्रशंसा सुनी बिना विवेक कल्पना-भ्रान्तिमा परी अन्धा भए। तीनलोक– त्रिगुण, ब्रह्माण्ड खण्ड सबै हाम्रै विलास हो भन्ने सम्झी तिनीहरू तमाशा हेर्नलागे । अर्थात् कनक-कुण्डलसमान जगत्-ब्रह्म सबै एक देख्नलागे ।।६।।

पङ्गा–लङ्गडो मन सुमेरु पहाड-हिमालय नाघ्न लाग्यो, कल्पना-वश माथि वैकुण्ठ–बिहिश्त, कैवल्यमुक्तिको तर्कना गर्न थाल्यो । त्रिभुवन–सर्वत्र व्यापक मुक्त-ब्रह्म, डोलै–जड-चेतन-मय जगत् बनी चार खानिमा घुमिरहेछ । अद्वैतको दृष्टिबाट-ब्रह्मबोध भएपछि सदा गूँगा–मौन रहनु पर्थ्यो, तर ज्ञान-विज्ञानको प्रचार–प्रसार गरिरहेछन् । अनहद–ब्रह्मको हदैछैन असीम छ भन्दछन् । यदि दोस्रो केहीछैन भने त्यो ब्रह्मज्ञानको उपदेश कसलाई गरेका ? ।।७-८।।

अकासहिं बाँधि पतालहिं पठवै, शेष स्वर्ग पर राजै ।।९।।
कहैं कबीर राम है राजा, जो कछु करै सो छाजै ।।१०।।

अर्थ– आकाशमा पतालहिं–पाताललाई बाँधि पठाउँछन्; पातालको शेष, माथि स्वर्गमा गई विराजमान हुन्छ । अर्थात् यौगिक क्रियाद्वारा तल पिण्डको वायुमाथि ब्रह्माण्डमा चढाई, शेष– एकमात्र श्रेष्ठ जीव ब्रह्माण्डमा ब्रह्म बनी बस्ने कल्पना गर्दछन्

अथवा सर्वश्रेष्ठ जीवलाई दास आभास अल्पज्ञ बनाए; ब्रह्म–शून्यलाई उच्चस्थितिमा विराजमान गराए ।।९।।

पूर्वपक्षी भन्दछन्–उनै राम (ब्रह्म) राजा–सर्वोपर छन्, उनले जे गरेपनि ठीकै छ ।।१०।।

अरू– यहाँ कुदरतको अर्थ मनुष्यको कल्पनाशक्ति, भूल अज्ञानरूपी माया हो, बाहिरी ब्राह्माण्डिक प्रकृति र ईश्वरीय माया होइन । ब्रह्मवादका ग्रन्थमा 'एक ब्रह्म पूर्ण व्यापक छ' त भन्दछन्, तर ती ब्रह्मका जुन-जुन गुण लक्षणको प्रतिपादन गर्दछन् ती लक्षणयुक्तका अद्वैत ब्रह्म कहाँ छन् र ? यही कुरा यो शब्दमा जिज्ञासुलाई सम्झाई निर्णय तथ्य बताउनु भएको हो ।

(१) अडिलको बोट सुगन्धरहित साधारण हुन्छ । उसमा श्री खण्डको सुगन्ध कहाँबाट उत्पन्न हुने ? यस्तै अवस्तु आकाश-समान निराकार ब्रह्मलाई पनि महान् ब्राह्मीस्थिति भनी महिमा गरिरहेछन् । गरेपनि त्यसमा मुक्त चेतनको स्थिति कहाँ घट्तछ? (२) जस्तो अन्धाले महान्-महान् उत्सव-मेला हेरेर के देख्न सक्छ र ? यस्तै विभिन्न, धर्मी, अनन्त जड-चेतनमय पदार्थ, शक्ति गुणहरू प्रत्यक्ष छन् र पनि आँखा चिम्लेर तीनलोक सबै मेरै स्वरूप हो अरू केही छैन भन्ने कल्पना गरी, अन्धोसमान बनी तमाशा हेरिरहेछन् । (३) अद्वैतवादीको मन, ब्रह्मसिद्धिकै कल्पनामा आकाश-पाताल नापिरहन्छ । कहीं जड-चेतन निर्णयको चर्चा चल्योभने 'द्वैत-भेद धिक्कार' 'द्वितिया भयं भवति'–इत्यादि कल्पनाका पहाड नाघिरहन्छन् । (४) कैवल्यमुक्त ब्रह्म पनि पुनः 'एकोहं बहुस्याम् ...' भई जड-चेतनमय संसार-सृष्टि बन्ने र बिग्रने भई घुमिरहन्छ भन्ने कल्पनालाई अँगाल्दछन् । (५) मूक-वत् मौन बन्नुपर्ने सिद्धान्त ग्रहण गरिकन पनि ब्रम्हनिष्ठ वेदान्तीजन पसीनाले निथ्रुक्क कभिज्ने गरेर ब्रह्मनिरूपणका प्रवचन, शिक्षा

शास्त्रार्थ गर्ने प्रवृत्तिमा विशेष हैरान हुन्छन् । ओ हो ! दोस्रो को थियो र यसरी सुनाउने प्रवृत्तिमा मेहनत गर्न परेको !

(६) जसको हदै छैन, जसको रूप-आकार, सीमा केही छैन, त्यस्तो अवस्तुरूप ब्रह्मदेखि सर्वथा पृथक हामी वस्तुरूप ज्ञानगुण संयुक्त चेतन कसोगरी एउटै बन्ने? बेहदको निर्गुण निराकार स्वरूपबाट पनि वाणी उच्चारण भइरहन्छ, यो पनि अति-आश्चर्यको कुरा छ ।

भाव हो–यी सबै क्रिया-व्यवहार एक अद्वैत निराकार अक्रियमा हुनै सक्तैन । यस्तो असम्भव कल्पनाको सिद्धान्तलाई वेदान्त-ग्रन्थमा शब्द–प्रमाणद्वारा सत्य सम्झी स्वीकार गरिएको छ । वास्तवमा यो विवेक-सम्मत तथ्यकुरा होइन ।

वेद उपनिषदादि आर्ष साहित्यमाथि तर्क एवम् न्यायपूर्ण विवेक गर्दा नास्तिक होइयला कि भनी सन्देह लिई विशेष भयभीत हुनु पनि पर्दैन । यथार्थमा–बुद्धिमान्ले विवेकयुक्त सत्यलाई अँगाल्नु पर्दछ, खालि पुस्तकीय कल्पित मान्यतालाई होइन । हाम्रा पूर्वज शास्त्र निर्माता मध्यका कपिल कणाद र ऋषभदेव, बुद्धादि मनीषीहरूबाट पनि विवेककैको अनुसरणबाट सत्यको उद्घोष गरेका थिए । उनै भगवान्का दस-चौबीस अवतारमा गणना पनि भइरहेछन् । अतएव हामीले मात्र विवेक (पारख)को अनुसरण गर्न किन अनकनाउने ?

भन्दछन्– 'विश्वमा चार-पाँच अरब मानिस छन्' । तर ती सबैले हाम्रै पुस्तकका मान्यता-निष्ठामा कहाँ स्थिर हुन सक्तछन् र ! मानव-चोलाको मुख्य माध्यम विवेकको अनुसरण गरे मात्र विश्वका बुद्धिजीवी सबैले सहर्ष स्वीकार गर्नेछन् । वास्तवमा सबैको कल्याण पनि विवेककै निष्कर्ष अँगाल्नाले मात्र सम्भव छ । कूवाको ब्याङ्फैं एक परिधिमा घेरिएरमात्र कसैको कुनै कार्य सिद्धहुन सक्तैन ।

चुडका--२३

योगी बूझ माया चाल, अनौठाको भ्रान्ति जाल; संसारमा भरिरहेछ ।
भिक्षु माथि कृपा गरी, राजा बनाउँछे भारी; नृप रङ्क बनाइरहीछ ।।
नर जीव यसै कारण; ज्ञान छाडी मिथ्या धारण; चन्दन फल फुल्छ चहकी ।
मत्स्य-व्याध जङ्गल रमे, समुद्रमा सिंह फूले; अग्नि नै चन्दन महकी ।।
चारै दिशा ढाक्यो वास, तिनै लोक बीच खास; अन्धो तमाशा पो हेर्दछ ।
लङ्गडोले हिमाल नाघ्यो, मुक्त तीन लोक डुल्यो; लाटो ज्ञान विज्ञान बताउँछ ।।
अनहद वाणी बोल्छ, अकास बाँधी पताल ठेल्छ; शेष स्वर्गमाथि बसाउँछ ।
कबीर भन्छन् राजा राम, सामर्थी छन् ती जो काम– गर्छन् उही राम्रो सुहाउँछ ।।

शब्द–२४

अवधू ! सो योगी गुरु मेरा, जो यह पदका करे निबेर ।।१।।
तरिवर एक मूल बिन ठाढा, बिनु फूले फल लागा ।।२।।
शाखा पत्र किछू नहिं वाके, अष्ट गगन मुख गाजा ।।३।।
पौ बिनु पत्र करह बिनु तुम्बा, बिनु जिभ्या गुण गावै ।।४।।
गावनहार के रूप न रेखा, सतगुरु होय लखावै ।।५।।
पञ्छिक खोज मीनको मारग, कहैं कबीर देउ भारी ।।६।।
अपरम्पार पार पुरुषोत्तम, मूरति की बलिहारी ।।७।।

अर्थ– हे विरक्त महापुरुष ! तिनै योगी मेरा गुरु हुन्, जसले यो निम्न पदको निर्णय गरी सम्झाउँदछन् ।।१।। एक वृक्ष छ, जो बिना जराकै ठडिएको छ । फुलै नफुली फल फलेको छ ।।२।। उसमा हाँगा-पात केही छैनन्, आठौं आकाशसम्म टुप्पोले छेडी ढाकेको छ ।।३।। पौ–बिना फेदकै पातले सघन पारिरहेछ । करह–आधार बिनाको त्यो तुम्बोमा फल झुन्डिरहेछ, बिना जिब्रो नै महिमा गाइरहेछ ।।४।। ती गायकको न रूप छ नरेखा-चिह्नल नै छ । यसलाई सद्गुरु ब्रह्माजी जस्ताले मात्र बताउन सक्ने छन् ।।५।। पञ्छीको पद चिह्न र मत्स्यको बाटो, योगीजन भन्दछन् महान् छ ।।६।। भने, सुने, खोजेर पार पाई नसक्नाका परात्पर

सर्वोत्तम पुरुषकै मूर्तिप्रति म निछावर छु ।।७।।

अरू– अब यहाँ विचारणीय यो छ–सन्त कबीरसमान समालोचक महापुरुषले कुन वृक्षको लक्षणा गरी यो समीक्षा दिनुभएको होला ! ब्रह्माज़ी जस्ता वेदवक्ता पुरुषले मात्र बताउन सक्ने त्यो पद कुन हो त? यसको उत्तर हो–ब्रह्म-वृक्ष । बिना जरा–सत्य तथ्य रहित निराधार कुरैकुराबाट मात्र खडा छ । उसको स्वरूपमा फूल–स्फूर्ण त केही छैन, "अचानक 'एकोहं बहुस्याम' को स्फुर्ण भयो र जगतरूपी फल फल्यो ।" भन्दछन् ।।२।। उसमा तिन गुणरूपी हाँगा र मन वाणी व्यवहाररूपी पातहरू पनि केही छैनन्, विशुद्धरूपको छ । तैपनि सात-स्वर्ग भन्दामाथि आठौं आकाश वा अष्टकमल–ब्रह्मरन्ध्रसम्म परिपूर्ण भई गाँजिई विराजमान छ । अथवा पाँच तत्त्व तिन गुण– यी आठ प्रकृतिरूपी मुख भएको विराट्-ब्रह्म आकाश-वत् सर्वत्र व्याप्त छ ।।३।। यसको फेद आकार केही छैन । पत्र–अवयव अङ्ग प्रत्यङ्गबाट पनि रहित छ । करह–आधार बिना निराधार छ । त्यो तुम्बारूपी ईश्वरले बिना जिब्राकै आपना गुण वेदद्वारा गाएका हुन् ।।४।। ती गायकको रूप चिह्न केही छैन पनि भन्दछन्, ब्रह्माजीले वेद रचेका पनि भन्छन्; शायद उनै ब्रह्मा जस्ता कोही गुरु भेटिए भने उनैले बताउन सक्लान् कि! बताए पनि कुरैलेसम्म होला, वस्तु-स्थितिबाट विवेक-सङ्गतपूर्ण अनुभवसिद्ध गराउन सक्ने कुरा होइन ।।५।।

ती परमात्माको प्राप्तिका निमित्त योगको विहङ्गम मार्ग–(खेचरी मुद्रा) र मीन मार्ग– (राज योग), यीनै दुइ परम श्रेय माध्यम छन् । कसैले कथन गर्न नसक्ने उनै पुरुषोत्तम परमात्माकै मूर्तिमा हामी निछावर छौं– इत्यादि सरासर विवेकबाट असंगत कुराको पनि वाणीका महिमा र महाजनहरू हिंडेका बाटा भनी सबै अनुगमन गरिरहेछन् । यसप्रति विवेक गरी सत्यको अनु-

सरण गर्ने कोही छैनन् । सम्भव-असम्भव के हो, जिज्ञासुवर्गले स्वयं विवेक गरुन् । यसको समीक्षा तल पचीसौं शब्दबाट ग्रन्थकर्ता स्वयं बताउनु पनि हुन्छ–

चुडका--२४

सन्त योगी मेरा गुरु, उही बूझ विज्ञ बरु; जो यो पद न्याय गर्दछ ।।टे०।।
रुख एक जरा बिना, खडा त्यहाँ फूल बिना; अति मीठा फल लागेका ।
उसका त हाँगा पात— केही छैनन् सुन तात ! आठौं आकाश मुख राजेका ।।
जरा फेद बिना पात, कुर्ये आधार नभै साथ- तुम्बा, जिब्रो बिना गाउँछन् ।
गुण गायकको रेख- रूप केही छैन भेख; सतगुरु भए बताउँछन् ।।
चरीलाई मारी दह, माछोलाई सडक अह ! कबीर भन्छन् उत्तम दुवै हो ।
पारावार रहितका, पार पुरुषोत्तम हा ! सूरतिकै बलिहारी यो ।।

❋

शब्द—२५

अवधू वो तत्त् रावल राता, नाचै बाजन बाजु बराता ।।१।।
मौर के माथे दुलहा दीह्ना, अकथ जोरि कहाथा ।।२।।
मँडये के चारन समधी दीह्ना, पुत्र ब्याहिल माता ।।३।।

अर्थ– हे सन्त ! त्यो ब्रह्म तत्त्वको विचारमा रावल–चतुर योगीहरू राता–रत्तछन् (कुम्भक मुद्रादि साधनामा निमग्न छन् ।) नाचै बाजन–त्यहाँ बाजा (इन्द्रियादि अङ्ग नाच्तछन्) कम्पित भई थरथराउँछन् । अथवा व्यवहारमा व्यक्ति दशदिशा नाच्तछ (दौडिरहन्छ) । बाजु बराता–तत्त्व–प्रकृति, नाडिरूप जन्तीहरू बज्दछन्– अनाहतनाद, शब्दाभास सुनिन लाग्दछ ।।१।। मौर–मुकुट (ध्यानमा भान हुनआएको ज्योति नै शिरमौर ब्रह्म सम्झी, जन्तीको कारण दुलहासमान साधनाको कारणी अनुष्ठान कर्ता जीवलाई ब्रह्मकै जिम्मा लगाइदिए । जीव स्वयम् ज्योतिमै समर्पण भयो । ब्रह्मलाई अकथ (कथनमा नआउने) भन्दै उसैलाई पत्नीसमान मानी सम्बन्ध जोड्यो ।।२।। मँडयेके चारन–यज्ञको

विधि (वर-वधुले गर्ने पाणिग्रहणको कार्य) समान वेदको उपदेश, समधी दीक्षा–कल्पनामा बुद्धि सम भएका ब्रह्मज्ञानी गुरुले विरही भक्तलाई दिए। पुत्र ब्याहिल माता–जीवले वेद-माताको महावाक्य 'तत्त्वमसि' 'अहं ब्रह्‌मास्मि' आदिका साथ स्नेह लगायो– यही विवाह गऱ्यो भन्ने भाव हो ।।३।।

अरू– दुनियाँका विवाहमा बाजा बज्दछन्, जन्तीका मानिस कुनै-कुनै नाच्तछन्; यहाँ बाजा नाचिरहेछन्, जन्ती बजिरहेछन्। दुलहाको शिरमा मौर दिनुपर्थ्यो, तर मौरकै थाप्लोमा दुलहा पहिराइदिएका छन्। अकथलाई पनि कथन गरी पति मानि-रहेछन्। यज्ञको लगनमा पाणि-ग्रहण (विवाहका समयमा वधुको हात समाउने, सिंदुर-दान आदि) वरद्वारा हुनुपर्नेमा यहाँ भ्रान्त-शिक्षक नै शिष्यप्रति उक्त विधि गरिरहेछन्। छोराले आमासित विवाह गरिरहेछ। सबै उल्टैउल्टा काम भएको दृश्यावलोकन गराई गुरु कबीरबाट ब्रह्मवादको मन्तव्य परखाउनु हुन्छ।

दुलहिन लीपि चौक बैठारी, निर्भय पद परकाशा ।।४।।
भातै उलटि बरातिहि खायो, भली बनी कुशलाता ।।५।।
पाणीग्रहण भयो भव मण्डन, सुषमनि सुरति समानी ।।६।।
कहहिं कबीर सुनो हो सन्तो, बूझो पण्डित ज्ञानी ।।७।।

अर्थ– दुलहिन लीपि–मनोवृत्ति लयगरी, चौक बैठारी–चित्त-चतुष्टयलाई अडकलका ब्रह्ममा लगाए। यसरी परकाशा–ज्योति स्वरूप निर्भय ब्रह्मपद प्रकाश गरे ।।४।। भातहि–चित्त चतुष्टय उल्टी तत्त्व प्रकृतिलाई आफूमा लय गरे। भन्न लागे–अब खूब बन्यो, सबै सञ्चोभयो ।।५।। पाणी-ग्रहण भयो–यसरी विवाह भयो, (जीव-दुलहाले ब्रह्म-कल्पनारूपी दुलहीको हात पक्र्यो) परन्तु भवमण्डन–आवागमन संसारको सिद्धिभयो, खानी-वाणी जगत्कै सिंगार-पटार गऱ्यो। सुषुमनि सुरति समानी–

योगीहरूले ईडा र पिंगलालाई सम गरी लक्ष्य सुषुम्नामा लय गरेर सम्झनलागे–यही हो ब्रह्म प्राप्ति–मुक्ति स्थिति ।।६।। गुरु कबीर भन्नुहुन्छ–यो कुरा सन्तजनले सुन, पण्डित-ज्ञानीहरूले बूझ ।।७।।

अरू– यो शब्दमा विवाहको रूपकबाट सम्झाउनु हुन्छ–यस्तो धूमधामसित पाणि-ग्रहण भयो त के भयो, कल्पित वाणी-मात्र ग्रहणभयो । अकथ ब्रह्मका साथ स्नेह गर्नखोजेर कहाँ पाउनु ? न भन्न सकिन्छ, न भेटहुन्छ, न उसमा एक बनिन्छ ! यो सबै हाल सन्तहरूले बुझेकै हुनाले सुन, सावधान होउ । पण्डित र ज्ञानीजनले बूझ । यिनले बुझे भने यस्ता कल्पनाबाट स्वयम् बची, अरूलाई पनि बचाउन, सचेत गराउन सक्नेछन् । हे सुज्ञ ! हामी त यस्तो समझ-धारणा बनाउँ–

'परखु निज रूपहि शोध लगाय' । [गुरु विशाल]

हाम्रो वास्तव स्वरूप हो–शुद्ध चेतन, अर्थात् ज्ञानस्वरूप जीव । जीवको परिभाषा–मायाविशिष्ट होइन । सर्वव्यापक र आभास-अंशदेखि भिन्नको, सदा सजीव रहने हुनाले यसलाई जीव भनेको हो । यसको स्वरूप निक्खरा ज्ञानैज्ञानको पुञ्ज* छ । यो चेतन जब आफ्नै ज्ञान-भावमा रहन्छ, अरू कुनै वृत्तिमा रङ्मङिएको हुँदैन, त्यस अवस्थाको नाम हो–स्वरूप स्थिति अथवा मुक्ति । विदेह-मुक्तिमा चेतनको स्थिति ज्ञानैज्ञानमात्र शान्त-निस्पन्द रहेको हुन्छ । यो कुरा विवेक, सद्ग्रन्थ र स्थितप्रज्ञ-पारख-निष्ठ समस्त महापुरुषको अनुभवयुक्तको निष्कर्ष हो ।

यस्तो विदेहमुक्ति स्थितिमा स्थिर हुन हामीले आज यही जीवनमा पूर्ण शक्ति लगाई त्यो अवस्था आफूमा उतार्ने प्रयत्न

---

* The self is "a bundle of perceptions" –David Hume.
"आफ्नो स्वरूप भनेको प्रत्यक्ष ज्ञानै ज्ञानको पुञ्ज हो ।"
[स्काटलाण्डका प्रसिद्ध दार्शनिक – डेविड ह्युम]

गर्दै रहनु पर्दछ। विदेह अवस्थाको स्थिति सदेहमै उतार्नेको नाम हो–जीवन्मुक्तिको अभ्यास । जीवन्मुक्ति अवस्थामा पुग्नलाई प्रथम जड शरीर, चतुष्टय र मनको वृत्तिदेखि छुट्टा स्वयं चेतन पारख स्वरूपको अपरोक्ष बोध बनाउँ। हंसदशाको सत्य विवेकादि अष्ट सद्गुण आफूमा उतारौं। नैराश्यपूर्वक प्रारब्ध–भोग-शरीरको गुजारा लिई, निरन्तर स्वरूपभावबाट व्यवहार गर्दै, द्रष्टापनाको अभ्यास गर्नु अनिवार्य छ।

हाम्रो मनोवृत्ति जब कुनैतिर तर्कन्छ, उस बखत चेतनकै लक्ष्य–सत्ताबाट व्यापार हुने हुनाले उही व्यापारकै रूपसमान* बन्न जान्छ। यसरी ज्ञान स्वरूप शुद्ध चेतनजीव विषय-वृत्तिमा रङ्मगिनु नै बन्धन हो। वृत्तिले हाँगा नहाली, शुद्ध ज्ञानैज्ञानमा स्थिर रहने अभ्यास बनाउनु, मानव जीवनमा मुख्य यस्तै पुरुषार्थ हुनुपर्दछ।

जस्तो खोलाको पानी आफ्नै बाटो खोलैखोला बग्दा कतै नरोकिई आफ्नै गतिबाट प्रवहनशील रहन्छ। कुलो खनी खेतमा पानी लगेको छ भने कुलोद्वारा बग्दा ठाउँ-ठाउँमा पानी रोकिने, फींज कसिंगर फोहर लेदो आदि जमी पानी थुनिने, पानीको गति खल्बलिने हुन्छ। कुलाहरूमा पानी दशतिर बाँढिने हुन्छ, एकमुष्ट बग्न पाउँदैन।

यस्तै जब-जब हाम्रो भित्र काम क्रोधादिको विकारी वृत्ति र कार्य-प्रवृत्तिको अनेक वृत्ति बग्दछन्, तब-तब हामी आफ्नो स्थितिबाट उत्रेका हुन्छौ। छाँगाबाट पानी तल झरेझैं आफ्नो स्तरबाट खस्तछौं। ती वृत्तिहरूले क्रिया गराउँदा हामी हत्या चोरी व्यभिचारादिसम्मका क्रियामा पनि मिलिरहेका हुन्छौं। त्यसपछि अरूलाई सन्ताप दिन्छौं, आफू पनि कष्टमा छट्पटाउँछौं।

* जीवहि आप मदर्द दोउन, वहि ह्वै समर हेतु दोउ दिशते [भवयान ६।३३]

यसैगरी हामी अनादिदेखि आवागमनको चक्रमा फेरो मारि-रहेछौं । मनमा वासना- नउठी शरीरबाट कुनै कर्म हुनैसक्तैन ।

ती विकारी-वृत्तिहरूले क्रिया गराउन नसकेपनि अन्तःकरण त कष्टित बनिहाल्दछ, विकारी बन्दछ-बन्दछ । यस्तै ऋद्धि-सिद्धि पाउने, कुनै-फल लाभ प्राप्त गर्ने, स्वर्गादिको निवास, ईश्वर ब्रह्म प्राप्ति, देव-देवीको दर्शन–इत्यादिको अभिलाषा पनि वृत्तिलाई छचल्क्याउने मात्र हुन्, उताबाट केही मिल्ने होइन । अतएव साधकको कर्तव्य हो–साधना-अभ्यास र वैराग्यको सत पुरुषार्थमा निरत रही, चेतनको वृत्ति अन्त कतै बग्न नदिई, शरीर-निर्वाहको खास आवश्यकीय कामबाट पनि थोरैमा निवृत्ति लिनु । सदाचरण सम्पन्न, एकाकारबाट द्रष्टा-स्थितिको अभ्यासमा लागिपर्नु । व्यव-हारकालमा पनि द्रष्टा बनी-बनी काम हुन सकोस् । यति भयोभने हाम्रो सत-पुरुषार्थ बनिरहने छ । वृत्ति अन्त व्यर्थ बग्न पाएनन्, स्वच्छ शान्त आफैं आफूमा रह्यौं । हामी तत्काल जीवन्मुक्तिको अपरोक्ष अनुभव गर्नेछौं । परिणाम विदेहमुक्ति-स्थिति हुनेछ ।

चुडका-२५

सन्त उही तत्त्व प्रति, योगी जन रत्त अति; बाजा नाच्छन् जन्ती बज्दछन्।।टे.
मुकुटको माथि वर- लाए अकथ साथ तर; गांठो जोरी शिक्षा गरे त ।
मण्डपको काम सम्धी- गरे आमा छोरा गम्की; भयो बिहा हेर उधेक !
लिपी दुलहिनीलाई, चौकामा पो राज गराई; अभय जो पद प्रकाशी ।
मातै फर्की जन्तीलाई, खपाखपी दियो खाई; राम्रै भयो कुशल एक्कासी ।।
पाणी ग्रहण भयो अब, मण्डन पो भयो भवः सुषुम्नामा लक्ष्य सम भो ।
भन्दछन् कबीर गुरु सुन सन्तवृन्द हरू बूझ पण्डित ज्ञानीजन हो ।।

*

शब्द- २६

भाई रे बहोत बहोत क्या कहिये, कोइ बिरले दोस्त हमारे ।।१।।
गढन भञ्जन सँवारन आपै, ज्यों राम रखे त्यों रहिये ।।२।।

आसन पवन योग श्रुति सुमृति, ज्योतिष पढि बैलाना ।।३।।
छौ दर्शन पाखण्ड छियान्नबे, ये कल काहु न जाना ।।४।।

अर्थ– हे भाइ ! म धेरै के भनौं! संसारमा पारख-दृष्टिका सम्पन्न कोही एक-दुइमात्र मेरा सन्मित्र होलान् ।।१।। (भक्त जीव भन्छन्–) सृष्टि स्थिति संहारकर्ता स्वयम् भगवान् हुनुहुन्छ। उहाँले जसरी राख्नुहुन्छ, हामीले उही चालबाट रहनुपर्दछ। उहाँको मर्जीबिना अरू केही गर्ने हामीमा के शक्ति ? ।।२।।

(गुरु भन्नुहुन्छ–)संसारमा कोही चौरासी आसन साध्नेछन्, कति प्राण वायुको निरोध गर्नेछन्, कति योगका अन्य-अन्य प्रक्रिया साध्दछन्, कति वेद धर्म-शास्त्र ज्योतिषादि अध्ययन गरी बैलाना–अभिमानमा उन्मत्त बन्ने पनि छन् ।।३।। यस्ता छः दर्शन, छयानब्बे पाखण्डका मानिसमा ये कल–यो पारख-स्थिति मुक्तिको कला कसैले जान्न सकेनन् ।।४।।

आलम दुनियाँ सकल फिरि आये, ये कल उहै न आना ।।५।।
तजि करिगह जगत्र उचाये, मन मों मन न समाना ।।६।।
कहहिं कबीर योगी औ जङ्गम, फीकी उनकी आशा ।।७।।
रामहिं नाम रटै ज्यों चातक, निश्चय भक्ति निवासा ।।८।।

अर्थ–धेरै मानिस तीर्थ हज्ज परिक्रमाको नामबाट समस्त विश्व पनि भ्रमण गरी आए, किन्तु स्वयम् चेतनको बोध, शान्ति-स्थिति कसैले कहींबाट पाउन सकेनन्। ।५।। तजि करीगह–कति त संसार स्त्री-पुत्रादि खानीजाल छाडी कठीनताका साथ निस्के, किन्तु जगत्र उचाये–वाणी-जगत्को जञ्जाल उठाउन पुगे। झन् कति खँदिलो-गह्रुङ्गो सीसाको भारी पो बोक्न पुगियो। जगतै आफ्नो स्वरूप हुनआयो। कुरा गर्न भने सिपालु भए, तर भित्रबाट शान्ति कसरी हुने ? सूक्ष्म विषयासक्ति छँदैछ, अरू मिथ्या मान्यता थपेर मन कसोगरी शान्त होस् ! ।।६।।

तिनको विरहमा हे भाइ ! तिमी कसरी बाँचौला ? तर तिमी यो सम्झ–।।१।। को-कसको पुरुष हो ! को-कसकी स्त्री ! यो अकथ–असम्भव कुरा सब भ्रामकहरूले आफ्ना अविद्यान्धकारकै दृष्टिबाट फिंजाएका हुन् ।।२।। को-कसको छोरो– अंश हो ! को कसको बाबु–अंशी हुन् ! को मर्छ, को सन्तप्त हुन्छ ! विचार विहीन जन नै यस्ता कल्पनामा परी सन्ताप सहन्छन् ।।३।।

यी भूलका विवशमा परेका जीवले ठगी-ठगी – भ्रान्ति कल्पनामात्र भरी-भरी सुधा निमुखा जीवको मूल–विवेक-धन नै हरण गरिसके । राम ठगौरी– कल्पित राम ब्रह्मका प्रतिपादक वाणीजालमा परी, हामी ठगिएका छौं भन्ने कसैलाई परीक्षा गर्ने होशै छैन ।।४।। गुरु कबीर भन्नुहुन्छ– भ्रान्तमनले यस्तै ठगका कुरा पत्यार गर्दछ। किन्तु जब ठगलाई, यो ठग हो भन्ने ठीक-ठीक चिह्निन्छ, अनि कल्पित वाणीको दाउ-पेच व्यर्थ हुन्छ ।।५।।

अरू– माथि पैंतीसौं शब्दमा गुरु कबीरबाट उपासकको मन्तव्य देखाउनुभएको थियो– "ईश्वर मेरा पति हुन्, म उहाँकी पत्नी हुँ; ईश्वर पिता हुन् म पुत्र-अंश हुँ," – यसको यहाँ समाधान गर्नुहुन्छ–को कसको पति, को कसकी पत्नी ! को कसको पिता! को कसको पुत्र–अंश हुन् ? यहाँ साधारण पति-पत्नी, पिता-पुत्रको मात्र भाव होइन । 'हरि ठग ठग त' र 'राम ठगौरी काहु न चीह्ना' यी पदहरूको विचार गर्‍यो भने सबै भाव छर्लङ्ग खुल्दछ। विचारणीय यो छ–को मर्छ ? को सन्ताप सहन्छ ? व्यवहारका पिता-पुत्र मर्दा त शोक गर्नु व्यर्थ हो, भने कल्पनाका पिता (ईश्वर–ब्रह्म नपाउँदा के को बिस्मात गर्छौं ? बरु बिस्मातको बोट कल्पनालाई नै उखेली आफल, यसैमा परम मङ्गल मनाउ, यही हाम्रो परम बुद्धिमानी हो ।

तिम्रो शरीर छुट्ता ती तिम्रा कल्पनाका पिता शोकित

हुँदैनन्, तिमी जतिसुकै विरहाग्निमा सन्तप्त होऔ, उताबाट केही-कुनै शान्त्वना पाइएला भन्नुपर्दैन । अतः यी सबै कुरा सम्झ, व्यर्थका कल्पनामा नपर ।

दोस्रो पदमा 'अकथ कथा यम दृष्टि पसारी' भन्नको भाव हो–आफूलाई पत्नी मानी सुहागिनीको नकल उतार्नु, कल्पनाका पति खडा गर्नु, स्वयं समर्थ चेतन छँदै आफूलाई 'एक कणसमान पुत्र–अंश' मानी कल्पित पुरुषलाई साँच्चा, समर्थ अंशी–पिता सम्झनु-यही हो अकथ कथा, भन्नै नहुने लज्जा र अज्ञानपूर्ण कथन तथा चाल । स्वयं स्वतन्त्र सर्व समर्थ चेतन छँदै, आफैं अंश विकारी बनी, अर्का कल्पनाका अंशीरूप पतिलाई पनि झन् विकारी बनाउनु–अनर्थको मन्तव्य हुन आइरहेछ । ती मानिएका पिताको स्वरूप नै सर्वथा कल्पित हुनाले विकारी पनि के भन्ने ? वास्तवमा यो सबै मनका एक बाल-खेल समान भइरहेछ । वा आफूलाई आफैंले कुठाराघात गर्ने मायाजाल बनेको छ । अतएव जीवले पति-पीता मानेका मान्यता जे जति छन्, ती सबै भ्रान्त मनकै कल्पनामात्र हुन् ।

चुडका-३६

हरि ठग ठगिहिंडे, म सँग न बोली छाडे; हरि वियोग बाँच्छौ के गरी ! ।।टे.
कसको पति को हो! कसकी नारी हुन् को; अकथ कथा यम फिंजाउने ।
कसको पुत्र को हो! कसको बाबु को हो! को मर्छ ! को सन्ताप सहने ।।
ठगी ठगी समस्तको, लिई मूल अचम्म भो; चिन्दैनन् कोइ राम ठगिनी ।
गुरु कबीर वचन, ठगैमा छ राजी मन; ठग चिन्दै भागी ठगिनी ।।

शब्द–३७

हरि ठग ठगत सकल जग डोलै, गौन करत मोसे मुखहु नबोलै ।।१।।
बालापन के मीत हमारे, हमहिं तजि कहाँ चलेउ सकारे ।।२।।
तुमहिं पुरुष मैं नारि तुह्मारी, तुह्मरी चाल पाहन हुते भारी ।।३।।
माटिको देह पवनको शरीरा, हरि ठग ठग सों डरें कबीरा ।।४।।

अर्थ– विवेकहारी वञ्चक गुरुजनले भावुक जगत्-जीवलाई वञ्चना गर्दै संसारमा भ्रमण गरिरहेछन् । मार्गमा पारखीजन भेट भएपनि आफ्नो रहस्य खुल्ला भन्ने भयले मुख-बोलाउसम्म पनि गर्दैनन् ।।१।। (जीव कल्पना गर्छ-) हे भगवान् ! तपाईं मेरा बाल-कालका मित्र हुनुहुन्छ । गर्भवासमा तपाईंबाटै मेरो संरक्षण भएको हो । अब मलाई छाडेर कहाँ जानुभयो ? शीघ्र दर्श दिने कृपा होस् ।।२।। तपाईं मेरा पति हुनुहुन्छ, म यहाँकै पत्नी हुँ । तपाईं पहाड भन्दापनि गह्रौं–गम्भीर हुनुहुन्छ ।।३।।

गुरु भन्नुहुन्छ यसरी–माटोको स्थूल शरीर र प्राणमय अनस्थिर सूक्ष्म शरीरमा परेका अध्यासग्रस्त वासना विवशका अज्ञ जीवहरू वञ्चक गुरुजनका कल्पित वचन सुनी-सुनी निरन्तर भयभीत भइरहेछन् । यिनले वेद-नीति आदिका आडमा जे-जस्ता भय-लोभ दिई मिथ्या भ्रान्ति भरिदिन्छन्, ती अबोध जीव थर्क-मान भई उही-उही तालमा आजीवन नाचिरहन्छन् ।।४।।

अरू– धेरै-धेरै मानिस आफ्नै बुद्धि-मन्तव्यमात्र ठीक हो भन्ने हुन्छन् । त्यस्तालाई माथिका वचन सुन्दा सहसा चोट पर्न जाला ! तर अत्यन्त हितैषी निष्पक्ष न्यायकर्ता विवेकी सन्तले खालि लोलो-पोतो गरी चिप्लो घसेर कुरा गर्दैनन् । तसर्थ हामी सबैले आफ्नो महान् कल्याणको लागि सबै पक्ष हठ पूर्वाग्रह अविवेकलाई छाडी, यथार्थ विवेक गरौं । हामीमा परीक्षादृष्टि खुलेपछि अनि गुरु कबीरका यिनैवाणी अमृतमय महौषधी सम्भनेछौं । यही बीजकको ठीक-ठीक मननबाट हामीमा सत्य-सार वस्तु छानी ग्रहण गर्न सक्ने शक्ति आउनेछ । मनका अड-कलले मानेका केवल भ्रान्ति-कल्पनाका जाल धुजा-धुजाभई चुँडालिनेछन् । हामी फुक्का सर्वतन्त्र स्वतन्त्र बनी कल्याण गर्न समर्थ हुनेछौं । मुक्ति-शान्तिमा अखण्ड-अविचल स्थिर बन्नेछौं ।

चुडका–३७

हरि ठग ठगेँ हिँड्छन्, सारा जगत् डुली फिर्छन्; मसित क्यँ मुख बोल्दैनन् ।
मित्र मेरा बाल्यकाली, प्रातँ कता मलाइ छाडी; गयौ, किन दर्शन दिँदैनन् ।।
तिमी मेरा पुरुष र, म हूँ तिम्री पत्नी तर; तिम्रो चाल अति गम्भीर ।
माटो को स्थूल देह, बतास को सूक्ष्म देह; ठग देखि डर्छन् कबीर ।।

शब्द–३८

हरि बिनु भर्म बिगुर्चनि गन्दा ।।१।।
जहाँ जहाँ गयउ अपन पौ खोयेउ, तेहि फन्दे बहु भन्दा ।।२।।
योगी कहैं योग है नीका, दुतिया और न भाई ।।३।।
लुञ्चित मुण्डित मौनि जटाधारी, तिन कहु कहाँ सिधि पाई ।।४।।

अर्थ– 'हरि' को यथार्थ मार्मिक भेद नपाउनाले जीव भर्म बिगुर्चनि–भ्रान्तिको ख्याक वा झाल र दुर्गन्धमय धोखारूप शरीरको चक्करमा परिरहेछ ।।१।। जीवले आफँतिर नफर्की, बाहिरका विषय-सुख र मुक्ति-लाभ लिन व्यवहार-प्रपञ्चमा जहाँ-जहाँ गयो त्यहाँ-त्यहाँ कहीं तीर्थ व्रत जप तप कर्म योग ज्ञान विज्ञान मत-मतान्तरमा पुग्यो; स्थूल सूक्ष्म कारण महा-कारण कैवल्यादिको जे-जस्तो मान्यता अँगाले पनि नित्य स्वयं पारख चेतनको बोधबाट आफू वञ्चितै रह्यो । उल्टो उतै-उतैको मन-मान्यतामा बाँधियो । अथवा मनुष्यदेहको मुख्य सार्थकता तथा सर्वोत्तम दाउ थियो–मुक्ति (शाश्वत शान्ति स्थिति) बनाउने; यस्तो अमूल्य औसर सित्तैँ गुमायो ।।२।।

(योगीजन भन्दछन्-) हे भाइ! योग-साधना नै कल्याणको एकमात्र योग्य माध्यम हो, यसमा अर्को कुनै विकल्प छैन ।।३।। तर भन! लुञ्चित–केश उखेल्ने जैनी, मुण्डित–संन्यासी, मौनी, जटाधारी, तपस्वी–आदिले कहाँ कहिले, सिद्धिपाएका छन् ।।४।।

अरू– 'हरि' शब्दको अर्थ विष्णु यम कामदेव बाँदर सिंह-

इत्यादि अनेक मानिएका छन् । यहाँको मुख्य भाव–हरण गर्ने नै हरि हुन् । ती मध्ये भ्रान्ति अज्ञान दुर्गुण हारक हरि दुइ छन्– सद्गुरु र पारखज्ञान । अर्का–ज्ञानगुण हारक 'हरि' हुन्–माया, कल्पना र माया-वशी जीव । 'हरि' को मुख्य यही रहस्य नजानी, मानिस आफूलाई 'सुख-दुःख दिने अर्कै कुनै हरि (ईश्वर) छन्' भन्ने कल्पना गरी, भ्रान्तिका झालमा अल्झिरहेछन् । अथवा समस्त जड-चेतन आफ्नै स्वरूप सम्झी, दुर्गन्धपूर्ण शरीर तथा संसारका बासिन्दा बनिरहेछन् ।

ज्ञानी गुणी शूर कवि दाता, ई जो कहैं बड हम हीं ।।५।।
जहाँ से उपजे तहाँ समाने, छूटि गए सब तबहीं ।।६।।
बायें दहिने तजू विकारा, निजु कै हरिपद गहिया ।।७।।
कहैं कबीर गुङ्गे गुरखाया, पूछे सो क्या कहिया ।।८।।

अर्थ– ज्ञानी–एक पूर्ण परमात्माका निष्ठक, गुणी–भक्तजन, शूर–योद्धा, कवि, दानी–यी सबैले हामी नै ठूला हुँ, हाम्रै काम ठीक हो भनुन् ।।५।। तर ती सबै जताबाट आएका थिए त्यतैं– गर्भवासमै निवास गर्न पुगे । त्यस बखत तिनका अभिमान-मान्यताका इष्ट सबै छुटे–बिलाए, कसैले काम दिएनन् ।।६।। वाम मार्ग, दक्षिण मार्ग, शुभाशुभ सबै दोषरूप सम्झी त्यागी, निजुकै–मन कल्पनाका हरिपद-ब्रह्मपद नै आफ्नो स्वरूप सम्झी, कोही-कोही ग्रहण गर्छन् ।।७।। भ्रान्त गुरुजन भन्दछन्– लाटालाई मिश्री खान दिई स्वाद कस्तो छ भनी सोध्नु, उसले के बताउन सक्छ र ! यस्तै हो ब्रह्मनिष्ठजनको स्थिति ।।८।।

अरू– 'मौन-शिक्षा सम्झन सक्नुपर्छ, मौनबाटै सर्व कार्य सिद्ध हुन्छ' भनी स्वयं मौन बन्दछन् । यसैले गुरु श्री पूरणसाहेब ब्रह्मवाद प्रति तर्कपूर्ण समीक्षा दिई भन्नुहुन्छ–

बोलन तो कछु ना रह्यो, दुग दुग रही मन माहिं ।
मैं जैसेका तैसे रहा, स्थिति प्राप्त कछु नाहिं ।।
[निर्णयसार]

चुड्का–३८

हरि बीना धोखा खाई, मर्मनमा परे माई; गन्दगी मं रचे पचेर ।
जहाँ जहाँ तिमी पुग्यौ, आफ्नू स्वत्व फाली घुम्यौ; त्यं पासोमा मस्की थच्चेर ।।
योगी भन्छन् योगं योग्य, दोस्रा अरू हुन् अयोग्य; मोक्ष मार्ग मुख्य यही नं ।
रौं उखेल्ने मुडी फाल्ने, मौनी बन्ने जटा पाल्ने; तिनले काँ सिद्धि पाए खं !
योद्धा कवि गुणी ज्ञानी, दानी सबं अहं मानी; यी जो भनुन् हामी ठूला हूँ ।
जहाँबाट निस्की आए, आखिर त्यं वास पाए; सबं छुटे तब के भनूँ !
दायाँबायाँ विकार छाड, आफ्नं हरिपद लाग; राम्रो सित ग्रहण गरेर ।
कबीर त्यो लाटोले त, चीनी खाए स्वाद के त; सोध्नु भन्छ कसो गरेर !

शब्द–३९

ऐसो हरि सों जगत लरतु है, पाण्डुर कतहूँ गरुड धरतु है! ।।१।।
मूस बिलाई कैसन हेतू! जम्बुक करै केहरि सों खेतू ।।२।।
अचरज एक देखो संसारा, स्वनहा खेदै कुञ्जर असवारा ।।३।।
कहहिं कबीर सुनो सन्तो भाई, इहै सन्धि काहु बिरलै पाई ।।४।।

अर्थ– ऐसो (उपर्युक्त कल्पनाका साथ) जगत्-जीव संग्राम गर्दछन् । (मनचिन्ते वस्तुलाई अनुसन्धान-ध्यान गरी प्राप्त गर्ने इच्छामा छन्) शून्यमाथि सवार भई अकास मुटचाउन खोज्नु के यो हुने कुरा हो ! पाण्डुर–सामान्य सर्प-बच्चाले कहीं गरूड-लाई टचाप्प पक्री अँठचाउन सक्तछ र ! अर्थात् अबोध जीवले कल्पनाका पदार्थलाई पक्रन खोज्छ, पाउन सक्तैन । यसैले ऊ भ्रान्त बनी चक्कर काटिरहेछ ।।१।।

मूसा र बिरालाको के को मितेरी ! मूसो त बिरालाको आहारा न हो ! यस्तै कल्पित वाणीले जीवलाई भ्रान्त गराउने नै भए । जम्बुक–स्याल पनि सिंहसित लडाईं गर्न खोज्ने! (जीव,

कल्पनालाई भेट्टाउने अथक प्रयत्नमा छ) ।।२।। एउटा उधेकलाग्दो घटना संसारमा घटिरहेछ, हेर ! हात्तीमाथि सवार भएका सम्राट्लाई भुस्याहा कुकुरले लखेटिरहेको ! [मन-कुकुरले ज्ञान-हौदामाथि सवार, जीव-सम्राट्लाई लखेटिरहेछ] ।।३।। गुरु कबीर भन्नुहुन्छ– हे भाइ सन्त ! सुन, मन-कल्पनाको रहस्य कुनै बिरलै जनले चालपाएका हुन्छन् ।।४।।

अरू– थियो त जीव सर्व सम्राट्, खानी-वाणी दुवै व्यवहार को संस्थापक ! परन्तु आफ्नै भूल-वश वासना कल्पना-मान्यता लाई पक्रेर आफैं महा बन्धनमा परिरहेछ । परेको पनि के भनौं! आफैंले फलामे साङ्लो अँठ्याई भन्दछ–म बन्धनमा छु । यसैले सर्पको बच्चा र गरूड, बिरालो र मूसो, स्याल र सिंह, अनि हात्तीमाथिका सवार– सम्राट्को र कुकुरको दशा भएको हो । अर्थात् विषयमा सुख र कल्पनाका इष्टलाई पाउन तथा अद्वैत ब्रह्मरूप कल्पनामै मिल्न खोज्दछ; कल्पित वाणी पनि सत्य-सत्य सम्झन्छ। तर त्यो के बन्न सक्थ्यो ! आफ्नै भूलबाट सँगालिएको कल्पना हुनाले पारखी सन्तका सत्सङ्ग र स्वयंको विवेकबाटै निवृत्ति हुन सक्तछ। अनि पारखबोध-सदाचार ठीक-ठीक पालन भई स्थिति बन्नेछ।

निज स्वरूपके भूलते, भ्रम करि निश्चय अन्य ।
सो मानन्दी जीव लै, क्रिया करत भरमन्य ।।४०।।
सोइ इच्छा को रूप है, प्रेरक आप सदीव ।
इच्छा नहीं स्वतन्त्र है, नहिं इन्द्रिन नहिं जीव ।।४१।।
[भवयान]

चुडका–३९

यस्ता हरि सित हेर, जगत्–जीव लड्छन् धेर; सर्प कहीं गरूड पक्रन्छ !
मूसो अरू बिरालाको, मित्रताको हेतु के हो; सिंहसित स्याल भिडिन्छ ।।

अचम्मको अर्को कुरा, हेर संसार जन पूरा ! हात्ती-सवार खेद्यो स्वानले ।
भन्छन् कबीर गुरु, सुन सन्त भाइहरू; यो भेद त बुझ्छ ज्वानले ।।

★

शब्द–४०

पण्डित बाद बदे सो झूठा ।।१।।
रामके कहे जगत गति पावै, खाँड कहे मुख मीठा ।।२।।
पावक कहे पाँव जो डाहे, जल कहे तृषा बुझाई ।।३।।
भोजन कहे भूख जो भाजे, तो दुनियाँ तरिजाई ।।४।।
नरके सङ्ग सुवा हरि बोलै, हरि परताप न जानै ।।५।।
जो कबहीं उडिजाय जङ्गलमें, तो हरि सुरति न आनै ।।६।।

अर्थ– पण्डितवृन्द! केवल नाम-स्मरणबाट संसारदेखि पार लागिन्छ भनी जो भन्दछौ निश्चय गर्छौ, ती सबै कुरैमात्र हुन् ।।१।। राम आदि नाम जप-कीर्तन गर्नाले जीवको मुक्ति गति हुने हो भने मिश्री-मिश्री भन्दा पनि मुख गुलियो हुनुपर्दछ ।।२।। आगोभन्दा गोडा पोल्ने र पानी-पानी भन्नासाथ प्यास शमन हुनुपर्छ ।।३।। भोजनको नाम लिंदैमा क्षुधा निवारण भयो भने 'राम-कृष्ण' आदि नामको जप-स्मरणबाट पनि मनुष्यको मुक्ति अवश्य हुनेछ।।४।। मानिसका संसर्गबाट सुगा चरो पनि 'राम-राम' भन्ने रट्-लगाउँछ, तर 'राम' भन्ने नाम कसको हो ? उनका गुण लक्षण के के हुन् ! यो कुरा जान्दैन ।।५।। कदाचित् पिंजडाबाट उम्की जङ्गल पुग्यो भने त्यो नामको स्मरण पनि गर्दैन ।।६।।

बिनु देखे बिनु अर्स पर्स बिनु, नाम लिये क्या होई ।।७।।
धनके कहे धनिक जो होवै, निर्धन रहै न कोई ।।८।।
सांची प्रीति विषय माया सों, हरि भक्तन की फाँसी ।।९।।
कहँहि कबीर एक राम भजे बिनु, बाँधे यमपुर जासी ।।१०।।

अर्थ– साँच्चिका रामको दर्श-स्पर्श बिना, कल्पित नाम लिएर मात्र के हुन्छ ? ऐश्वर्य-ऐश्वर्य भन्दैमा ऐश्वर्य शाली होइने

भए संसारमा कङ्गाल कोही रहने नै थिएनन्।।७-८। तर हृदयबाट साँचो स्नेह भने विषय-भोग र माया-मनकै कल्पनाका साथ लागेको छ, यही त हरिभक्तहरूका निम्ति गल-पासो बनिरहेछ। 'चिप्ला मुखको[*] धमीलो पेट' भन्ने उखान घटिरहेछ।।९।। गुरु कबीर भन्नुहुन्छ–अरू बाह्य रामको कल्पना छाडेर रमैयाराम–हृदयवासी चेतनकै[□] भजन-बिना, तिमी वासनाले बाँधिई यमपुर–गर्भवासमा अवश्य गमन गर्नेछौ ।।१०।।

अरू– राम आदि जुनसुकै नाम जपेपनि उच्च स्तरीय विवेक एवं पारखबोधको परिचय छैन भने यस्ता साधकको निम्ति प्रथमारम्भमा उक्त नामको जपबाट चञ्चल मनलाई एक थलामा बाँध्न कीलोको रूपमा केही उपयोगी हो। तर साधक सम्झन्छन्–'यत्तिकै जप कीर्तन स्मरणबाट हामीलाई भगवान्‌ले अवश्य पनि पार लगाइदिनु हुनेछ; यसमाथि अरू कक्षामा उक्लने, विवेक गर्ने कुनै आवश्यक छैन।' तर यस्तो ठान्नु ठूलो भूल हो। यो हाम्रो विवेक, पुरुषार्थ र परमार्थ-निश्चयकै कमी हो।

उसमाथि झन् मनुष्यहरू हातमा माला लिन्छन्, बाहिर दृश्यमा वा खल्ती भित्रभित्रै बाटो हिंड्दा र पसल, आफिस आदिमा बसेका बखत पनि मालाका दाना घुमाउँदै रहन्छन्, साथै कुरा-कानी गर्दै, हिंड्छन्, दर-भाउ बताउने, मोल-तौल गर्ने इत्यादि काम पनि हुँदै रहन्छ। कुरो नमिले आँखा तर्ने र दुइ-चार गाली गर्नेसमेत काम छुट्‌तैन। यही हो–'सुगा-रटाई' भनी माथि पाँचौं चौपाईमा बताउनु भएको।

---

[*] मुखले एक थोक भनी कामले अर्कै गर्नु।

[□] गुफारूप देहमा चमकवान् आत्मा निवास गरिरहेछ। यो आउँदा देखिन्छ, जाँदा देखिदैन। यो नजिकभन्दा नजिक र टाढा भन्दा टाढा पनि छ।

(अथर्ववेद काण्ड १० अनु. ४ सूक्त ८।६, ८)

वास्तवमा जुन इष्टको नाम जप-स्मरण गर्दछन्, ती बाह्य रामादि इष्ट नै एक मान्यतामात्र भई सर्वथा कल्पित हुन् । अनि यस्तो परिस्थितिमा अरू कसले पार लगाइदिने ! अतएव यस बारेमा अति राम्रो विवेक गरी पूर्णरूपबाट छान-बीन अनुसन्धान गऱ्यो भने निष्कर्षमा साँच्चिका राम हृदय निवासी चेतन स्वरूपमै आउनेछौं । अतएव उसैको बोध-स्थिति तथा सद्गुण-सदाचार मै एकरस स्थिति बनाउँ, अनिमात्र परम भाग्यशाली बनौंला ।

चुडका–४०

पंडित जो तिमी ले जो, कुरा गुन्यौ त्यो मिथ्या हो; विवेक बिना यसै भुलियो ।
राम राम भन्दामा नै, संसार मुक्त भए साँचै; मिश्री भन्दा हुन्थ्यो गुलियो ।।
आगो आगो मुख बोलोस्, चिसो खुट्टा तातो पोलोस्; पानी भन्दै तिर्खा मेटिए ।
भोजनको नाम भन्दै, भोक नाश भए टम्मै; जगत् पनि तर्लान् के त ए !
मान्छे सित सुगा पढ्छ, राम हरि भनी रट्छ; हरि गुण कत्ति जान्दैन ।
कुनै दिन उडी गयो, बन बीच बस्न पुग्यो- भने हरि ख्याल हुँदैन ।।
बिना दर्श अर्स स्पर्श, खालि नाम लिई तर्छ; के हुन्छ र विचार गरन !
धन धन नाम लिदै, धनी हुने भए सबै; कङ्गाल एकै बच्ने थिएन ।।
सांचो प्रीति विषय र, माया प्रति गर्छन् हेर; हरि भक्त कन फाँसी छन् ।
गुरु कबीर भन्छन् एक, राम भजे बिना टेक; मरको यमपुर जानेछन् ।।

शब्द–४१

पण्डित देखहु मनमें जानी ।।१।।

कहु धौं छूति कहाँ से उपजी, तबहिं छूति तुम मानी ।।२।।
नादे बिन्दे रुधिरके सङ्गे, घटही में घट सपचै ।।३।।
अष्ट कँवल होय पुहुमी आया, छूति कहाँ ते उपजै ।।४।।

अर्थ - पण्डितज्यू ! मनमा खूब विचार गर्नोस्, सम्झनोस् ।।१।। कहुधौं–होइन, भन्नोस्त ! पहिले छुवाछूत कहाँबाट उम्भ्रो र तपाइँले छूत मान्नुभएको हो ।।२।। नाद–प्राणवायु र पुरुषको रेत गई नारीको रजका साथ जब मिलान हुन्छ, तब गर्भा-

शयमा घट सपचै–शरीर निर्माण हुन आरम्भ हुन्छ ।।३।। आठ नौ महीनावाद स्त्रीको आठौं कमल–दुर्गन्धपूर्ण अधो द्वारहुँदै बालक पृथ्वीमा पैदाहुन्छ भने अब विचार गर्नोस् ! छुवाछूत कताबाट उत्पन्न भयो ! ।।४।।

लख चौरासी नाना बहु बासना, सो सब सरि भौ माटी ।।५।।
एकै पाट सकल बैठाये, छूति लेत धौं का की ।।६।।
छूतिहि जेंवन छूतिहि अँचवन, छूतिहि जगत उपाया ।।७।।
कहहिं कबीर ते छूति विवर्जित, जाके सङ्ग न माया ।।८।।

अर्थ– लख चौरासी–हेर, चार खानिका असंख्य शरीर-रूपी भाँडा सबै फुटी सडी गली कुहिंदै माटामा मिल्दै आइरहे-छन् ।।५।। उही पृथ्वीरूपी एक पाटो–समतल भूमिमा कर्म-वश समस्त प्राणीको निवास भइरहेछ भने अब के को छूत मान्छौ, के छिटो हाल्दछौ ? ।।६।। भोजनमा छूत, पानीमा छूत, रज-वीर्यरूप अछूत पदार्थैबाट त सारा प्राणी उत्पन्न भएका हुन् भने अब शुद्ध पदार्थ संसारमा के पाउँछौ ? ।।७।। गुरु कबीर भन्नु-हुन्छ–छुवाछूतबाट रहितको त एक शुद्ध स्वरूप चेतनमात्र छ । अथवा सर्व कल्पना-भ्रान्ति र कामासक्तिबाट रहित ज्ञानीजन नै पवित्र स्पृश्य छन् ।।८।।

अरू– भाव हो–अनावश्यक जाति-पङ्क्तिको आधारबाट छुवाछूत मान्नु ठीक होइन । हिंसकी-मांसाहारी व्यसनी दुरा-चारी व्यक्तिबाट त स्वाभाविक समतापूर्वक बच्नैपर्दछ । स्वच्छ पवित्र सदाचारको पालनबाट नै श्रेष्ठ शुद्ध बनिन्छ । अतएव यिनलाई पालन गर्नमा भरिसक्य त्रुटिराख्न हुँदैन । सदाचार सद्विचारसम्पन्न सात्विकीजनका संसर्गमा रहनु । प्राणीमात्रलाई स्वजाति सम्झी, कसैप्रति पनि हेय-दृष्टिले होइन, यस्तामाथि करुणा र समता दृष्टिले हेर्नु । देह-व्यवहारमा मर्यादापूर्वक काम

गर्नु । यही श्रीरामरहस्य साहेबको पनि उद्‌गार छ–

मर्यादा जेहि जौनि विधि, बर्तै तौन प्रमाण ।
जमा माहिं कछु फेर नहिं, उज्ज्वल धर्म अरू ज्ञान ॥

[पंचग्रन्थी गुरुबोध]

चुडका—४१

दिल गुनी पण्डित हेर, कहाँ बाट निस्क्यो फेर; मन ! छूत मानी हुन्छन्छौ ॥टे.
नाद बिन्द साथ गई, रक्त साथ मेल भई; गर्भ बीच देह पाक्दछ ।
अष्ट कमलद्वार हुँदै, धरणीमा जन्मे कठै ! कताबाट छूत फल्दछ !
चौरासी लाख देही- नाना सडी गली यही- माटैमा त मिले के मन्छौ !
सब गाडे एकै पाटा, उहीं बसेका छौ लाटा ! मन, अब छिटो के लिन्छौ !
छूत खाँदा चुठ्ता हिड्दा, छूत मन्छौ मात्र छुँदा; छूतै द्वारा जन्मे जगतै ।
भन्नुहुन्छ कबीर गुरु, छूत बिना तिनै बरु; माया छैन जसका सङ्ग नै ॥

शब्द–४२

पण्डित शोधि कहो समुझाई, जाते आवागमन नशाई ॥१॥
अर्थ धर्म औ काम मोक्ष कहु, कौन दिशा बसे भाई ।२॥
उत्तर कि दक्षिन पूर्व कि पश्चिम, स्वर्ग पतालके माहीं ॥३॥
बिना गोपाल ठौर नहिं कतहूँ, नर्क जात धौं काहीं ॥४॥

अर्थ– हे पण्डितजन ! राम्रो अन्वेषण गरी खुलस्त कुरा भन्नोस्; जसबाट जन्म-मरणको चक्र सर्वथा नष्टहुन्छ ॥१॥ अर्थ धर्म काम मोक्ष–यिनको भण्डार कुन दिशातिर छ; त्यो कुन उपायबाट प्राप्त हुन्छ ? ॥२॥ उत्तर दक्षिण पूर्व पश्चिम माथि (स्वर्ग) तल (पताल) कहाँ तिनको निवास छ! ॥३॥ तपाईंहरू भन्नुहुन्छ–बिना गोपाल (ईश्वर) नभएको कुनै ठाउँ छैन, ऊ सर्वत्र व्याप्त छ; सबै ईश्वरकै स्वरूप हो; भने अब भन्नोस् ! नर्क कहाँ छ र; 'तँ, नास्तिक नर्क जान्छस्' भन्नुहुन्छ ! ॥४॥

अनजानेको स्वर्ग नर्क है, हरि जानेको नाहीं ॥५॥
जेहि डर से भव लोग डरतु है, सो डर हमरे नाहीं ॥६॥

पाप पुण्य की शङ्का नाहीं, स्वर्ग नर्क नहिं जाई ।।७।।
कहहि कबीर सुनो हो सन्तो, जहाँ का पद तहां समाई ।।८।।

अर्थ– (ब्रह्मज्ञानीको भनाई छ–) अज्ञजनको निम्ति स्वर्ग-नर्क छ, आवागमन हुन्छ। हरि जाने–ब्रह्मज्ञका निमित्त जन्म-मृत्यु हुँदैन।।५।। जुन जन्मादि दुःखदेखि संसार सदैव भयभीत छ, हामी-ज्ञानीका निमित्त अब त्यसको कुनै डर छैन ।।६।। 'पाप लाग्छ, पुण्य-फल भोग्न पाइन्छ' भन्ने यो पनि सङ्का छैन। हामी स्वर्ग-नर्क जाने पनि होइनौं, 'स्वर्ण-भूषण' न्याय सबै ब्रह्ममय भएपछि अरू कहाँ के रह्यो र स्वर्ग-नर्कको कल्पना गर्ने ! ।।७।।

गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, जहाँको पद त्यहीं मिल्दछ। यी ब्रह्म-जगत् बनिरहन्छन्। अथवा भौतिक शरीर जड भूतमय हुनाले जड तत्त्वमै मिल्दछ, अध्यास कल्पना ग्रस्त चेतन भने जताबाट जन्मेको थियो उतै–गर्भाशयमै वास बस्न पुग्दछ ।।८।।

अरू– वेदान्त शास्त्रमा ब्रह्म र जगत् एउटै स्वरूप मानिएको हुनाले वास्तवमा जगत् छाडेपनि ब्रह्म-कल्पना नछुटेसम्म जगत्-देहको बीज त्यहाँ अव्यक्तरूपबाट रहेको छँदेछ, समयमा उम्रने भई नै रहन्छ। 'ब्रह्म-जगत् एक हो' भन्ने बृहत् प्रमाण शास्त्रबाट पनि पुष्ट भएपछि तिनका विषयमा पूर्ण दोष दर्शन कहाँ रहन सक्तछ ! यता अतीतदेखिको आसक्ति सूक्ष्म वासना-बीज अन्तःकरणमा स्थिर हुनाले "इन्द्रियका भोग इन्द्रियले भोग्दछन्, म अकर्ता–अभोक्ता अलग्ग छु" भनी गुप्त-प्रकटरूपबाट इच्छित भोग भोग्न मनलाई के प्रतिबन्ध रह्यो र ! यहाँ संयम-साधनाको पनि केही आवश्यकता रहेन। अतः प्रबल दोषदृष्टि र पूर्ण उपरामताबिना उपर्युक्त वासना-बीज भस्महुन कथमपि सक्तैन। यसैले गुरु कबीरबाट आज्ञा भएको हो– 'जहाँका पद तहाँ समाई'।'

ब्रह्म जगत्का बीज है, जो नहिं ताको त्याग ।
जगत ब्रह्म में लीन है, कहहु कौन वैराग ।।

[कबीर परिचय]

चुडका–४२

पण्डित विचारी भन्नोस्, ठीक बोध मलाइ दिनोस्; आवा-जाही छुट्छ जसरी ।।टे.
अर्थ धर्म मोक्ष काम, कुन दिशा वास धाम ! पूर्वोत्तर कि पश्चिम दक्षिण !
घा वस्तछन् स्वर्ग पाताल, खाली छैन बिना गोपाल; मन ! कहाँ नरक गमन !
स्वर्ग नरक अज्ञर्क छ, हरि जान्ने जन जो छ; केही छैन बूझ तिनलाई ।
जुन भय संसार नित, जीव हुन्छन् भयभीत; त्यो डर भने छैन मलाई ।।
शंका छैन पाप पुण्य- को हे माइ! भ्रान्ति शून्य; जाने ह्वँन स्वर्ग नरक ।
भन्नुहुन्छ गुरु कबीर, सुन सन्त सच्चा सुधीर; जाँ को त्यहीं मिल्छन् सरक्क ।।

✲

शब्द · ४३

पण्डित मिथ्या करहु बिचारा, ना वहाँ सृष्टि न सिर्जनहारा ।।१।।
थूल अस्थूल पौन नहिं पावक, रवि शशि धरणि न नीरा ।।२।।
ज्योति स्वरूप काल नहिं जहवाँ, बचन न आहि शरीरा ।।३।।
कर्म धम किछुवो नहिं उहवाँ, ना वहाँ मन्त्र न पूजा ।।४।।
सञ्जम सहित भाव नहिं जहवाँ, सोधौं एक कि दूजा ।।५।।

अर्थ– पण्डितज्यू! स्वर्गादिलोक र भ्रान्ति कल्पनाका धाम-को व्यर्थ विचार तथा चिन्तन के गर्दछौ ! न उहाँ कुनै सृष्टि छ, न कोही स्रष्टा नै छन् । जीव चेतनको शुद्ध स्वरूपमा पनि यी केही छैनन् ।।१।। ती लोक-कर्ता आदि, मानिसका मनको एक कल्पनामात्र हुनाले न स्थूल (विराट्) स्वरूप हो, न सूक्ष्म (निराकार परब्रह्म) स्वरूप हो, न वायु न अग्नि ! उसमा सूर्य चन्द्र पृथ्वी जल इत्यादि केही छैनन् ।।२।।

ध्यानमा प्रतीत हुने दिव्य ज्योति-स्वरूप तथा काल–यमराज आदि केही होइनन्, केवल कल्पनाकै आकृतिमात्र हुन् । उसमा

न वेदादि वाणी, न शरीर– यी केही छैनन् ।।३।। कर्म धर्म मन्त्र पूजा संयम–केही छैनन्, कुनै भावरूप अस्ति पदार्थ नै होइनन् । अर्थात् जीवकै भ्रान्ति मान्यतामात्र हुनाले कुनै चीज-वस्तु नै त्यो होइन त उसलाई के भन्ने ! अद्वैत कि द्वैत ? ।।४-५।।

गोरख राम एकौ नहिं उहवाँ, ना वहाँ वेद बिचारा ।।६।।
हरि हर ब्रह्मा नहिं शिव शक्ति, तीर्थउ नाहिं अचारा ।।७।।
माय बाप गुरु जहँवा नाहीं, सोधौं दूजा कि अकेला ।।८।।
कहहिं कबीर जो अबकी बूझै, सोई गुरू हम चेला ।।९।।

अर्थ– गोरखनाथ, रामचन्द्र आदि एकपनि त्यो होइन, न उसको निमित्त वेदको विचार गर्ने प्रयोजनै छ ।।६।। त्यो भ्रम-कल्पना हो । विष्णु शिव विधि, शिवको शक्ति आदि केही होइनन् । तीर्थ, शुभाचारको पनि यहाँ कुनै भाव छैन ।।७।। माता पिता गुरु आदि पनि ती होइनन् । त्यो केवल कल्पित मान्यताको स्वरूप हुनाले त्यसलाई के भन्ने ! एक कि दुइ ! ।।८।। गुरु कबीर भन्नुहुन्छ–आज यो मानव-शरीरबाट जसले 'जड-चेतन–दुवै द्रव्य-रूपमा सत्य हुन्, अर्को–कल्पना-मान्यता जति सबै झुट्टा रहेछन्' भनी सम्यक प्रकारबाट सम्झन्छ, उही समझ गुरुपद हो । राम कृष्ण खुदा ईसा द्वैत-अद्वैतादिको पक्षलिई जो 'मेरो ठूलो, म श्रेष्ठ' भन्दै गजक्क पर्दछ, त्यही अहङ्कारको चेलो हो ।।९।।

अरू– संसार-प्राणी अनेक कल्पना गर्दछन्–"माथि अधरमा स्वर्ग-सत्यलोक आदि छन्, त्यहीं जगत्-कर्ता भगवान्को निवास छ, हाम्रा स्रष्टा, रक्षक, मुक्तिदाता उनै हुन् भन्दछन् । ब्रह्मज्ञानीहरू-एक ब्रह्म व्यापक छ, उसमा माथि बताइएका अरू कोही-केही छैनन्, दोस्राको अस्तित्व नै छैन–" भन्छन् । तर विवेकबाट ती लोक-कर्ता र व्यापक ब्रह्म भनेकै बिना अस्तित्वका मनको

कल्पनामात्र सिद्धहुन्छ । यसैले आजसम्म कसैलाई ती उपलब्ध हुन नसकेका हुन् । पदार्थको त अस्तित्व हुन्छ, त्यो अनुभवमा आउँछ र प्रत्यक्ष पनि हुन्छ ।

अब हामी बाहिर दृष्टि दिउँ, जड-चेतनसहित अनेक पदार्थ सृष्टिमा विद्यमान छन् । यहाँ कार्य-पदार्थ बन्ने-बिग्रने भइरहन्छन् तापनि कारणरूपबाट सबै नित्य छन्, तिनको अस्तित्व कहिल्यै मेटिंदैन×। 'द्वैत वस्तु केही छैनन् । हुँदै नभएका' भनी कसैले भने पनि विवेकीजनका विवेक-चक्षुलाई त्यसले आवृत गर्न सक्तैन । ती मुखले मात्र एक भन्दछन्, तर आफ्ना दैनिक व्यवहारमा नानात्वबाटै आचरण गरिरहेका हुन्छन् । अवस्तु-अपदार्थ मिथ्या मान्यतामात्रको न अस्तित्व हुन्छ, न प्रत्यक्ष र अपरोक्ष अनुभव नै हुनसक्तछ । यसैले सबैका निश्चयमा फरक परेको हो । निस्पट्ट अन्धकारमा सबै एकत्व देखिन्छ■ ज्ञान-प्रकाशमै जस्ताको तस्तो नानात्व देखिन्छ । अतः यसमा जे जति कल्पना गरेपनि समाप्त हुँदैन । जति मन, उति कल्पना हुनाले यसको कहीं इति छैन । शून्यमा जति दौडेपनि कहाँ हद्द हुने ?

अतएव विवेकी साधकको काम हो– 'मनका कुनै कल्पना, भ्रान्ति मान्यतामा नलाग्नु । ब्रह्म राम परमात्मा भगवान् खुदा सोल–जे भने पनि हृदय निवासी ज्ञान स्वरूप अपरोक्ष चेतन नै हो, यही सत्यवस्तु हो । यसैको पूर्ण विवेक गरी जडदेखि सर्वथा पृथक स्व-स्वरूपमै स्थिति बनाउनु पर्दछ।

×– There is no such thing as death.
In Nature nothing dies. –Charles Mackay

"मृत्यु भन्ने जस्तो यहाँ केही चीज छैन । प्रकृतिमा केही कुरा मर्दैन ।"

■– 'रात्रिमा यो विश्व विभक्त हुँदैन, एकै देखिन्छ ...।' [अथर्ववेद १९।५।४७।१–९]

पुनश्च–संसारमा सबै सुखका खोजी छन् । सुरक्षा खोज्द-छन्, आनन्दका अति इच्छुक छन्; अन्तमा मुक्तिको खोजी सबै गर्दछन्। यहाँ यो मुक्तिको खोज पनि उही स्थायी सुख र सुरक्षाकै खोज हो । अतएव यसको निमित्त त मुख्य कर्तव्य हो–आफू द्रष्टा बनी, आफ्ना समक्ष आएका वासना-स्मृतिका प्रवाह र दृश्य देह-पदार्थहरूलाई हेर्ने अभ्यास गर्नु । यो द्रष्टापनाको अभ्यासमा केही दिनपछि जब वासना सम्मुख पर्न बन्दहुन्छ, अनि साधकको विवेक-होशमा ज्ञानको अस्तित्व स्वयंमात्र अवशेष रहिनेछ। स्वयंमा निमज्जित होइनेछ । त्यस समय साधकको सारा अहङ्कार गल्ने-छन्, चिन्ता-फिक्री केही बच्ने छैनन् । गम्भीर शान्तिको अनुभव हुनेछ । यही हो साँच्चिको द्विज–दोस्रो जन्म हुनु ।

स्थूल शरीर जन्मन्छ–माताको गर्भबाट, स्वरूप स्थितिरूपी जन्महुन्छ–साधना-अभ्यासको गर्भबाट । शरीरको जन्म-समयमा गर्भाशय, सालनाल–विकारसहित निस्किएको थियो; अब आसक्ति-कल्पनारूपी गर्भबाट विमोचित होइन्छ । बच्चा जन्मेपछि रुन्छ, स्थिति जन्मेपछि हाँस्तछन् (झलक्क आफ्नो अपार शान्तिको संस्मरण हुन्छ) अरू हजारौं व्यक्ति हर्षित हुन्छन् । क्षण-पश्चात् गम्भीर शान्तिको अनुभवमा डुबिन्छ । यो साधना-अभ्यासको पीडा सहेपछि फेरि बार-बार जन्म-मरण त्रि-तापको पीडा खप्न छुट्तछ । आसनको स्थिरता, द्रष्टा-अभ्यासको वीरता र आचारको गम्भीरताले ज्ञानमात्रको अस्तित्व रहने स्थितिलाई जन्मदिन्छ, यहाँ माता पिता स्वयं होइन्छ ।

विकारको घर–शरीरमा रहुन्जेल प्रारब्ध र मन साथसाथै हुनाले दुःख परिश्रम चिन्ता परवशता आदिको घोडदौड किचा-घानमा परिएको थियो; अब पारख स्थितिमा जन्मेपछि शाश्वत शान्तिमा निमग्न रहिन्छ । फेरि यो भन्दा शान्ति, सुख र सुरक्षा

अरू के चाहियो ! यस्तो अमूल्य शुभलाभ लिन छोडेर हामी अरू केमा अल्झने ! केमा रालचुहाई जन्म-जन्म ठगिने ! नश्वर सुख र शरीरतिर फर्केर के कोहेनूर हीरा गुमाउने ? होइन, विवेकी साधकको कर्तव्य हो–द्रष्टा स्थितिको अभ्यासलाई ज्यू-ज्यान दिएर अहिल्यैदेखि नै आरम्भ गरिहाल्नु । यतिमात्र पुरुषार्थ आज गरियो भने फेरि कहिल्यै पनि अरू कुनै पुरुषार्थ गरिरहनु पर्दैन ।

चुडका–४३

विज्ञ गर्छौं के विचार, न छ त्यहाँ सृष्टि सार; न छ सृष्टि-कर्ता कै स्वत्व ।।टे.

न त सूक्ष्म स्थूल त्यो हो, वायु अग्नि सूर्य न हो- चन्द्र धर्ती न त जलै ती ।
ज्योति रूप न हो काल, जहाँ छैन नष्ट हाल; न छ वाणी शरीर नै यी ।।
कर्म धर्म केही पनि, उहाँ मन्त्र पूजा मनी; छैन केही राम्रो हेरत !
संयम र भाव जहाँ, केही छैन ऊ मा कहाँ! दुइ कि एक, विचार गर त !

गोरख ती राम एक, उहाँ छैनन् केही नेक; न त उहाँ वेद विचार ।
हरि हर भज ह्वैनन्, शिवजी की शक्ति छैनन्; छैन त्यहाँ तीर्थ आचार ।।
माता पिता जहाँ गुरु, केही छैनन् त्यहाँ बरु; द्वैत मनो या त अद्वैत !
गुरु कबीर भन्नुहुन्छ, यो जन्ममा जो त गुन्छ; तिनै गुरु चेलो म हुँ त !

चुडका–४४

बुझ बुझ पण्डित करहु बिचारा, पुरुषा है कि नारी ।।१।।
ब्राह्मण के घर ब्राह्मणी होती, योगी के घर चेली ।।२।
कलमा पढि पढि भई तुरकनी, कलिमें रहत अकेली ।।३।।

अर्थ– पण्डितजन, सम्झ ! सम्झ ! राम्रो विचार गर ! तिमीले कर्ता भनेका ती को हुन् ? कुनै वस्तुतः पुरुष हुन् वा नारी, अर्थात् वाणी-कल्पनामात्र ! ।।१।। मानिसकै मनको यो मान्यता–ब्राह्मणका घटमा ब्रह्म-गायत्री, कर्मकाण्ड प्रतिपादिका बनी ब्राह्मणवर्गलाई छलेकी छ । योगीका घरमा चेली, ऋद्धि-सिद्धि-दात्री बनी, हठ योगका साधनाद्वारा योगीहरूलाई छलि-

रहीछ ।।२।। तुरकनी–मुसलमानका घटमा कलमा (मन्त्र) रूप बनी, सारा मुसलमानलाई पढाई, हिंसा-कुरबानीमा प्रवृत्त गराई पतित गराउने यो कलि–कल्पनाको युगमा कलमा नै अद्वितीय बनी रहेको छ ।।३।।

बर नहिं बरे ब्याह नहिं करे, पुत्र जन्मावनहारी ।।४।।
कारे मूँडको एकहु न छांडी, अजहूँ आदि कुमारी ।।५।।
मैके रहै जाय नहिं ससुरे, साईं सङ्ग न सोवों ।।६।।
कहैं कबीर मैं युग युग जीवों, जाति पाँति कुल खोवों ।।७।।

अर्थ– त्यो वाणी-मायाले वर–दुलहारूप भगवान्‌लाई कहिल्यै वरण गर्न सकिन, भगवान् भए पो वरण गर्न सकोस् । यसले न कसैसित विवाह् नै गरी, तैपनि शिष्य-शाखारूप पुत्र जन्माउने भई । अथवा कल्पित वाणीलाई कुनै वरले वरण र विवाह् नगरी, ईश्वर ब्रह्म खुदादि पुत्ररूप मान्यता जन्माउने भइरहीछ ।।४।। कारेमूँड–अविवेकपूर्ण मस्तिष्कका मानिसजति एक नछाडी, सारालाई भ्रान्त गराइसकी । पति–परमात्मा नहुँदा अझैपनि त्यो सदाकी कुमारी नै छ ।।५।। मैके–माइत (मनुष्य-जगत्‌मै) यसको निरन्तर निवास छ, ससुरे (ईश्वर-धाम स्वर्ग विहिश्त आदि) मा कहिल्यै-कोही पुगेका छैनन् । केवल वाणीको बादल नै सर्वत्र आच्छादित भइरहेछ ।

(जीव कल्पनामा परी भन्छ–) म ब्रह्म-पतिकै साथ समाधिमा रहनेछु, अब अज्ञान अवस्थाका पूर्वका पति–विषय-कुटुम्बका साथ मोह-निद्रामा सुत्तिन ।।६।। म नित्य अमर रहन्छु । जाति, कुल, धर्म–यी मेरा केही रहेनन् 'एको ब्रह्म, द्वितीयोनास्ति' ।।७।।

अरू– कल्पित वाणिकै पछि सबै कुहिराका काग बनिरहेछन् । ती वाणीले जता घिच्च्यायो उतै घिच्चिन्छन् । तर कल्पना-

का लोक र मालिक कहिल्यै भेट्टिने होइनन्, भए पो भेट्टाउन् ! बिना पारख यी कल्पना-भ्रान्तिमात्र हुन् भन्ने चिन्न र तिनबाट पन्छन कोही मनै गर्दैनन् । अनादिदेखि यसै गरी-गरी जीव खानीमा चक्कर काटिरहेछ । यसैले यो कल्पना 'अजहूँ आदि कुमारी' छँदैछ । अतएव अबदेखि कल्पना-वाणीका वेगमा उडेर 'कुहिराको काग' नबनौं । यो अमूल्य जीवनलाई व्यर्थ नगुमाउँ ।

हामी सर्वसमर्थ सत्य चेतन हुँ, उपर्युक्त सबै हाम्रै कल्पनाका प्रपञ्च हुन् । सबैको परीक्षा गर्दै, विजाति विकारजतिबाट पन्छेर स्वयंमा शान्त बन्ने पुरुषार्थमै अथक परिश्रम गरौं ।

चुडका–४४

बूझ-बूझ ! पण्डित जी, विचार न पुरुष कि; नारी के हुन् राम्रो तवर ।।टे.
बाहुनी बाहुन घर, योगीका कुटी तर; चेली बनी बसिरहेछिन् ।
कलमा पढी पढी, भई तुरुकनी बडी; एक्लै कली बीच बस्तछिन् ।।
बर वरणं न गरी, बिहे पनि क्यै नगरी; छोरा जन्छाउँने ती नारी ।
काला सिर भेटे जति, एक पनि नछाडी ती; अझ पनि शुद्ध कुमारी ।।
माइती मै बस्छिन् सँधै, पति-गृह जान्नन् कवैं; खसमका साथ सुत्तिन ।
कबीर भन्छन् भ ता, युग युग बांच्छु यता; जाति कुल पद्धति मान्दिन ।।

शब्द–४५

को न मुवा कहो पण्डित जना! सो समुझाय कहो मोहिसना ।।१।।
मूये ब्रह्मा विष्णु महेशू, पार्वती सुत मुये गणेशू ।।२।।
मूये चन्द्र मुये रवि शेषा, मुये हनुमन्त जिन्ह बाँधल सेता ।।३।।
मूये कृष्ण मुये कर्तारा, एक न मुवा जो सिरजनहारा ।।४।।
कहहिं कबीर मुवा नहिं सोई, जाको आवागमन न होई ।।५।।

अर्थ– हे पण्डितवर्य ! शरीरमा जडतत्त्व र चेतनको जमघट थियो, ती मध्ये को मऱ्यो ? जड कि चेतन ? यो कुरा मलाई राम्रोगरी सम्झाई भन्नोस् ! जडतत्त्व मऱ्यो भनौंभने

तिनको समूहरूप शरीर प्रत्यक्ष छँदैछ, चेतनको कहिल्यै विनाश हुने होइन। अब मन्यो को ? वास्तवमा जो कल्पित मान्यतामा पऱ्यो, उही मऱ्यो। कार्यरूप मिथ्या देह थियो, त्यो छुट्यो। कारणरूपबाट दोस्रो कार्यमा परिणत भयो ।।१।।

ब्रह्मा विष्णु महेश्वर पार्वतीका पुत्र गणेश, चन्द्र सूर्य नामका देवता, शेषजी, सेतुबन्ध रामेश्वरमा पुल बाँधदा विशेष पुरुषार्थ गर्ने बलशाली हनुमान, श्री कृष्णचन्द्र, कर्ता भनेका दक्षप्रजापति आदि सबै मरी-मरी गए, कल्पनामा परे। एक सिर्जनहार–मन-मान्यता मरेन। जो बारम्बार शरीर धारण गराइरहने मुख्य कारणरूप बनेको छ ।।४।। गुरु कबीर भन्नुहुन्छ– वास्तवमा नमर्ने तिनै हुन्–जो आफ्नै मन-मारी, स्वरूप बोध-स्थितिको प्रज्वल प्रकाशमा निमग्न बनेका छन् ।।५।।

अरू– प्राणीमात्रको शरीर एक दिन छुट्छ-छुट्छ। तर भक्ति, सत्सङ्ग, सदाचार-रहितका संसारीजन आसक्ति-कल्पनामा परेर, बोध-विचारबाट वञ्चित रही, सबै मरे–भ्रान्तिमा परे। जीवको शरीर छुट्छ र पनि मनको कल्पना भने कहिल्यै छुट्तैन, लरतरो चोटले मन मर्ने होइन। यसैले बार-बार अनेक शरीरको निर्माण गराई नै रहन्छ। यो त अज्ञान रहेसम्म नमर्ने एउटा छायासमानको मन-कल्पनामात्र हो ।

तर साँच्चिकै नमर्ने उही हो– जो स्वयं सत्य छ, जसले मन-मान्यता, वासना-आसक्तिलाई सर्वथा मेटाई; स्वयं चेतनको स्थिति बनाएको छ। यस्ता पुरुषले विजाति बन्धन शरीर-पदार्थ, भ्रम-मान्यता, कल्पनावाणी–सबैको पारख गरी, सबैदेखि पन्छेर स्वयं द्रष्टा चेतनमात्र अवशेष रही, उसैमा स्थिति बनाएका हुन्छन्। अतएव अब उनको मृत्यु हुने कसरी ? यस्ता महात्माको प्रारब्धभोग पूर्णहुन्छ, बोक्रोसमानको शरीर पृथक भई झर्दछ,

चुरोसमानको चेतन साक्षात् ज्ञानमात्र अवशेष रहन्छ, ऊ कहिल्यै मर्दैन । सालका बोटको चुरो (अग्राख) त हत्तपत्त कुहिने सड्ने हुँदैन । भन्दछन्– "हजार वर्ष खडा, हजार वर्ष पडा, हजार वर्ष गडा–रहन्छ" भने यो त प्राणिमात्रका 'मनभित्रको पनि चुरो' पो हो । यसलाई केहीले छुन सक्तैन, कसैबाट केही गरेपनि यसको विनाश हुने होइन ।

चुडका–४५

को मरेन हे पण्डित! समझाई त्यो म सित– भन्नु हवस् आज खुलस्त ।।टे.
ब्रह्मा विष्णु शिव मरे, उमा पुत्र गणेश मरे; चन्द्र सूर्य शेषनाग र ।
मरे हनुमान जसले, पुल हाले स्व बलले; बचेनन् ती कोही आखिर ।।
कृष्ण मरे कर्ता मरे, काल मुख सबै परे; एक कर्ता कहिल्यै मर्दैन ।
कबीर ज्यू भन्नुहुन्छ, साँच्चै उही नमर्ने छ; जो त आवागमन गर्दैन ।।

शब्द–४६

पण्डित एक अचरज बड होई ।।१।।
एक मरि मुये अन्न नहिं खाई, एक मरे सिझै रसोई ।।२।।
करि अस्नान देवनकी पूजा, नौ गुण काँध जनेऊ ।।३।।
हँडिया हाड, हाड थरिया मुख, अब षट कर्म बनेऊ ।।४।।

अर्थ– पण्डित ज्यू ! एउटा ठूलो आश्चर्यको घटना घटिरहेछ ।।१।। त्यो के भने– परिवारका एक सदस्यको मृत्यु हुँदा भने बाँकी परिवारले त्यो दिन अन्न पनि खाँदैनन्, शोक मनाई बस्तछन् । किन्तु यता विद्वान् सर्वश्रेष्ठ बनेका ब्राह्मणहरू पनि एक अदना–खसी बोका माछाहरू मारी घर-भान्सामा लगी पकाउँछन् ।।२।। आफू भने उता स्नान गरी (पवित्र भइटोपली) जप-पाठ गरी देव-देवीको पूजा गर्दछन् । काँधमा नौ*गुणका प्रतीक

---

* स्वाभाविक हो ब्रह्म कर्म, शान्ति शौच तपः शम !
ज्ञान विज्ञान दम र, सोझ्याई आस्तिकीपन ।। [गी. १८।४२]

मेरा प्यारा भाइ हो ! यो त जानाजान सारै नराम्रो, घोर अपराधको कर्म भयो* है ।।५।। यस्ता कर्म गर्ने यहाँहरूजस्तालाई ब्राह्मण, महीदेव, भूसुर . . . भन्ने हो भने कस्तालाई कसाई भन्ने नि ! ।।६।। गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, मानिस कल्पित वाणी सुनी-सुनी ठूलो भ्रान्ति र भूलमा परेका छन् ।।७।। 'पुरुषोत्तम परमात्माको महिमा अपार छ' भन्दै 'उनको राज्यमा जे गरेपनि हुन्छ, उनको नाम लिए तरिहालिन्छ' भन्ने सम्झन्छन् । या गति–यिनका चालामालाको मर्म बिरलै विवेकीले मात्र बुझेका हुन्छन् ।।८।।

अरू– पुरुषोत्तमको महिमा अपार छ– 'देव-देवीमा बलि दिनुपर्छ, यज्ञमा पशुबध गर्ने मांस-शोणितले हवन गर्ने' अल्लाह गार्डका नामबाट कुरबानी गर्ने, धर्मयुद्ध भनी जीव-बध गर्ने विधान बताउँछन् । के बलि-कुरबानी आदिबाट मारिने प्राणीलाई कष्ट हुँदैन ! ती बबुरा रुँदैनन् ! छट्पटाउँदैनन् ! हाय दयालुता ! धन्य हो त्यो मेहरबानीलाई ! दयालु व्यक्ति पनि हिंसा बलि, मांसाहारलाई पुस्तकमा लेखिएको छ भनी पक्ष पक्रेर आँखा चिम्लन्छन् । यिनका निमित्त कल्पित देवी-देवताका मन्दिर त कस्ता भए भने– दया र धर्मलाई गाड्ने महान् खाडल ! अधर्मको आर्जन गर्ने पापको पसल । पूर्वका कुनै आमिष–मांसाहारी स्वार्थी, चतुर व्यक्तिले स्वार्थ सिद्धिका लागि वेदादिमा यत्र-तत्र हिंसापरक सूत्रहरू घुसाइदिएकाले पछिका विवेक-विहीन अज्ञ भयभीत र लुब्ध व्यक्तिका निमित्त तिनै शब्द ढुङ्गाका अक्षरसमान हृदयमा लेखिए, लाल मोहर लागेका कागत भन्दा पनि अधिक अकाट्य

* हे माथिल्ला दाँत हो ! (श्रेष्ठ मानव !) तिमीहरू अहिंसक बन । धान जौ उदड र तील भक्षण गर । व्रीहि आदि तिम्रो भाग प्रस्तुत छ । यी बालक (अज्ञानी)का माता पितालाई नष्ट नगर । [अथर्ववेद काण्ड ६ अनु. १३ सू. १४०।१,३]

सम्भिए। यदि अब पाशविकतादेखि रहित हुने हो भने, यस कुरामा सबैले सावधान बनी विवेक गर्नै पर्दछ ।

हाम्रोनिम्ति खाद्यवस्तु– पवित्र, स्वादिष्ट उत्तमोत्तम अनेक अन्न फल फूल कन्द मूल मेवा मिष्टान्नादि छन् । ती व्यञ्जनादि खाई हामी बाँच्न, विशेष शक्तिशाली बन्न र साथै यथेष्ट स्वाद- सुख लिन सक्छौं । अदना पशु-पक्षीहरू मारी वा किनी मासु-फुलहरू खानु पर्दैन; खान ठीक पनि होइन । यिनको पनि ज्यू-ज्यान हाम्रै समान हो भन्ने सम्भी, हृदयमा दयालाई पनि किंचित् स्थान दिउँ । अपवित्र भोजन-भक्षण गर्ने नियम हटाई मानवीय सात्विकी आहार गर्ने गरौं । पछिको निमित्त पाप-वासनाले अन्तःकरण नभरौं ।

किनभने खाने जन-समाज नै हुन, व्यक्ति-व्यक्ति मिलेर नै समाज बन्दछ । एकैएक जनाले पनि यो शुभ सम्मति सम्झिदिई आफ्ना साथी परिवारमा समेत् यही विवेक जाग्रत् गराइदिनु भएमा सबै मानिसको अपराध निवारण हुनेथियो । आफूलाई पनि प्रतिफल भोग्ने, कष्टमा रुने र दुःख पाउने अवस्था आउने थिएन । उता ती अनाथ जीवहरूको हत्या रोकिई रक्षा हुनेथियो, तिमीवाट तिनीहरूले कष्ट पाउने थिएनन् । हामी सबै दैवी गुण-वाट विभूषित रही, सुख शान्तिमा निमग्न रहनेथियौं ।

चुडका–४६

पण्डितजी हेर एक, कस्तो भा को यो उधेक; एक मर्दा अन्न न खाने ।।टे.
एक मारी पकाउँछन्, न्वाई देव पूजा गर्छन्; नौ गुण का जर्न लाउँछन् ।
कर्सौडीमा मासु हाड, थाल हाड मुख हाड; राम्रै बन्यो षट्कर्मता छन् ।।
धर्मको त काम गर्छौ, त्यहीं जीवलाई मार्छौ; अकर्म भो सारै यो भाइ !
यस्ता व्यक्ति तिमीलाई, भन्छन् बाहुन् धोता हाई; कसलाई भन्ने कसाई ?
भन्नुहुन्छ श्री कबीर, सुन सन्त मति धीर; भ्रम भूल जगत् जीव छन् ।
अपरम्पार जो छ, पुरुष त्यो उत्तम छ; बिरलै यो गति पाउँछन् ।।

★

शब्द–४७

पाँडे बूझि पियहु तुम पानी ।।१।।

जेहि मटिया के घरमें बैठे, ताने सृष्टि समानी ।।२।।
छप्पन्न कोटि यादव जहँ भीजे, मुनिजन सहस अठासी ।।३।।
पैग पैग पैगम्बर गाडे, सो सब सरि भौ माटी ।।४।।
मच्छ कच्छ घरियार बियाने, रुधिर नीर जल भरिया ।।५।।
नदिया नीर नर्क बहि आवै, पशु मानुष सब सरिया ।।६।।

अर्थ– पण्डितज्यू ! तपाईंहरू जानी-बुझीमात्र पानी पिउनुहोला ! (यो गुरु कबीरको व्यङ्ग्योक्ति हो । भाव हो– पानी माग्नु-पिउनु पर्दछ भने 'पवित्र पात्र, शुद्ध जल, दिने व्यक्तिको हात-शुद्ध पवित्र' हेर्नु । जाति-वर्ण किन सोध्नु पर्दछ !) ।।१।। के यी कुरा तपाईंले राम्ररी विचार गर्नुभएको छ ! जुन माटाको घर–पृथ्वीमा तपाईं-हामी सबै बसेका छौं, जसमा समस्त कार्य पदार्थ र मनुष्यादि जीव जन्तुका शरीर कुहिई मिलेका छन् । जीवित प्राणी पनि सबै खानि, सबै जातिका यसैमा छन् । फोहोर मैला सारा यही पृथ्वीमै फाल्दछन् ।।२।। छपन्न करोड यादव गण, अठासी हजार ऋषि-मुनि सबैका शरीर यहीं मिलेका छन् ।।३।।

पाइलैपिच्छे असंख्य पैगम्बर गाडिएका, सबै सडी-सडी माटो बनेका छन् । उही पृथ्वीमा हामी सबै एकछत्त बसेका छौं । पुनः यसै पृथ्वीको माटोबाट गाग्रा-घैंटा, कुलीन-कतारा आदि बन्दछन्, तिनमा दूध-दही, तेल-घिउ हाली खान-पिउन भने हुने, केवल सेवकवर्णका व्यक्तिले छोएको पानी भने पिउन नहुने !।।४।। पानीमा माछा भ्यागुता कछुवा गोही कीराहरू साराका सारा जल-जन्तुहरू बियाउँछन्, तिनका रगत मल मुत्रादि फोहर सबै पानीमैं मिलेका हुन्छन् ।।५।।

गङ्गा यमुना नर्मदादि नदी तथा असंख्य खोला-नालाका जलमा शहरी नाल, गाउँ-घरका फोहोर-मैला सबै बगी-बगी आई मिल्दछन् । मरेका मनुष्य पशु पक्षी सर्पादि सबै सडी-गली त्यहीं मिसिएका हुन्छन् । यस्तो पानी भने पवित्र हुने, पानीका पात्रको पनि बाहिरी भागमा कसैले छोइदियो भनेमात्र पनि अशुद्ध हुने !॥६॥

हाड झरी झरि गूद गली गलि, दूध कहाँ से आया ॥७॥
सो ले पाँडे जेंवन बैठे, मटियहि छूति लगाया ॥८॥
वेद कितेब छाँडिदेहु पाँडे, ई सब मनके भरमा ॥९॥
कहहिं कबीर सुनो हो पाँडें, ई सब तुह्मारो करमा ॥१०॥

अर्थ– गाईले खाएका घाँस-पराल आदिबाट दूध बन्दछ । हाड झरी-झरि–हाडको मार्ग– झर्नेझर्ना हुँदै, गूद गली-गलि–मासु नसाका गल्लि-गल्लि (बाटो) गरी, नारीवर्गका स्तनमा दूध आउँछ । त्यो दूध कहाँबाट आयो ! अपवित्र मार्गद्वारा नै न हो !॥७॥ उही दूध भने कचौराभरी लिई तपाईं पण्डितज्यू भोजन गर्न मजाले बस्ने, उता माटाका भाँडा र शरीर भने अरूले छुँदैमा बिटुलो हुने ! के यो समझ ठीक हो त !॥८॥

छुवाछूत र वर्ण-विभेदको मान्यता, जन्मजातका दृष्टिबाट ठूला-सानाको विभेद, अन्ध-विश्वास; इस्लामहरूको काफर, सिया-सुन्नी आदिको विभेद– यी सबैको निम्ति जो वेद स्मृतिका वचन, कुरानका पारा-आयतहरूका प्रमाण दिनुहुन्छ । ए पण्डितज्यू! तथा जनाब मौलबी ! अब यस्ता कुरा गर्न छाड्नोस् ! यी सबै मनकै भ्रान्तिमात्र हुन् ॥९॥ गुरु कबीर भन्नुहुन्छ–हे पण्डितज्यू ! यस्ता विवेक विहिन अड्कलगरी थरी-थरीका कल्पना गर्ने तपाईं ब्राह्मण-जाति र मनुष्य जीवकै काम हुन् ॥१०॥

अरू– यहाँको भनाई– 'अपवित्र हुनाले माटाका भाँडा प्रयोग नगर्नु, पानीको उपयोग नगर्नु, गाई-भैंसीको दूध ग्रहण नगर्नु भन्ने' गुरु कबीरको अभिप्राय होइन । यही– 'हाड भरी-भरि' को प्रमाण पक्री कति-कति व्यक्तिको समझ छ – 'गुरु कबीरले दूध ग्रहण गर्न निषेध गर्नुभएको छ ।' होइन, गुरु कबीरका सबै वाणी को शब्दार्थमात्र पक्रने हो भने भैंमा बस्न पनि भएन ; माटाका पात्र सारा बेकम्मा भए । पानी दूध सबै अपवित्र ठहरे । पृथ्वीमा टेक्न पनि नपाइने भयो । अझ अन्न फल-फूल, शाक-तेलहरू पनि खान-उपयोगमा लिनलाई पवित्र ठहरिन कठिनै पर्ला !

खाएका वस्तुको परिणाम रगत बनी दूध बन्न, शरीर-विज्ञान अनुसार विशेष दिन लाग्दछ। यता गाई-भैंसीलाई केरा, चामलको पीठो, मुङ्ग्रेलो, चीनीको शर्बत दुधे घाँसहरू अथवा दुधै पनि बेलुका खुवाई पियाइदियो भने बिहानै दूधमा धेरै वृद्धिहुन्छ (यो अनुभूत कुरा हो) । यसउसले सोझै हाड-मासु नै गलेर दूध बनी आएको होइन । रक्तको परिणाम दूध पनि होइन । उता रक्त-मांस लिंदा अरूलाई सताई-रुवाई ज्यान लिनुपर्छ, दूध दुहुँदा कष्टको सट्टा लैनो गाई-भैंसीको स्तन हलुका भई झन् सञ्चो मान्दछन् ।

खेत-बारीमा फोहर मल पर्दा साग, अन्न आदि सप्रन्छन्, मलको अंश अन्न-पातमा आएको हुन्छ । ती अन्न, शाकहरू सबै सुज्ञजन पनि खान्छन्; तर सोझै मल त कसैले खाँदैनन् । यस्तै गाई–भैंसीका खाद्यको परिणाम दूधलाई दोषी भन्न मिल्दैन । हाड–नसाका मार्गबाट दूध आउने हो, तर जिउँदा प्राणीका हातका नङ-छालाहरू अपवित्र मानिदैनन् । ऋग्वेद १।१२।७१। ९ मा दूधलाई अमृततुल्य भनेको रहेछ । उही वेदको १०।६। १७९। ३ मा–गाईको स्तनमा दूध प्रथम पाक हुन्छ, पुनः अग्निमा पकाइन्छ; तब पाकको श्रेष्ठ क्रिया पूर्णहुन्छ । त्यस बखत त्यो

नवीन रूपमा अरू निर्दोष हुनजान्छ भनेकोछ। यसैले दूध-दहींलाई सात्विकी पदार्थ सम्झी प्राचीन समयदेखि नै फलाहारको रूपमा ग्रहण गरिंदै आएको रहेछ। गुरु कबीरबाट पूर्व शब्द १० मा 'हिन्दू बरत एकादशी साधे दूध सिंगारा सेती' भनी शुद्ध उत्तम फलाहारकै लक्ष्यबाट बताउनु पनि भएको छ।

सबै प्राणीका शरीरमा भोजनको रसबाट रक्त मांस मल मूत्रादि बनेसमान दूध पनि सबैका अङ्गमा नबनी, मनुष्य र पशु स्तन-पायी जातिमा पनि स्त्रीवर्गमा मात्र बन्दछ। तिनमा पनि जब गर्भमा बच्चाको शरीर बन्न–बड्न थाल्दछ, तबै स्तनमा दुग्ध बन्दै स्तनको वृद्धि हुंदैजान्छ। बालक जन्मेपछि आहाराको निम्ति चुस्न, दूध तयार भइरहेको हुन्छ। बच्चा जब आ-आफ्ना खाद्य पदार्थ–अन्न घासहरूमा निर्भर हुँदै जान्छन्, उता दूध बन्न पनि कम हुँदैजान्छ र बच्चा खाद्यमा पूर्णनिर्भर भएपछि दूध बन्न सर्वथा बन्दहुन्छ।

यस्तो प्रकृतिको नियमबाट पनि दूध भन्ने पदार्थ बच्चाकै प्रारब्धबाट तयार हुनेरहेछ भन्ने स्पष्ट सिद्ध छ। बच्चाको अहारा भाग छाडी, दूध-दुहुने, साथै माउको पनि राम्रो स्याहार-सम्हार गरी उचित मात्रामा दूध-दुहुने गरेमा दूध दुहुन खानमा कुनै दोष छैन; साधना वैराग्यको भावबाट ग्रहण नगर्नु बेग्लै कुरा हो। यही यथार्थ अन्वेषक पारखी सन्त हरूको शुभ सम्मत पनिछ।

व्यक्ति-व्यक्तिमा कसैले पनि जन्मजातको नाताबाट आफूलाई उच्च सम्झी गर्व गर्नु, अरूलाई नीच सम्झी तिरस्कार गर्नु-भूल हो। शुभ आचार र सद् विचारबाट मनुष्यको श्रेष्ठत्वको मापदण्ड हुनुपर्दछ। शुद्ध, सरल सात्विकी स्वभावसम्पन्न इमान्दार मानिस भएपनि झन् सेवा वृत्तिका व्यक्तिहरूलाई अछूत सम्झनु र जलको पात्र छुँदैमा बिटुलो भयो भन्नु, यस्ता पाखण्ड,

मानववर्गबाट सर्वथा हटाउनै पर्दछ भन्ने मुख्य यो शब्दको भाव हो ।

यसमा यो कुरा पनि विचारणीय छ– मानिसको बाह्य शुद्धिबाटै अन्तरशुद्धि हुन सक्तछ । अतएव खान-पानमा मदिरा मांस माछा फुल गाँजा भाँग अफीम सुर्ती तमाखु कक्कड् चुरोट बिडी आदिको सेवन सर्वथा व्यर्थ, अयोग्य र अशुद्ध हो; यी सबैको त्याग हुनै पर्दछ । शरीर कपडा घर पात्रहरूको शुद्धि निमित्त स्नान गर्नु धुनु माझ्नु बढार्नु लिप-पोत आदि बराबर गर्दै रहनु, यो शरीरको बाह्य शुद्धि भयो । यस्तै वाणी र मनको शुद्धि निमित्त पनि प्रयत्नपूर्वक लागिपर्दै रहनु । भोजनमा शुद्ध पदार्थ राम्रोसंग हेरी-केलाई, चाली, अमनियाँ (शुद्ध) गरो, दूध घिउ तेल जलादि छानी, तत्पश्चात् शुद्ध अहिंसक व्यक्तिले शुद्धतापूर्वक बनाएको भोजन ग्रहण गर्ने नियम बनाउनु सर्वोत्तम हो ।

यसरी पवित्र आचारको पालन नगरी अशुद्ध गन्दगीयुक्त अवस्थाका त कुनै वर्णका व्यक्तिसित पनि कदापि नमिस्सिई, सके-सम्म अलग्गै रहनुपर्दछ । यस्ताले दिए-बनाएका खाद्य पदार्थहरू खान कदमपि उचित पर्दैन । आसुरी स्वभाव एवं व्यवहार धारण गर्ने व्यक्तिहरूसित पनि शुद्ध सात्विकी जनका साथ संसर्ग गरेझैं सर्वथा निर्भेद व्यवहार गर्न बन्दैन । तर पनि प्राणीमात्रलाई आफैं समान सम्झनु, कसैलाई तुच्छ नसम्झनु; समय-योग्यतानुसार शील-सद्भावनायुक्त व्यवहार गर्नु-सबैको कर्तव्य हो ।

तेरी जाती जीव सब, दुखिया वश अज्ञान ।
तिनको राह बताइए, दया धरि करो सुजान ।।

[त्रिजाको अन्तिम स्तुति]

चुड्का–४७

पण्डित जी! तिमी जानौ,	बुझी अनि मात्र पानी;	खानु है त गुन मनैमा ।
जो माटाको घर तिमी,	बसेका छौ मेरो भनी;	सृष्टि सबै लीन उसैमा ।।
छप्पन्न कोटि यादव,	सडी गली मिलेका सब;	अठासी हजार मुनि जन ।
पैगम्बर पर्दै पिच्छे,	सडी गाडी माटा मुछिए;	माछा ग्राह कूर्म ब्याउँछन् ।।
त्यै पानीमा रक्त फोहर,	मिसिएको छ सरोवर;	नदी नाला नर्क मिल्दछ ।
पशु मान्छे सबै मर्छन्,	सडी गली त्यहीं पर्छन्;	उही पानी त्यहाँ बग्दछ ।।
हाड झर्ना झर्ना हुँदै,	नसा गल्ली गल्ली दूधै;	भन कहाँबाट आएको !
त्यही लिई विज्ञ बस्छन्,	हर्षौ खान अघि सर्छन्;	माटालाई छूत लाएको ।।
वेद किताब छाडी देउ,	पण्डित विचारि लेउ;	यो सबै हो भ्रान्ति मनैको ।
भन्नुहुन्छ श्री कबीर,	सुन पाँडे न्याय वीर;	यो त सबै कर्म तिम्रै हो ।।

शब्द–४८

पण्डित देखहु हृदय विचारी, का पुरुषा को नारी ।।१।।
सहज समाना घट घट बोले, वाके चरित अनूपा ।।२।।
वाको नाम काह कहि लीजै, ना वाके वर्ण न रूपा ।।३।।
तैं मैं क्या करसी नर बौरे, क्या मेरा क्या तेरा ।।४।।
राम खुदाय शक्ति शिव एकै, कहु धौं काहि निहोरा ।।५।।

अर्थ– पण्डितज्यू! हृदयमा ठीक-ठीक विचार गरी हेर्नोस्! को पुरुष हो, को स्त्री ! शुद्ध ज्ञानस्वरूप अपरोक्ष चेतन, स्त्री-पुरुष दुवैदेखि फरक छ । जो मायामा लुब्ध छ उही हो स्त्री, जो चेतनतिर फर्कन्छ, विवेकमा जो जागेको छ, उही वास्तवमा पुरुष हो ।।१।। जीव चेतन, कर्म-वासनावश शरीर धारण गरी, त्यही शरीरको प्रेरक तथा संचालक बनी बोलिरहेछ । त्यो चेतनको चरित्र–स्वभाव अति अनौठाको, 'जड-स्वभावदेखि सर्वथा पृथक ज्ञानै ज्ञानको पुञ्ज' छ ।।२।।

उसको नाम तिमी के भनी पुकार्दछौ ! 'चेतन ज्ञानस्वरूप रमैयाराम खुद-खुदा' इत्यादि । यी पनि सबै व्यवहार चलाउ एक

सांकेतिक नाम हुन् । उनको वर्ण न कालो, न गोरो, न गोल स्वरूप ! यी सबै नाम रूप वर्ण केवल भौतिकी वस्तुका हुनाले चेतनमा यी केही छैनन् ।।३।। हे सिल्ली मानिस ! तुच्छ शरीरको निम्ति नाहक के तेरो-मेरो गरी लड्दछौ ! ती सारा पदार्थ जड-क्षणभङ्गुर हुन् । यहाँ तेरो र मेरो भन्ने वास्तवमा केही छैन ।।४।। राम अल्लाह शक्ति महाकाली शिव सबै तिमीसमानकै कर्मका वशीभूत शरीरधारी एक-एक जीव नै हुन् । अतः यिनको निहोरा बाट के हुन्छ ! तिम्रो कर्म-फलको भोगमा यिनले घटी बढी केही गर्नसक्ने होइनन् ।।५।।

अरू- नारीवर्गले यहाँ बिवेक गर्नु योग्य छ- कबीर साहेबले नारी जातिको अवहेलना गर्नुभएको छैन । दुवैथरीको बरोबर आदर गर्नुभएको छ ।'

वेद पुराण कितेब कुराना, नाना भाँति बखाना ।।६।।
हिन्दू तुरुक जैनी औ योगी, ये कल काहु न जाना ।।७।।
छौ दर्शन में जो परवाना, तासु नाम मन माना ।।८।।
कहहिं कबीर हमहीं पै बौरे, ई सब खलक सयाना ।।९।।

अर्थ– कल्पनाग्रस्त जनले वेद पुराण कितेब कुरान बाइबिल आदि ग्रन्थमा धेरै-धेरै कल्पना गरी ईश्वर अल्लाह ईसाको छुट्टा छुट्टै मान्यता खडा गरेका छन् ।।६।। तर हिन्दू-मुसलमान, जैनी योगी आदिमा कसैले पनि 'कल्पना जति मिथ्या हो, समस्त कल्पना का कर्ता– चेतन ज्ञानमात्र अपरोक्ष स्वरूप नै सत्य हो' भन्ने परीक्षा गरी, स्वयंमा शान्त हुनेतर्फ लक्ष्य दिएनन्, बाहिरै बाहिर मात्र रङ्गबङ्गिई रहे ।।७।।

योगी-जङ्गमादि षट्दर्शनी मध्ये जसलाई जो निश्चय छ, उही-उही सिद्धान्त–कल्पित वस्तु र नाममा सबैको मन राज़ी

छ ।।८।। गुरु कबीर भन्नुहुन्छ– यस्ता परिस्थितिमा मैं बौलाहा बनिरहेछु, सब संसारै समझदार छन् । (यो गुरु कबीरको वक्रोक्ति हो । उहाँको आशय हो– यस्ता संसारी पनि झन् आफैं समझदार बनी, उल्टो मलाई पो बौलाहा बनाइरहेछन्) ।।९।।

चुडका–४८

पण्डित जी हेर्नु हवस्, भित्र विचार गर्नुहवस्; को पुरुष ! को हुन् महिला! ।।टे
स्वाभाविक घट घट- वसी वाणी बोल्छ नित; अनोठाको चाल उसको ।
उसको के नाउँ भनी, सम्बोधन गर्ने हो नि ! वर्ण रूप छैन त्यसको ।।
तँ तेरो र 'म' मेरो के ! गर्छौं सिल्लि नाहक ए; के तिम्रो हो केहो मेरो खै !
शिव शक्ति राम खुदा, बूझ एकै ह्वैनन् जुदा; कसको गरौं खुशामद गै !
कितेब कुरान वेद, पुराण ती बने जे त; नाना भाँति व्याख्या गरेर ।
मुसलमान हिन्दू जैनी, योगी आदि कसैले नि; जानेनन् यो भ्रान्ति भनेर ।।
छः दर्शन प्रमाणित, जो गर्दछन् सब सित; उसकै नाम मन मान्दछ ।
भन्नुहुन्छ कबीर गुरु, पागल हुँ मैं पो बरु; संसार सबै होशियार छ ।।

शब्द–४९

बुझ बुझ पण्डित पद निर्बान, साँझ परे कहवाँ बसे भान ।।१।।
ऊँच नीच पर्वत ढेला न ईंट, बिन गायन तहवाँ उठें गीत ।।२।।
ओस नप्यास मन्दिर नहिं जहवाँ, सहस्रों धेनु दुहावैं तहवाँ ।।३।।
नित अमावस नित संक्रान्ति, नित नित नौग्रह बैठे पाँति ।।४।।
मैं तोहि पूछौं पण्डित जना, हृदया ग्रहण लागु केहि खना ।।५।।
कहहिं कबीर इतनो नहिं जान, कौन शब्द गुरु लागा कान! ।।६।।

अर्थ– ए योगका पण्डितजन ! सम्झ, मोक्षपदको हाल ठीक-ठीक जान । तिम्रा ध्यान-समाधिरूपी सन्ध्यासमयमा यो सूर्यरूपी चेतनको निवास कहाँ रहन्छ ! अथवा समाधि उत्रेपछि वा मरण-पश्चात् तिम्रो ध्यान-समाधिजन्य ज्योतिस्वरूप कहाँ जान्छ ! ।।१।।

(पूर्वपक्ष–) समाधिमा जब-जब मनोवृत्ति एकोहोरिन्छ, तब-तब त्यहाँ अग्लो होचो पहाड डल्ला ईंट–केहि रहँदैन। बिना गायक-वादनकै अनेक गायन-वादनको ध्वनि उठ्दछ,दश अनहदनाद सुनिन्छ ॥२॥ त्यहाँ न ओश–ठण्डी, न प्यास–गर्मी, न कुनै मन्दिर ! जहाँ ठण्डी-गर्मी नै रहँदैन, त्यहाँ मन्दिर-महल को के आवश्यकता ? सहस्रों धेनु दुहावै तहवाँ–त्यस बखत हजारौं आनन्द-वृत्तिको धारा वर्षा भइरहन्छ। अथवा हजारौं श्रुतिद्वारा महिमा गायन भइरहेछ ॥३॥

नित अमावस नित संक्रान्ति–इडा-पिङ्गला–दुवै लयभई जब सुषुम्नामा वृत्ति स्थिर हुन्छ, अनि योगनिद्रारूपी अमावस्या हुन्छ। ध्यानबाट विचलित भई सङ्क्रमणमा पर्नु–यही सङ्क्रान्ति पनि दिनप्रति परी नै रहन्छ। नित-नित नौग्रह–दिनदिनै शरीरका नवैद्वार बन्दगरी सन्मुखी मुद्रा वा केवल कुम्भकको अभ्यास गरी बस्तछन् ॥४॥

(उत्तर पक्ष–) प्रिय पण्डित-योगीजन ! म यहाँहरूसित सोद्धछु–तपाईंको हृदयमा ग्रहण–कल्पनाको टाटोले कहिलेदेखि आच्छादित गरेको हो ! ॥५॥ गुरु कबीर भन्नुहुन्छ–यति कुरा पनि जान्दैनौ भने तिम्रा गुरुले कानमा कुन शब्दको प्रबोध गरेका थिए ! तिमी शिष्यलाई के उपदेश गर्दछौ ? ॥६॥

अरू– योगी–ध्यानीजन ब्रह्माण्डमा श्वास-चढाई समाधि लिन्छन्। अथवा भृकुटी वा हृदयमा ध्यान गरी ज्योतिमा टकटकी लगाई हेर्ने, अनहदनाद सुन्ने, निर्विकल्प समाधि भनी बेभान बनी बस्ने अभ्यास गर्दछन्, यही निर्वाणपद सम्झी मग्न हुन्छन्। यसैले यहाँ गुरु कबीरबाट त्यसैको समीक्षा बताउनु भएको हो। जो तिम्रो ज्योति अनहदनाद समाधि निर्वाणपदको आनन्द हो,

त्यो ध्यानावस्थामा क्षणिक झलकहुने जड-प्रकाशको आभास, शब्दा-भास र सुषुप्तिवत् लयावस्थाको आनन्द लट्ठपनामात्र हो। यी कुनै चिरस्थायी शान्तिको स्वरूप र मुख्य माध्यम होइनन्। त्यस्तो समाधि, विशेष सबैलाई सँधै लागिरहन सक्ने पनि हुँदैन। अभ्यासबाट कहिले-काहिं केही क्षण रहन्छ; तर क्षणपश्चात् लोप भइहाल्दछ, त्यहाँबाट उठेपछि त बिलकुलै रहँदैन।

त्यो ध्यान अवस्थामा चेतन रहन्छ तापनि पारखदृष्टि बिना 'तिनै ज्योति, अनहदध्वनि आदिमा वृत्ति सम भइरहेको हुन्छ, आफ्नो होश, विवेक, स्वरूपभाव रहेको हुँदैन।' यसैले माथि शब्दको अन्त्यमा गुरु भन्नुहुन्छ— 'यस्तो बोधस्वरूप चेतन-लाई ढाक्ने तिम्रा कल्पनाको ज्योति, अनहद र लयरूप योग-समाधिको 'ग्रहण' तिम्रा हृदयमा कहिलेदेखि लागेको हो? तिमीलाई यतिपनि थाहा छैन भने 'तिम्रागुरुले के प्रबोध गरे छन् त खै! अब तिमी आफ्ना शिष्यहरूलाई के उपदेश गरौला!' भन्नु भएको हो।

यस्तो योग समाधिबाट क्षणिक शान्तिको आभास मिले तापनि ठीक-ठीक ज्ञानस्वरूप चेतनको बोध नभई कुनै हालतमा स्वरूप स्थिति हुन सक्तैन। हृदयको अज्ञान—वासनाग्रन्थि नष्ट नभई, कल्पनालाई अँगाली-अँगाली खानी-वाणीरूप बन्धनका अनादिदेखि गाडिएका जरा कहाँ उखेलिन्छन् र! अतएव जड-देखि सर्वथा भिन्न, स्वतन्त्र, अनादि, शाश्वत, एकदेशी स्वयं चेतन स्वरूपलाई सम्यक प्रकारबाट जान्नै पर्दछ। साथै बन्धनको मूल—विषयासक्ति, अहङ्कार, भ्रान्ति-कल्पनाको एक-एक परीक्षा गर्दै पन्छाउँदै गर्नु। यति भएपछि अनि स्वयं द्रष्टामात्र अवशेष रहने, स्थितिको अभ्यासमा प्रगति हुनेछ।

तत्पश्चात् पनि शुद्ध आचार, पवित्र व्यवहार, पारखी गुरु-सन्तजनको सत्सङ्ग, सेवा-भक्तिको अवलम्ब साथ-साथै नराखी हुँदैन। विशेष-शरीर इन्द्रिय मन समाज–सबैबाट नैराश्य रही, उपर्युक्त द्रष्टा-स्थितिको अभ्यास निरन्तर गर्ने, यही मेरो मुख्य काम हो भन्ने सम्झी, अथक पुरुषार्थमा ज्यू-ज्यान भिजाउनु।

यो अभ्यासबाट साधकको अन्तःकरणमा सञ्चय भइरहेका वासनाहरू क्रमशः द्रष्टाको समक्ष पर्न थाल्दछन्। त्यस बखत ती उठेका वृत्तिमा नमिली तटस्थ रही हेर्नुमात्र, आफ्नो होश नहराओस्! यसरी आफ्नो होशमा रहेसम्म कुनै वासना उठ्नै सक्तैनन्, उठेपनि तत्काल लोप हुन्छन्। अभ्यासबाट आफ्नो परीक्षादृष्टि, सावधानी तटस्थता बढ्दैजान्छ। उता वासना उठ्ने वेग पनि क्रमशः शान्तहुन्छ। बन्धनकारी वृत्तिले तान्न, लतार्न सक्तैनन्। त्यहाँ स्वयं चेतन स्वस्थ शान्त स्थिर रहन्छ। 'म' पनाको सूक्ष्म अभिमान र भाव पनि रहँदैन। यस्ता महापुरुषको प्रारब्धभोग पूर्ण भएपछि आवागमनरहित मुक्ति हुन्छ, स्वयं चेतनको अस्तित्वमात्र शान्त रहन्छ। अटल, अक्रिय, निराधार स्थिति बन्दछ। यही विदेहमुक्ति-स्थिति गराउने गुरु कबीरको महान् उदेश्य हो।

चुडका–४९

बूझ! निर्वाण पण्डित, साँझ सूर्य अखण्डित; कहाँ गई नित्य बस्तछ।
होचो अग्लो पर्वत डल्ला, ईंट गान बिना हल्ला; त्यहाँ गीत ध्वनि उठ्तछ॥
ओस प्यास मन्दिर जहाँ- छैन हजार गाई त्यहाँ; नित नित दूध दुहाउँछन्।
नित्य प्रति औंसी नित्य- संक्रान्ति नै हुन्छ नित्य; नवैग्रह पंक्ति बसाउँछन्॥
म सोद्धछु बिमी मन! हृदयमा विज्ञ जन; कैले देखि ग्रहण लागेको?
कबीर ल! यति पनि नजान्नु कुन शब्द हो नि! गुरुजीले कान फुकेको॥

शब्द-५०

बुझ बुझ पण्डित बिरवा न होय, आधे बसे पुरुष आधे बसे जोय ।।१।।
बिरवा एक सकल संसारा, स्वर्ग शीश जर गई पतारा ।।२।।
बारह पखुरिया चौबिस पात, घने बरोह लागे चहुँ पास ।।३।।
फूले न फले वाकी है बानी, रैनि दिवस बेकार चुवै पानी ।।४।।
कहहिं कबीर कछु अछलो न तहिया, हरि बिरवा प्रतिपालेनि जहिया ।।५।।

अर्थ- पण्डितज्यू ! सम्झनोस्, विचार गर्नोस्! तपाईंहरूले मानेका ब्रह्म-विराट् वृक्ष वास्तवमा कुरैमात्र हो । अतः होश गर्नोस्, जसबाट तपाईंको संसार-वृक्ष पुनः उद्भव नहोस् । यथार्थ कुरा–जगत्मा जड चेतन दुवैको बराबर अस्तित्व* छ । जीव-जगत्मा पनि शरीररूप वृक्ष तयार हुन स्त्री-पुरुष दुवैका आधा-आधा भाग मिलेका छन् ।।१।। 'संसार एक ब्रह्म-वृक्ष हो, उसको शिर स्वर्ग हो, पाउ वा जरो पताल लोक हो,' भन्दछन् । तर प्राणीको स्थूल शरीर नै विराट् स्वरूप हो ।।२।।

त्यो ब्रह्म-वृक्षको 'बाह्र शाखा–बाह्र महीना वा राशि, हाँगा हुन् । चौबीस पात हुन्– चौबीस पक्ष (एकवर्ष); अथवा चौबीस अवतार' भन्दछन् । उसका चारैतिर सघन जटा वा प्रशाखा छन्, ती शरीरका रोम हुन् । प्रति-रोम अनन्त ब्रह्माण्ड झुन्डिएका छन्,' भन्दछन् । प्राणीका चारैतिर फिंजिएका व्यवहार नै बरोह (जरा) हुन् । वासनारूपी अनन्त ब्रह्माण्ड लागिरहेका छन् ।।३।।

उक्त ब्रह्मको स्वभाव कस्तो छ ! 'उसमा न फूल फुल्छ, न कुनै फल फल्दछ। अर्थात् उसबाट कुनै विश्व आदि विकार बन्दैन,

*– 'जड-चेतन सबैलाई धारण-पोषण गर्ने पर्जन्य, यो बाणको पिता हुन् । समस्त तत्त्वयुक्त पृथ्वी यिनकी माता हुन् … … …।'

[अथर्ववेद काण्ड १ अनुवाक १ सू. २।२]

चराचर सबै वस्तु, जो उब्जन्छ थरी थरी ।
त्यो जान पार्थ क्षेत्रज्ञ–क्षेत्र संयोगले गरी ।। [गीता १३।२६]

शुद्ध निर्मल अपरिवर्तनीय छ । उसैको वाणी हो– 'वेद' । इत्यादि मानेका छन् । तर उसमा ईश्वर-प्राप्तिको फूल र ब्रह्म-प्राप्तिको फल लाग्ने होइन; सबै कुरैमात्र हुन् । शरीर-वृक्षबाट निरन्तर काम, क्रोधादि विकाररूपी पानी वा कल्पित वाणी चुहिरहन्छ ।।४।। गुरु कबीर भन्नुहुन्छ–कछु अछलो न तहिया–त्यहाँ ती बताइएका एउटै कुरोमात्र पनि त्यस बखत भएको होइन । हरि बिरवा–ब्रह्म-वृक्ष भन्ने प्रतिपालन–कल्पनामात्र मानिसका मनमा र वेदादि वाणीमा सुरक्षित हुँदैआएका छन् ।।५।।

अरू– ब्रह्मको स्वरूप 'परात्पर निर्गुण निराकार अक्रिय अचल छ' भन्ने हो भने 'विराट् स्वरूप ब्रह्म' भन्ने कल्पनामात्र ठहर्दछ। यदि विराट् स्वरूप सत्य हो भने 'परात्पर निर्गुण निराकार अक्रिय अचल'–सबै मनका कल्पनामात्र ठहर्दछन् । यता अखण्ड ब्रह्म-विराट् स्वरूप हो भने उसमा परिवर्तन हुने, बन्ने बिग्रने भईरहनु पनि नपर्ने ! अतएव ती दुवै मनका कल्पनामात्र हुन् ।

वास्तवमा सबैलाई स्वतः अनुभव भइरहेका जड-चेतन दुवै सत्य हुन् । कारणरूप जड-तत्त्वबाट कार्य-जगत्को प्राकृतिक सृष्टि [माथिको गीता १३।२६ को प्रमाण अनुसार] चलिरहेछ । चेतन जीवबाट चार खानिको शरीर-निर्माणादि जीव सृष्टिको प्रसार पनि भइरहेकै छ। यदि अब बार-बार यो शरीर-वृक्ष नबनोस्, यसबाट छुट्टी मिलोस् भन्ने प्रबल मुमुक्षुता छ भने आजैदेखि पारखदृष्टि बनाउने उपायमा लागिपर्नु पर्दछ । यसरी साधनामा संलग्न रहने पुरुष नै साँच्चिका भाग्यशाली हुन् ।

चुडका–५०

बुरु बुरु पण्डित रूख- नहओस् नि! फेरि दुःख; नर आधा-नारी बसेका ।।टेक
एकै वृक्ष जगत् भरी; शिर स्वर्ग सम्म परी; जरा पुगे पताल सम्म ।
बाह्र हांगा चौबीस पात; लागेका छन् उसमा त; चारै तिर जरा छन् टम्म ।।

छैन फुल्ने फल्ने बानी, विकार जो बग्छ पानी; रात दिन बेला कुबेला ।
श्री कबीर त्यो बखत, कोही थिएनन् फकत; हरि रूख पाले जुन बेला ।।

शब्द–५१

बुझबुझ पण्डित मन चितलाय, कबहिं भरलि बहै कबहिं सुखाय ।।१।।
खन ऊबै खन डूबै खन औगाह, रतन न मिलै पावै नहिं थाह ।।२।।
नदिया नहिं साँसरि बहै नीर, मच्छ न मरे केवट रहै तीर ।।३।।
पोहकर नहिं बाँधल तहाँ घाट, पुरइनि नहिं कँवल महँ बाट ।।४।।
कहहिं कबीर ये मनका धोख, बैठा रहै चला चहै चोख ।।५।।

अर्थ– पण्डितज्यू, सम्झ, मन–लगाई राम्ररी सम्झ; वास्तविक पारख स्थिति नपाएसम्म समस्त कल्पित मान्यतामा यो मनमति खोलो कहिले (अनुकूल परिस्थितिमा) खूब भरिभराउ भई उर्लेर बग्दछ–हर्षले उम्लन्छ; प्रतिकूल परिस्थितिमा अति सुक्खा हुन्छ– शोकले खङ्रङ्ग सुक्छ ।।१।। बोझा–कष्ट पर्दा मन आँत्तिई क्षणमा हरेश खान्छ, भाग्न खोज्दछ; क्षणमा त्यहीं दुःखमा डुब्नेहुन्छ, क्षणमै अथाह वासना-समुद्रमा पौडिखेल्न थाल्दछ । तर यति गर्दापनि न उसले खोजेको कल्पित रत्न हात लाग्दछ, न यो वासना-सागर हो भन्ने बुझ्न सक्तछ ।।२।।

नदिया नहिं– यो कुनै बाहिरी खोलो होइन, भित्री मनमति नदी हो । यसमा साँसरि बहै नीर–अन्तःकरणको संस्कार-संशयरूपी बाढी, वेगबाट बगिरहन्छ । केवट–माझी (मन) उसको साथै हुनाले मच्छ–भारी रोहू माछो (अभिमान) हत्तपत्त मर्दैन ।।३।। पोहकर–पुष्ट बलियो गरी नहिं बाँधल तहँघाट– त्यहाँ बाँध बाँधेनन् । अभिमानलाई मार्न, मनमति नदी सुकाउन, पारखबोधरूपी बलियो बाँध भएन । पुरइनि नहिं– पुराण पुरुष चेतन जीवको यिनलाई सम्यक परीक्षा नै छैन । कमल महँ बाट– मन कल्पनाको बाटो बनाएका छन् ।।४।।

गुरु कबीर भन्नुहुन्छ– यो सारा मनकै धोखामात्र हो । बैठा रहै चला चहै चोख– पलेटी कसी बसी-बसी बेस्कन दौडन खोजेर पनि के सकिन्थ्यो ! के पुगिन्थ्यो ! अर्थात् बोध वैराग्य साधना बिना मनकै पछि लागी-लागी उत्तम मुक्ति-फल लिन खोज्दछन् कहाँ पाउनु! ।।५।।

दोस्रो अर्थ– पण्डित ज्यू ! राम्रो सम्झ, बूझ, मन-चित्त दिएर ठम्याउ! यो काल्पनिक वाणी कहिले विधि गर्छ, कहिले निषेध ! ।।१।। यसका कुरा सुन्दा जीव, कहिले हरेस खान्छ, कहिले हर्षमा डुब्दछ । कहिले वाणीका विश्वासमा परी कुहिराको काग बन्दछ । त्यो कल्पनाबाट नपन्छी साँचो चेतन-रत्न भेट्टाइने होइन, अथाह स्वरूप ब्रह्म-ईश्वरको थाह कसोगरी पाउने ! ।।२।।

माथि लेखिएको नदी, कोशी-गण्डकीसमान पानीको खोलो होइन; यसमा खालि संशयकै वाणी बग्दछ । यो नदीमा जति परिश्रम गरी शिकार खेले (साधनागरे) पनि बिना पारख कल्पना-भ्रान्तिका माछा कहिले मर्ने होइनन् । मनुष्य-शरीरमा जीव आयो कि माझीरूपी भ्रामक गुरुजन निकट आई-आई भ्रान्त बनाइरहन्छन् ।।३।। ब्रह्मरूप तलाउ को त्यहाँ पर्त्तछैन, कल्पनाको घाट भने साह्रै मजबूत बाँधेका छन् । उक्त कल्पित ब्रह्म-कमलमा पुराण पुरुष ज्ञान स्वरूप चेतन छँदैछैन, तैपनि उसलाई पाउन खोज्नु– यो मनको महान् धोखा हो । बिना विवेक मानिस फोस्रो कल्पना पनि छाड्न मन गर्दैनन्, साथै मुक्ति-गति पनि खोज्छन्, के यो हुनसक्ने कुरो हो ? ।।४।।

चुड्का–५१

बुझ बुझ विज्ञजन, मन चित्त दिई कन; भरी बग्छ कहिले सुक्तछ ।।टेक
क्षणै उब्छन् क्षणै डुब्छन्, क्षणै अति गम्भीर बन्छन्; रत्न मिल्छ न या लाग्दछ ।
नदी हुँन संशयको- पानी बग्छ विषयको; माछो जिम्दै माझी तटछ ।।

ताल बिना घाट बाँध्छन्, बिना पात कमल फुल्छन्; फल पनि वाणी भर छ ।
कबीरजी भन्छन् सूझ, मनको यो धोखा बूझ; बसी बसी हिड्न चाहन्छ ।।

★

शब्द–५२

बूझ लीजै ब्रह्म ज्ञानी ।।१।।
घूरि घूरि वर्षा बरसावै, परिया बुन्द न पानी ।।२।।
चिउँटी के पग हस्ती बाँधो, छेरी बीग रखावै ।।३।।
उदधि माँह ते निकरि छाँछरी, चौडे ग्रह करावै ।।४।।

अर्थ– ब्रह्म ज्ञानीज्यू ! आपनो सिद्धान्तको रहस्य ठीक-ठीक सम्झनोस् ! ।।१।। तपाईंहरू खूब घुमाई-घुमाई उदाहरण-पूर्वक ब्रह्म निरूपक वाणी संसारमा वर्षा गरिरहनु हुन्छ। तर तपाईंले आफूलाई अद्वैत ब्रह्म सम्झे पनि ब्रह्म-बोधको बर्षा त के! उपदेशको एक छिटो पनि कसैमाथि भिजनसकेको देखिदैन ।।२।। तपाईंहरू कमिलाका खुट्टामा हात्ती बाँध्न खोज्नुहुन्छ। बीग–ब्वाँसोलाई बाख्राको गोठाला बनाउनुहुन्छ ।।३।। समुद्रबाट छाँछरि–फँगेटा माछा निस्की चौडे ग्रह–टुँडीखेल (ठूलो मैदान)मा घर बनाउन लगाउन लाग्नु हुन्छ ।।४-५।।

अरू– ब्रह्मज्ञानीका शिक्षाबाट जनतालाई साँच्चै ब्रह्मबोध भएको भए, ती बोधनिष्ठ जतिको द्वैतभावयुक्त व्यवहार नरहनु पर्ने। तिनले 'यो व्यावहारिक सत्ता हो' भन्नु त छलछामको मार्ग अँगाल्न पुगेका मात्र हुन्। यिनीहरूले 'म सर्वत्र भरिपूर्ण छु' भन्छन् भने चन्द्र सूर्य नक्षत्र भू-गर्भभित्रसमेत कहाँ-कहाँ के के छ– यथार्थ स्थितिको ज्ञान हुनुपर्थ्यो, त्यहाँ-त्यहाँको लाभ लिन वा राष्ट्रलाई दिलाउन सक्नुपर्थ्यो। कम से कम ब्रह्मनिष्ठ पुरुषलाई त 'हस्तामलक' समान हुनैपर्ने हो। किन हुन नसकेको ? दोस्रो– दृष्टि पुगेजतिको दृश्य र कानले सुनेका कुरा जति मानिस सबै जान्दछन्, यस्तै हामी सर्वत्रपूर्ण छौं भने सब देश, सब कालको हाल

हामीलाई थाहा हुनुपर्ने हो ! जनसाधारणलाई नभए पनि अज्ञान भ्रान्ति मेटिएका ब्रह्मनिष्ठलाई त अवश्य हुनुपर्थ्यो ! दोस्रो– वेदान्तज्ञानले वैदिक-कालदेखि आजसम्म अथक शिक्षा प्रसार गर्दैछ, यसबाट अहिलेसम्म प्राणीमात्रको मुक्ति भइसक्नु पर्ने ! "नानात्व देखिनु भ्रान्तिमात्र हो, आखिर सबै मुक्तै छन्, अद्वैत ब्रह्मबाहेक अरू केही छँदै छैन"–भन्ने हो भने शिक्षकवर्गले कपाल-दुःखाई मुख सुकाई जहाँ-तहाँ ब्रह्म ज्ञानका प्रवचन बर्साउनको के प्रयोजन ? यसबाट त यी स्वयं भ्रान्त ठहरिन्छन् । यसैले ग्रन्थ-कर्ताले भन्नु भएको– "परिया बुन्द न पानी"

कमिलाका खुट्टामा हात्ती बाँध्नको भाव हो–ब्रह्म प्रति-पादक कल्पित वाणीमा स्व-पर महान् मनलाई अल्झाउनु । बाख्रासमान अबोध सीधा-सादा मुमुक्षु जीवका रक्षामा भ्रामक गुरुजन नियुक्त छन् । यस्तै भ्रम-शिक्षा सुनी-सुनी सरल जीवरूपी फँगेटा माछा, व्यवहार-समुद्रबाट निस्की, मैदानरूप कल्पित व्यापक-ब्रह्ममा स्थिति बनाउने स्वप्न देख्दछन् । तर यो विचार गर्दैनन्– जगत् र ब्रह्म एउटै न हो ! यिनीहरू खानीजालबाट त जसो-तसो निस्केका थिए, तर बिना पारख वाणीको खाडलमा पर्न पुगे । 'बन-बाट शशक भाग्यो, पर्‍यो खाडल बानिले। को सँग वेदना पोख्नोस्, यो जान्ने कुन ज्ञानिले' ।। [बी. सा. ४४]

मेडुक सर्प रहत एक संगे, बिलैया श्वान बियाई ।।५।।
नित उठि सिंह सियार सों डरपै, अद्‌बुद कथ्यो न जाई ।।६।।
कौने संशय मृगा बन घेरे, पारथ बाणा मेले ।।७।।
उदधि भूपते तरिवर डाहै, मच्छ अहेरा खेले ।।८।।

अर्थ– मेढक–अबोध जीवरूपी भ्याकुतो, मनरूप सर्पका साथै रहेको छ, अतः उसको कहाँ कुशल! यता कल्पित वाणीरूपी बिरालीले मन-मान्यतारूपी कुकुर जन्माई । शरीरको छाया नै

मन हो, मन-कुकुरले मानिसलाई टोक्ने नै भयो । कल्पित वाणी सुनी-सुनी अनेक मान्यता बन्दछ, यिनै भ्रम-मान्यताका वश जीव कष्टमा परिरहेछ ।।५।। बनराजा सिंहसमान स्वतन्त्र सम्राट् जीवले स्वयंलाई भुलेर कल्पित वाणी र मनका भ्रान्तिरूपी स्यालदेखि सँधै भयभीत छ, कस्तो उदेकको कुरो! भनेर भनिसक्नु छैन ।।६।।

कुन भ्रान्तिमा भौंतारिदा मन-मृग, संसार-बनको घेरामा परेको हो? उत्तर– भ्रान्त शिक्षकरूपी शिकारीहरूले कल्पित वाणी रूपी वाण जीवमाथि प्रहार गरिरहेका हुनाले ।।७।। उदधि भूपते– मानव जीवरूपी महाराजबाट कल्पित वाणिको समुद्र प्रकट भई तरिवर डाहे– श्रेष्ठ वृक्षसमान मानवीय अन्तःकरण नै डढ्यो, स्वतन्त्र विवेक नै खरानी बनिरहेछ । सारा जीवरूपी माछा, तिनै कल्पित वाणिका बाण लिई परस्पर शिकार गरिरहेछन् ।।८।।

अरू– यहाँ पानीको समुद्रमा रूख डढ्यो, भन्ने सुन्दा यस्तो दिषमताको घटना कहाँ घट्न सक्छ, भन्ने मानिसको मनलाई विस्मय बनाउँदछ । तर गुरु कबीरबाट दृष्टान्तको विषमताद्वारा मानवीय अन्तःकरणमा कुतूहल प्रकट गराई, द्राष्टान्तबाट समानता गरी, त्यो घटना अन्तःकरणमा छिराएर घतलाग्दो बनाई हृदयस्पर्शी युक्तिको प्रयोग गर्नुभएको रहेछ । 'कल्पित वाणीले विवेक-शक्ति डढिरहेछ' यहाँ सिद्धान्तमा योग्य समानता ठीक घटित भएको छ ।

कहहिं कबीर यह अद्‌बुद ज्ञाना, को यह ज्ञानहिं बूझै ।।९।।
बिनु पंखे उडिजाय अकासै, जीवहिं मरण न सूझै ।।१०।।

अर्थ– गुरु कबीर भन्नुहुन्छ– 'बन्धन र मुक्ति' 'बाँध्ने र बाँधिने' 'जड र चेतन'–सबै एउटै हो भन्ने, यस्ता अचम्मका ज्ञानको रहस्य कसले बुझ्न सक्तछ ! यस्ता भ्रान्ति-कल्पनाको परीक्षक त

संसारमा सन्त पारखी नै हुन्छन् ।।९।। विवेक-पखेटा बिना यी आकाश-वत् ब्रह्म भन्ने वाणीकै बतासमा उडिरहेछन् । वास्तवमा यो जीव आफ्नै मरण पनि देख्दैन, विवेक गरी जडदेखि छुट्टा ज्ञान-स्वरूप स्व चेतनलाई चिन्ने, स्वयंमै सदा स्थिति लिने कर्तव्य नगरी, जड-चेतन एकमा मिलाई मुछ्नु—यही अविद्या हो । विवेक-बाट रहित हुनु, सरासर आफ्नो हत्या गर्नु-मर्नु हो, आध्यात्मिक-पतन पनि यही हो ।

चुडका–५२

सम्झनु होस् ब्रह्मज्ञानी, घनघोर वर्षा पानी- गर्‍यो थोपा पनि झरेन ।।टे
कमिलाका खुट्टामा त, मत्ता हात्ती बाँध्छौ साथ; बाखा हेर्ने ब्याँसा भएछन् ।
सिन्धुबाट साना माछा- निस्की टुँडीखेल पाटा- बीच भारी महल रचेछन् ।।
पाहा सर्प साथ मिले, कुकुर पाई बिरालीले; कुरा सुन्दै नौलो लाग्दछ ।
नित्य उठी सिंह डरी, स्याल देखि थरहरी- हुन्छ, मन्न उदेक लाग्दछ ।।
के को शङ्का मृग परी, बन घेरा परे डरी; शिकारीले बाण ठेल्दछ ।
रत्नाकर राजा द्वारै, ठूला रूख खडे सारै; हेर माछो शिकार खेल्दछ ।।
कबीर भन्छन् लीन जान, अचम्मको हेर ज्ञान; को पो यस्तो ज्ञान बुझ्दछ !
बिना पङ्ख यी त भाई, उड्न तम्सने जीवलाई- मर्छु भन्ने कहाँ सुझ्दछ ।।

शब्द–५३

वै बिरवा चीह्नें जो कोय, जरा मरण रहित तन होय ।।१।।
बिरवा एक सकल संसारा, पेड एक फूटल तीनि डारा ।।२।।
मध्य की डारिचारि फल लागा, शाखा पत्र गिनेको वाका ।।३।।
बेली एक त्रिभुवन लपटानी, बाँधे ते छूटै नहिं ज्ञानी ।।४।।
कहँहि कबीर हम जात पुकारा, पण्डित होय सो लेयबिचारा ।।५।।

अर्थ– (पूर्वपक्ष–) त्यो ब्रह्म-वृक्षबाट जो परिचित छ, ऊ जन्म जरा मृत्युदेखिरहित भई मुक्त हुनेछ ।।१।। उक्त एक वृक्षले सारा संसार ढाकेको छ । त्यसको फेद एउटैछ, उसबाट रज सत्व तम वा ब्रह्मा, बिष्णु, महादेव– यी तीन हाँगा फाटें ।।२।।

बीचको हाँगा–सत्वगुणी विष्णु अथवा बीचको मनुष्य लोकमा अर्थ धर्म काम मोक्ष– चार फल फल्दछन् । अर्थात् मनुष्य जीवनकै साधनाबाट यी चारफल प्राप्त हुन्छन् । ती ब्रह्मको अवताररूपी हाँगा र वेदका ऋचारूपी पातको गणना गर्न कसले सक्तछ ! एक चौकडीमा चौबीस अवतारका दरले अनादि कालदेखि अनन्त चौकडी व्यतीत भए, अतः तिनमा भएका अवतारको न गणना हुन सकोस्, न तिनका वेद वाणिको !।।३।।

(गुरु भन्नुहुन्छ–) उपर्युक्त एकै कल्पना-वाणीको झाल-लहराले त्रिभुवन–त्रिगुणी जीवसमाजलाई जेलिरहेछ। यही ब्रह्मवाद अवतारवादका कल्पनामा सबै बाँधिएका छन् । तर तिनमा वेद-वाणीको विशेष पक्ष लिने विद्वज्जन र ब्रह्मज्ञानीहरू झन् छुट्न सक्तैनन् (बेलो जरो धेरै छिपिएकोले गाह्रो छ) ।।४।। गुरु कबीर भन्नुहुन्छ–म यी वाणीका बतासमा उडेकालाई कल्पित वाणीको बन्धन र पारख ज्ञानका तथ्य कुरा स्पष्ट सुनाउँछु* मेरा ज्ञान-रत्न (शब्द)लाई निष्पक्ष विवेकी पण्डितजन जो होलान्, तिनले सत्या-सत्यको सम्यक विचार गरी ग्रहण गर्नेछन् ।।५।।

अरू– गुरु कबीर पण्डितवर्गको कति आदर गर्नुहुँदोरहेछ ! यो कुरा अन्तिमपदबाट विदितै छ । कहीं-कहीं केही कडाइसँग भन्नु भएको छ, त त्यस्तै आचार विहीन व्यक्तिलाई ब्यूँझाउनको निम्ति इङ्गित गरी भन्नुभएको हो । निद्रामा अति बेहोश मस्त भएकालाई जोरसित बोलाउनु र घच्घच्याउनुसमेत पर्दछ ।

पद्य–५३

त्यो वृक्ष जो त चिन्छ, जरा मरण हीन हुन्छ; सुखी बनी नित्य बस्नेछ ।।टे
वृक्ष एक जगत् भरी, एक फेद तीन धरी; हाँगा फुटे हेर गडेर ।
बीच हाँगा चार फल- लागेका छन् हाँगा डाल; पात कसले गनोस् बसेर ।।

---

* हामीलाई सत्य वाणीबाट सम्पन्न कहिले गराउँछौ ?

[सामवेद पू.प्रपा. अर्ध १ द. १७ मं. ८]

बेलो एक सारै बढ्यो, तीनै लोक जेली सक्यो; बाँधे तिनी ज्ञानी छट्दैनन् ।
कबीर भन्छन् भाई ! पुकार्दछु बग्ने लाई ! विज्ञ भए जानी बग्दैनन् ।।

✻

शब्द- ५४

साँईं के सङ्ग सासुर आई ।।१।।
सङ्ग न सूति स्वाद नहि मानी, गयो जीवन सपने की नाईं ।।२।।
जना चारि मिलि लगन सोधाये, जना पाँच मिलि माडो छाये ।।३।।
सखी सहेलरि मङ्गल गावैं, दुःख सुख माथे हरदि चढावै ।।४।।

अर्थ– ब्रह्मज्ञानको कल्पना साथै लिई, ब्रह्म प्राप्तिको जिज्ञासायुक्त जीवरूपी दुलही सासुर (गुरुजनका समाज) मा आई ।।१।। उसले ती कल्पित पतिका साथ कहिल्यै शयन गर्न पाइन, न किञ्चित् सुख नै लिन पाई, दर्शनसम्म पनि मिलेन । मानवीय अलभ्य जीवनरूप यौवनलाई जीवले स्वप्नसमान व्यर्थ कल्पनामा गुमायो ।।२।। जना चार मिलि– अन्तःकरण चतुष्टय मिली, लगन सोधाये– चित्तबाट चिन्तन, मनबाट सङ्कल्प, बुद्धिबाट निश्चय र अहङ्कारबाट निश्चयको कार्य हुनलाग्यो । जना पाँच मिलि–कर्मी उपासक योगी ज्ञानी र विज्ञानी यी पाँच जना मिली माडौ छाये– वाणी जालको वेदी–मण्डप बनाए ।।३।। सखी सहेलरि– भक्त, सङ्गीजन कीर्तन गर्न, भजन गाउन लागे । दुःख सुख माथे –जीवका थाप्लामा पूर्वका दुःख सुखरूपी मयल निकाल्न, हरदी–बेसारको बुकुवा लगाएसमान शिक्षा-उपदेश शिरोपर भयो, मनन-साधना गर्नलागे ।।४।।

नाना रूप परी मन भाँवरि, गाँठि जोरि भाई पतियाई ।।५।।
अर्घा दै लै चली सुवासिनि, चौके राँड भई सँग साँईं ।।६।।
भयो विवाह चली बिनु दुलहा, बाट जात समधी समुझाई ।।७।।
कहैं कबीर हम गैने जैबै, तरब कन्थ लै तूर बजैबै ।।८।।

अर्थ– नानारूप परी– योगी-जङ्गमादि विभिन्न भेस देख्दा मनमा भाँवरी–भ्रान्ति-सन्देह हुनथाल्यो, मन घुम्नलाग्यो– 'कताबाट काम बन्ने हो !' यत्तिकैमा भाई आफ्नै हृदयले खाएका कल्पनाकै ब्रह्मलाई पत्याई, गाँठि जोरि– लगनगाँठो पऱ्यो, विवाह भयो (अद्वैत ब्रह्मको निश्चय भयो) ।।५।। अर्घा दै लै– कल्पित पति-परायण भ्रान्त गुरुरूपी अहिवातिनी नारीहरूले जीव दुलहीलाई अगाडि-अगाडि अर्घ दिँदै– पानीको रेखी लगाएसमान वाणीको उपदेश गर्दै लान्छन् । चौकामा राखी उपदेश गर्छन् – 'तिम्रो पति परमात्मा वा ब्रह्म हुन्, तिमी उनैकी पत्नी– भक्त हौ ।' सङ्ग साँई– थियो त स्व स्वरूप चेतन-पति साथैमा; अर्थात् स्वयं थियो, तर त्यो नजान्दा उही चौकामै दुलही विधवा भई (स्वामी मानेका ईश्वर-ब्रह्म, कल्पनाका हुनाले के भेट्टाउनु ! नपाउँदा) स्वयंको वैधव्यपना सम्झनथाल्यो ।।६।।

विवाह त भयो तर बिना ब्रह्म-ईश्वररूप पति नै दुलहीले हिँड्नु पऱ्यो । भक्तिमार्गका भक्तरूपी दुलहीलाई मार्गमा समधी– उपासक गुरु सम्झाउँछन्– अनन्य भक्ति गर्दैजानु, अवश्य पनि पति परमात्मा मिल्नेछन् ।।७।।

कहैं कबीर– अरू अबोध जीव भन्न लाग्छन्– हामी पनि गौना– परमात्माको धाममा तूर–तुरही (नरसिंगा बाजा) बजाउँदै, कीर्तनगर्दै जानेछौं । तरब– अवश्य तर्नेछौं । कन्थ–कन्त (पति परमात्मा) मा मिल्नेछौं ।।८।।

अरू– भगवान्-ब्रह्म प्राप्ति होलान् भनी मुमुक्षुहरू तीर्थ, व्रत, जप-योगादि साधना गर्दछन् र पनि पाउन सक्तैनन् । भ्रान्त गुरुजनका दिलाशा र कल्पित वाणीका भरोसामा पर्दा, आशै-आशामा अड्कन्छन् । वास्तवमा सत्य वस्तु बाहिरबाट प्राप्त हुने

होइन । 'ब्रह्मस्वरूप तिमी नै ह्वौ' भन्छन् र पनि आफू छ शुद्ध ज्ञानमात्र चेतन । उता ब्रह्म बन्दा 'जड-चेतन र बन्धनसमेत एक-मा मुछिने होइन्छ' विश्वभरी भरपूर छु भन्ने भावना बन्छ, यथार्थ सत्य स्वरूप त तैपनि भेटिएन । ब्रह्मको अर्थ ज्ञान-गुणमा बृहत् सम्झनु पर्थ्यो, तर जगत्भरी परिपूर्ण सम्झनाले यहीं वित्यास पर्नगयो । यसै गरी-गरी अनादिदेखि जीव धोकामा परिरहेका छन् । यसैले यो शब्दबाट विवाहको रूपक खडागरी व्यङ्ग्य-विनोदपूर्वक गुरु कबीरबाट सम्झाउनु भएको हो । उहाँको प्रत्येक वाणी निष्पक्ष-विवेकबाट मनन गऱ्योभने समस्त कल्पना भ्रान्तिका भूत भागिहाल्दछन् ।

काल कला सब परखि ले, जेते हैं सब फाँस ।
बिन पारख सोइ बीज है, जन्म मरण के गाँस ।।
[पं. टकसार ६९३]

पुनश्च– हामी युगानयुगदेखि आफूमा धन मान भोग विषय आदि केही न केही भर्दछौं । मुक्ति खोज्छौं र पनि ईश्वर परमात्मादि केही न केहीको अभिलाषा गर्छौं; सहारा खोज्छौं; मान्यता बटुल्दैछौं । यसरी अन्तःकरणमा वासना चाहना कल्पना मान्यताले भर्दै थुपार्दै जेल्दैछौं । यस्तै बानी बसेकाले नै मालिक प्राप्तिको कल्पना लिई, जीवले दुलहीसमान बनी, भ्रान्त गुरुजनका पञ्जामा पर्नु परेको हो । धिक्कार ! हाम्रो अमूल्य स्वर्णसमानको जीवनमात्र सित्तैं गयो । कल्पनाका पतिलाई के भेट्टाउनु ! यस्ता कल्पना र चाहना हृदयमा रहेसम्म हाम्रो कैवल्य–मुक्ति कसरी हुन सक्तछ ! यसैले त अनादि कालदेखि आजसम्म हाम्रो जन्म-मरणको बाटो नटुङ्गिएको !

नियम छ– खोजुन्जेल रित्तै रहिरहिने । हामी केही न केही

खोजिरहन्छौं, कल्पना गरिरहन्छौं । यसैले सँधै रित्ताको रित्तै रहि रनेका । हामी रित्तो नभए, माग्ने मन किन उठ्थ्यो ! बन्धनमा नभए दुःख-परवशतादि किन पर्थ्यो ! वेद शास्त्र ऋषि-मुनि सन्त-महात्मा मत-पन्थ आदि साराले पुरुषार्थ गर भनी केही न केही गर्न किन एकै स्वरबाट चिच्याई रहन्थे! अतएव आफ्नो सत्य स्वतन्त्र शाश्वत अक्रिय शान्त स्वरूपलाई सम्झौं; सबैतिरबाट खाली बनी स्वयंमा सन्तोषपूर्वक शान्त बस्न सिकौं, अनि हामी आफू आफैंमा पूर्ण काम नित्य शान्त मुक्त रहनेछौं ।

अर्थात् जस्तो खानीजालको आशा वासना बन्धन हो, त्यस्तै स्वर्गीय सुख लोक-धामादिको निवास, ईश्वर-दर्शन, ब्राह्मी-स्थिति को आशा पनि कम बन्धन होइन । चाहे जे को होस्, आशा–भ्रान्ति नै त बन्धन हो ! फन् खिरिलो रेशमी डोरी, सुनको सिक्री भनिदिए हुन्छ। अतएव यी कुनैको इच्छा, कसैको आशा र केही भ्रान्ति कल्पना मान्यता नराखौं । आफ्नो अन्तःकरण सबैतिरबाट खाली बनाउने प्रयत्न गरौं, हामीले गर्नुपर्ने पुरुषार्थ यिनै हुन् । हाम्रा अन्तःकरणबाट यो सबै निस्की खाली हुनासाथ अब शुद्ध आफैं आफू बाँकी बच्यौं; यही हो स्थिति । सबैबाट छुटी एक्लैरहनु नै हो–कैवल्य मुक्ति। कहीं पुगेर, कसैले कृपा गरेर, केहीमा मिलेर, आफूसमेत मासिएर मुक्ति सम्झनु अयोग्य हो । यसो गर्दा ज्ञान स्वरूप द्रष्टा चेतन स्वतन्त्र शुद्ध कहाँ रह्यो र ? यी कुरा विवेक-सम्मत भएनन् ।

भएको विकार–फालेर खाली बन्न हाम्रै हातको काम हो, यसमा हामी स्वतन्त्र छौं । आफूमा कमी सम्झी; पाउन, भर्न खोज्दा माङ्ने नब्नी सुखैछैन । पराश्रित हुनुपर्दछ, वृत्ति बाहिर निकाल्नुपर्दछ, समय चाहिन्छ । भोली, पर्सी अरू-अरू जन्मसम्म पनि प्रतीक्षा रहिरहन्छ । आफूसित भएका वस्तु छाड्न-फाल्न

लाई न माङ्ने बन्नु पर्छ, न समय लाग्दछ ! न कसैसितको बिन्ति-भाउ, न कसैको आश्रय चाहिन्छ । आजै अहिल्यै हुन्छ, छाडेर स्वतन्त्र सम्राट् बन्न सकिन्छ ।

जस्तै लाख रुपियाँ जम्मागर्न सय, हजार, पचास हजार.... जम्मागर्दै जान कम-ज्यादा समय लाग्छ, तत्काल हुन सक्तैन । त्याग्न-रित्तिनलाई अहिल्यै-यसैक्षणमा एकैचोटि हुनसकिन्छ । 'मुक्ति' भन्ने पद पनि, आजै अहिल्यै यहीं छ, हुन सक्तछ । तिमो नै मोक्ष लिंदैनौ भने त्यो बेग्लैकुरा भयो । अतएव तिमी आफैं विवेक गर, यसै क्षणदेखि केही नमाग, हृदयमा इच्छा–कल्पना केही नभर; आफूमात्र एक्लो बच । संसारको भोग विलास सम्पत्ति त परै जाओस् ! ईश्वर ब्रह्म ज्योति अनहद शून्यसम्म पनि नभर, नबन । केही भर्न खोजनासाथ, आशा कल्पना गर्ने बित्तिकै तिम्रो बाहिरै लक्ष्य दौड्यो, अन्तःकरणरूपी हात पसारियो, स्वयंमा स्थिर भएनौ । अतएव यस्तो धोखामा नपर । सबैबाट पन्छ, पन्छनासाथ स्वयं ज्ञानमात्र चेतन अवशेष रह्यौ, कैवल्य-मुक्ति भइयो ।

चुड्का–५४

स्वामितको साथ भई, स्व पतिको घर आई; साथ सुती न त स्वाद ली ।।टे
यौवन गो स्वप्ना सरी, लगन हेरे चार मिली; पञ्च मिली मण्डप छवाए ।
सङ्गी साथी मङ्गल गाए, दुःख सुख बेसार लाए; सिरमाथि रात्रै चढाए ।।
नाना रूप मन परी, यज्ञ घुमे गांठो जोरी- भाई लाई पति बनाई ।
सधुवाले अर्घ दिदै- लगी चौका रांडी हुँदै- थिए पति साथै सदा यी ।।
विवाह त भयो पूरा, वर बिना वधु बरा; बाटो हिंड्छन् सम्धी सम्झाउँदै ।
कबीर म गौना जान्छ, तर्छ पति नाम लिन्छ; नरसिंगा बाजा बजाउँदै ।।

शब्द–५५

नरको ढाढस देखो आई, कछु अकथ कथ्यो है भाई ।१।।

सिंह शार्दूल एकहर जोतिन, सीकस बोइनि धानै ।।२।।
बन की भुलइया चाखुर फेरें, छागर भए किसानै ।।३।।

अर्थ– प्रिय भाइ जिज्ञासुजन! यता आएर, मानिसको साहस त हेर ! यिनले कस्ता-कस्ता उटपट्याङ– भन्नै नसकिने हाँसो उठ्ने कुरा कथिरहेछन् – (काम गरिरहेछन्) ।।१।। त्यो के भने प्रचण्ड मृगराज सिंह र शार्दूल पक्षी वा शरभ (हात्तिको छावा) लाई एक हलमा नारेर जोतिरहेछन् । सीकस–उषर भूमिमा धानको सट्टा बालुवा छर्छन् ।।२।। बनकी भुलैया–बन्यजन्तुहरू चाखुर फेरें– खेत गोड्ने भइरहेछन् । छागर–गधा, बोकाहरू खेतीवाल बने ।।३।।

अरू– भाव हो– सिंह(जीव) र शार्दूल (माया) लाई एक ब्रह्मरूपी हलोमा नारेर जोतिरहेछन्, ती तीनै एक अद्वैत हुन् भन्दैछन् । दोस्रो– उर्वरा(गल)खेतको सट्टा उषर भूमिरूपी अबोध हृदयमा निर्णय– पारखरूपी धानको बदला ब्रह्मबोधरूपी बालुवा छरिरहेछन् । तेस्रो-संसार-आरण्यको भूलभुलैयामा रहेका भ्रान्त शिक्षकहरू खेत गोड्ने भए– द्वैतरूपी घाँस निकाल्न लागे । बोका-बाख्रारूपी मायाका अधिष्ठान बनेका ब्रह्मज्ञानीहरू किसान बने ।

खेतीपातीको बन्दोबस्त भई खेतीबाठ केही आम्दानी भए पछि विवाह पनि हुन्छ । त्यो सुन–

छेरी बाघै ब्याह हो त है, मङ्गल गावै गाई ।।४।।
बनके रोझ धरि दायज दीह्लों, गोहलो कन्धे जाई ।।५।।

अर्थ– छेरी– बाख्रो (माया-कल्पना) का साथ, बाघ(जीव) को विवाह हुनलाग्यो । गाई–भक्तजन मङ्गल गाउनथाले ।।४।। बनके रोझ–अन्तःकरण-बनको स्वच्छन्दाचारी मनरूपी थारल-घोरल दाइजो दिए । गोहलो कन्धे जाई– भ्रान्त गुरुजनले काँधसम्म मुख

लगी मन्त्र दिनलागे वा काँधमा डोली बोकी जानलागे । अथवा शिष्यको मुक्ति निमित्त काँध थाप्ने भए ॥५॥

अरू विषयानन्ददेखि ब्रह्मानन्दसम्मका सबै मनकै कल्पना माया हुन् । जीव स्वतन्त्र समर्थ बाघ थियो, उसलाई माया-कल्पनाको कुनै आवश्यकता थिएन । तर स्वयंको भूलवश विषयदेखि ब्रह्मसम्मको आसक्ति अध्यासमा माया-कल्पनालाई वरण गरिरहेछ । उही विवाहरूपी दीक्षा-ग्रहणको पर्वमा अरू भ्रान्त भक्त साथीहरू मङ्गल भजन गाउँछन् ।

घोरल-थारलसमान स्वेच्छाचारी मनलाई भगवान् वा ब्रह्मचिन्तनमा दिनु– यही दाइजो भयो । अथवा मन-कल्पनाको प्रणवादि उपदेश दिनु नै दाइजो दिनु हो । भ्रान्त शिक्षकले कानमा मन्त्र दिन्छन्, भावुक जीवको कल्याण-ईश्वर प्राप्तिको ठेक्का लिन्छन्, काँध थाप्छन्, यही डोले हुनु हो ।

यसरी विवाह त भयो, अब जन्तीका कामदारहरू के कस्ता रहेछन्, त्यो पनि सुनिहालौं !

कागा कापर धोवन लागे, बकुला किरपहिं दाँते ॥६॥
माखी मूड मुडावन लागी, हमहूँ जाब बराते ॥७॥
कहहिं कबीर सुनो हो सन्तो, जो यह पद अर्थावै ॥८॥
सोई पण्डित सोई ज्ञाता, सोई भक्त कहावै ॥९॥

अर्थ– काग-मलीन स्वार्थीजन कपडा धुन लागे– शिष्यका अन्तःकरणको मयल फाली सुकिलो बनाइदिने भए । बकुला किरपहिं दाँते– बकुलाहरू दाह्रा किटी-किटी त्यो कपडामा खुम्चे, दोब्रेको मेट्न इस्तरी लगाइदिन लागे अर्थात् वञ्चक नकली साधु-पण्डितहरू उही कल्पित उपदेशका समर्थक बने; आ-आफ्नै स्वार्थ साध्नपछि लागे ॥६॥

माँखी मूँड मुडावन लागी– यो सुने-देखेर भावावेशका जीवहरू मुडिन तम्से। भन्दछन्–हामी पनि जन्त जान्छौं अर्थात् भगवान्का धाममा जाने ह्वौं ।।७।। गुरु कबीर भन्नुहुन्छ– हे सन्तजन सुन ! जो यो शब्दको अर्थ सम्झी ठीक-ठीक आफूमा उतार्छ– उपर्युक्त भ्रामकका जालबाट बच्तछ, उही नम्बरी पण्डित हो, उही सम्यक ज्ञाता, पूरा भक्त भनिनेछ ॥८-९॥

अरू– जुन ज्ञान र सिद्धान्तमा वस्तु-तथ्यले उचित स्थान नपाई कल्पित वाणीका प्रमाणको मात्र पुट पाएको छ, स्वतन्त्र विवेकको कसीबाट जो सत्यमा उत्रँदैन, त्यस्ता ज्ञान-सिद्धान्तबाट साधकले सावधान रहनु। कल्पना-ग्रस्त असद् गुरुवा र भ्रान्त शिक्षकबाट जीवको कल्याण हुन सक्तैन। यसको निम्ति स्वतन्त्र विवेकी, वैराग्यवान्-शुभाचारयुक्त सद्गुरुकै परम आवश्यकता पर्दछ। अर्को कुरा–मलीन चित्त भएका स्वार्थासक्त जीवले जगत्मा दोषदर्शन र राम्रो मुमुक्षुता नबनाई, हम्मेसी साधुभेस ग्रहण गर्नाले सर्वथा हानिकर छ। उपदेशक गुरु र नवीन जिज्ञासु दुवैले यो मन्त्र बिर्सन हुँदैन।

चुड्का–५५

मानिसको ह्याउ यस्तो, हेर भाई यहाँ कस्तो; अचम्मको कुरा कथेका ।।टे
सिंह र शार्दूल चरी, एकै हलो बीच नारी; बालुवा पो खेत रोपेका।
जङ्गलका फ्याउराले, गोड मेल गर्न थाले; गधाहरू किसान बनेका ।।
बाख्री-बाघ भयो बिहे, उत्सवमा सबै गए; गाई भए मङ्गल गाउने।
जङ्गलका थारल जो, पक्षी दिएको दाइजो- गोह भए काँध लाउने ।।
कौवा लागे लुगा धुन, बकुल्लाले दाँत किट्तै; खूबसित इस्त्री लाउँछन्।
झिंगाहरू कपाल खौरी, हामी पनि जन्त दौडी- जान्छौं भनी सबै आउँछन् ।।
भन्नुहुन्छ गुरु कबीर, सुन भाई सन्त सुधिर; यो पद जो अर्थ गर्दछ।
उही विज्ञ उही ज्ञाता, उही साँचा भक्त नाता; संसारमा भन्नु पर्दछ ।।

शब्द-५६

नर को नहिं परतीत हमारी ॥१॥
झूठा बनिज कियो झूठेसो, पूँजी सबन मिलि हारी ॥२॥
षट दर्शन मिलि पन्थ चलायो, तिरदेता अधिकारी ॥३॥
राजा देश बडो परपञ्ची, रैयत रहत उजारी ॥४॥

अर्थ– मनुष्यहरू मेरा (पारखी सन्तका) निर्णय वचन रत्ती पत्यार गर्दैनन् ॥१॥ असत्य-सौदा (झुट्टा वाणी) का ग्राहक, उस्तै झुट्टा व्यापारी (भ्रामक जन) का साथ व्यापार गर्नमा राजी छन्। अतएव सबैले आ-आफ्ना मूलधन (जीव-जमापद) पनि गुमाइसके ॥२॥ षट्-दर्शन–योगी, जङ्गमादि मिली अनेक सिद्धान्त चलाएका छन्। तिनले ब्रह्मा विष्णु महादेव– यी तीन देवतालाई श्रेष्ठ अधिष्ठान माने ।।३।। ती त्रि-देवरूपी राजाका देश अर्थात् कर्म उपासनादिका उपदेश सिद्धान्त अति प्रपञ्चपूर्ण छन्। यिनले भ्रान्ति जालमा आफ्ना अनुयायीरूपी प्रजालाई चेतनको स्थितिरहित व्यर्थ का झन्झट र शून्य कल्पनाकै स्थितिरूपी उराठिलो निर्जन मैदानको वास गराए ॥४॥

अरू– संसारमा प्रचलित रहेका ब्रह्म-ईश्वरादिवाद नै गुरु कबीरका सिद्धान्त हुँदा हुन् त, यहाँ यसरी 'मेरा कुराको पत्यारै गर्दैनन्' भनी भन्नुहुने थिएन । यस वचनबाट गुरु कबीरको मन्तव्य षट् दर्शनको भन्दा भिन्नै 'पारख' रहेछ भन्ने स्पष्ट छ । अधिकांश जनसमाजको मन, नकली चमक-दमक, रमझमपट्टि नै एक्कासी तानिन्छ। हितैषी सत्यवक्ता सरल सन्तका निर्णय वाणी सत्य चेतन स्वरूप-बोधक, सदाचार-पोषक सौदा लिन अघिसर्ने विवेकी ग्राहक कम-कम हुन्छन्। ऋद्धि-सिद्धि, कुनै कृत्रिम चमत्कार सुन्यो वा हिंसा र अम्मलसम्म पनि छाड्नु नपर्ने, गुरु-उपदेश सुनि दिएमात्र पनि मुक्त होइने मार्ग सुन्यो भने स्वार्थ लाभ र सजिलो

सम्झी, जनसमाज मात्र होइनन् पठितवर्ग पनि उतै ओइरो लाग्ने हुन्छन् । यसै गरी-गरी कल्पित इष्ट-प्राप्ति र ब्रह्म बन्ने लालचमा जीवन र विवेकरूपी मूलधन नै बरबाद भइरहेछ। अतः यो मुख्य सम्पत्ति, सार-सत्य तत्त्व, परात्पर चेतन स्वरूपको आदर गर । यस लाई छोडेर विश्वमा वास्तविक तत्त्व अरू केही छैन। ईश्वर ब्रह्म खुदादि जे भनेपनि यही चेतनतत्त्व नै हो, अरू कल्पनाका वाणीमात्र हुन् । पारख स्वरूपको बोध र मन-वासना, कल्पनादि निर्मूल नपारी अखण्ड मुक्तिको सोदा हात पर्दैन ।

इतते उत उतते इत रहहू, यमकी साँड सवारी ।।५।।
ज्यों कपि डोर बाँधु बाजीगर, अपनी खुशी परारी ।।६।।
इहै पेड उतपति परलयका, विषया सबै बिकारी ।।७।।
जैसे श्वान अपावन राजी, त्यों लागी संसारी ।।८।।

अर्थ– माथि लेखिएका झुट्टा व्यापारमा पर्दा विषयासक्ति र वाणिका प्रपञ्च अध्यास-वश यता मनुष्य शरीरबाट उता पशु आदि तीन खानिमा र उताबाट यता मनुष्य खानिमा यमकी साँड सवारी– मन-कल्पनाको सवारी गरी, जीव ओहोर-दोहोर गरि-रहन्छन् । अथवा अद्वैत मायामा परी जगत्-ब्रह्मको चक्रमा घुमिरहने कल्पनामा पर्दछन् ।।५।। जस्तो लोभबश बाँदरले चटकीको बन्धनमा परी चुटाइखान्छ, घर-घर घिच्चिदै गई नाच्दछ , त्यस्तै वाणी-खानीका सुख-लोभवश जीव पनि आफ्नै खुशीबाट परारी–मन, इन्द्रिय र भ्रामकजनद्वारा बाँधिई तान्निदै संसार-रङ्गशालामा नाचिरहेछन् ।।६।।

यिनै सुख-रमाइलो र वाणीका प्रलोभन नै हुन्– 'जन्म-मरण र चारखानिको आवागमनरूप फल फल्ने अजङ्गको बोट' । विषय त खानीका हुन् वा वाणीका ! सबै दूषित हुँदैहुन् ।।७।। जस्तो

तुच्छ कुकुर मैला र निरस हाडमा रमाउँछ, चुस्न पाउँदा आफूलाई सौभाग्यशाली सम्झन्छ, त्यस्तै भोगासक्त संसारीजन पनि अपवित्र, असार–विषय-सुख र निरस कल्पित खोक्रा वाणीका मान्यतामा स्वयं निछावर छन् ॥८॥

कहँहि कबीर यह अद्‌बुद ज्ञाना, को मानै बात हमारी ॥ ९ ॥
अजहूँ लेउँ छुडाय काल सों, जो करै सुरति सँभारी ॥१०॥

अर्थ– गुरु कबीर भन्नुहुन्छ– उपर्युक्त कल्पनापूर्ण ज्ञानमा भोग र मोक्ष साथैसाथ प्राप्त हुने, प्रौढ विज्ञानको प्रदर्शनयुक्त महान् व्यापक अद्वैत ब्रह्मपद प्राप्त हुन्छ भन्ने रङ्गिन पालिश लागेका, भारी चमत्कारपूर्ण र ठूला-ठूला धेरै व्यक्तिले धारण गरेका ज्ञान छाडेर मेरा यी सत्य नै भएपनि विरसिला, साधना-संयमको कष्ट सही भोगबाट रहित हुनुपर्ने कुरा कसले खान्छ ! बिरलैविवेकी सत्यका सोदागरले मात्र स्वीकार गर्नेछन् ॥९॥

परन्तु अझैपनि म मुमुक्षुलाई काल-कल्पना, आसक्तिका फन्दाबाट छुटाई, अव्यर्थ मुक्तिको माध्यम पारखज्ञानमा लिन सक्छु । साधकले मात्र आफ्नो लक्ष्य सह्मालोस्, मेरा सत्य-निर्णय वाणीमा विवेकपूर्वक प्रेम गरोस् । विषय वासना र वाणीजालको थाङ्नो पछ्यौरामात्र सहसा प्रियत्नापूर्वक नओढोस् । सत्य-असत्य, हानी-लाभको खूब पारख गरोस् ॥१०॥

चुटका–५६

संसारी मानिसलाई, मेरो पत्यार छैन भाई; कल्पनामै दौडी मर्दछन् ।
फुट्टा व्यापार फुट्टै साथ- गर्छन् पछि पिट्तै माथ; मूल धन सबै हार्दछन् ॥
छः दर्शनो मिलीजुली, नाना पन्थ चालू गरी; स्वामी तीन देव मालिक ।
नरेशका देश बीच, अति ठूलो छ प्रपञ्च; रंती वास उजार ठीक ॥
यता बाट उता गर्छौं, उताबाट यता सर्छौं; यमको भो सांढ सवारी ।
जस्तो वानर फन्दा पर्‍यो, चटकीको डोरो भिर्‍यो; आफूखुशी लाभले गरी ॥

यही वृक्ष उत्पत्ति र, प्रलयको हेतु तर; विषय छन् सबै विकारी।
जस्तो कुकुर अपवित्र, राजी हुन्छ यो विचित्र; उस्तै जान यिनी संसारी॥

कबीर त भन्नुहुन्छ, अचम्मको ज्ञान यो छ; मेरो कुरा को पो टेर्दछ।
काल-पन्जाबाट अऊँ, छुटाउने छु म सोऊँ; जो त लक्ष्य काबू गर्दछ॥

✲

शब्द–५७

ना हरि भजसि न आदत छूटी ॥१॥
शब्दहि समुझि सुधारत नाहीं, आँधर भये हियहु की फूटी ॥२॥
पानी माँहि पषाण को रेखा, ठोंकत उठै भभूका ॥३॥
सहस घडा तिनउठि जल ढारै, फिर सूखे का सूखा ॥४॥

अर्थ– अबोध जीव न सद्गुरुको भक्ति गर्दछन्, न हृदय निवासी हरिकै पारख गर्दछन्। यसैले यिनको विषयासक्ति, कल्पना आदिको स्वभाव-लत पनि छुट्तैन ॥१॥ मानिस आफूले पढे-सुने का शब्दलाई विचारको तराजुले तौली सुधार्दैनन्, श्रद्धाको रुमालमा सहसा पोको पारेर सोझै लगी, हृदय-ढुकुटीमा थन्क्याउँछन्। यसैले ती बाह्य नेत्रबाट अन्धा भए, साथै हृदयका विवेक-विचार-रूपी आँखा पनि गएछन् क्यार !॥२॥ पानी माहिं– विषयासक्ति र कल्पित वाणीरूपी पानीमा मानिसको मनरूपी पत्थर डुबि-रहेछ। हृदयमा ढुङ्गाका अक्षरसमान नमेटिने बनी, सुखासक्ति, भ्रम-मान्यता जमिरहेछन्। ठोंकत उठे भभूका– अब उसलाई पारखदृष्टि बताउनु, झन् आगोसमान बनी कठोर वचन र मार पिटका झिल्कासम्म पनि उठ्ने हुन्छन् ॥३॥ सहस्र घडा– यस्ता व्यक्तिलाई नित्य-नित्य हजारौं प्रकारबाट सम्झाएपनि कत्ति लाग्दैन, पारखबोधबाट रिक्त हृदय ओभानाको ओभानै रहन्छ। विषय भोग र कल्पना-वाणीमै रङमङ्गिन्छन्। यस्तै व्यक्ति हुन्– असंख्य वार आवागमनमा चक्कर काटिरहने ॥४॥

सेतहिं सेत सितङ्ग भौ, सैन बाढु अधिकाई ।।५।
जो सन्निपात रोगियन मारै, सो साधुन सिद्धि पाई ।।६।।
अनहद कहत कहत जग बिनसै, अनहद सृष्टि समानी ।।७।।
निकट पयाना यमपुर धावै, बोलै एकै बानी ।।८।।

अर्थ— सेतहिं सेत—शुद्ध ब्रह्म, शुद्ध ईश्वर भन्दाभन्दै कल्पना भ्रम-मान्यताको विषमज्वर चढी, सारै शिताङ्गले ढाकिसक्यो । झन् यिनी उही भ्रम-मान्यताकै सैन-ईशारा गर्ने पुस्तक, अनुयायी, सभा-व्याख्यान बढाउने प्रवृत्तिमै संलग्न छन् ।।५।। जुन ब्रह्मवाद-रूपी सन्निपात* रोगबाट पूर्वका ठूल-ठूला ब्रह्मनिष्ठजन मारिए (कल्पना-भ्रान्तिमा परे) उही 'अहं ब्रह्मास्मि' मा अहिलेका ब्रह्म-ज्ञानीहरू लागी सिद्धि पाइरहेछन् ! (यो गुरु कबीरको व्यंग्योक्ति हो) भाव हो— उनकै अनुगामी बनी के सिद्धि पाउनु ! ज्ञानस्वरूप चेतन पनि बिना गुण-धर्मको अवस्तु बन्न सक्तछ र !।।६।।

अनहद— 'असीम-ब्रह्म मै हुँ' यही वचन बोली-बोली संसारका धेरै मानिस भ्रान्तिमा परिरहेछन् । अनहद—अद्वैतवाद नै विभिन्न प्रकारबाट विश्व-व्याप्त भइरहेछ ।।७।। निकट पयाना—जाने दिन (मृत्यु) नजीक आइसक्यो र पनि यमपुर धावै—आसक्ति वश वामा-वञ्चकका आशामा उतै दौडिरहन्छन् । "अब एक, अब

*– सन्निपात रोगमा मानिस जसरी जथाभावी बरबराउँछन्, उसैगरी कल्पना-ग्रस्त व्यक्ति 'म सूर्य हुँ, म चन्द्रमा हुँ, समस्त पृथ्वी मै हुँ, चराचर विश्व नै मेरो स्वरूप हो; निराकार निर्गुण, आकाशसमान मेरो स्वरूप छ, ब्रह्मका अतिरिक्त अरु केही छँदै छैन, यो संसार भएकै होइन सबै भ्रान्ति मात्र हो ... ...' इत्यादि बरबराइरहन्छन् । परन्तु यिनी आफै आफ्नो पिठ्यूँ पछाडिको पदार्थ जान्न सक्तैनन् । आफू जस्तो ज्ञानमात्र स्वरूप छ उस्तै शुद्ध रहेर पो मुक्ति होइन्छ । जड र शून्य पनि आफैंमा थोपरेर कहाँ मुक्ति मिल्ने ! विकार त अहिले पनि मुछिएकै त छ !

एक; अलिकतिमात्र, अलिकतिमात्र . . . . " भन्न कहिल्यैं छुट्तैन । अथवा निकटैको जडदेखि पृथक स्वयं सर्वोपरि चेतनसार सत्य स्वरूप छ र पनि यसको ख्याले नगरी, मन-कल्पनाका पछि लागी, उही एक व्यापक हो भनिरहन्छन् ।।८।।

सतगुरु मिलें बहुत सुख लहिये, सतगुरु शब्द सुधारैं ।।९।।
कहँहि कबीर ते सदा सुखी हैं, जो यह पदहि विचारैं ।।१०।।

अर्थ– विवेकी सद्गुरुको बोध र निर्णय ज्ञान पाएपछि तिमी अत्यन्त सुख, अनासक्ति, निर्भ्रान्ति, जीवन्मुक्तिको परम शान्तिमा पुग्नेछौ । पारखी सद्गुरुले नै सत्य-असत्य शब्दको पारख गराई, असम्भव-असार जति पन्छाएर, सार-सत्य ग्रहण गराइदिनु हुनेछ ।।९।। गुरु कबीर भन्नुहुन्छ–तिनै साधक सदा सुखी हुन्– ज-जसले यो मनुष्यपदको विचारपूर्वक सदुपयोग गरी पारखमा स्थिति बनाएका छन् ।।१०।।

अरू– माथि दोस्रो पदमा 'मानिसहरू हितकारी शब्द सम्झेर विवेक गरी आफ्नो सुधार गर्दैनन्' भन्नुभएको थियो, अब यहाँ नवौंपदमा भन्नुहुन्छ–'सद्गुरु सन्त पारखीजनले शब्द सुधारी सार-सत्यमात्र ग्रहण गराइदिनुहुन्छ यसैबाट परम सुख-शान्ति मुक्ति मिल्दछ' भन्नुभयो । साहित्य-संसारमा विविध किसिमका वाणी भरिएका हुन्छन्, यसैले यिनको स्व विवेकद्वारा छान-बीन गर्नको अत्यन्त आवश्यकता छ । सत्य-सार वस्तुको उपलब्धिको लागि सच्चा विवेकीबाट ज्ञानदृष्टि प्राप्तगरी स्थिति बनाएमात्र आफ्नो ठीक काम बन्न सक्ने हुन्छ ।

चुड्का-५७

न त हरि भजे कहिले न आदत छुट्यो उसैं; जीवन गो व्यर्थ मित्रको ।
शब्द सुनी विचार्दैन, स्व सुधार गर्ने हुँदैन; अन्धो भए फुटे मित्रको ।।

पानी बीच पत्थर-रेखो, ठोक्तै हेर अग्नि देख्यो; ज्वाला छुट्ने तेज भएर ।
नित्य उठी हजार घडा- पानी छोड्दौं भर्छ कडा- रहन्छ त्यो सुक्खै बनेर ।।
सेतो सेतो मन्दा मन्दै, शीताङ्ग पो भयो अङ्ग; सैन्य बढी घेरै धाएका ।
बुन सन्निपातले त, मार्छ बूझ रोगी के त! साधुले त्यै सिद्धि पाएका ।।
अनहद मन्दा मन्दै, जगत् गए नाश हुँदै; अनहदै सृष्टि भरी भो ।
दिन आयो नजिकमै, यमपुर जानेछ नै; भर्छ वाणी एकै बोलियो ।।
सद्गुरु दर्शन मिले, अति सुख हुन्छ तैले; सद्गुरु शब्द सुधार्छन् ।
कबीर त मन्नुहुन्छ, सदा सुखी उही हुन्छ; यो पद नै जो जो विचार्छन् ।।

*

शब्द–५८

नरहरि लागि दौं विकारबिनु इन्धन, मिले न बुझावनहारा ।।१।।
मैं जानौं तोही से ब्यापै, जरत सकल संसारा ।।२।।
पानी माँहि अग्निको अङ्कुर, जरत बुझावै पानी ।।३।।
एक न जरे जरैं नौ नारी, युक्ति न काहू जानी ।।४।।

अर्थ– नर हरि लागि–मानवीय अन्तःकरणमा माया भ्रान्ति-कल्पनाको विकारपूर्ण डँडेलो लागी, बिनु इन्धन–बिना दाउरा-गोल नै सबैको हृदय जलिरहेछ । यसबाट बचाइदिने आजसम्म कोही मिलेनन् ।।१।। मलाई थाहा छ ! हे मनुष्य ! तिमीबाटै यो अज्ञान-कल्पनारूपी आगो उठेर फिँजिएको हो । यसैगरी सारा संसार-प्राणी जलिरहेछन् ।।२।। वेद-शास्त्रादिका वाणीरूपी पानीले त्यो भ्रान्तिको आगो निभाउन खोज्दछन् तर उही पानीमा अग्निको रेखा–गुप्तरूपबाट अग्नि-संस्कार समाविष्ट छ । अर्थात् ती वाणी कल्पनाले पूर्णछन् । सारा मानिस माया-कल्पनाको जलन शान्त गर्न तिनै वाणीको आधार लिन्छन् ।।३।। यो मायाग्निमा तिमी एक जीवमात्र जल्ने होइनौ, नौ नाडी सहितका शरीरधारी अनन्त प्राणीसमेत असङ्ख्यवार, तीनतापमा भुटभुटिई जल्दैरहनेछन् । यसबाट बच्ने युक्ति–पारख बिना, आज सम्म कसैले जान्न सकेका छैनन् ।।४।।

अरू– अवस्था र ठाउँ अनुसार शब्दको अर्थ लाग्दछ । यो शब्दमा 'हरि' को अर्थ अरू गर्नै मिल्दैन। दोस्रो–पानीमा अग्निको टुसा अर्थात् कल्पित वाणीमा मायाको निवास भइरहेछ । यो कुरा गुरु श्री रामरहस्य साहेबबाट पनि स्पष्ट बताउनु हुन्छ–

ब्रह्म होय शीतल भये, शीतल तृप्ती रूप ।
अनल समानी ताहि जल, परे भरम तम कूप ।।७३।।

निर्विकार माया परे, तेहि कहै वेद पुराण ।
पुनि प्रपञ्च सब ताहिके, उदकहि आगि समान ।।७४।।
[पं. टकसार]

अर्थात् अज्ञान- विवशको जीव व्यापक ब्रह्म बनी शीतल र तृप्त त भयो, तर त्यो 'ब्रह्म-बोधरूपी जलमा मायारूप अग्नि सूक्ष्मताबाट रहेको छ ।' अतएव जीवले ब्रह्म बन्नु त के भयो, भ्रमको अन्धकूपमा फालहाल्नु समान । वेद-पुराणले ब्रह्मलाई माया-पार, निर्विकार भन्दछन्, पुनः 'सारा माया प्रपञ्चरूप जगत् उही ब्रह्ममा अभिन्नरूपबाट समाविष्ट छ' पनि भन्दछन् । यसैले यो ब्रह्मज्ञानरूपी जलमा मायारूप अग्निको स्थिति छ ।

शहर जरे पहरू सुख सोवै, कहै कुशल घर मेरा ।।५।।
पुरिया जरै बस्तु निज उबरै ! विकल राम रंग तेरा ।।६।।
कुबजा पुरुष गले एक लागा, पूजी न मनकी सरधा ।।७।।
करत विचार जन्म गौ खीसे, ई तन रहत असाधा ।।८।।

अर्थ– शहर भने आगोले जलिरहेछ, रक्षक–पाले जति आनन्दपूर्वक सुतिरहेछन्, तैपनि भन्छन्–हाम्रो घर सुरक्षित छ । भाव हो–सारा संसार अज्ञान-अग्निले दग्धछन्, रक्षक बनेका भ्रामक गुरुहरू र अबोध जीव आफ्नै अज्ञान-भ्रान्तिको घोर निद्रामा मस्तछन् । भन्दछन्– 'हाम्रो स्थिति परम कुशल स्वरूप

आनन्द ब्रह्ममा हो ।' यिनलाई यो होश भएन–'ब्रह्म नै जगत् हो, जो बलिरहेछ । जगत् र ब्रह्ममा के अन्तर छ र ! ' ॥५॥ पुरिया–पोको डढ्यो, भित्रको वस्तु बचेको छ । अर्थात् मनको पोको नै कल्पना तथा विषयको आगोमा जलिरहेछ भने भित्रको आफ्नो बोध-भाव र सद्गुणरूपी वस्तु कसरी जोगिन्छ ! हे चेतनराम ! तिम्रो स्वरूप त शुद्ध ज्ञान रङ्गको हो, तर विषय र कल्पनाले गर्दा अशान्त बनिरहेछौ ॥६॥

नपुसङ्क पुरुषको सहवासबाट युवती कामिनी नारीको मनो-कामना पूर्ण हुँदैन । यस्तै ज्ञान-शक्ति सम्पन्न चेतन जीवको मुक्ति गति पनि आकाश-वत् शून्य नपुंसक ब्रह्मबाट हुन सक्तैन ॥७॥ जड तत्त्व र चेतन जीवको ब्रह्ममा अन्वय गर्ने विचार विमर्श, गर्दागर्दै सर्वश्रेष्ठ मानव जीवन समाप्त भइसक्यो । ई तन रहत असाधा–यो मनुष्य शरीरबाट साँच्चिको कल्याण-साधना नगरी मनको अशान्तिमै जीव व्यर्थ बरबाद भइरहेछ ॥८॥

अरू– समस्त संसार, दुःख चिन्ता परिश्रमबाट अस्त-व्यस्त छ । वेदान्तीजन भने भन्दछन्– 'आनन्दस्वरूप ब्रह्मबाहेक अरू विश्वमा के छ र ! यिनी आफैं पनि तन-मनका कष्टमा कायल छन्, तैपनि भन्दछन्– 'म असङ्ग छु, आनन्दरूप हुँ' यस बखत यिनको विवेक-बोधभाव र सद्गुण-सम्पत्ति कतागए ! आत्मा असङ्ग छ भने व्यथित बन्न किन परेको ! यसै कुराको गुरुले माथि पाँचौं-छैटौं पदबाट भित्तो पुऱ्याई प्रबोध गर्नु भएको छ ।

जानि बुझि जो कपट करतु है, तेहि अस मन्द न कोई ॥ ९ ॥
कहहिं कबीर तेहि मूढको भला कौन विधि होई ॥१०॥

अर्थ– पढी-लेखी ज्ञाता भइकन पनि कपटपूर्वक* विषय

---

* – निरालस ज्ञानले विज्ञान प्राप्त हुन्छ । विरुद्ध ज्ञानवाला अतृप्त मनुष्य असत ज्ञानबाट मुक्तभई क्लेश पाउँछ । [ऋग्वेद ४।१।५।१३,१५]

सेवन गर्ने, अनाचारमा रत्त रहने, कल्पनाका पछि दौडिरहन्छन् भने ती समान हतबुद्धिका अरू कोही छैनन् ।।९।। गुरु कबीर भन्नुहुन्छ–यस्ता भूल-भुलैयामा परेका जीवको कल्याण गति कसरी हुने ! ।।१०।।

अरू– भोग-पदार्थ परिवार शरीरादि सम्पूर्ण पृथक वस्तु क्षणस्थायी हुन् भन्ने प्रत्यक्ष अनुभव हुँदाहुँदै पनि फेरि आसक्ति अज्ञान-वश यिनैमा लुटपुटिई शान्ति-पथबाट आँखाचिम्लिरहन्छन् । सत्य चेतनको चिरस्थायी-स्थितिको काम गर्दैनन् भने ती समान मन्दमति-दुःखी कसलाई भन्ने ! यस्ताको कल्याण कसरी हुने ! अर्का– जडदेखि सर्वथा पृथक अनेक चेतनको शाश्वत अस्तित्व हुनाले, यसैको बोध प्राप्ति र स्थिति बनाए पुगिहाल्नेमा, त्यो काम नगरी, प्राचीन वाणी र ठूलाका पक्ष आडैआडमा रही, कुनै कर्ता प्राप्तिको मान्यता वा 'सबै एक ब्रह्म हो, बृहत् नै बन्नुपर्दछ' भनी कल्पनामै दौडिरहन्छन् । सबैलाई आकाशसमान बन्नकै उत्सुकता छ , परिणाम कहाँ पुगिने हो ! यसको कसैलाई परवाह छैन । यस्तै त हुन् 'जानो बुझो कपट गर्ने' भनेका ! यस्ता व्यक्तिको कल्याण कुन माध्यमबाट हुने ! अतः सावधान !

जीव चेतन सत्य हो, यसलाई परेका बन्धन-विषयासक्ति वासना, कल्पनालाई साधना-संयमपूर्वक परीक्षा गरी-गरी छुटाउनुपर्दछ । मुक्तिमा विश्व-विलय हुँदैन, यिनै आसक्ति-भ्रम-मान्यतामात्र मिटाए, हामी निर्विकार, शुद्ध स्वयं स्थिर छँदैछौं । आफू न शून्य भई लोप होइन्छ, न विश्वभरी भरिन्छौं । जस्तो आज यस घडीमा सबैदेखि पृथक ज्ञानस्वरूप छौं । मुक्तिमा पनि उस्तै निराधार रहन्छौं । साधन-बिना चेतनको ज्ञान बाह्य व्यक्त सम्म नहुने हो ।

चुडका-५८

नर हरि विकार आगो- लाग्यो काठ बिना जाग्यो; निभाउने कोही भएनन् ।
मैले सर्व जानेको यो, तिमीबाटै लागेको हो; पूर्ण जगत् बले बचेनन् ।।
पानीमा छ अग्नि अंकुर- उठी जगत् जले भरपुर; यिनी मने पानी निभाउंछन्।
एकमात्र छंन बल्ने, नवै नारी हुरहुर जल्ने; सांचो युक्ति को यो जान्दछन्!

पुर बल्छ हुरहुरी, पाले मस्त सुत्छ घुरी; भन्छ कुशल घर मेरो छ ।
पुरिया त जल्यो सबै, भित्री वस्तु छ बचेकै; क्षुब्ध राम रङ्ग तेरो छ ।।
सहवास हिजडाको- बाट बूफ दिली धोको; के को पूर्ण हुन्थ्यो ! पुगेन ।
विचार में बित्यो जीवन, व्यर्थ भयो यो नरतन; फल कुनै हात लागेन ।।

जानीबूझी निच माछंन्, कपटले काम गर्छन्; तिनीसरी गोथे छंन सबै ।
कबीरको वाणी यो छ, त्यस्ता मूढ व्यक्ति जो छ; कसोगरी कल्याण होला खै !

⊛

शब्द-५९

माया महा ठगिनि हम जानी ।।१।।
त्रिगुणी फाँस लिये कर डोले, बोले मधुरी बानी ।।२।।
केशव के कमला ह्वै बैठी, शिव के भवन भवानी ।।३।।
पण्डा के मूरति ह्वै बैठी, तीरथ हू में पानी ।।४।।

अर्थ– यो माया सारै छली, सर्वथा ठगिनी हो भन्ने मैले राम्ररी जानें ।।१।। यसले तीन गुणको पासो लिएकी छ, यो सर्वत्र घुमिरहन्छे । प्राणीलाई पासोमा पार्न, सारै मसिनो स्वरले चिप्लो घसी बोल्दछे ।।२।। यो विष्णु कहाँ लक्ष्मी र शिवका घरमा पार्वती बनी बसेकी छ ।।३।। पण्डा-पूजाहारी कहाँ देव-मूर्ति बनिरहीछ, तीर्थस्थलमा गङ्गा-नर्मदादिको पवित्र जलरूप बनेकी छ ।४।।

योगी के योगिनि ह्वै बैठी, राजा के घर रानी ।।५।।
काहू के हीरा ह्वै बैठी, काहू के कौडी कानी ।।६।।
भक्ता के भक्तिन ह्वै बैठी, ब्रह्मा के ब्रह्मानी ।।७।।
कर्हहि कबीर सुनो हो सन्तो, ई सब अकथ कहानी ।।८।।

अर्थ– योगी कहाँ योगिनी (ऋद्धि-सिद्धि) बनी बसेकी

छ । राजमहलमा महारानी बनी हाल हुकुम गरिरहीछ ।।५।। सेठ-जौहरी कहाँ हीरा-जुहारात बनी बसेकी छ त माग्नेको थाङ्नामा कानो-कौडो बनी गाँठो परी, उत्तिकै प्रिय बनी उसैं-लाई विवश गरी बसेकी छ ।।६।। भक्त कहाँ भक्तिनी र नवधा-भक्ति बनी बसेकी छ, ब्रह्माका घरमा ब्रह्माणी-सरस्वती बनी निवास गरिरहीछ ।।७।। गुरु कबीर भन्नुहुन्छ–हे सन्त ! सुन, यो मायाको कथा कथेर कथि नसकिनेछ ।।८।।

अरू–स्व स्वरूप चेतन द्रष्टादेखि भिन्न, मानिसलाई मफतमा छकाई अल्भ्फाउने-भुलाउने जो-जो छन्, ती सबै माया हुन् । कानो-कौडोले माग्नेलाई भुलाए, विवश गरेको छ भने जुहारातपूर्ण सेफ सन्दूकले सेठ–धनकुवेर, महाराजालाई भुलाइरहेछ । पुराण अनु-सार हिन्दूका सर्वोच्च देवता मानिएका ब्रह्मा विष्णु महादेवलाई क्रमशः– सावित्री लक्ष्मी पार्वतीले भुलाइरहेछन् । सामान्य संसारी व्यक्ति पनि दुःख-सन्तापको खानि नारीवर्गका स्नेहासक्तिमा त्यत्तिकै मस्किएका छन्, जत्तिको विश्व सुन्दरी साम्राज्ञीमा सम्राट् भुल्दछन् । उत्तिकै दुर्गन्ध नालमा चोपलिएकी सुङ्गुर्नीमा सुङ्गुर भुलेको हुन्छ ।

तीर्थका पण्डा पुजारीहरू मूर्ति-उपासना नै मुक्तिको मुख्य माध्यम हो भनी लोभ-वश भुली, अनेक महात्म्य सुनाई-सुनाई अरूलाई पनि भुलाउने हुन्छन् । गङ्गा जमुना नर्मदा गण्डकीका सेवीहरू पनि ती गङ्गादि सेवन स्नानबाटै मुक्ति सम्भन्छन् । अरू ज्ञान आचार, स्वरूप-स्थितिको महत्वप्रति विवेक गर्न सक्तैनन् । योगीहरू साँच्चो मुक्तिको साधन र ऋद्धि-सिद्धका भण्डारको मुख्य कुञ्जी हाम्रै हातमा छ भन्ने ठान्दछन् ।

ज-जसले जे-जसो गरेपनि, जहाँ अल्भ्फेपनि स्वयं शाश्वत चेतन स्वरूपदेखि दोस्रामा अल्भ्फेर आखिर मायाकै चक्रमा पर्ने

भए । यसउसले सबैबाट सर्वथा पृथकभई, बची, स्वयं द्रष्टाको शान्ति-स्थितिकै साधनामा कटिबद्ध हुने पुरुष, मायाका फन्दाबाट बचेका हुन्छन् । यति नभएसम्म मानव-मायाकै दास बनिरहेछन् ।

चुडका–५९

माया सारै ठगिनी यो,	रँछ मैले जानें ओहो!	त्रिगुणको पासो हातमा ।
लिई घुम्छिन् मीठो बोल्दै,	केशवका घर यस्तै;	कमलाजी बसिन् साथमा ।।
शिवघरमा पार्वती,	पण्डाको त घर मूर्ति;	तीर्थ बीच बनेकी पानी ।
योगी घरमा योगिनी,	राजा घर रानी बनी;	ब्रह्मा कहाँ भइन् ब्रह्माणी ।।
मोती हीरा कोही घर,	कहीं काना कौडी तर;	भक्त कहाँ बनिन् भक्तिनी ।
भन्नुहुन्छ कबीर गुरु,	सुन भाइ साधुहरु;	यो सबै हो अकथ कहानी।।

शब्द–६०

माया मोह मोहित कीह्ना, ताते ज्ञान रतन हरि लीह्ना ।।१।।
जीवन ऐसो सपना जैसो, जीवन सपन समाना ।।२।।
शब्द गुरु उपदेश दीह्नों, तैं छाडु परम निधाना ।।३।।
ज्योति देखि पतङ्ग हुलसै, पशू न पेखै आगि ।।४।।
काल फाँस नर मुग्ध न चेतहु, कनक कामिनी लागि ।।५।।

अर्थ– माया[×] र मोहले जीवलाई बेहोश गराइरहेछन् । यसैले जीवको स्वतन्त्र विवेक, शुभाचरण-ज्ञानरूपी रत्न हरण भइसक्यो ।।१।। जीवन सपनासरीको छ, किनभने यहाँका सारा वस्तु-देहसितको सम्बन्ध क्षणीक छ, यसैले स्वप्नसमान भनेको हो ।।२।। पारखी सद्गुरुले दया गरी तिमीलाई निर्णय-ज्ञान सत्य शब्दको उपदेश दिनुभएको छ, विवेक-बुद्धिका भण्डार हे मनुष्य ! यो ज्ञानलाई अलभ्य रत्न सम्झी धारण गरिहाल; माया मोह र

×– कल्पित वाणीका विश्वासबाट जीवले जे जति मानी धारण गरेका छन्– भोग-सुख, देहासक्ति, परिवारको मोह, धन-जमीन आदिमा भुलाउनेजति सबै खानी माया र ब्रह्म, ईश्वर. देव–देवी तथा भूतप्रेत, डाइनी–बोक्सी– इत्यादि वाणी मायाको स्वरूप हो ।

स्वप्नवत् जीवनको आसक्ति छाड । परम आश्रय, मुक्तिको खजाना, स्वयंसमेत लय होइने इष्ट भनी कल्पना गरिएका बाह्य पति र स्थितिलाई परित्याग गर ।।३।।

अग्निको ज्योति-प्रकाश देख्दा आँखाका रमिता-वश ज्यू-ज्यानको परवाह नगरी पुतली होमिन्छन् । ती अज्ञानी कीराले 'मलाई आगोले पोल्छ, म मर्छु', भन्ने थाहा पाउँदैनन् ।।४।। यस्तै हे मोह-विकल मनुष्य ! मन-कालका पासामा परेर पनि सावधान हुँदैनस् ! सम्पत्ति शान सुरा र सुन्दरीरूपी ज्योतिमा निरन्तर पिल्सन्छस् !।।५।।

शेख सय्यद कितेब निरखें, सुमृति शास्त्र विचार ।।६।।
सतगुरुके उपदेश बिनु तैं, जानि के जीव मार ।।७।।
कर विचार विकार परिहरि, तरण तारण सोय ।।८।।
कहहिं कबीर भगवन्त भजु नर, दुतिया और न कोय ।।९।।

अर्थ– शेख सैय्यदादि मुसलमानहरू कितेब-कुरानसरीफ, हदीश आदि पढ्दछन् । हिन्दू पण्डितहरू पनि स्मृति शास्त्र श्रुति-हरूको अध्ययन गर्दछन् ।।६।। परन्तु पारखी-गुरुको निर्णय-उपदेश बिना तिनी कहिल्यै संशयरहित हुन सक्तैनन् । एकातिर जीव हत्या गर्नु ठीक होइन भन्ने विचार गर्दछन्, साथै शास्त्रको, दोस्रो स्थलमा हिंसा - विधि पनि देख्तछन् र दो-धारमा पर्दछन् । यता स्वादासक्तिले तान्दछ, संदिग्ध मतिले भ्रान्त गराउँछ र अयोग्य-अपराध हो भन्ने जान्दाजान्दै पनि जीवघात, गरिहाल्दछन् ।।७।। यसैले अब तिमी यथार्थ विचार गरी हिंसा मदिरा जूवादि तन मन वचनका समस्त विकारी चाललाई पूर्ण रीतिबाट पन्छाउ । यस्तै ज्ञानी सदाचारी सौभाग्यशाली व्यक्ति हुन्–स्वयं मुक्तभई अरूलाई पनि मुक्त गराइदिने ।।८।। गुरु कबीर भन्नुहुन्छ– हे मनुष्य ! यस्ता सर्व विकारबाट विमुक्त, स्व-पर कल्याण कर्ता

सन्त-गुरुरूपी भगवान्को× सेवा-भक्ति गर, तिम्रा तारक यी सिवाय अरू कोही छैनन् । तथा सद्गुण-सम्पत्तिबाट सम्पन्न बनी स्व स्वरूप भगवान्मा स्थिति बनाउ ।।९।।

चुडका—६०

माया मोह सबलाई, लागी लट्टु पारे भाई; ज्ञान रत्न लुटे यिनले ।
जीवन यो स्वप्न सरी, स्वप्नै तुल्य जीवन भरी; शब्द शिक्षा गरे गुरुले ।।
छाड परम निधान; ज्योति - कृमी बलिदान; पशु हुंदा अग्नि को चिन्छन्।
काल फाँस मुग्ध नर, चेत्ने कहाँ शक्ति छ र! द्रव्य नारीहित यो बिक्छन्।।
शेख शैय्यद किताब हेर्छन्; नीति शास्त्र पण्डित बेर्छन्; विचार त्यै गरी फिर्दछौ ।
बिनाशिक्षा श्री सद्गुरु- को हे बाबू तिमीहरू; जानी जीव घात गर्दछौ ।।
अब अति विचार गरी, छाड चाल ती विकारी; तर्न तार्न यस्तै पुरुष ।
मन्नुहुन्छ गुरु कबीर, प्रभु भज हे नरवीर; दोस्रा अर्का छैनन् सुईश ।।

शब्द—६१

मरिहो रे तन का लै करिहो, प्राण छूटे बाहर लै डरिहो ।।१।।
काया बिगुर्चन अनबनि भाँती, कोइ जारे कोइ गाडे माटी ।।२।
हिन्दू ले जारे तुरुक ले गाडे, यहि विधि अन्त दुनों घरछाडे ।।३।।

अर्थ— हे मनुष्य ! तिम्रो शरीर एक दिन अवश्य छुटिहाल्नेछ, अतः शरीर र शरीर सम्बन्धी प्राणी-पदार्थका आसक्ति-अहङ्कार लिई के गर्छौ ! प्राण निस्कनासाथ तिमी घरबाट बाहिर फालिनेछौ ।।१।। यो शरीर बिगुर्चन—धोखा, खालि देख्नै भरको हड्डी-पिंजडामात्र हो; अनबनि भाँती—असमञ्जसको घर, अविश्वासी दुःखदायक नश्वर छ। यसलाई कसैले जलाइदिन्छन् त कसैले गाडिदिन्छन् ।।२।। प्रायः हिन्दूले जलाउँछन्, मुसलमानले गाड्दछन् । कसै-कसैले जल-प्रवाह पनि गरि-

×— "ज्ञान विराग श्री युत, यश अरू धर्म निधान ।
ऐश्वर्य–षट भाग युत, ताहि कहत भगवान ।।"

दिन्छन्; अथवा बेवारिसी व्यक्ति छ भने त्यसै फालिन्छ। यो कृतघ्नी शरीरको अन्तिमदशा यही हो। यसरी दुवैघर-हिन्दू मुसलमान दुवैथरीले अन्तमा त्यागिदिन्छन् ॥३॥

कर्म फाँस यम जाल पसारा, जस धीमर मछरी गहि मारा ॥४॥
राम बिना नर होइहैं कैसा, बाट माँझ गोबरौरा जैसा ॥५॥
कहहिं कबीर पाछें पछतैहो, या घर से जब वा घर जैहो ॥६॥

अर्थ– माझीले माछालाई बल्छी-जाल हाली जसरी मार्छ, त्यसैगरी यम-मनले तिमीलाई कर्मको पासो र लालचको जालमा पारी ज्ञान भक्ति विवेक शान्तिको जीवनबाट ठहरै मारिरहेछ ॥४॥ रमैयारामको बोध-स्थिति बिना हे मनुष्य! तिम्रो दशा उस्तै हुनेछ-जस्तो गोबरौरा-फोहोरी कीरा, बीच बाटोमा मैंलाको गोली बनाई गुडाई मग्न परेको हुन्छ, पथिक र सवारीहरू हिंड्दा गोली र कीरा दुवै कुल्ची किचिमिची भई नाश हुन्छन् मर्दछन् ॥५॥ गुरु कबीर भन्नुहुन्छ-आज यस्तो आफ्नो हित-कार्य सुधार्ने अमूल्य औसरमा कल्याण-कार्य नगरी त्यसै आल-टालमै जीवन गुमाउने हो भने एक दिन अचानक यो शरीर चटक्क छोडी* पशु-कीटादिको शरीरमा जाँदा अनि अत्यन्त पछुताउनु पर्ला! अन्त्य अवस्था र यो शरीर छँदै पनि नाना रोग-

---

*– When skies are clear, expect the cloud;
In darkness wait the coming light.
Whatever be thy fate to day,
Remember, "This will pass away" !

– John Godfrey saxe.

जब आकाश स्वच्छ हुन्छ, बादली हुने आशा गर; अँध्यारामा उज्यालो हुने प्रतिक्षा गर; आज तिम्रो जे जस्तो प्रारब्ध भएपनि याद गर! यो पनि बितेर जानेछ।"

कष्टले सताउँदा थक्क-थक्क पर्नु पर्नेछ । अतः आजै सचेत भई सुधार गर्‍यौं भने सुनमा सुगन्ध भरियो, जन्म-जन्मको कष्टबाट पारपाई शाश्वत शान्तिमा स्थिति पाइयो ।।६।।

चुडका–६१

मरिहाल्छौ देहलिई, गर्‍यौ के खै यति जिई; प्राण छुट्तै लगी फाल्नेछन् ।
धोखा रूप नष्ट तन, अचानकै छुट्छ गुन; पोल्छन् कोही गाडिहाल्नेछन् ।।
हिन्दू पोल्छन् तुरुकले- गाड्छन् यही प्रकारले; अन्त्य दुवै घर फार्दछन् ।
यमले जो कर्मपाश, थापेका छन् हा! तमास; जस्तै माझी माछा मार्दछन् ।।
राम बिना नर कस्तो ! तिम्रो गति होला जस्तो- पथ बीच गोबै फिरा छै ।
श्री कबीर भन्नुहुन्छ, पछि पश्चाताप हुन्छ; घरबाट उहाँ जाँदा मै ।।

शब्द–६२

माई मैं दूनों कुल उजियारी ।।१।।
सासु ननद पटिया मिलि बँधलों, भसुरहिं परलों गारी ।।२।।
जारों माँग मैं तासु नारि की, जिन सरवर रचल धमारी ।।३।।
जना पाँच कोखिया मिलि रखलों, और दुई औ चारी ।।४।।
पार परोसिनि करों कलेवा, संगहिं बुधि महतारी ।।५।।
सहजे बपुरे सेज बिछावल, सुतलिउँ मैं पाँव पसारी ।।६।।

अर्थ– (पारखनिष्ठ सन्त सहजावस्थामा रही, आफ्नो स्वच्छ-शान्त वृत्तिलाई मुख्य पात्र बनाई, एक रूपकबाट मनन गर्दछन्–) हे सद् बुद्धिमाता ! म स्वार्थ-परमार्थ–दुवैको प्रकाशक हुँ दुवै जीवकै× प्रेरणा पाई चल्नेहुन्) ।।१।। बुहार्तन कटाउने संशयरूपी सासु र कुराउटे कुमति नन्दलाई म पारख-स्थितिरूपी पलङ्को पाटीमा* बाँधिराख्तछु । मेरो शान्ति-सुखलाई सम्मुख

×– 'जीवहि आप मदद दें दोउन, वोइ ह्वै समर हेतु दोउ दिशिते ।
प्रारब्ध दोष कुसंग के कारण, गाफिल होत जीव भ्रम परते ।।'

*– डंरीको खाटको दुवै किनारामा रहने तेर्सा लामा काठ वा बाँसलाई पाटी भन्दछन् ।

परी-परी बिथोल्ने भसुर–जेठाजुरूपी अविवेकलाई पनि बेसरी गाली गर्दछु– ज्ञानको पठन-मनन गरी हप्काउँछु ।।२।। संसाररूपी सरोवरमा जन्म मरणरूपी धमार खेलको उत्पात मच्चाइरहने अविद्यारूपी नारीको पनि माँग–सिउँदै जलाइदिन्छु (आगो झोसी खरानी बनाइदिन्छु) ।।३।।

शान्तिका बाधक पाँच ज्ञानेन्द्रियलाई काखीमुनि च्यापी–दमन गर्दछु । शुभाशुभ दुवैथरी वासनालाई पन्छयाउँछु, चतुष्टय अन्तःकरणलाई पनि स्ववश राख्तछु ।।४।। पार परोसिनि–वर-पर बाट अनेक मत-वादका जे जस्ता शङ्का-प्रश्न आउन्, ती सबै त कलेवा– खाजासमान बनाई मरमरी चपाइदिन्छु, पारखदृष्टिबाट एकदम शमन-दमन गरिदिनेछु । जीवनयात्रा र कल्याणको कार्य बनाउनको निमित्त परम साधकरूप तिमी सद्बुद्धिरूपी माता छँदै छचौ । तिमीले मेरा सहयोगी विवेक-वैराग्यादि शुभगुणलाई जन्म दिएकी* ह्वौ ।।५।। ती बबुरा विवेकादि मेरा सदाका सेवक हितैषी गुणी हुन्, तिनले मेरो पारख-स्थितिरूपी शय्या ओछयाइदिएका छन् । म त्यहाँ गोडा पसारी निश्चिततापूर्वक आराम गर्नेछु– विक्षेप रहित शान्तदशामा स्थिर रहनेछु ।।६।।

आवों ब जावों मरों नहिं जीवों, साहेब मेंट लगारी ।।७।।
एक नाम मैं निजु कै गहलौं, ते छूटल संसारी ।।८।।
एक नाम मैं बदि कै लेखों, कहहिं कबीर पुकारी ।।९।।

अर्थ– यस्तो उच्च स्थिति बनाएपछि अब मैले आउन-जान परेन, मेरो जन्म-मरणको यात्रा पनि मेटियो । किनभने साहेब (ईश्वर-परमात्मादि र कल्पित लोकादि) को मान्यता-आसक्तिको मेट लगारी–सम्बन्ध मेटियो– गुरुदेवले मेटिदिनुभयो । समस्त

---

* – "सुमति सुभामिनि राखौ दिलमें, शुभगुण सुतहि जनैया ।
निश दिन पालैं पोसैं तुमको, नहिं कहुँ कष्ट परैया ।।"

भ्रान्ति र विषय वासना छुटे ।।७।। अब एक चेतन ज्ञानस्वरूप भन्ने जसको नाम छ, उसैलाई अँगालें-पक्रें, यही नै म रहेछु । यही स्वरूपबोधबाट अन्य संसार-प्राणी पनि जन्म-मरणको चक्र देखि छुट्न सक्तछन् ।।८।। गुरु कबीर स्पष्ट भन्नुहुन्छ– 'चेतन' यो जसको नाम हो, उही एउटालाई म बदिकै-निश्चयपूर्वक मान्दछु, ग्रहण गरेको छु । यसका साथै समस्त सम्बन्ध स्वयं छुट्यो. आफैं द्रष्टा ज्ञानस्वरूप अस्तित्वमात्रलाई चिनें, त्यसैमा स्थिर भएँ ।।९।।

अरू– हामी यो सम्झौं– खेत-बारीमा घाँस-झार आफैं उम्रन्छन्, उखेली फालेपनि फेरि-फेरि पलाइरहन्छन् । तिनलाई छर्नु-रोप्नु र मल-जल दिनु पर्दैन । उत्तम वस्तु– स्याउ-सुन्तला धान-गहुँ, मकैहरूलाई नै रोप्नु छर्नु गोडमेल मल-जल गर्नु पर्दछ । दिनदिनै हेरचाहा गर्नु तथा अति सुरक्षा गर्नु पर्दछ । शरीर कपडा भाँडा घरहरू पनि फोहोर-मैला त आफैं बन्दैजाने हुन्छन्; शुद्ध पवित्र राख्नलाई नै नित्य स्नान गर्नु, धुनु माज्नु बडार कुडार लिपपोत आदि गर्नुपर्दछ ।

यस्तै कामी क्रोधी आदि बन्न, लत व्यसन विलासिता धारण गर्न, अधोगामी बन्नलाई पुरुषार्थ गर्नुपर्दैन; कुसङ्ग र आलस्यले आफैं बनिन्छ । अन्तःकरण पवित्र राख्न, सदाचार-शुभगुण धारण गर्न र स्व स्वरूपको स्थिति बनाउन नै पुरुषार्थ-संयमको आवश्यकता पर्दछ । विद्या धन पदको लागि हामीलाई वासनाले नै अङ्कुसे लगाई घिच्याउँछ; लोभ, तृष्णा र डाडोले नै गलहत्याइं घोक्र्याउँछन्; यस काममा कोशिश गर्नु साहस भर्नु पर्दैन ।

अतएव प्रथम कल्याणको चेष्टा खूब बढाउँ । पारखी, बोध-आचरणनिष्ठ, वैराग्य-निरत सन्तलाई खोजौं, तिनका सत्सङ्ग-सेवामा आफूलाई डुबाउँ, शुद्ध द्रष्टा चेतन स्वरूपलाई राम्रो ठम्याउँ, सदाचार सद्गुणलाई ठीक-ठीक आफूमा उतारौं । नित्य

लगातार प्रातः चाँडै नै उठी शान्त बनी*, अन्तःकरणमा उठेका वासनालाई हेर्ने अभ्यासमा लागिपरौं ।

यो सम्झौं– जड-चेतन, शुभ-अशुभ कर्तव्य-अकर्तव्य आदि-लाई ठीक-ठीक छुटचाउन नसक्नु नै माया हो। यिनलाई छुटचाउन सक्ने प्रज्ञा प्राप्त भएपछि हामी जीवनको जौहरी बन्यौं । अब विवेकको उदय भयो । जुन दिन आफ्नो उद्देश्य-द्रष्टा-स्थिति को अभ्यासमा प्रगतिको प्रारम्भ हुनलाग्यो, उसै दिनदेखि सम्झौं– शान्ति-समाधिको फूल फुल्नलाग्यो । आफैं उम्रने घाँस (काम क्रोधादि लत विलासिता र भ्रान्ति-कल्पना) अब उम्रन छाडे । अनि आसक्ति-अज्ञानरूपी माया पनि बिलाउँदै गई । जब वासना-डोरीले तान्न र भ्रान्ति-कल्पनाका बतासले उडाउन छाडे, अनि द्रष्टास्थितिको अभ्यास बलिष्ठ बन्यो, तब सम्झौं हृदयाकाशबाट राहु केतु धुम्रकेतुहरूको अस्तभयो । चेतन चन्द्र-सूर्यको शाश्वत प्रकाश, अखण्ड शान्ति-साम्राज्य फिंजियो । ज्ञानै-ज्ञानको दिव्य प्रकाशमात्र अवशेष रह्यो । यसमा हेरौं वेदको मंत्र–

त्यो सत्य, चैतन्य-यज्ञको निमित्त जागेर हामीलाई आश्रय देउ ।

[ऋग्वेद १।५।२।१]

चुडका–६२

दुवै कुल माता म त, प्रकाशी छु सासु सित- नन्दलाई पाटी- बाँढछु ।
जेठाजुलाइ गाली गरी, पुन्याउँछु डांडा परी; त्यो नारीको सिउँदै पोल्दछु ।।
जसले त चिता रची, उधुम् मचाइ काखी च्यापी- राख्छु पाँचै दुइ चार लाइ ।
पारका छिमेकिनी, बालभोग गर्छु गनी, साथ बुद्धि महतारी लाइ ।।

*– To rise with the lark and go to bed with the lamb.
—Breton.

साधकले भेडाको पाठो सुत्ने बेलामा सुत्नु, लार्क (चखेवा) का साथै उठ्नु ।

सहज समाधिको, बिचराले बिछाएको; शय्या-सुत्छु पाउ पसारी ।
आउने र जाने मर्ने, म त हुँन यहाँ बाँच्ने; साहेबले मेटे बेगारी ।।
एक नाम अँगाल्दछु, म त नित्य सँगाल्दछु; यसैबाट छुट्छन् संसारी ।
म त एकै नाम भनी, ठोक्का गरी भन्छु पनि; कबीर ज्यू भन्छन् पुकारी ।।

शब्द-६३

मैंकासोंकहौंकोसुनैको पतियाय, फुलवाकेछुवत भँवरमरिजाय ।।१।।

जोतिये न बोइयेसिंचियेनसोय, बिनुडारबिनुपात फूलएककहोय ।।२।।

अर्थ– म कोसित भनौं ! मेरा कुरा कसले सुनिदिन्छ !! कसले पत्याउँछ !!! त्यो हो– फूललाई छुनासाथ भमरो मरिहालेको ।।१।। त्यो फूलको निम्ति जोत्नु रोप्नु पानी दिनु पर्दैन; बिना हाँगा नाल पातकै एक सुन्दर फूलफुल्यो ।।२।।

अरू– फूल पाउँदा भमरो अतिमग्नहुन्छ, तर यहाँ भने फूल छुँदैमा भमरो मर्ने, ती फूल र भमरा कस्ता होलान् ! यसको रहस्य नजानेर होला, कसैले यो कुरा नपत्याएका ! किन्तु यहाँको भाव हो– ब्रह्माण्डमा सहस्रदलको एक कमल- वृक्ष छ, त्यसमा ब्रह्मरूपी फूल फुलाउनुपर्दछ भन्ने योगीहरूका कल्पना - मान्यतानुसार प्राणायाम गरी श्वास ब्रह्माण्डमा चढाएपछि सहस्रदल कमल फुल्दछ । त्यो फूल छुँदैमा अर्थात् उसमा समाधिस्थ हुनासाथ ज्ञानीजनको मन-भमरो जडाध्यासी बनिहाल्दछ । त्यहाँ प्रकाशाभासमा मन रोकिन्छ–लय हुन्छ । यस अवस्थामा स्वयं स्वरूपको बोध प्राप्त गरी, वासना निर्मूलपारी, स्थिति प्राप्त गर्ने पारखसमाधिको पूर्वाधार–विवेक, मुमुक्षुता नै समाप्तहुन्छन् । यसै गरी यिनले खन जोत रोप गोड मल जल बिना नै डाँठ हाँगा पात रहितको एक ब्रह्म-फूल 'फुल्दछ' भन्ने कल्पना हृदयमा सुरक्षित राखेका छन् ।

गगन मण्डल बिच फूल एक फूला, तर भौ डार ऊपर भौ झूला ।।३।।
फूल भल फुलल मलिनि भल गाँथल, फुलवा बिनशिगौ भँवर निरासल ।।४।।
कहहिं कबीर सुनो सन्तो भाई, पण्डितजन फुल रहल लुभाई ।।५।।

अर्थ– आकाशमण्डल–सहस्रारमा हजार पाते कमलमाथि ब्रह्मरूपी एक दिव्य फूल फुलेको छ । त्यहाँदेखि तल मूलाधारसम्म त्यो कमल-दण्डी (कुण्डलिनी) रहेको छ । त्यसको मूलजरो ब्रह्माण्डमा छ भन्ने कल्पना गर्दछन् । अर्थात् सबैका हाँगा बिंगा व्यवहार तल पृथ्वीमै हुन्छ, कारणजरो–ईश्वर माथि छ, भन्दछन् । फूल–मुक्ति पनि माथि नै मान्दछन् ।।३।।

(योगीजनले मूलाधारदेखि कुण्डलिनी जगाई, सुषुम्नाद्वारा प्राणलाई माथि क्रमशः उकाल्दै सहस्रारमा पुगेपछि) 'त्यो ब्रह्म-फूल चौपट्ट राम्रो फुल्यो, माला गाँस्न उठेकी मालिनी (चित्तवृत्ति) समेत उही फुलैमा गाँसिई, अर्थात् वृत्ति त्यहीं लय भयो' भन्दछन् । तर योगीको शरीरका साथै मस्तक फुट्ता, फुलवा विनशि गौ– कल्पनाका सहस्रदल कलम र दिव्य ब्रह्मफूल आदि सबै नष्टभए । तबै त्यो निरासल–मनका वशको जीवरूपी भमरो निराश बनी अध्यास-वश पुनः दोस्रो गर्भवासमा डेरा सर्न पुग्यो ।।४।। गुरु कबीर भन्नुहुन्छ – हे भाइ सन्त ! सुन, भारेभुरेका के कुरा ! त्यो ब्रह्म-फूल प्राप्त गर्न पाएहुन्थ्यो, समाधिको सुख पाइन्थ्यो, मुक्त होइन्थ्यो; भनी ठूला-ठूला विद्वज्जन पनि लोभिइरहन्छन् ।।५।।

'ब्रह्म-जगतका बीज है, जो नहिं ताको त्याग ।
जगत ब्रह्म में लीन है, कहहु कौन वैराग ।। [क० प०]

दोस्रो अर्थ– म कोसित भनौं, मेरा कुरा कसले सुन्दछ ! कसले पत्यार गर्दछ ! विषय भोग-विलासरूपी फूल छुँदैमा वीर्यशक्ति स्खलित भइहाल्दछ; जीवरूपी भमरो बोध-वैराग्यबाट वञ्चित भई मर्दछ ।।१।। बिना खन-जोत पानीकै नाल-पातरहित

को कामोपभोगरूपी एक फूल फुल्दछ।।२।। वीर्यको स्थान–ब्रह्माण्ड मा प्रथम वासना प्रफुल्ल हुन्छ । ब्रह्म-नालरूपी सुषुम्ना-मार्ग हुँदै आई, शिश्नद्वारा स्खलित हुन्छ ।।३।।

कामासक्तजनको कामवासनारूपी फूल सदा फुलिनैरहन्छ। चित्तवृत्ति-मालिनी, आफैं पनि उसैमा उनिई । अति प्रमुदित भई (भोगमा तद्गत बनी) जब फूल नष्ट भयो (शक्ति स्खलित भयो) तब विषयी जीवरूपी भमरो निराश– खिन्न भई हट्तछ; हत-प्रभ हुन्छ। अथवा शरीर-फूल नष्ट भयो, जीव निराश भई उड्यो, दोस्रोगर्भमा निवास गर्नपुग्यो ।।४।। गुरु कबीर भन्नुहुन्छ– साधारण विषयासक्तजनको के कुरा ! वरिष्ठ-वरिष्ठ व्यक्ति पनि यही तुच्छ विषय-फूलमा लुब्ध बनिरहेछन् ।।५।।

चुड्का–६३

म् को सित भनौं को छ ! कुरा सुन्ने-मान्ने को त । फूल छुँदै मर्छ भमरो ।।टे.
जोत्नु रोप्नु बिना सिच्नु- बिना हाँगा पात भेट्नु; फुलेको त्यो फूल जाती छ ।
अकास मण्डल माथि, फूल एक फुल्यो कति; तल हाँगा जरो माथि छ ।।
फूल फुल्यो रास्रो जाती, मालिनीले माला गाँसी; फूल नाश्यो भृंग निराश ।
कबीर त भन्छन् हाई ! सुन मेरा सन्त भाई; पण्डितलाइ फूल छ भाश ।।

शब्द–६४

जोलहा बीनहु हो हरिनामा, जाके सुर नरमुनि धरें ध्याना ।।१।।
ताना तनैका अहुठा लीह्ला, चरखी चारिउ वेदा ।।२।।
सरकुण्डी एक राम नरायण, पूरण प्रगटे कामा ।।३।।
भवसागर एक कठवत कीह्ला, तामें माँडी साना ।।४।।
माँडीका तन माँडि रहा है, माँडी बिरले जाना ।।५।।

अर्थ– (पूर्वपक्ष–) कर्मरूपी कपडा बुन्ने हे जोलहा-जीव ! हरिनामरूपी कपडा बुन(श्वासको साथमा'सोहं'को सुमिरण गर)। जसको ध्यान स्मरण-देवता ऋषि मुनि मनुष्यले गरिरहेछन् ।।१।।

(गुरु वचन-) ताना तनैको–कल्पित वाणीरूपी ताना तान्न माया-वशका जीवले मानव शरीरलाई नै अहुठा (धागो नाप्ने गज वा मिटर) बनाए। चार वेदलाई बीम बनाए, जसमा अनेक वाणी-रूपी धागो बेरिएको छ ।।२।। सरकुण्डी–टुकी, जस्तो बीमबाट धागो झिकी, स-साना टुकीमा बेर्दछन्, त्यस्तै वेदरूपी बीमबाट धागो-रूपी वाणी (राम नारायणादि नाम) निकाली जप्न लागे अर्थात् वेदबाट ईश्वरको सिद्धि गरे । अथवा राम नारायणरूपी टुकीमा सबै जीव उनिएका छन् । उनै नारायणद्वारा मोक्ष प्राप्तिको कामना पूर्णहुन्छ भन्ने निश्चयमा परे ।।३।।

संसार-सागरलाई एक कठवत– आरी बनाए । त्यसमा कल्पनाबाट सिद्धभएको एक ब्रह्मरूपी माड मुछे अर्थात् संसारै ब्रह्म-माड बनाए ।।४।। माडीका तन– सबै धागो माडमा मुछे 'सारा संसार अद्वैत ब्रह्म हो' भन्नलागे । भ्रामकहरूले संसारमा माडसमान कल्पित वाणी प्रचार गरे । कल्पित ब्रह्मको तान सर्वत्र तानेका छन् । माडी बिरले जाना– यो सबै कल्पनामात्र र माड-समानकै हो भन्ने कुरा बिरलै व्यक्तिले मात्र जान्नसके ।।५।।

चाँद सूर्य दुइ गोडा कीह्ना, माँझ दीप कियो माँझा ।।६।।
त्रिभुवन नाथ जो माँजन लागे, श्याम मुररिया दीह्ना ।।७।।
पाई के जब भरना लीह्ना, वै बाँधन को रामा ।।८।।
वै भरा तिहुँ लोकहिं बाँधे, कोई न रहत उबाना ।।९।।

अर्थ– चाँद सूर्य–इडा र पिङ्गलाको दुइ घोचा गाडे, माँझ दीप–दुवैका बीचमा सुषुम्ना-धागो तानी, कियो माँझा– माँड चढाउने भए ।।६।। त्रिभुवननाथ– मनले माँड चढाउन लाग्यो । श्याम मुररिया दीह्ना–'श्याम' नामले संयुक्त गरी श्वासलाई माथि चढाउन थाले । अथवा बीच-बीच कुम्भकको गाँठो पारी पुनः

श्वास माथि चढाए ।।७।। पाईके जब– धागोरूपी श्वासलाई शुद्ध गरी जब भरना लीह्ना– काइँयोमा धागो छिराएझैं श्वासलाई नाकद्वारा रेचक पूरक कुम्भक गरे । इडा पिङ्गलारूपी वैं बाँधन– (कपडा बुन्दा धागो तल-माथि गराउने एक पुर्जा) मा 'राम' यो दुइ अक्षरलाई जोडे ।।८।। वैं भरा– नाभि हृदय र त्रिकुटी तीनै लोकमा भरिएको श्वासलाई उपर्युक्त 'वैं' मा बाँधिदिए, रोवतै क्रमशः माथि ब्रह्माण्डमा चढाए । कोई न रहत उबाना–कतै वायु पृथक बाँकी बचेन ।।९।।

तीनिलोक एक करिगह कीह्ना, दिगमग कीह्नों ताना ।।१०।।
आदि पुरुष बैठावन बैठे, कबिरा ज्योति समाना ।।११।।

अर्थ– नाभि हृदय त्रिकुटी– यी तीन स्थान मिलाई एक करिगह– कर्घा (तान) बनाए दिममग– दश इन्द्रियरूपी दश दिशाको मार्गमा ताना ताने । अर्थात् दशै इन्द्रियबाट चित्त बटुलेर नाभिदेखि हृदय-हुँदै त्रिपुटीसम्म श्वास चलाउने गरे ।।१०।। आदि पुरुष– सृष्टिका मूलकारण भनी ज्योतिस्वरूप ब्रह्ममा चित्तरूपी तानलाई बैठावन बैठे– बुन्न बसे (स्थिर गर्न लागे) परिणाम कबिरा– भ्रान्त जीव कल्पित ज्योतिमा लीन भए ।।११।।

अरू– यो शब्दमा गुरु कबीरले विवेक-चक्षुबाट विहीन व्यक्तिद्वारा हठयोगमा गरिने प्रक्रियामा कसरी जीव अल्झेका छन्, सो संक्षेपमा बताउनुभयो । अब यसको समालोचना तलको शब्द-बाट स्वयं गर्नुहुन्छ ।

चुडका–६४

जोलाहा हो हरि नाम- वस्त्र बुन जसको ध्यान; नर मुनि देव गर्दछन् ।।टे.
ताना तान्न साढे तीन, लिई चार वेद बीम- गरी हरि राम टुकी छ ।
पूर्ण काम व्यक्त गरी, भवसिन्धु आरी भरी; माड मुश्री पकाएको छ ।।

माड को देह व्यापी- रहेको छ विश्व काफी; माड भन्ने कोही जान्दछन् ।
सूर्य चन्द्र घोचा गाडी, सुषुम्नामा माझा माडी; त्रिभुवन नाथ माऊदछन् ।।
कुम्भकको गाँठो पारी, श्वास खिंचो माथि सारी; रामनाम साथ छाडेनन् ।
कड्यी बीच तिनै लोक- भरी बाँधे एक एक; कुनै डोरा छुट्टा बचेनन् ।।
त्रि-लोकको यन्त्र तान, दिशा पथ ताने जान; बुन्छ पट नित यो मन ।
आदि पुरुष भित्र फसे, ती स्थापना गर्न बसे; कबीरा त ज्योति शमन ।।

✲

शब्द-६५

योगिया फिरिगौ नगर मँझारी, जायसमान पाँच जहाँ नारी ।।१।।
गयो देशान्तर कोइ न बतावै, योगिया बहुरिगुफा नहिंआवै ।।२।।
जरिगयो कन्थ धजा गई टूटी, भजिगयो डण्डखपर गयो फूटी ।।३।।
कहहिं कबीर यह कलिहै खोटी, जोरहै करवा सो निकरै टोटी ।।४।।

अर्थ– योगिया फिरिगौ– प्राणवायु उल्टा चढाई योगी ब्रह्माण्ड-नगरमा पुगे– स्थिर भए । योगी त के स्थिर हुन्थे ! उनको मनोवृत्ति पाँच जहँ नारी–ब्रह्माण्डका पञ्च नाडी-(नाग, कूर्म, कृकल, देवदत्त र धनञ्जयसहित) कल्पित ज्योति र शून्य शब्दमा लय भए ।।१।। हो ! आज त यी क्षणिक लय-समाधिमा बस्तछन्; बिना बोध, गयो देशान्तर–भोली दोस्रो शरीरमा पुगेपछि तिनको के गति हुन्छ नि ! यो कुरा यिनलाई कसैले बताएनन्, यहाँ कोही पनि फर्की आई बाँच्नेलाई बताउँदैनन् ।।२।। जरिगयो कन्था–शरीररूपी थाङ्नो-चिथ्रो डढी खरानी भयो, धजा गई टूटी–श्वासरूपी झण्डा उखेलियो-छिन्यो, सुषुम्नामार्ग भएको मेरूदण्ड भाँचियो, समाधिको स्थल खप्पर पनि फुट्यो । लौ! योग-समाधिका साधन-मुख्य देह इन्द्रिय अवयव यी सबै नरहे-पछि यिनको लय-समाधि अब कहाँ रह्यो ! ।।३।। गुरु कबीर भन्नुहुन्छ– यह कलि है खोटी–मनुष्यका कल्पना-अध्यास सारै

दोषपूर्ण छन् । अन्तःकरण करुवामा भरिएका संस्कार-वासना नै पुनः जीवको भोग निमित्त निस्कने हुन्छन् ।।४।।

अरू– योग-समाधिमा तीन स्थिति मानिन्छन्– एक 'अनाहत शब्दमा वृत्ति-लय गर्ने, दोस्रो ज्योति प्रकाशमा र तेस्रो शून्यमा लय गर्ने । वृत्ति बिलकुल ध्येयमा लय भई आफ्नो होश हराउनु नै समाधि * भन्ने मानेका छन् । जसले जुन ध्येयमा मनोवृत्ति लय गरेका छन्, उही अध्यास अन्तःकरणमा स्थिर रहेको हुन्छ । ब्रह्माकार वृत्ति बनाउन् अथवा ईश्वराकार; ज्योति, अनहद शून्याकार ! जे जस्तो धारणा बनाएपनि अपरोक्ष शुद्ध ज्ञानमात्रको बोध-स्थिति नबनेसम्म उही-उही-वृत्ति-दृश्य आभासमै अल्भिए। ती अपरोक्ष ज्ञान-द्रष्टादेखि भिन्न दृश्य आभास र कल्पनाबाट बचेनन्, त्यहीं स्थिति बन्यो यसैले गुरु कबीरबाट भन्नुभएको– 'जो रहै करवा सो निकरै टोटी ।' यिनको आवागमनको चक्र छुट्ने भएन; अतः सावधान !

चुडका–६५

योगी फर्की शहर माझ, गए मिले जहाँ पाँच; नारी थिइन् उहीं सम छन्।
देशान्तर गए जब, बताउन्नन् कोही तब; न त फर्की गुफा आउँछन् ।।
उढ्यो कन्था छिन्यो झण्डा, भाँच्चिहाल्यो हेर डण्डा; खप्पर फन् फुटिहालेछ ।
कबीरज्यू भन्छन् तुच्छ- कली करुवामा जे छ; टुटोबाट उही झर्नेछ ।।

---

*– ध्याता बिसरं ध्यानमें, ध्यान होय लय ध्येय ।
बुद्धि लीन सुरति ना रहै, पद समाधि लखि येह ।। [भक्तिसागर]

A little trust that when we die,
We reap our sowing ! and so good by !
–Maurier.

'हामी जे जस्तो रोप्छौं; मृत्यु पश्चात् उही काट्तछौं ।' यस कुरामा मेरो आस्था छ ।

शब्द–६६

योगिया के नगर बसो मत कोई, जो रे बसे सो योगिया होई ।।१।।
ये योगिया के उल्टा ज्ञान, काला चोला नहिं वाके म्यान ।।२।।
प्रगट सो कन्था गुप्ता धारी, तामें मूल सजीवन भारी ।।३।।

अर्थ– योगिया के नगर–ब्रह्माण्ड (भ्रमरगुफा) मा र योगीहरूका समाज संगतमा नबस; यिनको समाधि भन्ने नाम सुनेर कोही नलोभिनु ।* जो पारखपद छाडी, लालच-वश ती भ्रान्त योगीका साथ बस्तछन्, ती पनि त्यस्तै भ्रान्तिमा पर्नेछन् ।।१।। यी योगीको ज्ञान उल्टो छ । किनभने सत्य द्रष्टा चेतनको पावन-बोध छाडी, यिनी दृश्य जड-आभासमा अड्केका छन् । दोस्रो– माथि ब्रह्माण्डमा ब्रह्मको निवास छ, भन्ने मानी पिण्डको श्वासलाई उहाँ चढाउन, स्वयंसमेत चढ्न खोज्दछन् । यिनको मन्तव्यानुसार के ब्रह्म सर्वत्र व्यापक थिएन र फेरि मस्तकमा चढी ध्यान गर्नपरेको ! काला चोला–यी केबल कल्पनाकै स्वरूप बनिरहेछन् । नहिं वाके म्यान–दापसमान विवेक-दयादि दैवी सम्पत्तिको वेष्टनमात्र पनि यिनको छैन ।।२।। प्रगट सो– देखाउमा देहको रूप भव्य योगमूर्तिसमान छ, तर भित्र भ्रान्ति मान्यताकै धारणा छ । मूल सजीवन–घरको मूल थामसमान सर्वेसर्वा अमृतस्वरूप जीवलाई भारी–शून्यमा भर्छन्, लय गराई मेटाउन खोज्दछन् ।।३।।

वो योगिया की युक्ति जो बूझै, राम रमै तेहि त्रिभुवन सूझै ।।४।।
अमृत बेली छिन छिन पीवै, कहैं कबीर योगी युग युग जीवै ।।५।।

अर्थ– (योगीजनका तर्फबाट गुरु कबीर वक्रोक्तिपूर्वक भन्नुहुन्छ–) उहाँ ब्रह्मनिष्ठ योगीजनको युक्ति जसले ठीक-ठीक

---

* परख परे नहिं, और ठेकाना । धोखेमा, मति फिरहु भुलाना ।।
जो पारख तजि और लोभाना । निश्चय यमके हाथ बिकाना ।। (पंच.)

सम्झन सक्तछ, उसले प्रकाशपुञ्ज दिव्य ज्योतिस्वरूप राममा रमण गर्नेछ, त्रिलोक र त्रिकालदर्शी हुनेछ अष्ट सिद्धि नौ निधिको आधिपत्य प्राप्त गर्नेछ ४।। अमृत बेली–प्राण-अमृतको सुषुम्नाद्वारा प्रतिपल पान गर्नेछ, युगानयुग जीवित रही मुक्त हुनेछ ।।५।।

अरू– यथार्थमा शरीरबाट कोही पनि अमर हुन सक्तैनन्, विदेहमुक्त हुनलाई स्वरूपदेखि भिन्न सर्व दृश्य प्रपञ्चबाट हटी, सबैको द्रष्टा शुद्ध पारख स्व स्वरूपमा स्थिर भएपछि मात्र निर्वासनिक मुक्ति-स्थिति प्राप्त हुनेछ । यही हाम्रो मानव जीवनको सार्थकता हो ।

चुडका–६६

योगीको त्यो शहरमा, नबसे है कोही त्यहाँ; जो बस्तछ बन्छ त्यो योगी ।।टे.।।
यी योगीको उल्टा ज्ञान, कालो रूप छैन म्यान; आचरण हीन बनाउँछन् ।
प्रत्यक्ष यो देह भित्र, गुप्तधारी भै विचित्र; सजीवनी मूल्य गुमाउँछन् ।।
यी योगीको युक्ति जो त- बुझ्छ राम रमी ऊ त; तिनै लोक राम्रै देख्नेछ ।
पल पल अमृत बेलो, पान गर्ला कबीरको- वाणी योगी युगौं बाँच्नेछ ।।

*

शब्द–६७

जो पै बीज रूप भगवान, तो पण्डित का पूछो आन ।।१।।
कहाँ मन कहाँ बुद्धि कहाँ हङ्कार, सत रज तम गुण तीन प्रकार ।।२।।
विष अमृत फल फलें अनेका, बहुधा वेद कहै तरबेका ।।३।।
कहहिं कबीर तैं मैं क्या जान, को धौं छूटल को अरुझान ।।४।।

अर्थ– यदि जगत्-उत्पत्तिको बीज भगवान् ब्रह्म हुन्, ब्रह्मबाटै जगत्-सृष्टि भएको हो र हुने हो भने हे पण्डितज्यू! प्रश्न र उत्तर, विचार-विमर्श गरिरहनको के प्रयोजन र ? ईश्वर-प्राप्तिको अभिलाषा, मुक्ति-गतिको भावना, ज्ञान-वैराग्यको जिज्ञासा, मन-शमन, इन्द्रिय-दमन गर्नेसमेत केहीको आवश्यकता परेन, तिमी त उही स्वरूप हुँदै ह्वौ । जड चेतन शुभ अशुभ बन्ध मोक्ष–सबै

तिम्रै स्वरूप भएपछि अब तिमी यस ब्रह्मचक्रबाट भिन्न कहाँ भयौ ? हुनै परेन । पृथक हुन पनि सक्तैनौ ।।१।। हामी भ्रान्त छौं, अन्तःकरण शुद्ध गर्नुछ भन्छौ भने एक ब्रह्ममा मन बुद्धि चित्त अहङ्कार आदि अन्तःकरण कहाँबाट आए ? सत्व रज़ तम–तीन गुणको विभेद पनि हुन सक्तैन ।।२।। परन्तु, जगत्तिर दृष्टि दिई हेर, विष अमृत दुःख सुख पाप पुण्य-आदि विषमता प्रत्यक्ष छँदैछ । यो सबै पनि त उही ब्रह्मस्वरूप भयो ! उता–वेद, उपनिषद् शास्त्रहरू पढ्दैपिच्छे विभिन्न प्रकारबाट बताइरहेछन्– 'दुःखमय संसारबाट तर, बन्धन छुटाउ, धर्म गर, पापबाट पार लाग. . . .।' के यी वेदादि वाक्य मिथ्या हुन् कि ? कहीं भन्छन्– 'सर्व विष्णुमय, एक ब्रह्म;' कहीं भन्छन्–'पार लाग, तर;' । अब आफैं भन–ब्रह्मबाट तरेर कहाँ जाने ! के हुने ! ।।३।।

गुरु कबीर भन्नुहुन्छ– अद्वैत सिद्धान्तमा 'तँ' र 'म' भन्ने ठाउँनै रहँदैन । 'तँ म' भन्नासाथ द्वैत बनिहाल्यो, ब्रह्ममा द्वैत छँदै छैन । अतः बाँधिने को हो! छुट्ने को हो ? कुन बन्धनले बाँधिएका छौ ? के बाट मुक्त हुने ? अथवा छुट्ने पो के बाट ? बाँधियो को ? यो कुरा म के जानौं ? तिमी नै जानन ! ।।४।।

अरू– यसैले गुरु श्री पूरणसाहेब आफ्नो त्रिजामा लेख्नुहुन्छ– 'सारा दिन पिठो पिध्यो, बेलुका चाल्नोमा हाली उठायो, हल्लाई हेर्‍यो, खालीको खाली! 'मृगतृष्णाको पानी र बाँझीको छोरो' भने जस्तै वेदान्तको विचार छ ! आखिरमा हात लाग्यो शून्य!'

साखी–"मृगतृष्णाको तोय अरू, बाँझ पुत्रको न्याय ।
अस विचार वेदान्तका, अन्त कछू न लखाय ।।"

चुडका–६७

बीजरूपी ईश्वर भए, दोस्रा बिना पण्डित ए! को सङ्ग पो तिमी के सोध्छौ!
कहाँ बुद्धि कहाँ मन, कहाँ बाद अहं पन! सत्व रज तमै के भन्छौ !

विष सुधा फल धेरै, फल्दछ बेर सबेरै; तर्नै आज्ञा वेद गर्दछ।
गुरु कबीर भन्नुहुन्छ, 'तँ 'म' ज्ञान कहाँ बन्छ! को छुट्ने! को बन्ध पर्दछ !

✲

शब्द–६८

जो चरखा जरिजाय बढैया ना मरै ॥१॥
मैं कातों सूत हजार, चरखुला जिन जरै ॥२॥
बाबा मोर ब्याह कराव, अच्छा बरहिं तकाय ॥३॥
जौ लौं अच्छा बर ना मिलै, तौ लौं तुमहि बिहाव ॥४॥

अर्थ– (भावुक जीव भन्दछन्–) जो चरखा जरिजाय–यो शरीर नष्ट भए पनि बढैया–ईश्वर कहिल्यै नाश हुँदैन ॥१। हजारौं सूत–मैले भगवान्मा सहस्र–लक्ष दीपिका बाल्नु छ, सहस्र नामको पाठ जप पुरश्चरण गर्नु छ । यसउसले चरखुला–मेरो शरीर हत्तपत्त नछुटोस्; यति गर्न नपाई म नमरौं ॥२॥ हे गुरु बा! सर्वोत्तम, सर्व शिरे ईश्वर-केटो– वर इष्ट खोजी उनैका साथ मेरो विवाह–लगन लगाइदिनोस् ॥३॥ ती परमात्मारूप वर नपाए-सम्म म तपाइँलाई नै वरण गरी बस्नेछु। अर्थात् भगवान् नभेटिएसम्म यहाँलाई नै भगवान्तुल्य सम्झने छु । तन मन र वचनबाट म यहाँमै न्यौछावर छु ॥४॥

प्रथमें नगर पहुँचते, परिगौ सोग सन्ताप ॥५॥
एक अचम्भव हम देखा, जो बिटिया ब्याहिल बाप ॥६॥
समधीके घर लमधी आए, आये बहूके भाय ॥७॥
गोडे चुल्हा दै दै, चरखा दियो दृढाय ॥८॥

अर्थ– (गुरु वचन-) प्रथम नगर पहुँचते– ती भ्रम-वाणी हृदयपुरीमा पुग्नासाथ सहृदय-मानवका मनमा कल्पनाका वर पाउँछु कि पाउन्न भन्ने शोक सन्ताप,हर्ष विस्मातको खुलदुली मच्चिन थाल्यो ॥५॥ त्यहीं मैले एउटा उधेकको घटना देखें, त्यो के भने बाबुले खास आपनी छोरीसित विवाह गरेको । अर्थात् जीवले

आफ्नै कल्पित वाणीलाई अँगाली प्रेम गरेको ।।६।। सम्धी–बुद्धिलाई कल्पनामा सम गरिदिने भ्रान्त गुरुको समाजमा, लम्धी–कल्पनाका वाणीतिर लम्कने बुद्धि भएका रसिक जीव आए । साथै, आए बहुके भाय– अन्य गुरुभाइ भक्तजन पनि आए ।।७।। गोडे चुल्हा दै दै– ती सबै मिली, जीवको विवेक-बुद्धिका दुवै गोडा कल्पनाको आगो दन्किरहेको वाणीजालरूपी चुल्हामा घुसारी, पुनः चर्खारूप शरीर बन्ने उपदेश खूब खाँदी-खाँदी भरिदिए– सम्झाईदिए । अथवा ब्रह्मबाट जगत्, जगत्बाट ब्रह्म बनिरहने विश्व-चक्र बलियो बनाइदिए ।।८।।

देवलोक मरि जायँगे, एक न मरे बढाय ।। ९ ।।
यह मन रञ्जन कारणे, चरखा दियो दृढाय ।।१०।।
कहँहि कबीर सुनो हो सन्तो, चरखा लखै जो कोय ।।११।।
जो यह चरखा लखि परै, ताको आवागमन न होय ।।१२।।

अर्थ– (पूर्वपक्ष-) समस्त देवता र स्वर्गादि लोकको नाश हुन्छ, तर एक जगत्-कर्ता ईश्वर कहिल्यै नष्ट हुँदैनन् ।।९।। यसरी मनलाई फुरुङ्ग पारी-पारी भ्रान्त गुरुजनले जीवको पुनः शरीर बन्ने साधन– कल्पित वाणीरूपी चर्खा हृदय-हातमा राम्रैसित थमाइदिए ।।१०।। गुरु कबीर भन्नुहुन्छ– हे सन्त हो ! सुन, यी माथि लेखिएका शरीर-चर्खा, कल्पित वाणीको चर्खा र जगत्-ब्रह्मको चर्खालाई जसले ठीक-ठीक देख्न-जान्न सक्तछ– ।।११।। तथा-जीवलाई आवागमनमा रिँगाउने, दुःख दिने यिनै चर्खा*

*– With ignorance wage eternal war,
To know theyself for ever strain,
Thine ignorance of Thine ignorance is
Thy fiercest foe, thy deadliest bane.
—Sir Richard Francis Burton.

'अज्ञानसंग निरन्तर लडाई' गरी आफूलाई चिन्नलाई तिमी निरन्तर घोर परिश्रम गर। तिम्रो अज्ञानको अज्ञान नै तिम्रोलागि भयङ्कर शत्रु हो । यही महान् घातक परम विष पनि हो ।

हुन् भन्ने बुझ्दछ, उसले पुनः संसार-सागरमा शरीर लिई आउन-जान पर्दैन ।।१२।।

अरू– भगवान्का रसिकजनलाई भ्रामक गुरुजनले अनेक कल्पित कथा सुनाई, दृष्टान्त-प्रमाण दिई-दिई–

'अर्थ न धर्म न काम रुचि, गति न चहौं निर्वान ।
जन्म जन्म रति राम पद, यह वरदान न आन ।।'
[रामायण]

–भनी मुक्ति सम्मलाई पनि हेय गर्ने बुद्धि बनाइदिन्छन् । यस्ता वाणीका बाण बिझेपछि विवेक त समाप्तभई तत्काल उडिहाल्दछ । यही हो–''गोडे चुल्हा दै दै, चर्खा दियो दृढाय–भनेको ।' न यिनका कल्पनाका पति कहीं छन्, न उनको लोक विशेष कहीं छ! विवेक-बोध बिना ती भ्रान्त-भावुक जीव यस्तै जालमा परी-परी बार-बार चर्खामा चक्कर काटिरहेछन् । अतएव मुमुक्षुको कर्तव्य हो– यी कल्पनाका इष्टको उपासना कतिसम्म योग्य हो; परीक्षा गरी, मिथ्या जतिलाई छाडेर यो धोखाबाट बच्नु । सत्य निर्णयी, सत्यज्ञानका बोधदाता, सदाचारी, पारखनिष्ठ सन्त-गुरुको सत्सङ्ग उपासना सदाचारको पालन गर्दै, पारखबोधमा स्थिर रही, निर्भ्रान्ति नैराश्य शान्त जीवन बनाउनु ।

चुडका–६८

चर्खा डडी जले पनि, सिकर्मी त मर्दैन नि! म त कात्छु सूत हजार ।
त्यहाँ तक चर्खा रहोस्, बाबा मेरो ब्याह हवस्; केटो अति गुणी खोजेर ।।
श्रेष्ठ वर जहाँसम्म- पाईदैन त्यहाँसम्म तिमीसंगै बिहे म गर्छु ।
पंले शहर पुग्नासाथ- शोक ताप लाग्यो हात; योटा उधेक देखें म भन्छु ।।
बाबु छोरी ब्याह भयो, सम्धी घर लम्धी आयो; बुहारीको भाई नै पनि ।
चुल्हो बीच गोडा ठोस्तै, चर्खा पुष्ट गरे मस्तै; देवलोक मरोस् तैपनि–
मर्ने हुँन कर्मी एक, मन अवलम्ब टेक- चर्खा पुष्ट गराइदिए छन् ।
श्री कबीर गुरु भन्छन्, सन्त चर्खा जो त चिन्छन्- आवागमन बाट बच्तछन् ।।

○

शब्द–६९

जन्त्री जन्त्र अनूपम बाजे, वाके अष्ट गगन मुख गाजे ।।१।।
तू ही बाजे तू ही गाजे, तूहि लिये कर डोले ।।२।।
एक शब्द मों राग छतीसों, अनहद बानी बोले ।।३।।

अर्थ– हे शरीरका निर्माणक, शरीर-यन्त्रका सञ्चालक जोव-यन्त्री ! तिम्रो अपूर्वको यन्त्र विचित्र स्वरबाट बजिरहेछ-चलिरहेछ । योगीजनका यन्त्र त आठौं कमल-सहस्रारको आकाश-मुखबाट मुख्य शब्द–अनहद ध्वनि गाजे–गर्जन्छ. त्यो ध्वनि वडो विचित्रको छ भन्दछन् ।।१।। तर तिमी नै यो जड शरीरमा निवास गरेका हुनाले ती शब्द तिम्रै वाणी, तिम्रै कल्पनाका प्रति-भास हुन् । तिमी नै कल्पित वाणीका पुस्तक हातमा लिई घुम-फिर गर्दछौ ।।२।। एक ॐ शब्दबाट 'क' देखि 'ज्ञ' सम्म छत्तीस वर्णका अक्षरको कल्पना गर्ने र छः राग, छत्तीस रागिनीको अनुमान गर्नेसमेत तिमी नै ह्वौ । तिनै वर्णहरूबाट समस्त कल्पना जाल तिमीले नै खडागऱ्यौ । ब्रह्म असीम व्यापक छ भनी कल्पना गरी बोल्ने पनि तिमी नै त ह्वौ ! ।।३।।

मुखके नाल श्रवणके तुम्बा सतगुरु साज बनाया ।।४।।
जिभ्याके तार नासिका चरई, मायाका मोम लगाया ।।५।।
गगन मण्डल में भया उज़ियारा, उल्टा फेर लगाया ।।६।।
कहहिं कबीर जन भये विवेकी, जिन जन्त्री सो मन लाया ।।७।।

अर्थ– (भावावेशका जीव भन्दछन्–) सद्गुरु–ब्रह्माजीले मुखको नाल–मेरुदण्डमा जोडिएको मुखको दण्ड, दुवै कानरूपी तुम्वा, जिब्राको तार, नाकको किलो बनाई, शोभा निमित्त छालाको सुन्दर पालिश लगाएर यो शरीररूपी वाद्य-यन्त्र बनाइ-दिनुभएको हो । यसमा मेरो केही विशेषता छैन ।।४-५।। उल्टा फेर–प्राणायामद्वारा पिण्डबाट वायु चढाउँदै ब्रह्माण्डमा पुगेपछि गगन

मण्डलमें– ब्रह्माण्ड (सहस्रार) को आकाश-मण्डलमा ज्योति-ब्रह्मको प्रकाश भयो, यिनै हुन् परात्पर परब्रह्म ।।६।।

गुरु कबीर भन्नुहुन्छ– तिनै मनुष्य विवेकी भए, जो शरीर-रूप यन्त्रबाट स्वयंलाई निरन्तर पृथक सम्झेर यन्त्र-निर्माणक तथा सञ्चालक चेतन जीव (स्व स्वरूप) मा मन लगाए । द्रष्टा स्थिति-को अभ्यास गरे* ।।७।।

अरू– यो शब्दमा योगीहरूको मन्तव्यलाई बीचमा चारदेखि छः चौपाईसम्ममा र बाँकी वचनबाट आफ्नो निर्णय बताउनु भएको छ । वास्तवमा शरीर-भित्र जो-जो क्रिया भाव झल्कन्छन्, ती सबै यही चेतनकै सत्ताबाट भइरहेछन् । सबैका निर्माणक र सञ्चालक यही चेतन जीव हो । यसैलाई जान, सह्माल; अन्य कुनै कल्पना-भ्रान्तिमा नपर° ।

चुटका–६६

यन्त्री यन्त्र अपूर्वको- बज्छ आठौं आकाशको- माथि मुख्य जम्न खोज्दछन्।।टे.
तिमी बोल्छौ तिमी जम्छौ, स्वयं तिमी हात लिन्छौ; सबै यत्र भ्रमण गर्दछौ ।
एक शब्द बीच छत्तीस- राग झिकी माका भयिस्; अनहद वाणी भर्दछौ ।।

---

*– उठ, सचेत होउ । उत्साह नै तिम्रो आयुध हो ।

–[यजुर्वेद पू. वि. १३।१२]

°Trees and fields tell me nothing, men are my teacher

—Plato.

Know then thyself, persume not God to scan;
The proper study of mankind is man. —Pope.

The proper study of man is himself. —Lamb.

रुख–खेतले मलाई केही भन्दैनन् मानिस नै मेरा गुरु हुन् । —[प्लेटो]

आफूलाई चिन, देउताले देखलान्, हेरिरहेका छन्, सूक्ष्म जाँच गर्लान् भन्ने नठान ।
मनुष्यत्वको यथार्थ अध्ययन मानिसले नै गर्दछ । —[पोप]

'मानिसको अध्ययन आफैले गर्छ ।' —[लाम्ब]

मुखको सुनाल गरी, श्रवणको तुम्बा मरी; सद्गुरुले साज बनाए।
रसनाको तार कसी; नासिकाको ठेशी धसी; मायाको मइन लगाए ॥
गगन मण्डल बीच, अति दिव्य प्रकाशित; उल्टोफेरो फर्काइ चढाउँछन्।
भन्नुहुन्छ गुरु कबीर, जन जोछ विवेकी बीर; यन्त्री प्रति प्रेम बढाउँछन् ॥

शब्द ७०

जसमास पशुकी तसमास नरकी, रुधिर रुधिर एकसारा जी ॥१॥
पशु की मास भखें सब कोई, नरहिं न भखें सियारा जी ॥२॥
ब्रह्म कुलाल मेदिनी भइया, उपजि बिनशि कितगइयाजी ॥३॥
मास मछरिया तैं पै खइया, ज्यों खेतन में बोइया जी ॥४॥

अर्थ– जस्तो पशुको मासु, त्यस्तै मनुष्यको मासु, रगत-रगत सबैका एकनास हुन् ॥१॥ पशुको मासु हिंसकीजति सबैले खान्छन्, तर मनुष्यको मासु भने मनुष्यले खाँदैनन्, स्यालले भेट्टाए दङ्परी खान्छन् ॥२॥ ब्रह्माजीले 'वेदमा बलिको प्रथा–मांस भक्षणको विधि गरिदिएका छन्' भन्ने ढिपीगर्छौं भने यस्ता दूषित वचन जति वेदैमा लेखिएका भएपनि त्याज्य हुन्छन्, क्षेपक ठहर्छन् । दोस्रो–ती ब्रह्मा भनेका पनि पुराणानुसार कुमाले जस्ता 'सृष्टिरूपी भाँडा-वर्तन बनाउने त हुन् !' ती पनि सबै सरह यही पृथ्वीमा जन्मे, स्व-कर्मको फल भोग्न बाध्य भए, शरीर छाडी कहाँ गए, केही थाहा छैन । अतएव तिमी जाबो क्षणभङ्गुर शरीर पोस्नलाई नाहक अदना जीवको किन घात गर्छौ ? झन् उल्टो शेखी गर्दछौ ! छाड, यस्ता कामलाई ! ॥३॥ परन्तु खेतबाट निर्जीव पदार्थ साग-पात उखेली, टिपील्याई बनाई खाएझैं तिमी त जीव मारी, वा किनी मासु-माछा खाँदारहेछौ॥४॥

अरू– मनुष्यको २८८००० दुइलाख अठासी हजार युग अर्थात् एकसय पचपन्न खर्ब बाउन्न अर्ब वर्षको आयु भएका ब्रह्माजीको पनि त त्यो हालरहेछ भने हामी अदना मानिस भई

किन हिंसा हत्या र अभक्ष भोजन गर्ने ! यस कुरामा अवश्य पनि एक घडी त राम्ररी विचार गर्नेपर्ला ! ।।४।।

माटी के करि देवी देवा, काटि काटि जिव देइया जी ।।५।।
जो तोहरा है सांचा देवा, खेत चरत क्यों ना लेइया जी ।।६।।
कहँहि कबीर सुनो हो सन्तो, राम नाम नित लेइया जी ।।७।।
जोकुछकियहु जिभ्याकेस्वारथ, बदला पराया देइया जी ।।८।।

अर्थ– माटा–ढुङ्गाका देवी-देवता बनाई स्थापना गरी बलि चढाउने भनी सजीव प्राणीलाई काटी-रेटी मार्छौ, भोग दिने भन्दारहेछौ ।।५।। यदि तिम्रा ती साँच्चिका देवी-देवता भए र तिनले पशुबलि लिने नै हुन् भने खेतमा चर्न गएका पशु वा जङ्गली सबल जनावर शरभ–सिंह-गैंडा, बाघ-भालु जस्तालाई स्वयं पक्री रगत चुस्ने- मासु खाने किन गर्दैनन् ! के ती देवी-देवताहरू पशुभन्दा पनि निर्बल छन् र ! या यिनलाई कसैको डर छ कि ! ।।६।। गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, यी संसारी जन उहाँभने नित्य 'रामनाम' लिन्छन्, तर वास्तविक रमैयाराम-लाई नै घात गरी सताइरहेछन् । के ती पशुमा मात्र राम छैनन् कि !।।७।। आज जिब्राको स्वाद वा ताकतको लोभ-वश जे जसो गर्दछौ, ती सबै बदला दिनु- तिर्नुपर्नेछ । किन्तु 'जसले मासु खान निमित्त कुनै पशुको बध गर्दछ, त्यसले त्यही पशुको शरीरमा भएका रौंजति जन्म लिएर अरू प्राणीद्वारा जन्मान्तरमा त्यसै गरी मारिनेछ ।' भन्ने मनुस्मृति ५।३८ अनुसार यी आजका घातकी कर्म-समूहको पनि साटो नतिरी, तीतो फल नभोगी सुखै पाउने छैनौ ।।८।।

अरू– जो तोको काँटा बोवै, ताहि बोय तू फूल ।
तोको फूलके फूल हैं, वाको हैं तिरशूल ।।
[गुरु कबीर]

चुडका–७०

जस्तो मासु जनावरको, त्यस्तै मासु नरवरको; रक्त रक्त एकै रहेछन् ।
पशुको त सबै खान्छन्, नरको ती नर खान्नन्; स्यालाविले रमाइ खानेछन् ।।
ब्रह्मा-कुमाल पृथिवीमा- मएका जो थिए यहाँ; कता गए मरी बेमान ।
माछा मासु खान्छौ तिमी, सागपात सरी जिमी; रोपी-छरी टिपे समान ।।
माटा ढुङ्गाका देव र देवी थापी भोग नर; दिन्छौ काटी रेटी जीव ती ।
तिम्रा देव भए साँचै- चर्वा खेत बीव काँचै- नखाएका किन! बुझ यो ।।
कबीर ज्यू भन्छन् हेर, राम नाम भने धेर- लिई नित्य जप गर्दछौ ।
स्वाद निम्ति रसनाको, आज जे जे गर्छौ काँको! भोली साटो रोई मर्दछौ ।।

☆

शब्द–७१

चातृक कहाँ पुकारो दूरी, सो जल जगत रहा भरपूरी । १।।
जेहि जल नाद-बिन्दको भेदा, षटकर्मसहित उपानेउ वेदा ।।२।।
जेहि जल जीव शीवको बासा, सो जलधरणी अमरपरकासा ।।३।।
जेहि जलउपजल सकल शरीरा, सोजल भेद नजानु कबीरा ४।।

अर्थ– चातृक (काकाकुल) समान हे मुमुक्षु जीव ! तिमी इष्ट-दर्शन, परमधाम आदिको निवास पाउने आशामा टाढैटाढा लक्ष्य लगाई कति रटिरहन्छौ ! सो जल–ती वाणीका कल्पनारूपी जलले समस्त संसार परिपूर्ण छ । अथवा साँच्चिका इष्ट सबैका घट-घटमा बसेका छन्, तिम्रै हृदयमा पनि छन्, ती तिमी नै ह्वौ। तैपनि यो कुराको रहस्य आजसम्म बुझ्नसकेनौ । भैगो, अब टाढा खोजिरहने टन्टा नगर ।।१।। जेहि जल–जुन कल्पित जल रूप अज्ञानबाट नाद र विन्दु दुइ भेद बने-शरीर पैदा भए; तिनै-छः-छः कर्म र तिनका समर्थक वेद रचिएका हुन् ।।२।।

जेहि जल–जुन कल्पित वाणी सुनी-सुनी, जीव शीवको बासा–'शीव' कहीं अन्तै छन् भन्ने कल्पनाले जीवको अन्तःकरणमा निवास गरेको छ, सो जल–ती कल्पनावाणीरूपी जल, धरणी अमर

परकासा–पृथ्वीका अविनाशी जीवबाटै प्रकाश भएका- फिंजिएका हुन् ।।३।। जुन काम- कल्पनावश, मनुष्य जीवबाट चार खानिका समस्त प्राणीको शरीर उत्पन्न भइरहेछ, सो जल भेद–ती आसक्ति-कल्पनाको मर्म, नजानु कबीरा–जनसाधारणले कत्ति जान्न सकेनन् ।

अरू– ईश्वर कहीं छन् भन्ने कल्पना गरी, उनलाई जीवले बाहिर खोज्दछ, तर ती बाहिर कहाँ छन् र! न कुनै लोकविशेषमा बसेका छन्, न सर्वत्र परिपूर्ण ! बरु जीवकै कल्पना-वाणी मान-वको मस्तिष्क-संसारमा भरिपूर्ण भइरहेछ । यसदेखि भिन्न साक्षात् शाश्वत आत्मा चेतन आ-आफूमै छ । यो रहस्यं नजानेपछि के लाग्छ ! "चश्मा छ आँखामा, बूढो खोज्छ पाखामा" यही उखान हामी सबैमा घटिरहेछ । अतः हामीले शीघ्रातिशीघ्र सचेतभई आफ्नो स्वरूप जानमात्रलाई चिनी, उसको महत्त्व सम्झी, स्वयम्मा स्थिर हुनु नितान्त आवश्यक छ ।

नाद भनेको वाणी । वाणीबाट शिष्य बन्ने हुनाले शिष्य परम्परालाई नाद-वंश र वीर्यबाट पैदा हुने सन्तानलाई विन्दवंश भन्दछन् । बीजक भरमा पानीको पारिभाषिक अर्थ विशेष गरी 'वाणी' वा 'काम जल' भन्ने आउँछ । यहाँ एक पक्षमा पानीको भाव हो–कल्पना-भ्रान्तिवर्द्धक वाणी । यही नाद (वाणी) बाटै यज्ञ गर्नु-गराउनु, पढ्नु-पढाउनु, दान लिनु, दान दिनु–यी छः कर्मसहित चार वेदको मानवद्वारा रचना भयो । अनेक शिष्य-शाखा र सिद्धान्तहरू फिंजिए । दोस्रो पक्षमा पानीको भाव हो– कामजल, यसैबाट विन्द वंशको विस्तृत बृद्धिहुँदै आइरहेछ । यहाँ गृहस्तीमा छः कर्म हुन्छन्–भोजन आच्छादन (वस्त्र, निवास) मैथुन भय निद्रा र मोह । यी छः कर्मसहित वेद अर्थात् ज्ञानस्वरूप जीव नै शरीर धारण गरी बाररम्बार प्रकट हुन्छ ।

विषय-वासना र वाणीका अनेक कल्पनाको कारणबाटै जीवले काम-जलद्वारा सतत संसार-चक्रको परिभ्रमण गरिरहनु परेको हो । जस्तै लोकमा नारीजाति, प्राणीको योनिहुन्, उस्तै जगत्को योनि ब्रह्म हो भनी गीतादिमा निरूपण गरिएको छ । अतः मुमुक्षुजनको कर्तव्य हो–नारी (काम-वासना) योनि र कल्पित ब्रह्मयोनि- यी दुवैबाट उदासीन रही, स्व स्वरूप-राममा स्थिति बनाउनु, यही हो– निर्विघ्न निर्दोष अशङ्क अचलस्थिति ।

झुडका–७१

फाकाकुल टाढा कहाँ- पुकार्दछौ पानी यहाँ; जगत् बीच भरिपूर्ण छ ।
नाद विन्द जो पानीको, भेदबाट षट् कर्मको- सहित यो वेद उब्जेछ ।।
जुन पानी बीच जीव, निवास छ भन्छन् शिव; प्रकाशक भूमि अमर ।
जो पानीले सबै देह, उत्पन्न भयो हेर; जानेनन् त्यो भेद कबीर ।।

शब्द–७२

चलहु का टेढो टेढो टेढो ।।१।।
दशहूँ द्वार नरक भरि बूडे, तूँ गन्धी को बेडो ।।२।।
फूटे नैन हृदय नहिं सूझे, मति एकौ नहिं जानी ।।३।।
काम क्रोध तृष्णा के माते, बूडि मुये बिनु पानी ।।४।।
जो जारे तन भस्म होय धुरि, गाडे किरमिटी खाई ।।५।।
सोकर श्वान काग का भोजन, तन की इहै बडाई ।।६।।

अर्थ– शरीर धन मान विद्यादिको मदमा गमक्क परेर ढल्की-ढल्की के हिंड्छौ ! ।।१।। बरु तिमी चाँडोभन्दा चाँडो ढल्क आफैंतिर । हेर, यो शरीर महान् नरकले परिपूर्ण छ । दशैद्वारबाट दुर्गन्धपूर्ण नरकै नरक बगिरहन्छ । अतः तिमीलाई मैलाले पूर्ण जहाज वा नगरपालिकाको भारी-पूर्ण ट्रक भनिदिए हुन्छ ।।२।। के यस्तो घृणित क्षणस्थायी दुःख र दुर्गुणले पूर्ण

शरीरको परिस्थिति तिमीले जानेका छैनौ ! होइन, तिम्रा बाह्य चर्मचक्षु टालिए छन् कि ! हृदयका विवेक-विचाररूपी दृष्टिबाट पनि कहिल्यै नियाली हेरेनौ ! यसैले कल्याणको एककुट्टि पनि जान्नसक्ने मति आजसम्म आउन सकेन ।।३।।

काममा उमङ्ग, क्रोधावेश र तृष्णाको तरङ्गमा तिमी विभ्रान्त छौ; दिना पानीकै डूबी मरिरहेछौ; दिना विचार अज्ञानमा पूर्णबेहोश छौ ।।४। विचार गर ! यो शरीर जलाइदिए खरानी-धूलो बनी उड्छ, गाडिदिए कीराहरूले खान्छन् माटैमा मिल्दछ ।।५।। फालिदिए स्याल कुकुर काग गिद्धहरूको आहारा बन्नेछ; तिम्रो परम प्यारो शरीरको विशेषता र अन्तिम गति यत्तिकै हो ।।६।।

चेति न देखु मुग्ध नर बौरे, तोहि ते काल न दूरी ।। ७ ।।
कोटिन यतन करो यह तन की, अन्त अवस्था धूरी ।। ८ ।।
बालू के घरवा में बैठे, चेतत नाहिं अयाना ।। ९ ।।
कहहिं कबीर एक राम भजे बिनु, बूडे बहुत सयाना ।।१०।।

अर्थ– हे मोह-ग्रस्त विच्छिप्त मतिका मानव ! अबपनि किन कत्ति चेत्तैनौ, बेहोशै बनिरहन्छौ ! अब त जानेदिन टाढा छैन, कालले टुपी समातिसकेको छ ।।७।। यो शरीरको करोडौं सेवा-सुश्रुषा भोग विलास भोगाई सुरक्षित राखेपनि आखिर धूलो-खरानी बनी उड्नेछ, सबैका शरीरको यही दशा हो ।।८।। बालुवाको बङ्गलासमान क्षणस्थायी शरीरमा* निवास छ र पनि

---

*– The flower that smiles today
To-morrow dies;
All that we wish to stay
Tempts and then flies.
What's this world's delight ?
Lightning that mocks the night,
Brief even as bright.

—P. B. Shelly.

आज फुलेको फूल भोली झर्दछ; सँधै रहिरहोस् भनी हामीले इच्छा गरेका चीजबीजले लोभ्याई गायब हुन्छन्; यो संसारको परमानन्द सुख के हो र ! बिजुलीको चमकले रातलाई हँसीउडाए जस्तो भए पनि क्षणभरकै चमक न हो !

अझै कत्ति नचेत्ने कहाँका अज्ञानी ! ।।९।। गुरु कबीर भन्नुहुन्छ– खानी- वाणीका समस्त फन्दाबाट बची, एक रमैयाराम चेतन, अविनाशीको भजन, ज्ञान-स्थिति बिना धेरै-धेरै बुद्धिमान्, विद्वान् होशियार बनेकाहरू पनि मोहासक्ति, सुखाध्यास र कल्पनाकै सागरमा डुबे–गए ।।१०।।

अरू– शरीर-संसारलाई नै सत्य सम्झेर यिनैको उन्नतिका निम्ति भूलवश पूर्णलाभको आशा, परिश्रम र अभिमानमै सबैको समय गइरहेछ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको अन्तिम– अवस्थाको हार्दिक-उद्गार, एक टुक्रा यहाँ मनन योग्य छ–

"संसाररूपी सुख स्वर्ग भित्र । रमें-रमाएँ लिई भित्र चित्र ।।
सारा भयो त्यो मरुभूमि तुल्य । रातै परे झैं अब बुझ्छु बल्ल ।।
संस्कार आफ्नो सब नै गुमाएँ । म शून्यमा शून्य सरी बिलाएँ ।।
जन्में भयो स्वर्ग विषे पलाएँ । आखीर भै खाक त्यसै बिलाएँ ।।

चुटका–७२

टेढो टेढो टेढो भई, किन हिड्छन् मानव यी; दशद्वार नरक जहाज ।।टेक।।
फुटेछन् कि बाह्य नेत्र, देखेनौ क्यै दृष्टि भित्र; कत्ति पनि जान्न सकेनौ ।
काम-क्रोध तृष्णा परी, प्रमत्त भै ज्यूँता भरी; बिना पानी डुबी मरेछौ ।।
देह तिम्रो दाह गरे, भष्म धूलो बन्छ मरे; गाडे खान्छन् कृमि यसलाई ।
गिद्ध कुकुर कौवा स्याल्ले, खान्छन् भोज्य हुन्छ फाले; यै महत्व देह बनाई ।।
चेती नहेरी सिल्ली, हुन्छौ नर मुग्ध जिल्ली; तिम्रो मरण टाढा छैन है ।
कोटी यत्न गरे पनि, शरीर स्वस्थ हुन्न बनी; अन्तः मिल्छ क्षार धूलो मै ।।
बालुवाको गृह वास, नित्य तिम्रो छ है खास; अझै सावधान हुँदैनौ ।
श्री कबीर भन्छन् एक, राम भजे बिना टेक; डुबे कैयौं बुझ्रुक बुझ्दैनौ ।।

शब्द–७३

फिरहुका फूले फूले फूले ।।१।।
जब दशमास ऊर्ध्व मुख होते, सो दिन काहेक भूले ।।२।।
ज्यों माखी सहते नहिं बिहुरे, सोचि सोचि धन कीह्ना ।।३।।

मुये पीछे लेहु लेहु करें सब, भूत रहनि कस दीह्ला ॥४॥
देहरि लों बर नारि संग है, आगे संग सुहेला ॥५॥
मृतक थान लों संग खटोला, फिर पुनि हंस अकेला ॥६॥

अर्थ– पद ऐश्वर्य बल विद्यादिको घमण्डमा के को गजक्क परी भ्याकुतो झैं फुली-फुली उफ्रन्छौ-कुद्छौ ! ॥१॥ जब माताको दुर्गन्धपूर्ण गर्भमा तिम्रो उँधोमुण्टो भई कुण्डिई कष्टका साथ दश महीना बितेको थियो, के तिमीले ती दिन भुल्यौ ? होइन, के फेरि-फेरि पनि त्यसै गरी गोता खाने मनसुवा छ ?॥२॥ जस्तो माहुरीले सारै परिश्रमपूर्वक मह बटुल्छ, स्वयम् खान सक्तैन; निरन्तर त्यसैको रक्षा र वृद्धिमा लागिरहन्छ। तर एकदिन अचानक महरे आउँछ, उसको घर-बच्चा समेत निचोरी मारी सर्वस्व लुटी लैजान्छ; त्यस्तै तिम्रो पनि दशा हो। जीवनभर कठोर परिश्रमपूर्वक धन-परिवार जोरजम्मा गर्दछौ ॥३॥

The seed ye sow, another reaps;
The wealth ye find, another keeps;
The robes ye weave, another wears;
The arms ye forge, another bears;
–P. B Shelley.

'तिमीले रोपेको बाली अर्काले काट्छ।
तिमीले कमाएको धन अर्काले भोग्छ।
तिमीले बुनेको लुगा अर्काले लाउँछ।
तिमीले बनाएको हतियार अर्काले भिर्छ।'

अन्त्यमा मृत्यु हुनासाथ आफ्नै पुत्र पत्नि परिवार कुटुम्बीले 'यो मेरो हक हो, मेरो हक लाग्छ' भन्दै उही धनमा हारालुछ गर्नेछन्, तिम्रा साथमा केही जाने छैन। बरु तिमीलाई नै पहिले कसो गरी पञ्च महाभूतको शरीरमा रहने बनाइदिएका थिए, फेरि पनि उसै गरी बनाइदिनेछन्। मृत्यु-पश्चात् दश दिनसम्म आफ्नै

पुत्र-पत्नी आदिले हाम्रा पिता-पति नभनेर कल्पनाकैं भए पनि तुच्छ प्रेत बनाई राख्नेछन् ॥४॥

देह्‌रि–ढोकाको संहार-ठेलोसम्म वरनारी–परमप्रिया सुशीला सुन्दरी भामिनी रहनेछिन्, अगाडि सुहेला–सुखद प्रियजन मलामी बनी श्मशानसम्म जानेछन् ॥५॥ त्यहीं तक खटोला–अर्थी (घारा कात्रा) जालान् त्यसपछि जीवचेतन एक्लो हुनेछ, तिम्रा धन परिवार, प्राणप्यारा पुत्र-पत्नी, परिजन तथा परम समीपी शरीर पनि साथ जानेछैनन्; अबता आफूले गरेका भला-कुभला कर्म-संस्कारमात्र साथ हुनेछन्।।६॥

अरू– पुत्र वन्धुहरू पनि मृत-देहका पछि श्मशानसम्म जाने हुन्, चेतन त पहिले नै निस्किसकेको हुन्छ ।

जारे देह भस्म होय जाई, गाडे माटी खाई ॥७॥
काँचे कुम्भ उदक ज्यों भरिया, तन की इहै बडाई ॥८॥
राम न रमसि मोह के माते, परेहु काल वश कूवा ॥९॥
कहहिं कबीर नर आप बँधायो, ज्यों ललनी भ्रम सूवा ॥१०॥

अर्थ– मृत-शरीर जलाइदिए खरानी बन्छ, गाडिदिए माटोमा मिल्दछ ॥७॥ काँचो गाग्रोमा पानी भर्नु, क्षणभरमै गली नष्ट हुन्छ; यो शरीरको विशेषता पनि यत्तिकै हो ! भरे वा भोली नै खरानी अथवा माटो बन्छ-बन्छ ॥८॥ हे मनुष्य ! तिमी हृदय निवासी रमैयाराम ज्ञानमात्र स्वरूपमा रमण नगरी; धन, प्रियजन र शरीरको मोहासक्ति आदि खानी-वाणीका नशामा लट्ठ परी-परी; मन र भ्रामक भामिनीरूपी कालका पञ्जामा अँट्ठिएर आवागम-कष्टको सारै गहिरो इनारमा पर्‍यौ ॥९॥ गुरु कबीर भन्नुहुन्छ– सुख र लाभ सम्भी मानिस स्वयम् बाँधिइरहेछन् । जस्तो बाँसको नली (ढुङ्ग्रो) मुठ्याउने सुगा आफैंले अँठचाउँ छ, भ्रम-वश सम्भ-न्छ–मलाई ढुङ्ग्राले नै समातिरहेछ । यत्तिकैमा शिकारी आई

पक्रन्छ, पिंजडामा थुन्छ, पछि जीवनभर पिंजडामै कुजिनुपर्छ। वा तुरुन्त मर्नुपर्छ। जीवको पनि यस्तै दुर्दशा भइरहेछ ॥१०॥

अरू– हामीलाई कुनै प्राणी-पदार्थले समाते-बाँधेका होइनन्, हामीले नै यिनलाई अँठ्याई पक्री भुण्डिइरहेछौं। हामी यिनमा सुख नमानौं, आसक्त न हुँ त के यिनले हामीलाई पक्रन सक्छन् र! अतः हाम्रै समझमा फरक परेको छ। मुख्य आफ्नै असली स्वरूपको विचार गरौं। साथै प्रिय परिवार, गृह-सम्पत्तिप्रति पनि विवेक गऱ्यौं भने हाम्रा दृष्टि-समक्ष गुरु कबीरका यी शिक्षा, सिनेमाका चित्रसमान, साकाररूप लिई नाच्न थाल्नेछन्; स्व-शरीर र संसारलाई दग्धारण्यसमान देख्न थाल्नेछौं। अनि हाम्रो साँच्चिको होश खुली कल्याण-कार्यतिर अभिरुचि बढ्नेछ

'सुख दृष्टि से बन्ध है, दुःखदृष्टि से मोक्ष।
सुख दुःख द्रष्टा आप है, आप रहै अपरोक्ष॥

[सत्यज्ञान प्रकाश]

पुनश्च– मानिसलाई पाइलैपिच्छे दुःख, सन्ताप किन पर्छ ? उत्तर– वास्तवमा जीवले खोजेको छ– आफ्नै सत्य चेतनको स्थिति। तर भूल-वश प्राणी पदार्थ पद परिवार तिर नै विशेष लम्कन्छ। 'बोकाको मुखमा कुभिण्डो नअटाई उसको खाने इच्छा उर्लेसमान' मानिसको अभिलाषा झन् उर्लेर आउँछ; परिश्रम चिन्ता विघ्नको बोझाले झन्-झन् थिच्दछ। यो हो– 'मानिसहरू प्रपञ्चबाट चेतेर कल्याणतिर बढुन्, अपूर तृष्णाको बाढीमा कति बगिरहन्छन्! नाहक किन कष्टमा मर्छन्! शीघ्रातिशीघ्र होशमा आउन् र स्वरूपदेशमा शान्तभई सदा शाश्वत मुक्ति-स्थिति प्राप्त हुने प्रकृति-प्रदत्त परिस्थितिको नियम।' यसैले समस्त विवेकीजनले पनि यिनै दुःख, सन्तापादिलाई नै मुक्तिका जनक मानेका छन्।

तिमीले पनि विषय-कल्पनादिमा दुःखको अनुभव गरेका छौ

भने एक दिन शान्ति पनि पाउला । प्रपञ्चजनित पीडाको अनुभव र परमार्थमा साँच्चिको लगन हुनु नै शाश्वत शान्ति-उपलब्धिको सूचक हो । यसैले मानव-जीवनमा परिआएका यस्ता कष्ट चिन्ता सही खपी, त्यहीं नरोकिनु-नटाँसिनु । सकेसम्म सत्य विवेकलाई जगाई सत्सङ्ग साधना र वैराग्य पारख स्थितिमा अगाडि बढ्दै गर्नु, अवश्य पनि परम शान्ति मुक्तिमा निमज्जित हुनेछौ । सांसारिक कष्टका समक्ष साधनाका परिश्रम, विघ्नादि त मार्गका अल्प श्रममात्र हुन् । नारीवर्गले प्रसवको पीडा नखपी माता बन्ने गौरव र पुत्र वात्सल्यताको प्रमोद कहाँ पाउँछन् ! अतएव ती विघ्न-श्रमको परवाह नगर, निरन्तर मुक्ति-मुकामकै लक्ष्य राखी साधना-स्थितिमा अगाडि बढ ।

खबरदार ! ती दुःख सन्ताप आफैंमा कुँडुलो नबनाउ । अर्थात् विषयबाट दुःख सन्ताप पाएर पनि फेरि उही विषय-सुखकै आशामा नअल्झ; संसारतिर नफर्क । यसरी संसारैमात्र समातिरह्यौ भने तिम्रोनिम्ति त्यही नरक बन्यो । होइन, अगाडि परमार्थपट्टि लम्क्यौ भने तिनै दुःख पनि परममुक्ति-साम्राज्यको साजबाज बन्नेछन् । त्यही दुःखले तिमीलाई ठाउँमा पुऱ्याउनेछ । अतः दुःख विघ्न पर्दा र साधनामा असफलता भएका बेलामा तिनैलाई साधनाको खुड्किलो सम्झी टेक, माथि उक्ल, सफलताको थलिमा पुग्नेछौ; त्यसमाथि शान्ति-स्थितिको टाकुरामा तिम्रो पाइलो पर्नेछ । त्यस बखत तिमी प्रकृति-विजयीमात्र होइन, मानस-विजयी पनि बन्नेछौ । फोस्रो अभिमान उखेलिएर परम चेतन ज्ञानमात्रको स्थिति हुनेछ । तिमी विश्वविजयी बन्यौ, अब अविचल शान्तिको झण्डा फर्फराइरहने भयो ।

चुडका-७३

के फिर्दछौ फुलीफुली, धन जन तन भुली; नाहकमा रित्ता बनेका ।
दश मास गर्भ बीच, उभिण्डो भै कुण्डी नीच; त्यो दिन के भुल्न सकेका !

माहुरी झैं श्रम गर्छन्, चिन्तित भै घर भर्छन्; तृष्णा गरी धन बटुल्छन् ।
मर्नासाथ हारालुछ- गर्छन् धन सबै जो छ; प्रेत पनि बनाइ छाड्दछन् ।।

प्राणप्रिया द्वार तकै, दाजु भाइ घाट तकै; घारो कात्रो त्यहीं हुनेछ ।
पछिलाई साथी अनि, संसारका कोही पनि- हुन्नन् हंस एक्लै जानेछ ।
देह भस्म दाह गरे- पूर्ण नष्ट हुन्छ मरे; गाडिदिए माटो-मिल्नेछ ।
काँचो हांडी पानी मर्नु, नष्ट भई जान्छ हेर्नु; महत्त्व यै ज्यू को बन्नेछ ।

राम बुझी न रम्दछौ, मोहजाल मस्त हुन्छौ; पर्छौ काल-इनार बीचमै ।
गुरु कबीर भन्नुहुन्छ, नर स्वयं पासो बुन्छ; सुगा-नली सरि भ्रान्त भै ।।

शब्द–७४

ऐसो योगिया बदकर्मी, जाके गमन अकास न धरणी ।।१ ।
हाथ न वाके पाँव न वाके, रूप न वाके रेखा ।।२।।
बिना हाट हटवाई लावै, करै बयाई लेखा ।।३।।
कर्म न वाके धर्म न वाके, योग न वाके युक्ती । ४।।
सिंगी पात्र किछउ नहिं वाके, काहेक माँगे भुक्ती ।।५।।

अर्थ– ऐसो योगिया--यस्ता उलटा चालका योगीहरू छन्, जसको गमन-गति आकाशतिरमात्र छ, माथि नै अपूर्वको लोक छ, सुख छ; भनी आँखातानी ताकिरहन्छन् । उतैबाट मात्र के के न पाउँला भन्ने ठान्छन् । अर्काथरी अकास–ब्रह्मरन्ध्रतिर नै दृष्टि उल्टाउँछन्, भैंमा (हृदयस्थ चेतनतिर) त हेर्दै हेर्दैनन् । तेस्रा अद्वैतज्ञानी आकाशवत् एक ब्रह्मको कल्पना मस्तिष्कमा भरी भन्छन्– "त्यो ब्रह्म, आकाश पृथ्वी आदि कहीं गमन गर्दैन; सर्व व्यापक छ ।।१।। त्यसको हात-गोडा, रूप-चिह्न केही छैन ।।२।। त्यहाँ 'संसाररूपी वजार पनि केही छैन" भन्छन् । फेरि बिना बजारकै ब्रह्म-ज्ञानको व्यापार पनि अति शौखपूर्वक गरिरहन्छन् । नाप्ने-जोख्ने दलालीपन अर्थात् उपदेश गर्छन्, अर्काका सिद्धान्तमा त्रुटि देखाई लेखा-जोखा गर्दै आफ्नै अद्वैत मतकै पुष्टि गर्छन् ।।३।। भन्दछन्–

"ब्रह्ममा कर्म धर्म योग युक्ति केही छैन, सर्वत्र एक ब्रह्मकै सत्ता छ, द्वैत छँदैछैन" ।।४।। उसोभए हे योगीराज ! तपाईंका हातको बजाउने सिंगी-बाजा, भिक्षा-पात्र (खप्पर-पेट) पनि नभएकै होलान् ! फेरि किन खप्पर लिई बाजा बजाई भिक्षा माग्दै हिंड्नुहुन्छ ! एक ब्रह्ममा "शेष प्रारब्ध- भोगको निर्वाह निमित्त" भन्न पनि त पाइएन ! ।।५।।

अरू– ब्रह्मज्ञानीहरू अरूलाई भेदवादी अज्ञानी नास्तिक भन्दछन्, तर यिनले यस्ता अपशब्द कसका प्रति प्रयोग गरेका हुन् ! यसको थिनलाई खबरै छैन । तथा एक ब्रह्मलाई टुक्र्याई कहिले कसले नानात्वको आरम्भ गरेछ ! निर्विकारमा विकार कताबाट आयो ! चेतन-ब्रह्मबाट जड-जगत् उत्पत्ति कसोगरी भयो ! ज्ञानरूप प्रकाश चेतन र अज्ञान स्वरूप जड–दुवै एक बन्नै सक्दैनन् । एक व्यापकमा बन्ध-मोक्ष, पाप-पुण्य, पुनर्जन्म हुनु–इत्यादि असंगत कुरा कसरी सिद्ध भइरहेछ ! यी सबै प्रमाणबाट जड-चेतन वा प्रकृति-पुरुष दुवैको विद्यमानता सरासर देखिएकै छ।

मैं तोहि जाना तैं मोहि जाना, मैं तोहि माहिं समाना ।।६।।
उत्पति परलय एकहु न होते, तब कहु कौन ब्रह्मको ध्याना ।।७।।

अर्थ– (ब्रह्मज्ञहरूको भनाई छ) हे जीव ! मैले तिम्रो स्वरूप जानेको छु, तिमीले पनि मेरो कृपाबाट मलाई चिन्यौ; म पूर्णब्रह्म नै तिमीसहित समस्त विश्वमा व्याप्त छु ।।६।। उत्पत्ति-प्रलय (जन्म-मरणादि) एक पनि 'म' मा हुने होइन । यो सम्पूर्ण जगत् भ्रम-आभास वा स्वप्न-दृश्य समानमात्र हो । (गुरु भन्नुहुन्छ–) तब ब्रह्मको ध्यान गर्ने त्यो को हो, भन ! ।।७।।

योगी आन एक ठाढ कियो है, राम रहा भरपूरी ।।८।।
औषध मूल किछुउ नहिं वाके, राम सजीवन मूरी ।।९।।

नट वट बाजा पेखनी पेखे, बाजीगर को बाजी ॥१०॥
कहँहि कबीर सुनो हो सन्तो, भई सो राज बिराजी ॥११॥

अर्थ– योगी–ब्रह्मज्ञानीजनले नै अद्वैतवादको एक कल्पना मनबाट निकाली "राम (ब्रह्म) सर्वत्रपूर्ण छ" भनी संसारमा ठड्याएका हुन् ॥८॥ त्यो ब्रह्ममा औषध मूल– न कुनै रोग छ, न औषधि गर्नकै आवश्यकता छ। राम सजीवन मूरी–ब्रह्म स्वयम् सञ्जीवनी बूटी हो, ऊ सदा अजर-अमर छ ॥९॥ ती योगीहरू यही ब्रह्म-प्राप्तिको लक्ष्य गरी, नट वट बाजा–नटसमान बनी चौरासी-आसन लगाउँछन्, बाजा–अनहदनाद सुन्छन्, पेखनी पेखे–मुद्रा लगाउँछन्। यो सबै चटकीकै रमिता-खेल न हो। ब्रह्मज्ञानीहरू 'समस्त विश्व नै ब्रह्मरूपी चटकीको तमाशा हो' भन्दछन्, फेरि आफैं पनि उही इन्द्रजाली चटकोमा मिल्ने लालचले आसन-मुद्रादि गर्छन् ॥१०॥ गुरु कबीर भन्नुहुन्छ– हे सन्त हो ! सुन, यसरी संसारका जीव आफ्नो स्वतन्त्र साम्राज्य पारख-सिंहासन छँदै, त्यसलाई नचिनी, बिना राज्य, निराकार शून्यको कल्पनामा बस्न राजी छन्। तिमी त ती सबैको पारख, गरी स्वयम् साम्राज्यमा स्थिर होउ ॥११॥

अरू– अमर बन्ने माध्यम मुख्य मानव जीवन नै हो। यसको विशेषता र मनको कल्पनाप्रति कविवर माधव प्रसाद घिमिरेज्यू भन्नुहुन्छ–

'तारासे भन्दा विश्वमा बढी के देख्न सक्छु म !
किरणले भन्दा रङ्गमा नौलो के लेख्न सक्छु म !
अमरावती शून्यमा रच्न चाहन्छु तै पनि ।
मनुष्य जस्तो अमर मैले देखिन क्यै पनि ॥

चुडका–७४

यस्ता योगी अघकर्मी, जसको छ गति भर्मी; भँमा छैन न त आकाश।
हात छैन पाउ छैन, न छ रूप रेखा नैन; बिना बजार बेपार प्रकाश ॥

दलालीको काम गर्छन्- लेखाजोखा सबै हेर्छन्; कर्म धर्म योग युक्ति त-
छैनन् भने सिंगी पात्र- पनि छैनन् कि के गात्र; किन माग्नु भीख भुक्ति र !
म चिन्दछु तिमीलाई, तिमी चिन्दछौ मलाई; म तिमीमा सम भएको ।
उत्पत्ति लय केही- थिएन भने यही; कसले हो ब्रह्म धाएको ?
योगीले एक ल्याई, राखेका छन् ती ठडयाई; भरिपूर्ण सर्व राम छ ।
औषधि र मूल केही, न उसको राम यही; सञ्जीवनी बूटी मात्र छ ।।
नट सम नक्कल गर्नु. बाजा सुन्नु ज्योति देख्नु; चटकीकै चटक बूझ ती ।
कबीरज्यू भन्छन् सुन, सन्तवृन्द भिन्न गुन; राज छोडी वेराज भए यी ।।

शब्द-७५

ऐसो भर्म बिगुर्चन भारी ।।१।।

वेद कितेब दीन औ दोजख, को पुरुषा को नारी । २।।
माटिका घट साज बना है, नादे बिन्द समाना ।।३।।
घट बिनसे क्या नाम धरहुगे, अहमक खोज भुलाना ।।४।।

अर्थ– यस्तो ठूलो भ्रान्ति र बिगुर्चनी–धोखाको समस्यामा जीव परिरहेछ ।।१।। मानिस, वेद कुरान, मत-मजहब छुट्टाछुट्टै कायम गरी, उही-उही घेरामा परेका छन् । एकले दोस्रालाई नरकगामी भन्दछन् । तर स्वरूपभावबाट को हिन्दू, को मुसलमान ! कुन पुरुष, कुन नारी ! सबै समान हुन् । मोक्षको लागि मनुष्यमात्र समान अधिकारी छन् । यस्तोमा पनि पन्पच्छे गर्ने यही यिनमा त्रुटि छ ।।२।। नादे ब्रिन्द समाना–जीवले पिताका प्राणयुक्त वीर्यको साथ मातृ–गर्भमा प्रवेश गरेपछि माटीका घट–सर्व अङ्गसहित शरीर, माटो पानी आदिबाट बनेको हो ।।३।। त्यो शरीरमा अविनाशी जीवको निवास छ र त्यसैलाई हिन्दू मुसलमान नारी-पुरुष केशव प्रदीप आदि भन्छौ । त्यही शरीर नष्ट भएपछि अनि जीवको के नाम राखौला ! हे अज्ञ मानव ! विवेक जगाउ, अविचल स्व स्वरूपको खोजी गर; सित्तैं भूलमा समय नगुमाउ ।।४।।

एकै त्वचा हाड मल मूत्रा, एक रुधिर एक गूदा ।।५।।
एक बुन्दसे सृष्टि रची है, को ब्राह्मण को शूद्रा ।।६।।
रजोगुण ब्रह्मा तमोगुण शङ्कर, सतोगुणी हरि होई ।।७।।
कहहिं कबीर राम रमि रहिये, हिन्दू तुरुक न कोई ।।८।।

अर्थ– मनुष्यमात्रका शरीरमा एकै प्रकारका छाला हाड मल मूत्र रगत मासुहरू छन् ।।५।। एकै प्रकारका वीर्य-बुन्दबाट मनुष्य-सृष्टि भएका हुन् । अतः यसमा कसलाई ब्राह्मण भन्ने ! कसलाई शूद्र !।।६।। गुणका स्तरबाट ठूला साना भन्ने हो भने, रजोगुणी मनुष्य ब्रह्मा, तमोगुणी स्वभावका महादेव र सत्वगुणी स्वभावका विष्णु हुन् । अब कसलाई ठूला साना भन्छौ !।।७।। गुरु कवीर भन्नुहुन्छ– शाश्वत पुराण पुरुष चेतन रमैयाराम सबैका घटघटमा समान रूपबाट रहेका छन् । यिनैलाई जान, अरू भ्रान्ति-कल्पनामा नपर । स्वयम्‌मा रमण गर । हिन्दू तुरुक भन्ने शब्द नै अवास्तविक कृत्रिम हुन्, यसलाई लिएर आपसमा वैमनस्यता नबनाउ, परस्पर नङ-मासु समान मेल-प्रेमबाट* काम बनाउ ।।८।।

अरू– यो शब्दमा गुरुले भ्रमको बन्धन बताउनु भएको छ । तर यो विश्व नै भ्रान्तिरूप नभनी, केवल मान्यतापूर्णको जीव-सृष्टिलाई भ्रम भन्ने संज्ञा दिई, तज्जन्य मत-भिन्नता, राग-द्वेष वैमनष्यता-मिटाउने शिक्षा दिनुहुन्छ । हुनपनि समस्त प्राणीका अनुभवयुक्त प्रत्यक्ष विद्यमान रहेको, अनादि कालदेखि कति महात्मा मुक्ति भई गएर पनि विलय नभई अविच्छिन्न बनिरहेको, समस्त प्राणीका साधक-बाधक स्वरूप, कारण-कार्यमय यो विश्वलाई हुँदै नभएको ख पुष्प, शश-शृङ्गसमान भन्न र निर्गुण-निराकारको कार्य मात्र विवेक निर्णयबाट युक्तिसङ्गत कहाँ ठहर्दछ र !

*– सदादेखि एकसाथ रहने औंलाहरू असंख्य कर्म गर्दछन् । यी सबै बहिनी –गृहस्थ-पत्नीहरू समान गति गर्दै ·· सेवाकार्य गर्दै छन् । [ऋग्वेद १।१०।६२।१]

चुडका-७५

यस्तो भर्म धोखा अति, वेद किताव मत रती; दो जख को! नर नारी को ।।टे.
माटाको साज गरी, घट बन्यो गर्भ परी; नाद विन्द साथ पुगेर ।
घट नाश भए अनि, के राख्तछौ नाम भनी! खोज अज्ञ बरछौ भुलेर ।।
हाड छाला एकनस, मलमूत्र रक्त मास; मज्जा एक सम जुन हो।
एकै थोपा वीर्यद्वारा- भए सृष्टि देह सारा; ब्राह्मण शूद्र भन कुन हो!
रजोगुणी ब्रह्मा जान, तमोगुणी शिव मान; सतोगुणी विष्णुरूप हुन् ।
सन्तुहुन्छ गुरु कबीर, रमि रहू राम हे वीर; हिन्दू तुर्क छैनन् कोही जन ।।

शब्द-७६

आपन पौ आपुही बिसऱ्यो ।।१।।
जैसे श्वान काँच मन्दिरमें, भरमित भूसि मऱ्यो ।।२।।
ज्यों केहरि बपु निरखि कूप जल, प्रतिमा देखि पऱ्यो ।।३।।
वैसे हि गज फटिक शिला में, दशनन आनि अऱ्यो ।।४।।
मर्कट मूठि स्वाद नहिं बिहुरे, घर घर रटत फिऱ्यो ।।५।।
कहहिं कबीर ललनी के सुवना, तोहि कौने पकऱ्यो ।।६।।

अर्थ- यो होस्ल्याङ्‍ जीवले आपनो 'पौ'- दाउ, कल्याण-कार्य (चेतन स्वरूपको स्थिति) सुधार्ने स्वर्ण अवसर व्यर्थ गुमाई भुलिरहेछ ।।१।। जस्तै कुनै कुकुर ऐनाको कोठामा अचानक पुगेछ। त्यहाँ तल-माथि जतातत्तै आपने छायाँ देख्यो र अबोध पशु हुनाले 'यहाँ मेरा शत्रु धेरै कुकुर रहेछन्' भन्ने सम्झ्यो । त्यसलाई भ्रान्ति भयो -अनि भुक्नलाग्यो । महलबाट उसैका शब्दको प्रति-ध्वनि निस्कँदा अरू भ्रान्ति बढी, भुक्न-टोक्न लाग्यो । क्रोध बढ्यो, झन् झन् मुख गाड्ने-भुक्ने गर्दागर्दै कुकुर भुतुक्क मऱ्यो ।।२।।

जस्तो एउटा सिंह अचानक इनार-नजीक पुगी पानीमा हेऱ्यो, त्यसले आफ्नै छायाँ देख्यो। यो मेरै छायाँ हो भन्ने कुरा त्यो अबोध पशुले के जानोस् ! प्रतिद्वन्द्वी सम्झी सोच्यो- 'एक जङ्गलमा दुइ राजा !' अभिमान र रीसले चूर भई यसलाई मार्छु

भनी इनारमा हामफाल्यो । डुब्यो-पानी खायो, छटपटाई-छटपटाई मऱ्यो ।।३।। त्यस्तै कुनै एक जङ्गली मत्ताहात्ती जङ्गलमा घुम्दैजाँदा स्फटिक (बिल्लौर पत्थर) को निकट पुगेछ, त्यो पत्थरमा आफ्नै छायाँ देख्यो। त्यसलाई पनि 'मेरो शत्रु रहेछ' भन्ने भ्रान्ति भयो । अनि क्रोधावेशमा मदवश जोडसित दाह्रा धस्ता-धस्ता ती दाह्रै भाँच्चिए। मुख जोत्तिई रक्ताम्य बनी पछारियो, घाइतेभई कष्टका साथ धेरै-धेरै सास्ती सही मऱ्यो ।।४।।

मर्कट-वानर पक्रनेले चना-मकै हाली सुराहीको मुख खुलै राखी भुँमा गाडिदिन्छ । बाँदर आउँछ, देख्छ । स्वादवश सुराहीमा हातहाली मकै मुठ्याउँछ, झिक्न खोज्छ, अनि मुठी नै आउँदैन । ऊ भने लोभले मुठीको चना छाड्न सक्तैन । यत्तिकैमा मानिस आउँछ पक्रन्छ, पिटी-पिटी तहलाउँछ । अनि बानरले घर-घर नाच्तै हिड्नुपर्छ । नहिं बिहुरे-कहिल्यै फुत्कन पाउँदैन ।।५।।

गुरु कबीर भन्नुहुन्छ-हे नलिकाको सुगाचरी! तँलाई कसले पक्र्यो ! तँ आफैं खुर्सानी खाने लोभले डोरीमा उनिएको नलीमाथि बस्न पुगिथिस्। निगालाको नली घुम्यो, तँ झुण्डिइस् । तल तलाउको पानीमा आफ्नै छायाँ देखी भयवश भुलिस् । शिकारी आई टप्प-समात्यो, पञ्जामा परिस् । यो सबै दुर्दशा भएको आफ्नै भूलबाट नहो ! अब तँ आजीवन बन्धनमा परिस् अथवा मरणको दुर्दशा भोग्नेछस् ।।६।।

अरू- यो शब्दमा पाँच उपमाबाट पाँच जीवले भूलवश कष्ट पाएका कुरा वर्णन भएको छ । ती जीवले 'आफ्नो दाउ आफैंले गुमाई बेहोशी बन्नाले कष्ट खप्नपऱ्यो । भइहाल्यो, ती त अबोध पशुथिए भुले दुःखपाए । हामी त सम्पूर्ण ज्ञान-गुणसम्पन्न मानव-शरीरधारी, बुद्धिजीवी भइकन पनि त्यसैगरी भुली कष्ट पाइरहे-

छौं। प्रथम आफूले आफैंलाई नजानेर शरीर नै 'स्वयम् हुँ भन्ने सम्झे-काछौं। अनि शरीरको निर्वाहमा, इन्द्रियको आराम विषय-विलास अनेक आदत लत व्यसन हिंसा शिकार जूवा व्यभिचार चोरी-डाँका आदिमा जो जति अगाडि बढ्नसक्यो, उति-उति बढ्दै गइरहेछौं। आफ्नो थात छाडेपछि सुख सुबिस्ता शान्ति विश्रान्ति कहाँ पाउने! यसै पदभ्रष्ट भइयो। विपरीत विकारी वस्तुका सङ्गको रङ्ग लागी, जति अगाडि बढ्यो उति शास्ति-सङ्कट, शोक-चिन्तादिको वृद्धि हुँदैजान्छ। अनि तिनै (कुकुर-सिंहादि) ले दुःख पाएझैं हामीले पनि पाउने छौं। यसैगरी सारा प्राणी दुःख चिन्तादिमै डुबी-डुबी आफ्नो अमूल्य स्वर्ण समय यसै बरबाद गर्दै आइरहेछन्।

मानिसले व्यवहारबाट विशेष सुख-आराम देखेन भने स्वार्थ-सिद्धिको निम्ति देवी-देवता र महात्माहरूको शरण लिन्छ। तर निःस्वार्थभावबाट पारख-गुरुको शरण पक्रन सक्तैन। कदाचित् परमार्थ खोजेपनि आफ्नो आचार, स्वभावको सुधार र बोध शान्ति तिर नफर्की, बाहिरबाट सुख-मुक्ति पाइएन, मनले मागेको माग पूरा नभए पनि झन् बाहिरैमात्र रङ्मङिन्छौं। केहीगरी भित्र हेर्‍यौं भनेपनि अन्तर प्रत्यक्ष, दृश्य-कल्पनाका इष्टमूर्ति ज्योति श्वासा नाद-शब्द शून्य आदिमै अल्झन्छौं अथवा जड-चेतन दुवैलाई एकैमा मुछ्न थाल्दछौं। यसै गरी-गरी स्वयम् द्रष्टा पारख ज्ञान मात्र चेतनको महत्त्व जान्न सकेका छैनौं। यसको हामीलाई पत्यारै छैन। हामी सत्य विवेकबाट काम लिनपनि भयभीत छौं। लहै-लहैमैं लाग्दछौं; सदा-सर्वदा हाम्रो लक्ष्य बाहिरै बगिरहेछ। यही हो-हामीले आफ्नो 'दाउ' कल्याणको अमूल्य अवसर गुमाएको।

यसरी यो सर्वोत्तम मानव जीवनमा विशेष होश गर्ने साधन समय पाइकनपनि व्यक्तिले आपनो उद्धार गर्ने प्रयत्न गरेन भने

त्यसको ज़ीवन व्यर्थभयो। किनभने जसले आफ्नो बालककाल धुलेखेलमा बितायो, यौवनमा क्षणिक सुखभोगमैं रमायो, वृद्धावस्थामा आशा तृष्णा छल कपटादि अनर्थमय व्यवहारमै निमग्न रह्यो। अति वृद्धावस्थामा चिन्ता, शोक रोग असक्त लाचारी अपमान आदिबाट कष्ट पाई-पाई अन्त्यमा एकदिन पश्चातापपूर्वक आँखा पल्टाई, हात खुट्टा तानी, मुख बिगार्दै, यहाँका परिवार सम्पत्ति र शरीरसमेत सबै छाडी एक्लै जानपऱ्यो। परलोक–दोस्रो शरीरमा कर्मानुसार भोग-भोग्न विवश बन्नु पऱ्योभने यस्ता हुस्सूले यस्तो उत्तम मानव जीवन पाएको के सार भयो!

ओहो! जुन विषय-सुखको लागि जीवनभर घोर परिश्रम गऱ्यो, दश-दिशा दौडी सबको खुशामद गऱ्यो, दीन हीन पराधीन बनी आँखाभरि आँसु लिई अर्काका औंलाका इशारामा नाच्यो, अति हण्डर सास्ती सह्यो। हरे! ती साराका सारा व्यर्थ! न कहिल्यै कुनै क्षण सुख मिल्यो, न शान्ति! सदा दुःख चिन्ता शोक सन्तापमै जीवनलीला समाप्त भयो। यो सबै भूल-बेहोशीपनाको महिमा र परिणाम फल मनन गरेर विवेकी मानवले अब सदा सावधान भई, मानव जीवनमा पूर्ण विवेकसहित आफ्नो परम कल्याणको कार्यप्रति कमर कसी, निरन्तर साधना, शान्ति-स्थितिमा संलग्न रहनुपर्छ।

'समय न ऐसा आइ है, नर तन औसर जैस।
साधन संयम मोक्ष हित, दुस्तर जानो ऐस॥
आयू पल पल छीजती, ज्यों कर-अंजुल नीर।
अब ही हाल सबेर है, चेतौ चेतन वीर॥

[शिक्षावली]

चुडका–७६

आपनोपना भुल्यो आफैं, कुकुर-ऐना देखी साफै; भ्रमी भुक्तै मर्‍यो बिचरो ।।टे,
जस्तो सिंह इनारमा- आपनै छायाँ नजान्दामा; फालहाली डुबी मरेथ्यो ।
त्यस्तै फटिक शिलामाथि, आपनै छायाँ देखी हात्ती; दारा धसी प्राण गएथ्यो ।।
बाँदरले स्वाद मानी, भयो बन्ध जीवन नि ! घर घर भीख मगायो ।
कबीर ज्यू भन्नुहुन्छ, निगालाको सुगा रुन्छ; तँलाइ कसले पक्री फँसायो !

शब्द–७७

आपन आश कीजै बहुतेरा, काहु न मर्म पावल हरिकेरा ।।१।।
इन्द्री कहाँ करे विश्रामा, सो कहाँ गये जो कहत होते रामा ।।२ ।

अर्थ– अब त तिमी आफ्नै आशा-भरोसा गर । आफैंलाई जान, मान; स्वयम् स्वतन्त्र स्वावलम्बी बन । हरि–स्व चेतनको रहस्य आजसम्म कसैले जान्न सकेनन् । बाह्य ईश्वरादि हाम्रै कल्पना हुन् भन्ने यो भेद आजसम्म कसैले पाउन सकेनन् ।।१।। खानिका आसक्त जीवलाई तृष्णाले पोल्छ, पेल्छ । भोग भोग्दैमा, परिश्रम गर्दैमा तिनका इन्द्रियगणले क्षणमात्र विश्रान्ति पाउँदैनन् । भोग-भोग्दा क्षणभर सुख मानेतापनि तत्काल चञ्चलता भइहाल्दछ, कहत होते रामा– "हाम्रा त राम नै हुनुहुन्छ, उहाँले जे गर्नुहुन्छ-गर्नुहुन्छ" भनी स्वयम् वैराग्य-बोध, साधनाको पुरुषार्थ नगरी, उनकै भर पर्नेहरू पनि कहाँ गए ! अर्थात् उनले पनि स्थिति पाएनन् ।।२।।

अरू– यहाँ आफ्नै आशागर भन्नको भाव हो– 'आफूलाई चिन, आफ्नै वैराग्य आचरण वोध-स्थिति बनाउ; [x] 'अरू कसैका

---

x– Out of me unworthy and unknown
The vibration of deathless music;
"With malice toward none, with charity for all."
–Edger Lee Masters.

'म वाट अयोग्य, अज्ञात र कोहीसित द्वेष नहुने, सबैसंग सद्भावना हुने अमर गानको झन्कार गुञ्जिरहन्छ ।'

आशामा नअल्फ, स्वयम् स्वतन्त्र बाहुबली बन' भन्नुभएको हो । 'विषय-भोग नै सार हो, भोगबाटै सुखी होइन्छ' भन्नेहरूको इन्द्रिय मन क्षणमात्र शान्त हुन पाउँदैनन् । विषयी व्यक्तिको हृदय हरदम अवालको आगोझैं चाहना, तृष्णा परिश्रम परवशता-मा दन्किरहेको हुन्छ, कहिल्यै निभ्न-सेलाउन पाउँदैन । यिनलाई वर्तमानमै शान्ति सन्तोष छैनभने मृत्युबाद झन् कताबाट शान्ति आउला ! तिनै वर्तमानका वासना-समूह प्रबल भई, भविष्य अरू अन्धकारमय बन्दछ ।

राम आदि इष्टका आधारमा पर्नेहरू पनि कल्पनाकै आशा-मा बाँधिनेभए । स्वार्थ-व्यवहारमा छँदा प्राणी-पदार्थका आशा-मा थिए, परमार्थमा प्रवेश भएर पनि कल्पनाका इप्टसित सुख, मुक्तिको आशा गर्नेभए, यो त 'उसैको भाइ' भयो । किलोमात्र फेरियो, दाम्लो-सिक्रीको बन्धन उही नै रह्यो । अझ पारखी-सन्तको महत्त्वपूर्ण निर्णय यो छ– सुखी शान्त र मोक्ष हुने अभि-रुचि छ भने मुक्तिसम्मको पनि आशा छाडी, नैराश्य हुनैपर्छ । स्वरूपबोध सदाचारयुक्त पूर्णउपराम हुनु नै चरम मुक्ति हो ।
"सुखिया सदा निराशपद, सुनु वैराग्य निधान" [श्री पूरणसाहेब]

सो कहाँ गये जो होत सयाना, होय मृतक वह पदहि समाना ।।३।।
रामानन्द रामरस माते, कहहि कबीर हम कहि कहि थाके ।।४।।

अर्थ– पारखबोधरहित पूर्वका जो चतुर बुद्धिमान् विद्वान्हरू थिए, ती सबै कता गए ? मरी-मरी गए, 'जहाँ आशा त्यहीं वासा' आ-आफ्ना कर्म-वासनानुसार फल भोग्न बाध्य बनी गर्भवासमै डेरा गर्न पुगे ।।३।। गुरु कबीर भन्नुहुन्छ–म भने भन्दा-भन्दा थाकिसकें, तर स्वामी रामानन्दज्यू भने कल्पित रामका रसमा बेभान हुनाले तिनमा पारखज्ञानको एक छिटोसम्म पनि पर्न सकेन, (कत्ति असर परेन) ।।४।।

अरू– संसारी विद्या सीप बुद्धि-विचार आदि जे जस्ता, जतिसुकै प्राप्त भएका भएपनि ती सबै परमार्थपथका सीढी होइनन् । स्व कल्याण कार्यका निम्ति त सत्सङ्ग स्वरूपबोध सत्साधना सदाचारको पालन नै सर्वतोभावेन चाहिन्छ, अनिमात्र जीवन सार्थक भई मोक्ष हुनेछ ।

यहाँ चौथो पदबाट स्पष्ट छ–'तात्कालीन विशिष्टाद्वैत–मार्गावलम्बी वैष्णव सन्त स्वामी रामानन्दज्यूसित गुरु कबीरको समयानुकूल सत्सङ्ग भइरहँदो रहेछ । तर स्वामीज्यूको ज्ञान-विचार र सन्त कबीरको बोध-धारणा परस्पर छुट्टाछुट्टै हुनाले उहाँका कल्पना-अनुमानको मान्यता गुरु कबीरमा ग्रहण भएको रहेनछ । अन्यथा आफ्ना बोधक गुरुप्रति उपर्युक्त शब्दको प्रयोग गर्नुहुने थिएन । दोस्रो–स्वामीज्यूकै मूर्तिपूजक ज्ञान गुरु कबीरमा पनि ग्रहण हुनुपर्थ्यो । अथवा जुन सारासारको निर्णय गर्ने सत्य चैतन्य-बोधको निर्मल पारखसिद्धान्त कबीर साहेबमा शोध, बोध, धारणा भयो, त्यो स्वामीज्यूमा पहिलेदेखि नै विद्यमान रहनुपर्थ्यो ! त्यो नभई दुवैमा छुट्टाछुट्टै सिद्धान्त ग्रहण भए-रहेको देखिनाले र पूर्व-कालदेखि आजसम्म उहाँहरू दुवै थरीका अनुयायीले बेग्लाबेग्लै मान्यता अँगाल्दै आइरहेका हुनाले कबीरसाहेबका गुरु रामानन्द स्वामी हुन् भन्ने कुरा कथमपि मिल्न आउँदैन । केही गरी हठले गुरु सिद्ध गर्न खोजे तापनि निष्कर्ष यही देखिन आउँछ–स्वामी रामानन्द, कबीरसाहेबका बाल्यकालका धार्मिक प्रथम गुरु हुनुहुन्थ्यो होला, तर खास स्व स्वरूपका बोधक, अज्ञान बिनाशक, सद्गुरु भने भन्न मिल्दैन ।

अब गुरु कबीरलाई पारखको बोध, को बाट प्राप्त भएछ त ? यसको उत्तर हो– उहाँका गुरु मानिएका स्वामी रामानन्दमा स्वयम् अपरोक्ष चेतन स्वरूपको यथार्थ ज्ञान नहुनाले

उहाँबाट गुरु कबीरलाई पारखज्ञान प्राप्त भएको भन्न नमिलेपछि अब अरू कुनै गुरु थिए कि भन्न पनि, कहीं कुनै लेख वा प्रमाण-बाट अरू गुरु भएको देखिदैन । यसमा उहाँकै स्पष्ट वचन छ–

नाना बन्धनका बीच, बिचरो एक जीव छ ।
कि स्वयम् शोधले छुट्दछ, इष्टद्वारा कि छुट्तछ ।
(बी. सा. अनु. २११)

गुरु विशालको वचन छ–

अबोध से होवै बोध है, जीव अबन्ध के हेत ।
स्वयम् गुरू ह्वै जात है, पाय योग्यता जेत ।। (सत्य नि. २)

पुनश्च– उहाँबाट ग्रन्थको आरम्भमा कुनै गुरुको वन्दना पनि गर्नुभएन, वस्तु निर्देशनरूप मङ्गलाचरणबाटै ग्रन्थ आरम्भ गर्नुभएको हुनाले पनि उहाँलाई स्वयम् बोध भएको भन्ने सिद्धछ ।

स्वामी रामानन्द–को जन्म प्रयाग निवासी एक कान्यकुब्ज ब्राह्मणका घरमा भएको हो । यिनको पूर्व-नाम रामदत्त थियो । अध्ययनशील प्रतिभावान् थिए । बाह्र वर्षको अवस्थामा दर्शनशास्त्र पढ्न काशी गएका, उहीं स्वामी राघवानन्द नामका सन्तसङ्ग दीक्षित भए । पछि यिनै रामानन्द स्वामीको नामबाट विख्यात भएका हुन् । यिनी एक प्रमुख उदार वैष्णव आचार्य भए ।

चुड्का-७७

आफ्नै आशा अति गर, हरिजीको मर्म तर- पाएनन् नि कोही जनले ।
तृप्त हुन्थे इन्द्री कहाँ- गए मन तिनी कहाँ ! राम भनी भन्थे सबले ।।
ती निपुण कहाँ गए ! बाठा टाठा सारै थिए ; मरी मरी पसे गर्भमा ।
रामानन्द राम रस- मत्त भन्छन् कबीर त- थाकें म पो भन्दा भन्दैमा ।।

*

शब्द-७८

अब हम जानिया हो, हरि बाजीको खेल ।।१।।
डङ्क बजाय देखाय तमाशा, बहुरी लेत सकेल ।।२।।

हरि बाजी सुर नर मुनि जहँडे, माया चाटक लाया ।।३।।
घरमें डारि सकल भरमाया, हृदया ज्ञान न आया ।।४।।
बाजी झूँठ बाजीगर साँचा, साधुन की मति ऐसी ।।५।।
कहहिं कबीर जिन जैसी समुझी, ताकी गति भइ तैसी ।।६।।

अर्थ– अब मैले हरिबाजीको खेल–भ्रम उपदेशकका चटकी खेलवाडको रहस्य जानें ।।१।। इन्द्रजालीले डङ्का–डमरू बजाई खेल देखाउँछ, पछि सबै खेलको सामान बटुल्छ, जान्छ । त्यस्तै यी भूलवशका भ्रान्त गुरुजन आफ्नै कल्पनाको इन्द्रजाल फिंजाई सबैका मनलाई कल्पनामा अल्झाई-भर्माई पछि आफू अलग हुन्छन् ।।२।। कल्पना-मायाले ऋद्धि सिद्धि आदिको चाटक–चाट लगाइ-दिएकाले, उही रङ्मा रङ्गिए । हरि बाजी–माया कल्पनाका दाउ-पेचमा देव मानव मुनिगण–सबै विच्छिप्त भए ।।३।।

घरमें डारि–आ-आफ्ना मतका घेरामा बन्दगरी उपर्युक्त मायाले सबैको बुद्धि भ्रान्त गराई राखेकी छ । यसैले मानिसको अन्तःकरणमा चाँडो विवेक लाग्न सक्तैन ।।४।। यी सबै इन्द्रजाली खेल कल्पित–कृत्रिम हुन्, ती खेल रच्ने चटकी जीव चेतन नै सत्य हो* । यही पारखी सन्तको सिद्धान्त पनि हो ।।५।। गुरु कबीर भन्नुहुन्छ–जसले आजसम्मको सङ्ग-रङ्ग वातावरण शिक्षा-दीक्षा-बाट जस्तो सम्झ्यो, उसको मति उस्तै भइरहेछ-हुन्छ ।।६।।

अरू– माथि भ्रामकहरूको इन्द्रजाल भनेको बिना विवेक अनेक कल्पना जोडी ऋद्धि सिद्धि स्वर्ग वैकुण्ठादिको निवास र ईश्वर-ब्रह्मादि प्राप्तिको कल्पनामा पर्नु, यिनैका आशामा स्वयम् अल्झी, अन्य सरल जीवलाई पनि बटुली, मेला-महोत्सव गरी

---

*– हे मेरो प्राण ! तिमी नडराउ, नष्ट होउँला कि भन्ने चिन्ता नगर । तिमी पनि सत्यासत्य समान नैं चिरञ्जीवी छौ । [अथर्व वेद २।३।१५।५]

शिक्षा-दीक्षा दिई भ्रान्त गराइदिनु, यही इन्द्रजालीको चटक–तमाशा हो ।

अन्त्यमा गुरुको उद्घोष छ–यी सबै इन्द्रजाली खेल झुट्टा हुन्, ती खेलका कल्पक चटकी–घटघट निवासी चेतन जीव नै सत्य हुन्; पारखी सन्तको मत पनि यही हो । तर मानिसले पूर्वदेखि जस्तो सम्झँदै आयो, उसको उस्तै मति बनेको हुन्छ । अतएव मुमुक्षुको कर्तव्य हो–पारखी सन्तको सत्सङ्ग सुन्नु, स्वयम् विवेक गरी, सत्यलाई पहिल्याई शीघ्र अँगाल्नु। यसको बिना ठूलो अकाज भइरहेछ। इन्द्रजालकै तमाशामा सारै भूलिरहेछौं, सावधान !

अब हामी आजैदेखि आफूलाई चिन्ने, आफ्नै खोजी गर्ने काममा एकतर्फी बनेर लागिपरौं । बाहिरी कुनै वाणीमा नअल्झौं, आफ्नै हृदयको अध्ययन गरौं। त्यहाँ खोज्दा-खोज्दा अन्त्यमा आफैं खोज्नेमात्र अवशेष रहनेछौं । यही एक अभ्यास नगर्नाले हाम्रो ठूलो हानि भइरहेछ ।

तिमी को ह्वौ ?भन्ने कसैले प्रश्न गर्दा, 'हामी ईश्वरको अंश हुँ, अन्तःकरण विशिष्ट हुँ, आभास हुँ, शून्य हुँ' भन्दा त कता परिन्छ कता ! हामी बेठेगानको, कुहिराको काग बन्छौं । किन्तु हामीले 'आत्मा चेतन हुँ' भन्ने उत्तर दिएपनि त्यो हाम्रो शब्द हृदयबाट अनुभव-स्थितिगम्य रूपबाट निस्केको हुँदैन । स्वरूप चेतनदेखि बाहिरै, मन-बुद्धिका स्तरबाट मात्र निस्कनाले त्यसलाई बिना अग्निको चिसो उडुवा खरानी भनिदिए हुन्छ। त्यो शब्द व्यर्थ हुन्छ । त्यही शब्द पारखनिष्ठ महापुरुषका मुखारविन्दबाट निस्कँदा बल्दो, दनदनाउँदो, आगाको राँको बनी निस्केको हुन्छ ।

सुनि-सुनाई ज्ञानले, पुस्तकबाट चोरेको ज्ञानले के काम दिन्थ्यो ! यहाँ त हामी आफूले आफ्नै परिश्रमबाट विषय-वासना, भ्रान्ति-कल्पना र वाणी-जाल उधिनी, पन्छाई; आफूलाई

निकाल्नुपर्छ। संसारी सारा सुख-स्वाद कार्य-कुशलतादिका प्रवृत्ति-बाट अघाउनु, वाक्क हुनुपर्छ। हाम्रा साथमा अञ्यौलो गर्ने, लुटाहा-पिराहा काम अहङ्कार मोह लोभादिलाई गलहत्ती लगाई हुत्याइदिनुपर्छ।

'म को हुँ ?' यो प्रश्नको उत्तर हाम्रो हृदयबाट ठीक-ठीक कहिले मिल्दछ? उत्तर– 'हामी, सबैबाट हटी, चेतन ज्ञानमात्र 'स्व'मा स्थिर भएपछि'। यही हो–स्वास्थ्य; अनि हामी स्व में स्थ स्वस्थ भयौं। लौ त ! आज अहिल्यै यहीं समस्त वासना अहङ्कार आसक्ति आलस्य चञ्चलता बन्द गरेर बसौं त ! चेतन स्व स्वरूप र मुक्ति स्थितिको अनुभव अपरोक्ष हुनेछ। तर हामी एक वासना बन्दहुन पाएको छैन, अरू पच्चीस वासना बटुल्छौं– अघि साछौं ! साथसाथै पचास दौड लगाउँछौं; जन्म-जन्मदेखि यसैगरी दौडी कुदिरहेछौं। झ्याङ्वाले थोत्रो गाग्री धारामुनि थापेर पानीले के भरिन्थ्यो ! जति पानी भरिन्छ, त्यो भन्दा बढ्ता चुहिने प्वाल भएपछि गाग्री सँधै रित्ताको रित्तै। यस्तै गति हाम्रोपनि भइरहेछ। हमेशा हजारौं वासनाको छिद्र अन्तःकरणमा हुनाले हामी बोध-स्थितिबाट रित्ताको रित्तै छौं। हाम्रो शक्ति-वृत्ति निरन्तर वासना मैं बाँडिइरहन्छ।

अतएव हामी सबै एक-एक छुट्टाछुट्टै चेतन हुँ, उही एक स्वयम्मा स्थिर रहुँ। आफ्नो अपूर्व शक्ति अन्यत्र नलगाउँ, वासना का पछि-पछि न दौडौं; वासना उठ्छन्–हेरौंमात्र। यस्तो अभ्या-सबाट वासना ढल्न थाल्दछन्–लत्रन्छन्। यसरी जब सबै वासनाको शक्ति हत्हुन्छ; उठ्न, सम्मुख पर्न छाड्दछ; अनि हाम्रो ज्ञान झर्झराउँदो अग्निको भुङरो बन्छ। अब ती वासनाका दृश्य कहिलेकाहीं देखा परेपनि हाम्रो ज्ञानको तेज-प्रज्वल ज्वालामा ती दिनका तारासमान निस्तेज, लोप सदृश बन्दछन्। हाम्रै ज्ञान-

को प्रकाशले जित्यो, हामी अपरोक्ष चेतन ज्ञानमात्र शान्त रह्यौं । यो चेतन परम तत्त्वलाई कतैबाट ल्याउनुपर्ने होइन । वासना भ्रान्ति कल्पनाले पुरिएका थियौं, उधिनी खोस्री सबै पन्छाउँदा उधिन्ने नै अपरोक्ष अवशेष रह्यौं, आफ्नो शाश्वत स्थिति मिल्यो ।

चुड्का–७८

अब मैले जानें हेर, हरि बाजीगर- फेर; अनौठाको चाल फेल त्यो ।
डम्बरू बजाउँदै, चटक देखाउँदै; फेरि बटुल्दछ खेल यो ।।
हरिज्यूको इन्द्रजाल, देव नरादि बेहाल; मायाले नै चस्का लगाको ।
घरभित्र फन्दा हाले, सबैलाई भ्रान्त पारे; हृदयमा ज्ञान नआको ।।
इन्द्रजाल झुट्टा जम्मै, सत्य इन्द्रजाली छन् है; सु सन्तको मत यही हो ।
सतगुरु भन्नु हुन्छ, जो त जस्तो सम्झी गुन्छ; उसको त गति उही हो ।।

शब्द–७९

कहहु हो अम्मर कासों लागा, चेतन हारा चेत सुभागा ।।१।।
अम्बर मध्ये दीसे तारा, एक चेता एक चेतवनहारा ।।२।।
जो खोजो सो उहवाँ नाहीं, सो तो आहि अमरपद माहीं ।।३।।
कहहिं कबीर पद बूझे सोई, मुख हृदया जाके एकै होई ।।४।।

अर्थ– भन, हे अविनाशी चेतन ! अथवा हे शून्य आकाश! (ब्रह्मज्ञानीलाई सम्बोधन) तिमीकहाँ बेकामका काम–विषयाध्यास, वाणीका कल्पनामा दौडिरहेका ! हे भाग्यशाली ज्ञानस्वरूप जीव! तिमी जाग्नसक्ने जाग्रत्, सदा सावधान स्वरूप, आज उत्तम मानव तनमा छौ, चाँडै चेत, आफ्नो होशमा आउ, खानी-वाणी मायामा अलभी स्वर्णमय जीवन नगुमाउ÷।।१।। जस्तो आकाशमा

÷– To-morrow, and to-morrow, and to-morrow,
Creeps in this petty pace from day to day,
To the last syllable of recorded time;
And all our yesterdays have lighted fools
The way to dusty death. Out, out brief candle !
Life's but a walking shadow, a poor player

तारा-समूह देखिन्छन्, त्यस्तै तिम्रा हृदयका वासना कल्पनालाई तिमी नै द्रष्टा भई देखिरहेका छौ। अथवा पारखज्ञानबाट आकाश-समान शून्य यो संसारमा सन्त-समाज ज्ञानका तारा बनी शोभायमान भइरहेछन्। त्यहाँ एक गुरुपद चेताउने र एक शिष्यपद चेत्ने दुवै छँदैछन्। यी दुवै भाव तिमीमै विद्यमान छ ।।२।।

सारा जीवका हृदयको जो मुख्य माग छ–स्वतन्त्र, शान्ति र अमरत्व। ती त्यहाँ माथि आकाशमा वा आकाशवत् ब्रह्ममा छैनन्। ती त छन्–तिमी अविनाशी पारख स्वरूप चेतनमै ।।३।। गुरु कबीर भन्नुहुन्छ–स्व स्वरूप द्रष्टा चेतनको अचल पदलाई उसैले जान्न सक्तछ, जसको मुखबाट भ्रम-कल्पनाका वाणी ननिक्ली, चेतनकै निर्णय-स्थितिका वचन निक्लन्छन्। हृदयमा पनि कुनै भ्रान्ति न रही, उही स्वरूपकै बोध स्थिति पूर्ण छ। अथवा गुरुका मुखारविन्दबाट निस्केका वाणी नै जुन शिष्यको हृदयमा एकरूप भई समावेश हुन्छन् ।।४।।

That struts and frets his hour upon the stage,
And then is heard no more: It is a tale
Told by an idiot, full of sound and fury,
signifying nothing.

—Shakespeare.

भविष्यमा कति न सुख भोगौंला भनी लोग्नेलाई सुन्याई राजा डनकनलाई मार्न लाउने स्वास्नी मरी भन्ने सुन्दा म्याकवेथले गरेको स्वगत कथन– 'आज नभएको भोलि होला भन्नेको, एक भोलिपछि अर्को भोलि, अनि तेस्रो भोलि हुँदै यसको क्रम आखिरमा जीवन-लीला समाप्त नभएसम्म दिन बित्तै जान्छ र बितेका हरेक दिनले छली, बिचराहरूको माटोमा मिल्ने दिन आइहाल्छ। मानिस भोलिका भोलाभाला हुन्। भोलि ता असल होला भन्ठान्छन् तर भोलिले छकाई फेरि हिजो भइहाल्छ, यो छोटो जिन्दगीको बत्ति निभ्दछ। यो हिंड्ने खालि छायामात्र हो र मानिस एक बिचरो खेलाडी हो, जो क्षुब्ध अकडिएर तँछाड-मछाड गरी संसार नाटयशालामा केहीबेर खेल खेल्ने बटुवामात्र हो। त्यसपछि उसको बारेमा केही सुनिन्न। यो तातो न छारोको आकाश-पाताल जोड्ने बौलाहाले बडबडाउने बेतालको कथा जस्तो हो।'

"कहिन्छ जो बात परोपदेशमा । कष्टी सदा आफनु कस्नु त्यसमा ।।
हितै पनि अक्रियका कुरासित । मित्यारि लाउँदछ काक भाषित।।"

सत्सङ्गतमें बैठिके, हितकी बात विचारि ।
श्रवण करै मन लायके, चञ्चलता सब टारि" ।।

[भवयान ११।१७१]

चुड्का–७९

मन तिमी हे अम्बर ! कहाँ अल्झिरह्यौ तर; चेतन सक्छौ चेत हे ज्ञानी ।
अम्मरमा तारा हेर, एक चेताउँछन् फेर; एक चेतन सक्नेछन् जानी ।।
जो खोज्दछौ तिमी जति, त्यहाँ छैन बूझ रत्ती; त्यो ता अमर पद बीच छ ।
कबीरज्यू भन्नुहुन्छ, पद बुझ्ने उही हुन्छ; मुखदिल जसको एक छ ।।

शब्द–८०

बन्दे करिले आपु निबेरा ।।१।।
आपु जियत लखु आप ठौर करु, मुये कहाँ घर तेरा ।।२।।
यहि औसर नहिं चेतहु प्राणी, अन्त कोई नहिं तेरा ।।३।।
कहहिं कबीर सुनो हो सन्तो, कठिन कालको घेरा ।।४।।

अर्थ– बन्दे–भूल-अज्ञानवश बाँधिएका हे जीव ! तिमी आफ्नो अल्झो-बन्धनको गाँठो फुकाउने आफैं उपाय गर, स्वतन्त्र मुक्त बन ।।१।। यो जीवन छँदै पारख गरी आफूलाई चिन, अपरोक्ष द्रष्टा चेतनको वासनारहितको स्थिति बनाउ । जन्मेपछि मर्नु पर्छ-पर्छ* । तर मृत्युको पश्चात् कहीं गई स्थिति पाउँला, कसैआट

*– Life! I don't know what thou art,
But know that thou and I must part.
And when or how or where we met,
I own to me's a secret yet. —A.L Barbauld

'जीन्दगी ! तँ को होस् ! मलाई थाहा छैन, तर थाहा छ-तँ र म एक दिन अवश्य छुट्टिनु पर्दछ । तथा कहिले, कसरी, कहाँ हाम्रो भेट भएको हो, म आफैंलाई यो कुरा गोप्य नै छ ।'

मुक्ति मिल्ला भन्नु पर्दैन ।।२।। आजको यस्तो हंसदशा–विवेकको पात्र उत्तम मानव जीवन, स्वर्ण अवसरमा पनि सावधान भएनौ भने आखिर कष्टका समय तिम्रो कोही सहायक हुने छैनन् ।।३।। गुरु भन्नुहुन्छ–हे सन्त! कालको कष्टदायक मन-मान्यता, वासना-कल्पनाको फेट–बन्धन सारै कठोर दुःखदायी हुनेछ ।।४।।

अरू– जीव, विश्व-चक्रपथको एक पर्यटक हो । यहाँ मानव-शरीरमा जस्तो कमाई आर्जन गर्छ, उही खर्च लिई चार-खानिको भ्रमणमा जान्छ; यहाँका शुभाशुभ कमाई अनुसार नै उहाँ पनि भोग्दछ । फेरि खर्च समाप्त हुनासाथ पुनः मनुष्य शरीरमै आई कमाई गर्दछ । अतएव यसको मुख्य कमाई गर्ने भूमिका यही मनुष्य शरीर नै हो । यहाँ आज सुधार गऱ्यौ आफ्नो पासो-बन्धन–मनको आसक्ति, कल्पनारूपी सम्पूर्ण सामग्रीलाई पारख-बोधद्वारा ध्वंस गऱ्यौ भने आज यसै घडीदेखि आफ्नो कल्याण गऱ्यौ, चेतनको अचल स्थिति भयो । यो जीवन पश्चात् तिमीले फेरि आउन-जान गर्भयातना सहन परेन । होइनभने आशा तृष्णा वासना कल्पना भ्रान्ति आदि नछाडी साथै राख्नाले पछि यिनले गर्नेकृति गर्नेछन् । उहाँ त्यस बखत तिम्रो कुनै शक्ति उपाय चल्नेछैन । अतः सावधान !

चुडका–८०

हे बँधुवा ! गर आफैं, बन्धनको नाश साफै; शीघ्र छुट्न अघि त सर ।
जीवितैमा बिचार गर्नु, आफ्नो काम बनाइहाल्नु; मृत्यु बाद स्थिति कां छ र !
औसर छ आज यस्तो, चेत्ने ह्वँनौ गरी सस्तो; कोही हुन्नन् तिम्रा आखिर ।
कबीर ज्यू भन्छन् मेरा- सन्त सुन काल घेरा; सारै कडा यसको तासिर ।।

शब्द–८१

ऊतो रहु ररा ममा की भाँती हो, सब सन्त उधारन चूनरी ।।१।।
बालमीक बन बोइया, चुनि लीह्ना शुकदेव ।।२।

कर्म बिनौरा होइ रहा हो, सूत काते जयदेव ॥३॥
तीन लोक ताना तनो है, ब्रह्मा विष्णु महेश ॥४॥
नाम लेत मुनि हारिया, सुरपति सकल नरेश ॥५॥

अर्थ– ऊतो–ती सनकादि, वाल्मीकि ऋषिहरू रकार मकार अर्थात् श्वासमा 'रा' 'म' शब्द जोडी भाति–खलाती चलेसमान अभ्यास गर्नलागे। प्रायः सबै सिद्धान्तका सन्तजनले सबैको उद्धारका निमित्त आ-आफ्ना समझ अनुसार भक्तिरूपी चूनरी (सारी) बनाएका हुन्। यो सारी ठूल-ठूला ऋषि-मुनिहरूले पनि पहिरे ॥१॥ आदिकवि वाल्मीकिले प्रथम नारदद्वारा रामनाम मन्त्र लिई जपे–ब्रह्मज्ञानरूप कपास-खेतीको बीउ रोपे। शुकदेव-ज्यूले अन्वय-व्यतिरेक गरी ज्ञान-कपास टिपे ॥२॥ कर्म बिनौरा-कर्मावाईले कर्मरूपी ज्यापु–कसिगर पन्छाइन्, अनि जयदेवज्यूले उपासनारूपी धागो काते ॥३॥

ब्रह्मा विष्णु महेश्वरले त पहिलेदेखि नै ज्ञान भक्ति योग अथवा कर्म उपासना योगको तान तानी विवेकको बाटो छेकेकै थिए। (संसारमा वाणी फिजाएकै थिए) ॥४॥ नाम जप्ता-जप्ता पनि सच्चा इष्टप्राप्ति-बिना इन्द्रसहित समस्त राजा निराश भए। अन्त्यमा योग-निद्रामै लट्ठपरी आफ्नो स्थिति माने, समस्त विश्व मेरो स्वरूप हो भन्नलागे ॥५॥

विष्णु जिभ्या गुण गाइया, बिनु बस्तीका देश ॥६॥
सूने घरका पाहुना, तासों लाइन हेत ॥७॥
चारि वेद कैंडा कियो, निराकार कियो राछ ॥८॥
बिने कबीरा चूनरी, मैं नहिं बाँध लबारि ॥९॥

अर्थ– श्री विष्णुले आफ्नै मुखारविन्दबाट, बिना बस्तीका देश–आकाशवत् शून्य व्यापक ब्रह्मको महिमा गाएका छन् ॥६॥ यसरी सबका सब शून्य-महलको अतिथि बने, उनै शून्य ब्रह्मका

साथ हेत-प्रेम (नाता) जोडे ।।७।। यिनले चार वेदलाई कैंडा-सिद्धान्त कायम गर्ने नापो बनाए । निराकार शून्य-ब्रह्मको राछ-कुञ्ची (कपडा बुन्ने तान–यन्त्रको एक मुख्य पुर्जा, यसैमा सबै धागा उनिएका हुन्छन्) बनाए ।।८।। यसरी कबीरा–भ्रान्तजन भक्ति ज्ञानको चुँदरी बनाइरहेछन् । गुरु कबीर भन्नुहुन्छ–म त यस्ता लबारपाँडे कुरा गरी कसैलाई भ्रान्ति कल्पनामा अल्झाउँदिन ।।९।।

अरू– कर्म उपासना योग ज्ञानको मार्ग त रमैनी १, २ अनुसार पहिले ब्रह्मा विष्णु महादेवबाटै संसारमा चलिआएका थिए। यहाँ वाल्मीकिले बीज-रोपे शुकदेवले टिपे इत्यादि भन्नको भाव हो–पुराण अनुसार नारदबाट केवल रामनाम त्यो पनि उल्टा 'मरा-मरा' मन्त्र पाई, चेतनको बोध बिना खालि नाम जपता-जपता यिनलाई देहको अभाव भयो, चिन्मय ज्ञप्तिलाई पनि लय गरी निर्विकल्प समाधिमा पुगे । जागेपछि 'यही आत्मा रहेछ' भन्ने अनुमान गरी, वाणी प्रचार गरेका हुनाले यही कपास रोप्नु हो । शुकदेवले अन्वय-व्यतिरेक गरी ज्ञान-कपास टिपे, कल्पना बढ्दै गयो । कर्मावाई अधिक धर्म-कर्ममा प्रवृत्त थिइन्, यसैले उनले कपासको ज्यापु (बीउ) कसिंगर निकालिन्, भन्नुभएको हो । शब्दको अन्त्यमा साहेब भन्नुहुन्छ–यिनका कर्म उपासना अद्वैतज्ञान भन्ने केवल भ्रम-कल्पनाका कुरा हुन् । म त यस्ता लबरा कुराको पछि छैन, जस्ताको तस्तै बताइदिन्छु, अन्दाजका कुरा गर्न मैले जानेकै छैन । यसैले तिमी पनि यस्ता कल्पित कुराका पछि नलाग ।

कर्मवाईलाई (भन्दछन्) उडीसा (जगन्नाथपुरी) मा यिनको निवास थियो । यिनी नित्य जगन्नाथधाममा खिचडी-भोग लगाउँथिन् । आज पनि कर्मवाईको नामबाट त्यहाँ खिचडी बाँडिन्छ ।

चुडका–८१

उनीहरू रट्छन् सँधै, 'ररा' 'म मा' खलाँतीळैं; सन्त उद्धार हेतु भक्तिको ।।टे.

बुन्न थाले चुनरी ती, वालमीक बन रोपी; रुवो टिप्ने शुकदेव जी ।
कर्मले ज्यापु केलाई, सब मिली अलग बनाई; धागो कात्ने जयदेव जी ।।
तीनै लोक ताना तानी, राख्ने थिए अति ज्ञानी; ब्रह्मा विष्णु अरू महेश ।
नाम जप्दा थाकिगए, मुनिजन दिक्क भए; इन्द्रयुत सर्व नरेश ।।
आफ्नै मुख विष्णु गाई- गुण वर्णन गर्छन् भाई; उही निर्जन देश बताउँछन् ।
शून्य घरका पाहुना, प्रीति तिनैमा लाउन; उही पद प्रेम बढाउँछन् ।।
चार वेद नाप्ने गजी, निराकार कोका सजी; चुनरी ती बुन्छन् जीव आइ ।
गुरु कबीर भन्छन् फेरि, लबार कैं कुरा गरी; बाँध्ने ह्वैं न म ता हेर भाइ ।।

शब्द–८२

तुम यहि विधि समझो लोई, गोरी मुख मन्दिर बाजै ।।१ ।
एक सर्गुण षट चक्रहि बेधै, बिना वृषभ कोल्हू माचा ।।२।।
ब्रह्महिं पकरि अग्निमा होमै, मच्छ गगन चढि गाजा ।।३।।

अर्थ– लोई-लोग (हे मनुष्य)हो ! तिमी यो सम्झ–गोरी मुख मन्दिर बाजै–योगी ब्रह्मज्ञानीहरूका मुख-मन्दिर, शिरबाट शुद्ध ब्रह्मको वाणीरूपी बाजा बजिरहन्छ । अर्थात् ती मुखबाट ब्रह्मज्ञानको उपदेश जोडतोडसित गर्दछन् । यिनका ब्रह्मानन्दको अनुभवमा अनहद ध्वनि बज्दछ ।।१।। यस्ता शिक्षा सुनी, एकथरी सगुण उपासना गर्छन्, दोस्रा छः चक्र (मूलाधार स्वाधिष्ठान आदिमा श्वास चढाउने) साधना गर्छन् । यसरी बिना गोरु नै कोल चलेसमान बिना वस्तुकै वाणीको ब्रह्मकोल चल्नलाग्यो ।।२।। ब्रह्महिं पकरि अग्निमा होमै–रजोगुण, चञ्चलता छुटेपछि योग-अभ्यास सफल हुन्छ भनी साधनारूपी अग्निमा रजोगुण भस्म गरिदिए । यसपछि योग प्रक्रियाद्वारा मच्छ गगन–जीव ब्रह्माण्डमा चढी गाजा–गर्जनलाग्यो ।।३।।

नित अमावस नित ग्रहण होई, राहु ग्रासे नित दीजै ।।४।।
सुरभि भक्षण करत वेद मुख, घन बर्से तन छीजै ।।५।।

अर्थ– नित अमावस–योगीजन नित्य समाधिबाट उत्रन्छन् ।

त्यस बखत तिनमा प्रायः तमोगुणको बृद्धिहुन्छ, यो औंसी भयो । नित ग्रहण होई–समाधिमा चन्द्र-सूर्य दुवै नाडीलाई सुषुम्नाले ग्रास गर्दछ, यही दोहरा ग्रहण पऱ्यो । योगीहरू मनसुवा गर्दछन्– यस्तो सुषुम्ना-राहुले सँधै ग्रास गरिरहोस् ।।४।। सुरभी–गायत्री अर्थात् माया (कुण्डलिनी) शक्तिले समाधि-समय वेदमुख–वाणी-लाई खायो–बोल बन्दभई मौन समाधि लाग्यो । घन वर्षे–भ्रामक गुरुजनरूपी बादलबाट कल्पित रोचक भयानक वाणीरूपी वर्षा भई नै रहन्छ, यसैले तन छीजै–जीवको हंस-स्वरूप मानव शरीर क्षीण भइरहेछ ।।५।।

त्रिकुटी कुण्डल मध्ये मन्दिर बाजै, औघट अम्बर छीजै ।।६।।
पुहुमिका पनिया अम्मर भरिया, यो अचरज कोई बूझै ।।७।।

अर्थ– त्रिकुटी कुण्डल–योगीहरूले त्रिकुटीमा लक्ष्य स्थिर गरी कुण्डलिनी जगाई प्राण-ब्रह्माण्डमा चढाउन लागे । अनि त्रिकुटी र कुण्डलिनीको बीच हृदयमा दश अनहदनाद बजनलागे, यसैमा ती मग्न रहन्छन् । यता भूलवश औ घट–कुठाउँ (अवि-वेक-कल्पना) मैं अम्मर छीजै–जीव विवेकबाट क्षीणभयो ।।६।। यो जीव पुहुमि–पिण्ड (मूलाधार) देखि नै रेत र श्वास ब्रह्माण्ड-मा भर्ने इच्छा गर्दछ, यसैबाट कल्याण सम्झिरहेछ । यो आश्चर्य-को मर्म बिरलै भाग्यशालीले मात्र जान्ने छन्; जानेपछि त ती यस्ता कामबाट हटिहाल्नेछन् ।।७।।

कहहिं कबीर सुनो हो सन्तो, योगिन सिद्धि पियारी ।।८।।
सदा रहे सुख संयम अपने, वसुधा आदि कुमारी ।।९।।

अर्थ– गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, यी योगीजन-लाई मायिक सिद्धि नै प्रिय छ, यिनी कल्याण कहाँ चाहन्छन् र ! ।।८।। योगका साधक विषय-सुख र सिद्धि प्राप्तिको उद्देश्य लिई सदा आराम, संयमका साथ योगको अभिमानपूर्वक रहन्छन् ।

परन्तु माया सदैव कुमारी नै छ, यसले आजसम्म कसैलाई वरण गरेकी छैन ॥६॥

'जान पुरुषवा मोर अहार, अनजानेका करौं सिंगार ।
[बी. बसन्त ४]

अरू– हामी ऋद्धि-सिद्धि पाउने, काया-कञ्चन गराउने, ब्रह्मरन्ध्रमा स्थिति बनाउने प्रलोभन-वश, योग ध्यान ज्योति अनहद आदिमा अल्भन्छौं, तर जीवनमा जे जस्तो परिआउँछ, उसैमा राजी रहनुको नाम हो– अपरिग्रह (यथा लाभ सन्तोष) । हाम्रो जीवन एक कोरा कागत हो । जन-साधारण आ-आफ्ना ढङ्गबाट त्यो जीवन-कागतलाई रङ्गाउँछन् । पारखीसन्त त्यसलाई नरङ्गाई 'ज्योंका त्यों दीह्नी धरि चदरिया' समान जस्तो अन्तःकरण छ उस्तै उतारिदिन्छन् । अथवा मानिसले जस्तो रङ्गको चश्मा लाउँछ, दृश्य पदार्थलाई उही रङ्गमा देख्तछ । यस्तै हामीले जे जस्ता वासना हृदयमा भरेका छौं, जस्तो समभ्क बनाएका छौं, बाह्य प्राणी-पदार्थ पनि सबै उस्तै देखिन्छन् । भोको पेटमा भोजन नै सम्मुख पर्दछ । कामासक्त पुरुषले नव वालामात्र देख्तछ । लोभीले धनकै सपना देख्तछ । अर्थात् भित्री रागले बाहिरका वस्तुमा आँखा गडाइदिन्छ, राग मेटिए पछि वस्तुमा आँखा गड्न छुट्तछ, अनि वैराग्य फलिभूत हुन्छ ।

तथ्य वस्तुलाई राग-रङ्गले छोपिएसम्म संसारको स्थिति रहन्छ । रागरहित बनी वस्तुमात्र जस्ताको तस्तो देखिन थालेपछि पारखदृष्टि बन्दै आयो । अनि हामी बजारमा हिंड्दा पनि वस्तु मात्र देख्नेछौं-रङ्गिंदैनौं, केवल द्रष्टा बनेका हुन्छौं । यति विचार गरौं–यो द्रष्टापनाको अभ्यास पुष्ट भएपछि पनि तिमी जस्ताको तस्तै रहन्छौ, संसार पनि जस्ताको तस्तै रहन्छ । हामी अत्यन्त गम्भीरतामा स्थिर हुन्छौं । जस्तै सामुन्ने दुइतिर दुइ ऐना राख्नु,

कुनै प्रतिबिम्ब नपरी निर्मलता नै बढ्दै गई अति गम्भीरता देखिन्छ, यस्तै हाम्रो अन्तःकरणको स्थिति बन्दछ यही बनाउनु हाम्रो परम लक्ष्य हो, पारखी सन्तको अन्तिम कर्तव्य हो । पारख समाधिमा पारखको अर्थ पनि यही हुन्छ–बुद्धि निर्विकारतायुक्त सम भई, जस्तो चेतनको स्वभाव छ उसैमा स्थिर हुनु, कुनै गाँस–फुँदा नजोड्नु । जो भावना सम्मुख पर्दछ, त्यसको पारख गरी आफू पन्छनु, कुनै आसक्ति-अहङ्कार आफूमा नगाँस्नु; गाँस्यो थप्यो भने पारख भएन । अतः रङ्ग नघसियोस्, आफैं आफू एक्लो-शुद्ध रहनु नै पारखमात्रको स्थिति हो

दोस्रो अर्थ– हे मनुष्य ! तिमी यो सम्झ, गोरी मुख– भामिनी-को मुखरूपी मन्दिरबाट शृङ्गाररसका वा नाना पदार्थकै मागका वचन बजिरहन्छन्– नित्य कामरसका वचन बोलिरहन्छे, पुरुष कामासक्त बन्दैरहन्छ ।।१।। सगुण–सुन्दर शरीरमा लोभिई, स्त्रीको दुइ नेत्र दुइ स्तन मुख र उपस्थ–यी छः चक्रमा पुरुषको एक मन बेधै–गाडिन्छ । बिना वृषभ–अवयवरहितको कामदेव छ र पनि कामोपभोगरूपी कोल चलिरहन्छ ।।२।। शरीरको रजोगुणीवृत्तिलाई मानिस कामाग्निमा हवन गर्छन् । त्यस बखत मन ब्रह्माण्डमा चढी सुख ठान्दछ ।।३।।

यस्तै बराबर कामान्धतारूपी अमावस्या भइरहन्छ । काम-राहुले जीवलाई ग्रास गरिरहन्छ । तैपनि साराका सारा समाज त्यहीं लुब्ध छन् ।।४।। भामिनीरूपी गाईले वेदमुख–वेदवेत्ता विद्वान् व्यक्तिलाई पनि खान्छे–आसक्त बनाई पतित गराउँछे । घन बर्से–कामासक्त नारीका अधर-आननबाट शृंगारयुक्त रसिक वचन बर्सिरहन्छन्, यसैमा पुरुषका शरीरको सार स्वत्व बरबाद हुन्छ ।(यही कुरा मुमुक्षु नारीवर्गले पुरुष-शरीरद्वारा आइनर्ने दोष-दुःख आफूतिर उल्टाई, निरन्तर विचार गर्नु) ।।५।। यही

सम्बन्ध, आसक्तिले गर्दा त्रिकुटी कुण्डल मध्ये–गर्भाशय-मन्दिरमा जीव बाजे–बज्दछ (कँदपर्छ) औघट–यस्ता कुठाउँको निवास जीवलाई सदा भई नै रहेछ–कष्ट भोगिरहेछ। जीवको पारख-कला यसैमा छीजै–घट्तै छ ।।६।।

अविनाशी जीवले पुहुमिक पनिया–शरीरको विषय-वासना हृदयमा भरी दुःख पाइरहेछ, तैपनि उल्टै उसैमा सुख-आनन्द सम्झन्छ। यस्ता आश्चर्यका कुरा सम्झने संसारमा बिरलै व्यक्ति होलान् ।।७।। गुरु भन्नुहुन्छ– कामासक्त जीवलाई निरन्तर वनिता नै अतिशय प्रिय छ ।।८।। यही विषय सेवनको निम्ति निरन्तर संयम, ज्ञान र सत्सङ्गबाट पीठ फर्की पौष्टिक अहार, शृङ्गार आभूषणले ठाँटिएर मदनोन्मत्त बनिरहन्छन्। तर माया भने सँधैकी कुमारी नै छ। यसलाई आजसम्म कसैले भोग्न सकेका छैनन्। उल्टो उसैले सबैलाई भोगिरहीछ ।।९।।

ध्रौता र मानव मुनि शुरवीर व्यास।
गोरक्ष दत्त सनकादि ऋषी यी खास।।
ती श्रेष्ठ विज्ञहरूले पनि हार खाए।
के चल्छ शक्ति अरुको उसमै रमाए।।

[बीजक. चाचर –अनु.]

चुडका-८२

सम्झ लोक यही रीत, मुख द्वारबाट नित; बाजा शुद्ध शब्द बजेको ।।टे.

सगुण षट्चक्र एक- बेधी लिई आफ्नै टेक; बिना गोरु कोल मच्चिन्छ।
ब्रह्मलाई समात्दछन्, अग्नि बीच होम गर्छन्; माछो नभ चढी गर्जन्छ।।
प्रतिदिन औंसी हुन्छ, ग्रहण त नित्य लाग्छ; राहु ग्रास सँधै गर्दछ।
गाईले लौ हेर खाई, वेद मुख बाहुन् लाई; मेघ वर्सी देह घट्दैछ ।।

त्रिकुटी कुण्डल मन्दिर, बाजा अति बज्छ गम्भीर; कुघाटैमा अम्मर भुल्ने मो।
पृथिवीको पानी घेर, आकाशमा भर्छन् हेर; यो आश्चर्य को पो बुझ्ने हो !
भन्छन् श्री कबीर गुरु, सुन सन्त जनहरू; योगीलाई सिद्धि प्यारो छ।
सदा आफ्नो सुखमा छन्, संयमले यिनी बस्छन्- माया सँधै कुमारी पो छ।।

शब्द-८३

भूला बे अहमक नादाना, जिह्न हरदम रामहिं ना जाना ।।१।।
बरबस आनि के गाय पछारी, गरा काटि जिव आपु लिया ।।२।।
जीयत जीव मुर्दा करिडारे, ताको कहत हलाल हुआ ।।३।।
जाहि मासुको पाक कहत हो, ताकी उत्पति सुन भाई ।।४।।
रजो वीर्य से माँस उपानी, सो माँस नपाकी तुम खाई ।।५।।

अर्थ– भूला बे अहमक– ती अबूझ जड-बुद्धिका मनुष्य सारै भूलमा छन् । यिनले चल-प्राणी समस्तमा निरन्तर रमि-रहेका अविनाशी साँचा रामलाई कत्ति जान्न सकेनन् ।।१।। यी यस्ता निर्दयी हुन्छन्– गाईलाई ल्याई, बलजफत लडाई बिचराको घिचो रेटी-रेटी मार्दछन् र आफ्नो पापी पेट भर्न, जिब्रो तिखार्न उसको मासु लिन्छन् खान्छन् ।।२।। कठै ! यिनले जिउँदा जीव-लाई मुर्दा बनाए, यस्ता कामलाई पनि यिनी आफ्नो निर्बुद्धि विशारद-हृदयको परिचय दिंदै भन्दछन्– हलाल (बिहित कर्म) भयो ।।३।। हे भाइ ! जुन कुरबानीको मासु तिमी पाक–पवित्र भन्दछौ, त्यसको उत्पत्ति त सुन ! ।।४।। अति अपवित्र, फोहर–रज-वीर्यबाट बनेको नापाक घृणित पेशाबी मासु पनि तिमीले खायौ, धिक्कार ! ।।५।।

अपनी देखि कहत नहिं अहमक, कहत हमारे बडन किया ।। ६ ।।
उसकी खून तुह्मारी गर्दन, जिह्न तुमको उपदेश दिया ।। ७ ।।
स्याही गई सफेदी आई, दिल सफेद अजहूँ न हुआ ।। ८।।
रोजा बाँग निमाज क्या कीजै, हुजरे भीतर पैठि मुवा ।। ९ ।।
पण्डित वेद पुराण पढैं सब, मुसलमान कुराना ।।१०।।
कहहिं कबीर दोउ गये नरकमें, जिन हरदम रामहिं नाजाना।।११।।

अर्थ– जीवघात-ठूलो पाप हो, हामीलाई जस्तै सबै प्राणीलाई पनि भयङ्कर कष्ट हुन्छ भन्ने हृदयका आँखाले सरासर

देख्तादेख्तै बूझ पचाउँछन् । अर्को कुरा–रज बीजादि फोहरैबाट बनेको मासु हो भन्ने स्पष्ट थाहा पाउँदापाउँदै पनि यसको कत्ति परवाह नगरी यिनीहरू मासु खान्छन् । भन्दछन्– हाम्रा बडन– "बुज्रुगहरूले चलाएको रीति" ।।६।। परन्तु कुरबानीको आज्ञा दिने तिम्रा पीर (गुरु) बुज्रुगहरूको कसैले खून–घात गरिदिए वा तिम्रै गर्दन काटिदिनलागे भने के त्यसबेला आफ्नो गर्दन दिन सकिएला ! यत्तिपनि विवेक गर्दैनौ ।।७।। तिम्रा कपालका रौं त सेता भए, तर हृदय अझ शुद्ध हुनसकेन ।।८।।

तिमी रोजा (व्रत) बाँग (प्रार्थना) नमाज (विनय-वन्दना) के गर्छौ ! हुजरे–मस्जिदको कोठा भित्र पसी आँखा चिम्ली के काम ! बिना मेहरबानीको तिमी पनि त्यसै गरी एकको सय गुना बदला दिनजानेछौ ।।९।। ब्राह्मणवर्ग वेद-पुराण पढ्छन्, मुसलमान कुरान-हदीस आदि पढ्दछन् ।।१०।। गुरु भन्नुहुन्छ– ती दुवै, हरएक प्राणधारीमा रमेका रामलाई नजानी, बलिदान, भोग यज्ञ* कुरबानी आदि जुन निउँ गरेपनि जीव हिंसा गर्ने-गराउने-जति सोझै नरकमा गए-जानेछन् ।।११।।

अरू– हिन्दू भन्छन्– सबै परमात्माका सन्तान हुन्, राम सबैमा रमेका छन्, ईश्वर घट-घट निवासी छन्, सबै ब्रह्म स्वरुप हुन्, 'दया धर्मको मूल हो' । मुसलमान भन्दछन्–"जर्रे-जर्रेमें खुदा है, खलक में खालिक भरा है, मालिकका सब बन्दे हैं, रहम करना चाहिए," तैपनि निर्दयतापूर्वक बध-कुरबानीको काम दुवैले छाड्दैनन्, यो बडो सोचनीय कुरा भइरहेछ । यी अदना अबोला

*– .. . ... यो ज्ञान-यज्ञ नै सर्वश्रेष्ठ यज्ञ हो । अविवेकशील मूर्ख यजमान कुकुर र गाई आदि पशुको अङ्गले यजन गर्दछन् । यो निश्चय पनि मूर्खता पूर्ण र निन्दनीय हो । आ फैले आत्म–यज्ञ गर्ने महापुरुषलाई बताउनोस्!

[अथर्ववेद ७।१।९२।४–५]

प्राणी खालि बोल्न जान्दैनन्, अरू सबै हामी जस्तै हुन् । यिनलाई काटता-रेटता हामीलाई जस्तै नै दुख्तछ, ती छट्पटाउँछन् । यसैले रहम–दया गर्नुभनेको हो । यिनमा पनि हामीमा जस्तै चेतन जीवको निवास छ भन्ने जान, कष्ट नदेउ, नमार । 'हिंसा-हत्या गर्ने नीति कुरानमा छ, त्यसको विधि छ, बुज्रुगहरूको आज्ञा हो, भन्ने बहाना लिनु योग्य होइन । अरूलाई कष्ट दिनु–सताउनु नै पाप हो । हाम्रा पूज्य बुज्रुगहरूले त्यस्ता अधर्मका शिक्षा कदापि दिएका होइनन्, यी वाक्य अवश्य पनि क्षेपक हुनुपर्छ; खूब विचार गर । ती वाक्य केही गरी उहाँहरूकै भएपनि अपराधीकर्म समर्थक वाक्यजति संशोधन गर्न मानवमात्रमा अधिकार छ, संशोधन गर्दा पाप लाग्दैन, डराउनु पर्दैन । होइन, जे भएपनि आफ्ना बुज्रुगहरूले गरेकै काम गर्छौं, भन्छौभने उनीहरूले गरेको जस्तो सबै पुरुषार्थ हामी कहाँ गर्न सक्छौं ! दोस्रो–पुर्खामा कसैले भूलवश डाँका-हत्या गरेका भए, के हामी पनि उही काम गर्न जाने ! अतएव प्राणीमात्रमा आफैंसमानका चेतन जीवको निवास सम्झौं, कसैको हिंसा गर्न र नापाक अप-वित्र, वस्तु खानछाडौं, पवित्र-पुण्यात्मा, भाग्यशाली बनौं ।

चुडका–८२

भुलेका हुन् अज्ञ यिनी, बुद्धि हीन बाल बनी; नजानेरै राम घटको ।
बलात्कार ढाली गाई, गला काटी रेट्छन् हाई ! लिई जान्छन्खान घर पो ।।
जिन्दो जीव मुर्दा पार्छौ, हलाल यो भयो भन्छौ; जुन मासु पाक ठान्दछौ ।
त्यसको उत्पत्ति सुन, रज वीर्य बाट गुन; त्यो नापाक तिमी खाँदछौ ।।

घात भन्ने स्वयं देखी, मान्ने हुँनन् फन् ली शेखी; भन्छन् हाम्रा बुज्रुगी आज्ञा ।
उनको रगत तिम्रै- गर्दन मै गिड्लान् राम्रै; दिएका थे जसले आज्ञा ।।
काला गए आए सेता, दिल अझै छैन यता; कर्म कत्ति तिम्रो सुध्रेन ।
के गर्छौ नमाज रोजा, व्यर्थ बाँग मात्र बोका; गुफा पर्यौ बानी उज्रेन ।।

पण्डित वेद पुराण- पढ्छन् मुसलमान कुरान; दया रहम दुवै नमान्ने ।
कबीर दुवै नरक- गये कत्ति छैन फरक; हरदम राम नजान्ने ।।

★

शब्द-८४

काजी तुम कौन कितेब बखानी ।।१।।
झङ्खत बकत रहहु निशि बासर, मति एकौ नहिं जानी।।२।।
शक्ति अनुमाने सुन्नति करतु हो, मैं न बदौंगा भाई।।३।।
जो खुदाय तेरी सुन्नति करतु है, आपुहि कटि क्यों न आई।।४।।
सुन्नति कराय तुरुक जो होना, औरतको क्या कहिये।।५।।
अर्ध शरीरी नारि बखानी, ताते हिन्दू रहिये।।६।।

अर्थ– ए, धर्म-न्यायक काजी ! तिमी कुन किताबको व्याख्या गरिरहन्छौ ! ।।१।। रात दिन झङ्खत–हैरान भई कुरान शरीफ उल्टाई-पल्टाई नाना कल्पित कुरा बकबक गर्छौं । सोच, हित कल्याणकारी मुख्य कुरा तिम्रा बुद्धिले एक रत्तीपनि जान्न-सकेन ।।२।। शक्ति अनुमाने–कल्पित वाणीका मान्यतानुसार खतना (बालक जन्मेपछि शिश्न इन्द्रियको छाला कटाउने*) गर्छौं ; तर भाइ ! म त यस्ता अविवेकपूर्ण काममा सहीथाप्न शक्तिन ।।३।। यदि तिम्रा खुदाले नै सुन्नति गर्ने आज्ञा दिएका हुन् भने स्वयम् गर्भमा छाला काट्टिई किन आउँदैन ! ।।४।। सुन्नति गराएपछि मात्र मुसलमान बन्ने हो भने, तिम्रा औरत–जनानालाई के भन्ने ! ।।५।। स्त्रीलाई अर्धाङ्गिनी भन्छन्, तिनको त सुन्नति कर्म हुन पाएन, अतः तिमी आधा हिन्दू नै रह्यौ । बरु आफू पनि सुन्नति नगराई बसेका भए पूरा हिन्दू त रहनेथियौ ! व्यर्थमा अधकल्चा इस्लाम भयौ ।।६।।

पहिरि जनेउ जो ब्राह्मण होना, मेहरी क्या पहिराया ।। ७।।
वो जन्मकी शूद्रिन परसे, तुम पाँडे क्यों खाया ।। ८।।

*– माथि पृष्ठ ७ मा 'छः दिनमा खतना गर्छन्' भन्ने र पृष्ट १५४ मा 'आठ दिनमा खतना गर्छन्' भन्ने ठाउँ-ठाउँको प्रचलन अनुसार लेखिएको हो । बल्कि सात दिन पछि गर्न न्यायोचित छ। सात वर्षदेखि बाह्र वर्षसम्म पनि गर्दछन् । 'सुनी डाक्टरहरू-को अनुसार सातौं वर्षमा सुन्नत गरिन्छ । [डिक्सनरी अफ इस्लाम]

हिन्दू तुरुक कहाँ ते आया, किन्ह यह राह चलाया ॥ ९॥
दिलमें खोजि देखु खोजादे, बिहिस्त कहाँ ते आया ॥१०॥
कहहिं कबीर सुनो हो सन्तो, जोर करतु हैं भाई ॥११॥
कबिरन ओट रामकी पकरो, अन्त चले पछिताई ॥१२॥

अर्थ– जनै लाएरमात्र ब्राह्मण हुने हो भने ब्राह्मणवर्गले आफ्नी नारीलाई के पहिराएका छौ ! ॥७॥ ती यज्ञोपवित-संस्काररहित हुनाले जन्मैका शुद्रिनी रहे । त्यस्ती शुद्राणीले पस्केको भोजन पण्डितजीले किन खाएका ! ॥८॥ एक पवित्र मानव जातिमा पनि यो हिन्दू र मुसलमान भनाउँदा दुइ जात कहाँबाट बर्से–ओइरेछन् ! कसले यस्ता झगडाको बीउ (मजहबी) दुइ बाटा बनाई चलाएका होलान् ! ॥९॥ हे अन्वेषक मनुष्य ! आ-आफ्नै हृदयमा खोजी हेर, यो कुरबानीरूप हिंसाकर्मलाई वृद्धि गराउने बिहिश्त-स्वर्ग पनि कहाँबाट आएछ ! ॥१०॥

गुरु भन्नुहुन्छ– हे सन्त ! सुन, यी हिन्दू मुसलमान दुवै आ-आफ्ना पक्ष पक्री जिद्दी गर्दछन् ॥११॥ हृदय निवासी राम रहीमलाई छाडी, जुन कल्पनाका बाहिरी राम रहीम ईश्वर अल्लाहको भरोसा लिएका छन्; आखिर तिनीबाट केही काम बन्नेछैन । आखिर पश्चातापपूर्वक आ-आफ्ना पाप-कृत्यको फल भोग्न, चौरासीको फेरो मार्नैपर्नेछ, अतः सावधान ! ॥१२॥

अरू– वास्तवमा शम दम तप शौच शान्ति विनम्रता ज्ञान विज्ञान र आस्तिकता–यी नौ गुण धारण गर्ने नै असली ब्राह्मण हुन्छन् । यिनै गुणका प्रतीकरूपमा ब्राह्मणवर्गले नौडोरे जनै लाएका हुन् । यिनलाई हिन्दू वा आर्यजाति भनिन्छ। आर्यको अर्थ हुन्छ–श्रेष्ठ । यस्तै मुसलमानको पनि अर्थ हो– मुसल्लम-ईमान पूरापूर सत्यवादी । इस्लामको अर्थ हुन्छ–शान्ति-क्रिया, समझ विवेक आचरण । हरप्रकारबाट सर्वेसर्वा स्वभावयुक्त रहनुपर्ने यी

दुवै मानवहरू, छुद्रता र अज्ञानताको मजहबी छाप्रो छाई बसी; बलि कुरबानी हिंसा गर्ने र तेरो जात-धर्म सानो, मेरो जात-धर्म ठूलो भनी भेदभाव राखी आफ्नै धर्म बढाउन, भाइभाइमा लडाई झगडा मार काट गर्ने-गराउने; यो सारै नासमझको काम भइरहेछ। हे खोजादे–विवेकी, शोध-बोधमा प्रवीण मानव समाज ! जाग, विवेक गर। जेजे भूल रही बनी, प्रथारूपले चल्दैआएका छन्, तिनलाई शीघ्रातिशीघ्र सुधार, आफ्ना थाप्लामा भएका अपराध रूप फोहर कसिगर झार-फाल। शुद्ध कल्याणको पात्र बनी धर्म ज्ञान वैराग्य र सत्यको आर्जन गर; सुख शान्तिपूर्वक बस !

चुडका–८४

काजी तिमी कुन किताप, हत्ते हाली व्याख्या साफ- गर्छौ भन भूल परेर !
बक बक नित्य गर्छौ, मेहनत अति भर्छौ; जानेनौ क्यै विचार गरेर।।
वाणीका अन्दाजमा, गराउँदछौ खतना; मता ठीक भन्न सक्तिन।
यदि तिम्रा खुदाले त, सुन्नत नै गर्दथे त; स्वयम् काट्टी किन आएन!

सुन्नत गराई मात्र, मुसलिम भए पात्र; के भन्दछौ तिम्री बीबीलाइ!
नारी भन्छन् आधा अङ्गं, सुन्नतले बिना तिङ्गं; सम्झ रहिन् हिन्दू तिनी भाइ!
जनैलाई ब्राह्मण भए, तिम्री पत्निलाई नि के; लगाइदियौ सूज लौ भन !
ती ता जन्म शुद्री रैछिन्, उनी पकाइ पस्की दिन्छिन्; पाँडेजीले खाएका किन !

हिन्दू तुर्क कहाँबाट- आए बताइ देउ घाट; दुवै पंथ कसले चलायो !
दिल खोज गरी हेर, खोज गर्ने तिमी नर; कहाँबाट बिहिश्त आयो !
कबीरज्यू भन्छन् भाइ, सुन सन्त कानलाई; जबर्दस्ती पक्ष पक्रन्छन्।
मज्जन भ्रम पर्छन्, रामजीको आड लिन्छन्; पछुताई अन्त्य बोक्निन्छन्।।

शब्द–८५

भूला लोग कहैं घर मेरा ।।१।।
जा घर में तू भूला डोलै, सो घर नाहीं तेरा ।।२।।
हाथी घोडा बैल बाहना, संग्रह कियो घनेरा ।।३।।
बस्ती मा से दियो खदेरा, जङ्गल कियो बसेरा ।।४।।

अर्थ– माटो-ढुङ्गो, खर-पातको छाप्रो वा सिमन्टी-फलाम,

रोडाको भव्य भवन बनाई, भूलवश मानिस भन्दछन्–मेरो घर। होइन, यसको ममताको पासो पो तिम्रो त, घर तिम्रो कहाँ हो र !।।१।। त्यो घर तिम्रो होइन-होइन। किनभने जुन शरीररूपी घरमा बसी मेरो घर 'म-म' भनी स्वयम्लाई भुली घुम्छौ-टहल्छौ, शरीरलाई ऐश आरामसित राख्न चाहन्छौ, त्यो पनि त तिम्रो होइन, प्रत्यक्षमा चार तत्त्वको कार्य* हो। अब शरीर नै त तिम्रो रहेनछ भने शरीरले पनि बनाएका घर, सम्बन्धी-प्राणीपदार्थहरू के तिम्रा होलान् ! सित्तैं 'म मेरा' भनी-भनी किन बाँधिन्छौ! ।।२।। हात्ती घोडा गाई-वस्तु सवारी सामग्री सम्पत्ति आदि तिमीले अनेक चीजबीज बटुली थुपारेका छौ ।।३।। तर ख्याल राख, प्राण-पखेरू उड्नासाथ शहर-गाउँबाट तिम्रो शरीर निकाली, जङ्गल–श्मशान-मा लगी जलाई खरानी पारिदिने वा गाडिदिने छन्। चेतन जीव-लाई प्रारब्ध पूरा हुनासाथ मानव-शरीररूपी वस्तीबाट वासनाले लखेट्तै-घिच्याउँदै लैजाने छ। पशु पक्षी कीरा औंसा आदि तीन खानिरूपी जङ्गलको निवास हुनेछ।

गाँठी बाँधि खर्च नहिं पठयो, बहुरि न कियो फेरा ।।५।।
बीबी बाहर हरम महलमें, बीच मियाँका डेरा ।।६।।
नौ मन सूत अरुझि नहिं सुरझे, जन्म जन्म उरझेरा ।।७।।
कहँहि कबीर सुनो हो सन्तो, यह पदका करहु निबेरा ।।८।।

अर्थ– गाँठी बाँधि–मरेपछि गएका ठाउँबाट तिमीले परि-वारका निमित्त धनको पोको वा धनादेश गरी खर्च पठाउँदैनौ, न

---

* This body is my house—It is not I.
Triumphant in this faith I live and die.
—Knowels.

यो शरीर मेरो घर हो, यो म होइन।
यही बोधमा अडिग भई म बाँच्छु, अनि मर्छु।

उनको खबरै लिन्छौ; न तिम्रा प्रिय परिजनले तिम्रोलागि केही खर्च पठाउन्, न तिम्रो खोज-खबरै गरुन् । अथवा पुनर्जन्मरूप परलोकको निमित्त धर्म परोपकार कमाई (शुभ संस्कार जम्मा गरी) न तिमीले उहाँ पठायौ, न फर्केर आई यहाँको सम्पत्ति नै उठाई लैजान सक्नेछौ* ।।५।। बीबी बाहर–सुशील गृहिणीरूपी दया-विवेक, सुमतिलाई बाहिर निकाली, हरम–लखौरी (कुलटा स्त्री) समान कामासक्ति अहङ्कार तृष्णादिलाई जीवले-प्रियतायुक्त हृदयमा सुरक्षित राख्दछ। बीच मियाँका डेरा–जीव त्यहीं आफ्नो निवास बनाई सुख खोज़दछ भने यसले के सुख पाओस् ! ।।६।।

नौ मन सूत–त्यसैले पाँच विषयको संस्कार र अन्तःकरण चतुष्टय–यी नौ तत्त्वको सूक्ष्म शरीरमा जीव जेलिएको हो, जन्म-जन्मान्तरदेखि अल्झिदै आइरहेछ, कहिल्यै फुक्न सकेन ।।७।। गुरु भन्नुहुन्छ– हे सन्त हो ! सुन, यी सबै भ्रम आसक्ति छाड, स्वयम् चेतन पारखपदको बोध-स्थिति सह्माली आफ्नो उद्धार गर ।।८।।

अरू– वास्तवमा न प्रिय परिवार मानिएका जन आफ्ना हुन्छन्, न घर सम्पत्ति नै सदा रहिरहन्छन्, न ती मौका समयमा सुख-उपयोगमा आउने र अन्त्यमा साथ जाने हुन्छन् । सबभन्दा नजीकको, अत्यन्त प्यारो शरीर त आफ्नो हुँदैन, नाना प्रकारबाट कष्ट–धोखा दिइरहेछ, धोखै दिई-दिई एकदिन अपर्झट्मा छुटेर आँखा चिम्ली लम्पसार पर्नेछ भने यहाँ हाम्रो अरू को–के छ र ! तसर्थ कुनै कुराको पनि गुमान गरी भुल्नु व्यर्थ हो ।

---

* What we gave, we have;
What we spent, we had;
What we left, we lost.

—Gibbon.

जति हामीले दियौं, (त्यो) हामीसँग छ । जति हामीले खर्च गर्‍यौं, (त्यो) हामी-सित थियो । जति हामीले छोड्यौं, (त्यो) हराएको भन्ने सम्झौं ।

आफ्नो मुख्य सुख-शान्तिको धन, अहिले जीवनमा र देहावसान पछि पनि काममा आउने, पारखी गुरुजनका सत्सङ्ग भक्ति बोध वैराग्य साधना-स्थिति नै हुन् । यिनै धर्मका सामल बिना हामीले आजसम्म यो घनघोर दुःखको झमेला भोगिरहेछौं । यसैले हाम्रो ठूलो अकाज पनि भइरहेछ । अतः सावधान भई जीवनको मुख्य काम के रहेछ, सोचौं ! विवेक गरौं । निर्णयद्वारा मुख्य सुयोग्य काम जुन ठहर्दछ, उसैलाई तन-मन लगाई तत्परताका साथ पहिलो मौका दिउँ । त्यो मुख्य कामलाई "अहिले फुर्सत छैन, पछि गरौंला" भनी तर्कायौं भने हाम्रो अवदशा उही पूर्वकै समान हुनेभयो । चौरासीको चक्कर घुमी फिरी, अनेक दुःख बोझा थाप्लामा थप्नेभयौं । अतः बुद्धिमान्ले अति होश राख्नको आवश्यकता छ ।

चुडका-८५

भूल बशी हेर नर, भन्दछन् ती मेरो घर; त्यो घर ता तिम्रो होइन ।।टेक।।
हात्ती घोडा बयल र, नाना बाहन राखेर; श्री सम्पत्ति जम्मा गर्दछन् ।
अन्तःकाल सबै खोस्छन्, बस्तीबाट लखेट्दछन्; जङ्गलको बास धर्दछन् ।।
पोको पारी खर्च भनी, पठाउन्नन् कैल्यै पनि; न त केही खबरै लिन्छ ।
आफ्नी बीबी पर फाली, हरामज्यादी घरपाली; बीच डेरा मियांको बन्छ ।।
नौ मनको सूत अल्झयो, फुन गाह्रो कहाँ सुल्झयो! जन्म जन्म अल्झिरहेको ।
भन्छन् श्री कबीर गुरु, सुन मेरा सन्तहरू; यो पद लौ सुल्झाउ भनेको ।।

✲

शब्द-८६

कबिरा तेरो घर कन्दला में, यह जग रहत भुलाना ।।१।।
गुरुकी कही करत नहिं कोई, अमहल महल दिवाना ।।२।।
सकल ब्रह्म मों हंस कबीरा, कागन चोंच पसारा ।।३।।
मन्मथ कर्म धरे सब देही, नाद विन्द बिस्तारा ।।४।।

अर्थ- कबीरा- हे जीव ! तिमीले आफ्नो घर कन्दला-

गन्दगीमा (संसार र विषयमा वा गिदी-मथिङ्गलमा अथवा जड-चेतन मिश्रित ब्रह्ममा) बनाई, त्यहीं स्थिति मान्यौ । उही स्वरूप बनी समस्तजगत्का जीव पनि भुली भौंतारिइरहेछन् ।।१।। पारखी गुरुका हित-सम्मत वचन अनुसार कोही काम गर्दैनन् । अमहल–त्यागीजति कल्पना मान्यतामा र महल–गृहस्थीजति विषयासक्तिमा पागल बनिरहेछन् । अथवा अमहल–शून्यमा महल मानी काल्पनिक वस्तुलाई नै सत्य सम्झी विक्षिप्त छन् ।।२।। सकल ब्रह्म मो हंस कबीरा– 'सम्पूर्ण जगत्-स्वरूप म ब्रह्म हूँ' भनी कागन चोंच पसारा–कागले जे पनि खान चुच्चो अघिसारेझैं एकथरीका परम हंसहरू 'एक ब्रह्ममा के छाड्ने, के लिने !' भनी भक्ष्याभक्ष्य जे पनि खान तम्सन्छन् । विधि-निषेध-रहित बन्दछन् ।।३।। काम-वासना र कल्पनाको भुमरीमा परी, मन्मथ कर्म धरे सब देही–सबैजसो मानव, अनेक पाप-पुण्य कर्ममा प्रवृत्त हुन्छन् । नादको शिक्षा दीक्षाबाट शिष्यहरू र विन्दबाट छोरा छोरीको बढ्ती गर्दछन् ।।४।।

अरू– परम हंसपद भनेको हंस पक्षीसमान (१) सार-असार छुट्याउनु। (२) सार ग्रहण गरी, असार-परित्याग गर्नु। (३) हंसले थलमा हिंडेझैं विवेकयुक्त शुद्ध रीतिबाट शरीरको निर्वाह चलाउनु पानीमा पौडेझैं मनबाट सुविवेक, विचारमा तल्लीन रहनु । आकाशमा उडेझैं ज्ञानस्वरूपको द्रष्टास्थितिमा स्थिर रहनु । विवेकी परमहंस स्वामीहरूले पनि यही गर्दछन् । अविवेकी भोग-लोलुपी परमहंसले मात्र जथाभावी गर्ने सिद्धान्त र शुभाचार पालनका वाणीको पनि अर्थ तर्काई अलिप्त बन्ने स्वभाव लिएका हुन्छन् ।

सकल कबीरा बोले बानी, पानीमें घर छाया ।।५।।
अनन्त लूट होत घट भीतर, घटका मर्म न पाया ।।६।।

कामिनी रूपी सकल कबीरा, मृगा चरिन्दा होई ।।७।।
बड बड ज्ञानी मुनिवर थाके, पकरि सके नहिं कोई ।।८।।

अर्थ– सकल कबीरा– सबै भ्रान्तिवशका गुरुहरू कल्पनाकै वचन उपदेश गर्दछन् । वक्ता श्रोता सबैले पानीमे घर छाया–कल्पित वाणी र काम वासनामा स्थिति मान्नलागे ।।५।। हृदय-ढुकुटीको विवेक र शुभगुणरूपी धन यिनै काम कल्पनाद्वारा लुटिइ-रहेछन् । तर यिनीहरू यस्तो बेहोशीमा छन्–आफ्नै घटभित्रको अज्ञान-अन्धकारको रहस्य पनि पत्तै छैन ।।६।। कामिनीरूपी–सबै अज्ञजीव, असती स्त्रीसमान कल्पनाका कुनै एक पति मानी उसैसित मिल्ने, सुख-शान्ति पाउने आशामा स्वयम् पत्नी बनिरहेछन् । यिनको मन-मृग यही कल्पनामा तुल्बुल्लिई बुर्कुसी मारि-रहेछ ।।७।। यसरी ठूल-ठूला ज्ञानी मुनि श्रेष्ठजन पनि थाकी व्यथित भए, कसैले मन-कल्पनाका पशुलाई पक्रन सकेनन् ।।८।।

ब्रह्मा वरुण कुबेर पुरन्दर, पीपा औ प्रहलादा ।।९।।
हरणाकुश नख वोद्र बिदारा, तिह्नको काल न राखा ।।१०।।
गोरख ऐसो दत्त दिगम्बर, नामदेव जयदेव दासा ।।११।।
तिनकी खबरि कहत नहिं कोई, उह्न कहाँ कियोहै बासा।।१२।।

अर्थ– ब्रह्मा वरुण कुवेर इन्द्र पीपा प्रह्लाद र हिरण्यकशिपुको पेट आफ्ना नङ्ले चिरी मार्ने नरसिंहलाई पनि कालले छाडेन–मन-कल्पनारूपी पशुले स्वरूप स्थिति गर्न दिएन ।।९-१०।। गोरखनाथ जस्ता योगीराज, दत्तात्रेयसमान दिगम्बर अवधूत, नामदेव-जयदेव सदृश परम भक्तहरूको पनि अन्त्यमा के कस्तो स्थिति भयो, कसैले केही खबर बताउँदैनन् ।।११-१२।।

अरू– "पीपा" कबीर साहेबकै लगभग समकालीनका एक सन्त हुन् । भन्छन्–यिनी पूर्वमा राजा थिए । कबीरसाहेबको

निर्णय-ज्ञानमा प्रभावित भई यिनले एकपद पनि रचना गरेका थिए, त्यो पद हो–

'जो कलि माझ कबीर न होते । तो . . . . . .ले. . . . . . (वेद अरु कलियुग मिलिकरि) भगति रसातल देते ।'

परन्तु उनमा पूर्ण पारखको समझ रहेनछ, कल्पनामा भुलेका हुनाले यहाँ तिनको पनि समालोचना गर्नु परेको हो ।

नामदेव– यी महाराष्ट्रका प्रसिद्ध सन्त हुन् । यिनी पन्ढरपुरका विट्ठल भगवान्का निष्ठक थिए ।

जयदेव–बङ्गालको वीरभूमि जिल्लामा अजय नदीको किनार 'किन्दुविल्व' नामक ग्रामका निवासी हुन् । यी विरक्तरूपमा थिए । त्यो गाउँ आज पनि 'केन्दुली' नामबाट प्रसिद्ध छ । यिनले पछि एक ब्राह्मण-कन्याका साथ विवाह गरे । त्यसपछि "गीत गोविन्द" नामक संस्कृत पुस्तक रचना गरे । यसैबाट यिनको विशेष ख्याति भएको हो । भन्छन्–यिनी उडीसाका निवासी थिए ।

चौपर खेल होत घट भीतर, जन्मका पासा डारा ।।१३।।
दम दम की कोइ खबरि न जाने, कोइ कै न सकै निरुवारा ।।१४।।
चारि दृग महि मण्डल रच्यो है, रूम शाम बीच डिल्ली ।।१५।।
तेहि ऊपर कछु अजब तमाशा, मारो है यम किल्ली ।।१६।।

अर्थ– भित्र चौपर– मन बुद्धि चित्त अहंकारको चिन्तन, मनन आदि खेल चलिरहेछ । जन्मका पासा–शुभाशुभ कर्म, जन्म मरणको पासा (खेल खेल्ने हस्तिहाडको टिके सामान) हानिरहेछन् ।।१३।। भित्र प्रतिश्वास के के भइरहेछ ! यो कसैलाई पत्तै छैन । यो अलझो–लम्बीएको पासा खेललाई चाँडो टुङ्ग्याई उम्कने बाटो आजसम्म कसैले पैल्याउन-काट्न सकेनन् ।।१४।।

चारि दृग–पूर्व पश्चिम उत्तर दक्षिण– चार दिशाभित्र, पृथ्वी मण्डलको रोम (इटाली) को पूर्व, श्याम (हालको थाइ-ल्याण्ड) को पश्चिम, यसै बीचमा भारतमध्ये दिल्ली–राजधानी केन्द्र छ। यस्तै शरीररूपी पृथ्वी मण्डलको नाभि हृदय कण्ठ त्रिपुटी– यी चार दिशा भित्र शाम–पीठ र रोम–पेटको बीच हृदय-केन्द्ररूप राजधानीमा चेतन सम्राट्को निवास छ ।।१५।। तेहि ऊपर कछु– त्यही राजधानीमा एक विचित्रको घटना घट्यो, मारो है यम– मन वा वञ्चक गुरुजनले भ्रम कल्पनाको किल्ली–कीलो ठोकिदिए ।।१६।।

अरू– भन्छन्– हजारौं वर्ष पूर्व कुनै हिन्दू राजाले लग्न मुहूर्त जुराई दिल्लीमा फलामे एक कीलो (लोहस्तम्भ) गाड्न लगाएका थिए। उनीहरूमा कल्पना थियो– "यो स्तम्भ कायम रहेसम्म हिन्दूहरूको राज्य अटल रहनेछ।" तर पछि कुनै हिन्दू-राजाले आफ्नो अल्पज्ञता र कीर्तिको लोभवश त्यो स्तम्भ उखेल्न लगाई आफ्नो नामको दोस्रो स्तम्भ गडाएछन्। संयोगवश त्यस-पछि हिन्दूहरूका हातबाट राज्य गयो पनि, यस्तो कल्पना गर्दछन्। यस्तै यहाँ मूर्ख मनले पनि हृदय-दिल्लीका चेतन-सम्राट्को पारख-स्तम्भ उखेली भ्रम वासनाको स्तम्भ गडाइरहन्छ। अथवा भ्रान्त शिक्षकहरूले हृदयबाट जीवको विवेक-स्तम्भ उखेली कल्पनाको कीलो ठोकिदिन्छन्। अतएव कल्याणका साधकले मन भ्रामक दुवै देखि सावधान रही, परीक्षादृष्टिको चश्मामात्र नछाडे, तिमीमाथि कसैको दाल गल्नेछैन।

सकल अवतार जाके महि मण्डल, अनन्त खडा कर जोरे ।।१७।।
अदबुद अगम औगाह रच्यो है, ई सब शोभा तेरे ।।१८।।
सकल कबीरा बोले बीरा, अजहूँ हो हुशियारा ।।१९
कहहिं कबीर गुरु सिकली दर्पण, हरदम करहिं पुकारा ।।२०।।

अर्थ - पृथ्वी-मण्डलमा जुन कल्पित ईश्वरका यावत् अवतार भएका भन्छन्, अनन्त ऋषि-मुनि भक्तवर्ग, पीर पैगम्बरहरुले जसका समक्ष हात जोडी उभिई नतमस्तक बनी विनय-वन्दना (इबादत) गरिरहेछन् ।।१७।। ती ईश्वर नै बडो आश्चर्यमय अथाह अगम्य बेचून बेनमून बेपत्तारूपका भनी कल्पना गरिएका छन् । हे मनुष्य जीव ! यो सबै तिम्रै शोभा-विशेषता हो ।।१८।। हे विवेकका धनी, शक्तिशाली वीर मानव ! सबै भ्रान्तजनले अन्दाजबाट अनेक कल्पित वाणीका शिक्षा-दीक्षा गरेका छन्, गरिरहन्छन्; चारैतिरबाट वाणी वर्षिरहन्छन् । तिमी अझै होश गर, यी कल्पना भ्रान्तिबाट बच ।।१९।।

गुरु कबीर भन्नुहुन्छ–बाडियाले आफ्नो साँध र कुरीनद्वारा फलामे हतियारलाई खियारहित चहकिलो र धारिलो बनाइदिन्छ। यस्तै पारखी सन्त-गुरुले तिम्रो अन्तःकरणबाट खानी-वाणीका सम्पूर्ण आसक्ति वासना कल्पना भ्रम इत्यादि खिया निकाली, ऐना जस्तै निर्मल झल्झलाउँदो बनाइदिन, निरन्तर बोलाइरहेछन्; ईशारा गरिरहेका छन्, तिमीमात्र उता लक्ष्य लगाउ । अथवा गुरु -पारखरूपी ज्ञानबाट सदा आफ्नो अन्तःकरण घोटी-घोटी ऐना-समान निर्मल बनाउँदैगर, जसमा अब उप्रान्त त्यस्ता खै–खिया लाग्न नपाउन् ।।२०।।

अरु– अनादिको संसारमा अनन्त जीवको निवास छ, ती सबै हरप्रकारबाट दुःखी छन् । क्रमशः जीव मनुष्य शरीरमा आएका बखत दुःख छुटाउने चेष्टा गर्छन् पनि । तर पारखदृष्टि बिना, एक-एक कल्पना गर्दै जान्छन्, यिनै कल्पना झन् आपनै निम्ति अल्झो-पासो बन्दै-थपिदै आइरहेछन् । परन्तु ती सबै तिमी मनुष्य जीवकै कल्पना हुन् । आजसम्म जे जति अवतार, पीर-पैगम्बर भए, ती पनि सबै तिम्रै कल्पना-कृति हुन् । हरप्रकारबाट

तिम्रै विशेषता छ। आफ्नै कल्पनाका ईश्वर-ब्रह्मलाई अगम अगोचर अथाह भनी-भनी तिमी नै भ्रान्त भई घुमिरहन्छौ। तर तिमीसित सार विवेकरूपी चुम्बक पनि छ, छुवाउनमात्र नडराउ, छुवाउनासाथ सत्य-सारलाई आकर्षण गर्नेछ। अरू सबै कल्पना छुट्नेछन्। अतएव आफ्नै स्वरूप शुद्ध चेतनलाई चिन, आफैंमा शान्त बन।

चुड्का–८६

हे कबिरा तिम्रो घर, गन्दगीको बीच छ र; जगत् त्यहीं भुलिरहेका ।।टेक।।
गुरुजीका वाणी कोही, मानी गर्ने छैनन् मोही; त्यागी भोगी दुवै सिल्ली छन्।
सबै ब्रह्म बीच हंस- जीव बन्छन् अवतंस; चुच्चो तेर्स्याउने काग झन्।।
मनमानी कर्म गरी, सबैथरी देह धरी; नाद बिन्द बेलो बढेको।
समस्त ती कबिराले, वाणी घेरै घेरै बोले; पानी भित्र घर छाएको।।

घरभित्र अति लूट, मइरहेको छ फूट; भेद थाहा छैन गिरेका!
भामिनी समान सब, यी कबीरा हरू जब; मृग बनी चर्न फिरेका।।
ठूला ठूला ज्ञानी मुनि, थाके हार खाए पनि; पक्रन ती असमर्थ छन्।
ब्रह्मा इन्द्र वरुण र, प्रह्लाद पीपा कुबेर; नरसिंह कालवश झन्।।
गोरखनाथ नामदेव, दत्तात्रेय जयदेव; सबै भए दास यी अति।
तिनको खबर यहाँ, भन्ने कोही छैनन् कहाँ उनी पुगे भयो के गति!
जुवा खेल घट भित्र, मच्चिएको छ विचित्र; जन्म मृत्यु पासा हान्दछन्।
हालत पल पलको, कोहीले नि जानेनन् त्यो; गाँठो फुन को पो सक्तछन्!

चारै दिशा भूमि मध्ये, खेल रची राखे नित्य; रोम-श्याम बीच दिल्ली छ।
त्यहाँ माथि विचित्रको, खेल हुन्छ जो भित्रको; कीलो ठोक्ने यम नीच छ।।
सर्व अवतार भूमि- बीच सर्व प्राणी मुनि; लाखौं खडा बिन्ती गर्दछन्।
सम्झ अगम अपार, रचना गर्‍यो बेपार; यो त शोभा तिम्रै न हो झन्।।

सम्पूर्ण कबीर ए, जे जो जति बीर बोले; अझै पनि होश सह्माल।
कबीर भन्दछन् जान, गुरु रूप बाङ शान; निरन्तर गर्छन् पुकार।।

शब्द–८७

कबिरा तेरो बन कन्दला में, मानु अहेरा खेलै ।।१।।
बफुवारी आनन्द मृगा, रुचि-रुचि सर मेलै ।।२।।
चेतत रावल पावन खेडा, सहजै मूल बाँधे ।।३।।
ध्यान धनुष ज्ञान वाण, योगेश्वर साधे ।।४।।

अर्थ– कबिरा तेरो वन कन्दलामें–हे जीव! तिम्रो वेद-कुरान आदि वाणीको बन, संसाररूप कन्दरामा छ। ती आ-आफ्ना मन-मान्यता अनुसार मनुष्य जीवबाटै रचिएका हुन्। अब तिनै वाणिका कल्पनाले मनुष्य-जीवकै अहेरा–शिकार खेलिरहेछन् ।।१।। बफुवारी–संसाररूपी फुलवारीमा, आनन्द मृगा–मनमृगको कल्पनामा आनन्द मान्ने मतवादीजन स्व-स्व रुचि अनुसार वाणीका बाण जीवमाथि ताकी-ताकी हानिरहेछन् ।।२।।

योगी गुरुले चेताए अनुसार रावल–यी श्रेष्ठ जीव सचेत भई पावन खेडा–सानु गाउँसमान आ-आफ्ना शरीरलाई आसन नेति धौति आदिद्वारा शुद्ध गरी, सहजै मूल बाँधे–सरलतापूर्वक मूल-बन्ध क्रिया साधे ।।३।। त्यसपछि ध्यानको धनुषमा ज्ञानको वाण चढाई सिद्ध योगीहरूले ज्योति-लक्ष्यमा अनुसन्धान गरे ।।४।।

अरू– मलद्वारमा बायाँ कुर्कुच्चाले थुनी, दाहिने कुर्कुच्चा लाई शिश्नेन्द्रियको मूलमा राखी, मेरुदण्डको मूल नाभि-ग्रन्थिमा थिच्नु, सीधा भई बस्नु; यही मूलबन्ध योगको एक क्रिया हो ।

षट चक्र बेधि कमल बेधि, जाय उजियारी कीह्ना ।।५।।
काम क्रोध लोभ मोह, हाँकि सावज दीह्ना ।।६।।

अर्थ– षट्चक्र बेधि– योग क्रियाद्वारा मूलाधार आदि षट् कमल-चक्र छिचल्दै योगीहरू सहस्रारमा पुगी, उहाँ ब्रह्म-ज्योतिको प्रकाश गराए ।।५।। हृदयबाट काम क्रोध लोभ माया मोह-सावज (जनावर) लखेटिदिए ।।६।।

अरू– योग गर्दा आसन-साधना देखि नै शरीरमा रक्तसंचार, वायु संचार आदि क्रिया मन्दहुँदै जान्छ र सहस्रारसम्म वायु र वृत्ति पुग्दा शरीर शून्य भइसक्ने हुनाले त्यस समय कामादि विकार स्वाभाविकै शान्त हुन्छन्; तर निर्मूल हुने होइनन्। यसैले योगी समाधिबाट उत्रेपछि अभिमान तथा क्रोधवश सराप र खुशी भई आशीश दिन्छन्। यदि तिनमा राग-द्वेषादि छुटेका भए, तिनै हर्ष-विषादि कसरी प्रदर्शित हुने थिएर !

मेरुदण्डको भित्र ब्रह्म-नाडीमा छः कमल उनिएका छन् भन्ने योगीहरूको कल्पना छ। यिनैलाई छः चक्र भन्दछन्। ती छः चक्र हुन्–(१) मूलाधार (२) स्वाधिष्ठान (३) मणिपुर (४) अनाहत (५) विशुद्ध र (६) आज्ञा।

षट् चक्र र वेधन क्रिया–

(१) मूलाधारचक्र– यो चक्र गुदा स्थानमा चारपाते कमलको छ भन्ने मानिएको छ। रातो रङ्गको छ। यसको लोक 'भू' हो, यहाँबाट 'व श ष स' यी चार अक्षरको उत्पत्ति मान्दछन्। यहाँका सिद्ध द्विरण्ड नामका र डाकिनीदेवी अधिष्ठात्री तथा देवता गणेश मानिएका छन्। यहाँ छः सय श्वासको जप मानिएको छ।

यो चक्रको वेधन क्रिया– पहिले गणेश क्रिया गरी गुदाको शुद्धि गर्छन्। अनि जलमा वस्ति क्रिया गर्छन्– सङ्लो पानीमा नाभिसम्म डुबी एक सानो निगालाको ढुङ्ग्रो मलद्वारमा लगाई उत्कट आसनबाट मलद्वारद्वारा पानी पेटभित्र पुऱ्याउँछन्, बाहिर निकाल्छन्। यस्तो अभ्यासलाई जलवस्ति भन्दछन्। तीनबार पानी तान्ने छोड्ने गर्न सकेपछि यो क्रिया सिद्ध हुन्छ। अनि त्यो चारपाते कमलयुक्त मूलाधार चक्रलाई छिचलेर वायुलाई माथि चढाउँछन्।

(२) स्वाधिष्ठान चक्र– नाभिभन्दा छः अंगुल तल, पेडु-

स्थान, शिश्नेन्द्रियको मूलमा मानिएको छ। छः पाते कमल सिन्दूर वर्ण, 'भुव' लोक हो । यहाँबाट ब भ म य र ल– यी छः वर्णको उत्पत्ति मानिएको छ । यहाँ वाण- सिद्ध, राकिनीदेवी अधिष्ठात्री तथा ब्रह्मा देवता, छः हजार श्वासको जप मानिएको छ ।

वेधन पद्धति– प्रथम गज क्रिया गर्छन्– फलाम वा शीशा धातुको बाह्र अंगुल लामो मसिनो गज बनाई शिश्नमा बिस्तार–बिस्तार भित्र छिराई शुद्ध गर्छन् । अनि शिश्नबाट क्रमशः पानी दूध र मह तान्छन् । मह खिच्नसक्ने भएपछि यो क्रिया सिद्ध भयो' भन्छन् । अनि गुदा-द्वारबाट अपानवायु माथि उठाई स्वाधिष्ठान चक्र छिचल्छन् र अपानलाई समान वायुमा मिलाउँछन् ।

(३) मणिपुर चक्र–यसको स्थान नाभि, दसपाते कमल नीलो रङ्ग, लोक 'स्व' हो । यहाँबाट ड ढ ण त थ द ध न प फ- दश अक्षरको उत्पत्ति मानिएको छ । रुद्र नामक सिद्ध, लाकिनी-देवी अधिष्ठात्री र विष्णु देवता मानिएका छन् । यहाँ पनि छः हजार श्वासको जप मानिएको छ।

वेधन क्रिया–धौति क्रिया गर्छन्–रेशम वा मलमलको नरम चार अंगुल चौडा र पन्ध्र हात लामो कपडालाई बेलुकी गुलियो शर्बतमा डुबाई राख्तछन् । बिहान त्यसको एक टुप्पो सआती मुख-बाट अलिअलि गरी निल्दछन् । उभिएर नाभिको पछिल्तिर खुम्च्याई केही निहुरी बिस्तार-बिस्तार कपडा बाहिर निकाल्दछन्। यसरी तीन पटक गरेपछि यो क्रिया सिद्ध भयो अनि नाभिबाट वायु उठाई मणिपुर चक्र वेद्धछन्–छिचल्छन् र अपान-समान वायु लाई हृदयको प्राणवायुमा मिलाउँछन् ।

(४) अनाहद चक्र–यो चक्र हृदयस्थानमा बाह्रपाते कमल-को मानिएको छ । अरुण वर्ण, यसको लोक 'मह' हो । त्यहाँबाट क ख ग घ ङ च छ ज झ ञ ट ठ–यी बाह्र वर्णको उत्पत्ति मानि-

एको छ। पिनाकी सिद्ध, काकिनीदेवी अधिष्ठात्री र महादेव देवता, छः हजार जप मानेका छन् ।

वेधन क्रिया–कुञ्जल क्रिया गर्छन्–पेटभरी पानी पिई, सवा हाते डोरीको दतिवनलाई मुखभित्र घुसारी पानी ओकेल्छन् । यो पनि तीन पटक गरेपछि सिद्ध हुन्छ। अनि अनाहत चक्र वेद्धछन् र अपान समान प्राण वायुलाई उठाई, कण्ठस्थ उदान वायुमा मिलाउँछन् ।

(५) विशुद्ध चक्र–यो चक्र कण्ठस्थानमा, सोह्रपाते कमलको मानिएको छ । यो ध्वाँसे रङ्गको छ । लोक– 'जन' हो । यहाँबाट अ आ इ ई आदि सोह्र स्वरको उत्पत्ति मानिएको छ । यहाँ छग-लाण्ड सिद्ध, शाकिनीदेवी अधिष्ठात्री र जीवात्मा देवता मानि-एका छन् । यहाँ जप एक हजार स्वासको मानिएको छ ।

वेधन क्रिया– लम्बिकायोग गर्दछन्–दूधाहार गरी वस्छन् बोल-चाल र जन-संसर्ग कम गरी, नौनी र सिधेनूनले जिब्राको तल्लो भागलाई दल्दछन् । बिहान हातले जिब्रो दुहुन्छन्, वा फलाम को यन्त्रले पनि दुही जिब्रो तान्छन् । आवश्यक देखिए जिब्राको तल्लो लोती अलिकति काट्छन् पनि । यसरी जिब्रो बढाई माथि उल्टाएर उर्ध्वद्वार–तालुमा लगाउँछन् । माथि गिदीबाट एक प्रकारको विकारी पानी चुहिन्छ, त्यसैलाई अमृत चाख्ने भन्छन् । यसबाट शरीरमा स्फूर्ति बढ्छ भन्ने कल्पना छ, अनि वायुलाई उठाई विशुद्ध चक्र वेद्धछन् ।

(६) आज्ञाचक्र– यो चक्रको स्थान भृकुटी (दुवै आँखा-का बीचमा) द्विदल कमल श्वेतवर्ण, 'तप' लोक मानिएका छन् । यहाँबाट 'ह, क्ष' दुइ अक्षरको उत्पत्ति मानिएको छ । यहाँ महा-काल सिद्ध, हाकिनी देवी अधिष्ठात्री र गुरु वा परमात्मा देवता मानेका छन् । यहाँ एक हजार श्वासको जप गर्दछन् ।

वेधन क्रिया– नेति क्रिया गर्छन्– नाकमा एक वित्ता लामो धागाको सुत्लो घुसाई सफा गर्दछन् । अनि कण्ठको उदान वायु उठाई आज्ञाचक्र वेद्धछन् । अर्थात् रेचक पूरक कुम्भकको प्राणयाम बाट आज्ञाचक्र वेधन गरी वायु-माथि चढाउँछन् । जब वायु माथि पुग्दछ, तब जिब्रो उल्टाएर द्वार वन्द गर्दछन् ।

यसरी षट्चक्र र षट्कमल वेधन गरी दशौंद्वार–तालु (सहस्रार-सत्यलोक) ज्योति प्रकाशमा पुग्छौं भन्ने कल्पना छ । अर्थात् उहाँ वायु-निरोध भएपछि अग्निको प्रकाश भान हुन्छ, उसैलाई ब्रह्म-स्वरूप सम्झी योगीहरू त्यहीं मस्त रहन्छन् । यहाँ पनि एक हजार श्वासको जप मानेका छन् ।

यी छः चक्रका अतिरिक्त आज्ञाचक्रका माथि तालुस्थान-ब्रह्माण्डमा अर्कै सहस्रार वा सहस्र दल कमल मान्छन् । त्यसमाथि सुरति कमल मान्ने पनि छन् । यसरी कहीं-कहीं अष्ट कमलको पनि वर्णन पाइन्छ ।

यसमा बताइएका सिद्ध, अधिष्ठात्री देवी-देवता कल्पित हुन् । वर्णको उच्चारण पनि कण्ठ तालु ओष्ठ आदिबाट भइरहेको प्रत्यक्ष छ । यो सबै थियो त मनलाई वासनाबाट छुटाउनको निम्ति निकालेको पद्धति, किन्तु लालची जीवलाई अल्झाई, कल्याणपथ-बाट पर पार्ने एक जाल पो बन्नगयो । यसरी समाधि लगाउँदा अल्पकाल शून्यमा अल्झेर के लाभ छ र ! काम-क्रोधादि विकार क्षणभर रोकिएजस्ता देखिन्छन् तापनि संस्कार जस्ताको तस्तै रहन्छ । क्षण-पश्चात् पुनः नव्याप्ने होइन । मौका पायो कि ह्वात्तै आइहाल्छन् । ती काम क्रोध आसक्ति आदिका बीज त जाग्रत् अवस्थाका विवेक-साधनाबाट मात्र नाश हुन सक्तछन् । यसैले सबै जालबाट पन्छी, सत्सङ्गद्वारा स्वरूप ज्ञानकै विवेकमा लाग्नुपर्दछ ।

गगन मध्ये रोकिन द्वारा, जहाँ दिवस नहिं राती ।।७।।
दास कबीरा जाय पहूँचे, बिछुरे सङ्ग साथी ।।८।।

अर्थ– माथि लेखिए अनुसार गगन मध्ये रोकिनद्वारा –ब्रह्माण्डको बीच दशौंद्वार सहस्रारमा पुगेपछि अरू सबै द्वार रोकिदिए । जहाँ दिवस नहिं राती–जहाँ ईडा पिंगला रहँदैनन् खालि सुषुम्ना नै बाँकी रहन्छ । दोस्रो उहाँ दिन-रात कुनै सीमा रहँदैन, भन्दछन् ।।७।। दास कबीरा–योगीजन ब्रह्मरन्ध्र–भ्रमर गुफामा गए-पुगे, तब उनका सङ्गी-साथी चित्त मन बुद्धिहरू छुटे, केही बेरको लागि शान्त भए ।।८।।

अरू– यत्रो कष्ट खपी परिश्रम गरेर, ज्यानबाजी थापी, सगरमाथाको चुचुरोमा चढेसमान शून्य समाधिमा पुग्दा कति साधक बीच बाटा–अधकल्चैमा रोग-ग्रस्त हुने र उनको ज्यानैसमेत जानेहुन्छ, भइरहेछ पनि बल्ल-बल्ल वृत्ति निस्तब्धभई सहस्रार-को समाधिमा पुगेपनि शून्य, सुषुप्ति एवं निन्द्रावत् अल्प कालकै समाधि न हो ! यसबाट वासना, काम क्रोधादि निर्मूल होलान् भन्ने आशै गर्नुपर्दैन । सितिमिती निवारण हुनपनि सक्तैन । फेरि यिनमा जड चेतनको रत्ती विवेक छैन, वासना-बीज जस्ताको तस्तै बाँकी छ । यसको आधा अथवा चौथाई मात्र समय-शक्ति सत्सङ्ग विवेक आदि साधनामा दिन सकेपनि सजिलैसित काम बनि-हाल्ने थियो । अतः मुक्ति-स्थिति, सुख-शान्तिको निम्ति पारख सिद्धान्त र स्वरूप ज्ञानकै शरण लिनु पर्छ । अर्थात् अरू कलपनाका झाल सबै पन्छाई, केवल चेतनको स्थिति बनाउनु अनिवार्य छ ।

चुडका–८७

जीव तित्रै बन-गुफा, मानो शिकार खेली उता; तिमीलाई दिक्क पार्दछन् ।
फुलवारी घुम्ने जति, आनन्दित मृग माथि; रुचिपूर्ण बाण हान्दछन् ।।
चेत्छन् ग्राम शुद्धि गरी, स्वामितको शिक्षा धरी; मूलबन्ध सहज बाँध्दछन् ।
ध्यानरूप धनु बढाइ, ज्ञानरूप बाण चढाइ; योगेश्वर स्वयम् साध्दछन् ।।

षट्चक्र वेधन गरी, कमलका माथि बढी; अति दिव्य ज्योति जगाए ।
काम क्रोध मोह लोभ, मन का विकार क्षोभ; बन्यजन्तु हरू धपाए ।।
ब्रह्माण्डको बीच पुगे, स्थिर भई द्वार थुने; जहाँ रात दिन हुँदैनन् ।
दास जीव पुगे अब, सङ्गी साथी छुटे सब; तिनै साथ कोही रहेनन् ।।

✲

शब्द–८८

सावज न होई भाई सावज न होई, वाको मासु भखैं सब कोई ।।१।।
सावज एक सकल संसारा, अविगति वाकी बाता ।।२।।
पेट फारि जो देखिये रे भाई, आहि करेज न आँता ।।३।।

अर्थ– हे भाइ ! जुन ईश्वर-ब्रह्मलाई आफ्नो सावज–शिकार (लक्ष्य) सम्झेका छौ, त्यो त शिकार होइन । उसमा लक्ष्य लगाउनु व्यर्थ हो । त्यो तिम्रै मनको कल्पना हो । परन्तु यो एउटा भारी अचम्मको कुरा छ; उही जनावरको मासु सबैले खाइरहेछन्, अर्थात् उसैको चिन्तन-मनन गर्छन् उसैका प्रतिपादक वाणी सबै पढिरहन्छन् ।।१।। सावज एक सकल संसारा–मानिसकै कल्पनाबाट एक ब्रह्म बन्यो, त्यसैको मान्यता संसारभरी फिंजियो । उसलाई पाउन आ-आफ्ना लक्ष्यरूपी बाण सबै चलाउन लागे । तर उसको हाल कसैलाई थाहा भएन ।।२।। हे भाइ ! पेट फारि जो–छानबीन गरी हेर्‍यो भने वास्तवमा उसको न कलेजो छ न आन्द्रा ! अर्थात् उसको न सूक्ष्म स्वरूप छ, न कुनै अङ्ग प्रत्यङ्गयुक्त विराट् स्वरूप । त्यो त सरासर मनकै एक कल्पनामात्र हो ।।३।।

ऐसी वाकी मासु रे भाई, पल पल मासु बिकाई ।।४।।
हाड गोड ले घूर पवाँरिन, आगि धुवाँ नहिं खाई ।।५।।
शिर सींगो किछुवो नहिं वाके, पूँछ कहाँ वै पावैं ।।६।।
सब पण्डित मिलि धन्धे परिया, कबिरा बनौरी गावैं ।।७।।

अर्थ– तै पनि त्यस्ता जनावरको मासु दुनियाँले कति रुचाएका ! छिन-छिनमा तथा ठाउँ-ठाउँमा बिकेको छ-बिकेको

छ । अर्थात् सर्वत्र उही ब्रह्म-ईश्वरको चर्चा चलिरहेछ । कथा व्याखान अध्ययन पूजापाठ सर्वत्र यिनैको छ ।।४।। हाड गोडले घूर पवारिनि–ब्रह्मज्ञानीले अद्वैत सिद्ध गर्न जड-चेतन दुवैलाई एक गरी तिनै कल्पित अधिष्ठान ब्रह्ममा हाले, अद्वैत ब्रह्म बने । तर यिनको ब्रह्म-अग्निले द्वैत-धूवाँ पचाउन सकेन ।।५।।

शिर सींगी किछवो नहिं वाके– त्यो ब्रह्म-जन्तुको न गुण न आकार, केही छैन र पनि उसैलाई सबै खोज्दछन् बिना विवेक उसको मर्म के पाउन् ! के चिनुन् ! पूछ कहाँसे पावै–झन् सोध-पूछ गरी कहाँबाट पाउने ! कसले बताउन सक्ने ! जसलाई सोद्धछन् ती पनि त उस्तै कल्पनाग्रस्त व्यक्ति न हुन् !।।६।। परन्तु उसलाई पाउन सारा विद्वान् मिली, कर्म उपासना योग ज्ञान साधना-चतुष्टयद्वारा टहल चाकरी गरी त्यसैमा जोत्तिइरहेछन् । अज्ञानी जीव तिनैका कृति-गीत श्लोकादि गाई, तिनैको आशा-भरोसामा दिन बिताउँछन् ।।७।।

अरू– संसार हो ठूलो नाचघर, यहाँ थरी-थरीका मानिस आ-आफ्नै तालमा नाचिरहेछन् । जो जस्तो नाच नाच्छन्, ती उस्तै पारिश्रमिक-पारितोषिक पाउँछन् । कोही विषयको नाच नाच्छन् त कोही कल्पित इष्ट-प्राप्ति निमित्त कर्म उपासना योगादि कलाको बाजि गरी देखाउँछन्; कोही ब्रह्मज्ञानको !×

×– All the world's a stage,
And all the men and women merely players.
They have their exits and their entrances;
And one man in his time plays many parts,
His acts being seven ages. —Shakespeare.

[सारा संसार एक नाटचशाला हो, सबै नर-नारी केवल नटुवा हुन्, तिनको प्रवेश र प्रस्थान हुन्छ, अनि मानिसले आफ्नो समयमा धेरै खेल खेल्दछ । उसका अङ्कहरूमा सात अवस्था हुन्छन्] १- धनीका काखमा चिच्याउने र उल्टी गर्ने बालक, २- रुन्चे विद्यार्थी; ३- प्रेयसीका प्रेमी, विरही युवक; ४- अचम्मका कुरा गर्ने सिपाही, लडाका वीर; ५- कीर्तिको लालची इज्जतको ईर्षालु लडाका वीर; ६- अदालतको भुँडीवाल न्यायाधीश; ७- खुम्रे बूढो । [शेक्सपेअर]

तिमी पनि आसक्ति र अहङ्कारले भ्यात्ले-भुँडे बनेर दुर्गुण व्यसन भ्रान्ति कल्पनाको भएसम्मको भारी बोकी के नाच्छौ ! ती सबै भारीलाई टाढै फाल, हलुका होउ। छिटो र छरितो बनी राम्ररी नाच्न सिक। फूलका थुँगासमान बनी, विचार पुऱ्याई, मन लाएर नाच। अर्थात् विवेकलाई अँगाली, जड विषय र कल्पना भ्रान्तिबाट युक्तिपूर्वक उफ्र-छड्क। नाच्तानाच्तै–साधना गर्दागर्दै एक्लो बनी, आफैं द्रष्टामा टक्क उभिई स्थिर बन। स्वयम्को होश नहराओस्, हमेशा साक्षी द्रष्टाभावबाट जीवन बिताउ। नित्य घटीमा दुइ घण्टा वासनालाई हेर्दै द्रष्टा बनी बस्ने दैनन्दिनी अभ्यास बनाउ। खास आवश्यकीय व्यवहार गर्दा अनासक्त रहन सक्ने शक्ति स्वयम्मा उतार।

होश राख, यो नाच छ–भारी मचान छ–फराकिलो। स्वरूपबाट सम्राट्समान महान् भइकन पनि विजातिमा आसक्त, भ्रान्त भएका हुनाले अनादिदेखि अकिंचन तुच्छ, कीरा-समान बनिरहेका पात्र हामी पनि छौं। विचार गर, क्षणभरमै हाम्रो खेल खतम हुनेछ, पर्दा खस्न धेरै बेर छैन।

अतः आजैदेखि होश गरौं, आचार सह्मालौं, आफ्नो मरण न बिर्सौं। होश हराएन, विवेकलाई बिर्सिएन भने फेरि-फेरि नाच्न नपर्ने, दुःखालयरूप तुच्छ नाटयशालामा पस्नै नपर्ने गरी शाश्वत शान्तिको पुरस्कार पाउनेछौं। विषयासक्ति-खाडलकोनिवास छुटेको, अहंकारको भुँडे-भ्यात्लेपना नभएको, भ्रान्ति-कल्पनाले मगज नढाकेको, सबैबाट पन्छेर स्वयम्को स्मृति, द्रष्टा भावमा बाँचेको जीवन नै हलुको, सुमधुर सुवासपूर्ण गुलाफको फूलसमान सन्तोष-शान्तिमय सर्वोत्तम जीवन हो। बाँच्ने ढङ्ग, नाच्ने सीप यसैलाई भन्छन्। यसरी 'बाँचौं नाचौं, वासना-कल्पना नसाँचौं; यतिभए भइगो, हाम्रो दुःख गइगो !' अब आफैं आफू अवशेष

अचल रहियो ।

चुडका–८८

सुन भाई ! शिकार ह्वैन, शिकार त हुँदै ह्वैन; मासु खान्छन् सबै उसैको ।।टे.
योटा शिकार विश्वभरी- भन्ने कल्पनामा परी; बेगति छ उसका कुराको ।
हेर भाइ ! पेट चिरी, विचार त आन्द्रा भुंडी- कलेजो नै केही नभाको ।।
यस्तो मासु अपूर्वको, महँगो छ त्यो जन्तुको; पल पल बिक्छ बढेन ।
हाड खोर बटुली कन्, धुनी बीच गरे हवन; धुवाँ पन्छाउन सकेन ।।
शिर सिङ छैन उसको, पुच्छर कन् भेट्ने के को! कसै गरी कहीं पाएन ।
सारा विज्ञ मिली धन्दा, गर्न थाले परी फन्दा; जीव गर्छन् कृत्रिम गायन ।।

शब्द–८९

सुभागे ! केहि कारण लोभ लागे, रतन जन्म खोयो ।।१।।
पूर्वल जन्म भूमि कारण, बीज काहेक बोयो ।।२।।
बुन्द से जिह्व पिण्ड संजोयो, अग्नि कुण्ड रहाया ।।३।।
जब दश मास माताके गर्भे, बहुरि लागल माया ।।४।।

अर्थ– हे भाग्यशाली मानव ! तिमी आज किन यस्तो लोभमा पऱ्यौ ! * व्यर्थ विषय-प्रपञ्चको भोग-तृष्णामा अमूल्य आयु बरबाद गरिरहेछौ ।।१।। पूर्वल जन्म–पूर्व मनुष्य जन्ममा पनि विषयासक्त थियौ, यसैले आज गर्भ-यातना भुक्ती शरीरको उपाधिमा पऱ्यौ । अब पनि उही जन्म-मरण दुःख पाउन त्यसैको बिउ आसक्ति अहंकार-पापाचरण किन रोप्छौ ।।२।। हेर, पूर्वमा उही वासना-बीज र वायुले जीवलाई हुत्याउँदै लगी गर्भमा पुऱ्याई, रेत-रजका थोपामा मिसाई, त्यसबाट पिण्ड अर्थात् स्थूल शरीरको निर्माण भएको थियो, क्रमशः रक्षा तथा वृद्धि गऱ्यो । त्यहाँ तिमी जठराग्निले खूब पिल्सियौ, भुट्भुटियौ ।।३।। यसरी कष्टका साथ माताको गर्भमा दश महीना बितायौ ।

*– सिद्धरस (कल्याण-साधना वा ज्ञान-स्थिति) देखि कुकुर (मन) र तिनै समान लोभीहरुलाई भगाउ । –[सामवेद उ. १।१।१(१८)]

पछि बाहिर निस्क्यौ र पनि अनेक माया-मोहमा पर्‍यौ । अज्ञान-वश बाल्यकालको धेरै-धेरै कष्ट पायौ खप्यौ ।।४।।

बारहु ते पुनि वृद्ध हुवा, होनहार सो हुवा ।।५।।
जब यम अइहैं बाँधि चलै हैं, नैनन भरि भरि रोया ।।६।।
जीवन की जनि आशा राखो, काल धरे हैं श्वासा ।।७।।
बाजी है संसार कबीरा, चित चेति डारो फाँसा ।।८।।

अर्थ– बालक कालदेखि पछि शिशु किशोर पौगण्डा यौवन र वृद्ध अवस्थासम्म अनेक चिन्ता शोक परवशता, मार-पीट जेल फाँसी, रोग व्याधि विपत्ति इत्यादि कष्ट कति परे कति ! हुन-सम्म भयो ! विषयासक्त जीवले जस्तो शास्ति पाउनु पर्थ्यो पायो ।।५।। अब मृत्यु समयमा पनि तिमीलाई यमरूप वासनाले बाँधी बित्ताभर नछाडी पुनः दोस्रो शरीरमा लैजानेछ । प्राणान्त समयमा तिम्रो अनुहार मायालाग्दो हुनेछ, मुखबाट दीनतायुक्त वचन निस्कनेछन् । आँसु बर्बरी खसाली रुनेछौ । बोली बन्द भए पछिपनि गहभरी आँसु झिक्नेछौ । हिक्क-हिक्क भई घ्यार्र-घ्यार्र दम चल्नेछ, मुखाकृति कच्याक्-कुचुक्क पारी बिगार्नेछौ । तर के गर्ने! समयमै नचेती मौका गुमेपछि ती सबै व्यर्थ हुनेछन् ।।६।।

जीवन क्षणभङ्गुर छ, यसको भरोसा नगर । मुख्य आफ्नो चिर-शान्तिको कामलाई टार-बार गरी पछाडि नसार । काल–समयले तिम्रो श्वासरूपी डोरी समाती तानिरहेछ ।।७।। हे जीव ! संसारमा मनुष्य-जन्म पाउनु ठूलो भाग्यको कुरा हो । आज यो भारी दाउ परेको छ, यस्तो औसरमा चित्तबाट उपरा-

मतापूर्वक* खूब चेतेर स्वरूप स्मरणको अति होश राखी, आसक्ति वासनाको बन्धनरूपी पासो चुँडालिहाल ।।८।।

चुडका-८६

भाग्यमानी नर तिमी, के कारण लोभी बनी; रत्न जन्म खेर फाल्दछौ !
देह बन्ने जो थ्यो कारण, सोही कर्म अब धारण; बीज किन रोपिहालेथ्यौ !
थोपाबाट पिण्ड हुन, स्थूल देह पूर्ण बन्न; अग्नि कुण्ड निवास गर्‍यौ ।
माताको गर्भ दश- मास कष्ट खपी वास; भयो फेरि मायामा पर्‍यौ ।।

बालदेखि बढ्दै गयौ, बृद्धावस्था- प्राप्त भयौ; हुनहार कष्ट परेथ्यो ।
जब यम आई बाँध्लान्, जबर्दस्ती सित लालान्; धुरु धुरु रोउला भरे पो !
अब बाँच्ने आशालाई, नराख है रत्ती भाई; पक्र्यो श्वास कालले मारन ।
ठूलो दाउ परेको छ पार हुने बेला यै छ; चेती पासा शीघ्र छाडन ।।

○

शब्द-९०

सन्त महन्तो सुमिरो सोई, जो काल फाँस ते बाँचा होई ।।१।।
दत्तात्रेय मर्म नहिं जाना, मिथ्या साधु भुलाना ।।२।।
सलिल मथि घृत कै काढिन, ताहि समाधि समाना ।।३।।
गोरख पवन राखि नहिं जाना, योग युक्ति अनुमाना ।।४।।
ऋद्धि सिद्धि संयम बहु तेरा, पार ब्रह्म नहिं जाना ।।५।।

अर्थ- हे सन्त महन्तजन ! तिमी उही सत्य चेतनको स्मरण गर, जो कालबाट कहिल्यै क्षय हुँदैन । वा उनैको स्मरण-उपासना

---

*- In bed we laugh, in bed we cry;
And, born in bed, in bed we die.
The near-approach a bed may show;
Of human bliss to human woe.

—Isaac De Benserade.

हामी बिछ्याउनामा हाँस्छौं, बिछ्याउनामा रुन्छौं;
बिछ्याउनामा जन्मन्छौं, बिछ्याउनैमा मर्छौं ।
मानवीय दु:ख दर्दमा बिछ्याउनाका निकटको पहुँच (स्मृति-स्थिति) ले परमानन्द झल्काउँछ ।

गर, जो काल–आसक्ति कल्पनारूपी पासोबाट बचेका पारखी गुरु सन्त महज्जन छन् ।।१।। अवधूत स्वामी दत्तात्रेयजीले जडदेखि पृथक चेतन स्वरूपको रहस्य ठीक-ठीक जान्न सकेनन्, मिथ्या ब्रह्म अद्वैत नै साधु अर्थात् सर्वोत्तम मानी मस्त रहे- भुले ।।२।।

सलिल–पानी मथेर निस्केको फींजलाई नै घ्यू सम्झी उसैमा मग्न भए अर्थात् कल्पित वाणी मथन गरी भान हुन आएको जड-चेतन मिश्रित अद्वैत ब्रह्म सिद्धान्त नै अँगाले–समाधिमा लीन भए ।।३।। योगी गोरखनाथले पनि प्राणायाम साधी ब्रह्माण्डमा श्वास चढाई राखे । तर यिनले पनि चेतनको विवेक गर्न जानेनन्, भुले । योगका साधना, अनेक युक्ति अनुमान गरी निकाले, किन्तु कल्पनामै परे ।।४।। भन्छन्–यिनले ऋद्धि-सिद्धि धेरै प्राप्त गरेका थिए, संयम नियम ध्यान धारणा अनेक गरे साधे, तैपनि "पर-ब्रह्म" यो मानव-मनकै कल्पना हो भन्ने जान्न सकेनन् ।।५।।

अरू– बाइसौं शब्दमा आएको थियो–"त्यो पद ग्रहण गर, जसबाट पारब्रह्मदेखि भिन्नको सद्गति मिल्नेछ" यहाँ पनि उही पारब्रह्म कल्पना हो भन्ने कुरा गोरखले पनि जान्न सकेनन् भन्नु-भयो । वास्तवमा पारब्रह्म हो–समस्त दृश्यदेखि परको अर्थात् जड विश्वदेखि पार, द्रष्टा अपरोक्ष चेतन स्वरूप। यो, दृश्यभन्दा सर्वथा पर–फरक र श्रेष्ठ छ । द्रष्टाभन्दा पर अरू कुनै दिव्य तत्त्व छ भन्ने वाणीका कल्पनाको अतिरिक्त अन्य कुनै तथ्य प्रमाणपाइँदैन, न अनुभव गम्य छ । परोक्ष भन्दा माथि प्रत्यक्ष, प्रत्यक्ष भन्दामाथि अपरोक्ष हुन्छ । अपरोक्ष भन्दा पनि माथि अरू कुनै केही कल्पना गर्ने हो भने पुनः परोक्षमा उत्रनु पर्छ अथवा माथि-माथि भन्ने कल्पनाको कहीं अन्त्य हुँदैन । यसैले सर्वेसर्वा हृदयस्थ अपरोक्ष चेतन नै हो ।

'ब्रह्म बडा कि जहाँ से आया, वेद बडा कि जिन्ह उपजाया ।।'

(बी.शब्द ११२)

वसिष्ठ श्रेष्ठ विद्या सम्पूरण, राम ऐसे शिष्य शाखा ।।६।।
जाहि रामको करता कहिये, तिनहुँ को काल न राखा ।।७।।
हिन्दू कहैं हमहिं लै जारो, तुरुक कहैं हमारो पीर ।।८।।
दोऊ आय दीन में झगरैं, ठाढे देखैं हंस कबीर ।।९।।

अर्थ– श्री वशिष्ठमुनि सम्पूर्ण विद्यामा निपुण हुनुहुन्थ्यो । तिनका श्रीराम अज रघु आदि जस्ता तमाम शिष्य-यजमान थिए ।।६।। यस्ता मुनि श्रेष्ठ र सबैले जगत्का कर्ता, ईश्वर भनेका श्रीरामचन्द्र जस्तालाई पनि काल-कल्पनाले बाँकी राखेन, ती दुवै खानी-वाणी जालबाट बचेनन् ।।७।। हिन्दू भन्छन्– हामी मूर्दालाई जलाउँछौं । मुसलमान भन्दछन्– हाम्रा पीर गुरुहरूको हुकुम छ– मुर्दालाई गाड्ने ।।८।।

ती दुवै आ-आफ्ना जिद्दी पक्षी आय दीन–समय-समय झगडा लडाइँ गर्दै रहन्छन् । हंस कबीर–विवेकी सन्त तटस्थ रही यो तमाशा हेर्छन् मात्र । सन्त पारखीले के गरुन् ! ती दुवै, भनेको मान्ने होइनन्; यसैले उनी कसैका कलह-झगडामा सामेल भई मुछिदैनन् । अथवा हिन्दू भन्छन्–हामी ब्रह्माग्निमा समस्त द्वैत-भाव जलाई ब्रह्म बन्दछौं, मुसलमान भन्छन्–हाम्रा पीर-इष्टदेव मक्का मदीनामा छन्, उनैले हाम्रा कर्मलाई जलाई भस्म गरिदिन्छन्; हामी जन्नत–स्वर्ग जान्छौं । यसरी एक-दोस्राका विपक्षी बनी-दुवैथरी झगडा-लडाइँ गर्दै रहन्छन् । परन्तु पारखी सन्तको काम हो–दुवैबाट तटस्थ रही, स्वयम्को भावमा शान्त रहनु ।।९।।

अरु– यो शब्दमा निवृत्तिवान् सन्त महन्तहरूका निमित्त शिक्षा गर्नुभएको हुनाले उहाँहरूलाई नै सम्बोधन गरी भन्नुहुन्छ– हे सन्त-महन्त ! तिमी काल–कल्पनाबाट बाँचेकाकै स्मरण-उपासना गर ! ती हुन्–जडदेखि छुट्टै ज्ञानस्वरूप अपरोक्ष चेतन र

पारखनिष्ठ सन्त-गुरु। महात्माहरूले कल्याण-मार्गमा अधिकांश अघि बढी, सर्वथा निवृत्तिपरायण रही, निर्वासनिक स्थिति बनाउनु पर्ने हुनाले उनीहरूका निमित्त यो करो निवृत्तिको निर्णय शिक्षा गर्नुभएको हो।

हुनता दत्तात्रेय गोरखनाथ वसिष्ठ श्री राम आदि आदर्श पुरुष, हिन्दू मात्रका दिव्य विभूति हुनुहुन्थ्यो; तैपनि उहाँहरू पुराण अनुसार ब्रह्मबोधकै स्थितिमा निमग्न रहनुभयो। त्यसदेखि माथि उक्लेर जडलाई चेतनमा नमुछी, हृदय निवासी शुद्ध चेतन अपरोक्ष स्वरूपको बोध·स्थिति नलिनुभएकोले उहाँहरूको पनि यहाँ निर्णययुक्त स्वस्थ समालोचना गर्न गुरुलाई वाध्य हुनुपरेको हो। निवृत्तिपरायण खास मुमुक्षुजनले स्वयम्को महान् कल्याणार्थ सर्वश्रेष्ठ माध्यम पारखलाई नै अँगाली, जड-विषय र भ्रान्ति-कल्पनादेखि पृथक यथार्थ ज्ञानमात्र अपरोक्ष चेतनको -स्थितिमा उक्लेर सत्यको प्रतिष्ठा प्राप्त गर्नु मुख्य कर्तव्य हो।

चुडका–९०

हेसन्त महन्त जन, उही गर सुमिरन; जो छन् काल फाँसरहित ।।टेक।।
दत्तात्रेयजीले मर्म, जानेनन् र परे भ्रम; व्यर्थ साधनामा परेका।
पानी मथी घिउ झिके, सारै परिश्रम- बिके; समाधिमा सम भएका ।।
गोरखले वायु राखन, जानेनन् थे संलग्न; गरे योग युक्ति अडकल।
ऋद्धि सिद्धि धेरै साधे, योग संयम बाँधे; जानेनन् खै ब्रह्म बिलकुल ।।
वसिष्ठजी विद्या श्रेष्ठ- थिए पूर्ण ऋषि जेष्ठ; शिष्य शाखा राम समान।
जुन रामलाई कर्ता- भनी सब भन्थे भर्ता, उनलाई कालले छाडेन ।।
हिन्दू भन्छन् हामी पोल्छौं, मुसलमान भन्छन् गाड्छौं; यही पीर आज्ञा ठान्दछन्।
दुवै दिन लड्छन् वीर, खडा हंस ती कबीर; तटस्थताबाट देख्दछन् ।।

शब्द–९१

तन धरि सुखिया काहु न देखा, जो देखा सो दुखिया ।।१।।
उदय अस्त की बात कहत हौं, सबका किया विवेका ।।२।।

बाटे बाटे सब कोई दुखिया, क्या गिरही वैरागी ।।३।।
शुकाचार्य दुख ही के कारण, गर्भहि माया त्यागी ।।४।।

अर्थ– विजाति जडतत्त्वको शरीर धारण गरी संसारमा सुखी कोही देखिएनन्, जो देखिए सबै दुःखी नै दुःखी देखिए ।।१।। उदयाचलदेखि अस्ताचलसम्म सारा संसारका कुरा भन्छु–सबैलाई विवेक गरी हेरियो, सबैका चालामाला बुझियो; सबै सँधै दु खै दुःखमा सन्तप्त छन्* ।।२।। आ-आफ्ना मार्गमा सबै कष्टित छन्; के गृहस्थ सेठ-सम्राट्, के विरक्त-भिखारी ! ।।३।। संसारमा दुःखै-दुःख देखेर शुकदेवमुनीले माताको गर्भदेखि नै माया-मोह त्यागेका थिए भन्छन् । अथवा मायाको गर्व–अहङ्कार त्यागेका थिए ।।४।।

योगी जङ्गम ते अति दुखिया, तापसके दुख दूना ।।५।।
आशा तृष्णा सब घट व्यापी, कोइ महल नहिं सूना ।।६।।
साँच कहौं तो सब जग खीजे, झूठ कहा ना जाई ।।७।।
कहहिं कबीर तेई भौ दुखिया, जिह्न यह राह चलाई ।।८।।

अर्थ– योगी, जङ्गमादि पनि आ-आफ्नै कल्पित साधनाका आडम्बरमा विशेष दुःखी छन् । तपस्वीहरू स्व-स्व सम्प्रदायकै

---

*– "Here, where men sit and hear each other groan;
Where palsy shakes a few, shed last gray hairs,
Where youth grows pale, and spectre-thin, and dies:
Where but to think is to be full of sorrow.'
—Keats.

संसारमा सबै दुःख दर्दले अस्तव्यस्त छन् । किंचित् मन..चैन पाउने आशाले पराईको सहारा खोज्दा झन् उसकै बडी आर्तनाद सुन्न र उसको पीरमर्का पनि थपिने हुन्छ । यहाँ एकाध व्यक्ति वृद्धावस्थातक बाँचेका हुन्छन्; तर बुढ्याइँमा हातगोडा थर-थर काँपी पक्षाघात भएका समान देखिन्छन् । यहाँ युवकहरू पनि पहेँला अनुहारका ख्याउटे ख्याकजस्ता भएका हुन्छन् । संसार दुःखले यसरी भरिएको छ– कुनै विचारवान्ले पनि यहाँका व्यक्तिमा क्षणमात्र सुख-शान्ति देख्तैनन्, दुःखले त्रस्त देख्तछन् ।

हठ तितिक्षादिका मारमा परी झन् दोब्बर दुःखी छन् ।।५।। लोक परलोक विषय-वासना ऋद्धि सिद्धि आदिका आशा तृष्णाले सबैको हृदय आच्छादित छ, विवेक-विहिनजन कसैको हृदय, आशा-तृष्णादेखि रहित छैन ।।६।।

साँचो कुरा भन्दा जगज्जीव सबै रिसाउँछन्, तर कुट्टो बोली त मबाट निक्लनै सक्तैन ।।७।। गुरु कबीर भन्नुहुन्छ– उनै दुःखी भए, जसले यी भ्रम-कल्पनाका मार्ग निकाले। भूलवश मनुष्य आफैंले अनेक मार्ग चलाए, त्यसबाट आफैं दुःख पाइरहेछन् ।।८।।

अरू– भूलवश महात्माहरू पनि कल्पनाका पुरुष र निराकारको स्थिति चाहन्छन्, तर ती के मिल्थे ! आशा तृष्णामा अल्झी मिथ्या साधनामा परी व्यर्थ कष्ट पाए । साँच्चिका विवेकी वितराग सन्त, उपर्युक्त दुःख तृष्णादेखि रहित, विवेकमा शान्त रहन्छन् । इन्द्रिय मनको निग्रह गरी, सदाचार वैराग्यबाटै ज्यादा काम लिन्छन् । मनोद्रष्टाको विशेष साधना गर्छन् । अधिकांश साधनामा सत्य चेतनको उपलब्धि, सदाचारसम्पन्न स्व-स्थिति नै समावेश गरेका हुनाले कल्याणमार्गमा त्यति साधना नै पर्याप्त छ ।

"तेहि दुःखको तुम सुखहि विचारो, होय विराग जौनि विधि बनता ।।
परम विराग मनहि वशि करि कै, हीय कठोर विषय नहि लसता ।।"

चुडका–९१

देह लिई कुनै जन, देखिएनन् सुखी मन; जति देखें दुखै खाएका ।
प्राच्य दिशा देखि भन्छु, अस्ताचल सम्म गुन्छु; जति देखें कष्टै पाएका ।।
आ-आफ्ना बाटा सबै, दुःख चिन्ता शोक तबै; गृही होउन् चाहे विरागी ।
शुकदेव मुनि पनि, माया जाल दुःखै गुनी; गर्भे-माया दिए निकाली ।।
योगी जङ्गम ती दुःखी, तपस्वी झन् महा दुखी; दूना दुःख खप्छन् ती पनि ।
आशा तृष्णा सबै घट, टम्माटम्मी देख्छु म त; कसी छैनन् कुनै यी पनि ।।
सत्य बोले मार्न भनी, आइलाग्छन् कुट्टो पनि, म बोल्दिन मनै बिलायो ।
वाणी - कबीर गुरु, तिनै अति दुःखी बरु; जसले यो बाटो चलायो ।।

☙

शब्द-९२

ता मन को चीह्नों मोरे भाई, तन छूटे मन कहाँ समाई ॥१।
सनक सनन्दन जयदेव नामा, भक्ति सही मन उनहुँ न जाना ॥२॥
अम्बरीष, प्रहलाद, सुदामा, भक्ति हेतु मन उनहुँ न जाना ॥३॥

अर्थ– ए मेरा भाइ ! त्यो मनलाई चिन, परीक्षा गर; शरीर छुटेपछि मन कहाँ गई मिल्दछ ! मन-मान्यता, कल्पनालाई हृदयमा बाँकी राखी के कसैको कहिल्यै मुक्ति भयो ! विचार गर, के मनले फेरि संसारको दर्शन नगराउँला ! ॥१॥ सनक सनन्दन जयदेव नामदेव आदि मुनि, भक्तहरू त धेरै भए, तर कल्पनामा भ्रान्त बनाउने मनको स्वरूपलाई कसैले जान्न सकेनन् ॥२॥ अम्ब-रीष प्रह्लाद सुदामा आदि पनि कल्पनाकै पुरुषका भक्तिमा मग्न परे, मनलाई कत्ति जानेनन् ॥३॥

भरथरि गोरख गोपीचन्दा, ता मन मिलिमिलि कियो अनन्दा ॥४॥
जा मनको कोइ जानु न भेवा, ता मन मगन भये शुकदेवा ॥५॥
शिव सनकादिक नारद शेषा, तनके भीतर मन उनहुँ न पेखा ॥६।
एकल निरञ्जन सकल शरीरा, ता महँ भ्रमि भ्रमि रहल कबीरा ॥७॥

अर्थ– भर्तृहरि गोरखनाथ गोपीचन्द– सबै उही मनमा मिली-मिली आनन्दित भए॥४॥ जुन मनको आजसम्म जो कोही-ले रहस्य जान्न सकेका छैनन्, उही मनको मान्यता– ब्रह्मको बोध-स्थिति मै शुकदेव मुनि पनि मग्न भए, आनन्दमा परे ॥५॥ शिवजी सनक सनन्दन सनातन सनत्कुमार नारद शेष–आदिले पनि शरीरको भित्र मन छ, त्यही नै कल्पना-मान्यताको स्वरूप हो, त्यसको राम्ररी परीक्षा गरी, त्यसबाट पृथक हुनुपर्दछ भन्ने विवेक गर्न सकेनन् ॥६॥ एकलो निरञ्जन (मन) को जाल नै सारा मानवीय शरीरमा फिंजिएको छ। यही मन र शरीरको चक्रमा बिना पारख जीव सबै भ्रान्त बनी चक्कर काटिरहेछन् ॥७॥

अरू– 'पीपलको जरो सात नदी पार पुगेको हुन्छ' भन्छन्, त्यो त एक उखानसम्म हो । तर मन-मान्यताको जरो चार खानि-चौरासीसम्म पुगेको हुन्छ र यसले जीवलाई सम्पूर्ण खानिमा परिभ्रमण गराउँछ । यसैले आज पनि सबैलाई दुःख दिइरहेछ । शरीर नाश हुँदा पनि यो नासिदैन । अतएव जीवको परम शत्रु, अत्यन्त कपटी, भित्र लुकी रहेको मन-मान्यता नै हो । यो कुनै दृश्य वस्तु भए यसलाई सबैले देख्नेथिए, त्यसदेखि सदा सावधान भई खूब बची-बची काम गर्नेथिए ! तर यो अत्यन्त अदृश्य छ । विवेकद्वारामात्र ज्ञातव्य छ, ठीक-ठीक विवेक नगर्ने व्यक्तिका निमित्त सारै अज्ञात छ । अझ उसमाथि हाम्रै स्वरूप बनी हरेक काम गर्दछ; यसैले यसलाई चिन्न सहसा कसैले सक्तैनन्, कठिन पर्दछ जब हाम्रा पूर्वज आदर्श, वैराग्यवान् एकान्तसेवी, विद्वद्वृन्द, ऋषि मुनि, सन्त- महात्मा योगी-भक्तहरूलाई जड दृश्यदेखि भिन्न, द्रष्टा चेतन स्वरूपको सम्यक स्थिति नहुँदा मन-कल्पनाले रूप बदली-बदली झुक्याई, ठगिरह्यो भने अरू सामान्य व्यक्तिका के कुरा !

अतः यसमा तीक्ष्ण विवेक र सावधानी चाहिन्छ । संसारमा एक छ जड, एक छ चेतन । चेतन अपरोक्ष ज्ञानस्वरूप 'स्व' हो । जड 'पर' हो । चेतन द्रष्टा साक्षी हो, जड दृश्य साक्ष्य हो । (Subject and Object) जान्ने र जानिने मध्ये हामी स्वयम्मा अविचल अखण्ड स्थिर नरही, अरू दृश्यादि जानिने जे-जेमा तथा जहाँ-जहाँका कल्पनाद्वारा उडान भरी अल्झिएतापनि मन-मान्यताकै चक्करमा सरासर पऱ्यौं-पर्नेछौं । त्यो विषय-पदार्थ होस् वा ईश्वर ज्योति अनहदनाद; कहीं पनि मनका कल्पना-मान्यतामा पऱ्यौं कि अल्झ्यौं, बाहिरै पऱ्यौं, खूब भ्रान्त भयौं । जड-चेतन एक मिश्रित ब्रह्म बनेपनि कृत्रिम नै भइयो; स्वयम्

अखण्ड अकृत्रिम रहिएन; ज्ञानमात्रमा पूर्ण अविचल स्थिति भएन। घुमी-फिरी उही मनकै मान्यतामा परियो। अतः समस्त मन-मान्यताको पारख गरी, सबैदेखि पृथक भई, शेष ज्ञानमात्र चेतन-स्वरूप स्वयम्मा स्थिर हुनु; यही हो यथार्थ विवेकको बाटो।

मन घडीको लङ्गर (लङ्गूर) झैं हल्लिइरहन्छ। जब घडीको लङ्गूर बीचमा अडिन्छ, तबै घडी बन्द (शान्त) हुन्छ। त्यस्तै जुन दिन तिमी पनि मनलाई* विषय वासनाबाट विलीन बनाउनेछौ, त्यही दिन आवागमनबाट छुट्टिपाउने, शान्त हुनेछौ। अतएव तिमी त्यहीं बीचमा रहु, पारख गर्दै गर। चटकीले समतूलन (शरीरको भार बराबर) मिलाई डोरीमा हिंडेझैं तिमी पनि संसार-नाट्यशालामा खूब होश राखी हिंड, काम गर; आफू कहीं-कतै कुपथमा नलडियोस्, नटाँसियोस्। बीच द्रष्टाको द्रष्टैमा तटस्थ बनी सर्व व्यवहार बनोस्, यसैमा जीवन-नाटक समाप्त होस्। यतिभए तिम्रो काम बनिहाल्यो, यसका अगाडि अरू लालचमा परेर के गर्छौ !

चुड्का–९२

त्यही मन लाई चिन, देह छुटे पछि मन ! कहाँ बस्छ के मा मिल्दछ ! ।।टे.।।
सनक र सनन्दन, नाम जयदेव कन; भक्ति मन जान्न सकेनन् ।
अम्बरीष र प्रह्लाद, सुदामा जी भक्ति भेद; उनले पनि मन चिनेनन् ।।
गोपीचन्द भरथरी, गोरखादि सिद्ध भरी; उही मन मिली मगन ।
जो मनको भेद कत्ति, सकेनन् क्यै जान्न रत्ती; शुकदेव त्यहीं शमन ।।
शिव नारद सनक, सनन्दनादि शेष; ब्रन भित्र मन देखेनन् ।
यौटै निरञ्जन सबै, शरीरमा वास छ है; जीव त्यहीं भ्रमी रहेछन् ।।

---

*म स्थिर मन र वाणीद्वारा सोमलाई चमस-काठको यज्ञ-पात्रमा हाल्दछु। इन्द्रले मेरा छोराहरूको बुद्धि स्थिर गरी शत्रुहरूबाट शून्य गरुन्। (यजुर्वेद अ० ७ मं० २५)

शब्द-९३

बाबू ऐसो है संसार तिहारो, इहै कलि ब्यौहारो ।।१।।
को अब अनुख सहत प्रतिदिनको, नाहिंन रहनि हमारो ।।२।।
सुमृति सोहाय सबै कोइ जानै, हृदया तत्त्व न बूझै ।।३।।
निर्जिव आगे सर्जिव थापे, लोचन किछउ न सूझै ।।४।।

अर्थ– ए बाबू जीव ! तिम्रो यस्तो संसारी–प्रपञ्चीचाला-माला बनिरहेछ । अज्ञान आसक्ति र कल्पनै-कल्पनाका व्यवहार-मा परिरहेका छौ ।।१।। अब तिम्रा साथमा दिन-दिनको अनुख–मनको झ्याउलो–झन्झट् को खपिरहोस् ! यस्तो त मेरो आचरण, स्थिति होइन ।।२।। सुमृति सोहाय–हिंसा प्रपञ्च समर्थक धर्म-शास्त्रका वचन सबैलाई मन पर्दछ । त्यहाँका प्रमाण दिन सबै जान्दछन्, परन्तु हृदयको वास्तविक कुरा देख्न सक्तैनन् । अर्थात् सबैमा जीव चेतनको निवास छ, हामीलाई जस्तै यिनलाई पनि कष्टहुन्छ, पापको बदला तिर्न-कष्ट भोग्न बाध्य हुनैपर्दछ भन्ने जान्दैनन् ।।३।। ती तिनै कल्पित वाणीका आडमा जडमूर्तिका अगाडि सजीव चेतन पशु पक्षी काटी बलिदिन्छन् । यिनका भित्री बाहीरी दुवै आँखा बन्दभए, कर्तव्य-अकर्तव्य केही देख्न-छुट्याउन सकेनन् ।।४।।

तजि अमृत विष काहेक अँचवै, गाँठी बाँधिन खोटा ।।५।।
चोरन दीह्लों पाट सिंहासन, साहुन से भौ ओटा ।।६।।
कहहिं कबीर झूठे मिलि झूठा, ठग ही ठग ब्यौहारा ।।७।।
तीनि लोक भरपूरि रहा है, नाहीं है पतियारा ।।८।।

अर्थ– हे मानव ! अमृतपान नगरेर किन विष पिउँछौ ! अर्थात् स्वरूपबोध सदाचरण अहिंसा-धर्म पालन गर्न छाडेर कल्पना हिंसादि दुराचारमा किन डुबिरहेछौ ! यिनी आफैंले कष्ट

पाउन होला ! हृदयमा पाप र कल्पनाको कुट्टुरो बाँधिरहेका ।।५।। चोरन दीह्लो–विषय-वासना र भ्रान्ति-कल्पना भरिदिने विवेक-सम्पत्ति चोरिगर्ने वञ्चकहरूलाई र पीतल-पाषाणका प्रतिमादि-लाई भ्रान्त संसारीजन पलङ्ग-सिंहासन बिछ्याई पूजा गर्छन्, साहुन से–हितैषी विवेकी साधु-गुरुदेखि मुख लुकाउँछन् ।।६।।

गुरु कबीर भन्नुहुन्छ–झुट्टावाणी-कल्पना र विषय-वासनामा मिली, यी जीव पनि झुट्टै बनिरहेछन् । वा झुट्टा व्यक्ति झुट्टै-सित मिल्छन्, ठग-ठगैसङ्ग व्यवहार राख्तछन् ।।७।। तीनि लोक–त्रिगुणी मनुष्यमा वाणीजालका कल्पना व्याप्तछन् । यसैले मेरा सत्य वचन प्रति विश्वास गर्ने कोही छैनन् ।।८।।

अरू– मनुस्मृतिमा हिंसा बलि मेधको कहीं विधि छ, कहीं निषेध पनि छ । मानिसलाई उत्तम शिक्षा ग्रहण हुन गाह्रो छ, खराबीतिर सबै शीघ्र चाख लिन्छन्–सहसा प्रवृत्त हुन्छन् । यसैले धेरै मानिस हिंसा-निषेधको पक्ष छाडी, सहसा विधितिरै लाग्नेभए। तर वेदमा मुख्य ऋग्वेद पल्टाउँ–हिंसाकर्मको विधि स्पष्टरूपबाट कहीं पाइँदैन । यसैले यता धार्मिकसमाजले ती बलि यज्ञमा हिंसा गर्ने आदि धेरै त्रुटिको सुधार गरिसक्यो, अहिंसा धर्मलाई अँगाल्दै आइरहेछ र पनि अति धर्मभीरुजन 'देवतालाई पूर्वदेखि दिइ-आएको बलि-पूजा नदिंदा बित्यास पर्छ कि' भन्ने भए लिई, आज पनि त्यो पाप-कृत्यलाई सर्वथा छोड्न सकेका छैनन् ।

पुराण-स्मृतिहरूमा कहीं-कहीं हिंसादिको विधि हुनाले नै यी घातकी क्रिया क्रमशः बढ्दै आज खुल्लमखुल्ला कसाई बगरे र होटलहरूमा निर्धक्कसित निर्दयतापूर्वक जीव मारिइरहेछन् । यही देखेर पछिसम्मको कुरा सोची, गुरु कबीरबाट यो शब्दमा यस्ता कुकृत्यको आलोचना गर्नुभएको हो । अतः यसमा मानव-

मात्रको कर्तव्य हो–'दया, जीव-रक्षा, धर्मसम्पादन, अहिंसाव्रत पालनगर्नु । यो हित-सम्मत राम्ररी सम्झी, पाप निर्दयता कठोरता कुकृत्य अपवित्र-भोजन इत्यादिको सर्वथा त्याग गरी, शुद्ध सच्चा मानव बन्नु, यो मानवमात्रको परम धर्म हो ।

चुडका–९३

बाबू ! यस्तो छ संसार, यही कलि व्यवहार; अज्ञानको मुख्य चाल यो ।
को सहन अब गरोस् ! प्रतिदिन कष्ट भरोस्; मेरो रहन हुँन जाल हो ।।
स्मृति आदि सुहाउँदा, गर्न जान्ने सबै उता; हृदयको तत्त्व बुझ्दैनन् ।
निर्जीवको अघि लगी, सजीव पो मार्ने अघी; आँखा छँदै कत्ति देख्दैनन् ।।

किन अमृत त्याग गरी; विष खान अघि सरी; खोटै खोटा गाँठो बाँढ्छन् ।
चोरलाई पाट खास, सिंहासन दिई वास; विवेकी त देख्तै भाग्दछन् ।।
कबीर त भन्छन् झुट्टा- साथ मिली बस्छन् झुट्टा; ठग साथ ठगै बेपार ।
तिनै लोक जता पनि- दसैको छ पूर्ण बनी; छैन सत्यप्रति पत्यार ।।

शब्द–९४

कहो हो निरञ्जन कौने बानी ।।१।।
हाथ पाँव मुख श्रवण जिभ्या नाहिं, काकहि जपहु हो प्रानी ।।२।।
ज्योतिहि ज्योंति ज्योति जो कहिये, ज्योति कौन सहिदानी ।।३।।
ज्योतिहि ज्योति ज्योति दै मारै, तब कहु ज्योति कहाँ समानी ।।४।।
चारि वेद ब्रह्मा जो कहिया, उनहु न या गति जानी ।।५।।
कहहिं कबीर सुनो हो सन्तो, बूझो पण्डित ज्ञानी ।।६।।

अर्थ– निरञ्जन-निर्दाग अदृश्य ब्रह्मको बानी–स्वभाव (लक्षण) कस्तो छ ? परा पश्यन्ति मध्यमा बैखरी–कुन वाणीबाट उसको व्याख्या गर्छौ ! उसलाई मन बुद्धि वाणीबाट पार छ भनी कसोगरी बताउँछौ, यो कुरा भन त ! ।।१।। ब्रह्मको हात पाउ मुख जिब्रो आदि कुनै अङ्ग र आकार नै छैनन् भन्छौ, ने हे मनुष्य! उसलाई के भनी जप्छौ ! कसोगरी चिन्दछौ–पाउँछौ ? ।।२।।

यदि त्यो ब्रह्मस्वरूप हो; म जीव-ज्योतिको प्रकाशक नै ईश्वर-ज्योति हो, भन्छौ भने; त्यो स्वयम् प्रकाश छ भन्ने र अरूको पनि प्रकाशक हो भन्ने कुरामा प्रमाण के छ ! ।।३।। ज्योति-ज्योति भन्दाभन्दै ज्योतिको कल्पनामै जब शरीर समाप्त हुन्छ अनि त्यो तिम्रो कल्पनाको ज्योति कहाँ रहन्छ ! तिम्रै मनको कल्पना, मनमै विलीन बन्दछ; मन भन्दा भिन्न उसको रूप-रेखा नै छैन ।।४।।

चार वेदका वक्ता जो ब्रह्माजी थिए, तिनले पनि उक्त कल्पित ब्रह्म-ज्योतिको ठीक-ठीक मर्म जान्नसकेनन्। किनभने त्यो कल्पित ज्योतिको धोखाबाट बच्ने र शुद्ध चेतनमा स्थिति लिने, विवेकको सर्वोत्तम उपाय वेदमा कहाँ वर्णन छ! कहीं छैन ।।५।। गुरु कबीर भन्नुहुन्छ—यो कुरा सन्तले सुन, पण्डित र विज्ञजनले बूझ ! अथवा हे सन्त! सुन, यी पण्डित-ज्ञानीहरूका भ्रम कल्पनालाई राम्रोसित सम्झ र ती भ्रम-कल्पना जतिलाई पारख गरी छुट्याई छाड; आफ्नै चेतन पारख स्वरूपमा स्थिर होउ ।।६।।

अरू— 'ध्यानमा भास हुनआउने ज्योतिस्वरूप नै परमतत्त्व हो, प्रकाश स्वरूप परमात्मा ब्रह्म, सतपुरुष हुन्; भनी धेरै मनुष्य यही कल्पनामा भुलेका छन् । यसमा विचार गर्नु—त्यो ध्यानमा भान हुने प्रकाशको ज्योति, उज्यालो हुन्छ; मनोवृत्ति केन्द्रित भएपछि अरू प्रकाश बढ्दै गएको भान हुन्छ । तर ज्योति-प्रकाश भन्ने अग्नितत्त्वका धर्मको आभास हो । हामीले पूर्वमा बाहिर देखेका सूर्य चन्द्र अग्निको प्रकाशको प्रतिभासरूप हो । यसैले त्यो प्रकाशमा अरू पदार्थ देखिदैनन्, सूर्य र बत्तिको प्रकाश सकली प्रकाश हुनाले त्यसमा अन्य सारा दृश्य पदार्थ देखिन्छन् ।

दोस्रो—शरीरभित्र उक्त ज्योति-प्रकाश देखिए तापनि त्यो ज्योति हराएका अवस्थामा र कहिल्यै उक्त प्रकाश-भास नदेख्ने

अरू मानिससमेत बाँचेकै हुन्छन् । तर शरीरमा ज्ञान-गुणसम्पन्न चेतन रहेन भने देह मुर्दा भइहाल्दछ, साथै कुनै प्रकाशको अस्तित्व रहँदैन । यसैले शरीरको सञ्चालक सत्य-सार वस्तु ज्ञान स्वरूप चेतन नै हो, उक्त ज्योति-प्रकाश होइन । त्यो त ध्यान-समय नेत्र गोलकका नसामा जोड परी तानिन्छन् र प्रकाशको भान हुनलाग्छ । अहिल्यै पनि नेत्र-गोलकका किनारामा औंलाले थिचिदिनु, तत्काल प्रकाश देखिनथाल्दछ । कहीं लडियो, ज्यू बज्र्यो, कसैबाट कुटाइखाइयो भनेपनि 'तोरीको फूल देखियो' भन्दछन्; यही हो त्यो प्रकाश ।

वास्तवमा परमतत्त्वलाई परमात्मा ब्रह्म ईश्वर खुदा गड चैतन्य–जे नाम राखेपनि उसको खास स्वरूप हो–केवल ज्ञान; ज्ञानबाहेक उसमा अरू केही छैन । यसैले देहका साथमा यसको द्रष्टा साक्षी परीक्षक जानक ज्ञाता इत्यादि नाम रहेको छ । उसको विशेषणमा प्रकाश-स्वरूप भनिन्छ तापनि त्यो ज्ञान-प्रकाश हो, उज्यालो तेजोमय-प्रकाश होइन । भित्री दृश्य ज्योति (प्रकाश भास) लाई नै परमतत्त्व सम्झीबस्ने सज्जनवर्गले सत्सङ्गद्वारा राम्रो सम्झी, विवेकयुक्त सत्य निष्कर्ष ज्ञानमात्र स्वरूपलाई नै ग्रहणगर्नु परम बुद्धिमानी हो; अन्यथा "म ताक्छु मूढो, बन्चरो ताक्छ घुँडो" भन्ने उखान नै चरितार्थ हुनेछ । अतः सावधान ! गीता पनि गुनौं–

'ज्योतिको पनि त्यो ज्योति, तम देखि परै स्थित ।
त्यै ज्ञान गम्य त्यै ज्ञान, ज्ञेय त्यै हृदयस्थित ।।१३।१७।।

चुडका–६४

लौ त भन ! निरञ्जन, बानी के छ गुनी मन; के गरेर चिन्छौ उसलाई !
हात खुट्टा मुख कान, जिब्रो आदि छैन जान; के भनेर जप्छौ त्यसलाई ।।
ज्योति स्वयम् ज्योति भन्छौ, ज्योतिरूप निधो गर्छौ; त्यो ज्योतिको कस्तो चिह्न छ!
ज्योतिरूप प्रति ज्योति, हत्ते हाल्छौ दिई ज्योति; भन! ज्योति कहाँ मिल्दछ ।

चारै वेद कथन गर्नें, ब्रह्मा थिए जगत् मर्नें; उनले त जानेनन् जाल।
गुरु कबीर भन्दछन्, सुन भाई सन्त जो छन्; बूझ विज्ञ ज्ञानी यो हाल।।

शब्द–९५

को अस करे नगर कोटवलिया, मासु फैलाय गिद्ध रखवरिया ।।१।।
मूस भौ नाव मञ्जारि कँडिहरिया, सोवै दादुर सर्प पहरिया ।।२।।
बैल बियाय गाय भइ बन्झा, बछरू दुहिये तिन-तिमसन्झा ।।३।।
नित उठि सिंह सियार सों जूझै, कबिराका पद जन बिरला बूझै ।।४।।

अर्थ– यस्तो यो संसारको कोटवलिया–प्रहरी-अधिकृत (पुलीस अफिसर) को बनोस् ! जहाँ मासुको बिस्कुन सुकाई कुर्न गिद्ध बसेको छ । भाव हो–कल्पित वाणी सर्वत्र फिंजाई वञ्चक गुरुजन जगत्का रक्षक बनेका छन् ।।१ । मूसोरूपी डुङ्गा-चलाउने माझी–बिरालो बनेको छ । भ्याकुतो सुतेको छ, शर्प पाले छ अर्थात् मनुष्य शरीररूपी डुङ्गा खियाएर जीवलाई पार लगाउने माझी वञ्चक गुरुजन बनेका छन् । जीव भने निश्चिन्त सुतेको छ, उसलाई कल्पित वाणीका शिक्षाको अहंकाररूपी सर्पले पहरा दिइरहेछ ।।२।।

कस्तो अचम्म ! गोरु बियायो, गाई बाँझी–थारै छ, बाच्छो भने दिनमा तीन-तीनबार दुहिन्छ । भाव हो–अविवेकी गुरुजन अनेक कल्पना जन्माउँछन् । तर वाणीरूपी गायत्री आदि मन्त्र जड हुनाले बाँझी छ, कल्पनाबाट जन्मेका ईश्वरादिलाई मानिस त्रि-काल दुहुन्छन् । (उसको विषयमा वाद-प्रतिवाद, अन्वय-व्यतिरेक तथा पूजा-प्रार्थना बरदान-याचना गर्छन्) ।।३।। नित्य उठी सिंह पनि स्यालसित लड्छ, मनन-छलफल, ध्यान गर्दछन् । अविवेकीजनमा कल्पनाको स्वरूपलाई सम्झने बिरलै व्यक्ति हुन्छन् ।।४।।

दोस्रो अर्थ– यस्तो संसारको पुलीस-अफिसर (हाकिम) को बनोस् ! जहाँ धन-धान्य, पुत्र-पत्नी, भोग-विषयादिरूप मासुको बिस्कुन हाली, मन-गिद्धलाई रक्षक बनाएका छन् (विषयी जीव आफू जड डुङ्गासमान बन्दै पानीमाथिको ओभानो बनी, भोगमा आसक्त छन्)। भामिनीलाई आफ्नो संरक्षक-सुखदाता र उद्धारक माझी बनाई, उसकै हँकाईमा स्वयम् हाँकिन्छन्। भोगासक्तजनरूपी भ्याकुताले काम-सर्पलाई पाले बनाई, आफू विषयासक्तिको घोर निद्रामा मस्त छ। गोरु अर्थात् पुरुषको सम्बन्धबाटै सन्तान हुन्छन्, नत्र स्त्री बाँझी नै रहन्छे। पुरुषरूपी बाच्छाहरू मन वाणी कर्म–तीनै प्रकारबाट काम वासनामा दुहिइ-रहन्छन्। यसैले यिनको दश गुण निचरिइरहन्छन्। ती हाड-छाला-मात्रका कङ्काल बन्दछन्। दश गुणहुन्–

ज्ञान हरै, किरिया हरै, बल वीर्य हरै औ लाज।
यश लक्ष्मी कीरति हरै, हरै तप मुक्ति समाज॥ (श्री पूरण सा.)

सिंहरूप जीव सँधै उठी, शृगालरूपी काम वासनाका साथ भिडिन्छ–मारिन्छ। विषयी जीव विषय-वासनावश बारम्बार पद अर्थात् गर्भवासमा मिल्दछ। यो हाल जान्ने कोही बिरलै हुन्छन्। ती मन वचन कर्मबाट सम्पूर्ण विषय-वासना त्यागी, ज्ञान वैराग्यको अभ्यासमा संलग्न रहन्छन्।

चुडका–९५

कसले यस्तो थानेदारी, गरोस् फिंजी मासु बारी; गिद्धहरू बने रक्षक।
मूसो बन्यो डुङ्गारूप, बिरालो भो बोटे खूब; पाहा सुत्छ पाले तक्षक॥
गोरु ब्यायो थारी गाई, दूध भने बाछोलाई; तीन तीन बार दुहिन्छ।
नित्य उठी सिंह लड्न- लाग्यो स्यालसित भिड्न; कबीरको पद को बुझ्छ!

शब्द–९६

का को रोवों गैल बहुतेरा, बहुतक मुवल फिरल नहिं फेरा ।।१।।
जब हम रोया तब तुम नस ारा, गर्भवासकी बात बिचारा ।।२।।
अब तैं रोया क्या तैं पाया, केहि कारण अब मोहि रोवाया ।।३।।
कहहिं कबीर सुनो सन्तो भाई, कालके बशी परो मति कोई ।।४।।

अर्थ– म क-कसका निम्ति रोउँ ! दुःखी बनी चिन्ता शोक गरौं ! यहाँका धेरै-धेरै जीव भ्रामक कालका मुठीमा म-स्किएका छन् । कति विषयासक्तिमा डुबिरहेछन् । तिनलाई भरि-सक्य फर्काउन खोज्दा पनि कोही सम्झदैनन्–टेरै लाउँदैनन् । यसै गरी सबै मरी-मरी गए, आवागमनमा परे ।।१।। हे जीव ! जब मैले श्रापनो सरल हितैषी साधुभावबाट तिमिलाई सम्झाएँ होश दिलाएँ, तव-तब तिमीले मेरा वचनको रत्ती ख्याल राखेनौ, आफूलाई बचाउने, सुखी बनाउने काम गरेनौ । किन्तु उही गर्भ-वासमा जाने बाटो–विषय-कल्पनाकै निरन्तर अति उत्साहका साथ विचार गरिरह्यौ ।।२।।

हेर, आज त्यो मौका चुक्यो; अब रोई कराई के गर्छौ ! बिनसित्ति दुःख पोखी मलाई पनि किन कष्ट र सङ्कोचमा पार्दछौ ! ।।३।। गुरु भन्नुहुन्छ–हे भाइ सन्त ! सुन, उपर्युक्त विषयासक्ति, कल्पनारूपी कालको पासोमा कोही नपर है, नपर ! यी कालबाट बच्यौभने मरण-कालबाट सहजै उम्कनेछौ ।४।।

अरू– कुनै भ्रान्त जीवलाई गुरु कबीरबाट पहिले श्रति सम्झाउनु भएको रहेछ । तर विषयासक्ति-कल्पनारूपी कालले कुतकुत्याउँदा लालचवश त्यहाँबाट भागी वञ्चकका फन्दामा पुगेछ । त्यो फन्दामा रहँदा बस्ता अति सास्ती पाएछ र कतै-बाट शान्ति नपाउँदा अन्त्यमा फेरिफर्की, गुरुका समीप श्राई,

आफ्नो दु:ख पुकारा गरेछ । उसैका प्रति यी शिक्षा प्रयोग गरी, साथै आफ्ना समीपी समाजलाई सावधान गराउनु भएको कुरा यो शब्दबाट झल्कन्छ ।

साधकले प्रतिपल मन-कल्पना, प्राणी-पदार्थबाट सावधान रहनु । नि: स्वार्थी हितैषी सन्त-गुरुका वचन नै मुख्य मन्त्र सम्झी मनन गर्नु, एक कानले सुनेर अर्को कानबाट नउडाउनु । बेलैमा आफ्नो कल्याण-कार्य बनाइहाल्नु; आफ्नो हित-सुधारको सुन्दर सडक यही हो ।

बालकहरू खेलमा मस्तरहन्छन्, कुमार-युवाहरू रमिता, विलासमा व्यस्तछन्; अधबैंसेजति जगत्को प्रगति गर्ने हुँ भन्छन्, तृष्णा परिश्रम लोभ भोग विलासले पुरिन्छन् । वृद्धजति तृष्णा चिन्ता रोग शोक अशक्त लाचारीमा परिरहेछन् । परमार्थको पुरुषार्थबाट हरेसखान्छन् । पूर्व बालक कालदेखि नै अभ्यास परेको हुनाले व्यवहारकै प्रवृत्तिमात्र सम्झिइरहन्छ भने परमार्थ-साधना, बोध-आचरणमा कम्मरकस्ने कहिले हो ! यिनलाई सन्त-हितैषीजनले लाखै सम्झाउँदा पनि कुनै अवस्थामा जाग्ने, कल्याण-कार्यमा कटिबद्ध हुने चेष्टै उठ्तैन, उठेपनि अघि बढ्न सक्तैनन् । बलौटाको बीज उम्री ओइलाई सुकेसमान परमार्थको मलिनु सामान्य अभिलाषै-अभिलाषा रहन्छ, त्यसै खुम्चिएर सुक्छ-मर्छ ।

दुनियाँ भन्छन्– हामी प्रगति गर्ने ह्वौं; लौ गर प्रगति ! तिमी देश-उन्नतिको प्रगति गर वा निजी स्वार्थ सिद्धिको प्रगति गर, प्रगति त हुन्छ, तर मानिस त्यसबाट सुखी हुँदैन । झन् मानसिक अशान्तिमात्र बढ्दछ । विचार गर, मनुष्य प्रगतिको निम्ति हो, कि प्रगति मनुष्यको सुख-शान्तिको निम्ति ! जुन प्रगतिबाट

दुःख चिन्ता बन्धनमात्र बढ्दछ शान्ति निश्चिन्त बनिदैन, त्यो प्रगति भर्सेलै परोस् ! जसोगर्नाले जीवलाई सन्तोष-शान्ति, चिरस्थिति मिल्छ, साँच्चिकै प्रगति त्यही हो ।

तिमी वासनावश जति दौड, जे-जति पाउ, रत्ती शान्ति हुने होइन ! निवृत्तिवान् महा पुरुषहरूको भनाई नै यही छ– 'हरे ! कति-कति प्रगतिवादीहरू प्रगति गर्दा-गर्दै पनि सुख-शान्ति नपाई वाक्क भएर निवृत्तिवान् सन्तका चरण-शरण पक्रे-पक्रनेछन्' । तिमी आफैं विचार गर ! आजसम्म कुनै सच्चा परमार्थ-पथगामी शान्त महा पुरुषहरू सुख-शान्ति मुक्तिको लागि 'प्रगतिवादी संसारीजनका पछिलागेका छन् ? कोही पनि छैनन् । यसैले ती सन्तजन भगुवा र आलसी होइनन्, वास्तविक तथ्य पक्रनेहुन् । सच्चा पुरुषार्थी र परम सुखी हुन् ।

घरमा आगो लाग्दा घरबाट निस्की आगाको तापबाट बच्ने, मोटर आएको शब्द सुनेर बाटोबाट पन्छनेलाई के भगुवा भन्ने ! तिमी नपन्छ, बल्नेछौ, किचिनेछौ ! निवृत्तिवान् सन्तहरू जगत्का उपाधि आपत्ति रोगबाट पन्छिरहेछन्, बन्धनबाट हटिरहेछन्; निजी स्थितिमा सह्मलिरहेछन् । भोगासक्त र कल्पनासक्तजनले आफ्नै मनको कोर्राखाई, नासमझीका तरफ लम्किरहेछन्, साँचो जीवनबाट वञ्चित छन् ।

दाँज! ती आफ्नो साँचो जीवनमा पुगेका महात्माहरू शरीर छुट्ता पनि खुशी छन् । विवेक विहीन जन बाँचेका छन्, स्वस्थ्य छन् र पनि निरन्तर चिन्ता-कमीले कायल छन्, मनमनै रोइरहेछन् । सन्त, व्याधिग्रस्त छन् र पनि किञ्चित् कष्ट मान्दैनन्, आफूमा उपरामता भर्दछन् । दोस्रा–सुस्वास्थ्यमा पनि रन्छन् । अनि शूर, वीर र शान्त-सुखी बन्ने कसको प्रगति

साँचो रहेछ ! के ती सन्तले बेकामका काम गरेका रहेछन् ! दुःखी अभागी हुन् त ! दोस्रा व्यक्ति सुख-चैनमा चुर्लुम्म डुबेका छन् कि ! राम्रो गुन !

अविवेकीजन हजारौं रोग चिन्ता शोक कल्पना भ्रान्तिले ग्रस्त छन्, शिथिल छन्, सबैतिरबाट गए-बितेका, पक्षपातपूर्ण छन्; सबै प्रगतिवादीको चाल यही हो। उता ती सन्तको मुख-मुद्रा हेर, कस्तो निश्चित-शान्त छ ! के त्यस्तो तिमी कहिल्यै बन्न सकेका छौ ? तिमी त दुःखलाई नै सुख सम्झी सोर्न तम्सन्छौ, सुख प्राप्तिको स्वप्न देख्नासाथ उसै फुर्फुरिन्छौ, भुइँमा खुट्टै हुँदैन। सुख-साज छुट्ता मरेतुल्य बनी साह्रै दुःखी हुन्छौ-रुन्छौ । सन्तजन दुःखलाई सदा दुःखै ठान्दछन् र लिन तम्सदैनन्, यसैले उनलाई दुःखले छुनै सक्तैन, सदा स्वरूप-भावमै तृप्त छन्, शान्त रहन्छन् । अतएव सच्चा प्रगतिवादी निवृत्तिवान् सन्त महात्मालाई नै भन्नुपर्छ। यस्तो साँच्चिको प्रगतिबादी बन्ने तिम्रो पनि ठूलो मौका छ, यो अमूल्य सुनौला अवसर नगुमाउनु नै बुद्धिमत्ता हो ।

चुडका–९६

के को लागि रोउँ म त, धेरै मरी गए नि त; फर्केनन् त फर्काउँदा ती ।
जब मैले रोएँ अति, सह्यलेनौ तिमी रत्ती; विचार लियौ गर्भै जाने नि।।
अब ऐले डाँको छोडी, के पायौ खै हात जोडी! रुवाएका किन मलाई !
श्री कबीर भन्छन् हाई, सुन सन्त राम्रो भाई; कालवश नपर आई ।।

शब्द–९७

अल्लाह राम जियो तेरी नाँई, जिह्नपर मेहर होहु तुम साँई ।।१ ।
क्या मुण्डी भूईं शिर नाये, क्या जल देह नहाये ।।२।।
खून करे मिस्कीन कहाये, अवगुण रहे छिपाये ।।३।।

क्या वजू जप मज्जन कीये, क्या महजिद शिरनाये ।।४।।
हृदया कपट निमाज गुजारे, क्या हज मक्के जाये ।।५।।

अर्थ– हे मानव ! अल्लाह र राम भनेका पनि विशेष विभूतिसम्पन्न तिमीजस्तै मनुष्य जीव थिए । यदि भनौला, 'उहाँ त निराकार, बेचून-बेनमून हुनुहुन्छ !' उसोभए तिमी मनुष्य जीवकै विशेषता ठह-यो किनभने तिमीले निराकार-शून्यप्रति पनि कृपा गरी, उसलाई ईश्वर खुदा ब्रह्म बनाई सुरक्षित राखेका छौ । यतिमात्रै हो र ! गोबर माटो ढुङ्गो पानी रूख पोथ्रा झार आगो बतास– सबैलाई ईश्वर, देवताको पदवी दिई यस्तासित पनि प्रार्थनापूर्वक हात जोडी, याचना गरिरहेछौ । यसमा तिमीलाई नै धन्यवाद छ । तिम्रै अधिक महिमा मान्नुपर्छ ।।१।।

क्या मुण्डी–भुइँमा टाउको निहुराई-निहुराई नमाज पढेर के पाउँछौ ! ढुङ्गा-माटाका मूर्ति समाधि कब्रमा निहुरी टाउको जोतेर कसले फल दिन्छ ! भ्यागुता-माछा डुबेझैं पानीमा चोपलिएरमात्र पनि के हुन्छ ! ।।२।। मुसलमानहरू कुरबानी[1] वा जहाद[2] को नामबाट गाई र मुसलमानबाहेक अरू जातिलाई काट्छन्, उनै फकीर, खुदाबन्द (भक्त) भनाउँछन् । नाना दुर्गुण हृदयमा लुकाई राख्तछन् ।।३।।

यस्ताले वजु[3] जप मज्जन[4] र विशेष स्नान आदि गरेर पो के फल हुन्छ ! मसजिदमा शिर झुकाएर के पाउँछन् !।।४।। किनभने दिलमा कपट राखी-राखी (सबमा खुदा छ पनि भन्छन्, फेरि उहीं खुदा बसेको ठाउँ, अरू प्राणीलाई मार्दछन्) यस्ता महा

(१) कुरबानी– बलि (२) जहाद– धर्मयुद्ध (३) नमाज पढनुभन्दा पहिले माटो–पानीले हात-गोडा इन्द्रियहरू शुद्ध गर्नु (४) मज्जन–दोस्रो चौपाईमा साधारण स्नान र स्नान र यहाँ तेल मर्दनसहित स्नान गरी अङ्ग अति स्वच्छ बनाउँछन् भन्ने भाव हो ।

कपटीले नमाज-पूजा पढे-गरेर के काम ! हज्ज मक्का र तीर्थ-धाम को यात्रा-दर्शनबाट के फल पाउँछन् ! ती सबै क्रिया अन्तःकरण शुद्धिका निमित्त हो, हृदयमा विकार भरी, दुष्कर्म गरी-गरी ती क्रियाहरूको फल पाइन्न ।।५।।

हिन्दू बरत एकादशी चौबिस, तीस रोजा मुसलमाना ।।६।।
ग्यारह मास कहो किन टारे, एक महीना आना ।।७।।
जो खुदाय महजीद बसतु है, और मुलुक केहि केरा ।।८।।
तीरथ मूरत राम निवासो, दुइमा किनहुँ न हेरा ।।९।।

अर्थ– हिन्दूले वर्षमा चौबीस एकादशीको दिनलाई पवित्र मान्दछन् , त्यो दिन व्रत बस्तछन् । मुसलमानहरू रमजानको तीस दिन पवित्र भनी रोजा (व्रत) रहन्छन् ।।६।। भन ! बाँकी एघार महीनालाई अशुद्ध बनाई कसले किन पन्छाइदिएका ? खालि एकै महीनामात्र पवित्र कसोगरी भयो ! दिन त सबै बराबर होइनन् र ! ।।७।। यदि खुदा मसजिद मै छन् भन्ने मान्यता गर्छौ भने अरू सारा संसार कसका हुन् नि ! ।।८।। यस्तै रामको निवास मन्दिर र तीर्थमै छ भनी हिन्दूहरू भन्छन् भने सबै प्राणीमा कसले रमण गरिरहेछन् त ! हिन्दू मुसलमान दुवैले यस कुराको विचारै गरेनन् । वास्तवमा राम-रहीम न मन्दिरमा छन् न मसजिदमा छन् ; प्रत्येक प्राणीका घट-घटमा रमिरहेका छन् ।।९।।

पूरब दिशा हरीको बासा, पश्चिम अल्लह मुकामा ।।१०।।
दिलमें खोजि दिलहिमा खोजो, इहै करीमा रामा ।।११।।
वेद कितेब कहा किन झूठा, झूठा जो न विचारै ।।१२।।
सब घट एक एक कै लेखे, भय दूजा के मारे ।।१३।।

अर्थ– हिन्दूका देवताजति 'पूर्वमा छन्, विष्णु पनि पूर्व क्षीरसागर मै हुनुहुन्छ', भन्दछन् । मुसलमानका अल्लाहको पश्चिम–मक्का-मदीनामा मुकाम छ, भन्छन् ।।१०।। हे हिन्दू

तथा मुसलमान हो! आफ्नै हृदयमा खोज, त्यहीं ठीक-ठीक ठम्याई हेर ! अन्तरबाट जो बोलिरहेछ उही करीम* हो, उही राम* हो। यसैलाई जान-मान, बाहिर पानी-पत्थरमा नदौड ! सबै घट-घटमा राम-रहीमको निवास सम्झी, प्राणीमात्रमा दया-मेहर राख ॥११॥

वेद कितेबलाई सर्वथा झुट्टा कसले भन्यो ? झुट्टा तिनै हुन् जो यसको विवेक गर्दैनन् । हिंसा अहिंसा सत्यवाणी कल्पना-वाणीको केही विवेक नगरी, सबै झिगाटँसाईको रूपबाट मान्दै जान्छन् ॥१२॥ हेर, घटप्रति पृथक्-पृथक्, एक-एक चेतन जीवको निवास छ, यो कुरा विवेकबाट सम्झ, सबैलाई एकैमा नमुछ । दोस्रालाई मार्नमा ठूलो भय मान ॥१३॥

अरू– गुरु कबीरलाई वेद-विरोधी हुन् भन्ने सम्झनेहरूले यो बाह्रौं चौपाईमाथि अति गम्भिरतापूर्वक मनन गर्नु योग्य छ । रमैनी एकसट्ठीमा भन्नुभएको थियो "वेदहु केर कहल नहिं करई" । यसबाट पनि यही सिद्धहुन्छ–सार-सत्य कुरा, गोठाले गीतबाट पनि लिइन्छ भने वेद-कुरानलाई सर्वथा झुट्टो मानी उहाँसमान विवेकी सन्त पुरुषबाट कहिले भन्नुहुन्थ्यो ! असत्य-

* अपराध क्षमा गर्ने ईश्वर ।

* परमात्मा सब प्राणीको भित्र व्याप्त छ…। [यजुर्वेद ३३/५२]

Once read thy own breast right,
And thou hast done with fears;
Man gets no other light,
Search he a thousand years,
Sink in thyself ! there ask what ails thee, at that shrine !
– Mathew Arnold

'एक पटक तिमी राम्रोसंग आफ्नै अन्तः करणको अध्ययन गर; हजारौं वर्षसम्म उसले खोजोस् न, मानिसले अर्को ज्योति पाउँदैन । आफ्नै भित्रको मन्दिरमा डुबुल्की लगाई त्यहाँ सोध ! तिमीलाई कुन अज्ञानले कष्ट दिइरहेछ !'

असार कल्पित वाणी र हिंसा, कुकृत्य आचरणहरूलाई त कुन विवेकीले स्वीकार गर्न सक्छन् र ! त्यस्ता वचन जहाँसुकै लेखिएका भएपनि तिनबाट उदास रहनमै कुशल छ ।

जेते औरत मर्द उपाने, सो सब रूप तुह्मारा ॥१४॥
कबीर पोङ्गरा अल्लाह रामका, सो गुरु-पीर हमारा ॥१५॥

अर्थ– संसारमा जति स्त्री पुरुष, भाले पोथी प्राणी छन्, ती सबै तिमीसमानकै चेतन हुन् । सबैलाई आफैंसमान स्वजाति सम्झी "वसुधैव कुटुम्बकम्" को भाव राखी, दया समता उदारतापूर्वक सद् भावनापूर्ण व्यवहार गर्नु ॥१४॥ परन्तु संसारका अबोध मुसलमान भन्छन्–हामी अल्लाहका पोङ्गरा–नूर (अंश) हौं, उनै हाम्रा पीर-परमात्मा हुन् । हिन्दू भन्छन्–हामी राम भगवान्का अंश–सन्तान् हौं, उहाँ नै हाम्रा गुरु-परमात्मा हुनुहुन्छ; इत्यादि कल्पना गर्दछन् । यसैले यहाँ दुइ मार्ग बने,हिंसा र कुरबानी गर्नथाले । यिनमा परस्पर आ-आफ्ना पक्ष लिई लडाई मार-काट चलिरहन्छ । सद्गुरुको पारख बोध नपाउनाले सत्यबाट सबै वञ्चित भइरहेछन् ॥१५॥

Birth of God is the ground of man's soul–Christian Mystic.

देउता वा परमेश्वरको जन्म मानिसका चेतन भूमिकाबाटै हुन्छ । "स्वर्गीय कल्पना पनि पृथ्वीकै द्यौता–मानव मस्तिककै उब्जनी हो । कृष्णलाई जतिसुकै महान् हुन् भन, ती केवल व्यासकै अद्भुत कविता हुन् ।"

–बालकृष्ण सम

चुडका–९७

तो अल्लाह राम बांचे- का छन् तिमी जस्तै मान्छे- थिए जसमा कृपा गर्दछौ ॥टेव॥

के भो भुइँ सिर झुकी, व्यर्थ तीर्थ-पानी डुबी; तुहाएर देह भिजाई ।
घात गर्छौ भक्त बन्छौ, अकिंचन भनाउँछौ; अवगुण भित्र लुकाई ॥
आचमन जप स्नान,, ध्यानादिले के भो जान; मसजिद सिर झुकाई ।

हृदयमा कपट छ, नमाज र मक्का पुग्छ; के फल छ भन मलाई ।।
हिन्दू चौबीस एकादशी, ब्रत मियाँ तीस बसी; रोजा गरी कष्ट काट्तछौ ।
एघार मास कसले, छुटाएका के रसले; एकै मास उत्तम छांट्दछौ ।।
यदि खुदा मसजिद, मए बाँकी संसार त; कसको नि बूझ यी कुरा ।
तीर्थ मूर्ति बीच राम, बास गर्छन् भने जान; न हेर्ने यी दुवै अपूरा ।।
पूर्व दिशा बस्छन् हरि, अल्ला-मिया पश्चिम मरी; भन्छौ रात्रो दृष्टि दिए पो ।
बारम्बार भन्छु रोज, आफ्नै दिल भित्र खोज; यै हो करीम राम भनेको ।।
वेद किताब हो कुट्टो, भन्ने को हो त्यँहो फुट्टो; हेर रत्ती विचार भाई ।
सबै घट एकै एक, जान भय मान देख; बस दोस्रा मार्न डराई ।।
नर नारी जन्मे जति, सबै तिम्रा रूप हुन् तो; दया गर छाड सपना ।
कबीर अल्लाह राम- का ती सब बच्चा जान; तिनै गुरु पीर आफना ।।

शब्द–९८

आव बे आव मुझे हरिको नाम, और सकल तजु कौने काम ।।१।।
कहाँ तब आदम कहाँ तब हव्वा, कहाँ तब पीर पैगम्बर हूवा ।।२।।
कहाँ तब जिमी कहाँ असमान, कहाँ तब वेद-कितेब-कुरान ।।३।।
जिन दुनियाँ में रची मसीद, झूठा रोजा झूठी ईद ।।४।।
साँचा एक अल्लाहको नाम, जाको नइ-नइ करो सलाम ।।५।।

अर्थ– (भ्रामक गुरुजन भन्दछन्–) आउ बाबू हो आउ ! तिमी सबै मेरा मतमा लाग, मैले बताए अनुसार हरिनाम जप ! अरू मायाका–सम्पूर्णप्रपञ्च छाड; यी सबै के कामका हुन् र ! ।।१।। (गुरुवाणी–) हे मुसलमान हो ! तिम्रा उपास्य–आदम*, मामा हव्वा■ तथा पीर पैगम्बरहरू कहाँ लोपभए ! (स्वरूप ज्ञान बिना आ-आफ्ना मजहबकै पक्ष पक्री, आवागमनका झगडामा परे)।।२।। अतएव जमीन–तिम्रो जग्गा-राज्य, आसमान–विहिश्त-स्वर्गादि)लोक र वेद, कितेब कुरानको व्यर्थ मान्यता-आशामा किन अल्झन्छौ ! छाड ती सबै भ्रान्ति ! आफ्नै सकली स्वरूप-तिर फर्क; शान्त होउ ।।३।।

* सृष्टिका प्रथम मानिस । ■ आदमकी स्त्री, जगत् जननी ।

ज-जसले लोकमा मसजिद-मन्दिर बनाई भ्रान्ति र विभेद बढाइदिए, ती पनि भुले, रोजा[×] ईद[■] पनि हिंसा-कल्पना युक्तका काम हुनाले नाहक हुन् ।।४।। एक अल्लाहको नाम साँचो हो, भनी जसलाई तिमी निहुरी-निहुरी सलाम गर्छौ-पाँच वार नमाज पढ्दछौ; त्यो पनि तिम्रै मनको कल्पना हो । तिमी नै सोच; अल्लाह ठूला कि तिनको कल्पना गर्ने मनुष्य जीव ठूलो हो ! ।।५।।

कहुं धौं बिहिश्त कहाँ ते आई, किसके कहे तुम छुरी चलाई ।।६।।
कर्ता किरतम बाजीलाई, हिन्दू तुरुक की राह चलाई ।।७।।
कहाँ तब दिवस कहाँ तब राती, कहाँ तब किरतम किन उतपाती ।।८।।
नहिं वाके जाति नहीं वाके पाँती, कहहिं कबीर वाके दिवस न राती ।।९।।

अर्थ– तिमी नै भन ! बिहिश्त भन्ने कहाँबाट आयो ! यो पनि तिम्रै कल्पना हो । कसका कुरा सुनेर बिहिश्त पुग्न पाउँछु भन्ने ठानी, तिमीले अबोला लाचार पशुका घिच्रामा छुरी रेटेका ह्वौ ! ।।६।। कर्ता किरतम–वास्तवमा कर्ता–तिमी हिन्दू मुसलमानले नै आफ्ना जिब्राको स्वादवश, यो कृत्रिम खुदा-बिहिश्त आदिको खेल रचेका ह्वौ । ईश्वर-खुदाका देन–वेद कुरानको आज्ञा भन्ने आडलिई, स्वयं अत्याचार गर्छौ ! यसै गरी-गरी, यी हिन्दू-मुसलमानले आ-आफ्ना मार्ग चलाएका हुन् ।।७।।

हे हिन्दू-मुसलमान ! जब पहिले–दिन रात पाप पुण्य केही थिएन, त कसले किन कृत्रिम वाणी–वेद कुरान बनाई, पाप पुण्यको मार्ग चलाएका ! किन जीवलाई स्वर्गीय नारकीय बनाएका ! ।।८।। बाबू हो ! यो सम्झ, सबै प्राणीका घट-घटमा रमेका चेतन पुराण-पुरुष नै राम हुन्, रहीम पनि हुन् । यिनको कुनै जाति पङ्क्ति छैन । गुरु भन्नुहुन्छ–उनको शुद्ध स्वरूपमा परिणामी जाति पङ्क्ति रात दिन पाप पुण्य केही छैन । यसैले

[×]ब्रत [■]एक पर्व, खुशीको दिन ।

स्वर्ग नरकको कल्पना गरी, यज्ञ पूजा कुरबानीको बाहानाबाट कुनै जीवलाई नमार, सबैलाई एकैनास आफैंसमान सम्झ, दया-मेह्रबानी* गर ।।६।।

चुडका–९८

आउ बाबू आउ नाम, हरिको नै मेरो काम; अरू छाड सर्ब के काम ।।टेक।।

तिम्रा आदम थे कहाँ, मामा हव्वा तिम्री कहाँ! कहाँ पीर पैगम्बर भए ।
कहाँ तिम्रो भूमी नभ! तिम्रो वेद कुरान त; कताबाट किताब आए !
लोकमा जसले रचे, मसजिद रोजा बसे; कुट्टै ईव हरू तमाम ।
साँचो एक अल्ला नाम- भनी जसमा सलाम- गर्छौ तिमी सँधै यो काम ।

कहाँबाट बिहिश्त त्यो- मन भाइ आएको हो ! कसले भन्दा छुरी चलायौ ।
कर्ता भनी कृत्रिम फेली, बाजी थापे दाउ खेली; हिन्दू तुर्क बाटो बनायौ ।।
तिम्रो दिन कहाँबाट, रात्रि आयो कताबाट ! त्यो कृत्रिम कसले बनाए !
उसको क्यै जाति छैन, श्री कबीर भन्छन् ह्वैन; उसमा त दिन रात के !

★

शब्द–९९

अब कहाँ चलेउ अकेले मीता, उठहु न करहु घरहु की चिन्ता ।।१।।
खीर खाँड घृत पिण्ड सँवारा, सो तन लै बाहर कै डारा ।।२।।
जो शिर रचिरचि बाँधहु पागा, सो शिर रतन बिडारत कागा ।।३।।
हाड जरे जस जङ्गल लकडी, केश जरे जस घास की पूली ।।४।।
आवत सङ्ग न जात सगाती, काह भये दल बाँधल हाथी ।।५।।
माया के रस लेइ न पाया, अन्तर यम बिलारि होइ धाया ।।६।।
कहहिं कबीर नर अजहुँ न जागा, यमका मुगदर माँझ शिर लागा ।।७।।

अर्थ– मरणासन्न व्यक्तिको लक्ष्य गरी गुरु कबीर अरू प्रति उपदेश गर्नुहुन्छ–हे मायाका अनुचर, कुटुम्बका दास, मानव !

---

* That best portion of a good man's life,-
His little, nameless, unrememberd acts
of Kindness, and of love
–W. Wordsworth

असल मानिसको जिन्दगीमा सब भन्दा उत्तम भाग–अज्ञात, अविस्मरणीय दया र प्रेमका स-साना काम हुन् ।

अब तिमी एक्लै कहाँ गयौ ? आफ्ना प्रिय परिजनलाई छाडी किन जान्छौ ? उठ, प्रिय परिवार घर-व्यवहारको फिक्री गर, सँभाल ! ।।१।। जुन शरीरलाई तिमीले नित्य खोर मिश्री घिउ आदि अनेक व्यञ्जन खाई हृष्ट-पुष्ट बनाई स्याहार-सुसार गरी राखेका थियौ, उही प्यारो रत्न-शरीरलाई आज तिम्रै प्रिय पुत्र बन्धुहरूले घरदेखि टाढा बाहिर जङ्गल श्मशानमा लगी फालिदिनेछन् ।।२।।

जुन शिर (माथ) मा अति राम्रा-राम्रा पगरी-फेटा ढाँचा पारी-पारी गुथ्थ्यौ, सुन्दर टोपी वा कपाल-केशकै सजावट बनाई सिंगारिन्थ्यौ, उही शिर-मुकुटलाई आज काग-गिद्ध, चीलहरूले ठुँगी-ठुँगी गिदी छ्यान्न-ब्यान्न पार्नेछन् ।।३।। जङ्गलको दियालो-काठ बलेझैं तिम्रा शरीरका हाडहरू सहसा दन्दनी बल्नेछन् । कपालका रौं त सुकेका घाँस, बाबियाका मुट्ठाझैं पलभरमै झ्वारैं खरानी हुनेछन् ।।४।।

हात्ती घोडा फौज आदि पहिले तिम्रासाथ आएका थिए न जाँदा साथ जाने हुन् ! अतः वैभवको शोभाले तिम्रो के कार्य बन्छ र ! व्यर्थै चिन्ता फिक्री अभिमानको भारीमात्र बटुल्यौ ।।५।। यो भोगौंला, यसो गरौंला भन्ने मनको कुत्रो धोको थियो, आखिर ती मायावी पदार्थको रस कत्ति लिन पाएनौ, जोर-जम्मा, अठोट गर्दागर्दै बिरालोले मुसो च्याप्प पारेझैं मृत्युले झम्टेर प्राण लिइहाल्यो-लिनेछ ।।६।। गुरु कबीर भन्नु हुन्छ–यस्तो अनित्य चोला देख्तादेख्तै पनि मानिस आफ्नो होश सह्माल्दैन । अचानक एक दिन कालको मुङ्रो थाप्लामा बज्रनेछ, होश गर ।।७।।

अरू– शरीरको दशा यस्तै क्षणभङ्गुर हो । पद परिवार ऐश्वर्य आदि दुइ दिनका हुन् । विषय-भोगजन्य सुख-लाभ

प्राप्तिको आशैआशामा सारा जीवन बित्तछ, मनको तृप्ति कहिल्यै हुनेहोइन। यसो गर्दागर्दै एकदिन अचानक जानपरिहाल्दछ। यहाँका प्राणी पदार्थ केही साथ जानेहोइनन्। यहाँको त केवल कर्म-संस्कार, शुभाशुभ वासना नै साथ जानेहुन्। पछि सम्मुख भई भोग हुनेछ। त्यस बखत झन् कष्ट हुनेछ। यसैले आजै होश सह्माल, आफ्नै कल्याणको फिक्रीगर। सकेसम्म यही जीवनमा निर्वासनिक स्थिति बनाइहाल। त्यति नभएपनि कम्तिमा धर्म भक्ति विवेक उपरामता आदिको शुद्ध संस्कार त बनाउनैपर्छ।

चुडका-९९

अब एक्लै मेरा मित्र, कहाँ गयो यो विचित्र! उठ फिक्री गर घरको ।।टेक।।

खीर घिउ चीनी खाई, देह पुष्ट पार्थ्यौ भाई; बन्यो लाश फाले तिरै तीर।
जुन माथ रचे यत्न, फेटा गुथ्थ्यौ शिर रत्न- फोरी कौवा छर्छन् दसतिर ।।
हाड बल्छन् काठ सरी, केश घाँस जस्तै गरी; बल्छन् आखिर भस्म भएर।
आउँदा न साथ हुने, जांदा न त साथै जाने; के भो सेना हात्ती बाँधेर ।।
मायाको त्यो रस भोग, वर्थै लिन नपाई सोख; बिरालो झैं यम झम्टन्छन्।
श्री कबीर भन्छन् नर, लौन चेत आज तर; यमको त्यो लाठो बज्रन्छ ।।

शब्द–१००

देखहु लोगा हरि केर सगाई, माय धरि पूत धियउ सङ्गजाई ।।१।।
सासु ननद मिलि अचल चलाई, मँदरिया के गृह बैठी जाई ।।२।।
हम बहनोई राम मोर सारा, हमहिं बाप हरि पुत्र हमारा ।।३।।
कहहिं कबीर ये हरि के बूता, राम रमे ते कुकुरि के पूता ।।४।।

अर्थ– हे संसार-प्राणी ! विवेक गर, हरि-मायाले आफ्ना अधीनस्थ जीवको अनौठाको विवाह गराइरहीछ, आमाको साथ छोराले र छोरीको साथ बाबुले विवाह गरेका ! कस्तो घृणीत व्यवहार ! भाव हो–पुत्ररूपी अबोध जीव कल्पित वाणिरूपी माया–मातामै आसक्त भयो। दोस्रो–पितारूपी जीव, आफ्नै

धी–अविवेकी बुद्धिरूपी छोरी साथलिई क्रिया गरिरहेछ । अर्थात् अविवेकयुक्त बुद्धिका साथ जीव वाणी-मायाको चक्करमा पर्‍यो ।।१।। सासु ननद–गुरु शिष्य दुवै मिली, अचल–ब्रह्मको सिद्धान्त चलाए । ब्रह्म प्रतिपादक रोचक वाणी सुनी-सुनी मँदरिया–मदारीरूप भ्रामक गुरुजनका सङ्गतमा जगज्जीव गई बस्नलागे । उनैका शिक्षा-दीक्षा सुनी भ्रम-कल्पनामै मदारीको बाँदरझैं नाचिरहेछन् ।।२।।

हम बहनोई–तब ती भन्नलागे–म विकारलाई हनन् गर्ने, सबैको भार बहन गर्ने, तारने अद्वैत ब्रह्म हुँ, सर्वत्रपूर्ण एक आत्माराम नै मेरो सार सिद्धान्त हो । तथा म पिता हूँ, मबाटै हरिरूप ज्ञान पैदा भएकोले मेरो पुत्र हो ।।३।।

गुरु कबीर भन्नुहुन्छ–मन माया कल्पनामा भुलेका भ्रान्तजनको यो अद्वैत–जड चेतन मिश्रितवाद उपदेश गर्ने बूता–एक साहसमात्र हो । अद्वैत ब्रह्म अर्थात् राममा जो रमण गर्न चाहन्छन् ती कल्पित वाणिकै पुत्र (दास) हुन् । अर्थात् यी सबै वाक्य-जालमात्र हुन् ।।४।।

अरू– सद्गुरु कबीरसाहेबका दृष्टिमा जड चेतन दुवै पदार्थको अस्तित्व यथार्थतः नित्य छ । जड भन्दा सर्वथा पृथक् अपरोक्ष शाश्वत चेतन-आत्मा रमैआराम ज्ञानस्वरूप मैं हुँ भन्ने बोध अति पुष्टरूपबाट अनुभव भई, स्वयम् ज्ञानमात्रको स्थिति भएको हुनाले यही स्वरूपमा उहाँको सतत सहज समाधि अविचल स्थिति थियो र उही बोध-निष्ठाको उद्गार गर्नुभएको हो । यसैले उहाँलाई मिश्रितवाद स्वीकार हुन नसकेको हो ।

तात्पर्य–जन्म-मरणबाट छुट्न, मुक्त हुन सबै चाहन्छन् । तर बिना विवेक ब्रह्म बृहत्-व्यापक भन्ने वाणीको प्रलोभनमा

परी, उही मिश्रितवादमै फालहाल्दैछन् । अतएव यहाँ विवेक गर्नेको अति आवश्यकता छ । बन्धन पनि आफ्नै स्वरूप भएपछि म ब्रह्म हुँ भन्दैमा मुक्ति कसरी हुनु ? यसैले उहाँ द्रवीभूत हुनुभई हामीलाई यो व्यापक मिश्रितवादबाट उकास्न अनेक उदाहरण दिई प्रबोध गर्नुभएको हो ।

यो शब्दमा पनि छोराले आमालाई पक्र्यो, बाबुले छोरीलाई समात्यो, सासु-नन्द मिली घरमा कब्जा गरे, इत्यादि बाह्य दृष्टिमा विलक्षण रूपक सम्मुख गराई, हाम्रो बुद्धिलाई विस्मयमा लगी, अनि सिद्धान्त बताउनु भएको छ; जो माथि अर्थमा बिस्तार-वर्णन भयो । वास्तवमा जगत् प्रवाहरूप अनादि अनन्त द्वैतरूप छँदैछ । मिश्रितवाद वाणीकै कल्पनामात्र हो । जो कल्पनामै रङ्बङ्गिइरहन्छ, त्यो मायाको दास हुँदै हो ।

चुड्का–१००

हेर जन व्याह हरि, छोराले हात्पात गरी; आमा पक्र्यो छोरी साथ गै ।
सासु नन्द मिली अचल, चाल चलाएर अमल; बसे मदारीका घर मै ।।
भिनाजु म हुँ साला- राम भए सालाखाला; मै हूँ पिता हरि पुत्र हुन् ।
कबीर ल ! यो हरिको, ह्याउ हेर छ कत्तिको; राम रम्ने श्वान पुत्र हुन् ।।

✲

शब्द–१०१

देखि देखि जिय अचरज होई, यह पद बूझै बिरला कोई ।।१।।
धरती उलटि अकासै जाय, चिउँटी के मुख हस्ति समाय ।।२।।
बिना पवन सो पर्वत ऊडे, जीव जन्तु सब वृक्षा चढे ।।३।।
सूखे सरवर उठे हिलोरा, बिनु जल चकवा करत किलोरा ।।४।।
बैठा पण्डित पढे पुरान, बिनु देखेका करत बखान ।।५।।
कहहिं कबीर यह पदको जान, सोई सन्त सदा परमान ।।६।।

अर्थ– दुनियाँको चालामाला देख्ता यो मन छक्कपर्छ । यह पद–चेतन पारखपदको विशेषता मानव-जीवनको महत्त्व

सम्झने संसारमा बिरलै व्यक्ति होलान् ।।१।। धरती–पृथ्वीका जीव स्व-विवेकबाट उल्टेर अकासै–ब्रह्माण्ड (सहस्रार वा माथि शून्य लोक) मा जानखोज्दछन् । चिउँटी के मुख–कल्पित वाणीको मान्यतामा हस्ति–महान् चेतन जीव पसिरहेछन् ।।२।।

बिना पवन पर्वत ऊडे–विवेक-बिना हिन्दू मुसलमान (इसाई) आदि महान्-महान् धर्मसंस्थाका व्यक्ति कल्पित स्वर्ग-सुखकै आशामा उडिरहेछन्। जीव जन्तु–ज्ञानी योगी-जति स्वर्गको लालच छाडी, ब्रह्म-बोटमा चढ्न तरखराई, वाणीका खुडकिला चढ्दैछन् ।।३।। सूखे सरवर–खाली रित्तो ब्रह्म-तलाउको, उठे हिलोरा–अनुभव-तरङ्ग, केवल वाणीका विलास उठिरहेछन् । बिनुजल–नभएका वस्तु ब्रह्म-प्राप्तिको प्रमोदमा, बिना विचार मानिस सहर्ष कल्लोल गरिरहेछन् ।।४।। विद्वद्वर्ग बसीबसी पुराण-पोथी पढ्छन्; अदेख बिना अनुभवका कुरा स्वर्ग-सुख, ब्रह्म-निर्वाणको महिमा र नर्कको भय बढाई-चढाई आफ्नै आँखाले देखेझैं गरी बयान गर्दछन् ।।५।। गुरु कबीर भन्नुहुन्छ–यो मनुष्यपद र पारखपदको महत्त्व सम्झी शुद्ध चेतन अपरोक्ष आफैंमा जो स्थिर भएका छन्, तिनै महात्मा सदा आदर्श र प्रामाणिक श्रध्देय हुन् ।।६।।

दोस्रो अर्थ– यो जड चेतनयुक्त विचित्र-विश्व देख्ता, सहसा मनुष्यका मनमा विस्मय उत्पन्न हुन्छ । यसैले यसको रचना गर्ने एक कुनै सर्व समर्थ परमात्मा अवश्य होलान् भन्ने सन्देह उठ्नु स्वाभाविकै कुरा हो । हुनपनि यहाँ अनेक वृक्ष फल फूल पात धातुका खानि, समुद्र सूर्य चन्द्र ताराहरू छन् । 'अवश्य यिनलाई कसै न कसैले बनाएकै हुनुपर्छ, नत्र ती सबै कताबाट आउँथे ?' यस्तो सम्झनेहरू धेरैछन् । परन्तु यो

सबैको यथार्थ निर्णय बिरलैले गरेका हुन्छन् । वास्तवमा जड तत्त्व परस्पर पृथक्-पृथक् छन् । चेतन पनि अनेक छन्, सर्वथा छुट्टाछुट्टै छन् । यी जड-चेतन दुवै अनादि स्वतन्त्र पदार्थ हुन्, अनन्त कालसम्म रहिरहन्छन् पनि । यिनकै विलक्षण गुण-धर्मबाट जगत्को विलक्षण स्थिति भइरहने पनि अनादि नियम हो ।

प्रत्यक्ष यी–पृथ्वी जल अग्नि वायु र अनेक अविनाशी चेतन जीव छोडेर जगत्का कारण-कर्ता अरू कुनै होलान् भन्ने मान्नु त्यस्तै हो–जस्तो पृथ्वी पर्लक्क पल्टेर आकाशमा मिल्नु, कमिलाका मुखमा हात्ती पस्नु, बिना बतासै पर्वतसमूह भुर्र उड्नु, तिनका साथै उडिएला कि; उड्नु नपरोस् भनी स-साना कीराहरू रूख चढ्नु, सुक्खा तलाउमा लहर उठ्नु, बिना पानीकै चखेवा पक्षी रमाउनु कल्लोल गर्नु ।

पण्डितहरू बसी-बसी कथा पुराण भन्दछन्, अदेखका (लेखेकै भरका) कुरा आँखैले देखेझैं गरी, फुर्माई-फुर्माई व्याख्यान गर्दछन्– ब्रह्माले सृष्टि रचे, कहीं शिवले रचे, कहीं देवीले रचिन् । अथवा निराकार ईश्वरले सबै बनाए, बनाइरहेछन्; ब्रह्म नै जगत् बन्यो विराट् स्वरूप नै ब्रह्म हो, अर्को एउटा सबैभन्दा माथि परात्पर छुट्टै परमात्मा छ–इत्यादि ।

गुरु कबीर भन्नुहुन्छ–अनादि जड-चेतनका विभिन्न गुण धर्मबाट जगत्को स्थिति सनातन विद्यमान छ भन्ने विवेकबाट राम्ररी सम्झ । कल्पना-भ्रान्तिरहितका पुरुष नै आदर्श महात्मा हुन्, यस्तै सन्तका वचन प्रामाणित हुन्छन् ।।६।।

अरू– पौराणिकहरूले मायालाई अनादि भनीकन पनि यता यो विश्व-सृष्टिलाई युग-युगमा प्रलय भइरहने, पूर्वकल्पसमान नवीन सृष्टि हुँदै जाने हो पनि भन्छन् । तर विज्ञानीहरूका शोधबाट यही पृथ्वीमा जन्तुहरूका लाखौं वर्ष पुराना हाडहरू र जमीनबाट करोडौं

वर्ष पुराना धातुहरू निस्के भन्छन्, पत्थर पनि करोडौं वर्षमा हीरा बन्छ भन्दछन् । यी सबै कथनको निष्कर्षबाट यो समस्त संसार नै प्रवाहरूप अनादि हो भन्ने पारख सिद्धान्तकै तथ्य सिद्ध हुन आउँछ । बीज-वृक्ष, कर्म-देह आदिको परस्पर उभय सम्बन्धबाट बन्ने हुनाले पनि जगत्को अस्तित्व अनादि हो, कहिल्यै-कसैबाट बनेको होइन । यो भौतिक विश्व अनन्त कालसम्म रहि-रहन्छ । जीव-सृष्टि अनादि हो तापनि जीवकै भूलबाट कायम रहँदै-चल्दै आएकोले भूल-निर्मूल भएपछि क्रियमाणकर्म बन्दैन, प्रारब्धकर्म-भोगबाट सकिन्छ । सञ्चित कर्म, बोध-वैराग्यबाट दग्ध हुन्छ र अनि जीव-सृष्टि बन्न सर्वथा बन्दहुन्छ । चेतन जीव सदाको लागि शान्त हुन्छ ।

पृथ्वी के मा रोकिएको छ ? हात्तीमा वा शेषनागमा । ती के मा रोकिएका छन् ? कछुवामा. . . . । आखिर कहीं न कहीं पुगेर स्वयम्को सत्ताबाट रोकिएको छ भनी मान्न करै आग्छ भने स्वयम् पृथ्वी नै आफ्नै सत्ताबाट रोकिएको छ भनी यहीं विराम लिनमा के हानी ? सूर्य चन्द्र ताराहरू केमा रोकिएका छन् ? कुनै टेकाले अडयाएका छन्, कि केहीमा ठुण्डिएका छन् ? निराधार आफ्नै सत्ताले होइन र ! यस्तै यो पृथ्वीलाई पनि कहीं पुगेर आखिर अनादि भन्न करै लाग्छ भने साँचो कुरा बुझेर स्वीकार गरी, यहीं यही जगत् अनादि हो, कहिल्यै आरम्भ भएकै होइन, निराधार-अडेको छ भनी अङ्गिकार किन नगर्नु ?

जो आदि र अन्तमा नभइकन पनि बीचमा देखिन्छ, त्यो माया-भ्राँति हुनसक्तछ । विवेकबाट ती भौतिक पदार्थ हुन् भने तिनलाई कार्य भन्नुपर्छ । आभासमात्र हुन् भने स्वप्न-जगत्, मनका कल्पना र सीपी-चाँदीसमान असत्य हुन्छन् । जीवसृष्टि अनादि हो तापनि ज्ञान वैराग्यबाट त्यसको अन्त्यहुन्छ भन्नेकुरा

युक्तियुक्त सिद्ध छ । बाह्य जगत् आदि हो भन्नलाई, यो सृष्टिको रचना हुन विवेकबाट सुहाउँदो कुनै मूल कारण चाहिन्छ, भरपर्दो कारणको अभाव हुनाले जगत् आदि र प्रलय हुने ठहर्दैन । चार तत्त्वका-क्रिया मेल शक्ति धर्म गुणहरू ती तत्त्वका स्वरूपबाट कहिल्यै नछुट्टिने, ननाशिने हुनाले सदासर्वदा यस्तै गतिशिल बन्ने-बिग्रने भई नै रहन्छ । इत्यादि प्रमाणबाट यो जगत् प्रवाहरूप अनादि हो, अनन्तसम्म रहन्छ पनि ।

चुड्का–१०१

देखी देखी उदेक लाग्छ, पद बुझ्ने जति जाग्छ; बिरला नै हुनन् यस्ता जन ।
भूमि उल्टी अकास गए, कमिलाका मुखमा ए; हात्ती हेर भित्र पसेछन् ।।
बिना वायु पहाड उडे, जीव जन्तु रूख चढे, यसैबाट छुट्न आँटेका ।
सुखा ताल लहर उठ्छन्, चखेवा त्यं क्रीडा गर्छन्, अति खुशी भई नाचेका ।।
पण्डित पुराण पढ्छन्, थरी थरी फुर्का भर्छन्, अदेखका व्याख्या गर्दछन् ।
श्री कबीर भन्नुहुन्छ, यही पद जो त गुन्छ, तिनै सन्त प्रामाणित छन् ।।

शब्द–१०२

हो दारीके लेदेउँ तोहि गारी, तैं समुझि सुपन्थ बिचारी ।।१।।
घरहुक नाह जो अपना, तिनहुँ से भेट न सपना ।।२।।
ब्राह्मण क्षत्री बानी, तिनहुँ कहल नहिं मानी ।।३।।
योगी जङ्गम जेते, आपु गहे हैं ते ते ।।४।।
कहहिं कबीर एक योगी, वो तो भरमि भरमि भौ भोगी ।।५।।

अर्थ– हे दारी–बहु पतिरता ! (अनेक इष्ट-सिद्धान्तका प्रेमी जीव !) लौ, लाउ ! तिमीलाई गारी–निचोरेर सबैको सार सिद्धान्त बताइदिन्छु, सुन ! तिमी स्वयम् ठीक-ठीक सम्झी सत्यपन्थमा विचारपूर्वक लाग । स्व-स्वरूपको विवेक नै कल्याण-को सर्वोत्तम मार्ग हो ।।१।। आफ्नै हृदय-मन्दिरका पति, जो अपरोक्ष चेतनदेव छन्, तिनीसित तिमीले स्वप्नमा पनि भेट

(अनुभव) गरेनौ ! अर्थात् तिमी आफूलाई शरीर दास अल्पज्ञ कठपुतली अंश आभास वा परिपूर्ण इत्यादि मानी-मानी बाहिरबाट अर्कै पति पाउने आशामा र व्यापक बन्ने कल्पनामा भुलिरह्यौ । 'हृदयको चेतन देउता मै हुँ, यही सर्वेसर्वा हो' भन्ने यो कहिल्यै पारख गरेनौ ।।२।।

ब्राह्मण क्षत्रीय वैश्य–यी पनि हामी नै ठूला हूँ भन्छन्, यिनलाई कल्पित वाणी नै रुचिछ । यसैले यी विवेकी सन्तका सत्य वचन पनि मान्दैनन् ।।३।। योगी ज़ङ्गम आदि जे जति भेसधारी छन्, सब आ-आफ्नै सिद्धान्त सत्य-ठीक हो भन्ने अहङ्कारमा गम्कन्छन् । होशपूर्वक विनम्र बनी, सत्यको पारख गर्दैनन् ।।४।। गुरु कबीर भन्नुहुन्छ–षट्दर्शनीमा जो एक योगी छन्, ती त झन् हठयोगका क्रिया बिनसित्तिको झन्झट-झ्याउलामा अल्झी दुःखकै भोगी बनिरहेछन् ।।५।।

अरू– बाहिर कहीं कुनै कर्ता सर्वेसर्वा भगवान् ब्रह्म खुदा छन् भन्नु, मनको एक भ्रान्त-धारणामात्र हो । उनका लक्षण ग्रन्थहरूले बताउँछन्–आकारै नभएका, गुण-धर्मरहितका अकथ अलौकिक अनिर्वचनीय.........। विचार गर ! यस्तापनि कुनै पुरुष होलान् भन्नु त हामीले विवेकलाई बट्टामा बन्दगरी ताल्चा लगाएको ठहर्दछ । वास्तवमा ती मनका मिथ्या कल्पनामात्र हुन् । हृदय निवासी यो शरीरको सञ्चालक, चेतन नै सर्व श्रेष्ठ हो । यहाँ गुरु कबीरको भनाई हो–यही चेतन सत्य सार हो, यही घरको मालिक हो, यसैलाई खोज । यसलाई भेट्टाउनासाथ तिमी निर्भ्रान्त निहाल भयौ, परम तत्त्व स्वयम्मा आफ्नो स्थिति सह्माली, सदाको निमित्त शान्त हुनेछौ ।

चुड्का–१०२

हे बहु पति - रता, निचोरेर सार म ता; बताउँछु सबैको अन्त ।
तिमी सम्झ अति राम्रो, यही काम नित्य हाम्रो; कल्याणको पक्क सुपन्थ ॥
घरका जो आफ्ना स्वामी- सित सपनामा पनि; कुनै दिन भेट भएन ।
ब्राह्मण र क्षत्री वैश्य, यिनी पनि त अवश्य; शिक्षा मान्ने कोही भएन ॥
छः दर्शनी योगी जङ्गम, आफ्ना आफ्नै मानीसुगम; त्यहीं त्यहीं फूली मग्नछन् ।
श्री कबीर भन्नु हुन्छ, ती मध्यको योगी जुन्छ; भ्रमी भ्रमी भोगी भए छन्॥

शब्द–१०३

लोगा तुमहीं मति के भोरा ॥१॥
ज्यों पानी पानी मिलि गयऊ, त्यों धूरि मिला कबीरा ॥२॥
जो मैथिलको साँचा ब्यास, तोहर मरण होय मगहर पास ॥३॥
मगहर मरै मरै नहिं पावै, अन्तै मरै तो राम लजावै ॥४॥

अर्थ– हे महा मानव ! तिमीलाई के भनौं ! तिमीहरू नै बुद्धि विहिन बेहोशी बनिरहेछौ ॥१॥ सबैको शरीर जड चार तत्त्वका कार्य हुनाले आखिर ती सबै आ-आफ्नै तत्त्वमा मिलिहाल्दछन् । तर पानीमा पानी मिली एक भएसमान, कबीरा– संसारी जीव सारा मरी-मरी धुलैसरि चार खानिमा परी, यत्र-तत्र मिल्केर बेकम्मा भइरहेछन् । तिनमा सार सत्य वस्तु, चेतन जीव पनि नाशहुन्छ भन्ने ठानेका छौ; होइन, ऊ त कदापि नाशहुने होइन । यसको विषयमा अरू व्याख्या सुन ! ॥२॥

(कुनै तेरहुती पण्डितलाई सम्बोधन गरी भन्नुहुन्छ–) जो तिमी साँच्चिका मैथिली व्यास (पण्डित) ह्वौ र तिमीमा चेतन स्वरूपको महत्त्व, यथार्थ ज्ञान छ भने तिम्रो मरण मगहरकै आसपास हुनुपर्छ । अर्थात् ज्ञान वैराग्य सदाचारयुक्त रही-रही शरीर त्याग हुनेछ ॥३॥ मगहर–ज्ञानमार्गमा मर्नेले फेरि मर्नु-

* मिथिलापुरी – जनकपुरका ब्राह्मणहरू प्रायः विद्वान् हुन्छन् ।

पर्दैन-मुक्तहुन्छ । अन्तै मरे तो–स्वरूप स्थितिरहित खानी-वाणीको अध्यासयुक्त काशीमें मरेपनि राम लजावै–जीवलाई त्यसले धोका दियो । ऊ सम्भन्छ–'तीर्थले तारिदेलान्' तर यथार्थमा आसक्ति-कल्पनाले नभर्माई के छाड्थे ! ।।४।।

मगहर मरे सो गदहा होय, भल परतीत राम सो खोय ।।५।।
क्या काशी क्या मगहर ऊसर, जो पै हृदय राम बसै मोर ।।६।।
जो काशी तन तजै कबीरा, तो रामहि कहु कौन निहोरा ।।७।।

अर्थ– 'मगहर* वा मगधदेशमा मर्नेजति गधा हुन्छन्' भन्नेहरूले रामको चिन्तन, रामकाप्रति श्रद्धा, प्रतीति राम्रैगरी गुमाए । यिनले ज्ञानको महत्त्व कत्ति बुझ्न सकेनन् ।।५।। कुन काशी, कुन मगहर, कुन ऊसर भूमि ! कहीं शरीर छुटोस्न, यदि हृदयका रमैयाराम चेतन स्वरूपमै दृढ लक्ष्य छ भने, ती सदा मुक्तै छन् ।।६।। 'काशीमा गई शरीर छाडेमात्र मेरो गति होला' भन्ने अध्यास छ भने यस्ता व्यक्तिलाई 'रामको बोध कहाँ भयो ! यिनले ज्ञानको महत्त्व नै जान्नसकेनन् ।।७।।

अरू– दुनियाँ सम्झन्छन्–'काशी आदि तीर्थ-धाममा शरीर छुट्ने व्यक्तिको गतिहुन्छ, मगहर वा मगधदेशमा शरीर छुटे अगति परिन्छ ।' के त, ती मगहर–मगधदेश-निवासी धर्मात्मा, ज्ञानीजनको ज्ञान र काशी आदि तीर्थका निवासी पापात्माको अज्ञान-पापाचार निष्फल हुन्छन् त ? कदापि हुँदैनन् । जीवलाई सुख-दुःखादि सबै उसका आपना कर्म-वासनानुसार नै हुँदै रहन्छन् । ज्ञानीको शरीर कहीं छुटोस्, ठाउँले केही गर्दैन, हृदयको भाव नै फलदायक हुन्छ । जब काशीका अधिपति शिवजी, अयोध्याधीश

---

* मगहर भन्ने उत्तर प्रदेश, भारत बस्ती जिल्लाको एउटा सानो शहर हो । भन्छन्-यहीं गुरु कबीरले कलेवर छाड्नुभएको थियो ।

श्री राम, मथुरा-द्वारकाका स्वामी श्री कृष्णचन्द्रादिले पनि आ-आफ्ना कर्मको फल भोग्न बाध्य हुनुपर्‍यो भने तिनका जन्मभूमिमा गई शरीर त्याग्दैमा के ती सोझै मुक्ति होलान् र ! यो कुरा राम्ररी विचार गर्नु अनिवार्य छ ॥७॥

तनुं त्यजति वा काश्यां, स्वपचस्यु गृहे ऽ थवा ।
ज्ञान संप्राप्ति समये, मुक्तो ऽ सौ विगताशयः ॥
'ज्ञानीको देह जो छुट्छ, काशी वा नीचका घर ।
ज्ञानका साथ मल् छुट्छन्, मुक्त हुन्छ सरासर' ॥

चुडका–१०३

भाइ ! आफैं भोर पर्‍यौ, बुद्धि भ्रमी सिल्ली भयौं; विचार गर सम्झ यी कुरा टे.
जस्तो पानी पानी बीच- मिल्छ त्यस्तै धुलै बीच- मिले कठै ! कबीर खास ।
जो मैथिली पण्डित सच्चा- भए मृत्यु तिम्रो पक्का; हुनेछ है मगहर पास ॥
मगहर मरेका को, फेरि मृत्यु हुन्न अर्को; अन्तै मरे राम लज्जित ।
मगहरै मरे गधा- हुन्छ, भन्छन् अज्ञ सदा; रामजीको छुट्छ प्रतित ॥
के काशी के मगहर, निरन्तर राम तर; हृदयमा मेरो भए त ।
जो जीव ले काशी शरीर– छाड्नै पर्‍यो भने कबीर; रामजीको वास्ता के को त!

O

शब्द–१०४

कैसे तरो नाथ कैसे तरो, अब बहु कुटिल भरो ॥१॥
कैसी तेरी सेवा पूजा कैसो तेरो ध्यान, ऊपर उजल देखोबगु अनुमान ॥२॥
भाव तो भुजङ्ग देखो अति बिबिचारी, सुरतिसचान तेरी मति तो मंजारी॥३॥
अति रे बिरोधी देखो अति रे सयाना, छौ दर्शन देखो भेष लपटाना ॥४॥
कहहिं कबीर सुनो नरबन्दा, डाइनि डिम्भसकल जग खन्दा ॥५॥

अर्थ– स्वामीज्यू ! भेसमात्रबाट के गरी संसार-सागर तरिएला ! मानवमा अझैपनि धेरै-धेरै व्यर्थका विकार भरिइरहेका छन् ॥१॥ तपाइँहरू सेवा, पूजा ध्यान त गर्नुहुन्छ, तर ती बाह्य देखन-भन्नमात्रका सुकिला (नाम भने

धर्मका) भित्र बकुल्लाका जस्ता पापाचार, हिंसादि र भ्रान्तिले भरिपूर्ण छन् ।।२।। हृदयको भाव छ–सर्पसमान, देख्तै डरलाग्दो विचाररहितको । अर्का व्यक्ति डसिएका आफू र अरूलाई विष व्यापेको पनि थाहा सुद्धि नपाउने ! फेरि तपाइँको लक्ष्य छ, बाजपक्षीसमान, दाउ पर्नासाथ नचुक्ने, स्वार्थमा झम्टने ! बुद्धि छ–बिरालाको जस्तो–स्वार्थमा सुटुक्क लम्की पुगिहाल्ने ।।३।।

प्रायः संसारका सम्प्रदाय-सम्प्रदायमै परस्पर अति विरोध देखिन्छ । सबै मानिस आफैं विशेष विद्वान् सुयोग्य हुँ भन्दछन्, विपक्षवादको अधिकांशमा आलोचना गर्दछन् । छः शास्त्रको पनि आपसमा मतैक्य देखिंदैन ।

अन्य योगी-जङ्गमादि षट् दर्शनीमा त कति-कति महात्मा-हरू छाप-तिलक, माला-जटा आदि भेस, एकदेखि अर्काका विभिन्न र विचित्र प्रकारका बनाउनमै आफ्नो गौरव सम्झी, उही रचना-मा व्यस्त बनेका देखिन्छन् ।।४।। गुरु कबीर भन्नुहुन्छ–हे मानव ! सुन, भूलवश यी सबै अनेक कल्पनाका दास बनिरहेछन् । डाइनि डिम्भ–कल्पित वाणी र विभिन्न प्रकारका पाखण्डले जगत्-जीव भ्रममा खाँदिइरहेछन् । अथवा माया डंकिनी र यसका अनुचर-हरूले आफूमा झुत्तिएर सबै बच्चाहरू खाइसके–भ्रान्त-बनाइसके ।।५।।

अरू– विशेष प्रपञ्च र दोष दुर्गुणलाई सर्वथा त्याग गरी, परमार्थको ज्ञान-धारणामा साधना संयमपूर्वक संलग्न रही, मोक्षको सतपुरुषार्थ गर्ने व्यक्तिलाई साधु सन्त महात्मा नाथ स्वामी साहेब गुरु–इत्यादि आदरणीय शब्दको प्रयोग गरी संबोधन गरिन्छ । किनभने दुःखको मूलकारण विषयासक्ति हो । त्यसैबाट जीवलाई आवागमनको दुःख, त्रयतापको जलनकै भोक्ता बनिरहनु

परेको छ। अतः बिषयासक्त जीव सबै अनाथ हुन्, विषय-विवर्जित जीवात्माहरू सबै सनाथ हुन्, स्वामी श्रेष्ठ महान् परमपदका पथिक हुन् ।

यस्ता श्रेष्ठ श्रेणीमा आएका, कल्याण-मार्ग पक्रने, अखिल सिद्धान्तका अनुयायी सम्पूर्ण परमार्थीजनलाई आह्वान गर्दै ग्रन्थ कर्ता भन्नुहुन्छ–(यहाँ एक कुरा संस्मरणीय छ–जस्तो शारीरिक रोगको निदान र निरोधका उपाय डाक्टर वैद्यहरूद्वारा नै हुन्छ, यस्तै मानसिक दुःख व्याधि, तिनको उत्पत्तिको मूलकारण पत्ता लगाउन र निवारण गर्नका लागि पनि मानसिक भिषग्वर, सूक्ष्म अन्वेषक, मननशील, एकान्तसेवी, सन्तहरू नै हुन्छन्) यहाँ परमार्थ-पथिकहरूको पनि मोक्षपन्थमा अगाडि बढ्दा परिआउने विघ्न-बन्धन, कुसङ्ग कल्पनाजाल, मान बडाई तथा आ-आफ्ना मत-पन्थ वृद्धिको लागि गरिने–तृष्णा प्रपञ्च र अरूको पूज्यता प्रतिष्ठाको सर्वथा विनाशको निम्ति हुने छल राग ईर्ष्या द्वेष, अन्याय ढिपी लडाई-झगडा आदि सम्पूर्ण अपराधको निवारणका लागि, यस विषयका महान् मर्मज्ञ, मानसका अद्वितीय चिकित्सक, सर्वज्ञाता, सर्वहितैषीय निर्मल मनीषी सन्तले सम्पूर्ण अपराध हटाई, निर्विघ्न मोक्ष सम्पादन गर्न-गराउन धर्म-मञ्चमा उभिएर आत्मीयताको भावबाट सचेतनताको प्राण भर्दै यो हित सुझाउ उच्च स्वरबाट पुकार गर्नुहुन्छ–

हे मेरा सन्त, स्वामी-परमार्थी ज्ञानीजन हो ! तपाइँहरू मोक्षपद-प्राप्तिको ध्येय लिई; मन वाणी कर्मले कल्याण-मार्गमा लाग्नुभएको छ । अन्य आश्रम एवं भूमिकाद्वारा कल्याण-कार्य पूर्णरूपबाट सम्पादन गर्न कठिन हुनाले नै तपस्वीको साँचामा आफूलाई ढाली, वैराग्य-वेश धारण गरी, स्वामी-श्रेष्ठत्वको उपाधि प्राप्त गर्नुभएको हो'। अब फेरि किन त्यो ध्येयलाई पन्छाई,

अर्कै भाव-व्यवहार धारण गरी, आफू पनि बाटो बिराई दुःख पाउने र अरूलाई पनि अलपत्र पार्ने कार्यमा प्रवृत्त हुनुहुन्छ ? ओहो ! हेर्नुहोस्, कहाँ तपाईंका साधना संयम शान्ति समाधिको सर्वोच्च स्थिति, धवल यश-कीर्ति ! यसको उल्टो अर्कातिर कहाँ आफ्नो पूज्यता प्रतिष्ठा, मान-बडाई र नश्वर यश-कीर्ति धन-धामरूपी तुच्छ स्वार्थ-सिद्धिको निम्ति रालचुहाउने बानी ! त्यसका लागि अपार अथक प्रयत्न। यी दुवैको के गरी सामञ्जस्य हुन सक्छ ! एकातिर कहाँ तपाईंको आदर्श सिद्धान्त–परम धर्म–

"सर्व भूत हितेरता..." "वसुधैव कुटुम्बकम्,"
"आत्मौपम्येन सर्वत्र समं पश्यतियोर्जुन।
सुखं वा यदि वा दुःखं सयोगी परमोमतः।"

(गीता)

अर्कातिर परस्पर सम्प्रदायमा भिन्नता, दोस्रापट्टि हेयदृष्टि। छः दर्शनी योगी, जङ्गमादिका मान्यता जप-पूजा-पद्धति आदिमा सर्वथा पृथक्ता। एकले अर्कालाई नास्तिक, अज्ञानी मूर्ख तुल्याई उनको उछित्तो पार्न बेर नमान्ने, साथै धर्मान्धतावश मारी मेटी, समूलोच्छेदन गर्न, पनि पछि नहट्ने हुन्छन्। पुनः त्यो पाप कलङ्क छोप्न र लाटा-सुधा समाजका आँखामा छारो हाल्न 'हरि इच्छा बलवान्' 'त्यस्तै हुनु थियो र त्यसो भयो' अथवा 'भू-भार हरणको उचित कार्य हो' वा 'नास्तिक वेद-विरोधी र आततायीलाई मार्नु पनि धर्म नै हो' 'देवता, ईश्वर तथा ब्रह्मवेत्ता ज्ञानीहरूले जे गरेपनि हुन्छ' 'समर्थलाई दोष लाग्दैन' अथवा "इन्द्रियका कर्म इन्द्रियहरूले गर्दछन्, कर्ता-भोक्ता अन्तःकरण हो, आत्मा आकाशवत् असङ्ग-निर्लेप छ।" इत्यादि भनी, धर्म-सम्प्रदायमा पनि युक्ति र विवेक-असङ्गतका प्रमाणहरू झिकी, आफ्नै जाति वर्ण, आश्रम-सम्प्रदायको सप्ठेरोपारी, अरूलाई निर्मूल पार्ने विधान

को निर्माण आदि मन्तव्यपूर्ण क्रिया-कलाप अतीत अवस्था देखि नै चल्दै आइरहेका रहेछन् ।

यसैले तत्पश्चातका भेसधारीहरूमा पनि परस्पर वैमनस्यता विवादकै व्यवहार प्रदर्शन भइरहेछ । परस्पर मतैक्य नहुनाले नै द्वैत, अद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुध्दद्वैत आदिको विरोधाभास छँदैछ । योग सांख्य, न्याय, वैशेषिक-पूर्वोत्तर मीमांसादि दर्शनमा पनि तुलनात्मक साम्यता हुन त परैजाओस्, परस्पर एकले अर्कालाई मूर्ख नास्तिक, भ्रष्ट ठहराउनमा अति निपुण देखिन्छन् । यिनै सब असमानता र विचार-धारणाको असमीचीनता आदिलाई देखेर अरू तिनमा सबैले आफू-लाई परमार्थ-पथिक, साधनासम्पन्न, ज्ञानी नै ठहराइरहेका अवलोकन गरी, सबैको पाखण्डपूर्ण क्रिया-कलापको भर्त्सना गर्दै गुरु कबीरबाट यो शब्दमा "कैसे तरो नाथ कैसे तरो........।" भनी मार्मिकरूपबाट चेताउनी दिनुभएको हो; जो हंसवत् सारग्राही गुणज्ञ सज्जन ज्ञानीवर्गलाई अमृतोपम हित-सम्मति हुनेछ । सावधान भई परस्पर समतापूर्वक निर्मानताबाट आ-आफ्ना समझको त्रुटिलाई विवेकले परिमार्जन गरी, शुद्ध ज्ञानमात्रमा स्थिति बनाउनु हुनेछ ।

चुडका–१०४

नाथ कसो गरी तर्ने, कसोगरी कल्याण गर्ने; अब अति कुटिल मरियो ।
सेवा पूजा तिम्रो कस्तो, ध्यान तिम्रो मात्र यस्तो; बकुल्लो झैं सेतो देखियो ॥
भाव भने सर्प सरि, विचारले रित्तो परी; बाज सम लक्ष्य गरेका ।
विरालो झैं बुद्धि गरी, परस्पर वैर भरी; हरे कति बठ्याइँ भरेका ॥
षड् दर्शन विचार गरे, भेसै भर देखा परे; कबीर भन्छन्, सुन दास नर !
ढङ्गीनीको पाखण्डमा, संसार नै खाडलमा- परी सडी बसे जिउता भर ॥

*

ये भ्रम भूत सकल जग खाया। जिन जिन पूजा ते जहँडाया ।१।।
अण्ड न पिण्ड न प्राण न देही। कोटि कोटि जिव कौतुक देही ।।२।।
बकरी मुरगी कीन्ह्उ छेवा। आगल जन्म उन्ह औसर लेवा ।।३।।
कहहिं कबीर सुनो नर लोई। भुतवा के पुजले भुतवा होई ।।४।।

अर्थ– यी भ्रान्तिमात्रका भूत-प्रेतादिको मिथ्या मान्यताले मानव-समाजलाई भ्रममा पारी कष्टदिई सारै हैरान गराइरहेछ। ज-जसले यिनको पूजा मान-मनितो गरे, ती आ-आफ्ना मानवीय गुण–विवेकको धारणाबाट गए (च्युत भए) ।।१।। यी मानिएका भूत-प्रेतादिको न सूक्ष्म शरीर छ, न स्थूल शरीर नै छ; न प्राण छ, न त जीव नै छ। अतः ती केवल कल्पनै-कल्पनाका शैतान हुन्। तैपनि तिनैका भ्रान्ति-कल्पनामा परी पूजा मान्यता गरेर करोडौं मानिस हत्ते-हालिरहेछन् ।।२।। यिनलाई बलिदिने भनी जो बोका पाठी कुखुरा हाँस परेवा सुँगुर आदि काट्छौ-मार्छौं; त्यो हत्याको बदला नतिरी सुखै पाउने छैनौ ! दोस्रो जन्ममा तिनले अवश्य बदला लिनेछन्; यति कुरा नबिर्स ।।३।। गुरु भन्नुहुन्छ–हे नरलोक ! सुन, भूत-प्रेतको मान-मनितो पूजा गर्नाले मनमा भूत-प्रेतकै भ्रान्ति संस्कार बन्दछ। वास्तवमा ती भूत-प्रेतादि कुनै प्राणी-पदार्थ होइनन्। उक्त कल्पित मान-मनितो गर्नाले भूत अर्थात् जड तत्त्वकै अध्यासी बनी अनेक योनिमा भ्रमण गर्नेछौ ।।४।।

अरू– भूतको अर्थ-जडतत्त्व, मूलद्रव्य, जडाध्यासी-जीव, अतीत काल, आदि अनेक वस्तुलाई लक्षणागरी बताएका छन्। तर यहाँ गुरु कबीरबाट त्यो भूतको निराकरण गर्नु भएको हो, जो अज्ञानीजनले कल्पना गरी मान-मनितो गर्दै आएका छन्। ती हुन्–'भूत प्रेत नाग सिमे भूमे डङ्किनी बोक्सी-श्मशान वेताल, किचकन्नी, ख्याक इत्यादि।' तर ती सबै भ्रम-कल्पनामात्र

आकाशको फूल समान मिथ्या हुन् । अतः यिनका पूजा मान-मनितो गर्नु पशु-बलि दिई मद्य-मांसादि चढाउनु खानु–सबै खालि अज्ञानता हो ।

यी भूत-प्रेतादि नै मिथ्या हुन् भने ती लाग्छन् कसरी ! यसैले झार-फूक गर्नु गराउनु पनि व्यर्थ हो । मन्त्र तन्त्र जन्तरहरूमा पनि कुनै शक्ति भएको होइन । जारण, मारण, स्तम्भन, उच्चाटन आदि मन्त्रहरू पनि सबै मनका कल्पना-भ्राति-मात्र हुन्; सज्जनले यस्ता भ्रान्तिमा कहिल्यै नपर्नु । यस्ता मन्त्र त्यस्तै अमिल्दा अक्षरबाट बनेका हुन्छन् । ती अक्षर पढ्दैमा कोही मर्छन्-बाँच्छन्, कसैको हानि-लाभ हुन्छ भन्नु– यो सबै मनको धोका हो । यसैका आडमा ठगहरू विषालु औषधी आदिको प्रयोग गरी, मानिसलाई धोका दिन्छन्, आफ्नो सप्ठेरो पार्दछन् । अतएव कहीं कसैले मन्त्रादिको चमत्कार देखाए पनि सहसा नपत्याउनु, मनमा गम्नु–यसमा केही न केही गुप्त रहस्य लुकेको छ । औषधी तथा हातको सफाई, वस्तुका बनावट, कुरा गर्नको ढङ्ग–यस्तै अरू धेरै थरिका साधन-युक्तिद्वारा छद्म इन्द्रजाली-चटकीहरूले छलबाट एक थोकको अर्कै थोक देखाउने हुन्छन् । यस्तै रहस्य नजान्दा मानिसले चकित हुनुपर्दछ । पत्यारमा पर्छन् र धोका खान्छन् ।

हात हेराउनु, स्वप्नको विचार गर्नु, अङ्ग फरफराउनु, साइत कुसाइत् मान्नु, लग्न-मुहूर्त हेराउनु, शकुन- अपशुकुन मान्नु, बिरालो छेपारो सर्पले बाटो काट्दा; रित्तो डोको, रित्तो गाग्रो देख्दा, कुसाइत मान्नु; दही पूर्णघडा देख्दा सुसाइत सम्झनु–इत्यादि मनके मान्यतामात्र हुन् । यस्ता भ्रान्तजनलाई संदेह भई नै रहन्छ । जसले यस्ता मान्यता गर्दैनन्, तिनलाई केही हुँदैन । मान्यताके घेराभित्र जीव सबै रुमलिइरहेछन् । यसैले

रूप-रेखा बदली-बदली यो भ्रान्ति, समाज-देशभर फिजिएको पनि छ। तर ती सबै मनकै मान्यतामात्र हुनाले बेकारका हुन्। सत्सङ्ग र सत्य निर्णयका पुस्तकको अध्ययन-मनन विवेकबाट यी कुनै पनि मान्यता कल्पनामा परिंदैन, भ्रान्त हुनु पर्दैन। समयको हर्जा, सम्पत्तिको खर्चमा पर्नु ठगिनु र भ्रान्तिको संस्कार लिई अर्को जन्मलाई पनि दुःख बेसाई लैजानुबाट बचिन्छ।

चुडका–१०५

यही भ्रम भूतले ती- सारा जगत् खायो लुटी; पुज्ने जति भ्रान्त हरेक।
न छ अण्ड पिण्ड देही, न छ प्राण आदि केही; कोटी जीव दिन्छन् उदेक।
बोका भाले रेटचौ त्यहाँ, पुनसमा यिनले महां- कष्ट दिई साटो फेर्ने छन्।
कबीर त भन्छन् लोक- सुन भूत पुज्ने जो छ; भूतं देह अन्त्य लिने छन्॥

शब्द-१०६

भँवर उडे बग बैठे आई। रैन गई दिवसो चलिजाई॥१॥
हल-हल काँपे बाला जीव। ना जानों का करि हैं पीव॥२॥
काँचे बासन टिके न पानी। उडिगये हँस काया कुम्हिलानी॥३॥
काग उडावत भुजा पिरानी। कहहिं कबीर यह कथा सिरानी॥४॥

अर्थ– भँवरउडे–भ्रमरसमान काला कपालका रङ्ग उडे, बग–बकुल्लासमान सेता रौं भइहाले, बुढचाइँ आयो। रैन गई–विषय-क्रीडामै अन्य तीन खानिरूपी रात त बिते, परन्तु दिन समानको मानव जीवन पनि उही पशुसरि नै भोगासक्तिमा व्यतीत हुने भयो॥१॥ बाला जीव–अज्ञजन आफ्ना पूर्वका पापकर्म सम्झी-सम्झी थरहरी भई काम्दछन्। नाजाने–थाहा छैन, दैवले अब कुन दुर्दशा गर्ने हो–भन्दछन्॥२॥

माटोको काँचो गाग्रोसमान नश्वर शरीरमा प्राणरूपी पानी धेरै बेर रहनसक्ने होइन। एक दिन आपना कमाई–कर्म-संस्कार-को कुटुरो काखी च्यापी जीवले अन्य खानिमा जानै पर्दछ। यता,

मुर्दा शरीर बैलाउँछ-विनाश हुन्छ ।।३।। काग उडावत–बाचुन्जेल विषय भोग, अशुद्ध पदार्थमा मन-इन्द्रिय दौडाउँदा-दौडाउँदै शरीर थोत्रो झिनो भई, महान् कष्ट बनिरहन्छ । गुरु कबीर भन्नुहुन्छ– यस्ता होस्ल्याङ्के जीवको यस्तै चालबाट जीवनलीला अचानक टुङ्गिन्छ,[x] मुक्ति-गति भन्ने कुरैमात्र हुन्छ ।।४।।

अरू– जीवनको गति सबैको यस्तै हो । काँचो हाँडीमा पानी भरेसमानकै त छ । यहाँ गरेका कर्म नै पछिका निमित्त प्रारब्ध बनी हाम्रा साथै लाग्नेहुन्छन्, ती कर्मका फल नभोगी सुखै छैन । यसैले आज यही जीवनमा सबै कर्म संस्कार सुधार गरी मुक्त हुने ठूलो मौका छ । अतः आजै आफ्नो कल्याण-कार्य बनाइहाल्नु पर्दछ । चाँडोभन्दा-चाँडो पारखी सन्तको सत्सङ्ग र स्वविवेकबाट जीवन सुपथमा लगाइहालौं ।

चुडका–१०६

भुमरा थे उडी गए, बकुल्ला पो बस्न आए; रात बित्यो दिन डुब्नेछ ।
घर घर बाल प्राणी- काम्छन् थाहा छैन स्वामी; के गर्ने हुन् ? के त हुनेछ ।।
काँचो हाँडी बीच पानी, अड्दैन यो कुरा जानी; हंस उड्दै देह गल्नेछ ।
काग उडाउँदै हात- दुखे भन्छन् कबीर त; कथा यहीं पूरा टुङ्गेछ ।।

शब्द–१०७

खसम बिनु तेलीको, बैल भयो ।।१।।
बैठत नाहिं साधुकी सङ्गत, नाधे जन्म गयो ।।२।।
बहिबहि मरहु पचहु निज स्वारथ, यमको दण्ड सह्यो ।।३।।
धन दारा सुत राज काज हित, माथे भार गह्यो ।।४।।

[x]– मृत्युको भयङ्कर मार्ग, मृत्युको पूर्व जान्न सकिन्न .. । [अथर्व वेद ८।१।१।१०]

आयु छोटो हर्ष छोटो खेर जाला जीवन ।
प्रेम प्रियबाहेक मनमा क्यै नपाओस् कोरिन ।।
केर स्मृतिका पंक्ति काला प्रेमलाई पिछा गर ।
दिन उज्यालो खोज्छ जसरी रात आई छिनछिन ।।

–प्रख्यात कवि सिद्धिचरण श्रेष्ठ (ज्यानमारा शैल)

अर्थ– खसम बिनु–मानिसलाई वास्तवमा स्वयं स्वामी चेतनको यथार्थ परिचय नहुँदा, बाहिर ईश्वर-ब्रह्मका खोजीमा र भोग विषयमा तेलीको बयलजस्तै जति घुमे पनि ती ठाउँको ठाउँमै रहिरहने भए। अर्थात् गर्भवास, तीन खानि र मनुष्य शरीरमा चक्कर लगाई नै रहेका छन्। बैठत नाहिं–विवेकी सन्तका सङ्गतमा कहिल्यै बस्तैनन्, खालि विषय-वासना र मनका कल्पनामा नाधे–नत्थिएर व्यवहारमा जन्म बिताए ॥२॥ स्वार्थ कल्पनामा रात-दिन दौडी-दौडी मर्दछन्, हत्ते हाल्दछन्। अन्तमा मन वासना र कल्पनारूपी यमको दण्ड–शास्ति शासना सहन्छन् ॥३॥ ऐश्वर्य-पत्नी पुत्र राज काज घर व्यवहारकै निम्ति, सारा संसारको भारी थाप्लामा बोकिरहेका छन्[x] ॥४॥

खसमहि छाँडि विषय रङ्ग राते, पाप के बीज बोयो ॥५॥
झूठी मुक्ति नर आश जीवनकी, उह्न प्रेतको जूँठ खयो ॥६॥
लख चौरासी जीव जन्तुमें, सायर जात बह्यो ॥७॥
कहँहि कबीर सुनो हो सन्तो, उह्न स्वानको पूँछ गह्यो ॥८॥

अर्थ– स्वयं स्वामी चेतनको स्थिति छोडी, अनेक विषयका रङ्गमा रङ्मङ्गिरहेछन्। विषय सुख-लाभका लागि हरेक प्रकारका पापको बिउ रोप्तैछन्[□] ॥५॥ मनुष्य कल्पित देव-देवीका पछि

---

x– साभो देह, तर तृष्णा ठूलो,
आँखामा नभ, मार्ग असीमित,
गतिमा बादलको आतुरता
सब साथ लिई, साधन सीमित,
संभ्रम – संभ्रम दौडिरहेछन्
बारीमा कमिलाका लाम। –केदारमान व्यथित

□– मनु आदि ऋषिहरूले चोरी, गुरुपत्नी गमन, ब्रह्महत्या, भ्रूणहत्या, मद्यपान, मिथ्याभाषण र यस्तै अरू पनि पापकर्म हुन् भन्ने मर्यादा बाँधेका छन्।
[अथर्व वेद ५।१।१।६]

लागी, स्वर्ग परमधाम पुगौंला, मुक्ति गति पाउँला भन्ने भरोसा गर्दछ, तर त्यो आशा व्यर्थ हो। बिना विवेक स्वार्थ-सिद्धिको निम्ति, कल्पित भूत-प्रेतादिका उपासक–धामी-झाँक्रीहरूको जुठो वा प्रेतको प्रसाद हिंसादि सम्मपनि खान्छन् ।।६।। भोगासक्ति र कल्पनामा बगी-बगी जीव चारखानिरूप समुद्रमा डुब्ने-उत्रने गरिरहेछन् ।।७।। गुरु कबीर भन्नुहुन्छ–हे सन्त ! सुन, भ्रान्त-जीवले संसार-सागर पार तर्नको निम्ति कुकुरकै पुच्छर पक्रे। अर्थात् मनकै कल्पनालाई अति विश्वासका साथ पक्रिरहेछन् । कल्पनाका मान्यता लिई, उही वासना-कल्पनाबाट के गरी मोक्ष होलान् ! झन् वासना पो थपिने भयो ।।८।।

चुड्का–१०७

स्वामी बिना तेली बैल- भयो साधु सङ्ग गैल ! बास छैन व्यर्थ जनम- ।।टे.।।
गयो बगी यसै मर्यौ, स्वारथमा ज्यान दियौ; सह्यौ सारै यम को दण्ड ।
पुत्र पत्नी धन मन्दै, राज काज पद ठान्दै; सिर-बोझ बोक्यौ अखण्ड ।।
स्वामी छाडी विष रङ्ग- रङ्गी रह्यौ भोग सङ्ग; पाप-बीज नित रोप्दछौ ।
फुट्टै मुक्ति नर हेर्छ, आश जीवनको गर्छ; ती प्रेत को जुठो खांदछौ ।।
चौरासी लक्ष्य जीव- जन्तु प्राणी सिन्धु बीच; बगी बगी दिन बिताए ।
श्री कबीर भन्छन् सुन, सन्त हेर चाल गुन; कुकुरको पुच्छर समाए ।

शब्द–१०८

अब हम भैलि बहुरि जल मीना, पूर्वल जन्म तपका मद कीह्ना ।।१।।
तहिया मैं अछलेउँ मन वैरागी, तजलेउँ मैं लोग कुटुम राम लागी ।।२।।
तजलेउँ मैं काशी मति भई भोरी, प्राणनाथ कहु का गति मोरी ।।३।।
हमहिं कुसेवक कि तुमहिं अयाना, दुइमा दोष काहि भगवाना ।।४।।
हम चलि अइलि तुह्मारे शरणा, कितहुँ न देखों हरिजी के चरणा ।।५।।
हम चलि अइलो तुह्मारे पासा, दास कबीर भल कैल निरासा ।।६।।

अर्थ– (उपासकको उद्‌गार–) पूर्वल जन्म–पूर्व जन्ममा 'मैले भक्ति-तपस्या निकै गरेको छु' भन्ने मलाई घमण्ड भएछ र होला,

अहिले म योग-भ्रष्ट भएँ । अब त फेरि भगवान्‌कै भक्तिरूपी अगाध जलको माछो बनें ॥१॥ उस बखत अघिलेउ मन वैरागी–मनैदेखि-को पूर्ण विरक्त थिएँ, भगवान्‌को भजनका निमित्त परिवार-संसारै त्यागेको हुँ ॥२॥ तर पछि मेरो बुद्धि भ्रान्त भएछ र तपस्या खण्डित भयो, काशीधाम छाडें अथवा पूर्वको शरीर छुटेछ पनि । हे प्राणनाथ ! अब मेरो कुन दशा हुने हो ! ॥३॥

मैं पो नाममात्रको सेवक मन-मति चालको रहेछु कि प्रभुकै त्रुटि रहनगयो । दुइमा दोष कसको हुन गएछ, हे भगवान् ! हजुरबाटै आज्ञा होस् ॥४॥ म आफूतिर हेर्छु, तर कुनै दोष पाउँ-दिन । किनभने सबै वैभव–परिवार-परित्याग गरी, प्रभुका चरणको शरणमा आएको हुँ, तै पनि हरिका चरणको दर्शन पाउँदिन ॥५॥ अब पनि सबै छाडी प्रभुकै समीप आएको छु, परन्तु यो दासलाई झन्नै निराश गराउनुभयो, अब त दर्शन पाउने पूर्ण आशामा छु ॥६॥

अरू– यो शब्दमा गुरु कबीरबाट भुक्तभोगी भक्तको मनोदशा-मुमुक्षुका सम्मुख गराउनु भएको छ । कल्पित इष्टका आश्रितजन उही भ्रान्ति-कल्पनामै चक्कर काटिरहन्छन् । बालुवाबाट तेल चुहिएला भन्ने आशा गर्दछन्, के आउँथ्यो ! त्यसमा तेल भएपो चुहियोस् ! यही हाल ती भक्तको भइरहेछ । अतएव विवेकी मुमुक्षुको कर्तव्य हो–थालिनमै, विवेकको शरण लिनु बिना विवेक भ्रान्ति-कल्पना शून्यलाई समातेर के हात लाग्दछर ! अर्थात् कल्पनावश पुनरागमन गर्न बाध्य हुनै पर्दछ । आफ्नो स्वतन्त्र शान्ति-स्थिति पाउन सकिन्न ।

हंसा पायो मानसरोवर, ताल तलैया क्यों डोले ।
"तेरा साहेब है घर माहीं ! बाहर नैना क्यों खोले !"

चुड्का–१०८

अब म त मएँ फेरि, पानी बीच माछो सरि; पूर्व तप मद गरे थें ।
मनैं देखि थिएँ पैले- विरक्त र त्यहाँ मैले; राम हेतु सबं त्यागे थें ।।
काशी पनि छाडें मैले, मति मेरो भ्रम्यो पैले; अब होला गति के नाथ !
मं पो हुं कि कुसेवक, हजुरंको अविवेक; दुईमा को दोषी हे नाथ !
म त आएँ तिम्रो शरण, कर्त पनि हरि चरण- देखिन खै घूमें यसरी !
हजुरंका आएँ पास, यी कबीर जीवदास- लाई निराश पार्‍यो बेसरी ।।

शब्द–१०९

लोग बोले दूरि गये कबीर, ये मति कोइ कोइ जानेगा धीर ।।१।।
दशरथ सुत तिहुँ लोकहि जाना, रामनामका मर्म है आना ।।२।।
जेहि जीव जानि परा जस लेखा, रजुका कहै उरग सम पेखा ।।३।।
यद्यपि फल उत्तम गुण जाना, हरि छोडि मन मुक्ति उन माना ।।४।।
हरि अधार जस मीनहि नीरा, और जतन कछु कहैं कबीरा ।।५।।

अर्थ– लोग बोले–मानिस भन्दछन्–कल्पित देवादिका उपासकजन दूरि–स्वर्ग परमधाम आदिमा निवासगर्न पुगे, परन्तु यसको मर्म बुझ्ने, कोही धीर–पारखीजनमात्र हुन्छन् ।।१।। दशरथ-पुत्र नै मुख्य परमतत्त्व राम हुन् भनी त्रि-गुणी मनुष्य सबै सम्झन्छन्, तर राम-नामको रहस्य, छुट्टै छ (रामका पनि भित्रका अमर परमराम) सबैका घट-घटै निवास गरिरहेछन् ।।२।। के भनौं ! जुन जीवले पूर्वमा जस्तो देख्तै सुन्दै आए, जसको मस्तिष्कमा जस्तो भरियो, बिना विवेक उही-उही मान्यतामा परे । जस्तै डोरी देख्तै मानिस भन्न थाल्दछन्-'बाबै, कत्रो सर्प !' तर बत्ती बल्नेबित्तिकै भय भागिहाल्दछ ।।३।। हुन त दाशरथी राम पनि मर्यादा पुरुषोत्तम हुन्, उनका गुण-आचरण उत्तम अनुकरणीय छन् । ती गुणहरू धारण गर्नाले फल पनि उत्तमै फल्दछ । तै पनि हरि छोडि–सर्व विजाति बन्धन-हारी हृदयस्थ हरि (चेतनलाई) छोडेर अवतारी रामकै उपसनाबाट मुक्ति हुन्छौं भनी मान्नु (यिनमा यही अविवेकपनाको त्रुटि भइरहेछ) ४।।।

भवभय-हारी सन्त-गुरु र अपरोक्ष चेतन स्वरूप नै जल-मीनसमान कल्याण-प्रेमीहरूका आधार हुन्छन् । परन्तु भ्रान्तजन भने अरू-अरू नै पुरुषार्थ बताउँछन् (बाह्य कर्म-उपासना आदि मै अल्भाइरहन्छन्) ।।५।।

अरू– बीजकभरको मन्तव्य विचार गर्दा ज्ञात हुन्छ–गुरु कबीरका इष्ट घट-घट वासी चेतन रमैया राम हुन्, कण-कण व्यापी, शून्य वा दाशरथी राम होइनन् । हुनपनि घट-घटका सञ्चालक ज्ञान स्वरूप चेतनराम अनुभवगम्य अपरोक्ष छन् । यी बाहेक अरू कहीं कोही सर्व समर्थ राम ईश्वर छन् भन्नु कल्पनैमात्र हुनजाने हुन्छ । जो अयोध्या निवासी मर्यादा पुरुषोत्तम राम हुनुहुन्थ्यो, उहाँले आफ्नो जीवन-यात्रालाई लौकिक दृष्टिबाट आदर्शरूपले उत्तम आचरणयुक्त पूरागरी पाल्नुभयो । अब यहाँ जीवका कल्याणकारी अर्का राम कुनै कहीं बाहिर भेट्टिने होइनन् । यस कारण मुमुक्षुले बाहिर अल्भनु भ्रान्त बन्नुमात्र हो । अब उहाँलाई पाउन आफ्नो हृदयागारमै छाम्नुपर्दछ, भित्रै अन्तस्तलमा खोजिगरी, राम्रो ठम्याई, यहींका राममा शान्त हुने प्रयासमा लागौं; यही अव्यर्थ पुरुषार्थ हो ।

सत्य बाहिर देखिन्न, सत्य देखिन्छ भित्रको ।
भित्रको तहमा आफ्नो, दिलको केन्द्रमा त्यसै ।।

[लक्ष्मी प्रसाद देवकोटा]

हृद्-गुहावासि चित्तस्थं मुख्यं सनातनं वपुः ।
शङ्ख चक्र गदा हस्तो गौण आकार आत्मनः ।।
यो हि मुख्यं परित्यज्य गौणं समनु धावति ।
त्यक्त्वा रसायनं सिद्धं साध्यं संसाधयत्यसौ ।।
यस्तु भोः स्थितिमेवास्यामात्मज्ञानचमत्कृतौ ।
नासादयति संमत्तमनाः स रघुनन्दन ।।"

[योगवाशिष्ठ प्र. ५ सर्ग ४३]

"हृदय गुफा निवासी जो सार चैतन्य तत्त्व हो, त्यही आत्माको मुख्य सनातन स्वरूप हो । यसका अतिरिक्त शङ्ख चक्र गदा धारी (विष्णुकोरूप) आत्माको गौण आकारमात्र हो । जो मुख्य आत्म स्वरूपलाई छाडी, त्रि-गुण रचित गौणरूपको उपासना गरी, तिनलाई प्राप्त गर्न चाहन्छन्, त्यस्ताले परिपक्व रसायन (अमृत) छाडेर साध्य-पारो सिद्धगर्न खोजेसमान हुन्छ । हे राम ! जो मनुष्य यो आत्मज्ञानरूप दिव्य प्रकाशमा स्थिति बनाउँदैन त्यो प्रमत्त-मनयुक्त अज्ञानी हो ।"

चुडका-१०९

टाढा कबीर गए जगत्- मन्दछन् यो हाल फगत; कोही धीर व्यक्ति जान्ने छन् ।टे.।
दशरथ पुत्रलाई, जान्दछन् त्रि-लोक भाई; राम नाम मर्म अर्कै छ ।
जसले त जस्तो जान्यो, अन्तसमा उस्तै मान्यो; डोरीलाई सर्प मन्दै छ ।।
हुनभने फल श्रेष्ठ, गुण जान्ने तिनी इष्ट; हरि छाडी मुक्ति मान्दछन् ।
हरिको आधार जस्तै, माछालाई पानी त्यस्तै; अरु यत्न कबीर मन्दछन् ।।

शब्द-११०

आपन कर्म न मेटो जाई ।।१।।
कर्मका लिखा मिटै धौं कैसे, जो युग कोटि सिराई ।।२।।
गुरु वशिष्ठ मिलि लगन सुधायो, सूर्य मन्त्र एक दीह्ना ।।३।।
जो सीता रघुनाथ विवाही, पल एक संच न कीह्ना ।।४।।

अर्थ– आफूले गरेका कर्मको फल आफैंले नभोगी सुखैछैन्, कसैले मेट्न-टार्न सक्ने होइन । हाम्रो पाप क्षमा गरी, हामीलाई मुक्तिदिने भनी जगत्‌ले अवतार मानेका राम कृष्ण आदिले पनि आ-आफ्ना कर्मको फल भोग्न बाध्य हुनैपर्‍यो ।।१।। कर्मको संस्कार भोग गरेर वा ज्ञान नभई करोडौं युग बितेपनि कसरी मेटिन्छर ! ।।२।। विचार गर ! गुरु वशिष्ठ सतानन्द तथा विश्वामित्र यस्ता तीन महान् विद्वान् जम्मा भई श्री राम-सीताजी-

को विवाह हुँदा के राम्रो लगन जुराएका थिएन होलान् ! श्री रामलाई गुरु वशिष्ठले कल्याणकारी सूर्यमन्त्र पनि दिएका थिए, अथवा सूर्य नै आई मन्त्र दिएका थिए भन्दछन् ।।३।। यसरी श्रीराम-सीताजीको विवाहसम्पन्न भएको थियो, तर दुवैलाई जीवनमा एक पलापनि सुख-सुविधा भएन ।।४।।

अरू– देवी भागवत ३. २९ मा रामको बिलना वर्णन छ–
लक्ष्मणं प्राह रामस्तु सीता विरह पीडितः ।
सौमित्रे केकयसुता जाता पूर्ण मनोरथा ।।२०।।

हे बाबू लक्ष्मण ! अब केकईको मनोरथ पूर्णभयो ।।२०।। सीता मिलिनन्, उनी बिना म अवश्य पनि जीवित रहन सक्तिन। जानकीको बिना म अयोध्या फर्कन्न ! ।।२१।। राज्य गयो, बन-वास भयो; पिताजीको देहान्त भयो, प्यारी हरिइन् । यसरी मलाई कष्टमाथि कष्ट दिलाउने दुष्ट दैवले अझ के के गर्ने हो! ।।२२।। बाबू लक्ष्मण ! प्राणीहरूको भवितव्य जानिसक्नु छैन, अब हामीहरूको के गति हुने हो ! सारै कष्ट दिनेखालको होला जस्तो मलाई लाग्दछ ।।२३।। हामी दुवैजना मनुष्य-वंशमा जन्म पाएर राजकुमार भइकन पनि पूर्व जन्मका कर्म-फलले बन-बन फिरी अतिशय कष्ट भोग्ने बन्यौं ।।२४।। लक्ष्मण ! दैवको प्रेरणाले तिमी पनि राज-भोगलाई त्याग गरेर मेरासाथ लाग्यौ, अब असह्य दुःख भोग! ।।२५।। हाम्रा कुलमा यसभन्दा अघि म जस्तो दुःखी, अकिञ्चन, सहनै नसकिने कष्टैकष्टमा परेको व्यक्ति कोही भएनन्, न त पछि कोही हुनेछन् ।।२६।।

तीन लोक के कर्ता कहिये, बालि बधो बरियाई ।।५।।
एक समय ऐसी बनि आई, उनहूँ औसर पाई ।।६।।

अर्थ– भन्दछन्–तीनलोकका कर्ता भनेका श्रीरामजीले आफ्नो स्वार्थ सिद्धिको निम्ति वालिलाई छलपूर्वक मारेका थिए ।।५।। परिणाम एक पटक यस्तो संयोग पर्नआयो–त्यो बदला तिर्न रामजीले पनि बाध्य हुनै पऱ्यो ।।६।।

नारद मुनिको बदन छिपायो, कीह्नों कपिको स्वरूपा ।।७।।
शिशुपाल की भुजा उपारी, आप भये हरि ठूठा ।।८।।
पार्वती को बाँझ न कहिये, ईश्वर न कहिये भिखारी ।।९।।
कहहिं कबीर कर्ता की बातें, कर्म की बात निनारी ।।१०।।

–अर्थ– श्री विष्णुजीले नारदको मुख मायाद्वारा ढाकी, ढेडु बाँदरको रूप बनाइदिएका थिए (यसको फल श्री विष्णुलाई पनि भोग्नै पऱ्यो) ।।७।। श्रीकृष्णले शिशुपालको हात उखेली भाँचिदिएका थिए, त्यसको बदला उहाँले डूँडे जगन्नाथजी बनी बस्न करैलाग्यो ।।८।। के पार्वतीलाई बाँझी नभन्ने ! महादेवजीलाई भिखारी-माग्ने नभन्नु ! अवश्य भनिन्छ ।।९।। गुरु कबीर भन्नुहुन्छ– कर्ता र कर्मको कुरा निनारी–बडो विचित्र छ। आफ्नो कर्मको फल भोग्न सर्वश्रेष्ठ भगवान् भनेका हरूले त बाध्य हुन पर्नेरहेछ भने अरू साधारण मानिसको के कुरा ! ।।१०।।

अरू– भाव हो– कर्म गरेपछि फल नभोगी कसैले फुर्सत पाउँदैनन् । जगत्का कर्ता भनेका श्रीराम, श्रीकृष्ण, महादेव पार्वती जस्ताले पनि भोग्नपरेको पुराणादिबाट विदितै छ। अतः तन मन वचनबाट अरूलाई सताउने, दुःखदिने, मार्ने आमिष-भोजन गर्ने इत्यादि काम सर्वथा त्यागी, पाप कर्मबाट बडो होशपूर्वक बची-बची जीवन सुधार गर्नुपर्दछ। दोस्रो–उपर्युक्त देवताहरूसमेत आ-आफ्ना कर्मको फल–दुःख भोगदेखि

बच्न सकेनन् भने उनले हामीलाई के बचाउलान् ! मुक्ति कताबाट देलान् ! यसैले कुनै देव-देवी, तिर्थादिको भरोसाबाट तरौंला भन्नु उल्टै आशामा बाँधिनुमात्र हो । स्वयं जाग, विवेक गर, अकर्तव्यबाट बच, बोध-साधनामा अघि बढ ।

"उत्तिष्ठित जाग्रतः प्राप्यवरान्नि बोधतः !"

[कठ उ. ३।१।१४]

'उठ! जाग! ! परमतत्त्व आत्म-चेतनको बोध प्राप्त गरिहाल! ! !'

कर्म-संस्कारको बीज तबै नष्ट हुन्छ– जब हामी शरीर भन्दा भिन्न अपरोक्ष चेतन, ज्ञानस्वरूको बोधसहित शुभ आचरण, हंस रहनबाट नित्य सम्पन्न स्थिर रहन्छौं । बोध-वैराग्यबाट हाम्रा अन्तःकरणमा रहेका सुखाध्यास वासना भ्रान्ति कल्पना समस्त ध्वंस हुन्छन् । अनि कर्म-संस्कार समस्त बिलाउँछन्, हामी यिनबाट विमुक्त बन्दछौं ।

चुडका– ११०

पुनसमा स्वयम् जे छ, कमाएको कर्म के छ; मेटिदैन कहाँ टल्दछ !
कर्मको लेखान्तर, कसोगरी मेटिन्छ र ! लाखौं युग बितोस् फल्दछ ।
गुरु वशिष्ठादि बसी, लग्न सोधे खरी घसी; सूर्य मन्त्र पनि दिए थे ।
बिहे भयो सीता राम, एक पलक आराम; पाएनन् के शान्ति लिए थे!

भन्छन् त्रि-लोकका कर्ता, दाशरथी राम भर्ता; बालिलाई बलै मारेथे ।
एक फेरा यस्तो आयो, उसले नि मौका पायो; पाऱ्यो मृत्युघाट पार के !
नारदको मुख छोपीं, ढेढुरूप दिए थोपी; भोग्नै पऱ्यो त्यसको कुफल ।
शिशुपालको हात नै, उखेले थे कृष्णले नै; बने ठुंडे कर्मको बल ।
बाँझी ह्वनन् कि पार्वती, भीखमङ्गा शिव यति- भन्नमा के दोष हुन्छ र !
कबीर त भन्छन् कति, कर्ताको र कर्म गति; विचित्र छ को पो छुट्छ र !

★

शब्द–१११

है कोई गुरु ज्ञानी, जगत उलटी वेद बुझै ।।१।।
पानी में पावक बरै, अन्धहि आँखि न सूझै ।।२।।

गाई तो नाहर खायो, हरिन खायो चीता ।।३।।
काग लङ्गर फाँदि के, बटेर बाज जीता ।।४।।
मूस तो मञ्जारि खायो, स्यार खायो श्वाना ।।५।।
आदि को उदेश जाने, तासु बेस बाना ।।६।।
एकहि दादुर खायो, पाँचहि भुवङ्गा ।।७।।
कहहिं कबीर पुकारिके, है दोऊ एकै सङ्गा ।।८।।

अर्थ– जगत्को उल्टो ज्ञानलाई सम्झनसक्ने गुरुज्ञानका ज्ञाता यहाँ कोही छन् ! अथवा बाह्य जगत्बाट घुमेर वेद (ज्ञान) स्वयं चेतनलाई सम्झनसक्ने गुरुपदका ग्राहक कोही छन् कि ! ।।१।। पानीमा आगो बलिरहेको अन्धाका आँखाले नदेखेजस्तै शीतल-शान्त चेतनलाई तीन तापले जलाइरहेछ; अथवा पानी (वाणी) मा तेज–ज्ञानसम्पन्न जीव डडिरहेछ, यस्ता कुरा विवेक-विहीन व्यक्तिले के देखुन् ! ।।२।। गाईले सिंहलाई खायो (विषयासक्तिले वैराग्यलाई क्वाप्लावक खायो, हरिणले चितुवालाई सुलुक्क निल्यो, (तृष्णाले सन्तोषलाई सिध्यायो) ।।३।। कुबुद्धि-कागले सुबुद्धि लङ्गर पक्षीलाई खायो । बट्टाईले बाजलाई जित्यो (अज्ञानले ज्ञान-माथि रजाइँ गरिरहेछ) ।।४।। मूसोले बिरालो-खायो (नाना सन्देहले निर्भयलाई सलक्क निल्यो) । स्यालले कुकुर खायो (सकामताले निष्कामतालाई लुछी-सिध्यायो ।।५।।

चेतन अनादि हो, अनन्त छ । मुक्ति आदिमा अर्थात् अब पुरुषार्थ गरेर हुन्छ । तथा वासना-बन्धनबाट रहित भएपछि मुक्त हुनसक्छ । स्वरूपज्ञानद्वारा द्रष्टाको स्वरूपमा शान्त रहनु नै जसले उद्देश्य लिएको छ, उसैको भेस-बाना अर्थात् साधु-भक्तको

चिह्न शोभनीय छ। होइन भने भेसधारी त लाखौं छन्* ।।६।। एउटै भ्यागुताले पाँच सर्प खायो (अभिमानले दया क्षमा सत्य धैर्य विचार–यी पाँचैलाई निलिसक्यो ।।७।। गुरु कबीर स्पष्ट भन्नुहुन्छ–हे जिज्ञासु हो ! तिमी सँधै सचेत भई बस, यी माथिका परस्पर बिरोधी दल दुवैथरी एकैसाथ तिम्रो अन्तःकरणमै निवास गरिरहेछन् । यिनमा जसको शक्ति चल्यो-उसैले दोस्रालाई निर्मूल पार्नेछन् । अतः सावधान ! ।।८।।

अरू– माथि भूलवश विजयी बनिरहेका दुगुर्ण-समूह तीन ताप विषयासक्ति तृष्णा कुबुद्धि अज्ञान सन्देह सकामता अभिमान-हरूदेखि सदा पराजित भइरहेका चेतन जीव र वैराग्य-सन्तोषादि नै वास्तवमा पूर्ण बलशाली छन् । तर यसमा मुख्य सञ्चालक चेतन जीवले प्रधानमन्त्री विवेकलाई सदा साथ लिई, आफूले अति होशपूर्वक स्वकर्तव्य सह्माले देखि ती दुर्गुण-समूहमा के शक्ति छ र विजयी बनुन् ! तथा शुभगुणहरूलाई खान सकुन् ! सबैका शक्तिदाता सम्राट् त स्वयं चेतन जीव नै हो । अतः यिनलाई प्रधानमन्त्री विवेककै साथ र सल्लाहको अधिक आवश्यकता छ । विवेकलाई साथ नलिएरै चेतन-सम्राट् स्वयंले यो भुबर्ताउलो भोगिरहन परेको हो । यी महारथी विवेकलाई एक बित्ता साथ नछोडौं । यिनबाट ठीक-ठीक काम लियौं भने चेतन-सम्राट्का प्रतिद्वन्दी तृष्णादिले खोसी लिएको शक्ति, यता शुभगुणतिर आउँछ र यिनी महान् शक्तिशाली बन्नेछन् । ती विरोधीहरूले शक्ति नपाएपछि ठहरै मरिहाल्छन् नि ! यसमा

* निज स्वरूपमें सजग रहै नित सब परमाद हटाई है ।
निरहंकार पुरुष सो जग में शान्ति सदा फलपाई है ।।
पूर्ण काम ह्वै तृप्त निरन्तर जीवन्मुक्त रहाई है ।
ये सद्गुण सब सुख से पूरण धरो नरो मनलाई है ।।
रामसूरत साहेब [षोडसी]

मुख्य यही एक उपाय छ– विवेकलाई साथै राखी, उसबाट ठीक-ठीक काम लिनु । थाल्नीमै गुरु भन्नुहुन्छ–जगत् उल्टेर ज्ञान बुझ्ने कोही छन् कि ! गुरु-ज्ञान र जगत्-ज्ञान दिन र रातसमान, फरक छन् । जीवको पनि दीर्घकालदेखि विषयमै निवास हुनाले उही विषय सुल्टो प्रतीत भइरहेछ । तर विषय हो–दुःख, बन्धन-तीन तापको बोट । गुरु-ज्ञान हो–सन्तोष-शान्ति, मुक्तिको बाटो; दुवैमा सुल्टो पनि यही हो । अब सुख शान्ति लिने मन छ भने जाग, गुरु-ज्ञानमा निमग्न होउ । विषयरूपी महकै थोपा मिठो हो भन्ने भाव छुटेको छैन भने जस्तो छौ ठीकै छ, भोग । तर पनि सम्झ, खूब शास्ति खाई बर-बर आँसु झारी, सदा चिन्ता-शोकमा जली, त्रिविध तापमा सन्तप्त भई, घोर दुर्दशा सहनुपर्नेछ । तसर्थ सावधान भई विवेकका आँखा उघारी हेर्न नछोड । आज नभए भोलि, एक न एक दिन अवश्य चेत्नेछौ, सन्तको हितैषी वचन अवश्य मान्नेछौ ।

'गुरु ज्ञान जग ज्ञान से, बहुत भेद लखि लेव ।
जगत भोग सुख मानई, गुरू भोग तजिदेव ।।
गुरू कथन परतक्ष है, दुख सकलो मिटिजाय ।
जगत भोग मरमत रहै, कबहुँ न सुखी देखाय ।।

[भवयान ६।२]

चुड्का-१११

छन् कि कोही गुरु ज्ञानी, भवजालबाट छानी; वेद उल्टी ज्ञान जो बुझ्ने ।
पानीभित्र आगो बली, दन्केको छ यही फली; अन्धालाई कत्ति नसुझ्ने ।।
गाईले सिंह खाई, हरिणले चित्रकलाई; खपाखपी खाई बितेछ ।
झाग उफ्री गई लङ्गुर- फन्दा बीच पारी डङ्गुर; बट्टाईले बाज जितेछ ।
मुसाले बिरालीलाई, स्यालले कुकुर खाई; घटना यो घट्यो बेतोल ।
आदिको उदेश जन- जानी लिन्छन् नर तन; उसको छ वेश अमोल ।।
योटै ब्याङ बढी जबै, पाँच सर्प पाऱ्यो गप्पै; बुझी को पो गर्ने प्रकाश !
भन्नुहुन्छ गुरु कबीर, स्पष्टरूप सुन सुधीर; दुवैको छ साथै निवास ।

शब्द-११२

झगरा एक बडो राजाराम, जो निरुवारे सो निर्बान ।।१।।
ब्रह्म बडा कि जहाँ से आया, वेद बडा कि जिह्न उपजाया ।।२।।
ई मन बडा कि जेहि मन माना, राम बडा कि रामहि जाना ।।३।।
भ्रमि भ्रमि कबिरा फिरै उदास, तीर्थ बडा कि तीर्थका दास ।।४।।

अर्थ– झगरा एक–संसारमा पारमार्थिक एउटा भारी कोलाहल मच्चिरहेछ । सत्य निर्णयद्वारा यो झगडा छिनाफाना गरी, असत्यजति पन्छाई, सत्यलाई राम्रो ठम्याई जसले ग्रहण गर्दछ, उही परम निर्वान–विवेकी बनी, मुक्त हुनेछ ।।१।। अब यही दार्शनिक झगडा फस्र्याउन, म यो कुरा सोद्धछु–ब्रह्म ठूलो हो कि जसका कल्पनाबाट ब्रह्मको प्रार्दुभाव भयो, ती मनुष्य जीव ठूला हुन् ? वेद ठूलो हो वा वेदका रचयिता ऋषिगण ठूला हुन् ? ।।२।। यो मन नै महान् हो अथवा जुन अविनाशी जीवले त्यसलाई मान्यता दिई-दिई बनायो, ऊ महान् हो ! राम श्रेष्ठ हुन् कि रामलाई कल्पना गर्ने- जान्ने जीव श्रेष्ठ हो ! ।।३।। जगत्-जीव मुक्ति- गति पाउँला भनी जगन्नाथ, द्वारिका आदि तीर्थधाम धाउँछन्, अन्त्यमा निराश हुन्छन् । भन ! ती तीर्थ ठूला हुन् वा तीर्थ-सेवी, तीर्थका संरक्षक, तीर्थका संस्थापक–चेतन मनुष्य ठूला हुन् ।।४।।

अरू– विश्वमा अवश्य पनि कुनै एक जगत्-कर्ता अदेख आकाशीय ईश्वर छन्, उनै हाम्रा कर्ता-भर्ता हुन् भन्ने कल्पना सर्वत्र फिंजिएको छ । दुनियाँ यिनैलाई पाउन-रिझाउनमा व्यस्त छन् । "तेरो ईश्वर-मेरो खुदा, तेरो ईसा- मेरो मुसा तेरो रघुवीर, मेरो महावीर" इत्यादि अनावश्यक कचिङ्गल चलि नै रहेछ । सबै सम्झन्छन्–"हाम्रै इष्ट सत्य हुन्, अरू सबै बिनसित्ति भुसकुटाईमा परिरहेछन् ।" के भनौं ! "एकै

वैष्णवमा रामानुजी, वल्लभाचारी, निम्बार्की तथा मध्वाचारी-हरू परस्पर एक-दोस्रालाई भुलेका ठह्र्याउँछन् । योगी जङ्गमादि षट्दर्शनी सबैको यस्तै हाल छ ।

विश्वका कर्ता, सारा खटन-पटन गर्ने यदि कोही भए, सर्वत्र सबैलाई एउटै वेद वा कुरानादिको कुनै नियमबाट चलाउने थिए'-इत्यादि विचार गर्दैनन् । जडको ब्राह्माण्डिक क्रिया र चेतनको मनोदशा, सबै एकनासबाट चलाउन पर्थ्यो ! के यो गर्नलाई उनी असमर्थछन्, कि उनलाई यस्तै आफ्नो अस्तित्व नै कायम नहुने उल्टो सन्देहजनक क्रिया गर्न गराउन मन पर्दछ ! अथवा 'उनको यस्तै विचार छ' भनी निर्णय-विवेकलाई लटपटचाउने हो भने फेरि उता धर्म कर्म गराउन, वेद-नीति आदि किन बनाउनु परेको ! वेद-कुरान अनुसार नचल्नेलाई नर्क पठाउने परिश्रम किन ! यो सबै टण्टा गर्नुभन्दा आफ्नो एउटै प्रेरणाबाट सबैको बुद्धि सुधारिदिई, सबैलाई सुखी, शान्त मुक्त गराइदिएका भए, के उनलाई पाप लाग्थ्यो कि ? अथवा त्यसो गर्नमा ती असमर्थ छन् कि ! यसमा के भन्ने ?

'लाछी मनले दैव अँगाल्छ' भन्ने थेगोझैं मनुष्यले आफ्नो अवलम्बको निम्ति कल्पित ईश्वरलाई ठड्याएको सम्म हो । यसबाट सामान्य मानिसलाई स्वल्प लाभ भएपनि वास्तवमा निर्णय-ज्ञानको प्राप्ति र मुक्ति-कल्याणको निम्ति तगारो नै बन्नगएको छ । कल्याणको स्वतन्त्र पुरुषार्थ नगरी, सबै ईश्वरकै भरोसामा हातबाँधी बस्नेभए । अर्को कुरा—जति अपराध गरेपनि पूजा-पाठ, जप-किर्तन प्रार्थना गरेपछि ईश्वरले पाप नाश गरिन्दिछन् भन्नेमा पर्नेभए । झन् विवेकका आँखा उघार्नुपर्नेमा कल्पना-भ्रमको माडाले पो ढाक्नेभयो । जडदेखि भिन्न स्वतन्त्र चेतन अपरोक्ष शुद्ध ज्ञानमात्रको महत्त्व सम्झनलाई पर्दा पर्‍यो—

इत्यादि झगडा बढी नै रहेछ । किन्तु विवेकी सन्त नभेट्टिए सम्म कल्पनाकै इष्टका आधारबाट पनि धर्म, भक्ति र सात्विकी आचरणमा यथाशक्ति लाग्दै गर्नु ठिकै हो । तर विवेकी सन्तको सत्सङ्ग पाएपछि भने विवेककै माध्यम अँगाली अगाडि बढ्नुपर्दछ, यही मुमुक्षुको काम हो ।

वास्तवमा ईश्वर यही हृदयनिवासी चेतन-स्वरूप नै हो । हामी यसलाई नपत्याई, बाहिरै-बाहिर खोज्दछौं, दृश्यमैं अल्भन्छौं । सबै पन्छाई, द्रष्टातिर फर्कदैनौं, यही हाम्रो विवेक-पुरुषार्थमा त्रुटि भइरहेछ ।

'तेरे घटमें भ्रमरा जो है, सो सत्य नारायण ध्यान धरो ।'

'तिम्रै घटभित्र जो 'भुमरो' भुनभुनाइरहेछ, घट-घटमा रमिरहेछ, उही हो साँचो नारायण; त्यसैको ध्यान गर, त्यसैलाई लक्ष्यमा राख, अन्त नअल्झ ।' यो भजन धेरै पूर्वदेखि प्राय; सबै गाउँछन्, टोल-टोलमा कीर्तन-समयमा गायन गर्ने प्रचलन पनि छ । यसको अर्थ सरल छ, तैपनि लक्ष्यको सम्मुख अर्थ राखी कोही काम गर्दैनन् । गर्नेजति त अहिंसक र स्व-स्वरूपनिष्ठ बनिहाल्दछन् । यसैगरी स्वयं चेतनको महत्त्व सम्झनेतिर लक्ष्यमात्र लगाउँ "हरिछन्-हृदयै भित्र ।"

'ब्रह्म' लाई जड-चेतन मुछिएको एक अद्वैत पूर्ण मान्दछन् । तर प्रत्यक्ष र विवेकबाट जड-चेतन दुवैको अस्तित्व पाइन्छ ।

वास्तवमा ब्रह्मको अर्थ हुन्छ–बृहत्, (भारी, ठूलो) उसलाई आकारमा ठूलो भन्न मिल्दैन; यसै भन्नाले यो झगडा अनादिदेखि लम्बिदै आएको हो । चेतनको ज्ञान-गुण नै सबै भन्दा महान् हो । त्यो हो–हृदय निवासी चेतनको ज्ञानपना । यसैले छुट्टाछुट्टै प्रत्येक घटभित्र बसी, समस्तलाई चलाइरहेछ ।

सामवेदीय केनोपनिषद्मा मन्त्र छन्–"जसलाई वाणीद्वारा बताउन सकिन्न, मनबाट मनन गर्न, चक्षुबाट देख्न, कानबाट सुन्न, प्राणबाट सञ्चालनगर्न सकिन्न, किन्तु जसको शक्तिबाट वचन बोलिन्छ, मनबाट मनन हुन्छ, चक्षुबाट देखिन्छ, कानबाट सुनिन्छ, प्राणद्वारा वायु सञ्चालन हुन्छ; उसैलाई तिमी ब्रह्म भन्ने जान। वाणीद्वारा बताउन सकिने, मनबाट मनन हुने-निश्चय हुने, देखिने-सुनिने आदि जे जेको मानिस उपासना गर्दछन्, ती कुनैपनि ब्रह्म होइनन्। जो यी सबैको प्रेरक र ज्ञान प्रवर्तक छ, उही ब्रह्म हो।" अब यस्ता प्रेरक, द्रष्टा, श्रोतादि हुने काम, शून्य र मिश्रित वस्तुबाट बन्नै सक्तैन। यही घट-घट निवासी अनेक चेतन नै ब्रह्म हो। जड-चेतन मिश्रित निर्गुण निराकार (व्यापक) लाई ब्रह्म भन्दा विवेकमा मेल खाएन।

यद्वाचा नऽभ्युदितं येन वागभ्युद्यते ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।।४।।
यन्मनसा न मनुते येनाहुर्मनो मतम् ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।।५।।
यच्चक्षुषा न पश्यति येन चक्षूँषि पश्यति ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।।६।।
यच्छोत्रेण न शृणोति येन श्रोत्रमिदँ श्रुतम् ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।।७।।
यत्प्राणेन न प्राणिति येन प्राणः प्रणीयते ।
तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ।।८।।

यी मन्त्रहरूको भाव माथि आइसकेका छन्।

'ऋग आदि चारौंवेद' मा सबै मन्त्र चौंतीस वर्णका रूपमा छन्। ती अक्षर मनुष्य जीवकै दन्त मूर्धा, तालु, ओष्ठ आदि स्थानबाट मात्र उद्भव हुनसक्ने हुनाले मुख ओष्ठादिले सम्पन्न

ऋषिगण (मानव-मस्तिष्क) कै देन–रचना हुन् । ऋषिहरूकै रचना हुन् भन्ने कुरा हामी वेदमा पनि धेरै नै मन्त्रहरू पाउँछौं ।* अतएव निर्गुण निराकारबाट रचना भएका होइनन् । यसैले वेदभन्दा वेदका रचयिता मनुष्य जीव नै श्रेष्ठ हुन् भनेको हो । अतएव वेदका कुरापनि बलि मेध-हिंसादि जस्ता कुरा जति त छाड्न योग्य नै ठहराइसकेका छन् ।

'राम' तीन थरीका मानिएका छन् (१) दाशरथी राम (२) बाह्य कल्पनाका राम (३) हृदयस्थ राम । यिनमा कल्पनाका राम उन्युका फूलजस्ता, हुँदै नभएका भइहाले । दाशरथीराम, त्रेताका मर्यादा पुरुषोत्तम महान् पुरुष हुन् । उनका पनि घटमा रमेका, उनको शरीर छुट्ता पनि विनाश नभएका, हृदयस्थ तेस्रा राम नै मुख्य हुन् । जो हामी सबैको पनि घट-घटमा रमिरहेका छन् । तर छुट्टाछुट्टै ती दुवै प्रकारका रामलाई जान्ने, बाहिरी रामका अनुभविता तेस्रा अपरोक्ष राम नै सर्व श्रेष्ठ हुन् ।

तीर्थ– संसारमा जे जति तीर्थ छन्, सबै मनुष्य जीवबाटै स्थापना भएका हुन् । मनुष्यद्वारा नै तिनको अस्तित्व र संरक्षण भइरहेछ । मनुष्य नै भूलवश मानी-मानी चक्कर काटिरहेछन् । अतएव मनुष्य जीव नै सर्वेसर्वा ठहर्दछ ।

---

* वेद मन्त्र–स्तोत्रहरू ऋषिवर्गद्वारा रचिएका हुन् भन्ने केही माथि रमैनी चारमा ऋग्वेदका प्रमाणहरू मनन गर्‍यौं । अरू–हे इन्द्र ! मैले तिम्रोलागि स्तोत्र रचना गरेको छु, त्यसलाई तिमीले स्वीकार गर्‍यौ । [सामवेद ३।१।२ पूर्वार्चिक]
हे इन्द्र-अग्नि ! तिम्रोलागि मेघसमान यी मुख्य स्तुतिहरू स्तुति गर्नेहरूले रचे । ["उत्तरार्चिक ३।१।१। (९)]
हे सोम ! तिम्रै बलबाट कर्ममा प्रेरणा दिनेभएका स्तुतिहरू रचना गरिन्छन् । ["...४।१।७(३)
अरू पनि सामवेदकै ७।१।२ को ५ र ८ मन्त्र । ऋग्वेद १०।१०।११३ को १-१०; " "।१३०।१; " १२।१६ को ४–इत्यादि ।

सार हो–संसारमा सबैभन्दा श्रेष्ठ जीव चेतन नै हो। व्यापक-आत्मा, ब्रह्म, शिव-सबैको कल्पना-स्थिति कायम राख्ने मनुष्य जीव नै हो*। जीवकै ज्ञान लक्षणद्वारा ती सबैको पनि नाम कायम छ। जीव बिना यिनको कसले नाम लेओस्! कुन लक्षणबाट यिनको सिद्धि गरुन्।

"जीव बिना नहिं आतमा, जीव बिना नहिं ब्रह्म।
जीव बिना शीवो नहिं, जीव बिना सब भर्म॥

चुडका–११२

झगडा यो ठूलो एक, राजा राम छ उदेक; जो छिन्दछ मुक्त हुनेछ।
मन! ब्रह्म ठूला हुन् कि, वा जो बाट आएथे ती; वेद ठूलो हो कि रच्ने त!
यो मन नै ठूलो हो कि? वा मनले माने का ती? राम ठूला कि त चिन्ने नै!
भ्रमी-भ्रमी कबीरा त, फिर्दछन् उदास गात; तीर्थ ठूला कि त दास नै!

शब्द–११३

झूठेहि जनि पतियाउ हो, सुनु सन्त सुजाना॥१॥
तेरे घट ही में ठगपूर है, मति खोवहु अपाना॥२॥
झूठे की मण्डान है, धरती असमाना॥३॥
दशहुँ दिशा वाकी फन्द है, जीव घेरे आना॥४॥

अर्थ– हे विवेकशील सन्त! सुन, खानी-वाणीका मिथ्या कुरा सहसा पत्यार नगर॥१॥ तिम्रा हृदयमै विषयासक्ति, काम-क्रोधादि र अनेक अध्यास-कल्पनारूपी ठग भरिएका छन्, परीक्षा गरी तिनलाई हटाउ। यिनका पछिलागी आफ्नो

---

* You are more than the earth, though you are such a dot;
You can love and think and the earth can not.
– Mathew Browne

यद्यपि तिमी यस्तो सानु थोपो (जन्मेका) थियौ तैपनि (स्वरूप भावबाट र मानवीय शक्तिबाट तिमी पृथ्वी भन्दा अति महान् छौ। किन भने तिमीले प्रेम र विचार गर्न सक्तछौ, ती पृथ्वीले सक्तिनन्।

खास स्वरूप चेतनको भाव नगुमाउ ।।२।। पृथ्वीमा चारैतिर झुट्टै भूत-प्रेत, देवी-देवता, व्यापकवादको र अनित्य ऐश्वर्य–स्त्री-पुत्र भोगादिको बलियो घेरा बनिरहेछ । आकाशीय स्वर्ग-बिहिश्त, ईश्वर-खुदादिको झुट्टै मान्यताले ढाकिरहेछ ।।३।। ती खानी-वाणी जालको पासोले दशैंदिशा जेलेको छ । यिनै कल्पनामा जीव घेरिएका छन् ।।४।।

योग जप तप संयमा, तीरथ व्रत दाना ।।५।।
नौधा वेद कितेब है, झूठे का बाना ।।६।।
काहू के बचनहिं फुरे, काहू करामाती ।।७।।
मान बडाई ले रहे, हिन्दू तुरुक जाती ।।८।।

अर्थ– हठयोगका सारा जञ्जाल–कामनायुक्त जप, संयम तीर्थ व्रत, दान ।।५।। कल्पित इष्टका नवधा भक्ति, तप वेद कुरान बाइबिल–यो सबै बिना विवेक सत्यको लक्ष्यरहित असत्यकै पोशाक हुन् ।।६।।

कुन हिन्दू, कुन मुसलमान, क्रिश्चियन; यिनका योगी तपस्वी पण्डित पीर फकीर औलिया पोप पादरी–सबै विवेक बिना नाना देखाउ भेसबनाई घुम्दछन् । यिनका वाचासिद्धि, चमत्कार आदि पाखण्डको संसारमा धेरै-धेरै प्रचार छ । यी दुनियाँलाई सन्तान-सम्पत्ति, ऐश्वर्य-आरोग्यादि प्रदान गर्दै हिड्दछन् ।।७।। हिन्दू-मूसलमान आदि आ-आफ्नै मान-बडाईमा छन् ।।८।।

बात ब्योंते असमानकी, मुद्दति नियरानी ।।९।।
बहुत खुदी दिल राखते, बूडे बिनु पानी ।।१०।।
कहहिं कबीर कासों कहों, सकलो जग अन्धा ।।११।।
साँचे से भागा फिरे, झूठेका बन्दा ।।१२।।

अर्थ– यी आफ्ना फाँइफुट्टिका कुराले आकाश-पाताल नाप्तछन्, झुट्टै सात स्वर्ग, सात तबक-बिहिश्त, परमधाम र

त्यहाँका खुदा-भगवान् आदिको खूब बयान गर्दछन् । बिना पारख यस्तै भ्रान्तिमा यिनको जीवन समाप्त हुन्छ ।।९।। हृदयमा धेरै-धेरै अहङ्कार राख्तछन्; विचाररूपी पानी बिना, अज्ञान-भ्रान्तिकै समुद्रमा डुबी मर्ने भनेका यस्तै हुन् ।।१०।। गुरु कबीर भन्नुहुन्छ—म पारख-निर्णयका सत्य कुरा को सित गरौं ! सारा संसार विवेकरहित अन्धा बनिरहेछन् ।।११।। साँचो पारख ज्ञान* र विवेकी सन्तदेखि मुख लुकाउँछन्, झुट्टाभ्रामक गुरु र कल्पनाका दास छन्, विवेक गर्दैनन् ।।१२।।

अरू— गुरु कबीरले यो शब्दमा योग, जप तप संयम तीर्थ व्रत दान नवधाभक्ति वेद कुरान—सबैलाई झुट्टाका पोशाक भन्नुभएको मुख्य कारण हो—'कल्याणको निमित्त गरिने साधना-संयममा अहङ्कार-कामना, मान बढाईको लालच, पाखण्ड, छल, ऋद्धि-सिद्धिको चमत्कार आदिको महा आडम्बर बनाई, गरिएका कार्यजति निष्कामताको भएन, अतः यी सबै निर्वाण-मोक्षका लागि नभई, खालि देखाउ परिधानमात्र हुनगए, बाटो बिरियो, अहंकार-भरणको मात्र भयो'—भन्नुभएको हो । यद्यपि प्रथम अवस्थामा विवेक-ज्ञान नपाएसम्म यिनै साधनाका आधारबाट भएपनि साधक सात्त्विकी आचरणमा आउँछन्, दुर्गुण-दुराचारबाट बच्दछन्; तथापि यसमा विवेकयुक्त सत्य निर्मानिता निष्कामतादि पूर्णरूपले पालन हुनको अति आवश्यकता छ । होइन भने ती सबै मिथ्या कपटकै रूप हुन् भन्नुभएको हो ।

उहाँ गुरु कबीरबाट ती योगादिको यहाँ सर्वथा खण्डन गर्नुभएको होइन । ती साधनाहरूको जगैमा कल्पित इष्ट प्राप्तिको

---

* कति मीठो भाका मैले मुरलीमा झिकें ।
पैलो माया आफैंसित लगाउन सिकें ।।
माधव प्रसाद घिमिरे ।

उदेश्य भई, मनुष्यकै मनका कल्पनामात्र हुनाले र कल्पनाको जरो गडेपछि विवेकको बोटै मर्ने, सत्य निर्णय हुनै नसक्ने हुनाले ती सबैलाई झुट्टाका बाना-परिधानमात्र भन्नुभएको हो । अर्थात् साधनारूपी पोशाकैपोशाक भए, ती पोशाक कसका लागि हुन्, त्यसको पत्तै भएन । यिनै पोशाकरूपी साधनामा 'स्वरूप चिन्तन, स्वरूप स्थिति, दैवी सम्पत्ति, हंस-गुणको सर्वाङ्ग ग्रहण, पालनका निमित्त मान्यता भएको भए सुनमाथि सुगन्ध हुनेथियो । यसैले प्रारम्भमै विवेक-पारखदृष्टिको र उक्त सुभाचरण धारण गर्नको अति खाँचो छ । मनोद्रष्टारूपी योग, स्वरूप-चिन्तनरूपी जप, परोपकार, स्व धर्म-रक्षा, हृदयको विकार धोई निर्मल बनाउनको निम्ति कष्टसहनु तप, मन-इन्द्रियको, संयम सत्संगरूपी तिर्थ सेवन, सत्यको पालनरूपी व्रत-उपवास, सुपात्रलाई दानदिनु, विवेकी सन्त-गुरुको प्रेम सत्संगत–यी सबै परम कल्याण-कारी हुन् । वेद कुरानादिका वचन मध्ये हवाई उडानरूप कल्पित वचन र हिंसात्मक वचनका अतिरिक्त अरू सारा सत्य कुराहरू सर्वथा शिरोपर गर्न लायकका हुन् ।

हृदय निवासी जीव चेतन नै अविनाशी शाश्वत पुरुष हो, सबै कल्पना यसैका हुन् । यी बाहेक अरू कर्ता, कुनै मालिक विवेकबाट सिद्ध हुँदैनन् । जीवको शुद्ध स्वरूप नै पारख हो, पारख र ज्ञान एउटै कुरा हो । सबै कल्पना आसक्ति–मनका भावनाहरूलाई पन्छाइदिएपछि पन्छाउनेमात्र अवशेष रहन्छ । यही पारख हो, यही साक्षात् ज्ञान स्वरूप स्वयं हो ।

पारख सबको स्थिरपद, ठहरि रहे सत्सङ्ग
मन माया कृत गुणनको, देखै मिथ्या भङ्ग ।। [पंचग्रंथी]

"पारख सबैमा स्थिरपद हो, सत्सङ्गद्वारा त्यहीं स्थिर रहनु । मन-मायाको गुण–खानी-वाणीरूप समस्त जालको आसक्तिलाई सर्वथा मिथ्या सम्झी परित्याग गर्नु ।"

चुडका–११३

न पत्याउ झुट्टा कुरा, सुन सुज्ञ सन्त पूरा; तिम्रो घटै ठग शहर छ ।
न गुमाउ आफ्नो पन, ठग कै छ राज सुन; भू-अकास उही लहर छ ।।
उसकै छ दशै दिशा- फन्दा परेका छन् निशा; योग जप तप संयम ।
व्रत तीर्थ दान भक्ति- नौधा वेद कितेब ती; झुट्टै का हुन् भेस नियम ।।
कोही वाचा सिद्धि अति, बन्छन् करामाती कति; खालि मान बडाइ लिनेछन् ।
हिन्दू तुर्क डुबेले नि, नभ नाप्छन् कुरैले यी; जाने दिन नेर पुगे जन ।।
अहङ्कार भित्र भरे, बिना पानी डुबी मरे; कबीर म भनौं को सित !
सारा विश्व अन्धा भए, साँचो देखि भाग्दै गए; दास बने झुट्टै का ती त ।।

शब्द–११४

सार शब्द से बाँचि हो, मानहु इतबारा हो ।।१।।

अर्थ– हे मनुष्य ! विवेकका तथ्य कुरामा निश्चय गर, सार शब्द–गुरुमुख-निर्णयका वचनलाई विचार-मनन गरी ग्रहण गर्नाले नै धोकाबाट बच्नेछौ; तिम्रो कल्याण हुनेछ ।।१।।

अरू– कोही ब्रह्मरन्ध्रका झन्कारबाट सुनिएका शब्दाभास-अनहद ध्वनिलाई सार शब्द भन्दछन् । कोही श्वासमा कल्पनाको नाम–'सोहं' 'राम' 'शिव' आदि जोडी जपिने मन्त्र नै सार शब्द हो भन्दछन् । ती सार-शब्द नै जगत्कर्ता हुन् भन्ने सम्झन्छन् । परन्तु यी सबै कल्पनाका परिधिभित्रकै कुरा हुन् ।

पारख सिद्धान्तबाट वाणीलाई चार भागमा बाँडेका छन् । जीवमुख, मायामुख, ब्रह्ममुख र गुरुमुख । यिनैलाई रोलैसित-काल, सन्धि, झाईं र सार शब्द–भन्दछन् । जस्तै–

अनवन वाणी चार प्रकार, काल सन्धि झाईं औ सार
हेतु शब्द बूझिये सोय, जानि यथारथ द्वारा सोय ।।
भ्रामक झाईं सन्धि औ काल, सार शब्द काटे भ्रम जाल ।।

[पं. टकसार]

अर्थात्–काल सन्धि, झाईं यसैक्रमबाट जीवमुख, मायामुख, ब्रह्ममुख–यी तीन थरी वाणी, जीवका निम्ति बन्धनकारी हुन् । ती बन्धन जुन वाणीबाट काटिन्छन् तिनलाई सारशब्द भनिन्छ ।

सार शब्द निर्णयको नामा । जाते होय जीवको कामा ।
सार शब्द कहिये टकसारा । त्रिविधि शब्दको परख विचारा ।।
सार शब्द पाये बिना, जीवहि चैन न होय ।
कालफन्द जेहि ते लखै, सार शब्द कहै सोय ।।

[पंच ग्रंथी]

जीवमुख–कल्पित इष्टको जीवले भयवश प्रार्थना गरेका वाणी ।
मायामुख– जीवका माथि कुनै जगत्-कर्ता–ईश्वर, ब्रह्म, देव-देवी, भूत स्वर्ग-नर्क सिद्धगर्ने कल्पित वाणी ।
ब्रह्ममुख– व्यापक अद्वैत ब्रह्म निरूपक वाणी ।
गुरुमुख– सबै कल्पना छुटाई, शुद्ध पारख स्वरूपका बोधक वाणी ।

यस्ता– गुरुमुख वाणी नै सार शब्द हुन् । गुरु भन्नुहुन्छ–

आदि पुरुष एक वृक्ष है, निरञ्जन डारा हो ।।२।।
त्रि देवा शाखा भये, पत्र संसारा हो ।।३।।
ब्रह्मा वेद सही कियो, शिव योग पसारा हो ।।४।।
विष्णु माया उतपति कियो, ई उरले व्यवहारा हो ।।५।।

अर्थ– (जगत्-कर्ता मान्नेहरू भन्दछन्–) सबैका स्रष्टा परमात्मा एक वृक्ष हो, सबल ब्रह्म मूल हाँगो हो ।।२।। (ब्रह्मा विष्णु महादेवी) वा रज सत्त्व तम–यी तीन गुण हाँगा भए । संसारका अनेक कार्य-पदार्थ पात हुन् ।।३।। यिनै कुरा सिद्धगर्न ब्रह्माजीले वेद प्रमाणित गरी, कर्मकाण्ड प्रचार गरे । महादेवले योगमार्ग चलाए ।।४।। श्री विष्णुले तिनै कल्पित पुरुषलाई प्राप्तिगर्न उपासनाकाण्ड निकाले । यी सबै व्यवहार हृदयङ्गम गरे अथवा ई उरले–यता (बिचैका) हुन्, जगत् त अनादि थिदैथियो ।।५।।

अरू– यहाँ जगत्-उत्पत्ति मान्नेहरूको मन्तव्य बताई, यो कुरा सिद्ध गर्ने काममा त्रि-देव पनि कटिबद्ध भए ।

तीन लोक दशहूँ दिशा, यम रोकिन द्वारा हो ।।६।।
कीर भये सब जीयरा, लिये विषका चारा हो ।।७।।
ज्योति स्वरूपी हाकिमा, जिह्न अमल पसारा हो ।।८।।
कर्म की बन्शी लायके, पकरो जग सारा हो ।।९।।
अमल मिटावो तासुका, पठवों भव पारा हो ।।१०।।
कहहिं कबीर तोहि निर्भय करों, परखो टकसारा हो ।।११।।

अर्थ– दशै दिशाका तीनलोक-त्रिगुणी मनुष्यको मोक्षद्वार-लाई यम–मन र वञ्चकहरूले थुनिदिए ।।६।। डोरीको नलीमा कीर–सुगा चरो अल्झेझैं सब जीव भोग-विषय, स्त्री-पुत्रादि र कल्पित स्वर्ग, ब्रह्मादिको आधार पक्री, तीनै यमका बन्धनमा परे ।।७।। हाकिमा–प्रमुख ब्रह्मादि त्रि-देवले आ-आफ्ना शिक्षाद्वारा ज्योति-स्वरूप–कल्पनाको अमल–अधिकार सर्वत्र फिंजाए ।।८।। यिनले नै कर्मकाण्डको बल्छी लगाई, संसारका सारा जीवलाई बन्धनमा पारी राखेकाछन् ।।९।।

गुरु भन्नुहुन्छ–सनातन स्वतन्त्र जीवमाथि जे जति भयानक कर्म वासना* अनेक मान्यता-कल्पनाले आवरण गरेका छन्, ती सबै विकार मिटाउ, अनि तिमीलाई खानी-वाणीरूप संसार-सागर-बाट पार पुऱ्याई, निर्भय ज्ञान-सिंहासनमा स्थिर गराइदिनेछु ।

* The Moving Finger writes; and, having writ,
Moved on: nor all Piety nor Wit
Shall lure it back to cancel half a Line
Nor all thy Tears Washout a Word of it. – Khaiyam.

'तिम्रो कर्मको भावी लेख, हैर्दैन फर्केर लेखी त्यो ।
अबपनि सम्झ तिम्रो भक्ति वा विवेकले आधी के मेट्थ्यो !
त्यो न पखाल्दछ बलिन्द्रधारा, आँसुले नै उसलाई !
नधोइन्छ त्यो अक्षर एकै, बगाउन सक्थे कि त्यसलाई' ।।

अब तिमी पारखी सन्तको सत्सङ्गमा बसी, टकसार ज्ञानको बृहत् कोश–निर्णय गुरुमुख सार शब्दको पारख गर ॥१०-११॥

अरू– टकसार-टकसालको दुइ भाव हुन्छ–प्रामाणिक, विवेकद्वारा ठहरिएका निर्दाग सत्य, आप्त पुरुषद्वारा आचरित तथ्यकुरा र दोस्रो अनुभवपूर्ण सिद्धान्त। गुरुभन्नुहुन्छ–तिमी पनि यस्तै पारखको कसीबाट सत्य ठहरेका निर्णय सिद्धान्त–स्वरूप नै ग्रहण गर। ठूलाबडा व्यक्ति र लेख आदि कसैको पनि पक्ष पक्री, निर्धक्कमा नपर। यस्तै परम स्वतन्त्र निर्मल विवेकको कसीबाट उत्रेका सिद्धान्त नै यथार्थ ग्राह्य र अभिनन्दनीय हुन्छन्। अतः सत्य आचरण-सत्य सिद्धान्त अँगाल्नु नै बुद्धिमान्‌को कर्तव्य हो।

बिना विवेक कुनै एकपक्षलाई अँगाली, हाम्रै निश्चय ठीक हो भन्नु; त्यसमाथि विवेकबाट सत्य तथ्य छानेर नलिई सोऊै सँगेट्दै हृदयमा भर्दै जानु नै मानव-जीवनलाई रसातल पुऱ्याउनु हो। होइन, अरू ग्रन्थ-पन्थका-वाणी पनि यथार्थ सार निचोरी लिनु, यही हो–दिव्य विवेक। यस्तो आदर्श विवेक-चलनीले छानिएका वाणीमात्र टकसारी गुरुमुखी हुन्छन्। यिनैलाई निष्ठापूर्ण ग्रहण गर्नु नै कल्याणको महान् उपाय र मुक्तिको द्वार हो।

चुडका–११४

तिमी सार शब्दबाट- बाँचौला हे सुज्ञ आँट; पत्यार त गर यो बात।
आदि पुरुष वृक्ष जहाँ, निरञ्जन फेद तहाँ; तीन देव संसार पात॥
वेद ठीक ब्रह्माजीले- गरे योग शिवजीले- विस्तार गरे बुद्धि अनुसार।
विष्णु-माया प्रकट गरे, सबै वल्लै पट्टि परे; व्यवहार सबै संसार॥

तीन लोक दशै दिशा, यमले नै छेके भिता; मुक्तिद्वार शुभ गतिको।
सुगा सरि बने कठै, संसारका प्राणी सबै; विष खाद्य लिने मति भो।
ज्योति रूप हाकिमले- कब्जा गरे स्व बलले; अमल त जगत् फिंजाई॥
कर्मजाल बल्छी त्याई, थापे धरातल हाई; पक्रे सारा विश्व फिकाई।

त्यो हैकम हटाएर, पठाउँछु भव पार; स्थिर अविनाशी सार कै॥
कबीर म तिमीलाई, लौ! निर्भय पार्छु भाई; परख त टकसार गै।

शब्द–११५

सन्तो ! ऐसी भूल जग माहीं, जाते जीव मिथ्या में जाहीं ॥१॥
पहिले भूले ब्रह्म अखण्डित, झाईं आपुहि मानी ॥२॥
झाईं में भूलत इच्छा कीह्नीं, इच्छा ते अभिमानी ॥३॥
अभिमानी कर्ता होय बैठे, नाना ग्रन्थ चलाया ॥४॥
वही भूलमें सब जग भूला, भूलका मर्म न पाया ॥५॥

अर्थ– हे सन्त ! यहाँ भूल, सारै उग्ररूपले फिंजिएको छ। यसैले गर्दा सारा जीव कल्पनाका बाढीमा बगिरहेछन् ॥१॥ सर्व प्रथम भुल्ने उनै भए, जो एक ब्रह्म अखण्ड परिपूर्ण मैं हूँ भन्ने कल्पना गरी, वाणीजालमा अल्झे। अपरोक्ष जिउँदो जाग्दो भित्रको चेतनलाई नचिनी, आफ्नै मनको छायालाई परमतत्त्व स्वयं स्वरूप भन्ने दृढ विश्वासमा परे ॥२॥ झाईं (मायामा) भुलनासाथ तिनलाई जगत् कर्ता भन्ने इच्छा उठ्यो, साथै अभिमानी भए ॥३॥ यसपछि 'अहं' ब्रह्मास्मिको अभिमानी जीव, जगत्को कर्ता र उपादान कारण बनी मिथ्या अभिमानमा फुली बस्ने भए। यसैको समर्थन-मा उपनिषदादि धेरै पुस्तक रचना भई प्रचारमा आए ॥४॥ यही भूलमा पथिकलाई दिग्भ्रम भएझैं जगत्का सारा जीव (घोर भूल) मा परे; त्यो भूलको रहस्य कसैले जान्न सकेनन् ॥५॥

लख चौरासी भूल ते कहिये, भूलते जग बिटमाया ॥६॥
जो है सनातन सोई भूला, अब सो भूलहिं खाया ॥७॥
भूल मिटै गुरु मिलैं पारखी, पारख देहिं लखाई ॥८॥
कहहिं कबीर भूल की औषध, पारख सब की भाई ॥९॥

चार खानिमा जीवको गमनागमन पनि यही भूलबाट भइ–रहेछ। भुलैबाट जगत्को अध्यास र समस्त जीव सृष्टि बिटमाया–वृद्धि-पुष्ट भयो ॥६॥ जो शाश्वत जीव चेतन हो, उही अनादि

देखि भुल्दै आउँदा आफ्नै भूलले कष्ट दिइरहेछ ॥७॥ के त अब यो भूल कहिल्यै मेटिँदैन त ! जीवले यस्तै दुःख पाइनै रहने! होइन, मेटिन्छ–अवश्य मेटिन्छ । जब साधकलाई पारखी गुरु मिल्नुहुन्छ, उहाँबाट पारखज्ञान दर्शाइदिनु भएपछि यी भूल-अज्ञान को अस्तित्व पनि रहँदैन ॥८॥ गुरु कबीर अझ मुक्त-कण्ठले घोषणा गर्नुहुन्छ–हे भाइ ! भूल अज्ञानरूपी भीषण रोगको अव्यर्थ महौषध-पारख ज्ञान नै एकमात्र संजीवनी बूटी हो ॥९॥

अरू– भूलको दुःख–यहाँ धेरै मानिसले आफ्नो नित्य स्वरूपलाई सर्वथा बिर्सेर पञ्चविषय भोग सम्पत्तिमा सुख मानी, तिनलाई प्राप्त गर्न अथक परिश्रम गर्दछन् । ती भोग-साज प्राप्त भएपनि तिनलाई यथाशीघ्र भोग्ने आतुरता-चाहनाले सताइएका प्राणी, उपलब्ध भोगको निम्ति बत्तीमा पुतली होम्मिए झैं प्रवृत्त हुन्छन् । भोग भोग्नासाथ फेरि तृष्णाग्निको* राँको दन्किन्छ । बारम्बार भोग भोग्ने अनर्थकारी क्रियामा निरत रहन्छन् । अनि त्यहाँ कर्तव्याकर्तव्यको ज्ञान सर्वथा लोप हुन्छ ।

यसरी जतिसुकै पराधीन दुःख भार विपत्ति परेपनि सबै शिरोपर गरी, तन मन धन शक्ति–सबै अर्पण गरेर भोगमै लम्पट हुन्छन् । विवेकमा नजागेसम्म यिनको दुःखैमा दिन बित्तछ ।

अर्को भूल–कति जीव, कल्याणको जिज्ञासा लिई विषय जञ्जालबाट अगाडि बढ्छन्, तर ती पनि सम्यक पारखदृष्टि नपाउँदा कर्मको जञ्जाल, जड-उपासना, ईश्वर-ब्रह्मवाद आदिकै अल्झोमा अल्झेका छन्, सबै परोक्षमै परे ।

अझ नित्य सत्य चेतनलाई जडतत्त्वकै स्वरूप हो भन्ने सम्झनु, अथवा जडको कारणरूप वा अनन्त कार्यझैं मान्नु;

* "तृष्णाको तुच्छ जालो मन विच नभए, जो मिल्यो त्यो उज्यालो ।"
"यो ब्रह्माण्डै हलुङ्गो, जब सब मनको तिर्सना लाग्छ टुङ्गो ॥" – लेखनाथ

जड-जडको मिश्रणबाट चेतनको पनि उत्पत्ति हुन्छ भन्ने ठान्नु । इत्यादि प्रकारबाट विपरीत निश्चयको कल्पना-विकारले खडा गरिएका (विषयमा सुख भ्रमको मिथ्या दृष्टि र विवेकमा संशय दृष्टि) यिनै भूल अज्ञानमा परेर अनादि कालदेखि प्रपीडित भई दुःख पाउँदै आएका छन् । यो विपुल दुःखदाई भूलको यथार्थ भेद कसैले थाहा पाएनन् भन्ने संकेत गर्दै बुद्धिलाई स्वयंमा स्थिर गराउन, यहाँ गुरुबाट विवेकको चुनौती दिनुभएको हो ।

अब यो सम्पूर्ण दुःखरूपी असाध्य रोग मेटिने उपाय पनि उहाँबाटै बताउनुहुन्छ–'पारख सबकी भाई' केवल पारख नै महौषध हो । सारासारको स्पष्ट ज्ञाता पारखी सतगुरु जब मिल्नुहुन्छ, अनि समस्त भूल-भ्रम, अज्ञानलाई एक-एक परखाई छुटाई, यथार्थ पदको निर्मल बोध गराई, सदाचारमा स्थिर गराइदिनुहुन्छ । तबै सम्पूर्ण भूल विध्वंस भई मुमुक्षु कृतकृत्य भएर जीवन्मुक्त हुनेछ । त्यस्ता महात्माको प्रारब्ध-समाप्त, देहावसान पश्चात् शाश्वत विदेहमुक्ति अवश्यंभावी छँदैछ ।

चुडका–११५

यस्तो भूल संसारमा, सन्त ! छ कि जो मिथ्यामा; जीव सबै परिरहेछन् ।
प्रथम त भूले ब्रह्म, अखण्ड र सारा टम्म; आफू क्याइँ मानिरहेछन् ।।
क्याइँ बीच भूलो अनि, इच्छा गर्न थाले उनी; इच्छा-वश भए गुमानी ।
गुमान ली बसे कर्ता, बने त्यहाँ हर्ता कर्ता; धेरै ग्रन्थ फिजाए मानी ।।
उही भूल भव सबै- परे हाय ! होश नभै; भूलको नै भेद को पाए !
ती चौरासी लक्ष भूल- बाटै भन्छन् पर्‍यो शूल; भूलबाटै विश्व बनाए ।।
भूल मिट्नासाथ गुरु- मिल्नेछन् पारखीहरू; पारख ती दिन्छन् बताई ।
भन्नुहुन्छ कबीर त, भूलको यो औषधि छ; पारख हो सबैको भाई ।।

बीजक-शब्द यो खण्ड, पूर्ण भो अर्थ वर्णन ।
ध्यान निर्णयमा राम्रो- लागोस् सन्त सुसज्जन ।।

—

सद्गुरवे नमः

बी ज क

तेस्रो खण्ड

[ज्ञान चौंतीसा]

ॐकार आदि जो जानै, लिखकै मेटै ताहि सो मानै ।।
ॐकार कहैं सव कोई, जिह्न यह लखा सो विरला होई ।।१।।

नेपाली अनुवाद – चुड्काको लयमा

ॐकार आदि जो जान्दछ, लेख्न मेट्न समर्थ छ; मान्यतामा उही पर्दछ ।
ॐकार जप्छन् सबैले त, तर त्यसकोजानो भेद; बिरला नै पारख गर्दछ ।।

अर्थ– ॐकारको आदि मूल प्रवर्तक मनुष्य जीव नै हो । यो रहस्य जसले जान्दछ, पुन: 'ॐ' अक्षरलाई लेख्न र मेट्नमा जो समर्थ छ; तथा भूल-वश जसले उही 'ॐ' लाई मुख्य तत्त्व मान्दै आइरहेछ, उही मनुष्य जीवबाटै त्यो 'ॐ' को कल्पना भएको हो । 'ॐ' शब्दको उच्चारण प्राय: वैदिक-अवैदिक सबैले गर्दछन्, परन्तु यसको यथार्थ परीक्षा गर्ने बिरलै पारखीजन होलान् ।।१।।

अरू– 'ॐ' अक्षर तथा 'क ख' आदि सबै वर्ण मनुष्यकै कण्ठ तालु, दाँत, ओठ आदि स्थानबाट मात्र उच्चारण हुन सक्तछन् । अक्षरका आकार मात्रा सन्धि शब्द धातु विशेषण इत्यादिको कल्पना र अन्य अनेक सङ्केत गर्ने, तथा शब्दोच्चारण गर्ने मनुष्य जीवै हुन् । तर सम्पूर्ण अक्षरबाट जे जति भाषा बनाइएका छन्, ती सबै

काल्पनिक रूढीमात्र हुन् ।
कण्ठबाट – अ आ क ख ग घ ह ।
तालुबाट – इ ई च छ ज ञ य श ।
मूर्ध्वाबाट – ऋ ट ठ ड ढ र ष ।
दाँतबाट – ऌ त थ द ध ल स ।
ओठबाट – उ ऊ प फ ब भ ।
कण्ठ - तालुका सहयोगबाट – ए ऐ ।
कण्ठ - ओठका सहयोगबाट – ओ औ ।
दाँत - ओठका सहयोगबाट – व ।
नाकबाट – ञ म ङ ण न ।

अ उ मा अर्धमात्रा ‘ ˘ ’ र विन्दु ‘˙’ मिलेर ‘ॐ’ बन्दछ । गुरु पूरणसाहेबबाट यसको यसरी वर्णन गर्नु भएको छ– ‘अ’ को अर्थ-नाभि स्थान, पृथ्वी तत्त्व, ब्रह्मा देवता, रजो गुण, कर्ममार्ग । ‘उ’ को अर्थ–हृदय स्थान, जल तत्त्व, विष्णु देवता, सत्वगुण उपासना मार्ग ।

‘म’ को अर्थ–कण्ठ स्थान, अग्नि तत्त्व, महादेव देवता, तमोगुण, योग मार्ग ।

‘ ˘ ’ अर्धमात्र को अर्थ– त्रिकुटी स्थान, वायु तत्त्व, गायत्री देवता, शुद्ध सत्वगुण, ज्ञान मार्ग ।

‘ ˙ ’ विन्दुको अर्थ– मस्तक स्थान, आकाश तत्त्व, निरञ्जन वा ब्रह्म देवता, निर्गुण, विज्ञान मार्ग ।

‘ॐ’ लाई समस्त विश्वकै स्वरूप मानेका छन् । परन्तु यो कल्पनाको पारख गरी, यसबाट पृथक हुने; मानव तनधारी चेतन स्वरूप नै सत्य हो । यो जानेर स्व स्वरूप मै स्थिर हुने मुमुक्षु नै साँचा पारखी हुन् ।

भन्दछन्– जब ईश्वरबाट सृष्टि रच्ने इच्छा भयो, तब 'ॐ' को ध्वनि शब्द निक्ल्यो । यसैबाट वर्णात्मक शब्द 'एकोहं बहुस्याम' उत्पन्न भयो । अर्थात् अद्वितीय ॐकार स्वरूप ब्रह्ममा 'म अनेक हूँ" यो इच्छा हुनासाथ चराचर विश्व सृष्टि भयो । यसैले समस्त प्रकट-अप्रकट सृष्टि ब्रह्मरूप वा ॐकार रूप नै हुन् ।"

ॐ देखि भिन्न अरू केही छैनन् । ॐकारमा तीन अक्षर छन्– अ+उ+म । 'अ' को अर्थ हो–जाग्रत्‌को अभिमानी देवता–विश्व । 'उ' वाच्य हो–स्वप्नको अभिमानी देवता–तैजस । 'म' वाच्य हो– सुषुप्तिको अभिमानी देवता–प्राज्ञ । यसरी तीनै अवस्थाका पृथक्-पृथक् देवताहरू ॐकाररूप नै हुन् । माया-विशिष्ट ब्रह्म ईश्वर हिरण्य गर्भ र विराट्; यी पनि ॐकार रूप हुन् । भाव हो–ईश्वरदेखि तृण पर्यन्त सबै ॐकाररूप नै हुन् ।"

'ॐमित्येदक्षरमिदं सर्वम्' इति । [माण्डुक्योपनिषद् मन्त्र१]

(पिट्ता फुक्ता र रेत्ता, वायुको धक्काबाट शब्दको उत्पत्ति हुन्छ ।) सृष्टिको पूर्व जब केही थिएन, तब कहाँ के को ठक्कर लागी ॐकार ध्वनि उत्पन्न भयो ? ती इच्छा-कर्ताको स्वरूप के कस्तो निश्चय गर्ने ? तिनको अस्तित्व कसरी जान्ने ? ईश्वर भएपनि अनीह हुनाले इच्छा कसरी उठ्यो ? यी कुरामा श्रद्धा-विश्वास बाहेक अरू कुनै विवेक ऋत (नियम) को स्थान छैन । उनका भनाईबाट पनि स्थावर-जङ्गमादि समस्त संसार ॐकाररूप हुनाले मुमुक्षुले संसारको अध्यास छोड्नु छ भने ॐ लाई छाड्नै पर्दछ । ॐ नछाडी, माया वासना आसक्ति अध्यास अज्ञान–आसुरी सम्पत्तिबाट कसरी छुटिन्छ र !

वास्तवमा ॐ अक्षरको कल्पना मानव जीवकै हो । यो ॐ अक्षर लेख्न र मेट्नमा समर्थ पनि मनुष्य जीव हुनाले चेतन

जीव नै सत्य हो, स्वतन्त्र छ । यही सर्वेसर्वा हो, ॐ होइन । अतएव चेतन जीवकै महत्व जान्न-मान्नको परम आवश्यक छ । चेतनलाई नचिन्ही अरू जतिसुकै जाने-माने तापनि केही काम लाग्न सक्तैन । अतः बुद्धिमान्ले स्वस्वरूप कै पहिचान गरी, स्थिति बनाउनुपर्दछ ।

क का कँवल किर्ण में पावै । शशि विग्रसित सम्पुट नहिं आवै ।।
तहाँ कुसुम रङ्ग जो पावै । औगह गहिके गगन रहावै ।।१।।

क का किरण पाई कमल, खुम्चदैन चन्द्र विमल; कमल प्रफुल्लित गहन छ ।
त्यहाँ कुसुम रङ्ग पाई, पछि त अगम लाई; गृहण गरी गगन रहन्छ ।।

अर्थ- (योगीजन भन्दछन्–) 'क'–केवल ब्रह्म, 'का'–जीव । हे जीव ! तिमी ब्रह्मको अंश हौ । ती ब्रह्मलाई कमल-किरण–त्रिपुटिको द्वि-दल कमल वा ब्रह्मरन्ध्रका बीच सहस्रदल-कमलका ज्योति-रेखामा पाउनेछौ । शशि बिग्रसित–चन्द्रनाडीमा प्राणायामको अभ्यास गरी, त्यो कमललाई विकसित गराउ । तर फेरि कमल सम्पुट–बन्द, हुन नपाओस् । त्यहाँ कुसुम (केसर) समान पहेंलो रङ्ग दृश्य हुनेछ । त्यसैलाई औगह–अगम्य, ब्रह्म सम्झी ग्रहण गर्नु, उही ध्यानमा तन्मय भई, गगन–ब्रह्माण्डमा स्थिर रहनु ।।१।।

अरू– यो कल्पनाको ध्यान-साधना गर्न एक त कठिन-साध्य छ, बहुधा बिचैमा शरीर रोगग्रस्त हुन्छ । दोस्रो–देखिने कमल-रङ्ग, ज्योति आदि सबै कल्पित हुन् । तेस्रो-ती दृश्य हुन् । दृश्य जति जड हुन्छन्, परिवर्तनरूप छुट्ने हुन्छन् । यसैले द्रष्टा चेतन नै सत्य हो । यो न कहिल्यै छुट्तछ, न परिवर्तन हुन्छ; सदा पाइएकै वस्तु हो । यसमाथि अरू कोही छैनन्, अतः सबैबाट पन्छ यसैलाई चिनेर यसैमा शान्त होउ ।

ख खा चाहै खोरि मनावै । खसमहिं छाडि दहूँ दिश धावै ।।
खसमहिं छाडि छिमा हो रहिये । होयन खीन अक्षय पद लहिये ।।२।।

ख खा खोटा मनाउन, पति छाडी त्यो पाउन; दशै दिशा आफू धाउँछौ ।
स्वामी छाडी शान्त बस, दिक्दारी नलिई पस; अक्षयपद तिमी पाउँछौ ।।

अर्थ (योगीजन भन्दछन्–) 'ख'–आकाश (ब्रह्माण्ड) । 'खा'–वायु (श्वास) । यदि तिमी ब्रह्माण्डमा श्वास वायु स्थिर गर्न खोज्दछौ भने खोरि मनावै–पहिले आफ्ना दुष्ट इन्द्रिय–वर्गलाई मनाई दुराचारी चाल छुटाई, शुद्ध गर; स्वाधीन राख । खसमहिं छाडि–अन्यथा इन्द्रियगण आफ्ना मालिक ब्रह्मलाई छाडी दशदिशा दौडने छन् । पूर्वमा स्वामी सम्झी मानेका देव-देवीलाई छाडी, छिमा हो रहिये–शान्तिपूर्वक प्राणायाम-समाधिको अभ्यासमा बस । होय न खीन–यस अभ्यासबाट साधक कहिल्यै क्षीण–साधनाच्युत नभई, अक्षय ब्रह्मपदमा विलीन हुनेछ ।।२।।

ग गा गुरुके वचनहि मान । दूसर शब्द करो नहि कान ।।
तहाँ विहंगम कबहुँ न जाई । औगह गहि के गगन रहाई ।।३।।

ग गा गुरु अति मान, अरू शब्द नदचौ कान; एकनिष्ठ बस बीर हैं ।
जान्न पंछी त्यहाँ कँल्यै, पद लेउ अगम ऐल्यै; गगनमा बस थीर भै ।।

अर्थ– (ब्रह्मज्ञ योगी भन्दछन्–) 'ग'–सर्वज्ञ ईश्वर (तत्पद) । 'गा'–अल्पज्ञ जीव (त्वमपद) । गुरुके वचन–'तत्त्वमसि' महावाक्य-लाई मान वा योगी गुरुकै वचनमात्र सुन । दूसर शब्द–अरू द्वैत सम्बन्धी वचनमा कानै नथाप । यसोगरी बसेपछि त्यो योग समाधि वा ब्राह्मी-स्थितिमा विहङ्गम–मन-पक्षी गई, कहिल्यै उपद्रो मच्चाउने-चंचल बनाउने छैन । अतएव अग्राह्य अद्वैत ब्रह्मभाव धारण गरी बस अथवा ज्योतिस्वरूप ब्रह्मको भावमा आकाश समान स्थिति बनाउ ।।३।।

घ घा घट विनसे घट होई । घटही में घट राखु समोई ।।
जो घट घटै घटहि फिरि आवै । घटही में फिर घटहि समावै ।।४।।

घ घा घट नाश हुन्छ, फेरि घट नयाँ बन्छ; घट बीच राख घट लाई ।
यदि घटै घटी गयौ, भने फेरि घटै आयौ; फेरि घट घटै मिलाई ।।

अर्थ– (गुरुवचन-)'घ'–घायल जीव । 'घा'–घाम (तेजपूर्ण ज्ञान) । सन्त भन्दछन्–पूर्णज्ञान स्वरूप स्वयं छँदै विषयवश घायल भएका हे जीव ! यो घट–शरीर नाश-हुनासाथ अबोधीजनको दोस्रो शरीर बनिहाल्दछ । घटही में–यसैले यो शरीरको अध्यास यही शरीरबाट शमन गर । जो घट–यदि विषय देखेर लालचवश मनमा शरीर र विषयको आसक्ति बनायौभने फेरि फर्केर घटमा आउन करै लाग्नेछ । सूक्ष्म शरीरयुक्त माताको गर्भाशयरूप घटमा पुगी दोस्रो शरीर नबनी छाड्ने छैन ।।४।।

अरू– शरीरमा विषयासक्ति, मोह, कल्पनादि जे-जति छन्, ती सबैलाई सत्सङ्ग, गुरुभक्ति, बोध-वैराग्यादि साधनाद्वारा विध्वंस गरिहाल । होइन भने यिनै संस्कारले पुनः गर्भवासमा पुऱ्याई त्यहाँको यातना र जन्म-मरणको चक्रमा घुमाइरहनेछन् ।

ङ ङा निरखत निशि दिन जाई । निरखत नैन रहे रतनाई ।।
निमिष एक जो निरखै पावै । ताहि निमिष में नैन छिपावै ।।५।।

ङ ङा नित्य जो निहार्दै, रात दिन जान्छ व्यर्थै; नैन बने लाल मणि त ।
हेर्न सके एक छिन, हुन्थ्यो सिद्धि उही दिन; आंखा चिम्लि भयो खण्डित ।।

अर्थ– (योगका साधक भन्दछन्–) ङ– मुद्रा । ङा–जीव । मुद्रा-साधनाका साधक भन्दछन्–निरखत–मुद्रा देख्ता-देख्ता रातपछि दिन, दिनपछि रात बित्तछन्, निरखत–हेर्दा-हेर्दा आँखै रक्तमय (पाकेका गोलिभेंडा जस्ता) हुन्छन्, फल केही मिल्दैन । योगी गुरु भन्दछन्–हे शिष्य ! यसमा त्रुटि तिम्रै हो । किनभने ज्योति-प्रकाश हुने बेला, अन्तिम क्षणमै तिमी आत्तिन्छौ, आँखा चिम्लिहाल्छौ । अनि ज्योति-दर्शन कसरी हुन्छ ! ।।५।।

च चा चित्र रचो बड भारी । चित्र छोडि तैं चेतु चित्रकारी ।।
जिह्व यह चित्र विचित्र ह्वै खेला । चित्र छोडि तैं चेतु चितेला ।।६।।

च चा चित्र रच्यौ भारी, चित्र छोडी चित्रकारी; चेत चाँडै चलाखै त छौ ।
जसले यो चित्र लेख्यो, विचित्रको खेल खेल्यो; चित्र छाडी चेत चेतने ह्वौ ।।

अर्थ- च–जीव । चा–कल्पना । जीवकै कल्पनाबाट खानी-वाणीको औधीठूलो मजबूत चित्र बनी ठडिएको छ । हे चित्रकारी जीव ! दृश्य चित्र छाडी, सचेत भइहाल । तिमी चेतन-चित्रकारीले नै स्वयं खेल-प्रिय खेलाडी बनी-बनी, यो चित्र अर्थात् तस्बीर खिची, त्यहीं आसक्त बन्ने खेल खेलेका ह्वौ । ए, चेतन समर्थ सचेतन मनुष्य ! समस्त चित्रको आसक्ति छाड । तिमी ळट्टै होशमा आइहाल ! ।।६।।

अरू– परलोक सुधारने प्रेरणा हामी वेदबाट प्रचुर मात्रामा पाउँछौं–'हे दम्पति ! परलोकको ध्यान राखेर सत्कर्मादि गर ।' (इत्यादि) [अथर्ववेद-६।१२।१२२।३]

'हे भौतिक सुखका इच्छुकजन हो ! कल्याण प्राप्ति गर्नमा प्रयत्नशील बन ।' [अथर्ववेद ७।१।८।१]

छ छा आहि छत्रपति पासा । छकि किन रहहु मेटि सब आशा ।।
मैं तोही छिन छिन समुझावा । खसम छाँडि कस आपु बँधावा ।।७।।

छ छा छत्रपति पास, छँदै किन लिन्छौ आश; तृप्त बनी इच्छा मेटन ।
छिन छिन तिमीलाई, बोध गर्छु भुल्छौ भाई; मरक्यौ छाड स्वामी भेटन ।।

अर्थ– छ–क्षयशील-देह । छा–अविद्या-माया (कल्पना) । जीवका गल-पासा, यिनै दुइ आहि–लागेका छन् । तिमी यिनैमा भुली कष्ट पाइरहेछौ । हे स्वतन्त्र-सम्राट् चेतन ! शरीरदेखि ब्रह्मसम्मको सम्पूर्ण आसक्ति शमन गरी, स्वयं स्वरूप अमृत-कुण्डमा तृप्त-निमग्न भई किन रहँदैनौ ? म बारम्बार सम्झाइरहेछु, भूलवश मानिरहेका कल्पित पतिको मान्यतालाई छाड ! स्वयं चेतन सम्राट् मालिक छँदै किन जड-कल्पनामा बाँधिइरहेका ! ।।७।।

ज जा ई तन जियत न जारो । जोवन जारि युक्ति तन पारो ।।
जो कछु युक्ति जानि तन जरै । ई घट ज्योति उजियारी करै ।।८।।

ज जा जिम्दै नजलाउ- देह, बरु बैंस जलाउ; युक्तिबाट पार लाग्नेछ ।
जो केही युक्ति जानी, तन बश भए अनि; यै घटमा ज्योति जाग्ने छ ।।

अर्थ– ज– माया । जा–त्रिगुण । मायाजाल धारी भ्रान्त शिक्षकका कुरा सुनी, हठयोगका प्रपञ्च र कष्ट-साध्य तपस्या आदिमा तिमी जिउँदै आफ्नो शरीर नजलाउ । (तर योगीजन भन्दछन्–) शरीरको यौवन जलाई युक्तिपूर्वक योग्याभ्यास गर। योगका युक्ति सबै ठीक-ठीक जानी, शरीरलाई साधनामा राम्ररी जलायौ भने, यो घटभित्रै दिव्यज्योति जल्नेछ– कृतार्थ हुनेछौ ।।८।।

अरू– ध्यानमा देखिने ज्योति-प्रकाश जो हो, त्यो बाह्य जड प्रकाशको प्रतिभासमात्र हो । अनुभव गर्ने द्रष्टा चेतन त त्यस बखत पनि पृथकै रहेको हुन्छ । ऊ भिन्न नभए, त्यो ज्योति-प्रकाशको अनुभव गरी कसले बताउने ?

झ झा अरुझि सरुझि कित जान । अरुझनि हींडत जाय परान ।।
कोटि सुमेरु ढूँडि फिरि आवै । जो गढ गढै गढैया सो पावै ।।९।।

झ झा अर्झिएर फिर्दै, कता जान्छौ व्यर्थ गिर्दै; बीचै प्राण छुटिहाल्नेछ ।
खोजी आउ कोटी मेरु, केही लाभ हुन्न अरू; जस्तो गर्छौ उस्तै फल्नेछ ।।

अर्थ– झ–खानी । झा– वाणी । हे जीव ! खानी-वाणीको झालमा अल्झिदै-बेर्रिदै तिमी कहाँ जान्छौ ! खानीको झालबाट सुल्झन भनी वाणी-बनमा पस्छौ, त्यो झन् भयानक झाडी हो । यस्तै अल्झिदै, भौंतारिंदै तिम्रो प्राण जानेछ । तिमी यति कुरा सम्झ–कसैले पापकर्म-विनाश गरी मुक्ति-गति देलान् भन्नु पर्दैन । सुमेरु जस्ता करोडौं पर्वत घुमिफिरी खोजी आउ, परन्तु यहाँ जसले जस्तो कर्म गर्दछ, अध्यासको किल्ला बनाउँछ, ऊ उस्तै शरीर

धारण गरेर त्यसको फल भोग्न पनि बाध्य हुनेछ★ ।।९।।

अरू– स्वयं चेतनको सम्यक रूपेण बोध-स्थिति नभएसम्म खानी जालको त अल्झो छँदैछ, त्यो अल्झो सुल्झाउन वाणीको आधार मानी जाँदा, झन् भ्रान्तिको बल्दो आगोमा पर्न पुग्नेछौं। वाणीको सन्तापमा पर्नेछौं। नभएका कर्ता मालिक कहाँबाट भेट्टिउन्! कल्पनाका लोक-धाममा कहाँ पुगिनु र निवास पाउनु! फेरि फर्किन, आफ्ना कर्मको फल भोग्न यहीं नआई सुक्खै छैन। यही हो– 'जो गढ गढै, गढैया सो पावै' भनेको। अतएव मिथ्या कल्पनाका पति पाउने, माथि धाममा निवास गर्ने, विश्वमा पूर्ण बन्ने– आदि कुनै आशा नलिउँ। हामी शुद्ध स्वतन्त्र अनादि अविनाशी चेतन हुँदै हुँ, हाम्रो स्वरूपमा कुनै विकारले छुन सक्तैन; अतः आफ्नै कर्म सुधारौं, आसक्ति-वासना मेटौं, अनि हामी जस्ताको तस्तै रहनेछौं। अचल चेतनको शाश्वत स्थिति मिल्नेछ।

है जैसा रहै तैसा कहहिं कबीर बिचारि ।। [बि. सा. १२०]

ञ ञा निग्रह सनेहू, करु निरुवार सन्देहू।
नहिं देखे नहिं भाजिया, परम सयानप येहू ।।१०।।

जहाँ न देखि तहाँ आपु भजाऊ। जहाँ नहीं तहाँ तनमन लाऊ ।।
जहाँ नहीं तहाँ सवकुछ जानी। जहाँ है तहाँ ले पहिचानी ।।११।।

ञ ञा यहीं काट स्नेह, गर न्याय जो सन्देह; अदेखमा छाड दौडन।
यति गऱ्यौ भने तिम्रो, जन्म सफल भइहाल्यो; बनी टाठो भ्रान्ति छोडन ।।
अदेख मै दौडी आफैं, जहाँ छैन त्यहीं सार्फ; तन मन गर्छन् अर्पण।
जहाँ छैन त्यहीं जान्छन्, सर्वपूर्ण तत्त्व ठान्छन्,; जहाँ छ त्यें चिन बूझन ।।

अर्थ- ञ–ब्रह्म। ञा–वाणी। ब्रह्म- ईश्वरादि समस्त वाणी प्रतिको स्नेह-आसक्ति निग्रह गर-मिटाउ। मनका सन्देह भ्रान्तिको

★A little trust that when We die, we reap our sowing and so good by!
एक सानो विश्वास, जब हामी मर्दछौं तब हामीले रोपे अनुसार काट्नेछौं। नमस्कार!

अल्झो सुल्झाउ र निस्सन्देह बन । विवेक-चक्षुबाट नदेखिने कल्पनाका इष्ट-कर्ताको पछि नदौड; यही परम सावधानी हो ।

अरू– विवेक गर्दा जहाँ केही पाइँदैन; उही खानी-वाणीमा जीव दौडी-दौडी जान्छ । जुन ऐश्वर्य भोग परिवारादिमा रत्ती सुख-शान्ति छैन, त्यहीं आफ्नो तन-मन, जीवन नै समर्पण गरिरहेछ । जुन पत्थर-पानी, कल्पनाका निर्गुण-निराकारमा केही सार-स्वत्व छैन, त्यहींबाट सबकुछ आनन्द, लोकादि प्राप्ति-मुक्ति-गति सम्मपनि पाउँछु भन्ने मानिरहेछ । किन हो ! यो जीव नाहक बाहिरै-बाहिर अल्झी-भोंतारिइरहेछ। हे सुज्ञ ! तिमी त हृदयमा जहाँ सत्य चेतनको टट्कारै अनुभव भइरहेछ, त्यहीं राम्ररी खोज, पहिचानगर? अँगाल! निहाल बन ।।११।।

ट टा विकट वाट मन माहीं । खोलि कपाट महल मो जाहीं ।।
रही लटापटि जुटि तेहि माहीं । होहिं अटल तव कतहुँ नजाहीं ।। १२

ट टा टाढा विकटको, बाटो मनोमय गाको; द्वार खोली महल पस्त छ ।।
एक एक लठारिदै, जुटेको छ बटारिदै; कतै नगै अटल बस्तछ ।।

अर्थ– ट–साधनामा टठमराएका साधक । टा–योगमा सारै तन्मय योगी । (यस्ता योगी भन्दछन्–) भँवर गुफाको बाटो अति कठिन र भयानक छ । योगी गुरुको युक्तिबाट मात्र षट्चक्रको कपाट–ढोका उघारी, महल–भँवरगुफामा जानुपर्दछ । रही लटापटि–त्यहाँ ब्रह्म-ज्योतिमा तद्रूप बनी स्थिर हुनु । यसरी जब अटल समाधि बन्दछ, अनि मन कहीं जाँदैन; स्थिर हुनेछ ।।१२।।

अरू– ब्रह्म-ज्योतिमा मिली बस्ता मनमात्र ज्योति कल्पनामा मिल्ने हुन्छ । पुराना मान्यतामाथि झन् ब्रह्म-कल्पनाको मान्यता थपिन्छ । भ्रान्ति-कल्पना रहिरहेकाले उसको स्व-स्थिति हुन सकेन । आसक्ति- अध्यास कल्पना-वश त्यो खानीमा गमन गर्ने नै

भयो । शरीरस्थ जड तत्त्व पनि आ-आफ्ना परमाणुरूपबाट पृथक नै रही! शरीरान्तवाद स्व-स्व तत्त्वमा सामेल बन्न, अरू नै कार्यमा परिणत हुन पुग्दछन्, जड-चेतन मुछिई एकबन्ने हुँदैनन् । जीवको विषयासक्ति, वासना र समस्त भ्रान्ति-कल्पना छुटेको छ र स्वरूप ज्ञानको प्राप्ति छ भने प्रारब्ध-पश्चात् अब उसलाई के ले आकर्षण गर्ने ? वास्तवमा सर्व वासना विध्वंस भएपछि स्वयं स्वरूपमात्र अवशेष रहन्छ । उसलाई कसैले क्रियामा प्रवृत्त गराउन सक्तैन । सदाको लागि स्वयं चेतन अक्रिय शान्त मुक्त भइहाल्दछ ।

ठ ठा ठौर दूर ठग नियरे । नितके निठुर कीह्न मन घेरे ।।
जे ठग ठगे सवलोग सयाना । सो ठग चीह्नि ठौर पहिचाना ।।१३।।

ठ ठा ठाउँ टाडा गऱ्यो, ठग पासँ नित्य पऱ्यो; निठुरको मन गराई ।
जो ठगले सारा बाठा, लाई ठगे ठग टाठा; चिन ठाउँ जान हे भाई ।।

अर्थ– ठ ठा-ठट्टा (खिसी-टिउरी) गरी जिस्काउने (नाना मत मतान्तरका गुरुजन) निकट आई-आई जीवलाई 'अंश, प्रतिबिम्ब परतन्त्र किञ्चिज्ञ' इत्यादि भनी-भनी होच्याई आफ्नो ठौर–पारख पदबाट टाढा गराइरहेछन् । निरन्तर यिनैका साथ-सहवासबाट जीवको मन पनि घेरिएर, लठ्ठिई आफूलाई तुच्छ सम्झेका छन् । विषयासक्ति र कल्पनामा नीठुर–सारोभई, अबूझ बनी, ठगिइरहेछन् । जुन वामा-वञ्चक काम क्रोधादिरूप ठगले सारा ठूल-ठूला बुद्धिमान्, विद्वज्जनलाई समेत ठगिसके वर्तमानमा पनि ठगिरहेछन् । अतः हे जीव! ती ठगहरूलाई राम्ररी चिनेर तिनीबाट बच, आफ्नो पारख स्थितिलाई जान । गुरु श्री पूरण साहेब भन्नुहुन्छ–

'जीवहि कर्ता कर्म बनावै । जीवहि काल समय ठहरावै ।।
चार वेद औ नाना बानी । कल्पि-कल्पि सब जीव उतपानी ।।
जे ते सिद्धान्त भये जग सोई । सो सब भास जीवको होई (नि.)

श्री विशाल देवको वचन–

'परतन्त्र कहैं सब जीवको, जो स्वतन्त्र पद नित्य ।
सो बुझाय गुरु मोहिंको, मेटहु भरम अनित्य ।। [मुक्तिद्वार]
हो कर्ता कर्तव्य में भूला । डारि हिंडोला आपहि झूला ।।
[श्री प्रेम साहेब]

डडा डर उपजे डर होई । डर ही में डर राखु समोई ।।
जो डर डरै डरहि फिरि आवै । डरहा में फिर डरहि समावै ।।१४।।

डडा डर आए डर, हुन्छ भित्र डरै डर; शम गरी राख छुटौला ।
यदि डरजन्य भोग, पर्यो भने पुनः शोग; आई फेरि डरै भरौला ।।

अर्थ– डडा– डराएका जीव । हे भयभीत मानव ! डर उपजे–भयको कारण विषयासक्ति-अभिमानले नै तिमीलाई डर होई–मुख्य 'भय' को पात्र शरीर प्राप्त भइरहेको हो । यसैले यही शरीरबाट तिमी विषयासक्ति, देह- अभिमान र भ्रम-कल्पनारूप डरको मूललाई उखेल। यदि आज पनि ती मनोमय बन्धनका कारण बाँकी रहिरहे भने अझ अधिक भयावह शरीर फेरिपनि पाउनेछौ । आगामी देहमा पुनः उनै कल्पना-आसक्तिरूपी भारी बेसरी भरिने थपिनेछन् ।।१४।।

अरू–त्याग करौ सब भोग रोगको, मुख्यमन्त्र यह तुमका ।
करौ परीक्षा निशदिन निर्भय, डरौ न कबहूँ किसका ।।
[गुरु विशाल – भवयान ८।३]

भयमान पदार्थ– विषय-आसक्ति छाडेपछि न आज यस घडीमा विशेष कुनै भय रहन्छ, न भविष्यमा भयको घर शरीरै बन्ने हुन्छ ! यदि वर्तमानमा ती सारा आसक्ति-वासना, भ्रान्ति-कल्पनालाई शमन गर्नसकेमा कुनै कर्ता-ईश्वरादिको कल्पना गरी तिनमा अल्झिरहन पनि पर्दैन । न शून्य बन्ने, कैलाश-वैकुण्ठ उक्लने कल्पना नै गर्नु पर्दछ ! केवल विवेक-स्थितिको धारणा

भएमा अवश्य पनि अचल शान्ति मिल्नेछ । हामीले यसैको सम्पादन गर्नु उचित छ ।

ढ ढा हींडत ही कित जान । हींडत ढूंढत जाय परान ।।
कोटि सुमेरु ढूंढि फिर आवै । जेहि ढूंढा सो कतहुँ न पावै ।।१५।।

ढ ढा कता जान्छौ हिंडी, हिड्दै खोज्दै प्राण उडी- जान्छ कष्ट मात्र पाउँछौ ।
कोटि मेरु खोजी आउ, थाकी फर्की घरै धाउ; कहीं पाउँदैनौ धाउँछौ ।।

अर्थ– ढ–भ्रान्त । ढा–भ्रम । भ्रान्तजनका साथ-सङ्गतबाट स्वयं भ्रान्त बनी तिमी पनि कहाँ-कति भौंतारिन्छौ ! कल्पित वस्तु खोजन हिंड्दा-हिंड्दा एकदिन भुतुक्क हुनेछौ– प्राणै जानेछ । सुमेरु जस्ता अग्ला करोडौं पहाड घुमी-खोजी आएपनि ती कल्पनाका ब्रह्म-ईश्वरादि कहीं पाउँनेछैनौ । सत्य वस्तु पो पाइन्छ, कल्पनाको चीज कहाँ पाउनु ! ।।१५।।

रूरू– स्वरूप-भिन्नका वस्तु खोज्नमात्र छाड, कसैसित केही नमाग; कुनै चाहना न गर । विजाति, विकारी, विनश्वर जतिलाई पन्छाउ, अनि गम्भीरतापूर्वक सोच– बाँकी के रह्यो ! को रह्यो ? सबैलाई छाड्ने, केही नमाग्ने, पन्छाउने जो हो उही त मुख्य वस्तु रह्यो ! यही हो– साक्षात् जीव, ज्ञान स्वरूप, सत्य भगवान्, ईश्वर-ब्रह्म, परात्पर । यस्तो आफैंसित रहेको स्वयं अपरोक्ष वस्तुलाई बाहिर खोजेर के पाउनु ? दृष्टिको फरक भनेको यही हो । अब त्यो दृष्टिको सम्पूर्ण फरक मिटाई, आफैं आफूमा शान्त बनौं ◈।

खोज्दा खोज्दा थाकियो, गएन मनको डाहा ।
गुरु बताए होश भो, रहेछु मैं पो आहा ।।

ण णा दुई वसायो गाऊँ । रेणा ढूंढे तेरी नाऊँ।
मुये एक जाय तजि धना । मरे इत्यादिक केतेको गना ।।१६।।

They poor I rich; They beg, I give; They lack, I have They pine, die I live;

◈ "ती गरीब छन्, म धनी; तिनीहरू माग्दछन्, म दिन्छु ।
तिनीहरूलाई खाँचो छ, म संग छ । तिनीहरू नाश हुन्छन्, म बाँचि रहन्छु ।"

ण णा दुइ गाउँ जोरे, रेणा खोज्दै तिर्म्रै चोरे; ज्ञानबाट कल्पी भुलेर ।
एक मर्छन् धन छाडी, यस्तै मर्दैछन् पछाडि; गन्ति गर्न को पो सक्ने र !

अर्थ– ण–पिण्ड । णा–ब्रह्माण्ड । जीवले पिण्ड र ब्रह्माण्डको दुइ वस्ती-बसाल्यो । पिण्डमा आफ्नो निवास र ब्रह्माण्डमा ब्रह्मको निवास छ भन्ने मानी, योग-क्रियाद्वारा रेणा-मनः कल्पित ब्रह्मलाई तेरी नाउँ–तिर्म्रै ज्ञान-गुणको लक्षणाबाट खोज्न लाग्यो। तर यसैगरी खोज्दा-खोज्दै विवेक तथा शुभगुणरूपी धन छाडेर कता-कता अलमलिदै, एक जीव मरिरहेछ– कल्पनामा परिरहेछ । सबैदेखि छुट्टा, स्वयं द्रष्टालाई जड-चेतनमिश्रित आकाशवत् निराकारमा कहाँ पाओस् ! आफैंपट्टि फर्केको भए सबै कार्य स्वयं सिद्ध हुने थियो, तर अलिकति नबुझदा अनादि कालदेखि कति-कति मरि गए, त्यसको गणना कसले गर्न सक्तछ! ।।१६।।

त ता अति त्रियो नहिं जाई। तन त्रिभुवनमें राखु छिपाई ।।
जो तन त्रिभुवन माहिं छिपावै। तत्त्वहि मिलि तत्त्व सो पावै ।।१७।।

त ता अति तर्फ तीन, नगै जीउ त्रिभुवन; राख लुकाएर गाउला ।
जो तन त्रिभुवन, लुकाएर राख्छ सुन; तत्त्व मिली तत्त्व पाउला ।।

अर्थ– त– तत्पद-ईश्वर । ता–त्वंपद-जीव (योगनिष्ठ ब्रह्मज्ञानी भन्दछन्–) ईश्वर जीवको एकतारूप ब्रह्मलाई अतिक्रमण गरी, त्रिगुण-मायाजाल, द्वैत प्रपञ्चमा नजाउ । यसको सिद्धिको निमित्त शरीररूप त्रिभुवनमा प्राण-निरुद्ध गर। शरीरको त्रिभुवन– नाभि, कण्ठ, त्रिपुटीमा क्रमशः प्राण स्थिर गर्दै लैजाउ । पृथ्वीलाई जलमा जललाई अग्निमा, अग्निलाई वायुमा वायुलाई आकाशमा, आकाशलाई ब्रह्ममा; यसरी तत्त्वलाई मिलाउँदै लानाले अद्वैत ब्रह्म (तत्त्व) मा प्राप्त होइनेछ ।।१७।।

अरू– जीव–चेतन घट-घटको प्रेरक बनी, शरीरलाई धारणा गरिरहेको प्रत्यक्ष सिद्ध छ । यसको स्वामी अरू ईश्वर-ब्रह्मादि

छन् भन्नु कल्पना गर्नुमात्र हो । 'तत्त्वमसि'को अर्थ– त्यो तिमी नै ह्वौ । अर्थात् जो बाहिर छ भनी कल्पना गरेका छौ, त्यो तिमी नै ह्वौ । यस्तो सोझो र सजिलो अर्थ नगरी घट-मठ फोरेर महदाकाश बनाउने, गहना गालेर सुन, घडा फोरेर माटो बनाउने प्रयास गर्नु, यो सबै कागतमैमात्र बन्न सक्दछ । बाहिरी वस्तु-पदार्थ कहिल्यै अवस्तु-अपदार्थ हुन सक्तैन ।

तत्त्व पनि परस्पर गुण-धर्मका सर्वथा विरोधी वस्तु एकमा कसरी मिल्दछन् ! एउटै कहाँ हुन सक्तछन् ! हो, यिनको संयोग-सम्बन्धसम्म हुन्छ, भइरहेकै छ । तर समवाय सम्बन्ध भई, एकैरूप हुँदैनन्; साथै रही आ-आफ्ना गुण धर्मका कार्य बन्ने-बिग्रने भइरहेछन् । यस्तै अनेक चेतन पनि बन्धन तथा मोक्षादि हरेक अवस्थामा सब पृथकै पृथक रहन्छन् । चेतन निर्विकार-अखण्ड हुनाले सुन माटो गली एक भए झैं सबै चेतन एक डल्लोभई कहाँ मिल्दछन् र ? न चेतन, जड तत्त्वसित मिली एक बन्ने हुन्छ । पुनः शून्यमा पनि मिल्ने र जड चेतनको अस्तित्व नै लोप हुने केही होइन। 'शून्य' खाली ठाउँको नाम हो । त्यो शून्यको शून्य नै रहन्छ।जड तत्त्वहरू आ-आफ्नै गुण, धर्म, संयुक्त रहने हुनाले यिनीबाट कार्य बन्ने र बिग्रने क्रिया अटूट रूपले धाराप्रवाह रहन्छ । चेतन मुक्त भई स्थिर भएपछि (सम्पूर्ण वासना-भ्रान्ति मेटिएपछि) आउन-जान,जान्न-जनाउनसम्म छुट्तछ, तर स्वरूपबाट वर्तमानमा जस्तो ज्ञान स्वरूप छ, ऊ उहीरूप अखण्ड; अक्रिय, अनन्त, शान्त रहन्छ । यति कुरा राम्रो सम्झी हृदयंगम गर्नेको अति आवश्यकता छ।

थ था अति अथाह थाहो नहिं जाई । 'ई' थिर 'ऊ' थिर नाहिं रहाई ।।
थोरे थोरे थिर होउ भाई । विन थम्भे जस मन्दिर थँभाई ।।१८।।

थ था थाह रहितको, अन्त पाई नसक्नु त्यो; यो ऊ थीर हुन सक्तैन ।
थोरै थोरै होउ स्थिर, थाम बिना को मन्दिर; थामिए झैं बस्छ ढल्दैन ।।

अर्थ– थ–थात पाएका गुरु। था–थात खोज्ने शिष्य। खानी-वाणीको समुद्र, अथाह–अति गहिरो छ। यसमा परेका कोही पनि 'यो यत्तिकै रहेछ' भनी पत्तालगाई निस्की आउन सकेका छैनन्। ई–खानी, ऊ–वाणी, दुवैमा जीव कहिल्यै रत्तीभर स्थिर रहन पाउँदैन। अतएव हे भाइ! जस्तो मन्दिरको गुमज, बिना आधार अलि-अलि बनाउँदै जाँदा पनि थामिन्छ, त्यस्तै तिमी पनि विस्तार-विस्तार कल्याण साधनामा स्थिर हुँदै अघि बढ। खानी-वाणी दुवैबाट बची-बची स्वयंमा शान्त बन ।।१८।।

द दा देखहु विनशन हारा। जस देखहु तस करहु विचारा।
दशहूँ द्वारे तारीलावै। तब दयालके दर्शन पावै ।।१९।।

द दा देख नाशवन्त, जस्तो देख्छौ त्यस्तै अन्त; विचार गरी स्नेह छाडौला।
दशद्वार शान्त राख, दयालुको दया चाख; अनि दर्श प्राप्त गरौला ।।

अर्थ– द–दयाल। दा–दाता। पारख-ज्ञानका दाता दयालु गुरु भन्नुहुन्छ–हेर! शरीरसहित यहाँका समस्त पदार्थ नाशवान् हुन्। यिनलाई विवेकबाट जस्तो देखिन्छ उस्तै विचार गरी, अविनाशी स्वरूपमा स्थिति बनाउ। होइनभने तिम्रो दुःख-बन्धन कदापि छुट्ने छैन। (तर योगीजनको भनाई छ–) दशौद्वार बन्द गरी जब समाधिस्थ होइन्छ, तबै दयालु परमात्माको दर्शन हुनेछ ।।१९।।

अरू– दशौद्वार बन्दगरी समाधि गर्ने केवल-कुम्भक आदिबाट प्राणवायु रोकिंदा मन क्षणभर रोकिन्छ र ज्योति, अनहदको भान हुनेसम्म हुन्छ, मनको नाश हुने होइन। मन शमन नभई आवा-गमन छुट्दैन। प्रथम चरणमा गुरुबाट बताउनुभएको विवेकको मार्गबाट प्रत्येक वासनालाई परीक्षा गरीगरी अभाव गरिने हुनाले मनसहित सबै बन्धन निर्मूलभई, वर्तमानमै जीवनमुक्तिदशा प्राप्त हुन सक्तछ। त्यसपछि विदेहमुक्ति त छँदैछ।

तत्राप्य साध्य पवनस्यः नाशः षडङ्ग योगादि निषेवणेन ।
मनोविनाशस्तु गुरूप्रसादान्निमेष मात्रेण सुसाध्य एव ।।
[कौलार्णव महातन्त्र २।३२)

"ती मन र प्राण-वायुमा प्राणको शमन हुन त षट् अङ्ग योगका प्रक्रियाबाट पनि हुन्छ । तर मनोनाशको निमित्त गुरु-कृपारूप ज्ञान-साधनाबाट क्षणभरमा साध्य हुनसक्तछ ।"

ध धा अर्धमाहिं अँधियारी । अर्ध छोडि ऊर्ध मन तारी ।।
अर्ध छोडि ऊर्ध मन लावै । आपा मेटिके प्रेम वढावै ।।२०।।

ध धा तल अन्धकार, अर्ध छाडी उर्ध्व सार; समाधिमा मन राख्नुछ ।
ऊँधो छाडी ऊँभो मन, लगाउन् अहंपन; मेटी प्रेम बढाउन् छ ।।

अर्थ– योगीजन भन्दछन्– ध-ब्रह्म । धा-माया । अर्ध–तल पिण्डमा माया-अविद्याको अन्धकार रहेको हुन्छ । उर्ध-ब्रह्माण्डमा ब्रह्म-ज्योतिको निवास छ । यसैले पिण्डबाट मनलाई योग–साधना द्वारा उर्ध ब्रह्माण्डमा लगी तारी–समाधिको अभ्यास गर्नु । निरन्तर पिण्ड छाडी ब्रह्माण्डमै लगी ज्योतिमा लीन राखनु । आपा–अभिमान शमन गरी, उही ध्येयमा प्रेम बढाउनु ।।२०।।

चौथे वो ना महँ जाई ! रामका गद्धा होय खर खाई ।।२१।।

चौथो ना को बीच पुग्छन्, रामजी वो गधा बन्छन्; खर पात खान थाल्दछन् ।

अर्थ– मन बुद्धि चित्त--यी तीनको माथि चौथो अहङ्कार छ । सबै भूलवश निषेध्रवाचक अवस्तु शून्य ब्रह्म हुँ भन्ने अहंकारमा छन् । यही कल्पनामा पुगी स्थिर हुन्छन् । अथवा चौथो तुरीया अवस्थामा साक्षी बनी बसेका पनि फेरि ना--अवस्तु आकाशवत् ब्रह्म बन्दछन् । रासभले भारी बोकेझैं राम--अहं ब्रह्मको मान्यतारूपी भारी बोकी घासरूप कल्पनामा चर्दछन् ।।२१।।

अरू– अथवा नाभि, हृदय, कण्ठ-पार गरी चौथो त्रिकुटिमा लक्ष्य लगाउँछन् । ध्यान-समाधि गर्छु भन्दछन्; तर ज्ञानमात्र

स्वस्वरूपबाट शून्यमा पुग्दछन् । कति त देखनमा रामनामको जप-किर्तनरूपी भारी बोकेका छन्, परन्तु विषयरूपी घाँसै ग्रहण गर्दछन् । स्व-स्वरूप रामलाई चिन्ने प्रयत्न गर्दैनन् ।

प पा पाप करें सब कोई । पाप के करे धर्म नहिं होई ।।
प पा कहै सुनहु रे भाई । हमरे से इन किछुवो न पाई ।।२२।।

प पा पाप गर्छन् सबै, पाप गरी हुन्न धर्म; धर्म बिना सुख फल्छ र !
प पा भन्छन् सुन भाई, हामीबाट यिनीलाई; केही फबै कत्ति मिल्छ र ।।

अर्थ– प–पुण्य, पा–पाप । बिना विवेक संसार-प्राणी पुण्य सम्झी, पूजा-बलिको निउँबाट जीव-घातको ठूलो पाप कर्म गर्दछन् । यस्तो कर्म गरेर धर्म भइरहेछ भन्नु भूल हो । त्यसबाट कदापि धर्म हुन सक्तैन । प पा–पापी पुण्यात्मा दुवैको अन्तः करण भन्दछ–हे भाइ ! सुन, हमरे से–'म म' भनी अहङ्कार गरेर यी हिंसा गर्ने हिन्दू-मूसलमान आदि कोहीले पनि केही पाउन सक्तैनन् । बिना पारख सबै धोखामा परी उल्टो पापकर्म कमाइरहेछन् । अथवा पहिले गर्नु-नगर्नु कर्म गरिसकेपछि प्राणान्तमा प पा–हे रक्षक ! हे भगवान् ! बचाउ, भनी-भनी रुने-कराउने गरेरमात्र के हुन्छ ! कल्पनाका इष्ट कहाँबाट सहायक बनुन् ! स्वयं समयमा सचेत बनेनौ, भाइ ! अब म बाट केही हुन सक्तैन ।।२२।।

फ फा फल लागे बड दूरी ! चाखे सतगुरु देइ न तूरी ।।
फ फा कहै सुनहु रे भाई ! स्वर्ग पताल की खबरि न पाई ।।२३।।

फ फा फल फल्छ पर, चाख्छन् गुरु दिने कोर ! टिपेर त्यो कोही दिदैनन् ।
फ फा भन्छन् भाइ सुन, स्वर्ग पातालको जुन– खबर त कोही पाउँदैनन् ।।

अर्थ– फ फा– अहङ्कारकृत रोचक वाणी । पुराणादिमा यस्तै अलंकृत वाणी भरिएका छन् । सहृदयीजीव भन्दछन्– "मोक्ष आदि फल अतिमाथि स्वर्ग-परमधाममा लागेका छन् । ब्रह्मा आदि

गुरुले त्यो फल स्वयं चाखी अनुभव गर्नु भएको छ, हामीलाई मात्र दिनु भएन। यदि त्यो फल चाख्ने इच्छा छ भने गुरुकै कथन अनुसार यज्ञ, तपस्या, साधनादि गर्नुपर्दछ।" (गुरुउक्ति–) भ्रान्तजन यस्तै अलंकृत वाणीका घोडा चढी, लालचप्रद अनेक कुरा बताउँछन्। हे भाइ ! सुन, यी स्वयं स्वर्ग-पातालका कुरा केही जान्दैनन्, लेखकै भरमा आकाश-पाताल हाँक्नेमात्र हुन् ।।२३।।

व वा वर वर करें सव कोई। वर वर करे काज नहिं होई ।।
व वा वात कहैं अर्थाई। फलका मर्म न जानहु भाई ।।२४।।

ब बा बर बर सब, गर्छन् काम हुन्न अब ; वाक्य सुधार गर्न जान्दैनन् ।
ब बा बात गर्छन् अति, अर्थ विस्तार गर्ने कति ; परिणाम थाहा पाउँदैनन् ।।

अर्थ– ब–वाणी, बा–पण्डित, विद्वान्। पण्डितजन वाणी नै बरबराई रहन्छन्। बिना विवेक बरबराएरमात्र केही काम बन्दैन◈। यिनीहरू विविध अर्थ लगाई-लगाई व्याख्या गर्छन्, तर ती वक्तव्यका फलको रहस्य तिनलाई नै थाहा छैन ।।२४।।

अरू– विज्ञजनका उपदेश-व्याख्याबाट जिज्ञासुजनका मर्मस्थलसम्म शिक्षाको भाव गाडिन पुग्न सक्नुपर्दछ। 'परमार्थमा अहिल्यैदेखि लागिहालौं' भन्ने मनमा होश र जोश उत्पन्न हुनु पर्दछ। जड चेतनको ठीक-ठीक बोध र आचार पक्षमा अति गहि-रिएर लागिपर्ने प्रेरणा मिल्न सक्नुपर्दछ। श्रोताले जहाँको पनि कुरा सुन्ने बित्तिकै सम्भव-असम्भवको निष्कर्ष निकाल्न सकुन्, यस्तो कार्य कुशलता-बुद्धि उम्रोस्। जसमा उनीहरू अन्धपरम्परामा पुरिंदै नजाउन्, यस धोखाबाट बच्न सकुन्। आफ्ना आधारित श्रद्धालुजनका शुद्ध सरल हृदयमा भ्रान्ति-कल्पनामात्र भरिदिने काम नहोस्।

◈ ज्ञानी पुरुषले अज्ञानी जनसंग भिडिएर हँसी उडाउँदैनन्, किनभने गधाको समान घोडाले गर्दैन। (ऋग्वेद ३।४।५३।२६)

भ भा भभरि रहा भरपूरी । भभरे ते है नियरे दूरी ।।
भ भा कहै सुनहु रे भाई । भभरे आवै भभरे जाई ।।२५।।

भ भा भ्रम भव भरी , खोज्छन् डरी टाढा परी ; भ्रान्त बनी सब धाउँछन् ।
भ भा भन्छन् सुन भाइ , भय वश भवमा यी ; भ्रमी भ्रमी जान्छन् आउँछन् ।।

अर्थ– भ भा–भ्रम । भ्रममा भभरि–भयभीत भई, जीवहरू भरपूरी–'समस्त संसारमा भरिपूर्ण ब्रह्म मैं हुँ' भन्न थाल्दछन् । गुरु भन्नुहुन्छ–हे भाइ! सुन, भयभीत भएको यो जीव, सुख-स्थिति सम्झी, फेरिपनि भयकै स्थान–विषय-कल्पनामा पस्तछ । यसैले यो सदा भयभीत छ । बारम्बार जन्म-मरणका चक्रमा आउने-जाने गरिरहेछ ।।२५।।

म मा के सेये मर्म नहिं पाई । हमरे से इन मूल गमाई ।।
माया मोह रहा जग पूरी । माया मोहहि लखहु बिचारी ।।२६।।

म मा माया सेवा गरी, पाईंदैन मर्म भरी; म बाट नै मूल गुमाए ।
माया मोह जग भरी, पूर्ण छ यो बिचार गरी; हेर राम्रो शिक्षा सुनाए ।।

अर्थ–म–अन्धकार । मा–माया । 'म म' भनी-भनी जीव देह-भोगको आसक्तिरूप अन्धकारमा परिरहेछ। यसैले पञ्चमकार–मन्त्र मुद्रा मद्य मांस मैथुन र मुख्य पञ्चमाया–स्त्री पुत्र धन घर घोडा (सवारी) सेवन गरी-गरी; दश महामाया–स्थूल सूक्ष्म कारण महाकारण कैवल्य; कर्म उपासना योग ज्ञान विज्ञान–इत्यादिमै सबै अल्झिरहेछन् । यिनले गुरु-पारखको मर्म पाएनन्, आफ्नो चेतनको मूल स्वरूप नै भुले, अहंकार-वश सबै गुमाए । यसरी माया मोहले सर्वत्र ढाकिरहेछ । अतः यिनलाई ठीक-ठीक परीक्षाद्वारा जान, विचारपूर्वक परित्यागगर; सदुपयोगमा लगाउ★।।२६।।

★ If you can conquer your tongne only you are sure to conquer your whole body and mind at ease. — Edison.
यदि तिमीले खालि आफ्नो जिब्रो वशमा गऱ्यौ भने तिम्रो मन र शरीर अनायास वशमा हुनेछन्, यसमा केही संदेह छैन् ।

य या जगत रहा भर पूरी । जगत हू ते है जाना दूरी ।।
य या कहै सुनहु रे भाई । हमहीं ते इन जै जै पाई ।।२७।।

य या जगत् भरिपूर्ण, टमाटम्मी छ यो पूर्ण; जगत् देखि पार जानुछ ।
य या भन्छन् भाइ सुन ! हामी बाटै यो ता गुन; सदा जय जीत पाउँछ ।।

अर्थ–य–ब्रह्म । या–ब्रह्मवादी । यी भन्दछन्–घट-मृत्तिकान्याय ब्रह्म सर्वत्र परिपूर्ण छ । परन्तु वेद बताउँदछ–जगत्‌देखि पर भन्दा पर 'परात्पर' ब्रह्म छ । पुनः उनै ब्रह्मवादी जोर लगाई भन्दछन्–हे भाइ ! सुन, 'हाम्रै अद्वैतज्ञानबाट मात्र यी जीववर्गले मायामाथि विजयपाई ब्रह्मनिष्ठ बन्नसक्नेछन्' ।।२७।।

अरू–माटोबाट बनेका घडाको आकृतिमात्र अर्को हुन्छ, स्वरूपमा केही फरक पर्दैन, सबै माटैमाटा हुन्छन् । यस्तै समस्त जगत् नै ब्रह्म रूप हो भने ब्रह्मज्ञानीलाई ब्रह्मज्ञान लिने-दिने र साधनादि गर्नको कुनै प्रयोजन नै रहँदैन । यिनी ब्रह्म त छँदैछन्, अब यिनको के बन्ने कल्पना हो ! विकारबाट शुद्धमा जाने भन्नलाई एक ब्रह्ममा विकार छ भन्न पनि मिल्दैन । 'जगत्-ब्रह्म बनिरहिने यो ब्रह्म-चक्रको स्वभाव कहाँ मेटिन्छ ! यसैले त सुन्दरदासजी भन्नुहुन्छ–

एकहि ब्रह्म रह्यो भरपूरि तो दूसर कौन बतावनहारो ।
जो कहिं जीव करे परमाण तो जीव कहाँ कछु ब्रह्म ते न्यारो !
जो कहुँ जीव भयो जगदीश ते तो रविमाहिं कहाँको अँध्यारो !
सुन्दर मौन गही यह जानिके कौनिहुँ भाँति न ह्वै निरधारो ।।

अर्थ–यदि एकै ब्रह्म सर्वत्र परिपूर्ण व्यापक भए 'व्यापक छ भनी बताउने दोस्रो 'को हो ?' 'बताउने जीव हो' भनौं भने के जीव ब्रह्मदेखि भिन्न होर ? यदि जीव, ब्रह्मबाट भिन्न भएको छ भनौं भने सूर्यमा अन्धकार कहाँबाट आयो ? अर्थात् सर्वज्ञ निराकार ब्रह्म पनि अल्पज्ञ जीव र जड जगत् साकार कसरी बन्यो !

श्रोत्रिय ब्रह्मनिष्ठ सुन्दरदासजी भन्नुहुन्छ—यसैले म मौन रहन्छु। किनभने ब्रह्म-सिद्धान्तमा मौन रहनु परम हितकारी छ, यसमा कुनै शंका-समाधानको स्थानै छैन ।

र रा रारि रहा अरुझाई । रामके कहै दुख दारिद्र जाई ।।
र रा कहै सुनहु रे भाई । सतगुरु पूँछिके सेवहु आई ।।२८।।

र रा राढो बीत्र साफ, अल्झिएका राम जाप - गर दैन्य दुःख जानेछ ।
र रा भन्छन् सुन भाई, सतगुरु-सोध जाई; सेवा गर मुक्ति हुनेछ ।।

अर्थ–र–ज्ञान, रा–ज्ञानी। मानिस प्रायः पौराणिक कथाका बखेडामा अल्झेका छन् । मुखले 'राम राम' भनेमात्रै पनि सम्पूर्ण दुःख दरिद्रता छुट्छ भन्ने सम्झन्छन् । पारखीजन भन्छन्– हे भाइ ! सुन, पहिले विवेकी सद्गुरुको शरण गई 'राम' कुन वस्तु हो ! यो कुराको परीक्षा गर, शोध लगाउ । असली रामलाई ठीक-ठीक जानेरमात्र सेवन गर; तब तिम्रो कल्याणगति हुनेछ ।।२८।।

अरू–'अजामील' गणिकाहरूले एक पटक भगवान्को नाम लिंदैमा तरे भने हामीमात्र किन नतरौंला ? भन्ने कुरा धेरैका मुखबाट निस्किरहन्छ । नाम जपेरमात्र पारलागिने भए सत सिद्धान्तको बोध, साधना, संयम जप तप तितिक्षा वैराग्य आदिको धारणा पनि गर्नु पर्दैनथ्यो । तिनको निर्देशन गर्ने सारा शास्त्र पनि निरर्थक भनिदिए हुन्थ्यो । अर्को कुरा–हृदय भित्र भरिइरहेका पाप कर्मका वासना-संस्कार कहाँ जान्छन् नि ? यदि भगवान्ले नै सम्पूर्ण कर्म बन्धन काटिदिन्छन् भनौ भने पुराण अनुसार स्वयं भगवान्का कर्म काटिएनन् र विवश बनी फल भोग्नुपर्‍यो, अतः तिनैले तिम्रो कर्म-संस्कार कसोगरी काटिदेलान् ! अतएव पारखज्ञान नपाएका जीवलाई शुभमा प्रवृत्ति गराइराख्न निकालिएको प्रारम्भिक साधना–नाम-जपको कार्यलाई नै

कल्याणको मुख्य माध्यम नसम्झ, उपर्युक्त भूल-भ्रमबाट बची, सन्त पारखीको सत्संगद्वारा असली राम (हृदयस्थ चेतन) लाई चिनेर, उसैमा स्थिर बनी, परम कल्याणपद प्राप्तगर्नु मुमुक्षुको मुख्य कर्तव्य हो । विवेकी सद्‌गुरुको यही अन्तिम शिक्षा-सम्मत पनि छ ।

ल ला तुतुरे वात जनाई । तुतुरे आय तुतुरे परचाई ।।
आप तुतु रे औरकी कहई । एकै खेत दूनो निर्बहई ।।२९।।

ल ला लाल तोते बोली - बोल्छन् जस्तो जाने खोली; गर्छन् भ्रान्ति शिक्षा जानेका ।।
स्वयं उनी भ्रमित छन् , अरूलाई उही भन्छन्; एकै थलो दुवै मानेका ।।

अर्थ–ल ला–हे प्रियजन! तुतुरे–भ्रान्तगुरुजनआई, प्रियतापूर्वक भ्रमपूर्ण वाणी बताउँछन्, तिमीमा अरू भ्रान्ति कल्पनाको आगो थपिदिन्छन् । तर ती स्वयं भ्रान्त हुनाले अरूलाई पनि उही भ्रान्तिमै सन्नद्ध गरी, कल्पना भरिदिने उनको स्वभावै हो । यिनले एक खेत–एकै ब्रह्ममा जड चेतन दुवै छ्यासमिस गरिदिन्छन् । अर्थात् जड चेतन दुवैको छुट्टाछुट्टै व्यवहार पनि गर्दछन् । एक अद्वैत ब्रह्ममात्र छ, जगत् हुँदैहोइन, भएकै छैन पनि भन्दछन् ।।२९।।

अरू–तुतुरेको तात्पर्य हो–बालकले तोतेबोली बोल्दा उनका कुरा ठीक-ठीक नबुझिनेहुन्छ, शब्द एकैमा छ्यासमिस गरी बोल्दछन् । त्यस्तै ब्रह्मवादीका वचन पनि प्रायः छ्यासमिसे हुन्छन्, निर्णयका कुरा हुँदैनन् । जस्तै-'ब्रह्म' जगत्‌देखि पृथक छ, भन्छन्,– 'जगतै ब्रह्मरूप हो' पनि भन्दछन् । दैवी-सम्पत्तिको आचरण बताउँछन्, 'एकब्रह्ममा के ग्रहण-के त्याग ! पनि भन्दछन् । तत्त्व-प्रकृतिको विवेचनका निमित्त पञ्चीकरणको व्याख्या गरी आत्मालाई भिन्न गर्दछन्, फेरि "एकोब्रह्म द्वितीयो नास्ति, सबै एकै हो" पनि भन्दछन् । यस्तै दुइजिब्रे कुरा गर्ने हुनाले यस्तालाई गुरु कबीरबाट तुतुरे भन्नु भएको हो । जीवको कल्याण त 'ऋत'बाट पुट पाएका

'स्पष्ट निर्णय वचनबाट मात्र हुन्छ'। यसैले कल्याण-इच्छुकको निमित्त पारखी गुरुका स्पष्ट शिक्षा, सत्संग र निर्णयका सद्ग्रन्थको मनन-आधार चाहिन्छ।

बिना स्पष्ट निर्णय वचन, कबहुँ न रक्षा बोध।
बोध रहस्य रक्षा बिना, छूटै बीजक शोध। [सत्यनिष्ठा]

व वा वह वह कहैं सब कोई। वह वह कहै काज नहिं होई॥
वह तो कहै सुनै जो कोई। स्वर्ग पताल न देखै जोई॥३०॥

व वा सबै भन्छन् ऊ ऊ, काम हुन्न भन्दै ऊ ऊ; ऊ भनोस् त्यो जो त सुन्दछ।
स्वर्ग कहाँ-पाताल कहाँ! अदेख मै भन्छन् उहाँ; जो कोहीले कहाँ गुन्दछ!

अर्थ- व—वेद। वा—ईश्वर-ब्रह्म। 'उहाँ ईश्वर, उहाँ ब्रह्म'इत्यादि वेदादिका प्रमाण दिई-दिई सबै कुरा गरिरहन्छन्। परन्तु उहाँ-उहाँ भन्दैमा कसैको कल्याण हुने होइन। जसले यिनका कल्पित स्वर्ग-पातालको वास्तविकता देखेका छैनन्, उनैले यिनका उहाँ-उहाँ भन्ने कुरा चाखमानी सुन्नेछन्॥३०॥

अरू—जड-चेतनको विवेचन—सत्य निर्णयका कुरा र कल्पित वाणीलाई जसले पारख-टकसार सत्संगबाट ठीक्-ठीक बुझेको छैन, उसैले मात्र स्वर्ग छ, बिहिश्त छ, बाहिर ईश्वर-ब्रह्म छन् भन्ने कुरामा विश्वास गर्दछ। फेरि के के न पाएँ भनी खुशीभई सुन्नेछ। तर संसार अनादि हो, जड-चेतन दुवै नित्य हुन् भन्ने यथार्थ बोध प्राप्त भएका सत्संगी मानिसले कल्पनाका परोक्ष—कर्ताको कुरा सुन्दा बाल-बोली-वत् सम्झन्छन्।

श शा सर नहिं देखे कोई। सर शीतलता एकै होई॥
श शा कहै सुनहु रे भाई। शून्य समान चला जग जाई॥३१॥

श शा सर देख्ने व्यक्ति- को छ कहाँ छ र शक्ति! सर शीतल एक रूप हो।
श शा भन्छन् सुन भाई, शून्य मा नै मिली गाई; सिल्लो बनी जगत् शम मो॥

अर्थ- (ब्रह्मज्ञानी भन्छन्-) श—निराकार ब्रह्म। शा—साकार

जगत् सबै एउटै 'सरोवर' हो भन्ने कसैले देख्तैनन् । जस्तो तलाउको पानी र उसको ठण्डकपना एकै हो, त्यस्तै ब्रह्म र उसको स्वभावरूप जगत् एउटै हो ।

(गुरु भन्नु हुन्छ–) हे भाइ ! सुन, ब्रह्म-जगत् सबै एकै हो भन्ने ती पूर्वपक्षीका भ्रान्तिपूर्ण कुराका पछिलागी धेरै प्राणी शून्यलाई नै अँगालेर धोखा खाइरहेछन् ।।३१।।

अरू– पानी र पानीको चिसोपना समान 'ब्रह्म र जगत् एकै स्वरूप हो भने फेरि निर्णय गरिरहनको के प्रयोजन भयो ! बन्धन भन्ने पनि केही रहेन, बन्धन नरहेपछि त्याग-वैराग्यको प्रयोजन पनि त रहेन ! अनि यसलाई ज्ञान भन्ने कि भूल ! पाठक स्वयं विवेक गर्नेछन् ।

ष षा खरा करे सब कोई । खर खर करे काज नहिं होई ।।
ष षा कहै सुनहु रे भाई । राम नाम ले जाहु पराई ।।३२।।

ष षा खरो बन्छन् महां, खर खर बाट कहां- काम हुन्छ विवेक गर्नु छ ।
ष षा भन्छन् भाइ सुन, राम नाम लिई गुन; अनि पर हुनु पर्दछ ।।

अर्थ– ष–ब्रह्म षा–जगत् । ब्रह्म विशुद्ध सत्य छ, जगत् खोटो असत्य हुँदैनभएको हो; यस्तै कुरा सबै खरखरी बोलिरहन्छन् । बहुधा वाणीकै वृष्टिले सबैमाथि विजय गर्न खोज्दछन् । परन्तु यसरी खरखर बोल्दैमा कल्याणको कार्य पूरा हुन सक्तैन । किनभने ब्रह्म र जगत्मा नामैमात्र फरक हो, वस्तुमा होइन । (अद्वैतज्ञानी भन्दछन्–) ए भाइ ! तथ्य कुरा सुन ! राम र ब्रह्म एकै हुन् । रामनामको उपदेश गुरुबाट लिई जगत्देखि भागिहाल ।।३२।।

अरू– यिनीहरू जगत्बाट भागेर कहाँ जान्छन् ! जुन नाम लिएपनि, जहाँ गए पुगे पनि ब्रह्म एकै हुनाले जगत्मै रहनेभए । जगत् हराउँदैन, रहि नै रहनेहुन्छ । जगत्भन्ने नाममात्र बदलिन्छ, ब्रह्म भन्ने नाम पर्दछ ।

स सा सरा रचो वरियाई । सर बेधे सब लोग तवाई ।।
स सा के घर सुन गुण होई । इतनी वात न जाने कोई ।।३३।।

स सा सोला बलैं रची, शर बिजी मूर्छा थच्चि; सर्वजन हालाबाला छन् ।
स सा का त शून्य गुण, घर पूर्ण छ यो गुन; यति कुरा बुझ्ने को पो छन् ।।

अर्थ– स–ब्रह्म । सा–ब्रह्मवेत्ता । अद्वैत ब्रह्मको सिद्धान्त ठड्याएर पनि ब्रह्मबेत्ताजन कल्पित कर्म-उपासनादिले जबर्दस्ती चिता रची, उसैमा जल्न तयार छन् (यिनको कर्म र जड उपासना सम्म पनि छुट्तैन) । यता–'ब्रह्म सत्य जगत् मिथ्या' भन्ने भ्रान्ति-कल्पनाकै वाणीरूप बाण लागी सबै बेभान व्याकुल छन् । विचार गर, स सा के घर–यस्ता ब्रह्मज्ञानीको सिद्धान्त नै शून्य गुणले पूर्ण छ, यी शून्यमै स्थिति मान्दछन् । यति कुरा सम्मपनि कसैले जान्न सकेनन् । यसैले सबै दौडी-दौडी त्यहीं पुग्दछन् ।।३३।।

अरू-- 'वेदको अन्त–सार, वेदान्त हो, ठूला-ठूला ऋषि मुनि-हरूले पनि मानिआएको मत–इत्यादि मान्यतै-मान्यताबाट ब्रह्म-ज्ञानीहरू अद्वैतवाद स्वीकार गर्दछन् । उता–भित्र द्वैतको धुकचुक हुनाले कर्मादिको चिता–न आफू छाड्न सक्तछन् न अरूलाई नै छाड्ने सम्मति दिन सक्तछन् । तर सत्य-लुकाएर लुक्तैन । ठीक यस्तै द्वैतपनाको सन्देह पनि मेटिंदैन, हृदयमा जस्ताको तस्तो छँदैछ । हुनपनि द्वैतवादबाट मात्र मुक्ति हुनसक्तछ । बन्धन, आसक्ति वासना काटी छाडी, भ्रान्ति निर्मूल गरेमात्र मुक्त बन्दछौं, अद्वैतवाद अगाँल्यौं भने शून्यबाट विराट् स्वरूपभित्रै आई जस्ताको तस्तो रहनेछौं ।

ह हा हाय हाय में सब जग जाई । हर्ष शोक सब माहिं समाई ।।
हँकरि हँकरि सब बड बड गयऊ । हा हा मर्म न काहू पयऊ ।।३४।।

ह हा हाय हाय गर्दै, सबै जगत् गए मर्दै; हर्ष शोक सबै व्याप्त छ ।
'हक्कै हक्कै' गर्दै श्रेष्ठ सब गए ती यथेष्ट; भेद कस लाई प्राप्तछ ।।

अर्थ– ह–अहङ्कार । हा–अहङ्कारजन्य कार्य । जगत्-प्राणी

अहङ्कार र अहङ्कारजन्य कार्यमात्र गर्दछन् । यसैमा हाय-हाय गरी तृष्णा अतृप्ति अभावको अनुभव गर्दागर्दै सबै मृत्यु-घाटतिर जाँदैछन् । अलिकति भोग-पदार्थ पाए, दङ्‌दास परे; मनको कुरा रत्ती पुगेन, खिन्न बने, यही हर्ष-शोक सबैमा भरिइरहेछ । 'हाय लौन ।' भनी-भनी कराउँदै-चिच्याउँदै महान्-महान् व्यक्ति पनि मृत्युकै घाटमा पुगे । परन्तु यो हाय-हायजन्य कष्टको रहस्य कसैले बुझ्न सकेनन् ।।३४।।

अर्थ–माङ्‌नेदेखि सम्राट्सम्म सबै 'हाय लौन !' मै चिन्तित छन् । किन सबै यसरी हैरानीमा परेका ? धनवान् सम्राट्लाई त सुख-शान्ति हुनुपर्थ्यो नि ! होइन, सम्पत्ति, परिवार, आदि हुनु र नहुनुमा केही फरक पर्दैन । मन-कल्पनाले सबैलाई लखेटिरहेछ । यसैले 'हाय-हाय' को रोग नछुटेको हो ।

जेती लहरी समुद्रकी, तेती मनकी दौर ।

सहजै हीरा नीपजे, जो मन आवै ठौर । (गुरु. कबीर)

'मन ही सबकुछ करत सामने, तेहि तजि दृश्य टले !

(गुरु विशाल)

समुद्रमा जत्तिको लहर उठिरहन्छ, उत्तिकै मन पनि भोग-विषय-कल्पनामा दौडिइरहन्छ । मन दौडे - चञ्चल रहेसम्म जीवलाई शान्ति सुख कसोगरी हुने ! जब मन शान्तहुन्छ, अनि माङ्‌नेले करोडौंको हीरा पाएसमान सुख शान्तिमा पुगिन्छ ।

यही मनलाई मालिक बनाइराख्नाले जीवको यो दुर्दशा भइरहेको हो । त्यो मनलाई सँगेट, तिम्रो सम्मुखबाट दृश्य जगतै लोप हुनेछ । अतएव समस्त भोग-कामना आसक्ति अहंकारलाई◘

◘ हे तृताय पाद विन्यास ! तिम्रो कृपाबाट अहङ्कारी र लोभी नष्ट हुन्, दुष्कर्मी पापीहरू नाश हुन् । [यजुर्वेद १२।५]

त्यागौं, मन-कल्पनाका पछि नदौडौं । विषय खोज्ने मनलाई निवृत्ति-परीक्षाको साधनामा लगाउँ । यही मन-शमनको अमोघ औषधी हो ।

क्ष क्षा छिन में परलय सब मिटि जाई । छेव परे तव को समुझाई !
छेव परे काहु अन्त न पाया । कहहिं कवीर अगमन गोहराया ।।३५।।

क्ष क्षा क्षणमं यो लय- हुन्छ सबै नामेट ए; वार पर्दा कसले बुझाउँछन् ।
नष्ट भए कसैले नि, कत्ति अन्त पाएनन् नि! कबीर यो चेत गराउँछन् ।।

अर्थ—क्ष—क्षयधर्मा देह । क्षा—देहको कर्तव्य । शरीरको कर्तव्य र शरीरसम्बन्धी प्राणी-पदार्थ, पद-परिस्थिति—यी सबै क्षणभरमा प्रलय हुने हुन्; आखिर देख्तादेख्तै सबै लोप नभइछाड्दैनन् । जब तिम्रो शरीरै नाश हुन्छ भने अनि तिमीलाई कसले ज्ञान-वैराग्य सम्झाउन सक्लान् ! यसैगरी बेहोशीमै सबैले शरीर छाडी-छाडी गए; दुःखको रहस्य जान्न सकेनन् । कसैले दुःख सर्वथा मिटाउने साँचो उपाय गर्न सकेनन् । गुरु कबीर भन्नुहुन्छ यसैले पारखी सन्तले सबैलाई पहिले नै जगाइरहेका— 'हे मनुष्य ! चाँडो जाग, विवेकको बाटो लाग !' ।।३५।।

अरू—ज्ञानी नबनौं, कल्याण नगरौं भन्ने मानिस संसारमा सारै थोरै होलान्, बाँकी सबैको चाहना छ—ज्ञानी बनौं, शान्ति सन्तोष कल्याण मुक्ति प्राप्तगरौं । तर यो कामलाई सबैले मामूली सम्झेका छन् । शरीरको समस्या पूरा गर्दै, ऐश विलासमा डुबी-डुबी, टार-बार गर्दागर्दै जीवनको अमूल्य समय समाप्त हुन्छ । परमार्थ-धर्ममा भाका राख्तै, भरे-भोली गरौंला भन्दाभन्दै त्यसै आयु गुम्दछ । कल्याण-कार्य बाँकीमै एक दिन जानु परिहाल्दछ । यो कुरा एक व्यक्तिको होइन, एक समाजको होइन, सारा संसार को यही हाल छ । एक जन्ममात्र होइन. अनेक जन्म बिते,तर

मन भने सबैको पछिलागी दुःखमात्र दिने बनेको बन्यै छ ।

यसैले गुरु कबीर यहाँ हामी सबैलाई अत्यन्त सावधान गराउनुहुन्छ–हे सज्जन मानव! सबैले आफ्नो मुख्य दुःख–जन्म मरण (आवागमन) बाट फुर्सत पाउने काम–विवेक, सत्संगमा लागी जीवन सुधार गरिहाल। यही शरीरबाट शुभाचरणसम्पन्न शान्ति स्थिति बनाउने प्रयत्न गर। अन्यथा उही पुरानो प्रपञ्च विषयमा रङ्मङ्गिरहयौं र मोह आसक्तिमै अल्झिरहयौं भने गर्भ-वासको शयन र चौरासीकै घाट उतराई भइरहनेछ; त्यो दुःख कदापि छुट्ने छैन । यो मौका गुम्यो-चुक्यो भने उही पुनरुक्ति हुनेछ । अर्थात् चार खानिका समस्त प्राणीले भोगेका कष्ट फेरि पनि असहाय-अनाथ बनी, रोई-रोई भोग्नुपर्नेछ । कुनै शरीरमा पनि चिन्ता शोक सन्ताप कष्ट क्लेश भार व्याधि-बिपत्तिले कहिल्यै पिण्ड छोड्ने छैनन्, होश गर ।

सब औंसर सब जीवको, जहँलगि खानिन भोग ।
रहत अकेले बन रमत, निज निज मन उद्योग ।।

[गुरु विशाल]

★

चौंतीस वर्णको जाल, काल फाँड्ने सुयुक्ति यो ।
सत्य निर्णय बुझनाले, 'साँचो' मिल्नेछ मुक्तिको ।।

—

सद्गुरवे नमः

बी ज क

चौथो खण्ड

[विप्र मतीसी]

(सवाईको लयमा)

सुनहु सवन मिलि विप्र-मतीसी । हरि बिनु बूडी नाव भरीसी ।।
ब्राह्मण होयके ब्रह्म नजाने । घरमा यज्ञ प्रतिग्रह आने ।।२।।

सुन सबै मिली आज तीस विप्र मति । हरि बिना डुब्ने छ है भरी डुङ्गा अति ।।
ब्राह्मण भई कन ब्रह्मलाई न जान्ने । यज्ञ-भेटी सिदा दान दूनो घर तान्ने ।।

अर्थ– हे मुमुक्षुजन ! सबैले यो निर्णय सुन, विप्र मति-तिसी अर्थात् हिन्दूसमाजमा सबभन्दा श्रेष्ठ कहलाइएका, आफ्नो श्रेष्ठ गुण, कर्म, आचार भने राम्ररी धारण नगरेका, ब्राह्मणका बुद्धिको देन–मुख्य-मुख्य आचरण-धारणा, तीस चौपाईबाट म बताउँछु । हरि–कलिमलहारी, ज्ञान-बोधदाता सद्गुरुदेवको सत्सङ्ग बिना यिनको जीवनरूपी जहाजै दुर्गुण-कल्पनाले पूर्ण भई, भवसागरमा डुबिरहेछ ।।१।। ब्राह्मणको जन्ममात्र मिलेर के भयो ? यदि ब्राह्मत्वको बोध विचार छैनभने खालि यजमानका घर गएर कर्म-गराई दान प्रतिग्रह ल्याई थुपार्नमात्र जानेका छन् । यही एक व्यवसायलाई आफ्नो ठूलो कर्तव्य सम्झेका छन् ।।२।।

अरु-- यो खण्डमा गुरु कबीरले प्रायः ब्राह्मणहरूको आदर्श धारणा 'आचार-संहिताकै प्रति इङ्गित गरेर त्यसैको यथार्थ धारणा पालन गराई, धर्ममा पूर्ण पावन स्वरूप बनाउनको निमित्त यी वचन-हरू भन्नु भएको हो। यसको मुख्य उद्देश्य पनि समाजका अग्रसर

ब्राह्मणवर्गकै यथार्थ हित होस्, अन्यवर्गमा पनि त्यसैको असर परी, सबैको सुधार एवं उद्धार होस् भन्ने हेतुले नै हो । किनभने समाजका श्रेष्ठवर्गको व्यवहार उत्तम भएमा नै अन्यवर्गको पनि सुधार हुन सक्तछ । श्रेष्ठजनकै कर्तव्य दूषित हुनगएमा सारा समाज नै सरासर चरित्र-भ्रष्ट भई विनष्ट हुनजाने हुन्छ ।

"यद्यदाचरतिश्रेष्ठस्तत्त देवेतरोजन: ।
स यत्प्रमाणं कुरुते लोकस्तदनु वर्तते ।।"
"जो जस्तो श्रेष्ठले गर्छन् त्यै त्यै गर्छन् अरू जन ।
श्रेष्ठले मानिएको मा लोक लाग्छ सनातन ।।" [गी. ३।२१]

जेहि सिरजा तेहि नहिं पहिचाने । कर्म धर्म मति बैठि वखाने ।।३।।
ग्रहण अमावस और दुईजा । शान्ति पाँति प्रयोजन पूजा ।।४।।
सृजक ती को हुन् यो त रत्तिभर नचिन्ने । व्यासासन बसी कर्म, धर्म मति बखान्ने ।।
ग्रहण औंसी यमद्वीज, शान्ति स्वस्ति निमित्त । पाठ पूजा गरी लिन्छन् अयोग्य दान सिनित ।।

अर्थ– जुन मनका कल्पनाबाट चेतन जीवले सारा खानी-वाणीको सिर्जना गर्‍यो, उसैलाई जानेका छैनन् । कर्म र धर्मका सिद्धान्त भने बसी-बसी, धर्मसिन्धु-निर्णयसिन्धुका प्रमाण दिई-दिई व्याख्यान गर्दछन् ।।३।।

काम गर्दछन्– ग्रहण अमावश्या र यमद्वितीया आदिका निषिद्ध दानसम्म पनि हात थाप्दछन् । राहु-केतु, शनिश्चर आदि ग्रहको शान्ति गरिदिन्छौं भनी नाना भाँति जप पाठ-पूजा गरिदिन्छन् । यसैमा आफ्नो प्रयोजन–मतलबसाध्य गर्दछन् ।।४।।

अरू– आफ्ना कर्म जे जस्ता छन्, तिनको फल नभोगी कसैलाई सुख छैन । अतएव "ग्रह-दशा, भूत-प्रेत, डाइनी, बोक्सी नाग आदि छन्, तिनै लागे भनी शान्ति-स्वस्ति, पाठ-पूजा, झार-फुक गर्नु, बूटी जन्तर मन्तर साइत कुसाइत फाप अफाप बताउनु–

इत्यादि सबै मनकै कल्पनामात्र हुन् । मनका भ्रान्तिले सित्तिमा भयभीत हुनु, दुःख पाउनु, मफतको खर्च गर्नु र जाली–धामी झाँक्रीहरूका मुट्ठीमा मस्कनुमात्र हो । विवेकीवर्गका सत्सङ्गमा बस्नाले सारा भ्रमबाट बाँचिनेछ ।

प्रेत कनक मुख अन्तर बासा । आहुति सत्य होमकी आशा ।।५।।
कुल उत्तम जग माहिं कहावै । फिर फिर मध्यम कर्म करावै ।।६।।

प्रेत बन्ला मुख सुन-हाल भन्ने आशले । होम गर भन्दै हिंड्छन् खान सोर्ने सासले ।।
संसारमा उत्तम कुल हामी नै ह्वौं भन्छन् । बारम्बार नीच कर्म गराउँदै घुम्छन् ।।

अर्थ– 'मरणासन्न मानवका मुखमा सुवर्ण राखिदिनु पर्दछ, नत्र प्रेत हुन्छ' भनी मुखमा सुन हाल्न लगाउँछन् । यिनको भित्री वासना छ– 'यो सुन मैले नै पाउने त हुँ ।' आहुति– घिउ अन्न अरू विविध खाने मसला होम्न लगाउँछन्, मनमा दक्षिणाको आशा लागिरहेछ★ ।।५।। कुल भने उत्तम ब्राह्मणको भन्ने कहलिएको छ; कर्म भने, बारम्बार निम्नस्तरकै गर्छन्-गराउँछन् ।।६।।

अरू– भूत-प्रेतको खानि नै छैनभने त मृतक-मनुष्य प्रेत के हुन्थ्यो! बरु यिनैले दश दिनसम्म प्रेत बनाइदिन्छन् (प्रेत भयो भन्ने कल्पना भरिदिन्छन्) यो सबै भूल-भ्रान्तिकै परिणाम हो ।

हवन पनि बाह्य अग्निमा गर्नुभन्दा भोका प्यासा प्राणीका जठराग्निमा हवन गरिदिनु उत्तम हो । सबैभन्दा ठूलो यज्ञ त गीताले ज्ञान-यज्ञलाई नै बताउँछ, यही सर्वोत्तम हो । माथि आकाशका निराकार देवताले हव्य ग्रहण गर्छन् भनी विपुल घिउ, अन्न, मेवा मिष्ठान्न अग्निमा जलाइदिनु; एकातिर असहाय

★ हे काम-तृष्णा! धन-तृष्णा ! तँ स्त्री-पुरुषमा कलह गराउने होस् । यसैले स्त्री आफ्नै पति सित पनि द्वेष गर्दछे । हे तृष्णा! तँ दाहक र विष स्वरूप छस् । तँ सर्वथा परित्यक्त छस् । [अथर्ववेद ७।१०।११३।१×२]

अनाथ अपाङ्ग रोगीहरू भोक-भोकै त्रस्त रहनु– सर्वथा परम्पराको बाढीमा बग्नुमात्र हो । यस्ता अविवेकपूर्णजनका कर्महरूको सुधार गरी, सँधै सुख-शान्ति मिल्ने काम–अविनाशी चेतनको शोध लगाई यसैमा स्थिति बनाउनु नै परम बुद्धिमानी हो ।

सुत दारा मिलि जूठो खाई । हरि भक्तों के छूति लगाई ।।७।।
कर्म अशौच उच्छिष्टा खाई । मति भ्रष्टा यमलोक सिधाई ।।८।।

पुत्र नारी स्वयं एकै, थाल जूठो खान्छन् । हरिभक्त साधुजन, छुँदा छूत मान्छन् ।।
कर्म भने अपवित्र, जूठो–पेट भर्छन् । यस्ता मति भ्रष्टहरू, यमलोक पर्छन् ।।

अर्थ– स्त्री-पुत्रादि सबैका साथमा बसी परस्पर जूठो खान्छन् । ज्ञानी सन्त-भक्तहरूका साथ 'ए, छोला- छोला' भन्दछन् ।।७।। आफू भने कर्म अशौच–अपवित्र, हिंसादियुक्त बलि-पञ्चबलि आदि गर्ने-गराउने, उच्छिष्ट–श्राद्धादिमा प्रेतको जूठो भोजन गर्ने गर्दछन् । फेरि मृतकका एकादशाह आदिको दानका सामान खुशी-साथ ल्याउँछन् । यस्ता कर्मबाट यिनको बुद्धि बिग्री कुवासना-वश सरासर यमलोक–नीचखानिमा जानेहुन्छन् ।।८।।

अरू– 'म कुत्सित (त्याज्य अपवित्र रजोगुणी तमोगुणी) भोजन नगरौं ... ... [यजुर्वेद २।२०]

नहाय खोरि उत्तम होय आये । विष्णु-भक्त देखत दुःख पाये ।।९।।
स्वारथ लागि रहे बे काजा । नाम लेत पावक जिमि डाजा ।।१०।।

नुहाइ धोई धोती फेरी श्रेष्ठ भएँ ठान्छन् । विष्णुभक्त साधु सन्त, देख्तै दुःख मान्छन् ।।
स्वारथको लाभ निम्ति, बेकाममा मर्छन् । नाम लिदा आगो सरि, जली आँखा तर्छन् ।।

अर्थ– आफू नुहाई-धोई पवित्र बनी, चन्दन-त्रिपुण्ड्र लगाई आउँछन् । यस बखत त शुभ सन्त-दर्शनबाट सुखी हुनु पर्थ्यो, उल्टन् विष्णु- भक्त, सन्त महात्मा देख्तै अति कष्टित हुन्छन्, प्रतिद्वन्दी सम्झन थाल्दछन् ।।९।। आफ्नो स्वार्थमा घटी लाग्ला, भन्ने शंकै शंकावश अयोग्य काम– सन्तको निन्दा-डाडो गर्दछन् । यिनका

अगाडि कसैले ब्राह्मणको नाम लियो वा ब्राह्मणको कर्म यो हो भनी होश दिलायो भने, सुन्दै आगोझैं रीसले चूर हुन्छन्, अरूमाथि पनि क्रोधको राँको झोस्तछन् ।।१०।।

श्रू- सच्चा ब्राह्मणमा यस्तो द्वेष-ईर्ष्या कदापि हुँदैन । उनी त साधु-सन्त देख्दा झन् खुशी हुन्छन् । जस्तै–

गृही विरति रत हर्ष जस, विष्णुभक्त कहँ देखि । [रा०]

सकामीजन नै सन्त प्रति पनि 'यी हाम्रा यजमान खोस्ने हुन्' भन्ने सम्झी ईर्ष्या गर्ने हुन्छन्, यो सबै यिनको महान्भूल हो । सच्चा सन्तले त सबैका अज्ञान र दुर्गुणमात्र खोस्तछन्, ज्ञान सदाचारले भरिपूर्ण पारिदिन्छन्; कसैको हानि नोक्सानी गर्दैनन् ।

राम कृष्ण की छोडिनि आशा । पढि गुनि भये कृतम के दासा ।।११।।
कर्म पढें औ कर्मको धावें । जेहि पूछा तेहि कर्म दृढावें ।।१२।।

रामजी को आचार र, कृष्ण शिक्षा आश । छोडी पढी गुनी भए, कृत्रिम को दास ।।
कर्मकाण्ड पढी पढी, कर्म गर्न धाउँछन् । सोध्ने जति सबैलाई, कर्म तिर लाउँछन् ।।

अर्थ - श्री रामको आदर्श आचरण र श्री कृष्णको गीता-ज्ञान, दैवीसम्पत्ति धारण गर्नछाडी; विविध आशामा अल्झिरहेका-छन् । यिनले विद्याध्ययन-मनन गरेर के गर्नु ! केवल कृत्रिम जड-मूर्ति र कर्मकाण्डका कल्पित वाणीकै अनुचर बनिरहेछन् ।।११।। यिनी पढ्न पनि कर्म-काण्डकै पद्धति पढ्दछन्, यजमान कहाँ गई कर्म गराउँदै हिड्छन् । कसैले मुक्तिको बाटो सोधेपनि पूजा-पाठ जप- होम, पुरश्चरण आदि कर्म नै बताउँछन् ।।१२।।

निष्कर्मी की निन्दा कीजै । कर्मकरे ताही चित दीजै ।।१३।।
भक्ति भगवन्तकी हृदया लावैं । हरणाकुशको पन्थ चलावैं ।।१४।।

निष्कर्मी ज्ञानी जन, देख्तै निन्दा गर्छन् । कर्म गर्ने व्यक्ति तिरै, यिनी चित्त धर्छन् ।।
भगवान्को भक्ति भने,हृदयमा ल्याउँछन् । काम कठै ! राक्षसको पथ पो चलाउँछन् ।।

अर्थ - अहिंसा-सन्तोषादि वृत्तिधारी, ज्ञान-साधनामा निरत, यस्ता सन्त-भक्तहरूको पनि यिनी निन्दा गर्दछन् । कर्म गर्ने, दान-

दक्षिणा दिनेहरूकै प्रशंसापूर्वक स्मरण गरिरहन्छन् ।।१३।। भन्दछन्– हामी त भगवान्‌को हृदयबाटै भक्ति गर्ने ह्वौं; परन्तु हिरण्यकशिपुको सिद्धान्त चलाउँछन् । (भक्तिका बाधक बनी, आसुरी-आचरण अँगाल्ने हुन्छन्) ।।१४।।

देखहु सुमति केर परकाशा । विनु अभ्यन्तर भये कृतमके दासा ।।१५।।
जाके पूजे पाप न ऊडे । नाम स्मरणी भवमा बूडे ।।१६।।

हेरन सुमतिको, कस्तो छ प्रकाश । भित्री विवेक नहुनाले, बने कृत्रिम दास ।।
जसलाई पुज्दा कत्ति. जान्न पाप रत्ती । नाम मात्र सम्झने तो डुब्छन् भव विपत्ती ।।

अर्थ– बिचरा यी ब्रह्म-बन्धुहरूका सुबुद्धिको प्रकाश-कृति त हेर ! मन-मायाका वशबाट कृत्रिम मूर्ति भूत प्रेत देवी भैरवादिकै पूजा-कर्मको प्रपञ्चमा परी कल्पित वाणीकै दास बनिरहेछन् ।।१५।। तिमी यो सम्झ–ती कृत्रिम इष्टका पूजा-उपासनाबाट मात्र पाप नष्ट हुँदैन । झन् तिनका नाम-स्मरण मैं मानिस ढुक्क परी अज्ञान-वश संसार-सागरमै डुबी रहनेहुन्छन् । अथवा अयोग्य कर्मका आचारी– मलीन व्यक्तिका सङ्गत-प्रेम, उपासनाबाट आफ्नो मनमात्र अनाचारमा डुब्नेछ[◈] ।।१६।।

पाप पुण्य कै हाथहिं पासा । मारि जगतका कीह्न विनाशा ।।१७।।
ई वहनी कुल वहनि कहावै । 'ई' गृहजारे 'ऊ' गृह मारे ।।१८।।

पाप पुण्य रूपी पासो हातमै छ यिनको । मारी मेटी जगत्‌लाई नाश पारे किन हो !
यिनै तार्ने कुलका यी जलयान भन्छन् । यो घरलाई जलाएर ऊ घर मार्ने बन्छन् ।।

अर्थ– पाप र पुण्यका दुइ डोरी यिनैका हातमा छन् । तिनै डोरीका पासामा पारी, समस्त जीवलाई बाँधी मारी सखाप पारिसके ।।१७।। 'ई' बहनी– यी 'बहन' गर्ने (तार्ने) जहाजरूप कुलगुरु भनिन्छन्; तर यिनै वह्नि–अग्निरूप भइरहेछन् । ई– यहाँका

[◈] हे पापद्वारा अभिमानी भएको वृत्ति ! हाम्रा समीप न आ ... हामी मङ्गलमय वचनहरू सुन्न पाउँ । (यिनबाट) कहिल्यै बहिर नबनौं ।

[सामवेद ८।३।४७।१(५) र २(६)]

सम्पत्ति दानमात्र लिनेभए, दातालाई भने कल्पना-भ्रान्ति पुष्ट गरिदिए, तिनको सम्पूर्ण विवेकका सम्पत्तिमात्र जलाइदिए। ऊ– परलोकको शान्ति-मुक्तिबाट पनि मारे-नष्ट गरिदिए ॥१८॥

अरू– पाप पुण्यका न्यायक, धर्मका अधिकारसम्पन्न चिरकालदेखि ब्राह्मणवर्ग नै हुँदै आएका हुन् । तर स्वार्थ भूल क्रोध र मतका वशमा परी, यिनले पापलाई पुण्य र पुण्यलाई पाप पनि गर्दै नआएका होइनन् । धन र मोहको पक्ष लिई, ठूलाका धाकमा हत्या पनि गराए । ठूल-ठूला पापको पनि प्रायश्चित्त गराइदिने दम्भ गरे । साथै यिनको मन अनुकूल भएन भने भूलबाट भएको पाप र सानै कुरामा पनि मानवले पापी बनिरहन पऱ्यो । यी त सामान्य कुरा भए । वेद स्मृति❀ पुराणहरूमा हिंसायुक्त यज्ञलाई पुण्यकर्म भन्ने सिद्ध गरिदिएकाले कत्रा-कत्रा हिंसा हत्या भइरहेका थिए ! स्मृति पुराणहरू विचारणीय छन् ।

देवी भैरव आदिका कल्पित मूर्तिमा बलिदिने, दशैंमा मारहान्ने, कालरात्रि गर्ने– इत्यादि हिंसाको विधानलाई धर्म-मार्ग भनी चलाए । यस्तैयस्ता कर्मद्वारा स्व-परको हानि गराउँदैआए । यो सबै विचार गरी अबका पण्डित-पुजारी-पुरोहित आदि सबैले यस्ता पापकर्म गर्न-गराउन छाड्न् । शुद्ध विवेकयुक्त बुद्धि भएकै व्यक्ति पण्डित भनिन्छन् । पूरा हितगर्ने नै पुरोहित हुन्छन् । अतः यो प्रसङ्ग पढ्दा-सुन्दा हित ग्राह्य– पंचशील धारण गर्ने★ सुधारको

❀ नियुक्तस्तु यथान्यायं यो मांसंनात्ति मानवः ।
स प्रेत्य पशुतां याति संभवानेक विंशतिम् ॥ (मनु स्मृति ५।३५)

अर्थात् शास्त्रानुसार श्राद्ध र मधुपर्क (नैवेद्य) मा नियुक्त मासु जो खाँदैन, त्यो मनुष्य मरेपछि एक्काइस जन्मसम्म पशु हुनेछ ।

★ (१) अहिंसा (२) अलोभ (३) ब्रह्मचर्य (४) सत्य वचन (५) सुरापानको निषेध । यी पंचशील हामीमा विवेक, बुद्धि, नम्रता र निःस्वार्थपना विकास गराउनाको लागि हो ।

दृष्टि राखिदिनुभएमा नै सबैको हित हुनेछ ।

बैठे ते घर साहु कहावै । भीतर भेद मन मुर्खहि लगावै ॥१९॥
ऐसी विधि सुर विप्र भनीजे । नाम लेत पीचासन दीजे ॥२०॥

घर बसी बसी यिनी, श्रेष्ठ पूज्य भनाउँछन् । हृदयमा कपट राखी, मनमुखी लगाउँछन् ॥
यस्ता रितबाट यिनी, ब्रह्मदेव बन्छन् । नाममात्र लिनासाथै, वास गाँस पाउँछन् ॥

अर्थ– त्याग-वैराग्यरहित विषयासक्ति, गृह-जञ्जालमा बसी-बसी यिनी साहु– श्रेष्ठ भनाउन खोज्दछन् । भितर भेद–हृदय भने कपटपूर्ण छ, मनमुखी–धर्मको आडम्बरमात्र राखेका, मन तनबाट कर्मैमात्र गर्दछन्, अरूलाई पनि गर्न लाउँछन् ॥१९॥

यस्ता व्यक्ति पनि बाहुन-चौता भनिन्छन् । यी संसारमा शिक्षा गर्दछन्– 'ब्राह्मण भनेका पृथ्वीका देवता हुन्, अतः कसैले म ब्राह्मण हुँ, भन्ने नाम लिनासाथ तिनलाई पीचासन– उत्तम आसन पिर्का आदि र जल-भोजनादि दिइहाल्नु, इत्यादि सुनाई-सुनाई पहिले नै संस्कार भरिदिइराखेका छन् ॥२०॥

अरू– सबैले आ-आफना स्तरबाट कर्म सुधारगर्नु, शुद्ध दैवी-सम्पत्तिको धारणामा अघिबढ्नु । थोरैमा पनि– 'जीव-दया, विचारपूर्वक कर्तव्य-परायणता, विनम्रता, सुशील-स्वभाव र धर्ममा तत्परता' आदिको पालन गरी, आजदेखि नै योग्य व्यक्ति बन्नु मानिसको कर्तव्य हो ।

बूडि गये नहिं आपु सँभारा । ऊँच नीच कहु काहि जोहारा ॥२१॥
ऊँच नीच है मध्यकी वानी । एकै पवन एक है पानी ॥२२॥

डूबे यिनी आफूलाई, नसह्याली झरेका । ठूलो सानो भनी कल्लाइ, ढोग स्तुति गरेका !
'म' ऊँचो 'तँ' निचो भन्ने विचकै यी कुरा हुन् । एकनास वायु जल संसारमा सब छन् ॥

अर्थः– यस्तैयस्ता कर्ममा सदा निरत रहने मानिसहरू पनि हामी नै ठूला हुँ भन्ने सम्झने ! के भनौं; यसैगरी यी सबै अभिमानका सागरमा डूबे, अझ पनि आफ्नो सुधार गर्ने चेष्टा

गर्दैनन् । जोहारा– सन्तजनमा नमस्कार गर्न (हात जोड्न) सम्म पनि सक्तैनन्। अथवा गुरु भन्नुहुन्छ– के को अभिमानमा जोखना हेर्छौं । को ठूला हुन्, को साना ! ।।२१।। मानिसमा पनि ठूला-साना भन्ने ! यी सबै बीचकै कुरा त हुन् ! जन्मकै आधारमा कोही पनि श्रेष्ठ हुन सक्तैनन् । केवल उत्तम आचरणले मात्र श्रेष्ठ-पूज्य होइन्छ । जन्मदा सबै शूद्रै त थिए ! पहिले मनुष्यमा एकै जात थियो । यता सृष्टि-मा हेरौं– एकै प्रकारको वायु छ, एकै प्रकारको जल ।।२२।।

एकै मटिया एक कुह्मारा । एक सवनका सिरजनहारा ।।२३।।
एक चाक सव चित्र बनाई । नाद विन्दके मध्य समाई ।।२४।।

माटो माटो एक सरी, सब कुमाल एकै हुन् । समस्तका रचयिता, एउटै त रूप छन् ।।
एउटा नै चक्र बीच, सबै चित्र बनेका । नाद विन्द मध्य आई एकै रूप जमेका ।।

अर्थ– रङ्गमा फरक भएपनि पृथ्वीभरको माटो एकै जातको छ । कुमालेका व्यक्तित्वमा अनेक भएपनि घडा बनाउनेहरू सबै एकै जातिका हुन् । यस्तै मन-वासनायुक्त शरीर रच्ने र शरीरलाई धारण गर्ने चेतन जीव अनेक छन् र पनि जीवको जातित्व एकै हो ।।२३।। कर्म-चक्र र माताको गर्भाशयरूप एकै प्रकारका चक्रमा एकै प्रकारका नाद-बिन्दु, (प्राण-वीर्य) का साथ जीव प्रवेशभई सम्पूर्ण मनुष्यका शरीररूपी चित्र बनेका हुन् ।।२४।।

व्यापक एक सकलकी ज्योती । नाम धरेका कहिये भौती ।।२५।।
राक्षस करणी देव कहावै । बाद करे गोपाल न भावै ।।२६।।

व्यापक छ सकलको, भित्र एक ज्योति । नाम राख्छौ मन के को ? भौतिकी ज्यूको कि !
राक्षसको काम गरी, भूसुर भनाउने । विवाद मै दत्तचित्त, गोपाल न रुचाउने ।।

अर्थ– तपाईंहरू नै स्वयं भन्नुहुन्छ– 'सबै प्राणीमा एक चेतन-ज्योतिरूप भगवान् व्यापक छ' । अब भन्नोस् ! ब्राह्मण र शूद्र भनी कसको नाम राख्नुभएको हो ! भौती– के भौतिक शरीरको ! त्यो त पहिले नै भनि सकियो–'सबैका शरीर एकसमान पृथ्वी जल अग्नि वायुबाट बनेका हुन् ।' यसैले कृत्रिम जाति वर्णका आधारमा

ऊँच-नीच, भन्न सुहाउँदैन ।।२५।। काम भने आसुरी गर्ने, फेरि उनै पृथ्वीका देवता भनाउने ! तपाईंहरू वाद-विवाद गर्नेमात्र सिपालु हुनुहुँदोरहेछ; तर गोपाल-रामलाई निकोमान्नु हुँदोरहेनछ ।।२६।।

हंस देह तजि न्यारा होई । ताकर जाति कहै धौं कोई ।।२७।।
स्याह सफेद की राता पियरा । अवरण वरण कि ताता सियरा ।।२८।।
हिन्दू तुरुक कि बूढो वारा । नारि पुरुषका करहु विचारा ।।२९।।
कहिये काहि कहा नहिं माना । दास कवीर सोई पै जाना ।।३०।।

यो हसले शरीर छाडी, जव पृथक हुन्छ । उसलाई यै जातको, कसले पो भन्छ !
कालो सेतो लाल पीत कस्तो रङ्ग भन्छौ । अवर्ण कि वर्ण तातो, चिसो कस्तो गन्छौ ।।
हिन्दू हो वा मुसलमान, बूढो हो कि बालक । स्त्री पुरुष के हुन् सोच, ज्ञानरूप चालक ।।
के भनौं म कसलाई, भन्दा के यो मान्दछन् ! दास तो कबीर त उही मात्र जान्दछन् ।।

अर्थ– अविनाशी-हंस–चेतनले जब शरीर छाडी पृथक हुन्छ, तब विचार गर– उसको कसले-के जात भन्नसक्तछ ! ।।२७।। वर्ण पनि कालो-गोरो कि रातो-पहेंलो! अवर्ण-वर्ण कि-तातो-सेलाएको चीसो ! ।।२८।। हिन्दू कि मुसलमान ? वृद्ध कि बालक ? स्त्री वा पुरुष– के भन्ने ? यसको विचार गर ! ।।।२९।। परन्तु यी निर्णय-ज्ञानका कुरा म कोसित गरौं! भनेको कोही सुन्ने-मान्ने होइनन् । मनका वशमा परेका जीव उही फोस्रो जाति-वर्णको◈ अभिमानमा गम्की, आफैं श्रेष्ठ बनिरहेछन् ।।३०।।

साखी– वहा है वहिजात है, कर गहै चहुँओर ।
जो कहा नहिमानै, तो दे धक्का दुइ ओर ।।१।।

श्लोक– बगे- बगिरहेका छन्, चौतर्फ पक्रदै कर ।
भनेको यदि मान्दैनन्. दुइ जोर धक्का भर ।।

अर्थ– यी चेतन जीव अनादि कालदेखि खानी-वाणीका बाढीमा बग्दै आइरहेका हुन्, अझै बग्दैछन् । आधार खोजी

◈ एकैव मानवं जातिः "भ्रातरो मानवस् सर्वे..." –[ऋग्वेद]

चारैतिर हात पसार्दै छन्, तर साँचो डुङ्गातिर जाँदैनन्; ★ खोला-का छ्याउ-त्यान्द्रा नै समाती उत्रन खोज्दछन् । अतएव सम्झाउँदा अज्ञानतावश उनले नमाने पनि धका (किनारा-सहारा) अरू दुइ वचनको सहयोग दिई जोड लगाउ, कदाचित् जीवको उद्धार भइहाल्छ कि ! ॥१॥

झरू-- ब्राह्मणवर्ग नै सबैका अधिनायक-शिक्षक भएका हुँदा । यिनको सुधारबाट सबैको सुधार हुने हुनाले गुरु कबीरबाट सबैको हित सुधारको निमित्त उनकै मान्यतानुसार सबैमा शुभाचरण-दैवी सम्पत्तिको पालन हओस् भनी यस खण्डमा हितका कुरा मार्मिक ढङ्गबाट बताउनुभएको छ । अलि घतलाग्दो गरी घोचेरै नभने, सुनेको नसुन्यै गर्ने मानिसको स्वभाव हुनाले, केही प्रखररूपबाट भन्नुभएको सम्म हो । यो निन्दा होइन, अति दयालुताको पुट परेको छ । निन्दा गर्ने भए 'बूडिगए नहिं आपु सँभारा' 'जो कहा नहिंमाने तो दे धक्का दुइ ओर...' यस्ता सुधारका कृपापूर्ण वाणी निक्लने थिएनन् । भन्दछन्– 'रोटी मीठा चिल्ला, कुरा मीठा खस्रा'।

यसैले यो प्रसङ्ग राम्रो मनन गरी आ-आफ्नो सुधार गर्नु पर्दछ । यजमानी काम त व्यावहारिक धन्दामात्र हुन्, मुख्य आफ्नै कल्याणको निम्ति सबैले जड-चेतनको राम्रो बोध प्राप्त गरी, हंसको आचरण–दया क्षमा गुण धारण गर्नैपर्दछ । एकसाथ बसी सबैले बनाएको खानु, छ्यासमिसे बिहा-बारी गर्नु नै समता र शुभगुण हो भन्ने गुरु कबीरको भाव होइन । यस्ता कुरालाई त उहाँ अति निषेध गर्नुहुन्छ । सँधै सुसङ्ग गर सदाचारीका साथ बस, पवित्र आहार-विहार गर, मर्यादापूर्वक व्यवहार गर, फोहरी, कुकर्मी, अभक्ष-सेवी, दुराचारीजनदेखि फरकै रहु, भन्ने उहाँको भाव

★ सबै दुष्ट कर्मबाट पार लगाइदिने नाउमा हामी चढ्छौं । [ऋग्वेद ८।५।४२।३]

हो । सबैको हितैषी समतालु बनेर पनि कुसङ्गबाट भने बच्नैपर्दछ । यी कुरा विवेकयुक्तकै हुन् । कुनै जाति वर्णको अभिमान लिंदैमा कसैको कल्याण हुने होइन । राम्रा-राम्रा आचरण–विवेक गुरु-भक्ति वैराग्यबाटै कल्याणका साजको सम्पादन हुनसक्तछ, हामीले यति कहिल्यै बिर्सन हुँदैन★ । ब्राह्मण कस्तालाई भन्दछन् ! यो कुरा गीता, महाभारत, र उपनिषद्‌बाट पनि केही मनन् गरौं–

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेवच ।
ज्ञानं विज्ञानंमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ।।गीता१८।४२।।

अर्थ– 'शम दम तप शौच क्षमा सरलता ज्ञान विज्ञान र आस्तिकता– यी ब्राह्मणका स्वाभाविक कर्म हुन् ।'

जितेन्द्रियः धर्मपरः स्वाध्याय निरतः शुचि ।
काम क्रोधो वशौ यस्य तदेवा ब्राह्मणं विदुः ।। (म. भा.)

'जितेन्द्रिय धर्म-परायण स्वाध्यायमा तत्पर पवित्र काम-क्रोधादिका विजयी पुरुषलाई देवताहरू ब्राह्मण भन्दछन् ।'

क्षान्त्यादिभिर्गुणैर्युक्तस्त्यक्त दण्डो निरामिषः ।
न हन्ति सर्व भूतानि प्रथमं ब्रह्मलक्षणम् ।।२४।।

'(वज्रसूची उपनिषद्‌मा युधिष्ठिरलाई वैशम्पायनले भन्दछन्–) क्षमा शान्ति आदि गुणबाट युक्त हुनु, शस्त्र-त्याग गर्नु (नलिनु), मांस-भक्षण नगर्नु, कुनै जीवको पनि हत्या नगर्नु–यो ब्राह्मणको पहिलो लक्षण हो ।'

★ "Character is the only patent of nobility. If does not matter who your parents are or what your race is" Our quality lies in our knowledge and deed and not in our colour faith; race or descent.
– Dr. Radha Krishna.

'चरित्र नै श्रेष्ठताको एकमात्र स्वकृत हो । तिम्रा आमा बाबु को हुन् ! जाति के हो ! केही पर्वाह छैन । हाम्रो ज्ञानमा र काम कारवाहीमा नै हाम्रो विशेषता हुन्छः न कि हाम्रो अनुहार, धर्म, जाति र वंश पीढीमा ।'

यदा सर्वं परः द्रव्यं पथि वा यदि वा गृहे ।
अदत्तं नैव गृह्णाति द्वितीयं ब्रह्म लक्षणम् ।।३५।।

'घरमा रहेका वा सडकमा मिल्किएकै भएपनि अर्काका चीज, कसैले नदिई नलिनु–यो ब्राह्मणको दोस्रो लक्षण हो ।'

त्यक्त्वा क्रूरस्वभावं तु निर्ममो निष्परिग्रह ।
मुक्तश्चरति यो नित्यं तृतीयं ब्रह्म लक्षणम् ।।३६।।

'क्रूर स्वभाव छाडी दयालु हुनु, ममता-स्वार्थलाई सर्वथा त्याग्नु, संग्रह नगर्नु; संसारीजनका संसर्ग छाडी स्वतन्त्रतापूर्वक सँधै सर्वत्र विचरण गर्नु–यो ब्राह्मणको तेस्रो लक्षण हो ।'

देव मानुष नारीणां तिर्यग् योनि गतेस्वपि ।
मैथुनं हि सदा, त्यक्त्वं चतुर्थं ब्रह्म लक्षणम् ।।३७।।

'देवता, मनुष्य पशु नै किन नहुन्, जसले मैथुनकर्म सदाको निम्ति त्यागिदिन्छ–त्यो ब्राह्मणको चौथो लक्षणबाट संयुक्त हुन्छ ।'

सत्यं शौचं दया शौचं शौचमिन्द्रियनिग्रहः ।
सर्वभूत दया शौचं तपः शौचश्च पञ्चमम् ।।३८।।

'सत्य नै पवित्र हो, करुणा नै पवित्र हो, इन्द्रिय–निग्रह नै पवित्र हो, प्राणीमात्रमा दया गर्नु नै पवित्रता हो, धर्मरक्षाको निम्ति कष्ट सहनुरूपी तप नै पवित्र हो–यी सबैबाट युक्त रहनु ब्राह्मणको पाँचौं लक्षण हो ।'

पञ्च लक्षण सम्पन्नः ईदृशो यो भवेद् द्विजः ।
तमहं ब्राह्मणं ब्रूयां शेषाः शूद्रा युधिष्ठिर ।।३९।।

'हे युधिष्ठिर ! माथिका पाँच लक्षणबाट जो सम्पन्न छन्, ती द्विज हुन्, तिनैलाई म ब्राह्मण भन्दछु; बाँकी सबै शूद्र हुन् ।'

न कुलेन न जात्या वा क्रिया भिर्ब्राह्मणौ भवेत् ।
चण्डालो ऽपि हि वृत्तस्थो ब्राह्मणः स युधिष्ठिर ।।४०।।

'हे युधिष्ठिर ! कुलबाट जातिबाट र धेरै क्रिया-आडम्बर-बाट कोही ब्राह्मण हुन सक्तैन । चाण्डाल भएपनि उत्तम गुणबाट युक्त छ भने ब्राह्मण हुन्छ ।'

एक वर्णमिदं पूर्वं विश्वमासीद्युधिष्ठिर ।
कर्म-क्रिया विशेषेण चातुर्वर्ण्यं प्रतिष्ठितम् ।।४१।।

'हे युधिष्ठर ! पूर्व समय– संसारमा एकै (मानव) वर्ण थियो, पछि कर्मानुसार चार वर्णको विभाजन भएको हो ।'

सर्वे वै योनिजा मर्त्याः सर्वे मूत्र पुरीषिणः ।
एकेन्द्रियेन्द्रियार्थाश्चः तस्माच्छीलगुणैर्द्विजाः ।।४२।।

'सबैको उत्पत्ति अधोद्वारबाटै हुन्छ, सबैको शरीर मरणधर्मा छ, सबैको शरीर म[illegible]-मूत्रादिले पूर्ण छ; सबैमा एकै प्रकारका इन्द्रिय र विषय छन् । अतएव शील-गुण (उत्तम आचरण) सम्पन्न पुरुष नै ब्राह्मण हुन् ।'

शूद्रोपिशील सम्पन्नो गुणवान् ब्राह्मणो भवेत् ।
ब्राह्मणोऽपि क्रियाहीन; शूद्रात्प्रत्यवरो भवेत् ।।४३।।

शील र गुणले सम्पन्न छ भने शूद्र पनि ब्राह्मण हो, आचरण हीन छ भने ब्राह्मण पनि शूद्र भन्दा पनि निकृष्ट हुन्छ ।'

अस्माभिरुक्तं यदिदं द्विजानां मोहं निहन्तु हतबुद्धिकानाम् ।
गृह्णन्तु सन्तो यदि युक्तमेतन्मुञ्चत्वथायुक्तमिदं यदिस्यात् ।।५३।।

'जसको बुद्धि हत भएको छ, यस्ता ब्राह्मणहरूको अज्ञान अर्थात् विपरीत धारणा मिटाउन यहाँ जो जो भनियो, ती यदि

सद्गुरवे नमः

बी ज क

पाँचौं खण्ड

कहरा–१

सहज ध्यान रहु सहज ध्यान रहु । गुरुके वचन समाई हो ।।१।।
मेली सृष्टि चरा चित राखहु । रहहु दृष्टि लौ लाई हो ।।२।।
जस दुःख देखि रहहु यह औसर । अस सुख होइ हैं पाये हो ।।३।।
जो खुटकार बेगि नहिं लागे । हृदय निवारहु कोहू हो ।।४।।

(नेपाली अनुवाद–शार्दूल विक्रिडित छन्दमा)

गर्नू ध्यान सदा स्वचाल गुरुका शिक्षा दिलैमा धरी ।
लोकैमा छरिने स्वचित्त शम लौ एकत्व लक्ष्यैं गरी ।।
जस्तो कष्ट छ दृश्य सम्मुख अबै मिल्ला . पुनः सौख्य त ।
फिक्री हुन्न भने स्व लक्ष्य प्रतिको क्रोधादि नैं मार त ।।

अर्थ– आफ्नो स्वरूप चेतनको होशमा स्वाभाविकताबाट रहनु, निरन्तर द्रष्टाको भाव नछुटोस् । गुरु-आज्ञा, गुरु-उपदेशको तात्पर्य ग्रहण गरी, आफ्नो लक्ष्य स्थिर राख्नु ।।१।। मेली सृष्टि–संसार भोगमा तद्रूप बनी मिसिएको, चरा चित–आसक्त चञ्चल यो चित्तलाई स्ववश राखी, उसलाई द्रष्टापनाको काम देउ । आफ्नो ध्येय सदा विवेक-स्थितिमै विलीन रहोस्★ ।।२।। यो

★ टाढा जाने मन र ज्योतिर्मति इन्द्रियहरूको एक ज्योति होस् । यस्तो मेरो मन कल्याणमय विचारबाट युक्त बनोस । ज्ञानोत्पादक चेतनाशील, धैर्यरूप र अविनाशी छ । उसले सर्वप्राणीको हृदय प्रकाश गरिरहेछ । जुन मनको बिना कुनै पनि कार्य गर्न सम्भव छैन, मेरो त्यो मन कल्याणमय विचारबाट युक्त होस् ।

[यजुर्वेद ३४।१×३]

सहज समाधिको■ समयमा एकरस वृत्ति बनाउन, प्रारम्भमा जस्तो दुःखको अनुभव गरिरहेछौ, अभ्यास पुष्ट भएपछि त्यस्तै शान्ति सन्तोष स्वतन्त्रताको सुख पनि पाउनेछौ ।।३।। जो खुटकार–द्रष्टापनामा लागिपर्ने धारणाप्रति मनमा चिन्ता व्याकुलता नजागेसम्म पहिले हृदयगत क्रोध-कामादिलाई नै संयम साधना वैराग्यद्वारा निवारण गर्दैगर ।।४।।

■ हामीले महान् मिहीनेत र ठूलो खर्च गरी भारी ट्रक भरी फूल जङ्गलबाट जम्मागरी ल्यायौं, भाडा तिरी यन्त्रद्वारा फूलबाट अति उत्तम अत्तर निकाल्यौं । कुल एक बोतल बनेको थियो, लगेर रछानमा घोप्टयाई मिल्कायौं । के काम लाग्यो ! तेत्रो खर्च र परिश्रम सबै सित्तैं भयो ! जन्म-जन्मदेखि हामी सबै यस्तै काम गरिरहेछौं । अझ विचार गऱ्यो भने त्यो भन्दा पनि ठूलो सम्पत्ति र परिश्रमलाई अनाहकमा आफाल्तिरहेछौं । अर्थात् यो मानव जीवन पाउन कत्रो-कत्रो परिश्रम र कति-कति पुण्यराशि खर्च भएको हुँदो हो । यस्तो अमूल्य निधिलाई जाबो पेट पाल्नमै बिताइरहेछौं । अझ खेल-बाड, गफ-चर्चा, डुल-फिर र ऐश-विलास, झैं- झगडामै बरबाद गरिरहेछौं ।

हुँन, अब बाँकी बचेको अल्प जीवनलाई त सदुपयोगमा लगाउनै पर्दछ । हामी पनि गुरु कबीरको सहजयोग सिकौं-साधौं, साक्षीभावलाई जगाउँ र पूर्ण द्रष्टा–स्थिति सम्हालौं । यसबाट अति अपूर्वको परम पावन अमृत-रस बर्सनेछ । यसलाई अरू केही खर्च र परिश्रम गर्नु पर्दैन, एकमात्र शान्तिको शैली सिहारे पुगिहाल्दछ । त्यो हो–पर बाट पन्छेर, स्व कै खोजि गर्नु, स्व नै हो–हाम्रो केन्द्र विन्दु । त्यो छ भित्रै, आफ्नै भित्रतिर दृष्टिगरी हेरौंमात्र ! त्यो हेर्ने को हो ! त्यसैलाई चिनेर त्यसैमा (आफैं आफूमा) स्थिर बनौं। शरीरको अति आवश्यकीय क्रिया गर्दा पनि हेरी-हेरी होशपूर्वक गरौं, नहेरी–आफ्नो होशमा नआई कुनै पनि क्रिया नगरौं । मनका भोग–आसक्ति वासनाजन्य काम, क्रोधादि कुनै वृत्तिमा पनि नबगी, तटस्थ बनौं । कदाचित् क्रोध आएपनि होशपूर्वक हेरी-हेरी रिसाउँ । क्लोरोफर्म दिंदा गनेझैं गन्नथालौं, कतिमा क्रोध पूरा हुन्छ नभुलौं गन्दैजाउँ । वासना उठ्छन् र पनि यसैगरी हेर्देजाउँ, देखी-देखी निक्लौंमात्र, भोगबाट पार पुग्नेछौं । भोगका रसमा डुबिने छैन ।

यही हो– सहज योग । आवश्यकीय काम गर्दा पनि देखी-देखी गर्नु, स्व को भाव नछुटोस् । यति भएपछि अब यसको हत्योडी हातलाग्यो । यसरी जब दृश्यप्रतिको

अरू– पारख-समाधिमा आसन प्राणायाम मुद्राहरूको विशेष महत्व छैन। यसमा प्रथम दुर्गुणको त्याग र शुभाचरणको पालन गरी मनको मलीनतालाई धुनु। जड-चेतनको बोध-निर्णय ठीक-ठीक गर्नु। यति नभई ध्यानको मात्र अभ्यासबाट साधकको वृत्ति जड-भास वा शून्य आनन्दमै टाँसिनेहुन्छ। द्रष्टातर्फ लक्ष्य घुम्न सक्तैन। जिज्ञासा र विवेकको जरो नै कुहिएर जानेहुन्छ। यसैले प्रथम वैराग्यवान् सन्त पारखीका सत्सङ्गबाट पारख-दृष्टि विशुद्ध बनाउनु पर्दछ। भोग-विषयबाट उदासीनता, साधना-अभ्यासमा उत्साह, समाधि र शान्ति-उपलब्धिको अतिशय उत्सुकता, वासना-विजयी बनी स्वरूप स्थिति बनाउनमा अधिक उमङ्गता चाहिन्छ।

पश्चात् एकान्त स्थलमा कुनै एक (रुचि अनुसार) आसन-बाट सोझो भई, अचल बनी बस्नु। मुख्य बन्धन मनकै हो, अन्तः

रस बिलायो, द्रष्टैद्रष्टा रहियो, प्रारब्धान्त पछि सदाको निम्ति शुद्ध स्वयंको स्थिति बन्यो। अबता हामीले साहेबलाई पनि पायौं, पायौं मात्र के! उही साक्षात् भयौं। अझ अर्को भाषामा भन्ने हो भने परमात्मै परमात्मा अवशेष रह्यौं, परम शान्ति स्थिति भयो। यसैलाई ब्राह्मी (बृहत्) स्थिति, कैवल्य मुक्ति पनि भन्न सक्तछौं।

हठयोगमा ऋद्धि-सिद्धि मागिन्छ, साधिन्छ; तर केही तथ्य हात लाग्ने हुँदैन। कदाचित् कुनै कनिष्ट भावना सिद्धि भएछन् भनेपनि अहंकार नै मोटाउँदछ। यसरी परम अर्थ साधीकन पनि माङ्ने र अहंकारी के बन्नु! संसारमा माङ्ने धेरै छन्, माङ्ने ढङ्ग पनि धेरै थरीका छन्, तर ती सबै हुन्–भिक्षुक नै। हामी त त्यसरी बलजफती धर्ना कसी, माङ्ने र अहंकारी, भिखारी नबनौं। भिक्षुक उपासक बनेर स्वर्ग-सायुज्य पनि नमागौं। माङ्ने-आशे बनिएसम्म मुक्त कहाँ बनिएला! अतएव अचाह, पूर्णकाम, परम सन्तोषी, बनौं; महान् सम्राट् स्वयं शान्त रहनेछौं। यो सहजयोग, सम्राट् बन्ने कला हो। सबै हेर्दैजाउँ, कतै कसैमा नमिलौं, पानी स्थिर भएपछि धमिलोपन तल पींधमा थिग्रेर बस्तछ, पानी सङ्लिएर माथि उत्री अचल बन्छ, त्यस्तै हामी पनि शुद्ध चेतनरूपी जल, समस्त विषय-कल्पनादेखि उत्री, निराधार अचल अक्रिय स्थिर हुनेछौं। यस बखत स्व भाव बच्तछ, वि भाव बाहिर हुन्छ, बिलाउने छ। एक बच्तछ– आफैं आफू। दोस्रा भईकन पनि माध्यम–सम्बन्ध बिना हाम्रो लागि नभए सरि हुन्छन्। यसै अवस्थालाई भनेको हो–अद्वैत! हुन पनि मुक्त चेतनको निमित्त अरू के अवशेष रहन्छ र!

अब सहज समाधि सम्बन्धी एउटा प्रचलित भजन मनन गरौं—

भजन

साधो ! सहज समाधि भली ।
गुरु प्रताप जा दिन से जागी. दिन दिन अधिक चली ।।टेक।।
जहँ जहँ डोलौं सोइ परिकरमा, जो कछु करौं सो सेवा ।
जब सोऔं तब करौं दण्डवत, पूजौं और न देवा ।।१।।
कहौं सो नाम सुनौं सो सुमिरन, खाँव पिऔं सो पूजा ।
गिरह उजाड एक सम लेखौं, भाव मिटाऔं दूजा ।।२।।
आंख न मूँदौं कान न रूँधौं, तनिक कष्ट नहिं धारौं ।
खुले नैन पहिचानौं हँसि हँसि, सुन्दर रूप निहारौं ।।३।।
नित्य निरन्तर में मन जागा, मलिन वासना त्यागी ।
ऊठत बैठत कबहुँ न छूटं, ऐसी तारी लागी ।।४।।
कहत कबीर यह उनमनि रहनि, सो परगट करि गाई ।
दुःख सुख से कोइ परे परम पद, त्यहि पद रहा समाई ।।५।।

करणबाट मनोवृत्ति वासनारूपमा उठ्तछन्, तिनलाई सारै टाठो बनी हेर्नु, तिनमा नमिली तटस्थ रहनु । यस किसिमबाट निरन्तर आफ्नो भाव बनिरहने सहज ध्यान-समाधि बनाउन सकिन्छ ।

मुक्ति की डोरि गाढि जनि खैंचहु । तब वझि हैं वड रोहू हो ।।५।।
मनुवहि कहहु रहहु मन मारे । खिजुवा खीजि न वोले हो ।।६।।
मानू मीत मितैयो न छोडे । कमऊँ गाँठि न खोले हो ।।७।।
भोगहु भोग भुक्ति जनि भूलहु । योग युक्ति तन साधहु हो ।।८।।

डोरी-मुक्ति नतान्नु हत्पत गरी माछो ठुलै पाउला ।
त्यै गर्नु मनबाट मार्नु मन ता चुप्लाग जिस्क्याउला ।।
मानेका मितको नछाडि पिरती गाँठो कसी बाँधन ।
भोगी भोग नभुल्नु भुक्ति बिचमा योगोक्ति नै साधन ।।

अर्थ– मुक्ति-स्थितिका साधनाको डोरी हतार गरेर नतान, लगनशीलतापूर्वक विस्तार-विस्तार प्रत्येक पलामा देख्नेमात्र अभ्यास बनाउ, अरू कतै कसैमा नमिल–सत्ता नदेउ । यतिगरेमात्र

मन-अहङ्काररूपी रोहु–जङ्गीमाछो साधनाको बल्छीमा उनिएर आउनेछ–शमन हुनेछ ।।५।। स्व मनलाई सम्झाई-बुझाई विवेक-वैराग्यपूर्वक राख । यदि मानेन भने त्यो मनलाई मारेर दबाएर पनि मनोविजयी बनी बस्नैपर्दछ । खिजुवा–खिसी टिप्री र निन्दा गर्ने मानिसदेखि पनि रिसाउने-झर्कने नगरी, प्रेमपूर्वक मिठो वचन बोल ।।६।। मानू मीत–मान्य हितैषी सद्‌गुरु सन्तसितको मित्रता प्रेम-श्रद्धा नछोड । तिनका तर्फबाट सामान्य त्रुटि नै भएपनि प्रेम-श्रद्धाको गृन्थि खुस्कन नपाओस्, निष्ठा बनिरहोस्– इत्यादि विवेक गर्दैगर ।।७।। भोगहु भोग–शरीर-निर्वाहमात्र गृहण गर्नु-यो प्रारब्धको भोग हो, त्यति भोगले कुनै हानि हुँदैन । भुक्ति जनि–मनको भोग-विलास उपभोग आदिमा नभूल । निम्नगामी इन्द्रियगणलाई कुपथबाट रोक । मनलाई नियन्त्रण गर्न, विवेक सत्सङ्ग सदाचार द्रष्टा-स्थिति आदिको अभ्यासलाई अँगाल ।।८।।

अरू - कल्याण-कार्यमा लागेपछि हरेक अवस्थामा विचार सावधानी र उत्साह छाड्नु हुँदैन । द्रष्टा स्थितिको अभ्यासमा कुनै-कुनै समय वासना-वृत्ति तँछाड–मछाड गरी ओइरोलाग्ने हुन्छन्, त्यस बखत हडबड गऱ्योभने साधक अँत्यासले साधना नै छाडेर भाग्ने पनि हुन्छन् । यसैले यस्तो अवस्था आएपनि नआँत्तिनु, आफ्नो साधना अभ्यास नछाड्नु । धीरतापूर्वक अति कराँतिलो बनी, निरन्तर हेर्नेमात्र काम गर्नु । 'मेरो मन कहिले शान्त होला 'चेतन स्वरूपको कहिले अपरोक्ष स्थितिको अनुभव होला !' भन्ने भावनाबाटै मात्र पनि हतार गर्न थाल्यो भने तिनै भावना बाधक बन्ने छन् । यसैले भन्न भएको हो–'मुक्तिकी डोरि गाढि जनि खैंचहु... ।' "अति जल्दीमें गिरब डर, देरमें होवै फेर" [श्री प्रेम सा.]

धेरै हतपताउँदा साधनाबाट च्यूत होइने भय हुन्छ, गरौंला-

नि ! भन्यो, कामको अनुष्ठान थालिहालेन भने गर्नुपर्ने मुख्य कामको पनि बाटो नै छुट्ने-बिरिने, अल्मलिई अन्तै पुगिने होइन्छ। यसैले जानी-बुझी कार्यमा लगनशीलता पक्रिहाल्नु पर्दछ।

जो यह भाँति करहु मत वलिया। ता मतको चित वाँधहु हो ॥९॥
नहिं तो ठाकुर हैं अति दारुण। करि हैं चाल कुचालो हो ॥१०॥
वाँधि मारि दण्ड सव लेइ हैं। छुटि हैं तव मतवाली हो ॥११॥
जब हीं सावत आनि पहूँचे। पीठ साँटि भल टुटि हैं हो ॥१२॥

लौ यै रीत बलिष्ठको मत गरी यो चित्त काबू गरे।
गर्दैनौ यदि तौ त छन् पति कडा गर्नन् कुचालै भरे॥
बाँधी ताडन धेर दण्ड गरदा झर्ने छ शेखी सबै।
जैले आउँछ काल चुट्छ सहजै भाँचिन्छ ढाडै तबै॥

अर्थ– जसले यसरी आफ्नो सिद्धान्तलाई सुपुष्ट राखतछ, उसको चित्त उपर्युक्त धारणामा सहजै स्थिर रहने छ। अर्थात् स्वरूप-स्थिति सरलताबाट बन्नेछ ॥९॥ ह्वैन भने मन-राजा सारै चपर्चण्डको डरलाग्दो छ। यो आफ्नो उरन्ठेउले वानीबाट उल्टैचाल चलिरहन्छ। सताउने सास्ती शासना दिने सिवाय अरू केही गर्ने छैन ॥१०॥ तिमीलाई विषयासक्ति र दुर्गुणमा बाँधी, विवश पराधीनतामा पारी, तीन खानिमा निकालावासको दण्ड दिनेछ। तिम्रो बुद्धि-विवेक र पहिलेको शेखी सबै झर्नेछन्। त्यसबेला तिम्रो होश-हवास उड्नेछ ॥११॥ सावत–सामन्त (काल) जब अपर्झटमा आइपुग्दछ, त्यस बखत तिम्रो पिठिउँमा उसको सोट्टा (लाठो) बज्नेछ। अनि राम्रै सित डँडाल्नु भाँचिनेछ। अर्थात् मरणको महान् कष्ट पर्नेछ ॥१२॥

ठाढे लोग कुटुम सव देखैं। कहै काहुके न छुटिहैं हो ॥१३॥
एक तो निहुरि पाँव परि विनवै। विनति किये नहिं माने हो ॥१४॥
अन चीह्न रहेउ न कियेहु चिह्नारी। सो कैसे पहिचनबेउ हो ॥१५॥
लीह्न वोलाय वात नहिं पूछै। केवट गर्भ तन बोले हो ॥१६॥

हेर्नेन् आइ खडा कुटुम्ब सब तौ उम्किन्न केही भनी ।
हेर्दै बिन्ति हजार पाउ पर लौ मान्दैन किञ्चित् पनि ।।
चिह्ना जान बिना रह्यौ त नचिनी चिह्ने कसोरी कटै ।
बोलाए तर बात कत्ति नगरी मान्नी अहं बोल्छ गै ।।

अर्थ– तिम्रा प्रेमी परिवार मित्र सबै ठिङ्ग उभिई हेरिरहने छन् । त्यस बखत कसैको भनसुन सिफारिश केही लाग्नेछैन । तिमी त्यो भुवलबाट उम्कन पाउने छैनौ ।।१३।। (मायोक्ति–) यमदूतले पाता-मस्काई, जीवलाई निकाली, लैजानलाग्दा मानिस रुन्छ, मनैमन यमदूतका गोडामा छाँदहाली करुण-क्रन्दनबाट विन्तीभाउ गर्दछ । 'मलाई नलानोस्, मेरो कोटी-कोटी बिन्ती छ; अब एक पटकमात्र पुत्र-पत्नीको मुख हेर्न पाउँ, तिनीसङ्ग दुइ कुरा गर्न दिनोस्, दाजु-भाइहरूसित भेटघाट–बिदाबादी हुने, चार कुरा गर्ने अवसर पाउँ, धन सम्पत्ति परिवार पुत्र पत्नीहरूलाई बाँड्चुँड् गर्न दिनोस् ! इत्यादि विनय गर्दछ, तर यमदूतहरूले कत्ति नसुनी, बाँधी, शरीरबाट बलै चुँडेर निकाल्दछन् ।।१४।। शरीरमा भजन गर्ने शक्ति छँदै उमेर अवस्थामै धर्म भक्ति गरी सत्सङ्गद्वारा परमात्मालाई चिह्नेनौ ! सन्तदेखि पर-परै रह्यौ । "हामीलाई यत्तिकैले पुग्दछ, अरू अवस्था कहिल्यै आउँदैन" भनेजस्तो गऱ्यौ । अब यस अवस्थामा आई पछुतो गरेर के हुन्छ ! भगवान्‌का सन्निकट कसोगरी पुगौला र यम-यातनाबाट बचौला ! ।।१५।। उस बखत ऊ, केवट–योगीजनले ज्ञान दिनखोज्दा पनि धन मान र जवानीका जोशमा आएर घमण्डका कुरा गर्थ्यो ! उनका नजिकै पर्दैनथ्यो । यसैले यस्ता जीवलाई यमराजले दूतद्वारा मगाएर केही शोध-पूछ नगरी यम-यातना भुक्ताउन पठाइदिए ।।१६।।

अरू– मरण-समय, शरीरमा रोग व्याधिको कष्ट, मनको अँत्यास, उता घर धन परिवारादि छुट्ने चिन्ता, मोहादिको मार र

बेसुरमा अनेक वासना-तरङ्ग आई त्रास-वश अरूलाई गुहार्नु, यी सबै मृत्युका सोट्ठा हुन् । यमराजका दूत भन्ने कल्पनामात्र हुन् तापनि 'अन्त्य समयमा यमदूतले लिन आउँछन्' भन्ने पहिले देखि नै सुनिराखेकाले उही अध्यास-वश अन्त्यमा स्वप्नसमान अवस्था आई यमदूतको आभास पनि हुने हुन्छ ।

जाकर गाँठि समर कछु नाहीं । सो निर्धनियाँ होय डोले हो ।।१७।।
जिन सम युक्ति अगमन कै राखिन । धरिन मच्छ भरि डेहरि हो ।।१८।।
जेकर हाथ पाँव कछु नाहीं । धरन लागि तेहि सो हरि हो ।।१९।।
पेलना अछत पेलि चलु बौरे । तीर तीर का टोवहु हो ।।२०।।

साथैमा जसको हुँदैन धन ता भर्मन्छ माड्ने सरि ।
राख्छन् होश सयुक्तिबाट पहिल्यै माछा भकारी भरी ।।
जो हो हात र पाउ अङ्ग विनको त्यै सोर्छ ठानी हरि ।
सिल्ली ! नाउ छँदै चलाउ किन हो । छाम्छौ तटैमा फिरी ।।

अरू– (गुरुवचन–) गाँठि–जसको साथमा बाटो-खर्च केही छैन, उसले कङ्गालभई मागी हिंड्नै पर्‍यो, भौंतारिने नै भयो ।।१७।। जिन सम युक्ति–जसले अभ्यास-वैराग्यद्वारा अघिबाटै मन र काम क्रोधादि-माछामारी, शरीररूपी डेहरी–भकारी भरेका छन्, अर्थात् प्राण-वियोगको पूर्व नै द्रष्टा-स्थिति बनाई, आफ्नो इन्तिजाम पूरा गरेका छन् भने त्यस्ता पुरुषार्थी पुरुष, सदा सुखी रहन्छन् ।।१८।। जसका विवेक-विचाररूपी हात-गोडा नै छैनन् भने ती सो हरि–उनै कल्पनाका शून्य हरि नै धरन लागि–खोजी हृदयमा कल्पना भर्न–थन्क्याउन लाग्दछन् ।।१९।। हे पागल ! पेलना–डुङ्गा खियाउने बहनारूपी मनुष्य-शरीर साबूत छँदै, किन के जोखना हेरिरहेका ह्वौ ! वासनारूप संसार-सागरबाट चाँडो पारलाग । विवेक-द्रष्टाको अभ्यासद्वारा समस्त भावनालाई घचेट स्वयं शान्त मुक्त बन । तीर-तीर–अनेक देव-देवी र भ्रान्त

गुरुजनका साथ के छर तिनका निकट छाम्दै हिंड्छौ ! अथवा आफ्नै वरीपरी धन पुत्र पत्नीतर्फमात्र के छाम्छौ ! यिनीबाट केवल धोखा खानेछौ ।।२०।।

ग.रू– समयमै होश गरी आफ्नो सुधार-कल्याणको काम नगरेको फल यही हुन्छ, अतः सावधान ! आफैंले नगरी नहुने आफ्नो मुख्य काम–विवेक सत्सङ्ग भक्ति साधना गर्न आलटाल गरी सुवर्ण-समय नाहक नगुमाउनु, बेलैमा गरिहाल्नुपर्दछ, अनिमात्र अन्त्यमा पछुताउनु पर्नेछैन, सुखी-शान्त बनिनेछ । आसक्त र आलसी मानिस, बखतमा अन्तै अल्झिरहन्छ, अनि कष्ट पर्दा रुन-छटपटाउन थाल्दछ । 'तैपनि भइहाल्छ कि' भनी कल्पित पतिको आधार पक्रन्छ । होइन, पराईको आशे बनेर कसैको कहिल्यै केही काम पूरा हुँदैन । मुख्य यो एउटा कार्य समयमै गरिहालौं । असली रमैयारामलाई चिनेर उक्त स्थितिको काम सँह्यालौं । मन वासना र कल्पना भ्रान्ति मेटिनासाथ स्वयं चेतनराम अवशेष रहिहालिनेछ ।

उथले रहहु परहु जनि गहिरे । मति हाथहु की खोवहु हो ।।२१।।
तर कै घाम ऊपर कै भुँभुरी । छाँह कतहुँ नहिं पायहु हो ।।२२।।
ऐसेनि जानि पसीझेहु सीझेहु । कस न छतुरिया छायहु हो ।।२३।।
जो कछु खेड कियहु सो कियहु । वहुरि खेड कस होई हो ।।२४।।

अग्लैमा बस बीच कुण्ड नपसी के फाल्दछौ हातको ।
घामैको तर राप भावर उँभो पाइन्न छाया अहो !
यो जान्दै पनि गुम्सि पाकिरहने छाप्रो नछाको किन !
जो भो त्यो भुलिंदा भयो भइगयो भुल्छौ कि के फेरि न !

अर्थ– मनोद्रष्टा सहज समाधिरूपी श्रेष्ठ सोपानमै चढ्न पारखपदलाई नै अँगाल । अन्य कल्पित साधना र सिद्धि, शून्य-समाधि आदि लाभको अति गहिरो लालचमा नपर । यस्तै

लालचमा कति-कति दाउ गुमायौ, अब यो हातमा आएको मानव-जीवनमा त सदुपयोग गरी विवेकमा अघि बढिहाल ।।२१।। तल–गर्भवास जठराग्निको ताप, माथि (जन्मेपछि) बाह्य तीनतापरूपी भुमरी वा भाबरको गर्मी आदिमा तिमी निरन्तर टट्टिरहेछौ । अनादिदेखि आजसम्म शीतल-शान्ति छाया कहिल्यै कहीं पाएनौ; न पछि पाउनेछौ ! कर्म-क्षेत्रको पथ-यात्रामा आफ्नै कमाईका फलमात्र भोग्न पाइन्छ ।।२२।। यस्तो जान्दाजान्दै पनि हेलचक्र्याईं गरी, तिमी फेरि-फेरि पसीञ्झेहु सीञ्झेहु–विषयासक्तिमै उसिन्निन्छौ, फतक्क गल्दछौ । किन विवेक-मुक्ति स्थितिरूपी छाता ओढ्दैनौ ! वा छाप्रो छाउँदैनौ ! चाँडै छाइहाल ! ।।२३।। जो कछुखेड–आजसम्म जे जति गर्नु नगर्नु पाप-अनाचार गऱ्यौ गरिहाल्यौ, अब कति गर्छौ ! भैगो, अब पनि उही बन्धन-प्रपञ्चमा किन हुम्मिनु ! के यस्ता कामबाट दिगो शान्ति पाइन्छ र ! अभागी भुक्ति रहन्छ, भाग्यमानी बेलैमा चेत्तछ । तिमी त चाँडै चेत, जाग; कल्याण-पदमा शीघ्रातिशीघ्र लागिहाल ।।२४।।

अरू– खास कल्याणको निमित्त बाह्य आडम्बरका अनेक साधना, ज्योति-दर्शन, अनहद-नादको श्रवण गर्ने, शून्य-समाधिमा स्थिति लिने–इत्यादि रोचक वाणीका लालचमा लागी भ्रान्त बन्न रत्ती आवश्यकता छैन । यसबाट धोखामात्र खानेछौ । जडदेखि भिन्न चेतनको बोध र शुभगुणको ठीक-ठीक पालना हुनुपर्दछ । मुख्य बन्धन–मन-वासना नै हो, यिनैको द्रष्टाबन, हटाइहाल वा ती देखि आफू पन्छ । तिनले क्रिया गराई चारखानिमा कष्ट कटाउन नपाउन् । यत्तिकै गहिराईमा पुग्नु पर्याप्त छ ।

सासु ननद दोउ देत उलाटन । रहहु लाज मुख गोई हो ।।२५।।
गुरु भौ ढील गोनी भइ लचपच । कहा न मानेहु मोरा हो ।।२६।।
ताजी तुर्की कवहुँ न साधेउ । चढेउ काठके घोरा हो ।।२७।।

ताल झाँझ भल वाजत आवै। कहरा सबकोइ नाचे हो ।।२८।।

दोषारोपण सासु नन्द गरछन् लज्जा-मुखै फेदछौ।
थैलो थन्थल भो र शक्खर गिलो मेरा कुरा टार्दछौ।।
जिम्दो तुर्कि सवार हुन्न कहिल्यै घोडा चढे काठका।
बाजा ताल विषे सिपालु गरछन् गाना अरू नाच ता।।

अर्थ– सासु ननद–संशयरूपी कल्पित वाणी र परिवारको स्नेहरूप खानी, यिनै दुइले ओल्टाई-पल्टाई जलाई दुःख दिइरहेछन्। तिमी भने ती खानी-वाणीबाट पृथक हुने कुरा सुन्दै उल्टो लाजले मुख लुकाउँछौ। तैपनि तिनै तिमीलाई कण्ठ-प्यारो भइरहेछन् ।।२५।। वर्षाऋतुमा गुरु–गुड (सखर) पग्ली, गोनी–बोरा गीलो भई थलथल गर्नेहुन्छ। यस्तै वृद्धावस्थामा शरीरको मासु सुक्तछ, रगत कम हुन्छ, शरीर लथरो बनी लत्याङ-लुत्रुङ हुन्छ। गुरु भन्नु हुन्छ–पहिले मेराकुरा खाएनौ, अब यो अवस्थामा आएर सबैतिरबाट तिरस्कृत भई अनेक कष्ट पाएपछि टट्टाएर के गर्छौ ! अथवा हे मानव ! पहिले अहङ्कार-वश सद्‌गुरु-सन्तका साथ आफ्नो सम्बन्ध कम राख्यौ, सत्सङ्गमा बस्न मन गरेनौ। अब शरीर जीर्ण भई बेकम्मा भयो, तैपनि तिमी हितैषीजनका वचन मान्दैनौ ।।२६।। जीवित शक्तिशाली अरबी घोडासमान पारखको साधना कहिल्यै साधेनौ, निरन्तर विषयासक्ति र कल्पनाकै मान्यतारूपी काठको घोडामात्र चढ्यौ। अब यस्तो अशक्त अवस्थामा आएर सन्तोष शान्ति निश्चिन्तता कसोगरी प्राप्त गरौला ।।२७।। सबै रम-झमतिरै झुत्तिन्छन्। जस्तो कहारहरू विवाहमा बाजा बजाई नाच्तछन्, त्यस्तै उपासकहरू पनि धूमधामसित बाजा बजाई नाच्छन्-गाउँछन् ।।२८।।

अरू– यो मानव-जीवन विशेष युक्ति-बुद्धि अकल-शक्तिले सम्पन्न छ। जहाँ जे काममा लागेपनि योग्य काम पूरा गरेरै

छाड्दछ । विश्वमा जे जति कला कौशल विद्या शोध-बोध भए बने, ती सबै कृति नर-जीवकै हुन् । यति सबै भइकन पनि यसले आफ्नो महत्त्व सम्झन सकेन । बिना विवेक बाह्य कल्पित पति पाउने कल्पनामा, उनकी दुलही बनी, हैरान भइरहेछ–दुःखी छ । म स्वयं स्वतन्त्र सर्वश्रेष्ठ चेतनस्वरूप रहेछु भन्ने सम्यक बोध प्राप्त गरी स्वयंमै शान्त नभएसम्म हाम्रा आशा कल्पना भ्रान्ति छुट्न सक्तैनन् । हामी सँधै यही आवागमनका चक्रमा चक्कर-काटिरहनेछौं ।

जेहि रंग दुलहा ब्याहन आये । दुलहिनि तेहि रंग राँचे हो ।।२९।।
नौका अछत खेवै नहिं जाने । कैसेक लगबेहु तीरा हो ।।३०।।
कहहिं कबीर रामरस माते । जोलहा दास कबीरा हो ।।३१।।

जे रङ्गले वर निस्किलए वरणमा रङ्गी वधू रङ्ग त्यै ।
डुङ्गा ठीक छ हाँक्न जान्न नसके तर्नेछ के ढङ्ग खै !
शिक्षा प्रष्ट छ यो कबीर गुरुको उन्मत्त रामै रस ।
छन् सम्पूर्ण सदा उपासक यही संसारका मानिस ।।

अर्थ– शिव विष्णु आदि जस्ता इष्टरूपी दुलहाको रूप खडा गरी,उपासकजनकासाथ लगन लगाइदिन गुरुजन आए! उही भावमा उपासकजनरूपी वधू पनि मन-इच्छित वर–शिव राम कृष्ण आदि कल्पित पतिमा प्रेम गर्न लागे ।।२९।। संसाररूपी समुद्र पार तर्न मानव-तनरूपी सुन्दर डुङ्गा पाएका छौं र पनि हामीमा यसलाई खियाएर पारतर्ने पारखदृष्टिको साधना वैराग्यरूपी सीप छैन, अनि कसरी भवसागर पार लाग्ने ? ।।३०।। गुरु कबीर भन्नुहुन्छ–हेर ! यस्तो भयानक महान् भवसागर पार तर्न पनि कल्पित रामको प्रेमरूपी जहाजमा सवार भई, जोलाहा–कल्पनाका पट बुन्ने भ्रान्त गुरुजन र दास कबीरा–उपासक शिष्य दुवै पारलाग्यौं वा लाग्छौं भन्ने सम्झी, मग्नमस्त छन् ।।३१।।

अरू– मनुष्य-जीवनरूपी नाउलाई सुचारुरूपले चलाउने कला पारखी सन्तरूपी बोटेसित सिकी, विवेक-वैराग्यको बहनाले खियाई पार लाग्नुपर्दछ। यहाँ एकतिसौं चौपाईको भाव हो–जोलाहा अर्थात् कल्पित वाणी जोडी-जोडी भ्रम-मान्यताको पट बुन्ने उपासक मतवादी गुरुजन र कल्पनाका दास बनेका जीवहरू कल्पित रामकै रसमा लट्ठ छन्, भन्नु भएको हो । यो रूढी परिभाषा, आजभन्दा डेढ-दुइसय वर्ष पूर्व श्रीगुरुदयाल साहेब, श्री रामरहस्य साहेब, श्रीपूरण साहेबहरूबाट पनि आ-आफ्ना रचना–कबीर-परिचय, पञ्चग्रन्थी, बीजक-त्रिजा आदिका ठाउँ-ठाउँमा स्पष्ट वर्णन गर्नु भएको पाइन्छ ।

यो कहरा प्रसङ्ग हुनाले यहाँ प्रथम कहरामा मदेसका कहारहरूले-डुङ्गा चलाएका, माछा मारेका, विवाहमा कहरा गीत गाई बाजा बजाई नाचेका उदाहरण दिई सम्झाउनु भएको छ ।

★

कहरा–२

मत सुनु मानिक मत सुनु मानिक। हृदया वन्द निवारहु हो ॥१॥
अटपट कुह्मरा करै कुह्मरैया। चमरा गाँव न बाँचे हो ॥२॥
नित उठि कोरिया पेट भरतु है। छिपिया आँगन नाचे हो ॥३॥
नित उठि नौवा नाव चढतु है। बेरहि बेरा बोरे हो ॥४॥
राउरकी कछु खबरि न जानहु। कैसेकै झगरा निबेरहु हो ॥५॥

मान्छे रत्न नसुन्नु है मत कुनै गाँठो फुका भित्र को ॥टेक॥
बेढङ्गी रचना कुमाल गरछन् छाला पुरी छुट्तछन् ।
कोरी नित्य उठेर भर्दछ भुँडी चोकै छिपा नाच्तछन् ॥
माझी नित्य उठेर नाउ चढदै झन् झन् तहीं डुब्दछ ।
स्वामीको खबरै न कत्ति बुझने के मामिला छुट्दछ !

अर्थ– मतसुनु मानिक–हे मनुष्यरत्न ! म आफ्नो मत विचार भन्दछु सुन! अरू यता-उतिका भ्रान्ति-विषयासक्तिका कुरा नसुन ।

हृदयको बन्धन (मन-वासना, कल्पना आदि) सबै शमन गर ।।१।। अटपट कुह्मरा–यो बाउँटो मन-कुह्माले, आफ्नो उल्टो चाल-चलन छाड्दैन। एक न एक बेढङ्गका सकाम कर्म गरी-गरी चार-खानिका शरीर रची नै रहन्छ। तर ती शरीर, चमडा गाउँ–हाड, मासु छाला का हुनाले बाँचिरहन्नन्,जति बनाउँछ उति नाश भइरहन्छन् ।।२।। कोरिया–अनेक मतका गुरुजन किसिम-किसिमका कल्पित वाणीरूपी कपडा ल्याई पेट भरतु है– संसारका सत्सङ्गरूपी पिठिया-बजार भर्दछन् । छिपिया–उपासनाको रङ्गले विभिन्न संस्कार छाप्ने र गुरुजनबाट कल्पनाका कपडा ल्याई बेच्ने छिपारूपी अरू भक्तजन (सहृदय जीव) का आँगनमा आई नाच्दछन्, प्रेमलक्षणा-भक्तिमा मग्न रहन्छन् ।।३।। नौवा–अविवेकी मानिस, नाव–कल्पित नामका डुङ्गा चढ्दछन् । परन्तु कागतको भन्दा पनि निफर मन-गढन्ते डुङ्गाले बार-बार भवसागरमै डुबाइरहन्छ ।।४।। राउर–सर्वश्रेष्ठ स्व स्वरूप चेतनदेवको थाहा सुद्धि नै छैनभने अब तिमी यो जन्म-मरण गर्भवासको मामिला कसरी फर्स्याउँछौ ! ।।५।।

एक गाँवमें पाँच तरुनि बसे। जेहिमा जेठ जेठानी हो ।।६।।
आपन आपन झगरा प्रकासिनि। पिया सों प्रीति नसाइनि हो ।।७।।
भैंसिन माहिं रहत नित बकुला। तिकुला ताकिन लीह्ना हो ।।८।।
गाइन माहिं बसेउ नहिं कबहूँ। कैसक पद पहिचनबेउ हो ।।९।।

एकै ग्राम निवास पाँच तरुणी छन् जेठ जेठानि ती।
आ-आफ्ना झगडा मचाइ प्रियको प्रेमै विनासी छ नि !
भैंसीका पिठमा रहे र त किरा टिप्ने बकुल्ला पनि।
गाईमा कहिल्यै निवास नगरी चिन्छन् पदै के भनी !

अर्थ– एक गाँव–प्रत्येक शरीररूपी गाउँमा कान, छाला, आँखा, जिब्रो र नाक–पाँच ज्ञानेन्द्रियरूपी युवतीको निवास छ। तिनमा जेठ–शिश्न र जेठानी–मनोवासना दुवै प्रबल छन् ।।६।।

यी सबैले आ-आफ्नै झगडा क्रमशः–शब्द, स्पर्श, रूप, रस र गन्ध विषको माग गरिरन्छन् । सँधै पति–चेतन जीवलाई पिरोलेका छन्-छन् । आ-आफ्नै ऐश-विलासमात्र मागी-मागी पतिसितको प्रेम-श्रद्धा चटक्क चुँडालिसके ।।७।। भैंसी रसिला खेतमा चर्दछन्, त्यहाँ कीराहरू रहेका हुन्छन् र भैंसी हिंड्दा उडेका कीरा खान भनी बकुल्लाहरू भैंसीका वरिपरि धुइरिरहन्छन् । यस्ता मलिन भोग-विषयको स्वाद लिनलाई मन पनि इन्द्रियका साथै रहन्छ ।।८।। गाई ओबानो पाखामा चर्दछन्, उहाँ किरा हुँदैनन् र बकुल्ला पनि गाईका पछि लाग्दैनन् । त्यस्तै तिम्रो मन पनि सत्सङ्ग र साधनामा कहिल्यै बस्तैन, न स्वयं स्वरूप स्थितिका साधनाको रत्ती ख्यालै गर्दछ ! यस्ता चालबाट पारखपद-स्व स्वरूपको ज्ञान कसोगरी प्राप्त गरौंला ।।९।।

अरू– सत्सङ्गत, सन्त-समागमका कुरा सुन्दा मन-वासना निवृत्ति गर्ने, स्वरूप-स्थिति बनाउने लालच लाग्दछ । सत्सङ्गबाट हट्नासाथ भोग्य पदार्थ सम्मुख पर्दछन्, अनि जीव उतै लुट्पुटिन्छ, उतैको बन्दछ; बिक्तछ ! ज्ञान-स्थितिको उत्सुकता नै हराउँछ । यस्ता चालले कहिल्यै काम बन्दैन । कनकर्नुले कोटयाएर पहाड के खनिन्थ्यो ! साँच्चिकै मन-वासना शमन गर्ने र स्वरूपस्थितिको सुख-स्वाद शान्ति लिने हो भने, विषय-वासनाबाट हृदयलाई हटाई, सर्वथा स्वच्छ बनाउनु पर्दछ ।

पन्थी पन्थ बूझि नहिं लीह्ना । मूढहि मूढ गँवारा हो ।।१०।।
घाट छोडि कस औघट रेंगहु । कैसे कै लगबेहु तीरा हो ।।११।।
जतइतके धन हेरिन ललचिन । कोदइतके मन दौरा हो ।।१२।।
दुइ चकरी जनि दरर पसारहु । तव पैहौ ठीक ठौरा हो ।।१३।।

पन्थी पन्थ न सोधने ग्रहण ता गर्छौं उसै मूढ भै ।
छाडी घाट कुघाटमा किन पर्‍यौ ! केपाउला पार खै ! ।।

जाँताको धन देखतै मन विषे कोदो भयो चञ्चल ।
चक्का द्वै बिचमा नदेउ नजरै मिल्ला स्थिति निश्चल ॥

अर्थ-- धेरै पथिकले मोक्ष पथका पथ-प्रदर्शक पारखी सन्त सित मुक्तिको मार्ग सम्झने प्रयास गरेनन्, यसैले कल्याण-पथबाट गँवार–अपरिचित नै रहनगए ॥१०॥ तिमी पनि मुक्तिको घाट–पारखीजनका साथ-सत्सङ्ग र वैराग्य-साधना छाडेर औघट–विषय भोग मत-मतका वाणी-कल्पनाकै पक्ष-झालमा किन रङ्गिरहन्छौ ! यस्तै चालले आसक्ति-कल्पनाका सागरबाट कसोगरी पार लागौला ! ॥११॥जतइतके धन–जाँतो-भित्रका अन्न अर्थात् खानी वाणीरूपी दुइ फगलेटा–भित्रका सुख-सम्पत्ति देख्ता-सुन्दा कोदइत–कोदो (तुच्छ अन्न) समान अल्पज्ञ, आभास बनेका जीवको मन लालच-वश दौडन लाग्दछ ॥१२॥ परन्तु ती दुइ चक्काभित्र दलिएको कोदाको पीठोसमान तुच्छ भोग विषय र कल्पित ज्ञान-पट्टि दृष्टि नफिंजाउ–राल नचुवाउ; अनिमात्र तिम्रो ठीक ठेगाना–पारख स्थिति बन्नेछ, मुक्त हुनेछौ ॥१३॥

ऋरू– पञ्च विषयको रमझम–सुख-स्वादमा संसार विभ्रान्त छ । उस्तै भ्रान्तिपूर्ण शिक्षा र कल्पित वाणी पनि सर्वत्र फिंजिएका छन् । अतः साधकको काम हो–यी दुवैबाट स्वयं बच्नु । गुरुको पारख-कसी साथमा राखी, सम्मुख परेका समस्यालाई परीक्षा गर्दै-हटाउँदै गर्नु । सके सामान्यरूपबाट अन्य सज्जनवर्गलाई पनि सावधान गराउँदै रहनु ।

प्रेम वाण एक सतगुरु दीह्लों । गाढो तीर कमाना हो ॥१४॥
दास कवीर किह्ल यह कहरा । महरा माहिं समाना हो ॥१५॥

बक्सको धनु प्रेम-वाण गुरुले मर्मस्थलै बिझन गो ।
रच्तै दास कबीर शुद्ध कहरा ठूलै विषे मिल्न गो ॥

ऋर्थ– परन्तु प्रेम बाण एक सतगुरु–ब्रह्माजीले एक कल्पित इष्टको भक्ति-प्रतिपादक वाणीरूपी बाण दिनुभयो । त्यो बाण

संसारका ठूल-ठूला गुरुजनका मुखरूपी धनुषबाट छुटी भावुक जीवका मर्म स्थलमा तीव्रतापूर्वक लाग्नपुग्यो–गाडियो ।।१४।। दास कबीर–भक्तिका प्रेमी जीव, ती कल्पित पुरुषको भक्तिरूपी कहरा (विरह) गाउँदै अत्यन्त विरही बनी, महरा–श्रेष्ठ ईश्वर ब्रह्ममा विलीन बन्ने कल्पनामा मिल्नपुगे ।।१५।।

अङ्ग– यो कहरामा गुरुले प्रथम खानी-वाणी दुवैको स्वरूप बताउनुभयो । तिनमा जीव यसरी भुलेका छन् भन्ने देखाई, जिज्ञासुलाई सावधानी गराउनु भएको छ । अर्को कुरा–संसारमा कल्पित पुरुषको भक्ति पूर्वदेखि नै प्रचार भएको रहेछ । जीव उही महरा–श्रेष्ठ ब्रह्ममा तल्लीन हुन खोज्दछ, तर खानी वाणी दुवै, जीवको लागि महान् झ्याउला हुन् । यिनैमा परी, अल्झी-अल्झी अनादि कालदेखि जीव आवागमनको चक्करमा पर्दैआइरहेछ । अब मुमुक्षुको काम हो–सन्त विवेकीका सत्सङ्गबाट सदाचारको ठीक-ठीक ज्ञान गरी पालन गर्नु । आफूलाई चिन्नु; स्वयंको महत्त्व सम्झी आफैंमा स्थिर हुनु । यही सरल मार्ग र मुख्य कर्तव्य हो ।

★

कहरा–३

राम नामका सेवहु बीरा । दूरि नाहिं दुरि आशा हो ।।१।।
और देव का सेवहु बौरे । ई सब झूठी आशा हो ।।२।।
ऊपर उजर कहा भौ बौरे । भीतर अजहूँ कारो हो ।।३।।
तनके वृद्ध कहा भौ बौरे । मनुवा अजहूँ बारो हो ।।४।।

के भन्छौ मन राम नाम छइनन्-टाढा-छ आशै फगत् ।
ना ना देव नधाउ व्यर्थ सनकी झुट्टै छ आशा जगत् ।।
सेता रौं शिरमा भयो त फल के ! भित्रै छ कालो अझै ।
काया जर्जर भै हुँदैन मन ता बालै छ सिल्लो । सँधै ।।

अर्थ– हे शक्तिशाली चेतन-मानव ! हृदयका रमैया-रामलाई छाडी, बाह्य कल्पनाका रामको नाम रट्ने-चिन्तन गर्ने व्यर्थ

परिश्रम के गर्छौ ! असली राम टाढा छैनन् है, बरु भूलवश तिमी नै टाढाको आशा पक्रिरहेका छौ★।।१।। हे बौलाहा, साँच्चिका हृदयस्थ राम वा सन्त-गुरुदेव छोडेर अरू कल्पित देवताको के आश्रय लिन्छौ – यिनैबाट कल्याण हुन्छ भन्ने तिम्रो फोस्रो आशामात्र हो ! ।।२।। हे सिल्ली ! देखाउमा कपालका रौं सेता भएर तथा सुकिला कपडा लाएरमात्र के हुन्छ ! तिम्रो हृदय अझै अज्ञान-आसक्तिले कालो छ ।।३।। शरीरमात्र वृद्धभएर के भयो विच्चिछप्त ! मन त अझ बालकै छ नि ! ।।४।।

मुख के दाँत गये कहा भौ वौरे । भीतर दाँत लोहे के हो ।।५।।
फिर फिर चना चवाय विषयके । काम क्रोध मद लोभ के हो ।।६।।

★ मायावी धन भोग पाउन युगौंदेखि बाहिरै-बाहिर आशा फिजाई चित्त दौडाई, मन उडाई रहेको बानीले हामी मुक्ति स्थिति पाउन पनि बाहिरै-बाहिर वृत्ति बगाई पराईकै आशे बन्दछौं । नभएका लोक र इष्टको कल्पना पक्री, मगन्ते बन्नमा नै हामी आफूलाई परम आस्तिक सम्झन्छौं, यसैमा आफ्नो गौरव मान्दछौं । माथि आकाशसम्म आशा फिजाउँछौं । लालचले सँधै टाढैमात्र देखतछ । तर हाम्रो मुख्य साम्राज्य, रमैयाराम, सार सत्य तत्त्व भने छ नजिकै । नजिक भन्दा पनि अति नजिक ! भित्र स्वयंमा-स्वयं नै । अनि बाहिरै-बाहिर छाम्दै, माग्दै, जड र शून्यमा मिल्दै हिंडेर के पाउनु !

आँखा चिम्लेर, कालो कपडाले छोपेर सूर्य के देखिन्छ ! तै पनि उसको तेजको झलक त बाहिर व्यक्त छँदैछ । अतएव अब हामी सावधान होउँ, टाढाबाट वृत्ति घुमाउँ, आफ्नै भित्र खोजौं, अति टाठो बनी भित्रै डुबौं । खोज्ने ढङ्ग नपुगे पारख-अभ्यासी सन्तको साथ गरौं, सिकौं । यसरी यस काममा प्रवेश भयौं भने हामीलाई हाम्रो साम्राज्य हात नलाग्ला भन्नु पर्दैन । अज्ञान-आसक्तिको पर्दा उघ्रनासाथ, लोभ र मानको मखुण्डो खस्ने वित्तिकै सचेतीको अरुणोदयको पछि-पछि चेतन-सूर्य त झलमलल उदाइहाल्दछ । त्यो साम्राज्य, त्यो सूर्य खुद हाम्रै असली स्वरूप हो । पहिले पनि थियो. गुरुदृष्टि र सचेतीको साथ-साथै होश भयो ! त्यो परमज्योति–दिव्यप्रकाश भनेकाको पनि अनुभव कर्ता–अपरोक्ष चेतन निखरा ज्ञानमात्र हो । यसैलाई जान, यसैमा स्थिर होउ ।

तनकी सकल संज्ञा घटि गयऊ। मनहिं दिलासा दूना हो ॥७॥
कहहिं कबीर सुनो हो सन्तो। सकल सयाना पहुना हो ॥८॥

बाह्य दाँत झरी हुँदैन बहुला भित्री भरी लोहका।
बारम्बार चना चपाइ विष औ क्रोधादि लोभादिका॥
ज्यूको शक्ति घट्यो बहार सब गो आशा बढ्यो दोबर।
आज्ञाहुन्छ कबीर सन्त! सुन यो चातुर्य हो छिन् भर॥

अर्थ– मुखका दाँत झरेर के भयो सन्की! हृदयमा त फलामसमानका दाँत, वासना तृष्णाका वज्र-दन्त छँदैछन्। ॥५॥ यसैले बारम्बार विषय भोग ऐश विलास काम क्रोध लोभ मद मोहादिका चना चपाउँदै रहन्छौ ॥६॥ शरीरको शक्ति-पौरख र हात-गोडा, कान-आँखाहरूका ताकत कम भइसके, तैपनि विषयी मनुष्यका मनको आशा-तृष्णा तर्कना झन्-झन् दोब्बर बढ्दै जान्छन् ॥७॥ गुरु कबीर भन्नुहुन्छ–हे सन्त! सुन, यी स्वार्थका बाठा-टाठा र ठूला-बडा बनेका व्यक्ति सबै दुइ दिनका अतिथि त हुन्, यस्ता बुद्धिमान् बन्नेहरू कति आए कति! जताबाट आएथे दुइदिन पछि उतै गए, जानेहुन् ॥८॥

अरू– अतएव आफ्नो कल्याणको तरखर चाँडै नै गरिहालौं। अरू सबै काम बनेकै छ. बन्नेछ। बिग्रे पनि एकदिन बिग्रनेथियो बिग्र्यो, यसबाट तिम्रो केही हानि छैन। मुख्य कल्याणको कार्य-विवेक-वैराग्यमै शीघ्र जाग्न परेकोछ, जागिहालौं।

बातों से बन्धन ना टले साधन तितिक्षा बिन किये।
बर्ते, निरस निःगर्ज ह्वै, रमता जनन हितके लिये॥ [शि. न.]

कहरा–४

ओढन मोरा राम नाम मैं रामहिं का वनजारा हो ॥१॥
राम नाम का करहु बनिजिया, हरिमोरा हटवाई हो ॥२॥
सहस्र नाम का करों पसारा, दिन दिन होत सवाई हो ॥३॥
जाके देव वेद पछ राखा, ताके होत हटवाई हो ॥४॥
कानि तराजू सेर तिनि पउवा, तुकिनी ढोल बजाई हो ॥५॥

मेरो चादर राम नाम गुन यो हूँ राम कै ग्राहक ।।टेक।।
व्यापारै म त गर्छु राम जपको मेरा दला ी हरि ।
फैलाऊँछु हजार नाम दिनहूँ बढ्दै सवाई भरी ।।
राख्ने देव र वेद पक्ष जनकै चम्कन्छ व्यापार ती ।
तीनै पाउछ सेरको ढक तुकी टेढो तुलो ढोल बजी ।।

अर्थ– (उपासकजन भन्दछन्–) ओढन मोरा–शरीरको रक्षक-ओढ्नेसमान मेरो परम रक्षक रामनाम नै हो, अतएव म रामनामको क्रय-विक्रय गर्ने व्यापारी बनेको छु ।।१।। रामनामकै व्यापार गर्दछु । हरि–उपासक गुरु नै मेरा हटवाई–दलाली हुन् । उनैद्वारा संसारमा म रामनामको किन-बेच गरिरहेछु ।।२।। भगवान्का सहस्र-नामको चल्ती-फिर्ती, जप-कीर्तन आदि गर्दछु, यसबाट संसारमा दिन-दिन भक्तिभाव सवाई बढ्दै जानेछ ।।३।। (गुरु भन्नुहुन्छ–) ब्रह्मा, विष्णु, शिव आदि देवता र वेदको पक्ष लिएर जो चल्दछ, त्यो सिद्धान्त सोह्रै आना कल्पित भएपनि संसार-बजारमा उसैको हटवाई-दलाली काम (मत प्रचार) खूब–चल्दछ ।।४।। तर ती व्यापारीको व्यापार कस्तो चालबाजीको छ! सुन, तराजू कानो अर्थात् टेढो छ । सेरको ढक पनि तीन पाउको मात्र छ (चार पाउको छैन) भाव हो– यिनको सिद्धान्त, विवेकरहितको कानो छ, अद्वैतवादको उपदेशमा जडलाई चेतनमा मिलाउँछन्, यही एक आँखा नभएको कानो भयो । सेरको ढकरूपी (धारणा) त्रिगुणी कर्म-प्रतिपादक छ, शिक्षा पनि त्रिगुणकै दिन्छन् अर्थात् शुद्ध द्रष्टाको बोध गराउने छैन; दृश्यमै अल्झाइदिनेछ । यस्तै कल्पनाको सिद्धान्त सबै बताउँछन् । तुकुनी–तुकि (आ-आफ्नै सिद्धान्त सत्य हो भनी) ठोकुवा गरी बजाई-गाइरहेछन् (भ्रम ज्ञानकै उपदेश दिने-लिने गरिरहन्छन्) ।।५।।

अरू– भ्रान्त शिक्षकका शिक्षा-दीक्षा, कल्पित त्रिगुणी–कर्म उपासना योगका हुन्छन् । यी भ्रान्त-बुद्धिबाटै जोख्ने– निश्चय गर्ने-

गरी, लुकाई-छोपी शिष्यलाई मन्त्र दिन्छन् । शिष्यपनि कानबाट केवल सुनेरै विश्वास गर्दछ, बुद्धि–विवेकबाट जोखेर लिंदैन । बाजा-गाजाको रमाइलोमा भुली, लेख र महान् पुरुषका अनुगामिताको विश्वासमा परी बिना विवेक आफूलाई दीक्षित सम्झी पूर्ण मान्दछ । संसारमा यही प्रपञ्च चलिरहेछ ।

सेर पसेरी पूरा कैलै । पासंग कतहुँ न जाई हो ।।६।।
कहिं कवीर सुनो हो सन्तो । जोर चला जहँडाई हो ।।७।।

पूरा सेर पसेरि जो यदि गरे काँटा पसंघा छ हुँ ।
वाणी सन्त कबीरको छ सुन यो बौला बनी हिड्छ हुँ ।।

अर्थ– सेर-पसेरी–यिनीहरू त्रिगुणमा चेतन जीवलाई मिलाई चार पाउ पूरा गरुन् वा पञ्चतत्त्वको समूहरूप पसेरी अर्थात् शरीरसहित गरी पूर्णब्रह्म बनुन् तापनि पसंघा–बुद्धिको टेढचाई–भ्रान्तिपना कहाँ जान्छ ! अर्थात् केही बेरमात्र आत्मालाई चेतन भन्दछन्, अन्तमा ज्ञानपनालाई पनि देह सम्बन्धकै मात्र हो भनी आफूलाई शून्य, ब्रह्ममा मिलाउँछन् । तर पसंघा (टेढचाईं) रूपी भ्रान्ति छुट्दै-छुट्दैन; यिनी कल्पना–भ्रान्तिबाट रहित हुनसक्तैनन् ।।६।। गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, यसै गरी-गरी भ्रान्ति-कल्पनामा लट्ठिएर संसार-प्राणी स्वयं बल जफतै मानव जीवनको लाभ–शान्ति-स्थितिबाट वञ्चित बनी आवागमनमा परिरहेछन् ।।७।।

अरू– यद्यपि मानिसहरू केही सत्सङ्गको आधार पाएर "भगवान् भित्रै रहेछ, सबै आफैं रहेछ, हामी भूलका वशमा परी बाहिर भट्किरहेका रहेछौं" भन्दछन् तापनि बिना पारख ती समेत सम्यक बोधबाट बाहिर परिरहेका हुन्छन् । "म चेतन देहको सम्बन्धमा द्रष्टा ज्ञाता र वास्तवमा ज्ञानमात्र अस्ति स्वरूप हुँ, वासना-भ्रान्तिवश बन्धनमा छु, ती शमन भएपछि अचल-शान्त

मुक्त रहन्छु ।" यस्तो बोध नभएसम्म हामी आफूलाई आभास अंश, परवश वा अद्वैत ब्रह्म शून्य सम्झी स्वयं ठगिइरहेका छौं ।

★

कहरा–५

राम नाम भजु, रामनाम भजु । चेति देखु मन माहीं हो ॥१॥
लक्ष करोरि जोरि धन गाडे । चलत डोलावत बाँहीं हो ॥२॥
दादा बाबा औ परपाजा । जिह्नके यह भुइँ भाँडे हो ॥३॥
आँधर भये हियहु की फूटी । तिह्न काहे सब छाँडे हो ॥४॥

भजनू राम सुनाम राम भजनू, चेती मनैमा पनि ।
कोटी लाख थुपार द्रव्य बटुली हिंड्छौ घमण्डी बनी ॥
बाजे बाबु बराजुका विभव ती भाँडा जिमी जो थिए ।
रात्रै अन्ध भयौ फुटे हृदयका ती ता कसो छाड्दिए !

अर्थ – तिमीले पक्रिराखेको कल्पित रामनामको मान्यतालाई भजाउ–छाड ! त्यसको बदलामा हृदयका सच्चा रमैया राम चेतन स्व-स्वरूपकै चिन्तन◙ गर । अति होशपूर्वक विचारमा तल्लीन बन ।।१।। लाख करोडको सम्पत्ति जोरी-जोरी पृथ्वीमा गाडी वा कुनै प्रकारबाट लुकाई संचयगरी त्यसैको फोस्रो तुजुकमा हिंड्दछौ, हात हल्लाई-हल्लाई आफ्नो धाक देखाउँछौ ।।२।। सम्झ, तिम्रा बाबु-बाजे बराज्यूहरू ज-जसका यी राज्य हवेली 'जमीन जिमीदारी' भाँडा आदि सम्पत्ति थिए ।।३।। तिमी बाहिरी आँखा-बाट त अन्धा भयौ, हृदयका विवेक-विचारका आँखा पनि गएछन् कि ! सोच! उनीहरूले तेत्रो औला-दौला श्री सम्पत्ति सबै चटक्क छाडी किन गएका ! ।।४।।

ई संसार असारको धन्धा । अन्त काल कोइ नाहीं हो ॥५॥
उपजत बिनसत बार न लागे । ज्यों बादर की छाँहीं हो ॥६॥
नाता गोता कुल कुटुम्ब सब । इह्नकर कौन बडाई हो ॥७॥
कहहिं कबीर एक राम भजे बिनु । बूडी सब चतुराई हो ॥८॥

◙ मतिमान् मुमुक्षु आफ्नो चित्तलाई श्रेय कर्ममा लगाउँछन् । [ऋग्वेद ५।६।८१।१]

सारा कार्य छ सार हीन भवको जाँदैन क्यै त्यो घरी ।
बन्नं नासिन बेर कत्ति नहुने त्यो मेघ छाया सरि ।।
नाता गोत्र कुटुम्ब औ कुलहरू के को महत्ता अनि ।
भन्छन् सन्त कबीर राम नभजी डूब्यो चलाखो पनि ।।

अर्थ– यो संसार र यहाँका सबै कारबार व्यवहार पद परिस्थिति जीवन सबै निस्सार छन् । अन्तमा कोही साथ दिने, जाने होइनन्◈ ।।५।। बादलको छायासमान बन्न र बिग्रन कत्ति बेर लाग्दैन ।।६।। बन्धुवर्ग, कुल-कुटुम्बको पनि के विशेषता ! ।।७।। गुरु कबीर भन्नुहुन्छ– हृदय निवासी अनुभव-गम्य सत्य रमैयाराम स्व-स्वरूप चेतनको चिन्तन विवेक अपरोक्ष-स्थिति बिना मनुष्यको सबै बुद्धिमत्ता डुबिरहेछ ।।८।।

अरू– गुरु कबीरका राम हृदय निवासी चेतन हुन् । यसैले ठाउँ-ठाउँमा यही संकेत गर्नुभएको छ । बाहिरी रामलाई त उहाँ भन्नुहुन्छ–

'दशरथ सुत तिहुँ लोकहि जाना । रामनामका मर्म है आना ।।'

'रामके कहे जगत गति पावै, खाँड कहे मुख मीठा ।'

'भूले राम भूलि दुनियाई ।'

"रामहि राम पुकारते, जिभ्या परिगौ रोस ।
सूधा जल पीवै नहीं, खोद पिवन की हौंस ।।

[रमैनी २३ को सा.] – इत्यादि

★

◈ Behold where mighty caesar lived in state !
See where he lies to day, Friend ! Meditate !
Inspect Those Piles of Dust ! But which way King
which slave, no sign this day can indicate. – Ghides Nakhai

आँखा खोली हेर ! जहाँ शक्तिशाली सिजर रजधजका साथ बस्तथ्यो, आज ऊ कहाँ गाडिएको छ ? मित्र हो, ध्यानपूर्वक विचार गर ! ती माटाका ढिस्काहरू राम्रोसंग निरीक्षण गर ! कुन चाहिं राजा थ्यो ! कुन चाहिं चाकर ! आज कुनै चिह्नले पनि यही हो भनी छुट्याउन सकिदैन ।

कहरा–६

रामनाम विनु रामनाम विनु । मिथ्या जन्म गमायो हो ।।१।।
सेमर सेइ सुवा ज्यों जहँडे । ऊन परे पछिताई हो ।।२।।
जैसे मदपी गाँठि अर्थ दै । घरहु कि अकिल गमाई हो ।।३।।
स्वादे वोद्र भरे धौं कैसे । ओसै प्यास न जाई हो ।।४।।
दर्ब हीन जैसे पुरुषारथ । मनहीं माहिं तवाई हो ।।५।।

रामँराम बिना बिना उहि बिना व्यर्थै गुमायौ जुनी ।।टेक।।
पट्टे सीमल सेवनै गरदथ्यो देखी भुवा खिन्न भो ।
रक्सीबाज दिएर द्रव्य निजको नास्यो तिखो बुद्धि थ्यो ।।
के भर्थ्यो लिइ स्वाद पेट र तृषा जाँदैन चाटी चिसो ।
जस्तो द्रव्य विना छ पौरख मनै सारै उदासो बस्यो ।।

अर्थ– वास्तवमा रामनामको यथार्थ रहस्य नजान्नाले र कल्पनाका रामको नाम कस्तो हो ! यसको विवेक नगर्नाले, तिमीले अमूल्य जीवन व्यर्थमा गुमायौ ।।१।। जस्तो सुगाले सिमलको फलखाने आशालिई धर्नाकसी कुर्दा-कुर्दा हैरान भएको थियो, फल पाकेपछि ट्वाक्क ठुङनासाथ भुवा फुरूरूर्र उड्दा, सुगा हिस्स परी थक्क-थक्क गरी पछुताए थ्यो ।।२।। जस्तै रक्सीबाजले आफ्नो खल्तीको धन दिई हृदय-घरको बुद्धि पनि फाल्दछ ।।३।। के स्वाद चाखेर कहीं पेट भरिन्छ! शीत चाटेर तिर्खा मेटिंदैन-तृप्ति हुँदैन ।।४।। कंगाल मनुष्यले जस्तो अनेक रोजगार गर्ने मनसुवा गर्दछ, तर धनराशि बिना के गरोस् ! खिन्नभई हैरान रहन्छ ।।५।।

गाँठी रतन मर्म नहिं जाने । पारख लीह्ला छोरी हो ।।६।।
कहहिं कवीर यह औसर वीते । रतन न नमिलै वहोरी हो ।।७।।

पासै रत्न थियो रहस्य बिन के ! ज्ञानी छ खोली लिने ।
भन्छन् सन्त कबीर औसर गुमे पाइन्न रत्नै चिने ।।

अर्थ– आफ्ना साथमा लाख-करोडको सर्वोत्तम हीरा त छ तर त्यसको भेद थाहाछैन भने त्यो व्यक्ति कङ्गालको कङ्गाल नै

रहन्छ । यदि हीराको परीक्षा छ भने मौकामा त्यिको सदुपयोग गरी सुखी हुन सक्तछ । त्यस्तै हाम्रै हृदयमा 'रमैयाराम' रूपी कोहेनूर हीरा नभएको होइन, पारखीजनले नै त्यो हीरा चिनेर उपयोगमा लिन्छन्, निहाल हुन्छन् ।।६।। गुरु कबीर भन्नुहुन्छ– यदि आज पनि यो अवसर गुम्योभने त्यो रत्न–फेरि मिल्नेछैन ।।७।।

ऋरू– 'राम' हाम्रै भित्र छन्, तर हामी ठान्दछौं– अन्तै कहीं होलान्, यसैले बाहिरैबाहिर खोज्दछौं । कर्म उपासना तीर्थ व्रत आदि गर्दछौ । किन्तु बाहिर भए पो पाउनु, अन्तमा सुगा जिल्लिएझैं जिल्लिन्छौं । रक्सीबाजले जस्तै अमूल्य सम्पत्ति र समयमात्र स्वाहा गर्छौं, खालि कष्टैकष्ट भोग्दछौं । आफ्ना भएका विवेक निर्णयी बुद्धिमात्र गुमाउँछौं । हेर, स्वाद चाखेर पेट भरिन्न, ओस चाटेर तिर्खा मेटिन्न, यस्तै कल्पनाको अनुष्ठानबाट मूर्च्छासमान क्षणिक आनन्द मिल्दछ, तर शाश्वत शान्ति-मुक्ति मिल्नेहोइन ।

कङ्गालको मनसुवा नपुग्दा खिन्न हुन्छ, सम्पत्तिशाली व्यक्ति पनि आफ्ना साथको सम्पत्ति नजान्दा उपयोगमा लिन नपाई लाभबाट वञ्चित रही, कष्ट भोग्दछ । स्व-स्वरूप रामको पारख बिना जीवको चिरकालदेखि यस्तै परिस्थिति बनिरहेछ । पारखदृष्टि आफूमा छ भने अर्बौं-खर्बौंको लौकिक सम्पत्ति पाए भन्दापनि विशेष आफ्नै साथको स्व-स्वरूप राम मिल्यो, हामी सर्वथा निहालभयौं । यसैले आज हामीलाई पारखदृष्टिको अति खाँचो छ । यो विवेक-विद्या बिना हामी अति दु:खी बनी भ्रम-चक्करमा परिरहेछौं ।

आज मानव-जीवनमा स्व-स्वरूप रामरूपी रत्न निकाल्नलाई ताल्चा खोल्न विवेकको साँचो हामी सङ्ग नै छ । खोल्ने युक्ति पारखी गुरु सन्तसित सिक्न सक्छौं । भोलि तीन खानिमा पुगेपछि त्यो

विवेकरूप साँचो हाम्रा साथ रहोस्न खोल्ने ढङ्ग सिक्न सकियोस् ! आफ्नै साथमा रत्न भई-भई हामी कङ्गालको कङ्गालै रहनेछौं, दुःख-गोता छुट्नेछैन; यति होस् राखौं ।

★

कहरा-७

रहहु सँभारे राम विचारे । कहता हौं जे पुकारे हो ।।१।।
मूँड मुँडाय फूलिके बैठे । मुद्रा पहिर मँजूसा हो ।।२।।
तेहि ऊपर कछु छार लपेटे । भितर भितर घर मूसा हो ।।३।।
गाँव बसतु हैं गर्भ भारती । बाम काम हंकारा हो ।।४।।
मोहन जहाँ तहाँ लै जइहैं । नहिं पत रहल तुह्मारा हो ।।५।।

बस्नू राम विचार राखि बहुतै भन्छू हगर्दै म ता ।।टेक।।
खौरी केश फुली गुफा बिच बसी मुद्रा लगाई अनि ।
त्यस्का माथि घसेर भस्म तनमा भित्री त खोक्रै छ नि ।।
बस्छन् गाउँ त भारती अहम ली वामा र कामै अति ।
आफू मोहन छन् जहाँ त उहितै लान्छन्, रहन्थ्यो पति !

अर्थ– विषय कल्पनाका मान्यताबाट मनलाई बचाई-बचाई राख । स्वस्वरूप-रामको विवेक-होश कत्ति नभूल ! म यी कुरा बारम्बार स्पष्टसित सबैलाई सम्झाई भनिरहन्छु ।।१।। तर के गर्ने! मानिस सिर मुडाई, कान चिराई मुन्द्रा (सीङ-काठ, आदिका कुण्डल) लगाई, गजक्क गम्की, मँजूसा–गुफामा गई बस्तछन् ।।२।। अङ्गमा केही विभूति लेपन पनि गर्दछन् । तर भित्र-भित्रै यिनका मन र अभिमानले विवेक-वैराग्यरूपी धन चोरी गरिसके ।।३।। संसार-ग्राममा भारती आदि उच्च पदका व्यक्ति नाममात्रका साधु बनी अहङ्कार पूर्वक निवास गरेका पनि छन् । यस्ता व्यक्तिका काम उल्टै हुन्छन् । त्यागी भेसमा पनि राजसी ढाँचा बनाउँछन् । अथवा वामा–नारी विषयको आसक्तिमा पनि कोही-कोही संसर्गी रहन्छन् । यिनको अहङ्कार भने 'अहं ब्रह्मास्मि' कै

रहन्छ। यसबाट यिनी आफ्नो अद्वैत मुक्तिमा कुनै हानि सम्झदैनन् ।।४।। परन्तु हे साधक ! तिमी यस्ता कुरामा नभूल! अन्यथा मोहन–मोहक मोटी-मसिनी मायाले तिमीलाई सोझै त्यहीं पुऱ्याउनेछ, जहाँ पतितको निम्नातिनिम्न स्थलछ। अनि तिम्रो त्यस बखत कुनै मर्यादा रहनेछैन। तीन कौडीका गनिनेछैनौ ।।५।।

माँझ मँझरिया वसै जो जानै। जन होइ हैं सो थीरा हो ।।६।।
निर्भय भये तहाँ गुरुकी नगरिया। सुख सोवै दास कवीरा हो ।।७।।

जान्लान् बीच मझेरिमा रहन जो तो शान्ति ली बस्तछन्।
नित्यै निर्भय भै गुरू नगरमा निद्रा सुखै सुत्तछन् ।।

अर्थ- माँझ मँझरिया– आफ्ना हृदय बीचका निवासी चेतन स्वरूपको द्रष्टा-अभ्यासमा बस्न जसले ठीक-ठीक जान्दछ, उही साँच्चिको स्थिति–मोक्ष पदमा स्थिर रहनेछ ।।६।। तबै जगत्का दास बनिरहेका जीव पनि खानी-वाणीरूप भयपूर्ण जगत्बाट सर्वथा रहितभई, पूर्ण अभयरूप गुरुपदमा प्राप्त हुनेछन्। श्रेष्ठ सुख अर्थात् अखण्ड स्वरूप स्थितिरूपी निद्रामा शान्त रहनेछन् ।।७।।

'तन प्राणी धन के मिलत, सुखी होत कब कौन !
यहिसे पृथक निवास करि, अभय सुखी निज भौन' ।।

[विशालवचनामृत २७।६]

कहरा–८

क्षेम कुशल औ सही सलामत। कहहु कौनको दीह्ला हो ।।१।।
आवत जात दोऊ विधि लूटे। सर्व तङ्ग हरि लीह्ला हो ।।२।।
सुर नर मुनि जति पीर औलिया। मीरा पैदा कीह्ला हो ।।३।।
कहाँलों गनों अनन्त कोटिलौं। सकल पयाना कीह्ला हो ।।४।।

आशिर्बाद अरू सलामत सही दिन्छौ भन, को प्रति !
लूटे आउन जानका बिच कठै ! सर्वस्व छूटे कति ।।
वघौता मानिस सिद्ध वीर मुनि तो उत्पन्न सारा भए।
व्याख्या के म गरौं करोड जन जो सम्पूर्ण रित्तै गए ।।

अर्थ– आफन्तको परस्पर भेटमा हिन्दू क्षेम-कुशल सोध-पूछ गर्दछन्, आशिर्वाद दिन्छन्; मुसलमान सही-सलामत सोध्छन्, खैरियत (भला) हो ! भनी दुवा-धन्यवाद आशीर्वाद दिन्छन् । गुरु भन्नु हुन्छ–भन ! यी आशीष-दुवा कसलाई के को दिइरहेछौ ! ती मायाकृत वस्तुमात्र सबै विनश्वर हुँदैहुन्, तिमी त जीवलाई अकुशलताबाट बचाउनेमात्र चेष्टा गर ।।१।। जन्मदा-मर्दा दुवै बखत माया–अज्ञानले बेसरी लुटे, तिम्रो विवेक, हंस-गुण, स्व-स्थिति शान्ति नै सम्पूर्ण हरिदिए । सर्व प्रकारबाट तङ्ग गरे–सताए ।।२।। यी कल्पना र विषयासक्तिले देवता मनुष्य ऋषिगण पीर (गुरु) औलिया (सिद्ध-फकीर) मीरा–मीर (धर्माचार्य) वा मीरावाई आदिलाई पनि पुनः-पुनः पृथ्वीमा जन्माए ।।३।। म कति गणना गरौं । अनन्त करोडौं जन सबै विवेक स्थिति बिना कल्पनावश आवागमनमै रमाना भए; अझ्रनि हुँदैछन् ।।४।।

पानी पवन अकास जायँगे । चन्द्र जायँगे शूरा हो ।।५।।
ये भी जायँगे वो भी जायँगे । परत न काहुके पूरा हो ।।६।।
कुशल कहत-कहत जग बिनसे । कुशल कालकी फाँसी हो ।।७।।
कहँहि कवीर सारी दुनियाँ बिनसे । रहे राम अविनाशी हो ।।८।।

पानी वायु अकास ता सब गए थी सूर्य चन्द्रै अग्नि ।
जान्छन् यी अरू ती समस्त जगतै पर्दैन पूरा भनी ।।
भन्दै क्षेम, अहो जगत् सब गए त्यै क्षेम पासो भयो ।
भन्छन् सन्त जगत् विनश्वर सबै सुस्थीर रामै रह्यो ।।

अर्थ– पानी पवन आकाश अर्थात् ब्राह्मण योगी जङ्गम संन्यासी आदि मरी-मरी जानेछन् ।चन्द्र, शूर(जैनी) वा शूर-वीरहरू–यी पनि यसैगरी जानेछन् ।।५।। ये–भक्त, वो–दर्वेश (फकीर) सबका सब रित्तै गए, जानेछन् । यिनले ज्ञान-साधना त गरेका हुन्, तर पारख स्वरूपको बोध स्थिति नपाउनेजति भ्रान्ति

कल्पनाले गर्दा कसैको केही कार्य पूर्ण हुन सकेन ।।६।। पदार्थको उन्नति र स्थूल शरीरको आरोग्यता मनाउँदा-मनाउँदै संसारका सारा प्राणी विनाश भइरहेछन् (पारख स्वरूपको कसैलाई होशै भएन) सबैका निम्ति मायाको कुशलता नै कालको फाँसी बन्नगयो ।।७।। गुरु कबीर भन्नुहुन्छ–स्व स्वरूप भन्दा बाह्य, मायिक नाशवान् वस्तुबाटै विशेष कुशल सम्झने मानिस यसैगरी पतित भइरहेछन्-हुनेछन् पनि । तर जो अविनाशी स्व-चेतन राममा रमण गर्ने स्थितप्रज्ञ पुरुषछन्, ती सकुशल अखण्ड अमृत स्थितिमा सदाको निम्ति निमग्न रहनेछन् ।।८।।

अरू– यही त गुरु कबीरका उपदेशलाई सबैले उल्टो कथन भनेका ! उहाँका वचनको व्यञ्जनात्मकबाट अर्थ सम्झनुपर्दछ । त्यो के भने सबै सम्झन्छन्–धन, परिवार, आरोग्य मिलेमा कुशल भयो ! उहाँ भन्नुहुन्छ–ती सबै अकुशल हुन् । अब यसमा स्वयं सोचौं, कुशल के मा छ ! जति सुख-सम्पत्ति, समृद्धिको वृद्धि भयो, उति हाम्रो लक्ष्य बाहिरै फैलियो; नाना परिश्रम चिन्ता चाहना हर्ष चञ्चलता व्यवहार प्रपञ्च आदिकै वृद्धि भयो । अनि रात दिन अनेक विघ्न-बाधा, बन्धन, शोक, सन्ताप आदि अनन्त आपत्ति परी-परी आउँछ । यसैले गुरु कबीरको भनाई हो–विषय व्यवहारबाट कसैको कुशल हुँदैन । देह-निर्वाहको निमित्त त खास-आवश्यकमात्र सामान्य पदार्थ, सम्पत्ति, व्यवहारबाटै काम चलाउन सकिन्छ; विशेष कल्याण-कार्यकै निमित्त यत्नशील रहनु पर्दछ । यसैले सदा स्वरूपको लक्ष्यमा स्थिर भई, प्रायः निवृत्ति-परायण रहनमा नै कुशल छ, भन्नुभएको हो । अब सम्झौं, उहाँको हितैषी-शिक्षा कस्तो सुल्टो रहेछ !

मायिक वस्तु, ऐश्वर्य एवं भामिनी-भ्रामकजनरूपी नश्वर पदार्थ-प्राणी पाउँदा, सुख पाएजस्तो लाग्दछन् तापनि वास्तवमा ती

सुखरूप होइनन् । किनभने मिल्दा, बिछुड्दा, हरेक अवस्थामा स्व-स्वरूपबाट एकदम बाहिर पारी, विशेष हानि गरिदिने नै हुन् । यसैले साधकले प्रत्येक अवस्थामा सावधान रहनुपर्दछ । प्राय: बुद्धिमान् साधकको सावधानी नै अन्तिम पुरुषार्थ हो । यही हो कुशलताको सकली स्वरूप ।

★

कहरा–६

ऐसनि देह निरालय बौरे । मुवल छुवे नहिं कोई हो ।।१।।
डण्डवाकी डोरिया तोरि लराइनि । जो कोटिन धन होई हो ।।२।।
उर्ध निश्वासा उपजि तरासा । हकराइनि परिवारा हो ।।३।।
जो कोइ आवै बेगि चलावै । पल एक रहन न पाई हो ।।४।।

यस्तो देह छिनै भरी छ रहने मर्दा छुँदैनन् कुनै ।
डोरी कम्मरको लरी सब चुँडे कोटी हवस्न धनै ।।
स्वासा मास्तिर चढ्छ त्रास उपजो आत्मीय बोलाउँछ ।
आयो जो उहि भन्छ–'लौ अब लगौं' बस्नै त के पाउँछ ।।

अर्थ– ए सिल्ली ! जुन शरीरमा तिमी सुख मानी भुलिरहेछौ, त्यो सारै निरालप–क्षण-स्थायी अनित्य छ । दोस्रो अति अपवित्र हुनाले मर्नासाथ शरीरलाई कसैले छुँदैनन् ।।१।। करोडपति भएपनि उसले केही साथ लान पाउँदैन । डण्डवाके–कमरको कन्धनीसम्म पनि लराइनि–एक-एक लरी सबै चुँडालिदिन्छन् ।।२।। मृत्यु समयमा जब उर्ध्व-श्वास 'घ्यार्र-घ्यार्र' चल्नथाल्दछ, अनि उसलाई अति भय र कष्ट हुनथाल्दछ । 'लौन लौ' भन्दछ, आधार सम्झी आफ्ना परिवारलाई भेट्न र ठूला व्यक्तिका हातमा तिनलाई सुम्पिन भनी परिवारका मानिस बोलाउँछ ।।३।। प्राण छुटेपछि जो जो आउँछन् ती सबै 'लौ-लौ चाँडो लानुपर्दछ, मुर्दा धेरै बासी पार्न हुन्न' भनी उसलाई घरबाट निकाल्ने कुरा गर्दछन्, अब उसले आफ्नै घरमा पनि क्षणमात्र रहन पाउँदैन ।।४।।

चन्दन चीर चतुर सब लेपैं। गरे गजमुक्ताके हारा हो ।।५।।
चौंसठ गीध मुये तन लूटैं। जम्बुकन वोद्र विदारा हो ।।६।।
कहहिं कवीर सुनो हो सन्तो। ज्ञान हीन मति हीना हो ।।७।।
एक एक दिना यहि गति सवकी। कहा राव कहा दीना हो ।।८।।

टीका भूषण त्यो लगाइ जिउमा मोती सजी फिर्दथ्यो।
गिद्ध चील मिली लुछी तन कठै ! स्याले भुँढी फोर्दथ्यो।।
आज्ञा हुन्छ कबीर सन्त सुन, यी ज्ञानै बिना बुद्धिका।
यै हो हाल समस्त को भव विषे राजा हउन् रङ्क हा।।

अर्थ– जुन शरीरमा चन्दन-टीका, विभिन्न कपडाहरू बडो रवाफिलो ढाँचाले श्रृङ्गार-ठाँट पारी-पारी लगाउँथ्यो, घाँटीमा गजमोती आदिका र बेलो-चमेली आदि फूलका माला तथा अनेक आभूषणले सजिन्थ्यो ।।५।। पछि उही शरीर-रत्न मृत्यु हुँदा यदि एकलासमा छुटचो भने चौसठ–चील-गिद्धहरू धुइरोलागी लुछा-चुँडी गरी खानेछन्, स्यालहरूले भुँडी फोरी छ्यान्न-व्यान्न पार्नेछन् ।।६।।गुरु कबीर भन्नु हुन्छ–हे सन्तजन ! सुन, ज्ञानरहिते तथा बुद्धि-विहीन सामान्य जन-समाजले यी कुरा केही पनि विचार गर्दैनन् ।।७।। विवेक गर, एक नएकदिन सबैको यही दशाहो,★ कुन राजा-महाराजा■ ? कुन दिन-दुःखी भिखारी ।।८।।

अरू– यो प्रसङ्ग साधकको निम्ति अति उपयोगी छ। यसलाई अति मनन गर्नु। शरीर-संसारदेखि अति उपराम हुनु,

---

★ 'तिमी मृत्युको लागि नै जन्मेका ह्वौ। (कल्याण-साधना गर्न पाइने हुनाले) यो मृत्यु लोक देवताहरूलाई पनि प्रिय छ।' [अथर्ववेद ६।६।३०।१७]

■ There is no armour againest fate;
Death lays his icy hand on Kings;
Suptreand crown, Must tumble down,
And in the dust be equil made with the poor croocked scyth and shae.
–James Shirley.

आफ्नो भाग्यको विरुद्ध कुनै हतियार छैन। मृत्युको चिसो हात राजाहरूमा पनि पर्दछ। आशा-गुर्जा श्रीपेच-सबै ढुनमुनिन्छन् र माटोमा बराबर भै बाङ्गो हँसिया-कोदालीको साथ मिसिन्छन्।

जति वैराग्य उपरामता आफूमा आयो, उति वासना-बन्धन विध्वंस भई द्रष्टा-समाधिको अभ्यास चाँडो फलिभूत हुनेछ। बिना वैराग्यको भोग रागले मन दसतिर दौडाइरहन्छ, हामी हमेशा हवाई यानमा उडेसरि बनिरहेछौं। बोधवान्‌को कहीं राग बनेन भने आफूमा आफैं स्थिर छँदैछ; यसैले वैराग्यको सर्वत्र विशेष महत्त्व छ। 'त्याग भयो कि शान्ति आइहाल्यो'।

'त्यागाच्छान्तिरनन्तरम्।' [गीता १२।१२]

★

कहरा–१०

हौं सबहिन में हौं ना हौं। मोहि विलग-विलग विलगाइल हो ।।१।।
ओढन मोरा एक पिछौरा। लोग वोलैं एकताई हो ।।२।।
एक निरन्तर अन्तर नाहीं। ज्यों शशि घट जल झाँई हो ।।३।।
एक समान कोइ समुझत नाहीं। जाते जरा-मरण भ्रमजाई हो ।।४।।

सारा मै हुँ म छैन गर्व बिचमा गर्छन् परै मोहले।
मेरो चादर एक ओढि म बसें एकै भने लोकले ।।
एकै नित्य छु सर्व अन्तर बिना छाया-शशी घट न हो!
एकैनास न सम्झने जन कुनै सम्झे मरण भ्रम गयो ।।

अर्थ– (ब्रह्मज्ञानी भन्दछन्–) म अद्वैत ब्रह्म हुँ सबैमा छु, हौं ना हौं–तर म अहङ्कारमा छैन। मायाद्वारा घट-उपाधिबाट प्रत्येक पदार्थ भिन्न-भिन्न जस्तो भाव भइरहेछ ।।१।। ओढन मोरा– मलाई ढाक्ने मायारूपी एउटा खाष्टो छ। लोग बोले–ज्ञानीजन मलाई जड-चेतन मिश्रित एक ब्रह्म भन्दछन् ।।२।। एक निरन्तर– अभेदरूपबाट म अखण्ड अद्वैत व्यापक छु, म नभएको ठाउँ कहीं छैन। जस्तो एउटै चन्द्रमाको प्रतिबिम्ब अनेक घटमा पर्दा अनेक चन्द्रमा जस्तो देखिन्छ, त्यस्तै म अद्वैतको आभासबाट अनेक देहमा अनेक आत्मासरि देखिन्छु ।।३।। किन्तु एउटै आत्मा चराचर जगत्‌मा पूर्ण छ, सबै एउटै हो। यो सम्झिदिए यिनको यसै

भावनाबाट जन्म-मरणको भ्रम निवृत्त हुनेथियो, तर यस्तो कोही सम्झँदैनन् ।।४।।

रैन-दिवस ये तहवाँ नाहीं । नारिपुरुष समताई हो ।।५।।
हौं मैं बालक बूढो नाहीं । ना मोरे चिलकाई हो ।।६।।
त्रि-विधि रहौं सभनिमें वरतों । नाम मोर रमुराई हो ।।७।।
पठये न जाउँ आने नहिं आवों । सहज रहों दुनियाई हो ।।८।।

त्याहाँ छैन निशा र वासर कुनै एकाम्य नारी नर ।
बालो वृद्ध म हुँन यौवनछटा संलग्न नै के छर !
तीनै भाँति रहन्छु 'सर्व-रमता' मेरो छ नामै पनि ।
जानै आउन छैन काहिँ-जगमा-सामान्यत: नै छु नि !

अर्थ – एक ब्रह्ममा रात दिन केही छैन, उसमा स्त्री-पुरुष भन्ने पनि छैन, सबै समानता छ । यी सबै त भ्रान्तिमात्र हुन् ।।५।। म न बालक हुँ, न वृद्ध; चिलकाई न जवानीको छवि–चहक-महक नै ममा छ ।।६।। त्रिविध रहौं–सत चित आनन्द अर्थात् अस्ति भाति प्रियरूपबाट सर्वत्र रहेको छु । सबै मेरो स्वरूप हो, मेरो नाम रमुराई–सबैमा रमेको 'रमैयाराम' हो ।।७।। म कसैले कहीं पठाए पनि जान्न, बोलाए पनि आउन्न । दुनियाँमा सर्वत्र म छँदैछु, कहीं खाली भए अन्तबाट आई भरिन्थें ।।८।।

जोलहा तान वान नहिं जाने । फाटि विने दश ठाँई हो ।।९।।
गुरु परताप जिन्हे जस भाष्यो । जन बिरले सो पाई हो ।।१०।।
अनन्त कोटि मन हीरा बेधो । फिटकी मोल न पाई हो ।।११।।
सुर नर मुनि जाके खोज परे हैं । कछु-कछु कबिरन पाई हो ।।१२।।

ताना बान न जानि कत्ति जुलाहा फाटी दसै ती बुने ।
भास्यो जो जगमा प्रताप गुरुका कोही हुनन् पाउने ।।
हीरा बेधि अनन्त कोटि मनले-कौडी न मोलै बिक्यो ।
दयौता मानव सन्त खोज गरथे क्यै असलाई मिल्यो ।।

अर्थ– जोलहा–ती कर्मी उपासकहरू वा भ्रान्त-मनले अद्वैतवादको तान-बान (भेद) के जानुन् ! यसैले फाटि बिने-

दशठाईं–मतभेद भएर चार वेद छः शास्त्रद्वारा विभिन्न सिद्धान्त खडा गरिदिए ।।९।। तर ब्रह्मज्ञ गुरुका प्रतापबाट जसलाई जस्तो भानभयो–बोध मिल्यो, तिनै मध्येका कोही बिरलै भाग्यशाली-जनले उक्त ब्राह्मीस्थिति पाउनेछन् ।।१०।।

(गुरु भन्नुहुन्छ–) यसरी मनको अनन्त करोड कल्पनाले अखण्ड चेतन जीवलाई बेधो–छेडी-छेडी क्याङ्ग्वाल–भ्रान्त गराइ-रहेछ । अतएव सर्वेसर्वा अनमोल हीरारूप चेतनको मूल्य फट्किरीको जति पनि भएन । अर्थात् ढुङ्गा-माटाका मूर्ति बराबर पनि जीवको महत्त्व मानेनन् । किनभने यसलाई त प्रतिबिम्ब आभास, झिल्को, अल्पज्ञ भनिनथाल्यो ।।११।। देव मानव ऋषिगण आदि साराका सारा साधक, जुन ब्रह्मको खोजीमा अझैपनि लागिरहेछन्, तिनलाई यी अबोध जीवले केही-केही त पाए होलान्, अर्थात् के पाउँथे ! ।।१२।।

अरू–विवेकी साधकको निम्ति अद्वैतवादका यी कथनबाटै उक्त वाददेखि निराश गराउँछ । सामान्यजनले यो सम्झनु योग्यछ–

एक ब्रह्मको अतिरिक्त अरू केही छैन 'ब्रह्म सर्वत्र व्यापक छ' एक अहङ्कारमा मात्र छैन भन्दछन् । के अहङ्कारमात्र ब्रह्मदेखि बाह्य अरू नै कुनै रहेछ र ! फेरि त्यो अद्वैतमा ब्रह्मलाई ढाक्ने मायाको खाष्टो कहाँबाट आयो ! एउटा कालो तिलको गेडोले विराट्मा पनि महा विराट्लाई कसरी ढाक्यो होला ! त्यो तीलले ब्रह्मलाई छिन्न-भिन्न गरी अनन्त बनायो भन्ने पनि आश्चर्यजनककै कुरा छ । आकाशको चन्द्रमा र यहाँ पृथ्वीका घट दुवै टाढा-टाढा छन्, दुवै एकदेशी हुनाले पानीमा दोस्रो वस्तु चन्द्रमाको छाया पर्ने सम्भवछ, पानी पनि चन्द्रमा नै हुँदो हो त छाया कसोगरी पर्थ्यो ? पुनः उही चन्द्रमा यदि सर्वत्र व्यापक भएको भए, प्रतिबिम्ब पर्ने सम्भव नै थिएन । अब यहाँ एक ब्रह्मको सर्वत्र

प्रतिबिम्ब पऱ्यो भने, के त्यहाँ ब्रह्मबाट रिक्त स्थान कतै थियो र त्यस्तो प्रतिबिम्ब पऱ्यो ? अथवा केवल कल्पनाकै प्रतिबिम्ब पो परेको हो कि ?

पुनश्च–सुवर्ण-आभूषणसमान समस्त जड-चेतन एक ब्रह्म हो भने, एकै हो भनी शिक्षा गर्ने त्यो को हो ? दोस्रो कोही नभई 'म एक्लै छु, अनेक होउँ' भनी किन-कसोगरी भन्दछ ? को सित भनिरहेछ ? एक अद्वैतमा इच्छा कताबाट आयो ? फेरि जड-चेतन, गुरु-शिष्य, बन्ध-मोक्ष, कसरी बन्नसक्यो ? किन चाहिए ? यसैले अन्तमा समीक्षक ग्रन्थकर्ता भन्नुहुन्छ–

'अनन्त कोटि मन हीरा वेधो फिटकी मोल न पाई हो'।

यही एउटै चौपाईले यो कहरा भरी– कथित समस्त भ्रान्ति-कल्पनाको जरो उखेल्ने उडाउने अमोघ अस्त्ररूपी उत्तर पुग्नगएको छ । 'सुनारको सयचोट, लोहारको एकै चोट' भनेझैं भएको छ । हुनपनि मनले पलपलै कल्पना बनाइरहन्छ । यसैगरी बनेका कल्पना अनन्त कोटि भन्दा पनि ज्यादै होलान्, कम छैनन् । तिनै कल्पनामा जीवरूपी हीरा छेडिई उनिइरहेछ । यसको मूल्य फट्किरी बरोबर पनि रहेन । जुन सत्य चेतनको कल्पनाले अद्वैत ब्रह्म छ भन्ने भ्रान्ति फिंजियो, जुन चेतनबाट वेद, शास्त्र, पुराण, बाइबिल, कुरान आदि समस्त वाणी रचिए, द्वैत-अद्वैत आदि अनेक मत चले, उही चेतन जीवलाई बिना पारख यी भ्रान्तजन प्रतिबिम्ब आभास, अल्पज्ञ, अंश र मिथ्यासम्म पनि भनिरहेछन् । जुन कल्पनाको कहीं थात-थलो रूप-रेखा केही छैन,उसैलाई, सर्वज्ञ र सर्व शिरोमणि हो भन्दछन् । यो कल्पित ज्ञानको कत्रो महिमा ! खूब गडेर विवेक गरौं कृत्रिम कल्पनाको विशेषतामा बगी स्वयं सत्य -चेतनको स्वत्त्व नमेटौं; कल्पना आसक्ति, अहङ्कारलाई बाहिर निकालौं, हामी

स्वयं शान्त अपरोक्ष चेतन छँदै छौं ।

वास्तवमा जड-चेतन छुट्टाछुट्टै हुन्, चेतन प्रतिघट अनेक छन् । अनेकमा नै आवागमन बन्ध-मोक्ष, बन्न सक्तछ । गुरु-शिष्य, शिक्षा-दीक्षा सबैको सम्भव छ । यसैले यथार्थ पारखज्ञान प्राप्त गर्नको महान् आवश्यकता परेको हो ।

★

कहरा–११

ननदी गे तैं विषम सोहागिनि । तैं निंद ले संसारा गे ॥१॥
आवत देखि मैं एक संग सूती । तैं औ खसम हमारा गे ॥२॥
मोरे वापके दुइ मेहररुआ । मैं अरु मोर जेठानी गे ॥३॥
जब हम रहलि रसिक के जगमें । तवहिं बात जग जानी गे ॥४॥

रंछौ नन्द तिमी परायण पति निन्द्रा - जगत् देखि ली ।
आएका दिन देख्छु साथ सुकला मेरै खसम साथ ली ॥
मेरा बाबु कहाँ त्रिया त दुइ छौं जेठानि मेरी म थें ।
बस्थें मैं जब त्यो रसीक जगमा संसारले जान्दथे ॥

अर्थ– (उपासक भक्तजन योगी गुरुसित भन्दछन्–) ननदी गे तैं◆– हे ब्रह्ममा पूर्ण स्नेह भएका योगी गुरु ! तपाईं (परमात्माकै) विषम–परम सोहागिनि–सौभाग्यवती पति (परमात्मा) मा परायण हुनुहुन्छ । तैं नींद ले– तपाईं संसारदेखि निश्चिन्त भई परमात्माका साथै सदा योग-निद्रामा मस्त हुनुहुन्छ ।।१।। जब-जब म तपाईंका दर्शनमा आउँछु, तब-तब देख्छु– मेरा पति-परमात्माका साथ सयन गरेको– समाधिस्थ रहेको ।।२।। मेरा पिता परमात्माका दुइ प्रियतमा छन्, एक म (विष्णु भक्त) अर्की मेरी जेठानी (ब्रह्मज्ञानी) ।।३।। जब म रसिक-पति परमात्माको भावमा थिएँ, तबै जगत्- प्रणालीले जानेका थिए– यिनी परमात्माका परम भक्त

◆ गे– "अगे ! अर्थात् हे ! भनी सम्बोधन गरेका," यो मैथिली ग्रामीण नारीहरूको बोलीको थेगो हो ।

हुन्, (अब त मलाई जगत्को भानैछैन, सदा परमात्मामै विलीन रहेको छु) ।।४।।

अरू– परमात्मालाई पिता भनी जीवले अंश भाव लिई साइनो लगायो, पति भनी माधुर्य भक्तिको भाव देखायो । भक्ति-भन्दा योग र ज्ञान श्रेष्ठ मानेका हुनाले ब्रह्मज्ञानी योगीलाई जेठानी भनी आफू उपासक देउरानी बनेको हो ।

माई मोरि मुवलि पिताके संगे । सरा रचि मुवल सँगाती गे ।।५।।
आपुहिं मुवलि और ले मुवली । लोग कुटुम संग साथी गे ।।६।।
जौं लौं श्वास रहे घट भीतर । तौं लौ कुशल परी हैं गे ।।७।।
कहहिं कवीर जव श्वास निकरि गौ । मन्दिर अनल जरी हैं गे ।।८।।

मेरी मातु मरिन् पिता सँग भई, साथी चितामैं मरे ।
त्यो आफू मरिगो सिनित्त अरु लो नाता कुटुम्बी परे ।।
श्वासा चल्छ शरीरमा तब तकै आरोग्य सम्झे सबै ।
मन्त्र हुन्छ कवीर श्वास उडदै मन्दीर बल्छन् तबै ।।

अर्थ– माई मोरि मुवलि पिताके संगे– जब म पिता परमात्माका साथ निमग्न थिएँ, तबै मेरी माया नष्ट भएकी हुन् । सरा रचि– योगको चिता रचेर ब्रह्माग्नि-प्रज्ज्वलित गरेपछि मायाका साथी– काम क्रोधादि पनि जले, भस्म भई मरे ।।५।। आपुहि–माया आफू पनि मरी, साथै पाँच विषय, चार अन्तःकरण, इन्द्रिय-वर्ग सहित समस्त परिवार कुटुम्ब साथी सङ्गाती पनि लिएर मरी, सबै ठहरै परे ।।६।। गुरु भन्नुहुन्छ– जहाँसम्म शरीरमा प्राणवायुको निवास छ, त्यहाँसम्म यसरी 'सबैबाट छुटें' भन्ने आफ्नो मान्यताको गर्व लिई कुशल मनाउ; जब श्वास फुस्स निक्लन्छ, अनि शरीर-मन्दिर अग्निमा जलिहाल्दछ, जीवले अर्को शरीरको शरण लिन नगई सुखैछैन ।।७-८।।

अरू– यो कहरामा 'छ; चौपाई सम्म पूर्व पक्ष र बाँकी दुई चौपाईमा उत्तर पक्षको वर्णन छ । पूर्व पक्षको मान्यता कस्तो

रहेछ ! जिज्ञासुलाई यसको बोध होस् भनी पूर्व पक्षका मिथ्या मान्यताको विकल्प पनि बीजकमा यत्र-तत्र बताउनुभएको छ । यो कुराको विवेक नहुँदा पूर्व पक्षलाई नै उत्तर पक्ष मानेर बीजकको अनेक थरी अर्थ बनेका छन् । यस कुरामा गुरु कबीरबाट स्वयं भन्नुभएको छ–

'पारखी से सङ्ग करु, गुरु मुख शब्द विचार ।'
'पारखि आगे खोलिये, कुञ्जी वचन रसाल ।'

"पारखी-सन्तको सत्सङ्गमा बस्नु, गुरुमुखका निर्णय वाणी मनन गर्नु ।" "ज्ञान-ढुकुटीलाई पारखी सन्तका समक्ष विनम्र वचनरूपी साँचोले खोल्नु ।" – [बी. सा. ८२-२५४]

कहरा–१२

ई माया रघुनाथ की बौरी । खेलन चली अहेरा हो ॥१॥
चतुर चिकनियाँ चुनि-चुनि मारे । कोइ न राखेउ न्यारा हो ॥२॥
मौनी वीर दिगम्बर मारे । ध्यान धरन्ते योगी हो ॥३॥
जंगल में के जंगम मारे । माया किनहुँ न भोगी हो ॥४॥

यो माया रघुनाथकी छ पगली आखेट खेल्नै हिंडी ।
छानी छानि सबै सुविज्ञ चतुरा मारी नछाडी गिंडी ॥
मौनी वीर र नग्न मारि सब ती ध्यानी सुयोगी हरू ।
मारी जङ्गलका त जङ्गम गए माया न भोगी अरू ॥

अर्थ– यी माया (वासना-कल्पना) रघुनाथ–इन्द्रियका मालिक मनकै कृत्या हुन् । यसको स्वभाव बहुलाईकै समान छ । यही माया जीवको शिकार खेल्न, संसार-बनमा पसी ॥१॥ चतुर–बुद्धिमान्-विद्वान् ठिटा-गुण्डाहरू छानी-छानी मारी, विवेक-बाट रित्ताजति कसैलाई छाडिन ॥२॥ यसले यहाँसम्म गरी–मौनी, बलवान् (योद्धा) दिगम्बर–नग्न अवधूत सबैलाई मारी, ध्यान-धारणागर्ने योगीहरूलाई पनि छानी-छानी भुतुक्क पारी ॥३॥

जङ्गलका निवासी जङ्गमहरूलाई पनि मारी, यो खोक्री राक्षसी मायालाई इच्छानुसार कसैले पनि भोग्न पाएनन् ।।४।।

वेद पढन्ते वेदुवा मारे । पूजा करन्ते स्वामी हो ।।५।।
अर्थ विचारत पण्डित मारे । बाँधेउ सकल लगामी हो ।।६।।
शृंगी ऋषि वन भीतर मारे । शिर ब्रह्मा का फोरी हो ।।७।।
नाथ मछन्दर चले पीठ दै । सिंघल हूँ में बोरी हो ।।८।।

स्वामी अर्चक वेद पाठकहरू मारी भुतुक्कै गरी ।
मारी पण्डित अर्थ कारक सबै बाँधी लगामै धरी ।।
शृङ्गी जङ्गल भित्र मारि विधिको फोरी हरे मस्तकै !
फेरी पीठ मछिन्द्र सिंहल पुगे गाडी उहीं बेस्कनै ।।

अर्थ– वेदाध्यायी वैदिक श्रोत्रिय ब्रह्मनिष्ठहरू, पूजक श्रेष्ठ स्वामीहरू र विभिन्न शास्त्रका अर्थ-विचारक पण्डितहरूलाई पनि मायाले मारी । अथवा कल्पनामा बाँधी, संशयरूपी लगाम लगाई घोडासमान बनाई ।।५-६।। ऋङ्गी ऋषिलाई मायाले भामिनीको रूप धारण गरेर जङ्गल-भित्रदेखि बाँधिल्याई वैराग्य-ब्रह्मचर्यबाट मारी; ब्रह्माको पनि शिर फोराई-कटाई ।।७।। महायोगी मत्सेन्द्रनाथले माया त्यागेर भागेका थिए, तर तिनलाई पनि यसले छाडिन, सिंहलद्वीप पुऱ्याएर पनि डुबाइछाडी ।।८।।

साकटके घर करता-धरता । हरि भक्तों के चेरी हो ।।९।।
कहहिं कबीर सुनो हो सन्तो । ज्यों आवै त्यों फेरी हो ।।१०।।

सँसारी घरमा छ मालिक यही चेली बनी भक्त काँ ।
भन्छन् सन्त कबीर साधु सुन यो घोक्र्चाउ आई जहाँ ।।

अर्थ– निगुराका घरमा माया कर्ता-हर्ता, सर्वेसर्वा बनी बसेकी छ त हरि भक्तका घरमा दासी वा परमार्थरूप धारण गरी बसेकी छ ।।९।। गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, मायाबाट बच्ने महान् युक्ति एउटा यही छ– ऊ आउँनासाथ मुख घुमाइहला

भित्रबाट विरक्त बन, उसमा न रिझ! जसरी द्रव्य-पदार्थादि आउँछन्, आउँने बित्तिकै परमार्थमा लगाइहाल, सञ्चय नगर◈ ।।१०।।

अरू– यसमा बताइएका मोनो, वोरहरू सबै पुराणानुसार वाणीरूपी सूक्ष्म मायामा बाँधिएकै थिए, तर श्रृङ्गी ऋषि ब्रह्माजी आदि खानि जाल–स्थूल मायामा पनि मस्किए ।

श्रृङ्गी ऋषि– यिनी विभाण्डक ऋषिका पुत्र हुन् । बालक-कालदेखि नै पिताका साथ जङ्गलमा रहन्थे । स्त्रीजातिको मुखै पनि देखेका थिएनन् । पिता (ऋषि) नभएका बेला– एक वेश्या-पुत्री आई श्रृङ्गीलाई मोहित गराई, अङ्गदेशका राजा– लोमपादका दरबारमा पुऱ्याई । यी राजाले दशरथ-पुत्री शान्तालाई छोरी बनाई पालेका थिए, तिनै श्रृङ्गी ऋषिका साथ विवाह गरिदिए ।

ब्रह्माजी– यिनले आफ्नी छोरी आदिमाथि कुदृष्टि गरे बापत महादेवले यिनको शिरकाटिदिएका थिए ।

मत्सेन्द्रनाथ– यिनी गोरनाथका गुरु हुन् । सिंहल द्वीपमा गएका बखत उहीं स्त्रीका जालमा परेछन् । त्यो कुरा गोरखनाथले थाहापाई युक्तिपूर्वक गुरुलाई छुटाई ल्याए ।

विमोहक घटका साथ-सहबासबाट विरक्तजनले सदा फरकै रहनु, यिनका प्रति दृष्टिदिने, दूषित मनले हेर्ने र निर्भेद व्यवहार गर्ने नगर्नु । मनका प्रत्येक भावनालाई हटाउँदै गर्नु । बोध-वैराग्यका बाधक–विशेष प्रवृत्तिका बोल-व्यवहारमा नपर्नु । राग-द्वेषबाट

◈ The loss of wealth is loss of dirt, As sages in all times assort. The happy man's without a shirt. –John Hey wood.
'धनको क्षति, धूलो-कसिंगरको क्षतिसमान हो' भनी हर समयका साधु-सन्तले भनेका छन् । हेर, सुखी मानव बिना कमीजका छन् ।

बची-बची रहनु । भेटी-पूजाका रूपमा पनि जो द्रव्य-वस्त्रादि प्राप्त हुन्छन्, ती समेत "ज्यों आवै त्यों फेरी हो" गरिहाल्नु । विशेष-वैराग्यवृत्ति बनाई, 'यही जन्ममा वासना-बन्धनबाट निवृत्त हुनु पर्दछ' भन्ने भाव दृढ राख्नु । गृहस्थले पनि धेरै तृष्णा र व्यवहार नबढाउनु, थोरैमा काम चलाई, सत्सङ्ग साधना, भक्तिमा अघि बढ्दै गर्नु ।

थोडे में निर्वाह लै, सञ्चय छोडि सुपास ।
मनकी आशा दूर धरि, अभय स्वरूप मवास ।। [मुक्ति.]

*

काटचो कहर भो भागौं, बसन्तको बहारमा ।
काँचुली-कल्पना छाडौं, विवेकको पहारमा ।।

———

सद्गुरवे नमः

बीजक

छँटौं खण्ड

बसन्त–१

जाके बारह मास बसन्त होय । ताके परमारथ बूझे विरला कोय! ।।१।।

[अनुष्टुप छण्द]

जसको जीवनै बाह्र- मास बसन्त बन्दछ । तिनका परमार्थै को, विरलै मर्म जान्दछ ।।

अर्थ– जुन आसक्त नर जीवको बाह्रै महीना बसन्त ऋतु◆ भइरहन्छ, ती भोगमा लुब्ध र वाणी कल्पनामा अति लगनशील रहन्छन् । यस्ताको पनि परमार्थ बन्ला भन्ने बिरलैले मात्र सम्झेका हुन्छन् । अर्थात् यस्तालाई पारख– ठीक-ठीक स्वरूप बोध हुन र तिनले शुभाचरण पालन गर्न कठिनको कुरा हो । सबैबाट बची, बोध-साधनामै लागिपर्ने साधक बिरलै होलान् ।।१।।

अरु– वर्षमा एकवार बसन्त ऋतु आउँछ । यस ऋतुमा वनस्पति सम्पूर्ण नव पल्लवितभई प्रफुल्ल रहन्छन् । प्रायः पशु-पक्षीहरू पनि सालभरका बीच एक ऋतुमा मात्र वसन्तको वेगमा उमङ्गितभई भोगमा प्रवृत्त रहन्छन् । तर विषयी मनुष्यको भने वासना-वनस्पति, बाह्रै मास प्रफुल्ल रहन्छ, भोग-वासनामा बगिरहन्छन् । बाह्रै महीना उत्पत्ति, कुमार, यौवन वृद्धापन र शरीर त्याग पनि भई नै रहन्छ । परमार्थ– वाणी जालको बसन्त पनि 'ब्रह्मबाट जगत् र जगत्‌बाट ब्रह्म बन्ने प्रवाह चलिरहन्छ भन्ने कल्पना छ । यिनै मान्यता-वश जीवलाई स्व-स्वरूप चेतन र

◆ चैत्र – वैशाख महीना अथवा काम-वासनामा निरत रहनु ।

जडको ठीक-ठीक बोध नहुँदा विषयासक्ति र ब्रह्मको कल्पना–यिनै दुइमा परी जन्म-मरण र अवस्थाकृत दुःखमय संसाररूप बसन्त जीवको निमित्त कायमै बनिरहेको छ । यो सबै ठीक-ठीक सम्झी, यिनबाट बची, मुक्तहुने संसारमा बिरलै होलान् ।

वरसै अग्नि अखण्ड धार । हरियर भौ वन अठारह भार ।।२।।
पनिया आदर धरिन लोय । पौन गहे कस मलिन धोय ।।३।।

अखण्ड अग्निको धारा, वर्षा जताततै भए । अठार हरिया भार- भए बन खूबै खूले ।।
लोकले जलको प्रेम, गर्न थाले बराबर । वायु रोकी सबै मैला, धुनलागे खराखर ।।

अर्थ– बरसै अग्नि– चैत्र-वैशाखदेखि नै घाम सारै चर्किने पोल्ने हुन्छ । अठार भार◈ समस्त वनस्पति-जगत्मा हरियाली र सरसता बनी, शोभासम्पन्न हुन्छन् । यस्तै भ्रान्त गुरुजनले विविध कल्पनामा अनेक वाणीद्वारा विरहको अग्नि अखण्ड वृष्टि गरिरहेछन् । यसैमा चार वर्ण★, चार आश्रम छः दर्शन र चार

◈ अठार भार वनस्पातको विषयमा रज्जन कविको दोहा छः–

'ज्यों माखी मधु काढि ले, शोधि अठारह भार ।
त्यों रज्जब तत् ही गहो, तीन्यू लोक मझार ।।'

'संसारमा वनस्पति-समूह अठार भारमा मानिएका छन् । फलफल्ने जातका चार भार, लहराका चार भार, फूल फुल्ने छ. भार, काँडावाल चार भार ।' यिनमा एक भारको संख्या–

'धी कोटि स्त्रीणि लक्षाणि वस्वशीति सहस्रकम् ।
एतानि द्विगुणी कृत्य भारमेकं जगुर्बुधा ।।' [श्री विचार साहेब शास्त्री]

"पाँच करोड तीनलाख, अठासी हजारको दोब्बर गर्दा जति हुन्छ, उतिलाई पण्डितहरू एक भार भन्दछन् ।" अर्थात् एक भारमा दश करोड, सात लाख छयहत्तर हजार प्रकारका वनस्पति हुन्छन् भन्ने मान्यता मनुष्यमा फिंजिएको छ ।

★ ब्राह्मण, क्षेत्रीय, वैश्य र शूद्र–यी चार वर्ण । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास– यी चार आश्रम । योगी, जङ्गम, सेवडा, संन्यासी, दर्वेश र ब्राह्मण– यी छः दर्शन । रामानुज, माध्व, निम्बार्क र वल्लभ– यी चार वैष्णवी सम्प्रदाय अथवा संन्यासीको चार सम्प्रदाय–कीटवार सम्प्रदाय (कीराहरूमाथि पनि दया गर्ने) यी सारदा मठका हुन् । भोगवार सम्प्रदाय (भोगजतिका त्यागी) यी गोवर्धन मठका हुन् । आनन्दवार सम्प्रदाय (सांसारिक आनन्दका त्यागी) यी ज्योतिर मठका हुन् । भूरिवार सम्प्रदाय (अधिक द्रव्यादिका त्यागी) यी शृंगवेरी मठका हुन् । यी चार संप्रदाय शंकर स्वामीले चलाएका थिए । यिनैबाट निक्लेर अरू तीन सम्प्रदाय बने– 'काशी सम्प्रदाय, सत्यतोष सम्प्रदाय र सत शिष्य सम्प्रदाय ।

सम्प्रदाय– यी अठार भार सबै प्रसन्न छन् । हरिमा यारी–कल्पनाका हरिमा प्रेम लगाइरहेछन् ॥२॥ गर्मी हुनाले यस बखत जनताले पानीको आदर गर्दछन् । स्वच्छ, शीतल वायुको सेवन गरी शरीरको कसमल– गर्मी-विकार शमन गराउँछन् । अर्थात् गुरुहरूका माथिका वचन लोकले आदरयुक्त धारण गर्दछ। योगीहरू प्राणायाम क्रियाद्वारा वायुलाई ब्रह्माण्डमा पुऱ्याई चित्तको चंचलतारूपी कसमल धोई, ब्रह्म-समाधिको योग्य बन्दछन् ॥३॥

बिनु तरिवर फूले आकाश । शिव विरञ्चि तहाँ लेई बास ॥४॥
सनकादिक भूले भँवर बोय । लख चौरासी जोइनि जोय ॥५॥

बिना वृक्ष अकाशैमा, फूल फुले सुउत्तम । शिव ब्रह्मा तहाँ लिन्छन् सुवास अति उत्तम ॥
सनकादि सबै भौंरा, उही महकमा भुले । चौरासी लक्ष्य चोलामा, हेर्न पुगे उहीं डुले ॥

अर्थ– बिना वृक्षकै योग-क्रियाद्वारा आकाश–ब्रह्माण्डमा सहस्त्रदल कमल फूल फुल्यो । अथवा अस्तितवयुक्त वृक्ष-बिना खालि मनका कल्पनाबाट आकाशसमान ब्रह्मरूपी फूल फुल्दछ भन्ने मानी, जन-साधारणका के कुरा, शिव, ब्रह्मादि पनि त्यसको सुवास लिन उत्सुक छन् ॥४॥ सनकादि भ्रमरा पनि उही सुगन्धमा भुले, किन भुले ? जुन ब्रह्मलाई यिनी आफ्नो स्वरूप मान्दछन्, उही ब्रह्म चौरासी योनि पनि हो, यसैले भूलमा परे ॥५॥

अरू– ब्रह्म र जगत् दुइ वस्तु होइन एउटै हो, नाममात्र पृथक हो, वास्तवमा ती दुवै पर्यायवाची शब्द हुन् । यसैले ब्रह्मको कल्पना ग्रहण हुनासाथ जगत् आफ्नै स्वरूप भयो । अनि चौरासी लाख योनिबाट फुर्सत कहाँ पाइयो र !

'विश्वरूप भगवान भयो तब, चौरासी केहि ठाहीं ।'
'बिना गोपाल ठौर नहिं कतहूँ, नर्क जात धौं काहीं ।'
'सर्वानन्द होय जग पूरण, जहँ को ताहिं टमी ।'

१. संसारै भगवान्‌को स्वरूप भएपछि, चौरासी लाख योनि कहाँ पृथक रह्यो ! [कबीर प. शब्द]

२. बिना गोपाल कहीं ठाउँ खाली छैन भने नर्क अन्त कहाँ छ र, पापी जीवजति त्यहाँ जान्छन् ? — [बीजक शब्द ४२]

३. सर्वानन्द बनी सर्व जगत्मा पूर्ण बन्छौ, जगत्को जगतैमा टम्म हुनेभयौ । [भवयान ८।२०]

पूर्वका विद्वद् वर्गले चौरासी लाखको वर्गीकरण गरेका छन्–

स्थावर स्त्रिशल्लक्षाश्च जलजा नव लक्षकाः ।
कृमिजा दशलक्षाश्च रुद्रलक्षाश्च पक्षिणः ।।
पशवो विंश लक्षाश्च चतुर्लक्षाश्च मानवा ।
एतेषु भ्रमणं कृत्वा द्विजत्वमुप जायते ।।

अर्थात् तीस लाख स्थावरका जीव, नौ लाख जलजन्तु, दश लाख कीरा फटचाङ्‌रा, एघार लाख पक्षी– चराचुरुंगी, बीस लाख चौपाया– पशु, चार लाख निम्न श्रेणीका मानिस– यसरी चौरासी लाख योनि भुक्तिसकेपछि अनि बल्ल-बल्ल उच्च–द्विजाति मनुष्यको शरीर पाइन्छ । — [कर्म विपाक]

परन्तु यिनमा स्थावर– पहाडका पत्थर, खनिज धातुहरू र वृक्ष - वनस्पति पनि जीवधारी चेतन हुन् भन्ने विवेक-बाह्यका कुरा हुन् । अरू वर्गका संख्या पनि गणना गर्न असक्य छन् । तर ती छन् असंख्य । यसैले पारख सिद्धान्तको मन्तव्य छ –

'मनुष्य, पशु-अण्डज तन धारी । उष्मज सहित खानि ये चारी ।।'

लख– अर्थात् लक्ष्य, अनुसार नै जीव चार राशिमा भ्रमण गरिरहेछन् । जस्तो बसन्त ॠतुमा गर्मी चढेपछि अठार भार वनस्पति प्रफुल्ल हुन्छन्, त्यस्तै जीवमा जगत्को भोग भोग्ने र ब्रह्म बन्ने यी दुइ' विरह-अग्निको वृष्टिबाट चौरासी (जन्म-मरण) को वृक्ष हलक्क हल्की फूल-फलले पूर्ण हुन्छ, भइरहेछ । अतएव दुःख-निवृत्ति-को निम्ति जगत्-ब्रह्म–यी दुवैको अध्यास छाड्नै पर्दछ । जडदेखि

पृथक स्व स्वरूप पारख चेतनको बोध-स्थिति र शुभाचरणको पालन चाहिन्छ; अनिमात्र कल्याण हुनेछ ।

जो तोहि सतगुरु सत्त लखाव । ताते न छूटे चरण भाव ।।६।।
अमर लोक फल लावै चाव । कहहिं कवीर बूझै सो पाव ।।७।।

गुरुले जो तिमीलाई, लखाए सत्य यो भनी । यसैले नछुटी लक्ष्य, पाउमा भाव भो सुनी ।।
अमर लोकको आश, गर्ने व्यक्तिहरू पनि । भन्छन् कबीर बुझ्नेले, प्राप्त गर्दछ त्यो गुनी ।।

अर्थ– तिम्रा गुरुले जुन कल्पनालाई सत्य तत्त्व हो भन्ने निश्चय गराइदिए, उही तिमीलाई सत्यरूपबाट पक्का भइरहेछ । यसैले उनका पदको प्रेम तिम्रो हृदयबाट नछुटेको हो । छुट्न पनि अति कठिन छ ।।६।। बाहिर कहीं अमरलोक छ, उहाँ चार फल पाइन्छ भन्ने कुरा पत्याई अति प्रेमपूर्वक उसैको आशा गर्दछन् । गुरु कबीर भन्नुहुन्छ– जसले सत्य-असत्यलाई राम्ररी बुझेर असत्य जतिबाट हट्तछ, उसैले पारखको स्थिति-पाउनेछ ।।७।।

अरू– ठीक-ठीक विवेक-यन्त्रले सत्यको अन्वेषण नभएसम्म एक-एक पक्षबाट पक्रेका मान्यता छुट्न अति कठिन पर्दछ । यसैले भनेको "गुरु माया छूटब कठिन, आवरण होय रहाय" यही हो गुरुमाया प्रियता । अन्ध श्रद्धा र परम्पराबाट पक्रेका कल्पना-मान्यताले आफैंलाई ढपक्क ढाकेका हुनाले हटाउन अति कठिन परेको हो । तिमीमा अनन्त शक्ति छ, त्यो शक्तिलाई विवेकपूर्वक ज्ञानमात्र स्वरूपको अन्वेषण र स्व स्थितिमा लगाउ ।

यदि तिमी एक वृषभ समान शक्तिशाली छौ भने यो गौ को सन्तान (संयम-तितिक्षादि) उत्पन्न गर । ह्वै न भने तिमी प्रभाव-हीन सम्झिनेछौ । दुइ वृषभसमान .. ..। तीन.. ..। चार... । पाँच... । छ ... । सात ... । आठ ... । नौ ... । दश ... । एवं रीतले यदि तिमी एघार साँढेसमान शक्तिशाली भएपनि प्रभाव-हीन छौ [मनुष्यमा दश इन्द्रिय हुर्न्छन्, प्रत्येकमा ठूलो शक्ति छ; त्यसबाट

आत्म-कल्याण गर्नु नै बुद्धिमानी हो] [अथर्व वे.५।४।१६।१-९]

बसन्त – २

रसना पढिलेहु श्री वसन्त । वहुरि जाय परबेहु यमके फन्द ।।१।।
मेरुदण्ड पर डङ्क दीह्न । अष्ट कँवल परचारि लीह्न ।।२।।
ब्रह्म-अग्नि कियो परकाश । अर्ध ऊर्ध तहाँ वहे वतास ।।३।।

बसन्त पढ हे जिह्वा! सदा आनन्द पाउला । अन्यथा यम-फन्दामा, बारम्वार त जाउला ।।
मेरुदण्ड विषे लक्ष्य, गरी दिन्छन् ति ठक्कर । आठौं कमल नाघेर, लिई बस्छन् बुह्मक्कड ।।

अर्थ– (योगीजन भन्दछन्-) योग-क्रियाद्वारा श्री–अनन्त निधि र शोभासम्पन्न त्यो ब्रह्मरूपी बसन्त (आनन्द-धाम) को अध्ययन-चिन्तन गर, अन्यथा पुनः यम-पासमा परौला ।।१।। प्राण अपानको मेल गराई, यही वायुद्वारा मेरुदण्ड–सुषुम्नाको बाटो (पृष्ठवंश–ढाडको नली) मा जोरसित चोट दिन्छन् । यसैगरी योग-क्रियाद्वारा चक्र-समूहलाई भेदन गर्दै योगी, आठौं सुरति कमलमा पुगे ।।२।। त्यहाँ ब्रह्म-ज्योति प्रकाश गराए । पूर्वमा अर्ध-ऊर्ध्व चल्ने जो वायु थियो, अब त्यही कमलका परिधिमा बग्न–संचार हुनलाग्यो ।।३।।

अरू– षट्चक्र वेधनको खुलस्त वर्णन शब्द सतासीमा भएकोले उहींबाट मननीय छ ।

नौ नारी परिमल सो गाँव । सखी पाँच तहाँ देखन धाव ।।४।।
अनहद बाजा रहल पूरि । तहँ पुरुष वहत्तर खेलैं घूरि ।।५।।

ब्रह्म-अग्नि जगाएका, वायु माथि-तलै चले । श्रीखंण्ड ग्राम नौ नाडी, हेर्न पाँच सखी पुगे ।।
अनहद बजे बाजा, सम्पूर्ण ध्वनि उठ्दछन् । बहत्तर त्यहाँ व्यक्ति धुलो ली फागु खेल्दछन् ।।

अर्थ– नौ नाडी–पुहुखा आदि, त्यहीं परिमल गाँव–कमलको सुवासयुक्त सुषुम्नाको माथिल्लो भागमा आई मिले । सखी पाँच–प्राणादि पञ्चक पनि शोभा हेर्न आएका थिए, सुषुम्नामै मिले ।।४।। ब्रह्माण्डमा दश प्रकारका अनहद बाजा पूर्णरूपबाट

बजिरहेछन् । त्यहीं बहत्तर कोठाका वायु पनि जम्मा भए । जीव आनन्दको धुलेफागु खेल्नलाग्यो, बेहोश बन्यो ।।५।।

अरू– पुहुखा–बायाँ कानमा, पयस्विनी–दाहिने कानमा, गान्धारी–बायाँ नेत्रमा, हस्तिनी–दाहिने नेत्रमा, कुहू–लिङ्गमा, शङ्खिनी–गुदामा, अलम्बुषा–मुखमा, गणेशिनी–बायाँ हातमा, र वारुणी–दाहिने हातमा, मानेका छन् । यी नौ नाडीका यिनै नौ स्थान हुन् ।

प्राण–हृदयमा, यसको काम-नाकद्वारा वायु तान्ने छोड्ने । अपानको स्थान स्वाधिष्ठान चक्र नाभि मनि (पेडु) मा, यसको काम मूत्र त्याग र गर्भ प्रसव गराउनु । समानको स्थान–नाभि, भोजन पचाइदिने काम । व्यानले शरीर भरमा घुमी, अङ्गको जोर्नी-जोर्नी लाई चलाई, रस-रगतलाई शरीरभर फिंजाउदछ । उदानको स्थान– कण्ठ, काम – अन्न पानी निल्नमा सहयोग दिनु र तिनलाई छुट्याइदिनु । तर यहाँको भाव हो–यी नौ नाडी, पञ्च प्राण, बहत्तर कोठे वायु आदि सबै योग-क्रियाद्वारा सुषुम्नामा मिले । सुषुम्नाको सिद्धि भएपछि योगीले आफूलाई कृतकृत्य सम्झनलागे । किन्तु यो कुराको गुरु आलोचना गर्नुहुन्छ–

माया देखि कस रह्यो है भूलि । जस वनस्पति रहि हैं फूलि ।।६।।
कहहिं कवीर यह हरि के दास । फगुआ माँगै वैकुण्ठ बास ।।७।।

माया देखेर चुर्लुम्म, कस्तो डुब्छौ सबा भुली । जस्तो क्षणिकको शोभा, वनस्पति रहे फुली ।।
भन्छन् कबीर यी दास, बसन्तखेल खेल कै । माग्छन् सदा पुरस्कार, वैकुण्ठ वास दयौन है ।।

अर्थ– गुरु भन्नुहुन्छ– यी सबै मायाकै शोभा हुन् । यिनलाई देख्तै तिमी कस्तो भुलेका ! यो योग-समाधिको फल त वनस्पतिको फूल समान हो । अल्प घडीकै शोभा–"छिनभरिकै पहेंलपुर,

वैलाइ व्छर्छन् भोलीॐ" भने समान हो । यी हरिका भक्तजन 'योगरूपी फागु' खेलेर फल-स्वरूप वैकुण्ठवासको पुरस्कार पाउने आशा गर्दछन् ॥६–७॥

अङ्ग– मनो-वासनाको द्रष्टा बनो, वैराग्यको अभ्यासपूर्वक ती वासनालाई अभाव गर्नाले मात्र मन-वासना निर्मूल हुन्छन् । वायु र चक्रहरूमा लक्ष्य राखी योगाभ्यास गर्दा, मनको वृत्तिलाई एकछिन अल्मल्याइराख्ने कामसम्म हुन्छ, तर निर्मूल हुँदैन । समय पाउनासाथ मन पुनः कुनै न कुनै कामना– अहङ्कारमा प्रवृत्त भइहाल्दछ । यसैले गुरु भन्नु हुन्छ– योग-क्रिया भनेको वनस्पतिको फूलसमान मायाको शोभामात्र हुनाले क्षणस्थायी हो । अतएव भित्री मस्तिष्कको शोभा–ज्योति अनहद शून्य समाधि आदि हुन् वा बाहिरी स्थूल माया; ती सबै दृश्यदेखि हटेर द्रष्टामात्रमा स्थिति बनाउ । अन्तमा शेष जो स्वयं ज्ञानमात्र सत्य स्वरूप बच्नेछ, त्यसैमा स्थिर बनी बस, साधकको मुख्य ध्येय परम कर्तव्य र सावधानी यही हो ।

★

बसन्त – ३

मैं आयों मेस्तर मिलन तोंहि । ऋतु वसन्त पहिरावहु मोंहि ॥१॥
लम्बी पुरिया पाई छीन । सूत पुराना खूँटा तीन ॥२॥
सर लागै तेहि तिनसै साठ । कसनि बहत्तर लागु गाँठ ॥३॥

भेट्न आएँ तिमीलाई, म हे गुरु ! कृपा घन । पहिराई दया होस्न, वासन्ती वस्त्र मैं कन ॥
लामो छ तान चौपट्ट, माँच्चिएको कुची अनि । सूत सारै पुरानो छ, तीन कीला विषे उनी ॥

अर्थ– (योगीगुरुका सन्निकट गई जीव विनय गर्दछ–) मेस्तर–हे महान् गुरो ! म तपाइँका दर्शन-भेटमा आएको छु,

ॐ Golden lads all gives all must As chimney Sweepes come to dust sheks here

"सम्पत्तिशाली बाल-बालिका पनि घरको ध्वाँसो-मोसो झार्ने गरीब बालक समान एक दिन माटोमा मिल्दछन् ।

ध्यान-समाधिको सिद्धिरूपी होलीको उपहार (वासन्ती-वस्त्र) मलाई पहिराउनोस् ॥१॥

(गुरु उक्ति–) लम्बी पुरिया–तान लामो तानेको छ, पाई छीन–तान साफ गर्ने बुरुस वा कुची क्षीण–बिग्रिसकेको छ। सूत पुराना–धागो पुरानो मकिएको छ, खूँटा तीन–कीला-घोचा पनि चार चाहिनेमा तीनमात्र छन्। अतः धागो सुधार्न र कपडा तयार हुन असम्भव छ। यस्तै जीवका मनमा ऋद्धि-सिद्धि, स्वर्गादि प्राप्तिका वासना सारै लामा छन्। विवेकको कुची पनि बिग्रेको छ, त्यसबाट वासना शुद्ध हुन सक्तैन। अविनाशी जीव त्रि-गुणका कीलामा बाँधिएको छ। अथवा आयु धेरै लामो भई शरीर थोत्रो भयो। श्वास पनि दम खोकी-आधि-व्याधिले जीर्ण बनी कष्टदायी भयो। त्यो श्वास ईडा, पिङ्गला, सुषुम्ना–तीन घोचामा बाँधिएको छ ॥२॥ शरीरमा तीनसय साठी सरकण्डा–टुकीरूपी हाड लागेका छन्। बहत्तर नाडी गाँठा परी कसिएका छन् ॥३॥

अरू– रूखका पात केही कुहिएर कोमल भाग झरेपछि बाँकी जालीसमान तन्तुले जेलिएका देखिन्छन्। वा छिपिएको घिराउँलाका फलको जालीसमान हाम्रा शरीरमा पनि बगरल्लै नसाहरू जेलिएका छन्। यिनैमा केही स्थूल नाडीलाई बहत्तर नाडी र महीनसमेत मिलाई बहत्तर हजार नाडीको संख्या मानेका छन्।

खुर-खुर खुर-खुर चालै नारि। बैठि जोलाहिन पल्थी मारि ॥४॥
ऊपर नचनियाँ करत कोड। करिगह मा दुइ चलत गोड ॥५॥

घोचा तीनसय साठी, गाँठा बहत्तरै कसी। खुर खुर नरी चल्छ, जुलाही थ्याच्चनै बसी ॥
सत्तल यन्त्रका माथि, चटाचट् नाच्न थाल्दछ। पाउदान-दुवै गोडा, खटाखट् चल्न थाल्दछ ॥

अर्थ– कपडा बुन्दा धागो बेरिएको नरी चली 'खट्ट–खट्ट' शब्द भइरहन्छ। जोलहा (कपडा बुन्नेले तान चलाउँछ, उसकी स्त्री जोलाहिनी नजीकै पलेंटी कसी नरीमा धागो बेर्ने काम

गर्दछे ।।४।। तानमाथि सत्तल नाचिरहन्छ, तल पाउदानमा जोलाहाको दुवै गोडा चलिरहन्छन् ।।५।।

अरू– भाव हो–ईडा पिङ्गला र सुषुम्ना यी तीन नाडी खुर-खुर चलिरहन्छन् । पछि ईडा र पिङ्गला दुवै सुषुम्नामा लय हुनु, यही जोलाहिनीले पलेंटी कसी बस्नु हो ।।४।। सत्तल नाचे सरि योगीका आँखा माथितिर फर्के; अर्थात् नाच्नलागे, मुद्राको सिद्धिभयो । शरीररूपी तानको तल्लो भाग–नाभिमा 'सो हं' को जपरूपी दुवै गोडा चलिरहेछन् ।।५।।

पाँच पचीसों दशहूँ द्वार । सखी पाँच तहाँ रची धमार ।।६।।
रंगि विरंगी पहिरे चीर । हरिके चरण धै गावैं कवीर ।।७।।

दश द्वार पचीसं र, पाँच पञ्च सखी मिली । खेल आरम्भमा लागे, धमार गाउँदै डुली ।।
रङ्ग विरङ्गका वस्त्र पहिरेका उमङ्गले । धाउँदै हरिका पाउ, गाएका भक्ति मग्नले ।।

अर्थ– पाँच पचीसों–पाँच प्राण, पञ्च तत्त्व, पचीस प्रकृति र दशैद्वारबाट वायु जम्माभए । अनि सखी पाँच, पाँच ज्ञान इन्द्रिय त्यहाँ धमार–नाच्न, उफ्रन, आनन्द मनाउन लागे । (अनहदनाद, अमृतरस-पान, मुद्रा-ज्योतिको दर्शन; शीतल, मन्द सुरभित सुगन्ध आनन्दको स्पर्श) इत्यादि आ-आफ्ना व्रुन् दिव्य सूक्ष्म विषय भोग पाउँदा प्रफुल्ल भए ।।६।। यसरी योगीजन नित्य योगरूपी रङ्ग विरङ्गका पहिरन पहिरी बसन्तको (धमार) खेल रच्तछन् । मनैमन कल्पित ईश्वरका चरणमा परी श्लोक-प्रार्थना गाउँछन् ।।७।।

अरू– (खानी अर्थ–) काम-वासनावश पुरुष गई भामिनी-सित विनय गर्दछ–प्रिये ! तिमीमा म विमोहित बनी तिम्रा निकट आएको छु, आफ्नो यौवनको बसन्त-बहार–'कामोपभोग' प्रदान गर ।।१।। ललनाको भेट, दर्शन र वचन सुन्दा काम-वासना

लम्मिदै गयो। यता विवेक क्षीण हुँदैगयो। यसैले "चटपटे बहर तीन किलामा बाँधिए छैं★" यो पुराण-पुरुष स्वतन्त्र जीव पनि कामासक्ति-वश स्त्री, पुत्र, धन—यी तीन कीलामा बाँधिन पुग्यो ॥२॥ जुन नव-बालाको शरीर देख्ता पुरुष आसक्त छ, सोच! त्यो शरीर के उत्तम चीज हो र! यसमा तीनसय साठी हाडका घोचा लागेका छन्, बहत्तर हजार नसाले ठाउँ-ठाउँ गाँठो पारी कसेको छ; यस्तो घृणापूर्ण हाड मासुको छाप्रो यो शरी नहो! ॥३॥

भित्र खुर-खुर खुर-खुर श्वास चलिरहन्छ, मल-मुत्रादिले पूर्ण छ। अविद्याको आकृति नारीले पलेंटिकसी बसी-बसी पुरुषलाई मोहित गराउँछे ॥४॥ दुवै आँखा माथितिर फर्काई कर्काउँदै, ज्यू मर्काउँदै कटाक्ष गर्दछे, अनेक भाउ लाउँछे। जमीनमा छुमुक-छुमुक गोडा टेक्दै पुरुषलाई रद्द पार्दछे ॥५॥ पाँच तत्त्व पच्चीस प्रकृति को थुप्रो—दशै द्वारबाट मल-मुत्रादि बगिरहने, यस्तो शरीरयुक्त नारीले रङ्ग-विरङ्गका वस्त्र आभूषणादि पहिरी पाँचै ज्ञान इन्द्रिय-द्वारा विषयानन्दको दृश्यावलोकन गराई संसार-प्राणीलाई विमोहित पारिरहीछ। उही विवेकहारी महारानीकै चरणमा समस्त अज्ञ जीव नतमस्तक छन्; विषयानन्दको प्रशंसा गाउँछन्॥७॥

यही भाव मुमुक्षु नारीले पुरुष-घट प्रति सम्झनु कुशल छ। पुरुषको शरीर पनि त उही मल-मुत्रादिको कोपरा, हाड मासुको छुप्रो न हो ! यस्ताको संसर्गबाट नारी जातिले झन् जन्मभर दुर्गन्ध, मल-मुत्रादिमा डुबिरहनु पर्दछ। अनेकानेक दुर्दशा सहनु पर्ने हुन्छ। अतएव दुःखको बेलो, मोक्षको जरो खन्ने खन्ती सम्झेर त्यो कामवासनारूपी काललाई विध्वंस पार्नु मुमुक्षु-मुमुक्षा

★ दायाँ बायाँ र पछाडिसमेत।

दुवैको कर्तव्य हो । ★

बसन्त – ४

बुढिया हँसि बोली मैं नित ही बार । मोसे तरुनि कहो कवनि नार ! ।।१।।
दाँत गये मोरे पान खात । केश गये मोरे गङ्ग नहात ।।२।।
नैन गये मोरे कजरा देत । बैस गये पर पुरुष लेत ।।३।।
जान पुरुषवा मोर अहार । अनजाने का करौं सिंगार ।।४।।
कर्हहिं कबीर बुढिया आनन्द गाय । पूत भतारहिं बैठी खाय ।।५।।

हाँस्तै भन्छिन् बुढी यौटी, कुमारी छु म नित्य नै । मजस्ती तरुणी राम्री, को छन् भन अरू कुनै
दाँत मेरा झरेका हुन्, पान नित्य चपाउँदा । केश पनि फुले सारा, गङ्गा प्रातः नुहाउँदा
आँखा मेरा धमिल्लेका, गाजल धेर लाउँदै । ढल्कियो बैंस यो मेरो, लुठाहरू झुलाउँदै
मेरो अहार जान्ने हो, गर्छु सांचा कुरा यता । अनभिज्ञहरू निम्ति, ठाँटिन्छु अझ झन् म ता
कबीर यो बुढी कस्तो, हेर आनन्द गाउँछिन् । पति पुत्र सबैलाई, खाई हर्ष मनाउँछिन्

अर्थ– बुढिया–तृष्णारूपी माया अनादि हुनाले वृद्धा हो । त्यो हाँसी-हाँसी भन्छे– म सँधै बालिका नै छु, मलाई कसैले भोग्न पाएका छैनन् । साँच्चै भनौंभने संसारमा म भन्दा तरुणी अरू कुन स्त्री होलान् त भन ! ।।१।। मेरो शरीरको छाँट-काँट देखी यसमा सन्देह गरौला, सुन ! धेरै पान खाई-खाई मेरा दाँत झरे, गङ्गादि नदीमा नित्य नुहाएकीले कपाल फुली सेता सुकिला भएका हुन् ।।२।। गाजल लगाई-लगाई आँखा कच्याक्कुचुक्क परे, कमजोर भएका हुन् । परपुरुषहरूका साथ सहवास गर्दा-गर्दा बैंस ढल्केको हो ।।३।। मलाई सुखरूप जान्ने जतिलाई म आफ्नो भोजन बनाउँछु । नजान्ने जतिलाई मोहित गराउन श्रृङ्गार पारी ठाँटिन्छु ।।४।। गुरु कबीर भन्नुहुन्छ–यसरी यो वृद्धा मायाले विषय भोग नै आनन्दरूप हो भन्ने भान पारी-पारी गाउँछे । यसैगरी सबैका हृदयमा बसी पुत्र पति समस्तलाई भोग-विलासद्वारा निलिसकी ।।५।।

अरू– यो वृद्धा किन हाँसेकी ? उत्तर हो–कतिन गरौंला, भोगौंला भनी मानिस अनेक परिश्रम गर्दछ, ज्यू-ज्यान दिई मरिमेट्तछ; तर त्यसबाट केही प्राप्ति हुँदैन, भोग्दाभोग्दै पनि तृप्ति हुँदैन, जीवन यसै बित्तछ । यस्तो देखेर पनि संसारै भोग-तृष्णामा हुरुक्कहुँदै होम्मिरहेछन् । मानिसको यस्तो अविवेकी चाल देखेर होला ती वृद्धा हाँसेकी ।

तृष्णाको निवास छ–पाँचै विषयको भोगमा ! निर्वाह भन्दा बढ्ता खोज्नासाथ तृष्णा घुसिहाल्यो । तृष्णा पसेपछि रुनु र पछुताउनु, हैरान हुनु सिवाय अरू केही मिल्ने होइन । अतः धेरै धनादिको संचयमा, ऐश विलास गर्नमा, लत-आदत व्यसनमा मन बढ्दै जान्छ । तर कल्याणार्थीले तिनमा दोष-दर्शन र साधना अभ्यास को तगारो लगाउँदै गर्नुपर्दछ । तृष्णा सारै मुसमुन्द्रे छ, आ-आफ्ना स्तरमा यो आई घुसेको कसैलाई पत्तै हुँदैन । मनले 'यति त आवश्यकै हो' भनी-भनी हाम्रा आँखामा छारो हालिदिन्छ र हामी त्यसलाई बन्धन देख्न सक्तैनौं । यही मायाको रूप गुरु कबीरबाट पूर्व शब्द उनसठ्ठीमा पनि बताउनुभएको हो–'माया महा ठगिनी हम जानी'–यो पूरा शब्द पनि साथै मनन योग्य छ । यसबाट बच्न तीव्र वैराग्य-दृष्टि चाहिन्छ । साधना, संयम, सत्सङ्ग पनि समय-समयमा नभई हुँदैन । महात्मा बुद्ध भन्नु हुन्छ– बन्धन को अन्तिम सूक्ष्म स्वरूप नै तृष्णा हो । तृष्णा छुट्ने बित्तिकै व्यक्ति निर्वाण भयो । गुरु पूरणसाहेबको तलको साखी मनन गरी, तृष्णा बाट बच्न सतत हामी होशमा रहौं ।

तृष्णा है कि डाकिनी, कि जीवन को काल ।
और और निश दिन चहै, जीवन करत बेहाल ।।
तृष्णा अग्नि प्रलय की, तृप्ति न कबहूँ होय ।।
सुर नर मुनि औ रंक सब भस्म करत है सोय ।।

★

बसन्त – ५

तुम बुझ-बुझ पण्डित कौनि नारि । काहु न ब्याहलि है कुमारि ।।१।।
सव देवन मिलि हरिहि दीह्न । चारिउ युग हरि सङ्ग लीह्न ।।२।।
प्रथम पदुमिनी रूप आहि । है साँपिनि जग खेदि खाय ।।३।।
ई वर जोवत ऊ वर नाहि । अति रे तेज त्रिय रैनि ताहि ।।४।।
कहहि कवीर ये जग पियारि । अपने वलकवहि रहल मारि ।।५।।

विज्ञ विचार यो धेरै, कुन नारी कसैगरी । सकेनन् भोग्न कोहीले, कुमारी छ सँधैंभरी
मतो गरि सबै देव-ले दिए थे हरी कन । न छाडी उनको पिण्ड, बाँधी चारयुगै मन
पद्मीनी पहिली नारी भन्छन् उत्तम ती सबै । सर्पिणीसरि भै सारै लखेटी खाइ विश्व नै
खसम मेलका रोज्ने, नपाए मन माफिक । विषय घोर रातैमा, कामासक्त हुने नित
भन्छन् कबीर प्यारी यी, सारा संसार की बनी । आफ्नै बालक सम्पूर्ण, पारिन् भुतुवक जो पनि

अर्थ— विद्वज्जन ! तपाईंहरू अति राम्रोसित बुझ्नोस्, विचार गर्नोस् ! ती कुन महिला हुन् ! जसलाई आजसम्म कसैले विवाह गर्न सकेका छैनन् र कुमारी नै छन् ।।१।। सम्पूर्ण देवता मिली श्री विष्णुलाई लक्ष्मीजी प्रदान गरेका हुन् । विष्णुले तिनलाई चारैयुग साथ राखे ।।२।। नारीवर्ग मध्ये पद्मिनी नारीलाई संसारमा सर्वोत्तम मानेका छन्; परन्तु हुन्–यी पनि सर्पिणीसमान । यिनले जगत्-जीवलाई लखेटी-लखेटी खाइसके ।।३।। यी स्त्री जातिले आफ्ना लक्षणकै पुरुष खोज्दछन् । ती नपाए, विषयासक्तिरूपी रात्रिमा तिनको काम-वासना उद्दिप्तभई नै रहन्छ ।।४।। गुरु कबीर भन्नुहुन्छ–स्त्री जात जगतैका प्रिय हुन्छन् । परन्तु यिनले आफैंले पैदा गरेका सारा बालकलाई मोह-मायामा मस्काई, बोध विचारबाट मारिरहेछन् ।।५।।

अरू— सुखाध्यास-मोहासक्ति◈ नै मुख्य माया हो । यो माया जब प्राणीको थाप्लामा चढ्छे, तब यसैको डिग्री चढी तृष्णा

◈ "यही मोह अँधियारी माया, अन्य न माया कोग ।
माया मानि अन्त कहुँ निश्चय, भरमिरहा सब लोग ।।" [भवयान ७]

को पदमा पुग्दछे । तृष्णाको गाथा माथि चौथो बसन्तमा वर्णन भएकै छ । यही तृष्णारूपी मायालाई आजसम्म कसैले वरण गर्न सकेका छैनन् । ज्ञानीले त्यसलाई चाँहदैनन्, बची-बची पृथकै रहन्छन् । अज्ञानीलाई टेरै लाउन्न ! मायाले लालच दिन्छे, अज्ञ मानिस उसलाई पक्रन खोज्दछ, ऊ मुट्ठीमा आउँदिन, पक्रन्छ-फुत्किन्छे । यो माया पारो भन्दा पनि अग्राह्य छ ।

मायाका मुख्य तीन रूप– सुवर्ण, सुमुखी र सुरा । पौराणिक कथा छ– समुद्र-मथन हुँदा चौध रत्न◈ निक्लेका थिए । तिनमा श्री–लक्ष्मीलाई सबै देवताका सल्लाहबाट विष्णुका साथ पाणिग्रहण गराइदिएका हुन् । विष्णुले तिनको कहिल्यै पनि साथ छोड्न सकेनन् । सदा तिनै मायाका साथ रहे ।

स्त्रीजातिका मुख्य चार श्रेणि–"पद्मिनी, हस्तिनी, शङ्खिनी र चित्रणी । अरू दुइ सामान्य भेद–डङ्किनी र नागिनी पनि छन् । ती चार प्रकारका स्त्रीलाई रोलै सित– खरायो, बयल, मृग र गधा, यी चार वर्गका पुरुषको मेल मिलाप हुन्छ । यिनमा पद्मिनी वर्गका स्त्री र खरायो वर्गको पुरुष, उत्तम लक्षणका जोडी भन्दछन् ।

मान्यता छ– पद्मिनी स्त्री र खरायो पुरुष, हस्तिनी र बयल, शङ्खिनी र मृग, चित्रणी र गधा वर्गका स्त्री-पुरुषहरूको मिलान रहन्छ । यदि आ-आफ्ना लक्षणका पुरुष पाएनन् भने ती स्त्रीको काम-वासना प्रबल हुन्छ र सदा व्याकुल रहन्छन् । 'अतिरे तेज त्रिय रैनि ताहिं'–यो कोक शास्त्रको कुरा हो । उक्त मूल वचन अनुसार यहाँ यसको यत्तिकै उपयोगी छ । यस ठाउँमा गुरुले मुख्य काम-वासना बाट बच्नलाई नै त्यसको प्रबलता देखाउनु भएको हो ।

◈ 'श्री मणि, रम्भा वारुणी, अमी शङ्ख गजराज ।
कल्पवृक्ष, शशि धेनु, धनु, धन्वन्तरि, विष बाज ।।'

मुमुक्षु नर-नारी दुवैको कर्तव्य हो–शरीर- निर्वाहमा कामोपभोगको कुनै प्रयोजनै छैन । निर्वाहभन्दा बढी उपभोग ऐश विलास आदि सबै बन्धनकारी हुन् । यसैले सके पूर्ण बालब्रह्मचारी-ब्रह्मचारिणी बनी बस्नु, नसके गृहस्थीमा एक-दुइ सन्तान भएपछि आसक्ति नबढाई, नर-नारी दुवैले ब्रह्मचर्यव्रत पालन गरी रहनु । पारखीजनको सत्सङ्ग र बोध भावलाई अँगाली, उपरामतापूर्वक हंस-रहनको आचरण पालन गर्नु । जड-चेतनको यथार्थ मर्म बुझ्नु । कल्पना-मान्यतारूपी काँचबाट चेतन-हीरालाई छुट्याई, हृदय-ढुकुटीको हीराकै संरक्षणमा रहनु । सदा सावधानीताका साथ त्यसैको पाले बनी, निरन्तर आफ्नै विवेक-ज्ञानमा निमग्न रहनु; परम भाग्यशाली हुने काम यही हो ।

★

बसन्त – ६

माई मोर मनुसा अतिरे सुजान । धन्धा कुटि-कुटि करत बिहान ।।१।।
बडी भोर उठि आँगन बाढु । बडो खाँच ले गोबर काढु ।।२।।
बासी भात मनुसे लिहल खाय । वडो घैल लिये पानीको जाय ।।३।।
अपने सैयाँकी मैं बाँधूँगी पाट । लै बेचूँगी हाटोहाट ।।४।।
कहहिं कबीर ये हरि के काज । जोइयाके ढिग रहि कौनि लाज ।।५।।

माता स्वामी सदा मेरा, सोझा छन् दुख टार्दछन् । रात्री भर कुटी धान, प्रातःछलंङ्ग पार्दछन्
उठी प्रभातमा चोक- बडारी सब सक्तछन् । ठूलो खाङ्ग्रो भरी गोबर, गोठबाट निकाल्दछन्
बासीभात भर्न बाट, लौ खपाखप निल्दछन् । ठूलो गाग्रो लिई आफैं, ती पानी भर्न पुग्दछन्
प्यारा पति निजीलाई, पटुको बीच बाँद्धछु । हाट हाट लगी नित्य, अवश्य म त बेच्तछु
भन्छन् कबीर यो कार्य, हरिको हो निरन्तर । माया निकट बस्नाले, कसको लाज बच्छर

अर्थ– (उपासक जन भन्दछन्-) माई मोर मनुसा–हे माता समान उपकारी रक्षक गुरु महाराज ! मेरा पति परमात्मा सुजान–सर्वज्ञ हुनुहुन्छ । धान कुटी फली चामल बनाएसमान आफ्ना भक्तलाई दुःख आपत्तिरूपी ढिकीमा फली, शुद्ध गरिदिई, ज्ञानोदयरूपी प्रभात गराइदिनुहुन्छ ।।१।। बडी भोर उठि–

ज्ञानोदयको प्रथम प्रहरमै उठेर मेरो हृदय-आँगन बडारी, कर्मादि घुरान फालिदिनुभयो। बडो खाँच–ब्रह्मरन्ध्ररूपी ठूलो खाङ्ग्रो लिई योग-साधनाद्वारा विषय-वासनारूपी गोबर-भकारो सोरी फालि-दिनुभयो। यो सबै भगवान्कै कृपाबाट भएको हुँदा उहाँले नै गरिदिनुभएको हो ।।२।। उहाँबाट गुरुरूप धारण गरी, ब्रह्म-बोधद्वारा बासीभात–भक्तको सारै पुरानु जगत्-भ्रान्तिरूपी विकारलाई मिटाइदिनुभयो, आफैंमा पचाइदिनुभयो । बडो घैल–भक्तको उद्धार र दुष्टको दलन गरी, ठूलो घडारूप ब्रह्माण्डलाई आफैंमा लय गरेर पानी–क्षीर सागरमा गई सुकलाहुन्छ ।।३।। अपने सैयाँको–हे गुरु ! यस्ता आफ्ना पति परमात्माको भक्तिलाई म आफ्नो पाट–पछेउराको टुप्पामा गाँठोपारी बाँध्छु र हाट-बजारमा लगी बेच्तछु (समाजमा कथा-कीर्तन गरी प्रचार गर्दछु) ।।४।।

गुरु भन्नुहुन्छ– ये हरिके काज–यी सबै बोध-वैराग्य हारक कल्पना मायाकै कर्तव्य हुन् । विचार गर, जोइया–स्त्री बनेका उपासकजनका साथ-सहवासमा रहनाले मनुष्यको के मर्यादा रहन्छ र ! अर्थात् जीवको कल्याण हुँदैन ।।५।।

गुरू– यो बसन्त; उपासकजनको भ्रम-मान्यता परखाउनको निम्ति भन्नुभएको हो । ती प्रारम्भमा जगत्-कर्ता, मुक्ति-दाता भनी कल्पित भगवान्को भक्ति गर्दछन् । पछि 'तिनै कर्तालाई जगत्-पिता' भन्छन् । हुँदा-हुँदा 'पति' मानी स्वयं पत्नीको भाव लिन्छन् । पोते, चुरा, सारी, टप, तिलरी आदि सौभाग्यको श्रृङ्गार बनाई घुम्दछन् । साँच्चिकै उनैकी पत्नी हुँ भन्ने भावनालिई, सखी सम्प्रदाय चलाएका छन् । तिनैका विरह-वेदनाले आकाशतिर फर्की परमात्मा-पतिलाई पुकार्दछन् । यसैले यहाँ गुरुबाट भन्नुभएको हो–'जोइया के ढिग रहि कौनि लाज' यो सारै शरमको कुरा र

भ्रान्तिको भकारी हो । यस्ताका साथी पनि उही रङ्गमा रङ्गिने हुन्छन् । मुमुक्षुले यस्ता कोरा कल्पनाका कुरा पछि लाग्नु हुँदैन ।

निर्मल निर्विकार नित्य, साक्षात् तत्त्व आफ्नै हृदय निवासी चेतन स्वरूपको पारख गरी, आफैंमा सदा शान्त हुने काम गर्नु ।

★

बसन्त – ७

घरहि में वाबुल वाढलि रारि । उठि उठि लागलि चपल नारि ॥१॥
एक बडी जाके पाँच हाथ । पाँचों के पचीस साथ ॥२॥
पचीस वतावैं और और । और वतावैं कइएक ठौर ॥३॥
अन्तर मध्ये अन्त लेइ । ऊकझोरि झोरा जीवहिं देइ ॥४॥
आपन-आपन चाहैं भोग । कहु कैसे कुशल परिहैं योग ॥५॥
विवेक विचार न करे कोय । सव खलक तमाशा देखें लोय ॥६॥
मुख फारि हँसे राव रंक । ताते धरे न पावै एकौ अंक ॥७॥
नियरे न खोजैं वतावैं दूरि । चहुँ दिश वागुलि रहलि पूरि ॥८॥
लच्छ अहेरी एक जीव । ताते पुकारै पीव पीव ॥९॥
अवकी वार जो होय चुकाव । कहहिं कबीर ताकी पूरी दाव ॥१०॥

बाबू घर भरि राढो, मच्चिएको छ बेसरी । उर्तासि झगडा गर्ने, चुल्बुले अबला परी ठूलो छ महिला यौटी, जसका हात पांच छन् । पांचका साथ पच्चीस, यिनै प्रकृति भन्दछन् पचीस अरु नै भन्दछन्, अरू भन्छन् कई थलं । अन्तको ले अन्त लिन्छ, झट्कारी जीवलाइ नै आ आफ्ना भोग चाहन्छन्, योग बन्दछ के गरी । छैनन् विवेक गर्ने ता, तमासे मात्र भू-भरी राजा रङ्क सबै हाँस्तै, खिल्का छाड्ने भए सदा । धारणा एक अंकै तो, पाउँदैनन् यदाकदा नजिकै खोज गर्दैनन्, टाढै टाढा बताउँछन् । चौतर्फ झाल छन् घोर, फसोरी थाह पाउँछन् शिकारी लाख छन् हेर, बिचरो एक जीव यो । यसैले छिन्छिनै भाँती, प्याराप्यारा पुकार्छ त्यो यदि यै जन्ममा बांकी, सबै चुक्ता भयो भने । कबीर उनकै दाउ- पर्छ जान तिनै बने

अर्थ– घरहिमें बाबुल–ए बाबू ! चेतन जीव ! तिम्रो शरीर रूपी घरमै रारि–नित्य-नित्य ठूलो रडाको मच्चिरहेछ । उर्तासि-उर्तासि-चञ्चले चपला अबलाहरू तिमीसित लडाईं गरिरहेछन् ॥१॥ एक मोटी कायारूप नारी सारै दुःख दिने पाँच विषयरूपी पाँच

हात भएकी छ । ती पाँचका साथ अरू पच्चीस लागेका छन् ।।२।। ती पच्चीसले अरु अरू-अरू विषय बताउँछन् । ती अरूले झन् अरू अनेक ठाउँ (चार खानि) को सङ्केत गर्दछन् ।।३।।

यी सब विषय, अन्त लेइ–अन्तः करणमा गाडिएर बस्तछन् ! ज्ञान-धन सहित सर्वस्व हरण गरी जीवलाई जडाध्यासमा खाँद्दछन् । यी गडेका वासनाले छिन-छिनमा मनुष्यलाई सारै हल्लाउँछन्, हैरान पार्दछन् ! ।।४।। आफ्नै स्वार्थवश एकलकाँटे इन्द्रियहरू आ-आफ्ना भोगको चाहना गर्दछन् । अब यस्तो अवस्थामा जीवको निमित्त कल्याणको योग्यता कसोगरी हुन्छ ! ।।५।। यस्तो आपत्ति पर्दा पनि यिनबाट छुट्ने विवेक-विचार कोही गर्दैनन्, उल्टै यी दुनियाँ रमिता हेर्नेमात्र छन् ।।६।। विषय-भोगजन्य सुख पाउँदा गद्गद भई, राजादेखि माग्नेसम्म सबै खित्का छाडी-छाडी हाँस्तछन्, यसैले कल्याणको विचार एक फुट्टी पनि कमाउन नसकेका ।।७।।

नजिकै (आफैंमा)-विवेक-सत्सङ्गद्वारा सत्य- सार वस्तु र यथार्थ सुख-मोक्षको अन्वेषण गर्दैनन्; * उल्टै, दूरि–टाडा-परमधाम, स्वर्ग-बिहिश्त आदिमा पति छन् भनी कल्पना गरी बताउँछन् । तर स्वरूप विचार र सत्सङ्ग-छाडी, जहाँ गए पनि चारैतिर वाणीको

---

* We would have inward peace;
Yet will not look within;
We would have misery cease;
Yet will not cease from sin;
We want all pleasant ends, but will use no harsh means,
–Mathew Arnold

हामीले आफ्नै भित्रि शान्ति पाउने थियौं, तैपनि भित्र हेर्दैनौं ।
दुःख दर्द हामीले नै छुटाउन सक्नेथियौं, तैपनि पापबाट छुटकारा लिन्नौ ।
आखिरी सबै सुख शान्ति होस् भन्ने चाहन्छौं,
तर कुनै ठोस काम कारवाही गर्दैनौं ।

जाल, माया-मन इन्द्रिय, वासना-समूह काम-क्रोधादि र वामाको झालमा पसी जेलिएका छन् ।।८।। लक्ष अहेरी–वंचकादि लाखौं शिकारी एक जीवमाथि आ-आफ्ना अंकुश चलाइरहेछन् । यसैले जीव आँत्तिदै ईश्वर परमात्मा पुकार्दै हिंड्दछ ।।९।। गुरु कबीर भन्नुहुन्छ– यस पटकको मानव जीवनमा जसले विवेक-साधनाद्वारा वासना-कल्पनाको ऋण चुक्ता गर्नसक्यो,◈ उसैले पूरापुर दाउ लगायो■।।१०।।

ऋरू– जीवलाई पिरोलिरहने-सताउने एक वृद्धा माया–काया छ । त्यसका पाँच हात, पच्चीस साथ भनेका को को हुन् ? यो कुरा श्री पूरणसाहेब बीजक-त्रिजामा बताउनुहुन्छ–"सबैभन्दा ठूलो एक शरीर, त्यसको पाँच हात–पाँच तत्त्व । ती पाँचको पच्चीस साथ–आकाश तत्त्वरूप स्थिर वायु पञ्चक–अन्त:करण, चित्त, मन, बुद्धि र अहङ्कार ।

चञ्चल वायु पञ्चक–प्राण, अपान समान, व्यान र उदान ।
अग्नि पञ्चक–कान, आँखा नाक, जीब्रो र छाला ।
जल पञ्चक–शब्द, स्पर्श, रूप, रस र गन्ध ।
पृथ्वी पञ्चक–हात, पाउ, मुख, गुदा र शिश्न ,

अब यिनका पच्चीस विषय– अन्त:करणको विषय–निर्विकल्प । मनको विषय– सङ्कल्प-विकल्प । चित्तको विषय– अनुसन्धान ।

◈ Man with his burning Soul- Has but an hour of breath, To build a ship of Truth, In which his soul may sail, Sail on the sea of death, For death takes toll, Of beauty, Caurage, Youth Of all of Truth.

— *John Masefield.*

मनुष्यलाई आफ्नू ज्वलन्त आत्माको साथ सत्यको जहाज बनाउन निमित्त मात्र एक घडी श्वास छ, जसबाट मृत्यु-समुद्रमा उसको आत्माले सयल गर्नेछ । किनभने सत्यबाहेक मृत्युले सौन्दर्य साहस र जवानीको जगात जिनेछ ।

■ हे धनेश ! हामीलाई कल्याणकारी धन देउ ......। [सामवेद १।१।२।५]

बुद्धिको विषय–निश्चय । अहङ्कारको विषय–कर्तव्य । प्राणको विषय–चल्नु सञ्चार हुनु । अपानको विषय–छोड्नु । समानको विषय–बस्नु । व्यानको विषय– पल्टनु । उदानको विषय–उठ्नु । कानको विषय–शब्द सुन्नु । आँखाको विषय–हेर्नु । नाकको विषय–सुँघ्नु । जिब्राको विषय–चाख्नु । छालाको विषय–स्पर्श गर्नु । शब्दको विषय–राग, स्वर र अर्थ सम्झनु । स्पर्शको विषय–मृदुता, शीतलता, तातोपना । रूपको विषय–सुन्दरता । रसको विषय–स्वाद । गन्धको विषय–सुप्रसन्नता । हातको विषय–लेन-देन गर्नु । गोडाको विषय–हिंड्-डुल गर्नु । मुखको विषय–बोल्नु । गुदाको विषय–मल त्याग गर्नु । उपस्थको विषय– लघुशङ्का (सुची) गर्नु । यी पच्चिस बताउँछन्– अरू-अरू यिनैमा जीव बाँधिएका छन् ।"

यसैले यी विषय र 'कइएक ठौर' भनी चौरासी योनिको सङ्केत गरी बताउनुभएको हो । चार खानिको कष्ट पनि अज्ञानी जीवलाई बारम्बार परि नै रहन्छ । यहाँ विषयको रमझम देख्ता-सुन्दा सबैको मन उतै होम्मिन पुग्दछ । यसको कारण हो–अविवेक । अविवेक– अज्ञानतामा अल्प सुख, ऐश्वर्य मान, पाउँदैमा जीव अति उत्कर्ष हुन्छ, भैंमा खुट्टै टेक्तैन । अनि आफूलाई सबै भन्दा माथि सम्झन्छ । तर 'म यो संसारको एक पाहुना र परदेशी हुँ, देख्तादेख्तै यी सबै परिवार, व्यवहार छुट्ने हुन्, दुबाको मुन्टामा झुन्डेको शीतसमान क्षणभङगुर हुन्' भन्ने यो जीवले कत्ति जान्दैन । अब तिमी त यो सम्झ–स्वरूपदेखि भिन्नका प्राणी, पदार्थ र आफ्नै शरीरले पनि अन्त्यमा साथ दिदैनन्, यसैले ती विकारी, विनश्वर पृथकका जतिलाई पृथकै गरी पन्छाएर, स्वयं चेतन द्रष्टा ज्ञान स्वरूपलाई ठीक-ठीक चिनेर यसैको राम्ररी सह्माल गर । मानव-जीवन अमूल्यको छ, यसैबाट यो काम बन्न सक्तछ । अतएव

आफैं आफूमा सदा शान्त मुक्त बन्ने काम गरिहालौं ।

★

बसन्त – ८

कर पल्लव केवल खेले नारि । पण्डित होय सो लेइ विचारि ।।१।।
कपरा न पहिरे रहै उघारि । निर्जिव से धनि अति रे पियारि ।।२।।
उलटी पलटी बाजु तार । काहू मारै काहु उवार ।।३।।
कहैं कवीर दासन के दास । काहू सुख दै काहु निरास ।।४।।

औंला द्वारा इशाराले नारी नै खेल गर्दछन् । भए पण्डित जो कोही, विचारबाट बुझ्दछन्
बिना वस्त्र रही नाङ्गा, उघारै नित बन्दछन् । निर्जीवका धनी मानी, अत्यन्त प्रेम गर्दछन्
उल्टोपल्टो करै ताली, ठोक्तछन् मस्त भै यिनी । मार्दछन् त कसैलाई, कति बचाउँछन् पनि
कबीर भन्दछन् यी ता, दासका दास बन्दछन् । सुख दाता कसैलाई, कसैलाई निराश झन्

अर्थ– नारि– माधुर्यभक्तिका उपासक र मौनीहरू खालि कर पल्लव--हातका औंलाले इशारा गरी परमात्मालाई माथि देखाउँछन्; व्यवहार- शिक्षा सबै इशारैबाट गर्दछन् । पण्डित– समझदारहरूले उक्त इशारा सम्झन्छन् पनि अथवा विवेकीजन भए यसको स्वयं विवेक गर्नेछन् ।।१।। ती विवेकरूपी वस्त्र लाउँदैनन् (कति त दिगम्बरी पनि हुन्छन्) निर्जिव से धनि–जड मूर्ति, गङ्गा, यमुना र मन-कल्पनाका प्रतिमादिप्रति अत्यन्त आस्था राख्तछन् ।।२।। वर्की-फर्की, कर्की-मर्की हातको ताली बजाई नाच्तछन् । काहु मारे–सिद्धहरू कसैलाई श्राप दिन्छन्, मार्न-कुट्न, जाइलाग्छन्; कसैलाई आशीष दिन्छन्, सम्पत्ति सुम्पिन्छन् ।।३।। उपासकजन भन्दछन्–भगवान् भक्तवत्सल हुनुहुन्छ, आफ्ना दासको पनि दास बन्नु हुन्छ । भक्तजनलाई सुख र सायुज्यादि मुक्ति दिनु हुन्छ, दुष्टलाई निराश गराई संहार गर्नुहुन्छ ।।४।।

अरू– यो बसन्तबाट माधुर्यभाव-सखी सम्प्रदायका भक्त र परमहंसजनको, बिना विवेक, कल्पनाका कृत्यको चित्र उतारी, मुमुक्षुजनलाई प्रबोध गराउनु भएको छ ।

★

बसन्त – ६

ऐसो दुर्लभ जात शरीर । राम नाम भजु लागू तीर ।।१।।
गये बेनु बलि गये कंश । दुर्योधनको बूडो बंश ।।२।।
पृथु गये पृथ्वी के राव । त्रिविक्रम गये रहे न काव ।।३।।
छौ चकवे मण्डली के झारि । अजहूँ हो नर देखु विचारि ।।४।।
हनुमत कश्यप जनक वालि । ई सव छेंकल यम के द्वारि ।।५।।
गोपीचन्द भल कीह्न योग । जस रावण मार्‍यो करत भोग ।।६।।
ऐसी जात देखि नर सर्वहिं जान । कहहिं कवीर भजु रामनाम ।।७।।

यस्तो शरीर दुर्लभ्य, जानलाग्यो व्यतीत भै । राम नाम भजी शीघ्र, पार लाग सचेत भै
वेनु बलि गए कङ्श दुर्योधन सवंश नै । पृथु राजा गए जो थे, वामनादि समस्त नै
चक्रवर्तीः छ ती राजा, मण्लाधीश थे गए । अझै विचार लौ प्राणी, हेर बुद्धि रती भए
कश्यप हनुमानै र, वालि जनकजी बिते । यमद्वार परे कँद, कल्पना कसले जिते !
गोपीचन्द भलै योग- गर्थे छाडी गए सब । जस्तो रावण भोगैमा, मारियो मनले जब
यस्तै रीत सबै व्यक्ति, गएका नित्य हेर्दछौ । कबीर भज यो भन्छन्, राम नाम त तर्दछौ

अर्थ– अहा ! कस्तो अनमोल्य, मुक्तिको महल बनाउन सकिने, पाइनसक्नु को यो मनुष्य-शरीर आज हामीले पाएका छौं, हेर ! यस्तो बहुमूल्य वस्तु पनि बिना विवेक सित्तैं खेर जान लाग्यो । लौ भएन ! चाँडो भन्दा चाँडो चेतनको चिन्तन-स्थिति गरी, संसार-सागरबाट पार लागिहालौं ।।१।। होश गर, यही मायाको रमझममा व्यर्थ नभूल ! यस्तैमा भुली-भुली राजा बेनु बलि कंश बितेर गए, दुर्योधनको त सारा वंश नै डुब्यो ।।२।। चक्रवर्ती राजा पृथु गए, त्रिविक्रम (वावन-विष्णु) पनि गए- कोही रहेनन् ।।३।। माथिका छः चक्रवर्ती राजा र अरू पनि मण्डल–पृथ्वी भरका राजा महाराजा सबै मरी-मरी गए, कोही बाँचेनन् । हे मानव ! अझै हेर, विचार गर ! कल्याण-कार्य बनाइहाल ।।४।। वीर-भक्त हनुमान, कश्यप ऋषि, राजा जनक, महान् सुभट वालि आदि सबै मृत्यु र कल्पनारूपी यमका द्वारमा छेकल–घेरिए (बन्धभए) ।।५।। राजा गोपीचन्द जस्ता त्यागी,

तपस्वी पनि मरि-मेटी योग गर्दागर्दै गए । जस्तो रावण त्यसको विपरीत भोग गर्दागर्दै मारियो ।।६।। यसरी खानीका मोह आसक्ति, अहङ्कार र वाणीका मान्यतामा परी सबै गए । कोही बाँचेनन् । भ्रम-कल्पना-वश सबैको जीवन गइरहेछ । यसैले गुरु कबीर भन्नुहुन्छ -रमैया राम हृदय-नगरका निवासी स्व-स्वरूप चेतनको विवेक-स्थिति बनाइहाल ।।७।।

अरू– महान् गुणी, परम पुरुषार्थी–छः चक्रवर्ती राजा; वीर-हनुमान, वालि, रावण; सृष्टि-कर्ता भनेका कश्यप ऋषि, योगी-गोपीचन्दादि समान व्यक्ति पनि बाँचेनन्, ■काल-कल्पनाका मुखमा परे भने आजका मानिसले के के न गरौंला भनी यता-उति अल्झनु व्यर्थ हो । शीघ्रातिशीघ्र विवेक र सदाचारको बाटो लागिहालौं ।

★

वसन्त – १०

सबहीं मदमाते कोई न जाग । संगहि चोर घर मूसन लाग ।।१।।
योगी माते योग ध्यान । पण्डित माते पढि पुरान ।।२।।
तपसी माते तपके भेव । संन्यासी माते करि हमेव ।।३।।
मोलना माते पढि मुसाफ । काजी माते दै निसाफ ।।४।।
संसारी माते माया के धार । राजा माते करि हङ्कार ।।५।।
माते शुकदेव उद्धव अक्रूर । हनुमत माते लै लङ्गूर ।।६।।
शिव माते हरि चरण सेव । कलि माते नामा जयदेव ।।७।।
सत्य-सत्य कहैं सुमृति वेद । जस रावण मारेउ घरके भेद ।।८।।
चञ्चल मन के अधम काम । कहहिं कबीर भजु राम नाम ।।९।।

■ Pharoah, who built the mighty Pyramid,
Could not of Age nor yet Death be rid.
And Kings and Kingdoms to his bidding fell
Until himself he fell, by Death outbid. – *Ghods Nakhai.*

फारो, जसले अजङ्गको पिरामिड बनाए,
त्यस्ता पनि न आयु न त मृत्युदेखि छुटे ।
राजा र राज्यहरू उनका हाँक मै गिर्दथे,
आखिर उनले आफैं गिर्नै पर्‍यो, मृत्युले नै उछिन्यो ।

मदमस्त सबै प्राणी, जागेनन् यी कुनै जन । साथै को चोरले गेह, चोरी सके सबै धन
प्रमत्त योगमा योगी, विज्ञ पुराण अर्थमा । तपस्वी तपमा मात्ते, अहं-सन्यासी व्यर्थमा
कुरान बीच मुल्ला त, काजी मत्त निसाफदी । संसारी मत्त मायामा, राजा मत्त अहं गरी
शुक उद्धव अक्रूर, प्रमत्त छन् यिनी सबै । हनुमान लिई पुच्छ, सारै मत्त भए कठै !
शिव मस्त भए सेवा - हरी चरणको गरी । कलीका नाम-जैदेव, मस्तछन् रसमा भरी
स्मृति वेद सबै भन्दछन्, सत्य सत्य कुरा भनी । निस्कँदा घरको भेदी, रावण मारियो अनि
चञ्चले मनको काम, तुच्छ हुन्छ सँधै भरी । भज कबीर ज्यू भन्छन्, राम नाम घरी घरी

अर्थ– स्व-स्वरूप चेतनको सम्यक बोध-बिना खालि वाणीका मद-वश, सबैजसो जीव मत्तभए, आजका पनि मत्तछन्, आफ्नो होशमा आउन सकेनन् । यही बेहोशी अवस्था पाई साथको अहङ्कार-चोरले हृदय-ढुकुटीको विवेक स्थितिरूपी धन-धमाधम चोरिहेछ ।।१।। योगीजन योगकै क्रिया-पद्धति र ध्यानमा लट्ठिए, पण्डितजन पौराणिक कथा-अध्ययन-प्रवचन गर्दै मस्त छन् ।।२।। तपस्वीहरू तपस्याको रहस्य हामीले नै बुझ्यौं भनी गम्कने भए । संन्यासीहरू 'अहं ब्रह्मास्मि–जगतै म हुँ भन्ने' मदमा परे ।।३।। मौलबी (मुसलमानी पण्डित) जति मुसाफ–उनका शास्त्र 'कुरान-शरीफ' पढाईको अहङ्कारमा मस्त छन् । काजी (न्यायक) धर्मका क्रिया-कलापको न्याय-निर्णय दिंदै मस्त छन् ।।४।।

संसारीजन वनिता-वैभव, पुत्र-पद आदि मायाका बाढीमा बग्नमै मस्तछन् । राजाहरू झन् राज-मदकै घमण्डमा परेका छन् ।।५।। परम विरक्त शुकदेवजी, ज्ञानी उद्धव, अक्रूरहरू अद्वैत ज्ञान वा कल्पनाका कर्ता-ईश्वरादिमा मस्त भए । हनुमानको त जहाँ पनि शस्त्र, सम्पत्ति र सिंहासनसमेत पुच्छर नै थियो । पुच्छरकै बल र राम-भक्तिमा मस्त थिए ।।६।। शिवजी श्री विष्णुका चरणको अनन्य सेवामा मस्त थिए भने कलियुगमा नामदेव र जयदेव–यी दुवै भगवान्का भक्तिमा मस्त थिए ।।७।।

जड-चेतनको ठीक-ठीक पारख-बिना, स्वयं चेतनको स्थिति

न पाउँनाले यज्ञ, हिंसा, कर्तावाद, अद्वैतवाद आदि कल्पनालाई नै स्मृति-वेदले बारम्बार समर्थन गरेका छन् । जस्तो आफ्नै भाइ विभीषणले घरको छिद्र बताइदिंदा रावण मारिएथ्यो, त्यस्तै 'हाम्रा वेद-पुराणले बताएको' भन्ने बिना विवेकको मान्यता र आफ्नै हृदयबाट उठेका कल्पना-अहङ्कारबाट जीव मारिइरहेछ, धोखा कष्ट भुक्तिइरहेछ ।।८।। विवेकबाट रित्तो चकचके स्वार्थान्ध मनको कामै घिनलाग्दो हुन्छ । यसैले गुरु कबीर भन्नु हुन्छ–मनको छुकछुकेपना, सुखाध्यास, अभिमान कल्पना, हेलचेक्र्याइँ आदिलाई सर्वथा छाडी होशमा उत्र । यिनै "उरपुर' निवासी रमैयाराम स्व-स्वरूप चेतनको चिन्तन पारख-स्थिति गर ।।९।।

अरू– मदको अर्थ हुन्छ– मद्यादिको सेवनबाट मनमा हुने विकार, नशा, मस्ती, उन्माद, हर्ष, गर्व । मातको अर्थ–मस्त, मदमस्त, कामुकतादि । परन्तु यो बसन्त भरको तात्पर्यबाट यहाँको अर्थ हुन आयो–खानी-वाणीका नशामा सबै उन्मत्त भए' स्वयं चेतन स्वरूपको होशमा कोही भएनन् । यही लहरमा संसारीदेखि शिवजीसम्मको नाम पनि पर्‍यो । कारण हो–वेद* शास्त्रादिका ग्रन्थमा निक्खरा पारख-ज्ञान कहीं पाइँदैन । यो बसन्तमा वर्णित सबै पूर्वज मान्यजन पनि वेद उपनिषद् शास्त्रादिकै अनुगमनमा हुनुभई 'स्व पद' शुद्ध ज्ञानमात्रमा स्थिति न लिई, कल्पनाकै आधारमा समाधिस्त ध्यानस्थ र भक्तियोगमा तल्लीन रहनु भएको भन्ने पुराणादिबाट देखिनाले उही-उहीको मान्यतारूप एक भावनात्मक नशामा मस्तभए भन्नु भएको हो । यही बसन्तको टीकामा श्री पूरणसाहेबबाट मदहरूको वर्गीकरण गरी अष्ट मद बताउनु भएको छ । ती हुन्–योग-मद, विद्या-मद, तप-मद, र

* वेद शास्त्र के ग्रन्थ में, पारख कतहूँ नाहिं ।
अन्य मतों के ग्रन्थ में, खोजि मिले नहिं ताहिं ।। (स.नि. २।९२)

ज्ञान-मद–यी चार वाणी (सूक्ष्म) मायाका मद हुन्। राज-मद, धन-मद जवानी (शक्ति) मद र स्त्री (काम) मद–यी खानी (स्थूल) मायाका मदसमेत कुल आठ मदमा संसारै मस्त छन्। यिनैका अन्तर्गत माथि बताइएका योगी तपस्वी मौलवी आदि पनि पर्न आए।

भाव हो– जड, भास कल्पनादेखि भिन्न शुद्ध द्रष्टा चेतन स्वयं ज्ञानमात्रको स्थिति नभई, अरू जहाँ अल्झे पनि त्यहींको रङ्ग चढ्ने, अभिमान आसक्त हुने हुनाले मुमुक्षुको कर्तव्य हो– प्रारम्भमा सम्यक विवेक गरी, सत्य सार परम तत्त्वलाई छान्नु। छान्ने बुद्धि आउनासाथ हामीमा पारखदृष्टि बनिहाल्दछ। हामीले जडदेखि छुट्टा स्व-स्वरूप सत्य चेतन भेट्टाइहाल्छौं। शुद्ध द्रष्टामात्र स्वरूपमा मद मोह कल्पना केही रहँदैन। अनि हामीलाई केहीको रङ्गले छुन पनि सक्तैन। हामी निखरा आफ्नै रङ्गमा सदाको लागि शान्त रहनेछौं।

★

बसन्त – ११

शिव काशी कैसी भई तुम्हारि। अजहूँ हो शिव लेहु विचारि ॥१॥
चोवा चन्दन अगर पान। घर-घर सुमृति होत पुरान ॥२॥
बहु विधि भवने लागू भोग। ऐसो नग्र कोलाहल करत लोग ॥३॥
बहु विधि परजा लोग तोर। तेहि कारण चित ढीठ मोर ॥४॥
हमरे वलकवाके इहै ज्ञान। तोहरा को समझावै आन ! ॥५॥
जो जेहि मनसे रहल आय। जीव का मरण कहु कहाँ समाय ॥६॥
ताकर जो कछु होय अकाज। ताहि दोष नहिं साहेब लाज ॥७॥
हर हर्षित सो कहल भेव। जहाँ हम तहाँ दूसरा न केव ॥८॥
दिना चारि मन धरहू धीर। जस देखैं तस कहहिं कबीर ॥९॥

शिव काशी छ यो तिम्रो, बन्न गयो कसोगरी ! विचार यो अझै राम्रो, सुधार हुन्छ जे गरी
चुवा चन्दन ओ पान, अगर आदि ले पुजी। स्मृति घर घरै गीता, पुराण हुन्छ यो बुझी
सम्झी श्रेष्ठ यहाँलाई, अर्पी मिष्ठान्न भोजन। 'ब्रह्मज्ञ श्रेष्ठ' हुन् भन्दै, गर्छन् नगर पूजन
शिष्य शाखा तपाईंका धेरै देखेर सोधनी- गर्न साहस भो मेरो, यी सबै बातको पनि
यो हामो बालको ज्ञान, द्वैतमा बन्न सक्तछ। को सम्झाओस् यहाँलाई! जोएक ब्रह्म पूर्ण छ

जसको मन जे आयो, ऊ उही सत्य भन्दछ । अखण्ड जीवको मृत्यु-भै कहाँ फिन मिल्दछ!
उसैको हुन्छ जो हानि, जीवको दोष छैन क्यै । गुरुकै शिरमा पर्छ, सर्वथा साज दोष गै
शिव हर्षित भै भन्छन्, ज्ञानको मर्म यो भनी । जहाँ म एक छू पूर्ण, तहाँ छैनन् कुनै पनि
धैर्य मन दिनै चार-राख गम्भीर बुद्धि ली । जस्तो विवेकले देख्छन्, उस्तै भन्छन् कबीरजी

अर्थ– शिव- हे कल्याण– स्वरूप ब्रह्मज्ञ ! तपाईंको शुद्ध सत चित आनन्द स्वरूपमा यो असत जड दुःखरूप काशी–काया, कसरी उत्पन्न भयो ? अझै यो कुरा अति गडेर विचार गर्नोस् ! अथवा तपाईंको स्वरूप त शुद्ध प्रबुद्ध पारख द्रष्टा ज्ञानमात्र हो, यो कुरा अझ पनि सम्झनोस् ।।१।। चोवा–सुगन्धित-पदार्थ, चन्दन धूप बत्ती पानसहित गरी दुनियाँबाट तपाईंको धूमधाम स्वागत सत्कारपूर्वक ठूलो पूजा-सेवा हुन्छ । घर-घर स्मृति-पुराणकै कथा वार्ता चल्दछन् । त्यहाँ तपाईंको आदर, दर्शन-भेट गर्दछन् ।।२।। भक्त, समाजले तपाईंलाई परमपूज्य मानेर घर-घर लगी विविध व्यञ्जनयुक्त भोजन गराउँछन् । यी त भक्तकै हितका कुरा हुन् । यस्तै शहर-बजार, गाउँ-घर जताततै मानिसद्वारा ठूला ब्रह्मज्ञानी महात्मा' भन्ने तपाईंकै अति चर्चा चलिरहेछ ।।३।। यहाँका चेला चेली पनि धेरै रहेछन् । यसैले (विविधताको भाव देखेर) मेरो चित्तमा केही सोध्ने साहस बढेको हो ।।४।।

हामी त जगत्लाई अनेकरूपमा देख्ने हुनाले यहाँका दृष्टिमा बालकसमानकै हुँ । हुन पनि हाम्रो ज्ञान यस्तै अनेकलाई अनेक रूपमा देख्ने नै हो ! परन्तु हे अद्वैतवादीज्यू ! तपाईंलाई दोस्रो कसले समझाओस् ! (यहाँका दृष्टिमा दोस्रा कोही छन पनि त छैनन्!) ।।५।। कुरो ठीकै हो, जसको मनमा जे आउँछ, ऊ उही भन्नथाल्दछ । भन्छन्– जस्तो पानीको छाल (तरङ्ग) पानीमै बिलाउँछ, त्यस्तै ब्रह्ममा जीव विलीन हुन्छ । परन्तु यो ब्रह्मरूपी

कल्पित समुद्रमा अनमिल अविनाशी जीव पनि डुबेर मर्दछ भन्ने कुरो कुन विवेकीका विवेकमा अटाउन सक्ला र! ।।६।।

यो अद्वैत को कल्पना ◈ बाट आजसम्म जीवको जे-जति हानिभयो, यसमा ती बिचरा जीवहरूलाई के दोष ! दोष त अद्वैत प्रचारक स्वामीज्यूहरूकै थाप्लोमा पर्न आउँछ । यहाँहरू जस्ता अद्वैतवादीका दृष्टिमा पनि हामीसमानका जीव बनिरहनु– यो यहाँहरूकै निमित्त शर्मको कुरो होइन त ! ।।७।।

यस्तो बाल-बोलीसमान कुरा सुनेर ब्रह्मवादी महात्मा प्रसन्नभई आफ्नो अद्वैतको रहस्य भन्न लाग्नुभयो– जहाँ हामी ब्रह्म छौं, त्यहाँ दोस्रो कसरी रहन सक्छ ! एक ब्रह्ममा द्वैततत्त्वको स्थान नै रहँदैन ।।८।।

गुरु कबीर भन्नुहुन्छ– चार दिन चुप लागन ! सबै मै हुँ भन्नेले पनि जगत् र ब्रह्म एकै हो भन्ने मान्यता (अध्यास)बाट फेरि गर्भमा जानुपर्दा अनि थाहा पाउलान्! मैले त विवेकबाट जस्तो जड-चेतन छुट्टा-छुट्टै देखें, उस्तै भनिदिएको छु ।।९।।

अरू– यो बसन्तमा गुरु कबीरबाट ब्रह्मबादको सिद्धान्त जस्ताको तस्तो बताई त्यसप्रति अति सुन्दर-सुमधुर ढङ्गबाट आलोचना गर्नुभएको छ । ध्यान दिई मनन गर्ने हो भने यत्तिकैले अद्वैत ब्रह्मबादबाट सत्य तथ्य-जड चेतन पृथकवादमा उक्लिहालिन्छ । होइन, विवेकलाई थन्क्याई पुस्तक र व्यक्तिकै अनुगामी बन्न नछाड्ने हो भने आफ्नो खुशी ! तरपनि अवश्य याद राख्नुपर्ने कुरा यो छ-न्याय र विवेकको निष्कर्षलाई कुनै आड् पक्षका कुराले

◈ मन सो प्युन्मनी भावेऽ द्वैत भावं प्रकल्पते ।

'मन उन्मनी भावमा प्राप्त भई विलय भएको अवस्थालाई अद्वैत (परिपूर्ण व्यापक) भन्ने परिकल्पना गरेका छन् ।' – [अमनस्क गीता २।८२]

मेट्न-काट्न सकिंदैन । फल पनि संस्कारकै अनुसार भोग्न बाध्य हुनु पर्दछ। त्यसबेला हामीले पक्ष आधार लिएका कुनै कल्पना का इष्ट, कोही व्यक्ति सहायक हुँदैनन् । ब्रह्मवादको विशेष विवेचन रमैनी ११,१२,१७,१८,१९,२५,२९,३५,४२,५७,६०,७४ शब्द १४, २३ साखी एकसय तेईसको टीकाबाट मनन गर्न योग्य छ ।

★

बसन्त – १२

हमरे कहलक नहिं पतियार । आप बूडे नर सलिल धार ।।१।।
अन्धा कहै अन्धा पतियाय । जस विश्वा के लगन धराय ।।२।।
सो तो कहिये ऐसो अबूझ । खसम ठाढ ढिग नाहीं सूझ ।।३।।
आपन - आपन चाहैं मान । झूठ प्रपञ्च साँच करिजान ।।४।।
झूठा कबहुँ न करि है काज । हौं वरजौं तोहि सुनु निलाज ।।५।।
छाडहु पाखण्ड मानो वात । नहिं तो परबेहु यम के हाथ ।।६।।
कहहिं कवीर नर किया न खोज । भटकि मुवा जस बनके रोझ ।।७।।

मेरो बचन पत्यार गर्दैनन् जग जीव यी । स्वयं प्रवल बाढीमा, बग्दै डुब्छन् फठं ! गई
अन्धाको वाक्य अन्धैले पत्याउँछन् अहो यहाँ! जस्तै वाराङ्गना नारी, पति गर्छे जहाँ तहाँ
यस्ता अबूझछन् प्राणी, गर्दैनन् ख्याल क्यै पनि। स्वयंस्वामी खडासाक्षात्, देख्तैनन् भ्रान्तिले यिनी
आ-आफनै मानचाहन्छन्, शान्तिमिल्छ कसो गरी । झूट्टा प्रपञ्चनै सत्य, ठान्दछन् पक्षमा परी
झूट्टाले काम गर्दैन, कुनै हालतमा पनि । म रोक्तछु तिमीलाई, निर्लज्ज ! सुन यो गुनी
छाड पाखण्ड सम्पूर्ण, विवेको बात मानन । अन्यथा यमको हात, परौला हित ठानन !
भन्छन् कबीर यी प्राणी, खोज्दैनन् अझ यो सुन । बन्य थारल प्राणी झैं, मर्छन् भ्रान्त भई कन

अर्थ– मैले (सत्य -न्यायी सन्त पारखीजनले) बताएका वचन मानिस प्रतीतै गर्दैनन् । आफैं सलिल–पानीको बाढी (वाणीका लहै-लहै)मा बगी गर्भवासमा डुब्न पुग्दछन् ।।१।। विवेक नरुचाउनेहरू भ्रम-कल्पनाकै चर्चा गरिरहन्छन्, त्यस्ता कुरा उस्तै अविवेकीजनले पत्याउँछन् पनि । जस्तो वेश्याले दिनदिनै अनेक लगन लगाउछे (नवीन-नवीन पति वरण गर्दछे) त्यस्तै अन्ध-विश्वासी जीव कल्पनाका पति नै वरण गर्दछ ।।२।। अबूझ–बिना

बुद्धिका व्यक्ति भनेका यस्तै हुन्छन् । खसम आफ्नो स्वामी चेतन रमैयाराम अपरोक्ष (स्वयं) छ र पनि देख्न-होश पुऱ्याउन सक्तैनन् । अनेक मतका गुरुजनले यिनको विवेक-बुद्धिरूपी नेत्र नै फोरिदिएकाले अब कुन दृष्टिले देखुन् ! ॥३॥

मानका इच्छुक सबै आ-आफ्नै मान्यता पक्रेका छन् । झुट्टा प्रपञ्च-जाल, खालि बतासको गोलीरूप वाणीलाई नै सत्य प्रतीत गरिरहेछन् ॥४॥ परन्तु हे बेशर्मी ! सुन, यति सम्झ—झुट्टा वाणी, झुट्टा इष्ट वा झुट्टै मान्यताले तिम्रो मुक्ति-गतिको काम कदापि बन्ने◈ छैन । म यस कुरामा तिमीलाई रोक्छु ॥५॥ अब त तिमी यस्ता पाखण्डी चाल छाड, हितैषी पारखी सन्तका विवेकपूर्ण वाक्य नै ग्रहण गर । अन्यथा खानी-वाणीका चक्रमा पेलिनलाई अनेक मान्यता र वामा—वञ्चकरूपी यमका हातमा बारम्बार परिरहनेछौ ॥६॥ गुरु कबीर भन्नु हुन्छ—मनुष्यले सबै मत-पक्षबाट पन्छेर सत्सङ्ग र स्वयं विवेकद्वारा आफ्नै अपरोक्ष ज्ञान स्वरूपलाई खोजेन; बनका रोझ—जङ्गली थारल-घोरल दौडेझैं कल्पनाका इष्ट-प्राप्तिकै निमित्त तीर्थ-व्रत, योग कर्मकाण्डादि बाहिरै भौंतारिंदा-भौंतारिंदै एकदिन घुस्रुक्क मऱ्यो, गयो ॥७॥

अरू— मानिसले मुक्ति नखोजेको होइन, खोजिरहेकै छ, तर विवेक-बिना, सुनिसुनाई र लहै-लहैमा लागी, देव-दर्शन, तीर्थ-व्रत र कथा-कीर्तनद्वारा कल्पनाकै इष्टलाई खोजिरहेछ, व्यापक-सर्वत्र पूर्ण बन्न खोज्दछ । यहाँ खोजाईमै फरक पऱ्यो । मानिस जुन मत-मान्यतामा लागेको छ, अन्धविश्वासबाट उसैलाई पक्रिरहन्छ । लाखौं असङ्गति कुरा छन् र पनि देख्तैन देखेपनि विवेक गरी असत्यजति छाडी, सत्यैसत्यलाई अँगाल्ने आँट आउँदैन, भयभीत

◈ *who speaks the truth stabs falshood to the heart.* –G R. Lowell
'सत्य बोल्नेले असत्यको मुटुमा छुरी रोप्तछ ।'

हुन्छ । उल्टो विवेक-निर्णयका तथ्य कुरालाई नै दोष दिन थाल्दछ । यही कुरा यो अन्तिम बसन्तमा गुरु बताउनु हुन्छ–"भटकि मुवा जस बनका रोझ ।"

अतएव यसमा हाम्रो कर्तव्य हो–हृदयबाट हरेक पक्षको पर्दा हटाई, सत्सङ्गमा बस्नु । विवेकको चश्मा लगाई, सार-सत्य चेतन-ज्ञानमात्र स्वरूपलाई छानेर लिनु । जडमा आफूसमेत मुछिएर वा अल्प अंश छाया र दास बनेर होइन, अनादि शाश्वत सत्य ज्ञानमात्र स्व-स्वरूपको स्थिति सम्हालेर, स्वतन्त्र सम्राट् बनी, सदाको लागि शान्त-स्थिर हुनु ।

★

बसन्तको मिल्यो ज्ञान, करुन् थोत्रा पर्तिगर ।
मुजुरा ज्ञान-वैराग्य, पलाउन् नव्य सत्वर ।।

———

सद्गुरवे नमः

बी ज क

सातौं खण्ड

चाचर – १

खेलति माया मोहनी । जिह्न जेर कियो संसार ।।१।।
रचेउ रङ्गते चूनरी । कोइ सुन्दरि पहिरे आय ।।२।।
शोभा अद्भुत रूप वाकी । महिमा वरणि न जाय ।।३।।
चन्द्र बदनि मृगलोचनी माया । बुन्दका दियो उघार ।।४।।
जती सती सब मोहिया । गजगति ऐसी जाकी चाल ।।५।।

[अनुवाद – बसन्त तिलका छन्दमा]

खेल्छे मयालु बहुतै मृदुनी लगाई । संसार कैद बिचमा यसले गराई ।।
रङ्गाइ रङ्ग चुनरी रचदै थपक्क । आई कुनै सुमुख फो पहिरी सपक्क ।।
शोभायमान उसको डिल डौल चाल । गर्नै बयान छ कडा अनगम्य हाल ।।
श्री चन्द्र कै सरि प्रफुल्ल अहा मुहार । आँखा छ खास उसको मृगकै अकार ।।
रातो टिका सिधुरको छ ललाट स्वक्ष । घुम्टो खुला छ करके गरदै कटाक्ष ।।
योगी सती सब कर्न अति लट्टु पार्छे । हात्ती समान निज चाल लसक्क फिर्छे ।।

अर्थ– जुन मायाले सारा संसारलाई अलमल्याई, जेर–थिची गाडेर, हैरान गराई बन्धनमा राखेकी छ; उही विमोहिनी माया, आज पनि सबका साथ चाचर◈ खेल खेलिरहीछ ।।१।। मायाले विषय-रङ्गको रङ्गी-चङ्गी चुँदरी (पछ्यौरा) बनाएकी छ।

◈ फागुनका समय स्त्री-पुरुष परस्पर रङ छ्यापा-छ्याप, अबीर हाना-हान गर्दछन्; यही हो चाचर खेल। यसमा विशेषतः नारीवर्गकै विजय हुन्छ । यही खेलमा गाउने यो एक प्रकारको गीत हो । यो ध्वनिलाई पनि चाचर भन्दछन् । यहाँ खेल-खेल्ने एकातिर एक्ली माया र अर्कातिर ब्रह्मा, विष्णु, शिव, इन्द्र कृष्णसहित सारा संसारका सुभट महान्-महान् व्यक्ति छन् । मायाले सबैलाई मोहित पारिरहीछ ।

यस्तो चुँदरी कुनै सौभाग्यवती सुन्दरीले नै आई पहिरन्छन् (विषयको विलास बिरलै भाग्यशालीले मात्र पाउँछन्) भन्ने विषयीजनको भनाई छ ॥२॥ मायाको कान्ति-छटा अचम्मको र महिमा अवर्णनीय छ ॥३॥ चन्द्रमाको समान उज्यालो मुहार, मृगका जस्ता सलक्क परेका आँखा, निधारमा रातो सानो बाटुलो टुपुक्क-टीका लगाई, मुख र टीकासम्म देखिने गरी घुम्टो उघारेकी ॥४॥ यस्ती मायाको सुरम्य सौन्दर्य-दीप्ति देख्दा भोगी योगी सती-सत्यवादी सबका सब विमोहित भए। त्यो मायाको चालै हात्ती लस्के झैं लसक्क लस्कने, मदमस्त भई हिंड्ने (बिस्तार-बिस्तार सबैलाई लठ्याउने) छ ॥५॥

नारदको मुख माडि के लीह्नो बसन छोडाय ॥६॥
गर्भ गहेली गर्भ ते उलटि चली मुसकाय ॥७॥
शिव सन ब्रह्मा दौरिके । दूनों पकरे धाय ॥८॥
फगुआ लीह्न छुडाय के । बहुरि दियो छिटकाय ॥९॥

पारेर मोह बिच नारद छक्क पारी । शेखी उखेलि अभिमान गरेर भारी ॥
माया घुमी र शिवजी विधि दौडँदै गै । पक्रे दुवै कन छुटाइ बकस् लिंदी भै ॥
छर्दे तहाँ विषय स्वाद लगाइ चस्का ।

अर्थ– (शीलनिधि राजाकी छोरीको स्वयंवरमा मायाले) नारदको असली अनुहार ढाकी, ढेडु बाँदरको मुख बनाई त्यत्रो भारी समाजमा तिनको लज्जारूपी वस्त्र खोसेर बेइज्जती गरी, कामातुर बनाई ॥६॥ ती नारदलाई पत्रु बनाएर मदोन्मत्त माया मुसु-मुसु हाँस्तै फर्की ॥७॥ शिवजीको साथ-साथ◈ ब्रह्माजीको मन पनि दौडयो र माया दौडँदैगई, दुवैलाई पक्री ॥८॥ विषय-फागु खेलको खुशियालीमा ती दुवैसित पनि उपहार लिइछाडी । अर्थात् तिनका

◈ पार्वतीका साथ विवाहमा शिवलाई त मायाले वश गरेकै थिई, ब्रह्मालाई पनि मोहित गराई, शिर कटाइछाडी ।

पारमार्थिक खेल छुटाएर विषयरूपी फागु-खेलमा लगाई, ठूलो व्यवहारमा बेसरी मस्काइदिई ।।९।।

अनहद धुनि बाजा बजे । श्रवण सुनत भौ चाव ।।१०।।
खेलनहारा खेलि हैं । जैसी वाकी दाव ।।११।।
ज्ञान ढाल आगे दियो । टारे टरै न पाँव ।।१२।।
खेलनहारा खेलि हैं । बहुरि न वाकी दाँव ।।१३।।

जस्तै अहा ! अनहदी अनुरूप झस्का ।।
बाजा बजे श्रवण ले सुनि प्रेम जाग्यो । बेचैन खेल बिचमा मन भुल्न लाग्यो ।।
खेल्छन् तहाँ जन सबै मन मस्त बन्दै । जस्तो त औसर जबै जसको नभन्दै ।।
ज्ञानीहरू अघि बढे लिइ ज्ञान ढाल । टर्दैन पाउ उसको बहुतै कराल ।।
खेल्छन् अनेक विधि खेल समाज सबै । पर्दैन दाउ तिनको सब व्यर्थ गर्व ।।

अर्थ– योगीजनले प्रेममा विभोर भई, सुन्ने भित्री अनहद ध्वनिसमान यहाँ मायाका आभूषणको रुनकार-ध्वनि बजिरहेछन् । यो सुन्दा विवेक-विहीन जनका मनमा ती मायासित मिल्ने उत्सुकता-वश अधीरता बढ्दछ ।।१०।। खेलाडी खेलिरहेछन् जसलाई जस्तो दाउ लाग्यो, उनी उस्तै क्रीडामा रत्तछन् ।।११।। (स्थूल खानी-मायाबाट हटेर सूक्ष्म वाणी-मायाको आश्रय गर्नेहरू पनि आ-आफ्ना ज्ञान-साधनारूपी ढाल अघिसारी, मायासित लड्दछन्, तर हटाउँदा पनि मायाको पाउ हट्तैन (सूक्ष्ममाया–देवी देवता ईश्वर ब्रह्म आदिका कल्पनाले साथ छाड्दैन) अथवा सब मतवादी आ-आफ्ना ज्ञान-ढाल अघिसारी एक-दोस्रासित लडछन् (खण्डन-मण्डन गर्दछन्) तर कोही टसबाट मस हुँदैनन् ।।१२।। सबै खेलाडी खेलिरहेछन् (शास्त्रार्थ-गरिरहेछन्) फेरि यस्तो मौका कहाँ पाउँछन् ; अर्थात् सबै आ-आफ्नै भारी मौका सम्झी, विषय वा वाणी-क्रीडामा तन्मय छन् ।।१३।।

सुर नर मुनि औ देवता । गोरख दत्त औ व्यास ।।१४।।
सनक सनन्दन हारिया । और की केतिक बात ।।१५।।
छिलकत थोथे प्रेम सों । मारे पिचकारी गात ।।१६।।
कै लिह्नों वसि आपने । फिर-फिर चितवत जात ।।१७।।

दर्चौता र मानव सुरै मुनि वीर व्यास । गोरक्ष दत्त सनकादि सबै त खास ।।
जो श्रेष्ठ विज्ञजन थे सब हारखाए । के शक्ति अन्य नरको उसमै रमाए ।।
देखाइ प्रेम उपरी अति हर्ष भारी । हानेर देह बिचमा सब च्याप्प पारी ।।
हेर्छे छुटे कुन भनेर घुमी घुमी त्यो ।

अर्थ– सुर नर मुनि देवता गोरखनाथ दत्तात्रेय वेदव्यास सनक सनन्दनादि सबै कोही खानी वाणी दुवै मायामा परे, कोही खानी-मायाबाट बचेका थिए, तर वाणी-मायाबाट बच्न सकेनन्; मायाकै वशीभूत भए । यस्ता त मायाका जालमा मस्किए भने अरू जन-साधारणको के कुरा ! ।।१४-१५।। मायाको व्यर्थ खोक्रो-प्रेम देखी जीव भईमा खुट्टै टेक्तैनन्, के के न पाएँ भन्ने ठान्दछन् । माया भने काम, कल्पनाका पिचकारीले शरीर र अन्तःकरणमा हान्छे ।।१६।। सबैलाई आफ्ना वशमा राख्छे । कोही बचेका छन् कि भनी बारम्बार घुमी-घुमी हेर्दछे ।।१७।।

ज्ञान डाँग लै रोपिया । त्रिगुण दियो है साथ ।।१८।।
शिव सन ब्रह्मा लेन कहो है । और की केतिक वात ।।१९।।
एक ओर सुर नर मुनि ठाढे । एक अकेली आप ।।२०।।
दृष्टि परे उन काहु न छाडे । कै लीह्नो एकै धाप ।।२१।।

खामो त ज्ञान रमणीक उता खडा भो ।।
झुन्ड्याइ चीर त्रिगुणी झलमल्ल खुल्ये । ब्रह्मा गई शिव सँगै यहि ज्ञान लिन्थे ।।
यस्ता फँसे त भवका जन को नि बच्छन् । एकातिरै मुनि मनुष्य सुरादि बस्छन् ।।
अर्का तिरै निज अकेल खडी छ लड्ने । देखा परे जुन जहाँ उसले न छाड्ने ।।
एकै लपेट बिच च्याप्प समाइ बेर्छे ।

अर्थ– तिनलाई केही सन्तोष दिन यिनै मायाले ज्ञान-डाँग–अद्वैतवादको खम्बा गाडी, तर साथै त्रिगुण-जगत् टाँसिदिई ।

अर्थात् तत् त्वम् असि; अस्ति, भाति, प्रियको व्याख्या गरी-गरा, अन्तमा सारा संसारै ब्रह्म हो भनी, मायाले संसारमै अटल गराइदिई ।।१८।। शिवजीसित ब्रह्माजीले पनि यो अद्वैत ज्ञान लिएथे, अथवा संसार-भोग भोग्न सिकाएका थिए भन्दछन् भने अरूका के कुरा ! ।।१९।। एकातिर सुर-नर, मुनि (उपासक, कर्मी, योगी) अथवा त्रिगुणी जीव खडा छन्, अर्कातिर एक्लै माया खडी छ ।।२०।। जसलाई यसले पुलुक्क हेरी, उसलाई छाडिन, एकै झम्टाईमा पक्री-घ्याँकिहाली ।।२१।।

जेते थे तेते लिये । घूँघट माँहि समोय ।।२२।।
कज्जल वाकी रेख है । अदग गया नहिं कोय ।।२३।।
इन्द्र कृष्ण द्वारे खडे । लोचन ललचि लजाय ।।२४।।
कहहिं कबीर ते ऊबरे । जाहि न मोह समाय ।।२५।।

घुम्टो बिचै सब भरी पछि सास फेर्छे ।।
मायीक छाप गुन त्यो अति नै छ कालो । निर्दाग छैन भवमा जन को उज्यालो ! /
श्री कृष्ण इन्द्र पनि द्वार विषे खडा छन् । आशा छ दर्शन बिना मन लाज मान्छन् ।।
भन्छन् कबीर जन ती यसबाट बच्छन् । टाँसिन्न मोह बिच जो निजमा अटलछन् ।।

अर्थ– माथि भनिएका स्थूल, सूक्ष्म मायाका वशीभूत जे जति थिए, सबैलाई मायाले आफ्नै घुम्टो–पछ्यौरा भित्र पारी-छोपी (आफूमा आसक्त गराई) ।।२२।। मायाको रेख–चिह्न नै कालो (अविद्याको) हुन्छ । बिना पारख यसबाट कोही अदाग–निर्दोष छुट्न पाएनन् ।।२३।।

इन्द्र महाराज र श्री कृष्णचन्द्र जस्ता महान् सुभटको पनि मायाको दर्शनका निमित्त आँखा उत्सुक छन्; उसैका ढोका कुरिरहेछन्, तर पनि दर्शन नपाउँदा लज्जित छन् (इच्छानुसार भोग नपाउँदा खिन्न छन्) ।।२४।। गुरु कबीर भन्नु हुन्छ–यी खानी-वाणी मायाबाट उही व्यक्ति बच्तछ, जसको हृदयमा मायाको मोह-ममता गाडिएको छैन ।।२५।।

अर्थ– स्त्री-पुरुषको पारस्परिक आसक्ति, आफ्नै शरीर घर धन, कुटुम्बादिको स्नेह; मान-बडाई आदि सबै खानी माया हुन्। देव-देवी, ईश्वर-ब्रह्म, स्वर्ग, परमधाम, वेद-कुरानादि स्व-स्वरूप देखि भिन्नका मान्यताजति वाणी-माया हुन्। पारख-ज्ञानमा प्रवेश भएपछि पनि सावधानी र विवेकको कमीमा शिष्य-शाखा, महल-मन्दिर, पूजा-प्रतिष्ठा, लोक-प्रसिद्धिको भावना भयो भने यहाँ पनि माया न घुस्ने होइन, स्वरूप भन्दा भिन्न सबै माया हुन्। तसर्थ चारैतिरबाट सावधान रहनु, लक्ष्य कतै बग्न नदिनु मुमुक्षुको परम कर्तव्य हो। सावधानी, साधना र स्वरूपमा संलग्नताले नै हामीलाई सदा सह्मालेर स्वयंमा शान्तिसम्पन्न स्थिर गराउँदछ।

★

चाचर – २

जारो जगका नेहरा । मन बौरा हो ॥१॥
जामें सोग सन्ताप । समुझि मन बौरा हो ॥२॥
तन धन से क्या गर्भ सी । मन बौरा हो ॥३॥
भस्म कीह्न जाके साज । समुझि मन बौरा हो ॥४॥
बिना नेव का देव घरा । मन बौरा हो ॥५॥
बिन कह गिलकी ईंट । समुझि मन बौरा हो ॥६॥

विक्षिप्त हे मन ! जगत्-ममता छ जालो । सन्ताप शोक समझी गर भस्म फालो ॥
विक्षिप्त हे मन ! शरीर र द्रव्य जो छन् । के गर्नु गर्व सब भस्म गराउने हुन् ॥
बिक्षिप्त हे मन ! जगै बिनको शिवाला । माटो बिना ईंट छ खात-दुरुस्त चाला ॥

अर्थ– जारो–जाल वा जलाउ। हे बौलाहा मनका वशीभूत जीव ! जगत्को मोह नै तिमी बाँधिने-अल्झने जाल हो, त्यसलाई जलाइहाल !॥१॥ किनभने यसैमा विविध शोक-जलन भरिएका छन्। हे पागल मन ! राम्रो सम्झेर बच, त्यसलाई जला॥२॥ क्षणीक शरीर-सम्पत्तिको के घमण्ड गर्छस् ! ॥३॥ जसको सम्पूर्ण साज-सामानले तँलाई भुलाइरहेछन्, ती आफू पनि अन्तमा खरानी

बन्ने हुन् । हे विच्छिप्त मन ! तँ यो सम्झी–।।४।। बिना जगको देव-मन्दिरसमान तेरो शरीर कति दिन टिक्ने हो र ! ।।५।। बिना हिलाका ईंटमात्र चाङ लगाई बनेको घरजस्तै, तेरो शरीर क्षण-भङ्गुर, विनष्टरूपको छ; यो कुरा अति राम्ररी सम्झी ।।६।।

कालबूत की हस्तिनी । मन बौरा हो ।।७।।
चित्र रचो जगदीश । समुझि मन बौरा हो ।।८।।
काम अन्ध गज बशि परे । मन बौरा हो ।।९।।
अङ्कुश सहियो शीश । समुझि मन बौरा हो ।।१०।।

विक्षिप्त हे मन ! बनावट की त ढोई । देखेर चित्र मनले रचदैछ सोही ।।
सिल्ली तँ हे मन ! मनोज बशी छ हात्ती । अन्धो बनेर शिर अङ्कुश खप्छ सास्ती ।।

अर्थ– कालबूत–कालो कागजबाट बनेको नकली ढोईलाई साँच्चिकै हस्तिनी सम्झी, मत्ताहात्ती जाँदा धोखा खाई बन्धनमा परेथ्यो ।।७।। त्यस्तै जगदीश–जगतैको शासक-मनले कृत्रिम विषयको चित्र बनाई, जीवलाई पासोमा पारिरहेछ, हे पागल मन ! यो कुरा ठीक-ठीक सम्झी ।।८।।त्यो हात्तीले कामान्ध हुँदा मानिसको घेरामा परी जन्मभर चुटाइखाई, विवशता सही आजीवन भारी बोक्न परेको हो । हे सन्की मन ! त्यस्तै तँ पनि मान्यता मात्रको सुखका साज र सुमुखीका नकली चमक-दमक देखी, तिनैका मोहमा परिस् । फलस्वरूप अनेक दुःख-बोझा सहन परिरहेछ ।।९-१०।।

अरू– ढोईको अनुरक्तिमा हात्तीले कष्टपाएको कथा रमैनो पचास बाट पनि अध्ययन भएकै होला ।

मर्कट मूठी स्वाद की । मन बौरा हो ।।११।।
लीह्लों भुजा पसारि । समुझि मन बौरा हो ।।१२।।
छूटन की संशय परी । मन बौरा हो ।।१३।।
घर घर नाचेउ द्वार । समुझि मन बौरा हो ।।१४।।
ऊँच नीच समझेउ नहीं । मन बौरा हो ।।१५।।
घर घर खायउ डाँग । समुझि मन बौरा हो ।।१६।।

सिल्लि तँ हे मन ! नहो कपि लालची झैं । स्वादे, मुठ्याउँछ चना अडक्यो तहीं नै ।।
सिल्ली तँ हे मन ! कहाँ अब उम्कने हो । लट्ठी सहेर घर घर अब नाचने भो ।।

अर्थ– मदारीले बाँदर पक्रन भनी साँगुरो मुखको घैंटामा हालेको मकै बाँदरले मुठ्याई स्वादको लोभ-वश मुट्ठी खोल्दैन, मदारी आई उसलाई पक्री हात बाँधी विवशतामा राख्तछ। फेरि कहिले छुट्न पाउँला भन्ने बाँदरलाई संशय बनी नै रहन्छ। चटकीको फेला परेको त्यो बाँदरले घर-घर घिच्चिई नाच्नु पर्दछ। ऊँच-नीच, दुःख-सुख केही भन्न पाउँदैन। आजीवन बार-बार चटकीको सोट्टा खाई नै रहनुपर्दछ। यस्तै हे पागल मन ! तँ पनि विषयासक्तिमा परी घर जमीन, स्त्री-पुत्रादिको आसक्ति छाड्दैनस्। तिनैका विवश बनी सन्सारमा जताततै ठक्कर खाइरहीछस् ! मरेपछि पनि यिनै वासनाले तुच्छातितुच्छ खानिमा भर्माई नै रहने छन् ।।११-१६।।

ज्यों सुवना नलिनी गह्यो। मन बौरा हो ।।१७।।
ऐसो भरम विचार। समुझि मन बौरा हो ।।१८।।
पढे गुने क्या कीजिये। मन बौरा हो ।।१९।।
अन्त बिलैया खाय। समुझि मन बौरा हो ।।२०।।

सिल्ली तँ हे मन ! न हो नलिको सुगा झैं। पर्छौ विचार भ्रममा अति कष्ट साथै ।।
विक्षिप्त हे मन ! पढी कन लाभ के हो। मार्जार ले अब लुछी कन मारने भो ।।

अर्थ– खोर्सानी खाने लोभले जस्तो सुगा निगालाको नलिका (धराप) मा परी बाँधियो। हे सन्की मन ! विचार गर, तँ पनि त्यस्तै भ्रम-वश विषयको सुख र मान-मोहमा परी बाँधिएको छस् ।।१७-१८।। ए विच्छिप्त मन ! धेरै पढे-गुनेरमात्र के गर्छस् ! वैराग्य-विवेक बिना तँलाई पनि अन्त्यमा मायारूपी बिरालीले क्वाप्प पार्नेछ ।।१९-२०।।

अर्थ– सुगाले 'राधेश्याम'–'सिताराम' त रटिरहन्छ तर बिरालाको दाउ लाग्नासाथ उसले प्राण गुमाउन परिहाल्छ। यस्तै स्वरूपको विवेक बिना मनुष्यले जति शास्त्र-पुराणादि पढे पनि वा

जप-पुरश्चरणादि गरेपनि माया (लोभ, मोह अहङ्कार-आसक्ति, कल्पना) रूपी बिरालोले जीवलाई हरक्षण-चिथरी-लुछी खाइरहेछ। बिरालोले त मुसाको एकै बारमा प्राण लिन्छ, तर मोहित-मानवलाई माया बिरालीले हरक्षण लुछिरहीछ। हृदयमा छामी-हेर, के त्यो लुछाइपना छुटचो! आज नछुटे फेरि छुट्ने कहिले! यसैले पारखको शरण पक्रनु अनिवार्य छ।

सूने घरका पाहुना। मन बौरा हो ॥२१॥
ज्यों आवै त्यों जाय। समुझि मन बौरा हो ॥२२॥
नहाने को तीरथ घना। मन बौरा हो ॥२३॥
पुजबे को बहुदेव। समुझि मन बौरा हो ॥२४॥
बिनु पानी नर बूडहीं। मन बौरा हो ॥२५॥
तुम टेकेउ राम जहाज। समुझि मन बौरा हो ॥२६॥
कहहिं कबीर जग भर्मिया। मन बौरा हो ॥२७॥
तुम छाडहु हरि की सेव। समुझि मन बौरा हो ॥२८॥

विक्षिप्त हे मन! बिना जनका घरेको। अभ्यागत उहि घडी बरु फर्कने मो ॥
उन्मत्त हे मन! अनेक नुहाइ तीर्थै। देवादि धाम त पुज्यौं सब ठाम फिर्दै ॥
उन्मत्त हे मन! बिना जल सर्व डुब्छौ। सम्झेर राम तरणी उसमाथि चढ्छौ ॥
भन्छन् कबीर जग पागल हा! भ्रमौला। सम्झेर छाड हरि सेवन हो! तरौला ॥

अर्थ– हे पागल मन! शून्य-सदनका अतिथिले बिना सत्कार, भोक प्याससहित उल्टो पाइला फरक्क फर्की जानुपर्दछ। त्यस्तै परमार्थको विवेक-साधना बिना, बालुवा पेलेर तेल लिन खोजेसमान मायाका उपभोगमा परेर तँ पनि जस्ताको तस्तै दुःख-बन्धनयुक्त फेरि गर्भवासमै फर्कने भइस्, हे पागल मन! यो कुरा सम्झी जीवनमा के सुख छ र! ◆ ॥२१-२२॥ स्नानको निमित्त तैंले

◆ This house is to be let for life or years; Her rent is sorrow, and her income tears. –Franui Quartes.
यो घर जीवनभर वा वर्षौंको लागि भाडामा दिने हो, यसको भाडा अपसोच र यसको आम्दानी आँसु हो।

धेरै-धेरै तिर्थको मान्यता गरिस् । पूजा-दर्शनको लागि अनेक जड-देवताको कल्पना गरेका छस् । तर सत्सङ्गरूपी तीर्थ र चैतन्य देव सद्गुरु सन्तको महत्त्व नबुझेसम्म त तैंले अवश्यमेव भर्मिरहनु पर्नेछ ।।२३-२४।।

पानी–विचार बिना मनुष्य, संसार-सागरमा डुबिरहेछन् । हे सिल्ली मन ! भवसागर तर्न भनी तैंले खालि 'रामनाम' नै जहाज हो भन्ने ठानी, बिना विवेक उसैलाई पक्रिरहीछस् । अतः ठीक-ठीक सम्झी, यस्तो हठ नगर । अथवा हे जीव ! तीर्थ-देवतादि सबै जड हुन्, तिनमा चेतन जस्तै पानी–तेज शक्ति छ र तिमी तिनका भर पर्दछौ ! सबै यस्तै कल्पनामा भौंतारिरहेछन् । चेतन-रूपी पानी बिना, सूखा बगरमा कल्पनाका रामरूपी जहाज कसरी चल्न सक्तछ ? के पाउँछौ त्यताबाट ! अतएव कल्याणबाट पाखै पर्ने भयौ ।।२५-२६।। गुरु कबीर भन्नु हुन्छ–मनको बौलाहा चालमा परेर जगत्-प्राणी फनफनी रिंगिरहेछन् । अब ता विवेक-हारी माया (वामा-वञ्चक, मन-वासना कल्पना) को सेवन सर्वथा त्याग ।।२७-२८।।

अरू– प्रथम चाचरमा मायाको र संसार-प्राणीको खेलबाट जीव खानी-वाणीको जालमा कुन प्रकार-परे मस्केका छन्, त्यो बताई; यो दोस्रो चाचरबाट उक्त स्नेह-जालको बन्धन जलाउने चुँडाल्ने शिक्षा गर्नु भएको हो । मानिसको मनले एक न एक अवलम्ब अँठ्याई नै रहन्छ । खानी जालमा स्त्री, पुत्र, घर-सम्पत्ति अँगाली आफैं टाँसिन्छ-बाँधिन्छ । अर्को वाणी जालमा पनि एक न एक कल्पना-मान्यता नपक्री निराधार बस्नै सक्तैन । टाँसिएपछि जेमा टाँसियो, उसैको मान्यता समातियो । जे लाई समातेको छ, त्यो सके शून्य हुँदै नभएको अवस्तु होला, भएपनि विजाति वस्तु

छुट्ने हुन्छ। अनि त्यस बखत मफतको भूलमा परी, मिथ्या मान्यता-वश जीवले फेरि गर्भ यातना नभुक्ति सुखै छैन ।

यसैले अन्तमा भन्नु हुन्छ– तिमी हरिको सेवा छाड ! बडो अनौठाको कुरा! दुनियाँ भन्दछ– कबीर साहेब रामका परम भक्त हुनुहुन्छ; तर उहाँ नै भन्नु हुन्छ– 'हरिको सेवा छाड' ! भाव हो– हृदयवासी, कलि-मलहारी, निर्मल अनादि शाश्वत अखण्ड एकरस अविनाशी चेतन जीव नै असली 'हरि' हुन्■। यिनलाई छाडेर छाडिंदैन । अतः यही चेतन हरिमात्र अवशेष बच, बाँकी खानीजाल अर्थात् स्व-स्वरूपदेखि भिन्न जे जति छन्, ती दृश्य- भास हुन्छन्, तिनबाट पन्छ। भित्री सूक्ष्म वाणीजाल अर्थात् यो मनले जे जति मान्यता बनाएको छ, ती सबै कल्पित मिथ्या आभासमात्र हुन् । तिमी तिनको पनि द्रष्टा बनी, अलग होउ । दृश्यबाट पन्छनासाथ आफैं-मात्र बाँकी बच्नेछौ । अब बिना वासना-बन्धनको तिमी शुद्ध चेतन-ज्ञानमात्र सदा शान्त स्थिर रह्यौ। यही बन्ने गुरु कबीरको आदेश हो ।

★

चाचर खेल भो पूर्ण, पक्रौं 'बेलो' विवेक को ।
बचौं बाँकी स्वयं मात्र, यै हो काम सुविज्ञको ।।

■ हृदयमा जो ईश्वरीय तत्त्व (ज्ञान) विद्यमान छ, त्यो स्वर्ग पृथ्वी देवता असुरहरू भन्दापनि टाढा छ····। ती परमात्माले नै अहंकारले युक्त प्राणीहरूका भिन्न निवास गरेको छ । ती, अहंकारबाट पर नै जान्नमा आउँछन् । तिमी उनलाई अहंकारले गर्दा जान्दैनौ । किनभने असत् कल्पनाबाट व्याप्त भएका अविचारी पुरुष परलोकका भोगहरूको कामना गर्दै सकाम यज्ञ गर्दछन्......। [यजुर्वेद अ. १७ मं. २६,३१]

सद्गुरवे नमः

बीजक

आठौं – खण्ड

बेलि – १

हंसा सरवर शरीर में, हो रमैया राम ।।१।।
जागत चोर घर मूसहिं, हो रमैया राम ।।२।।
जो जागल सो भागल, हो रमैया राम ।।३।।
सोवत गैल विगोय, हो रमैया राम ।।४।।

[अनुवाद–हरिगीत छन्दमा]

तिमी हे रमैया राम ! सरवर देह वासी हंस ह्वौ ।
जागा छँदै निज चोर घरमा रित्तो पार्दछ चेत लौ ।।
जागनाले चोर भाग्दछ जो सह्मालक तिमी हुँदै ।
मस्त माया मोह बिच जो सुत्ने साँच्चै गो रुँदै ।।

अर्थ– हे रमैयाराम चेतन! हंस पक्षीले दूध-पानी छुट्याएझैं जड-चेतन, सार-असारको निर्णय गरी, सार-सत्य सह्माल्न सक्ने तिमी मानव हंस ह्वौ । हुनपनि तिमी, मानव-शरीररूपी मानसरोवरका चेतन-हंस थियौ ।।१।। तर स्वयं नित्य जागा स्वरूप छँदै तिम्रा अन्तःपुरको ज्ञान-धनलाई काम-क्रोधादि चोरले लुटिसके ।।२।। आज जो अज्ञान आसक्तिरूपी निद्राबाट जाग्दछ, त्यो चोरका पञ्जाबाट भाग्दछ, उसैले आफ्नो धन बचायो भन्न सकिन्छ ।।३।। जो निश्चित बनी निदाउँछ, त्यो स्व सम्पत्तिबाट सरासर वञ्चितभई दुःखी विभ्रान्त बन्नेछ ।।४।।

अरू– ठगले ठाउँ-ठाउँमा गई सुन बनाई दिन्छु, गडन्ता धन भेट्टाइदिन्छु, रोग निवारण गरिदिन्छु ...... इत्यादि प्रलोभन

देखाई लालच दिएर सोझा-सूधा मानिसको सर्वस्व जिप्टयाउने गर्दछ। यस्तै यहाँपनि मन-वासना, काम-कल्पनाले भोगमा सुख-लाभ र मुक्तिसम्मको पनि लालच दिई, बुद्धिमा भ्रम पारी, कल्याण-मार्गबाट वञ्चित गराई, दुःख भुक्ताइरहेछन्। यस्तो लालच र बेहोशीको निद्राबाट तिमी त शीघ्रातिशीघ्र विवेकमा जाग।

आजु वसेरा नियरे, हो रमैया राम ।।५।।
काल वसेरा बडि दूर, हो रमैया राम ।।६।।
जइहो बिराने देश, हो रमैया राम ।।७।।
नैन भरोगे दूरि, हो रमैया राम ।।८।।

सुन हे रमैया राम! अब यो वास बाट छ पास मैं।
भोली हुने जो वास बाट त बहुत टाढा पर्छ नैं।।
अबता विराना देशका बिच जाउला निश्चय पनि।
रोई कराई आँसु झिक्नै विगत होला जीवनो।।

अर्थ– हे रमैया राम ! यो आजको निवासबाट स्व-स्वरूपको बोध र स्थिति अति नजिक छ, यही शरीरबाट यो काम बन्न पनि सक्तछ ।।५।। भोली देखिका निवास–अरू पशु-कीटादि जीवनबाट सारैं टाढा पर्नेछ। उहाँ कतै कहींबाट पनि विवेक - भक्तिको काम बन्न सक्नेछैन ।।६।। आज पारखबोध र शुभाचरण नबनाए, बिराना देश – तीन खानिमा अवश्य जानेछौ, त्यहाँ (पशु-पन्छी खानिमा) रुँदै, आँसुका बलिन्द्रधारा बगाउँदै जीवन बिताउनु पर्ला◈ ।।७-८।।

अरू– आजको यो स्ववशको जीवनमा आफ्नो मुख्य कल्याणको काम नगरी, खालि नाशवान् शरीरको ऐश-आराम र तृष्णा, मोह-वश जड विदेशकै रमितामा रमिरहन्छ भने त्यसले सदा सर्वदा दुःख-अशान्ति नभोगे-नसहेर अरू के भोग्न पाओस् !

◈ From different parents different climes we come,
At different period yet our fate the same. – Homer
विभिन्न माता-पिताबाट विभिन्न स्थानमा जन्मन्छौं, तै पनि विभिन्न समयमा हामीहरूको परिणाम (मृत्यु) एकै हुन्छ।

त्रास मथन दधि मथन कियो , हो रमैया राम ।।९।।
भवन मथेहु भरपूरि , हो रमैया राम ।।१०।।
फिरके हंसा पाहुन भयो , हो रमैया राम ।।११।।
बेधिन पद निर्वान , हो रमैया राम ।।१२।।

तव हे रमैया राम ! त्रास लो मथन भो दिल - दधि सबै ।
विविध ढङ्गले देह - घर पनि मथ्न थाल्यो अति तबै ।।
फेरि हंस यो पाहुना भै फर्कि आउँछ देहमा ।
भेदन गऱ्यो निर्वाण पदको निम्तिमा नै अन्तमा ।।

अर्थ– हे रमैया राम ! त्रास मथन–भवसागरको त्रासले हृदय-मथ्न थाल्यो र त्यो दुःख छुटाउन, दधि– (उदधि) वेदादि वाणीरूपी समुद्र मथ्नलाग्यौ ।।९।। फेरि हठयोगका क्रियाद्वारा भवन–शरीर पनि बेसरी मथ्यौ– साधना गऱ्यौ ।।१०।। तर ती कुनैपनि काममा आएनन्, विवेक र स्वरूपस्थिति नहुँदा वासना-कल्पना बाँकी नै रही, फेरि जीव, अर्को शरीरको पाहुना बन्नजाने भयो ।।११।। विवेक-स्थितिको उल्टै तिमी आफ्नो लक्ष्य निर्वान–शून्यमा निशाना लगाउन पुग्यौ ।।१२।।

तुम हंसा मन मानिक , हो रमैया राम ।।१३।।
हटलो न मानेहु मोर , हो रमैया राम ।।१४।।
जसरे कियेहु तस पायेउ , हो रमैया राम ।।१५।।
हमरे दोष का देहु , हो रमैया राम ।।१६।।

सुन हे रमैया राम ! हंसा भै बनायौ मन - मणि ।
मैले बखत मै हड्कँदामा पनि नमानौ भड्कनी ।।
जस्तो गरेथ्यौ कर्म उस्तै - भोग फल किन आत्तिने !
दोष गुरु वा अन्यलाई व्यर्थ किन दी साथ लिने ।।

अर्थ– हे रमैया राम ! तिमी थियौ त विवेकी हंस, परन्तु आफ्नो विवेक-गुण छाडी मनको लालचवश कल्पनाका ब्रह्मलाई मणि (रत्न) मानी बसेकाले जगत् बन्नपुग्यौ ।।१३।। मैले सकली पारख-मणि देखाई कल्पनाबाट रोक्ता पनि टेर लाएनौ, मनका

मान्यतामा परी बृहत् बन्ने आशामा अल्झयौ ।।१४।। जस्तो गरेथ्यौ उस्तै पायौ ।।१५।। अब गुरु-सन्तलाई व्यर्थ किन दोष दिन्छौ ।।१६।।

अगम काटि गम कियेहु , हो रमैया राम ।।१७।।
सहज कियेहु विश्वास , हो रमैया राम ।।१८।।
राम नाम धन बनिज कियो , हो रमैया राम ।।१९।।
लादेउ वस्तु अमोल , हो रमैया राम ।।२०।।

गुन हे रमैया राम ! तिमीले अगम काटी गम गऱ्यौ ।
सहसा पऱ्यौ विश्वासमा जब राम नामको धन भऱ्यौ ।।
व्यापार उसकै गर्न थाल्यौ वस्तु बोकि अमोलका ।

अर्थ– हे रमैया राम ! तिमीले ईश्वर प्राप्तिको कार्य अगम सम्झी, छाडेर सुगम, सर्वत्र व्यापक ब्रह्म बन्नपुग्यौ; झन् ठूलो कल्पनामा पऱ्यौ ।।१७।। सहज प्राप्त 'जगतै म रहेछु' भन्ने विश्वास गऱ्यौ ।।१८।।। तिमीले रामनामको जप नै परम धन मानी उसैको व्यापार गऱ्यौ ।।१९।। उही अमूल्य वस्तु सम्झी हृदयमा मान्यता बोक्यौ, अति प्रियतापूर्वक थन्क्यायौ ।।२०।।

अरू– परमार्थ खोज्ने मानिस कुल-परम्परा वा वातावरण अनुसार शुरूमा स्वाभाविकै कल्पित इष्टका आश्रयमा हुन्छन् । स्वार्थ-वश भजनमा अघिबढ्न सकेनन् भने उही जड-मान्यता मै अल्झिरहन्छन् । परमार्थमा अगाडि बढेपनि कल्पनाका इष्टलाई कहाँ पाउन्! अन्त्यमा वेदको उत्तरपक्ष भनी अद्वैतवाद-अँगाल्न पुग्दछन् । एक त यो सिद्धान्तमा भोगी-त्यागी सबैको मुक्ति हुन्छ भनेकाले जे गरेपनि हुनेहुँदा सजिलो छ, दोस्रो वेदान्त भन्ने नामकै ठूलो प्रभाव छ । ठूल-ठूला व्यक्तिले पनि यही मार्ग लिएका भन्ने विश्वास-आधार र प्रलोभन छ । आफ्नो मत प्रचार, अनुयायीको संख्या वृद्धिको लोभले हिंसासम्म पनि छाड्नु नपर्ने, यस्तै अरू मत पनि चलेका छन् । यस्तो भएपछि यस्ता मार्गमा को नलाग्ला ?

प्राय: परमार्थका पथिक त्यस्तैतिर ओइरोलाग्ने हुन्छन् । यसै गरी-गरी मानिस स्वयं ज्ञानस्वरूप छँदै आफ्नो सत्य चेतन स्वरूप बाट टाढा परी जड़तत्त्व र निराकार शून्यमा मुछिइरहेछन् । विवेकको आँखै नउघारी सुनि-सुनाईमै दौडन्छन् भने यिनलाई के भन्ने ! फल के पाउलान् ! यस कुरामा अति सोचेर साधक स्वयं विवेक गरुन् ।

पाँच लदनुवाँ लादि चले , हो रमैया राम ।।२१।।
नौ बहियाँ दश गोनि , हो रमैया राम ।।२२।।
पाँच लदनुवाँ खाँगि परे , हो रमैया राम ।।२३।।
खाखर डारिनि फोरि , हो रमैया राम ।।२४।।

ती पाँच बोरी बोकि लाने नोल नौ दश टाट ता ।।
तब हे रमैया राम ! पाँचै ज्यामि थाकी मरिगए ।
मुर्दा भयो अब फोरि खप्पर नाम सह मेट्ने भए ।।

अर्थ- हे रमैया राम ! माथिका ईश्वर-ब्रह्मादि मान्यतालाई पाँच लदनुवाँ–मन, बुद्धि, चित्त, अहङ्कार (अन्त:करणले) बोकिहिंडे ।।२१।। दश गोनि–चार वेद छ:शास्त्र–यी दसको समर्थनरूपी बोरामा ती मान्यताको रकम भरे । नौ व्याकरणरूपी बहियाँ (बहँगा-नोल) ले बोकी लानलागे ।।२२।। अन्तमा ती पाँच अन्त:-करणरूपी भरिया खाँगिपरे–शक्तिहतभई थाके ।।२३।। खाखर-शरीर नष्ट भयो, साथै ऊयाङ्प्वाले खप्पर पनि फोरियो ।।२४।।

शिर धुनि हंसा उडि चले , हो रमैया राम ।।२५।।
सरवर मीत जो हारि , हो रमैया राम ।।२६।।
आगि जो लागी सरवर में , हो रमैया राम ।।२७।।
सरवर जरि भौ धूरि , हो रमैया राम ।।२८।।
कहहिं कबीर सुनो सन्तो , हो रमैया राम ।।२९।।
परखि लेहु खरा खोट , हो रमैया राम ।।३०।।

शिर सुम्सुम्याई हंस उडिगो तालको मैत्री गुनी ।
अग्नि लाग्यो बल्नथाल्यो देह सरबर भो धुनी ।।
अब हे रमैया राम ! सन्त हो, सुन कबीर त भन्दछन् ।
सत्य मिथ्या परख तिमी नै सुज्ञ तब जन बन्दछन् ।।

अर्थ– हे रमैया राम चेतन ! प्रारब्धको अवधि पूर्ण हुनासाथ हत-प्रभ भएको जीव दुःखी हुँदै शरीर छाडी आसक्ति-वश अर्को शरीर धारण गर्न उड्यो ।।२५।। सरवर मीत–खानी-वाणीको मान्यतारूपी सरोवरमा मित्रता-स्नेह गरी आफ्नो कल्याणपद हारेका थियौ ।।२६।। तिम्रो त्यो शरीरमा अभिभावकहरूले आगो लगाइ-दिए ।।२७।। त्यो तिम्रो शरीररूपी सुखको सरोवर बलेर धूलो-खरानी भयो, सारा सुक्यो; शान-गुमान गए, सबै बिलाए ।।२८।। गुरु कबीर भन्नुहुन्छ– सुन हे सन्तजन ! अथवा रमैया राम ! यही जीवनमा सत्य र असत्यको पारख गर, यस्तो औसर फेरि-फेरि पाउन दुर्लभ छ ।।२९-३०।।

अरू– कोही सामान्यव्यक्ति आफ्नो सर्वस्व खर्च गरी अति कष्ट, धक्का सहेर ज्यानको बाजी थापी, चार घण्टाको निम्ति चन्द्रलोकमा वा मङ्गल ग्रहमा पुगेछ वा काठमाडौंको सामान्य छात्र वर्तमानको न्यूयार्क, प्यारिस जस्ता ठाउँमा पुगेछ भने त्यहाँको दृश्य हेर्ने, यताउति घुम्ने, सक्तो लाभ लिने काम गर्दछ । त्यहाँ पुगेरपनि केही नगरी आँखा चिम्ली चार घण्टा बिताएर फर्क्यो भने त्यस्ता-लाई कसले बुद्धिमान् भन्दछ ? जगत्‌को दृष्टिमा त्यो होस्ल्याङ्गे नै ठहरिन्छ ।

त्यस्तै हामीले आजको यो मनुष्य जीवन पाउन कति समय र पुण्यकर्म खर्च भएको होला ! कति कष्ट-दुर्दशा भोग्नपरेको हुँदो हो, विचार गरौं त ! आज यस्तो जीवनमा हामीले जान्यौं र अरू क्षणिक सुख-लाभमा न अल्झी, विवेकपूर्वक आफ्नो स्वरूप-

बोध बनाई, शुभाचरण पालन गऱ्यौं भने मुक्तिरूपी कोहेनूर हीरा हात पर्नेछ । यदि यो काम नगरी भोग सुख र देह-परिवारकै आसक्तिमा अल्मलिई रह्यौं, परमार्थको चासो लिएपनि विवेकको आश्रय नलिई पक्ष र लहैलहै मैं कल्पित मान्यताको पछुवा बनी, आफूलाई निहाल सम्भिरह्यौं भने हामीले यस्तो अमूल्य जीवन सितैं हाऱ्यौं, उही यात्रुसमान होस्ल्याङ्गे ठहरिनेछौं । अन्तमा आफूले अँगालेका ती धन-परिवार, शरीर र कल्पनाका इष्ट कुनै काम आउने छैनन् । तिनैलाई नम्बरी नोट वा महान् मणि झैं ठानेका छौं, तर ती जाली, नकली कागतका खोष्टा र बगरका ढुङ्गासमानका हुन् ।

अतएव आफूलाई यहाँकै बासिन्दा नसम्झी, विश्वारण्यको एक भ्रान्त पथिक सम्झौं । हाम्रो दैनिकको कार्य-भूमिकालाई ठगका बीचको बाटो सम्झी, सदा सावधान रहौं, बेहोशी नबनौं । जसले जे दियो उही नखाउँ-नलिउँ, आफ्नै दिव्य यन्त्र विवेकले जाँची-बुझी, सत्य-सौदा पारखरूपी मणि नै मुठ्याउँ वा चैतन्य-बोधामृत नै पालन गरौं । भाव हो– आजै कल्याणको चेष्टा गरिहाल्नु पर्दछ । विवेकबाट काम नलिई अघि बढेपनि आखिरमा धोखा नै खानु पर्ने हुन्छ, तसर्थ सावधान !

"मानुष तन सद्‌गुरु मिलब, मोक्षहु इच्छा होय ।
दुर्लभ तीनौ परम है, पाय सुयोग न खोय ।।"

★

बेलि–२

भल सुमृति जँहडायेउ , हो रमैया राम ।।१।।
धोखे कियउ विश्वास , हो रमैया राम ।।२।।
सो तो है बन्सी कसि , हो रमैया राम ।।३।।
सो रे कियहु विश्वास , हो रमैया राम ।।४।।

सुन हे रमैया राम ! छन् अब शास्त्र पढि सिल्लड भयौ ।
किन नक्कली नै सत्य मानी व्यर्थ धोखामा गयौ ।।
सत्य हो यो सम्झ तिमी ता बिन विवेक त्यो बल्छि नै ।
विश्वास उनकै नित गरी छन् फालहाल्छौ अन्ध भै ।।

अर्थ– हे रमैया राम ! तिमी भल सुमृति–राम्रै सित आफ्नो होश गराइदिने भनी स्मृति आदिमा प्रवेश भएका थियौ, विवेक गर्न नसक्ता छन् वाणी-जालमा परी सारै बिग्रियौं (कल्पनामा पर्‍यौं) ।।१।। कुरैमात्रका अवस्तु धोखाको विश्वासमा पर्‍यौ ।।२।। सो तो–ती स्मृति आदिद्वारा वर्णित कल्पित-स्वर्गादिको लोभ र हिंसायुक्त यज्ञादि धेरै मान्यताहरू, माछा मार्ने बल्छीसमान तिम्रोलागि घातक बन्धन र कष्ट-कारक हुन् ।।३।। तर तिमी भने त्यसैमा विश्वास गरिरहेछौ ।।४।।

ई तो है वेद शास्त्र , हो रमैया राम ।।५।।
गुरु दीहल मोहि थापि , हो रमैया राम ।।६।।
गोवर कोट उठायेउ , हो रमैया राम ।।७।।
परिहरि जैबेहु खेत , हो रमैया राम ।।८।।

गुन हे रमैया राम ! यी ता वेद शास्त्री वचन हुन् ।
गुरुले दिएका दृढ गरी गुन सर्वजन का हेतु हुन् ।।
बाबू ! उठायो कोट किन त्यो ! गोबरैका रासको ।
अन्तमा सब खोसिने छन् हुन्छ वास मशान को ।।

अर्थ– हे रमैया राम ! (संसार-प्राणी भन्दछन्–) यी वेद-शास्त्रका वाणी, श्रेष्ठ गुरुजनले हाम्रा निमित्त स्थापना गरी, बाँधि-दिएका नीति हुन्, कसरी न मान्ने ! ।।५-६।। (गुरु भन्नुहुन्छ–) गोबर कोट–गोठभरको भकारो सोरेझैं तिमी ती वेदादिका कुरा सबै उठाएर शिरोपर गर्न खोज्दछौ; (होइन, त्यहाँको हिंसायुक्त यज्ञ, कल्पित देव-देवीका उपासना, स्वर्गादि-कल्पना र जड-चेतन मिश्रितवाद जस्ता कुराका मान्यताको भकारो सोरी हृदयमा नभर; किन्तु शुभाचरण, निर्णय ज्ञान, वैराग्यादिका वचन पालन

गर्ने र अज्ञान अवगुण कल्पना आदि त्याग्ने शिक्षाजति लिनै पर्दछ ॥७॥ (अन्यथा अन्त्यमा तिम्रा खानीका सम्बन्धी र वाणी-वर्णित मान्यताका इष्ट-धाम सबै छुट्ने छन् ।) तिमी पाप र भ्रान्ति वश उही गर्भवासरूपी खेत-स्थितिमा पुग्नेछौ, जहाँबाट शरीररूपी वृक्ष बारम्बार उम्रिरहन्छ ॥८॥

अरू–वेद-शास्त्रहरू हाम्रालागि पथ-प्रदर्शकका रूपमा बनेका हुन्, तिनका वचन अवश्य सबैले मान्नु योग्य हो । तर जहाँका वाणी भएतापनि समय-अवस्था र स्थानानुसार विवेकले छानेरमात्र लिनु मनुष्यको कर्तव्य हुनआउँछ । अन्यथा मानवीय विवेकबाट कहाँ काम लिने ! विवेकबाट रित्ता अरू पशु पक्षी कीटादि पनि मुक्तिका ढोका मानिनु पर्दथ्यो । होइन, दस ठाउँमा फिल्टरले छानिई आएको कलधाराको पानीमा पनि कहिले काहीं कसर निस्कन्छन् । पात्र देश कालको भेद रहन्छ । पछि विकारको समावेश हुन सक्तछ । कसर नछानी पानी खानाले नोक्सान गर्छ-गर्छ । यसैले वेद-शास्त्रकै कति-कति कुरा छानी पन्छाएकै पनि छौं, विचारमात्र गरौं त ! हामीले सत्सङ्गतबाट सम्झी-बुझी, स्वयं विवेक गरी, वेद स्मृतिहरूकै मन्तव्यका बलि, मेध आदि जस्ता कृत्यहरू कति-कति छाडेका पनि छौं; जुन कुरा धर्मको नामबाट ठूलो अपराध बन्नेथियो । अतएव वस्तु पदार्थ नभएका केवल वाणी कल्पनाका स्वर्ग-नर्क, लोक धाम इष्ट आदिका मान्यतामा पनि नपरी, भएको सत्य अपरोक्ष सनातन निर्विकार चेतन स्वरूपको महत्त्व सम्झी, उसैको बोध-विचार स्थितिमा रमौं ।

मन बुधि जहवाँ न पहुँचे , हो रमैया राम ॥९॥
तहाँ खोज कैसे होय , हो रमैया राम ॥१०॥
यह सुनिके मन धीरज धरहु , हो रमैया राम ॥११॥
मन बढि रहल लजाय , हो रमैया राम ॥१२॥

सुन हे रमैया राम ! जसमा हुन्न गम मन बुद्धिको ।
विचार गर साधन बिना भन ! खोज कसरी हुन्छ त्यो ।।
अब यो सुनी ली धैर्य धारण गर्नु मनमा सर्वले ।
अत्यन्त मन लज्जित भयो गुनि चुप्प भो बिन गर्वले ।।

अर्थ– हे रमैया राम चेतन ! जुन ईश्वर ब्रह्ममा मन-बुद्धि आदि कुनैको पहुँचै छैन,★ त्यहाँ तिनलाई कसोगरी खोज्न सकिन्छ ! ।।९-१०।। यो सबै सुनी मनमा राम्रो गुन, धैर्य धारण गर, तिम्रो भित्र रहेको शुद्ध ज्ञानैज्ञानको पुञ्ज चेतन भन्दा अर्को न कहीं राम छन्, न ईश्वर, न त ब्रह्म ! यी नामका पनि वस्तुतः उही हृदयस्थ द्रष्टा चेतन नै हो, अरू सबै कुरैकुराका पोकामात्र हुन् ।।११।। निर्णयका यस्ता कुरा सुनेर मतवादी धेरैको मन विभिन्न मान्यतामा चक्करकाटी जम-जमाएको पनि सारै लज्जित भई हतोत्साह भयो– रोकियो ।।१२।।

फिर पाछे जनि हेरहु , हो रमैया राम ।।१३।।
कालबूत सब आहि , हो रमैया राम ।।१४।।
कहहिं कबीर सुनो सन्तो , हो रमैया राम ।।१५।।
मन बुद्धि ढिग फैलायउ , हो रमैया राम ।।१६।।

फर्की नहेरे हे रमैया राम ! त्यो ता काल हो ।
यो सबै नकली मात्र धोखा सम्झ साँचै जाल हो ।।
कबीर भन्छन् सन्त सुन यो हे रमैया ध्यानले ।
मन बुद्धिको पासो बुनी त्यहि पास थाप्यो ज्ञान ले ।।

अर्थ– हे रमैया राम ! अब फेरि पछाडि फर्केर कतै नलोभिनु, केही नखोज्नु नि ! ।।१३।। स्व-स्वरूप चेतन भन्दा अरू मानिएका इष्ट सबै कालबूत–कृत्रिम धोखा कुरैमात्रका हुन्, यो निर्णय पक्का सम्झ ।।१४।। गुरु कबीर भन्नुहुन्छ–सुन, हे सन्त-रमैया राम ! मन–बुद्धिजन्य कल्पनाहरू तिम्रा चारैतिर फिँजिएका

★"यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह: ।"– (ब्रह्मानन्द वल्ली उ. अनु. ४)

छन्, होशपूर्वक सबैबाट बची-बची रहु । अथवा आफ्ना मन बुद्धि बाहिर जान नदेउ, आफ्नैभित्र फिजाउ, द्रष्टा भाव मै बस ।।१५।।

अरू– मनलाई जुन काम नगर भन्यो, उही काम गर्न अघि सर्दछ । मनको स्वभावै हो– जहाँ केही छैन, निःसार वाणीको कल्पनामात्र हो; त्यहीं जान-पाउन निमित्त हुरुक्क हुन्छ, हैरान नहोउ भनी सम्झाउँदा झन् त्यहीं के के न होला र पाउँला भनी फाल-हाल्दछ । यो मनले कल्पनाकै बेलो समातिरहेछ । त्यो मान्यताको झालमा अल्झिरहनै रमाउँछ।

यसैले कृपासिन्धु कबीरबाट करुणा गरी तिनै झालबाट जीवलाई छुटाउन, कल्पनाको कुभाव, कुकृत्यबाट बचाउन, यो (बेलि) प्रकरणको रचना गर्नुभएको हो । यसलाई राम्ररी विवेक गरौं, उहाँका वचन तलका मन्त्रहरू नभूलौं–'फिरपाछे जनि हेरहु हो... ।' 'कालबूत सब आहि... ।' समस्त मान्यता कल्पना विषय-भोग तथा शरीर पनि कृतिम–कष्टदायक हुन् । अतएव स्व स्वरूप चेतनमै शान्त बनौं, अब पछाडि बाह्य दृश्यतिर फर्की नहेरौं, लालचमा नपरौं ।

★

खानी वाणी दुवै बेलो, उखेल्ने बुद्धि बक्सियो ।
बिरहुली पढी मेटौं, विरह बिनसित्तिको ।।

सद्गुरवे नमः

बीजक

नवौं खण्ड

बिरहुली

आदि अन्त नहिं होते बिरहुली । नहिं जर पल्लव डार बिरहुली ।।१।।
निशि वासर नहिं होते बिरहुली । पौन पानि नहिं मूल बिरहुली ।।२।।

(अनुवाद–चुड्का लयमा)

अन्त सम्म दृष्टि फेर, आदि अन्त्य छैन हेर; जरा पात हाँगा बिगा थ्यैं ।। टेक ।।
रात दिन न छ त्यहाँ, न त बायु जल जहाँ; न छ कुनै मूल कारण ।

अर्थ– हे मनुष्य ! तिम्रो वास्तविक स्वरूप चेतन जीवको न कहिल्यै उत्पत्ति भएको हो, न शरीरको अन्त हुँदैमा यसको अन्त्य हुन्छ ।◈ न यसको मूलजरो अर्थात् कोही कर्ता नै छन्, न हाँगा न पालुवा, न उसबाट कुनै कार्य-पदार्थ नै बन्दछ ।।१।। शुद्ध स्वरूप-

---

◈Death, be not proud, though some have
Called Thee
Mighty and dreadful, for thou art not so;
For those whom thou think'st thou dost
over throw
Die not, poor Death; nor yet canst thou
Kill me.
–John Donne.

"हे मृत्यु ! तँ घमण्ड नगर ! कसै-कसैले तँलाई शक्तिशाली र भयानक भनेका छन् तापनि, वास्तवमा तँ त्यस्तो छैनस् । तँ जावाले ज-जसलाई घोप्टयाएँ भन्ने ठान्दछस्, तर ती मरेका हुँदैनन् । न त तँ मलाई नै मार्न समर्थछस् ! एउटा सानो-छोटो निद्रा बितेपछि हामी पुनःअनन्त समयसम्म बिउँझन्छौं, अनि मृत्यु सदाको लागि रहँदैन । हे मृत्यु! त्यस बखत तँ मर्नेछस् ।

मा रात दिन पनि केही हुने होइन, यो स्वयं ज्ञानरूपी प्रकाशले पूर्ण छ। यसमा न वायुले स्पर्श गर्नसक्तछ, न पानीले भिजाउँन बगाउँ नै सक्तछ। ज्ञानमात्र अस्तित्वमा बाहिरी जडतत्त्व–कारण कार्य रत्तीभर समावेश छैन ॥२॥

अरू– तिमी आफैं आफ्नो मालिक ह्वौ, तिमीलाई बनाउँने सुख-दुःख दिने अरू कोही छैनन्। तिमी नै स्वतन्त्र सत्य आदि-अन्तरहित, निर्विकार दुःख-सुखादिदेखि पार छौ। यसैले तिमी कुनै दोस्रा ईश्वर-पति पाउने, ब्रह्म बन्ने र निर्वाणभई स्वयंसमेत मेटिने कल्पनामा नपर। जड कारण-कार्य र मिथ्या मान्यतादेखि सर्वथा छुट्टै, स्वयं चेतन स्वरूप ज्ञानमात्रमा शान्त होउ।

ब्रह्मादिक सनकादिक बिरहुली। कथि गये योग अपार बिरहुली ॥३॥
मास असारे शीतल बिरहुली। बोइनि सातों बीज बिरहुली ॥४॥

ब्रह्मा सनकादि सब, प्राचीनका ठूला जब; कथि गए योग धारण ॥
आयो मास लौ असार, खेत चिसो बनाएर, रोपे सात बीज भू-पूरा।

अर्थ– हे विरही जीव! ब्रह्मादि देवता, सनकादि ऋषि मुनि-हरूलाई जडदेखि भिन्न आफ्नो शुद्ध चेतन ज्ञानस्वरूपको ठीक-ठीक स्थिति नहुँदा परोक्ष मान्यतामा परे, उही कल्पित ज्ञान प्राप्त गर्न कर्म उपासना योग ब्रह्मज्ञानादिका अनेक मार्ग निकाले ॥३॥ असार महीनाको चिस्मिरे खेतमा किसानले धानको बीउ छर्दछन्। त्यस्तै अनेक आशारूपी जलले भिजेको अन्तःकरण-खेतमा बोइनि सातों बीज– "ॐ श्री रँ सों ऐं ह्रीं र क्लीं"रूपी सात थरी बीउ रोपे ॥४॥

अरू– ब्रह्मा विष्णु शिवजी र सनकादि ऋषि-मुनिहरू हामी सबैका पूज्य आदरणीय शुभमार्गका दर्शक हुनुहुन्थ्यो। तर यहाँ दार्शनिक विचारधारामा यथार्थ वस्तु स्थितिको निर्णय र उपलब्धिका लागि निष्पक्षदृष्टिबाट सबैका वचनप्रति विवेक गरी

हेर्नै पर्दछ । अतः उपनिषद्- पुराणादिका लेख अनुसार उहाँहरूमा जड-चेतन मिश्रित स्वरूपको धारणा स्थिति भई शुद्ध ज्ञानमात्र चेतन स्वरूपको बोध-धारणा भएको नदेखिनाले हामीले आफ्नो कल्याणार्थ आफ्नै चुनावबाट सिद्धान्त अँगाल्नुपर्दछ; यो कुरामा मनुष्य मात्रको अधिकार छ । दोस्रो–आफ्नै विवेकदृष्टिले देखेका कुरा अपरोक्ष निश्चय हुन्छन्, 'रे' का कुरा परोक्ष सन्दिग्ध नै रहन्छन् । तथा विजाति वस्तु छुट्ने हुन्छन्; यसैले प्रत्येक कुरा विवेकले जाँची बुझीमात्र ग्रहण गर्नुपर्दछ । यहाँ विवेक गरौं– उहाँहरूको मन्तव्य–परोक्ष ईश्वर आदिको थियो । कसै-कसैको ती कल्पना छुटेपनि जगत्-ब्रह्म एक हो, म पनि उही व्यापक निर्गुण-निराकर हुँ भन्नेमा हुनुहुन्थ्यो । वेदान्तका ग्रन्थमा पंचीकरणद्वारा जडदेखि चेतनलाई प्रथम पृथक्करण गरी छुटचाए पनि अन्तमा जड- चेतन् एक हो, अद्वैत ब्रह्ममात्र सत्य हो भन्दछन् । यसरी जड-चेतनको छुट्टाछुट्टै विवेक नभएको हुनाले विवेकीको लागि उपर्युक्त मत ग्राह्य हुन सकेन ।

मास–वाणी, असारे–साररहित, शीतल–असावधान । अथवा सारहीन वाणीका भरोसामा सब ढुक्कपरी, बिना विवेक प्रवृत्त भए। (उनैका मन्तव्य अनुसार–) "उपर्युक्त सात थरीका बीजबाट सात टुसा उम्रे– 'ॐ' बाट कर्मकाण्ड, 'श्री' बाट उपासना, 'रँ'–बाट योग, 'सों' बाट ज्ञान, 'एँ' बाट उत्पत्ति 'ह्रीं' बाट पालन-स्थिति र 'क्लीं' बाट संहार–लय । सात टुसालाई सफल बनाउन, अन्तःकरण-भूमिमा अहङ्कारको थाला–आली गरा बाँधी; मन-मान्यताको मल र बुद्धिको पानी हाली, चित्तरूपी कोदालीले गोड्न लागे ।"

यसको केही विस्तार–

१– 'ॐ' बीजबाट कर्मको अङ्कुर उम्र्यो । त्यसमा भयको ड्याली लगाई गरो बनाए (इष्टापूर्ति-यज्ञादि कर्म गर्दा विधिमा त्रुटि भयो भने उल्टो हानि हुन्छ भन्ने भय) लोभको पानी लगाए। त्यसबाट सात हाँगा निस्क्यो– यज्ञ गर्नु- गराउनु, पढ्नु–पढाउनु, दान लिनु, दान दिनु र मैथुन । यिनै सात कर्म समर्थकका अनेक वाणी बने । यिनै पालुवा निस्के, वासनाका फूल फुले, पाप-पुण्यको परिणाममा सुख-दुःखादि फल मिल्नलाग्यो ।

२– 'श्री' बीजबाट उपासनाको टुसो पलायो । यसको रक्षा र वृद्धिको निम्ति मर्यादाको आली लगाई खेत बनाएर भावको पानी लगाए । यसबाट पनि सात हाँगा निस्के– शिव विष्णु गणेश सूर्य शक्ति राम र कृष्ण । सप्तकोटी महामन्त्र वा सहस्रनाम जपको पालुवा निस्क्यो । स्वर्ग-साकेत लोकादिको फूल फुले सालोक्य, सामिप्यादि मुक्तिका फल लागे◈ ।

३– 'रँ' बीजबाट योगरूपी अङ्कुर निक्ल्यो । त्यसको रक्षा र वृद्धिको निम्ति योग-सम्बन्धी आरम्भिक क्रियाको आली लगाई खेत बनाएर साधनाको पानी लगाए। यसबाट पनि सात हाँगा फाटे–हठयोग लय कुण्डली लम्बिका तारक अमनस्क र सांख्ययोग। योगदर्शनका अनेक वाणी पालुवा निस्के। समाधि फूल र अष्ट सिद्धिका फल फले ।

४– 'सों' बीजबाट ज्ञानको टुसा निस्क्यो। यसको रक्षा र वृद्धिको निम्ति भक्तिको आली लगाई गरो बनाएर प्रेमरूपी पानी लगाए। यसबाट पनि सात हाँगा फाटे–शुभइच्छा सुविचारणा तनुमानसा सत्त्वापत्ति असंसक्ति पदार्थभाविनी र तुर्यगा–यी सातका

◈ जारन, मारण, उच्चाटन आकर्षण, वशीकरण, स्तम्भन र मोहन– यी सप्त विद्या पनि फल रूपमा मानेका छन्।

निरूपक वाणी-समूह पालुवा हुन्। परोक्षज्ञान फूल र अपरोक्ष ब्रह्मज्ञान नै फल हो।

५– 'एँ' बीजबाट उत्पत्तिको टुसा उम्र्यो। यसको रक्षा-वृद्धिको लागि विषयको आली लगाएर गरो बनाई, वासनाको पानी लगाए। यसबाट पनि सात हाँगा फाटे–शब्द स्पर्श रूप रस गन्ध वासना र इच्छा।

शब्द– (मेघ गर्जनादि) बाट भ्याकुता-जुगाहरूको उत्पत्ति। स्पर्श-बाट मैथुनी खानिको उत्पत्ति। रूप--(दृष्टि-भाव) बाट मुजुर, पुतली, सुन्दर पखेंटा भएका एक जातिका जीवहरूको उत्पत्ति■ रसबाट जलचरको र फल वृक्षहरूमा पर्ने कीराहरूको उत्पत्ति। गन्धबाट उष्मजी जीवको उत्पत्ति।

वासनाबाट– भूत-प्रेतादिको उत्पत्ति मानिएको छ, तर त्यो केवल कल्पित भ्रम मान्यता हो। यसको खुलासा शब्द १०५ मा भएको छ। इच्छाबाट–सिद्ध योगीहरूको उत्पत्ति मानिएको छ, यो पनि कल्पित हो। यिनै सातलाई उत्पत्तिको बीज मानेका छन्। यिनीबाट सृष्टीको विस्तार हुनु नै पालुवा हो। स्त्री फूल र पुरुष फल हो। प्राणीहरूको उत्पत्ति वास्तवमा दुइ प्रकारबाट हुन्छ–एक योनिज–मनुष्य पशु पक्षीहरूको माताको गर्भबाट र दोस्रो अयोनिज–उष्मज खानिको जल फल फूल माटो आदिबाट।

६– 'ह्रीं' बीजबाट स्थितिको अङ्कुर निस्क्यो। यसमा मायाको आली लगाई गरो बनाएर मोहको पानी दिए। यसबाट पनि सात हाँगा फाटे–अन्न जल तृण पात फूल फल र पृथ्वी। अन्नबाट मनुष्यको स्थिति, जलबाट जलचरको स्थिति, फूलबाट फूलमा पर्ने जीवहरूको स्थिति, तृणबाट तृणचरको स्थिति, फलबाट फलमा

■यो कुरा विचारणीय छ।

पर्ने जीवको स्थिति । पृथ्वीमा (माटो-मल) बाट उत्पन्न हुने जीवको पृथ्वीबाट स्थिति । पातबाट पत्रचरको स्थिति । यिनको वृद्धि नै पालुवा, खाइने वस्तु फूल र शरीरको संरक्षण नै फल हो ।

७– 'क्लीं' बीजबाट प्रलयको टुसा निस्क्यो । कठोरताको आली लगाई गरो बनाए, क्रोधको पानी दिए । यसका पनि सात हाँगा फाटे–पृथ्वी जल अग्नि वायु हात लात र दाँत । अथवा नाश गर्ने अनेक अस्त्र-शस्त्र द्रव्यहरू नै पालुवा हुन्; भय फूल र मृत्यु फल हो । यसरी पूरा संसार-प्रपंचका वर्धक र विनाशक सात प्रकारका बीज छरे वा रोपे । सब जीव यसैमा परी भुलिरहेछन् ।

माथिका सातै बीजका प्रपञ्च सबै वाणी-जालमात्र हुन् । अर्थात् उपर्युक्त प्रकार–वाणीमात्रबाट जगत्को उत्पत्ति बताउनु–यो कल्पनामात्र हो । जगत्को स्थिति, प्रवाहरूपबाट नित्य अनादि देखि भइरहेकै छ । अनन्तसम्म भई नै रहन्छ पनि । यसमा आफूलाई जडासक्ति, कल्पनाबाट पृथक गर्नु नै मुमुक्षुको मुख्य कर्तव्य हो । जिज्ञासुलाई उपर्युक्त मान्यतारूपी जालको बोध गराउन श्री पूरणसाहेबबाट बीजक-त्रिजामा लेख्नुभए अनुसार यहाँ यो विस्तार वर्णन भएको छ ।

नित गोडै नित सींचै बिरहुली । नित नव पल्लव डार बिरहुली ।।५।।
छिछिलि बिरहुली छिछिलि बिरहुली । छिछिलि रहल तिहुँलोक बिरहुली ।।६।।

प्रति दिन गोडेका छन्, पानी मर्दै हेरेका छन्; नित्य नयाँ हाँगा मुजुरा –
हाले झाङ्गी फिजिएर, बढी त्रि-लोक पुगेर; ढाके अहा कति खुलेका ।

अर्थ– हे बिरही जीव ! (माथि लेखिएका कल्पित वाणीका प्रपञ्चलाई) सँधै गोड्ने र जल-मल गरिरहने गर्छौ (मनन-चिन्तन र क्रिया गरिरहन्छौ) यसैले तिनमा नित्य नयाँ-नयाँ हाँगा-मुजुराहरू हालिरहन्छन् ।।५।। छिछिलि–झाङ्गिरहनु । यो कल्पित

१०—

वाणीको प्रपञ्च, तिहुँलोक–सत्त्व रज तम–त्रिगुणी समाजमा ढाकि-रहेछ–ढाक्ङ्गिरहेछ ।।६।।

फूल एक भल फूलल बिरहुली । फूलि रहल संसार बिरहुली ।।७।।
सो फुल लोढे सन्त जना बिरहुली । बन्दिके राउर जाय बिरहुली ।।८।।

उही बेलो बीच झुल्यो, राम्रो एक फूल फुल्यो ; भव भर सबै भुलेका ।।
वेषधारी फूल सोही, टिपो लिन खोज्छन् कोही ; तर तिनै बन्दी बनेका ;

अर्थ– फूल एक भल–विषय-बाहुल्य, देह-सुख लोक- लोकादिको निवास, ब्राह्मी स्थिति, ईश्वर-प्राप्ति, इत्यादि एक वासनारूपी फूल जीवका हृदयमा फुल्यो, त्यसलाई अति राम्रो मानी जीव फूलिरहेछ । संसार-सारा जीवका हृदयमा यो फूल प्रफुल्लित छ ।।७।। त्यही फूलमा षट्दर्शनी सबै लालायित छन् । परन्तु त्यो फूलबाट ती महान् सम्राट्-श्रेष्ठजन उल्टै वासनाको नेल-गलफन्दीमा परी ऋयालखानरूप गर्भवासमा पुगिरहेछन् ।।८।।

अरू– 'स्वरूपसे वाद सारा विषय जान' स्वरूपदेखि भिन्न जे-जसको, जहाँको वासना बनेपनि सबै सोझै आवागमनमा लैजाने बीज बनिहाले। यसैले आज यही शरीरबाट निर्वासनिक स्थिति बनाउनु नै साधकको होशियारी हो ।

सो फल वन्दे भक्त जना बिरहुली । डँसिगौ बैतल साँप बिरहुली ।। ९ ।।
विषहर मन्त्र न मानै बिरहुली । गारुड बोले अपार बिरहुली ।।१०।।

उही फल आश लिई, स्तुति गर्छन् भक्त भई ; सर्प पागलले डसेका ।।
बिषहारी मन्त्र छुन्न, रत्तीभर असर हुन्न ; नगहर धेरै बोल्दछन् ।

अर्थ– उही ब्राह्मी स्थिति, स्वर्गादि फलको प्राप्ति निमित्त भक्तजन वन्दना–प्रार्थना गर्दछन् । बहिरो बहुला सर्परूपी उही कामले डस्तछ (कामना छिपिए पछि कामवासना बन्दछ) र भोग-जालमा मस्काउँछ ।।९।। विषहर मन्त्र–अब त्यो कामना-विषलाई विष-निवारक पारख-मन्त्रले पनि शमन गर्न सक्तैन । हुनत गारुडी

(पारखी) जनले अपार गारुडमन्त्र–पारख - निर्णयका वचन बोलिरहेछन् ।।१०।।

अर्थ– अनेक वासनामा बाँधिएका व्यक्तिलाई निष्पक्ष पारखबोध हुन कठिन छ । तर सप्रेम सत्संग र विवेकबाट कल्याण नहोला भन्नुपर्दैन । कल्याण-इच्छुकले समस्त वासनाबाट बची, पारखको शरण पक्रिहाल्नु योग्यछ । अर्को कुरा--सर्पले टोकेमा मन्त्रले विष-झार्नु भ्रान्तिमात्र हो । यसमा औषधीकै प्रयोग गर्नु उचित छ । अन्यथा धोखामा नपरिछोडिने छैन । यहाँ विषहर-मन्त्र भनी गुरुबाट सिद्धान्तको रूपमा पारख-निर्णय ज्ञानलाई भन्नुभएको हो । मन्त्रबाटै साँपको विष झर्दछ भन्ने भाव होइन ।

विषकी क्यारी तुम वोयहु विरहुली । अब लोढत का पछिताहु विरहुली ।।११।।
जन्म जन्म यम अन्तरे विरहुली । फल एक कनयर डार विरहुली ।।१२।।
कहहिं कवीर सच पाव विरहुली । जो फल चाखहु मोर विरहुली ।।१३।।

घेरै गरा विषबोट, पूर्व आफैं रोपे खोट ; काट्ता किन थक्क पर्दछन् ।।
जन्म जन्म यमराज, मिलो टाढा पारे आज ; कँडेल हाँगा फल फलेको ।
कबीर त भन्नुहुन्छ, साँचो वस्तु त पाइन्छ ; मेरो फल चाख भनेको ।।

अर्थ– हे उन्मत्त विरही जीव ! तिमीले विषय-वासना र भ्रान्तिरूपी विषलाई हृदयमा क्यारी–गराका गरा रोपिराखेका छौ । अब आफ्ना कमाईको फल टिप्ता किन पछुताउँछौ ! ।।११।। हे विरही ! जन्म-जन्मदेखि तिमीलाई यम–काम-कलपना, वामा-वञ्चकले स्वरूप स्थिति- शान्तिबाट अन्तरे–टाढा गराइराखेका छन् । मेरो पारख-उपदेशरूपी तीतो करवीरका हाँगामा स्वरूप ज्ञानरूपी फल फलेको छ ।।१२।। गुरु कबीर भन्नुहुन्छ– हे विरही जीव ! मेरो त्यो कटु-सत्य–तीतो भए पनि वास्तविक अमर–पारखबोध र सदाचार विचाररूप◆ फल चाख्ने हो भने साँच्चिकै

◆Good thoughts his only friends,

सत्य स्वरूपको स्थिति पाउने छौ ।।१३।।

अरू– "सबै अमृत कुरै कुरा, साधुदिन्छन् अमृत पूरा" भनेसमान बाहिरी सर्पले टोकेकोमा मन्त्रद्वारा झार-फूक गराउनु ठूलो धोखामात्र हुनेछ । साँचो मन्त्र हो गुरु कबीरको यो बिरहुली । तर यसले बाहिरका सर्पको विष झार्ने होइन, भित्र अन्तःकरणमा खानी-वाणीरूपी सर्पले टोकेको आसक्ति-कल्पनारूपी विष झार्ने मन्त्र हो । यो मन्त्र अमोघ छ । उहाँ स्वयं भन्नुहुन्छ– तिमीलाई यही विषय विषको नशाले चूर पारी जन्म-जन्मदेखि आफ्नो होश-स्थितिबाट छुटाई टाढा पारिरहेछ । त्यो नशा-निवारक औषधी खाने हो भने दिव्य महोषधि म सङ्ग छ । तर त्यो छ तीतो, करवीर पञ्चाङ्ग सबै तितै त हुन्छन् ! गुरु कबीरका वाणी पनि "घ्याम्पामा लुगा छैन, पेटमा कुरा छैन" भने समानका सफासफी छन् । यस्तै वाणीबाट जीवको कल्याण हुन्छ पनि । मुखका मात्र मीठा चिप्ले वाणीले जिज्ञासुको काम बन्दैन । गुरु विशालको वचन छ– 'स्पष्ट निर्णय वचनबाट मात्र बोध र त्यो बोधको रक्षा हुन सक्तछ ।'

'बिना स्पष्ट निर्णय वचन, कबहुँ न रक्षा बोध ।।'

*

बिरहुली भयो पूर्ण, विश्व विष समग्रको ।
हृदयको हिंडोला यो, रोक्ने मन्त्र छ अग्रको ।।

His wealth a well spent age,
The earth his sober inn
And quiet pilgrimage.

–Thomas Campion.

'अमल विचार नै उसका मित्रगण हुन् । सुकर्मले राम्ररी बिताएको जीवन उसको धन हो । पृथ्वी उसको स्वाभाविक धर्मशाला र शान्त स्वभाव नै तीर्थयात्रा हो ।

सद्गुरवे नमः

बीजक

दसौं खण्ड

हिण्डोला– १

भरम हिण्डोला झूले । सब जग आय ।।१।।
पाप-पुण्य के खम्भा दोऊ । मेरु माया माहिं ।।२।।
लोभ भँवरा विषय मरुवा । काम कीला ठानि ।।३।।
शुभ अशुभ बनाये डाँडी । गहे दूनों पानि ।।४।।
कर्म पटरिया बैठिके । को-को न झूले आनि ।।५।।

[अनुवाद–ललित छन्दलयमा]

भ्रमको झूलना जगका प्राणी , आइ सबै ती झुल्छन् ।
पाप पुण्यको दुइटा खम्बा , आग्लो माया हुल्छन् ।।
लोभ लटाई विषया चर्खो , काम किलाले कस्छन् ।
कर्म लठारो छ शुभा शुभै दुइ , हात अँठ्याई बस्छन् ।।
कर्मको काम्रो बीच बसेर , आई न झुल्ने को छन् ।

अर्थ– भ्रमको हिण्डोला– पीङमा जीव सबका सब झुलेका छन्– मच्चिरहेछन् ।।१।। (त्यो पीङको रूप-) पाप र पुण्य कर्मका■ दुइ (लिङ्गा) गाडेका छन् । मेरु– मायाको गरालो छ ।।२।। लोभ भँवरा–लोभको दुइकापे चरखी (लट्टाई– आफैंले तानी झूला चलाउने साधन) छ, विषयको मरुवा-घुर्रा वा भुरुङ बनाई कामको कीलो ठोकेका छन् ।।३।। शुभ र अशुभ वासनाका दुइतिर समाउने डण्डो वा डोरीका लठारा लागेका छन् ।।४।। कर्मरूपी काम्रो वा बस्ने फल्याक छ । यस्तो अपूर्वको पीङमा आई को-को मच्चिएनन् होला ! अध्यासी जीव सबै मच्चिइरहेकै छन् ।।५।।

■पाप कर्म र सकाम पुण्य-कर्मबाट नै जीवको जन्म-मरण आवागमन भइरहेछ ।

अरू– चाड पर्व मेलाका समयमा खेल्ने पीङ्हाल्दा लिंगा-गराला, डोरी काम्रा चाहिन्छन् । त्यस्तै संसारको आवागमनरूपी पीङ मच्चिने सामान हुन्– शुभाशुभ वासना, विषयासक्ति, काम, कल्पना, सम्पत्ति-पदार्थ र स्वर्गादिको लोभ, तृष्णा, पारिवारिक मोह, पाप-पुण्यादि कर्म– यी सबै सामग्रीबाट खडाभएको संसार-रूपी पीङमा सारा जीव मच्चिइरहेछन्, तल-माथि आउने-जाने भइ-रहेछन् ।

स्थूल मायाबाट छुट्ने साधक पनि सूक्ष्म वाणी-मायामा परी झन् मस्कन्छन् । अति सुरम्यरूप, ज्योति आदिको दर्शन, दसौं थरीका शब्द-श्रवण, अमृत रसास्वादको पान, स्वर्गपुरी-परमधाम आदिमा निवासको प्रलोभन छुट्तैन । ब्रह्मबाट जगत् जगत्बाट ब्रह्म बन्ने रमाइलो पिङमा मच्चिदा झन् कति बेसरी मच्चिन पाइन्छ, कति आनन्द आउला त ! ब्रह्मको त स्वभावै हो यो ! यसैले सच्चा कल्याणार्थी यहाँ अति सावधान रहन्छन् ।

झूलत गण गन्धर्व मुनिवर । झूलत सुरपति इन्द्र ॥६॥
झूलत नारद शारदा । झूलत व्यास फणिन्द्र ॥७॥
झूलत विरञ्चि महेश, शुकमुनि । झूलत सूरज चन्द ॥८॥
आप निर्गुण सगुण होय । झूलिया गोविन्द ॥६॥

झुल्छन् गण गन्धर्व मुनेश्वर, सुरपति इन्द्र नि झुल्छन् ॥
व्यास शारदा नारद शेष र, शिव विधि शुक रवि चन्द्र ।
स्वयं कृष्ण सगुण निर्गुण बनी, झुल्छन् भवका केन्द्र ॥

अर्थ– यस्ता पिङमा मच्चिने को को रहेछन् सुन– गन्धर्वगण, ठूल-ठूला मुनि, देवराज इन्द्र, नारदजी, शारदादेवी, वेदव्यासजी शेषजी, ब्रह्माजी, शिवजी, महामुनि शुकदेवजी, सूर्य चन्द्र (ज्ञानी-योगी) सबका सब मच्चिइरहेछन् ॥६-७-८॥ यतिमात्र हुन् र ! भन्दछन्– स्वयं श्री कृष्णचन्द्र (विष्णु) पनि निर्गुण स्वरूप छँदै

सगुण अवतार लिई-लिई यही खानी-वाणीका बीच आवागमनको पीडमा मच्चिइरहेछन्◈ ।।९।।

अरू– यिनमा धेरै-जसो खानी-वाणी दुवै पिडमा प्रसन्नता पूर्वक मच्चिएका छन् । शुकदेव मुनिहरू खानी जालबाट त बचेका थिए, तर वाणी-वेगकै मच्याईमा परे ।

छौ चारि चौदह सात एकइस । तीनिउ लोक वनाय ।।१०।।
खानी वाणी खोजि देखहु । अस्थिर कोइ न रहाय ।।११।।
खण्ड ब्रह्मण्ड खोजि देखहु । छूटत कितहूँ नाहिं ।।१२।।
साधु सङ्गति खोजि देखहु । जीव निस्तरि कित जाहिं ।।१३।।

छ चार सात चौध एक्काइस, तीनै लोक बनेका ।
खानी वाणी खोजि देखहु, सुस्थिर को त भएका ।।
नवंखण्ड ब्रह्माण्ड त हेरौं, छुटिने पनि छैन उहाँ !
साधु सङ्गत गर तिमी खोजी, मुक्त भै बस्ने कहाँ ।।

अर्थ– छः शास्त्र, चारवेद, चौध विद्या रचना गरे । सात स्वर्ग, एक्काइस ब्रह्माण्ड, तीन लोकादि कल्पना गरी भ्रमको पीडमा मच्चिइरहेछन् ।।१०।। खोजी हेर ! खानी-वाणीका अध्यासी जीव कोही टुसुक्क बस्नसम्म पाएका छैनन् ।।११।। नौ खण्ड पृथ्वी, सारा ब्रह्माण्ड, एक-एक नियाली हेर (स्वरूपबोध, पारख-स्थिति छाडी) अरू कहीं कुनै छुट्ने उपाए नै छैन ।।१२।। अतएव पारखी सन्तको सत्सङ्गमा गई खोज–यो जीव मुक्तभएर कहाँ रहन्छ ! ।।१३।। यसको उत्तर स्वयं बताउनुहुन्छ–

शशि सूर रैनि शारदी । तहाँ तत्त्व परलय नाहिं ।।१४।।
काल अकाल परलय नहीं । तहाँ सन्त विरले जाहिं ।।१५।।
तहाँ के बिछुरे बहु कल्प बीते । भूमि परे भुलाय ।।१६।।
साधु सङ्गति खोजि देखहु । बहुरि न उलटि समाय ।।१७।।

◈ "विष्णुर्येन दशावतार गहने क्षिप्तो महाँ सङ्कटे ।" [भर्तृहरि]

चन्द्र रवी रजनी शारदि सब, ऋतुहरू छैन कोही ।
काल अकाल र प्रलयै छैनन्, पुग्दछन् बिरलै त्यहीं ।।
त्यहांको विछुडन् कल्प धेर भो, भूले भू परि भ्रष्टै ।
साधुको सङ्गति खोज विचार, फर्की परिन्न कष्टै ।।

अर्थ– आफ्नो शुद्ध चेतन स्वरूपमा चन्द्र-सूर्यको प्रकाश पुग्न सक्तैन (प्रकाश गर्न सक्तैनन्) रात-अन्धकार, शरदादि ऋतु, चारै जड तत्त्व, तिनको प्रलय, मरण–परिवर्तन केहीले छुन सक्तैन ।।१४।। काल अकाल–शुभाशुभ समय र प्रलय आदि पनि रहँदैनन् । यस्तो स्वयं स्वरूपमा स्थिर हुने बिरलै सन्त-पारखी हुन्छन् ।।१५।। यो जीव स्वयं अपरोक्ष चेतन स्वरूपको भूल-वश संसार - चक्रमा घुम्दा-घुम्दा अनन्त समय बितिसक्यो ।।१६।। अब त पारखी सन्तको सत्सङ्गमा गई खोज, आफ्नो सत्य स्वरूपलाई चिन; सतर्क एवं होशपूर्ण सदाचारी बनी, स्वरूप-स्थितिमा अचल होउ । यति गऱ्यौ भने फेरि तिमीले संसार कूलालाई फर्की पुलुक्क हेर्न सम्म पनि पर्ने छैन, मच्चिनको त के कुरा ! ।।१७।।

अरू– जीव आज यही वर्तमानमा सबै वासना-कल्पनाबाट पन्छेर पृथकमात्र बनोस्, उसको दृढ अभ्यास र सहज धारणा भएपछि के ले उसलाई बिगार्न, दु:खमा खाँद्न सक्छ! कसले संसारमा ल्याउने ! ऊ आफैं आफ्नो ज्ञानस्वरूपबाट अस्तित्वमात्र रहन्छ, शान्ति-स्थितिमा निमग्न हुन्छ। यही कुरा यहाँ स्पष्ट बताउनु हुन्छ– 'मुक्त जीव फर्केर फेरि गर्भ वासमा पस्न जाँदैन ।' किनभने जीव चेतन कुनै कार्य-पदार्थ भए, आफ्नो कारणमा गई मिल्नेथियो; कारण-कार्यरहित असङ्ग वस्तु हुनाले कहीं मिल्ने हुँदैन । उसमा क्रिया नहुनाले अचल रहन्छ, अखण्ड हुनाले कहिल्यै नाश हुँदैन । स्वयं ज्ञान स्वरूप त हुँदै हो, यसैले अब ऊ शाश्वत एकरस ज्ञानैज्ञान रूपबाट रहन्छ; उसलाई कुनै केहीले स्पर्श गर्नसम्म पनि सक्तैन । स्वयं विचार गरौं–मुक्तिमा पनि कुनै धाममा पुगिने, कसैमा मिल्ने

र आफ्नो स्वरूपमा जगत्‌लाई लय गराउने भयो भने त्यो अवस्था मुक्तिको कहाँ भयो !

ये झुलबे की भय नहीं । जो होय सन्त सुजान ।।१८।।
कहहिं कबीर सत सुकृत । मिलै तो बहुरि न झूलै आन ।।१९।।

यस्ता पीङको डर रहँदैन , सन्त सुज्ञ जो बनला ।
कबीर वचन सत सुकृत मिले त , कहिल्यै फर्की न झुलला ।।

अरू– विवेक-वैराग्य र शुभाचरण सम्पन्न सन्तलाई यो माथिको पीङमा मच्चिइरहने, फेरि जन्म-मरणमा आउने-जाने नौबतै पर्दैन, कुनै कुराको भय रहँदैन ।।१८।। गुरु कबीर भन्नुहुन्छ जसलाई सतसुकृत–पुण्यवान् सन्त पारखी मिल्दछन्, उनका बोध-आचरणमा जो स्वयं मिल्दछ, ऊ फेरि फर्की उपर्युक्त पीङमा मच्चिदैन, आवागमन, त्रयतापको कष्ट आदि झन्झटबाट पार पाउँछ ।१९।।

अरु– जडदेखि भिन्न, अपरोक्ष ज्ञान स्वरूप सत्य चेतनको बोध प्राप्त भई; सत्य आचरण, सत्य बोल-चालसम्पन्न बनी शान्त भएका पारखी सन्तको महत्त्व महान् हुन्छ । यस्ता सन्त महात्माको सत्सङ्ग-सेवाबाट हाम्रो स्वभाव र बोध-धारणा पनि उहाँकै जस्तो बन्नेहुन्छ । यसैले माथि अन्तिम चौपाईमा 'सत सुकृत मिलेभने फेरि पीङमा मच्चिइरहनु पर्दैन' भन्नुभएको हो । अतः यहाँ मुमुक्षुजनको कर्तव्य हुन्छ– 'यस्ता महात्माको खोजी गरी, तिनका सत्सङ्गबाट सत्य वस्तुको परिचय प्राप्त गर्न सर्व आसक्ति-कल्पनादेखि रहितरही स्व-स्थिति बनाइहाल्नु' ।

"तिमीले सिक त्यो ज्ञान , सेवा प्रश्न प्रणामले ।
ज्ञानोपदेश गर्नेछन् , ती ज्ञानी तत्त्वदर्शिले ।।"

★

हिण्डोला– २

बहु विधि चित्र बनायके । हरि रचिन क्रीडा रास ।।१।।
जाहिं न इच्छा झूलबेकी । ऐसी बुद्धि केहि पास ।।२।।
झूलत-झूलत बहु कल्प बीते । मन नहिं छाडै आश ।।३।।
रच्यो रहस हिण्डोरवा । निशि चारिउ युग चौमास ।।४।।
कबहुँक ऊँचे कबहुँक नीचे । स्वर्ग भूतले जाय ।।५।।
अति भरमित भरमहिण्डोरवा । नेकु नहीं ठहराय ।।६।।
डरपत हौं यह झूलबेको । राखु यादव राय ।।७।।
कहैं कबीर गोपाल विनती । शरण हरि तुम आय ।।८।।

रूप बनाई माया हुन विधि, रच्छे नित क्रीडा रास ।
यो झुलामा नझुल्यौं भन्ने, छ यो मति कसमा वास ।।
झुल्दा झुल्दा कल्प गयो कति, मनले छोडेन आश ।
रहस्यमय यो सुन्दर झूला, रचे युग – चारै – मास ।।
कहिले माास्तिर कहिले तलतिर, भूमि स्वर्ग हुच्याउँछे ।
अति नै चञ्चल सुखमय झूला, छिन न थामी मचाउँछे ।।
भयभीत सारै छु पीडा देखि, कृष्ण शरण अब लेऊ ।
जीव भन्दछ बिन्ती गोपाल, शरण हरि तिमी होऊ ।।

अर्थ– अनेक रूप बदली-बदली हरि–वामा-वञ्चकरूपी मायाले जीवका साथ रास क्रीडा–खानी-वाणी जगत्को खेल रचेकी छ ।।१।। यो पीङको खेल नखेलौं नमच्चिउँ भन्ने यस्ता बुद्धि भएका व्यक्ति संसारमा को होलान् ! ।।२।। यिनै खानी-वाणीका पीङमा मच्चिदा-मच्चिदा अनन्त कल्प व्यतीत भए, तैपनि कसैको मन त्यो खेलबाट निराश हुँदैन ।।३।।

मायाले यस्तो रहस्यमय पीङ हालेकी छ–चारै युग, चौमासा-भर-भर रात-दिन ती मच्चिरहेछन्, तैपनि हामी मच्चिरहेछौं, भो अब उत्रौं; भन्ने होशसम्म पनि कसैलाई हुँदैन ।।४।। यो पीङले मच्चाई जीवलाई कहिले माथि–मनुष्य खानिमा, कहिले तलका तीन खानिमा पुऱ्याइरहेछ । कहिले स्वर्गीय सुखको कल्पनामा दौडा-

उँछ भने कहिले नारकीय भोगासक्ति र कष्ट दुर्दशातिर गाड्दछ ।।५।। यो सुख-भ्रान्तिको पीङ सारै मच्चिने चञ्चल छ, क्षणमात्र रोकिंदैन ।।६।। अबोध जनता भन्दछन्– हे नन्द-नन्दन ! अब आफ्नो पीङ रोकिदिनोस्, म पीङदेखि अति भयभीत छु । हे प्रभु ! म हजुरको शरण-चरणमा परी विनय गर्दछु, दासलाई अब त यो दुःखबाट बचाइबक्सियोस् ।।७-८।।

अरू– भोग, विषय-वासना त स्थूल खानी माया हुँदै हो, अर्को परोक्ष कल्पनाका इष्ट, लोक-धामादिको निवास पाउने आशा झन् झीनो लेसिएको सूक्ष्म वाणी-माया हो । स्थूल माया-धेरैले छाड्न नसके पनि 'यो दुःखको घर हो, बन्धन हो' भन्ने जानेका हुन्छन्, अतः कुनै न कुनै दिन छुट्ला पनि; तर सूक्ष्म माया, मुक्ति-कल्याणकै साधन वा स्वरूप बनी, हृदयमा टाँसिएको हुनाले छुट्न अति कठिन छ । कल्पित स्वर्गीय सुख, परमधामको आनन्दको उपलब्धिका निमित्त अनेक कर्म गरी-गरी जीव जन्म-मरणको पीङमा मच्चिई नै रहन्छ ।

भ्रान्त जीव, कल्पना-वश भगवान् (इष्ट) को प्रार्थना गर्दछ– 'हे प्रभो ! त्वम् शरणम् ! मलाई तार, भवसागरबाट पार उतार ।' परन्तु ती इष्ट कुनै कतै भए सुन्थे, 'हुन्छ' वा 'हुन्छ' भन्दाहुन्; यहाँ लाछी मन र अल्छी स्वभावको आधारै देव-देवीको कल्पना भइरहेछ । पुनः यता 'जसको पाप उसैको गर्दन' भन्ने उक्ति अनुसार आफूले गरेका कर्मको फल कसैले पनि नभोगी सुख पाइने होइन ! कसैले 'ल, माफ भो' भनी हुकुम गरेर गरिने पनि होइन । अदेखका कोही कहीं हालहुकुम गर्ने छँदापनि छैनन् हाल हुकुम गर्ने भनेकाले पनि शरीरलिई-लिई स्व कर्मको फल भोग्न बाध्य बन्न परेको पुराणले बताएकै छ । अतः विवेकी सद्गुरुको सत्सङ्गबाट आफ्नो साँचो स्वरूपलाई चिन, वासनाको बन्धन चुँडाल्ने आजैदेखि प्रयास गर ।

माथि मूल वचनमा 'कहैं कबीर गोपाल विनती' भनी बोध विहीन संसारी जीवहरू दुःख आपत्ति परेमा कल्पनाका इष्ट–गोपाल-राम आदिको स्तुति गर्दछन्—भन्नुभएको हो । गुरु कबीरले आफ्नैतर्फबाट विनय गर्नुभएको होइन । उहाँकै विनय भए 'कहैं कबीर' नभई 'कहहिं कबीर' पाठ हुनेथियो । यी कहहिं कबीर वचन गुरुमुख-वाणी मा र कहैं कबीर पूर्व पक्षीका वाणीमा उच्चारण हुने पारिभाषिक शब्द हुन् । गोपाललाई त उहाँ भन्नुहुन्छ–

'कृष्ण गए सुर नर मुनि वंसा ।।' [बी. र. ४५]
निर्गुण-ब्रह्म माते वृन्दावन.... । [बी. शब्द १५]

★

हिण्डोला– ३

लोभ मोह के खम्भा दोऊ । मन से रच्यो है हिण्डोर ।।१।।
फूलहिं जीव जहान जहाँ लगि । कितहुँ न देखों थिति ठौर ।।२।।
चतुर फूलहिं चतुराइया । फूलहिं राजा शेष ।।३।।
चाँद सूर्य दोउ फूलहिं । उनहुँ न आज्ञा भेष ।।४।।

लोभ मोहका खम्बा दुइटा, मन कृत हो यो झूला ।
झुल्छन् जगका जीव सबै नित, देखि न सुस्थिर चोला ।।
झुल्छन् चतुरा चतुरापनमा, झुल्छन् योगी योगं ।
सूर्य चन्द्र झुल्छन् वेशको, आज्ञामा सहयोगं ।।

अर्थ– 'स्वर्गादि-निवासको लोभ र देह-परिवारको मोह–यी दुइ खम्बा गाडी, आफ्नै मनबाट मानवले सुख-भ्रम' को पीङ हालिरहेछ ।।१।। संसारमा जे-जति जीव छन् सबका सब मच्चिइरहेछन्◆ पीङ छाडी कहीं कोही रत्तीभर टुसुक्क बसेका सम्म पनि

◆Nothing begins, and nothing ends,
That is not paid with moan;
For we are born in other's pain,
And perish in our own.
–Francis Thompson.

'विलापले भुक्तानी नलिई कुनै कुरो पनि प्रारम्भ हुँदैन, समाप्ति पनि हुँदैन । किनभने हामी अर्काको दुःखमा जन्मन्छौं र आफ्नै दुःखले मर्दछौं ।'

देखिदैनन् ।।२।। चतुरा–विद्वान्-व्यक्ति आफ्नै बढत्व र विद्याकै गर्वमा मच्चेका छन् । राजा शेष–योगीराजहरू योगचातुरी र सिद्धिको प्रलोभनमा मच्चिरहेछन् ।।३।। चाँद, सूर्य–कर्म योगी र कर्म संन्यासी पनि क्रमशः– कर्म-प्रपञ्च र अद्वैतवादमा जगत्-ब्रह्म बनीबनी मच्चेका छन् । यी कुनै पनि भेसको मर्यादाबाट बाहिर हुन सक्दैनन् ।।४।।

लख चौरासी जीव झूलहीं । रविसुत धरिया ध्यान ।।५।।
कोटि कल्प युग वीतिया । अजहुँ न माने हारि ।।६।।
धरति अकास दोउ झूलहीं । झूलहिं पौना नीर ।।७।।
देह धरे हरि झूलहीं । ठाढे देखहिं हंस कबीर ।।८।।

लख चौरासी जीव त झुल्छन्, ध्यान छ यमकै यिनको ।
कोटी कल्प र युग युग बीते, हार न खाने मनको ।।
धरती नभ सब चचह ! खेल्छन्, झुल्छन् वायु र पानी ।
देह लिई लिइ हरि मच्चेका, देख्छन् कबीर ज्ञानी ।।

अर्थ– लक्ष्य र वासना-वश अविनाशी जीव, नित्य रवि-सुत– यमरूप मन-माया र कल्पनाकै ध्यानमा हुनाले बारम्बार चार खानि, जन्म-मरणरूपी पीङमा मच्चिरहेछन् ।।५।। करोडौं कल्प व्यतीत भए, तैपनि यो पीङको खेल-रमिताबाट अघाउँदैनन् ।।६।। भोगासक्ति र कल्पित वाणीका प्रलोभन-अध्यासमा परी-परी धरतीका पदार्थासक्त जीव, आकाशमा कल्पित स्वर्ग, अप्सरादिको सुख-भोग, अलकापुरी शहर, नन्दनबन आदिमा विहार गर्ने लालच-वश झुलेका छन् । पौन–प्राणवायुका रोधक योगी र नीर–तीर्थ-सेवी कर्मी, उपासक आदि पनि सबै जन्म-मरणका पीङमा मच्चिइरहेछन् ।।७।। कति भनौं, श्री विष्णु पनि देह धारण गरी-गरी यहीं मच्चिइरहेछन् । यो दृश्यको रमितालाई द्रष्टा पारखी पुरुषले नै तटस्थ बनी हेरिरहेका हुन्छन् ।।८।।

अरू– चाड-पर्वमा खेल्नको निमित्त विशेष गरी तीन थरीका पीङ्हाल्ने चलन छ। लिङ्ग (डोरे) पीङ, रोहोटे पीङ र जाँते पीङ। यस्तै यहाँ पनि गुरुले तीन पदद्वारा त्रि-गुणका तीन पीङ (हिण्डो-लाको) आयोजना गरी बताउनु हुन्छ–ब्रह्मादिदेखि कीट पतङ्ग-सम्मका जीव सबै यिनै पिङमा मच्चिरहेछन्। हामीले भित्रबाट खानी-वाणीको आसक्ति-कल्पना अँठ्याइरहेकाले पीङमा मच्चिन नछुटेको हो। पुराण-अनुसार ब्रह्मादि देवताहरू गृह-लक्ष्मीका साथ-सम्बन्धमा रहेकाले खानी-व्यवहारमै थिए। शुकदेवादि विरक्त थिए तापनि जडदेखि अभिन्न कैवल्य ब्रह्माकार भावनामै स्थिति हुनाले तिनको ब्रह्म-जगत् बनिरहने आवागमनको पीङ छुट्यो भन्न विवेकले दिँदैन। अतः जडदेखि सर्वथा, पृथक सत्य स्वयं स्वरूप चेतनको ज्ञान यथार्थ बुझी, सबैदेखि भिन्नको स्थिति अँगाली, विवेक पूर्वक ती दुवैको आसक्ति-कल्पनालाई सदाको लागि शमन गर्नु नै मुमुक्षुको मुख्य काम हुन्छ।

प्राचीन महापुरुष- ब्रह्मादि त्रि-देव, व्यास, शुकादि मुनिहरू झुल्ने, हंस–विवेकीमात्र रमिता हेर्ने, यो कसरी! हामी पनि लेख्न सक्छौं– 'कबीर आदि झुलिरहेछन्, हाम्रा पूर्वज ऋषिहरू रमिता हेरिरहेछन्। कसैलाई यस्तो शंका हुन सक्तछ, तर–

"झूठा कबहुँ न करि है काज।"

"असार फितलो बार, असार कति टिक्तछ!
बेसारेको त्यो बेसार, बेसार कति टिक्तछ!"

–उक्ति अनुसार यथार्थ विवेक-प्रति लक्ष्य दिएमा यो शंकाको समाधान स्वयं हुनेछ। जड र शून्यदेखि पृथक, सत्य चेतन स्व-स्वरूपको बोध र स्थिति-बिना, परोक्ष कल्पनामा वृत्ति शम गरा-उनेहरू निर्मल ज्ञानको स्थिति–कैवल्य मुक्तिमा कसरी शान्त होलान्! कुनै बाह्य आसक्ति- वासना न रहेपनि ब्रह्म-जगत्‌को

पीङ त कायमै रह्यो, मच्चिइरहनै पऱ्यो । यता– विवेकी हंस पुरुषले सबै खानी-वाणी जाललाई परीक्षा गरी हटाई, अपरोक्ष शुद्ध चेतन ज्ञान स्वरूपमा वासनारहितको स्थिति बनाए पछि जीवन्मुक्ति दशाबाट तटस्थ द्रष्टा बने, वासना-तन्तु चुँडिइहाल्यो । यसैले उहाँलाई 'ठाढे देखहिं हंस कबीर' भनेको हो। वासना बाँकी बचेसम्म र परोक्ष कल्पना, भ्रान्ति रहेसम्म शुद्ध ज्ञानमात्रको स्थिति भयो भनी-कसरी भन्ने !

विषयासक्ति, अहङ्कार, अनेक मान्यता र भ्रान्ति-कल्पना-वश कष्ट खपी, आवागमनमा झूलिरहेका जीवको बन्धन परीक्षा गराई, छुटाई, सुखी-शान्त र मुक्त गराउन, गुरु कबीरबाट खेती-व्यापार, कपडा-बुनाई, विवाह, गौना, कहारको नाच, बाजा, माछा-मराई, शिकार-खेल, चाचर खेल, बसन्त फागु-खेल, साँपको विष झराई, लहराको बेराई, पीङको मच्चाई– आदि उपमायुक्त वक्रोक्ति समासोक्ति, रूपक इत्यादिबाट सम्झाई बुझाई, खानी-वाणीको जालबाट बचाउन यहाँसम्म बताउनु भयो । अब सदाचार पालन र स्वरूपमा स्थिति गराउन, साखी खण्डबाट विस्तार बताउनु हुन्छ ।

*

देखाई पीङ मच्याई, बन्धबाट बचाउन ।
भन्नुहुन्छ कृपासिन्धु, साखी आँखी खुलाउन ।।

सद्गुरवे नमः

बी ज क

एघारौं खण्ड

(साखी)

जहिया जन्म मुक्ता हता , तहिया हता न कोय ।
छठी तुम्हारी हौं जगा , तू कहाँ चला बिगोय ।।१।।

[अनुवाद–अनुष्टुप छन्द]

जुन जन्म विषे मुक्त , थियौ थिएन क्यै पनि ।
छैंटौं देह चढ्यो हन्ता , बिग्री कता गयौ तिमी ।।१।।

अर्थ– जहिया–जुन-जुन समय, जन्म मुक्ता हता–स्वतन्त्र-मुक्त मानव-जीवनमा जीव थियो वा छ, तहिया–त्यस-त्यस बखत अरू तीन खानिको विवशता केही थिएन, अहिले पनि छैन । छठी तुम्हारी हौं जगा–छैंटौं▨ पारख दशा वा हंश भूमिका◈ नै तिम्रो स्थिति बनाउने ठाउँ थियो, त्यहाँ आफ्नो हंसको स्वभावबाट शुद्ध-शान्त बनी बस्नुपर्नेमा झन् तिमीमा त उल्टो अहङ्कार पो जाग्यो वा जागिरहेछ । हे जीव ! आफ्नो स्थिति–कल्याण-पद, शान्ति-भूमिका छाडेर तिमी कहाँ बराल्ली-बिभिन्डिरहेका ! ।।१।।

अरू– यहाँ मुक्ता हता–'मुक्त थियो' यो वचनबाट जीव अतीत काल कुनै समयमा मुक्त रहेछ र पछिमात्र बन्धनमा पर्न

▨–पांच विषयको सुखमा स्थिति मान्नुको माथि छैंटौं–जीवको शुद्ध स्वरूप पारख-स्थिति ।

◈–छिप्रा, गतागत, सौलेष्टता, सुलीन र अभाव–यो पांच भूमिका माथि छैंटौं भूमि-हंसदशा अर्थात् जीवनमुक्त अवस्था । त्यहाँको आचरण–सत्य विचार शील दया धीरज विवेक बोध-भाव र वैराग्यादिको रहन धारण गरी, हंस पक्षीले दूध-पानी छुट्याई, दूधमात्र ग्रहण गरेझैं जड-चेतन, सार-असार छुट्याई सार सत्य चेतन मात्र ग्रहण गर्नु ।

आएको रहेछ कि भन्ने शङ्का हुन्छ । तर त्यस बखत विमुक्त शुद्ध जीवमा वासना, संशय आदि कुनै माध्यम नहुनाले पुनः बन्धनमा आउनै सक्तैन । दोस्रो–उही पदमा साथसाथै ‘जन्म’ पद पनि जोडिएकोले ‘जुन जन्ममा मुक्त थियो’ भनेपछि त्यस बखत शुद्ध विदेहमुक्त अवस्था थियो भन्ने भाव त मूल वचनकै पनि भएन, केवल तीन खानिका बन्धन-उपाधिबाट रहित स्वतन्त्र मुक्तजन्म अर्थात् मुक्तिको माध्यम मनुष्य-जन्मलाई नै भन्नुभएको रहेछ भन्ने स्पष्ट देखिएकै छ । तेस्रो–अन्त्यको चौथा चरणमा ‘तिमी कहाँ बिग्रेको बाटो हिंडिरहेका’ भन्नुभएपछि भूतकाललाई मात्र नऔंल्याई जीवको सुधारका निमित्त वर्तमानलाई नै इङ्गित गरी शिक्षा गर्नु भएको हो भन्ने स्पष्ट देखिनआएको छ । यसैले माथि बताए अनुसार नै खुलासा अर्थ हुन आउँछ– ‘जब-जब जीव कल्याण गर्नमा स्वतन्त्र थियो, अहिले पनि छ ।’

पञ्चकोश◈देखिमाथि तिम्रो कल्याण-कार्य सिद्धिको माध्यम– छैटौं हंस-भूमिका हो । तर ती पञ्चकोश भन्ने सबै प्रपञ्च र वाणी-कल्पना भित्रैका हुन् । साधकले ती सबैबाट पन्छेर छैटौं हंस-भूमिकाकै आचरण▨ धारण गरी जीवन्मुक्ति स्थिति अँगाल्नु पर्दछ । हंस-

◈ पञ्चकोशको विवरण–

(१) अन्नमय कोश – स्थूल देह, छिप्रा भूमिका, कर्म मार्ग–पेटपाल्ने कामगर्नु ।
(२) प्राणमय कोश – सूक्ष्म देह, गतागत भूमिका, उपासना-मार्ग ।
(३) मनोमय कोश – कारण देह, सौलेष्टता भूमिका, योग - मार्ग ।
(४) ज्ञानमय कोश – महाकारण देह, सुलीन भूमिका, ज्ञान - मार्ग ।
(५) विज्ञानमय कोश – कैवल्य देह, अभाव भूमिका, विज्ञान-मार्ग ।

▨ हंस भूमिकाको आचरण–

माथिका सत्य शीलादि अष्ट लक्षण र साथै– अद्रोह, समता, मित्र-जीव (जीवमात्र-लाई मित्रभावले हेर्नु), अद्रुत नयन (स्थिरदृष्टि) अभय । क्षुधा-निवारणमात्र-भोजनादि

देहका यिनै आचरण-आजीवन पालन गर्नु नै मानवको मुख्य कर्तव्य हो। यस्ता बोध-आचरणनिष्ठ पारखीसन्तको देह-भोग समाप्त भएपछि सबै अभावभई विदेहमुक्ति-स्थितिमा शुद्ध पारख–ज्ञानमात्र-को अस्तित्व अवशेष रहन्छ।

यसैले गुरु कबीर भन्नुहुन्छ– हे जीव ! तिम्रो मुक्तिको माध्यम स्वाभाविक माथिका हंस-लक्षण नै हुन्। परन्तु त्यहीं तिमी-लाई शरीर र शरीर-सम्बन्धी प्राणी-पदार्थ तथा भ्रम-मान्यताको अहङ्कार जागिरहन्छ। यस्तो अमूल्य-अवसर अनाहकमा बिताई तिमी कता बिग्रने बाटो लागिरहेका !

शब्द हमारा तू शब्दका, सुनि मति जाहु सरक।
जो चाहो निज तत्त्व को, तो शब्दहि लेहु परख ॥२॥

शब्द मेरो तँ त्यसैको, सुनी न बग्नु रत्त भैं।
स्व पद प्राप्तिको आशा – छ भने जाँच शब्द नै ॥

अर्थ– (ब्रह्मज्ञानी शिक्षक भन्दछन्–) शब्द हमारा-शब्द नै ब्रह्म स्वरूप हो (शब्द-ब्रह्म)। तिमी ब्रह्मका अंश-जीव ह्वौ। गुरु भन्नुहुन्छ–यस्ता भ्रान्तिपूर्ण वचन सुनेर पत्याई तिमी सरक–भ्रममा नपर। यदि निज तत्त्व–आफ्नो शुद्ध पारखको बोध र स्वरूप-स्थिति बनाउने अभिलाषा छ भने शब्दको परीक्षा गरेर सार-असार छुट्याई, सार-सार मात्र ग्रहण गर्नेगर ॥२॥

अरू– सृष्टिको पूर्व 'शब्द-ब्रह्ममात्र थियो, उही निः अक्षर हो। त्यहींबाट 'अ उ म'– यी तीन अक्षर उत्पत्ति भए। यी सबै

ग्रहण, प्रिय-वचन, शान्ति-बुद्धि, पारख प्रत्यक्ष, सर्वसुख प्रकट (निवृत्तिको सुख)। निर्णय, निर्विन्द (काम-वासनाबाट रहित), प्रकाश (ज्ञानको स्थिति), स्थिर, क्षमा। मिथ्या-त्याग, सत्य-ग्रहण, निःसन्देह, साधु-सेवन, हन्ता-निरसन। अस्ति-नास्ति पदको निर्णय, शुद्ध व्यवहार, यथार्थ पारख टकसार, बोधहेतु वेदादि वाणीको ग्रहण। श्री पूरणसाहेब श्री रामरहस्य साहेबका भाषामा हंस-भूमिका वा हंसका लक्षण यिनै हुन्। यिनैलाई सद्गुण-समूह र दैवीसम्पत्ति पनि भन्दछन्।

उनै ब्रह्मका नाम हुन् । ब्रह्मबाटै समस्त सृष्टि खडाभएको हो ।' इत्यादि पूर्व-पक्षीका प्रबन्धसहित शब्द-जालको परीक्षा गराउन गुरुबाट जिज्ञासुलाई यो प्रबन्ध बताउनुभयो । यस्ता प्रलोभक वाणीमा लोक-धाम आदिको महिमा, नर्कको भयानक दृश्यको वर्णन-युक्त भ्रान्ति-कल्पना भरिएका हुन्छन् । यसैले गुरु कबीरको निर्णय हित-शिक्षा छ– कुनै कुरापनि सुन्नासाथ प्रतीत गरी उसैका पछि नलाग्नु अन्यथा धोखा पर्ने छ । यदि आफ्नो सकली स्वरूप–हृदयस्थ चेतनलाई पाउने इच्छा छ भने शब्दको परीक्षा गरेरमात्र लिने बानी बसाल। प्रत्येक वचनमा विभिन्न भाव भरिएका हुन्छन्, तिन-लाई छानी सार सत्य अँगाल्न सकिएन भने धोखा खाई कष्टमा परिनेछ । गोस्वामी तुलसीदासजी पनि आफ्नो सतसई पुस्तकमा भन्नुहुन्छ– वाणी तीन प्रकारका हुन्छन्– रोचक भयानक र यथार्थ । तिनमा लिन योग्य र त्याग्न लायक दुवैथरी एकैमा मुछिएका हुन्छन् । यसैले अयुक्त पानीरूप वाणी सुनी अज्ञ जीव भुलिरहेछन् ।

आफूलाई कहीं जानुछ भने बाटोका मर्मी साथीको साथ गर्नुपर्छ । साथी नभए जहाँ-जहाँ दोबाटो पर्दछ, त्यहाँ अरूसित सोध्नु र विचार गर्नुपर्दछ; अन्यथा कहींको कहीं पुगिनेहुन्छ । यस्तै परमार्थ मार्गका निर्देशक माध्यम हुन्– वाणीका वर्णसमुदाय । ती पुस्तकीय हुन् वा मुखाग्र उपदेशका; सबैलाई विवेक गरेरमात्र सार-सत्य जति नै ग्रहण गर्ने गऱ्यो भने त्यसले सत्य-नपाउला, त्यसको कल्याण नहोला भन्नुपर्दैन । त्यै नभने त्यसले दुइ-चार जन्ममात्र होइन, कल्प-कल्पसम्म भ्रान्तभई चक्कर काटिरहनु पर्नेछ । यसै गरी त हामी अनादिदेखि विभ्रान्त बनिरहेका छौं ।

शब्द हमारा आदिका , शब्दै पैठा जीव ।
फूल रहनकी टोकरी , घोरे खाया घीव ॥३॥

शब्द थ्यो आदिको मेरो , शब्दैमा जीव पस्न गो ।
फूल राख्ने थियो ढक्की , मट्ठा पो घिउ खान गो ॥

अर्थ– मेरा निर्णय-वचन आदिका, मुख्य सत्य स्वरूपलाई चिह्नाइदिने हुन् । तर जीव भने शब्दै पैठा–भ्रम-वाणिमै आसक्त बनिरहेछ । अथवा शब्दैमात्र पक्रन्छ, सार लक्ष्य ग्रहण गर्दैन । फूल रहनकी – निर्णय-वाणीरूपी फूल चयनगरी सपक्क सजाई थपक्क राख्नलायक मानवीय अन्तःकरणरूपी ढक्की थियो, त्यहाँ कल्पित वाणी राखी-राखी नष्ट गरिसक्यौ । जस्तो घोरे खाया–मही धेरै मथिदा वा विकारीतत्त्व पर्नजाँदा घिउ नष्टभई बरबाद हुन्छ ।।३।।

अरू– 'आदि'को भाव हो–वेद-काल पछि छानबीन गरी निक्लेको, सत्य-शब्द, जसबाट चेतन स्वरूपको सम्यक बोध हुन्छ । तर सत्यमा लोलोपोतो र छलको प्रदर्शन हुँदैन, रूखो खस्रोपना अनुभव हुन आउँछ । अर्थात् वाणीको कृत्रिम लालित्य नभई वास्तविकता हुनाले मनुष्य-सत्यप्रति उत्तिको आस्था राख्दैनन्, प्रायः नकलीकै चमक-दमकतिर ओइरिन्छन् । कि त पुरानै भ्रान्ति संस्कारमा परी अल्मलिइरहन्छन् । दोस्रो– मनुष्यको अन्तःकरण अनमोलको पात्र हो । यसमा गुरुका सार शिक्षा–जड़ चेतन निर्णयका गुरुमुखी वाणी, सद्विवेक, द्रष्टा-स्थितिरूपी मखन नै रहनु पर्दछ । जथाभावी वचन सुन्ने-पढ्ने गर्नाले मानवीय श्रेष्ठ अन्तःकरणमा कुसंस्कार भरिनेहुन्छ । यसैले भन्दछन्– 'जिज्ञासुले धेरै निद्रामा, संसारका व्यर्थ-प्रपञ्ची कुरामा, शब्दादि पञ्चविषयका भोग-विलासमा, तिनको चिन्तनमा तथा स्व-स्वरूपको विस्मृति इत्यादिमा रत्तीभर समय नदिनु, अमूल्य जीवन व्यर्थ नष्ट नगर्नु' । यसलाई आफ्नै स्वरूपको चिन्तन, साक्षीभाव, ज्ञानमात्रको स्थितिमा निमज्जित राख्नु◈ ।'

शब्द सवारी हो, सवारीमा सवारभई आएका मालिकरूप स्व तत्त्वलाई सुनौं गुनौं चिनौं र आफ्ना परम इष्ट, महान् सम्पत्ति-

---

◈निद्राया लोक वार्तायाः शब्दादेरात्म विस्मृतेः ।
क्वचिन्नावसरंदत्त्वा चिन्तयात्मानमात्मनिः (अध्यात्मोपनिषद्)

रूप अपरोक्ष स्व स्वरूपलाई पाई निहाल बनौं । निरन्तर द्रष्टाको भाव–स्वयंको होशमा जागा रही, शान्तिको साम्राज्यमा बसौं । यही हो–हामीलाई सार सत्य तत्त्वको लाभ प्रदान गरी परम शान्ति-मुक्ति स्थिति दिलाउने गुरु कबीरको दयादृष्टि ।

शब्द बिना सुरति आँधरी , कहो कहाँको जाय ।
द्वार न पावै शब्दका , फिर फिर भटका खाय ।।४।।

लक्ष्य अन्धो बिना शब्द , भन ! जान्छ कता कहाँ? ।
न पाई शब्दको ढोका , भर्मन्छ नित्य त्यो महा ।।

अर्थ– जड-चेतन, सार-असार चिनाइदिने निर्णय वचनको परिचय नभएसम्म मनुष्यको लक्ष्य अन्धो रही, विवेकबाट रित्तो बनिरहन्छ । अब भन त ! यस्तो अविवेकमय अवस्थामा त्यसले कल्याणको स्थिति कहाँ पाउन सक्तछ ! द्वार न पावै–सबै थरीका शब्दको परीक्षा हुने मूलढोका–'गुरुमुख-शब्द' नै हुन् । यिनैको भेद नजान्नाले मानिस बार-बार अलमलिई गोता खाइरहन्छ ।।४।।

अरू– जस्तो दिशासूचक यन्त्र बिना, जहाज-हवाई-जहाज आदि गन्तव्य स्थानमा पुग्न सक्तैनन्, त्यस्तै यहाँ त्यो यन्त्र हो–गुरुमुखी निर्णयी वाणी । विशेषरूपबाट प्रवचन र ग्रन्थहरूमा काल, सन्धि, झाइँ तथा सार–यी चार थरीका भावले भरिएका वाणी निक्लन्छन् । यिनैलाई क्रमैसित जीवमुख, मायामुख, ब्रह्ममुख र गुरुमुख-वाणी भनिन्छ । तिनमा प्रथमका तीनथरी वाणी बन्धनकारी जीवका मति-विभ्रम गराउनेहुन्छन् । तिनका त्रुटि, दोषलाई राम्ररी जानी पारख गरी त्यागनको निम्ति चौथो सार शब्द-गुरुमुख वाणीबाट काम लिनुपर्दछ। श्री रामरहस्यसाहेब यही कुरा निर्देशन गर्नुहुन्छ–

'एक शब्द समुदाय जो, जामें चार प्रकार ।
काल शब्द सन्धि शब्द, झाँई औ पुनि सार ।। [पं. टक्सार]

यही अन्तिम (सार गुरुमुख वाणी) बिना, संसारका सारा प्राणी भटकिरहेछन् । अतएव साधकको कर्तव्य हो–सत्सङ्ग, विवेक-बाट पहिले यी वाणीको भेद जान्नु, अनि धोका खाइरहनु पर्दैन ।

शब्द शब्द वहु अन्तरे, सार शब्द मथि लीजै ।
कर्हहि कवीर जहँ सार शब्द नहिं, धृग जीवन सो जीजै ।।५।।

शब्द-शब्द महा भेद, सार शब्द मथी लिनु
सार शब्द जहां छैन, धिक्कार जुनि सम्झनु ।।

अर्थ– शब्द-शब्दमा धेरै फरक हुन्छ, सत्य र असत्यमा जति अन्तर छ, उत्तिकै अन्तर काल्पनिक वाणी र यथार्थ निर्णय- वाणीमा पनि हुन्छ । यसैले विवेकको मदानीले मथेर निक्लेको सारैसार शब्दलाई मात्र ग्रहण गर । गुरु भन्नुहुन्छ-जुन मानिसमा सार शब्दको विवेक (छ्यान विचार) छैन, त्यसको जीवन धिक्कार हो, त्यसले बाँच्नु व्यर्थछ । त्यो बाँचे पनि कल्याण गर्न असमर्थ हुन्छ ।

अरू– 'विष-अमृत गौ एकै सानी । जिन जानी तिन विषकै मानी ।। बी. रमैनी ।।११।।' जड चेतन, पाप पुण्य, शुभ-अशुभ आदि एकसाथ मिसिएका छन् । ठीक त्यस्तै सत्य शब्द र रोचक-भयानक शब्दहरू पनि मिसिएका हुन्छन् । विवेकीले विवेकयुक्त सत्य वचन छानी लिई, बाँकी विषसमान जाने र छाड्ने गर्दछन् ।

"एक दिन महात्माले आफ्ना शिष्यलाई भन्नुभयो–तिम्रो अति माया गर्ने माताले तिमीलाई प्रेमपूर्वक बनाई पस्किदिएको सुस्वाद्य भोजनमा एउटा छेस्को परेको रहेछ भने तिमी के गर्छौ ? शिष्यले भने–छेस्को झिकी फाल्छु अनि भोजन खान्छु ! "तब गुरुले भन्नु भयो- ठीक हो, यस्तै मेरा (गुरुका) वचन हुन् वा वेदादिका वचन, तिनलाई पनि विवेक गरी सत्य-सारजति ग्रहण गर्नु । विवेक गर्दा त्यसमा त्रुटि देखिए, मेरै वचन पनि मान्नु पर्दैन ।"

श्री रामरहस्यसाहेब पनि भन्नुहुन्छ– जहाँसम्म आफ्ना विवेकका आँखाले सत्य देखिंदैन त्यहाँसम्म गुरुकै वचन पनि मान्नु

पर्दैन। गुरुमा श्रद्धा चाहिन्छ, नभई हुँदैन; तर केवल अन्धश्रद्धा होइन; विवेकपूर्वकको श्रद्धा हुनुपर्दछ। श्री पूरणसाहेब भन्नुहुन्छ– सुनेका वाणीलाई तिमी पहिले विचार गर, सत्य र असत्य छुटचाई असत्य जति फाल, बाँकी सत्य-सत्य तिम्रा हात लाग्नेछन्।

'जब तक न देखे अपने नैना। तब तक न माने गुरुके बैना।।'
[पं. ग्रं.]

'प्रथम विचार गहो तुम वाणी। सत्य असत्य करो बिलछानी।।'
छानी-छानी सब असत्य उड़ाओ। साँच तत्त्व तब हीं तुम पाओ।।
(निर्णयसार)

पारमार्थिक शब्द- शिक्षा सुन्दा र ग्रन्थ अध्ययन गर्दा, वचन-को भाव बुझी,– बिस्तार–बिस्तार काव्यको रस लिएझैं सर्वतको स्वाद सुर्की-सुर्की लिएको जस्तोगरी धेरै प्रकारबाट श्रवण-मनन गर्नु, निदिध्यासनमा तन्मय बन्नु। विभिन्न भावको क्षणमा, विभिन्न मनोदशामा, विविधरूपबाट अर्थ, भाव, तात्पर्य हृदयमा झल्कने-हुन्छ। यसैले यस प्रकारबाट शिक्षा र ग्रन्थका वचनलाई हृदयमा भिजाउनु, स्वयं त्यसैमा बिलाउनु, अनि असारको उपेक्षा र सारको ग्रहणभई आचरणमा उत्रनेहुन्छ, कल्याण हुनेछ।

शब्दै मारा गिर परा, शब्दै छोडा राज।
जिन जिन शब्द विवेकिया, तिनका सरिगौ काज।।६।।

शब्द लागी लडे धेरै, छाडे राज नि शब्दले।
जो-जोले शब्द को जाँच, गरे भो काज निश्छले।।

अर्थ– विषयासक्ति र भ्रामक शब्दको चोट लागी कति मानिस कल्याणमार्गबाट पछार्री, उठ्नै नसक्ने बनी पतित भए। अर्का भाग्यशालीजन विवेक-वैराग्यपूर्ण शब्द सुनी, राज्यसम्मको पनि आसक्ति छोडेर विरक्त बने। यसै गरी जसले विवेक गरेर सत्य शब्दको ग्रहण र असत्यको त्याग गरे, तिनको जीवन सुध्र्यो, कल्याण-कार्य बन्यो।।६।।

अरू– कामीजन र कुटुनी नारीको शब्द सुनेर मानिस ब्रह्मचर्यबाट पतित हुन्छन्, लाज इज्जत, धर्मलाई स्वाहा पनि पार्छन् । वंचक, व्यसनी भौतिकवादीका कुरा सुनी उस्तै-उस्तै बनिरहेकै छन् । मनुष्य सप्रने र बिग्रने मुख्य बाटो शब्द नै हो । यो सम्झेर असार शब्द त्याग्नु, सार निर्णयलाई ग्रहण गर्नु; यही मानिसको पहिलो कर्तव्य हुन्छ। आज-कालका अश्लील सङ्गीत, नाटक, उपन्यास, प्रपञ्च-पत्रिकाहरूमा मुमुक्षुले नअलमलिनु । निर्णयका वचन नै मनन गरी शान्तिको कार्य बनाउनु– यही बुद्धिमानी हो ।

"गुरुके बयन सुनब चित धरिकै, छोडि जगतकी बानी ।
ताल राग स्वर ध्वनि सब तजि कै, गुरु की सुनब कहानी ।।"
[गुरुविशाल]

शब्द हमारा आदि का, पल पल करहू याद ।
अन्त फलेगी माँहली, ऊपर की सब वाद ।।७।।

शब्द हो आदिको मेरो, याद गर पलै पल ।
माथिका सब छोडेर, अन्त फल्दछ सत्फल ।।

अर्थ– अनादि सत्य चेतन स्वरूपको बोध गराउने मेरो (निर्णयी सन्तको) आदि (वर्तमानको◈ शब्द नै हो । यसैले यस्ता निर्णय शब्दलाई नित्य-निरन्तर सुन्ने, मनन गर्ने गर । त्यसको अन्त फलेगी माँहली--परिणाम फलस्वरूप स्थिति-महलको शान्तिमा निवास पाइन्छ । अरू बाहिरी दृश्य-माया सबै व्यर्थका हुन् ।।७।।

अरू– जीवनमा जुन कुराको अधिक मात्रामा अभ्यास मनन हुन्छ, उही भाव पुष्टभई, परिणाममा उसै अनुसार फल प्राप्त हुनेहुन्छ । यसैले स्वरूप-निर्णय, शुभाचरणका वाणी प्रेमपूर्वक निरन्तर मनन-चिन्तन गर्दैरहनु योग्य छ । मनुष्य जीवनको मुख्य लाभ पनि स्वरूपस्थिति नै हो । भोग-विषय त नाशवान्, हुँदै हुन्, एकदिन

◈"वर्तमानिक बिन सन्त–गुरुके सब संशयन नशेरे ।

छुटिहाल्छन् । भ्रान्ति कल्पनामा अल्झनु कन् बिनसित्ति हो, मुख्य काम–- स्वरूपस्थिति नै सँभाल्नु पर्दछ ।

जिह्व जिह्व सम्मल ना कियो , अस पुर पाटन पाय ।
क्वालि परे दिन आथये , सम्मल कियो न जाय ।।८।।

जो जो सामल जोर्देनन् , पुगी यस्तो बजारमा ।
अँध्यारो हुन्छ सूर्यास्त , सौदा पाइन्न है तहाँ ।।

अर्थ–यस्तो उत्तम मुक्तिको द्वार, साधनाको धाम नर-शरीर रूप पाटन (बजार अर्थात् विवेकी सन्तको सत्सङ्ग पाएका मौकामा पनि जसले कल्याणको साज–धर्म भक्ति सत्सङ्ग साधना गर्दैन, सबै वासना-कल्पना हटाई स्वरूप स्थिति गर्दैन भने क्वालि परे–अन्धकाररूपो वृद्धावस्थाको कमजोरीमा वा मरण-समयमा र मृत्यु-पछि के गर्न सकिन्छ ! केही गर्न-बनाउन सकिंदैन ।।८।।

अरू– सत्सङ्ग-विवेकबाट यथार्थ स्वरूपबोध प्राप्त गरी, पारखनिष्ठ साधु-गुरुको मन वचन कर्मबाट भक्ति गर्नु : कृतज्ञी बनी रहनु । पुनः भोग-विषयदेखि उपराम बन्नु र जीवमात्रमा दया गर्नु । क्षमा, सत्य-वचन; सत्कर्तव्य, सत्यस्वरूपको स्थिति सँभाल्ने काम यो जीवनमा गरेको छ भने यस्ता सतपुरुष अन्त समयमा सन्तोष र प्रसन्नतापूर्वक प्राण छोडी स्वरूपमा शान्त हुनेहुन्छन् । यस्तो धेरै सन्त-भक्तको अन्तिम अवस्था देखिएको पनि छ । होइन, बोध-वैराग्य भक्तिरहित विषयासक्ति भोग-विलास र तृष्णा-कल्पना लिई-लिई शरीर छाड्ने हो भने यस्ताले अन्त समय, भयभीत भई, तृष्णा, लोभ, मोह र अनेक कल्पनामा परी-परी पश्चाताप युक्त आँखाभरी आँशुगरी शरीर छाडेर जानुपर्दछ । यसैगरी गएका पनि धेरै-धेरै देखिएका छन् । परलोक (दोस्रो देह)मा त्यसको तीतो फल रुँदै भोग्दै गरेका पनि अनुभव गम्य छ । यसैले आज सदाचरणको पालनपूर्वक सत्सङ्ग-विवेकको आधार लिई, निर्वासनिक स्थिति बनाइछाड्नु पर्दछ ।

यहाँ ई सम्मल करिले , आगे विषयी बाट ।
स्वर्ग बिसाहन सब चले , जहाँ बनियाँ ना हाट ॥९॥

सौदा किन्नु यहाँ आजै , अगाडि विषयी पथ ।
स्वर्ग किन्न त्यहाँ जान्छन् , बनियाँ छैन हाट त ॥

अर्थ– आज यो मानव-जीवनमा योग्य समयमै स्वरूप बोध-स्थिति र शुभाचरण, हंस-भूमिकाको सर-सामान, जोर-जम्मा गरिहाल । अगाडि–अरू तीन खानिमा पुगिए पछि त त्यहाँ खालि विषय भोग भोग्ने काममात्र रहन्छ । भ्रान्त-अलमस्ती जीवहरू यहीं बनाउनु पर्ने काम नबनाई, कल्याणको सौदा किन्न स्वर्ग जाने कल्पनामा छन्, जहाँ न सन्त-पसले छन् न सत्सङ्ग-साधनारूप हाट-बजार नै केही छ ॥९॥

अरू– कल्याणको कार्य–सत्सङ्ग- विवेक, साधना, स्वरूप-स्थिति आदि, गर्नुपर्ने सबै यही मानव-जीवनमै हो । तर हामी नै यहाँ सौदा किन्न अर्थात् यथार्थ हित कल्याण बनाउन अनकन्याइ-रहेछौं । यो सम्झ–अरू तीन खानिमा गएका बखत केही बन्न सक्नेछैन ! हेर न ! पशु, चरा-चुरुङ्गी कीरा-पुतली, गँड्यौला-हरूले के गर्न सक्तछन्! स्वर्गादि लोक पनि मानिसकै कल्पनामात्र त हुन्। उहाँ न भगवान्रूप पसले छन्, न चार फल चार मुक्तिको बजार नै छ । यसैले जे गर्नु-बनाउनु पर्दछ, सबै आशा-कल्पना छाडी आज अहिलेदेखि नै कम्मर-कसेर लागी बनाइहालौं । अरबौं-खरबौंको लाभ छाडेर कानो कौडाको लाभमा समय नगुमाउँ । यसको निमित्त खालि हाम्रै निश्चयको कमीमात्र हो, फुर्सत र समयको केही कमी छैन, निश्चयमात्र हुनुपर्दछ ।

जो जानहु जीव आपना , करहु जीव को सार ।
जियरा ऐसा पाहुना , मिले न दूजी बार ॥१०॥

जान्दछौ जीव जो आफ्नू , गर सार स्व जीवको ।
अपूर्व पाहुना बाबू ! , मिल्दैन बार बार यो ॥

अर्थ– यदि तिमी आफ्नो स्वरूप मुख्य सत्य चेतन जीव नै हो भन्ने जान्दछौ भने, करहु जीवको सार–चेतनको ठीक-ठीक महत्त्व सम्झ,卐 परीक्षापूर्वक सत्य सिद्धान्त अङ्गीकार गरी, स्थिति बनाइहाल । हेर बाबू ! तिम्रो यो शरीररूप घर त खालि पाहुनामात्र हो । तर यो मुक्तिको साधन, स्थिति बनाउन पाइने सर्वोत्तम अलभ्य निवास पनि हो । यो गुमेपछि फेरि फर्केर आई यो निवास मिल्ने होइन ॥१०॥

अर्थ– संसारमा सब भन्दा श्रेष्ठ जीव चेतन नै हो । यस्तो परम तत्त्वलाई कोही भन्दछन्–छायाँ, कोही आभास, अंश पर-वश, परतन्त्र, जड चेतन मिश्रित र आफ्नो ऊपर आर्का ईश्वरादि-मालिकको◆ कल्पना गरी-गरी अल्झिरहेछन् । कति त केवल जडवाद भोगवादमा परेर आफ्नै अज्ञानमा मस्केका छन् भने यस्तालाई के भन्ने ! यदि तिमी सम्झन सक्छौ भने अझै सम्झ, संसारमा जड चेतन दुइ वस्तु अनादि छन् । तिनमा जड दृश्य हो, चेतन द्रष्टा । यो अनेक र अनादि अखण्ड एकरस छ । वासना-कल्पनाका विवश बन्धनमा छ, तिनको निवृत्तिबाट सदा शान्त-मुक्त हुन्छ । यदि यो कुरा जान्न-सम्झन सक्तछौ, सकेका छौ भने ठीक छ, यही सिद्धान्त सर्वोपरि सम्झी ग्रहण गर । आफ्नो स्थिति बनाउ । अन्यथा फेरि-फेरि यस्तो कल्याणमार्ग के मिल्थ्यो ! यस्तै नर-शरीर पाउन पनि

卐 "हो कर्ता कर्तव्य में भूला । डारि हिंडोला आपै झूला"

◆ 1–Resolve to be thyself ; and know that he,
who finds himself, loses his misery ! –Mathew Arnold.
2–There were no succour here,
The aids to noble life are all within. –Mathew Arnold.
१–आफ्नै होशमा हुने निश्चय गर र बूझ– जसले आफूलाई पाउँछ, उसले आफ्नो दुःख नाश गर्‍यो ।
२–यहाँ कुनै मददगार हुँदैनन् । प्रभावशाली वा कुलीन जीवनको सहायता गर्ने सबै (मुख्य) आफ्नो भित्रै छ ।

कठिन पर्नेछ । आजको मौका गुमायौं भने फेरि अनन्त जन्मपछि मानव शरीर पाएपनि त्यसबाट कल्याण- कार्य बनाउन सक्नेछैनौ ।

जो जानहु जग जीव ना , जो जानहु सो जीव ।
पानि पचावहु आपना , तो पानी माँगि न पीव ।।११।।

जानिने जीव स्व ह्वन , जान्ने नै जीव हो गुन ।
पानी पचाउ आपनो जो , पानी मागी न खाउन ।।

अर्थ– जो जानहु जग–जे जति वस्तुलाई तिमी जान्दछौ ती जीव ना–जीव चेतन होइनन्, जसले सबैलाई जानिरहेछ, उही सत्य चेतन तिमी ह्वौ । पानि पचावहु–हृदयमा रहेका वाणीका कल्पना-काम वासना सबै पचाउ– ध्वंसगर। कसैसित पनि कल्पना, काम सम्बन्धी इच्छा नगर, नमाग ।।११।।

अस्तु–यहाँ गुरुबाट ज्ञाता र ज्ञेय, द्रष्टा र दृश्य, जड र चेतनको पृथकता देखाउनु भएको छ। यो शरीरमा जसको निवासबाट तुच्छ जड देह पनि चैतन्यमय भइरहेछ, जसले यसमा बसेर सारा पौरख र ज्ञान गरिरहेछ-जानिरहेछ उही जीव चेतन नै महान् हो, सर्वेसर्वा हो; यसमाथि अरू कहीं कोही छैनन् । अतएव यसैलाई ठीक-ठीक जान । पहिले अन्तःकरणमा भरिएका वाणी-कल्पना र वासना-समूहले नै जीवलाई ढाकेको छ, ती सबैलाई पचाउ–पन्छाउ । अन्त अरू कसैसित कुनै कामना नगर, कल्पनालाई नअँगाल । यति गऱ्यौभने तिमीलाई घिच्याई गर्भ वासमा लैजाने न डोरी रहन्छ, न त तान्ने चुम्बक नै; बस, तिमी अनादिको जेलबाट उम्क्यौ, सदाको निमित्त फुर्सत पायौ ।

पानि पियावत क्या फिरो , घर घर सायर बारि ।
तृषावन्त जो होयगा , पीवेगा झख मारि ।।१२।।

पानी खुवाइ के हिड्छौ , जल – सिन्धु छ सर्वमै ।
तिर्षालु व्यक्ति जो होला , स्वयं खाने छ शीघ्र नै ।।

अर्थ– हे शिक्षकवर्ग ! अयोग्यजनलाई पानी पियाउँदै–वाणीको उपदेश गर्दै, के हिंड्छौ ! प्रतिघट सायर वारि– विषय-वासना र कल्पित वाणी नै समुद्रसमान भरिपूर्ण छन् । जो निर्णय वचन र सत्सङ्गका प्यासा होलान् ती रुखमारि–अभिमान र पक्ष-छाडी, सार-शिक्षा ग्रहण गर्ने छन् ।।१२।।

अरू–शिक्षागर्ने सोख र चेला बनाउने चाहना हुनेहरूले पहिले आफू तृप्त हुनु, स्वरूपबोध-स्थिति र शुभाचरणमा स्वयं कम्मर कस्नु, आफू पूर्ण भएपछि कोही कल्याणका प्यासा तिम्रै भरपरी पछिलागे भने उनलाई पनि योग्य शिक्षा दिनु, यो साधुको काम हो । अन्यथा, दुनियाँ सबै ज्ञानी छन् । तिमी उनलाई शिक्षा गर्न खोज्दछौ, उल्टो उनैले तिमीलाई शिक्षा गर्ने छन् । अथवा उनी अरू काम-काजमा व्यस्त बनेका वा मनको वेगमा बगेका हुन्छन्, त्यस्तालाई चेताउने चेष्टा गर्दा तिम्रो परिश्रममात्र व्यर्थ हुनेछ । त्यो त आफ्नो समय सित्तैं फाल्नु र सकामी बनी आफ्नै हानि गर्नुमात्र हो, यति होश गर ।

"गरिन्छ जो बात परोपदेशमा । कटी सदा आफनु कस्नु त्यसमा ।"
हितै पनी अक्रियका कुरासित । मित्यारिलाउँदछ काक-भासित ।।

रहत रहत निज तख्त पर , होवै सोइ करतव्य ।
और बोझ सब डालकर , आगे नहिं भवितव्य [श्री प्रेम सा.]

हंसा मोति विकानिया , कञ्चन थार भराय ।
जो जाको मर्म न जाने , सो ताको काह कराय ।।१३।।

हंश विक्तछ मोतीमा , स्वर्ण थाल भुसी भरी ।
जसले भेद जान्दैन , उसले दिन्छ के गरी ।।

अर्थ– हंस पक्षी मोती–अहाराको लोभ-वश अरूको हातमा विकेझैं, मुमुक्षु जीव मुक्तिको लालच-वश थालमा सुनको अशर्फी (फल, मसला, अन्न, भेटी) भरी-भरी लिई गुरुजनमा स्वयंसहित

समर्पण हुन्छन् । तर बिना पारख जब ती गुरुलाई नै मुक्तिको रहस्य थाहा छैन भने शिष्यलाई के तार्न सक्लान् ! ॥१३॥

अरू– द्रव्य, पदार्थ चढाउन सजिलो छ; तर शिक्षकबाट सत्य सौदा छानी लिन गाह्रो छ। अरू गुरुमा मन समर्पण गर्न झन् कठिन छ । मुक्तिको सौदा धन-पदार्थले पाइने होइन । नश्वर द्रव्य ले त भ्रम-कल्पनाकै सौदा मात्र हात लाग्दछ । "महँगा मोल धारणा जिसका दाम वहीका लेय हो ।" पारख स्वरूप सत्य चेतन-वस्तु किन्न अरूलाई मोल दिन पर्दैन, मनको 'म' पना चेतनमा चढाउनु पर्दछ । अरू भ्रम-कल्पना, आसक्ति-अहङ्कारादि सबै मयललाई सत्सङ्गको बुकुवाले उडकी आफल्नुपर्छ ।◈ ईमानदार पसलेरूप निष्कामी पारखी शिक्षक छान्न जान्नु पर्दछ । जडदेखि छुट्टा द्रष्टा चेतन स्वरूपको बोध भएका, शुभाचरण-सम्पन्न शान्त विरक्त सन्त-खोजी चिनी, यस्ता पसलेबाट बोध विचाररूपी सौदा किन्न सकेमात्र धोखा खानु पर्नेछैन ।

हंस तू सुवर्ण वर्ण , क्या वर्णों मैं तोहिं ।
तरिवर पाय पहेलिहो , तबै सराहों तोहिं ॥१४॥

तिमी हंस सुनै जस्ता , गरौं वर्णन के भनी ।
बुझौला सु तरू पाई , स्यावासी दिउँला अनि ॥

अर्थ– हे चेतन हंस ! तिमी सर्वश्रेष्ठ ज्ञान-वर्णका हौ । म तिम्रो विशेषता कति गरौं ! तरिवर–श्रेष्ठ मनुष्य शरीर आज तिमीले पाएका छौ, यस अवसरमा तिम्रो मुख्य कर्तव्य हो–सत्यासत्यलाई पहेलिहो– ठीक-ठीक जान्नु, असत्य जति सर्वथा छाडी, सत्य-सार नै अँगाल्नु । यति गर्‍यौभने अनि तिमीलाई स्यावासी दिनेछु ॥१४॥

◈ The Soul can best reflect when it is free of all distractions.
—Socrates.

जब सारा चित्त-विक्षेपदेखि स्वतन्त्र होइनछ अनिमात्र चेतन झल्झलाकार (अपरोक्ष) हुनेछ ।

अरू– मुख्य कुरा–सत्य र असत्यलाई छुटचाउने विवेकको यन्त्र झिक्नसक्नु गाह्रो छ । त्यो आफैंसित भएपनि त्यसबाट काम लिन कठिन छ। विवेकबाट काम लिनलाई उस्तै सङ्गत र हिम्मतको आवश्यकता पर्दछ, अनिमात्र विवेकबाट जस्तो काम लिनु पर्ने हो उस्तै काम लिन सकिनेछ । चेतनको स्वरूप त कीरा फटचाङ्ग्रामा पनि हाम्रै समानका छन् । भन्दछन्– दुनियाँमा मनुष्यकै शरीर पाउने पनि लगभग साढे चार पाँच अरब जीव छन् । भएपनि ती विवेक-दृष्टिरहित व्यक्तिको के विशेषता ! अरू तीन खानिका जीव पनि त यही मानव शरीर पाएका बखत विवेकबाट काम लिन नसक्नाले त्यहाँ गएका नहुन् ! अतः हामी त अवश्य पनि विवेक-बाट काम लिउँ । सत्य चेतनलाई चिह्नौं । निर्वासनिक स्थिति बनाउँ । यति गऱ्यौं भने हामी धन्यवाद र स्याबासीको पात्र बन्यौं । मानिसको शरीर पाएको सार्थक भयो ।

हंसा तू तो सबल था , हलुकी अपनी चाल ।
रंग कुरङ्गे रंगिया , तैं किया और लगवार ॥१५॥

हंस थ्यौ अति सामर्थी , चाल ता घटिया गऱ्यौ ।
रङ्ग कुरङ्गमा रङ्गी , उपपति विषे पऱ्यौ ॥

अर्थ– जड-चेतन अलग- गर्नमा समर्थ, हे चेतन हंस ! विश्वमा ज्ञानरूपी अकल-कलालेपूर्ण महान् शक्तिशाली तिमी नै थियौ; तिम्रो स्वरूप अहिले पनि उही छ । तर आफ्नो बेहोशी र खराब चाल-चलनबाट बेकम्मा बनिरहेछौ । तिमी त्यस्ता सुरङ्ग-ज्ञानरङ्गका छँदाछँदै मनका कुवृत्ति कुचाल र नाना वाणीका नकली रङ्गमा किन रङ्गिइरहेका ! आफ्नो साम्राज्य चेतन स्वतन्त्र पदलाई बिर्सेर आफूमाथि दोस्रा पति मानिरहेछौ ॥१५॥

अरू– विषयासक्ति, व्यसन, अहंकार र भ्रान्तिले जीवलाई बेकम्मा बनाइरहेछ। आफूमाथि मुक्तिदाता, जगत्-व्यवस्थापक

अरू नै कोही मालिक छन् भनी मान्नु, तिनको आशामा पर्नु–यही उपपति वरणगर्नु हो ।

'मकल भरिको भुंग्रो आगो नै जाडाले कठाङ्ग्रियो' गर्मीको स्वरूप आगोको भुंग्रो नै जाडोले मरिरहेछ । अर्थात्– स्वतन्त्र सम्राट् चेतन जीव नै जडासक्ति विषय-वासनामा कष्ट-काटिरहेछ। स्वयं पतिलाई चिन्न सकेन र विभ्रान्त बन्नगयो ।

हंसा सरवर तजि चले , देही परिगौ सून ।
कहहिं कबीर पुकारि के , तेहि दर तेही थून ।।१६।।

हंस गो ताल छोडेर , तन यो शून्य स्याम्म भै ।
कबीर गर्दछन् हाँक , उही हो द्वार खम्म त्यै ।।

अर्थ– बोध-वैराग्य रहितको चेतन-हंसले शरीर-सरोवर छोडेपछि तत्काल शरीर शून्य निश्चेष्ट भइहाल्दछ । गुरु कबीर स्पष्ट भन्नुहुन्छ– अब यत्तिकैमा खेल समाप्त हुँदैन, हेर ! वासना-कल्पनाका वशको जीव उही द्वार, उही खामोमा पुग्दछ; जसरी पहिले शरीर लिन गएको थियो । अर्थात् पिता माताको माध्यम-द्वारा उही गर्भवासमा सुकलागर्न पुग्नेभयो ।।१६।।

अरू– बिजुलीबत्ती बल्दा, कोठै विशेष झलमल्ल उज्यालो भएझैं जीवको निवास रहुन्जेल जड शरीर पनि चेतनजस्तै सचेत र चहकिलो बनी, अर्कै रौनक रहन्छ । ऊ निस्कनासाथ शरीर अन्धकारमय भयो, करन्ट बिना यन्त्र-मेशिन रोकिए झैं शरीर ठप्प रोकियो, निश्चेष्ट भई बिग्रनथाल्यो । यसउसले चेतन जीव दृश्य शरीरदेखि सर्वथा छुट्टै हो, त्यो अखण्ड सत्य छ ।

आ-आफ्ना स्वरूपबाट जड तत्त्व पनि सत्य छन्, तर ती कारण- कार्यरूपले रहन्छन् । तिनै जड तत्त्वमय समस्त पदार्थ दृश्य-भोग्य जड हुन् । तिनको द्रष्टा भोक्ता देहधारी चेतन जीव हो।

द्रष्टा र दृश्य, भोक्ता र भोग्य, चेतन र जड कुनै हालतमा एक हुँदैनन् । दुवैका गुण-धर्म विलकुल छुट्टा छुट्टै छन् । जडको संयोगबाट चेतन उत्पन्न हुने पनि होइन । मूल कारणमा भएकै गुण, कार्य पदार्थमा वृद्धि हुनसक्तछ, कारणमा नभएको गुण कार्यमा आउन सक्तैन । अन्नमा सूक्ष्म गर्मी हुन्छ र मद्य बन्दा अरू-अरू मसला पनि परी धेरै दिनसम्म कुहिन्छ, अनि गर्मी (नशा) को वृद्धि हुन्छ । त्यो पदार्थ व्यक्तिको शरीरभित्र पुगेपछि ज्ञान-तन्तुमा त्यसको गर्मी पुगी पर्दा पर्न जान्छ । यही हो नशा, उसमा अरू नवीनता केही उम्रेको हुँदैन । अन्नमा गर्मी पहिले पनि भएकै गुण हो, त्यो जड हो ।

अतएव जड पदार्थको संयोगबाट चेतनको उत्पत्ति मान्नु सर्वथा अनुचित र असम्भव कुरा ठहर्दछ । यस्तै चेतनमा धर्म गुण शक्ति आदि जे भनेपनि एक ज्ञानमात्र छ, ज्ञानको अतिरिक्त अरू केही छैन । जस्तो सूर्यको ज्योति बिलकुल तेजोमय देखिन्छ, त्यस्तै चेतन केवल ज्ञानमय छ । त्यो चेतनबाट जड तत्त्वको उत्पत्ति मान्नु पनि सर्वथा अयोग्य कुरा हो । अतएव आ-आफ्ना गुण-धर्मले ठोस जड-चेतन दुवै छुट्टाछुट्टै छन्, दुवै अनादि नित्य हुन् । जड तत्त्वबाट अनादिदेखि जगत्को प्रवाहरूप सृष्टि चलिरहेकै छ, चलिरहन्छ पनि ।

यता–केवल विषयासक्ति-वश चेतन जीवमा वासना-बन्धन बनेको हो, सत्पुरुषार्थद्वारा समस्त बन्धन ध्वंस भएपछि जीवको आवागमन बन्दहुन्छ । भोग-पदार्थमा सुख-सम्झी, क्रिया गरी-गरी जीवको बन्धन बनेको हुनाले विवेक-वैराग्यद्वारा आफूलाई विषय-देखि सर्वथा पृथक गरेपछि दुखदृष्टिबाट सुखाध्यास नष्ट हुन्छ र जीव आफैंमा सदा शान्त रहन्छ । अब उसको आवागमनको मार्ग बन्द भइहाल्यो ।

हंस बकु देखा एक रङ्ग , चरे हरियरे ताल ।
हंस क्षीर ते जानिये , वकुहिं धरेंगे काल ।।१७।।

एक रङ्ग बको हंस , हरियो ताल चर्दछन् ।
चिनिन्छ दूधले हंस , काल भै बक फिर्दछन् ।।

अर्थ–हंसपक्षी र बकुल्लो दुवै समान रङ्गका सेता देखिन्छन्, दुवै हरियरे– यथेष्ट आहारा पाइने पोखरीमा चर्दछन् । तिनको परीक्षा हुन्छ– गुणबाट । हंसले पानी छाडी दूध-दूध ग्रहण गर्दछ बकुल्लो कालरूप बनी माछा-भ्याकुता पक्री निल्दछ ।।१७।।

अङ्ग–संसारका मानवहरू पनि ज्ञानी-अज्ञानी सबै देख्नमा एक-समानका हुन्छन् । तिनमा जो सन्त स्वभावका वैराग्य-सम्पन्न ज्ञान-निष्ठ सरल विनम्र साधनामा संलग्न शान्त छन्, ती हंस हुन् । स्वार्थासक्त देहाध्यासी काम क्रोध लोभादि-परायण, भ्रम-अध्यासले वेष्टित व्यक्ति, साधु भेसका भएपनि बकुल्लासमान हुन् । यस्तै गृहस्थमा पनि हिंसक, अभक्ष-सेवी, चोरी कर्मयुक्त, व्यभिचारी, व्यसनीजनहरू बकुल्ला हुन् । दयालु सदाचारी भक्ति-निरत जनलाई हंस हुन् भन्ने सम्झनुपर्दछ । अतएव सबैले बकुल्लाको चाल छाडी, हंसको चालमा चल्नु। सङ्गत गर्न, शिक्षा-दीक्षा ग्रहण-धारण गर्न पनि यस्तै लक्षण विचार गरी प्रवृत्त भयो भने त्यस्ता साधकले धोखा खानु पर्दैन ।

काहै हरिनी दूवरी , यही हरियरे ताल ।
लक्ष अहेरी एक मृग , केतिक टारों भाल ।।१८।।

हरिणी किन दुब्लायौ , हरियो ताल मा चरी ।
शिकारी लाख एक्लो म , बाण टर्छ कसो गरी ।।

अर्थ– हे मुडुली (मृगिणी)! यस्तो हरियो घाँस र पानीको पौल भएका ठाउँको निवास भइकन पनि तिमी किन यस्ती दुब्ला-एकी ? (उत्तर–) के भनौं ! म एक्लीलाई लाखौं शिकारीले बाण हानी-हानी हैरान पारिरहेछन्; अब यस्तो आपत्तिमा म कता-कताको बाणाका आघातबाट बाँचौं ।।१८।।

अरू– एक कल्याण-साधकमाथि मन-इन्द्रिय, काम-क्रोध, भामिनी-भ्रामकादि अनेक शिकारी सब आ-आफ्ना निशाना लगाइ-रहेछन् । अब ऊ क-कसका पञ्जाबाट बचोस् ! यसको उपाय एउटै मात्र छ, त्यो हो– गुरु-पारखको आधार । यतिमात्र भयो भने पनि कसैको घात लाग्न सक्नेछैन। पारखको आधार पाएपछि सन्तोष सम्यक बोधादि सर्व शुभगुण मिलेर हाम्रै हृदयमा सदा रक्षक बनो रहने छन् ।

तीन लोक भौ पींजरा , पाप पुण्य भौ जाल
सकल जीव सावज भये , एक अहेरी काल ।।१६।।

त्रिलोक पिंजडा जान , पुण्य र पाप जाल हो ।
शिकार हुन् सबै प्राणी , शिकारी एक काल जो ।।

अर्थ–तीन गुणको पिंजरा र पाप-पुण्यरूपी जाल हालेर समस्त जीवरूप जानवरलाई एक कालरूपी शिकारीले पासोमा पारी, मारिरहेछ ।।१९।।

अरू– वास्तवमा मन-मान्यता नै जीवको निमित्त कालरूप शिकारी भइरहेछ । यसैले रजोगुणी, तमोगुणी प्रवृत्तिमा विषयासक्त भोगीजनलाई भुलाई, लत आसक्तिमा बाँधी, शिकार गरिरहेछ । सत्त्वगुणी कल्याण-पथका साधकलाई पनि धर्मको फलानो कार्य भनी अलमल्याई, प्रवृत्ति र भ्रान्ति कल्पनामा फ्रार्दछ । अनेक लोकको निवास र इष्ट-दर्शनको लालचमा प्रवृत्त गराई, निष्काम नैराश्य सन्तोषपूर्ण ज्ञानमात्र स्व. चेतनको स्थितिमा रहन दिंदैन । कतिलाई धार्मिक खेल भनी नाच, सिनेमामा पुऱ्याउँछ । नित्य रेडियो सुन्ने एक प्रकारको अमली बनाइदिन्छ । धर्म-कार्य भनी सभा दलबन्दी प्रवृत्तिका काममा अग्रसर गराउँछ, गराइरहेछ। तर यी कालबाट बच्न खालि हाम्रै स्वाधीनको कुरो छ । फकाई, लाभ देखाई, फुक्याई, बाहिरी प्रवृत्तिमा लैजाने काम, मनको हो । सदा सावधान बनी बस्नु, एक न एक निर्णय पारखकै पुरुषार्थमा निमग्न रहनु,

हृदय-मन्दिरमा मनलाई घुस्ने मौकै न दिनु– यो हाम्रो होशियारी विवेकको काम हो । हामी आफ्नै काममा फिक्रीका साथ संलग्न रह्यौं भने कुनै काल कल्पनाले घिच्याउन सक्ने छैनन् । हामीले नै भूल-वश शक्ति दिंदा न हो ती बलशाली बनेका ! हामी होशमा रह्यौं कि, ती बिलाए ।

लोभे जन्म गँवाइया , पापै खाया पून ।
साधी सो आधी कहें , तापर मेरा खून ।।२०।।

गुमाए लोभमा जन्म , खायो नि पुण्य पापले ।
अर्धमात्रा दिए शिक्षा , मेरो संकेत छूटने ।।

अर्थ– अधिकांश जनको लोभयुक्त जीवन व्यतीत भइरहेछ । ती पुनः परमार्थमा प्रवेश हुन्छन् र पनि कल्पित वाणी सुनी-सुनी समस्त ऐश्वर्य स्वरूप भनी ॐ कारलाई प्राप्ति गर्ने लोभमा पर्दछन् । यसैगरी मनुष्यले आफ्नो अमूल्य जीवन गुमाइरहेछ । पापै–उही लोभरूपी पापले◈ पुण्य स्वरूप विवेकको विनाश गरिदियो । साधी–शुद्ध जीवका माथि आधी–अर्धमात्रा (तुरीय अवस्था) भनी ब्रह्मवाद सिद्ध गर्दछन् । तर त्यसमाथि मेरो अमोघ पारखको खून-सङ्केत छ ।।२०।।

अरु– ग्रन्थ-प्रमाण अनुसार 'एक ॐ कार नै संसार हो, यही अद्वैत ब्रह्म हो, ॐ कारको सिद्धि भएपछि जे पनि सिद्ध हुनसक्तछ, ब्रह्म निर्वाणको अवस्थामा पुगिन्छ' भन्ने सम्झी, उनीहरू उपासना (अभ्यास) गर्न लागे । तर यही परम साध्य होइन, यो त मन-निरोध गर्ने एक माध्यमसम्म हो । विवेकबाट अगाडि नबढेमा यहीं अल्झिने होइन्छ । अतः विवेक गर– ॐ भन्ने शब्दमात्र हो, यसलाई कल्पना गर्ने मनुष्य जीव नै श्रेष्ठ हुन् । मनुष्यको मुख्य कर्तव्य हो–

◈Avarice, envy, pride three fatal sparks.

—Dante. (Hell Canso V 747 Tr H. F. Cary)

धन लोलुपता, ईर्ष्या र घमण्ड यी तीन घातक अग्निका झिल्का हुन् ।

पहिले आफ्नो सत्य स्वरूपकै अध्ययन गर्नु । शुद्ध पारख स्वरूपलाई राम्ररी जान्नु, यथार्थ चेतन-स्वरूपकै विवेक गरी, स्व स्थिति बनाउनु । ब्रह्मवादमा तुरीय-साक्षी भावको अभ्यास गर्दछन्, तर साक्षीको स्वरूप 'जड-चेतन मिश्रित व्यापक ब्रह्म हो' भन्ने पहिले नै निश्चय हुनाले अन्त्यमा उही विराट् ब्रह्मको भावमा रहन्छन् । यसैले ग्रन्थ कर्ता बताउनु हुन्छ– 'त्यो तुरीयमाथि मेरो पारखको सङ्केत छ ।' भाव हो– पारखदृष्टिबाट परीक्षा गर्दा-गर्दा दृश्य वासनाजति बिलाएर द्रष्टापनमा स्थिर भएपछि स्वयंमात्र शान्त रहिन्छ । यही अभ्यास गर्ने इशारा जिज्ञासुप्रति गर्नु भएको हो ।

आधो साखी सिर खडी , जो निरुवारी जाय ।
क्या पण्डित की पोथियाँ , जो राति दिवस मिलि गाय ।।२१।।

अर्धमात्रा शिरैमा छ , गुने निर्णय जो लिई ।
के तो पण्डित का पोथी , गाउन् रात दिनै मिली ।।

अर्थ– आधी साखी–अर्धमात्रा, साक्षी (ब्रह्म) धेरैको सिर खडी–मथिङ्गलमा मथिइरहेछ । जो निरुवारी–परीक्षा गरी उसलाई निकालमात्र, तबै सर्व अध्यासरहित परीक्षक चेतन स्वयं स्पष्ट झल्कनेछ (नित्य उपलब्ध छँदैछ) । के पडिण्तहरूका पोथिमा पनि पारख-तत्त्व लेखिएको छ र ! जो सबै जम्माभई रात-दिन गाउँछन्; अथक पठन-मनन गरिरहन्छन् ।।२१।।

अरू– अर्धमात्रा माया-साक्षी ब्रह्मको महात्म्य वेदान्त-उपनिषदादिमा विशेष वर्णन भएको र पूर्वका ठूल-ठूला व्यक्तिले पनि मानिआएकाले महिमै-महिमाबाट सबैले शिरोपर गरिरहेछन् । तर त्यसप्रति सत्यासत्यको विवेक प्राय: कसैले न गरेकाले उक्त मायाको स्थिति रहिरहेको हो । यसको निष्पक्ष विवेक हुनासाथ त्यो कल्पनामात्र हुनाले उडिहाल्नेछ। 'क्या पण्डिकी पोथियाँ यसको टीकामा श्री पूरणसाहेब भन्नु हुन्छ– "पारख कुनै पंडितको पोथी

(वेद) होइन, जो रात-दिन कण्ठ गरी गाएर गाइनु ! पारखपद त सबैदेखि पृथक छ, त्यो कुनै कागजमा लेखेर लेखिने वस्तु होइन तथा कर्तव्यमा पनि आउने होइन, केवल पारखीको सङ्गत र स्वयं-को अनुभवबाट मात्र प्राप्त हुने कुरा हो। यही पारखको प्राप्ति भएपछि जीवको अर्धमात्रा (आदि मायाको जाल) छुट्नेछ।"

पाँच तत्त्व का पूतरा, युक्ति रची मैं कीव।
मैं तोहिं पूछौं पण्डिता, शब्द बडा की जीव ॥२२॥

पुतला - पाँच तत्त्वको, रचें मैले सयुक्तिले।
म सोध्छु सुन हे विज्ञ, शब्द श्रेष्ठ कि जीव के ॥

अर्थ–(पुराणादिमा वर्णन छ–) पाँच तत्त्वबाट पुतला–शरीर रचना गरी, ब्रह्मादेखि कीरासम्म सबैप्राणीलाई मैले (ईश्वरले) उत्पन्न गरेको हो। (गुरु भन्नुहुन्छ–) हे पण्डित जी ! तिमीहरूसित म सोद्धछु– 'शब्द श्रेष्ठ हो वा शब्दको उच्चारणकर्ता मनुष्य जीव श्रेष्ठ हुन् ! ॥२२॥

अरू– 'ईश्वरले सबैलाई सृष्टिगरे'– इत्यादि वेद पुराणादिमा शब्दसम्म पाइन्छ, तर त्यसको तथ्य प्रमाण केही पाइँदैन। त्यसरी बिना कारणै सृष्टि भएको भन्दा उल्टो सृष्टिको स्वाभाविक नियम-मा विरोध पर्नआउने हुन्छ। कहीं-कहीं वेद पुराणादिमा पनि यो जगत्-सृष्टि अनादि नै हो भन्ने झलक पाइन्छ। यता विवेकबाट हेर्दा वेदादि शब्द उच्चारण गर्ने-लेख्ने मनुष्य जीव नै हुन्। अरू ब्रह्म, ईश्वरादिको कुनै अस्तित्व र लक्षणसम्म पनि पाइँदैन। यसैले सबै शब्द मानवकै कल्पनाको देन हो। ती शब्द र कल्पनाका ईश्वर-ब्रह्मादि भन्दा पनि तिनका स्थापक मानक कल्पनाकर्ता चेतन जीव नै श्रेष्ठ हुन्– यही परम तत्त्व पनि हो।

"समस्त सृष्टि प्रकृतिद्वारा नै भएको हो, ईश्वर ब्रह्मद्वारा होइन। न त कुनै उपादान कारणको परिणाम हो, न बिना कारण

आफैं रचिएको हो । यदि यो सृष्टि बिना कारणकै मानौं भने यो नित्य ठहर्दछ वा शश-शृङ्गसमान कहिल्यै हुँदै हुँदैनथ्यो । तर सृष्टि-को सम्बन्धमा यी दुवै सम्भावना घटित हुँदैन । किनभने जगत्मा उत्पत्ति र बिनाशसमेत अनुभव सिद्धछ र त्यसको वास्तविक सत्ता पनि छ । जगत्लाई शश-शृङ्गसमान भनी जानाजान नभएको भन्न (अपलाप गर्न) कसले सक्तछ ! यस प्रकार यो जगत् ब्रह्मरूप उपादानको परिणाम पनि हुनसक्तैन । किनभने चित् ब्रह्मको परि-णाम अचित् जगत् हुनै सक्तैन । ईश्वरद्वारा भएको पनि होइन । निष्क्रिय ब्रह्म-ईश्वर अधिष्ठाता वा प्रेरक कसोगरी हुनु ! निष्क्रिय-सिकर्मीले रामो बसिला आदिलाई कुनै कार्यमा पनि प्रयोगगर्दैन ।"

माथि काटिएका मत क्रमशः– योग, वेदान्त र नास्तिकहरूका हुन् । [सांख्य तत्त्वकारिका ५६ को विवेचन]

शून्य से हो स्फूर्ति नहिं, सो तो शून्यहि सून ।
वाणी की सब धूम है, विविधि कल्पना गून ।।
[विशाल व. १८।१०४]

शून्य गुणभएका केहीबाट पनि कुनै चेष्टा हुन सक्तैन । शून्य आकाशवत् भने पछि उसबाट अरू के हुने ! त्यस्ताबाट उत्पन्न भएको भन्ने मानिसकै मनका कल्पित वाणीको कोलाहलमात्र हो ।

पाँच तत्त्व का पूतरा, मानुष धरिया नाँव ।
एक कला के बीछुरे, बिकल होत सब ठाँव ।।२३।।

यो पञ्च तत्त्वको पिण्ड, संज्ञा मानवको दिए ।
एक कला वियोगै ले, सर्वाङ्ग व्यग्रता भए ।।

अर्थ– पाँच तत्त्वबाट बनेको यो पुतला–शरीरमा मनयुक्त जीवको निवास हुनाले यसलाई मनुष्य भन्ने नाम राखेका हुन् । तर एक कला–पारख गुणबाट बिछोड हुनाले विषयासक्त बनी, यसले पद-पदमा कष्टकाटिरहनु परेको छ ।।२३।।

अरू– जस्तो सम्राट्को राजमुकुटयुक्त सम्पूर्ण वस्त्राभूषणले सम्पन्न मनोरम युवा सुन्दर शरीरमा केवल एक चेतनको वियोग भयोभने ती सम्पूर्ण राजकीय शोभा व्यर्थ हुन्छन्, तिनका शरीर-शोभाको कुनै महत्त्व रहँदैन; त्यस्तै मनुष्य पनि यदि अरू सम्पूर्ण विभूतिले पूर्ण छ; विद्या-विज्ञान, दर्शनशास्त्र, साहित्यादिले सम्पन्न छ भनेपनि एक पारखदृष्टि अर्थात् विवेक-विहीन छ भने त्यो सित्तैंको भयो। यस्ताले पाइलै पिच्छे कष्ट काटिरहनु पर्दछ। चिन्ता शोक सन्ताप कल्पना भ्रान्तिले उसको कहिल्यै पिण्ड छाड्दैनन्। अतः जसरी हुन्छ पारखदृष्टि आफूमा उतार्ने उपाय गरिहालौं।

यो साखीमा पाँच तत्त्वको नाम प्रचलितरूपबाट उल्लेख भएको छ तापनि तिनमा आकाश तत्त्व कुनै पदार्थ नभई अभावको संज्ञासम्म हुनाले गुण-धर्मसंयुक्त साधक-बाधकको सिलसिलामा नाम लिनुपर्दा ग्रन्थ-कर्ताले अठहत्तरौं रमैनीमा आकाश तत्त्वको नाम नलिई केवल चार तत्त्वकै नाम लिनुभएको छ।

रङ्गहि ते रङ्ग ऊपजै, सब रङ्ग देखा एक।
कौन रङ्ग है जीवका, ताका करहु विवेक ॥२४॥

रङ्गले रङ्ग उब्जन्छ, समान रङ्ग सर्व ती।
जीवको रङ्ग कस्तो छ, विवेक गर धैर्य ली॥

अर्थ– विविध रङ्गहरूको मिसावटबाट धेरै थरीका रङ्गको उत्पत्ति हुन्छ; अन्तमा सबै रङ्गको लक्षण एक जडै देखिन्छ। अब यता जीवको रङ्ग कस्तो छ, यसको विवेक गर ॥२४॥

अरू– सेतो चून र खैरो खयर मिसिंदा गाढा रातो रङ्ग देखिन्छ। यस्तै रातो, पहेंलो र नीलो रङ्गले छापिएका चित्रमा धेरै थरीका रङ्ग बनी चित्र तयार हुन्छन्, तर ती सबै रङ्ग जड हुन्। जड चार तत्त्वबाट बनेका हरेक कार्य जडको अतिरिक्त अरू प्रकारका हुँदैनन्, जडै हुन्छन्। जीवको रङ्ग कस्तो छ भन्ने कुरामा रातो,

नीलो आदि जडकै रङ्ग (स्वरूप) ठहरे। बाटुला चेष्टा आदि आकारपनि जडकै स्वरूप हुन्। यस्तै छः रस, छः प्रकारका गन्ध, वर्णात्मक ध्वन्यात्मक सबै प्रकारका शब्द; प्रकाश, तातो-चीसो, नरम-सारो (कठोर) स्पर्श इत्यादि सबै जड तत्त्वकै आकृति हुन्। कहाँसम्म भनौं ! ध्यानावस्थामा सुनिने अनहद शब्द, ज्योति-प्रकाश, खेचरी आदि मुद्रामा चाखिने अमृतरस आदि पनि सबै स्व.स्वरूप-देखि भिन्न सूक्ष्म जडतत्त्व नै हुन्। अर्थात् तत्त्वकाचार धर्म■ पाँच गुण, चार शक्ति भित्रैका हुन्; जीव चेतनको स्वरूप होइन। ती सबै पन्छाउँदा बाँकी बच्न आउँछ–जडदेखि सर्वथा भिन्नको ज्ञानपना-ज्ञानमात्र, यही हो चेतनको स्वरूप।

हामी स्वयं जीव चेतनले नै आँखाद्वारा देखेर जान्दछौं, कानले सुनेर, नाकले सुँघेर, छालाले छामेर, जिभ्रोले चाखेर जान्दछौं। बाह्य विषयलाई यिनै माध्यमबाट जान्दछौं। तर यिनमा एक इन्द्रियद्वारा एकै विषयको ज्ञानहुन्छ, कुनै पनि एक इन्द्रियका माध्यमबाट अरू विषयको ज्ञान हुन सक्तैन। तब ती इन्द्रियले कुन् ज्ञाता चेतनलाई कसरी जान्ने ! मन-चित्तादि पनि जीवले नै मानी-मानी बनाएका मान्यताकै वृत्ति हुनाले जीवकै खटनबाट चल्नेहुन्। यिनलाई चलाउन-नचलाउनमा◈ जीव स्वयं स्वतन्त्र छ। बाह्य दसै इन्द्रिय र भित्रका मन, बुद्धि आदि चार चतुष्टय सबैको सञ्चालक यही चेतन हो, यही सर्वेसर्वा पनि हो; यसलाई विवेकद्वारा जान्नुपर्दछ।

चेतन जीवले दस इन्द्रिय र चार चतुष्टय–यी चौध साधन-बाट चौधै प्रकारको ज्ञान गर्दछ। ती चौध साधनमा कुनैले पनि न

■ सारो, चीसो, उज्यालो (प्रकाश) कमलो (नरम-) यी चार धर्म। गन्ध, रस, रूप, स्पर्श र शब्द– यी पाँच गुण। धारणा रसायन, दाहक र स्नेह– यी चार शक्ति हुन्।

◈ मनको ज्ञाता जीव है, मान न मान स्वतन्त्र। —स्व. जीव शतक

अरू इन्द्रियलाई जान्दछन्, न तिनका विषयलाई, न चेतनलाई जान्दछन् ! चेतन जीव एक्लैले चौधै इन्द्रियलाई जान्दछ, तिनका विषयलाई पनि जान्दछ। (अनुभव गर्दछ) जहाँ जे गर्नु पर्ने प्रेरणा (अराउ-पराउ) गर्दछ। अब हामी यहीं अडेर विवेक गरौं, "सबै माध्यमद्वारा स्व-स्व विषयलाई जानेपछि ती सारालाई जान्ने, परीक्षा गर्ने को हो ? यहाँ जड देहादिदेखि छुट्टा ती सबैलाई जान्ने हामी ज्ञान स्वरूप स्वयं जीव चेतन नै ठहर्दछौं। यसरी चेतनको परिचय विवेकदृष्टिबाट अपरोक्ष पाउँछौं। यसको रङ्ग आकार धर्म गुण जे भने पनि ज्ञानको अतिरिक्त अरू केही छैन। यही शाश्वत सनातन चेतनको पावन निर्णय-विवेक हो।

भन्न त अरू-अरूले पनि भन्दछन्– 'देहो देवालयः प्रोक्त सजीव केवल शिवः।' 'जीवो ब्रह्मैव नाऽपरः'।

अर्थात् 'शरीररूपी मन्दिरमा बसेको एकमात्र जीव नै शिव हो।' 'जीव नै ब्रह्म हो अर्को होइन।' परन्तु उसको लक्षण बताउँदा जीवलाई आभास मानेर जड-चेतन मिश्रित एक ब्रह्म नै सत्य हो भन्न थाल्दछन्। यसैले विवेक नसुहाउँदो नमिल्दो कुरो हुनजान्छ। निर्णयको निचोरमा 'चेतन जीव अनेक र जडदेखि छुट्टै छन्। दृश्य जडको ज्ञाता द्रष्टा स्वयं साक्षी परीक्षक हो।'

मैले संरक्षक आत्मालाई संसाररूप चक्रमा घुमिरहेको देखें। उसैलाई यो लोक, परलोकमा सत्त्व रज तमात्मक मार्गहरूमा घुमेको पनि देखें... ११। आत्मा अमरण धर्मको छ। त्यो मर्त्य मनको साथ गर्भबाट प्रकट हुन्छ...१६।

[अथर्ववेद का. ९ अनु. ५ सू. १०]

जाग्रत रूपी जीव है, शब्द सोहागा सेत।
जर्द बुन्द जल कूकुही, कहहिं कबीर कोइ देख ॥२५॥

जाग्रत् छ रूप चैतन्य, सुहाग शब्द मिलन गै।
शुक्ल पीत मिली योपा, बनेको देख्तछन् कुनै ॥

अर्थ– जीवको स्वरूप सदा जाग्रत् (सहोश) ज्ञानैज्ञान मात्रको छ । तर शब्द सोहागा– विषय-वासना र भ्रामक शब्दरूपी सोहाग पर्दा सुनसमानको चेतन जीव पनि भुलेर कामासक्त-विषयाकारको बन्द छ । जर्द–पहेंलो माताको रज र बुन्द–पिताको वीर्य-दुवैको सम्बन्धबाट जीवले जल कूकुही–पानीको फींज-थोपारूपी शरीर धारण गर्दछ । गुरु कबीर भन्नुहुन्छ–यस्तो रहस्य सम्झने कोही बिरलै विवेकीजन हुन्छन् ।।२५।।

अरू– जीव खालि ज्ञानस्वरूप हो । तर कल्पित शब्द सुनी-सुनी अखण्ड जीव विशुद्ध ज्ञानस्वरूपको भावबाट उत्रेर विषयासक्ति-कल्पना भ्रान्तिको चिप्लेटीतिर बग्नथाल्यो, विषयाकार र कल्पनाकार बन्यो । यसैले यसले खानी-वाणी जालमा परी गर्भवासमा जाने, देहधारण गर्ने इत्यादि दुःख पाइरहनु परेको हो । अन्यथा जीवलाई कसैले आवागमनमा हालिदिएको होइन, केवल आफ्नै भूल-अज्ञानले दुःख पाइरहेछ । यस्तो सम्झने मानिस संसारमा बिरलै छन् ।

जीवले जस्तो विकारी शब्द सुनी-सुनी आफ्नो वृत्ति विषयाकार र ब्रह्मका आकारको बनाई गर्भयातना भोगिरहेछ, त्यस्तै पारखी सन्तको सत्सङ्ग-समागम प्राप्त गर्‍यो भने, निर्णयका वाणीको श्रवण-मननादि साधनाबाट ती पूर्व-वत् विकारी अध्यास छुटी, आफ्नै थान्को, स्वरूपको भूमिकामा प्राप्त हुन र पारखनिष्ठ बन्न पनि सरल पर्दछ ।

"बन्धन करत लोहकी बेरी । काटत छेनी लौहै केरी ।।" (ज्ञान मा.)।

पाँच तत्त्वले या तन कीह्ना , सो तन ले काहि ले दीह्ना ।
कर्महिके वश जीव कहत हैं , कर्महिको जिव दीह्ना ।।२६।।

यो देह पञ्च तत्त्वले , रच्यौ कहाँ बगाउँछौ ।
कर्मका वश मा जीव , भन्छौ कर्म लगाउँछौ ।।

अर्थ– पूर्व संस्कारवश जीवले आज कल्याण-योग्य जड तत्त्वको मन्दिर–मानव-शरीर पाएको छ। यस्तो अमूल्य साधनलाई कहाँ-विषयासक्ति, प्रपञ्च-वाणीजाल र अनेक कर्मकाण्डको बखेडारूपी भुस-कुटाईमा लगाउँछौ ! वेद-शास्त्रले जीवलाई कर्मको विवश छ भन्दछन्, तैपनि 'शरीर रहेसम्म कर्म छाड्न हुँदैन' भनी जीवका थाप्लामा कर्म नै थोपरिदिने शिक्षा पनि दिइरहन्छन् ॥२६॥

अरू– आज हामीले मानिसको चोला किन पाएका छौं ! 'पूर्व कर्मको फल भोग्न र साथै सत्सङ्ग भक्ति वैराग्यदि साधना गरी, वासना-बीज भुटेर सर्वथा दुःखबाट छुटी स्व स्वरूप-द्रष्टामा शान्त हुन। अब आजपनि फेरि उही थरी-थरीका कर्म-काण्डकै जञ्जालमा अल्झी, विवेक-ज्ञान, सदाचार, दैवी-सम्पत्तिको धारणा, जोरजम्मा गर्न सकेनौं भने यो मानव-चोला पाएको के सार भयो ! कर्म गर्ने त हो, कर्म नगरी प्रारब्धभोग पनि त समाप्त हुँदैन; शरीरको निर्वाह नै चल्दैन। तर शरीर-निर्वाहभरका कर्म नैराश्यता पूर्वक गरी, बाँकी वासना-बीज भुट्ने, कल्पनाको क्लेश काट्ने मुख्य माध्यम सत्सङ्ग-साधना,-पारख स्थिति नै सम्हाल्नु पर्दछ।

पाँच तत्त्वके भीतरे, गुप्त बस्तु अस्थान।
बिरला मर्म कोइ पाइ हैं, गुरु के शब्द प्रमान ॥२७॥

यी पांच तत्त्वका भित्र, गुप्त स्थान सुवस्तु छ।
बिरलै पाउनन् भेद, गुरु वाक्य बताउँछ ॥

अर्थ– पाँच तत्त्वको यो शरीरभित्र गुप्त–हृदय स्थानमा वस्तुरूप चेतनको निवास छ। कोही बिरलै व्यक्तिले पारखी गुरुका शिक्षा-वचनको प्रमाणवाट सत्य स्वरूपको रहस्य ठीक-ठीक जान्ने हुन्छन् ॥२७॥

अरू– सामान्य मानिस सम्झन्छ– 'शरीरै म हुँ।' उसलाई शरीरदेखि भिन्न यसै भित्र अर्को सत्य अविनाशी वस्तु छ भन्ने

सम्यक बोध छैन । यसैले यसको "कमाउनु-खानु, सुत्नु बराल्लिनु पेट र प्रजननका लागि प्रयत्नवान् हुनु" यत्तिकै काम भइरहेछ । यसलाई पाप-पुण्य योग्य-अयोग्यको रत्ती विवेक छैन। आत्म ज्ञानीहरू पनि केही मात्रामा छन्, तर ती सबै शास्त्रादि लेखकै भरमा आत्मालाई निराकार शून्य हो भने सम्झन्छन् । गुरु कबीरको भाव हो– 'यो शरीर एक घर वा सवारीमात्र हो । यसभित्र लुकेको सार-सत्य वस्तुरूप चेतन जीव अर्कै छ । त्यो अनादि हो■एकरस सदाकाल सनातन रहिरन्छ । यसलाई कुनै संस्कारी सौभाग्यशाली सुज्ञ-जनले मात्र सम्यक प्रकारबाट सम्झी यसैमा स्थिति बनाउँछन् ।

असुन्न तखत अडि आसना, पिण्ड झरोखे नूर ।
जाके दिल में हौं वसा, सैना लिये हजूर ।।२८।।

सत्य थात स्थिरासीन, पिण्ड झ्याल प्रकाश छ ।
जसको मुटुमा बस्छु, सैन्य साथ प्रत्यक्ष छ ।।

अर्थ– पिण्ड झरोखे नूर–प्रत्येक शरीरका इन्दियरूपी झ्याल-बाट चेतनको नूर–ज्ञान प्रकाश टडकारै झल्किरहेछ । त्यो चेतन अशून्य तखत–अति होशपूर्वक जागारूपबाट, अडि आसना–स्थिर आसन सित द्रष्टा- समाधिमा बस्ता सैना–दया क्षमा विवेक वैराग्यादि सद्गुण-समूह साथै लिई चेतन जीवले निवास गरेको हुनाले त्यस्ता अभ्यासी साधकका हृदयमा हजूर–स्वयं शुद्ध चेतनको अपरोक्ष अनुभव भई स्थिति बन्नेछ ।।२८।।

अरू– ध्यानका साधकले अभ्यास गर्दा-गर्दा जब बाह्य चञ्चलता छुटी शान्तहुन्छ, तब पूर्वमा जे जस्तो निश्चय बनेको थियो, भित्र उस्तै दृश्य हुनथाल्दछ । प्रथम कुनै मूर्ति-उपासनाको निश्चय भए उही अधिक आकर्षकरूपबाट सम्मुख पर्दछ । ज्योति अनहदका साधकलाई उही झन् सुन्दर र तीव्ररूपबाट गढ्दछ । यसैले शून्यमा

■–घट ही अन्दर अजब तमाशा दुनियाँ भर की लीला है ।
घट ही अन्दर परम प्रकाशी स्थिर शान्त अकेला है ।। [श्री प्रेम सा.]

भावना गर्नेलाई चराचर नै शून्यरूपबाट अनुभव हुन्छ । प्रारम्भमा सबैको निम्ति सत्सङ्गत र विवेकको माध्यमबाट सत्य वस्तु जान्न अति आवश्यकता पर्दछ । तर तथ्य नियम यो हो– जसलाई जे जस्तो अनुभव भएपनि त्यो अनुभवदेखि अनुभविता पृथक हुन्छ। दृश्यदेखि द्रष्टा ध्यानदेखि ध्याता सदा पृथक रहन्छ । ध्यानमा दृश्य वासना, समक्ष आउने-जाने हुन्छन्; अनुभविता द्रष्टा ध्याता निरन्तर अवशेष रहेको हुन्छ । ती सम्मुख दृश्य नदेख्दा, अनुभव नहुँदा ध्यान नगर्दा पनि आफू त स्वयं द्रष्टा थिदैथियो, देखि-रहँदा पनि ऊ त द्रष्टा छँदैछ; पछि देखन-अनुभव गर्न छाड्छ र पनि ऊ रही नै रहन्छ । अब यही द्रष्टा, अनुभविता, ध्याताको स्वरूपलाई सत्सङ्ग-विवेकबाट राम्रो जानी, उही ज्ञानमात्रमा शान्त हुनु; दृश्य अनुभवमा नमिल्नु, यही विवेकको निष्कर्ष हो ।

त्यत्रो साधना गरी त्यति माथि साक्षीदशासम्म पुगिसकेर पनि यदि विवेक बिनाको पूर्वकै समझमा परिमार्जन गरिएन, यथार्थ निर्णय प्राप्त भएन, खालि पूर्वाग्रह पक्री भ्रान्तिको समझ नै दृढ राखिरह्यौं भने आफू आफैंमा रहिएन, जगत् भरी भरिने भावनामा परियो; आवागमन छुट्ने भएन। शुद्ध चेतनको बोध-स्थिति भएको भए पारख स्वरूप ज्ञानमात्रको स्थिति भई कल्याण हुने-थियो- नत्र त ब्रह्म-जगत्को पीङमा नै सदा मच्चिइरहिने हुन्छ ।

हृदया भीतर आरसी , मुख देखा नहिं जाय ।
मुख तो तबहीं देखिहो , जब दिल की दुबिधा जाय ।।२६।।

हृदय भित्र ऐना छ , देखिन्न मुख चित्र यो ।
देखौला मुख जो भाई , जाला भ्रान्ति स्व भित्रको ।।

अर्थ– मनुष्यमात्रको अन्तःकरणमा आरसी–विवेक-बुद्धि-रूपी ऐना छँदैछ । तर आसक्ति कल्पना दुगदुगीरूपी कलिमल कट्-कटिई अनादिदेखि ढाकेकाले आफ्नै चेतन स्वरूपको ज्ञान-अनुहार

पनि देख्न-अनुभव गर्नबाट हामी वञ्चित भइरहेछौं । हामीमा यसको अपरोक्ष बोध-तबै हुनेछ, जब भित्रको सन्देह-भ्रान्तिरूप मयल छुटी निर्मल बन्नेछौं ।।२९।।

अरू– चेतन स्वरूपको अनुहार झल्कने ऐना के रहेछ ? हाम्रै हृदयको विवेक । अतएव पहिले यसैलाई शुद्ध बनाउनुपर्‍यो । ऐलेसम्म भोगासक्ति र खानी-वाणीमा बग्नु सिवाय हामीबाट अरू के भइरहेछ र आफ्नो अनुहार देखियोस् ! यसैले अब सर्व प्रथम विवेक जगाउन-धर्ममा प्रवृत्त हुनुपर्दछ। दोस्रो-विरक्त पारखी गुरुको प्रेम भक्तिमा निमग्न हुनु र तेस्रो-सत्सङ्ग चाहिन्छ । यी तीन अभ्यास केही दिन भएपछि अनि हाम्रो बुद्धि विवेक, निर्णयतिर झुक्तैगई, पारखदृष्टि खुल्नेछ । जड-चेतनको प्रखर समझ र हंसदशाको आचरण ठीक-ठीक बनेपछि द्रष्टा भावको शान्ति-स्थिति मिल्नेछ ।

गाँव ऊँचे पहाड़ पर, औ मोटाकी बाँह ।
कबीर अस ठाकुर सेइये, उबरिये जाकी छाँह ।।३०।।

गाउँ छ लेकका माथि, ठुलैको लिनु आश्रय ।
यस्ता स्वामी-गरे सेवा, तरौला जुन साश्रय ।।

अर्थ– (उपासकजन भन्छन्–) धेरैमाथि स्वर्ग कैलास गोलोक परमधाम छन् । यदि ती लोकमा निवास गर्ने तिम्रो इच्छा छ भने विष्णु शिव श्रीकृष्ण आदि श्रेष्ठ देवको आश्रय पक्र, यिनैका आधार भक्तिबाट तिम्रो पनि यम-यातना छुट्नेछ । परम धामादिको इच्छित सुख भोगौला ।।३०।।

अरू– 'माथि अन्तरिक्षमा स्वर्ग वैकुण्ठ परमधाम बहिश्त आदि लोक छन् भन्नु, त्यहाँको सुख पनि आ-आफ्नै कल्पनानुसार निरूपण गर्नु'– सबै मनका स्वप्न-बजार हुन् । माथि कहाँ लोक छन् ! देखेर आउने को छ ! व्यर्थका कल्पनामा मानिस अड्कन्छन् । मन-कल्पनाका नौला-नौला आतसबाजी उडाउनमै सबै उत्साहित छन्, यसैमा सबै रमाउँछन् । यदि स्वर्गादि लोक भएपनि पुराणा-

नुसार त्यहाँ बसुन्जेल पनि डाडो राग द्वेष र भोग भोग्ने परिश्रम लागी नै रहन्छ । फेरि पुण्यक्षीण हुनासाथ मर्त्यमण्डलमा खर्न परिहाल्छ । त्यो दिन धरालाको करोडौं गुना माथिबाट खस्नु भन्दापनि भारी वेदना हुनेछ । अतः विवेक वैराग्यद्वारा पारख स्वरूपको स्थिति बनाउनु नै बुद्धिमानी हो ।

जेहि मारग गये पण्डिता , तेई गई बहीर ।
ऊँची घाटी राम की , तेहि चढि रहैं कबीर ॥३१॥

जो बाटो विज्ञले पक्रे , त्यै लागे बहिरा पनि ।
अग्लो छ राम दचौराली , तहीं बस्छन् कबीर नि ॥

अर्थ– कल्पना-वाणीका भरमा विद्वज्जन जुन कर्म उपासनादिको बाटो गए तथा गइरहेछन्, देखादेखी जन साधारण पनि उनैका पछि लाग्छन् । योगीहरू परात्पर रामको स्थान, माथि ब्रह्माण्ड–भ्रमरगुफामा छ भनी सुषुम्नाद्वारा त्यहीं चढेर, ज्योतिरूपमा निमज्जित रहन खोज्दछन् ॥३१॥

अरू– ठूला र विद्वान्हरूकै सिको समाजले समेत टपक्क-टिप्तछन् । व्यवहारमा पण्डित-पुरोहित आदिका शिक्षाबाट अरू साधारण मानिस पनि कर्म-मार्ग नै मुख्य धर्मसम्झी, तीर्थ व्रत आदिमा अड्कन्छन् । योगीहरू योग-क्रियाद्वारा-हामी परमात्मालाई प्राप्त गरी सिद्धिमुक्ति लिन्छौं भनी साधनामा मरिमेट्तछन् । श्वास माथि चढाई, अचेत बनी बस्तछन् । यस्तालाई तलका साखीबाट गुरु सचेती दिनुहुन्छ ।

ये कबीर तैं उतरि रहु , तेरो सम्मल परोहन साथ ।
सम्मल घटे न पगु थके , जीव बिराने हाथ ॥३२॥

उत्र कबीर साथै छन् , तिम्रा सामल बाहन ।
सामलै घट्छ के पाउ - थाक्छ ! भो जीव बन्धन ॥

अर्थ– ये कबीर–हे भ्रान्त जीव ! तिमी आ-आफ्ना मार्ग ती कर्म उपासना योग र भोगासक्ति आदिबाट उत्र, परीक्षापूर्वक छाड ।

तिम्रा मार्गको सम्मल–सुख भोगको आशा र स्वर्गादि निवास, ऋद्धि-सिद्धि प्राप्ति, ईश्वर-ज्योति दर्शनादिको लोभरूपी सामल तथा परोहन–हिड्ने साधन (मन) सबै साथैछन्। न लोभको सामल घट्तछ! न मनरूप गोडा नै थाक्तछन्! यसै गरी भ्रान्ति-कल्पनाका पछिलागी आज हैरान हुन्छौ, भोलि यिनैका विवश बनी लाचारी-का साथ निरुपाय भई, चार खानिको यात्रा गर्नेछौ ।।३२।।

अन्य– मनको भ्रान्ति-कल्पना नछुटेसम्म जीव कहाँ-कहाँ भमिरहन्छ, के-के गर्दछ! कुनै निश्चय छैन। ऊ जे-जति गर्दछ भुक्तिन्छ, ती सबै कमैरहनेछन्। यसैले गुरु भन्नुहुन्छ– तिमी त यस्ता कल्पनाबाट उत्र! कल्पनाका पछिलाग्नेको पनि कहीं कल्याण हुन्छ र! मन-कल्पनाको कहीं-कहिल्यै इति हुँदैन। कल्पना अँगाल्न नछाडेकाले त नेति-नेति भन्न र मौन-शिक्षाको समर्थन गर्न परिरहे-को हो। तिम्रो कल्याणको सामल सद्गुण-समूह र सवारी–विवेक-रूपी साधन तिम्रा साथै छन्। हंसका आचरणको अनुसरण गरी, साधनाको घोडालाई वैराग्यको कोर्रा ठोक, कल्याणको मैदानमा कुदाउ; सद्गुरु-सन्तका साथ रेस छोड। स्वरूप (द्रष्टा-स्थिति)को सीमा-रेखामा पुगी थकाइमार। मन-वासना, कल्पनालाई उछिनी, सर्व विजयी बन; शान्तिको पुरस्कार सोर। अनि मुक्ति-महलमा चैनाचैनले विराजमान होउला।

कबीरका घर शिखर पर, जहाँ सिलहली गैल।
पाँव न टिकै पपील का, तहाँ खलकन लादै बैल ।।३३।।

कवीर - घर लेकैमा, बाटो छ अति साँगुरो।
च्यूँटीको टाँग अट्तैनन्, बैल लादेर तम्सियो ।।

अर्थ– कबीर (योगीजन) को निवास, शिखर–ब्रह्मरन्ध्रमा हो भन्दछन्। जहाँको बाटो सिलहली–अत्यन्त चिप्लो र साँगुरो

छ। कमिलाका खुट्टा जहाँ अटाउँदैनन्, त्यहाँ खलक–यी जन-समाज, बयलमा भारी कसी जान तयार छन्। अर्थात् जुन वस्तु, मन बुद्धि-बाट पनि अगम्य छ, उसलाई पाउन, योगको स्थूल साधना, षट्चक्र बेध्ने र ब्रह्माण्डमा वायु चढाउने क्रियाका भरोसामा छन्। पूरै मन-बुद्धि लगाई, पुरुषार्थ गर्दा न पाएका कल्पनाका वस्तुलाई शून्यमा लट्ठिएर बस्तैमा कसरी पाउनु ? ॥३३॥

अरू– शान्ति-मुक्ति लिने सबैको इच्छा छ, तर त्यसलाई खोज्द-छन्–बाहिरै-बाहिर, विषय भोग-विलासमा, कर्म-उपासना, जड भाव-नामा र पोथी-पत्रमा । बल्ल-बल्ल भित्र खोज्दछन् र पनि षट्चक्र बेध्ने, वायु रोकी गुम्सिने, प्राणको निरोध गरेर कल्पनाकै ज्योति-अनहद्नादको अभ्यासमा रल्लिने; अनि 'जगतै म हुँ' भनी बस्ने गर्दछन्, यिनबाट के मिल्दछ शान्ति ! उल्टो झन् कल्पना-जालको झालमै अल्झिइन्छ मात्र। यदि साँच्चिकै शान्ति-मुक्ति लिने हो भने, थाङ्नो कल्पनाको काम्लो फाल्नु पर्दछ, पूरै निकाल्नुपर्दछ; एक न राखी वासना-आसक्ति अहङ्कार सारा संशय सिनित्त पार्नु पर्दछ। अनि गुन्नु– के के बाकी रह्यो ! यो पनि बुझ्नु पऱ्यो– जसले सबै झुत्रो-झाम्रो निकाल्यो, फाल्यो; त्यो निकाल्ने को हो ! उही त बाँकी बच्यो ! त्यही हो आफ्नो परम सत्य स्वरूप। अब अमूल्य निधि मिल्यो, आफैं आफूमा शान्त भइयो । यति गरी मनको सबै कसिङ्गर सिनित्त नपारेसम्म जुनसुकै ध्यान-समाधि गरे पनि शान्ति अचल स्थिति के कदापि मिल्दछ र ! भित्र भरिराखेका अनेक वासना-कल्पनाले नै यता-उता दौडाइरहन्छन्। एक छिन पनि कहाँ बस्न दिन्छन् ! अनि कसरी शान्ति मिल्दछ ! यति नभएसम्म खालि बालकले उम्लो चुसे समानमात्र हो।

बिन देखे वह देश की, बात कहै सो कूर।
आपुहि खारी खात है, बेंचत फिरै कपूर ॥३४॥

अदेख देशको हाल , वर्णन अज्ञ गर्दछन् ।
नुन ढीको स्वयं चाट्छन् , कपूर बेचन हिंड्दछन् ।।

अर्थ– स्वयं नदेखी (बिना अनुभव नै) स्वर्गादि धामका र मुक्ति-स्थितिका कुरा आफ्नै आँखाले देखेझैं गरी बताउने, शिक्षा-व्याख्या गर्ने भ्रामकजन कूर–अयोग्य हुन् । किनभने ती स्वयं खारी नुन-ढिको वा खली (पिना) समान इन्द्रिय-भोगको रस लिन्छन्, अरू-प्रति भने कपूर–वैकुण्ठ-परमधाममा स्थिति पाउने शिक्षा छाँट्दै हिड्दछन् ।।३४।।

अरू– भ्रान्त शिक्षकहरू अरूलाई स्वर्ग बिहिश्त परमधाम सत्य लोकादिका विभूतिको वर्णन, ज्योति-दर्शन, अनहदनाद-श्रवण, तुर्यगा--ब्राह्मीस्थिति, समाधि, आदिको विशेषता वर्णन गरी, सुनाउँछन् । श्रोताबाट पूजा दक्षिणाको आशा लिन्छन् । उनीबाट भोग-पदार्थ पाई, तिनकै रसमा निमग्न हुन्छन् । वास्तवमा मुक्ति भन्ने वस्तु कसैले दिएर पाइने होइन, आफ्नै पुरुषार्थबाट मात्र हुनसकिन्छ । अर्थात् पारखीजनका सत्सङ्गबाट सार सत्य स्वयं चेतनलाई चिनेर, सम्पूर्ण आसक्ति-अध्यासबाट रहित भई स्वयं स्वरूपमा शान्त हुनु । पुनः आफूले जानेका ज्ञान समय-संयोग वश खास मुमुक्षुभई सम्मुख आउनेलाई निःस्वार्थ भावबाट बताउँदै गर्नु; यहि हो सज्जनको कर्तव्य ।

शब्द शब्द सब कोई कहैं , वो तो शब्द विदेह ।
जिभ्या पर आवै नहीं , निरखि परखि करि लेह ।।३५।।

शब्द शब्द सबै भन्छन् , त्यो शब्द छ अदेह को ।
भन्न सकिन्न जिभ्राले , लक्षणागम्य भेद जो ।।

अर्थ– सार शब्द प्रणव नै 'शब्द-ब्रह्म' हो भनी 'ॐ' वेद-मन्त्र, सार शब्दादिको विशेषता सबै गाउँछन् । तर ती शब्दादिको महिमा गाउने र रचना गर्ने मुख्य शब्दी, देह-भिन्न चेतन जीवन सर्व श्रेष्ठ हो । त्यो सार तत्त्व चेतन शब्द-जाल शब्द-ध्वनिदेखि छुट्टा छ,

अर्थात् त्यो हो-आफ्नै स्वरूप ज्ञानमात्र । जिब्रोले-(वाक्यबाट) उसलाई व्यक्त गर्न सकिन्न । त्यो जान्नेलाई तिमी राम्ररी निरख-परख, विवेक-अनुसन्धान गर ।।३५।।

अरू– स्वरूपदेखि भिन्न जे जति मान्यता बनाइएका छन्, ती समस्त वाणीजालका देन–परोक्ष कल्पनामात्र हुन्, साधकको निम्ति उपास्य होइनन् । उपास्य त हुनुपर्दछ–

'यद्वाचानभ्युदितं येन वागभ्युद्यते । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते' ।।५।।

'जसलाई वाणीद्वारा बताउन सकिन्न, जसको शक्तिबाट वाणी बोलिन्छ, उसैलाई तिमी ब्रह्म भन्ने जान । वाणीबाट बताइने जुन तत्त्वको मानिस उपासना गर्दछन् त्यो ब्रह्म होइन' । यसरी भित्रबाट मन-इन्द्रियलाई शक्ति दिने प्रेरक नै ब्रह्म हो भनी केन उ. खण्ड १ को मन्त्र ५ देखि ९ सम्म पाँच मन्त्रबाट बताएका छन् । यो सार तत्त्वको जे नामकरण गरेपनि के भयो र ! जीव चेतन-को लक्षण मिलेपछि वस्तु उही नै भन्नुपर्दछ । केवल सर्वत्र व्यापक जड-चेतन मिश्रित भन्नमात्र विवेकबाट असङ्गत हुन्छ ।

परख भूमिका भिन्न है , मिले न काहूको भाय ।
परखत परखत हंसको , ता भूमिका को पाय ।।

[बीजक त्रिजा अन्तस्तुति]

छिप्रा-गतागत आदि सबै भूमिकादेखि भिन्न, मुक्ति भूमिका पारख हो । यो भूमिका सितिमिति जसतसले पाउने होइनन् । पारखीजनका सत्सङ्गत र स्व विवेकको-बलबाट परखँदा-परखँदा अन्तमा साधक हंसदशा–पारख भूमिकामा पुग्दछन् । अर्थात् कुनै वासना-आसक्ति भ्रान्ति-कल्पनाले उनलाई विवश गराउन सक्तैन । जे-जे मनमा वासना आउँछ सबैलाई काटछाँट गर्दै आफू पृथक ज्ञानमात्रमा शान्त स्थिर हुन्छन् ।

पर्वत ऊपर हर वहै , घोडा चढि वसै गाँव ।
विना फूल भौंरा रस चाहै , कहु विरवा को नाँव ।।३६।।

लेक माथि बगे रुद्र , गाउँ घोडा चढी बसे ।
बिना फूल रसै भृङ्ग - चाहन्छन् वृक्ष नाम के ? ।।

अर्थ– पर्वत ऊपर हर बहै–कर्मी उपासकहरू, माथि स्वर्गमा परमात्मा विराजमान छन् भन्ने मान्दछन्, त योगीजन आफ्नै ब्रह्माण्ड सहस्रारमा छन् भनी बताउँछन् । यसैले यिनीहरू सङ्कल्पका घोडा माथि सवारभई आ-आफ्ना लक्ष्य अनुसारका लोकमा गई बस्न चाहने हुन् । नभएका फूलको पनि रस चाख्दछु भनी भुँवरो कुत्तिरहेछः भने भन ! त्यो बोटको नाम के हो ! ।।३६।।

अरू– त्यो बोटको नाम हो–विभिन्न कल्पना। त्यसमा न फूल फुल्छ, न फलै फल्दछ । परन्तु कर्मी उपासक योगी ब्रह्मज्ञानी सबै उसैको आनन्दमा लोभिइरहन्छन् । यस्ता हुँदै नभएका फलको रस पनि यिनले के पाउनु ! यो कल्पना यस्तै हो– जस्तो पहरामाथि हलो चल्नु, घोडचडीका थाप्लामा गाउँ बस्नु, बिना फूल भुँवराले रस चाख्नखोज्नु, नाममात्रको रूख हुनु, यी सबै वाक-विलासमात्र हुन् ।

साधकले यस्ता कल्पनाका पछि नलागी, सत्सङ्गबाट सप्रमाण वस्तुरूप चेतन रामकै खोजिगर्नु । सबै वासना निकाली, स्वरूपकै आसपासका काम–विवेक भक्ति वैराग्य ज्ञानलाई पुष्ट गरी, यिनै को अटल आसन बनाई बस्नु–सम्यक पुरुषार्थ हो ।

चन्दन बास निवारहू , तुव कारण बन काटिया ।
जियत जीव जनि मारहू , मुये सबै निपातिया ।।३७।।

श्रीखण्ड वासना फाल , तिम्रै लागि कटे बनै ।
नमार जिउँदै जीव , मर्दा हुन्छन् निवारणै ।।

अर्थ– चन्दन–ए चेतन मनुष्य ! बास निवारहू–खानी-वाणी-का सारा वासना निकाल–त्याग । तिम्रै कल्याणको निम्ति बन-

खानी वाणीका जाल फाँडिदिएको छ। जियत जीव–बाँचुन्जेल अनेक अयोग्य साधनामा जीवलाई कष्ट नदेउ, मरेपछि त सबै इन्द्रिय सहितको शरीरै नष्टभइहाल्दछ नि ! ।।३७।।

अर्थ–कल्याणको लागि कठोर साधना–चान्द्रायणादि व्रत ऊर्ध्वबाहु, ठाढेश्वरी, जलशय्या, पञ्चाग्नि-सेवन- हठ योगका कठिन-कठिन साधनादि गरी शरीरलाई अति कष्टदिनु-सुकाइरहनु पर्दैन, केवल मनमानी भोगमा प्रवृत्तहुनु बन्धन हो, ती सबैलाई त्याग। ती भनिएका व्यर्थका साधनामा जीवलाई सित्तैं सताउनु पनि मुक्तिको साधन होइन । शरीरको हानि गरी मान बडाईको उपाधि बटुल्नु मात्र हो । यसको भित्र कि त मानको मसिनु लोकैषणा–चाहना हुनुपर्दछ, अन्यथा ढङ्ग नपुगेको साधना भनिन्छ । अतः त्याग्नुपर्ने मुख्य यी हुन्– निर्वाहभन्दा बाहिरका उपभोग नशा-व्यसन, कामादि षट्अरिवर्ग, विषयासक्ति, वासना तथा अर्को–वाणी जालका भ्रम-कल्पनाका प्रवृत्ति ।

सामान्यरूपबाट व्यवहारमा मध्यवर्तीय बनी, शरीर-निर्वाह चलाउनु, सात्विकी खान-पान पहिरन, बस-उठ गर्नु । शक्तिभर कीरादेखि हात्तीसम्मका प्राणीमात्रको रक्षा गर्नु । आफूबाट कसैले कष्ट-धक्का नपाउन् भन्ने होश राख्नु । भित्र कल्पना-भ्रान्ति भरिन नपाउन्। द्रष्टा स्वरूपलाई दृश्यदेखि पन्छाउँदै गर्नु, सदा स्व स्थिति-तिर नै अघिबढ्दै रहनु ।

चन्दन सर्प लपेटिया , चन्दन काह कराय ।
रोम-रोम बिष भीनिया , अमृत कहाँ समाय ।।३८।।

श्रीखण्ड सर्पले बेह्र्यो , बिचरो अब के गरोस् ।
विषले व्याप्त भो रौं रौं , कहाँ अमृत गै भिजोस् ।।

अर्थ– चेतन मनुष्यलाई विषयासक्ति र अभिमानरूपी सर्पले सारै कसेर बेरिराखेको छ, अब त्यो बिचरोले के गरोस् ! उसको

रौं-रौंमा सर्पको विष भरिएकाले गुरुको अमृतरूपो पारखज्ञान कहाँ-कसरी रहोस्-भिजोस् ! ।।३८।।

अरू–शब्द स्पर्श रूप रस र गन्ध–यी पाँच विषय तथा विश्व तैजस प्राज्ञ प्रत्यज्ञात्मा निरञ्जन–यी पाँच अभिमान (अहङ्कार) रूपी दस सर्पका वशमा जीव अनादिदेखि परेकोले आफू पनि अति आसक्त र अभिमानी बनिरहेछ। रौं-रौंमा आसक्ति-अहङ्कारको विष व्यापेकोले क्षणमात्र जीवलाई शान्ति छैन। अब उसमा सन्त-गुरुको पारख-अमृत कहाँ रहने ? क्षणमात्र विषको वेग कमभई पारखको इच्छा उठे पनि खालि ज्ञानले के असर गरोस् र कसरी बोध-विचार मा अगाडि बढोस् ।

दोस्रो अभिप्राय हो–सर्पले शीतल श्रीखण्डको वृक्षलाई बेरेर बस्ता पनि सर्पमा चन्दनको शीतलताले असर गर्न सकेन, उसले शान्ति पाएन। त्यस्तै अति मलीन प्रकृतिका रजो-तमोगुणी व्यक्ति सत्संङ्गतमा रहेपनि सितिमिति सत्संङ्गको रङ्ग लाग्न कठिन छ ।

तेस्रो–खानी-वाणी सर्पको तीव्र विष अत्यन्त व्याप्त भएको भए पनि, त्यसको औषधी पारखी सन्त-गुरुसित नभएको होइन, छ। तर हामीले चिन्न-सम्झनमात्र सक्नुपर्दछ। मनुष्यलाई विषको नशा मैं लट्ठिई बस्ने बानी परी अभ्यस्त भएकोले बेहोशीमैं रहनमा सुख सम्झन्छ, यसैले त्यो विष उत्रन कठिन परेको हो। 'मलाई खानी-वाणीको विष चढेको छ, म विभ्रान्त छु' भन्नेसम्म त मानिसले सम्झोस्न, अनि विष उत्रन के बेर लाग्दछ ! विषमारक महौषध त तमाम बताइसक्नुभयो। विचार गरौं, यो विषको उपचार बिरहुली प्रकरणमा पनि तत्कालै सुनेको होइन र ! के बिर्सियो !

'जो फल चाखहु मोर बिरहुली' ।।

गुरुको सत्य-उपदेशरूपी तीतो करबीरको बोटमा पारखज्ञान-रूपी फल फलेको छ। त्यो तीतो फल चाखेमा अवश्य विष शमन

हुनेछ। गुरुज्ञान नै तीतो लागेको हुनाले त त्यो हृदय-भित्र घुस्न गाह्रो परेको ! सत्सङ्ग शुरू हुनासाथ निद्राले छोप्तछ; निद्रा नआए पनि अरू-अरू नै भावनाले भित्र ज्ञान घुस्न दिंदैन। यसमा साधकको काम हो– 'म विषग्रस्त छु, रोगी छु, उपचार गरी नीरोगी बन्नु पर्दछ' यस्तो बलियो निश्चय बनाउनु, अनि तीतो भएपनि औषधी खान सजीलो हुनेछ। खाने बित्तिकै विष झरिहाल्नेछ पनि ।

ज्यों मोदाद समसान शिल , सबै रूप शमसान ।
कहहिं कबीर वह सावज की गति , तव की देखि भुकान ।।३६।।

जस्तो फटीकको साथ , सबैको रूप त्यै सरी ।
कबीर श्वानको चाल , भुक्तछ पूर्व भान ली ।।

अर्थ– जस्तो शुद्ध स्फटिक पत्थरको मुन्तिर राखेको वस्तु उही पत्थरकै रङ्गको देखिन्छ। यस्तै मनुष्यले विवेकबाट नचुनी पूर्वमा जे-जस्तो मान्यता भरेको छ, हृदय पनि उही स्फटिकसमान हुनाले त्यसैलाई सत्य हो भन्ने भान हुन जान्छ। अथवा जस्तो कुकुर ऐना-को घरमा पस्दा आफ्नै छाया देख्तछ, पूर्वमा देखेको दोस्रो प्रतिद्वन्दी कुकुरसमान रहेछ भन्ने भ्रान्तिमा परी भुकिरहन्छ, त्यस्तै भ्रान्त-मुमुक्षु आफ्नै कल्पनाको प्रतिमूर्तिलाई सत्य सम्झी आफ्नो जिद्दी छोड्दैन ।।३९।।

अरू– मानिस कति त पुराना पोथीकै कुरामात्र सत्य हुन्छ भन्नेमा छन्। दोस्रा–पूर्वका ठूला व्यक्तिकै अनुसरण गर्नेमा छन्। तेस्रा–परम्पराकै लीक पक्रने पक्षमा छन्। चौथा–फलाना इष्ट नै प्रत्यक्ष अवतार हुन् भनी श्रद्धातिरेकमा परेका छन्। बरु व्यवहार गर्दा विवेक गर्छन्, परमार्थमा झन् भयभीत बनी अन्धलीकतिर नै लाग्दछन्, छाड्न शक्तैनन्। यसरी परमार्थका मार्गावलम्बी त धेरै छन्, तर मुख्य साधन–स्व विवेकबाट काम लिन सक्तैनन्। यसैले ब्रह्मज्ञानीलाई एक ब्रह्म सत्य जगत् मिथ्या भन्ने निश्चय छ; ईश्वर-

वादीलाई प्रभुको साम्राज्य, अन्तमा कहाँ बस्ने ! एउटा स्थिति त चाहियो, भन्ने भावना र जडवादीलाई जडदेखि भिन्न चेतनको अस्तित्व नै छैन भन्ने निश्चय भइरहेछ । तर मानिसले कहींको पनि सत्सङ्ग सुन्दा थोरै समयको लागि ती आ-आफ्ना मान्यता पर सारी, कुनै पनि पक्ष नलिई सुन्यो, हंसवत् सारग्राही बन्यो भने निष्पक्ष अन्तःकरणमा सार सत्यज्ञान ग्रहण भइहाल्दछ । होइन भने पक्षपात ममताले अन्तःकरण ओकटिएपछि सत्य ज्ञानलाई भित्र पस्न र टिक्न दिंदैन। अतः मुमुक्षुको कर्तव्य हो–आफूमा अद्वैत द्वैत जडवाद जे जस्तो निश्चय भएपनि विचार गर्नु–यो सबै निश्चय गर्ने-को हो ? निष्पक्षका पात्रलाई यही माध्यमबाट यथार्थ बोध हुनेछ । सबैको कल्पना गर्ने, जड प्रकृतिको साक्षी, द्रष्टा चेतन जीव नै हो, जीव नभई कुनै केहीको सिद्धि हुनैसक्तैन । यसउसले सबैभन्दा माथि सर्वश्रेष्ठ परम तत्त्व चेतन जीव नै सिद्ध हुन आउँछ ।

दोस्रो–जीव आफ्नै वासनाबाट बनेको अन्तःकरणरूपी ऐना-घरमा पसेर आफ्नै मान्यतालाई देखी, अहङ्कार-ममतावश विषय-वासनामा लिप्त रहन्छ । वा वाणीरूपी ऐनाघरमा पस्तछ र अनेक कल्पनायुक्त कुरा भुक्नथाल्दछ । राम बुद्ध आदि भावमा संलग्न रहन्छ । वास्तवमा हामीले पूर्वमा जे जस्तो कल्पना भरी राखेका छौं, ती सबै मान्यतालाई पन्छाउनासाथ आफैं आफू शुद्ध चेतनमात्र अवशेष रहिहालिन्छ ।

'चैतन्य से वाद जड सब कहा है । द्रष्टा से न्यारे दरश हो रहा है ।।
सबको परख डारदे जड विजाती । जहाँलो तुह्मारे नजरमें दिखाती ।।'
(न्यायनामा)

गही टेक छोडै नहीं , जीभ चोंच जरिजाय ।
ऐसो तप्त अंगार है , ताहि चकोर चबाय ।।४०।।

पक्रेको पक्ष छाड्दैन , जिभ्रो चुच्चो डडोस् जति ।
यस्तो तीव्र फिलुङ्गो ली , चपाउँछ चकोर नि ! ।।

अर्थ– मानिसले जस्तो पक्ष पक्रे, पक्रे ! एक मान्यता पक्रे-पछि फेरि विवेक गरेर सत्य सिद्धान्त छानी लिन र आफ्नै पनि असत्यजति छाड्न सहसा सक्तैनन्, जति कष्ट परे पनि, जीवन व्यर्थ बरबाद भएपनि; भन्छन्–जस्तो च्याखुराको जिब्रो-चुच्चो डडे डडोस्, ऊ तातो फ्फ्र्राउँदो आगाको फिलुङ्गो पनि मर्मरी चपाउँदछ ।।४०।।

अरू– मानिसलाई लागेको भ्रान्ति-मान्यता र पक्रेको जिद्दी हठ छाड्न सारै गाह्रो पर्दछ । ती मिथ्या नै भएपनि, अति लेसिएर टाँसिएका हुन्छन् । तर ती मान्यता-जिद्दी छाडी, निष्पक्ष विवेकबाट सत्य के हो ! ठीक-ठीक छानी नलिएसम्म सम्यक शान्ति-स्थिति मिल्न पनि सक्तैन ।

चकोर भरोसे चन्द्रके , निगलै तप्त अंगार ।
कहैं कबीर डाहै नहीं , ऐसी वस्तु लगार ।।४१।।

च्याखुरो चन्द्रको आड , फिलुङ्गो तप्त निल्दछ ।
भन्छन् कबीर पोल्दैन , श्रद्धामा प्रति शक्ति छ ।।

अर्थ– (उपासकजनको भनाई छ–) च्याखुरोले आफ्नो प्यारो चन्द्रमा ठानी, तातो फ्फ्र्राउँदो आगाको फिलुंगो पनि निल्छ, तर उसमा पूर्ण प्रेम हुनाले उसलाई पोल्दैन । लगार (लगन) प्रेममा यति शक्ति छ । साधकले पनि जे जति कष्ट परोस्, सबै सहेर इष्टदेवमा यस्तै प्रेम बनाउँनु, भक्तिमा लीन रहनु कल्याण भइहाल्छ ।।४१।।

अरू–'चन्द्रमा-च्याखुरोको दृष्टान्त दिई, भ्रामकजनले कल्पित भक्तिमा जीवलाई बाँधी, स्वतन्त्र विवेक बुद्धि नै पर्लक्क पल्टाई जड बनाइदिए । सत्य चेतन स्वरूपको शोध लगाउने स्वतन्त्र समझ नै नष्ट गरिदिए' भनी गुरुले रमैनी चौबीसमा यसको निराकरण गर्नुभएको छ ।

झिलिमिलि झगरा झूलते, बाकी छूटि न काहु।
गोरख अटके कालपुर, कौन कहावै साहु ॥४२॥
ज्योतिको रमिता बीच, अल्झे कोही बचेन है।
गोरख भ्रान्ति मै अड्के, साहु भन्ने छ को फर्तै ॥

अर्थ– आँखा थिच्ने, वायु रोक्ने, षट्चक्र छेड्ने, मुद्रा साध्ने– इत्यादि हठयोगका क्रियाबाट ज्योतिको झिलिमिलि रमाइलामा झुलीझुली सबका सब रमिते बनिरहेछन्। यो रमितामा न झुत्ती बाँकी बच्ने कोही छैनन्। जब महायोगी गोरखनाथजस्ता तपस्वी पुरुष पनि कालपुर– कल्पनाकै शहरमा अड्के– रङबङ्गिए भने अरू कसलाई विवेकी सन्त भन्ने ? ॥४२॥

अल– जे जति प्रकारका ज्योति देखिन्छन्, सबै 'स्व' देखि भिन्नका दृश्य विषय, अग्नि-स्वरूप प्रकाशकै आभास हुन्। उही ज्योतिको चमकलाई हामीले मुख्य वस्तु पायौं भन्ने मानी मक्ख पर्नु, सत्य प्राप्तिको मार्गमा तगारो लगाउनु हो। त्यसबाट आफैं ठगिनेमात्र हुन्छ। वास्तवमा यी सबै जडाध्यासलाई नै अँगाली निहाल-भइरहेछन्। यथार्थमा विवेकीको कर्तव्य यो होइन। पारखीजन त सबै दृश्याभासबाट पृथक भई, स्वयं द्रष्टामात्र शान्त रहन्छन्। ज्योतिको विषयमा शब्द २×७×६४×९४ आदिबाट पनि मनन योग्य छ।

गोरख रसिया योगके, मुये न जारी देह।
माँस गली माटी मिली, कोरो माँजी देह ॥४३॥
गोरख योगका प्रेमी - थे मरेन-जल्यो तन।
मासु गली मिल्यो मट्टी, व्यर्थ माज्यो हरे तन ॥

अर्थ– गोरखनाथजी योग साधनाका अति प्रेमी थिए। मुये न जारी देह–योग साधनाबाट न उनी मरे, न उनको शरीर अग्निले जलाउन सक्यो ! [यो वचन गुरु कबीरको व्यङ्ग्य हो] शरीर न मरोस्, शक्ति तेज यौवन स्थिर रहोस् भनी धेरै साधना गरे,

साधनामै शरीरको मासु गलेर समाप्त भयो, सुक्यो । कोरो (डाँडा-भाटासमानको) हाडैहाड बाँकी रह्यो, धेरै माजिएकाले हाडहरू जतापनि घुम्ने-चल्ने फुर्तिला बनेका थिए, सबै व्यर्थभए, अन्त्यमा शरीर छुटिहाल्यो ।।४३।।

अरू– प्रायः योगीहरू ऋद्धि-सिद्ध, चमत्कार आदि प्राप्ति गर्न लोभ-वश अथक पुरुषार्थ गर्दछन् । तर ती सबै कल्पनामात्र हुन्, असम्भव कुरा पनि सम्भव कहाँ हुन्थे ! स्वयं परमतत्त्व थिए, होश नहुँदा र विवेक बिना कष्ट-काटी भर्मिरहन्छन् ।

वनते भागि बेहडे परा , करहा अपनी वान ।
बेदन करहा कासों कहै , को करहा को जान ? ।।४४।।

बनबाट शशा भाग्यो , पऱ्यो खाडल बानि ले ।
को सँग वेदना पोखोस् , यो जान्ने कुन ज्वानले ! ।।

अर्थ– करहा–खरायो अरू जन्तुका डरले बान– आफ्नो बानी अनुसार लुक्न बेहड–झालभित्र खाडलमा गएको थियो, त्यहीं अड्क्यो, अरू हिंसकी जनावर आउँदा पनि निस्की भाग्न सकेन । अब ऊ आफ्नो वेदना–दुःख कोसित पोखोस् ! उसका मनको व्यथा कसले जानिदियोस् ।।४४।।

अरू– गृह-जञ्जालको जङ्गलमा दुःख र झन्झट सम्झी, मानिस परमार्थ कल्याण ठानी, सहसा एक कुनै मतमा प्रवेश हुन्छन् । भावुकता-वश एक्कासि दीक्षित हुन्छन्, वैराग्य-भेस लिन्छन् । तर आफ्ना पूर्वका बानी बेहोर सुखाध्यास मान-चाहना काम क्रोधादि पनि छुटेका हुँदैनन् । यसैले त्यहाँ पनि प्रपञ्च-प्रवृत्तिमा जेलिन्छन् । उहाँ सेवा र निर्वाहको कार्यमा परिश्रम पर्दछ , सम्मान-सत्कार मिल्दैन, मन अनुकूल गर्न पाइँदैन । भेसको मर्यादा पालन र साधना आदि गर्नुपर्दा कष्ट सम्झी थक्क-थक्क हुन्छन्, पछुतो गर्न थाल्दछन् । ती सबै कुरा सम्झी-सम्झी

मनमनै चुमुर्किनु पर्दछ । अब यस्तो परिस्थितिमा उनले आफ्नो मनको गुनासो को सङ्ग पोखुन् ! कसैसित भनौं भने आफ्नो हिन्नति हुने भयो । उसमाथि अरूले दिएको दुःख होइन । घर फर्कौंभने भेसको मर्यादा रहँदैन । 'सोलाबाट भाग्ने सतीको दशा' हुने भयो । यसैले प्रथम वैराग्यको तरङ्गमै कसैले पनि साधु बन्न नतम्सनु । राम्ररी जाँची सत्य-सिद्धान्त बुझी, सदाचरण धारणा पनि ठीक-ठीक पुष्ट भएपछिमात्र विवेकपूर्वक अगाडि बढ्नु योग्य छ, गुरुको वचन पनि छ–

साधु भने हुनैपर्छ , सम्पन्न भइ खेल है ।
हरियो सरस्यूँ पेली , पिना बन्छ न तेल नै ।।

[बी. साखी २८० को अनुवाद]

बहुत दिवस ते हींडिया , शून्य समाधि लगाय ।
करहा पडा गाड में , दूरि परा पछिताय ।।४५।।

घेरैकाल भयो हिंड्दा , शून्य समाधि लाउँदै ।
पऱ्यो खाडलमा हात्ती , टाढा भो पछुताउँदै ।।

अर्थ– हठयोगीहरू धेरै कालदेखि शून्य समाधि लगाउँदै, मुख्य तत्त्वको खोजि गर्दैछन् । जस्तो खरायो खाल-खौलामा परी पछुतो गर्दछ, त्यस्तै योगीजन पनि आफ्नो चेतन स्वरूपको बोधबाट टाढा – भ्रान्तिको खाडलमा परी, अन्त्यमा पश्चाताप गर्ने हुन्छन् ।।४५।।

अरू– योगीहरूले प्रथम योग-क्रिया प्रारम्भ गर्दा मुख्य जग मैं यथार्थ स्वरूपको बोध नभई, अल्पकालको वायु निरोधबाट मात्र मिल्ने शून्य-समाधिजन्य सुखको आशामा अड्केका हुनाले त्यो शरीरका साथै समाप्य हुन्छ र शून्यका उपासक जति पश्चातापमा पर्दछन् । यता पारख-स्थिति भने मनको वासना-कल्पनाबाट रहित भएको, वस्तुरूप स्वरूपको अखण्ड स्थितिजन्य अवस्था हुनाले

त्यो कहिल्यै टुट्ने हुँदैन । यसैले पारख ज्ञानका साधकले अन्त्यमा पछुताउने अवसर आउँदैन ।

कबीर भरम न भाजिया , बहु विधि धरिया भेष ।
साईं के परचावते , अन्तर रहि गइ रेष ।।४६।।

कबीर भ्रान्ति भागेन , नाना वेश क्रिया गरी ।
स्वामीको परिचय गर्दै , भित्रै दाग रह्यो परी ।।

अर्थ– 'धेरै थरी मतका रङ्ग-विरङ्गका भेस धारणगर्दा पनि कबीर–जीवको हृदय स्थित भ्रान्ति छुट्न सकेन। साईं–कल्पित इष्ट-को परिचय गर्दै-गराउँदै गुरु-शिष्य सबैका भित्र कल्पना-वासनाको रेखा झन् थपिंदै गइरहेछ ।।४६।।

अरू– ठुलै रूखको छहारी पक्रनु पर्दछ भन्ने भावना र चराचर परिपूर्ण एक व्यापक बृहत् बन्नछोडेर अल्पज्ञ जीव पनि को बनिरहोस् ! ' भन्ने मानै-मान अँगाली गहिरो भ्रममा पुगी, पथिकहरू मिथ्या कल्पनामा पर्दछन् । चेतनको स्वरूप, विषय र ब्रह्म दुवैदेखि सर्वथा पृथक स्वतन्त्र विशुद्ध ज्ञानैज्ञानको पुञ्ज हुनाले, त्यस्तै सदा पृथकको समझ र स्थिति बिना, जगत्को अध्यास, भ्रम कल्पना छुट्न सक्तैन ।

विनु डाँडे जग डाँडिया , सोरठ परिया डाँड ।
बाटनिहारे लोभिया , गुर ते मीठी खाँड ।।४७।।

नडाँडी विश्व दण्डैमा – पऱ्यो जूवा विषे बिक्यो ।
लोभी लालचले हेर्छन् , गुड भन्दा खुँदै निको ।।

अर्थ– बिनु डाँडे–कसैले दण्ड नगरी, जगत्-जीव स्वयम् दण्डित् भइरहेछन्। मुक्ति पाउँला कि भनी भ्रम मान्यताको ध्यान-समाधिरूपी सोरठ–जूवा खेलेका हुन्, तर उल्टै डण्डमा परे । लोभ-वश कल्पित इष्ट प्राप्तिको आशा गर्ने जीवको कल्याण-साधन यो अमूल्य मानव जीवन र विवेक बुद्धिरूपी नगदमात्र गुम्यो । गुड–सन्सार भोगरूप सक्खरभन्दा खाँड- शून्य समाधिरूप चीनी स्वादिष्ट

अवश्यहुन्छ, तर चेतनको द्रष्टा-स्थिति भन्दा यो पनि निम्नस्तर–कल्पनाकै स्थिति भयो । यहाँ खाँडको भाव खुँदो होइन, चीनी हो ।।४७।।

अरू–एक त कुनै किसिमको पनि जूवाखेल छल कपटले पूर्ण, अनर्थकारी कष्टप्रद हुन्छ, यसैले त्यस्ता प्रवृत्तिमा बुद्धिमान्ले कहिल्यै ◈नपस्नु। मुक्तिको लोभले ब्रह्म-चर्चा, ज्योति-ध्यान, अनहृद-नादको श्रवण आदिरूपी जूवा खेलेका थिए; यसबाट सम्पूर्ण विकार-वासनारूपी बन्धनदेखि मुक्त हुनु पर्नेमा पुनरपि ती बन्धन-प्रद विकार सबै आफ्नै स्वरूप हुनआउँदा उल्टै मनुष्य जीवन र विवेकको सम्पत्तिमात्र बरबाद भए । जगत्- विषय भन्दा ब्रह्मवाद उत्तम थियो, तर देख्न सुन्नलाई मात्र; वास्तवमा दुवैको एकरूप हुनाले केही काम लागेन, 'जहाँको ताहि टमी' हुनेभए ।

मलयागिर की वासमें , वृक्ष रहा सव गोय ।
कहवे को चन्दन भया , मलयागिर ना होय ।।४८।।

◈ जूवाखेल्नु अपराध हो । [ऋग्देव ५।६।८५।८]
जुवारे भन्दछन्–सोमपानमा जस्तै पासाखेल्नमा मेरो मन तत्पर हुन्छ । परम सुशीला सेवा-निरत प्रेयसी भार्या पनि पासा-प्रेमले गर्दा अलग भई । जुवारेलाई सासुले घोच्का हानिरहन्छिन् । उसलाई कसैले फुटेको कौडो पनि उधारो दिँदैन । कसैले नजिकै पर्न दिँदैनन् । जुवारे हमेशा पासैतर्फ खिचिइरहन्छ । उसको उत्तम भार्याको पनि चाल चलन बिग्रन्छ । उसलाई बाबु-आमा, दाजु-भाइले पनि पक्रा-इदिन्छन् । म धेरैपल्ट 'जूवा खेल्दिन' भनी जूवारेहरूको साथ छोड्छु, तर पासा देख्तै लालच लाग्दछ, उतै हिँडिहाल्दछु । जुवारेले जब हार्दछ, उही पासा बाण बनी हृदयमा बिज्दछ, छुराबनी छाला काट्तछ, अङ्कुश बनी बिज्दछ, तातो फलाम बनी डाम्दछ । जिते दङ्गपर्दछ, हारेमा मरेतुल्य हुन्छ । जुवारेकी पत्नी सदा सन्तप्त रहन्छे, पुत्र माङ्नेझैं फिर्दछ । जुवारे सँदै परवश रहन्छ । जतातत्तै उधारोमात्र मागी हिँड्दछ । घोडा चढेर घरबाट निस्केको जुवारे, साँझसम्ममा शरीरको लुगा पनि रहेको हुँदैन । अतएव हे जुवारे हो ! म दश औंला जोरेर विनय गर्दछु– यस्तो जुवाको लत छाड– यही सूर्यको भनाई छ ।
[ऋग्वेद १०।३।३४ को १-५; १०-१३]

श्रीखण्ड वासका बीच , रहेका वृक्ष छन् जति ।
चन्दन नाम मात्रैका , बन्दैनन् मलया रती ।।

अर्थ– मलयागिर–दक्षिण भारत मलयालमको एक पर्वतीय क्षेत्रमा असली श्रीखण्डका बोट पाइन्छन् । त्यहाँ तिनका वरिपरिका अरू वृक्षहरू पनि गोय–सुगन्धले भरिएका हुन्छन् भनी भन्दछन् । तर ती अरू वृक्ष नाममात्रका चन्दन हुन्छन्, खास मलय–श्रीखण्ड बन्दैनन् । किनभने ती वृक्षका संसर्गबाट अरू वृक्ष श्रीखण्ड बन्न सक्तैनन् ।।४८।।

अरू– भाव हो–चेतनको संसर्गबाट शरीर पनि सचेत रहन्छ, तर शरीर जड हुनाले खास चेतन हुनसक्तैन । दोस्रो–वासना-समूह पनि चेतनको साथबाट शरीरको सञ्चालक नै हुन् कि भने जस्तो भानहुन्छ । यसै कारण कतिपय सिद्धान्तवादीहरू चेतनको अस्तित्व नै छैन भन्नेमा परिरहेछन् ।यथार्थमा शरीरको प्रेरक र परीक्षक मुख्य चेतन नै हो । ज्ञानस्वरूप चेतनबाट अनन्त वासना-संस्कार बन्दछन् । तिनलाई घट-बढ गर्न, मेट्न चेतन जीव नै समर्थ छ, मेट्तछ पनि; तर वासना-संस्कारबाट चेतन जीव बन्न सक्तैन, यसैले सदा सर्वदा चेतनकै महत्त्व छ। तेस्रो–विवेकी सन्तबाट ज्ञान पाई, जन-साधारण पनि साधु भेसको नाताले पुजिने हुन्छन्, ती पनि साधु नै भनिन्छन्, तर ती गुरुरूप जीवन्मुक्त होइनन् । पछि ती पनि सत्सङ्गत-साधनाबाट यथार्थ जीवन्मुक्त बन्न सक्तछन्, खालि भेस पहिरिँदैमा कोही पनि श्रेष्ठ जीवन्मुक्त सन्त हुँदैनन् । अतः साधकले सम्यक सन्त नबनेसम्म साधनाबाट विश्राम नलिनु, अन्त न अलझनु ।

मलयागिरि की वास में , बेधा ढाँक पलास ।
बेना कवहुँ न बेधिया , जुग-जुग रहिया पास ।।४९।।

श्रीखण्डको उडी वास , व्याप्यो टेसू पलासमा ।
पसेन बाँसमा रत्ती , युगौं थियो त पासमा ।।

अर्थ– भन्दछन्–मलयागिरिका पलास र अन्य वृक्षसमूह नरम-सुरस हुनाले तिनमा श्रीखण्डको सुगन्ध प्रवेश भई, ती चन्दन बन्दछन् । तर बाँस खोक्रा र अग्ला हुन्छन्, ती चन्दनका साथै टाँसिएर युगानुयुग रहेपनि सारै कठोर र आँखलासहित हुनाले तिनमा सुगन्ध कहिल्यै प्रवेश हुनसक्तैन ।।४९।।

अरू– सिद्धान्तमा पारखी सन्तका सत्सङ्गबाट विवेकवान् निर्मान श्रद्धालु जन-साधारणै भएपनि बोध प्राप्त गरी कल्याण रूप बन्दछन्, बनिरहेछन् । तर विवेक-श्रद्धारहित अभिमानपूर्ण■ कस्तै ठूला धनी-मानी व्यक्ति होउन्, ती सदा पारखी सन्तका साथै रहेपनि तिनमा यो पारखज्ञान प्रवेश हुन सक्तैन ।

गर्मी जग्गाको आँप लीचीका बोट लेक-हिमालमा सर्न-फल्न सक्तैनन्, हिमाल घाँचका गुराँस-सिलिङ्गे आदिका वृक्षहरू गर्मी-जग्गामा हुन सक्तैनन्, सबैको आ-आफ्नै भूमिका हुन्छ । यस्तै अन्यान्य विद्या विज्ञान आदि सीप भने गर्बिला व्यक्तिहरूमा पनि प्रवेश हुन सक्तछन्, उच्चस्तरीय उपाधिले धेरै-धेरै वरिष्ठ व्यक्ति विभूषित पनि छन् । तर पारख ज्ञानको सम्यक बोध हुन, सरलता विनम्रतादि शुभगुण आफूमा उतार्न एवं प्रौढ विवेक र सदाचार-पालन गर्नमा शूर वीर विवेकी व्यक्ति सारै कमी छन् । संसारमा यस्तै जनको सारै खाँचो पनि छ । यी सद्गुण बिना, पारखको परम प्रकाशरूपी सीप र जीवन्मुक्तिदशा, व्यक्तिमा आउन पनि अति कठिन छ । यसैले श्री पूरणसाहेब भन्नुहुन्छ– 'पारख सदा अमान ।'

चलते-चलते पगु थका , नग्र रहा नौ कोस ।
वीचहि में डेरा परा , कहहु कोनको दोष ।।५०।।

■ विवेक बिना मानिसको प्रतिश्वासमा अभिमान आउँछ । ती अभिमान धेरै थरीका हुन्छन् । तिनमा मुख्य छः थरीका छन्– शरीरको, कर्मको, वाणीको, देवताको, आत्माको र ब्रह्मको अभिमान ।

हिंड्दा हिंड्दै गले गोडा , नगर कोश नौ रह्यो ।
बीचै मार्ग पऱ्यो डेरा , कसको दोष यो भयो ! ।।

अर्थ– कर्म उपासनादिका मार्गमा हिंड्दा-हिंड्दा मन र शरीरका दुवै थरी गोडा थाके । स्वरूपस्थिति-शान्तिको शहर अझै नौ कोश पारी नै रह्यो । बीचैमा शरीर छुट्ता तीन खानि र गर्भवासमा डेरा पर्नगयो । अब तिमी नै भन त ! यसमा कसको दोष ? ।।५०।।

अरू– कर्म उपासनादिबाट पञ्च विषयको आसक्ति र मन बुद्धि चित्त अहङ्कारसहित नौ कोशको अध्यास-कल्पनादि शमन हुन सक्तैनन् । यसको निम्ति उक्त जड-विकारदेखि सदा भिन्नको अपरोक्ष चेतन स्व स्वरूपको बोध-धारणासहित वैराग्य-स्थिति चाहिन्छ, अनिमात्र सर्व आसक्ति-कल्पना शमनभई निःसन्देह कल्याण हुनेछ। नौ कोश भनेका–अन्नमय प्राणमय मनोमय ज्ञानमय विज्ञानमय–यी पञ्चकोशको केही वर्णन साखी एकमा भएको थियो । अरू शब्दमय आनन्दमय प्रकाशमय आकाशमयसहित नौकोश हुन् । यिनको अरू केही विवरण तल दिइन्छ–

१, अन्नमय कोश– अन्नबाट शरीर सुरक्षित रहने हुनाले यो स्थूल शरीर अन्नमय कोश हो ।

२, प्राणमय कोश– सूक्ष्मदेह, प्राणका साथमा गमनागमन गर्ने माथिका नौ तत्त्वको संस्कार-समूह हो ।

३, मनोमय कोश– कारण देह, मन-वासनाको समूह जहाँ विलीन रहन्छन्, उही सुषुप्ति अवस्थालाई मानिएको छ ।

४, ज्ञानमय कोश–महाकारण देह, पारखज्ञानको अतिरिक्त अरू सबै प्रकारका ज्ञानयुक्त तुरीय–साक्षीदशा हो ।

५, विज्ञानमय कोश– कैवल्य देह, एक ब्रह्म व्यापकको धारणायुक्त परमहंसदशामा विचरण गर्नु ।

६, शब्दमय कोश– रोचक, भयानक, यथार्थ–सबै प्रकारका शब्द-समूह ।
७, आनन्दमय कोश– विषयानन्द, जगदानन्द घनानन्द, ब्रह्मानन्द सर्वानन्दको समूह ।
८, प्रकाशमय कोश– ज्योति-दर्शन, तेजरूपमा ब्रह्म-ईश्वरादिको उपासना गर्नु ।
९, आकाशमय कोश– आकाशलाई ब्रह्मरूप मानी, उही भावनामा तल्लिन रहनु ।

सारमा– पञ्च विषयको संस्कार र कल्पना मान्यतादि चित्त-चतुष्टयमा लीन रहेका पोका-पन्तरा नै नौ कोश हुन् । यिनलाई नाघी पार भएपछिमात्र सम्यक स्वरूपस्थिति प्राप्त हुन्छ ।

झालि परे दिन आथये , अन्तर परगइ साँझ ।
बहुत रसिक के लागते , विस्वा रहि गइ बाँझ ।।५१।।

दिन डुबे अँध्यारो भो , भित्र सन्ध्या तबै भयो ।
अति विलासमा पर्दा , वेश्या बाँझी रही छ त्यो ।।

अर्थ- झालि–जवानी ढल्की साँझ पर्‍यो, बुढ्याइँ आउँदा शक्तिरूपी सूर्य अस्ताए; अन्तःकरणमा विवेक-विचार, बर्कत पनि रहेन । जस्तो धेरै प्रेमीहरूका साथ-सहवासबाट वेश्या नारीहरू बाँझी रहन्छन्, त्यस्तै धेरै भ्रान्त गुरुजन र अनेक कल्पनाका देव-देवी ईश्वरादिका मिथ्या मान्यतामा परी जीवनमा बोध विचारको उदयसम्म पनि हुन सकेन ।।५१।।

अ– आफ्नो घर नबसी धेरै बाहिरै-बाहिर डुल्ने डुलुवाको पेट भोकै रहने नै हुन्छ । ठीक यस्तै, जीवले आफैंतिर फर्कने आफ्नै महत्त्व राम्ररी बुझ्ने गरिदिएका भए अन्त्यमा बोध-विचारबाट किन बोक्रिन पर्थ्यो ? शान्ति-स्थिति मिलिहाल्थ्यो नि !

"सो पारख के लहे ते , सब दुख तुरत मिटाय ।
अनुमानी अनुमान महँ , बहुतक गये बौराय ।।"

मन कहै कव जाइये , चित्त कहै कव जाव ।
छौ मास के हींडते , आध कोस पर गाँव ।।५२।।

मन भन्छ पुगौं कहिले , चित्त झन् व्यग्र बन्दछ ।
छः मासको हिंडाईमा , आधा कोस त ग्राम छ ।।

अर्थ— पुराणहरूबाट स्वर्ग परमधाम आदिको महिमा सुन्दा भावावेशमा मनुष्यको मन संकल्प गर्न लाग्छ – 'कहिले त्यो धामको सुख लिउँला'! चित्तले चिताउँछ–कहिले पुगौंला, शान्तिपूर्वक रहूँला। तर तिनै धामको विश्रान्ति वा ब्रह्म-प्राप्तिको कल्पनामा छौ मास– छः शास्त्रको अध्ययन-मनन गर्नलागे। सबै छाड्दै जाँदा अन्त्यमा आधाकोश–अर्धमात्रा (तुरीय अवस्था) मैं आफ्नो गाँव–स्थिति माने। उनका मान्यताको समक्ष मिश्रित एक ब्रह्मपदकै हुनाले ठीक स्थितिमा पुग्न बाँकी नै रह्यो। किनभने आफ्नो खास स्थिति त ती सबै पार गरी, सातौं भूमिका–पारखपदमा नै निर्बाध पुग्नु पर्थ्यो ।।५२।।

गृह तजि के भये उदासी , वन खण्ड तप को जाय ।
चोली थाकी मारिया , बेरई चुनि चुनि खाय ।।५३।।

घर छाडी उदासी भं , तप हेतु गए बनै ।
थाक्यो देह भयो कष्ट , खान्छन् बयर खोजदै ।।

अर्थ— बिना विवेक क्षणिक वैराग्यको आवेशमा कति मानिस घर छाडेर विरक्त बनी, तपस्या गर्न भनी बन-पहाडमा पुग्दछन्। जब तिनलाई भोकले सताउँछ, केही गर्ने हबिगत रहँदैन, अनि हाडे-बयर मयल चुत्रोहरू खोजी-खोजी खान थाल्दछन् ।।५३।।

अत– गृहस्ती छाड्नुभन्दा पूर्व सत्सङ्गद्वारा विवेक-बोधको धारणा र सदाचारबाट सम्यक प्रकार सम्पन्न हुनुपर्दछ। साधना-भ्यास परिपुष्ट नबनाई हुँदैन। अनि आफ्नो स्थिति-शान्तिमा बाधा नपर्ने, झन् वृद्धि हुने ठाउँ हेरी विवेकपूर्वक जहाँ बसेपनि कल्याणको काम सिद्ध हुन्छ। तर विवेकको कमीमा सहसा घर छाड्न र जङ्गलै जानमात्र हत्पताएर केही काम बन्दैन, उल्टो झन् बिग्रनेहुन्छ।

"ज्यों ज्यों शक्ति बढाइये , त्यों त्यों बन को जाय ।
दुखदा जीवन मारि के , तब निज घरको आय ।।"

राम नाम जिन चीह्निया , झीना पिञ्जर तासु ।
नैन न आवै नींदरी , अङ्ग न जामें माँसु ।।५४।।

रामको नाम चिन्नेको , दुब्लो देह रहन्छ नै ।
निद्रा पर्दैन आँखामा , न मासु अङ्ग लाग्छ क्यै ।।

अर्थ– (भक्त तपस्वीको मन्तव्य हुन्छ–) जसले राम्ररी रामनामको महत्त्व जानेको छ, उसको शरीर सँधै कृश रहन्छ । परमात्माको विरह र योगाभ्यासमा निरत रहँदा निद्रा-वश आँखा झिमिक्क पनि गर्दैनन् । नाममात्र भोजन गर्दा शरीरमा मासु पनि लागेको हुँदैन ।।५४।।

अङ्ग– विवेक बिना मनको तरङ्ग र वाणीको लहै-लहैमा लागेर कल्पनाका इष्ट पाउँला कि भनी परिश्रम गर्दा यस्तो हैरान हुनु पर्दछ, भनेर साध्य छैन । यदि थाल्नीमै पारखीजनको सत्सङ्ग गरी विवेकबाट काम लिएका भए किन यस्तो व्यर्थको कष्ट सही मेहनतमा परेर पनि फलबाट बोक्रिन पर्थ्यो ? अतः साधकको काम हो–परीक्षापूर्वक सत् कर्तव्यमा अघि बढ्नु ।

जो जन भीजै राम रस , विगसित कबहुँ न रूख ।
अनुभव भाव न दरशै , ते नर सुख न दूख ।।५५।।

जो राम रसमा मग्न - छन् हर्ष शोकको बिना ।
देखिन्न अनुभौ भाव , ती छन् दुःख सुखै बिना ।।

अर्थ– जो मनुष्य हृदयस्थ राम–स्व स्वरूप चेतनको पारख भावमै निमग्न छन्, ती स्वार्थको लाभ-हानिमा परी कहिल्यै हर्ष-बिस्मात गर्दैनन् । पारख-द्रष्टाको भावमा स्वानुभवयुक्त भित्रै शान्त हुनाले बाह्य भोग-पदार्थको भाव–प्रियता उनीमा देखिंदैन । यस्ता पुरुष, शरीर-यात्रामा न सुखी देखिन्छन् न दुःखी ! दुवैको द्रष्टा बनी शान्त रहेका हुन्छन् ।।५५।।

काटे आम न मौरसी , फाटे जुटै न कान ।।
गोरख पारस परसे बिना , कौने को नुकसान ।।५६।।

आँप फाटी पलाउन्न , चिरी जोरिन्न कान त ।
नछोए पारसं हानि - छ कसको त गोरख ? ।।

अर्थ– आँपको बोट काटेपछि फेरि पलाई, मौर–बौर(फूल) फुल्दैन, चिरेको कान पनि फेरि जोरिंदैन । त्यस्तै यथार्थ पारख स्वरूप चेतनको बोध र स्थितिबाट वासना-बीज नष्ट भएपछि जीवको पुनर्जन्म हुँदैन । तर हे गोरखानुगामी हो ! फलामले पारस-मणिको संस्पर्श गरेन भने कसको हानि हुन्छ ! फलामको कि पारसको ? सोह्रै आना फलामकै हानि हुन्छ । यस्तै पारखीजनको सङ्गत गरी, पारखज्ञान कसैले लिएन भने के पारखीको हानि हुन्छ र ? कदापि हुँदैन, जन-समाजकै हानि हुन्छ ।।५६।।

अरू– निर्मान– **निष्प**क्षताबाट पारखी सन्त-गुरुका साथ सत्सङ्ग गरी पारखदृष्टि आफूमा उतार्नु, यो सबैको अनिवार्य काम हो ।

पारस रूपी जीव है , लोह रूप सन्सार ।
पारस ते पारस भया , परख भया टकसार ।।५७।।

जीव हो पारसं रूप , फलाम सरि विश्व यो ।
पारस बन्छ त्यं बाट , टक्सार पारखै नहो ।।

अर्थ– जीव चेतन दिव्य पारसमणिसमान हो, संसारी मानिस फलामसमान हुन् । पारखी सन्तको सत्सङ्गबाट जन-साधारण पनि पारखी बन्दछन् । पारखीको समाज नै मनुष्यमा पारख दृष्टिरूपी अशर्फी ढालिने (प्राप्त हुने) टक्सार हो ।।५७।।

अरू– कविकुलमा प्रचलित कथा छ– पारसमणिको संस्पर्श-बाट फलाम पनि सुवर्ण हुन्छ । यहाँ चेतन जीवको संसर्गबाट जड शरीर पनि चेतनसमान सञ्चालित रहन्छ । यस्तै अनेक चेतन जीव र जड तत्त्व (पृथ्वी जल अग्नि वायु) यिनै नित्य सत्य छन् । यही

टकसार–विवेकको निष्कर्ष हो । पारखी सन्तको सत्सङ्गबाट अज्ञजन पनि पारखी बन्ने हुन्छन् ।

प्रेम पाटका चोलना , पहिर कवीरू नाच ।
पानिप दीह्नों तासु को , जो तन मन बोले साँच ।।५८।।

प्रेम-पाटाम्बरी चोली , भिरी कबीरु नाच्दछन् ।
मर्यादा उनकै हुन्छ , जो सर्व सत्य बोल्दछन् ।।

अर्थ– माधुर्यभक्तिका भक्तहरू प्रेमरूपी रेशमी चोलो लाएर नाच्तछन्-उफ्रन्छन्, रासलीला गर्दछन् । परन्तु पानिप–कान्ति-विशेषता (मर्यादा) अर्थात् विवेकीजनले उसैको आदर गर्दछन्, जो शरीरबाट सत्य आचरण गर्दछ । मनबाट सत्यकै मनन- धारणा गर्दछ । वचन पनि सत्य, हित मित बोल्दछ ।।५८।।

अरू– वास्तवमा जहाँ पनि तन मन वचनबाट सत्यको अनुसरण गर्नेकै आदर हुन्छ, काम बन्दछ । तर उपर्युक्त भक्तिको जगैमा कल्पित इष्टको भक्ति र नभएकै गुणको प्रशंसा हुनाले निर्णयबाट सरासर बालुवाको मन्दिरसमान बनिरहेछ । गुरु भन्नुहुन्छ– "झूठा कबहुँ न करि है काज" झुट्टोबाट कहिल्यै कुनै काम बन्दैन । यसैले विवेकीजनले तिनलाई आदर-योग्य भन्न नसकेका !

'हे वाणी ! तिम्रो त्यो सत्य वाणीको अनुवर्ती हामी शरीर-यन्त्रमा प्राप्त होउँ ।' [यजुर्वेद पृ. ४।१८]

दर्पण केरी गुफामें , स्वनहा पैठा धाय ।
देखि प्रतीमा आपनी , भूँकि भूँकि मरिजाय ।।५६।।

ऐनाको गृहका भित्र , श्वान दौडी सुद्‌दक गो ।
आफ्नै देखी प्रतिच्छाया , भुक्ता-भुक्तै मुतुक्क भो ।।

अर्थ– ऐनाको घरमा कुकुर दौडँदैन अपर्झट् पुगेछ । चारैतिर तल-माथि आफ्नै छाया देख्यो, 'कति कुकुर रहेछन् !' भन्ने उसलाई भ्रान्ति भयो । भय र द्वेषले भुक्नथाल्यो, भुक्ता-भुक्तै मरेछ पनि ।।५९।।

अरू– मनुष्यको अन्तःकरण ऐना-घर हो । पूर्वमा आफैंले भरिराखेका भावना-कल्पनाका रूपलाई सत्य सम्झेर यो जीव भुक्न थाल्दछ– ईश्वर-ज्योति ब्रह्मादि सिद्ध गर्नलाग्छ । अनि स्वरूपज्ञान-बाट त्यो मर्छ, टाढा पर्दछ । अथवा आफ्नै वृत्तिको स्थिरताजन्य सुखलाई विषयको सुख सम्झी, विषय-प्रवृत्तिमै व्यस्त बनिरहन्छ। यसैले प्रथम आफ्नो समझ शुद्ध बनाउनु । ठीक सत्य समझ बनाउ-नलाई विवेक– पारखकै कसी चाहिन्छ ।

ज्यों दर्पण प्रतिबिम्ब देखिये , आपु दुहुँनमा सोय ।
यह तत्त्व से वह तत्त्व है , याही से वह होय ।।६०।।

ऐनामा दृश्य जो छाया - छ दुवै बीच त्यो खुद ।
त्यो तत्त्व भो यही बाट , यसैले हुन्छ त्यो बुझ ।।

अर्थ– जस्तो ऐनामा हेर्दा आफ्नो मुखको छाया देखिन्छ, तर मुख र छाया दुवैको स्थिति स्वयं चेतनकै अस्तित्वबाट भइ-रहेछ । यही मुखरूपी बिम्ब-तत्त्वबाट त्यसको आभास हुन्छ ।।६०।।

अरू– अन्तःकरण-ऐनामा बिम्बरूप मान्यताको अनुरूप प्रतिबिम्बरूपी आभास पर्दछ-देखिन्छ । तबै शत्रु-मित्र भूत-प्रेत, ज्योति, ईश्वर-ब्रह्मको झलक हुनथाल्दछ । ती अन्तःकरणका मान्यता र कल्पना दुवैमा चेतनकै सत्ता छ । यसैले यी सबै मान्यता, कल्पना कृत्रिम हुन्, कर्ता जीव चेतन नै सत्य हो । कृत्रिमलाई पारख गरी त्यसदेखि पन्छेर स्वयं सत्य चेतनमा शान्त हुनु, साधकको परम होशियारी र मुख्य कर्तव्य हो ।

जो बन सायर मूझ ते , रसिया लाल कराय ।
अब कबीर पाँजी परे , पन्थी आवहिं जाय ।।६१।।

जो बन सिन्धु मै बाट , बनाए लाल भक्त नै ।
पन्यो कबीर गोरेटो , पन्थी आउन जान नै ।।

अर्थ– बन सायर–वाणीको समुद्र (वेदादि) जो छन्, ती मूझ ते–मैं समानका मनुष्य जीवबाट रचिएका हुन्। तिनै वाणीद्वारा

वर्णित कल्पित इष्ट-देवरूपी लालमणि अति उत्तम सम्झेर तिनलाई पाउन भनी रसिया–वाणीका रसिक-अधिष्ठान ब्रह्मा आदिले कर्म-उपासनादिको मार्ग चलाइदिए। अब कबीर–अबका जीवहरूको निम्ति उही कल्पनाको बाटो पाँजी परे–मलिई स्पष्ट मूलबाटो बन्न गएको छ। पथिकहरू आवत- जावत गरिरहेछन्– अध्यास-वश जन्मने-मर्ने भइरहेछन् ।।६१।।

अरू– संसारमा जे जति ग्रन्थ-सम्प्रदाय छन्, ती सबै मनुष्य जीवकै कृति हुन्। जीव भ्रान्ति-वश तिनैका मान्यतामा परी, कल्पनामा अल्झे। संशय-धरमरले गर्दा, सत्य चेतनबाट हजारौं कोश टाढा परिरहेछन्। अतः जहाँसम्म यी सबै कल्पनाबाट सर्वथा पृथक हुँदैनौं, त्यहाँसम्म खुद खुदा–चेतनबाट सारै टाढा परी भटकिरहनेछौं।

"आलम से जब तक न होगेनिराला।
निर्मलदास तब लौ खुदा से निराला ।।" [न्यायनामा]

मूल साखीको दोस्रो भाव हो–जवानीको मूल समुद्र–कामादि विकार, अज्ञानवशका मनुष्य जीवबाटै उत्पन्न हुन्छन्। यसैलाई विषयका रसिकजनले उत्तम मणि मानिरहेछन्। जीवनभर उसको निम्ति एक बाटो बनिरहन्छ। यही अध्यासले जीव अनादिदेखि जन्म-मरणको चक्रमा घुमिरहेछन्।

दोहरा तो नौ तन भया, पदहि न चीह्नै कोय।
जिह्न यह शब्द विवेकिया, छत्र धनी है सोय ।।६२।।

दोहराले नयाँ देह - बन्यो पद नचिन्दछन्।
यो शब्दको विवेकी जो, तो छत्रपति बन्दछन् ।।

अर्थ– दोहरा–दुइ पर्त (स्त्री-पुरुष) शरीरको परस्पर आसक्तिबाटै जीवलाई नौ तन–नयाँ शरीर लिइरहनु परेको हो। किन्तु पद–आफ्नो सर्वोत्तम पारखपद कसैले चिन्नै सकेनन्। यसैले

जीवको शरीर बन्ने काम नछुटेको हो। यो कुरासम्म पनि कसैलाई पत्तै भएन। अब यो शब्दको विवेक गरेर सबै आसक्ति हटाई, जो स्वयंमा शान्त रहन्छ, उही छत्रधनी (सम्राट्) महान् स्वतन्त्र जीवन्मुक्त हुनेछ ॥६२॥

अरू– व्यक्तिको जहाँ खुट्टो खुस्क्यो-उहीं घुस्मुन्टिई पुर्पुरो ठोक्किन पुग्दछ, असह्य कष्ट हुन्छ। यस्तै लक्ष्य जता झुक्यो, जता मोहासक्त भयो, उतै जीवको गति हुन्छ, अल्झिन्छ, कष्ट भोग्दछ। अतः कर्म-संस्कारको अनुसार जन्म-मरण भइरहने मुख्य कारण यही मैथुनासक्ति नै हो। यसैले कल्याणार्थीले पनि सर्व प्रकारको आसक्तिलाई नै उखेल्नु पर्दछ। त्यसको बाटो हो– 'समस्त आसक्तिको जरो उखेल्ने युक्ति बारम्बार विचार गर्नु। स्वरूपदेखि भिन्नका सारा प्राणी-पदार्थको प्रियता-परित्याग गर्ने विचारको अखण्डलाइन् लागोस्। द्रष्टा अभ्यासमा निरन्तर होसपूर्वक रहनु, बेहोशी कहिल्यै आउन नदिनु। सुस्त-सुस्त यो सावधानीको अभ्यास अँगाली, अगाडि बढ्नु। तत्पश्चात् हेर्नु--परिणाममा हामी आफैं सर्व विजयी बन्नेछौं।

कबीर जात पुकारिया, चढि चन्दन की डार।
बाट लगाये ना लगे, पुनि का लेत हमार ॥६३॥

कबीर मर्मने देखी, चढी चन्दन डाक्तछन्।
लगाएं मार्ग लाग्दैनन्, मेरो के हानि गर्दछन्॥

अर्थ– कबीर जात–विषयासक्ति, भ्रम-कल्पनातिर बग्ने जीवको दुःख देखी, दया-वश म चन्दन डार–चेतनको पारख स्थिति-बाट बोलाउँछु, आफ्नै स्थिति अँगाल्ने चेतावनी दिन्छु। यसरी सुख शान्तिको बाटो, विवेक-साधनामा लगाउँदा पनि लाग्दैनन्, मान्दैनन् भने यिनले हाम्रो के लिन्छन्! अर्थात् मेरो केही हानि हुँदैन, यी आफैं दुःख पाउँछन् ॥६३॥

अरू– पारखीसन्तले जीवको उद्धार होस्, दुःख छुटोस् भनी विवेकको सत्यमार्ग बताउँदा पनि भोगासक्त र भ्रान्ति-ग्रस्त जीव टेर लाउँदैनन् भने नलगाउन्; यसबाट पारखीको के हानि ! तिनैको अमूल्य जीवन र शान्ति-स्थितिमात्र विनष्ट हुनेछ, आसक्ति र कल्पनाजन्य भयंकर सास्ती शासनामा पर्नेछन् ।

"तजि विवेक अविवेकको करना मनकी भूँख सो दुर्गुण है ।"

अर्थात् गुरु-विवेकको बाटो छाडी, कुबाटो (बिना विवेक)का काममा प्रवृत्त हुनु, यही मनको भोक हो, यही दुर्गुण हो ।

सब ते साँचा भला , जो साँचा दिल होय ।
साँच विना सुख नाहिं ना , कोटि करे जो कोय ॥६४॥

सबै भन्दा भलो सत्य , जो सच्चा दिल पूर्णछन् ।
बिना सत्य सुखै छैन , कोटी यत्न गरुन्न झन् ॥

अर्थ– संसारमा सर्वोत्तम 'सत्य◆ नै हो, यो सत्यलाई साँच्चिकै दिलबाट पालन गर्नाले महान् सुखी भइहालिन्छ । अतएव मन कर्म वचनबाट सत्यको बोध र सत्यको धारण नगरी अरू करोडौं उपाय गरेपनि यथार्थ सुख शान्ति प्राप्त हुनसक्तैन ॥६४॥

अरू–विश्वमा सत्य वस्तु दुइ छन्–जड चार तत्त्व र अगणित चेतन जीव । यिनमा जडको स्वभावबाट जड-सृष्टिको प्रवाहधारा चलिरहेछ, यिनको भेद जस्ताको तस्तो जान्नु । पुनः चेतन अनन्त अनादि शाश्वत छन् । तिनको खास स्वरूपमा दुःख-सुखादि विकार केही छैन । केवल भूल-मान्यता-वश देहको सम्बन्धमा दुःख-सुखादि हुने हो। सत साधना र स्वरूपबोध-स्थितिबाट वासना-कल्पना शमन हुनासाथ स्वयं स्वरूपमा शान्त स्थिर भई मुक्त होइन्छ, यो कुरा पनि विवेकबाट ठीक-ठीक सम्झनु ।

◆ Truth is precious and divine–
Too rich a pearl for carnal swine.
–Samuel Butler.

सत्य अनमोल र ईश्वरीय हो, देहवादी सुँगुरको लागि अत्यन्त कीमती मोती हो ।

पुरुष प्रकृति दोटै, अनादि भनि भन्दछन् ।
विकार र गुणहरू, प्रकृतिबाट बन्दछन् ॥
चराचर सबै वस्तु, जो उब्जन्छ थरी थरी ।
त्यो जान पार्थ क्षेत्रज्ञ - क्षेत्र संयोगले गरी ॥
[गी. अ. १३।३९-२६]

साँचा सौदा कीजिये, अपने मन में जानि ।
साँचे हीरा पाइये, झूठे मूलहु हानि ॥६५॥

सौदा त सत्य कै गर्नु, स्वयं भित्र बिचार ली ।
मिल्दछ सत्यले हीरा, झुट्टाले गुम्छ रास नि! ॥

अर्थ– बुद्धिमान्‌जनले आफ्नै मनमा जानी-बुझी सच्चा व्यापारी सद्‌गुरुदेवका साथ सत्सङ्ग गरी, सत्य (पारख-चेतनकै) (माल) किन्नु ।■ त्यो किन्नलाई, ती ज्ञानी पसलेका छेउ सच्चा ग्राहक (विनम्र मुमुक्षु) बनी निश्छलता र प्रियतापूर्वक बस्नुपर्दछ । अनि साँचो चेतनस्वरूप हीरा र अर्को सदाचार पालनरूपी रत्न पाइनेछ । झुट्टा भ्रान्त गुरुजनका सङ्गती र सच्चा पारखी गुरुका निकट गएपनि छद्म-मतिका जनको उल्टै मूल चेतन स्वरूपको र अमूल्य नर-जीवनको मात्र हानि हुनेछ ॥६५॥

सुकृत बचन माने नहीं, आपु न करे विचार ।
कहहि कबीर पुकारि के, सपनेहु गया संसार ॥६६॥

सत्य शिक्षा लिंदै लिन्नन्, न तो बिचार गर्दछन् ।
भन्छन् कबीर सुस्पष्ट, स्वप्न झैं जग मर्दछन् ॥

अर्थ– सन्त पारखीका पुण्य-स्वरूप निर्णय वचन कोही मान्दैनन्, यता आफू पनि विवेक गर्दैनन् । गुरु कबीर स्पष्ट भन्नु

■ Truth is as impossible to be soiled by any outward touch as the sunbeam.

–Milton.

(किनभने–) बाहिरी जुनसुकै स्पर्शले पनि सत्यलाई दूषित गराउन उत्तिकै कठिन छ, जत्तिको सूर्य किरणलाई ।

हुन्छ–संसारका सारा प्राणी स्वप्नसमान यहाँ झुलुक्क झुल्के, पुलुक्क देखा परे, आखिर एक दिन हुरुक्क भए भुतुक्क मरे-गए ।।६६।।

अरू– यथार्थमा स्वयं सुखी-शान्त हुने सर्वोत्तम उपाय–सत्य चेतन स्वरूपको बोध र शुभाचरण पालनगर्नु नै हो । यस्तो महान् भाग्यशाली हुने काममा संसारी जीव न आफैं विचार गरी लाग्न सक्तछन्, न त सन्त-पारखीका कुरै खान्छन् । खालि पेट र प्रजननकै कर्ममा जीवनभर अल्मलिई, कृमि-कीटादिसमान जन्मे-मरे; यसैगरी सारा जीव बरबाद भइरहेछन् । अब आज मानव जीवन पाइकन पनि यदि कल्याणको साधना भएन भने तिनको जीवन स्वप्नसमान बनी बिलाउने हुँदै हो । अतः सावधान ! अब सच्चा साधक वा ज्ञानीको चाल तल साखीबाट बताउनु हुन्छ–

आगि जो लागि समुद्र में , धुवाँ न परगट होय ।
की जाने जो जरि मुवा , की जाकी लाई होय ।।६७।।

डँढेलो सिंधुमा लाग्यो , धुवां निस्कन्न गुप्त छ ।
जान्लान् डढेर मर्नेले , कि झोस्नेले त बुझ्दछ ।।

अर्थ– मुमुक्षुको अन्तःकरण-सिन्धुमा जब ज्ञानको आगो लाग्दछ, तब त्यसको धूवाँ–दम्भ र अहङ्कार बाहिर निस्कँदैन । यसैले उनको भित्री दशा देख्न जो कोहीले सक्तैनन् । यस्ता ज्ञानीलाई कि त 'म र मेरो पना' जलाई संसारबाट मरेका ज्ञानीले जान्दछन्, कि भने त्यो आगो लगाइदिने सद्गुरुले जानेका हुन्छन् ।।६७।।

अरू– खान-पानादि क्रिया देखेर र बाह्य ज्ञानको चर्चा सुनेकै भरले मात्र बोधनिष्ठ पुरुषको ठीक-ठीक परिचय पाउन सकिन्न । छद्म-ज्ञानीको देखाउ अधिक साधना र अधिक कथन पनि हुन सक्तछ, सच्चा ज्ञानीले पनि शरीर व्यवहार लिएकै हुन्छन् । तिनका कथनमा कमी पनि हुन सम्भव छ । उनी बाहिरी देखाउ

ज्ञानको प्रदर्शन गराई हिंड्दैनन् । यस्ता जनको परिचय त मनको गति चिन्नेले मात्र थाहा पाउँछन् । तिनको भोगासक्ति, काम क्रोधादि विकार र जडाध्यास कल्पना आदि सर्वथा समाप्त भएका हुन्छन् । शरीरको र प्राणी-पदार्थादिको अहङ्कार-ममता विलीन भइसकेका हुनाले उनी मृत्युभन्दा पहिल्यै शरीरबाट मरिसकेका हुन्छन् । ज्ञानी-लाई चिन्न समय लाग्दछ, यसैले सहसा कहीं नरिझिनु-नअल्झिनु ।

'कसे कनक मणि पारखि पाये । पुरुष परखिये समय सुहाये ।।'
[रामायण]

कसी लगाएर सुनको, जौहरीद्वारा मणिको पारख हुन्छ । यस्तै मनुष्यको स्वभाव राम्रो चिन्न समय-मौकामै सकिन्छ, हत्त-पत्त सकिन्न । अतएव उनको ज्ञान-सौदा लिन र उनमा अन्तःकरण समर्पण गर्न खूब परीक्षाका साथ होश पुऱ्याउनु पर्दछ ।

लाई लावनहार की, जा की लाई पर जरे ।
वलिहारी लावनहार की, छप्पर बाँचे घर जरे ।।६८।।

ल्याउने जनले ल्याए, ल्याउँदा पङ्ख नै जल्यो ।
धन्य ती ल्याउने लाई, बच्यो छानो घरै बल्यो ।।

अर्थ– यो ज्ञानाग्नि कसले ल्याए ? सद्गुरुले । जसले ल्याई लगा-इदिंदा मुमुक्षुको खानी-वाणीजन्य आसक्तिरूपी पखेंटा नै डडे, यस्ता सद्गुरुदेवलाई धन्यवाद छ । यो ज्ञानाग्नि लागेपछि छप्पर(छाप्रो) त बच्तछ, तर घर डड्दछ । अर्थात् छ पर–पाँच विषय र छैटौं मनदेखि परको चेतन स्वरूप बच्तछ, मुक्ति-स्थितिमा शान्त हुन्छ; वासना- कल्पनारूपी घर (परिधान) भने डड्दछ- भस्म हुन्छ ।।६८।।

अरू– 'अर्काका घरमा आगो झोसिदिनेलाई पनि धन्यवाद छ ! किन यस्तालाई त सजाय पो दिनुपर्ने ! होइन, यो आगो बेग्लै हो, यो त ज्ञानको आगो पो त ! यसैले सारा अज्ञानलाई जलाई, जीवको झन्झट र बन्धन सम्पूर्ण सफाई गराइदिन्छ । किसा-

नहरू पनि खेतको सफाई गर्न, पात पतिगर, जरा-मुरा जम्मागरी आगो लगाई, खेत शुद्ध बनाउँछन् । यस्तै जीवलाई अल्झाई-बाँधी घिच्याई तिन खानिमा पुऱ्याउने, दुःख दिने आसक्ति अहङ्कार खानी वाणीरूपी डोरी जुइना लखाकी क्यास-कुसमा गुरु-सन्तबाट ज्ञानको आगो झोसी, साफ गरिदिनुभयो । आज यही वर्तमान-जीवनमा मन-कल्पनाबाट जीव स्वतन्त्र छुट्टा शान्त र निर्मल बन्न-पायो । यस्ता उपकारी देवलाई धन्यवादमात्र होइन, आफ्नो शिरच्छेदन गरी समर्पण गरेपनि बदला तिर्न सकिंदैन ।

'यहि उपकार सरिस जग माहीं । करि बिचार देखा कछु नाहीं ।।'
'प्रति उपकार करब का तोरा । सनमुख ह्वै न सकत मन मेरा ।।'
[रामायण]

हनुमानले सीताजीको समाचार ल्याई सुनाउँदा, श्रीरामचन्द्र खुशिभई भन्नु हुन्छ– 'मैले विचार गरी हेरें, यो उपकारसमान अरू कुनै हुन सक्तैन । यसको बदला म कसरी तिरौं ? तिर्ने कुरा नपा-उँदा म लज्जित छु ।'

केवल पत्नीको खबर ल्याई सुनाउने सेवकको त श्रीराम जस्ता महापुरुष, यस्तो कृतज्ञता ज्ञापन गर्नुहुन्छ भने जन्म-जन्मको कठिन फाँसीबाट बचाइदिने उपकारी सन्त गुरुदेवको भाराबाट कसरी उऋण हुने ?

बुन्द जो परा समुद्र में , सो जानत सब कोय ।
समुद्र समाना बुन्द में , सो जाने बिरला कोय ।।६६।।

थोपा समुद्रमा पर्दा , सबैले स्पष्ट जान्दछन् ।
समुद्र बिन्दुमा मिल्दा , विरलै भेद पाउँछन् ।।

अर्थ– पानीका थोपा-थोपा जम्माभई समुद्रमा परे, मिसिएको सबैले जानेका हुन्छन् ; तर समुद्रको पानी सूर्य-वायुद्वारा आकर्षित

भई, माथि थोपा बन्नपुगेको◈ बिरलै विज्ञजनले मात्र जान्दछन् । अथवा थोपासमानका जीव ब्रह्म-समुद्रमा मिल्दछन् भन्ने कुरा त धेरैले सुनेका छन्, तर ब्रह्मरूपी कल्पना, जीवका मनमा भरिएको हो भन्ने बुझी, जीवकै विवेकमा उक्त ब्रह्म-कल्पनालाई शम गराई स्थिर हुन बिरलै पारखीले मात्र जानेका हुन्छन् ।।६९।।

अरू– समुद्रसमानको ब्रह्म हो भन्ने जीवकै एक कल्पना-मात्र हो । समस्त भ्रम-कल्पनाको समुद्रलाई शमन गरी, पारखीजन शुद्ध जीव चेतनकै ज्ञानमा अस्तित्वरूपबाट सदा अवस्थित हुन्छन् । "ब्रह्म-समुद्रमा निमग्न हुन तम्सिनेजति ब्रह्म-चक्रमै घुमाइन्छन्, घुमिरहन्छन् ।"

अस्मिन् हँसो भ्राम्यते ब्रह्मचक्रे ।। [श्वेताश्वतर उ.१।६]

जहर जिमी दै रोपिया , अमी सींचे सौ वार ।
कबीर खलक ना तजै , जामें जौन विचार ।।७०।।

घतिमा विष रोपेर , सिच्नु सुधा सयौं दिन ।
दुष्टता जीव छाड्दैन , ढिपी लो थाल्छ खींचन ।।

अर्थ– खेतमा विषको बोट रोपेर सयौंबार अमृतले सिचेपनि त्यो विषको विष रही, फलपनि विषकै फल्दछ । यस्तै मानिसले आसक्ति-अहंकार, कल्पना-भ्रान्तिको निश्चय प्रथम हृदयमा बनाई राखेको छ भने त्यो पनि त्यस्तै हो । गुरु भन्नुहुन्छ–अब उसलाई अमृतमय स्वरूपबोध-स्थितिको उपाय सयौं बार सम्झाए पनि आफ्नो आसक्ति-भ्रान्तिको मान्यता छाड्न सक्तैन ।।७०।।

अरू– मुमुक्षुको कर्तव्य हो–अन्ध-विश्वासबाट कुनै सिद्धान्त पक्री आफूलाई निहाल नसम्झनु । विवेकको कसीले जाँची-बुझी,

◈ मरुतले वृष्टि गरेका थिए । बादलको सञ्चालन र जल समुद्रमा गिराउने मरुत हुन् । [ऋग्वेद १।४।१६]

जल-कणलाई आकर्षण गर्ने सूर्य हुन् । [ऋग्वेद १।५।२२]

मरुतले आफ्नै शक्तिबाट भूमिस्थित जललाई माथितिर प्रेरित गरे । दृढ मेघ समूह-लाई भेदन गरेर शब्दवान् भए । [ऋग्वेद १।१४।८५।३×१०]

सत्य ठहरेका कुरामात्र ग्रहण गर्नु । सत्य सिद्धान्तको बोध भएपछि भने भ्रम-कल्पनाका सिद्धान्त, ग्रन्थ गुरु र वरिष्ठ व्यक्तिका मोह-ममता, लोभमा परिंदैन, चाँडै नै छुटिहालिन्छ। यता सत्य-सिद्धान्त-सत्याचरणमा लगन, निश्चय, प्रेम-पुरुषार्थ बढ्दछ, ती गुण आफूमा उत्रन्छन् ।

धौंकी डाही लाकडी , वो भी करे पुकार ।
अव जो जाय लोहार घर , डाहै दूजी बार ।।७१।।

पोलेको कष्टमा काठ , चिच्याई रुन्छ बेसरी ।
फेरि कौ का घरै पुग्दा , पुनः पोल्छ यसै गरी ।।

अर्थ– धौंकी–गोल पोल्ने खाडलमा परी पोलिएको मूढो गोल बनेर रुन्छ, कराउँदै भन्दछ– यदि अब फेरि कौ-कामीका घरमा पुग्नपऱ्यो भने दोस्रो पटक पनि मलाई जलाउनेछ ।।७१।।

अरू– तात्पर्य हो– सद्गुरुका समक्ष साधक विनम्र विनय गर्दछ– म बार-बार गर्भाग्नि, तीन तापमा पिल्सिदै-पाक्तै आएको हुँ; दुःखी छु । हे गुरुदेव! अब यो दुःखबाट दासलाई बचाई बक्सियोस् । अन्यथा विषयी-भ्रामक नर-नारी र आसक्ति अहङ्कार काम क्रोधादिरूप कामीको फन्दामा फेरि पनि पर्नपऱ्यो भने पुनः उही गर्भाग्नि तीन तापमा पिल्सिन पुग्नुपर्नेछ । त्राहि माम् !

बिरह की ओदी लाकडी , सपचै औ धुँधुवाय ।
दुखते तवहीं वाँचिहो , जब सकलो जरि जाय ।।७२।।

विरही दाउरा कांचो , धुवाँई मात्र पच्तछ ।
कष्टबाट बचौला नि , सम्पूर्ण जब बल्दछ ।।

अर्थ– काँचो भिजेको दाउरा, धुँवाई-धुँवाई 'चीं-चीं स्वाँइ-स्वाँइ' शब्द भइरहन्छ; हर्हरी बल्दैन । त्यस्तै विषय वा कल्पनाको विरहले भिजेका मानिस भित्र-भित्रै पीरले सल्कन्छन्, सत्य-न्यायको कल्याणपद पाउन सक्तैनन् । हे मुमुक्षुजन ! दुःखबाट तबै तिमी

बाँचौला, जब द्रष्टादेखि पृथक् सम्पूर्ण दृश्य-वासना, आसक्ति-कल्पना जली भस्म हुनेछन् ।।७२।।

अर्थ– जो परमार्थमा प्रवेश भएर पनि विषय-वासना र अनेक कल्पनामा भित्र-भित्रै उसिन्नी पोलिइरहन्छन्, तिनको पनि तब कल्याण हुनेछ, जब सबैतिरबाट फर्की वैराग्य-साधनामा अथक पुरुषार्थी बन्नेछन् ।

विरह वाण जेहि लागिया , औषध लगे न ताहि ।
सुसुकि-सुसुकि मरि-मरि जिवै , उठे कराहि-कराहि ।।७३।।

विरह बाण लागेका – लाई लाग्दैन भेषज ।
मूर्च्छित भै रुनै लाग्छ , उठ्छ चिच्चाउँदै अझ ।।

अर्थ– भोगासक्ति र कल्पित इष्टका विरह-बाण जसलाई लागेको छ, उसलाई पारख निर्णयरूपी औषधीले पनि छुँदैन। ऊ छिन-छिनमा आफ्ना प्रिय इष्टलाई सम्झी-सम्झी रुन्छ, मूर्छा पर्दछ, जाग्छ-उठ्छ। यसै गरी बार-बार 'ओ हो ! हाय !! लौन !!!' इत्यादि भन्दै सुस्केराहाल्दै व्याकुल हुन्छ ।।७३।।

साँचा शब्द कवीरका , हृदया देखु विचार ।
चित्तहु दै समझै नहीं , मोहिं कहत भयल युग चार ।।७४।।

सत्य शब्द कबीरै का , दिल हेरी विचार यो ।
लक्ष्य दी सम्झने छैनन् , भन्दा चार युगै गयो ।।

अर्थ– गुरु कबीरका यथार्थ सत्य शब्दले जड-चेतनको निर्णय गराई, भ्रम अज्ञान शमन गरी, सद्गुण-ग्रहण र स्वरूप स्थिति गराउँछ। आफ्नै हृदयमा विचार गरी हेर ! तर मानिस चित्त लगाएर सम्झने मन गर्दैनन् । 'मलाई, मेरो' भन्दा-भन्दै अनेकानेक मोह-ममतामा यिनको चारयुग बितिसके । जीवलाई सम्झाउँदा सन्त महात्माको चारयुग बिते अथवा मेरा चारपनरूप चार युग बितिसके' किंवा बाह्र वर्षको युग प्रमाणबाट अठचालीस वर्ष बिते, तैपनि चित्त दृढ-गरी बुझिदिने मानिस कम-कम भेटिन्छन् ।

संसारमा सत्य स्वरूपसम्म पुग्ने कमैछन्, अधिकरूपमा बाहिरै-बाहिर अल्झनेमात्र पाइन्छन् ।।७४।।

अरु– कबीर साहेबबाट पारखज्ञान शिक्षा गर्न लाग्नुभएको यस बखत अठचालीस वर्ष भन्दा बढी भइसकेको रहेछ भन्ने यी वचनबाट ध्वनित हुन्छ ।

जो तू साँचा वाणियाँ , साँचो हाट लगाव ।
अन्दर झारू देइ के , कूरा दूरि वहाव ।।७५।।

व्यापारी जो तिमी साँचा – छौ लाउ हाट सत्यको ।
भित्र झारी बडारेर , फाल घुरान नित्यको ।।

अर्थ– यदि तिमी साँच्चीकै व्यापारी ह्वौ भने साँच्चीको ज्ञान जड-चेतन निर्णय र हंस-गुणका सौदाको सत्सङ्गरूपी बजार लगाउ-पसल थाप । विवेक र सुबुद्धिरूपी कुचोले अन्तःकरण स्वच्छ बनाउ◈ बडारी, आसक्ति-कल्पना, काम-क्रोधादिको कसिंगर निकालेर टाढा लगी फाल ।।७५।।

अरु– मनमा पाप-दुर्गुण राग-द्वेषादि रहेसम्म जे जति पूजा-पाठ, तीर्थ साधना, ध्यान समाधि गरेपनि व्यक्तिको सुधार–शान्ति र निश्चिन्त-चित्त हुनसक्तैन । सत्यको पालन र मनको निर्मलता नै परमार्थको सर्वस्व हो । किनभने खारिएको व्यक्तित्व नै जीवनको बहुमूल्य निधि हुन्छ ।

कोठी तो है काठकी , ढिग–ढिग दीन्हीं आग ।
पण्डित जरि झोली भए , साकट उबरे भाग ।।७६।।

कोठी थियो त काठको , अग्नि बीच-बिचै दिए ।
विज्ञ जली भए भस्म , अज्ञ भागेर नै बचे ।।

अर्थ– काठको कोठी अर्थात् यो जड तत्त्वको क्षणभङ्गुर मानव-शरीरमा ठाउँ-ठाउँ इन्द्रियप्रति विषयाग्नि-कल्पना लागि-

◈ "स्फटिकको स्थम्भ स्वच्छ, सेतो र सिधा भएझैं मानिसको स्वभावमा सिधापन र तन मन एवं हृदयको सफाई भए त्यो व्यक्ति योग्य हुन्छ ।"

रहेछ । रौं-रौंमा विषयासक्ति भरिएको छ । ठूला-ठूला विद्वान् कथा-वाचक विज्ञानी तथा अज्ञानी सबै यही विषयाग्निमै जलेर खरानी बने । बिना विवेक यिनका बुद्धि विद्या कला कौशल चतुऱ्याईं त ऋन् भोग-भोग्ने साधनमात्र बन्नगए । कोही एकाध साकट–अभक्त-जनमात्र त्यहाँबाट भागी, विवेकीजनका शरणमा पुगेर निर्मानता-पूर्वक सत्सङ्ग गरी बाँचे ।।७६।।

अरू– उपनिषद्‌मा पनि यही मिलान एक प्रसङ्ग छ– " जो भोगासक्त साधरण मनुष्य छन्, ती अविद्या अर्थात् भोगका साधन-रूप कर्ममा निरत रहन्छन्, फलस्वरूप अज्ञानरूपी अन्धकारमा प्रवेश गर्छन् । जो ज्ञान-विज्ञान प्राप्त गरीकन पनि भित्री भोगासक्ति वश उचित कर्तव्य कर्म छाडी, खालि ज्ञानको अभिमानमा निरत रहन्छन् भने ती अज्ञानी भन्दापनि अधिक अन्धकारमा पुग्दछन् । नाना नरक यातना, निकृष्ट योनि, अज्ञान दुःख क्लेशरूप महान् अन्धकारबाट ढाकिने छन्... ।" (बृहदा. उ. अं. ४ ब्रा. ४।१०-१५)

सावन केरा सेहरा , बुन्द परा असमान ।
सारी दुनियाँ वैष्णव भई , गुरु नहिं लागा कान ।।७७।।

साउनको घटाटोप , आकाशबाट वृष्टि भो ।
बने वैष्णव संसार , लागेनन् गुरु कान जो ।।

अर्थ– साउन महीनामा आकाशबाट सेहरा–पानीको ऋम्-ऋम् महाऋरी बर्सन्छ । यस्तै संसारमा जमातका जमात गुरुजन-बाट मन्त्र-दीक्षा शिक्षाको अति वृष्टिभइरहेछ । त्यहाँ आ-आफ्ना रुचि अनुसार धेरै मानिस भक्त त बने, तर विवेकी सच्चा गुरुको सत्य उपदेश यिनका कानमा पर्न पाएन, उल्टै भ्रान्तिको भड्खारो र कष्टको कारणमात्र बन्न गयो ।।७७।।

अरू– 'गुरु चुन्नु बाडियासमान । जसले जन्म-जन्मान्तरको आसक्ति-कल्पना, भ्रान्तिरूपी खीयालाई सत्सङ्ग- शिक्षाद्वारा घोटी पलभरमा निर्मल शान्त बनाइदिनेछन्' ।

ढिग बूडा उतरा नहीं , याहि अँदेशा मोहि ।
सलिल मोहकी धार में , क्या नींदरि आई तोहि ॥७८॥

डुबे निकट उत्रेनन् , अति चिन्तित छू म त ।
मोहको जल- बाढीमा , कस्तो निद्रा परेछ त ॥

अर्थ– कल्याणको सारै निकट, मनुष्य शरीरमा आइसकेर पनि जीव खानी-वाणीका खाडलमा डुब्यो, पारखरूपी पाखा लाग्न सकेन । अथवा जीव, निकटको अन्तःकरणकै वासना–संशयरूपी समुद्रमा डुब्यो, त्यहाँबाट उत्रनै सकेन । म यही अन्देशा–सोचमा छु, यस्तो चीसो पानीरूप मोहको बाढीमा पनि तिमीलाई कस्तो निन्द्रा आएको ? ॥७८॥

अरू– चौरासीको सबैघाट पार हुँदै मुक्तिको अत्यन्त निकट मनुष्य शरीरमा आएर पनि प्रपञ्चमै भुलिरहने वा भक्त-साधु भइसकेका जीव पनि फेरि चिप्ली प्रपञ्च–खानी-वाणीमा अल्झनेभए भने अपसोसकै कुरा त भयो !

साखी कहै गहै नहीं , चाल चली नहिं जाय ।
सलिल धार नदिया वहै , पाँव कहाँ ठहराय ॥७९॥

साखी पढ्छन् लिने ह्वँनन् , चल्दैनन् शुभ चालमा ।
उर्लंदो जल-बाढीमा , अड्थे के पाउ छालमा ॥

अर्थ– मानिस आफ्नो साक्षीपनाको चर्चा वा साखी-श्लोक गाउँछन्, तर त्यहाँका बोध-आचरण भने धारण गर्न सक्तैनन् । मनोविकार–काम-वासना र कल्पित वाणीरूपी पानीको बाढी बगिरहेछ । यस्तोमा सामान्य मनुष्यको निर्बल (विवेक र धैर्य रूपी) फितला गोडा कसोगरी अडियुन् ! ॥७९॥

अरू– काम-क्रोधादिको उर्लंदो वेग, आसक्ति-वासनाको बृहत् बाढी, वाणी-कल्पनाका गम्भीर भुमरी-भङ्गालामा अधूरो-अविवेक-ग्रस्त जीवका धैर्यका गोडा अड्न अति कठिनको कुरा हो । यसैले साधकको कर्तव्य हो– वैराग्यको बल, विवेकको लट्ठीलिई, अटल

धैर्य र प्रबल साहसको सामल बोक्नुपर्दछ । यति साजबाज साथ भयो भने वासनाको बग्दो भेलबाट सहजमै पार लागिनेछ ।

धीरज साहस जोर बढावै, छाडि अधीर नदान ।
यहि धारण बिन काम न पूरा, कोटिन यतनि करान ।।भ.।।

कहन्ता तो वहुते मिला , गहन्ता मिला न कोय ।
सो कहन्ता बहि जान दे , जो न गहन्ता होय ।।८०।।

उपदेशी मिले सस्तै , मिलेनन् योग्य धारक ।
तो कहन्ता बगुन् छाड् , धारणा शून्य तारक ।।

अर्थ– ज्ञान-कथा कथ्ने, कथक्कड व्यक्ति त मनग्यै मिन्दछन्, तर त्यै भावमा गम्मभएर आचरणमा अघिबढ्ने, अधिक सज्जन कम-कम मिले । अतः जो ज्ञानको सम्यक् आचरण गर्दैनन्, त्यस्ता वाचकज्ञानी लाई वाणी-विषयकै वेगमा बग्नदेउ ।।८०।।

अरू– जड-चेतन निर्णयको ज्ञानमा स्थिर भई, हंसका सद्गुण-आचरणसम्पन रहने निर्मान विरक्त सन्तको सदा सत्सङ्ग गर्नु, शरण पक्रनु । मुखका ज्ञानीको वाक-पञ्जाबाट बच्नु ।

"विरक्त निर्णयी सन्त , आचार शील का पद ।
पस्र पक्र सदाधार , छाडी सम्पूर्णको मद ।
आफ्नो शिक्षाति आफैंले , नथाप्ने कान त्यो कन ।
के मान्छे भन्नु सिङ पुच्छ , बिना चौपदि सम्झन ।।"

(1) When Thale was asked what was. difficult, he said to know oneself and what was easy . "To advise another".
(2) Nothing is given so profusely as advice—(Roche Foucald).
(3) "Make it thy business to know thyself, which is the most difficult lesson in the world."

–Cervantes : (Don Quisote)

(१) सब भन्दा गाह्रो के हो भनी यूनानी दार्शनिक थेल सङ्ग-सोद्धा, उनले भने– "आफूलाई चिन्नु" । सब भन्दा सजिलो के हो त ! भन्दा 'अर्कालाई उपदेश दिनु' ।

(२) अति उपदेश जस्तो प्रशस्त मात्रामा अरू केही दिइँदैन ।
(३) "आफूलाई चिन्ने मुख्य व्यवसाय बनाउ, जुन संसारमा सबभन्दा ग्राह्रो पाठ हो ।"

एक एक निरुवारिये, जो निरुवारी जाय ।
दोय मुखका वोलना, घना तमाचा खाय ।८१।।

विवेक एक एकको - गर्नु निस्लन्छ सार जो ।
दुइ जिब्रे कुरा बोल्ने, चड्कना खान्छ घोरको ।।

अर्थ– सत्सङ्गमा बसी प्रत्येक विषयको क्रमशः निर्णय गर, त्याग्न योग्यलाई त्याग, ग्रहण गर्न योग्यजति ग्रहण गर्दैजाउ। जसले परस्पर विरोधी दुइजिब्रे–दो धारे कुरा गर्दछ, त्यस्ताले जन्म गर्भवासादिको दुःखरूपी घना तमाचा–अति तीव्र आँच, र तीन तापको लबटो–चड्कन पाउनेछ ।।८१।।

अरू– आचार-पक्षमा जुन-जुन आचरण निषेधात्मक त्याज्य छन् तिनलाई व्यङ्ग्ययुक्तिबाट विपरीत अर्थ गरी, विधि भनी ग्रहण गर्ने र स्वयं सिद्ध बनी, विधि पक्षलाई पालन नगर्ने, यी हुन् आसक्तिका विवश दुइमुखे ।

दोस्रो–'कहिले जीवलाई कर्म गर्नमा स्वतन्त्र छ, जस्तो कर्मबीज रोप्तछ, उस्तै फल भोग गर्दछ भनी प्रतिपादन गर्नु; कहीं भित्रबाट प्रेरणा गर्ने अर्कै भगवान् छ, जीवले गरेर के हुनसक्तछ ? भन्नु; कहीं खास यो चेतन जीव नै अविनाशी ईश्वर' ब्रह्म हो भन्ने समर्थन गर्नु; कहीं जीवलाई आभास भन्नु; कहीं द्वैत छ भन्नु, कहीं अद्वैत । कहीं बन्धन-मुक्ति यी सबै मिथ्या हुन् भन्नु; कहीं आफ्नो मान्यता र मुक्तिलाई अरू भन्दा उत्तम भनी झगडा गर्नु; कहीं मुक्तिमा परात्पर ब्रह्म बनिन्छ भनी प्रलोभन देखाउनु; कहीं जगतै ब्रह्मरूप हो अहिले यसै मुक्त छौ, बन्धन छँदैछैन; आफूलाई बन्धनमा सम्झनु नै भ्रम हो, भन्दै गर्नु; पुनः द्वैत बनेर उपदेश गर्नु,

भोगमा प्रवृत्त हुनु; ईश्वर, ब्रह्मादिलाई अनीह, अक्रिय, निराकार, मन-वाणी परे, अनिर्वचनीय, अव्याख्येय नेति-नेति–इत्यादि पनि भन्नु; उनैलाई जगत्-कर्ता, जगत्को निमित्तोपादान कारण पनि बताउनु; दर्शन गर्न, पाउन खोज्नु यही हो–दुइजिब्रेपना। तर यस विषयमा वरिष्ठ विद्वान्हरूको भनाई छ– "आजको वैज्ञानिक युगमा कुनै वस्तु अव्याख्येय र अनिर्वचनीय हुनै सक्तैन"। अतएव विद्वद्वाक्य प्रति पनि विवेक गर्न अति आवश्यक छ।

यी सबै संशय-ग्रस्त दुइजिब्रे कुरा र कर्तव्यले बार-बार जन्म-मरणको चक्रमा भ्रमाइरहेछ। यसकारण सच्चा पारखी सन्तको नै सत्सङ्ग गरौं, विवेकबाट कामलिउँ, सत्यलाई सम्झौं सत्य बोध र सत्य आचरणलाई अँगालौं। बीजककै वचनमा पनि गुरुमुखका विवेकयुक्त वाणीमात्र ग्रहण गर्न, स्वयं बताउनुहुन्छ।

जिभ्या केरे बन्द दे, बहु बोलन निरुवार।
पारखी से सङ्ग करु, गुरुमुख शब्द विचार ।।८२।।

जिह्वा संयममा राख, धेरै कुरा नबोलन।
पारखीको गरी साथ, सार शब्द विचारन ।।

अर्थ– आफ्नो जिब्रो-संयममा राख। धेरै वाकविलासे बानी छाड।◆ विवेकी सन्त, भक्तहरूका साथ सत्सङ्ग गर। गुरु-मुख-सार वचनकै मनन गर ।।८२।।

◆ If you your lips would keep from slips
Five things observe with Care;
Of what you speak, to whom you speak,
And how, and when, and where.

–W.E. NORRIS.

तिम्रो ओठ त्रुटिबाट बचाउने मन छ भने सावधानीपूर्वक पाँच कुरामा ध्यानदेउ–
१– कुन विषयमा बोल्नु छ? २– को-कस्तासित! ३– कसरी? ४– कहिले
५– कहाँ बोल्नु छ!

अरू– 'परखाये प्रभु एक को, जामें चार प्रकार ।
काल सन्धि झाँई लखी , लखी शब्द मतसार ।।'
[पं. रमैनी सा. १०]

काल सन्धि, झाइँ र सार– यी क्रमशः जीवमुख, मायामुख, ब्रह्ममुख र गुरुमुखका शब्द हुन् । तिनमा माथिका तीन मुखका शब्दको परीक्षा गरी असारजति छाड । चौथा गुरुमुख वाणी-सार शब्दलाई विचारपूर्वक ग्रहण गर । तर पारखी सन्तको सत्सङ्ग-बाट मात्र यो काम सहज पर्नेछ ।

जाके जिभ्या वन्द नहिं , हृदया नाहीं साँच ।
ताके सङ्ग न लागिये , घाले वटिया माँझ ।।८३।।

जिब्रो नै जसको बन्द – छैन–हृदय साँचता ।
नलाग तिनका साथ , बिचल्ली पार्छ बीच ता ।।

अर्थ– जसको जिब्रो-वाणीमा संयम छैन, हृदयमा पारखको बोध अर्थात् सत्यको समझ छैन, यस्ताका सङ्गतमा नलाग । यस्ताले तिमीलाई बीच बाटैमा घाले–भडखालोमा पारिदिनेछन्, कल्याण मार्गका बाधक बन्नेछन् ।।८३।।

अरू– 'न हि शशक विषाणः को ऽ पि कस्मै ददाति ।'
'सीङ छैन, खरायोको , के सीङ दिन सक्तछ ।'

प्राणी तो जिभ्या डिगा , छिन-छिन बोल कुबोल ।
मनके घाले भरमत फिरे , कालहिं देत हिंडोल ।।८४।।

जिब्रोबाट डगे प्राणी , बोल्छन् कुवाक्य छिन्छिनै ।
मनका चक्रमा घुम्दै , कालका पीङ झुल्छ नै ।।

अर्थ– मानिस आफ्नै वचनबाट हलुको भइरहेछ । ऊ प्रति-पल निरर्थक वाक्य, दुर्वचन बोल्दछ । व्यर्थ मनका लहै-लहैमा लागी बरालिलिई भौंतारिइरहन्छ। कल्पनाले उसलाई हर्ष-शोक, राग-द्वेषको पीङमा मच्चाइरहेको छ-छ ।।८४।।

अरू– हृदयले सत्य अँगाल्न नसकेसम्म मन प्रतिपल 'भावनाका बाढीमा बगिरहन्छ। जे मुखमा आयो उही प्याच्च बोल्दछ,卐 यसै गरी-गरी यो सारै हलुको भएको हो। अब त्यसो होइन, राम्रो सँभालौं। पहिले मनलाई सत्यज्ञान-आचरणको अवलम्ब दिउँ। मनले विचार गरी, बुद्धिले नापी-जोखी, अनि मुखबाट मीठो, सत्यवाणी, विनम्रतापूर्वक बोल्ने बानी बसालौं।

हिलगी भाल शरीर में, तीर रहा है टूट।
चुम्बक बिना न नीकरे, कोटि पाहन गये छूट ॥८५॥

देहमा बिज्नगो भाला, टुप्पो भाँच्चेर गाडियो।
विना चुम्बक निस्कन्न, कोटि पत्थर नासियो ॥

अर्थ– भ्रामकजनका, वाणीरूपी बाणको भाल–टुप्पो, मनुष्यका शरीरमा हिलगी–गाडिइरहेछ, भाँचिएर भित्रै रह्यो। अर्थात् हृदयमा भ्रान्ति सारै गाडियो! पारखरूपी चुम्बक नभई त्यो भ्रान्ति निस्कन सक्तैन। करोडौं पत्थररूपी बिना विवेकका उपदेश निष्फल भइसके ॥८५॥

आगे सीढी साँकरी, पाछे चकनाचूर।
परदा तर की सुन्दरी, रही धका से दूर ॥८६॥

सींढी छ सांघुरो सामु, पछाडि चकना चूर।
पर्दाका भित्रकी कान्ता, घाट देखि परी पर ॥

अर्थ– साधकले अगाडि– मुक्ति-स्थितिको खुडकिलो अति साँगुरो-कठिन देख्तछ। पछाडि– जगत्‌मा तीन तापको कष्ट देख्ता मन थरहरी भई, कल्याणको साहस चकनाचुर हुन्छ–हरेस खान्छ।

卐 They never taste who always drinks;
They always talk who never think.

—Ben Johson

जो निरन्तर पान गर्दछ, त्यसले कहिल्यै स्वाद लिदैन। जो हमेशा बोलिरहन्छ, ऊ कहिल्यै विचार गर्दैन।

यसरी अज्ञानका पर्दाभित्रको सुखाध्यासी जीव संसार-सागरको धका–किनारारूपी कल्याणपदबाट टाढा परिरहेछ ।।८६।।

अरू– निरन्तर पर्दाभित्र बस्ने प्रतिष्ठित सुकुमारी महिला भय र सङ्कोच-वश नाउको सवारीद्वारा नदी पार जान नसकेसमान, नवीन साधक पनि मुक्ति-साधनामा अगाडि बढ्न कठोर मेहनत सम्झन्छ । यता संसारमा अनेक कष्ट भोगेरै आएको हुनाले दोधार भई, बीचमैं बिलखमन्द पर्दछ । वैराग्य र साहसको कमीमा साधकको यस्तै हाल हुन्छ । यस्तालाई गुरु विशालदेव वेगभर्नुहुन्छ–

'साहस गहौ न दुस्तर कुछ भी , जो विजाति बिलगाई ।
मारि भगाओ ये सब शत्रुन , ह्वै रणधीर अभय पद पाई ।।'

[भवयान ४।३८।१०]

संसारी समय विचारी , कोइ ग्रेही कोइ योग ।
औसर मारे जात है , तैं चेत बिराने लोग ।।८७।।

देखो समय संसारी , योगी कोही गृहस्थ छन् ।
मौका गुमिसक्यो सित्तैं , बिराना मीत चेत झन् ।।

अर्थ–संसारीजन समयमा कष्ट पर्दा विचार गर्न लाग्दछन्– हामीलाई सुख दुःख दिने अरू नै कुनै समर्थ ईश्वर अवश्य होलान्, अतः उनलाई पाउन, कति गृहस्थीमैं कर्म-उपासनादिमा लाग्नेछन्, कति गृहस्थी त्यागेर वैराग्य-भेसमा आई, उनलाई खोज्नेछन् । गुरु भन्नुहुन्छ– स्वरूपज्ञानबाट विमुख बनी कल्पना-भ्रान्तिमा बिकेका हे मानव ! तिम्रो यो अमूल्य मुक्ति-लाभको समय सित्तैं बितिरहेछ, अतः आजै होश गर, विवेकका आँखा खोल ।।८७।।

अरू– 'सुख-दुःखका दाता अरू नै कुनै कर्ता छन्, उनै खुशी भए भने हाम्रो दुःख छुटाई मुक्ति दिन्छन्' भन्ने एकथरी छन् । दोस्रा– हाम्रै कर्मानुसारको फल भोग हुने हो, सुख-दुःखका दाता अरू कोही छैनन् भन्नेमा छन् । शास्त्रमा दुवै थरी वाणी पाइन्छन्

पनि। यसैले मानिस, एक यथार्थ ठीक निश्चयमा दृढतापूर्वक अड्न सक्दैनन् । एक निश्चय बिना दुविधामा जिज्ञासुको स्थिति पनि अधकल्चै रहन्छ । यसैले यस्ता सन्दिग्ध समयमा विवेकबाटै काम लिन सक्नुपर्दछ ।

वास्तवमा जे काम गर्न पनि जीव स्वतन्त्र छ, उसलाई कर्मै अनुसार फल मिल्दछ पनि । म कति भनौं ! ईश्वर मान्नु वा नमान्नुमा पनि जीव स्वतन्त्र छ । जीवले माने ठड्याए उसैका कल्पनामा ईश्वर छ, अन्यथा उनको अस्वित्त्व नै पाइँदैन । सारा वेद शास्त्र पुराणादिले हामीलाई सत् पुरुषार्थ गर्न प्रेरणा गर्दछन् । पुरुषार्थ बिना स्वार्थकै काम पनि सिद्ध हुँदैन, झन् परमार्थ के बनोस् ! अतएव दोस्राको भरोसामा नपर । आजै आफ्नो अधीनको यो अमूल्य मानव जीवनको सदुपयोग गरी, पारखी सन्तको सत्सङ्ग गर । स्वयंलाई ठीक-ठीक चिन, सत्साधनामा कम्मर कस! स्व स्थिति सह्माल, सुखी शान्त बन । यस्ता पुरुषार्थी साधकका प्रति स्वयं उनीहरू पनि भन्दछन्–

क्यों ईश बनना चाहता तू ईशका भी ईश है ।
तेरे चरण के धूल पै ब्रह्मा झुकाता शीश है ।।

[कौशल्यगीता]

संशय सब जग खण्डिया , संशय खण्डे न कोय ।
संशय खण्डे सो जना , जो शब्द विवेकी होय ।।८८।।

काटयो संशयले सर्व , त्यो काट्ने छैन व्यक्ति त ।
उही हो संशय काट्ने , विवेक गर्छ निश्चित ।।

अर्थ– संशय– वाणी-खानीका भ्रम, अध्यासले संसारका सारा प्राणीलाई बरबाद पारी सके, तर भ्रम अध्यासलाई कसैले मिटाउन सकेनन् । जो सारासार शब्दका विवेकी सन्तजन छन्, उनैलें मात्र समस्त भ्रम-अध्यास मिटाई विमुक्त बन्न-बनाउन सक्तछन् ।।८८।।

अरू– विषय सुखाध्यास, कल्पना-भ्रम मान्यतादि सबै जीव-चेतनबाटै खडाभएका हुन्, तर तिनैका वशमा प्राणी सबै व्यस्त बनी, तिनलाई चुँडाल्न असमर्थ भइरहेछन् । दोस्रो–कल्पना छाडचौं भने नास्तिक बनिएला भन्ने भय छ । यो भयबाट बिरलै विवेकी बचेका हुन्छन् । ती बच्नेजति निष्पक्ष बनी पारख-साम्राज्यमा शान्तिपूर्वक स्थिर छन् पनि ।

'अदल चलाई सत्यका , साहेब बन्दीछोर ।
पारख छोरै जीवको , यम के हाथ मरोर ।।'

[पंचग्रंथी टकसार १५३]

वोलन है वहु भाँतिका , तेरे नैनन किछउन सूझ ।
कहहिं कवीर विचारि के , तैं घट-घट वानी बूझ ।।८९।।

बोली घेरै थरीका छन् , देखेनौ कत्ति नैनले ।
बूझ कबीर ज्यू भन्छन् , घटका वाक्य सँनले ।।

अर्थ– अनेक व्यक्तिद्वारा अनन्त समयदेखि बोलिंदै आएका शास्त्र नीतिकै वाणी पनि नाना थरीका छन्, तर ती तिम्रा भित्री आँखाले हेरी छान्नसक्ने होइनौ । गुरु कबीर विचारपूर्वक भन्नु हुन्छ– हे कल्याण इच्छुक ! तिमी हरेक अन्तःकरणबाट निस्लेका वाणीलाई आफ्नै विवेक-कसीबाट पारख गर ।।८९।।

अरू– चार वेद, चार उपवेद, छः वेदाङ्ग, छः शास्त्र, अनेक उपशास्त्र, अठार पुराण, उप पुराण, नाना स्मृति, चौध विद्या, नौ व्याकरण अनेक उपनिषद् महाकाव्यहरू; कुरान, हदीस बाइबिल इत्यादि असंख्य ग्रन्थका शब्द, संसारमा कोलाहल मच्चिरहेछन् । आजसम्म पनि नयाँ-नयाँ वाणीका रचना र उच्चारण भइरहेछन्, हुँदैछन्; पछिपनि हुनेछन् । मानिसहरू विवेक गर्दैनन्, जे सुन्यो, उही सत्य सम्झी स्वीकार गर्दछन् । हे सुज्ञ ! तिमी त जे शब्द सुन्छौ, उसमाथि अवश्य विवेक गर्ने गर । विवेकबाट उचित देखिए-जति मान-स्वीकार गर । अरूलाई अलगै रहन देउ ।

मूल गहे ते काम है , तैं मत भरम भुलाव ।
मन सायर मनसा लहरि , बहे कतहुँ मत जाव ।।९०।।

पक्रनु मूल हो काम , नभूल भ्रान्तिमा परी ।
छाल इच्छा मनै सिन्धु , कतै नजाउ वयँ गरी ।।

अर्थ– मूल-अर्थात् द्रष्टा चेतन ज्ञानस्वरूपलाई अँगाल्नाले◈ कल्याणको काम बन्नेहुन्छ; यसलाई छाडी तिमी भ्रान्तभई देह-भोगादि अन्त कतै नभूल । कामनारूपी मन-समुद्रको अनेक तरङ्गमा बगी कतै नजाउ, दुर्गति नभोग ।।९०।।

अरू– सन्तत सुख है पारखमें , साधन यतन विनाश ।
भूलि भटकि मति जाहु जिव , विविधि कर्म के फाँस ।।
[पं. टकसार ३२८]

भवँर विलम्बे वाग में , बहु फूलन की वास ।
ऐसे जीव बिलम्बे विषय में , अन्तहु चले निराश ।।९१।।

बगैंचा - भुल्दछन् भृङ्ग , अनेक फूल वासमै ।
जीव भोग विषे अल्झी , अन्त जान्छ निराश भै ।।

अर्थ– भुँवराहरू बगैंचामा गई, अनेक फूलका सुगन्धमा बिलम्बे–भुल्छन्, आसक्त हुन्छन् । यस्तै जीव पनि संसार-बगैंचाका शब्दादि विषयरूपी फूलको सुगन्ध-सुखाध्यासमा आसक्त छ । अन्तमा

◈ 1. Know then thyself, presume not to scan; The proper study of mankind is man.

– Pope.

2. The true science and the true study of man is man.

– Pierre Charron.

१– बिलायतका महान् कवि पोप भन्दछन्– ‘मानवले आफ्नै प्रकृतिका ज्ञान प्राप्त गर्नुपर्दछ । अतः तिमी आफूलाई चिन, आफ्नो स्वभाव सम्झ । आफ्ना स्वभावको ज्ञान प्राप्त गर्नलाई आफ्नै अध्ययन गर्नुपर्दछ । अतएव मानवताको विश्लेषण अनुशीलन गर । तिमी ईश्वरका विषयमा केही जान्ने झन्झट नगर, स्व स्वभावको धारणमा सन्तुष्ट रहु ।

२– सच्चा विज्ञान र मानिसको सच्चा अध्ययन मानवताकै हुनुपर्छ ।”

शरीर छुटेपछि निराश बनी दोस्रो शरीररूपी बगैंचाको शरण लिन पुग्दछ ।।९१।।

अरू– विषय-भोगजन्य सुख क्षणस्थायी हुँदै हो । पूर्णबेगबाट दौडेका मोटर हवाईजहाज आदिका छायामा आराम गर्नखोजेर स्थायी सुख कहाँ पाइन्छ ! यस्तै संसारको सुख हो । यसबाट अन्त्यमा शरीर वा भोग्य पदार्थ छुट्ता दुःखी हुन र अर्को शरीर खोज्ने फन्फट-विवशता लिनैपर्दछ । यसैले आज अहिल्यै होश गरी निर्भय भई, अटल स्थिति बनाउनु नै बुद्धिमान्को काम हो ।

'बनी विवेकी भमरो बराबर । सुँघेर सम्पत्ति सरोज सुन्दर ।
सरक्क माथी न बतासिने किन? तँलाइ मालुम् छ कि यो कुरा मन ।।'

'काल करन्ते आज कर , आज करन्ते अब ।
औसर बीता जात है , फेर करोगे कब ? ।।'

भँवर जाल वगु जाल है , बूडे वहुत अचेत ।
कहहिं कवीर ते बाँचिहैं , जाके हृदय विवेक ।।९२।।

भृङ्ग जाल वकोजाल , घेरै डूबे अचेत भै ।
कबीर बच्छ त्यै व्यक्ति , जसमा छ विवेक नै ।।

अर्थ– भँवर जाल बगु जाल–मोहावर्तरूप खानीजाल र बक-ध्यानसमान मन-मुग्धकारक सरस सुकिला वाणीजाल–यिनै कठिन मुख्य पासा हुन् । यिनमा अल्झेर अनेक व्यक्ति बेहोश बनी, मायारूपी खाडलमा डुबे । गुरु कबीर भन्नुहुन्छ–यी जालबाट उनै चतुर व्यक्ति बच्तछन्, ज-जसले हृदयमा प्रबल पारखदृष्टि बनाई बसेका छन् ।।९२।।

अरू– खानीबाटै शरीर-निर्माण हुने हुनाले त्यहीं विषयभोग, सुखाध्यास, मान, धनाशाको जालमा मस्किन्छन् । बतास र पानीको भुमरीसमान आसक्ति-सुखाध्यासले चक्करमा पारी, त्रि-तापादि कष्टमा गाड्दै उतार्दै गर्दछन् । बल्ल-तल्ल कुनै भाग्यशाली जीव,

त्यो जालबाट भाग्ने कोशिश गर्दछ, भाग्दछ तापनिं अर्को झन् गहन वाणीजालको झालमा अल्झन जेलिन पुग्दछ । यो त अरू नाइलन-को खिरीलो डोरी भयो, छाड्नै नसकिने बन्धनमा जीव बाँधिन पुग्यो । व्यवहारमा विनश्वर सुख थियो, यहाँ कल्पना-भ्रान्तिका आधारमा प्रेमानन्द, योगानन्द, ज्ञानानन्द ब्रह्मानन्दादि पाइन्छ भन्ने आशाको अमूल्य निधि छ । साथै मान-सुखको पवल उपलब्धिबाट छुट्न झन् कठिन छ। जसको पूर्व-पुण्योदयबाट हृदयको विवेक-बुद्धि जाग्रत् हुन्छ, पुनः पारखी सन्तको सत्सङ्ग पाउँछ, यस्तै भाग्यशाली पुरुषमात्र ती दुइ जालबाट बच्ने उम्कने हुन्छन् । किनभने यस्ता व्यक्तिको हृदयमा कसैका पक्ष-मोहको आवरण, अध्यास हुँदैन, यिनी सत्य मैं राजी रहन्छन् ।

'निन्दन्तुः नीति निपुणा यदि वास्तुवन्तु ।
लक्ष्मीः सभाविशतु गच्छतु वा यथेष्टम् ।।
अद्यैव वा मरणमस्तु युगान्तरे वा ।
न्यायात्पथः प्रविचलन्ति पदं न धीरा' ।।

"निन्दा गरुन् स्तुति गरुन् नयपूर्णकाले ।
ऐश्वर्य प्राप्ति अथवा सब नाश ऐले ।।
आजै परोस्न मरनू अथवा युगान्तै ।
टर्दैन पाउ नयवन्त मनुष्य-पादै ।।"

[भतृ. नी. श ८०]

तीन लोक टीडी भया , उडा जो मनके साथ ।
हरिजन हरि जाने विना , परे काल के हाथ ।।९३।।

सलह तीन लोकै भै , उडे ती मन - साथमा ।
न जानेरै हरी भक्त - परे का काल - हाथमा ।।

अर्थ–तीन लोक–सत्त्व रज तम वा कर्मी उपासक योगी–सब जीव सलहसमान बनी, मन-मान्यतारूपी हुरी-बतासको बेगमा उडे ।

हरिका भक्तजन हरिको वास्तव भेद नजानेरै काल-कल्पनाका परिधिमा परिरहेछन् ।।९३।।

अर्थ– सलह-धमिराहरू आफ्ना थात छोडेर निस्की आकाश-मा यत्रतत्र उडेपछि क्षणैमा अनेक दुर्गति सही मर्दछन्, मारिन्छन् । त्यस्तै जीव जहाँ आफ्नो विवेक-स्थितिमा नबसी, बाहिर खानी-वाणीमा रमाई उड्यो, त्यहाँ भामिनी-भ्रामकका पञ्जाको उम्किनै नसक्ने बन्धनमा परी पूरा कष्ट पायो; अनादि कालदेखि जीवको यही दशा भइरहेछ । वास्तवमा आफ्नै हृदयभित्र सकली सत्य-चेतन शान्त निर्मल स्वरूप नै सर्वेसर्वा हरि थियो । दोस्रा-सर्व विकार-बन्धनलाई सर्वथा छुटाइदिने 'महान् दुःख हारक हरि' हुन्– पारखी बोध-वैराग्ययुक्त सन्त-गुरु । यी दुवै हरिलाई हरि-भक्तहरूले चिन्न सकेनन् । अन्त अरू नै कर्तै समर्थ हरि छन् भनी कल्पनाका पछि दौडी दुःखपाई मरिरहेछन् । यसैले ती मन-कल्पना कालका साथमा परे; आवागमनका चक्रमा घुमिरहेछन् । ठिकै हो–

'कबीर केहरी-सिंहको , कीह्यों कैद सियार ।
पद शिर नावै मूसको , करै जोहार बिलार ।।'

(क. प. २२६)

नाना रङ्ग तरङ्ग है , मन मकरन्द असूझ ।
कहहिं कबीर पुकारि के , तैं अकिल कला ले बूझ ।।९४।।

रङ्ग बिरङ्ग उद्वेग , देख्तैन मन भृङ्गले ।
कबीर स्पष्ट ले भन्छन् , तिमी सम्झ अकीलले ।।

अर्थ– सुखाध्यास, कल्पना र मनोभावनाका अनेक लहरी छन् । मनरूपी भमरो, मकरन्द–विषयरूपी फूलको रस (मह) मा लट्ठिएर अन्धो बनिरहेछ । गुरु कबीर स्पष्ट भन्नुहुन्छ– हे साधक ! तिमी त आफूमा अकिलकला--पारखदृष्टि खुलाउ, यो छट्टु मनको चर्तिकला राम्ररी बूझ-मनमा नमिल ।।९४।।

अरू– मन्ददृष्टिका मानिसले चश्मा नभई सानो चीज देख्न सक्तैन । त्यस्तै मनको नौरङ्गे चाललाई पारख-चश्मा बिना कसैले पनि राम्ररी ठम्याउन सक्तैनन् । यसैले कल्याण-इच्छुकका निमित्त पारखदृष्टिको अति खाँचो छ । पारखदृष्टि पुष्ट बनाई सत्य स्वरूपकै स्थितिलाई अँगालौं ।

बाजीगर का वाँदरा , ऐसा जीव मन के साथ ।
नाना नाच नचाय के , ले राखे अपने हाथ ।।९५।।

चटकीको कपी जस्तै , जीवको मन साथ छ ।
नाना नाच नचाएर , ली डोरी हाथ राख्तछ ।।

अर्थ–चटकीको बाँदरलाई उसले अनेक नाच नचाउँछ, आफ्नै अधीनमा राख्तछ । यस्तै जीव पनि आफ्नै भूल-वश मनरूपी चटकीको हातमा पराधीन परेको छ । मनले उसलाई अनेक नाच नचाई-नचाई आफ्नै मुट्ठीमा राखिरहेछ ।।९५।।

अरू– हामी बेहोशी बनी, सुखाध्यास र कल्पनामा दौडनमै रमाउँछौं । यसैमा कुहिराको काग बनेका छौं । यसैले मनका फन्दामा परी नाचिरहनु परेको हो । अब हामी आफ्नो स्वरूपलाई ठीक-ठीक सम्झी, आफैंमा शान्त बनौं त, मनको अस्तित्व नै रहनेछैन; अनि हामीले नाहक नाच्ने-दु:ख पाउने टण्टै हरायो ।

"प्रकाशको केन्द्र महेन्द्र-धामको । प्रणम्य वासस्थल रम्य रामको ।।
स्वरूप सिंहासन त्यो म भुल्दिन । तँलाइ मालुम् छ कि यो कुरा मन ।।"
–[लेखनाथ]

ई मन चञ्चल ई मन चोर , ई मन शुद्ध ठगहार ।
मन-मन करते सुर नर मुनि जहँडे , मन के लक्ष दुवार ।।९६।।

मन हो चञ्चले चोर , मन पक्का ठग त छ ।
मन भन्दै सबै सिल्ली , छन् मन - द्वार लक्ष छ ।।

अर्थ– यो मन चञ्चल छ, चोर हो, खास नामी ठग हो। दोस्रो यो पूर्ण ठग भइकन पनि शुद्ध-सज्जन भनाउन अति सिपालु

छ। मनलाई समात, मन वश गर, मन मिटाउ; भनी-भनी सुर नर मुनि–त्रिगुणी जीव सबै जहँडे–खराब भइरहेछन्। तैपनि मनलाई कसैले पक्रन सकेका छैनन्। मन भाग्ने, यसले छल्ने लाखौं बाटा छन् ।।९६।।

अर्थ– मन हो–हाकाहाकी डाँका ! तथा मुसुमुन्द्रेमा पनि महा मुसुमुन्द्रे। यसले हर प्रकारबाट प्राणीलाई हायल-कायल गराइरहेछ। परमार्थमा परमार्थी नै बनी छलेर-ठग्दछ। मानवमा जे जति मान्यता-कल्पना छन् ती सबै मनकै जाल हुन्। मन दुइ प्रकारको छ–शुद्ध र अशुद्ध। मनको स्वरूप–काम, क्रोध लोभ मोह राग द्वेष भ्रान्ति कल्पना मान्यतादि हुन्। यिनलाई बिलकुल मिटाउनु पर्दछ। शुद्ध मन–आवश्यकीय निर्वाह र सद्गुण सदाचरण तर्फ बग्ने वृत्ति हुन्। यिनलाई परीक्षा गरी, चाहिंदो मात्र उपभोगमा लिई, बाँकीलाई पारखद्वारा मिटाउनु पर्दछ। शुद्ध मनको र त्यसका कर्तव्यको पनि अहङ्कार लिन हुँदैन, अहङ्कार गर्नासाथ कल्याण पद गयो भन्ने सम्झनु।

मन भाग्ने मुख्य द्वार–लक्ष्य स्मरण हो। अतएव उठेका स्मरणको एकरस द्रष्टा बन्यो भने मन उठ्ने-भाग्ने अवस्थै आउँदैन। गोठालो सावधान छँदै गाई-वस्तु कसोगरी बिभिन्डियुन्।

मन देखत मन लीन नहिं, निज शक्ती लौटारि।
शक्ती जब पावै नहीं, तब सो क्षीण निहारि ।।

[मु. शान्ति शतक]

"जान्छन् वृत्ति जता उता म बगी भै साक्षी पछाडी रही।
यिनलाई अनिमेष हेरि रहनु सारै चनाखो भई ।।
हुन्छन् वृत्ति विलीन भित्र अनि पो झल्कन्छ यो चेतन।
आफ्नै सुन्दर सत् स्वरूप बुझ्ने सर्वोच्च हो साधन ।।"

बिरह भुवङ्गम तन डसो , मन्त्र न माने कोय ।
राम वियोगी ना जिये , जिये तो बाउर होय ।।९७।।
विरह सर्पले ज्यूमा – डस्यो मन्त्र न मान्दछन् ।
राम वियुक्त बाँच्तैनन् , बाँचे विक्षिप्त बन्दछन् ।।

अर्थ– 'रमैया राम' स्वयं चेतन विद्यमान छँदै, मानिसलाई कल्पनाका छुट्टै 'राम' पाउने विरह लाग्यो। यही विरह-सर्पले शरीरमा डसिरहेछ। सर्पको विषले मानिस लट्ठिएझैं सुखाध्यास-भ्रान्तिका वश कल्याण पदबाट सबै लट्ठिएका छन् । यस्ताले सद्-गुरुको कुनै उपदेश पनि मान्दैनन् लिन सक्तैनन् । राम-वियोगीजन विवेकको जीवनमा बाँच्न सक्तैनन्, देखनका ज्यूँदा भएपनि यिनको चेष्टा बौलाहाको समान हुन्छ ।।९७।।

अरू– बाह्य रामका विरही भक्त बनेका हरू भावावेशमा बिलकुल बहुला-समान बन्दछन् । यिनी आफ्नो होशमा हुँदैनन् । यिनलाई न कुनै निर्णय-शिक्षाको उपदेशै लाग्नसक्तछ ! यथार्थमा स्व स्वरूप चेतनमा चित्तलाई टपक्क टाँसेर थपक्क द्रष्टा स्थितिमा स्थिर भइरहने साँच्चिका ज्यूँदा 'महापुरुष' भनेका यस्तै हुन्छन् ।

वैराग्यको आसन विवेकको माला शान्ति हिये दृढ धरना जी ।
परख करु मणका सुरतिका धागा नास्ति मायाको फेरना जी ।।
'परख प्रकाशी हंस सत्य है' जाप सो हरदम जपना जी ।
कायावीर तब कबीर कहावै बीजकका यहि कहना जी ।।
(श्री काशीसा.)

राम बियोगी बिकल तन , इन्ह दुखवो मति कोय ।
छूवत ही मरि जायँगे , तालाबेली होय ।।९८।।
राम वियोगमा क्षुब्ध - लाई न दिनु कष्ट नि ।
छुँदैमा व्यग्रता लिन्छन् , लज्जावती समान ती ।।

अर्थ– कल्पनाका राम नमिल्दा विह्वल भएका मानिसलाई कसैले कुनै प्रकारबाट पनि दुःख नदेउ। यिनलाई, जस्तै हित-कल्याण-

कारी सत्य-गोप्य वचन सुनाए पनि बुझ्न सक्तैनन्, उल्टो घाउमा नून-चूक परेझैं छटपटिन्छन् । निर्णयरूप सत्य शब्दले पनि हृदमा छुनासाथ लज्जावतिसमान मृतप्राय: हुन्छन्; वा बेचैन बन्दछन् ।।९८।।

अरू– कुनै कुरा गर्दा अथवा शिक्षा उपदेश दिंदा समय, भूमिका योग्यता र पात्र हेरी तदनुसार शिक्षा दिनुपर्दछ । उपर्युक्त सबै नहेरी सुनाएका सत्यशिक्षा नै भएपनि सार्थक नभई, समयानुसार निष्फल र कष्ट-कारक हुनेहुन्छन् ।

'बचन कहो संसारमें , सबकी बुद्धि समान ।
जहाँ बुद्धि पहुँचे नहीं , तहाँ न करो बखान ।।'
[सतोपदेश]

विरह भुवंगम पैठि के , कीह्न करेजे घाव ।
साधू अङ्ग न मोरि हैं , ज्यों भावै त्यों खाव ।।९९।।

विरह सर्प घुस्तै गै , कलेजो घाउ पार्दछ ।
साधुले अङ्ग खिच्तै न , इच्छाभर खाउ भन्दछ ।।

अर्थ– व्याकुलतारूपी सर्प हृदयमा पसी, टोकेर कलेजैमा घाउ बनाइरहेछ । तैपनि यी विरही साधुहरू आफ्नो अङ्ग हटाउँदैनन्, पन्छँदैनन् । अझ उल्टो त्यो सर्पले इच्छा माफिक टोकोस् भनी बस्तछन् ।।९९।।

अरू– विवेकबाट रित्ता अन्ध-परम्परा र भावावेशका भक्तहरू कल्पित पतिका प्रति यस्तै हुन्छन्। व्यर्थको विकलता बढाउनैमा आफ्नो महत्त्व सम्झन्छन् । बाहिरबाट भगवान् पाइन्छन् भन्ने आशा-भरोशामा उमङ्गित हुन्छन् । यसबाट उठेर विवेकमा आरूढ हुन सक्तैनन् । यो सबै भ्रम-कल्पनाका नशाको कारण हो । चेतन जीवका माथि अरू कुनै कर्ता-स्वामी छैनन्, चेतन नै समस्त कल्पनाको मालिक हो ।

करक करेजे गडि रही , बचन बृक्षकी फाँस ।
निकसाये निकसे नहीं , रही सो काहू गाँस ।।१००।।

सारै विज्यो कलेजामा , छेस्को वचन वृक्षको ।
निकाल्दा कत्ति निवलन्न , टुप्पो अड्केर अन्नको ।।

अर्थ-- वचन-वृक्ष अर्थात् कल्पित वाणीका पुस्तकीय अनेक भ्रम कल्पनारूपी शब्दका सोइला (बाण) मानिसका कलेजामा सारै गाडिएका छन्, ती छिन्-छिन्मा चस्किरहन्छन् । दया-वश पारखी सन्तले निकाल्न खोज्दा पनि सहसा निक्लँदैनन्। अविवेकी-जनद्वारा गडेका ती कल्पित वाणीका गाँस--बाणका टुप्पा काहु--बेपारखी जनमा सारै गाडिइरहेछन् ।।१००।।

अरू-- अनेक कल्पित वचनका विविध भ्रान्ति, सारै गाडिएकाले, अति चस्कने सोइलासमान बनिरहेछन् । चिर कालदेखि भ्रान्तिपूर्ण कल्पना-वाणीलाई मानिसले सत्य मान्दै, श्रद्धा-निष्ठा गर्दै आएकाले, अब ती प्रति विवेक गरी सारासार छुटयाउन नसक्ने, विवेक गर्न भयभीत हुने र यसको निर्णय गर्नपनि बहुधा बेप्रयोजन सम्झने भए। जति सम्झाए पनि बिरलै पारखीजन बाहेक, अरू कसैले पनि असत्य-छाड्न र सत्यलाई अँगाल्न सकेनन् ।

काला सर्प शरीर में , खाइनि सब जग झारि ।
बिरले ते जन बाँचि हैं , जो रामहिं भजे बिचारि ।।१०१।।

कालो सर्प चढी ज्यूमा , खाइसक्यो समस्त नै ।
बिरलै व्यक्ति बाँच्छन् जो , बिचारी भज्छ राम नै ।।

अर्थ-- काला सर्प (अहङ्कार र कल्पनारूप) गोमन-सर्पहरू शरीरमै निवास गरिरहेछन् । यिनले जगत्का सम्पूर्ण जीवलाई ज्यादै टोकी (डसी) सके। यी सर्पका टोकाईबाट बच्ने बिरलै प्राणी होलान्, जो विचारपूर्वक रमैयाराम चेतनको भजन गर्दछन् ।।१०१।।

अरू-- गुरु कबीरका राम हुन्-- "हृदया बसे तेहि राम न

जाना" [रमैनी ४१] बाह्य राम होइनन् ।◻ स्व स्वरूप-रामका समक्ष पर्ने-ढाक्ने वासना, आसक्ति भ्रम-मान्यतालाई पन्छाई, स्वयंलाई स्वच्छ निर्भ्रान्त शान्त राख्नु नै रामको सर्वोत्तम भजन हो। यसरी स्वरूप-भावमा स्थिरहुने पुरुष अभिमान र कल्पनादेखि सम्यक प्रकारबाट बचेका हुन्छन् ।

'हंस समाधी एक है, सदा निरन्तर होय ।
इनते जो बिचलै नहीं, लेहु परखपद सोय ॥'
[निर्णय सार]

काल खडा शिर ऊपरे, तैं जागु विराने मीत ।
जाका घर है गैल में, सो कस सोवै निश्चिन्त ॥१०२॥

शिर माथि खडा काल, बिराना मीत जागन ।
बाटैमा घर भै प्राणी, सुत्छ फिक्र नली किन ॥

अर्थ– काल (कामासक्ति र कल्पना) तिम्रा थाप्लामाथि चढिरहेछन्, मृत्यु पनि सँधै शिरमाथि चक्कर लगाइरहेछ। अतएव हे सुज्ञ ! तिमी जाग, चाँडै होशमा आउ। ए बिराना–सुखासक्ति, कल्पनाका मित्र ! जसको निवास कालकै मूल सडकमा छ, तिनले कस्तो बेफिक्रीसित लम्पसार परी सुत्नसकेका ! बिलकुल कुम्भकर्ण बनेका ॥१०२॥

भ्रू.– कामवासना र अनेक कल्पनाले मानिसका हृदयमा डेरागरी बसेका छन्, क्षणमात्र छाड्दैनन् । जीवलाई, घिच्याई लगी, दु:खका भयानक भड्खारोमा गाडिरहेछन् । दोस्रो–मृत्यु काल पनि नजीकै आइसकेको छ; अहिले हो कि भरे हो उसले लैजाने, थाहा छैन; हरबखत टुपी समातिरहेछ। अतः यस्तो अवस्थामा पनि जीवले कानमा तेल हाली बूझ-पचाई बस्नु उचित होइन; अब त रात-दिन जागाभई, सँधै होश सह्माली बसौं ।

◻ 'राम गुण न्यारो न्यारो न्यारो'...। [शब्द १८]
'वे रघुनाथ एकको सुमिरे जो सुमिरे सो अन्धा ।' [शब्द ८]

कल काठी कालू घुना, जतन जतन घुन खाय ।
काया मध्ये काल बसत है, मर्म न काहू पाय ।।१०३।।

चिन्ता देह घुनै कालो, क्रमशः घुलि बन्दछ ।
देहमा कालको वास - छ मर्म कुन जान्दछ ।।

अर्थ – कल काठी–कलह झगडा र चिन्तापूर्ण यो जड शरीरमा घुना–अनेक मनोरथरूपी घुन लागिरहेछन् । तिनले भित्र-भित्रै चाली, मानिसलाई सर्वथा खोक्रो, निरर्थक बनाइसके । फेरि यही शरीरका बीचमा काल पनि अड्डिलिई बसेको छ । परन्तु यो रहस्य-विवेक बिना कसैले जानी आफ्नो ठीक-ठीक होश सह्माल्न सकेनन् ।।१०३।।

अरू– मानसिक विकास–काम क्रोधादि, कलह-झगडा, चिन्तादि र अनेक मनोरथरूपी राक्षसका बथानले भित्र-भित्रै मानिसको रगत चुसी, थोत्रो बेकम्मा बनाइसके । मानिस भने झन् कृतिम शृङ्गार गरी, विविध आभूषण र कपडाले यो निःसार दुःखी शरीरलाई ढाकी, खालि बाहिर देख्नमात्रको चिल्लो-चमकिलो चेहरा बनाई, ढाँचापारी हिंड्दछ । भट्टको आगो दन्केझैं भित्र जलि-रहेछ, बाहिरमात्र र वाफिलो बनी नक्कल पार्दछ । विवेक छैन, आयु कहिले टुङ्गिने हो, यो पनि यसलाई होश छैन । जीवन-लीला समाप्त हुनासाथ छिनभर रहन पाइनेहोइन । अतः बुद्धिमान्ले मन-इन्द्रियको र संसारको दासातनमा मात्र अल्मलिई बस्ने बेलाछैन । चाँडोभन्दा चाँडो होश सह्माली, आफ्नो सुधारमा अघि सरिहालौं । मन कल्पनारूपी कालको पन्जामा अब कदापि नपरौं । आज हामी विवेकमा जाग्यौं भने हामीमाथि कसैको केही चल्ने छैन ।

मन माया की कोठरी, तन संशय का कोट ।
बिषहर मन्त्र माने नहीं, काल सर्पकी चोट ।।१०४।।

मन हो घर मायाको, घेरा संशय देह यो ।
विष हा मंत्रले छुन्न, चोटमा काल - सर्पको ।।

अर्थ– यो मन हो–माया अध्यास कामनाको कोठा, शरीर हो–संशय-भ्रम अज्ञानको पर्खाल । अब मानिसको तन-मनमा काल-रूपी सर्पले सारै डसी टोकिरहेछ, ठूलो घाउ बनाइसक्यो । यसको वेदना अवर्णनीय छ । सद्‌गुरुको विषहारक पारख-उपदेशले पनि यसलाई सहसा छुन सक्तैन ।।१०४।।

अरू– जस्तै खजानामा सब प्रकारका सिक्का हुन्छन्, त्यस्तै यो मन नै मायाको ढुकुटी हुनाले मायाका दुःखदायी सामान(काम क्रोध लोभ मोह भय राग द्वेष आशा तृष्णा अध्यास वासना वाणी जालका भ्रम कल्पना, मान्यता आदि) सम्पूर्णले यही मनमा संशय–धरमर गराइरहन्छन् । ती सबै पापी मनका सन्ततिहरू समय-समय सम्राट् जीवका समक्ष पर्दछन्, तर सावधानी विवेक वैराग्य र दुःख-दर्शनको कमीमा पारखी गुरुका निर्णय शिक्षा पनि उस्तो फलीभूत हुनसक्तैन । यसैले यी घोर शत्रुका शक्तिलाई दमन गर्न, निरन्तर विचार गर्दै गरौं । स्व विवेकमा पर्दा पार्ने भ्रम-सुखमा नभुलौं, त्यसबाट हुने दुर्दशालाई कहिल्यै नबिर्सौं । धैर्य साहस र सदा जागरूकवृत्ति बनाई, विनम्र बनी साधनामा अगाडि बढौं, अनिमात्र कल्याणपद प्राप्त हुनेछ ।

मन माया तो एक है, माया मनहिं समाय ।
तीन लोक सशय परी, मैं काहि कहौं समुझाय ।।१०५।।

माया र मन एकै हो, माया विलीन छे मन ।
संदेह ग्रस्त नै लोक, भनौं सम्झाइ को कन ।।

अर्थ– माया भन्नाले मनकै भित्रका पृथक्-पृथक् वासना हुन् । मन पनि तिनै वासनै-वासनाको समूह हो । परन्तु तीनलोक–सत्त्व, रजो, तमोगुणी सबै समाजमा सन्देह भइरहेछ– ''मायाको कहीं छुट्टै अस्तित्व छ । ब्रह्मको एकपादमा, गोरो अङ्गमा सानु कालो कोठीसमान रहेकी, ती अनिर्वचनीया, त्यागी नसक्नुकी,

'असम्भवलाई सम्भव र सम्भवलाई असम्भव पनि गर्न सक्ने' महान् शक्तिशालिनी छन्; तिनीबाट पार पाउन असम्भव छ।" इत्यादि कल्पनाले ग्रस्त रहेका यी जनतामा "केवल मनको विचार, आसक्ति कल्पना नै माया हो।" भनी म क-कसलाई सम्झाई भनौं? ।।१०५।।

अर्थ– सबैको कल्पना छ– माया कुनै व्यक्ति विशेष देवी हुन्; वास्तवमा हाम्रा मनको विकार नै माया हो। मन दुइ प्रकारको हुन्छ–शुद्ध र अशुद्ध। अशुद्ध मन हो–क्रोध कामादि दुर्गुणका समूह; ती त्याज्य हुन्। विवेक, साधना, भक्तिको माध्यमबाट तिनलाई हटाउनु, शमन गर्नु पर्दछ। अर्को शुद्ध मन–दया क्षमा विवेकादि धारणा र देह-रक्षाका खान-पानादि कर्म; यी सबै जीवका मुक्तिस्थितिमा साधक छन्। यिनलाई परीक्षापूर्वक चाहिंदो जतिमात्र उपयोगमा लिई, अन्तमा सबैको हन्ता-ममता हटाएर द्रष्टा बनी, स्वयं पारख स्वरूप स्थितिमा एकरस शान्त रहनको अति आवश्यकता छ, अनि माया सर्वथा निर्मूल हुनेछ।

बेह्रा दीह्नों खेतको, बेह्रा खेतहि खाय।
तीनलोक संशय परी, मैं काहि कहौं समुझाय ।।१०६।।

खेत - निम्ति दिए वार, खेत खाने त वार भो।
तीन लोक परे भ्रान्ति, कसलाई भनौं म यो ।।

अर्थ– खेतको बाली बचाउ गर्न बार-बारेको थियो, तर बारैले खेतको बाली खाइदियो। यस्तै उपर्युक्त मायालाई मानिसले आफ्नो संरक्षिका, परम सुखदायिका सम्झेका थिए, किन्तु त्यही मायाले मनुष्यलाई नै भ्रममा पारी नष्ट गरिरहीछ। माया हाम्रो हितैषी परम पूज्या हुन् भन्नेजति तीनै लोकका प्राणी भ्रान्तिमै छन्। अब म "माया हितैषी होइन, बाधक-काल हो" भनी क-कसलाई भनौं, सम्झाउँ ।।१०६।।

अर्थ– मनको कल्पना-मान्यतालाई अत्यन्त हितैषी, परम लाभदायक सुखरूप मोक्षदाता सम्झी, अज्ञानी ज्ञानी विज्ञानी सबै आसक्ति-कल्पनामा परेका छन् । तर माया भन्ने के हो ? यो कुरा जो कोहीले बुझ्न सकेनन् । माया भन्ने मनको आसक्ति हो, अज्ञान हो; विषयमा सुख निश्चय भइरहनु नै मायाको स्वरूप हो । मानिस सुखाध्यास र वाणीका कल्पनामा आफैं अघिसरी घुस्तछन्, मायालाई दोष दिन्छन् । तर हे मानव ! होश गर, अब उप्रान्त यस्तो भूलमा नपर । मनका तरङ्ग कल्पना विकारलाई हटाउ । सर्वतोभद्र कल्याण मार्गकै पुरुषार्थ गर । आज ऐले देखि नै सत्सङ्ग, विवेक इन्द्रिय-निग्रह, गुरु-भक्ति आदिको आधार बनाई, परम उपरत बनी, केवल द्रष्टा बन; दृश्यबाट हट, अन्तमा स्वयं-स्वरूप चेतन ज्ञानमात्रको स्थिति मिल्नेछ । यति नगरी विषयमा परेको लत र वाणीबाट परेको आवरण भ्रम-आभासरूपी मायाबाट फुर्सत पाइने छैन । जता तिमी फर्कन्छौ उतै यो माया पछि लाग्दछे । पानी भित्र मुख खोल्दा मुख भरी पानी भए फैं भ्रान्ति-सुखाध्यास पनि देह निर्वाहको साथ-साथै प्रवेश भइरहनेछन् । 'केवल विवेक, वैराग्य र स्वरूपस्थिति'ले मात्र माया कपूर फैं उड्ने छ । यो गुरु कबीरको अमोघ मन्त्रलाई हामी कहिल्यै न बिर्सौं ।

मन सायर मनसा लहरि , बूडे वहुत अचेत ।
कहहिं कबीर ते बाँचि हैं , जाके हृदय विवेक ।।१०७।।

मन सिन्धु र सङ्कल्प – छाल हो, बहुतै डुबे ।
उही कबीर बाँच्ने छ , जसको छ विवेक रे ! ।।

अर्थ–मन समुद्र हो, मनका अनेक मनोरथ, कल्पना, मान्यता जति समुद्रका छाल हुन् । यसैमा धेरै अविवेकीजन डुबे-बगे । गुरु कबीर भन्नुहुन्छ– यसबाट तिनै बच्तछन्, जसको हृदयमा जड-चेतन बन्ध-मोक्षको सम्यक विवेक छ ।।१०७।।

अरू– हामी दु:खी छौं, हैरान छौं; आवागमनमा रिंगिरहेछौं। हाम्रो यस्तो अवदशा किन भयो ? मनकै वशमा, कामना-मान्यताको उद्वेगमा उफ्रनाले। अत: यी सबैबाट बचेर सुख-शान्ति लिन चाहनेले प्रथम पारखी सन्तको सत्सङ्गबाट जड-चेतनको निर्णयलाई नै राम्रो सम्झनु-बुझनु पर्दछ। आवागमन, कर्मफल-भोग, बन्धनको स्वरूप, बन्धन-निवृत्तिको साधन– सबै ठीक-ठीक जान्नको अति आवश्यकता छ। सदाचरण पालन गरी, निवृत्तिको अभ्यासमा दिनको एकाध घण्टा बस्ने गर्नु मुख्य पुरुषार्थ हो।

बोधवान् मुमुक्षुले एकान्त स्थलमा सहजासनबाट शान्त भई बस्नु। शरीर-संसार सबैदेखि उपरामता लिई, मनमा उठेका वासना अर्थात् चित्तवृत्तिलाई अन्तरमुखी बनी हेर्नु। सम्मुखमा जे-जे वासना आउँछन् तिनको आफू द्रष्टामात्र बन्नु, ती उठेका वासना दृश्य हुन्छन्, तिनको परीक्षक आफू छुट्टै रहिन्छ। वासना नउठुन् भन्ने भाव आफूमा छँदैछ, अत: साधना-कालमा वासना हटाउँछु भन्न पछि पनि नलागी, अति सावधानीका साथ लक्ष्य दिई हेर्नुमात्र। जहाँसम्म सजग जागरुकताका साथ हामी द्रष्टा-तटस्थ रहन्छौं, त्यहाँसम्म वासनाले हाँगा हाल्न र अघि बढ्न सक्तैनन्। जब हामी नै भुलेर दृश्यमा रमी, सुखमानी वासनालाई शक्ति दिन्छौं, अनि वासना प्रबल हुन्छन्। हामी नै तिनलाई उखेल्ने विनास गर्ने भावबाट पाले बनी बसेपछि वासनामा सुख-प्रेम नमानी प्रत्युत् दु:ख, बन्धन, रुष्टदृष्टि राखी, उसको जरै नराख्ने लक्ष्य छ भने अब वासना कसोगरी अघि बढ्छन् वा हाँगा हाल्छन् ! यस्तो द्रष्टाको अभ्यास दृढ भएपछि वासना-वेग स्वत: शान्त हुनेछ। एवंरीतले अभ्यास बढाउँदै लानु, वासनाले चेतनको बल नपाएपछि ती क्षीण हुँदै जान्छन्। पश्चात् द्रष्टामात्र अवशेष रहिन्छ, स्वयं स्थिर होइन्छ। यही सर्व परीक्षक सर्वेसर्वा श्रेष्ठ

चेतन पारख स्वरूप हो। यस्तो अवस्था प्राप्त गर्नु नै आफ्नो कल्याण हुनु हो।

यो अभ्यास गर्दा आफ्नो शरीर हलचल गरिरहने गऱ्यो भने त्यस्ताको मन हतपति शान्त हुँदैन। मनमा कुनै प्रबल भावना, उद्वेग, अशान्ति, रागको प्रबलता, द्वेषको उत्कर्ष आदि छ भने पनि शान्ति मिल्दैन। यस्ता भावनालाई विवेकले पहिले नै हटाई अनि अभ्यासमा बस्नु पर्दछ। मनमा विशेष वैराग्य उपरामताको जोश चाहिन्छ। शरीरको व्याधितिर लक्ष्य, व्यवहारको फिक्री-चिन्ता र कुनै कार्यको अनुष्ठान-निश्चय छ भनेपनि स्वरूप स्थिति बन्न सक्तैन। अभ्यासको समयमा झन्झट-झोंज, विकार–भएभरका सबै पन्छाई निश्चित शान्त स्थिर हृदय बनाई केवल ध्यानस्थ हुने, लक्ष्य लिई तत्परतापूर्वक वृत्ति विलीन गराई, जानमात्रको स्थिति सह्माल्नु पर्दछ।

यो अभ्यास गर्दै लानु, जति सकिन्छ विस्तार-विस्तार अभ्यासको समय बढाउनु। पश्चात् अभ्यासबाट उठेपछि पनि मन शान्त राखी; प्रत्येक शारीरिक-मानसिक क्रिया-चेष्टाको द्रष्टा बनी-बनी काम गर्ने बानी बसाल्नु। यसबाट व्यवहार गर्दा पनि वासनाले जतासुकै बगाई नचाहिंदो प्रवृत्तिमा पुऱ्याई कष्ट दिन पाउँदैनन्। भ्रम कल्पनावश बाहिरी कुनै देव-ईश्वरादिको र व्यक्ति विशेषको आशामा झुण्डी हैरान हुन पनि पर्दैन। त्यस्ता संशयसमेत स्वाभाविक छुट्ने हुन्छन्। न त व्यापक अद्वैत जड-चेतन मिश्रितको ब्रह्म बन्ने अभिलाषा असमञ्जसमा पिल्सिनु पर्ने अवस्था नै पर्दछ। सबैदेखि सर्वथा पृथक् भई आफैं आफूमा एकरस शान्त रहिनेछ। यो अभ्यासको प्रथम अवस्थामा 'म द्रष्टा हुँ, दृश्य वासनालाई देखिरहेछु' यस्तो लक्षको 'म' पना रहन्छ; तर सम्मुख-वासना उठ्न छाडी, जब द्रष्टामात्र अवशेष स्थिर बच्तछ, तब

अन्त्यमा 'द्रष्टा हुँ' भन्ने भाव पनि स्वतः विलय हुन्छ, शुद्ध ज्ञानको अस्तित्वमात्र बचेको हुन्छ। दोस्राको भाव हराएपछि आफू त स्वयं स्थिर स्वरूपै स्वरूप निराधार छँदैछ। तर त्यहाँ 'म' 'तँ' 'त्यो' 'यो' आदि कुनै भाव रहँदैन। यो सबै उक्त स्थितिबाट उत्रेपछि विवेक-द्वारा अनुभव हुने कुरा हो।

यस्तो अभ्यास बनेपछि ती ज्ञानी पुरुषको व्यवहार शील-संयुक्त मध्यवर्तीय सरल सात्त्विक रहन्छ। आफू पनि सहज शान्त स्थिर रहन्छन्। यस्ता पुरुष, बाह्य शुभ-प्रवृत्ति भन्दा पनि विशेष ध्यान-धारणा, शान्तिको अभ्यासमा नै अभिरुचि लिने हुन्छन्। शारिरिक क्रिया र आवश्यक प्रारब्ध भोग-निर्वाह लिने, सम्मुखका जिज्ञासुहरूलाई समय योग्यतानुकूल, हित-शिक्षा दिने गर्छन् तापनि अधिकांश समय आफ्नो द्रष्टा स्थितिमै तल्लीन रहन्छन्।

यो मुख्य सर्वोच्च धारणायुक्त महत्त्वपूर्ण द्रष्टा अभ्यासको स्थिति सह्माल्ने काममा श्री कबीरदेवदेखि लिएर समस्त पारखी सन्तबाट एकसमान प्रेरणा गर्नु भएको पाउँछौं। जस्तै–

पक्रनु मूल हो काम, न भूल भ्रान्तिमा परी।
छाल इच्छा मनै सिन्धु, कतै न जाउ क्यै गरी॥

[गुरु कबीर बी. सा. ९०]

चितवन करन जगत की, ज्यों लों नहिं अति अन्त।
कहहिं कबीर पुकारि के, तौ लों होय न सन्त॥

[श्री गुरुदयाल सा. क.प. २०८]

मै मेरी सङ्कल्प यह, सोई दुःख की खान।
ताहि त्यागि गुरु परख लहै, द्रष्टा सोइ सुजान॥

[श्री रामरहस्य सा. पं. गुरुबोध]

पारख ऊपर थिर ह्वै रहना, सकल परखना ना कछु गहना।

[श्री पूरण सा. निर्णयासार]

विषय आनन्द की हन्ता, हेतु है जन्म लेनेमें ।
जान मात्र पद मुक्ति, स्थिरता सदा निकारी है ।।
[श्री काशी सा. निर्पक्ष स. द.]

आलमसे जबतक न होगे निराला, निर्मलदास तबलौं खुदा से निराला।
सबको परख डारदे जडविजाती, जहाँ लौतुम्हारे नजर में दिखाती ।।
[श्री निर्मल सा. न्यायनामा]

मनन प्रवाह को देखते, मनन त्याग के ध्येय ।
देखन मात्रहि काम ले, और फिक्र तजि देय ।।
शीघ्र - शीघ्र पूरव छुटै, उत्तर देर लगाय ।
बादि स्ववश ह्वै जाय वहि, जो करनो निजकाय ।।
[श्री विशाल सा. मुक्तिद्वार शा. श.]

सायर बुद्धि वनाय के, वायें विचक्षण चोर ।
सारी दुनियाँ जहँडे गई, कोइ न लागा ठौर ।।१०८।।

बनाई बुद्धि को सिंधु, कुमार्गी विज्ञ चोर यी ।
भए विक्षिप्त संसारं, लागेनन् स्थिति ठीक ती ।।

अर्थ– वाणीका चातुर्यबाट आफ्नो बुद्धि सायर–समुद्रसमान अगाध बनाई, जीवको ज्ञान–विवेकको धन र मनुष्यत्वको चोरी गर्ने बाये विचक्षण चोर–वाममार्गी, कुपथगामी, कुशल विज्ञ भनाउँदाहरूले अनेक काल्पनिक वाममार्गका शिक्षा-दीक्षाद्वारा संसारका सारा मानिसको विवेक-बुद्धि भरिभ्रष्ट गरिदिए। कसैको स्थिति लाग्ने भएन ।।१०८।।

अरू– मानिसलाई हंसको रहनी-दैवी आचरणबाट छुटाई आसुरी आचरणमा गिराउने, स्वरूपबोध-स्थितिबाट वञ्चित गराई कल्पनामा लगी डुबाउनेजति सबै कुपथगामी, छद्मदस्यु हुन्। यिनबाट सावधानीपूर्वक बची, आफ्नै हंसको रहन, शुद्ध चेतनको बोध-स्थिति सम्हाल्नु नै मुमुक्षुको मुख्य काम हो ।

मानुष होयके ना मुवा , मुवा सो डाँगर ढोर ।
एकौ जीव ठौर नहिं लागा , भया सो हाथी घोर ।।१०९।।

कोही मरेन मान्छे भै , पशु बैल बनी मरे ।
एकले स्थिति पाएनन् , हात्ती घोडा भए चरे ।।

अर्थ-- दया बिचार सुशील स्वभावका वीरसमान बनी पारखदृष्टि बनाउन कम्मर कस्ने व्यक्ति नै साँच्चिका मानिस हुन् । यस्तो मानवताको सर्वश्रेष्ठ आरणमा रही, यथार्थ मानवको स्वभाव धारणगरी उत्तम संस्कारले सम्पन्न बनेर कोही मरेनन् । खालि डाँगर ढोर–गाई भैंसी आदि पशुको स्वभाव–शरीर -शृङ्गार, पेट, प्रजनन-कामासक्त रहनु; भय, मोह, निन्द्रामा लम्पट बन्नु इत्यादि पशु कर्ममै जीवन बिताई सबै मरी-मरी गए । यसैले यस्ता एक जीव पनि आफ्नो स्थितिमा प्राप्त हुन सकेनन् । ऋन् साउँ–मानव जीवनबाट पनि पतित भई, हात्ती-घोडा आदि पशु-कृमि खानिमा पुगे ।।१०९।।

अरू– ज-जसले मानिसको गुण लक्षण पूर्णरूपेण धारण गरी बोधमा स्थिर भए, ती सबै आज अजरामरपदमा स्थिति पाए । यस्ता मुक्तात्माहरूको भौतिक शरीर छुटेपनि ती मरेका होइनन्; अमर शान्त-मुक्तभए । किन्तु सारा जीवन पशु-लक्षणबाट सम्पन्न रही, अकर्तव्य कमाई रहने, व्यक्ति नै मरे, आवागमनमा परे । कठै ! यस्ता कुनै एक जनाको पनि राम्रो ठौर - स्थिति लाग्न सकेन, सोकै हात्ती घोडा ऊँट गधा आदि चार खानिमा भौतारिन पुगे ।

गुरु कबीरबाट बाह्य खोल हेरी मानिसको मूल्याङ्कन गर्नुहुन्न । आज उसले भविष्यको निम्ति कर्तव्यको कस्तो ढाँचा वा साँचो योजना तयार गरिरहेछ, त्यसैबाट मुल्याङ्कनगरी बताउनु हुन्छ, सम्पूर्ण गति-विधिको निर्णय गर्नुहुन्छ । स्वरूपबोध, शुभा-

चरणयुक्त रहनु नै बाँच्नु–अमर हुनु हो । अभिमान, आसक्ति-कल्पनाग्रस्त रहनु नै मर्नु हो । 'मृत्युस:मृत्युमाप्नोति' (उपनिषद्)

What a man,
If his chief good and market of his time.
Be but to sleep and Feed ? a beast, no more.
–Shakespeare.

"कस्तो मान्छे ! यदि उसको मुख्य ध्येय खालि खानु र सुत्नुमात्रमा बित्तछ भने त्यो पशु भन्दा केही बढी भएन ।"

मानुष तैं वड पापिया , अक्षर गुरुहि न मान ।
वार वार वन कूकुही , गर्भ धरे औ ध्यान ।।११०।।

मानव अति नै पापी , नमान्ने अक्षयी गुरु ।
सर्वदा बनमा कुर्लो , ध्यान गर्भ धरो बरु ।।

अर्थ– हे मानव ! तिमी सारै पापी रहेछौ, अक्षर–अविनाशो स्वयं ज्ञानस्वरूप साक्षात् चेतनदेव र तिनलाई चिनाइदिने सद्गुरुको रत्ती भाव गर्दैनौ । यसैले जस्तो बनकूकुही–सिमकुखुराले बारबार गर्भधारण गरी धेरै फुल पार्दछ, र तिनैको सेवनमा निरन्तर दत्तचित्त रहन्छ, यस्तै तिमीपनि मायिक वस्तुको गर्व धारण गरी, बारबार खानी-वाणीका अनेक कल्पना निर्माण गर्दै, तिनैको ध्यानधारणा गर्छौं, अज्ञान कल्पना र आफ्नै शरीर-सृष्टिको रचना-रक्षा मै व्यस्त रहन्छौ ।।११०।।

अरु– स्व-स्वरूपको अज्ञान र बोधदाता पारखी गुरुका उपकारको अवहेलना, निन्दा, द्वेष अनादर गरी कृतघ्नी बन्नु; यस्ता अघकर्मबाट जीवलाई अनन्तबार जन्म मरणको फाँसी भई नै रहन्छ, कहिल्यै छुट्तैन । यसैले यिनलाई गुरु भन्नुहुन्छ–ठूला पापी । यहाँ मनुष्यमात्रको कर्तव्य हो–उपर्युक्त दुर्गुण त्यागेर, जड- चेतनको निर्णय दिने, पारख स्वरूपको परिचय गराइदिने, सन्त गुरुलाई खोज्नु; उनको आदरपूर्वक सेवा भक्तिसहित सत्सङ्ग गर्नु, सदा

आज्ञा-पालनगरी, अविनाशी चेतनको बोध सिक्नु । पश्चात् उही स्वरूपको भावमा सदा शान्त हुनु । अनि संसारको भुक्तमान-टन्टा सबै छिनिनेछ ।

मानुष विचारा क्या करे , जाके कहे न खुलै कपाट ।
स्वनहा चौक बैठाय के , फिर फिर ऐपन चाट ।।१११।।

के गरुन् बिचरा व्यक्ति , पर्दा खुल्दैन भित्र को ।
राखी कुकुर होतासन् , रेखी चाट्न त थाल्छ त्यो ।।

अर्थ– कठै ! ती मानुष[पारखी सन्त-गुरु शिक्षक] बबुराले के गरुन् ! उनले जति शिक्षा गरेपनि, जति सम्झाए पनि संसारी जीवका जड पाषाण-हृदयको अज्ञानरूपी घोप्टे (खापा) खुल्ने होइन । जस्तो मङ्गलमय पदार्थले पूर्ण मण्डपमा कुकुरलाई राख्नु, त्यसले बार-बार ऐपन–चामलको रेखी नै चाटी नष्ट पारिदिन्छ; त्यस्तै ती अज्ञजनले गुरुका अमूल्य उपदेशलाई पनि उपहास गरी उडाइदिने हुन्छन् ।।१११।।

अरू– कुकुरले यज्ञ-मण्डप, चौका र रेखीको महत्त्व के जानोस् ! रेखीको पीठो देख्छ, खाद्य हो भन्ने सम्झेर चाट्तछ । यस्तै अज्ञानरूपी अन्धकार-पूर्ण हृदयका मानिसले सत्य उपदेशको महिमा के जानुन् ! अमृततुल्य कल्याणप्रद शिक्षालाई पनि गफ सम्झन्छन् । यसैले महत्त्वपूर्ण ज्ञानको अनादर भइरहेछ । फलस्वरूप जीवको दु:ख कहिल्यै छुट्ने भएन । अब यसमा पात्र हेरी शिक्षा गर्नु शिक्षकको कर्तव्य हो । जहाँ कथा-शिक्षा हुन्छ, त्यहाँ बसी, ध्यान दिई सुन्नु, भाव सम्झने, प्रयत्न गर्नु । आफ्नो बन्धन विनाश हुने, हृदयको सत्य चेतनलाई चिन्ने, प्रसङ्गमा राम्रो ध्यान दिनु नै जन-समाजको बुद्धिमानी हो । तर भावुकता-वश नबुझी, लहै-लहैमा लागी, जे सुन्यो उही हम्मेसि ग्रहण नगर्नु । आफ्नो भित्रको विवेक जगाई निष्कर्ष-सत्य निर्णय बुझेपछि भने त्यो निर्णय-सिद्धान्त-को अनुसरण गरिहाल्नु ।

यस साखीमा तेस्रो-चौथो पदको यो पनि भाव हो-- मोक्षपद प्राप्ति गर्न निमित्त भावुकजन भ्रान्त शिक्षकलाई गुरु थाप्तछन् । तर ती भने पूजा, भेटी- घाटी र मानकै लालचका वशमा छन् अतः यस्ताले तिमीलाई के पार लगाइदेलान् !

मानुष विचारा क्या करे , जाके शून्य शरीर ।
जो जीव झाँकि न ऊपजे , तो कहा पुकार कबीर ॥११२॥

के गरुन् बिचरा प्राणी , जसको शून्य देह छ ।
रत्ती खुल्दैन क्यै चेष्टा , व्यर्थ कबीर - टेर छ ॥

अर्थ– बिचरा पारखी सन्त-गुरुले उसलाई के गरुन् ! जसको हृदय श्रद्धा-प्रेमबाट शून्य छ। यदि मानिसमा आफ्नो उद्धार गर्ने, सार सत्य चेतनलाई चिन्ने, झाँकि–चेष्टै उत्पन्न हुँदैन अथवा उपदेशक गुरुमा र उनको शिक्षामा प्रेम निष्ठा नै जाग्दैन भने यस्ता अनधिकारीलाई के उपदेश दिनु ! ॥११२॥

श्रूरू– विरक्त सन्तको कर्तव्य हो– ढुङ्गाको पहरामा बाण हान्दा आफ्नो बाणको मात्र व्यर्थ खति भएसमान अज्ञजनलाई शिक्षागर्दा आफ्नो अमूल्य समयको विनाश र शिक्षाको दुरुपयोग गर्नुमात्र हो। –[बीजक साखी १०६]

स्व-कल्याणार्थी सन्तको कर्तव्य हो–जो कोही खास आफ्नै आधार-भरोसामा रही कल्याण-चाहने श्रद्धालु प्रेमी छन् उनलाई हित-शिक्षा दिनु, स्वरूपज्ञानको रहस्य बताउनु। साथै आफ्नो वैराग्य, नैराश्य, बोध, स्थितिमा पनि कुनै त्रुटि हुन नदिनु। स्व-परको हित कल्याणको बाटो खुलस्त राख्नु।

[विशाल वचनामृत १।४।३१]

मानुष जन्म नर पायके , चूके अबकी घात ।
जाय परे भवचक्र में , सहे घनेरी लात ॥११३॥

मनुष्य जुनि पाएर , जो यो औसर चुक्दछ ।
भव - चक्कर पर्ने छ , धेरै नै लात खप्दछ ॥

अर्थ– मुक्तिको ढोका, साधनाको अमूल्य मन्दिर, सर्वोत्तम मनुष्य जन्म पाएर पनि आजको यो कल्याणप्रद सुअवसर जसले गुमाउँछ, स्व बोध-स्थिति बनाउँदैन भने अब त्यो जीव सरासर जन्म-मरणको फेरो घुम्न जानेभयो। कीरा गँड्यौला आदि खानिमा जहाँ पुग्दछ उहीं हजारौं लाखौं क्लेश (लात्ति, जुत्ति, विपत्ति) सहँदै रुँदै मर्दै त्रिविध तापमा जल्दै आवागमनमा चक्कर लगाउनेछ ॥११३॥

अङ्ग- Poor Vaunt of life indeed,
Were man but formed to feed
On joy, to solely seek and find feast:
Such feasting ended, then
As sure an end to men,
Irks care the crop-full bird Frets
doubt the maw-crammbed beast ?

–Robert Browning (Rabi) Ben Ezra

'मानिसमा पशु पक्षी, जस्तो इच्छापूर्तिको लागि खालि खाने सुत्ने तरखरमात्र छ भने उसले कुनै घमण्ड गर्नु व्यर्थ छ। तर ऊ पशु-पक्षी भन्दा निकै उच्च कोटिको प्राणी हो। उसको आतमा अमर हुनाले देह छुटेपनि स्वयंको मुक्ति प्राप्त गर्ने चेष्टा राख्तछ।'

रतन का जतन करु, माडीका सिंगार।
आया कबीरा फिर गया, फूठा है हंकार ॥११४॥

रत्नको गर है यत्न, ठाँट संसार माडको।
आए कबीर ता रित्तै, गए हङ्कार व्यर्थ हो ॥

अर्थ– बहुमूल्य रत्नसमान यो अलभ्य नर जीवनको आदर गर, स्व-स्वरूपको बोध र शुभाचरणको यत्नपूर्वक रक्षा गर। मायाको झिलिमिली, विषयको चिप्लेटो, कल्पनाको हवाई उडान, लोक-लोकान्तरको मान्यता, ऋद्धि सिद्धि र ईश्वरादिको विभूति वर्णन आदि सबै कागतका नकली कपडालाई मड्याई चिप्लो-चम्कि-

लो पारेसमान खालि रङ्गीचङ्गी दृश्य र मन-अनुमोदकमात्र हुन् । यिनमा कुनै सार तत्त्व छैन । कति-कति जीव मनुष्यको खोल लिई यहाँ आए, तर यिनै मायाका फन्दा–पञ्च अहङ्कार-अभिमानमा परी फुले रङ्गमङ्गिए, उल्टै पाइला चार खानि-चौरासीको चक्कर लगाउन पुगे । यस्तो अवस्थामा पनि शरीर-सम्पत्ति आदिको अहङ्कार गर्नु व्यर्थ हो ।।११४।।

अरू– मुख्य पञ्च अभिमान–

(१) विश्व अभिमान– स्थूल संसारको दोस्रो नाम हो–विश्व । शरीर सम्पत्ति परिवार, घर-जमीन पद आदि स्थूल वस्तुको घमण्डमा भुल्नु ।

(२) तैजस अभिमान– तेज सम्बन्धी- ज्योति-दर्शन, योग-साधना, सिद्धि-चमत्कारहरूको गर्व गर्नु ।

(३) प्राज्ञ अभिमान–प्राज्ञको अर्थ-बुद्धिमान्, सिपालु चतुर दक्ष पण्डित विज्ञ विद्वान् हुन्छ । वाक् युद्धमा विजयी बन्नु, लेखन प्रवचन व्याख्यान आदिमा कुशलताको गुमान हुनु, द्रष्टा स्वरूपदेखि भिन्न देव देवी ईश्वर ब्रह्मको कल्पना-अहङ्कारमा परी स्व-स्वरूपको शोध नगर्नु ।

(४) प्रत्यज्ञात्मा अभिमान–हरेक (चराचर) का भित्र म आत्म स्वरूप व्याप्त छु भन्ने अभिमान हुनु ।

(५) निरञ्जन अभिमान– निर्दाग ब्रह्म । 'पूर्ण व्यापक सुवर्ण-भूषणसमान जड चेतनमय एक अद्वैत ब्रह्म मै हुँ ।' यस्तो भइकन पनि 'म निष्कलमष ब्रह्म छँदैछु' भन्ने अभिमान भरिनु ।

यी सबै अभिमान जीवका निम्ति मसिनो खिरीलो अकाट्य बलिया बन्धन हुन् । भूल-वश यिनका सृजक, सञ्चालक र बोधद्वारा शमन कर्ता, द्रष्टा, ज्ञाता पनि चेतन जीव नै हो । यो जड कारण कार्य र शून्यदेखि फरक, शुद्ध पारख स्वरूप छ । भूल भ्रान्ति

अहङ्कारादिलाई शमन गरेर पारख स्वरूपमा शान्त हुनु नै मानव-जीवनको मुख्य उद्देश्य हो ।

मानुष जन्म दुर्लभ है , बहुरि न दूजी वार ।
पक्का फल जो गिर परा , बहुरि न लागै डार ।।११५।।

नरको जन्म दुर्लभ्य - छ दोस्रो वार मिल्नमा ।
पाकेर फल जो झर्छ , टाँसिन्न फेरि वृन्तमा ।।

अर्थ– मनुष्यको जन्म पाउनु सारै कठिनको कुरा हो, ठूलो पुण्यको प्रतापले मात्र पाइन्छ । यसबाट पुरुषार्थ गर्नसके भौतिकी लाभदेखि लिएर मुक्तिको अलभ्य लाभसम्म पनि प्राप्त हुन सक्छ । यस्तो अपूर्व जन्म पाएर त अब फेरि शरीर लिनै नपरोस्न ! अतः यही जन्ममा कल्याणको पुरुषार्थ पूरा गरिहालौं । जस्तो पाकेको फल झरेपछि फेरि बोटमा गई टाँसिदैन, त्यस्तै आज यो जीवनमा परिपक्व बोध-आचरणयुक्त स्वरूप स्थिति बनाउन सके, जीवले फेरि बार-बार दुःखको घर नश्वर शरीरमा आउनै पर्दैन ।।११५।।

अरू– फल पाकेपछि आफैं टप-टप झर्दछन्, झर्दा बोटलाई धक्का पर्दैन, ती पाकेका फल मीठा हुन्छन्; खानेजति रमाउँछन् पनि । यस्तै बोध-वैराग्य धारणायुक्त बनी शरीर छुट्यो भने आफू निहाल होइन्छ, अरू धेरै सज्जन सुखी बनिसकेका हुन्छन् । तिनले क्षणभर सुर्ता गर्छन् र पनि अब यस्ता पुरुष कहाँ पाउनु भन्ने भाव उनमा भरिएको हुन्छ । त्यो मृत्युको आदर हुन्छ । अज्ञानदशा-मा मर्दा कसैले आदर गर्दैनन्; कुकुर-कीरा सरि मरिन्छ । भुस्याहा कुकुर मरेमा कसले बिस्मात गर्छ र ! स्वयंलाई महान् कष्ट हुन्छ, दुर्दशा भइरहन्छ ।

बाँह मरोरे जात हो , मोहिं सोवत लिये जगाय ।
कहहिं कबीर पुकारिके , ई पिण्डे होहु कि जाय ।।११६।।

छुटाई हात लौ जाउ , सुतेको थें जगाउँदै ।
भन्छन् कबीर सम्झाई , जाउ यहीं बनाउँदै ।।

अर्थ– शिष्य भन्छन्– हे गुरुदेव ! मलाई अज्ञान-निद्राबाट त जगाउनुभयो, तर मैले आफ्नो स्थिति पाइसकेको छैन, बीचमै छाडेर मेरो हात छुटाई–निराश्रय पारी, कहाँ जानु हुन्छ ? यो सुनी गुरु कबीर सम्झाई भन्नुहुन्छ– यही पिण्ड–मनुष्य चोलामै पुरुषार्थ गरी, आफ्नो पारख स्वरूपमा स्थिति बनाइहाल; ह्वैन भने अझै पनि भ्रान्तिमा परौला ! ।।११६।।

अरू– बालकले माताको काख नछोडे झैं अधूरा शिष्य, सँधै गुरुकै छत्र-छायामा रहन खोज्दछन् । विनय गर्दछन्– हे गुरुदेव ! म जीवनभर हजूरको साथै छत्र-छायामा रहन पाउँ ।

यो सुनेर गुरु भन्नुहुन्छ– तिमी यस्तो मोहमा नपर ! जस्तो शुद्ध स्वतन्त्र अमर ज्ञान स्वरूप चेतन म हुँ; त्यस्तै तिमी पनि ह्वौ । जो गुरुपद मेरो हो, उही गुरुपद तिम्रो हो, तिमी र ममा रत्ती फरक छैन । अब तिमी सबै वासना-कल्पना छोडेर आफ्नै चेतन द्रष्टाको ज्ञानमा एकरस धारणा बनाई स्थिर होउ । सबै वासना पन्छाइसकेपछि पन्छाउने जो बाँकी रहन्छ, उही तिम्रो खास स्वरूप हो । तिमी अरू कल्पनामा कत्ति नपर । यही साखीको टीका गर्दा गुरु श्री पूरणसाहेब आफ्नो त्रिजामा लेख्नुहुन्छ–

"गुरु कबीर भन्नुहुन्छ– हे विचारवान् जीव ! तिमी यथार्थ पारख गरी हेर, जसलाई कबीर भन्छौ, ती कहाँ छन् ! बिनसित्ति टाढाको मिथ्या धोकामा न पर । यहीं पिण्डबाट पारख गरी स्थिर होउ । जसबाट तिमीले सबैलाई परीक्षा गऱ्यौ, त्यही पारख त्यही गुरुपद हो, यसदेखि माथि अरू केही छैन । यो सम्झेर तिमी पनि पारखैमा अटलभई बस, कुनै भ्रान्तिमा परी कतै नजाउ, नअल्झ । म त 'कहीं न आउँछु, न जान्छु; सदा एकरस रहिरहन्छु । न कहिल्यै नष्ट हुन्छु ! अतः तिमी आँत्तिएर पारख छाडी कतै नजाउ नि !"

यसमा हामीले पनि विवेक गर्नुपर्दछ– मोक्षमा कुनै कल्पित कर्ता ब्रह्म वा कबीर, गुरुको स्वरूपमा गई शिष्यको चेतन टाँस्सिएर मिल्ने होइन । कर्ता र ब्रह्म आदि त निर्णयद्वारा कल्पितै ठहरे । यहाँ गुरु-शिष्य दुवैको स्वरूप चेतन पनि बेग्लाबेग्लै द्रव्यरूप हुनाले अविनाशी एकनासका छन् । केवल विजाति वासनाद्वारा नै बन्धनमा थिए, ती बन्धनरूप वासना-कल्पना छुटेपछि आ-आफ्नै चेतन-स्वरूपमा व्यक्तिको अविचलस्थिति हुन्छ । बोध दिने गुरु र लिने शिष्यको जीवनभर गुरु-शिष्यको विशुद्ध मर्यादा रहन्छ-रहनुपर्दछ । गुरु सेव्य र शिष्य सेवक हुन्छन् । तर स्वरूप र स्वरूपको बोध, स्थिति तथा आचरणमा दुवै एक समान हुनाले अन्तिम पारख-स्थितिको विदेह मुक्तिमा भने दुवै एक समानै रहन्छन् । जस्तो गुरुको निराधार निर्विकार शान्ति स्थिति दशा, उस्तै शिष्यको पनि निर्विकल्प निर्विक्षेप परम शान्ति अवस्था, अविचल अखण्ड मुक्ति स्थिति ।

जीवनभर बोधक गुरुदेवको कृतज्ञतापूर्वक आज्ञा पालन, बोध भावमा रहनु, पश्चात् स्व-स्वरूपको निराधार स्थिति हुनेछ । शिष्यको पनि यही अनूपम कर्तव्य हो ।

देहभाव ते दास कहावै । पारख भावते एक होय जावै ।।
पारखमें हम तुम हैं एका । देह भावते भिन्न विवेका ।
पारखमें समता होय जाई । शिष्य भाव ना रहे गुरुवाई ।।
जाते सकलो परखिया, सो पारख निज रूप ।
तहाँ होय रहु थीर तू, नहिं छाँईं भ्रम कूप ।।निर्णयसा०।।

साखि पुरन्दर ढहि परे, विबि अक्षर युग चार ।
कबीर रसना रम्भन होत है, कोइ कै न सकै निरुवार ।।११७।।

साक्षी इन्द्र ढले दोटै, अक्षर चार द्वैत ती ।
वाणी विलास ता हुन्छ, कोही सक्तैन छिन्न नि ।।

शब्दार्थ– साखी–साक्षी, ब्रह्म । पुरन्दर–इन्द्र, कर्मकाण्डी ।

बिबि अक्षर–ओ हं सो हं 'राम' योगी। युग–दुइ, द्वैतवादी, उपासक। चार–चतुर्वेदी।

अर्थ– ब्रह्मज्ञानी, कर्मकाण्डी, योगी, उपासक र चतुर्वेदी–यी सबै चिप्ली-चिप्ली कल्पनाकै मार्गमा, पछारिए। सबै रसनारम्भन–वाणीको स्वादमात्र लिने, वाक्-विलासी बने। कसैले पनि यथार्थ जड-चेतन, सत्यासत्यको निर्णय चुन्न र आफ्नो अलभ्य लाभ-मुक्तिको सौभाग्य खुलाउन सकेनन् ।।११७।।

अरू– ब्रह्मज्ञानीजन प्रारम्भमा आफूलाई जड-जगत्को साक्षी सम्झन्छन्। तर पछि गएर जड-चेतन एउटै हो भनी सबै एकैमा मुछी 'सर्वं खल्विदं ब्रह्म' बन्न पुग्दछन्। यसरी उनी जगत्मै पछारिए। जड-चेतन बन्धन-मुक्ति सबै एक भनेपछि विवेक-विचार कहाँ रह्यो ? पहिले गरेको विवेकले के काम दियो ? अर्का थरी–कर्मीहरू नाना कर्म गरी, कल्पनाको स्वर्गमा जान तम्सेका छन् भन्दछन्–इन्द्र स्वर्गमैं राजा छन् र पनि पुण्य सकिएपछि स्वर्गबाट खङ्गारिनै पर्दछ। दोस्रो–कल्पनाका लोकमा कसरी जाने ! यिनका कर्म पनि कल्याणकारक भएनन्। अतः यी पनि अध्यासमै गाडिए।

श्वासमा सो हं वो हं रा म–दुइ-दुइ अक्षर जोडी योगाभ्यास गर्ने योगीराजहरू पनि कठै ! कल्पनामै लडे। शरीर छुटेपछि न यिनको ज्योति अनहद काम आउँछ, न कल्पनाको शून्य वस्तु फेला पर्दछ। द्वैतवादीजन सत्य अपरोक्ष चेतनभन्दा पृथक कहीं छुट्टै ईश्वर छ भन्ने कल्पनाको जालमा अल्झे; मन्त्र, स्तोत्र र कर्मकाण्डका नाना बखेडाबाट पार पाउन सकेनन्। यी पनि ठूलो गहिरो धापमा भास्सिए।

यसरी सबै रसनारम्भन–वाणीका मिठाईकै स्वादमा ओठ चाट्नेभए। जड-चेतनको निर्णय गरी अपरोक्ष चेतनलाई बुझन-

प्राप्त गर्न र स्थिति बनाउन कसैले सकेनन् । व्याप्य-व्यापक अंश-अंशी कार्य-कारण, जड-शून्य आदि सबैदेखि सर्वथा पृथक्, आफ्नो शुद्ध स्वरूप चेतनलाई कसैले प्रतीत गर्न सकेनन् । ती ज्ञानी कर्मी उपासक त भुले-भुले; आजका साधकले विवेक गरी तिनका समझको त्रुटिलाई सम्झन किन नसकेका ! यी पनि वाणीकै मह चटाईमा परे । अब यिनको दुःख निवृत्ति हुने र परमपद प्राप्त गर्ने सौभाग्य कसरी खुलोस् ! के उपायबाट परोक्षदेखि घुमेर स्वयंमा शान्त हुन्छन्? वासना, अहङ्कार र भ्रान्तिको रङ्ग कसोगरी छुट्ने?

बेडा बाँधिन सर्पका , भवसागर के माँहि ।
जो छोडे तो बूडे , गहै तो डसे वाँहि ।।११८।।

बनाए सर्पको बेडा , संसार - सिन्धु माझमा ।
छोडौं त डुबिहालिन्छ , पक्रौं डस्तछ हातमा ।।

अर्थ– भूलवशका यात्रीले सर्पैसर्प बटुली, बेडा (जहाजको अनुरूप) बनाएर त्यसैलाई समाती समुद्र पार जान तम्सेका थिए । तर त्यसलाई छाडिदियो भने आफैं डुब्नेहुन्छ, समातेमा सर्पले हातमै डसिदिनेभयो, यस्तो माखेसाङ्लोमा परे ।।११८।।

गुरु– भाव हो– वाणीका सागरमा पञ्च अभिमानरूप सर्पको बेडा बनाई, त्यसैलाई समाती सारा जीव भवसागर तर्न खोज्छन् । तर समातिरहे, उही सर्पले मनुष्य जीवनरूपी हातमै टोक्नेभयो, चेतन स्वरूपको बोध शान्ति नमिली, जीवनमात्र खेर जानेहुन्छ। छाडौंभने भोग-भङ्गालामै परिरहिने अरू-अरू आसक्ति-लत बढ्ने हुन्छ, जडवादी नास्तिक बनिने डर भयो । छुचुन्द्रो समात्ने सर्पको गति हुनआयो । अब के गर्ने ? पारखी सन्तरूपी सपेरा (सर्प-विष झार्ने) का निकट गई वा उनलाई बोलाई, उनको शिक्षारूपी बिरहुली मन्त्र धारण-पालन गर्‍यो भने संसार-सर्पको आसक्तिरूपी विष अवश्य उत्रन्छ । यसरी हामी स्व स्वरूप चेतनको बोधमा जब जाग्छौं, अनि त्यो सर्पको विषबाट बाँच्न सक्छौं ।

यहाँ सर्प हुन्– विश्व तैजस प्राज्ञ प्रत्यगात्मा र निरञ्जन–यी पाँच अभिमान। यिनैबाट निक्लेका रोलै सितकर्म-काण्ड (यज्ञादि)। उपासना काण्ड–कल्पित इष्टको भक्ति। योग काण्ड–जड श्वास, शून्य ज्योति, अनहद शब्दादिको आधार मानी, तिनैबाट आफूलाई पूर्ण मुक्त सम्झनु, निर्धक्क पर्नु । ज्ञान काण्ड–ब्रह्मज्ञानको साक्षीभाव र विज्ञान काण्ड–व्यापक, अद्वैत ब्रह्मको आधार पक्रनु । यद्यपि यथार्थ स्वरूपबोध सत्सङ्ग नभेट्टिएसम्म यिनै मार्गको पनि अवलम्ब लिएर सात्विकी भावबाट रहनु योग्य हो । तर जीवको बन्धन सर्वथा निवृत्ति हुन त उपर्युक्त वाणीको अवलम्ब पनि सबै छाडी, नित्य सत्य शाश्वत स्व स्वरूपको पारखबोधमा सम्यक शान्त हुनैपर्दछ ।

हाथ कटोरा खोवा भरा , मग जोवत दिन जाय ।
कवीर उतरा चित्त ते , छाँछ दियो नहिं जाय ।।११९।।

हात खुवा कचौरा ली , बाटो हेर्दा दिनै गयो ।
चित्तबाट हटे प्राणी , गाह्रो मही दिनै भयो ।।

अर्थ– आफ्ना प्रेमीलाई खुवाउन, हातमा खुवाको कचौरा लिई दया-वश प्रेमीको बाटो हेर्दा-हेर्दा दयालु परोपकारी सन्तको दिन बित्तछ । तर त्यै प्रेमी कुनै कारणले हीन मनोवृत्तिको भयो र चित्तबाट उत्र्यो भने त्यस्तालाई खुवा त के, तुच्छ महीको टुर्रो पनि दिन मन उठ्तैन ।।११९।।

अरू– बोधक गुरुका हृदयरूपी हातमा, दया र प्रेमको पात्रमा भरिपूर्ण पारखबोधरूपी खुवा छ; जिज्ञासुको बाटो हेर्दै उहाँ-को दिन बित्तछ । परन्तु आफ्नै अज्ञान आसक्तिले गर्दा यो जीव, गुरुको चित्तबाट उत्र्यो भने चेतन-बोध दिनको के कुरा ? त्यस्ताका साथ बोल्नसम्म पनि इच्छा उठ्तैन ।

ज्ञान-प्रदानका लागि, दया-दृष्टिबाट सत्पात्रको बाटो हेर्नु, यो गुरु-सन्तको अपार करुणा र अनूपम उदारताको द्योतक हो ।

तर कुपात्रसङ्ग बोल्न पनि इच्छा नउठ्नु, यो अनधिकारी- अयोग्य-जनदेखि र त्यस्ताका कुसङ्गदेखि पृथक् रहने विवेकीको लक्षण हो। यहाँ कामना र ईर्ष्याको भाव होइन, श्री पूरणसाहेब भन्नुहुन्छ–

मोहिं बोलनकी श्रद्धा नाहीं । तोर प्रेम वश बोलौं भाई ।।
कविता होउँ न भाँड कहाऊँ । बकवादीके निकट न जाऊँ ।।

एक कहौं तो है नहीं, दोय कहौं तो गारि ।
है जैसा रहै तैसा, कहहिं कबीर विचारि ।।१२०।।

एक भनौं छैंछैन, दुइ भन्दा कलङ्क भो ।
जो छ त्यै छ सदा स्थीर, कबीर भन्नुहुन्छ यो ।।

अर्थ– एक ब्रह्म अद्वैत सत्य हो भनौंभने कहाँ छ त्यो एक सत्य ? जगत् प्रपञ्च नानात्व हुनाले नै नानात्वबाट व्यवहार भइरहेकै छ, स्वयंकै नानात्व छुटेको छैन । द्रष्टा चेतनको माथि दोस्रो ईश्वर छन् भनौभने, गालि (नभएको कुरा) ठहर्दछ । यसैले गुरु कबीर विचारपूर्वक भन्नुहुन्छ– जस्तो वर्तमानमा जड-चेतन-दुवैको लक्षण सबैलाई अनुभव भइरहेछ, त्यस्तै ती दुवै सनातनसम्म रहिरहन्छन् पनि । ◈ अथवा जस्तो यो निर्दोष अपरोक्ष आफ्नो चेतन पारख स्वरूप छ, उस्तै शुद्ध ज्ञानमात्रको स्थितिमा रहनु परम कर्तव्य र बुद्धिमत्ता पनि हो ।।१२०।।

◈ ये त्रिषप्ता; परियन्ति विश्वारूपाणि विभ्रतः ।
वाचस्पति बलातेषां तन्वो मद्य दधातु मे ।।

भाव– जगत्मा सात पदार्थ–पृथ्वी जल तेज वायु आकाश, तन्मात्रा र अहङ्कार छन् । तीनगुण–सत्त्व रज तम–बताएका छन् । यी सात तत्त्वको तीन गुणमा व्याप्त भएर नै एकाइस प्रकारका पदार्थको उत्पत्ति हुन्छ ।

[अथर्व वेद १।१।१।१]

The sea is as deep in a calm, as in a storm.

–John Donne.

समुद्र शान्त छँदा जति गहिरो हुन्छ, आंधी बेहरी तूफान चल्दा पनि उत्तिकै गहिरो रहन्छ ।

अरू– यो साखीमा गुरु कबीरबाट ब्रह्मवाद र कर्ता ईश्वरवादको स्पष्ट रूपबाट आलोचना गरी, तेस्रो चौथो पदमा आफ्नो सिद्धान्त पनि खुल्लमखुल्ला बताउनु भएको छ। उहाँ पारखसहितको प्रत्यक्षवादी हुनाले जस्तो ऐले जड-चेतनयुक्त छ, उस्तै सनातनसम्म रहिरहन्छ भन्ने उहाँको सिद्धान्त पनि हो। भनाई र अनुभव गम्य पनि यही छ।

"मै कहता आँखिन देखी, तू कागजकी लेखी रे।'

गुरु कबीरको रहस्यपूर्ण सिद्धान्तलाई सम्यक प्रकार सम्झनलाई हेर्नोस् भूमिका लेख तथा वेद मन्त्र–

'मेधावीजनले भगवान् विष्णु (आत्मा) को मोक्षरूप परमपदलाई सँधै देखिरहन्छन्।' [यजुर्वेद ६।५]

अमृत केरी पूरिया, वहु विधि दीह्ना छोरि।
आप सरीखा जो मिलै, ताहि पियावहु घोरि॥१२१॥

महा अमृतको पोको, फुकाई राम्ररी दिएँ।
आफैं समान जो मिल्छन्, पियाउ यो भनी दिएँ॥

अर्थ– स्वरूपामृत (पारख-स्थिति) को गोप्य-गोप्य तथ्य विभिन्नताबाट खोली प्रबोध गरिदिएको छु। हे विवेकीजन! आफैंसमान कोही जिज्ञासु भेटिए भने उनलाई पनि यो बोधामृत पान गराइदिनेछौ ॥१२१॥

अरू– गुरु कबीरको महान् उदारता र सत्पात्रका प्रति समादर करुणा कस्तो रहेछ! यो साखीबाट बुझ्नसकिन्छ।

अमृत केरी मोटरी, शिर से धरी उतार।
जाहि कहौं मैं एक है, सो मोहिं कहै दुइ चार॥१२२॥

सुधा विचारको भारी, थाप्लोबाट उतार्दछन्।
म भन्छु जोसितै एक, ती दुइ चार भन्दछन्॥

अर्थ– मानिसले अविनाशी चेतन स्वरूपको विचार-निर्णयरूपी पोको आ-आफ्ना थाप्लाबाट उतारिदिए। जसलाई म 'एक

जीव नै सत्य हो' भन्दछु, ऊ झन् दुइ-चार कुराको ओठेजवाफ दिन थाल्दछ वा दोस्रा कर्ता सिद्धगर्न, चार वेदको प्रमाण पेश गर्दछ ।।१२२।।

अरू– जो गुरुपद (सत्य चेतन स्वरूप) को बोधबाट उत्रन्छ, त्यस्ताले सत्य सिद्धान्त वा विवेकीजनप्रति दुइ-चार कुरा भने-आक्षेप-गरे भन्ने के आश्चर्य । 'जसले जे गरे-भने पनि पृथ्वीले सूर्यलाई परिक्रमा गर्न छाड्दैन' भन्ने ज्योतिषका संशोधक इटालिएन गैलीलियो नामक व्यक्तिको भनाईसमान कसैले "एको ब्रह्म द्वितीयो नास्ति' भनुन् वा 'अहं जगस्य कर्तारो–म सम्पूर्ण विश्वको कर्ता हुँ" भनुन् अथवा भौतिक पदार्थ भन्दा भिन्न कुनै वस्तुको अस्तित्व नै छैन–भनुन्; यी कुरा सिद्धगर्न वेद कुरान बाइबिल त्रि-पीटक आदिकै प्रमाण अघिसारुन्, किन्तु पृथ्वी जल अग्नि वायु–यी चार तत्त्व र ज्ञान-कर्ता अनेक चेतन जीव सत्य अनुभवगम्य- प्रत्यक्ष छन्-छन् । चेतन सिद्धान्त नै एकमात्र सत्य हो ।

जाके मुनिवर तप करें, वेद थके गुण गाय ।
सोई देउँ सिखापना, कोई नहीं पतियाय ।।१२३।।

जसको मुनि ध्यानी छन्, थाके वेदादि गानमा ।
म गर्दछु उही शिक्षा, प्रतीत छैन व्यक्तिमा ।।

अर्थ– जुन 'परमतत्त्व प्राप्ति र मुक्ति-गति' को निम्ति, ऋषि-मुनिहरू अथक परिश्रम गर्दछन्; जसको गानगर्दा वेद पनि थकितभई 'नेति-नेति भनी हारखाइरहेछन्; उही परम तत्त्व चेतनको प्राप्ति र स्वतन्त्र मुक्ति-स्थितिको निमित्त म शिक्षा दिइरहेछु । परन्तु यो कुरा विवेक-बिना कोही पत्याउने होइनन् ।।१२३।।

अरू– भोगासक्तजनलाई व्यवहारबाटै छुट्टि छैन । भोगमानका अगाडि ज्ञान मुक्तिको के प्रयोजन ! परमतत्त्व मुक्तिका खोजीजन पनि बाल्यकालदेखि नै अनेक मान्यताबाट भ्रान्ति

कल्पनामा पालिदै-पोसिंदै आएकाले साँचो मुक्ति-स्थितिबाट वञ्चित बनिरहेछन् । मतवादीहरू जीवलाई 'घट-प्रतिबिम्बसमान' भन्दछन्, तर ती प्रतिबिम्बमा सूर्यको जस्तै दाहकशक्ति हुन्छ र! यस्तै जीवपनि प्रतिबिम्ब भए, उसमा ज्ञान-गुण, जानपना हुनु नपर्ने । 'दोस्रो–विम्बरूप मूलतत्त्व चेतन, अन्त कतै छुट्टै जीवभन्दा पनि बृहत् सर्वज्ञ' प्रत्यक्ष हुनुपर्ने । यी दुवैको अभाव हुनाले जड र आभासदेखि पृथक अनेक जीव चेतन स्वतन्त्र वस्तु हुन् । उक्त चेतन स्वयं अनादि-भूलवश बेसरी अल्झिएका हुनाले विभ्रान्त जीवका यस्तै कल्पनामा परिरहेका छन् । ती कल्पनाका इष्टले यी अनेक सत्य चेतनलाई बनाउन सक्ने कुरै होइन । चेतनलाई जडदेखि छुट्याई निर्वासनिक स्थिति बनाउनु नै मुक्तिको मुख्य माध्यम हो ।◈ म अपरोक्ष-मुक्ति स्थितिको धारणा बनाउने अनुभवपूर्ण निष्कर्ष बताउँछु, तर भ्रान्ति कल्पनामा डुबेका जीव, विवेक-सिद्धका सत्यकुरा पनि ग्रहण गर्न अनकनाउँछन् । यथार्थ विवेक गर्न नै भय मान्दछन् ।

एक ते अनन्त भौ, अनन्त एक ह्वै आय ।
परिचय भई जब एक ते, तब अनन्तो एकहि माहि समाय ॥१२४॥

एकबाट भए धेर, आए ती धेर एक भै ।
एकको हुन्छ जो ज्ञान, अनन्त मिल्छ एक मै ॥

अरू–(पूर्व पक्ष–) एक ब्रह्मको 'एकोहं बहुस्याम'– स्फुरण-बाट अनन्त ब्रह्माण्ड सृजनाभयो । सुवर्णबाट धेरैथरी भूषण बने-

---

◈ The Soul's dark cottage, batter'd and decay'd,
Lets in new light through chinks that Time has made.
Stronger by weakness, wisermen become.
As they draw near to their eternal home; —Edward Waller.

'यो अन्धकारपूर्ण हृदय-कुहरभित्र हाम्रो चेतन आत्माको निवास छ । जसरी पुरानो झुप्रो छिद्र परी भित्र सूर्य-किरण छिर्दछ, उसैगरी मनुष्यको शरीर पनि परिणाम जर्जर र अव्यवस्थित हुँदै जान्छ, अनि शक्ति क्षीण हुन्छ । जीवन-यात्रा समाप्त हुने बखत उसलाई वैराग्य जाग्नथाल्दछ र सुसंगत पाएमा आध्यात्मिक विचार प्रौढ र परिपक्व हुन थाल्दछ ।

समान एक ब्रह्म नै अनेक जगत् बन्न आएका हुनाले जगत् र ब्रह्म एउटै हो। भ्रान्तिबाट मात्र विभिन्नताको भान भइरहेछ। उक्त ब्रह्मको बोध भएपछि भ्रान्ति छुट्नासाथ 'पानीको छाल शान्तभई पानीको पानी नै अवशेष रहेसमान अद्वैत ब्रह्मको ब्रह्म नै' बाँकी रहिनेछ। आदि र अन्तमा ब्रह्ममात्र हुनाले मध्यमा पनि यो जगत् नभएकै भन्नुपर्छ। अतएव आजपनि अद्वैत ब्रह्ममात्र छ।

एक शब्द गुरुदेवका, ताका अनन्त विचार।
थाके मुनि जन पण्डिता, वेद न पावैं पार ॥१२५॥

गुरुको एक जो शब्द-को विचार अनन्त छ।
मुनि विज्ञ सबै थाके, न वेद पार पाउँछ॥

अर्थ– (पूर्व पक्ष–) एक प्रणव 'ॐकार' शब्द, गुरु ब्रह्माजीको देन हो। उही शब्दको अनन्त विचारमा समस्त वेद शास्त्र पुराणादि र अनेक सिद्धान्त खडाभएका छन्। ती सबै कथ्दा लेख्ता भन्दा विचारगर्दा सारा ऋषि-मुनि विद्वज्जन थकित भए, तैपनि कसैले पार पाउन सकेनन्। अनन्त विश्व नै प्रणवरूप हो ॥१२५॥

यी दुवै साखीको निराकरण तलको साखीबाट स्वयं गर्नुहुन्छ–

राउर के पिछवारे, गावैं चारिउ सैन।
जीव परा वहु लूट में, ना कछु लेन न देन ॥१२६॥

स्वामीको पछुवा बन्दै, गाउँने चार सैन ती।
जीव पऱ्यो महाँ लूट, लिनु दिनु बिना रती॥

अर्थ– माथि बताइएका राउर–ब्रह्म-ईश्वरादिको पिछवारे–अनुगामितामा चारै वेदले सैन–सङ्केत गरिरहेछन्। कठै! लिनु न दिनु व्यर्थका कल्पित मत-पन्थका लूटमा जीव परिरहेछ ॥१२६॥

अरू– पूर्वमा कुनै व्यक्तिबाट एक ब्रह्मवादको कल्पना उठेछ, त्यसको मान्यता बढ्दै गयो। 'वेद पनि उसैको समर्थन गर्छन्' भन्ने कल्पना-व्याख्या गरेर त्यागी भोगी कामी क्रोधी मोही–सबैको एक-समान गतिहुन्छ भन्ने मान्यता प्रतिपादन गर्नलागे। यसरी समाज-

मा अलिप्त-व्यापकवाद फिंजियो । यता मानिसका हृदयको रागी-स्वभाव हतपती छूट्न त गाह्रै छ, तर 'नछुटेपनि तिमी मुक्तै छौ' भनी निर्णय दिएका छन् भने तिनका पछि नलाग्ने, वचन नपत्याउने, को होला ! यसैले यो सिद्धान्तमा विशेष समाज ओइरो लागेका हुन् ।

तर ज-जसले जे-जस्तो निर्णय दिएपनि आखिर कुरामात्रले यो जड-चेतनमय जगत् हुँदै नभएको भन्न मिल्दैन । वास्तवमा जगत् अनादि हो तथा प्रवाहरूपबाट अनन्त कालसम्म रहिरहन्छ पनि । पुनः ती जड कारण-कार्यका द्रष्टा घट-घट निवासी ज्ञान-गुणले सम्पन्न अनेक चेतन जीव पनि अनादि शाश्वत अनन्त छन् । यस्तो जड-चेतनको वास्तविकतालाई भ्रान्तजनले लुटिरहेछन् । मनको भ्रान्ति-मान्यता नै सर्वेसर्वा बनिरहेछ ।

चौगोडा के देखते, व्याधा भागा जाय ।
अचरज एक देखो हो सन्तो, मूवा कालहिं खाय ॥१२७॥

चौगोडा झट्ट देख्तैमा, व्याधा पो भाग्न कस्सियो ।
हेर अचम्म यो सन्त ! मुर्दाले काल निल्दियो ॥

अर्थ– चारखुट्टे क्षुद्र पशु खरायोलाई देख्तै व्याधा कुलेलम-ठोक्यो, मुर्दाले काललाई खुलुक्कै खाइदियो– यो कस्तो आश्चर्यको घटना ! भाव हो– चार वेदरूपी गोडा भएका कल्पित इष्ट-सिद्धान्तको कुरा सुन्दा सामान्यजनको मन विवेक-विचारबाट भाग्यो । जड शब्दमात्रका मृतक कल्पनाले मन-काललाई खायो, भरमाइ-रहेछ ॥१२७॥

अरू– जस्तो जनावरहरू चार खुट्टाले उभिन्छन्, त्यस्तै चार वेदका वाणीबाट अनेक कल्पना ठडिइरहेछन् । यस्तै कुरा सुनी-सुनी साधक सत्यदेखि भागेर धेरै पर परिरहेछन् । ती यो विचार गर्दैनन्– जड र चेतन पनि कसोगरी एक हुन सक्तछन्! पुनः अनेक

चेतन पनि पग्लेर एउटै डल्लो कसरी बन्नसक्छ ! पृथ्वी जल अग्नि वायु आदि जड तत्त्वदेखि छुट्टै, अनेक द्रष्टा चेतन विवेकबाट सर्वथा पृथक जान्दाजान्दै पनि केवल शब्दका पछिलागी कर्तावाद व्यापक-वाद जडवाद आदिको मान्यतामा परिरहेछन् । यसैले यहाँ 'मुर्दाले नै काललाई खायो' भन्नुभएको हो । अर्थात् जड शब्दैशब्दले मनुष्यको महान् शक्तिशाली मनलाई भरमाइरहेछ ।

जब कालले सबैलाई खान सक्तछ त के मुर्दालाई मात्र खान सक्तैन ? अवश्य सक्तछ । मानिसले विवेकमात्र गरोस्, शुद्ध मनले पनि कल्पित जड शब्दको मान्यतालाई मेट्न सक्तछ । तर यहाँ अविवेक-वश जड-शब्दले नै भ्रान्त मनलाई भर्माइरहेछ । श्री राम-रहस्यसाहेबबाट भन्नुपनि भएको छ–

पारख गुरु सुख वास है , जहाँ न फन्दा काल ।
सो बिनु जीव विनाश है , चौरासी के जाल ॥
[पं. टकसार ८४]

तीन लोक चोरी भई , सवका सरबस लीह्न ।
विना मूडका चोरवा , परा न काहू चीह्न ॥१२८॥

चोरी भयो तिनै लोक , सर्वस्व सबको गयो ।
शिर बिना थियो चोर , चिन्न विश्व अशक्त भो ॥

अर्थ– त्रि-गुणी मनुष्यको हृदय-ढुकुटी चोरी भयो, चोरले सबैको सर्वस्व लुटी लग्यो । टाउकै नभएको चोर हुनाले उसलाई कसैले चिन्न सकेनन् ॥१२८॥

अरु– चोररूप कामको शरीर नहुनाले उसको नामै परेको छ– अनङ्ग । अङ्गै नभएकाको शिर कहाँबाट हुने ! अरू चोर हुन्-मन भोगासक्ति र कल्पना । यिनको पनि स्थूल शरीर नहुनाले अदेख छन् त के चिनिनु ! अतः यिनै लुकुवा चोरले त्रिगुणी मानव-समाज-को विवेक, बुद्धि र शुभाचरणरूपी सारा सम्पत्ति लुटी सके, अझै लुट्तै छन्; होश गर ।

चक्की चलती देखिके, मेरे नैनन आया रोय।
दुइ पाट भीतर आयके, साबुत गया न कोय ॥१२९॥
घुमेको घट्ट देखेर, रोएँ सारै हरे! म त।
आएर दुइ चक्का का-बीच, निक्लेन साबुत ॥

अर्थ– घट्ट घुमेको देख्ता मलाई सारै रुन मनलाग्यो, बरबरी आँसु खसाली रोएँ पनि! हरे, दुइ चक्काभित्र परेका गेडा, एक पनि सग्ला निस्कने भएनन्, सबै पिंधिई धूलो-पीठो भए ॥१२९॥

अरू– आकाश र पृथ्वी–दुइ फग्लेंटाभित्रका प्राणी सबै, खानी-वाणीरूप मायाका दुइ चक्काभित्र बेस्कन पिंधिई चकनाचूर भए। बोध-आचरणबाट सम्पन्न बनी कोही निस्कन सकेनन्। स्त्री पुत्र धन शरीर मान बडाई आदि स्थूल माया खानीको फग्लेंटो र ईश्वर ब्रह्म देवी देवता भूत प्रेत आदि सूक्ष्ममाया वाणीको फग्लेंटो हो यी दुवैलाई स्वयं मानी-मानी पिंधाईको कष्ट खान तम्सने जीव चेतन थियो त परम समर्थ, किन्तु विवेकबाट काम नलिंदा स्वरूप बोध-स्थितिबाट वञ्चित भइरहेछ।

चार चोर चोरी चले, पगु पनहीं उतार।
चारिउ दर थूनी हनी, पण्डित करहु विचार ॥१३०॥
चार चोर हिंडे चोर्न, जुत्ता खोली सुरुक्क नि।
चारै द्वार गडे खामा, गुन विज्ञ खुरुक्क नि ॥

अर्थ– जीवको सर्वस्व लुट्न (कर्मी उपासक योगी र ज्ञानी) चार थरीका चोर हिंडे। कसैले चालपाउलान् कि भनी जुत्ता फुकाले, नचिनिने बन्नलाई (ब्रह्मचर्य, गृहस्थ वानप्रस्थ र संन्यास) चार आश्रमरूपी ढोकामा त्यहीं-त्यहींका विधि-विधानयुक्त कर्म र फललाभको लालचरूपी खामा पनि गाडिदिए। सबै विद्वद्वर्ग यसैको विचारमा परिरहेछन् वा पण्डितहरू यसको विचार गरुन् ॥१३०॥

अरू– यहाँ जुत्ता फुकाली हिंड्नु हो– कल्पनाकै मार्गमा सबै प्रवृत्त होउन् भनी तारतम्य मिलाउनु। यसैले 'यसपछि यो काम

गर्नुपर्दछ, यसबाट यो फल मिल्दछ, नगरे यो यो बित्यास पर्छ, हानिहुन्छ' भनी विधि-निषेध राखिदिएका छन् ।

ब्रह्मचर्याश्रममा विद्याध्ययन र मुक्तिसम्मको लाभ देखाएर अध्ययनको तृष्णारूपी खामो गाडिदिए; धेरै साधक त्यहीं रोकिने भए । गृहस्थाश्रममा सुखाध्यास र कर्मकाण्डको खामो, वानप्रस्थाश्रममा कर्म र तपस्याको, संन्यासमा अद्वैत ब्रह्मरूपी खामो गाडिदिए । यिनै खामामा सबै अल्झिए-बाँधिए । यस्तै चार वेदका अनेक कल्पना, चार अभिमान र काम क्रोध लोभ मोह–यी चार-चार चोरले यसैगरी जीवको सर्वस्व हरण गरिरहेछन् ।

सबैमा ईश्वर, कर्ता, ब्रह्म आदिको मान्यतारूपी मूल थाम गाडिदिएकाले मन बुद्धि चित्त अहंकारबाट सबैले मनन चिन्तन निश्चय र 'म-मेरो' भन्ने भावना अहंकार गर्नलागे । यसैले यहाँ बुद्धिमान्‌ले स्वयं विचार गरी सत्यकै अनुसरण गरुन् ।

हिन्दूमात्रको आधारस्तम्भ वेद मूलग्रन्थ हुन्, हामी सबैले यिनको समादर गर्नुपर्दछ । तर वेदलाई 'अपौरुषेय, ईश्वर-रचित' भनी ज्यादा महिमैमहिमाको जलप लगाइदिंदा अन्धश्रद्धा र भय-वश मानिसले विवेकबाट काम लिन पनि भयभीत हुनथाले। यसको परिणाम-अनेक कल्पना र हिंसारूपी जघन्य कर्मसम्मले पनि प्रश्रय पाइरहेछ । यसैबाट जीवको मूलधन विवेक-विचारको अपहरण हुनगयो । अतः यहाँ यो साखीबाट उपर्युक्त रूपक प्रदर्शन गराई गुरु कबीरले मानव समाजलाई जगाउने प्रयास गर्नु भएको हो । यसमा हामी सबैको कर्तव्य हो– वेदलाई श्रद्धा र विवेकपूर्वक चिन्तन गर्नु, सारग्राही बनी सत्यमा संलग्न हुनु । प्रत्येक विषयमा प्रवृत्त हुनलाई विवेकको साधनलाई साथ नछाडी, कल्पित-अयोग्य मान्यतादिबाट बच्नै पर्दछ ।

भागवत् ५।११।२ मा व्यासजीको वचन छ– 'लौकिक

व्यवहार जस्तै वैदिक व्यवहार पनि सत्य होइन। किनभने वेद-वाक्यमा पनि विशेषरूपबाट गृहस्थोचित यज्ञ-विधिकै विस्तार छ। राग-द्वेषादि दोषरहित विशुद्ध ज्ञान तत्त्वको पूरापूर अभिव्यक्ति प्रायः तिनमा पनि छैन◈। गुरु कबीरको पनि विशद आदेश छ–

वलिहारी वह दूध की, जामें निकरे घीव।
आधी साखी कवीर की, चार वेद का जीव ॥१३१॥

प्रशंसनीय त्यो दूध, निस्कन्छ जसमा घिउ।
आधी साखी कबीरै को, हो चार वेदको जिउ॥

अर्थ – उही दूध प्रशंसनीय छ, जसमा धेरै घिउ निस्कन्छ। यस्तै गुरु कबीरको (चेतन स्वरूपको बोधदायक वाणी पनि) आधै साखी किन न होस्! चारवेदको सार महामन्त्र हो। अरु हृदय-भित्रको श्रेष्ठ चेतन नै सार तत्त्व हो ॥१३१॥

अरू – दूधमा घिउ अधिक निस्कन्छ भने त्यो दूधको त आदर हुन्छ-हुन्छ; साथै त्यस्ता दुधालु गाई भैंसीको पनि सबैले चाह गर्दछन्, अति कीमती हुन्छन्। यस्तै जुन वाणीमा सार चेतन तत्त्व-को बोध गराइदिने शक्ति, युक्ति-प्रयुक्तिले परिपूर्ण छ, यस्ता अनुभव सम्पन्न वाणी बोल्ने पुरुष र तिनका ग्रन्थको पनि सचेतन समाजमा अति आदर हुन्छ। बिना सार भ्रम-कल्पनामात्र भरिएका पुस्तक र प्रवचनको केही महत्त्व हुँदैन।

'दिलमें खोजि दिलहिमा खोजो, इहै करीमा रामा।'
[बी. शब्द ९७]

'जो जानहु जग जीवना, करहु जीव को सार ॥'
[बी. साखी ११]

यस्तै प्रकारका आधी साखी पनि स्वरूपबोधको लागि पर्याप्त छन्। चार वेदको सार भनेका यस्तै वचन हुन्। यो एकसय

◈ – तथैव राजन्नुरुगार्हमेध वितान विद्योरु विजृम्भितेषु।
न वेदवादेषु हि तत्त्ववादः प्रायेण शुद्धोनु चकास्ति साधुः॥

एकतीसौं साखीको मनन गर्ने पुरुषले नै 'गुरु कबीर वेदलाई कत्तिको आदर गर्नुहुँदो रहेछ' भन्ने जान्नेछन् । तर उहाँको विशिष्ट स्वभाव के रहेछ भने, जे पनि विवेकबाट जाँचेरमात्र स्वीकार गर्ने ।

बलिहारी तेहि पुरुषकी , जो परचित परखन हार ।
साई दीह्नों खाँडको , खारी बूझे गँवार ।।१३२।।

धन्यता छ तिनै लाई , जो पर-चित्त चिन्दछन् ।
बैंना मिश्री-दिई आफैं , अज्ञ तो नून बुझ्दछन् ।।

अर्थ– तिनै पुरुषलाई धन्यवाद छ, जो सबैका निर्णायक शुद्ध स्वरूप चेतनको यथार्थ परीक्षा गर्न सिपालु छन् । अथवा दोस्राको अन्तःकरण-परीक्षा गरेरमात्र उही अनुसार बोल व्यवहार गर्दछन् । तर जसले चीनी लिन भनी साई–बैना दिएर पनि त्यसको सट्टा खारी–नून बुझिलिन्छ, अर्थात् मुक्तिलिन कम्मर कसेर पनि मान्यता-कै भ्रम-उपदेश स्वीकार गर्दछ भने त्यस्तालाई गँवार–कम बुद्धिका भनिदिए हुन्छ ।।१३२।।

श्रू– जसमा सत्य-असत्य जड-चेतन त्याग-ग्रहणको कुनै विवेकयुक्त निर्णय छैन, पात्र हेरी व्यवहार गर्दैन भने त्यस्ताको के विशेषता ! जो पारख-दृष्टिबाट सम्पन्न छ, जडासक्तिमा नबगी, स्व चेतन (ज्ञानमात्र) मा स्थिर छ, समय पात्र अनुसार व्यवहार गर्नमा कुशल छ, उसैको विशेषता मान्नुपर्दछ ।

कल्याणको लागि अघि सरेर पनि सत्यज्ञान, सत्य सार-तत्त्व× चेतनको विवेक नगरी, एक-एक अनूकूलताबाट जो कल्पनामै अल्झन्छन्

×Truth is a thing
No one can hide.
Like a mountain spring,
Clear, undefiled
Whenever you try
To block its Source

भने यस्तै हुन्– चीनी मिश्रीको निम्ति बैना दिएर पनि गुलियो मिश्रीको सट्टा नून बुझिलिने व्यक्ति भनेका ।

नाशमान त्रयकाल में, ताहि गह्यो विविचार ।
अविनाशी तू सत्य है, ऐसो बिचार बिचार ।।

(श्री पूरणसाहेब)

विषके विरवे घर किया, रहा सर्प लपटाय ।
ताते जियरहिं डर भया, जागत रैनि विहाय ।।१३३।।

घर रच्यौ विषै - बोट, बेह्रिएको छ सांपले ।
यसैले डर ली प्राणी, रात्रि जागदछ तापले ।।

अर्थ– विष-विषय र कल्पनाले पूर्ण यो शरीर एउटा वृक्ष हो । यसमा जीवले आफ्नो निवास बनाइरहेछ । तर उही बोटमा अहङ्काररूपी सर्पले बेरिराखेको हुनाले जीवले सँधै भयभीत भइरहन परेको हो । ऊ दिनको के कुरा ! रात-रात जागा रहन्छ । अथवा होशपूर्वक अज्ञानरूपी रात बिताउ, ज्ञानको प्रकाशमा जाग ।।१३३।।

अरु– शरीर, सांसारिक पदार्थ, पद, प्रतिष्ठा र कल्पनाका इष्टको किञ्चित् मायावी लाभमा पनि सहसा बेहोशीबाट क्षण-क्षण अभिमानको उत्पत्ति भइरहन्छ । जीव पनि उही अभिमानमा गम्की, माया कल्पनाकै रक्षा र वृद्धि गर्न, निरन्तर अथक परिश्रम गरी हैरान हुन्छ । उसले कहिल्यै सुखको निद्रासम्म पनि लिन पाउँदैन ।

जो घर है गा सर्प का, सो घर साधन होय ।
सकल सम्पदा ले गये, विषभरि लागा सोय ।।१३४।।

It finds a new outlet,
Resumes its course.

—Ever Alibeili, (Baku Russia).

सत्यलाई कसैले लुकाउन सक्तैन, यो सफा स्वच्छ पहाडी पानीको मूल जस्तो हुन्छ । तिमीले त्यो मूलको मुहान थुन्न खोजे पनि यसले अर्को बाटो पहिल्याई बढ्न थाल्दछ ।

भुजङ्गको दुलोलाई , ठान्यो साधन गेह नि ।
लग्यो सम्पूर्ण सम्पत्ति , विष दी टाँस्सियो पनि ।।

अर्थ– जुन सुखाध्यास-मान्यतामा अभिमानरूप सर्पको निवास छ, उसैलाई भूल-वशका जीवले आफ्नो कल्याण-साधनाको घर बनाइरहेछन्, अतः तिनको के भलो हुन्थ्यो ! जीवको सबै शुभगुण-सम्पत्ति उही अहङ्कार-सर्पले लुटिलग्यो वा हृदयमा विष भरिपूर्ण पारेर त्यहीं टाँसिइरहेछ ।।१३४।।

अरू– स्व स्वरूप चेतनको स्थिति भन्दा छुट्टै विषय-भोग, पदार्थादिमा सुख छ भन्ने र कसैका कृपाबाट, कहीं मिलेर, केही बनेर सुखी-मुक्त होउँला भन्ने मान्नु; इत्यादिका कर्तव्य मै, अहंकार–सर्पको निवास छ र पनि सारा जीवको मान्यता यसैभित्र भइरहेछ । किन्तु यसबाट परिणाममा स्व-स्थितिदेखि बाहिरै परिन्छ । फन् स्वरूपज्ञानको दृष्टि-विवेक विचार नै कुण्ठित हुन्छ । हृदयमा मन-मान्यतारूपी विषले मात्तिएको अहङ्कार-सर्पकै रजाइँ हुनेछ । वाणी-खानीकै सर्पसमूह बढ्नेछन् । यदि तिमी साँच्चिकै समझदार ह्वौ भने सम्पूर्ण सुखाध्यास मान्यता छाडेर आफ्नै ज्ञानमात्र स्व स्वरूपमा शान्तभई बस ।

हे शिष्य ! गाफिल ना रहो , हन्त कल्पना लेव ।
सदा दृष्टि निर्मल करो , साधुन गुरुपद सेव ।।
[पं. गुरुबोध ३७८]

घुँघुची भरके बोइये , उपजा पसेरी आठ ।
डेरा परा काल का , साँझ सकारे जात ।।१३५।।

बीज रत्ती भरी रोपे , पसेरी आठ फल्दछ ।
डेरा पऱ्यो तहीं काल - को शाम प्रातः नाश छ ।।

अर्थ– रत्तीभर सजीव वीर्य नारी-क्षेत्रमा परोस्त ! पाँच विषय र तीन गुणरूपी आठ पसेरीपूर्ण पक्का मनको डल्लो यो

स्थूल शरीर उत्पन्न हुन्छ। बिना पारख त्यहीं कालको निवास रहनाले प्रातः सन्ध्या भएसमान शरीर बन्छ-छुट्दछ। यसकारण जीवले जन्म-मरणमा आउने-जाने गरिरहन परेको हो ! ◈ १३५॥

अरू– चेतन जीव नआई, केवल रज-वीर्यको संयोगबाट बालक जन्मने भए एकै माता-पिताबाट अनगिन्ती बालक जन्मने थिए। कर्म-संस्कारयुक्तका अविनाशी जीव आएपछिमात्र गर्भ, धारण हुने बाल-बालिका जन्मने हुनाले नै सीमितरूपमा बच्चाहरू जन्मन्छन्। कर्म-वासनावश शरीर धारण गर्न परेकोले नै जीव कालको विवश बनिरहेछ। शरीर-इन्द्रिय, मन मान्यता सुखाध्यास-अभिमान, काम-क्रोधादि; ललना-परिवार, गृह-जञ्जाल, भ्रान्त-गुरुजन, वाणी जाल कल्पनादि–जीवलाई भुलाउने, परमार्थबाट पाखा पारी पछारी, भ्रान्तिमा पार्ने, कष्ट दिनेजति सबै जीवका निमित्त काल हुन्।

शरीर क्षणभङ्गुर छ, भरे भोलिमा एक न एकदिन अवश्य नाश हुन्छ-हुन्छ। शरीर जीवित छँदै पनि रोग-शोक, चिन्ता-परवशतादि अनेक सङ्कष्टमा जीवले सन्तापित बनिरहनु परेको छ। सबभन्दा भारी विवशता यही छ–जीव कल्याण-कार्य बनाउछु भन्छ र पनि यसको लागि सर्वथा कटिबद्ध बन्दैन। प्राणिको निम्ति यो भन्दा ठूलो हानि अरू के छ, गुन त ! यसैले सर्वप्रथम आफू ती सबै दुःखबाट बच्ने काम गर्नु परेको हो, यो कुरा राम्ररी सम्झौं।

मन भर के बोइये, घुँघुची भर नहिं होय।
कहा हमार माने नहीं, अन्तहु चले बिगोय ॥१३६॥

रोप्नु मन भरी बीज, बन्दैन लाल को पनि।
मेरा वचन मान्दैनन्, अतः नष्ट गए धिनी ॥

◈ Twilight and evening bell
And after that the dark.　　–Tennyson.
मिर्मिरे उज्यालो, बेलुकीको घण्टा, अनिता अन्धकार हुन्छ-हुन्छ।

अर्थ– यदि बिना जीवको मनभर (चालिस सेरको थुप्रै) वीर्य, नारी-क्षेत्रमा रोपिदिउन् ता पनि रत्तीभर– शरीरको सानु अङ्ग पनि बन्न सक्तैन। तर मेरो कुरा यी जडवादीजन कोही मान्ने होइनन्। यसैले जीवनभर देहाध्यासी बनी, विषय-वासनामा व्यस्त-छन्। आफ्नोलागि अनेक अपराध कमाई, आखिर गर्भवासमा गमन गर्दछन्। चौसारीको फेरो मारिरहने भनेका यस्तै हुन्।

श्रब्द– पिण्डमा जीव नआई, खालि रज-बीजबाट देह बन्दैन। त्यस्तै वाणीमा पनि जीव बिना कुनै मत-पन्थको मान्यता बन्न-चल्न सक्तैन। जीवबाटै सबै कल्पना खडा भएका छन्। अतएव सबै खानी-वाणीको सञ्चालक, सबैको कर्ता, मनुष्य जीव नै हो। आफू यस्तो समर्थ शक्तिशाली सम्राट् भईकन पनि बिना पारख अनादि भूल-वश जीव भ्रम-चक्रमा परिरहेछ। यसैबाट स्थूल, सूक्ष्म शरीर बन्ने प्रवाह चलिरहेको हो। तर ती दुवै शरीर जड हुनाले तिनका सङ्गठनबाट पनि ज्ञानस्वरूप चेतनको उत्पत्ति हुन सक्तैन। मुख्य देहधारी प्राणीमा जुन ज्ञानपना छ, त्यो सार वस्तुको अस्तित्व, जडको कहीं कुनै कार्यमा पनि पाइँदैन। जीव सबै आ-आफ्नै कर्म-चक्र-मा उनिई देहलिई, घुमिरहेका हुनाले केवल चार खानिकै प्राणीका शरीरमा यिनको अस्तित्व पाइन्छ।

अतएव यहाँ आफ्नो अनुभव पनि सम्झौं, अनुभवी नभई अनुभव कहाँ हुन्छ ? यो अति गडेर विवेक गर्ने कुरा हो। बाह्य वस्तु हेर्ने दृष्टिबाट यो चेतनलाई देख्न सकिंदैन। गुरुको पारखदृष्टि र आफ्नो अन्वेषक शोधक शक्ति भित्रैबाट उप्जाई, त्यही दृष्टिबाट मात्र देख्न सकिन्छ। जड पृथ्वी आदि चारै तत्त्वका लक्षण छुट्टाछुट्टै छन्। कुनै तत्त्वबाट कुनै तत्त्वको उत्पत्ति भएको र हुने पनि होइन। त्यस्तै चेतनलाई पनि जानौं, जड तत्त्व र शून्यदेखि भिन्न, उही ज्ञानमात्रलाई सत्य सार तत्त्व सम्झी, त्यहीं स्थिति बनाउँ। यसोगर्दा

हाम्रो के हानि छ र ! चेतनलाई पनि भताभुङ्ग पारी, शून्यमा मिल्ने सोख किन गरौं ! जब हामी होश–जानमात्र रहन्छौं, त्यस बखत हाम्रोलागि दृश्य विलय हुनेछ, ज्ञाता वस्तुमात्र रहनेछौं। अहङ्कारी 'म' भाव बाँकी रहनेछैन। यहाँ 'म' को अहङ्कार रहन्छ कि भनी नडराउँ। त्यस स्थितिमा पुग्ने प्रयास गरौंमात्र, अनि शुद्ध अविकारी ज्ञानमात्र अवशेष रहेको स्वयं अनुभव गर्नेछौं। अरूलाई पनि अविकारी भावबाट बाँकी बचेको रहस्य प्रबोध गर्न सक्ने सामर्थ्य आउनेछ।

अनुभव से अनुभविता लखत, अनुभव कर्ता जीव।
जगत दृष्टि से ना लखै, स्वयं दृष्टि गुरु लीव ।।६७।।
अन्तस थिर ज्वाला रहित, अभय न चिन्ता जब्ब।
फिक्र रहित मन निरस जहँ, शोध यथारथ तब्ब ।।७२।।

[मुक्तिद्वार ३]

आपा तजै हरि भजै, नख शिख तजै विकार।
सब जीवन से निर्वैर रहै, साधु मता है सार ।।१३७।।

अहं त्यागी हरी भज्नु, नख - शिखा त्रुटि फालनु।
निर्वैरी सबमा बन्नु, साधुता सार पालनु ।।

अर्थ– समस्त अहङ्कार छाड्नु, माया-कल्पनाबाट भाग्नु अथवा सद्गुरु सन्तजनको सेवा गर्नु, गुरुपदमा स्थिर रहनु। नङदेखि टुपीसम्मका सबै विकार छाड्नु। प्राणी मात्रमा वैरभाव नलिई, मैत्रीभावबाट रहनु। साधु मत–सुन्दर विशुद्ध आचरणबाट आजीवन एकरस रहनु। यही जीवनको सार हो◈ ।।१३७।।

◈ To live in content with small means; to seek elegance rather than luxury, and refinement rather than fashion; to be worthy not respectable, and wealthy not rich; to Study hard, think quietly, talk gently, act frankly, to listen to star, and birds to babes and Sages, with open heart; to hear all cheerfully, do all bravely, await Occassions, hurry never. In a word, to let

अर्थ– (१) आपा तजै– 'म' पनाको जोश, धन मान प्राणी बल रूप विद्या तप ज्ञान–इत्यादिको मद अहङ्कार नलिनु । अहङ्कार गऱ्यो कि सबै सद्‌गुण माटामा मिले । जस्तो उम्लेर दूध आगामा परी बिलाउँछ, त्यस्तै अभिमानी व्यक्ति पनि उम्लनासाथ विनष्ट हुन्छ-हुन्छ। पुनः अहङ्कारी व्यक्तिलाई कसैले निको पनि मान्दैनन् । यस्ताको बन्ने काम पनि बिग्रनजान्छ । अरूले सहयोग गर्नको सट्टा भाँजी-हालिदिने हुन्छन् । कपासमा मट्टीतेल छरी आगो लगाएसमान अहङ्कारको आगोले हाम्रा हृदयका शुभगुण सबै भस्म बनाइदिनेछ । स्व स्वरूपदेखि भिन्न खानी-वाणीका कर्तव्य जे जति छन् ती सबै अहङ्कारकै जनक हुन् । स्वरूप विचार, स्वरूप स्थितिमात्र त्यसदेखि सर्वथा रहित छ । तर यसैको पनि 'मैले यति सेवा साधना स्थिति गरेको छु' भन्ने भाव व्यक्त गर्दै रहियो भने अहङ्कार बनिहाल्यो । अतः यी सबै छाड्ने प्रयास गर्नु, घमण्ड नगर्नु ।

(२) हरिभजे–यहाँ हरिको अर्थ विष्णु होइन; गुरु कबीरबाट विष्णुलाई त पहिले नै धेरै ठाउँमा बताइसक्नु भएको छ–

'विष्णु जिभ्या गुण गाइया बिनु बस्तिका देश । सूने घरका पाहुना तासों लाइनि हेत ।।' [बी. शब्द ८१]

---

the spiritual unbidden and unconcious, grow up through the common. This is to be my symphony.

–Willian Henry Channing.

"थोरै आयस्ता भएपनि सन्तोष गर्नु, भडकपन भन्दा सुशिष्टता खोज्नु, गुन्डयइँ पार्नु भन्दा परिष्कृत रहनु, लायक बन्नु; फुर्क्याहटमा नबग्नु, परिपूर्ण बन्नु, धनी होइन, मेहनतसाथ अध्ययन गर, शान्त भई बिचार गर, विनम्र बनी बोल, खुला दिलबाट काम गर; सितारा, (गायक कवि), चरा, बालक, सन्तहरूका वाणी दिल खोलेर सुन; जे परे पनि खुसीसाथ सहन गर; बहादुरीका साथ सबै काम गर; मौका पर्खनु; कहिल्यै हतार नगर्नु । एक शब्दमा भनौं भने आध्यात्मिक स्वच्छन्दतापूर्वक जन-सामान्यतिर बढ्न दिनु–यहीमेरा स्वर–सङ्गती हो ।

यसैले विवेकहारी माया र कल्पनाबाट भाग्नु, अज्ञान-दुर्गुण-हारी सद्गुरु सन्तमा लाग्नु (प्रेम-सेवा गर्नु)। स्व स्वरूप हरिमा स्थिति बनाउनु ।

(३) नख-शिख तजै विकार–शरीरका विकार–चोरी हिंसा व्यभिचार । वचनका विकार–गाली निन्दा झुट्टोबोली । मनका विकार– ईर्ष्या क्रोध मान छल–यी दश विकार मुख्य र यिनका साथसाथै नशा-सेवन जूवा-खेल सिनेमा इत्यादिको लत–सबै दोष दुर्गुण परित्याग गर्नु ।

(४) सब जीवनसे निर्वैर रहै–सम्पूर्ण जीव हाम्रा स्वजाति हुन्, मानिसमात्र जुन देश, जुन जात वर्ण धर्म लिङ्ग एवं व्यवहारका भएपनि ती सबै हाम्रा स्वजाति भाइ हुन् । मानिस ता के! खसी भेडा राँगा कुखुरा हाँस बँदेल माछा आदि पशु पक्षी कीरा लगायत सबै जीव हाम्रै स्वजाति हुन् । तसर्थ सबैको रक्षागर, सबैलाई बचाउ, परस्पर प्रेम सहयोग सेवाको भावबाट हितैषीतापूर्वक रही आफ्नो स्थिति बनाउ ।

(५) साधुमता–शील स्वभाव सुन्दर बनाई विनम्रतापूर्वक रहनु; आफूमा सन्तको सद्गुण-समूह उतार्नु । अर्थात् गुरु-साधुमा प्रियता - भक्ति; संसारदेखि नैराश्य, वैराग्य; जीव-दया, क्षमा सन्तोष सत्य बोल-चाल, सत्य स्वरूपमा स्थिति; जड-चेतन सत्यासत्यको विवेक धैर्य वीरता विचार निर्मानता निष्कामता अक्रोध निर्लोभ निर्मोह निर्वैरता निर्भय अनासक्ति, सदा आफ्नो स्थिरवृत्तिमा जागारहनु, मान प्रतिष्ठा पाउँदा खुशी नहुनु– यी सबै लक्षण जीवनमा उतार्ने प्रयत्न गर्दैरहनु ।

सार हो– माथिका पाँच आचरण आफूमा उतार्नु नै पाञ्चायन-पूजाको पराकाष्टा हो । यति गर्नेले नै आफ्नो जीवन साफल्य बनायो । माथि साखी एकसय एकतीसमा आधी साखीको महत्त्व

बताएसमान यहाँ यो एक साखी नै 'चार वेदको जीव हो ।' सदाचार प्रति वेद पनि मनन गरौं–

'निन्दाको पूर्व नै निन्दालाई मारिदिन्छन् । उनको हृदयमा क्रोधको निम्ति किञ्चित् स्थान छैन । सुन्दर दानमा कुटिलता हुँदैन ।

[ऋग्वेद ८।८।७८-६-८]

पछापछी के कारने, सब जग रहा भुलान ।
निर्पक्ष होय के हरि भजै, सोई सन्त सुजान ।।१३८।।

पक्षपाती बनी पूर्ण, भूलेका यी सबै जन ।
निष्पक्षले हरि भज्ने, ज्ञानी सन्त तीनै गुन ।।

अर्थ– पक्षपातमैं समस्त संसार भुलेका छन् । आसक्ति-कल्पना छाडी, निष्पक्ष भावबाट गुरुपदमा जो स्थिर हुन्छन्, तिनै साँच्चा सन्त र तिनै विवेकी ठहर्दछन् ।।१३८।।

अरू– संसारमा 'तँ'-'म' 'तेरो-मेरो' भनी-भनी सबै पक्षपाती बनिरहेछन् । यसैले लोभी क्रोधी मोही रागी-द्वेषी अभिमानी बनी, लडाई झगडा, मार काट मुद्दा-मामिलासम्ममा पनि व्यस्त छन् । मानिस जति निवृत्तितिर लम्कन्छ, सद्गुण, धारण, स्व स्वरूप चिन्तन, वैराग्य सन्तोषपट्टि झुक्तछ; उति माथिका भूलजन्य कर्म-हरू कम हुँदै जान्छन् । जब सर्वथा स्वरूप-स्थितिकै पुरुषार्थमा कम्मर कस्तछ, निमग्न हुन्छ; अनि उसले पूरापूर शान्ति पाउँछ; माथि भनेका सबै झन्झट छुट्तछन् । जब निवृत्तिको लागि वृत्ति बटुल्नमै निमग्न भयो, तब त्यो सुज्ञ सन्त बन्यो । यति नभई भेस-मात्रका सन्त बनिए पनि सच्चा सन्त बनिएन ।

बडे गये बडापने, रोम रोम हंकार ।
सतगुरु के परिचय बिना, चारौं बरण चमार ।।१३९।।

बडा गए बडापा मैं, रौं रौं अहं महा भरी ।
बिना सद्गुरुको भेद, चारै वर्ण चमार यी ।।

अर्थ– होश बिना ठूला-ठूला व्यक्ति पनि ठूलैपनको गुमानमा परी नष्टभए । रौं-रौंमा अहङ्कार भरिएपछि किन नष्ट न हुन् ! गुरु त संसारमा धेरै छन्, तर साँच्चिका सद्गुरु-चिन्न पाउन नसक्ता चारै वर्णका व्यक्ति चमार बनिरहेछन् ।।१३९।।

अरू– आफूमा मायावी जुन गुणको अधिकता छ, उसैको अभिमान लिई मानिस अहङ्कारमा फुल्दछन् । जाति धन पद प्रतिष्ठा बल सुन्दरता विद्या साधना वक्तृता स्थान गद्दी महन्ती तथा हामी वैदिक, हामी खास इस्लामी, पूरा इसाई, मुख्य यहुदी इत्यादिको बडाइमा परी आफूलाई विशेष श्रेष्ठ सम्झी, अभिमान-मा फूलेर कति व्यक्ति बरबाद भए कति ! अतएव यदि आफ्नो साँच्चिकै हित- कल्याणको इच्छा छ भने कुनै कुराको अभिमान नलिनु । निर्मानतापूर्वकका शुभाचरण र ज्ञान-स्थितिकै महत्ता छ । अतः निर्मान बनेर सत्सङ्ग भक्ति वैराग्यपूर्वक चेतनको ज्ञानमा स्थिति बनाउनु नै हामी सबैको कर्तव्य हो ।

Down with ambition, avarice, pride,
Jealousy down ! cut off from the mind
The better springs of anger and fear;
Down too, down at your own fireside,
With the evil tongue and the evil ear,
For each is at war with mankind.

–Tennyson.

'महत्त्वाकांडक्षा कृपणता अभिमान ईर्ष्या डाह–सबै मुर्दावाद । क्रोध, भयका तीता स्रोत सबै मनैदेखि उच्छेदन् गर । तिम्रै अगेनु वरिपरि छँदा सुनिने दुच्छर बोली र दुच्छर सुनाई–सबै मुर्दावाद । किन भने यी सबै मानवजातिसँग संघर्षमा छन् ।'

माया तजे क्या भया , जो मान तजा नहिं जाय ।
जेहि माने मुनिवर ठगे , सो मान सबन को खाय ।।१४०।।

माया छोडेर केभो खै , सकेनन् मान त्याग्न पो ।
ठगिए मुनि मानैमा , त्यै मानले सबै सक्यो ।।

अर्थ– घर धन परिवार आदि त्यागेर साधु भए त के भए, मनको विकार समस्त अभिमान त्याग्न खै सकेका ! जुन मान-ममतामा पर्नाले ठूल-ठूला मुनि-श्रेष्ठहरू ठगिए, उही अभिमानले आज पनि सबैलाई खाइरहेछ, कल्याणपदबाट पाखा पारी पुऱ्याइ-रहेछ ।।१४०।।

अरू– यहाँ ग्रन्थकर्ताले खानी माया त्यागेर परमार्थ–पथिक बनेकालाई वाणी मायामा परी नठगिउन् भनी सावधान गराउनु भएको हो । जडका गुण-धर्म र केवल कल्पनालाई अँगाली 'मैले के के न पाएको छु' भन्ने सम्झी नगम्कनु ।

सत्य चेतन द्रष्टा ज्ञानमात्रमा स्थिति बनाउनु, शुभाचरण-दैवी सम्पत्तिलाई आफूमा उतार्ने प्रयत्नमा लागिपर्नु । तर सत्य पाएको छु, साँचो काम गरेको छु भनेर शुभगुणको पनि अभिमान गर्न हुँदैन । किन्तु जिज्ञासुलाई प्रबोध गर्दा सरलताबाट जस्ताको तस्तो यथार्थ खोली, साँचो ऋुट्टोको परिचय भने गराइदिनै पर्दछ । किनभने किञ्चित् संकेत न बताई, असत्यको त्याग र सत्यको ग्रहण गर्न बन्दैन । जस्तै–

"ताते कछु गुण दोष बखाने । संग्रह त्याग न बिन पहिचाने ।।"
(रामायण)

सबै सम्झन्छन्– हाम्रै मत सत्य हो, हामीले नै तथ्य भेट्टायौं; तसर्थ हाम्रो मात्र मुक्ति हुन्छ । यही मत वेद सम्मत छ, मुक्ति संगत छ, सबभन्दा पुरानो यही हो, कलियुगमा यसैले पार लगाउँछ–इत्यादि । सबै आ-आफ्नै बड़त्त्वमा पर्दछन् । यसैको लागि लडाई झगडा गर्दछन्, वाद-विवाद छेड्दछन्, सम्यक विवेक कोही गर्दैनन् । राग-द्वेष तृष्णा अभिमानादिले आफूलाई खाइसकेको पत्तै छैन ।

अतएव हामी सबै विकार छाडी, आफैंतिर फर्केर कल्याणकै कार्यमा कटिबद्ध बन्नुपर्दछ ।

मायाके झक जग जरे, कनक कामिनी लाग ।
कहहिं कबीर कस बाँचि हो, रुई लपेटी आग ।।१४१।।

माया-ज्योति बिचैं पिल्से, द्रव्य नारी निमित्त मा ।
कबीर के गरी बांच्छौ ! बेरी कपास अग्निमा ।।

अर्थ– काञ्चन-कामिनीरूप मायाको झक–ज्वालामा होमिंदै जगत्-प्राणी जलिरहेछन् वा उही जोशमा विक्षिप्त बनी भोंतारिइ-रहेछन् । गुरु कबीर भन्नुहुन्छ– आगाको भुङरोमा कपास बेरेर कसरी बचाउन सकौला ! त्यस्तै तिमी पनि मायाको साथ सहवास नै प्रियता गरी-गरी मायारूपी आगोबाट कसरी बाँचौंला! ।।१४१।।

अरू– मानिस, विवेक-वैराग्य बिना खानी-वाणीका भुङरामा जलिरहेछन् । यसैले सुखी र शान्त हुन विशेष होश चाहिन्छ । हरेक कामको परिणाम के हुन्छ ! यसको विवेक र दुःखदायी वस्तु देखि मन पछि हटाउनु, चाहिंदोमात्र सङ्ग्रह गर्ने युक्ति सोच्नु । विरक्त सन्त-ब्रह्मचारीले भामिनी-मायाबाट सदा परै रहनु, तिनको चिन्तनसम्म पनि नगर्नु । धनको सङ्ग्रह पनि निर्वाहसम्मको निम्ति राख्नु, बढ्ता धर्म भक्ति सेवा परोकारमा खर्चगर्दै संचय-भारबाट हलुका हुँदै रहनु ।

गृहस्थमा पनि स्त्री-पुरुष दुवैले मर्यादापूर्वक सम्पर्क राखी, पश्चात् परस्परको आसक्ति शमन गर्नु । धनको धेरै तृष्णा न बढाउनु । निर्वाहबाट केही बचाई, परोपकार, दुःखी लाचारको रक्षा, सन्त-सेवामा लगाउँदै रहनु ।

'समुझत है सन्तोष धन, याते अधिक न आन ।
गहत नहीं तुलसी कहत, ताते अबुध मलान ।।'

[सतसई]

माया जग साँपिनी भई , विषले पैठि पताल ।
सब जग फन्दे फन्दिया , चले कबीरू काछ ।।१४२।।
माया भै सर्पिणी विश्व - विष बोकी पताल गै ।
जगतै उसमा अल्झे , हिंडे कबीर कस्सिदै ।।

अर्थ– उपर्युक्त माया, संसारमा सर्पिणी बनी, विषयासक्ति र अभिमानको विष साथ लिएर पताल–हृदयभित्र पसी । यसैका पासोमा परेर समस्त जीव मस्किरहेछन् । कति-कति कबीरू–जिज्ञासु जीव, यो स्थूल मायालाई काछ–त्यागेर हिंडे ।।१४२।।

अरू– खानी-माया त्यागेर हिंड्न त हिंडें, तर विवेक गर्न नसक्ता जीव जहाँ जान्छ, घुमी-फिरी उही जञ्जाल खानी-मायामै पर्दछ । कदाचित् यसबाट बाँचे पनि अर्को वाणी-कल्पनारूप मायामा पर्छ । कल्पित मान्यता पनि सूक्ष्म मायाकै अङ्ग हो भन्ने विवेक गर्न सक्तैन । 'ब्रह्म र जगत् एकै हो' यो वेदान्तको अन्तिम निर्णय हुनाले, जगत् र ब्रह्म एकै वस्तु माया नै ठहरे । नाममात्र तीन पर्न गएको हो ।

साँप विच्छू का मन्त्र है , माहुरहू झारा जाय ।
विकट नारिके पाले परे , काढि कलेजा खाय ।।१४३।।
मन्त्र छ सर्प बिच्छी को , तिव्र बिष त झार्दछन् ।
कर्कशा नारीको फन्दा , कलेजै लुछि मार्दछन् ।।

अर्थ– साँप बिच्छीले डसे टोके डङ्कमारेको विष उतार्ने अनेक मन्त्र अर्थात् विज्ञजनका सल्लाह छन् । खाएको विष पनि औषधी-को उपयोगले वमन र दिसाबाट झार्दछन् । तर भीषण स्त्रीका फन्दामा पर्ने व्यक्तिको कलेजै लुछेर खान्छे । (हृदयको स्वरूपबोध-वैराग्य नै विनाश हुन्छ) ।।१४३।।

अरू– सबै मन्त्र कल्पित हुन् । वास्तवमा मन्त्रले विष झर्ने होइन । मन्त्रको प्रयोगगर्नेले पनि औषधी जडी-बुटीको प्रयोग गरेको अनेक घटना आफ्नै आँखाले देखिएको, अनुभव भएको पनि छ ।

यहाँको मुख्य भाव हो–साँप बिच्छिहरूको विष पनि तेत्तिको उग्र होइन, उपायबाट शमन हुन सक्तछ। तर भयानक नारीको आसक्तिरूपी विष छुट्न सारै कठिन पर्दछ। नारी-आसक्तिमा परी महान्-महान् व्यक्ति पनि जञ्जाल बन्धनमा परे विनष्ट भए।

यहाँ नारी-पुरुषको परस्पर कामासक्ति नै अति विकट हो। यसैले ती दुवै-जन्मभर परवशतामा परी, कष्ट खप्नेर जन्म-मरण, तीन खानिमा घुम्ने, सास्तीमा पर्ने हुन्छन्। विवेक र दोष-दर्शनयुक्त समस्त आसक्तिलाई सर्वथा त्याग नगरी, यो कष्टबाट कसैले फुर्सत पाउँदैन।

विकट नारीको यो पनि भाव हो– जो गृहस्थजन निम्न प्रकारकी अविवेकिनी दुच्छर स्त्रीको फन्दामा पर्दछन्, तीनको कलेजो छिया-छिया नभई छाड्दैन।

'न्यायान्याय कुनै छैन , जित्नमै ज्यान फाल्दछे।
व्यर्थ कचकचे गाली , सबैको गिदि चाल्दछे॥
सौता समान सासू र , बाँधा फैं पति ठान्दछे।
जेठानी नन्दको सातो - लिन्छे मैं मुख्य मान्दछे॥
बेइज्जती र फोहोरी , शब्द ब्यौहार मात्र छ।
नारी विकटको चाल , सोफै नरक पात्र छ'॥

तामस केरे तीन गुण , भँवर लेइ तहाँ बास।
एकै डारी तीन फल , भाँटा ऊख कपास॥१४४॥

तामसको गुणै तीन , त्यहीं भ्रमर वास छ।
त्रि-फल एक हाँगामा , भण्टा उखु कपास छ॥

अर्थ– तमोगुणी अज्ञान-मायाको कार्य हो– शरीर। यसमा तीनगुण छन्– सत्त्व रज तमोगुण। ती त्रि-गुणी प्राणीरूपी भ्रमराको तिनै त्रि-गुणमा निवास छ, त्यहींको सुगन्ध लिइरहेछन्। एकै हाँगामा तीन फल फलेका छन्– उखु, कपास र भण्टा। अर्थात् एकै

अज्ञान-मायाबाट सत्त्व रज तम-तीन गुणका वाणीमा पनि आचरण गर्नथाले ।।१४४।।

अरू– तिनमा बाहिर कहीं दोस्रा ईश्वर छन् भन्ने कल्पना गरी, तिनको उपासनाका आधारबाट अहिंसा-दयादि पालन गर्नु र ब्रह्मज्ञानको सविकल्प समाधि, साक्षीदशासम्म सत्त्वगुणी आचरण हुनाले उखु चुस्ता गुलियो रस चाख्न पाए झैं तिनले गीता १४।१८ अनुसार उर्ध्वलोक निवास अर्थात् सत्त्वगुणी आचरणको शान्ति-सुख प्राप्त गर्दछन् । दोस्रा–अनेक देव-देवी, स्वर्गादि लोकको कल्पना गरी, तिनको प्राप्ति वा यसैलोकको सुख-लाभको आशाले यज्ञ तप तीर्थ व्रत कर्मादि गर्नु नै रजोगुणी आचरण हो । कपासको कपडा बुनाई, पहिरी, केही दिनमा फाटी नाश भएझैं ती रजो गुणी व्यक्तिले मध्यम दर्जाको भोग भोग्छन् । केही दिनमा भोग नाश हुन्छ, फेरि उस्ताको उस्तै रहन्छन् । तेस्रो–इच्छा पूर्तिको निम्ति भूत प्रेत भैरव काली आदिको पूजा, बलिदान आदि गर्नु–तामसी आचरण हो । भण्टा टिप्ता काँढाले घोचेझैं ती कर्महरूको फल भोग्दा नीच खानिमा गई कष्ट भोग्दछन् । माथि लेखिएका तिनै थरी मायाकै फेटभित्र जन्मन्छन् मर्दछन्, आवागमनको चक्रबाट पार पाउने हुँदैनन् । अतएव ती सबै मन-कल्पित कर्म हुन् । बिना पारख सबै मनकै चक्करमा परिरहेछन् । यदि यो चक्रबाट बाँच्ने मन छ भने पारख-कसीद्वारा जाँची बुझीमात्र बोध आचरण ग्रहण गर्नु र स्वयं परीक्षकलाई विवेकको माध्यमबाट अनुभव गरी, त्यहीं स्थिर शान्त रहनु पर्दछ ।

मन मतङ्ग गइयर हने , मनसा भई सचान ।
जन्त्र मन्त्र माने नहीं , लागी उडि उडि खान ।।१४५।।

**मन - हात्ती मृग खेद्छ , सङ्कल्प बोहरी बडी ।
यन्त्र मन्त्रादि मान्दैन , खान लाग्यो उडी उडी ।।**

अर्थ– हात्ती विषयासक्ति-वश मदोन्मत्त भएपछि जङ्गलका अरू जनावरहरूलाई देख्तै लखेटी लखेटी मारिछाड्दछ । त्यस्तै छटाहा मनले इन्द्रियवर्गलाई विषयमा बोरी, जीवको शान्ति-सुख नष्ट गरिरहेछ । उता विषय-भोग र अनेक कल्पनारूपी बाज पक्षीले चौ तर्फ उडी-उडी जीवको विवेक-विचार बरबाद पारिसक्यो । यिनलाई नाश गर्न वेद तन्त्र ग्रन्थादिमा अनेक मन्त्र-यन्त्र, तन्त्रादि बनेका छन् । तर तिनबाट मन मनसा-लालच कत्ति शमन हुन सक्तैनन्, फन् सुपुष्ट बन्दछन् ।।१४५।।

अरू– पैतालाको विकार, शिरको उपचार ! रोग के निर्मूल हुन्थ्यो ! मन-कल्पनाको स्वरूपलाई राम्ररी ठम्याउनु, जसको भूलबाट यी सम्पूर्ण रोग खडाभएका हुन्, ती चेतन र व्याधिलाई ठीक-ठीक चिन्नु; भक्ति वैराग्य र स्वरूपस्थितिको उपचार गर्नु, अनि मन र मनका मान्यता सबै कपूरझैं उडी विलय हुनेछन् ।

मन गयन्द माने नहीं , चले सुरति के साथ ।
महावत विचारा क्या करे , जो अंकुश नाहीं हाथ ।।१४६।।

मन - दन्ती त मान्दैन , दौडन्छ लक्ष्य साथमा ।
माहुते ले गरोस् के खै ! अङ्कुश छैन हातमा ।।

अर्थ– मनरूपी मत्ता हात्ती रत्तीभर टेर्दैन, लक्ष्यको साथसाथै दौडिरहन्छ । बिचरो जीवरूपी माहुतेले के गरोस् ! उसको हातमा पारखरूपी अङ्कुश पनि त छैन ।।१४६।।

अरू– मनरूपी उन्मत्त हात्ती आजीवन जीवका साथै रहन्छ । यसको स्वभावै छ–सदा भोग-विलास अनेक लत, कुकर्ममा जीवलाई दौडाइरहने । अतएव जीवको होशियारी हो–पारख साधनाको अङ्कुश र वैराग्यको मुङ्ग्रो साथै राखी, मनरूपी बौलाहा हात्तीबाट सँधै सावधान रहनु ।

"जो दुःख होंय सो थोरे समुझौ , उनमत गज असवार ।
सब जीवन जग रूप लखाये , जिन पर ममता झार" ।।६।।

ई माया है चूहडी , औ चुहडों की जोय ।
बाप पूत अरुझाय के , संग न काहु के होय ।।१४७।।
माया हो भङ्गिनी भ्रष्टा , भङ्गी कै गृहणी पनि ।
अल्झाएर पिता पुत्र , कसैका साथ भैन नि ।।

अर्थ– शरीर, सम्पत्ति र भामिनी सम्बन्धी वासनारूपी माया नै चुहडी–निम्नातिनिम्न अबला वा दुर्गुण-राक्षसकी प्रेमिका हो। यो पूर्ण दुःखदाइनी छ। बाप पूत–जीव र मनलाई साथै अल्झाइराखने यसको स्वभावै छ। आखिरमा यो कसैको साथी हुनेहोइन ।।१४७।।

अरू– रोग–शोक, तीनताप, दुर्गन्धादिले पूर्ण; क्षणभङ्गुर, दुःखको मुटुरो–यो कायारूपी राक्षसी हो। सम्पत्ति र ललना-माया दुइ दिनका रामछाया हुन्। यस्तै दुर्गुणै-दुर्गुणको थुप्रो, वासनारूपी दानवी अर्की छ। जीवबाटै बनेको हुनाले मन छोरो भयो, जीव बाबु। यी दुवैलाई आफसमा अल्झाई माया उछिट्टिएर पृथक हुन्छे। अथवा सारा मानिस बाबु छोराका नाता भित्रै छन्। सबैलाई यही मायाले संसारमै अल्झाइरहीछ। तर त्यो कपटपूर्ण छली कसैका साथी हुने होइन।◈ यसैले भनेको–मायामा कोही नभुल्नु। यसको

◈ "This world that did'nt become Sulaiman's
will never be yours either."
So says the proverb
Passed on from mouth to mouth,
It is true
we will go,
But the world
And everything in it
Will be left for the people. –Enver Aliboin

'यो संसार सुलेमान जस्ताको ता हुनसकेन भने कहिल्यै कसैको हुने छैन' भन्ने मौखिक उक्तिको आहान छ, यो सत्य हो। हामी जान्छौं तर यो सन्सार र यहाँका हरेक चीजले यहाँका मानिसलाई छोडिदिन्छन्।

वास्तविक स्वरूपलाई राम्रो ठम्याई, यही जीवनमा शीघ्र स्वयंको कल्याण-कार्य बनाइहाल्नु ।

कनक कामिनी देखि के, तू मत भूल सुरङ्ग ।
मिलन बिछुरन दुहेलरा, जस केंचुलि तजत भुवङ्ग ।।१४८।।

सम्पत्ति सुन्दरी देखी, सुरङ्ग बस्नु के भुली !
मिल्दा छुट्ता व्यथा खण्छ, फेर्दामा सर्प - काँचुली ।।

अर्थ– हे ज्ञानवर्ण चेतन ! हातको मैलो धन र दुःखको थैलो भामिनीका शरीरको सुन्दर बनोट, नक्कल-फक्कल देखेर तिमी एकरस स्वरूप-ज्ञानसम्पन्नका समर्थ मानव नभूल । ती मिल्दा-छुट्दा दुहेलरा–दुवै समयमा अति कष्ट दिने हुन् । जस्तो काँचुली आउँदा-जाँदा दुवै समय, सर्पलाई सारै-कष्ट हुन्छ ।।१४८।।

अरू– भन्दछन्–काँचुली छिप्पिएपछि सर्पलाई चल-फिर गर्न सारै कठिन पर्दछ । शरीर बोझ्ना बन्दछ, आँखा टालिन्छन् । काँचुली छुटेपछि पनि घस्रँदा कमला छालामा काँडा, घोचा, गिर्खाले बेस्कन घोच्दा, दरफन्याउँदा ऊ व्याकुल-दुःखी हुन्छ । यस्तै सम्पत्ति नभए, छैन भन्ने चिन्ता; कमाउने परिश्रम हैरानी; छ भने रक्षा र वृद्धिको मेहनत-फिक्री । के गरौं ! कहाँ लगाउँ ! अरूले खाइ-देलान् कि भन्ने त्रास । विवेक-वैराग्यको कमीमा जति सम्पत्ति भएपनि पुग्दैन । धनको भावना मनमा रहुन्जेल सुख शान्ति सन्तोष आउन दिदैन । अतएव निवृत्ति- परायण पुरुषले यसको सङ्ग्रहमा पर्ने प्रयोजनै छैन । कतैबाट आएको छ भने पनि 'जसरी आउँछ उसैगरी तुरुन्त सन्त सेवादि सदुपयोगमा लगाइहाल्नु' । गृहस्थीमा पनि निर्वाहसम्मको सङ्ग्रह राखी, बाँकी परोपकार सेवा सहयोगमा लगाई, भारबाट हलुका हुँदै रहनु । भामिनी-माया (कामासक्ति) पनि कल्याणेच्छु, साधु ब्रह्मचारीजनको निमित्त सर्वथा बाधक छ । यसैले नर-नारी दुवैले संयम ब्रह्मचर्य-व्रत पालनपूर्वक सत्सङ्ग,

भक्ति साधनामा कटिबद्ध रहनु । गृहस्थीमा पनि विपरीत- घटको कमभन्दा कम साथ-सहवास परोस्। एक दुइ सन्तान भएपछि दुवैले त्यागवृत्तिलिई शुद्ध रीतिबाट सत्सङ्ग भक्ति साधनामा अघि बढ्नु । यसो गऱ्यो भने दुवैको स्वर्णमय जीवन बन्नेछ ।

वर्तमानमा निर्भार सुखी शान्त रही, परलोक पनि सुध्रने-आदर्श जीवनको सर्वोत्तम मार्ग यही हो। तर यसलाई पनि तृष्णा, प्रवृत्ति, सुखाध्यासले बिथोल्ने थिच्ने, उडाउने हुन्छन् । तिनलाई सर्वथा शमन गर्न, सदा सत्सङ्ग भक्ति विवेक वैराग्यको धारणा राख्नुपर्दछ । यसरी यिनैलाई बढाउने चेष्टामा अविरल भावबाट लागिपर्नु हाम्रो परम कर्तव्य हो ।

माया केरी वसि परे , ब्रह्मा विष्णु महेश ।
नारद शारद सनक सनन्दन , गौरी - पूत गणेश ।।१४९।।

मायाका वशमा मस्के , हरि ब्रह्मा महेश जी ।
नारद सारदा चार - सनकादि गणेश जी ।।

अर्थ– पितामह ब्रह्मा श्री विष्णु शिवजी नारद शारदा सनक आदि चार मुनि, पार्वतीका पुत्र गणेशजी–इत्यादि सबै मायाका विवशतामा परे ।।१४९।।

अरू– पुराणानुसार माथि लेखिएका देवता मध्ये ब्रह्मा, विष्णुहरू स्थूल-सूक्ष्म दुवै मायामा सम्मिलित हुनुहुन्थ्यो । सनकादि मुनिले स्थूल खानीमाया–घर परिवारलाई त्यागे तापनि व्यापक-ब्रह्मको धारणा लिएका हुनाले सूक्ष्म मायाबाट छुटेका थिएनन् भन्ने ग्रन्थकर्ताको भाव हो । यो कुरा बिस्ताररूपबाट माथि वर्णन भइ-सकेको छ ।

पीपरि एक जो महा गम्भानि , ताकर मर्म कोई नहिं जानि ।
डार लम्वाय फल कोई नपाय , खसम अछत वहु पीपरे जाय ।।१५०।।

शाङ्गीकर्न एक अश्वत्थ वृक्ष , कोही जनै भेद रती न जान्ने ।
हाँगा बढेर फल भेटिंदैनन् , स्वामी छँदै माइत भौ❀ प्रसूती ।।

❀ बुहारी ।

अर्थ– पीपरी–प्यारा परमात्मा, पर कहीं छन् भन्ने कल्पनारूपी पीपलको बोट महा गम्भानी–संसारमा धेरै नै छाङ्गिरहेछ–यसको रहस्य आजसम्म कसैले जान्न सकेनन्। त्यसको डार लम्बाय–हाँगा (वेद शास्त्र, उपनिषद्-पुराणादि) वाणीलाई आ-आफ्नैतिर तानेर परमात्माको दर्शनरूपी फल सबै चाहन्छन्, तर कसैले भेट्टाउने होइनन्। खसम अछत–आफैं चेतन-मालिक हृदस्थ छँदाछँदै, बहु–भावुक जीव पिपरेजाय–माइतै (मन-कल्पना मै) ईश्वर-ब्रह्म देवी देवादिको भावना जन्माइरहेछन् ।।१५०।।

अरू– वाणी खानी जालका कर्ता सञ्चालक संरक्षक मानव वा हृदय निवासी चेतन जीव नै सर्व श्रेष्ठ हो। यसदेखि पृथक मालिक अरू कतै कुनै छैनन्। यदि जगत्का सृष्टि स्थिति कर्ता दोस्रा कुनै भए पुराणानुसार उनी दयालु न्यायी सर्व शक्तिमान; सर्वज्ञ र सर्व-प्रेरक हुनाले आज संसारमा यत्रो हिंसा मार-काट लडाई र अनाचार अनावृष्टि अति वृष्टि आदि केही उपद्रो हुने-रहने थिएनन्; परस्पर मेल प्रेमसम्पन्न बनाइदिनेथिए। वेद-कुरान, बाइबिल आदि अनेक ऐन र नाना मत-धर्म नरहेर एकै सूत्रमा सबैलाई बाँधिदिनेथिए। सृष्टिको नियम–(वर्षा घाम उपजादि) सबै ठीक-ठीक चल्ने-हुनेथिए। वर्तमान-संसारको अनिकाल सूखा बाढी-पीडित व्याधिग्रस्त व्यथित आदि परिस्थिति किन रहन्थ्यो ! उनले जानेका थिएनन् कि भनौंभने, उनलाई सर्वज्ञ भन्दछन्। अशक्त छन् भनौंभने, सर्व शक्तिमान, दयालु, प्रेरक न्यायी भन्दछन्। यस्ता मालिक छँदै, संसारमा अन्याय, बेथिति र मानिसकै मनपरी चल्नु नपर्ने ! इत्यादि अनमेल पर्न आउनाले, ती सबै कुरा जीवकै मन-अडकलका मात्र रहेछन्। अतः जगत् अनादि हो भन्ने सरासर सिद्धै छ भने ती कर्ता भए कसोगरी ! जडतत्त्वका गुण-धर्मबाट ब्राह्माण्डिक क्रिया भइरहेकै छन् ! शरीरधारी

चेतनले पनि जस्तो कर्म गर्दछ, उस्तै फल स्वयं भोग्दै आइरहेकै छ। वर्तमानमा वासना-वश बन्धनमा छ, बोध-शुभाचरणबाट बन्धन-देखि छुटी, स्वतन्त्र मुक्त हुन पनि सक्तछ। यिनै धारणा र आच-रणबाट स्वयंमा शान्त रहनु-न्याय र निष्पक्षको कुरा हो, मुमुक्षु-जनको परम कर्तव्य पनि यही हो।

''सामान्य विशेष ईश्वर नहीं है। कहूँ प्रेरता है कहूँ तो नहीं है।।
यदि होता ईश्वर जगत्‌का नियन्ता। तो सृष्टिका कायदा ठीक चलता।।
[न्यायनामा-दिगर]

साहु से भौ चोरवा, चोरहु से भौ हीत।
तब जानोगे जीयरा, जबरे परेगी तूरु ।।१५१।।

साहु बाटै भयो चोर, चोरैको भर गर्दछ।
तबै हे जीव जानौला, जब स्व शिर पर्दछ।।

अर्थ– साहु–सत्य चेतन जीवबाटै, भूलवश चोर वा मन-कल्पनारूपी दस्यु प्रकट भयो। जीव यसैबाट मेरो हित-कल्याण हुन्छ भन्ने सम्झी, उसैलाई इष्ट मानिरहेछ। हे जीव! जब तिमी त्यसका सम्मतबाट बनेका कर्महरूको तीतो फल भोग्न बाध्य बनौला अनि थाहापाउनेछौ ।।१५१।।

अरू– मानिस कर्म गर्दा स्वयं मनका मतिमा परी कर्म गर्दछ, पछि कसैले पाप-काटी, मुक्ति-गति देलान्, सुख-शान्ति पाउँला भनी कल्पनाका इष्ट गोहार्दछ, उपासना गर्छ। आफूले गरेका सच्चा कर्मको फल पनि कल्पनाका इष्टले कसोगरी काटिदिन्छन् र! तिम्रा पूजा रोजा गिर्जाघर आदि त्यस बखत केही काममा आउने छैनन्। हुँदै नभएका ब्रह्म कसोगरी बन्दछौ! कुराले मिलाउँदैमा विभिन्न गुण धर्मो जड-चेतन पनि कहिल्यै एक बनी अवस्तु बन्दछन् र! अतः कसैको भरोसामा नपर, पारखपूर्वक आफ्नै कर्म सुधार। हृदयकै साँचा देवतालाई चिन, मनको आसक्ति कल्पनालाई बगाइ-देउ, सुखी बन।

यो साखीको यो पनि अर्थहुन्छ–साहू (विवेकी सन्त गुरु) देखि जीव चोर बनी मुख लुकाउँछ, चोर–विषयी र भ्रान्त जीवसित मित्रता गर्दछ, तर हे जीव! जब कुसङ्गको परिणाम कर्मफल भोग्न बाध्य होउला, तब त्यस बखत थाहापाउनेछौ! अतः कुसङ्ग-त्याग, सुसङ्गमा लाग।

ताकी पूरी क्यों परे, जाके गुरु न लखाई वाट।
ताके बेडा बूडि है, फिरि फिरि औघट घाट ॥१५२॥

उसको पूर्ण के होला, मार्ग - दर्शी नभै गुरु।
जहाज उसको डुब्ला, परी कुघाट नै बरु॥

अर्थ– जसलाई पारखी गुरुले विवेकको बाटो देखाइदिनु भएको छैन, त्यस्तालाई पूर्ण पारखदृष्टि, सम्यक स्वरूप बोध र सर्वथा शान्ति के गरेर मिल्दछ! यस्ताको मनुष्य शरीररूपी जहाजमात्र, आसक्ति कल्पनारूपी कुघाटमै पुनः- पुनः डुब्नेभयो। आखिर त्यसले तल तीन खानी र गर्भवासमा बारम्बार दुःख भोग्नेछ ॥१५२॥

अरू–जीव अनादिदेखि चार खानिमा घुम्दै, गर्भवासमा डेरा-सर्दै आइरहेछ। अतः आज यो मनुष्य शरीरमा त अवश्य पनि सत्य चेतनको स्थिति गराइदिने पारखी सन्त गुरुरूपी मार्गदर्शकलाई खोज्नुपर्दछ। उहाँबाट सत्य-तथ्य सिकी, आफ्नो विवेकबाट पनि जाँची, ठीक मार्ग पक्रनुपर्दछ। अन्यथा फेरि पनि उही पुरानै दशा– आवागमनको फेरोमार्न छुट्नेछैन। विषयासक्तिमा डुबी-डुबी वा कल्पनाका बतासमा उडी-उडी जीवले कहाँ शान्ति-स्थिति पाउनु! यसैले पारखी गुरुजनका साथ सङ्गत र विवेककै अनुसरण गर्नु योग्य छ।

ज्ञानी अमानी निस्पृही बनि कामनाएँ त्याग दो।
मिथ्या जगत् को जानकर उसमें नहीं अनुराग दो॥

सद चिद सदा निज रूप लखि अनुमान दूरि बहाइये ।
विष जानकर सारे विषय तजि शान्ति सदन बनाइए ।।
[श्री चेतनसा.– छन्दावली]

जाना नहीं बूझा नहीं, समुझि किया नहिं गौन ।
अन्धेको अन्धा मिला, राह बतावै कौन ।।१५३।।

ज नेको छैन सोध्दैन, सम्झी लाग्दैन मारग ।
अन्धलाई मिले अन्ध, को बताओस् सु मारग ? ।।

अर्थ– सार-सत्य वस्तु पारख-चेतन स्वरूपलाई न आफूले जानेको छ, न पारखी, वैराग्यपूर्ण सन्तसित सोधी-बुझी, सम्झने प्रयास गर्दछ; अब यस्तालाई स्वरूपबोध-स्थितिको सम्यक रहस्य कहाँ मिल्न सक्तछ ! अन्धो व्यक्तिले उस्तै अन्धोलाई भेट्योभने कसले कसलाई बाटो देखाउने ! यसैले जीवको अवदशा भइरहेको हो । अतः सावधान ! पूर्ण पारखी गुरु खोजी, चाँडै नै कल्याण गरिहालौं ।।१५३।।

जाका गुरु है आँधरा, चेला काह कराय ।
अन्धे अन्धा पेलिया, दोऊ कूप पराय ।।१५४।।

गुरुछन् जसका अन्धा, के गर्छ शिष्यले भन ।
अन्धै अन्धा लठारिदै, कूप पर्छन् दुवै जन ।।

अर्थ– जसका गुरु नै पारखदृष्टिबाट विहीन छन् भने, त्यस्ताका शिष्य बिचरोले के गरोस् ! आखिर गुरु-शिष्य दुवै अन्धा, परस्पर ठेलाठेल गर्दै, अज्ञान आसक्ति कल्पनाका इनारमा पर्ने हुन्छन् ।।१५४।

लोगों केरि अथाइया, मति कोइ पैठो धाय ।
एकै खेत चरत्त हैं, बाघ गधेहरा गाय ।।१५५।।

जन समाजमा धाई, न घुस्नु सहसा कतै ।
एकै खेत तहाँ चर्छन्, बाघ गाई गधा उतै ।।

अर्थ– अज्ञ–प्रपञ्चीजनका अथाइया–समाजमा हत्तपत्त कोही नजाउ, नबस । किन भनौला ! त्यहाँ एकै खेतमा बाघ गधा

गाइहरू चर्दछन् । अर्थात् त्यहाँ कुनै न्याय हुँदैन, तेल-पानीको एकै भाउ गर्दछन् ।।१५५।।

अरू– जहाँ जड-चेतन, शुभाशुभको विवेक नगरी, एकैमा मुछ्दछन्, रज तम सत्व-तीनै गुणका मानिस एक ब्रह्मरूप खेतमा निर्वाहा गरिरहेछन्, तिनीहरू 'त्यागी भोगी हिंसकी मोही राज्य भारयुक्त-जे जस्ता भएपनि एक ब्रह्मको बोधमात्र हुनु पर्दछ, सबै मुक्त हुन्छन्' भनी प्रमाणित गर्दछन् ।

कृष्णो भोगी शुकः त्यागी राजा जनक राघवौ ।
वशिष्ठ कर्म कर्ता च त एते ज्ञानिनः समाः ।।

[योगवाशिष्ठ]

'कृष्ण भोगी, शुकदेव त्यागी, जनक र राम राजा, वशिष्ठ कर्मी थिए तापनि ती सम्पूर्ण ज्ञानीजन ज्ञानले संयुक्त हुनाले सबैको एकसमान मुक्ति-गति भयो' भन्दछन् । तर यो सबै कल्पना, मनानुसार सुख भोगी-भोगी पनि मुक्ति पाइन्छ भन्ने एक वाक-चातुर्यमात्र हो; कुनै विवेक र न्यायको कुरा होइन । तिमी त आफ्नो कल्याण गर्ने–जड-चेतन, बन्धन-मुक्ति आदिको ठीक-ठीक विवेक गर । शुद्ध ज्ञानस्वरूपको परीक्षा गरी बस, जीवनभर सदाचरण पालन गर । सबैलाई एकमा नमुछ । विषय भोगी-भोगी मुक्त बन्न नखोज ।

न्यारा सो न्यारा रहै , नाशि होय भव कूप ।।

[गुरुविशाल]

चारिमास घन वर्षिया , अति अपूर जल नीर ।
पहिरे जड तन बख्तरी , चुभै न एकौ तीर ।।१५६।।

चौमासा वृष्टि भै मेघ , सर्वत्र जल मग्न भो ।
लाए कवच जड्ताका , बिजेन बाण एक जो ।।

अर्थ– चतुर्मासाभर उपदेशको अखण्ड वर्षा भई, ज्ञानरूपी जल सर्वत्र भरीपूर्ण छेलोखेलो भयो । तैपनि जसले जड बुद्धिको

बख्तरी–फलामे जङ्गी-पोशाक–कवच पहिरेको छ, उसको हृदयमा ज्ञानरूपी बाण एउटा पनि बिज्नसक्तैन ।।१५६।।

अरू– ठाउँ-ठाउँमा चतुर्मास-बर्सातभर सत्सङ्ग कथा उपदेश हुन्छ । सत्सङ्ग-सङ्गममा कथा चल्दछ । भक्तका घर-घरमा पनि समय-समय विवेकी सन्तद्वारा सत्सङ्ग कथा सुन्दछन्; यसैबाट श्रद्धालुजन कृतकृत्य हुन्छन् । तर जडत्वपूर्ण हृदय भएका जनमा भने ज्ञानको प्रकाश कत्ति पर्न सक्तैन ।

अथवा– चतुर्मासिपर्यन्त भागवत आदिका कथा, चरित्रादि वाणीको धेरै वर्षा भयो वा चार वेदको शिक्षारूपी अतिवृष्टि भयो; तर जीवले त्यहाँका कल्पना र जडतारूपी कवच पहिरेकाले सार-सत्य ज्ञानमात्र चेतन र सदाचारलाई अँगाल्न सकेनन्; स्वतन्त्र विवेकको एक वचन पनि तिनका हृदयमा पस्न सकेन । अतः 'शुरू देखि नै राम्रो विवेक गर, सत्यलाई चिन, सत्यमै स्थिति बनाउ' भन्ने गुरुको इशारा हो । जसमा अब उप्रान्त तिम्रो 'वल्लो घाट न पल्लो तीर' हुन नपाओस् !

गुरुकी भेली जीव डरै, काया सींचनहार ।
कुमति कमाई मन बसे, लाग जुवा की लार ।।१५७।।

गुरु गुड भयै मान्छन्, काया पोषक जोव जो ।
कुबुद्धि फलको आशै, जूवा व्यसन लाग्न गो ।।

अर्थ– काया सींचनहार–जड शरीरका पोषक भोगीजन गुरुकी भेली–गुलियो शखरका चाकासमान सुख-कारक हितैषीसन्त-गुरुद्वारा सत्सङ्ग सुन्न, गुरु-दीक्षा लिन पनि भयभीत हुन्छन् । पूर्वका कुबुद्धिको कमाई–विषय-सुख ऐश्वर्यमै यिनको मन गाडिएको छ । जूवा-खेलबाट सर्वनाश हुन्छ भन्ने जान्दाजान्दै पनि लार–लत परे पछि दोष-दर्शन बिना छुट्न कठिन छ । त्यस्तै कुकृत्यको कमाई र विषय भोग निषिद्ध हो भन्ने जान्दा-जान्दै पनि मानिस पूर्वकै आदत-वश छोड्न सक्तैन ।।१५७।।

अरू– सुख-शान्ति र कल्याणको इच्छा छ भने थालनीमै विवेकबाट काम लिनु, विवेक-यन्त्रलाई नछाड्नु। यो यन्त्र दूर-बीन होइन, अणु-वीक्षण यन्त्रसमान हो, यसले नजिकै-आफैंले गरेका र गरिने कामको परिणाम–के के फल मिल्दछ ? कहाँ पुऱ्याउँछ ? त्यो हेर्ने, विचार गर्ने, अति गुन्ने गर्नुपर्छ। यही यन्त्रले हामीलाई माथि उचाल्नेछ। शरीरासक्तिबाट स्वरूपानुरक्ति बनाउनेछ। भोग दुःखको प्रवृत्तिबाट त्याग-सुख, निवृत्ति शान्तिमा स्थिर गराउनेछ। बाहिरी लतलाई लत्याएर द्रष्टा-शान्ति शुभ आचरणद्वारा परम तृप्तिमा निहाल गराइछाड्नेछ। लोकोक्ति पनि छ–

'अरू तर्फ पीठ दयौ , आफैं तर्फ टीठ दयौ'
'उसलाई न हेर , मलाई हेर।'

तन संशय मन सोनहा , काल अहेरी नीत।
एकै डाँग वसेरवा , कुशल पुछो का मीत॥१५८॥

देह शंका मनै कुत्ता , शिकारी काल हो नित।
एकै जङ्गलका वासी , सोध्छौ कुशल के मित !

अर्थ– दुःख र परवशताको घर यो शरीरमा अनेक भ्रम सन्देह, सोनहा [मन-मायारूपी] जङ्गी भोटे कुकुर, काल–अनेक कल्पना; अहेरी (वाणीका वाण र कल्पनारूपी धनुर्धारी) भ्राम-कजन–इत्यादिका साथ एकै डाँग–विकट (वाणी-खानीरूप) आरण्य-मा सदा निवास गरिरहन परेको छ भने हे मित्र ! 'कुशल छ', भनी के सोध्नुहुन्छ ! ॥१५८॥

अरू– आफूलाई ठूलो सङ्कष्ट माखेसाङ्लोको बीच सम्झी, त्यसबाट बच्ने चेष्टा हुनु नै विचार जाग्रत् भएको सूचक हो। विचार जाग्नासाथ उसको दाजु विवेक आई, सहायक बनिहाल्दछ। अब जीवको दुःख छुट्ने मेसो पहिल्यो। हो, अब तिमी पनि पारखी सन्तका सत्सङ्गमा बस, जति सत्सङ्ग गर्नेछौ, उति विवेकदृष्टि

खुल्दै तीव्र हुँदै जानेछ। जड-चेतन स्पष्ट छुट्टिने, शुभाचरण बढ्नेछ। वैराग्य साधनामा साहस भरिनेछ। अनि अवश्य जीवको कल्याण हुनेभयो भन्ने सम्झे हुन्छ। मुख्य विचार-विवेक जगाउने माध्यम सत्सङ्ग नै हो। मानिसमा परस्पर भेटहुँदा कुशल सोध्ने प्रथा हामीलाई ज्ञानमा जगाउने एउटा सरल माध्यम हो। तर हामी आफूपट्टि न फर्की-विवेकै नगरी, मुख बोलाउमात्रमा 'सञ्चै छ' भन्दछौं, यही हाम्रो त्रुटि भइरहेछ। अब यसलाई सुधारी, आफैं तर्फ फर्की, आफ्नो अकुशलताको छानवीन गर्नथालौं। अनि हामी सुधारको सीढी चढचौं भन्ने सम्झेहुन्छ।

साहु चोर चीह्नै नहीं, अन्धा मति का हीन।
पारख विना बिनाश है, कर विचार होहु भीन ॥१५९॥

साधु तस्कर चिन्दैनन्, अन्धा बुद्धि विहीनका।
बिना पारख भो नाश, बिचारी होउ भिन्न ता॥

अर्थ– अन्धा (बुद्धिविहीन) जनले साहु-चोर (विवेकी सद्-गुरु र भ्रामक गुरुजन) लाई छुट्टचाउन सक्तैनन्। बिना पारख यस्ताको विनाश भइरहेछ, अझै हुनेछ। यसकारण राम्रो विचार गरी, त्यस्ता भ्रामकजनका कुसङ्गतबाट हटिहाल ॥१५९॥

अरू– कबीरसाहेबका अनुयायी कसै-कसैले विवेक गर्नु ठीक हो, गर्नै पर्दछ, भन्दछन् र पनि 'पारख' शब्द सुन्दा आँत्तिन्छन्। विवेक र पारखमा धेरै फरक कहाँ छ र! यस्ता सज्जनवर्गले यो साखी फेरि-फेरि मनन गर्न योग्य छ।

"पारख बिना बिनाश है, कर बिचार होहु भीन।'

गुरु सिकलीगर कीजिये, मनहिं मस्कला देय।
शब्द छोलना छोलिके, चित दर्पण करि लेय ॥१६०॥

बाडिया गुरु नै गर्न्, मन-साँद लगाउने।
शब्द कुरिनले घोटी, चित्त ऐना बनाउने॥

अर्थ– बाडिया जस्ता गुरु खोजी सतसङ्ग-उपासना गर। उहाँबाट तिम्रो मनको खियालाई मस्कला–कुरिन (बोध-साधना) ले दली-दली, निर्णय-शिक्षाको शब्दरूपी शानमा ताछी-ताछी, मल विक्षेप आवरण आदिको खिया फाली, निर्मल ऐनासमान चित्त बनाइदिनु हुनेछ ।।१६०।।

अरू– तिमी त्यस्ता गुरु छान, जसले तिम्रो सुधारमा सहयोग-दिन्छन्। मनको आसक्ति-कल्पना फाली, अन्तःकरण शुद्ध बनाइदिन्छन्। जड-चेतनको ठीक-ठीक निर्णय गराई, अनुभवद्वारा अनुभव कर्ताको अपरोक्ष बोध गराउने छन्। तर तिमीले यस्ता परम विवेकी पुरुष छान्न जानेनौ। अझ पनि केवल स्वार्थ-लाभ, मनको अनुकूलता तथा रमाइलो वातावरण र कुनै कल्पना देखे सुनेर सहसा रिझियौ वा लहै-लहैमा बिक्यौ भने तिमी यसपाली पनि गयौ, फेरि तिम्रो पुरानै रोग दोहरियो भन्ने सम्झ।

'रहनि गहनि सत्य भेस के, हंस दशा शुद्ध होय।
गुरु वाणी निर्णय सहित, लखै अपन पद सोय ।।३६४।।
(पं. गुरुबोध)

मूरख के सिखलावते, ज्ञान गाँठिका जाय।
कोयला होय न ऊजरा, जो सौ मन साबुन लाय ।।१६१।।

मूर्खलाई दिंदै शिक्षा, गुम्दछ ज्ञान साथको।
गोल हुन्न कसै सेतो, मनौं साबुन लाउ जो ।।

अर्थ– मूढजनलाई उपदेश गर्दा, ज्ञान गाँठिका–हृदयको ज्ञान हलुका बनाउनु, सित्तैं उडाउनु; व्यर्थमा आफ्नो शान्ति भङ्गगर्नु मात्र हो। यदि सय मन साबुन सारा घोटी-घोटी धोए पनि गोल-अँगार कथमपि उज्ज्वल हुने होइन ।।१६१।।

अरू– विवादी-मूर्ख जिद्दीवाललाई सम्झाउँछु भन्दा समय विनष्ट गर्नु, अशान्त बन्नु, आफैं चञ्चल छुनु र परिश्रमले पीडित

हुनुमात्र हो। यसैले यस्तो परिस्थितिमा मौनावलम्बनबाट काम लेउ। यसै यिनको हृदय अँगार बनिरहेछ, त्यस्तै चालबाट सेतो कसरी बन्दछ ! जो बुझने सम्झने मन गर्दैन, उसलाई कसैले पनि सम्झाउन सक्तैन। यस्तै व्यक्ति पनि जब कारणवश विनम्र-मुमुक्षु बन्दछन्, अनि ती मूर्खमा गनिदैनन्।

मूढ कर्मिया मानवा, नख शिख पाखर आहि।
बाहनहारा क्या करे, जो वान न लागै ताहि ।।१६२।।
अज्ञ कर्मिष्ठ मान्छेको, झूल नख-शिखा भरी।
के गरुन् ती प्रहारीले, लाग्दैन बाण क्यै गरी ।।

अर्थ– एकोहोरा अज्ञ कर्मिष्ठ मनुष्यले नङदेखि टुपीसम्म पाखर–मूढताको झूल ओढेका हुन्छन्। ◆ यस्ता श्रोतालाई बाणरूपी शिक्षाको एक वाणी पनि लाग्दैन। अतएव यस्तालाई उपदेशरूपी बाण हान्ने शिक्षक सन्तले के गरुन् ।।१६२।।

सेमर केरा सूवना, छिवले बैठा जाय।
चोंच सँवारे शिर धुनै, ई उसही को भाय ।।१६३।।
सिमल बोचको पट्टे, पलास बोटमा गयो।
तिखार्थ्यो चञ्चु मो सोच, उसकै भाइ पो भयो ।।

अर्थ– सिमलको बोट-ढुकन्ते सुगा उडी, पलाँसको बोटमा बस्न पुग्यो। फल खान पाउँला भनी चुच्चो तिखारिरहन्थ्यो, फन् सेप्रा कोसा देख्ता पुर्पुरो कन्याउँदै पछुताई सम्झन लाग्यो– यो पनि उसैको भाइ रहेछ ।।१६३।।

अरू– भाव हो– व्यवहार दुःखरूप नश्वर सम्झी, मनुष्य साधु भेसमा आउँछन्, बिना विवेक कल्पना नै अँगालो हाल्दछन्। दोस्रो, यहाँ पनि गृह जंजालसमान नै प्रपञ्च-व्यवहार अहंकार, राग-द्वेषमा परी पश्चाताप गर्नलागे। अथवा ठीक-ठीक वैराग्य नहुनाले

◆ 'भन्छन्– प्राचीन-लडाईमा हात्ती घोडा ऊँटादिलाई फलामे झूल ओढाइदिन्थे र तिनलाई बाण बिज्न पाउँदैन थियो।'

र यथार्थ सद्गुरुको सत्यज्ञान नपाउनाले भेसमात्रका फोस्रा धन्धा तथा पाखण्डमै परी, बिना सारकै अल्झाईमा जीवन व्यर्थ समाप्त भयो ।

सेमर सुवना बेगि तजु , तेरी घनी बिगुर्ची पाँख ।
ऐसा सेमर जो सेवै , जाके हृदया नाहीं आँख ।।१६४।।

सुगा सीमल चाँडै नै - छाड पङ्ख विनाशला ।
यस्तो सीमल त्यै कुर्छ , भित्री नैन विहीन का ।।

अर्थ– ए सुगा ! यस्तो बेकामको सिमल-ढुकाई चाँडै छाड! सिमल-भुवाले तिम्रा बाक्ला ढपक्क ढाकेका प्वाँखमात्र बिगुर्ची– धेरै खराब भइसके । यस्तो सिमलको सेवन त हृदयमा विवेक-विचाररूपी आँखा नहुनेले मात्र गर्दछन् ।।१६४।।

अरू– स्थूलमाया-विषय भोग, आसक्ति शरीराध्यास◈ र सूक्ष्म-माया–भ्रान्तजनका सहवास तथा वाणी जालका लोक र

◈ Poor Soul, the centre of my sinful earth,
Fool'd by these rebel powers that thee array,
Why dost thou pine within, and suffer dearth,
Painting thy outward walls so costly gay ?
Why so large cost, having so short a lease,
Dost thou upon thy fading mansion spend ?
Shall worms, inheritors of this excess,
Eat up thy charge ? Is this thy body's end ?
Then, Soul, live thou upon thy servant's loss,
And let that pine to aggravate thy store;
Buy terms divine in selling hours of dross;
Within be fed, without be rich no more;
So shalt thou feed Death, that feeds on men,
And, Death once dead, there's no more dying then.

–W. Shakespeare (Sonnet No. 146)

शेक्सपियर भन्दछन्– 'मानव शरीर सारै क्षणभंगुर छ, तैपनि मानिस यसैका सुख श्रृङ्गारको निम्ति निरन्तर चिन्तित रहन्छन् । तर यसको सारा सौन्दर्य देख्तादेख्तै

कल्पित इष्टको भरोसा छाड । यिनमा कुनै सार-स्वत्व छैन । त्यहाँ अल्झनाले मानिसको विवेक-बुद्धिरूपी पँखेटामात्र विनष्ट हुन्छन् । यस्ता निस्सार कष्ट-दायक विषय र कल्पनामा बुद्धि-विहीन व्यक्ति नै अल्झन्छन् । कुशल व्यक्तिले क्षणिक भोग र कल्पना जालमा न अल्झी, स्वरूपको विवेक-स्थिति नै सम्हाल्दछन् ।

वै तो ज्ञान प्रकाश अखण्डित , जानि जनावन हारे ।
याते महिमा है पारख की , जेहिको पाय सह्मारे ।।
[गुरु विशाल]

सेमर सुवना सेइया , दुइ ढेंढी की आश ।
ढेंढी फूटि चनाक दै , सुवना चलै निराश ।।१६५।।

बास सिमलको पट्टे , कोशा दुइ त आश ली ।
कोशा पट्ट फुटयो देख्तै , उडयो तोता निराश ली ।।

अर्थ– सुगाले सिमलका दुइ-एक कोसा खाने आशा गरी बोट ढुकी बसेको थियो, तर फल पाकेपछि कोसा चिटिक्क फुट्ने बित्तिकै भूवा भर्रर उडे, सुगा हिस्स पर्‍यो, निराशभई उडेर गयो ।।१६५।।

बिनष्ट बन्दछ विलुप्त हुन्छ । यो देह त चेतन जीवको निवास स्थानमात्र हो, ऊ अमर छ । तैपनि मानिस उसको उपेक्षा गरेर नश्वर शरीरकै संरक्षण-विलासमा दिन बिताउँछ । समय शक्ति र सम्पत्तिको अपव्यय गर्दछ, यही यसको नासमझीको लक्षण हो । यो भन्दा मूर्खता अरू के त !

मानव शरीरको अपेक्षा मानवता नै अधिक स्थायी र मूल्यवान् सम्पत्ति हो । देह विनश्वर हुनाले आत्माकै श्रेय निमित्त दत्तचित्त रहनुपर्दछ । शारीरिक सुखको अन्त्य बातैबात माहुन्छ, क्षण स्थायी छ; आत्माको सुख चिरस्थायी र मूल्यवान् छ । यसैले आत्माको सुख सन्तोषकै लागि प्रयत्नशील रहनु बुद्धिमानी हो । क्षणिक तृप्तिको लागि महत्त्व दिनु

अरू– दुइ ढेंढी की आश– विषय सुख र ब्रह्म-कल्पनाको आनन्द लिने आशामा समस्त मानव राल चुहाई रहेछन् । संसारको भोगबाट सुखी बनौंला, ब्रह्मानन्दको शान्ति सोरौंला भन्दछन्, पाइने कहिल्यै होइन, सबैको हाल उही सुगासमान भइरहेछ । अन्तमा जीव खानी-वाणीको अध्यास-वश गर्भमा निवास गर्न पुग्दछ, पुग्दैछ । विचारगर, विवेकबाट देख्न सकिन्छ । सुधार गर्ने मौका आजै छ, यस्तो औसर परिरहँदैन, पछि पछुताउन नपरोस् !

लोग भरोसे कौन के, बैठ रहै अरगाय ।
ऐसे जियरहिं जम लूटे, जस मटिया लूटे कसाय ।।१६६।।

लोक के को भरोसाले, बसे आलसमा अझै ।
यस्तालाई यमै लुट्छन्, लुट्छ कसाई मासु झैं ।।

अर्थ– यी जगत्-प्राणी कसका भरोसामा अरगाय चुपचाप मौनी बनी बसिरहेका हुन् ! ◈ यस्ता अल्सी-आशेलाई कसाईले पशुको मासु लुटेसमान, जम–मन- कल्पना वामा- वञ्चकले अवश्य पनि लुट्ने छन् ।।१६६।।

अरू– मानिस स्वार्थ-कामनाको पूर्ति गर्न अथक परिश्रम गर्न पछि हट्तैन । किन्तु परमार्थका साधना–सत्सङ्ग, वैराग्य, दुर्गुणको त्याग र सद्गुण-ग्रहण गर्नलाई मात्र नीचमार्छ, कल्पनाका इष्टको भरोसामा पर्दछ र भन्दछ–

'ये गुण साधन ते नहिं होई । तुह्मरी कृपा पावहिं कोइ कोई ।।"

◈ We do not what we ought
What we ought not, we do,
And lean upon the thought
That chance will bring us through;
But our own acts, for good or ill, are mightier powers.
–Mathew Arnold (Empedocles on Etna)

'हामी गर्न पर्ने काम गर्दैनौं, गर्न नहुने काम मात्र गर्दछौं ।
मौकाले सफलता ल्याउला भन्ने विचारमा ढल्कन्छौं,
तर असल वा खराबको लागि हाम्रै काम-कर्तव्य नै शक्तिशाली छन् ।

मानिस भन्छन्– 'के गर्नु ! मलाई त सत्संगत् गर्न, ज्ञानका पुस्तकहरू पढ्न फुर्सतै छैन, समयनै पाउँदिन ।' धिक्कार ! तिमीले यो कस्तो कुरा गरेका ! समय त सबैलाई एकैसमान मिलेकै छ । के तिमीलाई मात्र आठ दस घण्टा मिलेको रहेछ कि ! ह्वैन, सबैलाई चौबीस घण्टै मिलेको हुन्छ । तर तिमी त्यो समयलाई जे जेमा लगाउन खोज्छौ, त्यो तिम्रै निश्चयमाथि निर्भर छ । हाम्रो निश्चयमा जुन कुरा अति आवश्यक भन्ने लागेको छ, त्यो कामको लागि समय आफैं निक्लेर आउँछ, जुन कामलाई बेवास्ता गर्दछौं, त्यसको महत्त्व, त्यसबाट हुने लाभ बुझेका छैनौं, उसैको लागि समय निक्लँदैन– यो निश्चित् कुरा हो ।

व्यर्थमा घुम्न, खेल सिनेमा भिडियो नाच तमासामा पुग्न, स्वार्थी साथीहरूका साथ सित्तैं समय फाल्न, गफगर्न–आदि-लाई त फुर्सत जतिभनेपनि निक्लन्छ; प्रत्यक्षको लाभ, आजै आफ्नो सुधार हुने, शान्ति सन्तोष मिल्ने, सुखी र भाग्यमानी बनिने शुभ-कामकै लागि त फुर्सत पाइँदैन ! यो हाम्रो समझकै फेर हो । म त भन्छु– हामीलाई आफ्नो हिताहितकै होश नभएको ! वास्तवमा महान् सुख कताबाट पाइन्छ, हामीले यही बुझ्न सकेनौं । अझै समय छ, जागौं–होशमा आउँ । शुद्ध निरोग अन्तःकरण र संयत मन नभई कसैलाई पनि सुख शान्ति हुँदैन । यसैको लागि मानसिक साधनाको सारै खाँचो परेको छ ।

कसै-कसैको भनाई छ– आफ्नो त छाक टार्ने हात मुख जोर्ने काममै समय सकिन्छ, कहाँ भजन गर्न भ्याउनु ? बाबू ! यो त चाहिन्छ, चाहिन्छ । यो बिना त कसैको कामै चल्दैन । हात-मुख नजोरी हात-खुट्टै चल्दैनन्, आँखैं देखिदैनन् । तर यसका साथसाथै तिमीलाई मनको शान्ति

चाहिंदैन ? मन शान्त छैन भने तिम्रा अरू सबै काम निष्फल छन् । यस्ता खास निर्वाहिक कामबाट जीवलाई बन्धन पनि त हुँदैन नि ! परन्तु तिनै काममा पनि तृष्णा बढ्न नपाओस्, 'अति' मा नजानु 'अति सर्वत्र वर्जयेत्' भनेको पनि छ । निर्वाहका सामान्य काम धन्धाबाट सकेसम्म धेरै समय निकालेर यताउति मन-मोदनका क्रियामा नबिताई, परमार्थमा लगाउन सक्योभने त्यसैले ठूलो बुद्धि कमायो ! अपूर्वको काम गर्‍यो, सर्व प्रथमलाई यत्तिकै पर्याप्त छ ।

परमार्थको कार्यमा लक्ष्मणको◈ भनाई अनुसार पुरुषार्थमा झन् कटिबद्ध बन्नै पर्दछ । पुरुषार्थ गर्न-गराउन पूर्वका मनीषीहरू-बाट शिक्षा गर्दा-गर्दा नै वेद शास्त्र पुराणादि अपार ग्रन्थ बनेका छन्। अतएव परमार्थको काममा स्वार्थ भन्दा सयगुना बडी तत्परता चाहिन्छ । यो शक्ति मानिसमा नभएको होइन, अपरिमित छ ।

साहस और सचेतता , एक से एक प्रवीन ।
बन्ध हरण शक्ती महाँ , जब सनमुख लखिलीन ।।
जहँ लागै तहँ सब कुछ करै , देखौ देखन हार ।
अनुभव स्वयं प्रत्यक्ष है , जीवहि शक्ति अपार ।।
[शान्ति शतक]

समुझि बूझि जड हो रहै , बल तजि निर्बल होय ।
कहहिं कवीर ता सन्त का , पला न पकरै कोय ।।१६७।।

अज्ञ जानी बुझी बन्छन् - बल छाडेर निर्बली ।
कबीर सन्त त्यस्ताको , पल्ला पक्रनको बली ? ।।

अर्थ— निवृत्तिमान् पुरुष, बूझ्पेलाहा, अबूझ र नौला मानिस-का सामुमा आफूले जानेका कुरा भएपनि जड–केही नजान्नेजस्तो बनेर चुपचाप लागी बस्तछन् । कुनै अभिमान, जोश नझिकी विनम्र

◈ "नाथ दैव कर कवन भरोसा । सोषिय सिन्धु करिय मन रोसा ।।
कायर मन कर एक अधारा । दैव दैव आलसी पुकारा ।।" [रामा.]

बन्दछन् । यो उनको निरुपाधि शान्त रहने लक्षण हो । गुरु कबीर भन्नुहुन्छ–यस्ता सन्तको कसैले पला–छेउपनि छुन सक्तैन ।।१६७।।

अरू– सन्त पारखीजन नबोल्ने होइनन् बोल्दछन्, सरल जिज्ञासुलाई अति सुन्दर स्पष्टताबाट सम्झाउँछन् पनि । तर अविवेकी जिद्दी गर्ने मानिसका समक्ष भने स्वाभाविकै मौन रहन्छन् । उनको लक्ष्य आफैंतिर फर्केको हुनाले उनमा निर्विवादिता गुण स्वाभाविकै बनेको हुन्छ । अहङ्कारबाट त ती पहिले नै पृथक भइसकेका हुन्छन् ।

हीरा सोई सराहिये , सहै घनन की चोट ।
कपट कुरङ्गी मानवा , परखत निकरा खोट ।।१६८।।

प्रशंसनीय त्यै , हीरा , घनको चोट खप्तछ ।
कुरङ्गी कपटी व्यक्ति , जाँच्दा जाली ठहर्दछ ।।

अर्थ– हीरा अर्थात् मन्तव्य, उही प्रशंसा योग्य हुन्छ; जो अनेक तर्करूपी घनको प्रहार हुँदा पनि खण्डन हुँदैन । कपट–नकली कुरङ्गमा रङ्गिएका मनुष्यको सिद्धान्त पारख गर्दा खोटो बेकामको ठहर्दछ ।।१६८।।

अरू– सुनको पारख कसीद्वारा हुन्छ, हीराको परीक्षा पारखी-जौहरी द्वारा हुन्छ । अब सर्व सिद्धान्तको पारख केबाट गर्ने ! वेद कुरान, बाइबिल आदि ईश्वरीय पुस्तकको आधारबाट मान्ने हो भने सबै भन्दछन्– हाम्रै पुस्तक खास ईश्वरीय हुन्, हाम्रै अर्थ ठीक हो । अब कसका पुस्तक अर्थ सिद्धान्तलाई नकली भन्ने! कसका कुरा सत्य मान्ने ! यसैले सबैका सिद्धान्तको परीक्षा गर्ने साधन–विवेकै हो । निष्पक्ष-विवेककै निष्कर्षलाई सबैले अँगाल्नु पर्दछ ।

सिद्धान्त शब्दको पद वियोग गर्दा सिद्ध-अन्त 'सिद्धान्त' हुन्छ । अतएव विवेकबाट अन्तमा सिद्ध भएकै तथ्य हो सिद्धान्त । वास्तवमा ज्ञानपना विद्यमान रहेको प्रत्यक्ष पाइन्छ, उही जीव चेतन

अपरोक्ष वस्तुरूप हो, यो हाम्रै वास्तविक स्वरूप पनि हो । सारा सिद्धान्त खडा गर्ने नै यही हुनाले यही सत्य तथ्य सिद्धान्त (मूल धन राशि) ठहर्छ ।

मानिस भन्दछन्– साँचो हीरा घनले फोर्दा पनि फुट्तैन । त्यो फुटोस वा न फुटोस, तात्पर्यमा ज्ञानस्वरूप जीव चेतन सिद्धान्त केही-कसैबाट खण्डन हुन सक्तैन । जीवलाई खण्डन गर्ने व्यक्तिमा पनि जीव स्वयं भएरै खण्डन गरिरहेका हुन्छन् । ती खण्डन गर्ने व्यक्तिमा पनि जीव नभए खण्डन गर्ने कसले ! अतएव निष्कर्षमा जीव चेतन सिद्धान्त नै सत्य हो ।

हरि हीरा जन जौहरी , सबन पसारी हाट ।
जब आवै जन जौहरी , तब हीरों की साट ॥१६९॥

जौहरीजनले हीरा - हरिको हाट लाउँछन् ।
साँच्चिका जौहरी आए , बन्छ व्यापार ठीक ज्ञन् ॥

अर्थ– जन जौहरी–सबै मतका गुरुजनले आ-आफ्ना, हरि हीरा–ज्ञानरूपी हीराको हाट–सत्सङ्गरूपी पसल थापेका छन् । जब ज्ञान-हीराका सच्चा पारखी-जौहरी आउलान् अनि यिनका हीराको साट–पारख हुनेछ, किन-बेच बन्नेछ ॥१६९॥

अरू– संसारमा धेरै थरीका मत छन् । कुन साँचो हो, कुन कुट्टो ? यो कुराको पारख सबैलाई हुँदैन । पारखी–विवेकीलाई नै सत्य मिथ्याको परीक्षा हुन्छ । उनले परीक्षा गरी हीरा-सत्य चेतनको बोध दिन सक्तछन् । यसैले जिज्ञासुको कर्तव्य हो– थाल्नीमै पारखी सन्तको खोज गरी, परीक्षा गर्न सिक्नु । अनि आफैं सत्यलाई पहिल्याई, सत्य सिद्धान्तमा निमग्न हुन पाइनेछ ।

हीरा तहाँ न खोलिये . जहाँ कुजरों की हाट ।
सहजै गाँठी बाँधि के , लगिये अपनी बाट ॥१७०॥

हीरा नखोल त्यो ठाउँ , साग-पाते बजारमा ।
गाँठो बाँधी गई - हाल , लाग आफ्नै सुधारमा ॥

अर्थ– हीरा अर्थात् निष्कर्षको सत्य सिद्धान्त त्यहाँ न, भटचाउ, जहाँ साग पाते बजार (मतबादका पक्षपाती र अनअधिकारीजन भेला भएका) छन् । यस्ता ठाउँबाट आफ्नो ज्ञानलाई हृदय भित्रै पोको पारी, बाटो तताइहाल ॥१७०॥

अरू–"कहन लगे निज निज मनमाँही । जो कोई अधिकारी नाहीं ॥
ताको ऐसी वस्तु न दीजै । नहिं तो यही दशा लखि लीजै" ॥

भन्छन्– लङ्का- विजय भएपछि सीताजीले हनुमानलाई पहिराई दिएको मोतीको हार उनले एक-एक दाना झिकी, टोकी फोर्दै थुक्तै गरेथे रे । त्यो तमासा देखेर सभासद्हरू मनमनै भन्न थाले– 'जो जेको अधिकारी छैन, तेस्तालाई यस्तो अमूल्य वस्तु नदिनु, दियोभने यस्तैठीक हुनेछ ।'

हीरा परा बजार में, रहा छार लपटाय ।
केतेहि मूरख पचि मुये, कोई पारखि लिया उठाय ॥१७१॥

हीरा बजारमा मिल्की, छोपिएको छ धूलले ।
खोजी मरे अमीतज्ञ, उठाउँदछ सुज्ञले ॥

अर्थ– साँचो हीरा बजार-बाटामा मिल्किई छारो धुलोले ढाकिरहेछ । कति बुद्धि-विहीन व्यक्ति खोज्दा-खोज्दा व्यस्तछन्- हीरा चिनेकै छैनन् त के पाउन् ! कुनै परीक्षक जौहरीजनले देखे, हीरा चिने, टपक्क टिपे, चुपचाप थैलीमा हाली हिंडे, निहाल भए ॥१७१॥

अरू– अनमोल हीरासमानको अनादि अविनाशी स्वतन्त्र स्वरूप परम तत्त्व चेतन जीव, संसार–बजारमा फ्याँकिई, जडाध्यास-जडासक्तिको धूलो-छारोले छोपिई रहेछ । यसैले कति-कति मानिस यसलाई सून्य छाया आभास अंश अल्पज्ञ राग-द्वेषधर्मी र दास सम्झेर तुच्छ ठानी ईश्वरादि कल्पनाका मान्यतामा अल्झी जन्म-जन्मदेखि भ्रान्त बनी, कष्ट उठाइरहेछन् ।

तर पारखीले पारख गर्दछ–'यो हृदयस्थ चेतन जीवले सबैलाई निरख-परख गरिरहेछ, उही आफू अपरोक्ष (स्वयं अनुभव गम्य)छ। यस कारण जीवभन्दा श्रेष्ठ अरू कहीं कुनै तत्त्व नै छैन। यस्तो सत्य निष्कर्ष कुरा ठम्याई, स्वयं चेतन ज्ञानमात्रमा स्थिति बनाउनु नै मानिसमात्रको बुद्धिमत्ता हो।

अर्को भाव–पारखी सन्त पनि यही संसारमा स्व-परको कल्याण निमित्त विचरण गर्दछन्। खान-पान, कपडा ओढ्नु-लाउनु पनि गर्दछन्। उनलाई देखी अविवेकीजनले सम्झन्छन्–'यी पनि हामी जस्तै त हुन् नि!' तर विवेकीजनले परीक्षा गरी चिन्दछन्। उनका साथ विचार-विमर्श गरी दुराचरण फाल्दछन्, आफ्ना कल्याणको लाभ शुभगुण लिन्छन्। यसैले भनेको पनि छ– 'सच्चा सन्त चिन्नुपर्छ: पारखको कला सिक्नुपर्छ, समयमा धन झिक्नुपर्छ।'

'वह हीरा मत जानिए, जेहि लादै बनजार।
यह हीरा है मुक्तिका, खोये जात गँवार॥'

हीरों की ओबरी नहीं, मलयागिरि नहिं पाँत।
सिंहों के लेहँडा नहीं, साधु न चले जमात॥१७२॥

हीरा खानी कहीं हुन्न, श्रीखण्डका न पङ्क्ती छन्।
केशरीको हुलै हुन्न, न भीड सन्त घुम्दछन्॥

अर्थ- ओबरी- सकली हीरैहीराबाट बनेका घर बङ्गला र हीराको खानि–ओडार हुदैनन्। लाइनका लाइन श्री खण्ड-वृक्ष पनि हुँदैनन्। न बथानका बथान सिंह घुम्दछन्। यस्तै समाज का समाज बनेर जीवन्मुक्त सन्त पनि विचरण गर्दैनन् ॥१७२॥

अरू– संसारमा सबै मतका उत्तम मध्यम कनिष्ट साधुहरू हुन्छन्, ती सबै पूज्य हुन्। तर सत्य चेतनको बोधबाट सम्पन्न, वैराग्य शुभाचरण संयुक्त जीवन्मुक्त सन्त पनि बिरलै हुन्छन्, ती सर्वोपर आदर्श हुन्। यस्ता महान् सन्तको दर्शन सेवा सत्सङ्गबाट संसारको

ठूलो उपकार हुन्छ- भइरहेको पनि छ । त्यस्ता महापुरुषको दर्शन प्राप्त हुनु नै सबैका निमित्त कल्याणकारी संयोग सम्झी, त्यो शुभ समयको सदा सदुपयोग गर्नु पर्दछ ।

कुनै पनि व्यक्तिको आश्चर्य लाग्दा छद्म- कृत्य विभूति-चमत्कार सुने-देखेर त्यसैमा मुग्ध नहुनु । मेरो वास्तविक हित-कल्याण के मा छ?... सोच्नु र आफ्नो कल्याणकारी सुधारक गुणमा निछावर हुन सिक्नु, भाग्यवानी बन्नु । यसैमा परम लाभ छ ।

अपने अपने शिरोंका , सबन लीह्न है मान ।
हरि की बात दुरन्तरी , परी न काहू जान ।।१७३।।

आ-आफ्नै शिरका लाई , मानेका छन् सबै जन ।
हरिको बात टाढा भो , सकेनन् चिन्न ती कन ।।

अर्थ- शिरोंका–अनेक मतका आ-आफ्ना ग्रन्थ आचार्य देव देवी पीर पैगम्बर ईश्वर खुदा इसा आदिलाई सबैले इष्ट र उनैको सिद्धान्त सर्वोत्तम तथा उनैका वचन प्रमाणित मान्दै आएका छन् । यसैले हरि–सत्य चेतनको सम्यक निर्णीत ज्ञान दुरन्तरी–पर परिरहेछ। धेरैले चिन्न अँगाल्न सकेका छैनन् ।।१७३।।

अरू– आफ्नै मुक्ति–कल्याणका निमित्त जीवले धर्म इष्ट र ग्रन्थहरूको मान्यता गरेको हो । उल्टो 'काँक्रालाई थाँक्रो हाल्यो थाँक्रै धनी' भनेझैं स्वयं जीव नै कल्पनामा अल्झिरहेछ; झन् यिनमा भ्रान्तिमात्र थपिनगयो । विचार गरः ती सबै कल्पना स्व स्वरूप देखि अर्कै हुन्, चेतनको निमित्त आवरणरूप जड वृत्ति हुन्। जीव चेतन अपरोक्ष सत्य स्वतन्त्र द्रष्टा शाश्वत पदार्थ हो । सबैको कल्पना गर्ने जान्ने-मान्ने यही त हो । यो कुरा किन कसैले विवेक नगरेका! बाहिरी कल्पनालाई नै अँगाल्न सबै खुशी छन् ।

हैताको जाने नहीं , नाहीं को करेमान ।
कहहिं कबीर पुकारिके , सो नास्तिक अज्ञान ।।

[कबीर परिचय]

हाड जरै जस लाकडी, बार जरै जस घास।
कविरा जरै रामरस, जस कोठी जरै कपास ।।१७४।।

द्यालो झैं बल्दछन् हाड, कपाल घाँस झैं गरी।
जले रामरसै भ्रान्त, कोठी रुवा बले सरी ।।

अर्थ– मृत-शरीर दाह हुँदा हाड दाउरा बलेझैं हरहरी बल्दछन्, घाँस सल्केझैं रौं झ्वार्रै भस्म हुन्छन्। कबिरा–उपासक जीव भने अमर हुनाले मर्दैन तापनि बाह्य रामलाई प्राप्ति गर्ने भ्रान्ति-वश विरहमा भित्रभित्रै कोठीको कपास सल्केसमान सल्कन्छ। गर्भवास जठराग्निमा अरू उसिन्निन पुग्दछ ।।१७४।।

अरू– प्राणी-पदार्थको आशा गरुन् वा ईश्वरादि-दर्शन, लोक लोकान्तरमा निवासको ध्येय, ब्रह्ममा विलीन बन्ने भावना गरुन्–सबै वृत्तिरूप हुन्. स्व स्वरूपमात्रको निखरा स्थिति भएन। अतएव सबै कल्पना आशा अहङ्कारबाट निवृत्तभई, ज्ञानमात्र आफैंमा स्थिति बनाउनु, विवेकीको कर्तव्य हो।

घाट भुलाना वाट बिनु, भेष भुलाना कान।
जाकी माडी जगत में, सो न परा पहिचान ।।१७५।।

घाट भुले बिना पन्थ, मर्यादा - व्यस्त भेस - छन्।
जसको जगमा दीप्ति, त्यो चिन्न सकिएन ज्ञन् ।।

अर्थ– बाटो नजान्नाले नदीको घाट भुलिन्छ, यस्तै सत्य-ज्ञानको माध्यम नजानेरै चेतनको स्थिति भूलियो। भेसधारीहरू भेसको कान–मर्यादा तथा मान महन्तीमा परी कल्याणको स्थिति नै भुले। जुन चेतनको कल्याणनिमित्त जगत्मा वेद शास्त्र, यन्त्र-तन्त्रादिका यतिका कल्पना फिंजिए, उही सर्वश्रेष्ठ चेतन र कल्पना-लाई विवेक-बिना कसैले जान्न- पन्छन सकेनन् ।।१७५।।

अरू–चार खानिका प्राणीको सृष्टि शहर-घर, कल-कारखाना, मत-पन्थ ग्रन्थ, देवी-देवतादि, सङ्गीत-साहित्य कला-कौशल–सारा जीवचेतनकै कृति हुन्। समस्त शोभा निपुणाई जीवकै हो। यस्तो

स्वयं चेतनको महत्त्व पनि मतवादीहरूले नबुझ्नाको कारण– सबै आ-आफ्नै मान मर्यादा ममता र पक्षमा भुल्नाले हो । जसले जुन मतको अनुसरण गऱ्यो, ऊ उही मान्यतामा डुब्यो । स्वतन्त्र विचार गर्दा नास्तिक बनिएलाभन्ने भय भयो । तर नास्तिकको लक्षण हो–

अस्ति परलोक इत्येव मतिर्यस्य स आस्तिकः ।
नास्ति ति मतिर्यस्य स नास्तिकः [सिद्धान्त कौमुदी]
नास्तिक नास्तिक सब कहैं , नास्तिक लखै न कोय ।
कृतमको कर्ता कहै , नास्तिक कहिये सोय ।
[कबीर परिचय]

'आवागमन-कर्मफल-भोग, पुनर्जन्म हुन्छ भन्ने बुद्धि जसमा छ, त्यो आस्तिक हो । यो धारणा जसका बुद्धिमा छैन, त्यो नास्तिक हो। नास्तिक नास्तिक सबै भन्छन्, तर नास्तिकतालाई कसैले चिन्न सकेनन् । नभएका कृत्रिमलाई कर्ता मान्नु नै नास्तिकता हो ।'

मूरख सों क्या बोलिये , शठसों काह बसाय ।
पाहन में क्या मारिये , जो चोखा तीर नशाय ।।१७६।।
के बोल्नु मूर्खका साथ , अज्ञ साथ छ के वश ।
व्यर्थ पत्थरमा हान्नु , जो तीव्र बाणको क्षत ।।

अर्थ– लट्ठकजनसित के बोल्नु ! स्वाँठ सङ्ग आफ्नो के वश चल्दछ ! पहरामा बाण हानेर आफ्नो सद्दे तीखो बाणमात्र विनष्ट गर्नु हो ।।१७६।।

अरू– अयोग्य मनुष्यलाई शिक्षा-दीक्षा दिनाले आफ्नो अमूल्य ज्ञान र समय सित्तै खेर फाल्नुमात्र हुन्छ । यसैले यस्तासित केही नबोली चुपचाप लाग्नु वा समतापूर्वक पन्छिनु नै बुद्धिमानी हो । योग्य पात्रलाई नै शिक्षा-दीक्षा दिनु उचित हुन्छ ।

'यह न कहिये शठी , हठ शीलहि' [रामा.]

जो भक्ति तप गर्दैन , सुन्नमा दिन्न जो मति ।
मेरो निन्दा पनि गर्छ , उस्मा यो नभने रती ।।
[गीता १८।६७]

जैसी गोली गुमज की , नीच परी ढहराय ।
तैसा हृदया मूरखका , शब्द नहीं ठहराय ।।१७७।।
गुमज माथिको गोली , गुड्दै खःडल - पुग्दछ ।
त्यस्तै अन्तस डेब्राको , शब्द के भित्र अड्दछ ।।

अर्थ– जस्तो करालो गुमजी छतमा भकुण्डो आदि बाटुलो वस्तु अडिन सक्तैन, गुड्दै खस्तछ, तल पृथ्वीमा पुग्दछ; त्यस्तै हरिलट्ठकजनका हृदयमा पनि निर्णय-वचन, चेतन स्वरूपको बोध, वैराग्यको शान्ति-सुख अड्न सक्तैन ।।१७७।।

अरू– यस्ताका साथमा त उसै गर्न ठीक हुन्छ–
'गाँठो पारेर चुपचाप , लाग्नु आफ्नै सुमार्गमा' ।।
[बीजक सा. १७०]

ऊपर की दोऊ गई , हियहु की गई हेराय ।
कहहिं कवीर जाकी चारिउ गई , ताको काह उपाय ।।१७८।।
बिग्रे बाहिरका दोटै , हराए भित्रका पनि ।
गए कबीर चारै जो , उपाय अब के छ नि ।।

अर्थ– जसका बाहिरी चर्म-चक्षु दुवै गए (हेरी सत्य ज्ञानको बाटो हिंड्दैन) हृदयका विवेक-विचाररूपी नेत्र पनि बिलाए (कुरो छानी लिन जान्दैन) गुरु कबीर भन्नुहुन्छ– जसका यी चारै आँखा गए, यस्ता जीवले शान्ति-मुक्ति पाउने अरू के ओखती! ।।१७८।।

अरू– शान्त विवेकशील पुरुषद्वारा आचरित सदाचारलाई आँखाले हेरी, सिक्नु-अनुसरण गर्नु पर्थ्यो । अथवा आफ्नै भित्रबाट विवेक गरी सत्यासत्य के हो! निष्कर्षबुझ्नु पर्छ! जसले जस्तो कर्म गर्दछ, उही अनुसार दुःख सुखादि फल-भोग भइरहेको स्पष्ट देखिएकै छ; अतः दुर्गुणको त्याग, सत्सङ्ग सदाचारको पालन गर्नु पर्थ्यो ।

जड-चेतन दुवैका छुट्टाछुट्टै गुण- धर्मादि छन्; घटै पीछे पृथक्-पृथक चेतन भएको पारखद्वारा प्रत्यक्षै छ, हृदयको विवेक विचार-बाट पनि (नम्बरीसुनका गहना सबै एकै भएसमान) एकै चेतन व्यापक भए शरीर पनि उही रूप हुनाले सबैका गुण-धर्मादि एक-समान रहनेथिए, छुट्टाछुट्टै हुने थिएनन् । चेतन जीव कोही बन्ध र कोही मुक्त किन हुन्थे ? भोगमा पनि घटी-बढी हुने थिएन । यस प्रकार चेतन अनेक र छुट्टाछुट्टै भए-रहेको अनुभवगम्य छ र पनि उपर्युक्त प्रकारबाट चारै आँखा नदेख्नेले सत्य कुरा कहाँ कसरी सम्झन सकुन् !

केते दिन ऐसे गये, अनरूचे का नेह ।
ऊसर बोय न ऊपजै, जो अति घन बरसे मेह ।।१७९।।

दिन कैयौं बिते व्यर्थै, अरुचि - बीच प्रेमले ।
छरी ऊसर - फल्दैन, बर्सो बादल जोर के ? ।।

अर्थ– अनरूचेका नेह–जति भोगेपनि नअघाइने विषय सुख र ग्रहणमै नआउने भ्रान्ति कल्पनाका स्नेहमा लाग्दा जीवको अनन्त काल सित्तैं बित्यो । जस्तै–जति पानी बर्सेपनि ऊसर-क्षार भूमि वा बलौटे जमीनमा बाली-नाली रोपेर केही फल्दैन व्यर्थहुन्छ ।।१७९।।

श्ररू– खानी-वाणीको अध्यास र अनेकबार गर्भाग्निमा जीव जल्दै आएकाले सबै खानिका वासनारूपी खिया लागी, मानिसको अन्तःकरण बेकम्मा बनिरहेछ । बलौटे जमीनजस्तै रूखो बनिरहेछ । यसैले जीवलाई आफ्नो पद शुभाचरणयुक्त स्वरूप स्थितिको कत्ति रुचि रहेन । विचारवान् सन्तले, जस्तै प्रौढ युक्तिको प्रयोग गरी शिक्षा गरेपनि कल्याणको क्षुधा जाग्रत् भएन, बुझ्न-सम्झनसम्म पनि सकेनन् । यदि तिमीलाई पनि विवेक-साधनामा यस्तै अरुचि छ भने, खानमा तीतै भएपनि चिराइताले ज्वरो जान्छ भन्ने सम्झेर पारखीजनका सत्सङ्गतमा बस्नेगर; हित अनहित के मा छ ! सोच, विवेक गर ! कल्याण-कार्यमा कटिबद्ध बनिहाल ।

मैं रोवों यह जगत को, मोको रोवै न कोय।
मोको रोवै सो जना, जो शब्द विवेकी होय ॥१८०॥

म रुन्छु विश्वको लागि, मेरो लागि रुने छ को ?।
मेरो निम्ति रुने त्यै हो, शब्द-विवेक गर्छ जो ॥

अर्थ- संसारी जीवले दुःख भुक्तेको देख्ता म स्वयं दुःखी भई, तिनको दुःख छुट्ने उपाय बारम्बार बताउँछु; तर मेरो हृदयको भाव सम्झी, प्यासो बनेर मेरा शिक्षामा ध्यानदिने कोही छैनन्। शब्दका विवेकी जो-जो होलान् तिनैले मेरा शिक्षा सुन्नमा तत्पर-पिपासु हुनेछन् ॥१८०॥

अरू- खानी-वाणीरूप दावाग्निबाट विवेकी सन्त गुरु स्वयं बची, शीतल शान्त प्रदेश पारख भूमिकामा निमग्न बने। जगत्-जीवको कष्ट जलन देखेर तिनलाई पनि आफैंसमान शान्त सुखी बनाउन, उहाँहरूले इशारा-शिक्षा गर्नुहुन्छ; तर निःस्वार्थी सन्त पुरुषलाई जीवले चिन्न सक्तैन। उहाँहरूलाई त उस्तै शब्दको पारख पाएका स्वतन्त्र चिन्तकले मात्र चिन्न सक्तछन्। उनी सम्झन्छन्–रोचक, भयानक वाणीरहित विवेकबाट खारिएका गुरुमुखी सत्य वाणीबाटै कल्याण-निर्भर छ।

साहेव साहेव सव कहैं, मोहिं अँदेशा और।
साहेव से परिचय नहीं, बैठोगे केहि ठौर ॥१८१॥

स्वामी स्वामी सबै भन्छन्, अर्कै चिन्ता छ मैं कन।
चिह्नारी छैन साहेब-सित बस्छौ कहाँ भन ? ॥

अर्थ– साहेब- साहेब सबै भन्दछन्, तर मलाई भने अरू नै खुटका लागिरहेछ। त्यो के भने–साँचा साहेबलाई नचिनी अन्तमा कहाँ स्थिति पाउला ! कति कष्ट पाउला ! मलाई त यो पो पीर परिरहेछ! ॥१८१॥

अरू– हिन्दू मुसलमान इसाई यहुदी स्त्री पुरुष बाल वृद्ध सबै नाम लिन्छन्–ईश्वर–अल्लाह आदिको । तर जुनसुकै शब्द उच्चारण गरौं, आत्मा-ब्रह्मकै नाम लिउँ; किन्तु मन-कल्पनाकै साहेबलाई मानिरहेका हुन्छौं। जसले सबैलाई मानिरहेछ, जो नभई कसैको सिद्धि नै हुँदैन, ती साँचिका साहेबको कसैलाई होशहवाशै छैन। विवेक गर, सोध लगाउ, साँचा साहेब भित्रै छन् । उनैमा स्थिति बनाउ, बाहिरी साहेबको कल्पनामा नपर । सबैबाट पन्छ स्वयंमात्र अवशेष बन ।

जीव विना जिव बाँचे नहीं , जीव का जीव अधार ।
जीव दया गरि पालिये , पण्डित करो विचार ।।१८२।।

जीव, जीव बिना मर्छन् , जीव कै भर जीव छ ।
जीव दया गरी पाल , विचार गर पण्डित ।।

अर्थ– जीवको रक्षा र जीवन-निर्वाहको निम्ति दोस्रा जीवकै सहयोग नभई हुँदैन, जीवलाई जीवकै आड भरोसा चाहिन्छ। यसैले हे बुद्धिमान् जन ! विचारपूर्वक जीवमाथि दया गरी प्रति पालन गर ।।१८२।।

अरू– संसारका सबै प्राणी आ-आफ्नैमात्र रक्षा चाहन्छन् । तर दया-धर्म पालन गरी सबैले सबैको रक्षा गर्ने यही सर्वोत्तम लक्ष्य अँगाल्यौं भने समाजमा सबैलाई सुख-शान्ति मिल्नेछ र सबैको रक्षा हुनेछ। सबैले सुख पाउनेछन् । यदि स्वादेजिब्राका निर्दयी बुद्धिले यही साखीका दोस्रो पदको शब्द र अर्थलाई बिगारी ‘जीवका जीव अहार’ बनाएर हिंसकी धारणा बनाई आचरण गर्‍यौं भने हामी पनि मानवतालाई समाप्त पार्ने स्वभावका हुनेछौं। किन्तु यसो गर्दा तेस्रो-चौथो पद ‘जीव दया करि पालिए, पण्डित करो विचार’ भन्ने सद् उपदेशमयी वचनको के अर्थ लगाउने नि ? यसबाट त पुनः हामी सबै सदा त्रास-कष्टमा पर्नेछौं, सबैको विनाश हुनेछ ।

हामी मानिसलाई जस्तो आफ्नो प्राण प्यारो छ, ठीक त्यस्तै ती अनाथ बिचरा गरीब निमुखा जीव–खसी भेडा च्याङरा माछा कुखुरा आदिलाई पनि आ आफ्नो प्राण-अवश्य प्यारो छ । आज हामी मानिस भएकाले जीव घातकी, मांसभोजी कर्म छोडी, अहिंसाधर्म धारण गर्‍यौं भने ती अनाथ दुःखी जीवहरूको हिंसा-हत्या हुनेछैन । यो निर्मम हत्याको भयङ्कर दुःखबाट बचेर ती पशु पक्षीहरू सुखमय जीवन बिताउन पाउने छन् । दोस्रो–त्यस्तो हिंसा-हत्याको पाशविक क्रूर कर्म नगरेपछि मानिसलाई त्यो कर्मको प्रतिफल भोगको बदला तिर्न जानुपर्ने पनि छैन । अर्को देह धारण गरी काटिनु मारिनु दुर्दशा भोग्नजानु पनि छुट्नेछ । एतदर्थ वर्तमानमा अहिंसाधर्मको धारण-पालन गर्नाले उभय दुःखको निवृत्ति हुनेछ ।

शब्द– गाफिल छुरी चलाते , तुझको रहम नआई ।
क्या बकरी क्या गाय है , क्या अपना जाया ।
सबका लोहू एक है , साहेब कब फर्माया ।।
क्या जमीन क्या आसमान में , क्या दोजख माहीं ।
कहहिं कबीर वा जीवको , कहूँ ठौर तो नाहीं ।।
[सखुनबहार दर्पण-बाब १।१५]

हम तो सबकी कही , मो को कोई न जान ।
तव भी अच्छा अब भी अच्छा , युग युग होउँ न आन ।।१८३।।

म भन्छु सबका निम्ति , चिन्दैनन् म कनै कुनै ।
अब तब विशुद्ध छु , अर्को हुन्न कुनै युगै ।।

अर्थ- मैले हिन्दू-मुसलमान सबैको हिताहितका निर्णय वचन बताइदिएको छु, तर भित्रबाट 'म' भन्नेलाई कसैले जान्न सकेनन् । तिमी यो सम्झ– 'म' पारख स्वरूप पूर्व अनादिकालदेखि आज वर्तमान र भविष्य–अनन्तकालसम्म पनि सदा स्वतन्त्र; शुद्ध, निर्विकार, अविनाशी सर्व श्रेष्ठ, चेतन ज्ञानस्वरूप एकरस थिएँ, छु, रहन्छु; कहिल्यै बदलिने होइन ।।१८३।।

अरू– गुरु कबीरबाट सबैको हित कल्याण सोची "कल्पनाको दास नबन, तिमी जड-चेतन मिश्रित विश्वभरी परिपूर्ण ब्रह्म पनि होइनौ, जडदेखि भिन्न शुद्ध चेतनमात्र ह्वौ । यही स्वरूपलाई जान शान्त-स्थिर ह्वौ" भनी सबैलाई सम्झाउने दया गर्नुभएको हो। गुरुको दया र निष्पक्ष पारख ज्ञान, लिन-सम्झन नसक्नेलाई भन्नु हुन्छ– तिमी सम्झ वा नसम्झ, म जस्तो हुँ, तिमी पनि उस्तै-उही स्वरूप ह्वौ । म त चेतन शुद्ध सत्य शान्त ज्ञानमात्र हुँ । तिमी सम्झन सक्तैनौ भने चौरासीको जति फेरो मार्ने मन छ मार। शान्ति-मुक्तिका इच्छुकले यही भाव र यही स्थितिमा उत्रनै पर्दछ।

"विपत्ति पन्छाउँनलाइ मङ्गल , भजिन्छ यद्वा भइ भोग चञ्चल ।
जितेर तृष्णा रहने 'जगत्पति' , रुचाउँदैनन् मति बिग्रने जति ।।
[भरतराज पन्त–तपस्विनी]

प्रगट कहौं तो मारिया , परदा लखै न कोय ।
सहना छिपा पयार तर , को कहि बैरी होय ।।१८४।।

मारी हाल्छन् भनौं प्रष्ट , पर्दा न देखने कुनै ।
परालमा लुक्यो पाले , को बोलोस् वैरता लिनै ।।

अर्थ– सत्य निर्णयका वचन खुलासा भनौं भने सबै रिसाई मार्न आइलाग्छन्, झगडा गर्न थाल्दछन्; अज्ञानको पर्दा कसैले देख्न सकेनन् । सहना–झगडिया खेतको बाली जिम्मालिने रक्षक स्वयं परालमुनि लुकी-लुकी धान चोरिरहेछ । यी कुरा भनेर को शत्रु बनोस् ! ।।१८४।।

अरू– समाजका धर्म-रक्षक भ्रान्त गुरुजन नै पुराणादि वाणीका आडमा चमत्कार, ऋद्धि-सिद्धि स्वर्ग-प्राप्तिको प्रलोभन र नर्क-नास्तिकताको भय दिई-दिई, जीवको विवेक र शुभगुण-धन लुटी विनाश गरी आफ्नै स्वार्थ-सिद्धि गरिरहेछन् । यो कुरा गरी यी भ्रान्त गुरुजनको शत्रु को बनोस् ! तै पनि निर्णय नगरौं भने

जीवको भारी हानि भइरहेछ। यसैले सरलतापूर्वक इशारा गरिदिएको छु, स्वतन्त्र विवेकीले सम्झेर आफू दुःखदेखि बच्ने काम गर्ने नै छन् ।

देश विदेशे हौं फिरा, मनहीं भरा सुकाल ।
जाको ढूँढत हौं फिरा, ताका परा दुकाल ।।१८५।।
देश-देश घुमें सारा, मनकै पो सुकाल छ ।
जसको खोजमा घुम्थें, उसको झन् अकाल छ ।।

अर्थ - म देश विदेश धेरै घुमें, जताततै मन-मान्यता नै अधिक मौलाउने समय-संयोग पारिरहेछन्; अज्ञानी मनमतीजनकै स्वराज्य बनिरहेछ। सत्य-सत्य कुरा छानेर लिनसक्ने विवेकी साधकलाई खोज्दै घुम्दछु, तर कहीं पाइन। संसारमा त्यस्ता व्यक्ति पटक्कै छैनन् भनिदिएपनि हुन्छ ।।१८५।।

अरू– सन्तको स्वदेश हो– स्वरूप स्थिति तथा आन्तरिक सद्‌गुण, दया-विवेकादि हंसपद। यिनै स्थितिमा रही-रही सन्त, विदेश (खानी-वाणीले पूर्ण) यो संसारमा विचरण गर्दछन्। त्यहाँ तिनलाई सबै मन-मायामै मग्न मानिसमात्र मिल्दछन्। सत्यका शोधक, सारग्राही सरलजन पाउन सारै कठिन छ। हुनपनि धीर-वीर बुद्धिमान् निर्मान, विवेकी मनुष्य र हीरा, सुवर्ण श्रीखण्ड आदि उत्तम वस्तु कमकमै हुन्छन्। कम भएपनि हजारौं मन फलाम भन्दा रत्तीभर हिराकै दाम अधिक हुन्छ। यस्तै भला मानिसकै महत्त्व हुन्छ। अतएव स्वयं सरल साँचो विवेकी बनी, सज्जनकै संसर्गमा रहनु, यही सुख-शान्तिको सिंहासन हो।

'बरु भलबास नरक कर ताता ।
दुष्ट सङ्ग जनि देइ विधाता ।।'

कलि खोटा जग आँधरा, शब्द न माने कोय ।
जाहि कहौं हित आपना, सो उठि बैरी होय ।।१८६।।

कली तुच्छ जगत् अन्धा, मान्दैनन् शब्द ता कुनै।
जो ठान्छु हित हुन् मेरा, झन् बन्छन् शत्रु नै तिनै।।

अर्थ– कलि–पाप कर्म, काम क्रोधादि र कल्पना यी सबै कष्ट कारक; व्यर्थका हुन्। तर जगत्-जन विवेकरूप प्रकाश बिना अन्धा बनिरहेछन्, निर्णयका कुरा बताउँदा पनि लिन सक्दैनन्। जसलाई आफ्ना स्वजाति सम्झी, हित-शिक्षा दिनखोज्दछु, तर झन् उनै शत्रु बनेर आइलाग्दछन् ।।१८६।।

अरू– संसारमा सत्यका पात्र, निर्णयका निरीक्षक मानिस कम कम हुन्छन्। बरु सत्यको समूल उखेल्न खोज्ने, सत्यवक्ताको खोइरोखन्ने नै अधिक पाइन्छन्। तर त्यस्तालाई वैराग्यवान् सन्त-जनले सम्झन्छन्–हात्ती आफ्नै गौरवमा हिंड्दछ, कुकुर भुक्छ भने भुकिरहोस्, त्यसबाट मेरो के हानि !

मसि कागद छूवों नहीं, कलम गहों नहिं हाथ।
चारिउ युग का महातम, कबीर मुखहि जनाई बात ।।१८७।।

मसी कागत क्यै छुन्न, कलम लिन्न हात त।
महात्म्य युग चारै को, बोलें कबीर मुख्य त ।।

अर्थ– मसी कागत छुँदै नछोई, कलम पनि हातले नसमाती-कन मैले मुखाग्र नै चार युग (तीन काल) को महातम मुख्य-मुख्य सार कुरा जीवको हित सोची बताइदिएको छु ।।१८७।।

अरू– भूत भविष्य र वर्तमानका भित्रै चार युग कल्प मन्वन्तर पनि पर्दछन्। सदासर्वदा चेतन जीवकै महत्त्व छ– रहन्छ पनि। विवेक वैराग्य सदाचार आदिकै सदा विशेषता रहन्छ। गुरु कबीरका सार सत्य बीजकीय वाणीले सबै युगमा सबैको कल्याण-कार्य अव्यर्थ बन्नेछ। यही विचार गरेर गुरु कबीरबाट जीवको हितैषी सार सत्य मुख्य-मुख्य कुरा मुखाग्र बताइदिनुभएको हो। यति कुरा भन्न- उहाँलाई धेरै घोरिन र मसी कलम लिई कागत कोरिरहन किन पर्थ्यो !

गुरु कबीरको शोध-बोध, विवेक-व्यक्तित्व विलक्षण रहेछ भन्ने कुरा, उहाँकै अनूपम देन–मुख्य ग्रन्थ बीजकले नै बताउँछ। "अद्वैतवादको प्रत्येक पद्धति, द्वैत-त्रैतवाद, जडवाद, मूर्ति उपासना, जातिवाद, छुवाछूत आदिको आलोचना; विषयासक्तिको असारता, वेद स्मृति कुरानहरूका मन्तव्यको समालोचना"– सबैप्रति ज्वलन्त प्रमाणयुक्त केस्रा-केस्रा केलाई, अनेक रूपक व्यङ्ग्यात्मकताबाट बीजकमा वर्णन गर्नुभएको छ। यस्ता सूक्ष्मातिसूक्ष्म सन्धि समक्ष गराई, समालोचना गर्न; ती-ती सिद्धान्तको ठीक ठीक मर्म नबुझी जसतसले कहाँ सक्तछन् ! यस्तो सप्रमाणिक कुरामा पनि कबीर-साहेबलाई 'अपढ, उटपटाङ वक्ता' भनी कतिपय अपरिणामदर्शी लेखकले आफ्ना बुद्धिको प्रदर्शन गराएका छन्। उहाँको महत्त्वपूर्ण विचार, साहित्य-शब्दको चुनाव, शैली, कौशल चमत्कार, रमणीयता सजावट आदि देख्ता, भूमिकामा उल्लिखित ठूल-ठूला साहित्यकार, विद्वद्वर्ग पनि अति प्रभावित छन्, उनीहरूले मुक्त-कण्ठले आ-आफ्नो विचार व्यक्त गरेका छन्, गर्दै पनि छन्। ती भन्छन्–

"भाषामाथि कबीरको जबर्दस्त अधिकार थियो। उहाँ वाणी-का बादशाह हुनुहुन्थ्यो। भाषा उहाँका समक्ष लाचार थिइन्। उहाँ जे भन्न चाहनुहुन्थ्यो, शब्दहरू सबै उहाँका सामु नतमस्तक बनी खडा रहन्थे। सोझै बन्छ भने बन्छ, ह्वैनभने घिच्याई मुन्टचाई पनि...। भाषामा के ताकत कबीरका समक्ष नाइँ भन्न...। यस्तैयस्ता महिमामय लेखहरूको सन्त अभिलाषसाहेबबाट भएको सङ्कलन 'सन्त सम्राट् कबीर' नामक पुस्तिकाबाट मनन-योग्य छ। यसउसले उहाँबाट बीजक-मुखाग्र व्यक्त हुन कुनै अचम्मको कुरो होइन।

यस कुराको प्रत्यक्ष उदाहरण वर्तमानमै भारत उत्तर प्रदेश-का विचरणशील सन्त प्रवर गुरु विशालदेव नै हुनुभयो। उहाँद्वारा स्वानुभूतिका बृहत् चारचार ग्रन्थ रचना भए, उहाँबाट पनि मसी

कलमले कागत कोर्नुभएन । उहाँ लेखन सक्नुहुन्थ्यो, धेरै ग्रन्थ अध्ययन गर्नुभएको पनि हो, तर निवृत्ति-परायण, अन्वेषक सन्त हुनाले पछि दीर्घ कालसम्म सदा एकान्त शान्त रहनु हुन्थ्यो, लगभग साठी पैंसठी वर्षको अवस्थादेखि कहिलेकाहीं स्वाभाविक मनैमन पद-रचना गरी गाउन लाग्नुभयो; साथका साधकी हामी शिष्यहरू लेख्थ्यौं। त्यसलाई कुनै समय कहीं-कहीं पढ्नलगाई, उहाँबाटै संशोधन पनि गराइदिनु हुन्थ्यो । यसरी चार पाँच वर्ष भित्र बिलकुल मौलिक भवयान मुक्तिद्वार सत्यनिष्ठादि ग्रन्थ रचना भए । यसैले यो बोजक ग्रन्थ पनि गुरु कबीरसमान व्यक्तित्ववान् महा पुरुषका निमित्त मुखाग्र तयार हुन नसक्ने कुनै आश्चर्यको कुरो होइन ।

फहम आगे फहम पाछे, फहम दाहिने डेरि ।
फहम पर जो फहम करे, सो फहम है मेरि ॥१८८॥

अघि पछि विवेकी छन्, दायाँ बायाँ विवेक ली ।
विवेक माथिको शोध, मेरो विवेक मौलिकी ॥

अर्थ– फहम आगे–कोही आगम-ज्ञानी हुँ भन्नेहरूले भूत-भविष्यका घटना–फल बताउँछन् । कोही दाहिने–दक्षिणमार्ग (शुद्धबाटो–कर्म उपासनादि) को विवेक बताउँछन् । कोही डेरि–वाममार्ग (अघोरी मत) पञ्च मकारको सेवनबाट मुक्ति हुन्छ भन्ने विवेक गर्छन् । तर ती सबैको परीक्षा गरी, निष्कर्ष बताउने ज्ञान-पारख नै मेरो ज्ञान हो ॥१८८॥

अरू– भूत भविष्य वर्तमानको हाल र वाम–दक्षिणमार्गको शिक्षा-दीक्षा दिन स्वयं चेतन बिना कसले सक्तछ ! यसैले गुरु कबीरको सिद्धान्त–'चेतन ज्ञानस्वरूपलाई जड-विषय अध्यास कल्पनाबाट पृथक् गरी अँगाल्नु नै' यथार्थ त सत्य हो । आगमजान्ने हुनको र ज्योतिषज्ञानको कल्याणकार्यमा त्यति प्रयोजन पनि छैन । वाममार्ग सरासर उल्टो बाटो हुनाले निषेध्य छ । दक्षिणमार्ग पनि कल्प-

नाका इष्टको मान्यता र कल्पित मिश्रितवादकै स्थिति मानिएका जतिको आचार-पक्षको पालन गर्नु कल्याणमा परम उपयोगी छन् । सिद्धान्त-पक्षमा यी सबैका शोधक, सञ्चालक र अनुगामी बन्ने पनि जीव चेतन हुनाले चेतनकै ठूलो महत्त्व छ । यही चेतन ज्ञानमात्र स्व स्वरूपमा शान्त स्थिर बनी बस्नु, सर्वोपरि बुद्धिमत्ता हो ।

हरेक अवस्थामा वर पर दायाँ-बायाँ– चारैतिर हेरी-बुझी अति होश राख्नु ।◈ जहाँसम्म हामी आफ्नो होशमा हुन्छौं त्यहाँसम्म सर्वतरफबाट मुक्तै रहन्छौं; होश हराउनासाथ हामी बन्धनमा बाँधियौं काम पनि भरिभ्रष्ट भयो ।

"सावधान साचेत न रहना, मन की भूख सो दुर्गुण है ।
(विशाल व.)
डर करनी डर परम गुरु, डर पारस डर सार ।
डरत रहै सो ऊबरे, गाफिल खावै मार ।।"

हद्द चले सो मानवा, बेहद चले सो साध ।
हद बेहद दोऊ तजे, ताकर मता अगाध ।।१८९।।

हद्द चल्ने मनुष्य हुन्, चल्छन् बेहद साधु त ।
हद्द बेहद जो छाड्ने, अगम्य तिनको मत ।।

अर्थ– हद्द–गृहस्थी मर्यादानुसार आचरण गर्ने, व्यवहारका शुद्ध मनुष्य हुन्। बेहद–त्यहाँबाट माथि उक्ली, सन्त-स्वभाव धारण गर्नेजति साधु हुन् । त्यहाँबाट पनि माथि चढी, स्व स्वरूप स्थिति सह्माल्ने पुरुषको मन्तव्य अत्यन्त गम्भीर हुन्छ; तिनको कसैले गम पाउन सक्तैन ।।१८९।।

अरू– गृहस्थी भन्दा उत्तम भेसधारी सन्त हुन्छन्, ती भन्दा उत्तम परीक्षा-पूर्वक सदाचार र सत् सिद्धान्त अँगाल्ने पारखी सन्त

◈ 'म दायाँ बायाँ, आदि– अगाडि-पछाडि सन्देहमा नपरौं । म कच्चा बुद्धिको अधीर भएर भ्रममा पनि नपरौं ।' [ऋग्वेद २।३।२७।११]

हुन्छन् । भेसमात्रमा धेरैजसो भ्रान्ति कल्पनामै रङ्गिने हुनाले सर्व कल्पनारहित निर्मल ज्ञानमा स्थिति लिएका पारखी सन्त नै सबैका शिरमौर हुन्, यही ग्रन्थकर्ताको भाव निक्लन्छ ।

'पारख पायो परख समाना । तहाँ न भास अध्यास अनुमाना ।।'

(पञ्चग्रन्थी)

समझे की गति एक है, जिह्न समुझा सब ठौर ।
कहहिं कबीर ये बीच के, बलकहिं और कि और ।।१९०।।
एकै गति सम्झने को, सम्झेमा जो सबै थल ।
कबीर अधकच्चाको, उद्दण्डी फुर्लने बल ।।

अर्थ– सब ठौर–जड चेतन, बन्ध-मोक्षको यथार्थ हाल सम्झने, सबै ठाउँका मान्यतालाई परीक्षा गरी छाड्नेजति सन्तको एकसमान बोध, आचरण हुन्छ । ती सबैको मुक्ति स्थिति पनि एकै समान हुन्छ । गुरु कबीर भन्नुहुन्छ–यी बीचका अधकल्चा जीव नै उल्टापाल्टी बकबक गरिरहन्छन् ।।१९०।।

अरू– अधकल्चा मानिस खहरे सुसाए समान' अल्प ज्ञान पाउँदैमा मैले केके न पाएँ भनी बकबक गर्दै हिड्ने-गम्कने गर्दछन्, उत्ताउला खालका हुन्छन् । सत्य ज्ञान, सत्य कुराको पनि उल्टै आलोचना गर्दै हिंड्दछन् ।

राह बिचारी क्या करे, जो पन्थि न चले विचार ।
आपन मारग छोडिके, फिरे उजार उजार ।।१९१।।
के गरोस् बिचरो पन्थ, न बुझी पान्थ हिंड्दछ ।
स्व मार्ग हिंड्न छाडेर, झाडी फाकट फिर्दछ ।।

अरू– ठीक मुकाममा पुगिने सम्यक् मार्गमात्र भएर के गर्नु ! बटुवा नै विचार गरी हिंड्दैनन् । आफ्ना सात्त्विकी रहन-विवेक धारण गर्दैनन्, शरीरलाई नै आफू सम्झन्छन्। विषयासक्ति-व्यसनमा लुब्धछन् वा कल्पित भ्रान्तिका मार्गकै मात्र अनुसरण गर्दछन् ।।१९१।।

अह– आजका सन्त-सज्जनले पारखपथको अवलम्ब अँगाली, हामीलाई शान्ति र मुक्तिको आदर्श राम्ररी देखाइरहेछन्; पूर्वमा सन्त सम्राट् गुरु कबीरबाट शोध बोध अन्वेषण गरी पारखपद निकालिदिनुभयो। त्यसपछिका अरू सन्तहरूले स्वयम् पारखको अनुसरण गरी सत्यपथलाई सुरक्षित राखे, हाम्रै लागि ग्रन्थ बनाई, मार्ग देखाई गए। तै पनि आज हामी आफ्नो विवेकले राम्रो ठम्याई आफ्नै कल्याणको सत्य मार्ग पक्रँदैनौं, खानी-वाणीकै विकट बनमा भौंतारिन्छौं भने यसमा अब उहाँहरूले अरू के गर्ने? हामी जस्तो गर्छौं उस्तै भोगौंला, पूर्व गरेका कर्मको फल भोगिरहेकै छौं।

मूवा है मरि जाहुगे, मुये कि बाजी ढोल।
सपन सनेही जग भया, सहिदानी रहिगौ बोल ॥१९२॥

मर्दैगए मरी जान्छौ, मुर्दैको ढोल बज्दछ।
स्वप्नका प्रिय यो विश्व, वाणी - चिह्नल बच्दछ ॥

अर्थ– अगाडिका ठूला-ठूला मैं हुँ भन्नेहरू सबै मरे, तिमी पनि मर्नेछौ; यो कुरो पक्का हो। मरेकैका छालाको ढोलक बनी, मृतक जनकै भजन-कीर्तनमा बाजा बजिरहेछन्। संसार सबै सपना मायाजालको प्रेम-प्रदर्शन गर्नेमात्र हुन्। मरण-पछि पनि थोरै समयको निमित्त वचनभरको निशाना रहनेछ ॥१९२॥

अह– आज हामी अविवेकको नशामा संसारलाई सत्य ठान्दछौं, भोली जब कुनै दुःखद घटना घट्तछ, प्रिय प्राणी पदार्थ पद आदिको वियोग हुन्छ, अनि झल्याँस्स हुन्छौं; 'के हो यो, सपना पो हो कि!' भन्दछौं। सपना होइन, हो जाग्रत् नै। यहाँका कार्य सबै यस्तै परिवर्तनशील अनित्य छन्◈। मानिसको शरीर क्षण-

◈ Weep no more nor sigh, nor groan;
Sorrow calls notime that's gone;
Violets plucked, the sweetest rain
Makes not fresh nor grow again. —John Fletcher.

भङ्गुर छ, जन्म हुन्छ, आज भोलि भन्दाभन्दै अचानक एक दिन विनष्ट भई जान्छ। उसका राम्रा नराम्रा जे जस्ता गुण छन् केही दिन बाँच्नेले चर्चा गर्दछन्, त्यो पनि यहीं टुंगिन्छ। यता नित्य जीवको आवागमन, तीन तापको भोगभने भई नै रहन्छ। यसैले यो दुःखबाट बच्न पहिलेदेखि नै सावधान भई, पारख-स्थिति सह्मालिहालौं। अर्को कुरा–मुर्दाका स्मृतिमा मानिसहरूले आफ्ना इष्ट सम्झी, नाम लिंदै, ढोलकादि बाजा बजाई नाच्तछन्, गाउँछन्। तर यसरी ढोल बजाई नाच-गान गर्दैमा के कसैको कल्याण मुक्ति हुन्छ र! जिवितैमा आफ्ना हृदयका साँचा चेतन देवका आचार-स्थिति सह्माल्नु पर्दछ।

मूवा है मरिजाहुगे, विन शिर थोथी भाल।
परेहु करायल वृक्ष तर, आज मरहु की काल ॥१९३॥

मर्दैगए मरी जान्छौ, भुत्ते भाला बिना शिरै।
पर्‍यौ करीलका फेद, आज मर्छौ कि भोलि नै॥

अर्थ– (अनेक मतावलम्बी भ्रामकजनका) बिना शिर पाउका वचनरूपी; थोथीभाल–भुत्ते भालाले घाइतेभई कति साधक पूर्वमा मरी-मरी गए, कल्पनामा परे; तिमी पनि त्यसैले घायल भई मरेरै जानेछौ। बोध विचाररूपी पात र छायाले रहित भ्रम सन्देहरूपी काँढैकाँढाले पूर्ण, कल्पनाका इष्टरूपा करीलका बोट मुनि तिमी घाइते बनी थलापरेका छौ। आज मर्ने ह्वौ वा भोली! ॥१९३॥

अरु– टुप्पो धार खिई मुडिएको भालाले बेसरी थुङथुङ्याई हान्दा सारै कष्टका साथ प्राणीको ज्यानै जान्छ। भ्रान्त गुरुजनका वचन यस्तै दुःखदाई हुन्छन्। तिनका बिना शिर-पुच्छरकै कल्पित

'अब धेरै नरोउ, नत सुस्केरा हाल, नत आर्तनाद गर। बितेका समयलाई अफशोचले बोलाउँदैन। उखेलिएको निल पुष्प सुमधुर वर्षाले न त त जागराउँछ, न त फेरि पलाउँछ।'

वाणीका फन्दामा पर्नाले सोझा-साझा जीव भ्रान्तिमा रन्थनिदै दु:खमा जीवन गुमाउँछन् ।

करील भन्ने बोट वृन्दावन राजस्थानतिर पाइन्छ। पात नभएका काँढै काँढाका झाङ हुन्छन् । यस्ता पोथ्राको मुनि बस्नै त सकिन्न भने छायाँ– शितलता के पाउनु ! त्यस्तै भ्रान्तजनका सिद्धान्त, शान्ति र मुक्तिरहित केवल कल्पनाले जेलिएका हुन्छन् । त्यसैको आशामा आज भोलि नै मर्नेछौ । धोकामा परौला, होश गर। आफ्नै विवेक-पुरुषार्थबाट अघिबढ, कसैको आशामा न अड्क ।

बोली हमारी पूर्व की, हमें लखै नहिं कोय ।
हमको तो सोई लखै, जो धुर पूरब का होय ।।१९४।।
पूर्वको बोलि हो मेरो, कोही चिन्दैन मै कन ।
तिनै मलाइ चिन्ने छन्, जो सच्चा पूर्वका जन ।।

अर्थ– पूर्व-अनेक जन्मका शुद्ध संस्कारबाट उदय भएको, अनुभवपूर्ण, सत्यज्ञान सदाचरण-प्रेरक मेरा यी वचन छन् । विषय वासना र अनेक मतका कल्पनामा बुद्धि रुमलिएका पक्षपाती जनले मेरो मुख्य मन्तव्य बुझन सक्तैनन् । जो धुर–पूर्व-पूर्व मनुष्य जन्मका सत्य पारखज्ञानका संस्कारी जीवले मात्र मलाई पारखको रूपबाट जान्नेछन् ।।१९४।।

अरू–यो साखीमा गुरु कबीरबाट 'मेरो बोली पूर्वी वाराणसी तिरको हो, उतैकाले मात्र मलाई चिन्नेछन्' भन्नुभएको होइन । यस्तो स्थूल अर्थ गर्नेले गुरु कबीरका भित्री अभिप्रायको लाभ के लिन सक्लान् ? प्रयाग-दिल्लीतिरबाट वाराणसी पूर्व हो भने, बङ्गाल-बिहारबाट पश्चिम पर्दछ । कोरा बङ्गालीले वाराणसीको बोली के बुझलान् ? के उहाँबाट वाराणसीदेखि पश्चिमकालाई मात्र शिक्षा गर्नु भएको हो र! उहाँको शिक्षा त सारा विश्वलाई हो। यसैले

यहाँ पूर्व भन्नाले गुरुको भाव–'पूर्व जन्म-जन्मान्तरका शुद्ध अनुभव पूर्णवाणी' भन्ने अर्थ अभिव्यक्त हुन्छ। यही अर्थबाट जीवको कल्याणमा-प्रगति पनि निहित छ।

गुरु कबीरको ज्ञान–पुस्तकीय टाप-टीपे होइन। उहाँ अनेक जन्मका पुण्य-पुञ्जको प्रकाशपूर्ण परम संस्कारी अनूपम शोधक महा महीम मानव हुनुहुन्थ्यो। दीर्घ अध्ययन, सत्सङ्ग एकान्त चिन्तनको फल स्वरूप उहाँको भ्रान्ति-कल्पनारूप बादल आफैं हट्यो, चेतन शुद्ध ज्ञान स्वरूपको अपरोक्ष अनुभव भयो। अतः उहाँका वचन पनि उस्तै शुद्ध संस्कारी जनले नै सम्झन सक्तछन्।

"परख भूमिका भिन्न है, मिलै न काहुको भाय।
परखत परखत हंसको, ता भूमिका को पाय ॥"
(पंचग्रन्थी)

जाके चलते रौंदे परा, धरती होय बेहाल।
सो सावत घामें जरे, पण्डित करहु विचार ॥१९५॥

जो हिंड्दा पन्थ बन्दै गो, पृथ्वी व्याकुल कम्पित।
जले ती वीर तापमा, गर विचार पण्डित ॥

अर्थ–जसको हिंडाईबाट वा जसका फौज चल्दा रौंदे–खुँदिई छारोउडेर जमीन-आकाश धुलैधुलाले पूर्णभई कुहिरीमण्डल हुन्थ्यो, पृथिवीका प्राणी भयभीत-पीडित हुन्थे, त्यस्ता सावत सामन्त वीर राजाहरू पनि युद्ध-क्षेत्रमा घायल भई लडी परितापरूपी घाममा जल्दछन्। हे बुद्धिमान्! विचार गर, घमन्ड छाड, शीघ्र कल्याण-साधनामा कम्मर कस ॥१९५॥

अरू– ठूला-ठूला वीर-विद्वान्हरू पनि माया-मोहिनी वा, भ्रामकजनका वचनद्वारा घाइते बनी, परिणाममा गर्भवास-तापमा जलिरहेछन्। अतः सुज्ञजनले विचार गरी स्थूल-सूक्ष्म-मायाका फन्दाबाट स्वयं फुत्कनु, सदा सावधान रही, आफ्नो मुख्य कर्तव्य सह्मालनु।

पायन मुहुमी नापते , दरिया करते फाल ।
हाथन पर्वत तौलते , तेहि धरि खायो काल ।।१९६।।

पाउले पृथिवी नाप्ने , सिन्धुमा फाल हालने ।
पर्वत हातले जोख्ने - लाई खाएछ कालले ।।

अर्थ– पायन पुहुमी- पुराण अनुसार पृथ्वी र राजा बलिको शिरसमेत तीन पाउमा नापी लिने वामन अवतार, दरिया–समुद्र एकै वेगमा उफ्री फड्कने हनुमानजी, गोवर्धन पहाड उठाउने श्री कृष्णचन्द्र र कैलाश पर्वत हातले थाम्ने रावण जस्ता महान् वीर बलशालीहरूलाई पनि अभिमान-आसक्ति र कल्पनारूपी कालले च्याप्प समाती खप्लक्क खाइदियो ।।१९६।।

अरू- हुन त यी सबै वाणीकै चमत्कारपूर्ण रोचक कथा हुन् । तैपनि पुराणानुसार बताउनु हुन्छ– जोदाहा कालले कसैलाई बाँकी राख्तैन, यो कुरा पक्का हो । अतएव अभिमानबाट सर्वथा रहित रही, सदाचार, स्व स्वरूपबोधको साधनामा अघि बढ । दोस्रो भाव हो– यी सबै पनि ज्ञानमात्रको स्थिति र बोध-बिना, कल्पना-भ्रान्ति र विषयासक्ति मायामा परे, यसउसले विवेकबाट काम लेउ, आफ्नो होस सह्माल; सबैबाट बची-बची कल्याण-साधनाको सम्पादन गर ।

नौ मन दूध बटोरि के , टिपके किया विनाश ।
दूध फाटि काँजी भया , हुवा घृत का नाश ।।१९७।।

नौ मन दूध ल्याएका , बून्द विकारले गयो ।
दूध फाटी बिघौती भै , घिउ सम्पूर्ण ज्या! भयो ।।

अर्थ– कत्रो परिश्रम र खर्चबाट नौ मन दूध जोर-जम्मा गरी बटुलेको थियो, टिपके– किञ्चित् विकारी वस्तु-गोबर अमिलो आदि पर्नाले सम्पूर्ण दूध विनष्ट भयो, फाटेर बिघौती बन्यो । अनमोलको घिउमात्र सित्तैं खेरगयो ।।१९७।।

अर्थ– कल्याणको माध्यम मनुष्य-शरीर पाएको स्वर्ण-जीवनमा नौ तत्त्वको सूक्ष्म शरीरलाई दूध मथेझैं विवेकले मथेर, घिउ-समान शुद्ध चेतनको बोधस्थिति निकाल्नुपर्ने हो, तर विषयासक्ति अहङ्कार र कल्पनारूपी विकारका किञ्चित् थोपा पर्नाले अलभ्यको मानवजीवन पनि अकार्थमा खेर गइरहेछ; पशुसमान बनिरहेछ। अथवा अल्प कुसङ्गतले गर्दा मानिसको चोला बरबाद भइरहेछ। अतः होश नगरी भएन ! कुसङ्गबाट सदा बचौं, खोजी-खोजी धाएर पनि सत्सङ्गतमा बसौं, सत्को लाभ लिन बल गरौं नचुकौं।

कितनो मनावो पाँव परि, कितनो मनावो रोय।
हिन्दू पूजे देवता, तुरुक न काहू होय ॥१९८॥

कति पाउ परी भन्छु, रोई धोई भनूँ कति।
हिन्दूले देवता पुज्छन्, शून्य बीच त तुर्क ती॥

अर्थ– जति गोडामलेर ढोग; बिन्ती-भाउ गरी सम्झाउ, किन्तु हिन्दूहरू देवता– जड मूर्तिमै अल्झे, मुसलमान त झन् मसजिदमा आकाशीय अल्लाहको कल्पना गरी, सिर झुकाउन छाड्दैनन् ॥१९८॥

अरू– हिन्दू-पत्थरका र मुसलमानजति भित्ताकै भक्त बनी, स्वरूपबोध-स्थितिबाट अति टाढा परिरहेछन्। अतः दुवै सचेत बनेर स्व स्वरूप चेतनको बोध-स्थिति तथा सदाचरण सम्यक् प्रकार सह्मालुन्।

मानुष तेरा गुण बडा, मासु ` न आवै काज।
हाड न होते आभरण, त्वचा न बाजन बाज ॥१९९॥

नरः तिम्रो गुणै श्रेष्ठ, मासु आउन्न कार्यमा।
हाडको गहना हुन्न . चर्म लाग्दैन वाद्यमा॥

अर्थ– ए मानव ! तिम्रो हंस-गुण, दैवीसम्पत्ति पालन गर्नकै –महत्त्व थियो। अन्यथा तिम्रो मासु कुनै काममा आउँदैन, हाडका गहना बन्दैनन्। छाला, सानु टयाम्को मोहोर्ने काम सम्ममा पनि लाग्दैन ॥१९९॥

अरू– मानिसले आफ्नो होशमा रही, विवेकबाट काम लिन-सक्यो भने मुक्तिको अद्वितीय माध्यम र परोपकारको परम पात्र हुनाले–

नर समान नहिं कौनिउ देही । जीव चराचर, याचत जेही ।।

–[रामायण]

मानिसको शरीरसमान उत्तम कसैको शरीर छैन । सारा जीव मनुष्य-शरीर पाउँ भनी कल्पन्छन् । भन्छन्– यस्तो जीवनमा पनि विवेकबाट काम लिन जानेन भने यो नर शरीर जत्तिको निकम्बा अरू कुनै हुँदैन । पशुहरूको शरीर त बाँच्दा-मर्दा दुवै अवस्थामा परोपकारमा आउँछन्। उनीहरूबाट दुःखको कारण अरू कुनै नयाँ संस्कार त बन्दैन ।

मनुष्यको शरीरलाई मरेपछि झन् जलाउन, गाड्न खर्च र परिश्रममात्र बढ्दछ । विवेक-बिना मनुष्यले उल्टो अरूलाई डस्तछ, पाप कमाउँछ; अन्तमा कुकुरसरि कष्ट भोग्न जान्छ । अत-एव देह-अभिमान छाडेर शुभाचरण–ज्ञान वैराग्यको सञ्चय गर ।

यसमा वेद पनि मनन गरौं–

'मनुष्य प्राणी मार्गदर्शक हुनाले अग्रणी (अगाडि लाग्ने श्रेष्ठ) हो...।'

[सामवेद प्र. अर्ध २ सू.४० मं. १ (९)]

Only the action of the just
Smell sweet and blossom in their dust.

–John Shirley.

'न्यायी र धार्मिक मानिसले गरेका कार्य नै उसको मृत्युपछि पनि उम्रेर हरियो-भरियो भई सुवास महकिनेहुन्छ ।'

जो मोहि जाने, ताहि मैं जानौं ।
लोक वेद का, कहा न मानौं ।।२००।।

जो जान्ने छन् मलाई ता , म सम्झन्छु तिनी कन ।
लोक वा वेद जो गाउन् , तिनको म त मान्दिन ।।

अर्थ– जो दया, क्षमादि सद्‌गुणसम्पन्न मेरो पारख स्वरूपलाई जान्न धारण गर्नमा कटिबद्ध छ, उसलाई म पनि आफ्नो जीव सम्झेर चेतनको बोध शुभाचरणबाट निहाल गरिदिनेछु । यस काममा म दुनियाँको र वेदको समेत कुनै परवाह राख्तिन ।।२००।।

रूप– जो साधक पारखी गुरुको मन, वचन कर्मबाट आधार पक्रन्छ, विवेकयुक्त 'त्वम्‌शरण' बनेको छ, साधना संयम द्रष्टा स्थितिको मैदानमा उत्रन्छ; उसलाई गुरुले पनि पूरापूर सहयोग दिई, जीवन्मुक्तिपद– आफ्नैसमानको स्थिति बनाइदिनुहुन्छ । त्यो साधक जुन जाति-वर्णको भएपनि गुरुले कसैको केही परवाह नराखी, शरण लिनुहुन्छ । विरक्त-जीवन्मुक्त महापुरुषहरू वेद नीतिको नियमबाट पनि माथि उठेका हुन्छन् ।

'लोक वेद कुलकी मर्यादा , इहै गलेकी फाँसी । [गुरु कबीर]
'त्रैं गुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन'◆। [गीता]

सवकी उत्पति धरती , सत्र जीवन प्रतिपाल ।
धरती न जानै आप गुण , ऐसा गुरू विचार ।।२०१।।

उत्पत्ति सब भू बाटै , पाल्छिन् प्राणी सबै कन ।
भूमि स्व गुण के जानुन् , गुरु विचार यो सुन ।।

अर्थ– वनस्पति अन्न फल फूल कपास धातु तेल आदि जीवन उपयोगी समस्त पदार्थ पृथ्वीबाटै उत्पत्ति हुन्छन् । यसैबाट सबै जीवको प्रतिपालन भइरहेछ । तर पृथ्वी जड हुनाले आफ्नो गुण उसलाई केही थाहा छैन । यो गुरु-विचारको निष्कर्ष सिद्धान्त हो ।।२०१।।

अह– सबै सम्झन्छन्– 'धरती माता हुन्, यिनलाई पनि चेतनजस्तै सबै कुराको ज्ञान छ, यिनले पापको भार थाम्न नसकेर,

---

◆ गुण प्रपची छन् वेद गुणको गर लंघन । –[कोमल गीता २।४५]

गाईको रूप धारण गरी ब्रह्माजी कहाँ पुकारा गर्न गएकी पनि थिइन्....।' तर ती सबै मनकै कल्पना हुन् । रामायणमै वर्णन छ–
"गगन समीर अनल जल धरणी । यिनकी नाथ सहज जड करणी ।।"

सबै तत्त्व स्वाभाविक जडत्व क्रियायुक्त छन् भनेपछि जडमा चेतनको ज्ञान-गुण कहाँ आउने ! अतः रामायणको यही चौपाई विवेक-सम्मत हो । जड पृथ्वीले उपर्युक्त कुरा के जानोस् !

यो साखीको अर्को भाव हो– धरती भन्नाले पृथ्वीका मनुष्यबाट सारा जीवसृष्टि र जीवैका मन-कल्पनाबाट समस्त वाणी-जालको मान्यता ठडिएको छ ।

तीर्थ-मन्दिर, गङ्गा-गोदावरी, काशी-कावा, व्रत-रोजा, पूजा आदि अनेक कल्पनाका धन्धा मान्यता प्रचलन चलेका छन् । यिनै मानव जीवबाट उपर्युक्त मान्यताको प्रतिपालन पनि भइरहेछ । हामी मानवले नै नमाने, संरक्षण नगरे; ती कल्पित मान्यतामा शक्ति र तिनको अस्तित्व नै कहाँबाट हुनु ! यस्तोमा पनि चेतन जीव नै सर्वश्रेष्ठ सार सत्य तत्त्व हो भन्ने कुरा स्वयं जीवलाई कत्ति होश भएन । श्री पूरणसाहेबको वचन छ–शिष्यले गुरुसित सोधे– कुन सार-मूल तत्त्वबाट संसारको सारा व्यापार चलेको छ ? बिना मूल धन-रास नभई कुनै व्यापार चल्न सक्तैन । ब्रह्मज्ञान योग समाधि तीर्थ व्रत आचार काल कर्म जप-तप संयम मूर्तिपूजा आदि अनेक मत गुरुवाई आदिको मूल-स्रोत कुन हो ? योग साङ्ख्य वेदान्तादि सबै मतको निर्णय सुन्न पाउँ । शिष्यको यस्तो प्रश्न सुनेर गुरु बताउनु हुन्छ–

कहहिं कबीर सुनु शिष्य सयाना ।
यह सब भरम जाल विधि नाना ।।
जीवहि ब्रह्म आतमा होई ।
जीवहि योग करे सब कोई ।।

चारि वेद औ नाना बानी ।
कल्पि कल्पि सब जीव उतपानी ।।
जे ते सिद्धान्त भये जग सोई ।
सो सब भास जीवको होई ।।
जीव जमा नहिं होय रे भाई ।
सब सिद्धान्त कौन ठहराई ।।

दोहा– कहहिं कबीर विचारि के, ये निर्णय परमान ।
जीव जमा जाने बिना, सबै खर्च में जान ।।

[निर्णयसार]

धरती जानति आप गुण, कधी न होती डोल ।
तिल तिल गरुवी होती, रहति ठिकों की मोल ।।२०२।।

जाने स्व गुण पृथ्वीले, कहिल्यै कम्प हुन्नथिन् ।
गम्भीर सर्वथा हुन्थिन्, ती योग्य मूल्य बन्दथिन् ।।

अर्थ– पृथिवीले आफ्नो गुण जानेको भए कहिल्यै हल्लिने थिएन (भूकम्पादि हुने थिएन) कण-कण गम्भीर रही; ठिकों– ठीक योग्य मर्यादामा रहने थियो ।।२०२।।

अरू– पृथ्वीलाई आफ्नो ऐश्वर्यको ज्ञान भए आफ्नो भक्त-लाई औला-दौला पारिदिने थियो । दोस्रो भाव हो– धरतीका जीवले आफ्नो यथार्थ महत्त्व जानेका भए, अनेक भ्रान्ति-कल्प-नामा उड्ने र आसक्ति-वासनामा बग्ने नौबत कहिल्यै पर्ने थिएन । अल्पज्ञ फिल्को आभास बनी, खबटाको मोलमा मिल्कने पनि थिएनन् । बोध-आचरणको धारणायुक्त सर्व अङ्गबाट गम्भीरता-पूर्वक आफ्नो ठीक स्थितिमा रहनेथिए ।

अतः हाम्रो परम कर्तव्य हो– पहिले आफ्नै अध्ययन गर्नु (आफ्नो महत्त्व जान्नु) इन्द्रिय मन लत, कल्पनामा नअल्झी, चेतन पारख स्व स्वरूपको बोध-स्थिति सह्मालनु ।

जाम्बवानले हनुमानका बलको स्मरण गराउँदा हनुमान होशमा उत्री, सुरिएसमान हामीले पनि चेतन-रामकै कार्य-सिद्धिको निम्ति परम साहस र जोश भर्नैपर्दछ; यसो भएमात्र मनमाथि विजय र स्व स्थिति-शान्तिको उपलब्धि हुनेछ ।

"पवन तनय तुम पवन समाना । का चुपसाधि रहेउ बलवाना ।।
राम काज लगि तव अवतारा । सुनि कपि भयउ पर्वताकारा ।।"

जहिया कीर्तम ना हता , धरती हती न नीर ।
उतपति परलय ना हतो , तव की कहैं कवीर ।।२०३।।

थिएन जहिले कृत्य , पृथिवी न जलै थिए ।
सृष्टि लय थिदै थेनन् , तबैको हाल भन्दिए ।।

अर्थ – कल्पना गर्दा-गर्दा मानिसले कतिसम्म कल्पना गरेका छन् भने– जुन बखत विश्व-सृष्टि नै थिएन, पृथिवी-पानी आदि केही थिएनन्, उस समयको हाल पनि भ्रान्तिपूर्णका जीवले मन कल्पनाबाट वर्णन गरेका छन् ।।२०३।।

अरू– यो साखीमा कबीरको अर्थ, कबीरसाहेब भन्ने लगायो भने पूरा साखीको अर्थ, निषेधात्मकको ठाउँमा सर्वथा विधेयात्मक हुन जान्छ । वक्रोक्तिको बदला सरल अर्थतिर तर्कन गई, उहाँको मन्तव्यमा सर्वथा व्याघात पर्न जाने हुन्छ । परन्तु अनादि जगत्लाई कल्पनाका ईश्वर खुदा ब्रह्म र विकास-क्रमबाट उत्पत्तिभएको हो भन्नेहरूप्रति प्रक्षेपण गरी, यो साखीमा वक्रोक्तिबाट भन्नुभएको हो ।

गुरु कबीर जगत् अनादि मान्नु हुन्छ र पूर्व- सातौं रमैनीमै भनिसक्नुभएको छ–

"तहिया होते पवन नहिं पानी । तहिया सृष्टि कौन उतपानी ।।"

यदि पूर्वमा बतास, पानी आदि नहुँदा हुन् त त्यसबेला सृष्टि के बाट उत्पन्न भयो ! यसैले जगत् अनादि हो ।

मतवादीहरू जगत्लाई आदि (बीचमा बनेको) हो भनी कल्पना गर्दछन् । यसैले यहाँ उनैलाई औंल्याई भन्नुभयको हो ।

'जगत् नभएका बखतमा पनि यस्तो-यस्तो थियो भनी मन-अडकल-बाट कल्पना गरिरहन्छन् । वास्तवमा जगत् प्रवाहरूप अनादि हो, अनन्तकालसम्म रहिरहन्छ । यसको विस्तारपूर्वक माथि वर्णन भइसकेको छ । तथा गुरु विशालदेवकृत भवयानको जड-चेतन निर्णय प्रकरण र मुक्तिद्वारको जगत् अनादि शतक तथा सन्त अभिलाष साहेबको जगन्मीमांसा नामक ग्रन्थमा पनि यो कुरा विशेषरूपबाट वर्णन भएको छ ।

जहाँ बोल तहाँ अक्षर आया , जहाँ अक्षर तहाँ मनहि दृढाया ।
बोल अबोल एक होय जाई , जिह्व यह लखा सो बिरला होई।।२०४।।

बोल्दै अक्षर बन्ने भो , वर्णले मन नै बन्यो ।
बोल अबोल एकै भो , यो देख्ने बिरलै छ त्यो ।।

अर्थ– मानिसले बोल्नासाथ अक्षरको उच्चारण हुन्छ, वाणी बन्छ र वाणीको अर्थरूप मान्यता टिकिहाल्दछ । मानिसहरू यसै गरी मान्यता कल्पनामा परी, बोल-अबोल (सगुण-निर्गुण) इष्टको उपासना गर्न लागेका हुन् । कति त दुवैको एकतारूप ब्रह्म बन्ने कल्पनामा परे । बिरलै भाग्यशाली साधक-यो सबै रमिताको परीक्षा गरी, सबैदेखि पन्छेर-आफू आफ्नै चेतन पारख स्वरूपमा शान्त हुन्छन् ।।२०४।।

भ्ररू– वस्तु-वाणी, सगुण-निर्गुण, द्वैत-अद्वैत आदि सबै स्वरूपदेखि भिन्न जड विषय र कल्पनाका विकार हुन् । सबैलाई मान्ने जान्ने बोल्ने पारख गर्ने जीव चेतन नै हो । यसैले जीव स्वयं सर्व श्रेष्ठ स्वतः छ, यसैको नाम पारख, चेतन पनि हो ।

तौलों तारा जगमगै , जौलों उगै न सूर ।
तौलों जीव कर्म बश डोलै , जौलों ज्ञान न पूर ।।२०५।।

तारा चम्कन्छ त्यैं सम्म , सूर्य ननिक्लँदा तक ।
कर्मका वश छन् जीव , पूर्णज्ञ नहुँदा तक ।।

अर्थ– त्यहाँसम्म ताराहरू झलझलाकारबाट चम्किरहन्छन्, जहाँसम्म तेजपुञ्ज सूर्य उदय हुँदैन। यस्तै जीव पनि त्यहाँसम्म कर्म-संस्कार-वश आवागमनमा घुमिरहन्छन्, जहाँसम्म साँचो चेतनरूपी सूर्यको पूर्ण पारख ज्ञान र वैराग्यको प्रकाश हुँदैन ।।२०५।।

अरू– ठीक-ठीक स्वरूपज्ञान उदय नभएसम्म अज्ञान र अज्ञान कृत कर्म-वासनाको चमक–फलभोग भई नै रहन्छ◈। पारख स्वरूपको बोधोदय पश्चात् मनुष्यको निश्चय, समझ प्रेम र पुरुषार्थ–चारैगुण बदलिन्छन् र जगत्मा घेरिएको लक्ष्य आफैंतिर घुम्दछ, अनि ऊ शान्त भयो । उसका रौं-रौं मा वैराग्यको दीप्ति चम्कन्छ । स्वरूपभाव, ज्ञानमात्रको स्थिति नै रहन्छ । उसको आवागमनको चर्खा चल्न अब बन्दहुन्छ । भोग-कल्पनाको प्रवृत्ति रहँदैन । यस्तै स्वभाव बनाउनु नै हाम्रो मुख्य कर्तव्य हो ।

'पूरब निश्चय से पृथक , समझ पृथक ह्वै जात ।
पुरुषारथ पृथक सो जानिए , प्रेम पृथक दरशात ।।
बन्धन नहीं स्वरूपमें , केवल समझ को फेर ।
फेर मिटचो जब बोध भा , छूट लक्ष्य जग घेर' ।।

[गुरु विशाल]

नाँव न जाने गाँव का , भूला मारग जाय ।
काल गडेगा काँटा , अगमन खसी कराय ।।२०६।।

नजानी ग्रामको नाम , भ्रमको पथ हिंड्दछन् ।
भोली बिच्छ भने काँडा , अगावै सुज्ञ छाड्दछन् ।।

◈ 'निष्काम कर्म गर्नाले तिमी कर्मबाट लिप्त हुनेछैनौ। मुक्तिको लागि यो भन्दा अरू कुनै मार्ग छैन । जो काम्यकर्म, सकाम कर्ममा लागिरहेर आत्मालाई तिरस्कार गर्दछ, त्यो देह त्यागेर असुर योनिमा पुग्दछ । त्यो अज्ञानबाट ढाकिएको बार-बार जीवन-मरण पाउँछ । ···त्यो आत्मा अज्ञानीको लागि टाढा छ, ज्ञानीको लागि नजिकै छ···।' –[यजुर्वेद ४०।२×३×५]

अर्थ– पुग्ने गाउँको नाउँ नै थाहा छैन, त्यसै भ्रान्तिको बाटो लाग्यो भने भोलि वा आजै अवश्य काँडा बिज्ने-कष्ट पर्नेछ । यस्तै सार-असार मुक्तिस्थितिको हाल जसलाई थाहा छैन, बाह्य जड-भ्रान्ति नै हृदयमा खचाखच भरिएको छ, कल्पनामैं पौडी खेलिरहेछ भने यस्तालाई काल–मिथ्या मान्यता वासनारूपी काँडा किन नगडोस् ! अतएव तिमी त अगमन खसी कराय–यस्तो पतन-कारी बाटो पहिले नै सुमरिदेउ अर्थात् लाग्दै नलाग; त्यस्ता बाटामा हिंड्न छाड । स्वरूप ज्ञान, पारख-स्थितिको बाटो लागि हाल ।।२०६।।

अरु– साधक सम्झन्छन्–जुन मार्गमा लागेपनि आखिर धर्ममा लाग्नु हो, पुग्ने ठाउँ उही न हो; एक मार्गमा, लागे त भइ-हाल्यो ! इत्यादि भावबाट बिना विवेक, कुनै एक मार्गमा दीक्षित हुन्छन् । ठीक-ठीक नजानी त्यसै, कुनै एक ध्यान अनुष्ठानमा अड्कन्छन् । यस्तैको लागि यो शब्दमा गुरुबाट चेताउनी दिनु भएको छ । पहिले स्वयं विवेक गर, पारखी सन्तको सत्सङ्गबाट जड-चेतन बन्धन-मुक्तिको ज्ञान हुन र आचारपक्षको पालन, हुनको अति आवश्यक छ । अनिमात्र ध्यान द्रष्टा-स्थितिको अभ्यासमा लाग्नु, कल्याणमा कत्ति फरक पर्दैन ।

राम रहस्य गुरु परख लहि , केते सुधरे जीव ।
काल कला नहिं तेहि लगै , सत्सङ्गति गुरु कीव ।।

[पं. गुरु बोध]

सङ्गति कीजै साधुकी , हरै और की ब्याधि ।
ओछी सङ्गति कूरकी , आठों पहर उपाधि ।।२०७।।

सत्सङ्ग साधुको गर्नु , अरुको ब्याधि हर्दछ ।
दुष्टको सङ्ग हो तुच्छ , सदा उपाधि पर्दछ ।।

अर्थ– सँधै सन्तजनका साथ सत्सङ्ग गर, उनले आफ्नो पूर्व-

का कर्म बन्धन र अरूको पनि मनोरोग दुर्गुण आसक्ति वासनादि हरण गरिदिनेछन् । दुष्टका साथको सङ्गत सारै खराब, हानिकारक हुन्छ । रातदिन एक न एक झाम्लोमा पारि नै रहन्छ ।।२०७।।

अरू– मानिसलाई जीवनमा कसै न कसैको सङ्गत परी नै रहन्छ । तिमी विवेकीजनको सत्सङ्गमा बस्तैनौ भने कुसङ्गीजनका फन्दामा परौला । कुसङ्गबाट मनुष्यको के गति हुन्छ, थाहा छ ? देवबाट दानव र जनबाट जनावर हुन पुगिनेछ; अनि अनेक दु:ख भोग्न विवश बन्नु पर्नेहुन्छ । सत्सङ्गबाट मानिस माथि उठ्तछ, रावणबाट राम र कङ्कडको शङ्कर बन्नपुग्दछ; सुख-शान्तिको पात्र बन्छ-बन्छ । यसैले बुद्धिमान्‌जनको कर्तव्य हो– कुसङ्गबाट सँधै पछिहटी, सत्सङ्गमा अग्रसर हुनु ।

Communion with the bad corrupts good charactar. —Menander.
'खराबको सम्पर्कमा रहनाले असल चरित्रवान्‌लाई पनि भ्रष्ट गरिदिन्छ ।'

"जेहि जैसी सङ्गति करी , सो तैसो फल लीन ।
कदली सीप भुजङ्ग मुख , एक बूँद गुण तीन ।।"

सङ्गति से सुख ऊपजे , कुसङ्गगति से दु:ख होय ।
कहहिं कबीर तहाँ जाइये , जहाँ अपनी सङ्गति होय ।।२०८।।

सुसङ्गले सुखै फल्छ , कुसङ्गले दु:ख फल्दछ ।
भन्छन् कबीर त्यैं जानु , जहाँ सुसङ्ग मिल्दछ ।।

अर्थ– सुसङ्गबाट सुख-शान्ति पाइन्छ, कुसङ्गबाट दु:ख आपत्ति आउँछ । गुरु कबीर भन्नुहुन्छ– बुद्धिमान्‌जनले त्यहीं जान उचित छ, जहाँ आफ्नो पारख-निर्णयको सत्सङ्ग हुन्छ ।।२०८।।

अरू– जहाँ सामुन्नेमा सुख-लाभ र सजिलो भन्ने प्रलोभन देखाई, पुस्तक र ठूलाका आडबाट आकर्षण गर्दछन्, त्यो कुसङ्गत समझे हुन्छ । यत्तिकैबाट कल्याण सम्झनाले 'सस्तो बेसाहा पेट लागी मर' भनेसमान नभई छाड्दैन । जहाँ सत्य विवेकको माध्यमबाट जड-चेतन, बन्धन-मुक्तिको निर्णय हुन्छ, बन्धनबाट

छुट्ने साँच्चीको साधना र प्रौढ युक्तिको माध्यम बताउँछन्, यही जीवनमा दुर्गुण छुट्तछ, निर्भ्रान्त होइन्छ, उही सत्सङ्ग हो; यो राम्रो सम्झनु योग्य छ। यही तुलोले जोखी, सत्सङ्ग-सत्साधनामा अघि बढ्नु। यसोगरेमा कहिल्यै धोका खाइँदैन।

बरु भल वास नरक कर ताता ।
दुष्ट सङ्ग जनि देइ विधाता ।। [रामायण]
पानका साथ मा जाबो पात पुग्छ नरेशमा ।
कठै ! सारस मारीयो, कुपक्षी-साथ देशमा ।

जैसी लागी ओरकी , वैसे निवहै छोर ।
कौडी कौडी जोरि के , पूँजी लक्ष्य करोर ।।२०९।।

जस्तो चाल थियो पूर्व , उस्तै रहोस्न अन्ततः ।
कौडै कौडा सँगालेमा , लाख करोड बन्छ त ।।

अर्थ– जस्तो एकैएक कौडी जम्मागर्दै गएपनि कुनै दिन लाख-करोड धनको रास लाग्नसक्तछ, यस्तै परमार्थ भक्ति साधनामा जसरी थाल्नीमा लागेको छ, उसैगरी जीवनको अन्त्यसम्म पुरुषार्थ गर्दै गएमा एक दिन सहजै पूरा ज्ञानी जीवन्मुक्त बनिनेछ ।।२०९।।

अरू– धमिराले कणैकण जम्मा गरी माटोको पर्वत बनाउँछ। त्यस्तै धन विद्या धर्म पनि अलि-अलि थप्दैजाँदा केही दिनमा ठूलो रास लाग्नेहुन्छ। सत्सङ्ग-साधनाबाट ज्ञान शुभगुण, द्रष्टा-स्थिति पनि, अखण्ड साहस वा आफ्नो भगीरथ-प्रयासबाट सफल हुनेछ। यो सत पुरुषार्थबाट एकदिन निर्वासनिक स्थितिमा अवश्य पुग्नेछौं। अतएव हामी पनि विनम्र-सुशील स्वभाव र दैवी-सम्पत्तिको आचरण बनाई, आजैदेखि जीवनमुक्तिको सन्तोष-सुखरूपी लाभ लिउँ।

Little drops of water , Little grains of sand.
Make the mighty ocean , And the pleasant Land.

J. A. Fletcher curney.

'पानीका थोपा-थोपा र बालुवाका कण-कण बटुलिंदै जाँदा ठूला-ठूला महासागर र रमणीय स्थल बन्दछन्' ।

आजु काल दिन कैइक में, अस्थिर नाहिं शरीर ।
कहहिं कवीर कस राखि हो, काँचे बासन नीर ॥२१०॥

आज भोली कई काल, रहन्न स्थिर यो तन ।
कबीर - कसरी राख्छौ, काँचो हांडी जलं मन ? ॥

अर्थ – आज भोलि वा केही दिनपछि यो शरीर अवश्य नाश भइहाल्छ । गुरु कबीर भन्नुहुन्छ– काँचो हाँडीमा पानी कसरी राख्तछौ ! ॥२१०॥

अख– माटाको काँचो हाँडीमा पानी धेरैबेर अड्दैन, हाँडी फत्याक-फुतुकभई गल्छ, पानी छताछुल्ल बगिहाल्दछ; यो सबैले जानेकै कुरा हो । हाम्रो शरीर पनि त्यस्तै छ । भन्न त यी कुरा हामी मुखले भन्दछौं, तर त्यो भाव लक्ष्यको सम्मुख राख्न सक्तैनौं, भुल्छौं । यसैले अरू-अरू नै भावनामा रङबङ्गन्छौं र हामीबाट रागयुक्त क्रिया हुन थाल्दछन्; अनि स्वयम् प्रपञ्चमा पर्दछौं । यसै गरी-गरी बन्धन बनिरहेछ । धेरै कालदेखि भौंतारिंदै आएका छौं । यसको निमित्त शरीर-संसारबाट उपराम र पदार्थमा पूर्ण दोषदर्शन सतत सम्मुख राखी, साधनामा अगाडि बढ्नु मुख्य काम हो ।

Man is a glass, life is as water
That's weakly wall'd about;
Sin brings in death, death breaks the glass
So runs the water about. —William Comden

'मानव-शरीर कच्चा ढङ्गले बनेको गिलास हो, हाम्रो जीवन पानीसमान छ । पापले मृत्यु ल्याउँछ, मृत्युले गिलास फोर्दछ, अनि पानी छताछुल्ल भई बग्दछ ।'

शुरू थियो है, अन्त के भो, हा म छकिएँ पिल्सिएँ ।
क्यै नमिल्दो सूत्र जोडी, भूलको गाँठो परें ॥

यो कसिंगर यो उपद्रव , यो बिस्केको कण्टक ।
फ्याँकिदिन्छु फालिदिन्छु , शून्य तेरो पल्तिर ।।

प्रख्यात कवि सिद्धिचरण श्रेष्ठ– [ज्यानमारा शैल]

बहु बन्धन से बाँधिया , एक बिचारा जीव ।
की बल छूटै आपने , की रे छुडावै पीव ।।२११।।

नाना बन्धनका बीच , बिचरो एक जीव छ ।
कि स्वयं बलले छुट्छ , इष्टद्वारा कि छुट्त छ ।।

अर्थ– बिचरो एक जीव, अनेक बन्धनमा बाँधिइरहेछ । यो छुट्ने बाटा दुइ छन्– स्वयं शोध-बोध लगाई, आचरण-स्थिति सह्मालेर वा सद्गुरुद्वारा खानी-वाणी जालको परीक्षा गरी पन्छाई, स्व स्थितिमा स्थिर भएर छुट्तछ ।।२११।।

अरू– अनादिदेखि शरीर-सम्पत्ति, पंच विषय अनेक आदत स्त्री पुत्रादि जाति नाना मत-पन्थ विधि-व्यवहारादिका मान्यता, वासनाहरू मानिसका रौंरौंमा बेसरी टाँसिए-लेसिएका छन् । यी बन्धनबाट फुत्की, आफ्नै बाहुबल–विवेकको शक्तिले उभिन सकिन्छ, तर अति कठिन छ । गुरु कबीरसमान संस्कारी, विचक्षण बुद्धि, शोधन-शक्तिसम्पन्न पुरुषलाई यसरी स्वयं बोध हुन पनि सक्तछ ।

'सरि पैरे कि नौ चढिलेवै , सहज मिले गति सन्तहिं सेवै ।।"
[ज्ञान मार्तण्ड]

भारी नदीमा पौडी-खेली, पार लाग वा डुङ्गाद्वारा पार पुग । यिनमा सन्त-सेवा, सत्सङ्गबाट पार हुन विशेष सरल पर्नेछ ।

विवेकी-मानवलाई स्वयम् बोध हुने लक्षण–

देखि अनेक रीति अकुलाना । निज शोधन तब कियो सुजाना ।।
ठहरि यथारथ पारख-किह्ना । लहत प्रकाश स्वतः पद चीह्ना ।।

स्वतः दृष्टि जब जेहि भई भाई । तेई गुरुपद ठहर प्रखाई ॥
पारखमें ठहरे बुद्धिवन्ता । देखि दशा निज नाहिं न हन्ता ॥
[पंचग्रन्थी]

गुरु विशालदेव भन्नुहुन्छ–

अबोध से होवै बोध है, जीव अबन्धके हेत ।
स्वयं गुरु ह्वै जात है, पाय योग्यता जेत ॥[सत्य निष्ठा]

गुरु विशालदेवकै वचन, श्री प्रेमसाहेबद्वारा उल्लेख छ–

(१) अखण्ड सुखको इच्छा गर्नु, (२) दुःखमा कष्ठित हुनु, (३) मौकामा अनेक जन्मका शुभ संस्कार उदय हुनु, (४) सुख सम्झी विषय भोग्दाभोग्दै पनि बारम्बार असन्तुष्ट रहनु, (५) मोक्षको इच्छा हुनु (६) अनेक मनुष्य र जन्तुहरूका सङ्गबाट विविध ज्ञान उप्जनु (७) स्वयम् प्रकाश । यी सात योग जुन घटमा उदय हुन्छन् उनैलाई पारखको स्वयम् बोध उदय हुन्छ । गुरु कबीरबाट स्वयम् जङ्गलमा बूटी-शोध लगाएसमान, स्वतः पारखपदको शोध लगाई प्रकाश गर्नुभयो ।

[मुमुक्षु स्थिति शिक्षा-१७]

श्री कृष्ण चन्द्रले उद्धवलाई भन्नुभएको छ–

प्रायेण मनुजा लोके लोकतत्त्वविचक्षणः ।
समुद्धरन्ति ह्यात्मानमात्मनै वा शुभाशयात् ॥

[भागवत ११।७।१९]

'संसारमा जो मनुष्य– 'म को हुँ ? यो जगत् के हो ? बन्धनबाट कसरी छुट्त छु ? इत्यादि कुराको विचार गर्नमा कुशल छन्, ती प्रायः चित्तका विकार–काम क्रोधादि र वासना-बन्धनबाट विवेक-शक्तिद्वारा आफैंले आफूलाई बचाउँछन् ।

जीव मति मारो बापुरा, सबका एकै प्राण ।
हत्या कबहुँ न छूटि हैं, जो कोटिन सुनो पुराण ॥२१२॥

नमार बिचरा जीव, सबैको सम प्राण हो।
छुट्ने छैन कबं हत्या, कोटी सुन पुराण जो॥

अर्थ– हरे ! बिचरा ती अदना जीव आफ्नै कर्म-वश ठूलो दुःख पाइरहेछन्, त्यस्तालाई तिमी त नमार। हेर ! हामीलाई जस्तै सबैलाई आ-आफ्नो प्राण प्यारो छ। कोटी पुराण सुनेपनि जीव-हत्याका पापको फल नभोगी फुर्सत पाइनेछैन ॥२१२॥

अरू– के हाम्रो ज्यान र ती पशु पक्षी, माछाहरूको ज्यान एकै होइन ? तिनको ज्यान लिंदा, हामीलाई जस्तै तिनलाई पनि कष्ट हुँदैन ? हामीलाई काँडाले घोच्तामात्र पनि कत्रो वेदना हुन्छ; यस्तै सम्झेर अरूको ज्यान लिने, मासु खाने जस्तो महा पापको कामलाई छाडिहालौं 'ती मानिस सारै निठुरी हुन्, जो आफैंसमान अरूलाई पनि कष्ट हुन्छ भन्ने नसम्झी, आफ्नो जिब्रो तिखार्न, अदना जीवको घात गर्दछन्-खान्छन्'। तर त्यस्तै कष्टका साथ त्यसको फल पनि नभोगी सुख पाइने होइन ! एक जीव-घात गरेको आठजना पूरापूर दोषी हुन्छन्, बदला तिर्न आठै जनाले उस्तै खानिमा जानैपर्दछ। आफ्नो घाँटी रेटाउँन, काटिन पर्छ पर्छ। अतः सावधान! यस विषयमा वेदको एकाध मन्त्र मननगरौं–

'दुग्धादिबाट सम्पन्न अदितीरूपिणी गाईलाई कुनै प्रकारबाट पनि हिंसा नगर–४३। दुइ पाउ भएका पुरुषरूप पशुको हिंसा नगर...४७। यस्तो वेगवान् अश्वको हिंसा नगर...४८। सहस्रौं उपकारी, मनुष्यका हितैषी दूध-घिउदाता अदितीरूपा गाईलाई पिडित नगर...४९। ऊनबाट त्वचा ढाकिदिई रक्षा गर्ने अवि (भेडा, बाख्रा) लाई हिंसित नगर... ५०। अजलाई पीडित नगर। देवगण यसैको द्वारा देवत्वमा प्राप्त भएका हुन्, यजमानले स्वर्ग प्राप्त गरे। यसकारण यसलाई पीडित नगर...५१। [यजुर्वेद ४०]

जीव घात ना कीजिये, वहुरि लेत वै कान।
तीरथ गये न बाँचिहो, जो कोटि हीरा देहु दान ॥२१३॥

नगर्नु जीवको घात, लिने छन् बदला भरी।
बाँचने छैनौ घुमी तीर्थ, हीरा कोटी प्रदान दी।।

अर्थ– कुनै जीवित प्राणीको हत्या नगर, गऱ्यौभने पछि उसले अवश्य बदला लिनेछ। पूरै अठसट्ठी तीर्थ भ्रमण गर वा कुनै भारी प्रायश्चित्त गर, अथवा कोटी हीरा दान देउ, तैपनि त्यो हिंसाको बदला नतिरी सुख पाउने छैनौ ।।२१३।।

अरू– जीव-घात गरे-गराएको पाप अत्याचारको फल नभोगी बचिने अरू कुनै उपाय छँदै छैन। अवश्य पनि ज्यानको बदला ज्यान दिन, कष्ट भोग्न पर्नेछ। बरु 'परोपकाराय सतां विभूतय:'–अनुसार जीवको हिंसा गरेपछि त्यसको सयगुना बडी बदला तीर्नैं पर्दछ वा त्यसका शरीरमा जति रौं छन्, त्यति नै पटक आफ्नै घिच्रो नकटाई सुख पाइनेछैन। अतएव जीव-रक्षा, दया-धर्मको पालन गर्नैं पर्दछ। यसबाट ठूलो सुख-फल फल्नेछ। जसरी भएपनि जीवघात, मांस-भक्षणरूप पाशविक महान् अपराधको काम छाडिहाल्नु, यो ठूलो बुद्धिमानी हो। वेद पनि मननगरौं–

'प्राणीमात्रको अहितरूप हिंसा, पिता-माताको प्रतिकूल आचरणरूप हिंसा–यी दुवै पाप यिनीबाट बनेको छ। ती पापबाट बचाउ...। [अथर्ववेद का. ६। अनु, १२ सू. १२०।१]

'असुर (राक्षस) हरूका जो प्रसिद्ध अनेक शरीर र नरकरूप भूमिका छन्, ती सबै अज्ञान र दु:ख क्लेशरूप महान् अन्धकारले ढाकिएका छन्। आत्माको हत्या गर्ने हिंसकी मानिसहरू मरेर तिनै भयंकर खानिमा बार-बार प्राप्त हुन्छन्।'

[ईशावास्योपनिषद् ३]

तीरथ गये तीन जना, चित चञ्चल मन चोर।
एकौ पाप न काटिया, लादिनि मन दश और ।।२१४।।

तीर्थ हिंडे जना तीन, चोर चञ्चल चित्त र।
कटेन पाप क्यै रत्ती, थपे दस मनै तर! ।।

अर्थ– चित्तका चञ्चल, मनका तरङ्गी र स्वभावका छली– यी तीन प्रकारका मानिस गई सारा तीर्थ घुमिआए, तैपनि एकरत्ती पाप काटिएन, झन् उल्टो दस इन्द्रियबाट कुकर्मरूपी दस मन पापमात्र थपेर ल्याए ।।२१४।।

ग्र.रू.– चित्त-चञ्चल, मनका तरङ्गी (कर्मी-उपासकहरू) तीर्थ-भ्रमण गर्न जान्छन्, केही दिनको निम्ति घर-धन्धा भने छुट्‌तछ, तर वृत्तिमा अरू चञ्चलता थपिन्छ। शरीर र बाटो खर्चतिर वृत्ति केन्द्रित हुन्छ। अहंङ्कार बढ्‌दै जान्छ। यात्रा पूरा हुन पाउँदैन, घर फर्कने फिक्री हुन थाल्दछ। आफूले गरे देखे घुमेका कुराको अभिमान थपिन्छ। यसबाट पहिले गरेका पाप के काटिए; पापको प्रति बूझ-पेलाहा निडरमात्र बनियो। अभिमानको बृद्धि र दसै इन्द्रियबाट पापमात्र थपिंदै जानेछ।

तेस्रा–योगीहरू योगका क्रिया-झमेलामा पर्दछन्, मुख्य तीर्थ सुषुम्नामा मान्दछन्। बाहिरी दस इन्द्रियका स्थूल क्रियाबाट निवृत्त हुन्छन्, भित्र पस्छन् र पनि उहाँ सूक्ष्म आनन्द र रमितामा भुल्दछन् [अनहद-श्रवण, ज्योति-दर्शन; अमृतको स्वाद लिने भन्दछन्। अष्ट कमलको सुवासमा लुब्धक भमरो बन्छन्] यसरी दस मन पापको भार थपियो, इन्द्रियकै भोग-विषयासक्तिसम्म पनि छुटेन, झन् सूक्ष्म भोगमा परे।

जीवलाई आभास भन्ने ज्ञानीहरू, हामी मानसिक तीर्थ गर्नेह्वौं भन्दछन्। जड-चेतन एकैमा मुछेर, विषय सुख भोगी-भोगी मुक्त हुन्छौं भन्ने चलाख्याइँ युक्ति झिक्तछन्। यता इन्द्रियासक्तिको सुधारतिर चेष्टा हुँदैन। उता वाक्य-ज्ञानको चतुऱ्याइँले निर्भयता, अभिमान ल्याउँछ, विवेक-ज्ञान ग्रहण हुन सक्तैन। शरीर, संसार र मनलाई विलय गर्ने, शून्य निराकार ब्रह्ममा मिलाउने प्रयासमै समय बित्तछ। तर सत्य वस्तु–जड तत्त्व र अनन्त चेतनलाई शून्य

आकाश-वत् भनी मिलाउन खोजेर के मिल्थे ! यिनको मनमात्र केही समयको लागि शून्यमा मिल्दछ । यिनै दस मन पापको भारी थपिनु हो ।

चित्तले-'म को हूँ? जगत् के हो? बन्धनबाट कसरी बाँचिन्छ? इत्यादिको चिन्तन गर्नु। मनले दया विचार-सुशीलता र वीर भाव-लाई पूरापूर पालन गर्ने चेष्टा राख्नु। संसार-प्रपञ्चबाट अनासक्त रहने अभ्यास गर्नु । आफ्नो स्वभावमा विशेष सावधानी राख्नु, शुभाचरण पालन गर्नमा कट्टरता ल्याउनु। भोगासक्ति-पूर्ति गर्ने चालबाजी आफूमा आउन नदिनु । यस प्रकार जो स्व स्वरूप ज्ञानमात्रमा स्थिरहुने साधनामैं प्रयत्नशील छ, त्यस्ता व्यक्तिको मात्र सर्वथा पाप काटिन्छ। समस्त कर्मको जरो इच्छा नै समाप्त भएपछि अब पाप-पुण्यादि कर्म कताबाट बनोस् !

इच्छा कर्मन मूल है , तेहिको खोदि गिराव ।
जेहिमें बाँधा जीव यह , ताहि त्यागि बचिजाव ।।

[मुक्तिद्वार-शान्ति शतक]

तीरथ गये ते वहि मुये , जूडे पानि नहाय ।
कहहिं कवीर सुनो हो सन्तो , राक्षस होय पछिताय ।।२१५।।

बगी मरे गई तीर्थ , चिसो पानी नुहाउँछन् ।
भन्छन् कबीर हे सन्त , दैत्य भै पछुताउँछन् ।।

अर्थ– पापाचारीहरू पाप काट्ने संसार तर्ने आशाले तीर्थ-भ्रमणमा जान्छन्, त्यहाँ हिमाली चिसोपानीमा लालच-वश कष्ट खपेर पनि स्नान गर्दछन् । तर अन्त्यमा आफ्नो कमाई–पापको फलस्वरूप दुःख चिन्ता शोक महा संकष्ट र कल्पनादिको बाढीमा बगी मर्दछन् । उक्त कष्ट नभोगी सुख पाउँदैनन्। गुरु कबीर भन्नु-हुन्छ– हे सन्त हो ! सुन, त्यस्ता हिंसकी तीर्थसेवीहरू राक्षसी स्वभावका खानिमा जन्मी, ठूलो पछुतोमा पर्ने हुन्छन् ।।२१५।।

अरू– यो साखीको भनाई सोझै "तीर्थ सेवनको फल राक्षस बनी पछिताउनु पर्दछ, तीर्थ नगर" भन्ने भाव होइन। तीर्थ पनि प्रथम श्रेणीका व्यक्तिको निम्ति धर्मको एक अङ्ग हो। माथि २१३।२१४ साखीमा 'पुराण-श्रवण, दान, तीर्थ-भ्रमणबाट पनि जीव-हिंसाको पाप काटिंदैन' भन्नुभएको थियो, यहाँ त्यसैको अरू पुष्टिगर्नुहुन्छ तीर्थ–कथा-श्रवण, दानबाट पाप काटिन्छ भनी कहीं-कहीं भनिएको छ तापनि भूल अनजानमा गरेका पापको कुरा अर्कै हो, जानाजान गरेको र पछि प्रायश्चित्त गरी पाप काटौंला भन्ने भावबाट अथवा 'मार्ने 'म' होइन, आत्मा मर्दैन, भनी 'पानीमाथिको ओभानो' बनी, आफ्नो जीब्रो तिखार्न-निमित्त गरेका पापको फल भने भोग्नैपर्दछ। शास्त्र-ज्ञान छाँटी, कुराको बठचाइँले मात्र पाप कदापि काटिंदैन।

राक्षस हुन्छ भन्ने भाव हो–प्रत्यक्षमा राक्षसी स्वभावका जन्तु–सिंह, स्याल ब्वाँसा, कुकुर-बिरालो, गिद्ध सर्प अजिगर आदि हिंसकी योनिमा जन्मी दुःख भोग्दछ भन्ने सम्झनुपर्दछ।

तीरथ भई विष बेलरी, रही युगन युग छाय।
कबिरन मूल निकन्दिया, कौन हलाहल खाय ॥२१६॥

विष बेली बन्यो तीर्थ, युगादि ढाकिंदै छ त्यो।
जीवले मूल नै नाशे, को खाओस् जहरै नहो ! ॥

अर्थ– अबूझ भ्रान्तजनको निम्ति धर्म र सुधारको माध्यम-तीर्थ◈ तथा तीर्थको महात्म्य पनि विषको बेलो बन्नगयो। यो अनेक युगदेखि झाङ्गिंदै आइरहेछ। यसैको भरोसामा परी, कबीरन–अज्ञानी जीवले मूल निकन्दिया–सार तत्त्व–विवेक अहिंसा-मानव-

---

◈ अभ्यास यत्नौ प्रथमं मुख्यो विधिरूदा हृत।
'प्रथम बताइएको (मूर्ति पूजादि) स्वरूप ज्ञान नपाउनेका लागि अभ्यासको निम्तिमम्म हो। मुख्य काम त दोस्रो (आत्मानुसन्धान) नै हो।'
[आत्मबोध-टीका]

ता र स्वरूप बोध सबै सखाप पारिसके । अब यस्ताका साथ लागी को हलाहल–नर्सिङ विष खाओस् ।।२१६।।

अरू– 'तीर्थयात्रा, तीर्थवासबाटै मेरो पाप काटिन्छ, भन्ने समझ नै उपासकजनको निम्ति विषको बेलो बनिरहेछ । यसैको भरोसामा ढुक्क परी, मानिस सहसा पापमा प्रवृत्त हुन्छन्' सत्सङ्ग-विवेकको वास्ता गर्दैनन् । हिंसा-व्यसन, पाप कर्मको सुधार गर्ने आवश्यकै सम्झँदैनन् । यिनलाई सम्झाउँदा पनि लाग्दैन । यसरी यी त गए-गए, अब यिनका साथ लागी, दारुण नर्सिङ विष को खाओस् ! व्यर्थै समयको सखाप र खर्चको खतिमात्र गरी, अभिमान अलिप्तताको पोको को बोकोस् !

ये गुणवन्तो बेलरी , तव गुण वर्णि न जाय ।
जर काटे ते हरियरी , सींचे ते कुह्मिलाय ।।२१७।।

ये गुणी लहरा तिम्रा , गुणहरू अवर्ण्य छन् ।
मौलाउने जरो काट्दा , सिञ्चदामा अति सुक्छ झन् ।।

अर्थ– ए, विशेष गुणवान् मन-मायाका लहरा ! तिम्रा गुण वर्णनातीत छन् । तिम्रो अहङ्कार-जरो काटिँदिदा साधकरूपी बेला हरिया भई मौलाउँछन्, चिन्ता-कल्पना छुटी शान्त सुखी बन्दछन् । विषय भोग र कल्पित वाणीरूपी पानी लगाइदियो भने मकैका बोट पानीले ओइलाए झैं जीव ओइलाउँछ, चञ्चल र कष्टका साथ जन्म-मरणमा पर्ने, बाँधिने-पिँधिने हुन्छ ।।२१७।।

अरू– माया भन्नु असंशोधित मन हो । यसका अनेक कल्पना आसक्तिरूपी गुण छन् । ती गुणसमूहको वर्णन गर्न सकिन्न । तिमी-बाटै समस्त वाणी-कल्पनादि रचना भए; तिनका विविध मान्यता बने । विषय भोगको प्रवृत्तिमा आफैं पऱ्यौ । यसै गरी-गरी आज सबै जीव तिनै झालमा अल्झी बेरियका छन् । यो बेलोको मूल जरो हो–अहङ्कार । त्यो शरीरदेखि संसारका समस्त कल्पना-

मान्यतासम्म पुगेको छ । अब उक्त अहङ्कारको जाल फाँड्न, दृश्य-मात्रलाई उखेल्नु । कहीं केहीमा 'मेरो-मलाई' भन्ने भाव उम्रन नपाओस्, स्वयं द्रष्टामात्र बचोस् । केही समय यस्तो अभ्यास गरी, साथसाथै दैवी-गुणको आचरणद्वारा वैराग्यपूर्ण अन्तःकरण बनाए-पछि अहङ्कारको जरो उखेलिन्छ । जीव सदा शान्त मुक्त हुन्छ । यस्तो शान्तिको लाभ लिन छाडेर विषय र भोगा-सक्तिमा घुस्री, कल्पना-मान्यतामा पसी, तीनतापको रापमा को ओइलाओस् ! उसिन्नियोस् !

बेलि कुढङ्गी फल बुरो, फुलवा कुबुद्धि बसाय ।
ओर विनष्टी तूमरी, तेरो सरो पात करुवाय ।।२१८।।

बेलो वेढङ फलै तुच्छ, फूल कुबुद्धि गन्ध छ ।
जरो नाशक हे तुम्बा ! तिम्रो पात त तिक्त छ ।।

अर्थ– मन-मायाको बेलो संक्रँदै शान्ति नाशक छ । त्यसमा कल्पनारूपी खराब तुम्बो फल्दछ । कुबुद्धि फूल त झन् तमतमाउँदो, हरक आउने हुन्छ। तूमरी–त्यो तीतो लौकाको विनष्टरूप अहङ्कार, ममता नै ओर–जरो हो। यो कुनै द्रष्टा चेतनरूप होइन , अथवा मनुष्यको जुन अहङ्कार-स्फूर्णरूप जरोबाट मन-माया प्रकट हुन्छ, त्यस व्यक्तिको विनाशकारी लक्षण पनि यही हो । ए, मन-मायाका लहरा ! तेरा अनेक कर्मरूपी पात सारै तीता छन् । अबोधपूर्ण मन-बाट गरेका कर्म पनि कष्ट-कारक नभई किन छाड्थे ! ।।२१८।।

अरू– हाम्रो अन्तःकरणमा अहङ्कारले जरो हालेपछि, विनाशकारी मन-माया तीता फल फल्दछन् । तब जे जति कर्म हुन्छन्-दुःखरूप दुर्गन्धपूर्ण बदनाम गराउनेमात्र बन्दछन् । कुबुद्धिबाट 'विषय पनि सुखरूप ब्रह्म हो' भन्ने आदि अनेक कल्पित वाणीजाल-को फल फल्दछ । यसैले हृदयमा कल्पना र अहङ्कारको जरो हाल्न नदिनु, त्यसको सट्टा निर्मानताको बोट रोपिदिनु । अर्थात् मन

वचन, कर्ममा कल्पना-अहङ्कारको आगो सल्कन नपाओस् । विनम्र सरल शान्त स्वभाव बनाउने चेष्टा गर्नु । वृत्ति आफैंमा शान्त राखी, सदा सावधान बन्नु । मनको कुनै वृत्तिले तिमीलाई घिच्याउन, बाहिर पार्न नपाउन्, यसैको फिक्री लिनु । जसमा पुनः मनरूपी तीतो बेलो, क्रोध-सिस्नाका झाङ र काम-लोभादिका काँडा उम्रन नपाउन्, अनि हामी परम शान्त बनिहाल्यौं ।

जिन्दगीको यो र त्यो मा फुस्किएका भावना ।
ली प्रकृतिले ती सँगाली राख्तछिन् पोल्टा महाँ ॥
क्वै समय पाएर मौका फेरि दिन्छिन् ल्यौ भनी ।
मित्रले आफ्नू पियारो मित्रको नासोसरि ॥
प्रख्यात कवि सिद्धिचरण श्रेष्ठ –[ज्यानमारा शैल]

पानी ते अति पातला, धूवाँ ते अति क्षीन ।
पौनहु ते उतावला, सो दोस्त कबीरन कीह्न ॥२१९॥

पानी भन्दा पँधेलो र, धूवाँ भन्दा महीन जो ।
वायु भन्दा छिटो-साथ, मितेरी जीवले गऱ्यो ॥

अर्थ– पानी भन्दा धेरै पातलो, धूवाँ भन्दा-अति मसिनो र बतास भन्दा पनि चञ्चले-यस्तो मनको साथ अज्ञानी जीवले मितेरी लगाइरहेछ ॥२१९॥

अरू– माथिका साखीद्वारा 'मनको तीतो बेलोबाट जीवलाई दुःखले ढाकेको, कष्टदिएको' बयान भएको थियो । उही मनको स्वरूप यहाँ बताउनु हुन्छ–यो मन सारै सूक्ष्म र मिल्के बाँदर जस्तो चञ्चले छ ! तर मन कुनै परमाणुयुक्त खँदिलो पदार्थ होइन, हामीले नै देखे भोगे सुनेका विषय-संस्कारको समूहमात्र हो । परन्तु हृदयबाट यो मन जब वृत्तिको रूपमा उठ्तछ, तब तिमी त्यहीं गोठालो बनी बस । अशुभवृत्ति उठ्नै नदेउ, शुभ कर्म, शुभ चिन्तन शुभ मनन, परमार्थको निश्चय–इत्यादि शुभैशुभको अन्तःकरणमा

पर्रा छुटाउ, अविच्छिन्नधारा बगाउ। बस, बन्धनकारी अशुभ मनको सातो पुत्लो जानेछ। अनि त साधकले हण्डर खप्नै पर्दैन।

सतगुरु वचन सुनो हो सन्तो, मति लीजै शिर भार।
हो हजूर ठाढ कहत हौं, अब तैं सह्मर सँभार ॥२२०॥

गुरु वाक्य सुनी सन्त, न लेउ भार क्यै शिर।
स्वयं प्रत्यक्ष स्वामी छौ, भन्छु समर ह्वौ स्थिर ॥

अर्थ– हे सन्त! पारखी गुरुका निर्ण-सत्य वचन सुन, उनकै आचरण आफूमा उतार। भ्रान्त गुरुजनका कल्पित वाणीरूपी बोझा बोक्न, थाप्लो नथाप। तिमी आफैं आफ्ना मालिक ह्वौ, म यो कुरा दृढतापूर्वक भन्दछु– अब तिमी भ्रान्ति-कल्पना, दुर्गुण-आसक्तिसित लडाई लड्न कम्मर कस, विश्व-विजयी बन ॥२२०॥

अरू– भ्रामकजनका मस्तकमा मन-कल्पना सवार छँदै छन्, तिनकै इशारामा समाज सबै हाँकिई दौडिरहेछन्। साधक-सन्तको हृदय, गुरु-ज्ञानका साधनामा लागेपछि त्यहाँ भित्रभित्रै मन-कल्पनाका साथ लडाई चलिरहन्छ। गुरु कबीरबाट हामीलाई यही लडाई लड्ने, विजयी बन्ने युक्ति बताउनुहुन्छ। तिमी गुरुका निर्णयी वाणी मात्र सुन, उही अनुसार कर्तव्य-पालनमा अगाडि बढ। भ्रान्त गुरुजनका कल्पित वाणीजतिको परीक्षा गरी सारग्राही बन। तिनका मान्यताको भारी नबोक। सिद्धि प्राप्ति. स्वर्गादिको निवास, ब्रह्म बन्ने, निर्वाण हुने प्रलोभनमा नपर। सार-सत्य परम तत्त्व जो मुख्य चेतन वस्तु हो, त्यो तिमी नै ह्वौ। यी कुरा मैले खुलस्त भनिदिएको छु। तिम्रा जन्म-जन्मका बैरी-अज्ञान आसक्ति कल्पना भ्रान्ति र काम-क्रोधादि हुन्। तिनैसित निरन्तर लडाई लड; अब तिम्रो अन्तिम कर्तव्य यही हो। यो लडाईमा तिम्रै विजय हुनेछ। ती शत्रुहरूको स्वरूप मन-कल्पनाकै हुनाले तिनको कुनै, अस्तित्व छैन, भूल-वश तिमीले नै शक्ति दिँदा ती खडाभई तिमीलाई नै कज्याइ-

रहेका हुन्, तिमी शक्तिमात्र नदेउ, अनि त ती बिलाइहाल्नेछन् । तिमी साहस-उत्साहका साथ अडेरमात्र बस, होश सह्माल !

वो करुवाई बेलरी , औ करुवा फल तोर ।
सिद्ध नाम जव पाइये , बेलि विछोहा होर ।।२२१।।

ए तीता लहरा ! तिम्रा , फल अत्यन्त तिक्त छ !
सिद्धनाम तबँ पर्ला , बेलो . बाट छुटेपछि ।।

अर्थ– ए तीतो लहरा–कल्पनारूप माया ! तिम्रो फल-नाना मान्यता परिणाममा भ्रान्ति कष्ट-दायक न हुन् ! ब्रह्मज्ञानी भन्दछन्– होइन, रायपेहटासमान मायारूपी तीतो लहरामा रहे-सम्म प्रपञ्च सम्बन्धी दुःख हो । मायाबाट छुट्टिएपछि पेहटा फल खाँदा स्वादिष्ट भएसमान साधन-चतुष्टय सिद्ध भई, शुद्ध ब्राह्मी स्थितिमा सत् चित् आनन्दमय रहन्छ, कुनै कष्ट रहँदैन ।।२२१।।

अरू– रायपेहटा भन्ने भारतको उत्तर प्रदेशतिर बारीमा हुने काँक्राको लहरा जस्तै अलिसाना एक प्रकारका लहरा हुन्छन् । तिनमा लहरा, पात, फल सबै तीतैतीता हुन्छन् । असोज कार्तिकमा फलफल्दछ परवर कुन्द्रु जस्तै बदामी गोल बान्किका फल हुन्छन् । भेट्नुमा रहेसम्म तीतो हुन्छ । पाकेपछि भेट्नुबाट छुट्टिन्छ, अनि अति मगमग बास्ना आउने, स्वादिष्ट बन्दछ ।

सिद्ध भया तो क्या भया , चहुँ दिशि फूटी वास ।
अन्तर वाके वीज है , फिर जामन की आश ।।२२२।।

सिद्ध भएर के भो त , चारै तर्फ सुवास छ ।
भित्र बीज छ है गुप्त , पुनः उद्भव आश छ ।।

अर्थ– सिद्ध भई ब्राह्मी स्थितिमा पुग्दैमा के भयो; चहुँदिशि-'सर्वत्र परिपूर्ण ब्रह्म हुँ, भन्ने वासना त फूटी-निकलिरहेकै छ । 'ब्रह्मबाट जगत्,जगत्बाट ब्रह्म बन्ने हुँ' भन्ने बीज पनि भित्र छँदै छ। यसबाट फेरि दुःखस्वरूप मायाको बेलो नउम्रिछाड्छ र ! ।।२२२।।

अरू– ब्रह्मवादको चर्चामा एक ब्रह्म अद्वैत छ, जगत्-"ना यह भयो न होय न ह्वै है, जगत मनोमय मात्र विलास।' भन्ने सुन्दा र क्षणिक

ब्रह्म-समाधिमा स्थिर हुँदा पाकेका रायपेहटाको स्वादसमान प्रथम मिठास त पाए; तर त्यो फलभित्र फेरि-फेरि पनि तीतो बेलो उम्रने बीज भएसमान यिनको ब्राह्मी-स्थितिमा एक ब्रह्मबाट जगत् बन्ने पक्का बीज छँदै छ। दोस्रो–दोष-दर्शनपूर्ण बन्धनरूप जानी, विषय सुखाध्यासको त्याग भएको छैन, विषय-सुख पनि ब्रह्ममय आफ्नै स्वरूप सम्झी, भोग हुँदै आइरहेछ। तेस्रो–जडदेखि छुट्टा स्व-स्वरूप चेतनको अपरोक्ष बोध नभई 'सर्वं खल्विदं ब्रह्म' को बोध छ। यिनै सब बीजबाट यो शरीर छुटेपछि पनि आफ्नै स्वरूप मानिएका जगत्मा विलास गर्न नआई कहाँ फुर्सत पाइएला र! अतएव सम्यक विवेक गर्नमै विशेष मेहनत नगरी भएन। सबै छाडी, ज्ञानमात्र शुद्ध स्वरूप स्वयं द्रष्टा चेतनमा शान्त बन्ने प्रयास गर्नै पर्‍यो। जड मायाबाट पन्छिएर पृथक् भएपछिमात्र आफ्नो साँचो स्थिति बन्न सक्नेछ।

परदे पानी ढारिया, सन्तो करो विचार।
शरमा शरमी पचि मुवा, काल घसीटन हार ॥२२३॥

पर्दाको आडमा पानी - पोखे सन्त बिचार त!
मर्दछन् शर्मशर्मैले, कालले नै घिसार्छ त!

अर्थ– हे सन्त! विचार गर, विविध मतका गुरुजनले परदे–कल्पित देव-देवीका आडमा वाणीरूपी पानी पोखिदिए– भ्रम कल्पनाको उपदेश दिएका छन्। पारखी सन्तको सत्सङ्गबाट कोही-कोही 'यो सबै भ्रम-कल्पना हो' भन्ने सुनेर पनि बिना विवेक लहै-लहैमा लागी, उही कल्पना-पुष्टिकै बाटो पनि छाड्दैनन्, सत्य-सिद्धान्तमा भिज्दैनन्। अतः यस्तालाई अहिल्यै मन (कल्पना-काल) ले खहरेतान लगाई घिच्याइरहेछ भने अन्त्यमा पतित नगराई के छाड्ला ॥२२३॥

अरू– पहिलेका भ्रान्तजनले यज्ञमा जीव हवन गर्नुपर्दछ, देवतालाई बलि नदिई हुँदैन, कुरबानी गर्नु धर्म हो, प्रसादरूपमा

मांस खान योग्य हो– भनी वेद स्मृति, कुरानादिमा लेख घुसाइदिए । आज त्यो काम ठीक होइन भन्ने जानेपछि पनि धेरैले डर, संकोच र आसक्ति-वश छाड्न सक्तैनन् । तिनले जड-चेतन छुट्टाछुट्टै हुन्, कर्म वासना-वश बन्धन हुन्छ भन्ने बुझेका छन्, यी कुरा सत्सङ्गमा स्वीकार गर्दछन् र पनि आफ्नो सुधार नगरी, कुरा तर्काई पन्छन्छन् । यस्ता व्यक्ति आजै कालरूप कल्पना भ्रान्तिका पञ्जामा छन् त भोलि कष्टबाट कसोगरी बाँच्लान् ! अतः विवेक वैराग्य दोष दर्शन–यी तिनलाई नजगाई यसको अरू कुनै औषधी नै छैन ।

अस्ति कहौं तो कोइ न पतीजे , विना अस्तिका सिद्धा ।
कहहिं कबीर सुनो हो सन्तो , हीरी हीरा बेधा ।।२२४।।

पत्यार छैन सत् भन्छु , बिना सत्य स्व सिद्ध छ ।
भन्छन् कबीर हीरा नै , हीरकं ले त छेड्दछ ।।

अर्थ– अस्ति–सोहं आना सत्य वस्तुको हाल म बताउँछु, तर कोही प्रतीत गर्दैनन् । असत्यलाई नै अँगाली सिद्ध बनिरहेछन् । गुरु कबीर भन्नुहुन्छ– हे सन्त ! सुन, हिर-कणले हीरालाई छेडिरहेछ** । अर्थात् जीव आफ्नै कल्पनाले भ्रान्त भइरहेछ ।।२२४।।

अरू– मानिसको स्वभाव छ–'पसलमा बाहिर राखेका उत्तम वस्तुलाई उत्तमै बताउँदा पनि आँखैले नदेख्ने, नकली नै भएपनि भित्र थन्क्याएका वस्तु सकली सम्झी रुचाउने' । त्यस्तै गुरु कबीर यथार्थ सत्य वस्तुलाई विभिन्न दृष्टान्त रूपक वक्रोक्तिबाट अनुभव

** 1. The soft drops of rain pierce the hard marble; Many strokes overthrow the tallest oaks –John Lyly.

2. Many strokes though with a little axe, Hew down and fell the hardest timber'd oak.

W. Shakespeare,

१– नरम पानीका थोपाले कडा सिंहमर्मर पत्थर फोर्दछ । धेरै पटक बच्चरोले हिर्काउँदा अति जङ्गी ओक–बाँझको रूख पनि ढाल्दछ ।

२– कैयौं चोटमा सानु बञ्चरोले पनि कडा भन्दा कडा रूख ढाल्दछ ।

र प्रमाणपूर्वक स्पष्टरूपले बताउनुहुन्छ; तर मानिसको स्वभाव छ– भ्रम कल्पनामै उड्ने, अदेख अडकलका वस्तुमै लुब्ध हुने, सिद्धि-चमत्कारतिरै दौडने । यहि हो– आफ्नै कल्पनाले आफैंलाई बौलाहा बनाइरहेको !

(१) प्रत्येक अवसरमा 'म-म' भनी काम गर्ने जीव, जड तत्त्वदेखि छुट्टै छ, यही चेतन सार सत्य तत्त्व हो । सबैलाई मान्ने जान्ने अनेक कल्पना गर्ने 'म' लाई छैन भनी कसले भन्न सक्तछ! 'म' कै आधारबाट त सब वेद पुराण मत पन्थ ज्ञान विज्ञान लोकादि र अनेक इष्टको मान्यता चलिरहेछ । यसैले 'म' अर्थात् जीव चेतन सर्वथा सत्य सर्वेसर्वा मूल तत्त्व हो ।

(२) काम क्रोध लोभ मोह भय प्रेम वैर वासना कल्पना आदि मनका विकार नै जीवको लागि कष्टकारक र बन्धन प्रद, भइरहेछन् ।

(३) सत्सङ्ग, सन्त-गुरुको सेवा, सद्ग्रन्थ-अध्ययन, विवेक-विचार गर्नु; मन इन्द्रियलाई संयममा राखी, हिसा लत मनोविनोदका काम र उपर्युक्त विकार हटाउनाले जीव दुःखबाट छुट्न सक्तछ । यही पुरुषार्थ गर्नु हाम्रो मुख्य कर्तव्य हो; यो पनि स्पष्टैछ ।

गुरु कबीर यिनै कुराको उपदेश गर्नुहुन्छ । किन्तु कोही प्रतीत गर्दैनन् । यिनलाई आफ्नै कल्पनाले खाइरहेछ, अतः यस्तालाई के उपाय !

'आत्मा देहे धृतौ जीवे स्वभावे परमात्मनि' ।। [विश्वकोष]

'आत्माले देहलाई जीव स्वभावबाट धारण गरिरहेको छ, वास्तवमा यो परमात्मा नै हो ।' इत्यादि प्रमाणबाट 'आत्मा' शब्द, भाव अर्थको वाचक हो, अभाव अवस्तु होइन ।

सोना सज्जन साधुजन, टूटि जुरै सौ बार।
कुजन कुम्भ कुह्मार का, एकै धका दरार ।।२२५।।

सुवर्ण सुजनै साधु, फुटे मिल्छन् सयौं छिन।
भांडा कुजन कुह्माल-का एकै चोट नासिन ।।

अर्थ– सुवर्ण, सज्जन र सन्तजन-नरम सुधीर र समतज्ञ हुनाले सयौं पटक भाँचिए टुक्र्याए छुट्टिए पनि फेरि जोरिन, मिल्न सक्तछन्। तर कुमानिस र कुमालेको गाग्रो–दुवै स्वभावका सारा र भित्र क्षमा समताबाट खोक्रा हुनाले एकै चोटमा चर्कन्छन्, फेरि जोरिन-मिल्न कठिन पर्दछ ।।२२५।।

अरू– नामै त सुवर्ण, उसलाई जतिफेरा गालेर थरी-थरीका गहना बनाए पनि बनिरहेकै छ। यस्तै सज्जन साधु-पुरुष, नित्यको साथमा बोल व्यवहार गर्दा केही होची-अर्घेली परिहाले पनि परस्पर मनमा द्वेषभाव बनाउँदैनन्। मनको प्रतिकूलता मेटाई, फेरि समताको व्यवहार बनाउँछन्। यो हो–सज्जता, साधुपनाको स्वभाव। दोस्रातर्फबाट क्षुद्रतायुक्त क्रिया नछुटेपनि सज्जन र सन्तले स्वयम् बचेर पृथक् रहेर आफ्नो अन्तःकरण विनम्र स्वच्छ राख्तछन्। समयमा उसका प्रति हितैषी व्यवहार नै गर्दछन्। यो हित-मन्त्र मनुष्यमात्रको निमित्त अति उपयोगी छ। मनुष्य-मनुष्यमा, गाउँ-टोल छर-छिमेकभरमा यस्तै व्यवहार हुनुपर्दछ। एक समाज, एक गुरुका अनुयायीभर तथा एक घर कुटुम्बमा त यस्तो व्यवहार अवश्य चाहिन्छ। यो भाव आएन, मनको गाँठो रहिरह्यो, उनका सम्बन्धमा कठोरता, द्वेषकै वचन निस्किरहे भने हामी कुमालेको काँचो कहतारो नै ठहरियौं। यसमा वेदका वचन पनि मनन गरौं–

‘तिमीहरूको कर्म समान होस्, हृदय र मन पनि समान रहोस्। तिमीहरू समान मतिका भएर सब प्रकार सुसंगठित बन।’
[ऋग्वेद १०।१२।१९१।४]

काजर केरी कोठरी , बुडता है संसार ।
बलिहारी तेहि पुरुष की , जो पैठि के निकरनहार ।।२२६।।

कोठी गाजलका बीच , डुबेका छन् सबै जन ।
धन्य ती व्यक्ति हुन् श्रेष्ठ , जो निस्कन्छन् पसी कन ।।

अर्थ– शरीर हो- काम क्रोधादि विकाररूप ध्वाँसो (मोसो) लेदोपूर्ण कोठा । यही विकारी कोठामा संसारी प्राणी सबै डुबिरहेछन् । यस्तो विकारपूर्ण स्थलमा रहेर पनि जो यसबाट सदाको लागि निर्दोष निस्कन्छ, यस्ता वीर विवेकी पुरुषप्रति म स्वयं सर्मपित छु ।।२२६।।

अरू– अनादिको अज्ञान-वश दुर्गुण-कल्पनादि विकारको घर यो शरीरमा जीवको निवास छ । तर मुक्तिको साज-शुभगुण, विवेक-वैराग्य साहस आदि पनि यही मानव-हृदयमै भरिएका छन् । अतः यहाँबाट ती विकार निकाल्ने हत्यौडी, पारखी सन्तसित सिको, दुर्गुण-समूहलाई निकालेर बोध-वैराग्यसहित एकरस निर्वासनिक स्थिति बनाउने, निर्दाग रही स्वयम्मा शान्त हुने पुरुषमा गुरुकबीर स्वयं समर्पण हुनुहुन्छ । यस्ता पुरुषलाई सहस्रबार धन्यवाद छ; तथा महान् उदार-हृदयी, विशालदृष्टिसम्पन्न गुरुदेवमा हामी निछावर छौं ।

काजर ही की कोठरी , काजर ही का कोट ।
तोंदी कारी ना भई , रहा सो ओटहि ओट ।।२२७।।

ध्वाँसाको बङ्गला मा र , ध्वाँसे महल भित्र गै ।
तिनैको हुन्न ज्यू कालो , बच्छन् सचेत भित्र भै ।।

अर्थ– काजर–कामादि विकारै- विकारले पूर्ण कोठरी– यही शरीर हो। यस्तै कुसंग प्रलोभक भ्रान्ति आदि विकार-घेराबाट भरिपूर्ण संसार पनि छ । यहाँ सत्सङ्ग, विवेक र साधनाको आडैआड-आधारमा आजीवन जो रहन्छ, त्यो पुरुषको तोंदी–पेट (हृदय) दागी हुनपाउँदैन । ।।२२७।।

अरू– विकारपूर्ण शरीर र संसार-दोहरै दोषको दुःखमय प्रकृति र परिस्थितिमा रहेर पनि जसले पारखी सन्तका साथ सत्सङ्ग गरी, निरन्तरको विवेकपूर्वक मन-इन्द्रयादिलाई शमन-दमन गरेर स्व स्वरूपमा शान्त रहने साधना, एकरस राख्तछ, त्यो संसारमैं रहेर पनि जल-जलुको समान विकारबाट ओभानै उत्रन सक्तछ। यसैगरी सबैले बच्ने शुद्ध बन्ने प्रयास गर्नु कर्तव्य हो। स्वरूपबोधयुक्त पूर्ण निर्दोष, शान्ति स्थिति नै दुःख-कल्पनादेखि रहितको मुक्तावस्था हो भन्ने सम्झ।

अर्ब खर्ब ले दर्ब है, उदय अस्त लों राज।
भक्ति महातम ना तुले, ई सब कौने काज ॥२२८॥

अर्ब खर्बौं हओस् द्रव्य, राज्य उदय अस्त जो।
हुँदैन भक्तिको तुल्य, सबै के काम! व्यर्थ को॥

अर्थ– अरब -खरब सम्पत्तिको खजाना होस्, उदयाचलदेखि अस्ताचल पर्यन्तको राज्य होस् ता पनि, यी सबैको महत्त्व, एक निर्मल भक्तिको बराबर हुन सक्तैन। यी मायाका नश्वर सम्पत्ति के कामका? ॥२२८॥

अरू– भक्त तीन श्रेणीका मानिएका छन् (१) 'म' उनको हुँ (२) 'म' तिम्रो हुँ (३) 'म' तिमी नै हुँ। यिनमा उत्तरोत्तर श्रेणीको भक्ति श्रेष्ठ मानिएको छ। तर बिना विवेक यो उपलब्ध हुँदैन। पारखी सन्तमा प्रेम- सत्सङ्गरूप भक्ति र सद्ग्रन्थको मनन, सदाचार, विनम्रता नै उक्त परम भक्तिको जग वा ढोका हो। अथवा स्वरूपानुसन्धान- स्व स्थिति नै मुख्य भक्ति भनिन्छ। सबै विषयबाट भाग्नु, गुरुपदमा लाग्नु, यही पराकाष्ठाको भक्ति हो।

मच्छ बिकाने सब चले, धीमर के दरबार।
अँखिया तेरी रतनारी, तू क्यों पहिरा जार ॥२२९॥

मत्स्य सर्व गए बिक्न, माझीका दरबारमा।
रत्न सरि छँदै आँखा, पसेका किन जालमा? ॥

अर्थ– सबै माछा जालमा परी माझी कहाँ बिक्नजाँदा तिनलाई कसैले बीचमा सोधे–तिम्रा साँखा त रत्नसमान टलटलाउँदा छन्, फेरि तिमी जालमा किन परेका ?।।२२९।।

अरू– कल्पनाका इष्ट र लोक धामादिको महत्त्व सुनी, भ्रम मान्यताका जालमा परेर सबै लालची जीव, भ्रामक गुरु कहाँ अर्पित हुन हिंडेका थिए। तिनैसित विवेकी सन्त सोद्धछन्– तिमी त मनुष्य योनिमा छौ, विवेक-विचाररूपी दूरविक्षण-यन्त्रयुक्त टटकारा राम्रा आँखा पनि छन्; तैपनि कत्ति विवेक नगरी, साँचो निर्णय छाडेर यो कल्पनाको जाल किन ओढेका ? उत्तरमा माछाको तर्फबाट तलको साखी भन्नु हुन्छ–

पानी भीतर घर किया, सेज्या किया पतार।
पासा परा करीमका, तब मैं पहिरा जार ।।२३०।।

पानी भित्र रचें नीड, पातालमा गई सुतें।
पासो करीम ले हाल्यो, तबै म जालमा परें।।

अर्थ– (माछो भन्छ-) बाँचौंला भनी, पानी मुनि गुँड बनाएँ, सारै तल शयन बनाई बसेको हुँ। त्यहाँ पनि करीम नामक माझीको जाल पऱ्यो र म जाल ओढ्न बाध्य भएँ।।२३०।।

अरू– कल्पित कर्म-उपासनाका जालमा परेको माछारूपी मानव भन्दछ– ईश्वरका-भक्तिको महात्म्य-वाणी सुनी, जब मेरो दिलमा मान्यता बस्यो, तब ध्यान-समाधि गर्नलागें। भगवान्को कृपारूपी जाल ममा पऱ्यो, अनि भक्तिमा निमग्न भएँ, जाल ओढें। भाव हो– कल्पनाका इष्टको भक्तिरूपी जालमा परेपछि लाख सम्झाए पनि विवेकयुक्त ज्ञान लाग्दैन, उही कल्पनामा कृतकृत्य रहन्छ। भन्दछ–'भगवान्कै कृपाबाट भक्तिको जाल ओढेको छु, उहाँले जता डोऱ्याउनु हुन्छ उतै घिच्चिन्छु। हामी परतन्त्र जीवले विवेक गर्न कहाँ सक्तछौं! 'यस्तालाई तलको साखीबाट गुरु सम्झाउनु हुन्छ–

मच्छ होय नहिं बाँचि हो , धीमर तेरो काल ।
जेहि जेहि डावर तुम फिरो , तहँ तहँ मेले जाल ।।२३१।।

बाँच्ने छैनौ बनी माछो , तिम्रा केवट काल हुन् ।
जो जो दह तिमी पस्छौ , तहीं ती जाल हाल्दछन् ।।

अर्थ– माछो बनेर तिमी बाँच्न सक्तैनौ, यहाँ सारा माझी नै तिम्रा काल बनिरहेछन् । अतएव तिमी जुन-जुन दहमा लुक्न-जान्छौ, उहीं-उहीं उनले जालहाली फँसाई मार्नेछन् ।।२३१।।

अङ्ग–हे मानव ! तिमीमा विवेकको महान् साधन छ । अतः यस्तो हालतमा पनि माछोसमान बनेर भ्रमिकका पंजामा पर्छौ भने तिमीले कहिल्यै सुख-शान्ति र स्वतन्त्रता पाउने छैनौ । किनभने–

"बाहेर कुसङ्ग पदारथ सङ्गति , जड, चेतन मिलिदुर्मति दाह ।
साथै कुसङ्ग देह मन इन्द्री , अन्दर कुसङ्ग कामना चाह ।।"

मानिसलाई आफ्नो शान्ति-स्थितिबाट च्युत गराइदिने बाहिर पञ्चविषयका अनन्त पदार्थ र अज्ञजनका सङ्गत छन् । तिनले जड चेतनको सम्बन्धमा जीवको बुद्धि भ्रान्तगराई जलाउँछन् । जीवले तीन तापमा जलिरहनु पर्दछ । आफ्नै साथमा शरीर इन्द्रिय र मनको कुसङ्गत छ, हृदयमैं अनेक कामना चाहना छन् ।

जीवलाई सबैले अनादि कालदेखि बन्धन-दुःखमा पार्दै ल्याएका हुन्, अब पनि उतै प्रवृत्त गराइरहेछन् । बिना स्वतन्त्र विवेक, ती फन्दाबाट फुत्कन पाइँदैन । कल्पनाका इष्टमा केही गर्ने सामर्थ्य नै कहाँ छ र ! तिमीले नै ठडयाएर न हो ती ठडिएका ! अन्यथा उनको अस्तित्व नैछैन । 'म उनैका हातको कठपुतली हुँ' भन्ने तिम्रो बुद्धि नै तिमीलाई फसाउने माझी हो । यस्तो अविवेकी बनेर आफ्नै कल्पनाको पासोमा परेपछि त तिमी संसार-बन्धनबाट कदापि बाँच्न सक्तैनौ । सम्झ ! तिमी स्वतन्त्र सम्राट् ह्वौ, कल्पनाका दास नबन । तिमीमा विवेक-विचारको अतुलित शक्ति छ, तिनैबाट

काम लिई, साधनाको समरमा अघिबढ-विजयी बन; पक्का-पक्का तिम्रै विजय हुनेछ।

बिन रसरी गर सकलो बन्धा, तासों बँधा अलेख।
दीह्ना दर्पण हस्त में, चश्म बिना क्या देख ॥२३२॥

बिना डोरी गला पासो, मस्के अदेख कै दुःख।
दिई हात बिषे ऐना, के देखोस् अन्धले मुख ॥

अर्थ– बिन रसरी–अदेख-अज्ञात कल्पना, मिथ्या मान्यताको डोरीले सबैको घिच्रो बाँधिएको छ। त्यो बन्धन देखने, स्वरूप ज्ञान, अपरोक्ष हुने, सत्य बोधरूपी ऐना पारखी सन्तले यिनका हातमा दिन्छन्, तर विवेक विचारका चश्माको उपयोग नगरी, पारख-गम्य भित्रको वस्तु के देख्न सकुन् ! ॥२३२॥

अरू– चुम्बकले फलाम घिच्च्याउन जाने होइन, तर फलाम आफैं घिच्चिएर जान्छ। यस्तै अनादिदेखि भ्रान्तिकै वशमा रहेका जीव, कल्पनाका जालतिरै घुस्तछन्। नाना भ्रान्तिका झालमा यिनको सदा बसोबास भई, उसैमा उनिदै-जेलिंदै आएकाले आफ्नो विवेकरूपी गोडाले उभिन, स्वतन्त्र बन्न कत्ति रुचाउँदैनन्। कल्पनाग्रस्त कति-कति जीव सत्सङ्ग, विवेकबाट तर्केर अन्तै हिंड्दछन्। कति बाऊन पनि आउँछन्। यस्तालाई उपदेश दिनु त अन्धाको टोलमा चश्मा बेच्न हिंड्नुसमान व्यर्थ हो।

समुझाये समुझे नहीं, पर हाथ आपु बिकाय।
मै खैंचत हौं आपको, चला सो यमपुर जाय ॥२३३॥

सम्झाउँदा नसम्झी क्यै, पराई हात बिक्तछन्।
आफैं तर्फ म ता तान्छु, यमका लोक घुस्तछन् ॥

अर्थ– अबूझ मानिस-सम्झाउँदा सम्झँदैनन्, स्वयं बिराना हात बिकिरहेछन्। म मैतिर तान्छु, तर उनी आफैं मन-कल्पना, वामा-वञ्चकतिरै तर्कन्छन् ॥२३३॥

अरू– सर्पले डसेका विष-ग्रस्त व्यक्तिलाई नीमकाठ पनि गुलियै लाग्दछ। यस्तै अज्ञान र भ्रान्तिको विष नउत्रेसम्म कल्पनाकै इष्टको आधार रुच्तछ। भ्रामकजनकै रोचक भयानक वाणीमा रिझिई, सेवकाई गर्नमै शान्ति-मुक्ति सम्झन्छन्, उनैका हातको कठपुतली बनेका छन्। पारखी गुरुले अनेक युक्तिबाट सम्झाउनखोज्दा पनि निर्णय-विवेक र सत्य चेतनको स्थितिमा आउँदैनन्। चौरासी जाने काम गर्नमै मात्र रमाउँछन्। यसैले अब त्यो अज्ञान छुट्ने उपाय बताउनु हुन्छ–

नित खरसान लोहा घुन छूटै, नितकी गोष्ट माया मोह टूटै ॥२३४॥

नित्य साँध विषे पर्दा, फलामे खइ छुट्त छ।
नित्य अभ्यास-सत्सङ्ग ले, माया मोहादि टुट्त छ॥

अर्थ– नित्य साँद लगाउँदा फलामे हतियारको खीया छुट्तछ। यस्तै नित्य-नित्य सत्सङ्गमा एकाग्र मनबाट बस्नाले मायामोह, कल्पना-आसक्ति अस्ताउँदै जानेहुन्छ ॥२३४॥

अरू– सत्सङ्ग दुइ प्रकारका छन्–बाहिरी र भित्री। बाहिरी सत्सङ्ग, पारखी सन्तजनका साथ कथा वार्तामा बस्नाले कल्पना भ्रान्ति, आसक्ति-अहङ्कार छुटी कल्याणको साँचो बाटो लागिन्छ, यथार्थ मानव बनिन्छ। भित्री सङ्गत-हृदयमै लक्ष्य घुमाई, सबै विकार-वासना पन्छाई, द्रष्टा बनी, शान्तिपूर्वक बस्नाले आफ्नो वास्तविक स्थिति पाइन्छ; कल्याणको मुख्य माध्यम यिनै हुन्। यी काम नगरी, अज्ञजन के गरिरहेछन्! तल साखीबाट बुझाउनु हुन्छ–

लोहा केरी नावरी, पाहन गरुवा भार।
शिर पर विषकी मोटरी, चाहै उतरन पार ॥२३५॥

ढुङ्गा फलामको माथि, ढुङ्गा भार भरीकन।
शिर छ विषको बोझा, चाहन्छन् पार उत्रन॥

२४–

अर्थ– फलामे डुङ्गामा ढुङ्गाको भारी बेसरी भरेका छन्, थाप्लोमा विषैविषको बडेमानको बोझा बोकी मनुष्य समुद्र पार उत्रन तम्सन्छन्, हेर, कस्तो अचम्म ! ।।२३५।।

अरू– मानिसको मन भ्रान्ति-कल्पना, अज्ञानले पूर्ण छ; लत-दुर्गुण, मुढे बुद्धि र काम क्रोधादिले थिचेको छ। विषय-वासनामा मग्नमस्त बनी-बनी संसार-सागरबाट पार पाउन खोज्दछ। अर्थात् सबैतिरबाट मस्केर थिचिएर पनि निर्भार फुक्का र शान्त-सुखी हुने इच्छा गर्दछ भने योभन्दा ठूलो अबूझपना अरू के भन्ने ?

कृष्ण समीपी पाण्डवा , गले हिंवारे जाय ।
लोहाको पारस मिलै , तो काहेको काई खाय ।।२३६।।

पाण्डव - कृष्णका साथी , हिमालमा गले गई ।
पारस - जो मिले लोहा , के खान्थ्यो लाग्न गै खई ।।

अर्थ– श्री कृष्णका अत्यन्त आफन्त मनबाट पनि निकटवर्ती पञ्च पाण्डवले पितृ गुरु गोत्र हत्यादिको पापबाट मुक्त हुनको निम्ति उहाँकै आज्ञा अनुसार कठोर कष्ट काटी हिमालयमा गई गले । सम्झौं, यदि फलामलाई पारसमणिको स्पर्श भई सुवर्ण भएको भए, उसमा खीया किन लाग्नसक्थ्यो ? ।।२३६।।

अरू– पारसमणिको वर्णन कविका कलमबाटै प्रशस्त निक्लन्छन्, तर त्यो वस्तु कहीं छ भन्ने तथ्य प्रमाण पाइएको छैन । यहाँ पारसको भाव हो–श्रीकृष्ण जस्ता महा पुरुषद्वारा पाण्डवहरूले यथार्थ मुक्तिहुने साँचो ज्ञान, शुभ आचरण र अखण्ड शान्ति पाएका भए, शान्ति मुक्तिको लागि उहाँ जस्ता प्रभुको साथ र ज्ञानको स्थिति छाडी, हिमालयमा गई गल्नुपर्ने के प्रयोजन थियो ? हुनपनि पुराणानुसार श्रीकृष्णचन्द्र स्वयं राजनीतियुक्त, हिंसा कल्पनाको मान्यता मै हुनुहुन्थ्यो । उहाँले पाण्डवहरूलाई लडाईमा प्रवृत्त गराउनलाई उक्त शिक्षा गर्नु भएको रहेछ । अब आजका साधकले

पनि निर्वासनिक स्थिति नबनाई, यस्तै स्थितिमा रहेर कसोगरी मुक्त हुने ? यो स्वयं विचारणीय कुरा छ ।

कर्मका फल ती मेट्न , असमर्थ स्वयं हरि ।
अहं आसक्ति औ भ्रान्ति , छँदै छुट्ने कसोगरी !

पूरब उगै पश्चिम अथवै , भखै पौनके फूल ।
ताहू को राहू ग्रासै , मानुष काहेक भूल ।।२३७।।

पूर्वोदयास्त पच्छीम , खान्छन् फूल बतासको ।
ग्रह ग्रास्छ यिनीलाई , भुल्छौ नर ! फसाद यो ।।

अर्थ– जगत्‌लाई आँखा देखाउन सूर्य पूर्वबाट उदाई पश्चिममा अस्त हुन्छन् । हिंसारहित खालि बतासको फूल खान्छन् । यस्ता निर्दोष परोपकारीलाई त पुराणानुसार समय-समयमा राहूले ग्रास गर्दछ भने स्वार्थ र पापको भारीलें थिचिएका मानिस के को घमण्डमा फूली, मृत्युलाई बिर्सी बसेका हुन्, भन्न सकिन्न ! ।।२३७।।

अरू– सूर्य अग्निरूप जड हो, उसले न बतास खान्छ, न उसलाई 'मैले परोपकार गरिरहेछु' भन्ने ज्ञान छ, न त राहुले नै ग्रास गर्ने हो ! सूर्य एक तप्त ग्रह-पिण्ड हो । उसमा आफ्नो वृत्तमा घुम्ने स्वाभाविक चाल छ । त्यो पृथ्वी र चन्द्रमाका एक सिधाईमा पर्दा चन्द्रमाले सूर्य छेकिन्छ र सूर्यको प्रकाश पृथ्वीमा पर्न अवरोध हुँदा सूर्यग्रहण लाग्यो भन्दछन् । यहाँ त गुरुले मुख्य उत्प्रेक्षा, अलङ्कारबाट◆ भन्नुभएको हो । बाहिरी तात्पर्य हो– कालद्वारा लखेटिई रहेका मानिसले अभिमानमा फुल्नु, कल्याण-कार्यलाई वास्ता नगर्नु; यो उसको अभाग्यपनहो ।

अथवा– प्रबल वायुको बीचमा भ्रमणगर्ने सूर्यपनि ग्रास हुन्छ

◆ जब स्वाभाविक कुरालाई कुनै हेतुद्वारा अर्कै रूपमा प्रकट गरिन्छ- त्यो उत्प्रेक्षा अलङ्कार हुन्छ ।

भने वायुको रेचक-पूरक आदि गरेर योगीजन कालबाट कसोगरी बाँच्तछन् !

उत्प्रेक्षा अर्थ– कति मानिस कल्पना गर्छन्, पूरब उगै– प्रथम आरम्भमा निराकार निरीह ब्रह्मको 'म एक छु अनेक बनौं' भन्ने इच्छाबाट जगत् बनेको, यो सम्पूर्ण ब्रह्मरूप नै हो । पश्चिम अथवै–पछि एकदिन प्रलयभई लोपहुन्छ । अथवा यही पक्ष-मान्यता-मा पछिका सबैसमाज पनि अथवै–डूबिरहेछन् । यसरी जड-चेतन सबै ब्रह्म हो भन्ने अनेक कल्पना गरी-गरी विवेकबाट रित्ता बनेका छन् । यिनलाई 'जड-चेतन छुट्टै हो, म शुद्ध चेतन हुँ' भन्ने बोध हुनसकेन । भखै पौन के फूल–सबै समाज यसरी वायुको फूल शब्द नै खाइरहेछन् । अर्थात् उपर्युक्त सबै कुरा मनुष्यका नाभि कण्ठ मुखमा वायुको ठक्कर लागी उत्पन्न भएका शब्दको फूलमात्र हो । जगत् अनादि छ, जड-चेतन छुट्टाछुट्टै छन् । उक्त प्रकार आफूलाई सर्वश्रेष्ठ ज्ञानी बन्ने ब्रह्मज्ञजनलाई पनि कल्पनारूपी राहुले ग्रास गरिरहेछ भने अरू सामान्य जनसमाज, विषय-कल्पनामा भुले भन्ने के आश्चर्य !

नैनन आगे मन बसै , पलक पलक करे दौर ।
तीन लोक मन भूप है , मन पूजा सब ठौर ।।२३८।।

नेत्र अग्र मनोवास , दौडन्छ यो पलै-पल ।
त्रि-लोकै छ मनो राज , पूज्य मन सबै थल ।।

अर्थ– आँखा अगाडि मनको निवास छ, मन प्रतिपल विषय-मा दौडिरहन्छ । सत्त्व, रज, तम–त्रिगुणी समाजमा मन नै राजा बनिरहेछ । सर्वत्र मन-महाराजकै पूजा हुन्छ, त्यो अबाध गतिबाट सर्वत्र पुग्दछ ।।२३८।।

अरू–"मन चित्त नै शरीरको सञ्चालक हो । संसारमा जीव चेतन भन्ने अभौतिकी कुनै वस्तु नै छैन" भन्नेहरूले यो साखीको

भाव राम्रो गडेर मनन गर्नु योग्य छ । मनकै निवास नेत्रका समक्ष हुनाले जे देख्यो उतै दगुर्दछ, मनन-चिन्तन गर्न थाल्दछ । मन अन्त-अन्तै उडेका बेलामा पनि जीवको निवास त्यहीं रहिरहने हुनाले त्यसबेला शरीर मुर्दा बनेको हुँदैन । अन्यथा मुर्दा बन्नुपर्थ्यो ! श्वास, रक्त आदि पनि सबै सुचारुरूपले सञ्चालन भइरहेकै हुन्छन् । प्रारब्धान्तमा जीव निस्केपछि भने देह मुर्दा बनिहाल्दछ ।

विषय भोग-खानीमा मनको रजाइँ भएको सबैलाई थाहै छ । यस्तै वाणीको व्यवहारमा पनि मनकै रजाइँ कज्याइँमा सबै नाचिरहेछन् । जडदेखि छुट्टा चेतन स्वरूप ज्ञानमात्रको बोध, द्रष्टाको अभ्यास, वैराग्यको भाव, स्व स्थिति र यिनैका सहयोगी साधनाका अतिरिक्त अरू काममा मन नै मालिक बनेको हुन्छ । आफू ज्ञानस्वरूप द्रष्टा छँदै जीव दृश्य भासको कल्पनामा रङ्गिइरहेको हुनाले मनकै रजाइँ हो भन्ने स्पष्टै छ । अतएव तिमी ज्ञानस्वरूप चेतन स्वयं सम्राट् बन वा मनको दास बनी, उसैको आज्ञामा नाच, भौंतारियौ; तिम्रै खुशी !

मन स्वारथी आप रस, विषय लहर फहराय ।
मनके चलाये तन चलै, जाते सरवस जाय ।।२३९।।

स्वारथी मन आफ्नै त, विषय रस मा कुद्यो ।
मनाधीन तनै चल्छ, गयो सर्वस्व नै छुट्यो ।।

अर्थ–मन महान् सुखाध्यासी स्वार्थी छ । यो सदा आफ्नै भोग विलासमा लोलुप रहन्छ । विषय-चिन्तनका तरङ्गमै फरफराइरहन्छ । मनकै मर्जीमा शरीर पनि चल्दछ–भोग-भ्रान्तिमा भुल्दछ । यसैबाट जीवको सर्वस्व विनाश भइरहेछ पनि ।।२३९।।

व्याख्या– गुरु कबीरका परिभाषामा यहाँ मन सारथी, इन्द्रिय घोडा र शरीर रथ हो । त्यसमाथि विषय-वासनाको झण्डा फरफराइरहन्छ । मनरूपी व्यसनी सारथीले शरीर-रथलाई बारम्बार

भोगरूपी खाडलमा खसालेर सर्वस्व विनाश गराइरहेछ । अब यदि शान्ति-सुख लिने इच्छा छ भने मन-सारथीलाई सम्झाई, आफ्नो अधीनमा राख◈ । [यस्तै मिल्दा जुल्दा वचन कठोपनिषद् तृतीय बल्लीको मन्त्र ३ देखि ६ सम्म पनि वर्णन छ]

कैसी गति संसार की, ज्यों गाडर की ठाट ।
एक परा जो गाड में, सबै गाड में जात ॥२४०॥

जगत्को चाल कस्तो छ, भेडे ताँती बगाल झैं ।
एक पर्दछ खाडीमा, पर्दछन् सब खाडलैं ॥

अर्थ– संसारको चाल कस्तो छ ? भेडे बगाल जस्तो । एउटा भेडो खाडलमा पऱ्योभने साथै सबै उफ्री-उफ्री उहीं पर्दछन् । अगुवाको अवस्था, स्वयंको लाभ-हानि र सत्यासत्यको कोही कत्ति विचार गर्दैनन् ॥२४०॥

अरू– हरेक क्षेत्रमा कसैले कुनै एउटा हल्ला चलाइदियो भने उही कुरो जोड-तोडसित फिज़िदै जान्छ, सर्वत्र व्याप्त हुन्छ; सबै सत्य मानी लोली मिलाउँछन् । वास्तवमा संयम, आचरण, सिद्धान्त र सम्भव-असम्भव कुराको विचार-कोही गर्दैनन् । कसैले भने– फलाना ठाउँमा शिवजीको प्रत्यक्ष दर्शनहुन्छ, बस, सर्व प्रजा त्यतै खनिन्छन् । कसैले भने– फलानाले जे भन्यो त्यही वस्तु शून्यबाट निकालेर दिन सक्तछन्, रोग निको-पारिदिन्छन्, मनका कुराजान्दछन्, कहिल्यै केही खाँदैनन्-सुत्तैनन्, तै पनि दिन-रात शिक्षा गर्दछन्, ईश्वर ब्रह्मलाई फलाना-फलानाले पाए... ।' सुन्दै दुनियाँ उतै ओइरिन-थाल्दछ । यहाँ विवेक कसले गर्छ ! यही हो– भेडेताँती भनेको । विवेकबाट काम नलिएसम्म यस्तो रमिते-लोभीबनेर कुहिराको काग बनी, दुःख पाइरहनु स्वाभाविकै हो ।

◈ कर्म र ज्ञानरूपी अश्वलाई मनरूपी सारथीले जोड्दछ । [सामवेद ६।३२। (१२)]

लहि आँखी कब आँधरही , बाँझ पूत कब पाय ।
कब कोढ़ी काया लही , जग बहराइच जाय ।।
[सतसई ७।३७]

उत्तर-भारतको बहराइच शहरका निकट फकीर गाजी मियाँको तकिया (स्थान) छ । त्यहीं तिनको कब्र स्थान पनि छ । त्यहाँ गई प्रसाद चढायो-दर्शन गऱ्यो भने "अन्धाले आँखा देख्तछ, बाँझी स्त्रीका सन्तान हुन्छन्, कुष्टरोग पनि निको हुन्छ" भन्ने कुरा -गोस्वामी तुलसीदासजीको समय भन्दा पहिले देखि नै किंवदन्ती चल्दै आएको रहेछ। त्यसैको आलोचना उहाँले गर्नुहुन्छ– 'कहिले कसका ती काम बने, लाभ पाए !' यस्ता कपोल-कल्पनामा कोही पनि नपर, विवेकयुक्त निर्णयका तथ्य कुराकै अनुसरण गर ।

लङ्का निवासी ७८ वर्षिय डा. अब्राहीम टी. ले १८-५-७५ई. को इलुस्टे नामक बम्बईबाट प्रकाशित, साप्ताहिक अखबारमा चुनौती दिएका छन्– "प्रकृति विरुद्ध कुनै असाधारण चमत्कार हुनै सक्तैन । कसैले यस्तो गरी देखाउँछन् भने म एक लाख नगद पुरस्कार दिने छु । तर एक हजार धरोट पहिले राखुन् ।......– आदिले जे जति चमत्कार देखाए, अवतार हुँ भनी प्रचार गरे, त्यसबाट सबैलाई अन्ध-विश्वासमा पारेका छन् ।।"

सारग तो कठिन है , वहाँ कोई मत जाव ।
गये ते बहुरे नहीं , कुशल कहै को आव ।।२४१।।

बाटो छ अति दुःसाध्य , नतम्स जानमा त्यहाँ ।
जो गए फर्कि आएनन् , भन्छ कुशलको यहाँ !

अर्थ– मन-कल्पनाकृत वाणीजालको बाटो नै हो–माथि 'भेडे ताँती' भनेको । त्यो बाटो लाग्नाले परिणाममा सारै कष्ट काट्नु पर्नेछ । यसैले त्यता कोही नलाग । उता लाग्नेजति विवेकको सत्य-आचरणमा फर्केनन् । अब ती कल्पित मार्ग लाग्नेको कुशल-समाचार कसले आई भनिदेयोस् ! ।।२४१।।

अरू– परिणाम विचार नगरी, कसैका धाक र लहै-लहैमा लागिनेजति जम्मै मनः कलिपत बाटा हुन्। विवेकको बाटो लागेमात्र गन्तव्य स्थानमा पुगिनेछ। जुन मार्गबाट सत्यतिर फर्कनै सकिन्न, त्यस्ता बाटा के कामका! यसैले पहिले नै हेरी-बुझी विवेकको साँचो बाटो पहिल्याई लाग्नुपर्छ, अन्यथा धोका खाइनेछ।

समुझि बूझिके पगु धरो, नहीं किसीका साथ।
कपटी देश परार है, चूकत काटत माथ॥

मारी मरे कुसंग की, केरा साथे बेर।
वै हालैं वै चींधरें, बिधिना संग निवेर॥२४२॥

मारी मर्छ कुसङ्ग ले, केरा बयर साथ मा।
त्यो हल्लन्छ चिथर्ने ऊ, विधि न देउ साथ ता॥

अर्थ– कुसंगका चोटले कल्याण-मार्गबाट मानिस ठहरै मर्दछ। जस्तो केराको साथै बयरको बोट उम्री हुर्कन पायो भने बतास चल्दा केराको पात हल्लन्छ, बयरका काँडाले चिथर्दछ। विधिना– हे कर्मकर्ता मानव! तिमी नै कर्मका विधाता ह्वौ। अतएव यस्तो दुःखदाई कुसंग कदापि नगर, छाड॥२४२॥

अरू– कुसंगबाट बिग्रन र सुसंग सेवन गरेर सप्रनमा मानिसकै हात छ। यसैले यो आफ्ना कर्मको विधाता हो। यदि तिमीलाई दुःखबाट बच्ने मन छ भने कुसंग र कुकर्म छाडेर सुसंग-सत्कर्ममा लाग। राम्ररी बुझेर सत्य ज्ञानकै बाटो पक्र।

केरा तबहि न चेतिया, जब ढिग लागी बेर।
अब के चेते क्या भया, जब काँटन लीह्ना घेर॥२४३॥

चेतेन तब त्यो केरा, पासै बयर उम्रिदा।
अब चेतेर के हुन्छ! काँडा बढिसक्यो नि ता॥

अर्थ– नजिकै बयरको बोट उम्रदा, केरा चेत्न–सावधान हुन सकेन। काँडाले बेसरी जेली सकेपछि अब ज्या! भनेर के काम

लाग्यो ! समयैमा सावधान हुन सकेको भए ठूलो काम बन्ने थियो ।।२४३।।

अरू– विवेकको कमीले गर्दा प्राणी प्राण-संकष्टमा पर्न आयो । थाल्नीमै होश गरी, खानी-वाणीको कुसंगबाट बच्न सकेको भए कत्ति भुवर्ताउलो भोग्नु पर्ने थिएन । काम बिग्री सकेपछि पश्चाताप गरेर के काम लाग्छ ! मानिसको स्वभाव यस्तै छ, पहिले विवेक गर्दैन, मनको उत्सुकता र विषयको प्रलोभनमा परी कुसंग- कुकर्ममा पस्तछ, अनि केराकै चाल नभई छाड्दैन । अतएव हुनेहुनामी भइहाल्यो, अबलाई होश सह्मालौं । कुसंग कुआचरणबाट बची-बची सत्पुरुषहरूका सत्संगको अवलम्ब अँगालौं । यही सुधार र शान्तिको सम्यक मार्ग हो ।

'कर्हहिं कबीर जान दे बही, जबसे चेते तब से सही ।'

Four things Come not back,
The Spoken word. The Sped arrow.
Time past. The neglected oppurtunity.
–Omat Inu Al-Halif.

चार चीज फर्केर आउँदैन–

'बोलेको बोली । छोडेको बाण ।
बितेको समय । उपेक्षित (लापरवाही गरिएको) मौका ।'

जीव मर्म जाने नहीं, अन्ध भया सब जाय ।
बादी द्वारे दादि न पावै, जन्म जन्म पछिताय ।।२४४।।

न जानी जीवले सन्धि, अन्धा भै तर्हि धाउँछन् ।
बादी काँ न्याय मिल्दैन, आजन्म पछुताउँ छन् ।।

अर्थ– चेतनको ठीक-ठीक भेद कोही सम्झँदैनन्, विवेकका नेत्रबाट अन्धा बनी मानववर्ग खानी-वाणीकै बाढीमा बग्दछन्, बादी–अनेक मतवादीहरूका ढोका अर्थात् समाजमा जड-चेतनको दाद–निसाफ पाइँदैन । यस्तै मत-वादमा परेर जीव, जन्म-जन्म कष्ट खप्तै पश्चातापमा परिरहेछ ।।२४४।।

अरू– 'निकटै खोज गर्दैनन् टाढै टाढा बताउँछन्' –[बी. बसन्त] अनुसार, मानवको लक्ष्य स्वयंतर्फ छँदै छैन । टाढै हेर्छ, ठूलैका तर्फ ताक्तछ । कुनै एक इष्टको कल्पना गरी, उनमा अनेक असम्भव गुण-विशेषणको आरोपण गर्दछ, उपसर्ग र फुँदा जोड्दछ । यसैले संसार-प्राणी भ्रान्तिको बतासमा उडिरहेछन्, स्वयं चेतन सम्राट्को रहस्य बुझ्न सक्तैनन् ।

Thy Lover Loved is there, in Thee !
Not out, but in, ope eyes and See ! –Bhagabandas (Tr.)

'तिम्रो प्रिय-प्रितम तिम्रा भित्रै छन्, बाहिर छैनन् । आँखामात्र खोली हेर ।'

यथार्थमा "अंश, छाया, दु:ख-सुखधर्मी, परतन्त्र, व्यापक, प्रकाश अनहदध्वनि, वृत्ति र शून्य" इत्यादि जीवको स्वरूप होइन, यो जीव नै परमतत्त्व हो । यसमाथि कुनै विशेष कर्ता छैनन् । यो कसैका हातको कठपुतली पनि होइन । यसको शुद्ध स्वरूपमा 'इच्छा द्वेष, प्रयत्न, सुख-दु:खादि पनि छैनन् । यो ज्ञानै-ज्ञानको पुञ्ज हो । सत्य कुरा यो सम्झौं– मुख्य ज्ञान-गुण पनि अविनाशी जीवकै मौलिक हो ।

माथिका सबै कल्पनाका कर्ता, समस्त जड दृश्यको द्रष्टा, जडदेखि सर्वथा छुट्टै, यही चेतन हो । जीव चेतन अर्थात् 'म' लाई अहङ्कार नसम्झौं । 'म' भन्ने शब्द जसबाट निस्किरहेछ, त्यो वस्तु विशुद्ध ज्ञानको अस्तित्व हो । 'म' अहङ्कारमा गणना भएको त शरीर र मनको मान्यतामा मिलेरसम्म हो । शुद्ध ज्ञानमात्रलाई 'म' भन्नु बन्धन होइन, मुक्तिको माध्यम हो । मन र वासनाको सम्बन्ध छुटेपछि 'म' भन्नपनि छुट्तछ, केवल ज्ञानको अस्तित्व रहन्छ । यो शुद्ध अस्तित्वलाई पनि मास्ने हो भने फेरि मुक्त हुने को हो नि ! 'दुलहा नै छैनभने विवाहको स्वाङ कसका निम्ति !

यस्तो जीवको रहस्य सम्झन नसकी, मानिसहरू विवेकबाट शून्य भई, भ्रान्तिमा डुबिरहेछन् । यस प्रकार शुद्ध, निर्णय ज्ञान, अरू कुनै मत वादमा देखिंदैन। यस्तै निर्णयको कमिले गर्दा जीवलाई जन्म-मरणादि त्रय तापको व्यथा नछुटेको हो ।

जाको सतगुरु ना मिला , व्याकुल दहुँ दिश धाय ।
आँखि न सूझै बावरा , घर जरै घूर बुताय ।।२४५।।

जसले गुरु पाएन , घुम्छ सर्वत्र कष्टले ।
आँखं देख्तैन बौलाहा , घुनो मार्छ घरै बले ।।

अर्थ– जसलाई साँचा पारखी गुरु मिलेका छैनन्, त्यो व्यक्ति स्व स्वरूप पारखको बोध र शुभ आचरणबाट रित्तो रहन्छ, परिणाम दुःख-अन्योलमा परी दश दिशा दगुर्दछ । विवेक- बुद्धिका आँखा नउघ्रनाले ऊ बौलाहाले केही देख्ने होइन, घर हर्हरी बलिरहेछ, निभाउन पुग्दछ–अगेनाको आगो ।।२४५।।

अरू– पारखी गुरुका शिक्षा-दीक्षा बिना, विवेक-वैराग्यका कुरा त के, व्यवहार बर्तने बुद्धि पनि पुग्दैन । तर मानिसले दुःख पाउँछ–सम्पत्ति-सुमुखीको लागि । यसैले दश दिशा दगुर्छ, कल्याणको निम्ति तीर्थ-व्रत, जप-तप, योग-ध्यान गर्दछ । आकाशमा स्वर्ग वैकुण्ठ वा पातालमा क्षीरसागर निवासी भगवान् इत्यादिको कल्पना गर्दछ । पुराण, बाइबिल कुरान आदि केलाउँछ । यही हो–व्याकुल भई दशदिशा दौडनु ।

पारख-गुरु नपाई विवेक-बुद्धिका दृष्टि खुल्दैनन् । यसैले व्यसन- आसक्ति, काम-क्रोध, कल्पना-भ्रान्तिको अग्नि मनमा लाग्दछ । मानिस भने पारखज्ञान र सदाचारको पानीले त्यो आगो ननिभाई, बाहिर ढुङ्गा-रूखमा पुर्पुरो ठोक्न पुग्दछ । पुनःविद्यमान संसार, जड पदार्थ र दुःखको चोटलाई पनि छँदै छैन, हुँदै होइन, भनी कल्पनामा दगुर्छ । अर्थात् सबै संसार, जड-उपासना र अद्वैत

ज्ञानको कल्पनामा कुदिरहेछ । अतएव आजसम्म जे भयो-भयो, अब यस्तो भ्रान्तिमा नपरौं । सत्सङ्ग-विवेकबाट छानी, जडदेखि छुट्टा शुद्ध चेतनमात्रको स्थिति-लिने अभ्यास अँगालौं ।

बस्तू अन्तै खोजे अन्तै, क्यों कर आवै हाथ ।
सज्जन सोई सराहिये, जो पारख राखै साथ ।।२४६।।

वस्तु अन्त छ यो अन्तै - खोज्छन् के हात लाग्दछ ! ।
प्रशंसा पात्र जो सन्त, पारख साथ राख्दछ ।।

अर्थ— पदार्थ छ एकातिर, खोज्दछन् अर्कैतिर भने कसोगरी हात परोस् ! सराहनीय शिष्ट व्यक्ति तिनै हुन्—जो पारख-यन्त्र साथमा राखी, हरेक कार्य जाँचेरमात्र गर्दछन् ।।२४६।।

अरु— प्राणी मात्रले खोजेको छ—आफ्नै शुद्ध शान्ति स्थिति । तर त्यो नजानेर सुख यहाँ होला भनी व्यवहारमा धन स्त्री पुत्र परिवार मान महल विद्या व्यापार आदिबाट आराम, आरोग्य खोज्दछन् किन्तु तिनमा सुख भए पो पाउनु ! सुख छ भित्रै—

'है सुख निज स्थिरता केरा । मानत भूलिके विषयन हेरा ।।'

अतः तिनले कहाँ पाउन् ! परमार्थीजन पनि मुक्ति खोज्दछन्— स्वरूपदेखि बाहिरै बाहिर ।◆ कतिले त्यो आफैंमा छ भन्दछन् र पनि आफू भन्दा पृथक्—मूर्ति ज्योति अनहद श्वास शून्यलाई लक्ष्यगरी पक्रन खोज्छन्, तर पक्रन खोज्ने, लक्ष्य लगाउँनेलाई चिनेर ग्रहण गर्ने विवेकै पुग्दैन, अनि कहाँबाट हात लाग्दछ ? यदि भ्रान्तहुने मन छैन र साँच्चिकै सुख-शान्ति लिने हो भने विवेकबाट काम लिउँ, सम्पूर्ण इच्छा कल्पना छाडी, शान्त बनौं ।

◆ शव शालिक पूजित हुन्छ जहाँ, सिंगुलै उभिदा तर मिल्छ घृणा ।
दिलदार उदार कहाँ यसरी, अमरावती कान्तिपुरी नगरी ।।
—भैरव अर्याल —[जय भुँडी]

"Religion does not consist in turning unceasingly toward the veiled stone, nor in approaching all the altars, nor in throwing oneself

सुनिये सबकी , निबेरिये अपनी ।
सेंदुरका सिंधौरा , झपनी की झपनी ।।२४७।।

लक्ष्य दी सबको सुन्नु , स्वयं विवेकले लिनु ।
सिन्दुरको उही बट्टा , बिर्को उही त सम्झनु ।।

अर्थ– तिमी (संयोगवश सुन्न परेका) सबैका कुरा समतापूर्वक शान्त मनले सुन, तर आफ्नो विवेकले छानबीन गरी, सत्य सार कुराजति ग्रहण गर । यसो गर्नाले सबैसित समता रहन्छ, आफ्नो ज्ञानपनि खारिन्छ, दोहरै लाभ पाइन्छ । जस्तो सिंधौरा–सिंदुरे बट्टाको बिर्कोमा ऐना छ भने ऐनाहेरी सिंदुर लाउने, सिंगार पार्ने, कामको काम बन्दछ, बिर्कोको बिर्को छँदैछ; दोहरै काम चलिरहेको हुन्छ ।।२४७।।

अरू– शरीरको प्रारब्ध-भोग भोग्दा व्यवहारमा भाँति-भाँतिका मानिसको साथ पर्दछ । त्यहाँ सबैका साथ समता राख्नको अति आवश्यकता पनि छ । समता नलिउँ, सबैसित वैरभाव बन्दछ; आफ्नो बाटोमा काँडा-तगारा बन्ने हुन्छन्; समयमा आफ्ना सहायक कोही हुँदैनन् । उनका कुरा मानौं भने अविवेक असङ्गतका कुरा कसोगरी स्वीकार गर्ने ? यसैले यहाँ व्यवहारमा चल्ने-चलाउने रहस्यपूर्ण गुरुको यो युक्ति अपूर्वको छ । मानवमात्रले यस्तै युक्तिबाट

prostrate on the ground nor in raising the hands before the habitations of gods, nor in deluging the temples with the blood of beasts, nor in heaping Vows upon Vows; but in beholding all with a peaceful Soul."

–Lucrctius (De rerum Natura)

'रोमका दार्शनिक कवि लुक्रेटियस भन्दछन्–धर्म यिनमा छैन–वस्त्रले ढाकिएको मूर्तितर्फ अविराम नजरले हेरी रहनाले, मन्दिर-मन्दिर घुम्नाले, पृथिवीमा लम्पसार परेर साष्टाङ्ग दण्डवत् गर्नाले, देउताको अगाडि हात उठाई रहनाले, मन्दिरमा मूक पशुहरूको रगत बगाई बलिदान गर्नाले, किरियामाथि किरिया हाल्नाले । अपितु सारा प्राणीमा शान्त स्वरूप आत्माको अनुभव गर्नाले नै धर्मको वास्तविकता मिल्नेछ ।

काम लियो भने, 'साँप पनि नमरोस् लौरो पनि नभाँचियोस्' भन्ने युक्तिसमान आफ्नो उद्देश्य निर्विघ्नतापूर्वक पूरा हुँदै रहन्छ ।

बाजन दे बाजन्तरी , तू कल कुकुहि मति छेर ।
तुझे बिरानी क्या परी , तू अपनी आप निवेर ।।२४८।।

बाजा हुन् बज्न द्यौ बज्छन् , नजिस्काउ चरीकन ।
के चासो अन्य को लिन्छौ , आफ्नै गर निवारण ।।

अर्थ–कोही व्यक्ति विषयको पक्षलिई लड्न् वा मतवादको पक्ष पत्री कराउन्, तिनलाई लड्न-बाझनदेउ; ती लडिरहुन् तिमी त्यस्ता कुकुहि–सिमकुखुरासमान व्यक्तिलाई वचनले घोच-पेचसम्म पनि नगर, तिमीलाई अर्काको के चासो चाहियो ! आफैं आफ्ना मन–इन्द्रयादिका झगडा फर्स्याउ र भइगो नि ! ।।२४८।।

अरू– मदेशका पोखरी झीलका किनारा र चिस्मिरा बगैचामा सिमकुखुरा बथानका-बथान हुन्छन् । आफुसमा एकस्वरबाट कराइरहन्छन्; लडाई-झगडा गरिरहन्छन् । यस्तै अधिक वाक पटुताका झगडेलु जनलाई गुरु सिमकुखुराको पदवी प्रदान गर्नुहुन्छ । गुरु कबीरका कुरें मीठा, सुन्दै सहृदयीजनका चित्त चिमोट्छन् । उहाँ भन्नुहुन्छ–तिमी त यस्तासित बोल्दा पनि नबोल, टाढैबाट पन्छेर बस । आफ्नै दुर्गुण लत लालच, मन इन्द्रियादिका झगडा फर्छ्याउ ।★आफ्नै स्थिति बनाउ ।

गावै कथै विचारै नाहीं , अनजानेका दोहा ।
कहहिं कबीर पारस परसे बिना , जस पाहन भीतर लोहा ।।२४९।।

गाउँछन् कथ्तछन् दोहा , भावको ज्ञान छैन क्ये ।
विना पारस को स्पर्श , ढुङ्गा भित्र फलाम झैं ।।

★ Look not on the failures of others and the merits of thyself
Cast thine eyes on thine own fault. –Jesus
अर्काको त्रुटि र आफ्नै गुणमात्र नहेर;
आफ्नै त्रुटि माथि नजर लगाउ ।

अर्थ– मानिस पद-श्लोक भजनहरू गान-कथन गर्दछन्; तर शब्दको भाव विचार गर्दैनन् । त्यस्ता अर्थ विचार नगरिएका भजन, श्लोकहरू नौला नै भनिदिए हुन्छ । गुरु कबीर भन्नुहुन्छ– ढुङ्गाभित्रको फलामलाई पारसमणिका साथै राखे पनि के काम! पारसले खास फलामलाई नछोई सुन बन्नसक्तैन । त्यस्तै ती अनभिज्ञ मानिसलाई पनि सम्झ ।।२४९।।

रूप– पारस पत्थरको दृष्टान्त त प्रचलित छ, सिद्धान्तमा मानिसको हृदयमा सुखाध्यास, पक्ष तथा अविवेकको खीयाले भरिपूर्ण छ भने ती रात दिन ज्ञान-निर्णयका चर्चा गरुन्, श्लोकादि गाउन्; तापनि त्यो नजानेकै समान रहन्छ । उल्टो अभिमानमात्र भरिनेहुन्छ । बरु पटक्कै नजान्ने मान्छे विनम्र त रहन्छ ! समयमा सुध्रन पनि सक्तछ ।

प्रथम एक जौ हौं किया , भया सो वारहवान ।
कसत कसौटी ना टिका , पीतर भया निदान ।।२५०।।

एकोहं पहिले भन्दा , सुन को ईंट झैं थियो ।
कसौटी बीचमा कस्ता , निदान पित्तलै भयो ।।

अर्थ– एक ब्रह्म सत्य 'मै' रहेछु 'अहं ब्रह्मास्मि' भन्ने पहिले जो बोध भयो, त्यो बारहबान–बडो सुन्दर झल्झलाउँदो सुनको ईंट पाइएको जस्तो थियो, तर पारख-कसीबाट कसेर हेर्दा त असली सुन ठहर्न सकेन, पित्तल–मन-मान्यतामात्र पो ठहर्न आयो ।।२५०।।

अरू– एकै ब्रह्मको अस्तित्व मान्ने ब्रह्मज्ञानीको भनाई छ– पहिले ब्रह्मबाट 'एकोहं बहुस्याम प्रजायेय'–'म एकको अनेक प्रजारूप बनौं–' यस्तो स्फुरण भयो, तबै जगत्सृष्टि भएको हो । जस्तो सुन र गहना एक हो, त्यस्तै ब्रह्म र जगत् एउटै हो, भन्दछन् । यस्तो ब्रह्म-सिद्धान्त निखरा सुनसमान हो भन्ने धेरैलाई निश्चय पनि भइरहेछ । तर पारखको कसी लगाई हेर्दा त पित्तलसमान कल्पनै कल्पना पो ठह्र्यो ।

अविकारी ब्रह्मबाट विकारी जगत्-सृष्टि हुनु, निराकारको साकारमा परिणत हुनु, जड-चेतन एउटै हो भन्नु, चेतनबाट जडको उत्पत्तिमान्नु, विवेक-सिद्ध अनेक चेतनलाई एक हो भन्नु–सबै कुरा सरासर विवेक-विरुद्ध असङ्गत सिद्ध छ। पानी र पानीका फोका, सुन र गहना–आदि दृष्टान्तबाट यिनको विवर्तवाद पनि काटिन्छ र कारण-कार्यवाद सिद्ध हुनआउँछ। कारण-कार्यवाद मान्न पनि ब्रह्मकै सबै लक्षण–निराकार व्यापक अदेख अरूपको ज्ञान पनि हुनु, देखिनु वा अनुभवमा आउनुपर्ने, त्यो केही हुँदैन। इत्यादिबाटै जगत्लाई ब्रह्मबाट सृष्टि भएको भन्न मिल्दैन।

सार कुरा हो–देख्नलाई ब्रह्मवाद–वेदान्त सिद्धान्त, पहिलेदेखि ठूला-ठूला पुरुषले पनि मानिआएकाले सत्य भन्ने जस्तो लाग्दछ, तर धेरै भ्रम-कल्पनाले भरिएको, कुरै कुराको सङ्ग्रालो, शब्द प्रमाण र श्रद्धाबाट मात्र ठडिएको, सत्यबाट टाडा परेको देखिन्छ। अतः यस्तोबाट सावधान रहनु पारखीको काम हो।

कबीरन भक्ति बिगारिया, कंकर पत्थर धोय।
अन्तर में बिष राखि के, अमृत डारिनि खोय ॥२५१॥

बिगारे भक्ति भ्रान्तिले, धोई पत्थर कङ्कड।
दिलमा विष राखेर, फाल्छन् अमृत सिल्लड ॥

अर्थ– कबीरन–जड उपासकहरूले कङ्कर-पत्थर–शालिग्राम प्रतिमामा जलचढाई (पूजा गरी-गरी) साँचो भक्तिको रूप बिगारिदिए। यिनले भित्र जडाध्यास- विषमात्र बटुलेर अमृत–मुख्य लक्ष्य–चेतन ज्ञान स्वरूपको बोध-स्थिति र साँचा देव–सन्त गुरुको उपासनालाई लोप गरिदिए ॥२५१॥

अरू– यहाँ यी कुरा ज्ञानको स्थितिबाट बताइएको हो। यथार्थ भक्तिको लक्षण साखी २२८ को अर्थबाट मनन गर्न योग्य छ।

रही एक की भई अनेक की , विस्वा वहुत भ्रतारी ।
कहहिं कवीर काके संग जरिहो , वहु पुरुषन की नारी ।।२५२।।

एक की थी बनो धेरै - की अति व्यभिचारिणी ।
कबीर कसका साथ , जल्छे जार - बिलासिनी ।।

अर्थ– एक-पतिव्रता पत्नी थिई, उही बहुपतिरता वेश्या बनी भने, गुरु कबीर भन्नुहुन्छ– अब उसले कुन पुरुषका साथ सती बनी जल्ने ! ।।२५२।।

अरु– भाव हो– भ्रान्त-मतिको लालची विश्वासी जीव, देव-देवी, भूत-प्रेतादि अनेक कल्पित इष्टको दास बनिरहेछ। थियो त ऊ स्वयं सर्व शिरोमणि एकमात्र मालिक। दोस्रा इष्ट हुन्–बोध-दाता सद्गुरु-सन्त । अतएव कुनैपनि कल्पित इष्टका पछि नलाग, बोधदाता सन्त-गुरुको कृतज्ञतापूर्वक सत्सङ्ग गर, अति मान । तर तिनैमा मिल्ने र एक बन्ने ध्येयले होइन, मुख्य स्वतन्त्र सत्य चेतनको बोधमा शुभ आचरण संयुक्त निर्वासनिक स्थिति बनाउन निमित्त ।

तन बोहित मन काग है , लक्ष योजन उडि जाय ।
कवहिं के भरमें अगम दरिया , कवहिं के गगन रहाय ।।२५३।।

ज्यू जहाज मनै काग , योजनै लक्ष उड्दछ ।
कँले पुग्छ महा सिन्धु , कँले आकाश घुम्दछ ।।

अर्थ– संसार-समुद्रीयात्रामा मनुष्यको शरीररूपी जहाज चलिरहेछ । यसैमा मनरूपी कौवा बसेको छ । त्यो उडेर पल भरमै लाखौं योजन चक्कर काट्तछ । कहिले अपार जन्म-मृत्युरूप समुद्रमा डुब्छ-उत्रन्छ, कहिले आकाश-वत् पूर्ण व्यापक बन्ने कल्पनामा ब्रह्मरूपी पखेंटा फटफटाउन लाग्दछ ।।२५३।।

अरु– जहाँसम्म मन स्ववश हुँदैन, त्यहाँसम्म आफूले पूर्वमा देखे सुने भोगेका वस्तु-प्राप्तिको संकल्प गरिरहन्छ । कहीं बाहिर उड्ने होइन, मनले विषय चिन्तन गरोस् वा कल्पित इष्ट लोक

धाम आदिको चिन्तन-भावना गरोस्, सबै मनकै कल्पना मान्यता हुनाले उही कौवासमान शरीररूप जहाजमैं उसको स्थिति रहन्छ। अन्यत्र पानीरूपी वाणीमा के को स्थिति पाउने ! यस कारण पहिले विवेकबाट मनको निग्रह गर्नु, साधकको सावधानी हो ।

ज्ञान रतन की कोठरी , चुम्बक दीह्लों ताल ।
पारखि आगे खोलिये , कूँजी वचन रसाल ।।२५४।।

यो ज्ञान रत्न - कोठामा , ताल्चा लागेछ चुम्बकी ।
पारखी सामने खोल्नु , साँचो बोली मिठो लिई ।।

अर्थ– ज्ञानरूपी रत्नले भरिपूर्ण अन्तःकरण-कोठरीमा मौन-ताको चुम्बकीय ताल्चा लगाई राख । त्यो ताल्चा पारखीजनकै समक्ष वा विनम्र-सुमिष्ठ वचनरूपी साँचोलिई आउने सार ग्राही व्यक्तिका अगाडिमात्र उघार ।।२५४।।

अरू– शुद्ध ज्ञानमात्र चेतनस्वरूपको बोध र अमान, अदम्भ अहिंसा क्षमा सोझयाइँ गुरुभक्ति पवित्रता, अन्तःकरणको स्थिरता, मन इन्द्रिय शरीरको निग्रह, वैराग्य अहङ्कारको त्याग, चित्त र शरीरमा अनेक दुःख-दोष देखिनु, अनासक्ति ममताको त्याग, शान्त-चित्त, स्व-चेतनमा अनन्य प्रेम, एकान्त-सेवन, जन-समाजमा अरति, स्वरूपस्थिति, प्राणीमात्रलाई आफैंसमान देख्नु--इत्यादि शुभाचरणलाई अँगाल्नु नै ज्ञान हो । यो ज्ञानरूपी जुहारातको ढुकुटी (अंतःकरण) मा ज्ञानीजनले मौनताको ताल्चा लगाइराखेका हुन्छन् । त्यो ताल्चा, नम्र निर्मान मुमुक्षु बनी, मीठा र सत्य वचनरूपी साँचो लिई आउने पारखीका सम्मुखमात्र खोल्दछन्, जतातत्तै खोल्दै, जुहारात छिरल्दै हिंड्दैनन् । मुमुक्षुले पनि आफ्नो स्वभाव र वचन यस्तै बनाई, पारखी सन्तबाट ज्ञान प्राप्त गर्नु । यहाँ मौनताको भाव हो–मितभाषी स्वभाव । गुरुले यो साखीबाट ज्ञान लिने-दिने र ज्ञान जोगाउनेयुक्ति बताउनु भएको छ ।

स्वर्ग पताल के बीच में, दुइ तुमरिया बद्ध ।
षट दर्शन संशय परी, लख चौरासी सिद्ध ।।२५५।।

स्वर्ग पातालको बीच, दुइ तुम्बा सबद्ध छन् ।
छः दर्शननी भए भ्रान्त, चौरासी लक्ष सिद्ध छन् ।।

अर्थ– स्वर्ग–परम धामदेखि पातालसम्मको मान्यता अहङ्कार भ्रान्ति कल्पनामा परेका मानवले संसार-सिन्धु पारलाग्न, खानी-वाणीरूपी दुइ तिते लौका बाँधेका छन् । तर छः दर्शनीका मनमा 'कसरी पार लागिएला' भन्ने संदेह भयो। अन्तमा तिनै खानी-वाणीका घेराभित्र लक्ष्य रहनाले जीवलाई चार खानिमा चक्कर लगाउने वासनाकै वशिता सिद्ध हुँदै आइरहेछ ।।२५५।।

अरू–साना-साना पोखरीमा बालकहरू दुइ तुम्बा बाँधी, पौडि-खेल्दै पारी किनारामा पुग्दछन् । तर कोही यिनै तुम्बा बाँधी भारी समुद्र पार जाने मन गरेभने बिचैमा डुबी नमरिछाड्दैनन् । यस्तै धन पत्नी पुत्रादि खानी र ईश्वर ब्रह्म आदि वाणी–यी दुइको आधारबाट मानिस, सामान्य सुख पाइरहेकै छन् । तर यसैबाट संसार-सिन्धुबाट पनि पार हुन्छु भन्ने विश्वासमा पऱ्योभने सरासर संसारमैं डुबी, विवेक-कल्याणबाट मरिन्छ। खानी-वाणीको अध्यास र लक्ष्यबाट नै त जीव चार खानीको चक्कर लगाइरहेछन् । भाव हो– द्रष्टाको स्थिति नबनाई दृश्यलाई अँगालेर अविचल स्थिति कहाँ पाउनु ! षट्दर्शनीको मनमा पनि 'यो संसार-सागर कसोगरी पार होइएला !' भन्ने संशय पऱ्यो र साकार-निराकार 'वोहं, सोहं इत्यादि तुम्बाको आधारबाट पार जान खोज्दछन्' यही लक्ष्यमा चौरासी सिद्ध◆ पनि छन् ।

◆ ईसाका आठौं शताब्दीका आधाआधीदेखि बाह्रौं शताब्दीसम्म भएका प्रधान चौरासी सिद्ध–

(१) लूइपा (२) लीलापा (३) विरुपा (४) डोम्डिपा (५) शवरपा (६) सरहपा (७) कङ्कालीपा (८) मीनपा (९) गोरक्षपा (१०) चोरङ्गीपा (११) वीणापा

तर जस्तो तुम्बा बाँधेर समुद्र पार पुग्न सकिन्न, त्यस्तै परी–खानी-वाणीको आशे बनी-बनी, आसक्ति भ्रान्तिरूपी संसार-पार कसरी पुग्ने ! यो कामको लागि जड़देखि भिन्न स्वस्वरूप ज्ञानमात्र चेतनको बोध, पूर्ण नैराश्य-निराधारको स्थिति र शुभाचरण पालन गर्नको सारै खाँचो पर्दछ । तथा स्वभाव कस्तो बनाउनु पर्छ ? यी कुरा तलका गुरु-वाक्यबाट मनन गरौं–

सकलो दुर्मति दूर करु, अच्छा जन्म बनाव ।
काग गौन गति छाडिके, हंस गौन चलि आव ॥२५६॥

सारा दुर्बुद्धि फालेर, राम्रो जन्म बनाउनु ।
कौवाको चाल छोडेर, हंसको चाल आउनु ॥

---

(१२) शान्तिपा (रत्नाकर शान्ति) (१३) तन्तिपा (१४) चमरिपा (१५) खड्गपा (१६) नागार्जुन (१७) कह्लपा (चर्यपा) (१८) कर्णरिपा (आर्यदेव) (१९) थगनपा (२०) नारोपा (२१) शालिपा (शीलपा) (२२) तिलोपा (तिल्लोपा) (२३) छत्रपा (२४) भद्रपा (२५) दोखन्धिपा (द्विखण्डिपा) (२६) अजोगिपा (२७) कानपा (२८) धोम्भिपा (२९) कङ्कणापा (३०) खमरिपा (कम्बलपा) (३१) डेङ्गिपा (३२) भर्दपा (३३) तन्धेपा (तन्तेपा) (३४) कुक्कुरीपा (३५) कुचिपा (कुसूलिपा) (३६) धर्मपा (३७) महीपा (महिलपा) (३८) अचिन्तिपा (३९) भलहपा (भवपा) (४०) नलिनपा (४१) भुसुकुपा (४२) इन्द्रभूति (४३) मेकोपा (४४) कुठालिपा (कुद्दालिपा) (४५) कमारिपा (कम्बरिपा) (४६) जालन्धरपा (जालन्धारक) (४७) राहुलपा (४८) धर्वरिपा (धर्भरिपा) (४९) भोहरिपा (५०) मेदनीपा (५१) पङ्कजपा (५२) घण्टापा (बज्रपा) (५३) जोगीपा (अजोगिपा) (५४) चेलुकपा (५५) गुण्डरिपा (गोरुरपा) (५६) लुचिकपा (५७) निर्गुणपा (५८) जयानन्त (५९) चर्पटिपा (पचरिपा) (६०) चम्पकपा (६१) भिखनपा (६२) भलिपा (६३) कुमरिपा (६४) खरिपा (जवरि-अजपलिपा) (६५) मणिभद्रा (योगिनी) (६६) मेखलापा (योगिनी) (६७) कनखलपा (योगिनी) (६८) कलकलपा (६९) कन्तलिपा (कन्थालिपा) (७०) धहुलिपा (धहुरिपा) (७१) उधलिपा (उधरिपा) (७२) कपालपा (कमलपा) (७३) किलपा (७४) सागरपा (७५) सर्वभक्षपा (७६) नागबोधिपा (७७) दारिकपा (७८) प्रतुलिपा (७९) पनहपा (उपानहपा) (८०) कोकालिपा (८१) अनङ्गपा (८२) लक्ष्मीकरा (योगिनी) (८३) समुदपा (८४) भलिपा (व्यालिपा) ।

अर्थ– सार-सत्य परम तत्त्व स्वयं चेतन छँदाछँदै आफ्नै होश नगरेर टाढैबाट मात्र के के न पाउँला भन्ने दुर्मति–पर आशे बुद्धि नलेउ, सबै हटाउ । यही मनुष्य-जीवनलाई विशुद्ध सुन्दर मुक्तिको पात्र बनाउ । कागको चाल दुर्गुणको उडाई आसुरी सम्पत्ति छाडी, हंसको रहनि–शुभगुणको गति, दैवी सम्पत्ति धारण गरेर आउ ।।२५६।।

अरू– बाहिरी भ्रान्ति कल्पना र विषयासक्तिबाट केही पाउँला, मुक्त हूँला भन्ने आशेबुद्धि र अरू जे जति कुविचार छन्ती सबै छाड, समस्त क्रिया र विचार पवित्र बनाउ । यहीं आजै आफैंमा शान्त होउ । कागको जस्तो निम्न लक्ष्य–धन, भोगको निम्ति र आफ्नो मतलबसाध्य गर्ने चतुर्याइँमात्र नछिक । छल सेखी मैमत्याइँ हिंसा लत आदि सम्पूर्ण कुकर्म चुनी-चुनी पन्छाउ । हंसपक्षीले पानी छाडेर, दूधमात्र ग्रहण गरेझैं, जड-विषय जतिबाट हटी, ज्ञानमात्र चेतनलाई आफ्नो सिद्धान्त बनाउ, अँगाल । शुभाचरण–दया धैर्य सत्य विचार शील गुरुभक्ति वैराग्यादिलाई व्यवहारमा ल्याउ, गुरुको सन्निकट बसी, स्व चेतनमा स्थिति बनाउ ।

जैसी कहै करै जो तैसी , राग द्वेष निरुवारे ।
तामें घटै बढै रतियो नहिं , यहि विधि आपु सँवारे ।।२५७।।

जस्तो बोल्यो उसै गर्नु , राग द्वेष बगाउनु ।
घट बढ नहोस् रत्ती , यही रीत बनाउनु ।।

अर्थ– कथनमा ज्ञान र आचरणका राम्रा-राम्रा कुरा जो-जो भनिन्छ वा गुरु सन्तबाट शिक्षा पाइन्छ, उही साँचोमा आफूलाई ढाल्नु । प्राणीमात्रका साथ राग-द्वेष नबनाउनु, कसैका झै-झगडामा नपस्नु, मध्यस्थ बनेर बस्नु । यसमा रत्ती घट-बढ नहोस्– यसैगरी आफ्नो सुधार गर्नुपर्दछ ।२५७।।

अरू– ज्ञान आचरणका कुरैमात्रले कसैको काम बन्दैन । तिनलाई आफूमा उतारे–पालन गरेमात्र कल्याण हुनेछ । अनि

अरूले पनि हाम्रा कुरा खानेछन्, उनको समेत हित हुनेछ; आफूले बोलेका वचन सार्थक हुनेछन् । नत्रभने उही चाल नभई छाड्दैन:–

'पर उपदेश कुशल बहुतेरे । जे आचरहिं ते नर न घनेरे ।।'

द्वेष गर्नु ठीक होइन भन्ने सबैले जानेका हुन्छन्, तैंपनि स्वार्थ-वश परिणाम विचार नगरी, मानिसका साथ द्वेष बनाइन्छ । तर स्वार्थको निम्ति कसैसित द्वेष बनाउनु, बुद्धिमान्को काम होइन । यो भन्दा पनि राग बनाउनु सारै भयानक हुन्छ । किनभने आफन्त भनाउँदा मानिसमा राग बन्छ, राग गर्नु बन्धन हो भन्ने हम्मेसि होश हुँदैन । तर स्वार्थ-वश बनेको प्रेम सदा रहिरहन्न । आजका प्रेमी भोलि द्वेषी नबनी छाड्दैनन्। अनि पहिले मुटुमा पसेका थिए, कलेजो-फोक्सो चुँडेर लिई निक्लनेछन् । जीवनमा प्राणीका साथ प्रेम गर्नपनि पर्दछ । यसैले सबैदेखि सावधान रहनु, सहसा हृदय कसैलाई नदिनु। परिचित कल्याणदाता इष्ट, सन्त-गुरुमा मात्र भक्ति-निष्ठा राखी, निर्भेदताबाट रहन-हृदय खोली भन्न सकिन्छ, भन्नु पनि पर्छ । किन भने आफ्नो स्वभाव, मनको गति; विकार-बन्धन लत, के कति कस्ता-कस्ता छन्! ती सबै उहाँका समक्ष पोख्नाले कल्याण-प्रेरक उहाँ गुरु-सन्तबाट हाम्रो हृदय हेरी, सुधार-संरक्षण गरिदिन सजिलो हुनेछ ।

यस्ता महापुरुषका सहवासमा विशेष रहनु, उहाँलाई महान्, उपकारी सम्झनु । अरूसँग पनि द्वेष त बनाउँदै नबनाउनु, प्रेम पनि सामान्य काम चलाउसम्म राख्नु । अरूलाई आफ्नो अन्तःकरण सकेसम्म नदिनु, कसैसित पनि अति प्रेम गऱ्योभने एकदिन राम्रै द्वेष नबनी छाड्दैन ।

द्वारे तेरे रामजी, मिलहु कबीरा मोहि ।
तैं तो सबमें मिलि रहा, मैं न मिलूँगा तोहिं ।।२५८।।

तिम्रो द्वार बिषे राम, कबीरा मिल मै सँग ।
मिल्यो तिमी सबै साथ, मिल्दिन म तिमी सँग ।।

अर्थ– कबीरा– हे जीव ! तिम्रो आजको यो मानव जीवन मुक्तिको ढोका हो । त्यहीं साँचा विशुद्ध रामजी मिल्नेछन् । तिम्रो वास्तव स्वरूप नै राम हो । तिमी यो शरीरमा छँदै स्वयं आई मोहि–पारखी गुरुको साथ गर । तिमी भनौला– पारखी गुरु आई म सँग मिलुन्, त्यो कुरा हुनसक्तैन । किनभने तिमी सबै खानी-वाणीमा मिलिरहेछौ– आसक्त छौ, यसैले तिम्रो हृदय खाली नभई पारख आई तिमीमा मिल्न सक्दैन । हित देख्छौ भने सबै छाडी तिमी नै आउ, पारखमा मिल ।।२५८।।

अरू– कल्याण-इच्छुकले गुरुका समोप जानु भन्ने भाव हो– 'पहिले मुमुक्षु बन्नु, आफ्नो अन्तःकरण खाली गर्नु, अनि पारखी-गुरुको ज्ञान (शिक्षा) त्यहाँ अटाउन-अड्नसक्तछ ।' स्वार्थ प्रपञ्चले पूर्ण-हृदयमा निर्मलज्ञान कसोगरी रहोस् ! दृश्यमा वृत्ति अल्झिरहे-सम्म द्रष्टामात्रको स्थिति बन्नै सक्तैन । जीवको दुःख देखेर गुरुले-दया गरी सुखी बनाइदिनका निमित्त पुकारा गर्नुहुन्छ; तर आफू प्रपञ्च-मा गई, जीवसित मिल्नेइच्छा गर्नु हुन्न । उहाँको यो 'करुणाको पुकार वैराग्य र कुसङ्ग-त्यागको द्योतक हो ।' जिज्ञासुमा पनि ती सबै भाव ग्रहण हुन्, निष्प्रपञ्च अन्तःकरण बनोस् भन्ने भाव हो । साथै पछिका सन्त-शिक्षकको निम्ति आदर्शको प्रेरणाप्रद शिक्षा पनि सम्झनुपर्दछ । कल्याणइच्छुकले शिक्षा-सेवाको लाभ लिन स्वयं प्यासो बनी, विवेकी सन्तको दर्शन, सत्सङ्ग गर्नु; अनिमात्र उनको शिक्षा आफूमा उत्रन सक्नेछ, गुरु नै आई, 'लौ सुन !' भनी जबर-जस्ती सुनाउँदा शिष्यको अन्तःकरण अन्य व्यवहारबाट खाली भएकै हुँदैन, त शिक्षा कहाँ अटाओस् !

भरम बढा तिहुँलोक में, भरम मण्डा सब ठाँव ।
कहहिं कबीर पुकारि के, तुम बसेउ भरम के गाँव ।।२५९।।

बढ्यो भ्रान्ति तिनै लोक , भ्रान्ति नै सब ठाम छ ।
कबीर स्पष्ट यो भन्छन् , तिम्रो त्यें भ्रान्ति - वास छ ।।

अर्थ– तिहुँलोक–सत्त्व, रज, तमोगुणी- सबैमा भ्रान्ति-अज्ञान बढिरहेछ, गृहस्थी-त्यागी सबै समाजमा भ्रम-कल्पना नै व्याप्त छ । गुरु कबीर स्पष्ट भन्नुहुन्छ– हे जीव ! तिम्रो त सर्वथा भ्रान्तिकै गाउँमा बसोबास बनिरहेछ ।।२५९।।

अरू– आफू सत्य चेतन छँदै संसार-प्राणी 'म शरीर हुँ भन्दछ, शरीरका जात, नाम, वर्णलाई आफू सम्झन्छ', यही भ्रम हो । विषयमा सुख कहाँ छ ! नभएका ठाउँका सुख सम्झनु, घर-परिवार मेरा हुन् भनी मोहमा मस्कनु, काम-क्रोधादिमा प्रवृत्त हुनु–सबै भ्रमकै समूह हो । माथि अनेक लोक, देवतादि छन्; तिनको दर्शन, सुख, मुक्ति मिल्दछ भन्ने आशा गर्नु; भूत प्रेत नाग बोक्सी–लागे, भेदिदिए, ग्रह-दशा लाग्यो भन्नु, कतैबाट ऋद्धि-सिद्धि पाइएला भन्नु इत्यादि भ्रमैभ्रमले संसार भरिपूर्ण छ ।

यो भ्रान्ति-रोगको उपचार–एकमात्र सन्त-पारखीको सत्सङ्ग नै हो । उहाँबाट सारा भ्रान्ति आसक्ति-अहङ्कार उड्दछ । जड र शून्यदेखि पृथक् स्व चेतनको बोध-आचरण पाइन्छ, स्वतन्त्र स्थिति मिल्नेछ । अतः यस्ता सन्त-गुरुमा अटूट प्रेम गर्नु नै बुद्धिमानी हो ।

रतन अडाइनि रेतमें , कंकर चुनि चुनि खाय ।
कहहिं कबीर पुकारिके , ई पिण्डे होहु क़ि जाय ।।२६०।।

रत्न फाली बलौटो मा , चुनी कङ्कड निल्दछन् ।
यै पिण्डबाट ह्वौ पार , साफै कबीर भन्दछन् ।।

अर्थ– स्वयं विचक्षण बुद्धिका मानव-हंसले पारख ज्ञानरूपी मोती पनि, रेत–विषयको बालुवामा, अडाइनि–छरिदिए । आफू विषय भोगरूपी कङ्कड खोजी-खोजी खानलागे । गुरु कबीर स्पष्ट भन्नुहुन्छ–यही मुक्तिको माध्यम मनुष्य शरीरबाट तिमी निर्वासनिक स्थितिको पात्र बनिहाल; अन्यथा फ़ेरि-फेरि पनि चार खानीकै चक्कर लगाइरहनेछौ ।।२६०।।

अरू–पारखरूपी रत्नको यथार्थ महत्त्व विवेकको साम्राज्यमा जानिन्छ । तर भ्रान्तजनको असावधानी र अज्ञता-वश उक्त अनमोल रत्न पनि गिर्खा-ग्रेग्रेन सरि विषय-बालुवामा मिल्कि-रहेछन् । अर्थात् सबै मनुष्य जड पदार्थकै परीक्षा गर्दछन् । चिया-चुरोटको पारख गर्छन्, भैंसीदेखि भूगोलका जुहारात रत्न खनिज पदार्थसम्मको पारख गर्दछन्, तर पारखको पारख गर्ने बिरलै पारखी सन्त-सज्जनबाहेक अरू कोही छैनन् । कङ्कड-पत्थर खोजी-खोजी खानु हो– तुच्छ विषय-भोगसुख छानी-छानी ग्रहण गर्नु, भ्रान्तिमा अड्कनु । यसैले गुरुबाट दयापूर्वक जगाउनु हुन्छ– 'मनुष्य जीवन नै एकमात्र मुक्तिको साधन हो, यो सितिमिति मिल्ने होइन । हाम्रो धेरै धर्म र पुरुषार्थका फलले आज यो देह पाइएको छ । यस बेला आफ्नो चेतनको बोध-स्थिति बनाइहाल्नु पर्दछ । होइन भने, चार खानिको भयङ्कर दुःखमा पर्नेछौ, होश गरी आफ्नो साधना-स्थिति सम्हालिहाल ।

जेते पत्र बनस्पती , औ गंगा की रेन ।
पण्डित बिचारा क्या कहे , कबीर कही मुख बैन ।।२६१।।

जति छन् बनमा पात , नदीमा जति रेत छन् ।
के भन्छन् बिचरा विज्ञ , कबीर मुख वक्तछन् ।।

अर्थ– संसारभरका बनस्पतिमा जतिपात छन्, गङ्गादि नदीमा जति बालुवाका कँण छन्, ती भन्दा पनि धेरै वाणी कबीर– भ्रान्त जीवले मुखाग्र कथेका छन् । पण्डित बिचरा–एक्ला ब्रह्मा-जीले त्यति के भन्न सक्लान् ! ।।२६१।।

अरू– ब्रह्माजीले वेद रचना के गरे ! वेदका वाणी बोल्ने मंत्र द्रष्टा तमाम ऋषिहरू भए, यो कुरा वेद मै वर्णन छ । हिन्दू-मुसल-मान आदिका पूर्व महज्जन ब्रह्माजी एवं हजरत मुहम्मदहरूले जे जति वाणी कथेका थिए ती त कमैथिए, उहाँहरू भन्दा पछिका

अनुयायीजनले कल्पना गरी-गरी यति वाणी कथेका छन्, भनेर साध्य छैन। तिनै वाणीका कल्पित मान्यताकै बाढीमा समर्थ जीव भूल-वश बगिरहेछन् । यसैले गुरुलाई निर्णय वाणी बोल्न, विवश बन्नपरेको हो । यिनै गुरुमुख वाणीबाट सबै वाणीको परीक्षा पनि हुन्छ ।

अन बनि वाणी चार प्रकार । काल सन्धि झाईं औ सार ।।
भरमिक झाँईं सन्धि औ काल । सार शब्द काटे भ्रम जाल ।।

हौं जाना कुल हंस हो, ताते कीह्ना संग ।
जो जानत बगु बावरा, छुवै न देतेउँ अंग ।।२६२।।

हंसका कुलको सम्झी, तिम्रो साथ गरें सुन ।
बकुल्लो बहुला भन्ने - चिने के दिन्थिएँ छुन ।।

अर्थ– हौं–मैले ठानेको थिएँ-- यो मानिस हंससमान सार-ग्राही होला, यसैले साथ गरेको हुँ । यदि बकुल्लोजस्तो ढोंगी धोकेबाज, बौलाहासमान आफ्नै बोलीको पनि सही नभएको अवि-वेकी भ्रान्त निस्कला भन्ने जानेको भए, आफ्नो अङ्गसम्म पनि छुन के दिन्थें! नजिक पर्नैदिने थिइन ।।२६२।।

अरू– जीवको स्वरूप शुद्ध ज्ञानमात्र र मनुष्य तन मुक्तिको माध्यम हुनाले शरणागत मानिसमात्रलाई जड-चेतन गुण-अवगुण छुटयाउन समर्थवान् हंस सम्झी, विवेकीजनले साथ राखी शिक्षा-गर्दछन्, शरण लिन्छन् । तर पूर्व आसक्ति र स्वार्थ-वश जीव गुरु सन्तका सङ्ग छल कपट राखी, उहाँका वचन पेलेर विषयासक्ति, लम्पटता भ्रान्ति कल्पनातर्फ बलै फालहाल्ने हुन्छन्। यस्तैलाई गुरुले बौलाहा-बकुल्लो भन्नुभएको हो । रूखमा ऐजेरू, गहुँ मकैमा कालि-पोको र उखुमा रमसर (ढड्डी) उम्रेसमान समाजमा पनि एकाध अज्ञ-अबूझ व्यक्ति आकल-झुकल निस्कने हुन्छन् । पारखी सन्तले त्यस्तामाथि पनि दया राखी शरण लिनुहुन्छ, समता लिएर पनि हित-शिक्षा दिनुहुन्छ। तर मानिसमात्रको अन्तःकरण भयानक जंगल सम्झी, आफ्नो सावधानी छाड्नु हुँदैन । गुरु पारखका अनुयायी-

वर्गले पनि अति होश राख्नु। कल्याण-मार्गबाट कदम कदापि पछि नहटाउनु, अघि-अघि एकरस बढ्दै जानु । यहाँ गुरु कबीर स्पष्ट भन्नुहुन्छ– कोही-कोही ममा सिद्ध आगमजानी भनी नभएको महत्त्व-दोष थोपर्दछन्। तर म त शुद्ध मानव हुँ । न कोही आगमन-जानी हुन सक्तछन् । श्रद्धालु मानिस जसमा रिझिन्छ, उसलाई अनेक कल्पनाले रङ्गाई बहुरङ्गी बनाइछाड्दछ । श्रीरामको पनि यस्तै-वचन् छ–

"जो जनतेउँ बन बन्धु बिछोहू । पिता वचन नहिं मनतेउँ ओहू ।।"

गुणिया तो गुण ही कहै, निर्गुणिया गुणहि घिनाय ।
बैलहि दीजै जायफर, क्या बूझै क्या खाय ।।२६३।।

गुणीले गुण नै भन्छ, निर्गुणी घिन मान्दछ ।
जाइफल दिई गोरु, के खान्छ के त चिन्दछ ?

अर्थ– सद्गुणी व्यक्तिले गुणकै वर्णन गर्दछ, गुणरहित अज्ञ-जनले सद्गुणलाई पनि घृणा-तुच्छता गर्दछ । जस्तै गोरुलाई हितकारी जाइफल दिएपनि उसले त्यसको महत्त्व के सम्झोस् ! के खाओस् ! ◈ ।।२६३।।

अरू– बिना विवेकका जनले सत्य-निर्णयको निष्कर्ष स्वरूप पारख ज्ञानको महत्त्व के जानुन् ! महत्त्व र लाभ नसम्झी, पारख स्वरूपलाई कसरी अँगालुन् !

अहिरहु तजी खसमहु तजी, बिना दाद की ढोर ।
मुक्ति परी बिललात है, बृन्दाबन की खोर ।।२६४।।

ग्वालो मालिकले छाडे, पशु अन्यायमा परे ।
मुक्ति परं बिलौनामा, गल्ली वृन्दावनै फिरे ।।

अर्थ– बूढो गोरुलाई अहीर–गोठालोले छाडिदियो, मालिकले पनि छाडिदिए, बिना दाद– न्याय नपाएको त्यो बिचरो, मुक्ति

◈ घासका साथमा रहेको सोम लतालाई गाईले घाँसै सम्झेर खान्छ ।
[सामवेद ८।१।२।६]

परी–छुटेको निराश्रय पशु, कुनै जङ्गल, बाटो, चउरमा परेर विल-लात–दुःखीभई छट्पटाउँछ ।।२६४।।

अरू– अज्ञ-उपासक जीवको यही दशा भइरहेछ । तिनले धन-बल छउन्जेल स्वार्थीहरूको अवलम्ब, आदर पाए । पछि सबैले पन्छाइदिए । कल्पनाका पतिले के रक्षा गर्ने ? भ्रान्त गुरुजनले पनि कुनै कल्पित इष्ट- नामका मन्त्रको अवलम्ब दिएका थिए 'मुक्ति पर छ, पाउँला कि' भन्ने भरोसामा जीव बिलना गर्दै गाउँ गल्ली, तीर्थमा घुम्दछन् । बिना विवेक जीवको दशा उही बूढो पशुको जस्तै भइरहेछ । मुक्ति कहीं बाहिर रहने वस्तु होइन, समस्त वासना र भ्रान्ति विलय हुनु नै मुक्ति हो । तर विवेक-बिना जीवले यी कुरा कसरी सम्फुन् !

मुखकी मीठी जो कहै, हृदया है मति आन ।
कहँहि कबीर ता लोगन से, तैसेहिं राम सयान ।।२६५।।

जो बोल्छन् मुखका मीठा, अरू नै भित्र पूर्ण छ ।
भन्छन् कबीर ती देखि, उस्तै राम सतर्क छ ।।

अर्थ– जो मुखले चिल्लो घसेर, साखीलो बनी बोल्दछ, भित्र भने अरू नै कुरा भरिएको छ, छलछाम गर्दछ वा कपटी धोकाबाजीको भावना छ भने गुरु कबीर भन्नुहुन्छ–यस्ताका साथ, उसैका भित्री राम पनि उस्तै होशियार रहने छन् ।।२६५।।

अरू– अरूलाई छकाउन, जिप्टचाउन सकेपनि आफ्नै भित्रको चेतनलाई जिप्टचाउन कसैको ताकत छैन । उसले छल-कपट गर्न जानेकै छैन, जस्ताको तस्तै बक्ने बानी छ। चोरी व्यभिचारी घात घुस ठगी–आदिमा प्रवृत्त हुँदा पनि मानिस लुकी छली सङ्कोचसहित वा हाकाहाकी निर्भय भई प्रवृत्त हुन्छ। अरूका आँखामा दुइ दिनको लागि छारो हालेपनि स्वयं द्रष्टा ज्ञाता हुनाले भित्र संस्कार जस्ताको तस्तै टिक्तछ र समय-समय हृदयका हरिले घोचि-

रहन्छन्, भयभीत भई नै रहनुपर्दछ। यही जन्म वा अर्को शरीरबाट फल नभोगी सुखै छैन। यसैले अरूलाई नछकाउ, दिल खलास राख, आफैंतिर फर्क। अनि आफूले पनि धोका खानु पर्नेछैन।

इतते सव कोई गये, भार लदाय लदाय।
उतते कोई न आइया, जासों पूछिये धाय ॥२६६॥

सबै गए यहाँ बाट, भार भारी उठाउँदै।
उहाँ बाट कुनै व्यक्ति - आएनन् सोधु को सितै !

अर्थ– अनेक भ्रान्ति र पाप-पुण्यका कर्मजन्य संस्कारको भारी भरी-भरी उपासक र कर्मीजन यहाँ संसारबाट स्वर्गादि लोकमा जाने भनी सबै मरी-मरी गए, तर तिनीहरूसित स्वर्गादिको हाल सोधनी गर्न धाउँदै जाउँ भने पनि उताबाट आजसम्म कुनै सज्जन फर्की आएका छैनन्, अब को सङ्ग के सोध्ने ! ॥२६६॥

अरू– कहीं अन्तै स्वर्ग परमधाम आदि लोक छन्, हामी मरेपछि उहीं जानपाउँछौं भन्ने सबै मनकै कल्पनामा छन्। यस कुरामा शब्द प्रमाणको अतिरिक्त अरू तथ्य प्रमाण केही पाइँदैन। कर्मफल-भोग र जीवको चार खानिमा आवागमन हुन्छ भन्ने कुरा त विवेक-सम्मत अनुभव-गम्य छँदैछ। अरू तलको युक्ति प्रमाण पनि मनन गरौं–

यहाँ नसिकी मानिसले कुनै काम जान्दैन। उता–पशु पक्षी-समेतका नवजात शिशुमा छादन–तातो न्यानुमा अनुकूल मान्नु, भोजन मैथुन भय निद्रा र मोह–यी छः धर्मको ज्ञान-लक्षण देखिन्छ। यसैले 'पूर्व जन्ममा जीवले ती काम गरेका रहेछन् र त्यसैको संस्कार उद्भव भएको रहेछ' भन्ने सिद्ध हुन्छ। यस्तै धन पद स्वभाव बुद्धि आयु आदिमा प्रतिघट विभिन्नता हुनु पनि पूर्व-जन्मकै कर्मको प्रभाव हो भन्ने स्पष्ट सिद्धछ।

जड बीजबाट उम्रेका वृक्षमा सबै फल, बीजकै अनुसार एकनास र एक स्वादका हुन्छन्। जीव सृष्टिमा एकै पिता-माताबाट

पुत्र, पुत्री नपुंसक–विभिन्न सन्तान जन्मन्छन् । तिनमा पनि बुद्धि ऐश्वर्य रोग निरोग पद विद्या आयु स्वभाव सुख दुःख आदिमा फरक देखिन्छ । यी सबै हुनको कारण पनि अविनाशी जीवले पूर्व-कर्म-वश देह धारण गर्न आएकाले आ-आफ्ना कर्म-संस्कारानुसार विभिन्न भएको हो । यसमा खालि माता-पिताका रज-वीर्यमात्रको कारण होइन । इत्यादि प्रमाणबाट अनन्त अविनाशी जीवको कर्म संस्कार अनुसार फल भोग, आवागमन, बन्धन र मुक्ति हुन्छ भन्ने सिद्धान्त विवेकसम्मत सर्वथा सिद्ध छ । यस विषयमा अरू प्रमाण पनि जान्ने अभिलाषा छ भने पारखी सन्तका साथ सत्सङ्ग गर्नु तथा गुरु विशालदेवकृत मुक्तिद्वारको बन्ध-मोक्ष शतक मनन गर्नु पर्याप्त छ ।

भक्ति पियारी रामकी , जैसी पियारी आग ।
सारा पट्टन जरि मुवा , बहुरि ले आवै माँग ॥२६७॥

रामको भक्ति प्यारो छ , जस्तो त प्रिय अग्निछन् ।
सारा पुर डडी मर्छन् , फेरि मागेर ल्याउँछन् ॥

अर्थ– जस्तो मानिसलाई अग्नि अति प्रिय छ, त्यस्तै भ्रान्त उपासकलाई कल्पित रामको भक्ति बिछट्ट प्यारो भइरहेछ । आग-लागीबाट सारा शहर भस्म भई डडेर मरे पनि बाँच्नेले भोजन बनाउन, जाडोमा ताप्नलाई घरमा नभए मागेर पनि उही अग्नि ल्याउँछन् । त्यस्तै भएका भगवान्को भाव छैन, भ्रान्तिका भगवती-को मान्यतामा अनेक पाप गर्छन्, कष्ट भोग्दछन् र पनि भक्ति नगरे कहाँ गई बस्ने ! भनी उही कल्पना-पत्री, तिनकै भरोसामा निर्धक्क परिरहेछन् ॥२६७॥

अरू–रमैयारामको परिचय बिना जगत्-जीव दाशरथी राम वा व्यापक रामकै उपासनामा मग्नछन् । तर ती सबै मनकै कल्पना हुनाले आजसम्म न कसैलाई मिले, न त मिल्न सक्तछन् । मनकै

छायामा व्यर्थ मस्त होइने हो तैपनि भ्रान्त जीव उसैमा न्यौछावर बन्छन् । विचार-बिना यिनको जीवन व्यर्थ अलमलमा परिरहेछ, अतः सावधान ।

"स्व-समाधि अविचल सुख तजि के, जडमें टक्कर खाओं ।
विषधर अहि बाँबी सुख खोजत, करमें भुवंग डसाओं" ।।

नारि कहावै पीवकी, रहै और सँग सोय ।
जार मीत हृदया बसे, खसम खुशी क्यों होय ।।२६८।।

पत्नी भनाइ प्रेमी की, अरूका साथ सुत्तछे ।
जारमाथि छ ध्याउन्न, रिझिन्छ पति व्यर्थ के !

अर्थ– स्व पतिकी पत्नी भनाएर जो नारी उपपतिका साथ रमण गर्दछे, हृदयमा-उपपति नै बसेको छ, भने त्यो खास पति त्यस्ती स्त्रीदेखि कहाँ प्रसन्न हुनसक्तछ ! ।।२६८।।

अरू– सिद्धान्तमा पारखी गुरुको शिष्य भएर पनि अन्य भ्रामकजनका कुरामा विशेष रुचि लिन्छ, कल्पनाका देव-देवीको विश्वास छ, भूत-प्रेत, बोक्सी नाग ग्रह-दशा आदिको भ्रान्ति छाड्दैन भने यस्ता शिष्यसित पारखी सन्त गुरु कसोगरी प्रसन्न होउन् ! तिनले पारखज्ञान बुझेको कहाँ ठह-यो ? अतः आफूमा रहेका कल्पित मान्यता सबै राम्रो पारख गरी निकाल । सद्गुरुको न्यानो स्नेहता पाएका छौ, सम्यक सेवा-आज्ञापालन गर । हृदयको साँचो देव अपरोक्ष चेतनको बोध-स्थिति सह्माल ।

सज्जन से दुर्जन भया, सुनि काहू की बोल ।
काँसा तामा होय रहा, हता ठिकोंका मोल ।।२६९।।

सज्जन थे बने दुष्ट, कोहीका वचनं सुनी ।
काँसा तामा भए हल्का, थे ठीक मोलका यिनी ।।

अर्थ– मनुष्य जीव थियो त सज्जन (सर्वश्रेष्ठ), तर काहू– अविवेकोजनका कुरा सुनी-सुनी कुजन बन्नपुग्यो । विचार गर्दा मनुष्यको मोल– महत्त्व, ठीक पूर्णमर्यादाको सुवर्ण हीरासमान

हता–थियो। तर काँसो-तामोसमान सस्तो बनिरहेछ। जड पानी-पत्थर भन्दापनि तुच्छ बन्नपुग्यो ।।२६९।।

ऋरू– जीव चेतनको महत्त्व महान् छ, यही साक्षात् शिव–परमात्मा हो । तर अनेक कुसङ्गतले गर्दा दुर्जन बनिरहेछ । विषयी प्रपञ्ची जीवका कुरा सुनी, लहै-लहैमा लाग्नेजति 'भोगासक्ति चोरी व्यभिचारी हिंसा व्यसनादिमा प्रवृत्त भई, दुष्ट प्रकृतिका बने । कल्पना-वाणीमा बहकिने जति- 'भ्रान्त-मतिका भए ।' परमार्थको लाभ र सुख-मुक्ति प्राप्तिको नित्य कल्पना गरी, ढुङ्गा काठ ध्वार तस्बिर समाधि पुस्तक-गद्दी गोबर चौतारोसम्म पनि पुज्दै ढोग्दै, हात जोडी भीख माग्दै हिंड्छन् ।

यिनलाई जड-चेतनको निर्णय गरी, पारखज्ञानको शिक्षा जति सम्झाए पनि सम्झने होइनन् । मनका तरङ्गमा बगी, भोग-विलासतिरै लम्कन्छन् । कति त अनेक भ्रान्ति-कल्पनामा परेका छन् । अनादि एकरस अखण्ड, दु:ख-सुखदेखि पार, सर्वेसर्वा सत्य चेतन अपरोक्ष स्वयं स्वरूपको महत्त्व बुझने प्रयत्न गर्दैनन् । यस्तो महान् चेतन स्वयं छँदै, यो सामान्य धातु–काँसो-तामो भन्दा पनि तुच्छ बनी मिल्किरहेछ वा खबटाको मोलमा आफलसिङ भइ-रहेछ । अब त्यसो होइन, पूर्ण विवेकी बनेर, सत्सङ्गद्वारा सबै भ्रान्ति-कल्पनादेखि जागौं । विषयासक्ति, क्षणिक भोग-सुखमा नलम्कौं । स्व स्वरूप चेतनको महत्त्व राम्ररी बुझौं । यसको महत्त्व नबुझी यता-उति च्याउनु, भौंतारिनु–यही हाम्रो अभाग्य हो । आफैं आफूमा शान्त बनौं, ठीक-ठीक विचार गरेमा सारा वेद उपनिषद्-पुराणको पनि वास्तविक ध्येय यही देखिन्छ– 'दु:खदेखि सर्वथा निवृत्तभई, परमपद स्वमा शान्त हुनु ।'

विरहिन साजी आरती, दर्शन दीजै राम ।
मूये दर्शन देहुगे, तो आवै कौने काम ।।२७०।।

विरही आरति सज्छन् , राम दर्शन बक्सियोस् ।
मरे पछि दिई दर्श , के काम लाग्छ भन्न होस् ?

अर्थ– मन-कल्पनाका रामरूपी पतिको प्रेममा व्याकुल बनेकी उराठ्मतिकी वियोगिनीसमानका भावुक भक्तले आरति सजेर प्रार्थना गर्दछन्– 'हे राम ! चाँडै दर्शन दिनोस् ! यदि मरेपछि दर्शन दिनुहुने हो भने त्यो के काम लाग्यो ! ।।२७०।।

अरू– विरहको हैरानी पनि माथि साखी-अनुसार 'काहूके बोल' सुनेरै लागेको रोग हो । स्वयंमा पारखदृष्टि बनाएको भए यस्तो व्यर्थका कष्टमा व्याकुल हुनुपर्ने थिएन । यिनका राम आदि इष्ट, कहाँ बसेका थिएर दर्शन दिउन् ! ती मनका कल्पना हुनाले मनैमा सम्म झल्कने हुन् । कसै-कसैले 'दर्शनपाए भन्दछन्, तर त्यो पनि तिनकै मनको भ्रान्ति हो । स्वप्न वा स्वप्न-वत् अवस्थाका अतिरिक्त अरू कहाँ प्रत्यक्ष हुन्छन् ! त्यसबाट कुनै काम सर्नेपनि होइन । अतएव विवेकपूर्वक सतसङ्ग गर, कल्पना र आफ्ना मनको ढिपी छाड, स्व-स्वरूप रमैयाराममा जाग✪ ।

म भन्थें हरि छन् टाढा , तीं हाम्रै हृदि बीच छन् ।
अहं को आडले गर्दा , नपाई विश्व व्यस्त छन् ।।

पलमें परलय बीतिया , लोगहि लागु तमारि ।
आगल सोच निवारि के , पाछल करहु गोहारि ।।२७१।।

✪ The strong gods pine for my abode,
And pine in vain the sacred Seven;
But thou, meek lover of the good !
Find me, and turn thy back on heaven. –R.W. Emerson.

'शक्तिशाली देवता र सप्तऋषि आदि ठूला-ठूला व्यक्तिहरूले मेरो निवास स्थान प्राप्त गर्न व्यर्थै लालायित हुन्छन् । तर स्वर्गको वास्ता पनि नगर्ने, सच्चरित्रशाली विनम्र प्रेमीले नै मलाई आफ्नै हृदयभित्र भेट्टाउँछन् ।'

पलमा प्रलयै हुन्छ , लोक लाग तमारीमा ;
अघिको सोच छाडेर , पछिका को पुकारमा ।।

अर्थ– छिनभरमै शरीर नष्ट भइहाल्छ । लोगहि– मनुष्य आफ्नो तमक तै पनि छाड्दैनन् । तिम्रो त्यो घमण्ड दुइ दिन मैं छुट्नेछ । अतः हे मानव ! तमारि–अज्ञान अन्धकारका नाशक सद्-गुरुको ज्ञान-प्रकाशमा शान्तिपूर्वक निवास गर । अतीतका समस्त चिन्ता छाड, आजैदेखि सत्सङ्गमा गई, आफ्नो बचाउको विनय-वन्दना गर्‍यौभने तिम्रो भविष्य पनि सुध्रनेछ ।।२७१।।

अरू– यहाँ गुरु शिक्षा दिनुहुन्छ–भूत-भविष्यको चिन्ता र भाका-फिक्री छाडी, वर्तमान नै सुधार गर, आफ्नो उद्धारको काम बनाउ, यसैबाट तिम्रो भविष्य पनि सुध्रनेछ ।

'वर्तमान में ब्रर्तो भाई । भूत भविष्य सब देहु बहाई ।।'

Trust no future however pleasant
Let the dead past bury its dead !
Act Act in the living present. –Longfellow.

'जस्तै सुखमय (रमणीय) भएपनि भविष्यको भरोसा नगर। भूतकाल बितिसक्यो, बित्न देउ। खालि वर्तमान सुधार, काम बना-इहाल ।'

एक समाना सकल में , सकल समाना ताहि ।
कबीर समाना बूझ में , जहाँ दुतिया नाहिं ।।२७२।।

एकै सर्वत्रमा पूर्ण , सर्व उहीं विलीन छ ।
कबीर बूझमा लीन , जहाँ द्वैतत्त्व हीन छ ।।

अर्थ– एक समाना–एक मन, खानी-वाणीका अनेक भोगमा आसक्त भइरहेछ । ती आसक्ति र थरी-थरीका कल्पना मनमा भरि-इरहेछन् । यसैले कबीर–कायाको प्रेरक बीर–जीव पनि अन्तमा बूझ-वासना र भ्रान्ति कल्पनामा मिल्नपुग्यो । जहाँ (अद्वैतवादमा) दोस्राको अस्तित्व नै छैन, भन्दछन् ।।२७२।।

अर्थ– बिना विवेक, भोग-विषयको आसक्ति र भ्रान्ति-कल्पनाका विवश बनी, कति-कति जीव स्वर्गादिका मान्यतामा फागुनेको ताउलो बनिरहेछन् । विषयबाट ठक्कर खान्छन्, वाणी-जालमा बढ्दछन् । वाणीमा कल्पित कर्ता र इच्छित इष्ट-दर्शन वा सिद्धि आदि पाउँदैनन्, चराचरव्यापक एक अद्वैतको कल्पनामा पर्न पुग्दछन् । कल्पना-आसक्ति एक न एकबाट जीव कहिल्यै पृथक् हुन सक्तैनन् । मनले एक ब्रह्म भन्ने कल्पना गर्दैमा छुट्टाछुट्टै अनेक चेतन र विभिन्न गुण-धर्मी जड़ तत्त्व पनि कसरी एक बन्न सक्तछन् ! वाणीले मिलाउँदैमा के मिल्थे ! वाणीमै मात्र तानीतुनी एक बनाउन सकिन्छ, तर पदार्थ भने अनेक नै रहन्छन् । तसर्थ यस्ता कल्पनाका पछि नलाग, सम्पूर्ण कल्पनाका कर्ता को हो ! उसलाई जान । जनैया, स्वयं चेतन स्वरूपमा शान्त बन ।

एक साधे सव साधिया , सव साधे एक जाय ।
जैसा सींचै मूलको , फूलै फलै अघाय ।।२७३।।

एक साधे सबै सध्छन् , एक जान्छ सबै धुने ।
जस्तै जरो सिंचे सर्व - फुलो फलो अघाइने ।।

अर्थ– एक मनलाई वश गर, अनि काम-क्रोधादि सबै, शान्त हुनेछन् । ती कामादिलाई मनाउन इच्छित भोग दिन वा अनेक देव-देवीको उपासना गर्नपछि लाग्यो भने उही मन भन् बहुला बनी बिभिन्डिने हुन्छ । जस्तो बिरुवाको जरामा मल-पानी हाल्यो भने बोट मौलाई फुल्दछ, फल्दछ; पेटभरी खान पाइन्छ ।।२७३।।

अर्थ–मनैको सिर्जना सारा राख्छ यो जालमा पारी ।
मनैको भावना साधे , तत्त्व भेट्ने छ संसारी ।।
[सोमनाथ सिग्देल]

विषयासक्ति र अनेक कल्पनाका पछि नलाग, विभिन्न हठपक्षको व्यर्थका साधनामा कष्ट नकाट । सत्सङ्ग भक्ति वैराग्य

र पारखी सन्तको अनुसरण गरी, सरलतापूर्वक मन-निग्रह गर। त्यो मनलाई सदाचार पालन र धर्म भक्तिको कार्यमा प्रवृत्त राख वा निवृत्तिमा लगनशील बन, मन-वश भयोभने वाणी र शरीर स्वयं स्ववश हुनेछन् ।।◈

जेहि बन सिंह न संचरे , पन्छी ना उडि जाय ।
सो वन कविरन हींडिया , शून्य समाधि लगाय ।।२७४।।

सिंह जुन बनै जान्न , चरो छिर्न नसक्छ नि ।
उही बन कबीरा यी , हिंड्छन् शून्य समाधि ली ।।

अर्थ– जुन वाणीका कल्पनारूपी बनमा सिंह–जीव, नसञ्चरे–पस्न र छिचल्न पनि सक्तैन, पन्छी–मन पनि उडेर त्यहाँको अन्त्य लिन सक्तैन। यस्ता मनका मान्यता कल्पनारूपी बनको बृहत् फल–ब्राह्मीस्थिति लिन कबिरन--भ्रान्तजनले शून्य समाधि लगाई खोजि-गर्दै छन् ।।२७४।।

अरू– अनादिदेखि सारा मनुष्य, वाणी-कल्पनामा पौडिखेल्दै छन्, तर कसैले कल्पित मान्यताको रहस्य थाहा पाउन सकेनन् । मनुष्य जीवले नै शून्य-समाधि लगाए, मनको वृत्ति लय गरे, त्यहाँ ज्ञानका साधन रहेनन्, बाहिरी जगत् भान हुन छाड्यो। अनि यही अवस्थालाई 'निर्गुण निराकार एक, चराचर ब्रह्म व्यापक' रहेछ भनी कल्पना गर्नेलागे । वास्तवमा सबै कल्पना गर्ने यही जीव चेतन नै सत्य हो, कल्पनाजति सबै असत्य हुन् । बाह्य जड-जगत्-मा पृथ्वी जल अग्नि वायु यी चार कारण तत्त्व सत्य प्रत्यक्ष छन्, तर तिनका कार्य पदार्थ समस्त परिवर्तनशील छन् । यसैले द्रष्टा चेतन स्वरूप नै सर्व श्रेष्ठ हो । यसैलाई चिन, यसैमा शान्त होउ ।

◈ The mind is its own place, and in itself can make a heaven of hell a hell of heaven. –Milton

'मनको आफ्नै स्थान छ । तथा यसैमा स्वर्गलाई नरक र नरकलाई स्वर्ग बनाउने सामर्थ्य पनि छ ।'

साँच कहौं तो है नहीं , झूठहि लागु पियारी ।
मो शिर ढारे ढेंकुली , सींचे और की क्यारि ।।२७५।।

सत्य भनौं छँदैछैन , झूठोमा प्रेम गर्दछन् ।
पानी मेरो शिरै हाल्छन् , अरूको खेत भर्दछन् ।।

अर्थ– साँच्चै भनौंभने यो अविनाशी चेतन जीव भन्दा श्रेष्ठ अर्को कोही छँदै छैन, तर मानिस, झुट्टै लाई फुराउँछन् । मेरा थाप्लामाथि ढिकुली卐 खन्याउँछन्, खेत भने अर्कैको सिंच्छन् (पानी-लाउँछन्) अर्थात् पारख-गुरुको अनुयायी बन्छन् र पनि अनेक कल्पनाकै पछि लाग्छन्- पुष्टिगर्दछन् ।।२७५।।

अरू– संसारमा जड़-चेतन दुइ वस्तु सत्य छन् । जड विषय भोग्य हुन्, चेतन भोक्ता हो । यिनका अतिरिक्त अरू कहीं-कोही छैनन् । अबोध जीव यो जान्दैन, सत्यलाई सम्झने प्रयास गर्दैन, भनेका कुराप्रति नत विवेकै गर्दछ । भ्रान्ति-कल्पनामा सवार भई, जड-पूजन, तीर्थ व्रत, झार फूक टुना मोहनी–इत्यादिमै अल्झिन्छ । गुरु-पारखको सत्य सिद्धान्त, विवेकबाट खारिएको ज्ञानमा सत्सङ्ग द्वारा आरूढ भई, सबैतिरबाट निर्भ्रान्त हुने, हंस-आचरण बनाई, शुद्ध ज्ञानमात्र स्वरूपमा स्थिति बनाउने काम गर्दैन । अब यहाँ विवेकी मुमुक्षुको कर्तव्य हो–गुरुका यथार्थ वाणी-बीजकको निष्पक्ष-रूपबाट मनन विवेक गर्नु । सत्य चेतनकै स्थितिबाट मात्र अविचल शान्ति मुक्ति भेट्टाइने छ ।

हंसा परख शब्द टकसार ।।१।।
बिन परखे कोइ पार न पावै , भूला यह संसार ।।२।।

[कबीरपरिचय शब्द ११।१२]

पारख में जो होय गयो थीरा । तिन पायो गुरु सत्त कबीरा ।।

[निर्णयसार]

卐 इनारबाट पानी झिकी बाली-बिरुवा सिंच्ने साधन विशेष ।

पारख मिले संशय भजै , रहै न कल्पना कोय ।
और परे कोई नहीं , धोखा यम के होय ।।[पं. टक.]

बोल तो अमोल है , जो कोइ बोलै जान ।
हिये तराजू तौलि के , तब मुख बाहर आन ।।२७६।।

बोलीको मोल नै छैन , जो जानी फन बोल्दछ ।
भित्र तराजु ले जोखी , अनी बाहिर खोल्दछ ।।

अर्थ– जानी बुझी ठीक ढङ्गबाट बोलेका वचन अनमोलका हुन्छन् । वचन बोल्ने ढङ्ग हो– हृदयको तराजुले जोखी, बुद्धिको गज-डण्डीले नापी, अनिमात्र मुखबाट शब्द निकाल्नु ।।२७६।।

अरू– सत्य-असत्य के हो ? समय-पात्र अनुसार छ छैन ? यो वचनको परिणाम के निस्कन्छ ? इत्यादि विवेक गरेरमात्र बोल्नु । बोलीमा मधुरता, विनम्रता, सत्य र साथै हितैषी होओस् । यही नाप-जोख गर्नु हो। यसरी हृदयबाट सुविचारित, अनि मुखबाट सुउच्चरित वाणी अमूल्य हुन्छन् । यी सबै कुराको ख्याल राख्ने बानी बसाल्नु । यसरी बोलेका वचन, मोतीका दाना जस्ता मन-मोहक, महका थोपा जस्ता मीठा, लाल गेडी जस्ता कसैका आँखा मुटु नघोच्ने र चेतन जस्ता सत्य, गरेका कार्य परिपूर्ण बनाउने डाँकका बोली बन्दछन् ।

मुखबाट निक्लने वाणीको मनन गरेर तिमी इष्टिका (वेदी)लाई स्थापना गर्दछु ५ । सत्यको निमित्त सत्यरूप वाणीलाई पुष्ट-गर ...। धर्मलाई प्रवृद्धि गर... । [यजुर्वेद १५।६]

करु बहियाँ बल आपनी , छाड बिरानी आश ।
जाके आँगन नदिया बहै , सो कस मरै पियास ।।२७७।।

बाहु-बल गरी आफ्नै , अरूको आश छाडन ।
जसको चोक - खोलो छ , त्यो मर्छ प्यासले किन ?

अर्थ– सकेसम्म आफ्नै बाहुबलबाट सबै काम निकाल, पराइको आशा गर्न छाड । जसको आँगनमा खोलो बगिरहेछ, के त्यस्ता व्यक्ति पनि प्यासले मर्ने ? ।।२७७।।

अर्थ– तिमीलाई रोग लागेको छ भने औषधी आफैंले खानुपर्दछ । पारखी सन्तगुरुले बोध-आचरणको औषधी दिने-बताउनेसम्म काम हो, वैराग्य-बोध धारण गरी, सदाचारको पालन र साधना-अभ्यास निरन्तर आफैंले गर्नु पर्दछ । अरू अदेखका इष्टले मुक्ति दिने र कुनै महात्माले "लौ तिमी मुक्त भयौ" भनेर मुक्त हुने होइनौ । तिमी स्वयं शोधक चेतनमा अनन्त शक्ति छ । आफ्नो आसक्ति-कल्पनाको बन्धन चुँडाल्न स्वयं समर्थ छौ । जीवमा पारखशक्ति अतुलित हुनाले ऊ जुन काममा निश्चयपूर्वक लाग्दछ, जेमा लाभ देख्छ, त्यो काममा मरिमेट्तछ, त्यसले त्यो कार्य फत्ते गरि छाड्दछ । अतः निर्वासनिक स्थितिको लाभ चित्तले देखोस्मात्र, अनि आसक्ति अहंकार र कल्पनाका सारा तगारा-झाल हटाउँछ, फाँड्दछ र द्रष्टाको अभ्यास गरी, स्वरूपस्थिति- शान्ति लिइछाड्नेछ । यस्तै निश्चय बनाएर तिमी पनि आफ्नो विवेकस्थितिको पुरुषार्थमा आजैदेखि कम्मर कस । स्वार्थ व्यवहारमा पनि सकेसम्म स्वावलम्बी बन, हरेक क्षेत्रमा स्वावलम्बी व्यक्ति नै सुखी रहन्छन् । तिनको कार्य पूर्णहुन्छ, बेर-सबेर चाहे जे होस् !

गुम्सेको यसमा छ शक्ति वसुको तक्दीर पल्टाउने ।
ढोंगी जर्जर मानवी जगतको मस्तिष्क उल्टाउने ।।
कुँद्दै पौरखले धरा लगन भै ली यत्नको साधना ।
पक्कै जित्दछ यो गरी अटम ती अस्त्रादिका सामना ।।

[नीर विक्रम 'प्यासी'

वो तो वैसा ही हुआ, तू मति होहु अयान ।
वो निर्गुणिया तैं गुणवन्ता, मत एकहि में सान ।।२७८।।

त्योता त्यस्तै भयो भंगो, अज्ञानी न बने तिमी ।
त्यो निर्गुणी तिमी ज्ञानी, नमुछ एकमा घुमी ।।

अर्थ– कसैले तिमीमाथि कुनै अळयौली गरिहाले पनि तिमी ऊ जस्तै बेसमझको नबन । किनभने त्यो अबूझ हुनाले त्यस्तै भयो-

भयो, तिमी त सद्‌गुणी, समझदार छौ, त्यस्ताका साथ आफू पनि उस्तै बनी नमुछिनु ।।२७८।।

अरू– कुनै अयोग्य मनुष्यले तिम्रो साथ केही होची-अर्घेली गरिहाले पनि तिमीले त्यसको साटो फेर्ने इरादा गऱ्यौ भने, तिमीमा पनि उही दुर्गुण आइहाल्दछ । खालि मन मलीन गऱ्यौ भनेपनि तिम्रो विशुद्ध शान्त हृदयमा मलिनताले ढाकिहाल्यो, क्रोधको आगो सल्कियो । अतः तिमी आफ्नो धर्म र कर्तव्य सम्झ, उसको नास-मझपनापट्टि ध्यान नदेउ, शान्तिबाट काम लेउ ।

जो मधु दीन्हे ते मरै , माहुर देहु न ताहु ।
जग जीति हारे परशुधर , हारि जिते रघुराउ ।।
[तु. सतसई ७ ।११३]

जो मतवारे राम के , मगन होंहि मन माहिं ।
ज्यों दर्पण की सुन्दरी , गहै न आवै वाँहि ।।२७९।।

मत्त जो राममा छन् ती , मनमै रत्त छन् सदा ।
जस्तै सुमुखी ऐनाकी , आउन्नन् हात पक्रँदा ।।

अर्थ– कल्पनाका रामको प्रेममा जो मग्नछन्, ती फोकटमा मनमनै दङ्‌दास पर्दछन् । जस्तो सुरूपा नारीको ऐना-भित्रको छाया-लाई सहसा समात्न खोज्नेले समाउन सक्तैन, त्यस्तै ती उपासक-लाई इष्टका प्रतिभासको ध्यानमा वा स्वप्नमा झलक सम्म भएको हो ।।२७९।।

अरू– स्वरूपदेखि भिन्नका बाहिरी वस्तुको ध्यानले प्रथम साधना-कालमा मनको चञ्चलता मत्थर गराउन केही सहयोग दिन्छ, तर ती कुनै पनि मान्यताका इष्टको स्वरूप, छायासमान मनकै कल्पनामात्र हुनाले तिनबाट जीवको अरू विशेष केही काम सर्दैन । पारख गरी अगाडि नबढेका पक्षमा उल्टो आफूमा भ्रान्ति-कल्पना भरिन्छ, विवेक र कल्याणको घातमात्र हुन्छ ।◆ अतएव

◆ सत्य चेतनलाई नपछ्याई, परोक्ष कल्पनामात्र अँगाली बस्नाले कस्तो हुनेरहेछ ! यही साखीलाई फेरि राम्ररी मनन गरौं ।

राम भन वा रहीम; वास्तवमा जो सत्य अभौतिकी पदार्थ छ, त्यो जड़ र प्रतिभासदेखि भिन्न, सार सत्य वस्तु, तिम्रै भित्रको ज्ञान-मात्र शाश्वत चेतन हो। उसलाई बाहिर खोज्न छाड, आफैंतिर फर्क, आसक्ति-अहङ्कार हटाउ, कल्पनाका घैमल पन्छाउ, द्रष्टा ज्ञानमात्र स्वरूपलाई उधिन र आफ्नै स्थिति सह्माल।

साधू होना चाहिये, पक्का ह्वै के खेल।
कच्चा सरसों पेरि के, खरी भया नहिं तेल ॥२८०॥

साधु भने हुनै पर्छ, सम्पन्न भइ खेल है।
हरियो सरस्यूँ पेलो, पिना बन्छ न तेल नै॥

अर्थ– बोध वैराग्यमा पक्का बनी खेल (सदाचरण-र साधनामा डुब) मनैदेखि साधु बन। यस्तो नबनी, भोग-कामना राग अहंकारादिको बीज-वासना साथ लिई-लिई साधु हुनखोज्नु नै हो– 'काँचो सरसिउँ-तोरी पेल्नु।' यसोगर्दा 'पीना पनि बन्दैन तेल पनि झर्दैन' "धोबीको कुकुर घरको न घाटको" भनेझैं होइन्छ ॥२८०॥

अरू– साधु हुनु सर्वोत्तम कुरा हो, कल्याणका लागि साधु हुनैपर्दछ। तर जुन सिद्धान्तमा प्रवेश हुनु, अघिबढ्नु छ, त्यहाँको सत्य-मिथ्या, लाभ हानि बुझ्नु पहिलो कर्तव्य हुन्छ। दोस्रो–मन मुडेर अनि शिर मुडाउनु जाति हो। चोरी हिंसा व्यभिचार जूवादि व्यसन; निन्दा झुट्टा गालि क्रोध ईर्ष्या मान छल आदिलाई नछाडी हुँदैन। यिनमा मोटामोटी दुर्गुण त भक्तिको दीक्षा लिनुभन्दा अगाडि नै छोडिसकेका हुन्छन्। बाँकी अरू दुर्गुण पनि ठीक-ठीक सुधार्नु। हंसको आचरण–दया सत्य विचार शील धीरज गुरुभक्ति वैराग्यादिलाई जस्ताको तस्तो जानी आफूमा उतार्नु। मुख्य खानीको आसक्ति र वाणीका कल्पना राम्रै छुटी, एकमात्र मुक्तिको ध्येय अवशेष रहनु पर्दछ। घटीमा मन-इन्द्रियलाई स्ववश राख्ने ध्येय लिई साधनामा निमग्न बन्नु, अनिमात्र साधु भेसको सदुपयोग हुनेछ। भेसमात्रको

साधु बन्नुभन्दा भक्ति-दर्जामै रही, यथासक्य प्रेम भक्ति सत्सङ्ग साधना गर्दैरहनु, लाख गुना लाभप्रद हुनेछ ।

पहिलो वैराग्यको वेगमा, देखासिकी लहै-लहैमा र कुनै स्वार्थको कामना सिद्धि गर्ने लक्ष्य राखी, साधुभेस लिनाले कल्याण एकातिर पर्दछ, 'सोलाबाट उत्रेकी सती' को चाल हुनेछ । अरूमा पनि हल-चल मच्चाउने, अशान्ति फैलाउने, कल्याणका साहसको घातक बन्नेमात्र हुनजाइन्छ । साधुहुने इच्छुकले प्रथम दीर्घ समय-सम्म पूर्वाश्रममै रही; भक्ति सत्सङ्ग, सद्ग्रन्थको पठन-मनन, मन-इन्द्रियको शमन-दमन—इत्यादि साधनाको अभ्यास पुष्ट बनाउनु । अनि पाकेको फल आफैं टपक्क झरेझैं भेसमा उत्र्योभने पछि कुनै आपत्ति आउने छैन । थपक्क आफ्नो स्थितिमा शान्त होइनेछ । अन्यथा उसको गति हुनेछ –

'परमारथ मत पथ समुक्ति , लसत विषय लपटानि ।
उतरि चिता ते अधजरी , मानहु सती परानि ।।'

सिंहों केरी खोलरी , मेढा पैठा धाय ।
वाणी ते पहिचानिये , शब्दहिं देत लखाय ।।२८१।।

सिंहका खोल को भित्र , भेडो गई पस्यो भने ।
बोलीले जान्न पाइन्छ , चिह्नाई दिन्छ शब्दले ।।

अर्थ-- मरेका सिंहको छाला भित्र भेडो दौडी पसेको रहेछ भने उसलाई साँच्चिकै सिंह भन्ने नसम्झ । उसको बोलीबाट पहिचान गर । वचनबाटै सिंह र भेडो छुट्टिनेछ ।।२८१।।

अरू– कति महात्मा हुन्छन्—भेस भने भव्य बनाएका, स्वभाव भने संसारीका भन्दा पनि गए बितेका ! भित्र सकामता प्रपञ्ची स्वभाव भरिएका, व्यसनादिका विवश बनेका, भक्तजनसित स्वार्थ साध्नमा सिपालु, राजसी भोजन-पदार्थादिको चाहना लिएका, ब्रह्म-चर्यव्रतबाट रिक्त—इत्यादि । साँच्चिका साधुले—जन्तर-मन्तर, झार-

फूक गर्ने, पाखण्डपूर्वक भविष्य-वक्ता बन्ने, पुत्र सम्पत्ति आरोग्यादि लाभको वचन दिने, मुद्दा जिताइदिउँला दर्जा बढाइदिउँला भनी ढोंग गर्ने आदि छद्म-चाल लिंदैनन् ।◈ विनम्र सत्य-व्यवहार, हंसको आचरण गर्दछन् । विषयदेखि विरक्त, सदा सन्तोषी, स्व साधनामै संलग्न, हर प्रकारबाट मध्यवर्तीय स्वभाव लिएका हुन्छन् ।

साधु-असाधुको स्वभाव–रामायण-उत्तर काण्डमा र गीताको सोह्रौं अध्यायमा उल्लेख पनि छ । सार-ग्राहीजनले त्यहाँबाट पनि हंस-वत् चुनेर ग्रहण गर्न सक्तछन् । मुख्य भाव हो– उपर्युक्त लक्षणबाट सन्त-असन्त छुटचाई, अनि योग्य व्यवहार गर्नु । असन्तबाट नठगिनु, सच्चा सन्तबाट नतर्कनु; लाभबाट वञ्चित नहुनु ।

जेहि खोजत कल्पौ गया, घटहि माहिं सो मूर ।
बाढी गर्भ गुमान ते, ताते परि गइ दूर ।।२८२।।

जसको खोजमा कल्पौं - बिते मूर्ति छ भित्र त्यो ।
गुमानले बढचो गर्व, यसैले पर पर्न गो ।।

अर्थ– जसको खोजीमा कल्प-कल्प बितिसक्यो, सो मूर–त्यो मूल सार-सत्य वस्तु, आफ्नै हृदयमा भइकन पनि हामी अनेक आसक्ति कल्पना र घमण्डले गर्दा आफूबाट आफैं टाढा परिरहेछौं ।।२८२।।

अरू– हामीले हाम्रै हृदय निवासी खास आफ्नै स्वरूपलाई सुख नामबाट विषयमा खोज्यौं, कर्ता–मालिक-मुक्तिदाताको नामबाट बाहिर खोज्दै हिंडचौं । बालक-कालदेखि यही सिक्यौं, बाहिरै छन् भन्ने पढचौं । क़सैले 'घटमै छ' भनी बताइदिए पनि नपत्याई, आफ्नो जिद्दी घमण्डमा परी, बाहिरैबाहिर अल्मलिइरह्यौं । 'सार सत्य वस्तु बाहिरै छ' भन्ने, पहिले यही भ्रान्तिको भूतलाई भगाउनु पर्दछ । दोस्रो–मैं गर्ने-भन्ने हुँ, म नभई व्यवहारै चल्दैन; भन्ने र

◈ मैं नहिं बांधु लवारि । (गुरुकबीर)

ब्रह्म-अद्वैतवादको सम्पूर्ण अहङ्कार झर्नुपर्दछ । देव-दर्शन गर्दा टोपी फुकाल्ने र इष्ट-गुरुमा नरिवल-चढाउने चलन पनि अहङ्काररूपी शिर समर्पणकै प्रतीकमा चलेको हो । हेरौं न ! हाम्रै शिर जस्तो नरिवलको पनि आकृति हुन्छ । दुइ आँखा र जटाका कपाल पनि हुन्छन् । खानी-वाणीका आसक्ति, अहङ्कार, अध्यास, कल्पना आदिका ज्ञाता हृदय निवासी ज्ञानमात्र स्वरूप 'मैं' रहेछु, ती विकार पूर्णरूपबाट छुटेपछि आफैंआफू अपरोक्ष मुक्त स्वरूप छँदै छु नि ! किन्तु यो नजानेर "हातमा बत्तीलिई आगो खोज्न हिंड्ने" उखान जस्तो हाम्रो चाल भइरहेछ। यही भ्रान्तिको आग्लो लागेको बुझियो । यसलाई खोल्न शीघ्रातिशीघ्र विवेकरूपी तालको प्रयोग गर्नु अति बुद्धिमानी हो ।

Greater is he that is in you than he that is in the world.
–John

'बाहिर संसार भरी रहेको भन्दा तिम्रै भित्र रहेको महान् हो ।'

दश द्वारेका पींजरा, तामें पन्छी पौन ।
रहिबे को अचरज अहै, जात अचम्भौ कौन ।।२८३।।

पिंजडा दश ढोके मा, चरो छ वायु रूपको ।
रहनै मा छ आश्चर्य, जाँदा के छ अचम्म पो ।।

अर्थ– दश ढोके शरीररूपी पिंजडामा वायुजस्तै चेतन पक्षीको निवास छ । यस्तो परिस्थितिमा त्यो चरो शरीरको घेराभित्र बसौं रहिरहनु नै अचम्म छ, गयो भन्ने के आश्चर्य! ।।२८३।।

अरू– हामी जीवित रहिरहेकोमा नै उधेक मान्नुपर्दछ । कोही मर्दा छक्क पर्नु -शोक गर्नु व्यर्थ हो । बरु शरीरको यस्तो स्थिति सम्झी, कल्याणको काममा टठमराइहाल्नु बुद्धिमत्ता हुन्छ । नश्वर शरीर कहिले छुट्ने हो ! थाहा छैन, एक न एक दिन त छुट्छ-छुट्छ ।

Death halth so many doors to let out life –B. Fletcher.

'जीव निस्कने मृत्युका ढोका प्रशस्तै छन् ।'

रामहिं सुमिरे रण भिरे, फीरै और की गैल ।
मानुष केरी खोलरी, ओढे फिरत हैं बैल ॥२८४॥

राम भज्छन् लडी हिंड्छन्, अर्कैका पन्थ लाग्दछन् ।
खाली मानव को खोल, गोरु ओढेर घुम्दछन् ॥

अर्थ– कति मानिस रामको नाम लिन्छन्; लडाई घात हिंसा गर्दछन्; आफ्नो मुख्य बाटो–दया विचार शील र वीरता छाडी, अर्कैका बाटा--घमण्ड छल-कपट लत आदिमा अल्मलिइ-रहन्छन् । यो त गोरुले मानिसको मखुण्डो लाएर हिंडिरहेको रहेछ भन्ने सम्झेहुन्छ ॥२८४॥

अरू– रामनाम जप्ने कीर्तन गर्नेहरू नै ब्रन् खास राम (चेतन) प्राणीका साथ लडाई, मार काट गर्दछन्; यी हिन्दू-मुसलमान सबै यस्तै हुन् । 'घट-घटमा राम छ' 'जर्रे- जर्रे' (रौं-रौं) मा अल्लाह छ' भन्छन्, फेरि उनैलाई छुरी धस्छन्-काट्छन् । पशु-पन्छी, माछाहरूमा देखादेख चेतन-रामको निवास छ भन्ने अनुभव-गम्य छ र पनि आफ्नो स्वादे जिब्रो तिखार्न, कटहर-काउलीसमान तिनलाई टुक्र्याउँछन् खान्छन् । खानेले खरीद नगरे, कसाई-बगरे-हरूले किन काट्थे ! अहिंसकी हुँ भन्नेहरूले यो कुरामा राम्रो ध्यान दिनको अति आवश्यक छ । 'आफैंले मार्नुमात्र हिंसा हो, किनी खानमा पाप लाग्दैन' भनी निर्धक्कमा नपर । यस्तो अन्यायपूर्ण इन्साफ स्वीकार गर्न विवेक गर, मन वचन क्रियाबाट घातकी कर्ममा टेवा–प्रोत्साहन हुने कर्मजति सबै हिंसा नै हुन्छन् । कर्मको साङली टाढासम्म परेको हुन्छ । खाने व्यक्ति ब्रन् मुख्य हिंसक ठहर्दछ । विचार गर, अरू अभक्ष फोहर-वस्तु खान सकिन्न; आमिषलाई-मात्र स्वादे मन-आसक्तिले 'मट्टी त हो नि' भनी वा अरू कुनै बहाना

बनाई ग्रहण गर्न तम्सन्छ । यस्तो चाल ठीक होइन, यसै गरी त हो मानिसले हिंसा-भक्षण गर्ने ना ना युक्ति निकालेका ! अतः सकेसम्म सबैले अर्काको ज्यान जाने, कष्ट पाउने पापकृत्यको संसर्ग-बाट बच्नैपर्दछ । देह-निर्वाहको निम्ति अरू नै तमाम पदार्थ छँदै-छन् भने उही एक आमिष नभई नहुनु किन ! यही हो– आफ्नो बाटो छाडेर बिरानो बाटोमा रङ्गमगिनु भनेको । सबै आफ्नै प्राक्तन का कमाई भोग्न र अब धर्म भक्ति ज्ञानको आर्जन गर्न भनी आएका ह्वौं, पूर्ण निर्वासनिक बन्न नसके पनि इन्सानियत– मानवताको लक्षण त अवश्य पनि आफूमा उतार्नैपर्दछ । मानिस ह्वौं, मानिसकै काम गर्ने प्रयासमा आजैदेखि लागौं । इन्सान वा मानव बन्न धेरै चाहिंदैन, दया विचार, शील र वीरभाव– खालि चार गुणलाई गहिराईबाट पालन गरे पुग्दछ । अब हामी यसैमा कमर कसौं !

मानुष मानुष सबै कहावै । मानुष बुद्धि कोइ बिरला पावै ।।
दया विचार शील है बीरा । चारि रीति है मानुष केरा ।।

[पं. मानुष विचार]

खेत भला बीज भला, बोये मुठी का फेर ।
काहे विरवा रूखरा, ये गुण खेतहिं केर ।।२८५।।

मलिलो खेत ब्यू राम्रो, मुठी छराइ फेर भो ।
जिङग्रोए बोट केले हो, खेतै गुना विनाश भो ।।

अर्थ– खेत मलिलो छ, बीज पनि प्रशोधित, उत्तम फारामी छ, तै पनि मुठीले छर्दा फरक परी, बाकलो-पातलो हुनगयो भने उब्जनीमा कम-विशेष हुन्छ । तर बोटै, रुखरा–ठिंगुरिएको किन ? यो, खेत गुना नै सम्झनु पर्दछ ।।२८५।।

अरु– खेत शिष्य र बीज उपदेश हो, छर्ने किसान गुरु हुन् । उपदेश गर्नाको सीपबाट शिष्यलाई शिक्षा ग्रहण हुन-नहुन, कम-ज्यादा हुनको सम्भव छ । अथवा शिष्यको समय-भाव र ग्राह्यता

अनुसार, कसैलाई कुनै शिक्षकको शिक्षा लाग्नेहुन्छ, कसैलाई कुनैको! सबैको शैली सबैलाई सबै समयमा ग्रहण हुनसक्तैन। गुरु विशालको वचन पनि छ–

प्रेम शोधके हेतु से, बोध मिलै गुरु पाय ।
कोइ काहूसे बोध ह्वै, काहुसे जात दुराय ।।

[सत्यनिष्ठा २।४]

उत्तम ज्ञान र योग्य उपदेशक भईकन पनि शिष्यमा शिक्षा ग्रहण हुन सकेन, आचरण-पालनमा त्रुटि रह्योभने पात्र बन्नमा शिष्यकै त्रुटि सम्झनु पर्दछ ।

गुरु सीढी ते ऊतरे, शब्द विमूखा होय ।
ताको काल घसीटि हैं, राखि सकै नहिं कोय ।।२८६।।

पारख बाट जो उत्र्यो, शब्द देखि अलग्ग भै ।
त्यो कालको तनाईमा - पर्छ को सक्छ राख्न खै ।।

अर्थ– जो व्यक्ति गुरुपद पारख-खुडकिलोबाट झऱ्यो, गुरुको सत्य उपदेशरूपी शब्दबाट विमुख बन्यो, यस्तालाई कालले खहरे-तान लगाई घिच्याउँदै लेथ्नो पार्नेछ । कसैले आधार दिई राख्न पनि सक्नेछैनन् ।।२८६।।

अरू– बोधक गुरु र गुरुपदबाट विमुख बनी जो साधक भोग-जाल वा वाणीका झालमा घुस्तछ, त्यस्ताको अवश्य दुर्दशा हुनेछ, भइरहेछ । इन्द्रिय, वासना र भ्रान्त-मतिले विश्वारण्यमा रिंगाउनेछन् । यस्तालाई अरू कसैको शिक्षा-अर्ति पनि ग्रहण हुन-सक्तैन । मन-अभिमानको घिच्याई-मुन्टचाईमा परिरहनेहुन्छ । यस कारण होश गर, मनको फुक्र्याहटमा नपर ।

भुँभुरी घाम बसै घट माहीं, सब कोइ बसै सोगकी छाहीं ।।२८७।।

गुम्सिलो रापिलो घाम, हृदय - भरिपूर्ण छ ।
सब छन् शोकका छाया - मनि नित्य निवास छ ।।

अर्थ– मानिसको हृदयमा भुँभुरी– भाबर (उखरमाउलो

गर्मी) छँदै छ । यसैले समस्त अबोधजन शोकाकुल बनी सन्तप्त-भइरहेछन् ।।२८७।।

अरू– अज्ञान र आसक्ति-वश मनुष्यको हृदयमा थरी-थरीका दुःख परितापको आगो दन्किरहेछ । त्यो आगो निभाउन, भोग विषय पुत्र परिवार द्रव्य नारी नै शीतल छाया सम्झी जीव, तिनैका छहारीमा पुग्दछ । तर तिनबाट झन् चिन्ता शोक हैरानी बोझामात्र थपिन्छ, सहस्र टन्टा पीर तापको वृद्धिहुन्छ, भइरहेछ । यस प्रकार सारा जीव शोककै छायामा निवास गरिरहेछन् । पारख-ज्ञान उदय भई, सदाचार पालनपूर्वक स्थिति भएपछि भने भित्री शान्ति उदय हुन्छ, अनि बाह्य सुखको इच्छा हराउँछ, संग्रह बोझा फिक्री सबै छुट्तछन्, तत्पश्चात् शोक- चिन्ता पीर बाधारहित सर्वथा छुट्टी पाइन्छ ।

जो मिला सो गुरु मिला , शिष्य न मिलिया कोय ।
छौ लाख छियानबे सहस्र रमैनी , एक जीव पर होय ।।२८८।।

जो मिले गुरु नै मात्र , मिलेनन् शिष्य ता कुनै ।
छ्यानब्बे हजार छ - लाख वाणी त जीव कै ।।

अर्थ– पूर्ण न्यौछावर भई जो साधक गुरु शरणागत्-गुरुरूप भएको छ, त्यो पारख-गुरुपदमा मिल्दछ, गुरुपदरूप नै हुन्छ । भोग भामिनी भ्रामक कल्पनाका शिष्य–दास बनेका जीव, सत्य पारख र पारखी गुरुसित मिल्न सक्तैनन् । अथवा संसारमा गुरु बनी शिक्षा-दिने मानिसमात्र मिल्दछन्, विनम्रतापूर्वक शिक्षा ग्रहण गर्ने शिष्य कोही मिल्दैनन्-सारै थोरै मिल्दछन् ।

छः दर्शन छ्यानब्बे पाखण्डका गुरुजनले रचे-गाएका वाणी र भगवान्का सहस्र नाम आदि कल्पित वाणीका बोझा सबै मत-पन्थका गुरुजनले एक जीवकै थाप्लोमा थोपरिदिएका छन् । ती बोझा नफाली, जीव गुरुपदमा कसोगरी स्थिर होस् ! ।।२८८।।

अरू– बोटमा राम्रो पाकेपछि फल आफैं फुत्रुक्क झर्दछ। त्यो फल अति रसिलो र स्वादिष्ठ हुन्छ, बोटमा चोट पनि पर्दैन। गर्भ पूरा भएपछि बालक आफैं सचेत हुन्छ, जन्मन्छ। त्यस्तै आसक्ति, अहंकार, कल्पना शमनभई वैराग्य र पारखदृष्टि साधकमा सम्पन्न भएपछि, स्व स्वरूप पारखपद वा गुरुपदमा थपक्क स्थिर भइहाल्दछन्। यस्तै पुरुष साँच्चिका गुरु हुन्, जीवन्मुक्त महापुरुष पनि यस्तैलाई भन्दछन्।

गुरु पद पाए गुरू कहाये और कबीर न थाहि। [सत्य नि. ३।११]

जहाँ गाहक तहाँ हौं नहीं, हौं तहाँ गाहक नाहिं।
विना विवेक भटकत फिरे, पकरि शब्द की छाहिं ।।२८९।।

ग्राहकमा अहं हुन्न, अहं छ ह्वँन ग्राहक।
विवेक हीन भर्मन्छन्, ली छाया शब्द नाहक ।।

अर्थ– जुन साधकमा पारखज्ञानको ग्राहकता छ, उसमा कुनै प्रकारको 'हौं'– अभिमान हुँदैन। जसमा रत्ती अहंकार छ, त्यो पारखज्ञानको ग्राहक होइन। विवेकबाट रित्ता व्यक्ति कल्पित शब्दको आधार पक्री भ्रान्त बन्दछन्। जगत् जञ्जालमा परी, जन्म-मरणको विपथमा भौंतारिइरहन्छन् ।।२८९।।

अरू– पारखज्ञानका ग्राहक, विषय भोग परिवार व्यवहारबाट अघाएका हुन्छन्। संसारलाई दुइ दिनको राम-छाया सम्झन्छन्। मत-मतका कल्पित, कुराबाट उनको विवेकले सन्तोष पाउँदैन र ती सत्यज्ञानका प्यासा हुन्छन्। सबै प्रकारबाट अहङ्कार गलित भई, सद्गुरुको शरण पक्रन्छन्, सत्यज्ञान पाई निहाल हुन्छन्।

भोग विषयको तृष्णा, अहंकारादिले बेहोश भएका व्यक्ति र अनेक पन्थ-पुस्तक इष्ट आदि ठूलाका पक्ष पक्रनेहरू, सत्यज्ञानका ग्राहक हुन सक्तैनन्। न तिनलाई सत्य-बोध नै लाग्नसक्तछ! ती

कुरान, पुराणादिमा बताइएका सृष्टि-क्रम-विरुद्धका अनेक कल्पित कुरा◆ अक्षर सः साँचा मान्दछन् । यिनै हुन्–शब्दको छाया पक्रने, शब्दको छहारी नछाड्ने भनेका ! यी स्वयंको तर्फबाट कत्ति विवेक गर्दैनन्, विवेक र अन्वेषक बुद्धिका आँखा चिम्ली, जे पनि सत्य हो भनी मान्दै जान्छन् । यस्ताले जड विकार बन्धन कल्पना आसक्ति आदिबाट कहाँ पार पाउने ! यिनलाई पारख बोध हुन कठिन छ । यी शब्दकै छाया अँठ्याई बस्तछन् । अरूलाई नास्तिक काफर भन्न र दोष दिन सक्छन्; आफू उही 'धूवाँका वस्त्र पहिरेर बल्ल राजशाही पोशाक लगाउन पाएँ भन्ने अहंकारमा गजक्क गम्की बस्ने राजा' समान हुन्छन् ।

कतहुँ न थिर छीना औ मोटा , नाशक नष्टमई कलि खोटा ।
बतियाँ बल पारख प्रभुताई , गहत शरण सो लेत छोडाई ॥
[पं. टकसार ९६]

नग पषाण जग सकल है, पारख बिरला कोय ।
नग ते उत्तम पारखी , जगमें विरला होय ॥२९०॥

जगतै रत्न ढुंगा छन् , पारख बिरलै कहीं ।
रत्न भन्दा महा ज्ञानी , विश्वमा बिरलै तहीं ॥

अर्थ– नग–सामान्य रत्न-ढुङ्गा आदि संसारमा प्रशस्त छन्, तर तिनका पारखी बिरलै पाइन्छन् । रत्नभन्दा रत्नका पारखी–परीक्षक उत्तम हुन्छन् । तिनको झन् अधिक महत्त्व छ । यस्ता महापुरुष कहीं-कहीं एकाध भेटिन्छन् ॥२९०॥

◆ राजा सगरकी रानीले साठीहजार फुल पारिन्, सबैबाट पुत्र पैदा भए, हातको फोकाबाट पुत्र पैदा भए । मुर्दा मथेर बालक जन्म्यो । रावणको दशटाउका बीसहात थिए । रामादलमा बाँदरमात्र अठार पद्म यूथप (सेनापति) थिए । कुम्भकर्णको शययोजन (आठसय मील) लामो शरीर थियो । राजा प्रियव्रतले एघार अर्ब वर्ष राज्य गरेका थिए । उनको रथका पाङ्राको हिंडाइबाट (घृम्दा) सात समुद्र बने । निराकार ईश्वरद्वारा वेद रचना भए । अल्लाहले आकाशबाट कुरान उतारे, पढाए–इत्यादि ।

अरू– भाव हो–अज्ञ-विषयासक्तजन भन्दा मत-मतका सन्त, सत्त्वगुणी पुरुषहरू श्रेष्ठ हुन्छन् । ती भन्दा पारखीसन्त झन् उत्तम हुन्छन् । किनभने ती कुनै आसक्ति, कल्पना भ्रान्तिमा अडकेका हुँदैनन्; सर्व पाखण्डरहित स्वयं सत्यमा स्थिति लिएका हुन्छन्, यिनको पुनः आवागमन हुँदैन । जो उत्तम वस्तु हुन्छ, त्यो संसारमा कम-कम हुन्छ । यसैले संसारीभन्दा सन्तहरू कम छन्, ती भन्दा पनि पारखी सन्त अति थोरै छन् ।

सपने सोया मानवा , खोलि जो देखै नैन ।
जीव परा वहु लूट में , ना कछु लेन न देन ॥२९१॥

सुतेमा सपना मान्छे , खोली हेर्छन् त चक्षुले ।
भारी लूट पऱ्यो जीव लिनु दिनु बिना डुले ॥

अर्थ– अज्ञानरूप स्वप्नमा सुतेका मानिसको जब विवेकका आँखा उघ्रन्छन्, अनि थाहा पाउँछन्– म लिनु न दिनु व्यर्थको सुख-दुःख, हानि लाभरूप ठूलो औडाहमा परेको रहेछु ॥२९१॥

अरू– प्रत्यक्ष जड-चेतनमय संसार, स्वप्नसमान होइन । यो कारणरूपबाट सत्य छ । यहाँका सम्पूर्ण कार्य-पदार्थहरू भने प्रवाह-रूपबाट बन्ने-बिग्रने भइरहन्छन् । कार्य पदार्थ कृत्रिम हुनाले मिल्ने-छुट्ने हुन् । यसैले यिनका साथको सम्बन्ध स्वप्नसमान छ भनेको हो । आज देखिएका प्राणी-पदार्थ भोलि देखिंदैनन् । विश्वमा दिन-रात भएसमान, हाम्रा प्रिय पदार्थ, परिवार पलभरमै बिलाइरहेछन् । मुख्य प्राण प्यारो शरीरकै पत्ताछैन, अहिले हो वा भरे, कुन बेला छुट्ने ! शरीर छुटेपछि यहाँका कोही कसैसित पनि हाम्रो कुनै सम्बन्ध रहँदैन । सब सपनै-समान हुन्छन्◈ । यसैले

◈ Let us alone. What is it that will last?
All things are taken from us, and become
Portions and parcels of the dreadful past. –Tennyson

आजैदेखि आफ्नो मुख्य काम–धर्म-भक्ति सह्मालनु, नीति र निष्कामता पूर्वक काम गर्नु, स्व-पर कल्याणको कार्यमा निरन्तर कटिबद्ध रहनु– भनेको ।

शायद आएका ह्वौं कि क्या हामी सबै जानैलाई जानेर नजानेर
आई, रमाई, सम्झी, बिर्सी, देखे, सुनेका सबैलाई छाडेर,
त्यो मीठो तन्किएको स्वप्ना, यो झूठो सम्झिएको बिपना ठानेर
भन्दै यौटा पुरानो भो रे, अब हिंड सम्झँदै
कहिले हाँसेर कहिले रोएर
यो त परिवर्तनै परिवर्तन रे–

म. वी. वि. शाह

The boast of heraldry, the pomp of power,
And all that beauty, all that wealth e'er gave,
Awaits alike th' inevitable hour,
The paths of glory lead but to the grave.

–Gray (Elegy)

'जस्तोसुकै कुन घरानाको घमण्ड, सान-मानसहितको तडक-भडक, जस्तोसुकै सौन्दर्य सुस्वास्थ्य, धन-दौलतले आनन्दित भएका व्यक्ति पनि आखिर अवश्यंभावी मृत्युकै फन्दामा छन् । उनले उपार्जन गरेका गौरवमय प्रशंसा आदिले ता साधारण व्यक्तिसमान खालि मृत्यु तिरै डोऱ्याइन्छन् ।'

नष्टका राज है, नफर का वरते तेज ।
सार शब्द टकसार है, कोइ हृदया माहिं विवेक ।।२६२।।

2– As he came forth of his mothers womb, naked shall he return to go as he came, and shall take nothing of his labour, which he may carry away in his hand. –Bible

१– सदाको लागि रहने के हो ? (अर्थात् केही छैन) । अतएव तिमी एकान्त जीवन बिताउ । यो संसारबाट हामीले केही लिई जान पाउँदैनौं । हाम्रा धनमाल वैभव सबै त्यसै छोडी जानुपर्छ । यो सबै नै भूतकालको भयावह अन्धकार हुन्छ ।

२– बाइबिलमा पनि भनिएको छ– 'आमाको गर्भबाट हामी खाली हातले आयौं, मरेर जाँदा पनि दुःख गरी कमाएको लाभ नपाई, रित्तो हात पसारी जान्छौं ।

हो नष्ट रूप यो राज्य, मनकै तेज मर्दछ ।
सार शब्द छ टकसार, कोही विवेक गर्दछ ।।

अर्थ– नश्वर शरीरको राज्यमा नफर–नोकर (मन) कै तेज-रजाइँ चलिरहेछ । यता, टकसार-सत्सङ्गमा निर्णय सत्यज्ञान पाइन्छ । अन्तः करणमा प्रत्येक शब्दको विवेक गऱ्योभने मनको कज्याइँ छुटी, जीव स्वतन्त्र हुनेछ । अनि उसलाई अचल मनोरम स्व-साम्राज्य मिल्नेछ ।।२९२।।

अर्थ– आफूले आफैंलाई चिनेको छैन, नश्वर शरीरै सम्मुख छ, यही शरीरलाई 'म' भन्ने ठानी पाल्नु पोस्नु स्याहार सुसार गर्नु राम्रो बलियो बनाउने फिक्री आदिमा पर्नु, यही हो–नष्टको राज्य । यहाँ चेतनको कुनै भाउ छैन, उसैका सत्तामा मन कल्पना अगुवा बनी शासन गरिरहेछन् । अनित्य संसार र शरीर नै नित्य भन्ने भानपारी जीवलाई भुलाइरहेछन् ।

सत्सङ्गको बजारमा सार शब्दको सौदा पाइन्छ, त्यहाँ गई बसी, त्यसको विवेक गऱ्योभने ती मन र शरीरको स्वरूप तथा तिनको चालबाजी छर्लङ्गिई, बिस्तार-बिस्तार तिनीबाट छुट्टा होइनेछ । मन-मान्यता छुटेपछि पारख स्थिति पाई, जीव मुक्त-शान्त हुनेछ ।

'युक्तियुक्तं वचोग्राह्यं, बाला दपि सुका दपि ।
युक्ति हीनं वच्चो त्याज्यं, ब्रह्मादपि शुका दपि ।।'

'अर्थात् विवेकयुक्त वचन, बालक र सुगा चरोको पनि ग्राह्य हुन्छन् । विवेकरहितका वचन, ब्रह्माजी र शुकदेव स्वामीका भए पनि त्याज्य हुन्छन् ।'

जब लग बोला तब लग ढोला, तौलों धन ब्यौहार ।
ढोला फूटा बोला गया, कोई र झाँके द्वार ।।२९३।।

बोल्ने छँदा तकै ढोल, ब्यौहार त्यें तकै धन ।
फुट्यो ढोल गयो बोल्ने, चयाउन्नन् द्वार ता जन ।।

अर्थ- जहाँसम्मबोला चेतनको निवास छ, त्यहाँसम्म यो ढोला शरीर कायम रहन्छ; तेतिसम्म नै धन-व्यवहार सबै साँच्चिकै जस्ता लाग्दछन्। बोलाक् चेतन जब निस्कन्छ, अनि शरीर बेकम्मा भई नाश हुन्छ । त्यस बखत कोही मुखसम्म पनि हेर्न मन गर्दैनन्, छोपिदिइहाल्दछन् ।।२९३।।

भ.रू– शरीरमा चेतन छ, चेतन बिना शरीर व्यर्थ हो भन्ने कुरा अज्ञानीलाई पनि थाहा छ । किनभने चेतन पृथक् हुनासाथ सबैले मायामारी मुख पनि हेर्दैनन्, डराई वा घिनाई मुख छोपिदिइहाल्दछन् । हत्तपत्त सारा काम छाडी, श्मशानमा लगी, जलाइदिन्छन्, अथवा गाड्गुड्गरी आउँछन् । दुइ दिन बाँचुन्जेलकै सबै सङ्गको स्नेह-व्यवहार हो◈ । यसैले अनरीतिबाट वस्तु-वैभव बटुल्न जोरजम्मा गर्नपछि नलाग्नु । तृष्णारहित स्वरत्रबाट जो प्राप्त हुन्छ, त्यसैद्वारा निर्वाह गरी, बचेको परमार्थमा लगाउँदै गर्नु । प्राणीसितको व्यवहार पनि सुन्दर-सुमधुर ढङ्गबाट गर्नु । कसैसंग द्वेष नबनोस्, सामान्य प्रेम, समतापूर्वक रही, समयमा सरक्क पन्छेर स्वरूपमा शान्त हुनु ।

कर बन्दगी विवेक की , भेष धरे सब कोय ।
सो बन्दगी बहि जानदे , जहाँ शब्द विवेक न होय ।।२९४।।

◈ Think, in this batter'd caravanserai
Whose Doorways are alternate Night and Day
How Sultan after Sultan With his Pomp
Abode his Hour or two and went his way.

—Khaiyam (Fitzgerald)

'जीर्ण जगत् हो थन्नो पौवा निशिदिन ढोका ती जसमा छन् ।
खोल्छ उषाले आएर यौटा आर्को उघार्न सन्ध्या हुन् ।।
यहाँ जो गर्थे चकचकी आई भूपति झक्की ऐंशी ता थे ।
पत्ता छैन क्यै कहाँ गए ती दुइ दिनभरकै पाहुना थे ।।'

वन्दी विवेक कै गर्नु, वेश अनेक धर्दछन् ।
बन्दगी बग्न देऊ त्यो, जहाँ विवेक रिक्त छन् ।।

अर्थ– विवेकवान् सद्गुरु-सन्तको सेवा-भक्ति गर, भेसधारी त तमाम हुन्छन् । जसमा सत्य-मिथ्या शब्दको विवेक छैन, यस्ताको बन्दगी भर्सेलै परोस् ! ।।२९४।।

अरू– भेसधारी त के, बिना भेसका संसारी प्राणी पनि आफ्ना घरमा आए वा कहीं भेट्टिए भने, योग्यतानुसार नमस्कार, सरल सुमधुर बोल-व्यवहारबाट सत्कार गर्नु, मानवताको धर्म र शिष्टाचारको भूषण हो । भेसधारीमात्रका साथ पनि समतापूर्वक शिष्टताको व्यवहार लिनुपर्दछ; नमस्कार गर्नु, भोजन जलपान दिनु धर्म हो । यहाँ गुरुको आदेश हो–हितैषी इष्ट पारखी सन्त-गुरुको भने बन्दगी गर्नु, बन्दगी गर्दा अष्ट अङ्गसहित आफू समर्पण होइन्छ । यसरी सर्व प्रकारबाट समर्पण हुन, सर्वस्व अर्पण गर्नलाई शब्द विवेकी पारखी, निष्काम-नैराश्यपूर्ण सन्त-गुरुमैं गर्नुपर्दछ, गर्न सकिन्छ पनि । यसैमा साधकको पूर्ण कल्याण पनि छ ।

सुर नर मुनि औ देवता, सात द्वीप नौ खण्ड ।
कहहिं कबीर सब भोगिया, देह धरेको दण्ड ।।२९५।।

सुर मुनि नरै देव, नौ खण्ड सप्त द्वीपका ।
कबीर सब ती भोग्छन्, देह लिएर दण्ड ता ।।

अर्थ– गुरु कबीर भन्नुहुन्छ– सातद्वीप नौ◈ खण्डको यो पूर्ण पृथ्वीका बासिन्दा- शूर मनुष्य मुनि देवता [त्रिगुणी मानन) सम्पूर्ण शरीरधारी प्राणी, आ-आफ्ना प्रारब्ध कर्मको फलरूप दण्ड भोग्न विवश छन् ।।२९५।।

अरू– खेतीवालले जस्तो रोप्तछ, उस्तै काट्छ । त्यस्तै आफूले गरेका कर्मको फल दुःख-सुख भोग्न, ज्ञानी-अज्ञानी सबै विवश

◈ सातद्वीप नौखण्डको वर्णन रमैनी सत्ताइसमा भएको छ ।

छन् । तर स्वरूपज्ञान वैराग्य र स्व स्थिति बनेपछि क्रियामाण कर्म बन्ने काम रोकिन्छ, अनि संचित-संस्कार सर्वथा ध्वंस हुन्छ। प्रारब्ध कर्म भोगेर समाप्त भएपछि स्वतन्त्र शान्ति मुक्ति-पदमा सदाको निम्ति जीव स्थिर हुन्छ । यही साखीको टीकामा गुरु पूरण साहेब लेख्नुहुन्छ–

'सुर, नर, मुनि–जे जति शरीरधारी भए' ती सबैले देह धारण गरेको दण्ड भोगे, दण्ड नभोगी कोही छुट्न पाउँदैनन् । त्यसो हो भने विचार गर्नको र सत्सङ्ग गर्नको के महत्त्व ? यो शङ्का ! विचार र सत्सङ्गको महत्त्व यो छ– गुरुविचारको उदय हुनाले संचित कर्म नाश हुन्छ, क्रियमाण कर्म बन्दैन। किनभने विचारबाट सबै कल्पना मिथ्या ठहरेपछि कर्म-वासना बन्न सक्तैन। जब क्रियमाण कर्म रहेन, तब अगाडि देह पनि बनेन, बिउ मासिए-पछि बोट उम्रदैन। अब रह्यो प्रारब्ध ! त्यसको रूप शरीर बनेको छ, त्यो भोगेरै नाश हुन्छ। यसपछि अरू केही बन्दैन, यो विचार-को विशेषता ।'

जव लग दिल पर दिल नहीं , तब लग सब सुख नाहिं ।
चारिउ युगन पुकारिया , सो संशय दिल माहिं ।।२९६।।

दिल मा दिल जो हुन्न , छैन सुख तहाँ तक ।
चारै युग पुकार्दै छन् , त्यै सन्देह छँदै छ त ।।

अर्थ– जहाँसम्म मन हृदयमै शम हुँदैन, त्यहाँसम्म सर्वोत्कृष्ट स्थायी शान्ति सुख उपलब्ध हुँदैन । किनभने चारै युगमा भ्रान्त जीवले कथ्दै आएका अनेक कल्पित वाणी हृदयमा भरपूर छन्, तिनैको दुबिधा समय-समय मनमा उठिरहन्छ ।।२९६।।

अरू– संसारमा अनेक प्रकारका कल्पित वाणी फिंजिइरहे-छन् । 'सुख-शान्तिको अपूर्व भूमि, माथि कतै छ, कुनै भगवान्–मालिकले त्यहाँ पुऱ्याइदिन्छन्, सिद्धि चमत्कार सुख पाइएला' यस्तै

यस्ता कल्पना सबका मनमा भरिभराउ भइरहेकाले कसैको मनमा चैन-शान्ति छैन। जब सत्सङ्ग-विवेकबाट जीव चेतन नै अचल शान्तिको मूल- केन्द्र रहेछ भन्ने बोध हुन्छ, पूर्ण वैराग्य र शुभ आचरणसहित द्रष्टा-स्थितिको अभ्यासद्वारा मन अन्तःकरणमै शान्त हुन्छ, अनि आफ्नो स्थिति बनिहाल्दछ।

यन्त्र बजावत हौं सुना, टूटि गया सव तार।
यन्त्र विचारा क्या करे, जव गया वजावनहार ॥२९७॥

बाजा बजाउने मैंले, सुने तार छुटे सब।
के गर्छ यन्त्र जाबोले, बाजा वालै गयो जब॥

अर्थ– मैले सुनें–'योगीजन शरीररूपी यन्त्र बजाई, भित्रै दश प्रकारका अनहदनाद सुन्दछन्।' यही सार शब्द हो भनी, यसैको श्रवणबाट मुक्ति मान्दछन्। तर एकदिन इडा, पिङ्गला, सुषुम्ना सबै तार चुँडिन्छन्, वादक जीव चेतन पनि त्यहाँबाट हिंड्दछ, अनि जाबो जड यन्त्ररूप शरीरले के गरोस्! ॥२९७॥

अरु– अथवा शरीररूपी यन्त्र बजाउने देहाभिमानी जीवले देहादि पदार्थको अहंकार गरेको सुनें (अनुभव गरें) तर यिनले यो अहंकार गर्नु व्यर्थ हो। किनभने एकदिन यिनको शरीररूपी यन्त्रको श्वासरूपी तार छिनिहाल्दछ। अनि अत्यन्त प्रियतापूर्वक सुरक्षित राखेको हाड़-मासुको जाबो शरीर-यन्त्रले के गरोस्! देह छुट्नासाथ अनहदनाद सुन्ने, ज्योतिको झिलिमिली देख्ने, शून्यमा मक्ख पर्नेहरू जिल्लपरी पछुतोमा पर्दछन्। 'हामी नै भाग्यमानी बाठा रहेछौं, हामीले नै मुख्य वस्तु पायौं' भनी आफूलाई निहाल सम्झनेहरू अब बीच मैं परे। चेतन जीव निस्केपछि सबै क्रिया साथै समाप्त हुन्छन्, अनि आवागमनमा फेरोमार्न बाध्य बन्दछन्। यिनलाई आफ्नो शुद्ध ज्ञानमात्र, एकदेशी, स्वतन्त्र अनादि, शाश्वत, दुःख सुखदेखि पृथक् स्व स्वरूपको बोध छैन। शब्द, ज्योति; शून्य-

मा अल्झने बानी परेकाले, यिनै भ्रान्ति-आदतको संस्कार लिई जान्छन् । कर्म-संस्कार अनुसार खानिमा चक्कर लगाउँछन् ।

यसैले मनुष्यको कर्तव्य हो– अझै विवेकको अनुसरण गर्ने समय छ । यहाँ हाम्रै अनुयायीमात्र तर्छन् भन्ने भाव होइन । ‘सत्सङ्ग सुन, निर्णय वचन पढ, कुनै जिद्दी र पक्ष नअँठ्याई, स्वतन्त्र परीक्षा गर । भ्रम-कल्पनाका कुरा र विषय-भोगासक्तिलाई न अँगाल, यी सबैदेखि पार, स्वयं स्वरूप ज्ञानमात्रमा स्थिति बनाउ भन्ने करुणाको उद्‌गार हो ।

जो तू चाहै मूक्को, छाँड सकल की आश ।
मुक्र ही ऐसा होय रहो, सब सुख तेरे पास ।।२९८।।

तिमी मलाई चाहन्छौ, सम्पूर्ण आश छाड त ।
मै समान भई बस्नु, सुख तिम्रै छ पास त ।।

अर्थ– यदि तिमी मलाई अर्थात् चेतनको स्थिति-मुक्ति सुख चाहन्छौ भने समस्तको आशा छाड, मैं समान निराशता र सन्तोष-पूर्वक स्वयंमा शान्त बनी बस । अनि सब सुख–अखण्ड शान्ति, स्थिति तिम्रै साथमा छँदैछ, त्यो तिम्रै स्वरूप हो ।।२९८।।

अरू– यहाँ ग्रन्थकर्ताले मुख्य स्वरूपस्थिति बनाउने संकेत गर्नु भएको छ । दोस्रो–स्वतन्त्र सम्राट्‌ले आफूलाई माग्ने सम्झी, कहिले घर-घर माग्न हिंड्ने, कहिले शून्यका सर्कारसित दुःख पुकारा गर्ने, गरेसमान जीवको स्थिति भइरहेछ । बिना स्व-बोध उसलाई कसले सुखी बनाउन सक्तछ ! न अन्य जीवले, न त नभएका बाँझीका छोरा र शून्यका मालिकले नै सुखी-मुक्त बनाइदिन्छन् ! ऊ आफैंले आफूलाई सम्झोस्, यत्तिकैमा स्वयं सुखी-शान्त छँदै छ । दोस्रो वस्तु-मा मन दिनासाथ जीवमा अभावको अनुभव हुन्छ, घोच्तछ । यो अभावको दुःख पदार्थ वा अरू केही पाएर मेटिंदैन । उल्टो संयोग-मा वियोगको भय अथवा केही हुने, पाउने लालचले झन् चस्कने-

रगत सोस्ने हुन्छ। यसमा त बाह्य वस्तुबाट मनलाई हटाए; मोह-भ्रान्ति छाडेमात्र यो अभावको दुःख छुट्तछ। यसैले गुरु भन्नु हुन्छ– सबै आशा छाड़, आफैं आफूमा शान्त होउ। सुखको आशा गरेसम्म दुःखले पिण्ड छाड्दैन। सुखको आशा छुट्नासाथ जीव स्वयं महान् छँदै छ।

जबतक सुख की यादि नहीं , तब तक सुखिया जीव ।
यादि होत सुख की जबै , सब दिशि दुखहिं लहीव ॥

(सत्यनिष्ठा ३)

साधु भया तो क्या भया , बोलै नाहिं विचार ।
हतै पराई आतमा , जीभ बाँधि तलवार ॥२९९॥

साधु भएर के भो खै . बोल्दैनन् थ्ये विचार ली।
पर आत्मा हनन् गर्छन् , जिब्रोमा तरवार ली ॥

अर्थ– जो बिना विचार वाणी बोल्दछ, त्यो भेसधारी साधु नै भएपनि के काम ! त्यसले जिब्रोको तरवारबाट अर्काका अन्तरात्माको घात गऱ्यो, अरूलाई कष्ट दियो, कलेजा छिया-छिया पाऱ्यो भन्ने सम्झ◈ ॥२९९॥

अरू– मानिसको स्वभावमा बोलीको सुधार भयो भने त्यसको आधा सुधार भयो। दोस्राजनका साथ विशेषतः वचनकै आदान-प्रदानबाट सम्पर्क हुन्छ। यस कारण कोही साधुभेसमा हुन् वा गृहस्थः सबैले आ-आफ्नो सुधार गर्नैपर्दछ। तिम्रो स्वभाव- क्रोधी-कामी आदि होइन, ती त पर-भाव हुनाले छुट्ने हुन्। स्वभाव त ज्ञानपना हो। त्यो कहिल्यै छुट्दैन। अतएव दुर्वाक्य बोल्ने,

◈ आफूलाई साधु सम्झने हो भने, हामीले घटिमा वाणीको स्वभाव त सुधार्नै पर्दछ। भेसले म त साधु होइँदैन। असल स्वभावको साधु बन्नु पर्छ। यस कामलाई केही खर्च लाग्दैन।

卐 Speak gently, it is better far
To rule by love than fear

बिना विचार बकबक गर्ने, अरूमाथि हृदयविदारक वचन-बाण हान्ने इत्यादि बानी छ भने शीघ्र सुधार गर। यस विषयमा गुरु विशालदेवको वचन मनन गरी, ती सबै आफ्ना आचरणमा उतार।

तन निर्वाहिक काज हित, सत्सङ्गति सदग्रन्थ।
बोध शान्ति हित शब्द लै, कुवच छोडि सदपन्थ ॥११४॥
बोलै नहीं कुवाक्यको, कूठ खर्स अश्लील।
छल चुगुली परमाद बच, भ्रमकृत वचन तजील ॥११५॥
मुख चलते कुछ शब्द हो, अर्थिक नहीं सुनात।
सब छिन सबकी बातको, काटब जाहि सोहात ॥११६॥
मनमानेकी बतकही, हित अनहितको छोडि।
कोई सुनै या नहिं सुनै, सबके मनको तोडि ॥११७॥
सबको फटकारत रहै, जोर जोर बहु बोल।
घात करनकी बतकही, ये सब बोल कुबोल ॥११८॥
[मुक्तिद्वार ४]

हंसा के घट भीतरे, बसै सरोवर खोट।
चलै गाँव जहवाँ नहीं, तहाँ उठावन कोट ॥३००॥

हंसका घटको भित्र, पोखरी छ कुवासको।
छैन ग्राम भए त्यैं तो, किल्ला रच्न तमासको॥

अर्थ– हंससमान विवेकी अमूल्य मानव-शरीर पाइकन पनि आफ्नै मतिले गर्दा मानिसको हृदयमा अशुभ वासनाको पोखरी जमिरहेछ। यसैले जहाँ कुनै गाउँ छैन, त्यो शून्य, नामैका स्वर्ग-

---

Speak gently, let no harsh word mar
The good we may do here

— David Bates.

नम्रतापूर्वक बोल, डर त्रासले भन्दा प्यारो गरेर अरूलाई राम्ररी कज्याउन सकिन्छ। यहाँ हामीले विनम्र बोली गरी सर्वोत्तम कार्य गर्न सक्नेमा कडा शब्दले नबिथोल।

परमधाम आदिमा पनि मानिस किल्ला-महल ठड्याउन भनी जान तत्पर छन् ।।३००।।

अरू– जड-चेतन, सम्भव-असम्भवको निर्णय नगरी, कल्पित वाणीकै भरमा स्वर्गादि प्राप्तिको आशा-वश तप-तीर्थ, कर्म-उपासनादिमै जीवन व्यतीत गर्नु, यही हो– हृदयमा कल्पित वासना-समूहले भरपूर भएको लक्षण । तर मानिस विवेकी हंस हो, यसले हरेक काम परीक्षापूर्वक गरेमात्र सुहाउँछ, धोका पर्दैन, उसको यसैमा कल्याण छ । अतएव कुनै कुरालाई पनि पारख गरेरमात्र स्वीकार गरुन् ।

मधुर वचन है औषधी . कटुक वचन है तीर ।
श्रवणद्वार होय संचरे . सालै सकल शरीर ।।३०१।।

औषधी हो मिठो बोली , तिक्त वचन तीर हुन् ।
कर्णद्वार भई पस्तै , सम्पूर्ण देह घोच्तछन् ।।

अर्थ– सुमिष्ट हितैषी सत्य वचन नै हृदयको दाह मिटाउने महौषध हो । तीतो, मुटुछेड्ने, भ्रान्ति-वर्द्धक असत्य वचन बाणरूप हुनजान्छ । त्यस्तो वचनले कर्णद्वार भई भित्र पसेर सारा शरीर छिया-छिया पार्छ । यसबाट सर्व अङ्ग चस्किरहने हुन्छ ।।३०१।।

अरू– सज्जनले कठोर वचन कहीं-कहिल्यै बोल्दैनन् । आफूले बोल्दा हर अवस्थामा मधुर◈ सत्य र हितैषी वचनकै प्रयोग गर्दछन् । अरूबाट आएका वचन-बाण सहन सक्ने क्षमता राखी, समतापूर्वक व्यवहार गर्दछन् ।

◈ यज्ञ (कल्याण) को निमित्त औषधी– 'मेरा निन्दक एक हुन् वा एघार, तिमी मधुर (गुलिया) छौ, अतः मेरो शब्दलाई पनि मधुर बनाउ । मेरा निन्दक दुइ हुन् वा बीस... । तीन हुन् वा तीस... । चार हुन् वा चालीस... । पाँच हुन् वा पचास... । छः हुन् वा साठी... । सात हुन् वा सत्तरी.. । आठ हुन् वा असी... । नौ हुन् वा नब्बे... । दस हुन् वा सये... । सये हुन् वा हजार, तिमी मधुर छौ, मलाई पनि मिष्टभाषी बनाउ [कसैले निन्दा गरे भने मधुर वचनबाटै उद्धार गर्नु श्रेय छ, मधुर-भाषीको कोही विरोधी रहँदैनन् ।] [अथर्ववेद ५।३।१५।१–११]

तीर तल्वार ते अधिक , चोट गालिका लाग ।
श्रवण द्वार हृदया धसे , व्याकुलता हो आग ।।७।।
मीठा ही बच बोलिए , वचन प्रभाव तुरन्त ।
तेरी वाणी माफिक , औरहु बोले जन्त ।।८८।।
श्री रामस्वरूपसाहेब [मानव कल्याण प्रबोध]

ढाढस देखो मरजीवको , धाय जुरि पैठि पताल ।
जीव अटक मानै नहीं , ले गहि निकरा लाल ।।३०२।।

गोताखोर महा आँटी , कुदी पस्यो पताल नि ।
क्यँ रोक नगनी जन्तु - को निस्क्यो लाल हात ली ।।

अरू–मरजीवा (मोती खोज्ने गोता खोर)को साहस त हेर ! विशेष वेगबाट दौडी ऋवाम्लाङ्ग फालहाली समुद्रमा पस्यो, तल भूईंमा जुरि–जुर्त (तत्काल) पुग्यो । जीव अटक–घातक जन्तु र अरू केहीको डर नमानी, हातमा लाल लिएरै निस्क्यो ! ।।३०२।।

अरू– यहाँ मरजीवा भनेका योगीजन हुन् । हठयोगका साधनामा यी अपार साहस राख्तछन् । कुण्डलिनी जगाउन, धौति, गजक्रिया, केवल-कुम्भव आदि गर्नमा कत्ति डराउँदैनन् । ब्रह्मको अनुभवरूपी लाल लिएरै निस्के !

'ले गहि निकरा लाल' यो योगीजनप्रति गुरुको वक्रोक्ति हो । भाव हो–नभएका ब्रह्मरूपी लाल यिनले कहाँबाट पाउन् ! वास्तवमा योगीहरू सारै धोकामा छन् । शून्य-समाधि, अनहद-श्रवण, ज्योति-दर्शन, ऋद्धि-सिद्धि काया-शुद्धिको लागि साधना गर्दा बित्यास परी, कतिको शरीर बिग्रने हुन्छ । वायु सड्की कति बौलाहा बन्दछन् । जीवन व्यर्थ बरबाद हुन्छ । बल्ल-बल्ल साधना-सफल गराउनेहरू पनि शून्य ज्योति, अनहद आदि जड़मै अल्झिने हुन्छन् । अन्ध-श्रद्धावश आफूलाई व्यापक सम्झेर आनन्दमा पर्दछन् ।

तिमी पनि भएको वस्तु प्राप्तगर्न, आफूमा यस्तै साहस भर,

विवेकपूर्ण साधनामा अधिबढ । हृदयरूपी समुद्रबाट चेतनरूपी लाल निकालिछाड, निहाल बन ।

He who would search for pearls must dive below –Dryden,

'जसले मोती खोज्नु छ, उसले अति गहिराइमा डुबुल्किमार्नु पर्दछ।'

ई जग तो जहँडे गया , भया योग ना भोग ।
तिल झारी कबिरा लिया , तिलैठी झारें लोग ।।३०३।।

यो संसार भए सिल्ली , न भयो भोग योग नै ।
तिल झारी लिने भ्रान्त , जगल्टा झार्छ लोक नै ।।

अर्थ– (योगीहरू सम्झन्छन्–) संसारीजन व्यर्थ बौलाह बने । यिनले न मन भरी भोगै भोग्न पाए, न योग साध्न सके ! योगीजतिले जीवरूपी तील झारी ब्रह्ममा लीन गराइहाले । संसारी भने शरीररूपी जगल्टै झारिरहुन्– भोगमै अल्झिरहुन् ।।३०३।।

अरू– विनश्वर विषय भोगबाट हटी, आफ्नै भित्री साधनामा लाग्ने योगीहरूको विचार उत्तम हो । तर 'चित्तवृत्ति निरोध गर्नु' यो मुख्य योगको उद्देश्य नाघेर, अरू-अरू नै कल्पना, कामना, महत्ता, भ्रान्तिमा परी कष्ट काट्नु–यिनको यही काम 'अति' हुनगयो । स्वयं चेतनमा शान्त-हुन सकेनन्, जडकै अध्यास भावनामा परे ।

माथिका दुवै साखीबाट यौगिक क्रियाको केही दिग्दर्शन गराउनुभयो । अब अगाडिको साखीबाट अरू समालोचना गर्नुहुन्छ–

ये मर जीवा अम्मृत पीवा , क्या धँसि मरसि पतार ।
गुरु की दया साधु की संगति , निकरि आव यहि द्वार ।।३०४।।

गोताखोर सुधा चाख , के मर्दछौ पताल गै ।
गुरु दया र सत्संग , निक्ल द्वार यहो छ है ।।

अर्थ– ये मरजीवा– हे योगीजन ! भित्री विकारी जललाई अमृत सम्झेर स्वाद लिन, व्यर्थ लम्बिका योग वा खेचरी मुद्रा गरी कष्ट काट्ने परिश्रम किन गर्छौ ! पतार–नाभिका बीच कुण्डलिनी

साध्छु, समाधिको अभ्यास गर्छु भनी शून्यको कल्पनामा किन पस्छौ ? पारखी गुरुको कृपा प्राप्त गर, सन्तजनको सत्सङ्गमा नित्य बस । कल्याणको यही एकमात्र द्वारबाट भित्र पस, मुक्ति-महलमा आउ ! ।।३०४।।

अरू– विशुद्ध अमृत हो– हृदय निवासी अमर चेतन, यसैको बोध-स्थितिमा शान्त हुनु नै अमृत पानगर्नु हो। जहाँ कुनै काल-कल्पनाको कष्ट बाँकी बच्तैन । मथिङ्गलबाट बग्ने विकारी जललाई खेचरी मुद्रा वा लम्बिका योगद्वारा चाखी, अमृत पानगर्‍यौं भन्नु एक भ्रान्तिमात्र हो । तिमी यस्ता कुनै कल्पनामा न अल्झी, पारख स्वरूपमा जाग। गुरुको यो मन्त्र नबिर्सी, यसबाट काम लियौ, यता निर्णयको पुरुषार्थमा त्यस्तै साहस पुरुषार्थ गर्‍यौ भने तिम्रो जीवन अवश्य पनि सार्थक हुनेछ◈ ।

◈Virtue Could see to do what Virtue would
By her own radiant light though sun and moon
Were in the flat sea sunk. And wisdom's self
Oft seeks sweet retired solitude,
Where with her best nurse, contemplation,
She plumes her feathers and lets grow her wings.
That in the various bustle of resort,
Were all to ruffled, and sometimes impaired,
He that has light within his own clear breast
May sit in the centre and enjoy bright day
But he that hides a dark soul and foul thoughts
Benighted walks under the midday Sun;
Himself in his own dungion.

–Miton (Comus)

सच्चरित्रशाली सद्गुणी व्यक्तिको निमित्त आफूले गर्नखोजेका कार्य गर्नलाई सूर्य चन्द्रको उज्यालो चाहिँदैन । चन्द्र-सूर्य समुद्रमा डुबी अन्धकार भएपनि सत्त्व-गुणीजनले स्व विवेक वा अन्तःकरणको दिव्य तेजमा कार्य पूरा गर्न सक्तछ । तथा

केतेहि बुन्द हलफो गये, के ते गये बिगोय।
एक बुन्द के कारणे, मानुष काहेक रोय ॥३०५॥
कति थोपा भए व्यर्थ, बिग्रे बूँद अनेकन।
एक थोपा निमित्त के, मानव गर्छ रोदन ॥

अर्थ– तिम्रो वीर्य-विन्दु कति हलफो–पानीका फोकासमान बिलाए, नष्ट भए। कति नारी-गर्भाशयमा परेर पनि व्यर्थ नाश भए। यस्तै तिम्रा पुत्रको शरीर पनि त एक थोपा वीर्यकै कार्य न हो! फेरि मानिस तेत्तिकै निम्ति किन रुन्छन्? ॥३०५॥

अरु– छोराको शरीर, तिम्रो एक थोपा रेतकै परिणाम हो। दोस्रो–मानिस मर्न र बाँच्नमा पूर्वका कर्मफल-भोग (प्रारब्ध) नै मुख्य कारण हुन्छ। अतः उसको जस्तो कर्म छ, उही अनुसार सुखी दुःखी जीवन-मरण नभई छाड्दैन, यस्तोमा शोक गर्नु व्यर्थ हो। किन्तु सबैको कर्तव्य हो प्रिय परिवार पुत्रादि बाँचुन्जेल स्याहार-सुसार गरिदिनु, मरेपछि नरुनु; जीवात्मा कहिल्यै मर्ने होइन। यस्तै तिम्रो शरीर पनि वीर्यकै एक थोपा न हो! यसको निर्वाहनिमित्त चिन्ता-पीर नगर, तृष्णामा मरिमेट्ने होइन। प्रारब्ध अनुसार सबैको जीविका चल्दछ। बरु यसलाई व्यर्थका-विलास र पाप कर्ममा न अल्झाउ। यो चोलाबाट मुक्तिको काम बनाउने ठूलो मौका छ, आफ्नो कल्याण बनाउ। विवेकमा जाग।

बुद्धिमान् आफ्नै इच्छाले हडबडी दौडधूपको जीवनीबाट उम्कन एकान्तस्थलमा दिन बिताई, ध्यानको मदतबाट आफ्नो महत्त्व झन् बढाउँछ। जुन मानिसकी हृदय आफ्नो निर्दाग अन्तःकरणको प्रकाशले झल्केको छ, ऊ विश्वका बीचमा प्रशस्त सूर्य-किरण उपभोग गरी बस्ने छ। तर जो आफ्नै भित्र कुभावना र अपवित्र विचार धारणा गर्दछ, त्यो झलमल्ल दिनकै उज्यालामा पनि अन्धकारमै समान रङ्गमङ्गिएको हुन्छ। ऊ स्वयंकै अन्धकारको झ्यालखानामा खाँदिई दुःख भोग्दछ।

Weep not, for such is here the life of man
Unasked he came, unbidden went he hence
Lo ! ask Thyself again whence came thy son
To bide on earth this little breathing space
By one way come and by another gone...
So hither and hence-why shonld ye weep ?

— Mrs Rhy David

'विलाप नगर, किनभने यहाँ मनुष्यको जीवन नै यस्तो छ–न बोलाइकन आउँछ, केही नभनी जान्छ। हेर! आफैंलाई सोध, तिम्रो छोरो कहाँबाट आएको थियो ? यो पृथ्वीमा रहन र यति थोरैदिन सासफेर्नेको लागि एक बाटोबाट आयो, अर्को बाटो हुँदै गयो। यहाँ आयो र यहाँबाट गयो, तिमीहरू किन रुन्छौ ?' [बौद्ध भिक्षुणी पटाचाराले अनेक शोकाकुल–आमाहरूलाई सान्त्वना दिएकी]

आगि जो लागि समुद्रमे , टूटि टूटि खसे झोल ।
रोवै कबीरा डाँफिया , मोर हीरा जरे अमोल ।।३०६।।

डँडेलो सिन्धुमा लागी , भाँच्ची झोल खस्यो कठै !
कबीर जोरले रुन्छन् , बल्यो हीरा अमोल कै ।।

अर्थ– मानवीय अन्तःकरणरूपी समुद्रमा अज्ञान-कल्पनाको डँडेलो लागिरहेछ। त्यसैमा सबैको विवेक-वैराग्यरूपी सर्वस्व डडेर भस्मभई भोग विलास, भ्रान्तिमा झोल–खरानी बन्दै उड्दै छ। विषय-पदार्थ र कल्पनाका इष्ट-नपाउँदा अज्ञ-भ्रान्तजन डाँफिया–डाँको छोडी-छोडी छटपटाउँदै रुन्छन्। गुरु-सन्त भन्नुहुन्छ– कठै ! भनेको कसैलाई लाग्दैन, हाम्रा स्वजाति रत्नसमानका जीव यसप्रकार खानी-वाणीरूप अग्निमा डढी खरानी बनिरहेछन् ।।३०६।।

अरू– आगो लाग्दछ-जङ्गलमा, यहाँ समुद्रमा आगो लाग्यो। भाव हो– मानिसमा असम्भव घटना घटिरहेका हुनाले उपमा पनि असम्भवकै दिनुहुन्छ। सर्वत्र काल-कल्पनाको आगो लागिरहेछ।

सबैको शरीर डडेर खरानी बनी उड्दछ । विमुग्ध-मानव आफ्ना प्रियजन मर्दा रुन्छन्, विलाप गर्छन् 'मेरा रत्नसमान फलाना मरे' भनी शोक गर्दछन् । तर तिमी यो सम्झ– नश्वर शरीरको भोग सकिन्छ, चेतनको वियोग हुन्छ, शरीर नाश हुन्छ । यसको लागि सित्तैं किन शोक गर्नु; यो नाश हुन्छ भन्ने पहिले नै सत्सङ्गबाट पक्का निश्चय बनाइराख । बाँचुन्जेल सबैको हितैषी बनी प्रेम उपकार सेवादि गर । मुख्य आफ्नो सुनौला जीवनलाई मनको तरङ्गमा लागी, व्यर्थ खानी-वाणीरूप विकारको आगोमा नजलाउ । विवेकमा जाग ! यही जीवनमा भक्ति, स्वरूपबोध र सदाचारको फूल फुलाउ । अन्तमा हाँसी खुशीका साथ शरीर छाड्नसक्ने बन । अमूल्य शान्ति मुक्तिको महान् निधि हातलगाउ ।

छौ दर्शन में जो परवाना, तासु नाम वनवारी ।
कहहिं कवीर सव खलक सयाना, इहमें हमहिं अनारी ।।३०७।।

छः दर्शन बिषे मान्य, तिनको नाम कृत्रिम ।
कबीर यी सबै बाठा, गँवार यिनमा त म ।।

अर्थ– योगी-जङ्गमादि छःदर्शनमा जुन-जुन कल्पनाका इष्ट धेरै प्रमाणित भई प्रचारमा आएका छन् । तिनैका नामको आधार-बाट अनेक बनवारी–बनौटे (कृत्रिम) वाणी बने । गुरु कबीर भन्नुहुन्छ– तिनै वाणी पढी-पढी मनुष्य बुद्धिमान् बनी पक्ष लिन्छन्, लिइरहुन् ! यस्ताका मुखिन्जेल म आफैं अबूझ बनिदिन्छु ।।३०७।।

अरू– छः दर्शनद्वारा मानिएका तथ्य मध्ये शरीरदेखि बेग्लै आत्माको अस्तित्व मान्नु, आसुरीगुणको निषेध र दैवीगुणको विधि गर्नु, पुनर्जन्म-कर्मफलको भोग, न्याय नीतिको पालन–इत्यादि धेरै-धेरै राम्रा-उपयोगी कुरा सबै ग्राह्य हुन् । अरू यिनका कल्पना-पूर्ण देखाउमात्रका जे जति मान्यता जीवको मुक्तिमा तगारारूपका छन्; परीक्षा गरी तिनबाट पन्छने नै यहाँ गुरुको संकेत हो ।

कर्तावाद, जगत्-उत्पत्तिको मान्यता, जीव-हिंसा, हठयोगका व्यर्थ परिश्रमका क्रिया, देवी-देवता, भूत-प्रेतहरूका कल्पना, जड–आगो पानी बतास, धरती आदिलाई पनि चैतन्यसमान मान्नु, मुक्तिको कुनै छुट्टै धाम मुकामको कल्पना गर्नु, जड-चेतनलाई एउटै हो भन्नु– इत्यादि सबै भ्रान्ति कल्पनाका वाणी हुन् । भ्रान्तजन तिनै वाणीका पक्ष पक्रन्छन् । कल्पनाकै आधार- अँगाली बुद्धिमान् बनिरहेछन् । यिनका अगाडि सत्यवादीले नै अबूझ बन्नुपर्दछ । यो कुरा सम्झाउन श्री पूरण साहेबबाट एउटा अति उत्तम उपमा दिनुभएको छ, त्यसको भाव हो–

एक राजा, तीन दिनको निम्ति समाधिमा बसे । यसै बीच बिषालु पानी परेछ र सबै रैती बहुलाए, बेढङ्गी कुरा गर्न लागे । समाधिमा बसेका हुनाले राजालाई त्यसको प्रभाव परेन, उनी स्वस्थ नै थिए । चौथो दिन राजा सभामा आउँदा, भेलाभएका सबै प्रजाको चेष्टा-चाल देखे, तिनका पागल कुरा सुनी जिल्लपरे । उनले सबैलाई सम्झाउँभन्दा झन् उल्टो राजालाई नै 'बहुलाएछन्, पागल खानामा पठाउनुपर्दछ' भन्नलागे । राजाले मनमा सोचे– 'यी सबै आफू बौलाएका छन्, उल्टो मलाई बौलाहा भन्छन् । तर यी धेरै जनाको मुखिन्जेल म एउटाको के जोड्चल्दछ ! यस उसले युक्तिबाट काम लिनुपर्दछ, भनी, तिनै बौलाहा दुनियाँलाई बढत्व दिनलागे । भने– "हो ! हो !! तपाइँहरूले भनेको ठीक हो, यहाँ-हरू बडो बुद्धिमान् हुनुहुन्छ । मैले नै बुझन नसकेको रहेछु ।"

यस्तै संसारमा जो अनेक कल्पनाका वाणी प्रचार भइरहेछन्, तिनलाई झुट्टा भन्दा सबै मानिस जङ्गिन थाल्दछन् । यसैले विचार-वान् सोच्तछन्–'यी भ्रान्त-जनका सामुमा जान्नेभएर को बोलोस्!' भन्ने सम्झी स्पष्टमा भन्दछन्–'भैगो बाबै ! मैं अबूझ रहेछु, तिम्रै

कुरा ठीक हो ।' भनेर चुपचाप आफ्नै काम गर्दछन् । अथवा श्रीरामरहस्य साहेबका निम्न वचनको अनुसरण गरी, अज्ञानीजस्तै बनेर, पहिले उनैका वाणीको प्रशंसा गर्छन्, उनैमा मिल्दछन् र पछि बिस्तार-बिस्तार उनका कुरामा एक-एक गरी शङ्का गर्न थाल्दछन् । उनैद्वारा सत्यासत्यको निर्णय गराई, तिनलाई ठीक बाटोतिर तान्दछन् ।

'जेहि कर जहाँ बधावा होई । ताहि सराहि मिले पुनि सोई ।।
रती-रती निरुवार करावै । अबुधके साथ अबुध होयजावै ।।

[पंचग्रन्थी- टकसार]

साँचे श्राप न लागै, साँचे काल न खाय ।
साँचहि साँचा जो चलै, ताको काह नशाय ।।३०८।।

सत्यमा श्राप लाग्दैन, छुँदैन कालले रती ।
जो साँचै साँच चल्ने छन्, के हुन्छ तिनको खति ।।

अर्थ– सत्यवादी व्यक्तिलाई कसैको श्राप लाग्दैन, काल-कल्पनाले पनि छुन सक्तैन । जो साँचो बोध र सत्य आचरण पालन गरी, जीवन-पथमा लाग्दछ, उसको स्वत्वलाई कसले बिगार्न सक्छ ? ।।३०८।।

अरू– सत्यधारी पुरुषबाट न कसैको हानि हुन्छ न कसैले यिनलाई केही धक्का दिन सक्तछन् । उल्टो यिनीबाट जगतैको उपकार हुन्छ, भइरहेछ । यस्ताको सेवा-सहयोगमा जगतै स्वयं समर्पण हुन्छ । सत्यको सँधै साम्राज्य रहन्छ, कूटाको झलक-मलक चुरीफुरी चार दिनको न हो !

नदीमा बग्ने मानिस पानीकै बेगमा बग्योभने परिश्रम त पर्दैन, तर त्यसको परिणाम तत्कालै दुर्दशासहित मृत्युहुन्छ । पौडीखेली पारलाग्न केही मेहनत गर्नुपर्दछ, तर यसबाट पाखा उत्रिइन्छ, कष्ट काट्नुपर्दैन । यस्तै–'अचेल जमानाले ल्याएको, जमानाले

गराएको...' भनी-भनी परिस्थितिमा बग्ने, असत्य-अँगाल्नेहरू कूटा बोल-व्यवहार गर्न तम्सन्छन्, कत्ति पछि हट्दैनन् । किन्तु त्यसको फल 'सुख-सम्पत्ति' दिगो हुँदैन, यो प्रत्यक्षै छ। सत्यवादी सत्याचरणीलाई सँधै सत्ययुग छ, ती अहिले यहीं सन्तोष शान्ति र साधनाको सुख लिन्छन्, परिणाम सर्व प्रकारबाट सर्वोत्तम सुख शान्ति मान प्रतिष्ठा आफैं ओइरो लाग्दछ । सत्यमैं स्थिति लिने हुन्छन् ।

Truth is the trial of itself
And needs no other touch
And purer than the purest gold
Refine it never so much. –Ben Johnson

'सत्य स्वयं जाँचिएको छ, यसलाई कुनै कसी लाउन पर्दैन । यो बेदागी नम्बरी सुन भन्दापनि बडी स्वच्छ छ । यसलाई कहिल्यै परिमार्जित वा शुद्ध गर्नुपर्दैन ।

पूरा साहेब सेइये, सब विधि पूरा होय ।
ओछे से नेह लगाय के, मूलहु आवै खोय ।।३०९।।

सम्यक सन्तको सेवा - गर सम्पूर्ण बन्दछ ।
तुच्छका साथको प्रीति, मूल सहित गुम्दछ ।।

अर्थ– पारखबोध र सदाचारको धारणाले पूर्ण रहेका विरक्त सन्त-गुरुको सत्सङ्ग, सेवा र मनसा पालन गर, अनि तिमीमा पनि ती सेव्यका ज्ञान-आचरण उत्रँदै आउनेछन् । तिमी सब प्रकारबाट पूर्ण हुनेछौ । भ्रान्त, सकामी, वाचकज्ञानीलाई सद्गुरु सम्झेर, तिनमा समर्पण भयौभने, आफ्नो मूल धन–विवेक-स्थिति पनि गुमाउने हुन्छौ ।।३०९।।

अरू– जस्ताको सङ्ग गर्छौ, उस्तै रङ्ग लाग्दछ । शिक्षकमा कुनै लत-अवगुण छन् भने तिनले शिक्षागर्दा प्रायः ती अवगुण उति उधिनिदैनन्, छोपिएका हुन्छन् । दोस्रो–कसैले भनेका कुरा भन्दा उनीमा देखिएका आचरणलाई श्रोता-दर्शकले टपक्क टिप्ने, सिको-

सिक्ने, हुन्छन् । यसैले मुक्तिको निम्ति उस्तै पारख बोध-स्थिति र वैराग्य-सदाचरणनिष्ठ सन्त गुरु खोजी, उहाँका साथ सत्सङ्ग-सेवा गरी, दीक्षा ग्रहण गर्नु–साधकको यो ठूलो बुद्धिमानि हो ।

जाहु वैद्य घर आपने , यहाँ बात न पूछै कोय ।
जिह्न यह भार लदाइया , निरवाहेगा सोय ।।३१०।।

वैद्यज्यू ! स्व घरै फर्क , को पुछ्न्छ कुरा यहाँ ।
जसले भार बोकाए , सम्हाल्ने छन् उनै त्यहाँ ।।

अर्थ · (बोधवान् मुमुक्षु, पूर्वका भ्रान्त-गुरुप्रति भन्दछन्–) गुरु महाराज ! अब तपाइँ आफ्नै स्थानतिर पाल्नोस्, यहाँ तपाइँका भ्रान्तिपूर्ण शिक्षा सुन्ने श्रद्धालु कोही छैनन् । तपाइँजस्तै भ्रान्त-जनले जो भ्रम-कल्पनाका भारी बोके-बोकाएका थिए, त्यसको परिणाम जे हुन्छ, अब उनैले बेहोर्नेछन् । (म त यस्ता बखेडामा पर्दिन, मैले सत्य निर्णयबाट निखारिएको पारख·ज्ञान पाइसकें) ।।३१०।।

अरू– सूर्योदय-पछि तारासमूह बिलाएझैं पारखज्ञान-आचरण-को स्थिति पाई कल्पित भ्रान्ति ज्ञानको भेद बुझेपछि अघि मानिआएका सिद्धान्त, भ्रान्त गुरु र अयोग्य आचरणहरू साधकको मनबाट स्वयं उत्रन्छन् ।

औरन के सिखलावते , मोहडे परिगौ रेत ।
रास विरानी राखते , खाइनि धरका खेत ।।३११।।

अरूलाई दिदै शिक्षा , मुखमा बालुवा पर्‍यो ।
पराईको खलो कुर्दै , आफ्नो खेत सबै चर्‍यो ।।

अर्थ · अरूलाई शिक्षा दिने तृष्णाले वाचकज्ञानीका मुखमा आखिर बालुवा पर्नेहुन्छ । जस्तो अर्कैको खलो (अन्नको थुप्रो) बचाउँदैमा कसैले आफ्नो खेतको बाली नबटुल्दा, गाइवस्तुले खाई बेमाख पारेथे, त्यही चाला तृष्णालु शिक्षकको पनि भइ-रहेछ ।।३११।।

अरू– पारख सिद्धान्तमा स्वरूपबोध भएपछि अधिक उपरामता, क्षमा, समतापूर्वक रहनु; प्रपञ्च-रहित आफ्नै मन-इन्द्रियका संयममा नित्य लागिपर्नु; गुरु-सन्तमा प्रेम उपासना, एकान्तवास र द्रष्टा-स्थितिको अभ्यासमा लगनशील रहनु; साथ-साथै आफ्ना आधारमा मुमुक्षुलाई निष्कामतापूर्वक दया-दृष्टिबाट हित-शिक्षा दिनु- इत्यादि सन्तको कर्तव्य हो । मान सेवा पूजादिको इच्छा र शिष्यको गन्ति बढाउने तृष्णामै समय बिताउनु, शिक्षागर्न नपाउँदा खिन्नहुनु– यस्ता चालजति सबै वैराग्यका विपरीत हुन्छन्, आफ्नै निर्द्वन्द साधना-स्थितिको लागि साधु भइएको हो, यो कुरा बिर्सन हुँदैन ।

"बाग बिगारे बाँदरा , सभा बिगारे कूर ।
भेस बिगारे लोलुपी , जाके मुखमें धूर ।।"

मैं चितवत हौं तोहिंको , तू चितवत है वोहि ।
कहहिं कबीर कैसे बनि हैं , मोहिं तोहिं औ वोहि ।।३१२।।

मेरो चित्त तिमी माथि , तिम्रो लक्ष्य उतातिर ।
कबीर कसरी बन्छ ! म तिमी ऊ सबै तिर ।।

अर्थ– आफ्नै स्वजाति सम्झेर म तिम्रो हित-सुधार गरिदिन खोज्छु, तिमीभने उता–भोग सुख र कल्पनाकै प्रपञ्चपट्टिमात्र चित्त दिन्छौ । गुरुकबीर भन्नुहुन्छ– मेरो तिम्रो र प्रपञ्च–तीन थरीको एक मिलान कसरी हुनसक्तछ ।।३१२।।

अरू– शिष्यको अन्तःकरणमा खानी-वाणीको आसक्ति, अहंकार र कल्पनाका बादल-कुहिराले ढाकी अन्धकारमय बनि-रहेछ । उता–गुरुको निर्मल हृदयमा पारखको प्रकाश झलमल्ल छँदै छ । उहाँ निरन्तर शान्तिपूर्ण मुक्तिको स्थितिमा हुनुहुन्छ । शिष्यको बन्धन-कष्ट देखी, उहाँको दयादृष्टि हुँदा पनि ऊ भने व्यवहारकै तानाले वा लत-मोहासक्तिले फुर्सत पाउँदैन । अथवा

भ्रान्ति-कल्पना छाड्न डराउँछ भने यस्ताको कल्याण होला त ! गुरु–शिष्य एक घाटमा कसोगरी उत्रने ! अतः यदि तिमीलाई मुक्तिको साँच्चो इच्छा छ भने खानी-वाणी दुवै मायाबाट पृथक् होउ, पारखी गुरुलाई खोज । उनैबाट निस्तार हुनेछ ।

तकत तकावत तकि रहा, सकै न बेझा मार ।
सबै तीर खाली परा, चला कमानहिं डार ।।३१३।।

ताकी तकाइ ताक्तै छन्, सकेनन् लक्ष्य बेधनै ।
सबै शर भए व्यर्थ, धनु फाली गए छ नै ।।

अर्थ– सबै बाहिरै मुक्ति ताक्नेछन्, अरूलाई पनि बाहिरै देखाउँछन्, बेझा–लक्ष्य वेधन गरी मार्न (मुक्ति फल हासिल गर्न) भने सक्तैनन् । यसरी वाचक ज्ञानका सबै बाण निष्फल भए । अन्तमा कुराका भरमा पर्दापर्दै जीव, शरीररूपी धनु छाडी हिंड्दछ ।।३१३।।

अर्थ– मुक्ति प्राप्त गर्ने सबैको लक्ष्य त हुन्छ, अरूलाई पनि उही बताउँछन् । तर धेरैजसो तथाकथित ज्ञानीजन कुरैले मात्र मुक्त हुन्छन् । जस्तो चेतनको स्वरूप छ, उस्तै बोध-स्थिति र वैराग्यको सम्यक आचरण छैन भने आफू कसोगरी, मुक्त होइने ? अरूलाई मुक्त गराउने ? कुराले मात्र पेट भरिनेभए भोजन गर्ने प्रवृत्तिको बोझा किन लिनुपर्थ्यो !

जस कथनी तस करनी, जस चुम्बक तस ज्ञान ।
कहहिं कबीर चुम्बक बिना, क्यों जीते संग्राम ।।३१४।।

कथनी झैं गरे काम, ज्ञान चुम्बक कै सरी ।
चुम्बक बिन संग्राम - बिजय हुन्छ के गरी ।।

अर्थ– जस्तो ज्ञानको प्रवचन गरिन्छ, उस्तै कर्तव्यमा पनि उत्रेको छ भने त्यो ज्ञान चुम्बकसमान आकर्षणीय हुन्छ । गुरु कबीर भन्नुहुन्छ–चुम्बकीय अस्त्र नभई लडाई जित्न कठिन परेसमान आचारत आचरण र सम्यक निर्णय-ज्ञान बिना, भित्री लडाईमा मन

इन्द्रिय काम क्रोध आसक्ति अहङ्कारादिलाई कसोगरी जित्न सकौला ? ।।३१४।।

अर्थ– सुनिन्छ–प्राचीन समय लडाईमा लड्ने वीरहरूले साथमा चुम्बक राख्तथे। बिझेका बाणलाई चुम्बक छुवाई निकाल्थे। ढालमा चुम्बक लागेको हुन्थ्यो, शत्रुले हानेका तरवार त्यहीं टाँसिन्थे। यो युक्तिबाट उनीहरू रण-वीजयी बन्दथे। यस्तै कथनी-समान उत्तम धारणा पनि भयोभने आफ्ना मन-इन्द्रिय, स्वभाव-माथि सहजै विजय पाइनेछ। बाण खिंचिई चुम्बकमा टाँसिएझैं मन मान्यता काम क्रोधादि वृत्ति पनि भित्रै टाँसिएर बिलाउने हुन्छन्। वृत्तिरहित चेतनको स्व स्थिति भइहाल्दछ।

आचाररहित-व्यक्तिका शिक्षा, श्रोतालाई ग्रहण हुनको बदला उल्टै 'पर उपदेश कुशल बहुतेरे' भन्ने भाव उद्भव भई शिक्षालाई ढाक्ने हुन्छ। यसैले स्वयंमा धारणा नगरिएका कुराको अरूलाई शिक्षादिनु, लेख प्रसार गर्नु–स्व-पर हानिकारक छ। आचरणसम्पन्न महात्माका भने वचन पनि प्रामाणिक हुन्छन्। यस्ताका दर्शनबाटै मात्र पनि मुमुक्षुले आफ्नो कल्याण-साधनामा प्रेरणा पाउँछ, साहस बढ्दछ। साधकका मनोगत् सन्देह सबै स्वयं समाप्त हुन्छन्। यस्ता महापुरुषका शिक्षा-श्रवण मनन दर्शन सत्सङ्गबाट धेरै-धेरै जीवको कल्याण हुँदै आएको छ, भइ नै रहनेछ। यस्तैका वचन हुन्– चुम्बकीय ज्ञान।

अपनी कहै मेरी सुनै , सुनि मिलि एकै होय।
हमरे देखत जग जात है , ऐसा मिला न कोय ।।३१५।।

आफ्नू भनी सुनुन् मेरा , एक मेल गरुन् उनै।
मेरै सामु गए सारा , यस्ता पाइन ती कुनै ।।

अर्थ– जिज्ञासुले प्रथम आफ्नो हृदयको हाल इष्ट- गुरुसमक्ष बताउन्, अनि मेरा (गुरुका) शिक्षा सुनुन्, सुनेर निष्पक्षभावबाट

विचारको न्याङठ्याङ मिलाई, मैंसमान सत्यको अवलम्बी बनुन् । तर यसोगर्ने कोही छैनन् । मैले देख्तादेख्तै जीव सबै वासना-भ्रान्ति कै बाढीमा बगी, बरबाद बनिरहेछन् ।।३१५।।

अरू– सद्गुरु-सन्तका समक्ष निर्मान बनेर, मुमुक्षुता लिई गयो, आफ्ना अन्तःकरणको यथार्थ स्थिति उहाँका सम्मुख राखि-दिनसक्यो भने, यस्ता सुपात्रलाई पारखबोध हुन कत्ति बेर लाग्दैन । तर बहुधा जन-समाजको स्वभाव हुन्छ–"आ-आफ्ना मतको पक्ष लिने, के के भन्दारहेछन् भनी परम हितैषी निष्कामी पारखी गुरुलाई पनि तौलन खोज्ने, उहाँबाट केही सुन्नासाथ कुरा काट्न-जित्नको सोख गर्ने ।" प्राय अरू साधक पनि आफ्नो हृदय खोलो जस्ताको तस्तो भन्न सक्तैनन्, भनिहाले पनि आफ्नै कुरा माथिपार्ने भावबाट बोल्दछन् । सन्तका सत्य उपदेश सुन्नै मन गर्दैनन् । सुन्दा सत्य हो भन्ने सम्झेपनि पक्ष र अभिमान-वश ग्रहण हुँदैन । यसैले विचा-रको मेल र एकता रत्ती नभएको हो । यिनै कुरा बनि रहेछन्–सत्य स्वरूपको बोध-स्थितिमा बलिया तगारा !

देश विदेशे हौं फिरा , गाँव गाँव की खोरि ।
ऐसा जियरा ना मिला , लेवै फटक पछोरि ।।३१६।।

देश देश घुमें सारा , गल्ली गाउँ कुना सबै ।
यस्ता मानव पाईन , निफनेर लिने तबै ।।

अर्थ– म, देश-विदेश, गाउँ-गल्ली जताततै घुमें ; तर विवेकको नाङ्लोले निफनेर सत्यज्ञानको संरक्षण गरी, स्व स्थिति बनाई लिने, कल्पना-भ्रान्तिको भुस उडाई आफल्ने, यस्ता निष्पक्ष-निर्मान विवेकी जीव कोही भेटिएनन्, सारै थोरै भेटिए ।।३१६।।

अरू– यसबाट बुझिन्छ, गुरु कबीर सदा भ्रमणशील हुनुहुँदो-रहेछ । वैराग्यवान् सन्त विशेष भ्रमण मन्दिरमैं जीवन व्यतीत गर्ने हुन्छन् । अर्को कुरा–उहाँ विशेषगरी विवेकी साधकलाई नै रुचाउनु

हुँदोरहेछ । जिज्ञासुको पनि कर्तव्य हो– विवेकी सन्तको ज्ञानोपदेश श्रद्धापूर्वक सुन्नु, त्यो पनि विवेकको नाङ्लोले निफनी-केलाई, अभ्यासको बत्ताईबाट उतारी, अनिमात्र हृदय-गोदाममा पुऱ्याएर थन्क्याउनु ।

मैं चितवत हौं तोहि को, तू चितवन कछु और ।
लानत ऐसे चित्त पर, एक चित्त दुइ ठौर ॥३१७॥
मेरो चित्त तिमी माथि, तिम्रो लक्ष्य अरू तिर ।
त्यो चित्तलाइ धिक्कार, एकै चित्त दुवै तिर ॥

अर्थ– हे कल्याणेक्षुक ! तिम्रै हित सोची, म तिमीतिर लक्ष्य दिन्छु, तिम्रोभने अन्तै–खानी वाणी मायातिर लक्ष्य लागि-रहेछ । अतः यस्ता दोधारे व्यक्तिलाई लानत–धिक्कार छ, चित्त एक भएर पनि, यता मेरो ज्ञानतिर र उता प्रपञ्च कल्पनातिर ताक्न छाड्दैन ॥३१७॥

अरू– कल्याण-इच्छुकले सत्यको बाटो फेला पारिसकेपछि पनि मनको सन्दिग्धता न छुट्नु, यो चाल हो–दुइमुखे सर्पले डसि-रहेको । यिनले सम्मुख पारखरूपी स्वादिष्ट व्यञ्जन पनि खान सकेनन्, दो मनमा भोकै पर्नेभए । बरु ज्ञानै नसुनेका भए, एकतर्फी-विषयकै सुखमा त डुब्नेथिए; परिणाम फलमा जे हुन्थ्यो-हुन्थ्यो ! तृष्णा चाहना अहङ्कारमा पिल्सिने-भुट्भुटिने, उछिट्टिने थिए । यो दो-मनको हैरानी त पर्ने थिएन ! होइन, एक निष्ठ बनी सत्य ज्ञानामृत चाख्नैपर्छ । अब बाँकी थोरै दिनको लागि एकत्व बनी, साधनाको सिंढी चढौं, स्वरूपस्थितिको महलमाथि शान्ति-शैयामा सुखको अनुभव गरौं ।

चुम्बक लोहे प्रीति है, लोहे लेत उठाए ।
ऐसा शब्द कबीर का, काल से लेत छुडाय ॥३१८॥
लोह चुम्बकमा प्रेम - लोह तानी उठाउँछ ।
यस्तै कबीर का शब्द, काल बाट छुटाउँछ ॥

अर्थ– चुम्बकको फलामका साथ अति घनिष्ठ सम्बन्ध हुनाले, उसले फलामलाई स्वाभाविक आकर्षण गर्दछ, अङ्कमाल गरी आफूमा टाँस्तछ। पारखका निर्णय शब्दले पनि यसैगरी काल–कामना-कल्पनाबाट छुटाई, जीवलाई गुरुपदतिर तान्दछ; शुद्ध पारखरूप बनाउँछ ।।३१८।।

अरू– शब्दमा महान् शक्ति छ । शब्द नै साधकलाई तान्ने चुम्बक हो । जस्तो विकारी शब्दले अबोध जीवको क्षणभरमै विषयाकार वृत्तिबनाई, भोग- भडखारोमा खसाल्दछ; त्यस्तै गुरुको निर्णय-शब्दले पनि मुमुक्षुलाई काल--कामना र कल्पनाबाट उठाई जडदेखि भिन्न स्वतन्त्र शुद्ध अविनाशी, चेतन स्वरूपमा शान्त गराउँछ । यसैले पारखबोध-प्राप्ति गर्न, विवेकी सन्त-गुरुका साथ प्रेम-सत्सङ्ग गर्नु–कल्याणको मुख्य माध्यम हो ।

भूला तो भूला , वहुरि के चेतना ।
विस्मय की छुरी , संशय का रेतना ।।३१९।।

पँले जो भूल भो भंगो , अब सह्माल चेतन ।
आश्चर्यको छुरालाई , सन्देहले न रेतन !

अर्थ– आजसम्म जो भूल भयो-भयो; अबता अवश्य पनि सचेत हुनुपर्दछ। सन्देहरूपी रेतले आश्चर्यको छुरीलाई रेती-रेती कन् धारिलो नबनाउ ।।३१९।।

अरू–तिमी अनादि कालदेखि भूलकै वशमा परी, चार खानिको कष्ट भोगिरहेका छौ । अबता पारखी सन्त-गुरुको सत्सङ्गबाट मुख्य सारतत्त्व स्व-स्वरूप चेतनलाई चिनेर होश सह्माली बस; अरू कहीं कतै नमिल । संसारमा लक्ष्य अल्झायौ भने पद-पदमा आश्चर्यित् होइनेछ, भित्र भ्रान्ति भरपूर भरिनेछ। यसैले जे देख्यो उसैमा छक्क नपर । त्यसलाई संशयको रेतले रेती-रेती कन् तिव्र धारिलो नबनाउ । भरे यसले आफ्नै घाँटी रेट्नेछ। अर्थात् संसारका पदार्थ

देख्दा सहसा मानिस चकित हुन्छन् । देखिएका ग्रह, नक्षत्र तत्त्व पदार्थहरू कसले बनाए ? कहिले बनाए ? इत्यादि गुनी छक्क पर्दछन् । यसलाई संशयको रेत्ले रेत्नु हो–'कसैले' नबनाई कुनै वस्तु बन्दैनन्, अतः बनाएको त हो, तर कसले बनाए ? कहिले, कहाँ राखी, कसरी बनाए ? इत्यादि सन्देह थप्दै जानाले प्राणी झन्-झन् भ्रान्त बनी दुःखी हुँदैछन् ।

यस्तोमा गुरु-विवेकबाट सम्झनु पर्दछ–कुनै निराकार कर्ताबाट यी बृहत्–सूर्य चन्द्र तारा पृथ्वी आदि महान् विश्व बन्नैसक्तैन । न साकार एकदेशी कुनै पुरुषले यसको रचना गर्न सक्तछन् ! विश्व बन्ने भरपर्दो उपादान कारण पनि कहीं कुनै पाइँदैन । 'ईश्वरले रचे माकुरोसमान निमित्त-उपादान–दुवै कारण उनै हुन् वा "ब्रह्मबाट विश्व बन्यो... ।' इत्यादि कुरामा श्रद्धा र विश्वासबाहेक अरू विवेक सुहाउँदा प्रमाण केही छैनन् । अतएव यो जड-चेतनमय जगत् प्रवाह-रूप अनादि हो ।

संसारमा चार जडतत्त्व र यिनलाई जान्ने मान्ने भोग्ने अनेक अविनाशी चेतन जीव पनि प्रत्यक्ष छन् । ती जड तत्त्वमा स्वाभाविक गुण धर्महरू हुनाले तिनै गुण-धर्मादिबाट अनादिदेखि कारण-कार्यका नियम अनुसार समस्त सृष्टिधारा चलिरहेकै छन् । बीज-वृक्ष, चरा-फुल, कर्म-देह–यी सबै प्रवाहरूप अनादि हुन् । किनभने यिनमा कुन पहिले, कुन पछि उत्पन्न भएका हुन्, यो कुरा भन्न सकिन्न । एक बिना दोस्राको उत्पत्ति हुनै सक्तैन; वस्तु स्थिति नै यस्तै छ । इत्यादि कारणबाट यो विश्व अनादि हो ।

खानिका पदार्थ–धातु आदि र वनस्पति-जगत्मा बीज-वृक्षको नियमबाट स्वाभाविक बन्ने-नाशिने प्रवाह पनि चलिरहेकै छ । जीव-सृष्टि अर्थात् चार खानिका जीवको शरीर अङ्ग-प्रत्यङ्ग बन्नु, चेतन जीवकै कर्म-संस्कार-वश बीज-वृक्षसमान स्वाभाविक भइरहेकै छ ।

यसरी जड-चेतन दुवै पदार्थरूप जगत् अनादि हो। यस विषयमा निर्पक्ष सत्यज्ञान दर्शनको प्रथम प्रकरण, भवयानको जड़-चेतन निर्णय-प्रकरण, मुक्तिद्वारको दोस्रो प्रकरण र सन्त अभिलाषसाहेब कृत जगन्मीमांसामा सविस्तार मनन-योग्य छ।

उत्पत्ति-प्रलयरहित जगत् अनादि अनन्त भएपछि, यसलाई कुन देवी-देवता वा ईश्वरले बनाए अथवा कहाँबाट उत्पत्ति भएको हो भन्ने ? यो संदेह स्वयं शमन भइहाल्यो। जीव शरीरदेखि भिन्न र अविनाशी छ, कर्मफल भोग हुन्छ, वासनावश बन्धन र वासनाको त्यागबाट मुक्त हुन्छ भन्ने कुरा विवेकबाट सिद्ध छ। यी सबै कुरा-माथि ठाउँ-ठाउँमा विस्ताररूपबाट वर्णन भइ सकेको पनि छ।

यसरी सबै विस्मय र संशय शमन गरेर 'म जड़देखि छुट्टा अनादि शाश्वतः ज्ञानस्वरूप चेतन सत्य हुँ' भन्ने अपरोक्ष बोधमा स्थिर हुनुपर्दछ।

दोहरा कथि कहैं कवीर, प्रति दिन समय जो देखि।
मुये गये नहिं बहुरे, बहुरि न आये फेरि ।।३२०।।

कबीर दोहरै भन्छन्, देखी समय नित्य नै।
मरी गए र बौरेनन्, आएनन् फेर ती कुनै।।

अर्थ– भ्रामकजन स्वयं चेतन भन्दाभिन्न दोहरा–दोस्रा ईश्वर कहीं कोही छन् भनी कल्पनाकै कथन गर्दछन्। तर प्रतिदिन समय-को वास्तविकता हेरी विचार गर्दा यही निश्चय हुन्छ– जो यस्ता कल्पनामा परी मरे, ती–जडाध्यासी बने, विवेक र स्वरूपबोधबाट गए; पुनः पारखपदमा बौरेर आउन सक्तैनन् ।।३२०।।

व्याख्या– न्यायी दयालु सर्वज्ञ सर्वशक्तिमान्, व्यापक प्रेरक यस्ता ईश्वर सर्वत्र छन्, भन्दछन्। यस्ता जगत्-कर्ता ईश्वर कतै भए, संसारमा चोरी जबरजस्ती हिंसा अतिवृष्टि अनावृष्टि मत-मजहब-को झगडा, वेद कुरान बाइबिल आदि अनेक कानुनको विषमता

हुने नै थिएन; सबै व्यवस्था ठीक-ठीक चल्नेथिए। एक कानुन एक नियम रहन्थ्यो, सबै शान्त-सुखी रहनेथिए। इत्यादिबाट दोस्रा ईश्वर छन् भन्ने कुरा भ्रान्तजनका कल्पनामात्र हुन्। यिनले अझै भ्रान्ति-कल्पना भर्दै जान्छन्। यी जडाध्यासी बने, यिनको विवेक-रूपी साधनमै खीया लागिरहेकाले यिनलाई पारख-विचार आउन गाह्रो छ। तर मुक्ति भूमिका मानव-तनमा हुनाले अझै होश गर्न सक्तछन्, सबै कल्पनालाई सत्य मिथ्या के हो ? एक-एक केलाउनु; कुट्टा देखिएपछि छाडिदिनु, मोह नगर्नु। राम को हुन् ? कहाँ छन्; राम्रो जान्नु, चिन्नु। विचार गरेर हृदयकै ज्ञान स्वरूप रामलाई अँगाल्नु।

राम ब्रह्म चिन्मय अविनाशी। सर्व रहित सब उर-पुर वासी ॥
अस प्रभु अछत हृदय अविकारी। फिरहिं मृगा इव जीव दुखारी ॥
[रामायण]

गुरु बिचारा क्या करे, शिष्यहि माँ है चूक।
भावै त्यों परमोधिये, बाँस बजाये फूक ॥३२१॥

बिचरा गुरुले मात्र - के गरुन् दोष शिष्य कै।
जति जस्तो गरुन् बोध, ढुङ्ग्रो फुक्नु समान कै ॥

अर्थ– बिचरा सद्गुरुले के गरुन्; शिष्यमै भारी भूल भइ-रहेछ। यस्ता अश्रद्धालु, भ्रान्त-शिष्यलाई जति-जसरी सम्झाए पनि बाँसको ढुङ्ग्रो फुकी सुमधुर स्वर बजाउन खोज्नुसमान व्यर्थ हो ॥३२१॥

अरू– बाँसको ढुङ्ग्रोमा एकातिरबाट फुक्नु, अर्कोतिरबाट बतास निस्कन्छ, सुरिलो सुमधुर स्वर निस्कँदैन। त्यस्तै श्रद्धा-मुमुक्षुता र विवेकरहितका मानवलाई जति सम्झाए पनि लाग्दैन। भित्र प्यास भए पो पानीले प्यास मेटिई हृदय शीतल-प्रसन्न हुने थियो।

दादा! भाई! बाप कै लेखों , चरणन होइहौं वन्दा ।
अबकी पुरिया जो निरुवारे , सो जन सदा अनन्दा ।।३२२।।

बाजे बाज्यू पिता सम्झी , बन्छु चरण किङ्कर ।
जो फुन्छ अबको अल्झो , ऊ प्रमोद निरन्तर ।।

अर्थ– ए प्रिय भाइ ! आजको यो सत्सङ्ग-योग्य, मुक्तिको माध्यम मानव-जन्म पाएका मौकामा वासना-धागाको गुजुल्टो जसले फुकाउँछ, त्यो जगत्-वासनाबाट रहित भई, सदाको निम्ति शान्त-मुक्त हुनेछ । यति गर्नेलाई म धन्यवाद दिनेमात्र होइन, बाबु-बाजेसमान सम्झनेछु, तिनका पाउको दास पनि बन्नेछु, वन्दना गर्नेछु ।।३२२।।

अरू– सेवा पूजा मान लिनको लागि र आफ्नो मत बढाउन होइन, जीवलाई दु:खी देखेर सबै सुखी शान्त-मुक्त होउन् भनी नि:स्वार्थ भावबाट गुरु कबीरको हृदय सारै पग्लन्छ । माता-पिता-ले आफ्ना छोरालाई बाबू ! राजा ! नानी ! भनी खुशी पारी पढाए- सुधारेसमान जीवलाई ज्ञान-शुभाचरणमा लगाउन, उहाँ जन-साधारणका हृदयमा प्रेमको टुसो उमार्न, प्रियता-हितैषीताको मल-जल भर्नुहुन्छ । हेर, बीजकको ठाउँ-ठाउँमा "बौलाहा भनी छनक हान्नुहुन्छ । 'मेरा भक्त' भनी प्यारो गरी माथि उचाल्नु हुन्छ । 'भाइ किन बौलाएका'? नबौलाउ भन्नु हुन्छ । 'हे मेरा छोरा, मेरा कुरा मान !' भनी फुल्याउनु हुन्छ । 'सोई हितैषी बन्धु मलाई निको लाग्दछ, जसले कुमार्ग लागेकालाई सुमार्गमा लगाउँ-छन्' भन्नुभएको छ । कतिलाई पाउ ढोगेर मनाउँछु, कतिलाई रोएर...।' भन्नुहुन्छ । यस्तै अनेक प्रकारबाट शिक्षा गर्नु भएको पाइन्छ । खूब हेक्का राखी सबै बीजक पढेमा छर्लङ्गिनेछ ।

साखी तीनसय एकचालीसमा 'घाव काहि पर घालो, जित देखौ तित प्राण हमारो' भन्नु भएको छ । यसको टीकामा श्रीपूरण

साहेबबाट यसैगरी संझाउनु हुन्छ– 'हे प्राण! तिमी त भास अध्यासका जानकार, मेरा स्वजाति ह्वौ। म जीवलाई भासरूपी घाउ बनाइदिई दुखदिने कुनै घातक काल होइन। यसकारण बिस्तार-बिस्तार मिथ्या-धोकाको पारख गराई शुद्ध स्वरूपमा स्थिर गराउँछु।

श्री रामरहस्यसाहेब त पञ्चग्रन्थीको गुरुबोधमा प्रबन्धपूर्वक अति प्रभावशाली सुमधुर रीतिबाट लामो प्रकरणपूर्वक शिक्षा गर्दै अन्तमा भन्नुहुन्छ–

मिली लखेते उचटे नहीं, एकता सुखकी खानि।
सत्य शब्द टकसार विधि, निर्णय कही बखानि ।।२९४।।

-भनेर अन्तमा बीजकको यही 'दादा भाई....'साखीलाई 'सत्य शब्द टकसार' भनी प्रमाण पनि दिनुभएको छ।

आजका शिक्षकको पनि कर्तव्य हो– यसैगरी सामान्य जन-समाज र मतवादीहरूको घोच-पेचका शब्द-बाण सहेर पनि उनीहरू प्रति प्रिय शब्द बोल्नु। समयानुसार उपदेश गर्नु। सँधै सबैका साथ मेल-मिलापपूर्वक व्यवहार गर्नाले साधक न बिच्की, कल्याणमा जाग्नसक्ने हुन्छन्। यी समता क्षमा विनम्रता हितैषीता निर्मानतादि हाम्रो हंस-गुण पनि हो, यो आफूमा उतार्नु अनिवार्य छ। अतः तलको साखीबाट गुरु स्वयं बताउनुहुन्छ–

सबते लघुता भली, लघुता से सब होय।
जस दुतियाको चन्द्रमा, सीस नावै सब कोय ।।३२३।।

श्रेय छ लघुतामा नै, सानै भै सब बन्दछन्।
द्विजको चन्द्रमा लाई, सबै प्रणाम गर्दछन् ।।

अर्थ– आफूलाई अति सानो सम्झी सबैका साथ भित्रैदेखि विनम्र बन्नु, यो एकै गुण पनि महान् हितैषी हो। विनम्र बनेरै संसारमा सबै काम सिद्ध हुन्छ। सबैले यस्तै व्यक्तिलाई रुचाउँछन्। जस्तो द्वितीयाका चन्द्रमालाई सबैले नमन गर्दछन् ।।३२३।।

अर्थ– औंसी-परेवामा लुप्तभई द्वितीयामा झुलुक्क झुल्केका सुलुक्क परेका साना चन्द्रमालाई सबैले प्रियतापूर्वक हेर्दछन् । यिनैका आधारबाट धेरैले आफ्ना चाड-पर्व मनाउँछन् । भन्छन्– 'शिवजीले पनि प्यारो मानेर त्यस्ता चन्द्रमालाई आफ्नो मस्तकमा टपक्क टाँसेर टीका बनाएका थिए ।' यस्तै यहाँ पनि विनम्र व्यक्ति सबैका सारै प्यारा हुन्छन्, आँखाको लाल बन्दछन् । यस्ताले भनेका कुरा कसैले नाइनास्ति गर्दैनन् । उनको सर्वत्र श्रेय हुन्छ । यस्तै स्वभाव कल्याणका भूषण पनि हुन् । धनी-मानी व्यक्ति पनि अभिमानी छ भने धन-मानका धाकले कोही दुइ दिन दबे पनि परिणाममा त्यस्तालाई कसैले रुचाउँदैनन् । ज्ञान-वैराग्यसम्पन्न साधु नै भएपनि नम्रता छैन र आफ्नै बढत्वमा गम्कने छ भने दुनियाँले तिनलाई तीन कौडीको मान्दैन । बिना विनम्रताको तिनका ज्ञान-वैराग्य के कामका ! यस उसले सँधै आफ्नो स्वभाव नौनीजस्तो नरम मधुसमान मिष्ठ बनाउने चेष्टा राख्नु ।

'अति ऊँचे भू-धर्रणि पर , भुजगनिको स्थान ।'
तुलसी अति नीचे सुखद , ईख अन्न अरू पान ।।

If there is peace to be found in the world,
A heart that was humble might hope for it here–Thomas Moore

'यदि संसारमा शान्ति पाउन सकिन्छ भने यहाँ यो विनम्र दिलमा नै आशा गर्न सकिन्छ ।'

स्वर्ग र पृथ्वीलाई नमस्कारले नै धारणा गरिराखेको छ । देवताहरू पनि नमस्कारकै वशमा छन् । सत्कर्मीकै पक्षमा उनीहरू रहन्छन् । [ऋग्वेद ६।५।५१।८×१०]

मरते मरते जग मुवा , मुये न जाना कोय ।
ऐसा होयके ना मुवा , जो बहुरि न मरना होय ।।३२४।।

मरी मरी गए विश्व , जानेनन् मर्न पर्थे गरी ।
यस्ता बनी मरेनन् ती , फेरि न मरने गरी ।।

अर्थ– जगत्-प्राणी सबै मरी-मरी गइरहेछन्, तर मर्ने ढङ्ग ठीक-ठीक कसैले जानेनन् । यसरी कोही मर्दैनन्– जो अब मरेपछि फेरि मर्नै नपरोस्न ! ।।३२४।।

अरू– 'मर्ना है मरि जाइये , छूटि परै जञ्जार ।
ऐसा मरना को मरै , दिनमें सौ सौ बार ।।'

'जब एक दिन नमरी सुखपाइन्न भने आजै मरौं न ! (अहङ्कार-आसक्ति, कल्पना-कसिंगर सबै निकालौं) जस्मा सारा फन्फटै समाप्त होउन् । दिनमा सय-सय पटक मर्नुपर्ने, यस्तो कीरा-औंसाको मराई को मरोस् ! छिन-छिनमा डर चिन्ता शोक रोग पराधीन भएर बाँच्नु त मरणकै पर्याय हो ।

पाउने भोग्ने मर्ने बाँच्ने इत्यादि आशा र कूटो अहङ्कार लिई शरीर छाड्ने जीवको बारम्बार जन्म-मरण भई नै रहन्छ। समस्त आशा-अहङ्कारलाई ज्ञानाग्निले भस्म पारी, स्वरूप चेतन (ज्ञानमात्र) मा स्थिति बनाई शरीर छाड्नेले नै फेरि जन्मनु-मर्नु पर्दैन । संसारको फेरोमार्न छुट्तछ-मुक्त हुन्छ । हाम्रो मुख्य काम यही हो । यो एउटामात्र काम गरेपछि फेरि अरू काम गरिरहनै पर्दैन ।

मरते मरते जग मुवा , बहुरि न किया विचार ।
एक सयानी आपनी , परबस मुवा संसार ।।३२५।।

मरी मरी गए लोक , विचार नगरी कन ।
चलाखी एक ली आफ्नै , विवशमा मरे जन ।।

अर्थ– संसारका सबै प्राणी मरी-मरी गइरहेछन्, तर कसरी मर्दा के भयो ! अब कसरी मर्नु ठीक हो ! यो कुरा कोही विचार गर्दैनन् । एक त आफ्नो होशमा रही शरीर छाड्नाले आफ्नै स्वरूप पारखमा शान्त होइन्छ । संसारीजन भने आशा अहङ्कार कल्पनाकै विवशतामा परी-परी मर्दछन् । यिनले, यसैले फेरि फर्की-फर्की मर्न आउँन परेको हो ।।३२५।।

अरू– मुक्तिको अर्थ हो– सबैबाट पृथक् हुनु छुट्नु । मुख्यतः दुर्गुण-दुराचरणबाट छुटेको हुनु पर्दछ । चेतन-जडको ठीक-ठीक बोध चाहिन्छ । अहङ्कार कल्पनाले आफ्नो वृत्तिलाई विकारी बनाउन नसकुन् । द्रष्टाको दृष्टि दृश्यमा नबेरियोस्, तटस्थ आफैंमा शम रहोस् । यसरी शरीर त्याग्नेले नै मर्ने कौशल जाने । यिनले अब फेरि मर्न पर्दैन । अरू समस्त प्राणी, एक न एक कामना कल्पना अहङ्कारकै भावावेशमा शरीर छाड्ने हुन्छन् । यस्ताले फेरि-फेरि पनि यसैगरी मर्दैरहनु पर्दछ । सम्झ, यिनले मर्न जानेनन् । अतएव–

शब्द – डगमग छाडि दे मन बौरा ।
अब तो जरें बरें बनिआवै , लीह्लो हाथ सिंधौरा ।।टेक।।
होइ निःशङ्क मगन होय नाचो , लोभ मोह भ्रम छाँडो ।
सूरो कहा मरन तें डरपे , सती न सञ्चै भाँडो ।।१।।
लोक वेद कुल की मर्यादा , इहै गले की फाँसी ।
आधा चलिकरि पीछा फिरि है , ह्वै हैं जगमें हाँसी ।।२।।
यह संसार सकल है मैला , राम रमेते सूचा ।
कर्हहिं कबीर नाव नहिं छाँडौ , गिरत परत चढि ऊँचा ।।३।।

शब्द है गाहक नहीं , वस्तु है महँगे मोल ।
बिना दाम काम न आवै , फिरै सो डामाडोल ।।३२६।।

शब्द छ ग्राहकै छैन , वस्तु छ मूल्य तेज छन् ।
काम छैन बिना दाम , ती डामाडोल फिर्दछन् ।।

अर्थ– संसारमा सार शब्द-सर्वोत्तम गुरुमुख वाणी छन्, तर तिनका योग्य ग्राहकमात्र कोही छैनन् (अति-थोरै छन्) । किन भने त्यो चीज सारै महँगो छ । तन-मन धन अर्पण नगरी केवल वाणी पढे-सुनेकै भरले ती यथार्थ कल्याणको काममा आउन सक्तैनन् । यसैले जीव चञ्चलवृत्ति सकामता दुर्गुण-वश बेठेगानसित भ्रमिरहेछ ।।३२६।।

अरु– विवेकी सन्तका पसलमा सत्य-निर्णयजन्य मुक्तिको ज्ञान नभएको होइन, छ। यसलाई किन्ने सच्चा ग्राहककै खाँचोछ। अन्यान्य ज्ञानसमान "जस्तो भएपनि केही सुनिदिए पुग्ने, आचरण-स्वभाव नसुधारे पनि पार लागिन्छ, विषय भोगी, क्रोधी मोही भएपनि सदाचारी विरक्त ध्यानस्थ मुनिसमान मुक्त होइन्छ" भन्ने यो निर्णय ज्ञान होइन। यो पारखज्ञानले निषेधात्मक आचरणलाई अर्थ लगाई विधि गर्दैन, त्यागै गर्नमा प्रेरणा गर्दछ। यसमा त पूरा सच्चाईका साथ निष्पक्ष स्वभाव र श्रद्धा चाहिन्छ; अरु आफू नै अर्पण हुनुपर्दछ। यही दाम तिरेमात्र पारख बोध, हंस-रहन सम्पन्न बनी, विकारी 'म' लाई स्वयंबाट हटाई, स्वयं चेतन स्वरूप-जस्तो द्रष्टा ज्ञानमात्र छ, उस्तै द्रष्टाको अभ्यासद्वारा वासनारहित ज्ञानमात्रमा शान्त भएर आफ्नो काम पूर्णसाफल्य हुन्छ। पारख ज्ञान भनेको तत्कालै मुक्ति हुने ज्ञान हो, मरेपछि पाइने उधारो मुक्ति, ज्ञानको फल होइन।

सत्य तराजू क्षमाके बाँटन , एकरस तौल रहान हो ।।१।।
तौला धीरज धर्म पारखी , न्यायरीति भल जोय हो ।।२।।
महँगा मोल धारणा जिसका , दाम वहीका लेय हो ।।३।।

[भवयान ९।२९]

गृह तजि के भये योगी , योगी के गृह नाहिं ।
बिना विवेक भटकत फिरे , पकरि शब्द की छाहिं ।।३२७।।

गृह छाडी बने योगी , योगी को घर छैन है ।
बिना विवेक छन् भ्रान्त , छाया पक्रेर शब्द कै ।।

अर्थ– साधक घर त्यागी योगी हुन्छन्, तर योगीका गृह–मतमा भने मोक्षको स्थिति नै छैन। ती त बिना विवेक कुनै प्रणव वा 'वोहं' सोहं आदि शब्दको र कल्पित-वाणीको छाया–अनहद ध्वनि आदिको आधार पक्री, भ्रान्त रहन्छन् ।।३२७।।

अरू– सबै मन्त्र हामीसमान जीवकै कल्पना हुन्। तिनै कल्पनालाई पक्री, हामी भ्रान्तिमा भौंतारिइरहेका छौं। अतएव हामी आफैं, सबै आसक्ति अहङ्कार वासनाबाट पन्छनुपर्दछ। यो काम अरू कसैले गरिदिने होइनन्। यही वर्तमानमै विवेकद्वारा आफूलाई चिनेर, शुभआचरणमा उपरामतापूर्वक रहनु। शब्द जड़ हुन्, जड शब्द भन्दा शब्द-द्रष्टा, शब्दको कर्ता चेतन जीव नै श्रेष्ठ हो। अतएव आजैदेखि चेतनको स्थिति सँह्मालौं।

सिह अकेला बन रमै, पलक पलक करै दौर।
जैसा बन है आपना, वैसा बन है और ॥३२८॥

एक्लै सिंह रमी झाडी, दगुर्दछ छिनै छिन।
जस्तो जङ्गल हो आफ्नो उस्तै हो अन्यको बन॥

अर्थ– सिंहसमानको समर्थ जीव, शरीर-बनमा रमिरहेछ। आफ्नो निर्वाह र भोगको निम्ति वासना-वश क्षण-क्षण हिंसा चोरी आदि अनरीतिका कर्ममा दौडिरहन्छ। तर हे भाइ! जस्तो आफ्नो शरीररूपी बन हो, उस्तै पराईको पनि शरीर हो। यो कुरा हृदयमा गाँठो पारिराख, कस्तै परिस्थितिमा पनि अरूलाई नसताउ ॥३२८॥

अरू– तिमी आफ्नो तर्फबाट प्राणीमात्रलाई आफैंसमान सम्झ, यसलाई पनि कष्ट हुन्छ, मर्का पर्दछ भन्ने बुझी, प्रत्येक अवस्थामा होश राखी, क्षमा-समतापूर्वक व्यवहार गर। मन, वचन, कर्मबाट पूर्णरूपेण अहिंसा व्रत पालन गर्नु। आफूबाट कसैको रत्ती हानि हुन नपाओस्। न्याय नीति र दयाको हतियार कदापि नछुटोस्।

1– Do unto other as ye would that they should do unto you–Bible.
2– What is hateful unto thee do not do unto thy fellow.
—Hellel

१– उनीहरूले तिमीलाई जस्तो गरुन् भन्ने भित्र धारण छ, तिमी पनि तिनका उपर त्यस्तै व्यवहार गर।
२– तिमीलाई जे-जेबाट घृणा हुन्छ, त्यस्ता व्यवहार तिमी पनि अरूका साथमा नगर।

पैठा है घट भीतरे, बैठा है साचेत ।
जब जैसी गति चाहै, तब तैसी मति देत ।।३२९।।
दिल भित्र पसेको छ, बसेको छ सचेत भै ।
जैले जस्तो क्रिया गम्छ, ऊ उस्तै बुद्धि दिन्छ नै ।।

अर्थ– मन-राजा सबैको अन्तःकरणमा पसेको छ, सारै चनाखो बनी बसिरहेछ। ऊ जब जे जस्तो गर्न इच्छा गर्दछ, तब जीवको बुद्धि उस्तै बनाई, आफ्नो इच्छानुसार कर्म गराइछाड्दछ। अथवा हृदयभित्र जाग्रत स्वरूप चेतन बसेको छ। समय-समय उसले सुख शान्ति दायक कल्याणको सम्यक इशारा दिंदैरहन्छ। हामीले त्यो इशारा बुझ्नमात्र सक्नुपर्दछ◆ ।।३२९।।

अरू– मन रहेसम्म यसले जीवलाई कहिल्यै सुखको निद्रा लिन दिंदैन। बन्धनको मुख्य कारण नै यही हो। अतः मनलाई मित्र नसम्झ, शीघ्रातिशीघ्र यसलाई मिटाउने प्रयत्नमा लाग। यथा–

मन एव मनुष्याणां कारणं बन्ध मोक्षयोः ।
बन्धाय विषयासक्ती मुक्तो निर्विषयं मनः ।।८१।।
यथा संह्लीयते सर्वमस्तं गच्छति भास्करे ।
कर्मजालं तथा सर्वममनस्के विलीयते ।।९२ [अमनस्क गीता अ. २]

◆ We can not kindle when we will
The fire which in the heart resides,
The spirit bloweth and is still,
In mystery our soul abides
But tasks in hours of insight will'd
Can be through hopes of gloomfulfilled —M. Arnold

यहाँ म्याथ्यु आर्नोल्ड भन्दछन्– 'मानवको लागि आफ्नो पवित्र लक्ष्यसम्म पुग्ने उत्साह उमंग कुनै-कुनै क्षणमा मात्र पाइन्छ, त्यो पनि दोस्रै क्षणमा शान्त भइहाल्दछ। कहिले काहीं जीवन-मार्गलाई यो आत्माले प्रकाश पारिदिन्छ, जटिल परिस्थितिलाई फुकाएर पुनः लुप्त हुन्छ। अतएव अति सावधानीका साथ जीवनभर यो आवाजको प्रतिक्षा र अनुसरण हुनको जरूरी छ। यो अभ्यास स्वाभाविक बनेपछि अन्य अवस्थामा पनि उक्त प्रतिज्ञाको पालन भइरहेको हुन्छ।

'मानवको लागि बन्धन र मुक्तिको कारण मन नै हो । यो मन विषयमा आसक्त छ भने बन्धन बनिरहेछ, उही मन विषयबाट हटनासाथ जीव मुक्त भइहाल्दछ ॥८१॥ तेजोमय सूर्य अस्तभएपछि किरणहरू पनि साथै बटुलिएर जान्छन्। त्यस्तै कर्म-वासनाका जंजाल पनि मन विलय भएपछि साथै विलीन बनी, लोप भएर जान्छन् ॥९२॥

बोलत ही पहिचानिये, साहु चोर का घाट ।
अन्तर घटकी करनी, निकरे मुखकी वाट ॥३३०॥

बोल्दैमा जानिहालिन्छ, सज्जन - दुष्ट लक्षण ।
अन्तः करणको चाल, निक्लन्छ मुख भै कन ॥

अर्थ– मानिसले शब्द उच्चारण गर्नासाथ साहु (साधु) र चोरका घाट–उसको भित्र जे जस्ता लक्षण–शुभगुण दुर्गुणहरू छन्, सबै थाहाहुन्छ । घटभित्रको कर्तव्य वा हृदयको भाव समय-समयमा मुखद्वारा निस्किरहन्छ ॥३३०॥

अरू– वचन, व्यवहार र मुखाकृतिबाट पनि मानिसका हृदयको भाव बाहिर व्यक्त हुँदैरहन्छ। यसको विचार गरी उही अनुरूप सत्सङ्ग-शिक्षा, संग्रह-त्याग गर्न योग्य छ ।

1– Speech is a mirror of the Soul; as a man speaks so is he.
—P. Syrus.
2– The face is the index of the mind.

'आत्माको ऐना बोली नै हो । मानिस जस्तो बोल्दछ, ऊ उस्तै छ भन्ने जान ।'
'वचन बोल्दाको अनुहार नै उसका मनको सूचीपत्र हो ।'

दिलका महरमि कोइ न मिलिया, जो मिलिया सो गर्जी ।
कहहिं कवीर असमानहिं फाटा, क्यों कर सीवै दर्जी ॥३३१॥

मिलेनन् दिलका मर्मी, जो मिले गरजी सबै ।
कबीर व्योम जो फाटे, के गरी सिउला दर्मै ॥

अर्थ– हृदयको रहस्यविद–कोही भेटिएनन् (सारै थोरै भेटिए) । अन्य जो-जो भेटिए, स्वार्थीजनमात्र। गुरुकबीर भन्नु

हुन्छ– आसमान–अन्तःकरण फाटयो भने दर्जी–सद्गुरु-सन्तले कसरी सिइदिउन् ! (कसो गरी सम्झाउन् !) ।।३३१।।

अरू– विशेषतः संसारीजन भोग-स्वार्थासक्तमात्र छन्, परमार्थं धर्म भक्ति सत्सङ्गको कसैलाई कुनै चासो छैन । कोही-कोही धर्म, कर्ममा प्रवृत्त छन् र पनि ऋद्धि-सिद्धि धन मान प्रतिष्ठा आरोग्यादि लाभको निम्ति लागेका छन्। तेस्रा तहका–स्वर्ग परमधामको निवास, परोक्ष ईश्वर ब्रह्मादि प्राप्तिको लागि प्रवृत्त छन्, तर हृदय-कै साक्षात् द्यौता (स्व चेतन स्वरूप) लाई चिन्ने, स्वरूप-स्थितिको शान्ति सुख लिने, शुभाचरण सह्माल्ने विवेकी सन्त मिल्न साह्रै कठिन छ । मानिसको अन्तःकरण नै शुभाचरणबाट फाटी आसक्ति-कल्पनाले चिरा-चिरा बनाइरहेछ भने यस्तालाई सतगुरुले कसोगरी सम्झाउन् ! कुन युक्तिबाट कल्याणको ठीक मार्गमा लगाउन् !

ई जग जरते देखिया, अपनी अपनी आगि ।
ऐसा कोई ना मिला, जासों रहिये लागि ।।३३२।।

जलेका यो जगत् देखें, आ-आफ्नै अग्निमा परी ।
मिलेनन् ती कुनै यस्ता, बस्न योग्य सुसङ्गती ।।

अर्थ– मैले हेर्दा सारा प्राणी आ-आफ्नै अहङ्कार-आसक्तिको आगोमा डडिरहेका देखें । तर सदा साथ-सङ्गतमा लागिरहौं भने जस्ता कुनै विवेकी व्यक्ति भेटिएनन्, सारै थोरै भेटिए ।।३३२।।

अरू– जगत्जन खानी,-व्यवहारका हुन् वा वाणी व्यवहार-का; सबै कमी तृष्णा अहङ्कारकै भुङरामा पिल्सी रहेछन् । यिनलाई जीवनको सुधार र शान्ति-स्थिति लिने मुख्य माध्यमको कुनै विवेक भएन। भैंगो यिनी विवेक नगरुन्; देह द्रव्य कुटुम्ब पदार्थैमात्र अँगाली बसुन् । पछि ठूलो कष्ट भोग्नुपर्नेछ, आजैदेखि दुःख खप्ने अभ्यास बनाइराखुन् । यस्तैभ्रान्तिमा परी, यसै गरी-गरी कति-कति जन्म गुमाइसके, आजको यो जीवन पनि पुरानै चालबाट गुमाउन् ।

धन पद पदार्थ भएर, पुगिसरी आएरमात्र मानिस सुखी हुँदैन। मनले कतै अँगालो नहालेको, कुनै इच्छा नभएको, केही नसम्झेको, छुट्टा रही सचेत-शान्त स्थितिमा रहेको अवस्था नै साँच्चिको सुख शान्ति हो। विरक्त महापुरुषहरूसंग के छ र! तर उनीमा सन्तोष छ, मन फुक्का, निःभ्रान्ति छ; यसैले ती, सम्राट्-भन्दापनि अधिक सुखी छन्। तिमी पनि यस्तै सुखीका संसर्गमा बसी, मनलाई आसक्ति-अहङ्कार कमी र कल्पनाबाट फुक्का बनाउन सिक। उपर्युक्त स्वरूपनिष्ठ नै आफू सुखी रही, अरूलाई पनि सुखी बनाइदिन समर्थ हुन्छन्।

कोइ कोइ सन्त प्रगट ह्वै जगमें, पार होय सोइ पार करनवा हो।
सत्य परीक्षक धारण वैसहिं, दुखको दुख नहिं मनहिं सुखनवा हो।।
[भवयान ६।१०।१३]

"रत्ती सुखी न छन् इन्द्र, नसुखी चक्रवर्ति छन्।
ज्ञानी विरक्त छन् शान्त, जो एकान्त निमग्नजन।।"

बना बनाया मानवा, बिना बुद्धि बेतूल।
कहा लाल लै कीजिये, विना वास का फूल।।३३३।।

बनो बनाउ यी मान्छे, बिना बुद्धि बिकामका।
के गर्नु देख्नका राता, फूल जो बिन वासका।।

अर्थ– स्वतन्त्र सम्राट्समान आफैं चेतन जीव छँदैछ। पूर्व-पुण्यबाट सर्वोत्तम मानव तन बनाएको पनि छ, यति भईकन पनि विवेकसम्पन्नको बुद्धि-बिना, आफैं देह अंश आभास बनी, आफूमाथि अर्का कर्ता स्वामीको कल्पना बनाइरहेछ। यस्ता भ्रान्तजनले, लाल (माणिक) समान मुक्तिको साधन नर-तन पाएर पो के काम लाग्यो! त्यसको महत्त्व बुझ्न सकेन, सदुपयोग गर्न जानेन। सुगन्धरहितको पलास-फूलसमान गुरु-बुद्धिबाट विहीन हुँदा यसको यस्तो अमूल्य मानव-जीवन पनि व्यर्थ भयो।।३३३।।

अरू– मानव-जीवनको महत्त्व सम्झौं, विवेकपूर्वक यसलाई सदुपयोगमा लिउँ । दृढ लगन, शुद्ध मन र सम्यक विवेकले सानै कामबाट अल्प समयमै पनि महान् बन्न सकिन्छ ।◆

साँच बराबर तप नहीं, झूठ बराबर पाप ।
जाके हृदया साँच है, ताके हृदया आप ।।३३४।।

सत्य सरि तपै छैन, न झूटो सरि पाप छ ।
जसको दिलमा सत्य-ऊ स्वयं दिल वास छ ।।

अर्थ– सत्य परीक्षा, सत्य धारण गर्नुसमान अरू कुनै तपस्या छैन, असत्यसमान अधर्म पनि अर्को हुँदैन । जसको हृदय सत्यमय छ, उसको हृदयमा आफ्नै साम्राज्य (शुद्ध चेतनको प्रखर ज्ञान-प्रकाश) अपरोक्ष छँदैछ ।।३३४।।

अरू– सत्य आचरण, दैवी सम्पत्तिको पालनमा अटल रहनु, न्याय-निर्णय वा काम गर्दा सत्य-सत्य गर्नु, द्रष्टा ज्ञानमात्रमा स्थिर

◆In small proportion we just beauties see;
And in short measure life may perfect be,
–Ben Johnson.

'ठूलो चीजमा मात्र महानता हुँदैन, स-सानै चीजमा पनि सुन्दरता र गौरवता पाइन्छ । कलाकारले सानै विषयमा आफ्नो सम्पूर्णकला परिचय गराउँछ । उसको विज्ञवर्गले विशेष प्रशंसा समादर पनि गर्दछन् । अंग-प्रत्यंगको समता, सुकुमारता र सौन्दर्यताबाट नै कुनै वस्तुमा प्रज्वलता आउँछ । विशाल वस्तुले हाम्रो अन्तसमा त्यत्तिको आकर्षण गर्दैन, जत्तिको हाम्रो हृदयलाई सानो चीजले चिमोट्तछ । कलात्मक सुमधुर विन्यासले फूल जति अनुकूल लाग्दछ, उति विशाल वृक्ष लाग्दैन । बाँझको वृक्ष अजङ्को भई तीनसय वर्ष बाँचेर पनि सित्तैं सुकेर मुडो बनी ढल्दछ । तर कुमुदिनी फूल (Lily) फुल्दछ, सबको मन मुग्ध पारी सुमधुर सुगन्ध छरी, उही दिन वैलाउँछ । यस्तै मानव सय वर्ष बाँचेर पनि उत्तमोत्तम कर्तव्य चयन गरी स्व-पर उपकार गर्दैन भने त्यस्ताको जीवन के जीवन ! सत् कार्यको सम्पादनबाट मानव-जीवन सार्थक हुन्छ, विवेकशील भएन भने धेरै बाँचेरमात्र के हुन्छ ! उत्तम आचरण, पवित्र व्यवहारबाट अरूलाई मुग्ध पार्ने मानव नै महान् हुन्; यस्ताको अल्प आयु भएपनि सार्थक छ । यहाँ अनेक महा पुरुष भए, जसले आफ्नो छोटो जीवनमै विवेकशील र आत्मनिष्ठ बनी, उत्तमोत्तम कार्य गरेर संसार लाई अमूल्य-अमूल्यका निधि छोडेर युग-युगौं रहने नाम कमाई गए ।

रहनु, कल्पना र कुनै पक्ष-जालमा नलाग्नु । व्यवहारमा पनि साँचो बोल्नु, व्यर्थका प्रपञ्ची वार्तामा आफ्नो अमूल्य समय नबिताउनु । यही हो–मुख्य सत्यको पालन ।◈ यो सत्य पालन जस्तो ठूलो अरू कुनै तपस्या छैन । झूटा बोल-चाल, चोरी हिंसा व्यसन आदि असत्य आचरण गर्नु, कल्पना-भ्रान्तिमा दौडनु नै हो– महा पाप । पापाचारले कहिल्यै भलो हुँदैन, सत्य धारणाबाट सदा हृदय निर्मल रहन्छ । यही हो–हाम्रो परम साम्राज्य, यही शान्ति स्थिति । आज-अहिल्यै यहीं त्यो उपलब्ध छ । मृत्युवाद मुक्ति मिल्दछ, कसैका कृपाबाट मुक्ति पाइन्छ भन्ने यहाँ कुनै भाका-खावाको कुरा छैन ।

कारे बडे कुल ऊपजै , जोरे बडी बुधि नाहिं ।
जैसा फूल उजारिका , मिथ्या लगि झरि जाहिं ।।३३५।।

के भो ठूला कुले जन्मी , श्रेष्ठ बुद्धि नभै कन ।
उजाड बनको फूल , फुल्छ झर्छ उसै बन ।।

अर्थ– यदि व्यक्तिमा निर्णय-बुद्धि छैन भने उत्तम कूल-घरान-मा जन्म भएपनि त के काम लाग्यो ! उजाडको जङ्गलमा फूल फूली व्यर्थ झरेर विनष्ट भएझैं卐 उसको जीवन कुनै सार्थक काममा आएन ।।३३५।।

◈Beauty is truth, truth beauty–that is all
Ye know on earth, and all ye need to know.
–John Keats

'सौन्दर्य सत्य हो, सत्य नै सौन्दर्य हो । संसारमा तिमीले जान्नुपर्ने मुख्य कुरो यहीछ, 'सत्यं शिवं सुन्दरम् ।'

卐Full Many a gem of purest ray serene,
The dark unfathom'd caves of ocean bear:
Full many a flower is born to blush unseen,
And waste its sweetness on the desert air.
–Thomas Gray.

अन्धकारमय अज्ञात गहिरो समुद्री सतहभित्र असंख्य चहकिला रत्नहरू पारखीका दृश्य बाहिर रहेका हुन्छन् । त्यस्तै बस्ती नभएको बन-बगैंचामा प्रति राम्रा रहरलाग्दा

अरू– मानिएका उत्तम-मध्यम जाति, कुल-खानदान सबै मनुष्यको निम्ति खालि अहङ्कार भर्ने साधनमात्र भइरहेछन्, उत्तम-स्थिति-आचरणका कुनै काममा आउन सकेनन् । यदि उत्तम बुद्धि-गुणभए, परोपकार गर्दथे, सत्यको शोधन गरी स्व-पर कल्याण गर्नेथिए । यी गुणको बिना, पशु कृमि भन्दा पनि मनुष्य गए-बितेको भइरहेछ । उसले उल्टो कुकर्म-पाप-वासनामात्र बटुलिरहेछ ।

कर्ते किया न विधि किया, रवि शशि परी न दृष्टि ।
तीन लोकमें है नहीं, जाने सकलो सृष्टि ।।३३६।।

रचेनन् विधि- कर्ताले, देखिन्न चन्द्र सूर्यले ।
त्रि-लोकमा छँदै छैन, जान्दछन् सब सृष्टिले ।।

अर्थ– मानवले मानेका कल्पित ईश्वर-ब्रह्मादिलाई कुनै कर्ताले बनाएनन्, विधि–संयोगबाट बनेका पनि होइनन् । महान् सूर्य-चद्रमाको झलमल्ल प्रकाशमा पनि ती देखिंदैनन् । द्रष्टा, दृश्य, दर्शन आदि पूरा विश्वमा पनि ती छैनन् । तर सृष्टिका सारा मानिस तिनैको कल्पना गरी, कल्पनालाई नै सत्य सम्झी आफ्ना कर्ता, सुख-मोक्षदाता, परम रक्षक यिनै हुन् भन्ने जानिरहेछन् ।।३३६।।

अरू– गन्धर्व-नगर, आकाश-कुसुमसमान अदेख–जे जति कल्पना हुन्, ती सबै मानिसकै मनोभव भ्रान्तिमात्र हुन् । जीव यिनलाई पाउन भनी अनेक जप-तप अनुष्ठान गर्दछ, तर पाउँदैन, तैपनि तिनैमा व्यस्त बन्दछ । छाया समाउन खोजेर के सकिन्थ्यो ! तैं छाया देख्न त देखिन्छ ! यी त मनकै कल्पना हुनाले भित्र भानमात्र हुन्छन् । तिमी तिनैको भावनामा रीझिइरहेछौ, विवेक गर ।

फूलहरू फक्रन्छन्, ढकमक्क भई फुल्दछन्, तर के गर्ने ! मानिसको नजर नपर्दा उसका सौन्दर्य 'प्रभा उसै' वैलाउँछन् र सुमधुर महक सित्तैं विनाश हुन्छन् । यस्तै अनेक गुणवान् सन्त कवि साहसी व्यक्ति पनि समय, योग्यता बिना संसारले चिन्नै नपाई, त्यसै बिते-होलान्, बित्तै छन्, बित्नेछन् ।

'कर्ते किया न' भन्नको भाव हो– कार्य पदार्थ वा पुत्र-पुत्री, पैदा भएकैं कसैबाट बने-पैदा भएका पनि ती होइनन्, केवल मनुष्यकै मनका कल्पना हुन् । भएका पदार्थजति कुनै न कुनै साधनद्वारा सबैलाई प्रत्यक्ष हुन्छन् । कल्पित छाया भने कल्पना कर्ता मानवकै मनमा रहन्छ, त्यसबाट कुनै काम बन्न सक्तैन । कल्पनाका इष्ट, ज्योति-दर्शन, अनहृदनादको श्रवण र ब्रह्म-अनुभव पनि यस्तै हुन् । अतएव तिमी विवेकी मानव ह्वौ, कूटाको भरोसामा नपर, साँच्चै मुक्त हुन, शुद्ध चेतनकै स्थिति बनाउ ।

'वायू अपाने गुणोंको जनाती । अग्नि भी अपाने गुणोंको दिखाती ।।
जल भी अपाने गुणोंको जनावै । पाँचों में पाँचों के गुण भी दिखावै ।।
पृथ्वी अपाने गुणोंको दिखाती । आकाशमें भी रुकावट न आती ।।
पाँचोंका ज्ञाता भी निजको जनाता । ईश्वर कहाँ है न मुक्तको दिखाता ।।

[न्यायनामा]

सुरहुर पेड अगाध फल , पन्छी मरिया क्रूर ।
बहुत जतन कै खोजिया , फल मीठा पै दूर ।।३३७।।

अग्लो वृक्ष फलै धेर , पन्छी सुकेर मर्दछन् ।
अति यत्न गरी खोज्दा , फल मीठा पर्रै त भन् ।।

अर्थ– सुरहुर–सुरहोनी (पुन्नाग जातको) वृक्ष अर्थात् स्वर्ग,(परमधाम, बिहिश्त नाउँको बोट) धेरैमाथि छ । उसमा सुख मुक्तिरूपी फल लटरम्म फलेका छन् । ती फल पाउन भनी कर्मी उपासकरूपी चरा तप साधना तीर्थादि गरी-गरी सुकेरै मरिसके । धेरै मेहनतबाट यिनले खोजिगरे, त्यहाँको सुख भोग रूपी फल बिछट्ट मीठो छ, तर अति टाढा छ भन्दछन् ।।३३७।।

अरू– नामै छ–'स्वर्गीय सुख, अमृतपान, अप्सराका साथ रमण, अलकापुरी शहर र नन्दनबनको विहार, उत्तमोत्तम भोग-उपभोग ऐश-विलास, आनन्द, स्वर्गमा पाइन्छ–भन्दछन् । परमधाम

सबै भन्दामाथि छ, त्यहाँ श्रीराज, श्री श्यामाजी विराजमान् हुनुहुन्छ। उहाँका साथ पाइने अलौकिक सुख भोग, सबै अवर्णनीय छ। मुक्तभई बस्ने ठाउँ त्यही हो भनी कल्पना गर्दछन्। यही हो– 'फल मीठा पै दूर' भनेको। कल्पना र सुख भोगको लालचमा हाम्रा कतिपय पुर्खा आर्यहरू पनि घोडा गाई आदि जीव हत्या गरी यज्ञमा हवन् गर्दथे◆ जीव बलिदान दिन्थे, देवीलाई अरु बलि दिंदैछन्। कठोर तपस्या गर्थे भन्दछन्। मुसलमान, आदि आज पनि कुरबानी–जीवहत्या गर्दैछन्। यसरी कल्पित स्वर्ग-सुख पाउँला भनी आफू पनि दुःख पाउँछन्, बिचरा अजान जीवको पनि ज्यान लिन्छन्, कस्तो भारी पाप कृत्यको समझ!

भगवान् वैकुण्ठ-गो लोकादिमा हुनुहुन्छ, हामी मुक्त भई उहीं बस्न पाउँछौं। मुक्ति–सालोक्य (भगवान्को लोकमा बस्न पाउनु) सामीप्य (उहाँको नजिक बस्न पाउनु) सारूप्य (उहाँकै जस्तो रूप हुनु) र सायुज्य (उहाँमै मिल्नु) यी चार मुक्तिफल अति मीठा–सुखदायक छन् भन्ने मानेका छन्, तर छ–अति टाढा र भारी कठिन। अर्थात् यी सबै मनकै कल्पनामात्र हुन्। स्वरूपस्थिति र वासना-त्यागब्राट मात्र यथार्थ मुक्ति हुनेछ, त्यो यहीं अहिल्यै छ, केवल निर्भ्रान्त र अनासक्त हुनको विलम्ब छ।

'दूरि नाहिं दूरि आशा हो ।।' [बीजक कहरा–३]

बैठा रहै सो बानिया, ठाढ रहै सो ग्वाल।
जागत रहै सो पहरुवा, तेहि धरि खायो काल ।।३३८।।

बनियाँ व्यक्ति हुन् बस्ने, गोठाला उभिने भए।
जाग्रामी पहरेदार - खायो काल सबै गए ।।

अर्थ– बनियाँ-पसले झैं, बसी-बसी जप ध्यान गर्ने उपासक; गोठालाझैं खडा रहने ठाढेश्वरी, तीर्थ-भ्रमण गर्ने कर्मीहरू र पाले-

◆द्रष्टव्यः– यजुर्वेद अध्याय २१ देखि अध्याय २५ सम्म।

चौकीदारसमान रात-रात जागी यौगिक जञ्जालमा पर्ने योगी–यी सबैलाई स्वरूपबोध र स्थिति बिना, कल्पनारूपी कालले खायो-खाइरहेछ ।।३३८।।

अरू– कर्मी, उपासक, ठाढेश्वरी, योगी इत्यादि साधक; कर्म उपासना आसन मुद्रादिमा परिश्रम त सारै गर्दछन्, तर बिना विवेक स्वरूपबोधको स्थितिमा नपुगी मार्गमै विश्राम मान्दा सारा परिश्रम पोगटा-कुटाईमा खेर गइरहेछ। अतः सबै कल्पना पक्ष छाडी, निर्मानतापूर्वक पारखीजनका साथ सत्सङ्ग गर्नु र पारखद्वारा स्वरूप-बोध प्राप्त गरी, सबै भ्रान्ति-कल्पनाबाट खाली हुनु, यही बुद्धिमान्‌को काम हो ।

आगे आगे दौं जरे, पाछे हरियर होय ।
वलिहारी त्यहि वृक्षकी, जर काटे फल होय ।।३३९।।

डँडेलो अघि बल्दै छ, पछिल्तिर फलाउँछ ।
प्रशंसनीय त्यो वृक्ष, काटे - जरो फलाउँछ ।।

अर्थ– मन जता-जता जान्छ, साथै अघि-अघि कामना-कल्पनाको डँढेलो सल्कँदै जान्छ, पछि-पछि भव-बन्धन–संसार-वृक्ष हरियो-भरियो भई मौलाउँछ। त्यो वृक्षको विशेषता छ– त्यसको वासना-रूपी जरो काटिदियो भने मुक्तिफल फलिहाल्दछ ।।३३९।।

अरू– प्राणीमात्रमा मन-मन्त्रीकै शासन चलिरहेछ। मनभने महा व्यसनी छ, बिना पारखबोध, यसले चेतन सम्राट्‌लाई एक न एक कामना-कल्पनाको आगो लगाई नै रहन्छ । ऊ आफू अनेक क्रियामा प्रवृत्त हुन्छ । क्रियाबाट संस्कार बन्दछ, संस्कार वासना-वश जीवको जन्म-मरण भइरहेछ, भइ नै रहन्छ । तर स्वरूपबोध र वैराग्यबाट यसको जरो काटिन सक्तछ, निर्बन्ध रहने मुख्य माध्यम यो बाहेक अरू छैन। अतएव हाम्रो कर्तव्य हो– त्यो अनादिको

संसृतमा पार्ने भक्ति सत्सङ्ग साधना स्थितिको बञ्चरोले संसार-वृक्षलाई ढाली, शान्ति-मुक्तिको मैदान छयाङ-छयाङती खुला पारौं।

'जस यह जीव रहै जो तैसहिं , सुख लस परखि निराशी ।
तजि भ्रम भूल मोह जड ममता , आपहि आप सुपासी ।।
(भवयान ८।१६)

जन्म मरण बाला पना , चौथे वृद्ध अवस्था आय ।
जस मूसाको तकै बिलाई , अस यम जिव घात लगाय ।।३४०।।

जन्म मरण बाल्यै ता , चौथो वृद्धत्व आउँछ ।
मुसो ढुक्ने बिरालो झैं , यमले दाउ लाउँछ ।।

अर्थ– देहधारी जीवको क्रमशः जन्म, बालपन, यौवन हुँदै चौथो वृद्ध-अवस्था आउँछ । यसै बीच जस्तो मुसा मार्न बिरालोले दाउ हेरिरहन्छ, त्यस्तै यता मृत्युले पनि शरीर- धारीमाथि दाउ हेरिरहेछ ।।३४०।।

अ.रू.– शरीरको कुनै भरोसा छैन, आज हो वा भोली, एक न एक दिन अपर्झटमा यो शरीर अवश्य छुट्दछ। अतः हामीले त्यस अघि नै बोध-साधनाद्वारा आफ्नो मन इन्द्रियलाई संयममा राखिसक्नु पर्दछ। 'यो-यो काम गर्नु छ, यसो-यसो गरौंला' भन्ने कुनै कामना बाँकी नराखी, पूर्णकाम बनेर स्वरूपभावमा बस्नु, अनिमात्र सदाको निम्ति शान्ति-स्थिति बन्नेछ। यसको लागि वैराग्य, दोष-दर्शन, शरीरको क्षणभङ्गुरतादि लक्ष्यको सम्मुख बनिरहनु अति आवश्यक छ । मनमा वैराग्य छ भने वृत्ति सहजै स्वरूपमा शान्त रहेको हुन्छ ।

यदा पञ्चावतिष्ठन्ते ज्ञानानि मनसा सहः ।
बुद्धिश्च न विचेष्टति तामाहुः परमां गतिम् ।।
(कठोपनिषद् ३।१।१०)

'जुन बखतमा मनसहित पाँच ज्ञान इन्द्रिय शान्त भई विश्राम लिन्छन्, बुद्धिले विषयको निश्चय गर्न छाडी ज्ञानमा शान्त हुन्छ, अनि जीव परम गतिमा प्राप्त हुनेछ।'

है विगरायल ओर का, विगरो नाहिं बिगारो।
घाव काहि पर घालो, जित देखो तित प्राण हमारो ।।३४१।।

छन् पूर्वं देखि बिग्रेका, नबिग्र नबिगार है।
कसमा कष्ट के दिन्छौ, आफ्नै प्राण जतातत्तै ।।

अर्थ– सुज्ञजन ! जीव आफ्नै भूल-वश अनादिदेखि आ-आफ्ना थान्कामा नरही, जन्म-मरणरूप चक्रमा पिंधिइरहेछन् । अब तिमी फेरि उनलाई कल्पनाको उपदेश दिई वा प्रतिकूल वचन बोली अरू पतित नबनाउ, कष्ट नदेउ । तिमी पनि पतित नबन ! छाड ती कल्पित मान्यता र कठोर वचनलाई ! अरू कसलाई यस्ता घाउ बनाइदिन्छौ ! जता हेर, उतै हाम्रा स्वजाति प्राणप्रिय जीव चेतनै त छन् ! ।।३४१।।

अरू– अथवा अनेक कल्पना र विषय-वासनामा जीव अनादि देखि-अल्झी, स्व स्थितिबाट वञ्चित रहेका छन् । यस्तालाई पात्र नहेरी, उनको मान्यता र निश्चयमा ठक्कर लाग्ने गरी, भएभरको सत्य निर्णयज्ञान खन्याई, अन्योलमा नपार, बिस्तार-बिस्तार भ्रम-कल्पना छुटाउँदै सत्यको आधार दिंदै, ठीक मार्ग लगाइदिने प्रयत्न गर । हितैषी नै भएपनि कष्टदायी वचन बोलेर किन-कसलाई चोट बनाइदिनु ! स्वमत, पर मतका, वा हिन्दू-मुसलमान आदि जो भएपनि सबै हाम्रै स्वजाति जीव न हुन् ! सबैसित नरम-मिठो व्यवहार गरी, तिनलाई पनि सत्यको बाटो लगाउन सक, सबैमाथि दयालु बन ।卐

卐–(1) The quality of mercy is not strain'd;
It droppeth as the gentle rain from heaven

पारस परसे कञ्चन भौ, पारस कधी न होय ।
पारस के अर्स पर्स ते, सुवर्ण कहावै सोय ।।३४२।।
पारस छोइ भो स्वर्ण, कहिल्यै हुन्न पारस ।
पारस साथले गर्दा, भनिन्छ स्वर्ण त्यो बस ।।

Upon the place beneath: it is twice bless'd
It blesseth him that gives and him that takes:
'Tis mightiest in the mightiest: it becomes
The throned monarch better than his crown;
His sceptre shows the force of temporal power,
The attribute to awe and majesty,
Wherein doth sit the dread and fear of kings,
But mercy is above this sceptred sway,–
It is enthroned in the hearts of kings;
It is an attribute to God himself.
And earthly power doth then show likest God's
When mercy seasons justice. —Shakespeare

'दयाको गुण अस्वाभाविक होइन । आकाशबाट गम्भीरतापूर्वक जल बर्सेर भूतलमा शक्ति प्रदान गर्ने वर्षासमान यो दोहरै सौभाग्यशाली छ । दया गर्ने र गरिने-दुवैलाई प्रमुदित गराउँछ । यो 'दया' भन्ने वस्तु शक्तिशालीमा महान् शक्तिशाली छ । राजाको लागि राजमुकुट भन्दापनि यसको महत्त्व महान् छ । उनको राजदण्डले क्षणिक शक्ति देखाउँछ । भयको विशेषता नै राजसत्ता हो । यसमा त्रासैत्रास रहन्छ । तर दया, त्यो भन्दा माथिको हो, राजाको हृदयभित्र प्रतिष्ठित छ । दया परमेश्वरकै प्रतीक हो । न्यायमा दया समावेश भई कण-कणमा मिलेपछि लौकिक शक्ति, दैवी शक्तिमा परिणत हुन्छ ।'

हामी आफूलाई यस्तो साँचोमा ढाल्न सकौं–

(२) सहूँ सहूँ निर्भय भै सहूँ म । सहेर नै उन्नत भै रहूँ म ।।

म क्षुद्रता टेक्तछु पाइलाले । धूलो दवाए सरि पाइलाले ।।
हिमाल झैं उत्तरमा रहन्छु । हुरी हजारौं सजिलै सहन्छु ।।

असत्यलाई यसरी सहन्छु । कि सत्यमा नै अडिई रहन्छु ।।
सहन्छु आफैं प्रति नै सहन्छु । म धर्तिमाता सरि नै सहन्छु ।।

माधव प्रसाद घिमिरे [राष्ट्रियता]

अर्थ– (जनश्रुतिअनुसार-) पारसको स्पर्शबाट फलाम पनि सुन हुन्छ, तर पारसै त कहिल्यै हुँदैन। नभएपनि पारसको संसर्ग-बाटै त्यो फलाम सुवर्ण कहिन्छ ।।३४२।।

अरू– पारससमान स्थितप्रज्ञ सन्तको संसर्गबाट अज्ञ जीव पनि सन्त हुन्छन् । दोस्रो–हृदय निवासी चेतनको संसर्गबाट जड शरीर पनि चेतनजस्तै ज्ञानयुक्त देखिन्छ । मन-मान्यता भित्र उठ्ता, शरीरबाट क्रिया हुँदा, यो शरीरमा यही मनोवृत्ति वा चित्त नै सर्वेसर्वा होला, चेतन भन्ने अर्को कुनै वस्तु नै छैन कि भनेजस्तो भान हुन्छ; तर नभएका वासना-संस्कार पनि पदार्थको संसर्ग भए-पछि चेतनकै सत्ताबाट बन्दछन्, जीवकै आधारमा रहन्छन्; समयमा उठ्छन्, बिलाउँछन् । वृत्ति बन्ने र नाश हुने हुन्, चेतन भने ती संस्कारहरू नबन्दै, पहिले पनि थियो, बीचमा पनि छ, संस्कार नष्ट भएपछि पनि रहन्छ । मन-मान्यता चित्तवृत्ति वासना र संस्कार–यी सबै एकै भावनात्मक वस्तुका नाम हुन् । अवस्थाको सम्म किञ्चित् भेद हो । बिना जीवको यो मन, न बन्न सक्तछ न यसको अस्तित्व नै रहन्छ । सार हो–शरीरमा चेतनकै ज्ञान-प्रकाश-को विशेषता छ, जड शरीरदेखि चेतन सर्वथा छुट्टै हो । सूर्यको सम्बन्धमा छाया बनेझैं तिनै जड-चेतनका सम्बन्धमा बनेका मान्यता संस्कारहरू एक प्रकारका वृत्तिमात्र हुन् ।

ढूँढत ढूँढत ढूँढिया, भया सो गूनागून ।
ढूँढत ढूँढत ना मिला, तब हारि कहा बेचून ।।३४३।।

खोज्दा खोज्दा निकै खोजे, गुनागून परे परे ।
खोज्दा खोज्दा नमिल्दा तों, हारी बेचूनमा गिरे ।।

अर्थ– मानिसले सार तत्त्व (परमात्मा) लाई खोज्दा-खोज्दा धेरै खोजे, अन्तमा नपाई गूनागून–गुणातीत छन् भन्न लागे । मुसलमान पनि हार खाएर, बेचून-बेनमून (चुन्न-छान्न, ग्रहण गर्न नसकिने, उपमारहित) भन्न लागे ।।३४३।।

अरू– अणुवीक्षण यन्त्र बिना, महीन परमाणु देख्न नसकिएसमान मनुष्यले विवेकरूपी आफ्नै स्वरूप चेतनलाई पनि के जानुन् ! स्वयंतिर घुमेर हेरे, स्मरण गरेका भए पाउनेथिए, बाहिर खोजेर के पाउनु ? तै पनि जगत्-कर्ता वा परम तत्त्वको नामबाट बाहिर खोजे, खोज्दा-खोज्दा पाएनन्, अन्तमा बेचून-बेनमून, लामुकाम्-गोयंगोय (यही हो भन्न-खोज्न नसकिने, उपमारहितका, बेठेगानका, अनिर्वचनीय) छन् भन्नलागे। जगत्-कर्ता कहीं कुनै भए न हो पाइने ! बीज वृक्ष-वत् प्राणीलाई सुख-दुःखको फल भोग, आफ्नै कर्म अनुसार स्वतः प्राप्त भइरहेकै छ। उता–जड प्रकृतिको विस्तार पनि अनादि जड-तत्त्वका गुण-धर्मादिबाट भइरहेकै छ। यो रहस्य नबुझेर मानिसहरू कर्ता छ भनी ईश्वर–खुदाको कल्पना गर्दछन्। खोज्दा-खोज्दा नपाई हार खान्छन् र अकथ–निर्गुण-निराकार छ, जगतै उसको स्वरूप हो भनी मन बुझाउँछन्।

बेचूने जग चूनिया , साँई नूर निनार।
आखिर ताके वखतमें , किसका करो दिदार॥३४४॥

रचे बेचून ले विश्व , स्वामीको तेज भिन्न छ।
उसको अन्त्य बेलामा , कसको दर्श गर्दछ॥

अर्थ– (मुसलमानहरूको मान्यता छ–) 'साँई नूर–प्रकाश स्वरूप खुदा सबभन्दा माथि सातौं आसमान (आकाश) मा छन्, उनै बेचून-बेनमून (खोज्नै नसकिने, उपमारहितका) खुदाले यो दुनियाँ चूनियाँ–बनाएका हुन्।' यसमा सद्गुरु भन्नुहुन्छ– आखिर रोजा कयामतको (प्रलयपछि कर्मको हिसाब हुने) दिनमा त्यस्ता लक्षणका खुदाको दिदार–दर्शन कसोगरी गरौला ! ॥३४४॥

अरू– मुसलमानहरूको मान्यता छ– शरीर छोडेर जति रूहे (जीव) जान्छन्, ती सबै कयामतको दिन तिनका कबरिस्तानबाट

खुदाका समक्ष ल्याइन्छन्, उसै दिन उनका कर्मको हिसाब हुन्छ। अनि कर्मानुसार तिनलाई (स्वर्ग-नर्क) पठाइन्छ।

गुरु कबीर भन्नुहुन्छ– खुदा बेचून-बेनमून छन् भने उनको दर्शन कसरी होला ! त्यो त तिम्रो मनकै भावना न हो ! यस्तै मिल्दा-जुल्दा कुरा हिन्दूहरू पनि मान्दछन्– "ईश्वर, निर्गुण-निराकार छन्, ती स्वर्गमा रहन्छन् वा सर्वत्र व्याप्त छन्। यो जगत् उनैको रचना हो।" यसमा पनि विचार गर्नु योग्य छ– निर्गुण-निराकार कर्ताले सगुण साकार जगत् कसोगरी रचना गर्न सक्लान् ! आखिर त्यस्ताको दर्शन पनि कसरी होला र ! किन-भने दर्शन त जड-दृश्यको पो हुनसक्तछ।

सोई नूर दिल पाक है, सोई नूर पहिचान।
जाके किये जग हुवा, सो बेचून क्यों जान ॥३४५॥

त्यै दिल शुद्ध हो तेज, जान वास्तव नूर त्यो।
जसले रचदा विश्व - बन्यो बेचून कां भयो !

अर्थ– नूर–स्वयं ज्ञान प्रकाश, पाक–पवित्र, चेतन नै हृदय-वासी साँचो नूर हो। यही स्वयं प्रकाश पारख स्वरूप पनि हो– परीक्षापूर्वक जान। जसले इच्छामात्र गर्दा यत्रो महान् विश्व तयार भयो भन्दछौ, उसलाई बेचून-बेनमून भनी कसोगरी भनेका, निश्चय गरेका ह्वौ ! ॥३४५॥

अरू– 'बेचून-बेनमून, निर्गुण-निराकारले जगत् बनाए।' मुसलमानहरूको यो भनाईप्रति गुरुको जिज्ञासा छ– भाइ ! जसले जगत् बनाउन सक्तछ, उसलाई बेचून-बेनमून, निराकार कसोगरी मान्यौ- ठहरायौ ?

निष्कर्षमा जड-चेतनको गुण क्रिया-कर्मबाट जगत् प्रवाहरूप अनादि छँदैछ। यिनका रचयिता कोही छैनन्। बेचून-बेनमून,

निर्गुण-निराकार कुनै कर्ता छन् भन्नु पनि मनकै कल्पनामात्र हुन्छ। सबैका परीक्षक पारख स्वरूप चेतन नै सत्य सार तत्त्व हो ।

यो साखीमा साँचो नूर हृदयकै चेतनलाई बताउनुभयो । यही चेतन नूर नै मानव-शरीर धारण गरेर खानी जाल (पति-पत्नी पुत्र परिवार द्रव्य देह चार खानिका कर्म शहर घर आदि) र वाणी जाल (अनेक देव देवी ग्रन्थ पन्थ भूत प्रेतादि) मानव-जगत् जीव-सृष्टिको रचयिता हो । यो बेचून-बेनमून होइन, स्वयं अपरोक्ष चेतन ज्ञान-स्वरूप ज्ञान-द्रव्य हो ।

ब्रह्मा पूछै जननि से, कर जोरे शीश नवाय ।
कौन वर्ण वह पुरुष है, माता कहु समुझाय ।।३४६।।

ब्रह्माजी जननी सामु - हात जोडेर सोद्धछन् ।
'पुरुष कुन वर्णका - छन् अम्बे ! भन' भन्दछन् ।।

अर्थ– ब्रह्माजी आफ्नी माताप्रति हात जोरी, शिर झुकाएर बिन्ती गर्दछन्– ती परम पुरुष परमात्मा कुन वर्णका-कस्ता ? हुनुहुन्छ, हे माता ! मलाई खुलस्त सम्झाउनुहोस् ।।३४६।।

रेख रूप वै है नहीं, अधर धरी नहिं देह ।
गगन मण्डलके मध्यमें, निरखो पुरुष विदेह ।।३४७।।

रूप चिह्न छैदै छैन, धरेनन् देह शून्य छन् ।
ब्रह्माण्ड केन्द्रका बीच - हेर व्यक्ति विदेह छन् ।।

अर्थ– (माता गायत्री भन्छिन्–) ती पुरुष ब्रह्मको चिह्न-रूप केही छैन । अधर (बिना शरीर) का छन्, उनले शरीरै लिएनन् । गगन-ब्रह्माण्ड मण्डल वा मस्तकमा ध्यान गरी, ती विदेह पुरुषको दर्शन गर ।।३४७।।

धरे ध्यान गगन के माहीं, लाये बज्र किवाँर ।
देखि प्रतिमा आपनी, तिनिउँ भए निहाल ।।३४८।।

ब्रह्माण्डमा धरे ध्यान, बज्र द्वार थुनी कन ।
स्वयं कै प्रतिमा देखी - निहाल तीन ती जन ।।

अर्थ– (ब्रह्मा विष्णु महेश्वरले पनि) बज्र-किवाँड अर्थात् सबै इन्द्रियका द्वार बन्द गरी, मनोवृत्तिलाई शून्य ब्रह्माण्डमा स्थिर गराई, ध्यान गर्दा समाधिमा आफ्नै मन-कल्पनाका छायाको दर्शन भयो। यसबाट तीनैजना दङ्दास परे। मनको प्रतिमा-आभासलाई 'ब्रह्म-परमतत्त्व' यही हो भन्ने सम्झन लागे ॥३४८॥

ये मन तो शीतल भया, जब उपजा ब्रह्मज्ञान।
जेहि बसन्दर जग जरै, सो पुनि उदक समान ॥३४९॥

मन यो अति मो ठण्डा ब्रह्मज्ञान प्रभा खुल्यो।
जून अग्नि विषे विश्व-डडे त्यै नीर झैं भयो॥

अर्थ– जब ब्रह्मज्ञान उत्पन्न भयो, तब तिनको मन अति शीतल-शान्त भयो। तर जुन बसन्दर–ब्रह्मज्ञानंको अग्निमा दुनियाँ जलिरहेछन्, के त्यो फेरि पानी जस्तै शीतल हुन सक्तछ! ॥३४९॥

अस्तु– यो साखी ब्रह्मज्ञानीहरूका प्रति व्यङ्ग्य हो। यसको अर्थ गर्दा अभिदा अर्थात् सोझै अर्थ गर्‍यो भने तल-माथिको अर्थमा विरोधाभास र सिद्धान्तको विपरित अर्थ हुनजान्छ। यसैले यसको अर्थ व्यञ्जनाबाट बुझनुपर्दछ। 'यिनको मन शीतल भयो, जब यिनलाई ब्रह्मज्ञान उत्पन्न भएको थियो' यो छनकयुक्त वाणीको अर्थ तल्लो पंक्तिबाट स्पष्ट खुल्दछ, अनि अर्थ बुझिन्छ। अर्थात् जुन आगोमा संसार जलिरहेछ, त्यो के पानी जस्तो शीतल हुन सक्तछ? अर्थात् हुन सक्तैन।

यो छनकपूर्ण साखीको अर्थ तल-माथिका साखीबाट झन् स्पष्ट हुन्छ। पहिले आएको थियो– आफ्नै छाया देखेर तीनै जना निहाल भए। अब अगाडि आउँछ– 'जो सङ्ग आदिको नाता थियो, त्यो भूमिका नै भुलियो' आफ्नो चेतनपद भुलेपछि ब्रह्म-ज्ञानबाट कहाँ शीतल भयो? यसैले यो वचन स्पष्टै व्यंग्योक्तिपूर्ण सिद्ध छ। बीजकभरमा भित्तो पुर्‍याई ब्रह्मज्ञानको जरो उखेल्ने गुरु कबीरले अन्त्यमा आएर फेरि उसैको विधि किन गर्नुहुन्थ्यो!

"जुन अग्निमा संसार जलिरहेछ, त्यो पानी जस्तो शीतल हुन सक्छ ?" यस्तो किन भनियो ? यसको भाव हो–स्वयं ज्ञान मात्र चेतनलाई जड-चेतन मिश्रित हो भनी मान्नु यही भ्रान्तिले गर्दा मानिसलाई आफ्नो वस्तुतः स्वरूपको बोध हुन नसकेर संसारको फेरोमार्न नछुटेको हो । एक विषय-वासना र दोस्रो आफूभन्दा छुट्टै ब्रह्म ईश्वरादिको कल्पना, यिनै दुइ भ्रान्ति-बन्धन जीवका निम्ति मुख्य भूल-भूलैया भइरहेछन् ।

'म ब्रह्म हुँ' भन्नेहरू छन् र पनि ती स्वयं शुद्ध ज्ञानसम्पन्न जीवलाई, आभास अन्तःकरण-विशिष्ट, नश्वर मान्दछन् । आफूलाई जड-चेतनमय पूर्णब्रह्म सम्झन्छन् । फेरि ब्रह्मबाट जगत् बन्ने र जगत्-ब्रह्ममा लय हुने, यो क्रम स्वाभाविक हो भन्छन् । यसो भएपछि जीवको मुक्ति कसोगरी हुन्छ ?

प्रत्यक्ष विद्यमान जगत्लाई भएकै होइन, छंदैछैन भन्नु, जीवलाई दुःख सुखको भोक्ता आभास हो भन्ने सम्झनु तथा सम्पूर्ण विश्व, भ्रान्ति हो भन्नु– इत्यादि कथन मनकै कल्पनामात्र हुन् । 'जगत् भएकै होइन, छँदै छैन' भन्ने अजातवादका ज्ञानीहरूले व्यावहारिक सत्ता भनेर केही गर्नैपरेन । किन शिक्षा गर्ने ? कसलाई उपदेश दिने ? किन मत प्रचार गर्ने ? नगरे के हानी छ र ? यो अजातवाद त मनलाई संसारबाट उपराम बनाउने एउटा युक्तियुक्त प्रकरणसम्म थियो, त्यसको दुरुपयोग गरी, जगतै नभएको भनी मनका तरङ्गमा बग्नु–यो इमानदारी होइन । वास्तवमा जड-चेतन दुवै सत्य हुन् । जड-विषयको आसक्ति र मन-कल्पनावश जीव भूलमा परी, आवागमनको फेरो मारिरहेछ । आसक्ति र कल्पना यी सबै बन्धन जब चुडालिन्छ, अनि जीव छुट्टा बनी मुक्त हुनेछ ।

जासो नाता आदिका , बिसरि गया सो ठौर ।
चौरासी के बसि परे , कहै और की और ॥३५०॥

जो संग आदिको नाता, भुसुक्क भूमि त्यो भुली।
चौरासीको अधीनस्थ - भै मन्दछन् अरू भुली ॥

अर्थ– जुन चेतनको आफ्नो आफैंसित आदिको नाता (सदा नित्य सम्बन्ध) थियो, त्यो आफ्नो पारख भूमिका जीवले बिर्स्यो र यहाँ चारखानिका चक्करमा परी विवश बनिरहेछ। यसैले वितण्डावाद -उल्टोपाल्टो बक-बक गरिरहन्छ ॥३५०॥

अरू– आफू अति शुद्ध ज्ञानवर्ण छँदै, स्वयंको भूल-वश अशुद्ध-अज्ञान बाह्य वस्तु वा कल्पनाका साथ जीवले नाता जोडि-रहेछ। दिनप्रति खानी-वाणीमा प्रीति बढ्दै जानाले चौरासीको चक्कर लगाउन विवश बनिरहेको हो। यो जीव जहाँ-जहाँ पुग्यो, जस्तो-जस्तो शरीर पायो, उही-उही रूप बनी, कष्ट भोग्न बाध्य बन्यो। जीव यसरी सबैदेखि छुट्टा, ज्ञानमात्र अनादि शाश्वत निर्विकार अक्रिय स्वतन्त्र छँदाछँदै पनि आफूलाई कहीं भन्छ– पराधीन, कठपुतलीसमान र अंश, कहीं भन्छ– प्रतिबिम्ब, कहीं– अद्वैत ब्रह्म, कोही भन्छन्– अवस्तु-शून्य हुँ, संसारको सुख भोग नै सार हो...इत्यादि। यही हो एकको अरू नै बक-बक गरिरहनु।

अलख लखौं अलखै लखौं, लखौं निरञ्जन तोहि।
हौं कबीर सबको लखौं, मो को लखै न कोहि ॥३५१॥

अलख लख्छु लख्तै छु, निरञ्जन लखें तिमी।
हुँ कबीर सबै लख्छु, लख्तैनन् म कनै यिनी ॥

अर्थ– अलख ब्रह्मलाई जान्दछु, लख्न-जान्नमा नआउने भनेका ब्रह्मलाई म राम्रै जान्दछु। उसैलाई निरञ्जन पनि भन्दछन्। तर वास्तवमा ब्रह्मको कल्पना गर्ने मन नै निरञ्जन हो, त्यसलाई पनि अवश्य जान्दछु। कबीर–म काया-वीर द्रष्टा चेतन पारख सत्य स्वरूप जनैया हुँ; एतदर्थ 'अहं ब्रह्म' भन्नेहरूसमेत सबैलाई जान्दछु। तर मलाई यी जड र कल्पना तथा कल्पना-ग्रस्त व्यक्ति कसैले जान्न सक्तैनन् ॥३५१॥

अरू- जुन ब्रह्मको स्वरूप अलख अदृश्य अप्रत्यक्ष छ, विचार जोखना गरी ठम्याउनै सकिंदैन, भनी सबै भन्दछन्, त्यो ब्रह्म भन्नु नै निरञ्जन मनको कल्पना आभासमात्र हो । यहाँ ग्रन्थको समाप्ति हुनाले गुरु कबीर पुनः विशेष जोड दिएर भन्नुहुन्छ– यही मनको कल्पनाजन्य अलख भनेका ब्रह्मलाई म जान्दछु । मनमा जे जति कल्पना-सङ्कल्प उठ्छन्, सबै दृश्य हुन्, म समस्तको द्रष्टा ज्ञाता हुँ । यी दृश्य र कल्पनाले म द्रष्टालाई जान्न-बनाउन सक्तैनन् । द्रष्टाको माथि अरू द्रष्टा हुनसक्तैन । चेतनले ब्रह्म-कल्पना हो भन्ने जान्दछ, जड-चेतन मिश्रित भनेका मान्यतारूपी ब्रह्मले विशुद्ध ज्ञानस्वरूप स्व चेतनलाई कसरी बनाउन् ! जानुन्! यसैले यो हृदय निवासी स्वयं चेतन नै श्रेष्ठ सत्य परम तत्त्व हो ।

हम तो लखा तिहुँ लोक में , तू क्यों कहै अलेख ।
सार शब्द जाना नहीं , धोखे पहिरा भेष ।।३५२।।

मैंले लखें तिनै लोक , अलेख किन भन्दछौ !
सार शब्द सुधो छैंन , भूलमा भेस रच्दछौ ।।

अर्थ- मैंले मनका कल्पनालाई र घट-घटवासी शुद्ध ज्ञान-मात्र सार सत्य वस्तुरूप परम तत्त्व चेतनलाई रजो तमो सत्त्वगुणी-तीनै लोकमा देखिरहेछु । तिमी तिनलाई अलेख–लेखै गर्न नसकिने भनी के भन्छौ ! तिमीले सत्य चेतनको निर्देशक अदाग सारशब्द निर्णय-पारखका वचन नै जान्न सकेनौ, नाहकै परमार्थको भेस पहिरेछौ ।।३५२।।

अरू- 'नाम रूप जति जम्मै वाणीका विकार◆ हुन्'– भन्दछन् । तर संसारका समस्त कार्य अनित्य छन् तापनि व्यवहार-मा प्रत्यक्ष साधक-बाधक बनिरहेछन् । कारणरूपबाट ती नित्य छन्, यसैले तिनलाई वाणीका विकारमात्र भन्न मिल्दैन । बरु

◆ बाचारंभणं विकारो नामध्येयम्...। [छान्दोग्य उपनिषद्]

ब्रह्म ईश्वरादि नै मनका मान्यतामात्र हुनाले तिनलाई वाणीका विकाररूप भन्न सकिन्छ ।

तिमी तिनलाई अलेख अगम मन-वाणी बुद्धिबाट अतर्क्य भन्छौ र पनि जान्न, पाउन मरिमेट्तछौ, साधनामा-प्रवृत्त हुन्छौ भने तिनलाई तिमीले कसोगरी भेट्टाउला ! वास्तवमा सर्व परे वस्तु हो– स्वयं स्वरूप चेतन, त्यो तिमी नै ह्वौ । मन बुद्धि वाणी सबैका सञ्चालक र समस्त कल्पित भावनाका कल्पक, मानव-तनधारी विशुद्ध चेतनका अतिरिक्त अरू को हुनसक्तछ !

"यो महान् आत्म-चेतन नित्य अनन्त सत्य स्वरूप एकरस छ । यो इन्द्रिय मन बुद्धि चित्त अहङ्कारादि सबैको द्रष्टा हो । यसैले सबदेखि भिन्न र विलक्ष छ । दृश्यदेखि द्रष्टा सर्वथा भिन्न रहन्छ नै । यो साक्षी हो, पक्षपातरहित, राग-द्वेषदेखि शून्य निर्विकार छ । महान् चैतन्य स्वरूप यो, पुत्र पत्नी वित्तादि, नेत्र श्रोत्रादि सबभन्दा अति प्यारो छ । जरा, मृत्यु आधि-व्याधिले उसलाई छुन पनि सक्तैन । यो एकरस अभय अमृत स्वरूप हो ।"

[नृसिंहोत्तर तापनीयोपनिषद् खण्ड-२]

यसलाई दृश्यदेखि घुमेर शरीर र अन्तःकरणबाट पनि अलग भई, स्वयं प्रतीतिबाट बोध गर्न सकिन्छ, यसरी अनुभव भइरहेछ । यस्तो स्वानुभूतको कुरामा पनि मनुष्य स्वयं विवेक गर्दैनन्, भय र पूर्वाग्रह-वश वाणीकै बाढीमा बगी, उल्टै हठ-पक्ष पक्रन्छन् । हामी त यसबाट बचेर पारख (विवेक) कै अनुसरण गरी स्वयं ज्ञानमात्रमा स्थिति बनाउँ ।

साखी आँखी ज्ञान की, समुझि देखु मन माहिं ।
बिन साखी संसार का, झगरा छूटत नाहिं ।।३५३।।

साखी हो ज्ञान को आँखो, दिल - सम्झ विवेक ली ।
संसारमा बिना साक्षी, छिनिन्न झगडा छली ।।

अर्थ– यी साखीहरू भित्री साक्षी चेतनलाई चिनाइदिने ज्ञानका आँखा हुन् । यी सबै कुरा मनमा अति गडेर हेरौं । बिना साक्षी प्रमाणको संसारी झगडा पनि त छिनिदैन ।।३५३।।

अस्तु– संसारी मामिलामा साक्षी प्रमाण नबुझी निर्णय दियो भने त्यो न्याय यथार्थ हुनसक्तैन। साँचो निर्णय दिन, निष्पक्ष गवाह-हरूको प्रयोजन पर्दछ। यस्तै यहाँ धार्मिक जगत्मा चलेका विभिन्न सैद्धान्तिक मामिलामा पनि मर्मज्ञ तटस्थ निष्पक्ष साक्षी सरह, गुरु कबीरका प्रत्यक्ष र तथ्य प्रमाणयुक्तका वैज्ञानिक ढङ्गका गुरुमुख वाणी नै छन् । धर्मको नाममा सत्यको आधारबाट संसारमा चलेका अनेक सिद्धान्तमा कसैको मतैक्य नभई, विरोधाभास चलिरहेछ । मुमुक्षुवर्गका हृदयबाट यही झगडा फस्र्याइदिन-निमित्त हामीमाथि महान् कृपा गरी, यो अनमोलको तत्त्व-दर्शक ग्रन्थ-रत्न साखीसहित-को बीजक उहाँबाट प्रदान गर्नुभएको छ । निष्पक्ष निर्णय-वाणी र तटस्थ पारख-बुद्धि बिना, विशेष विरोधाभासको झगडा कसो-गरी फर्सियोस् !

हाम्रो मनमा अनेक चेष्टा गति-विधि हुनलाई भित्रबाट जानी-जानी यही शरीरस्थ चेतन जीवले नै प्रेरणा गरिरहेछ। संसारको सनातन नियम छ– यो चेतनले कसैको मर-मोलाहिजा नगरी, भए-गरेका सबै क्रियाको जस्ताको तस्तो वासना-संस्कार हृदयमा संग्रह गर्दछ। सोही अनुसार जन्म मृत्यु आधि व्याधि कष्ट भोग्न विवश पनि बनिरहेछ। अतएव अबदेखि यस्तो दुर्दशा झेल्न नपरी, सदा अविच्छिन्न शान्तिको शाही सिंहासनमा स्थिति पाउन-को लागि, सम्यक प्रकारबाट स्वरूपबोध, बनाउनु, सदाचरण-पालन पूर्वक समय-समयमा निश्चिन्त-शान्त बनी बसी, मनमा उठेका भावना-हरूलाई साक्षी बनी हेर्नु, जे जस्ता वृत्ति सम्मुख परेपनि हेर्नुमात्र, आफू तटस्थ बनी, अति सावधान-पूर्णहोशमा रही, हेर्ने द्रष्टा बन्ने

अभ्यास गर्नु । हेर्दा-हेर्दा केही दिनपछि हामीलाई कुनै पनि वासना-वृत्तिले घिच्याउन-क्रिया गराउन नसक्ने हुनेछ । अनि तटस्थ द्रष्टा आफैंमात्र अवशेष रहियो । यति भएपछि हाम्रो पुरुषार्थ सफल भयो । अब नित्य-नित्य यही अवस्था कायम राख्ने अभ्यास नछाडी एकरस चालू राख्ने पुरुषार्थ- बनाउनु नै कर्तव्य रहन्छ । हामो त्यहाँसम्म साक्षी रहन्छौं, जहाँसम्म दृश्य भास रहन्छ । मन र दृश्य विलय भएपछि साक्षी भाव पनि समाप्त हुन्छ । चेतनको अस्तित्व मात्र जस्ताको तस्तै रहन्छ । अब उसलाई पारखी द्रष्टा 'म'- केही भनिदैन, जड़-तत्त्वहरू र शून्यदेखि पनि पृथक् पारख ज्ञानमात्र ज्ञप्ति अस्तित्व चिन्मात्र पदार्थ रूपबाट शाश्वत शान्त रह्यो । यस अवस्था-मा आएर समस्त झगडा समाप्त हुन्छ ।

यो अभ्यासलाई तलको छन्दबाट अरू केही मनन गरौं–

स्थिति – अभ्यास

प्यारा वान्धव ! भोग-सुक्ख बहुतै भोग्यौं डुब्यौं नित्य नै ।
जन्मौं जन्म र कल्प कल्प कति भो मिल्दैन त्यो सत्य नै ।।
चिन्ता शोक परे परिश्रम महा प्राणान्तको कष्ट भो ।
यस्तै हो अब भो ! नघुस्नि तिनमा आऊ गुनौ अल्प यो ।।१।।

उन्यूँमा यदि फूल फुल्दछ भने मिल्नेछ आराम त्याँ ।
त्यो ता हुन्न भने 'नदेखं सपना' लागौं स्वयं राममा ।।
द्रष्टा चेतन हो र दृश्य जड हुन् छन् वस्तु दोटै जब ।
यै चैतन्य सुसार तत्त्व जगको हो भ्रान्ति छाडौं सब ।।२।।

केहीमा मिलने र माथि पुगने काङ्क्षा निकालौं सबै ।
ज्ञानै ज्ञान चुनौं विकार जति ती फालौं सिनित्तै अबै ।।
हाम्रै भित्र छ श्रेष्ठ वस्तु सबको सम्राट् महा चेतन ।
त्यै खोजौं निजमा पसौं अब गरौं उद्योग ठूलो जन ।।३।।

'लौ ! यै जीवनबाट मुक्ति गति ता साँच्चै न ली छाड्दिन' ।
यस्तो निश्चय भित्र राखि दृढता किञ्चित् न भूलीकन ।।
डूबौं ध्यान र सत्य आचरणमा सम्पूर्ण पाली सँधै ।
यस्ता साधकको नवोन्नति नितै जानेछ बढ्ती हुँदै ।।४।।

एकान्तस्थलमा सुशान्त मनले निःसङ्गता ली बसी ।
एकै आसनले अडिग्ग गति ली राम्रै पलेंटी कसी ।।
यस्तो योग जहाँ मिलेन त भने रात्री सबेरै सुती ।
पैह्लो नींद खुल्यो तबै सजग भै कुल्ला-गरी-संस्तुति ।।५।।

शितोष्णादि र जन्तु जीवहरूको पैह्लै बचाऊ गर ।
द्रष्टाको स्थितिमा बसेपछि भने फर्काउ चित्तै घर ।।
जस्तो निश्चयता छ भित्र पहिले झल्कन्छ त्यै ध्यानमा ।
एकाग्रै मन यो हुँदा सुख महत् भै सत्य झैं भानमा- ।।६।।

झल्की मक्ख परिन्छ किन्तु बुझ यो द्रष्टा भए सत्य हो ।
जो हो दृश्य भने 'लहै ! फरक भो' धोका पऱ्यो नित्य को ।।
पर्छन् सम्मुख जो 'प्रकाश ध्वनि औ निस्तब्धता' भान भै ।
ती ह्वै नन् 'सत सार तत्त्व चिद ता द्रष्टा म हूँ ज्ञान' नै ।।७।।

यो सम्झीकन साधकी जनहरू सत्सङ्ग पैह्ले गरुन् ।
'सच्चा तत्त्व विशुद्ध चेतन' बुझी अभ्यास राम्रो भरुन् ।।
देखिन्छन् जति जे चलाक मतिले हेर्नु तटस्थै बनी ।
हेर्नु मात्र सहोश भै स्थिर रही उठ्छन् जबै ती अनि ।।८।।

केही बेर बस्यो भुलाउँछ उही नाना थरी वासना ।
टाठो भैकन हेर्नु तिव्र मतिले उठ्तैन अभ्यासमा ।।
जैलेसम्म रहन्छ होश निजमा दब्नेछ सङ्कल्प ता ।
छुट्तै होश सुटुक्क पस्छ मन त्यो मच्चाइ वैकल्प्य हा ! ९।।

यो अभ्यास अटूट नित्य गरनू रत्ती न अत्यास ली ।
क्यै अभ्यास गरे सचेत दृढ भै पक्रिन्छ त्यो जो छली ।।
देख्तै लोप हुनेछ चञ्च मतिमा आउन्न क्यै वासना ।
आफ्नो होश हराउँदै लगि कता गाड्ने छ दुर्भासमा ।।१०।।
यस्तो चाल रहन्छ ध्यान बिचमा झन् जोश उत्साह ली ।
गर्नू साहस भर्नु वेग मुटुमा, कुल्ची हतोत्साह छिः ।।
बाँधी हिम्मत एकनिष्ठ मनले रत्ती न अल्सी गरे ।
आफ्नो शान्ति सुथीरता सह सदा मिल्नेछ साँच्चै भरे ।।११।।
दग्धारण्य असार स्वार्थ छलले संसार नै पूर्ण छ ।
पीडा ताप स्वरूप नश्वर अहो ! यो देह झन् जीर्ण छ ।।
यस्तो वृत्ति बनोस् अखण्ड निजमा कैल्है नभुल्ने गरी ।
आफैंमा अनि घुस्रला मन कहाँ भागेर जाला झरी ।।१२।।
यो द्रष्टा स्थिति एक काम त बने कैदी छुटचो दीर्घको ।
जन्मौं जन्म र कल्प कल्प भरिको उद्देश्य थ्यो पूर्ण भो ।।
जो थे बन्धन वासना भ्रम अहं छूटे सबै मान्यता ।
स्थायी शान्ति यहाँ मिल्यो स्थिति अहा! के शेष भो काम्य ता ?।।१३।।

*

आद्योपान्त बीजकसहित यो शिक्षा-दीक्षा पाएपछि शिष्यको विनय–

गुरु पङ्कज - पाऊमा , सानो बिन्ति बिसाउँछु ।
गुरुपद उही घेरा , मुख्य आज्ञा म गाउँछु ।।१।।
संसार स्वप्न झैं सार - बिनाको स्वार्थ पूर्ण छ ।
देह दुइ दिनैको हो , रोग र दुःख पूर्ण छ ।।२।।
वासना जीवको पासो , भ्रामक काल-शस्त्र त्यो ।
सबै देखि परै मेरो , असङ्ग सत रूप यो ।।३।।

स्वयं प्रकाश चैतन्य , द्रष्टा सन्तत शुद्ध हुँ ।
अनाशी म सुधा शान्त , गुरु कृपा-विशुद्ध हुँ ।।४।।
यो कालो भूल आसक्ति , अवश्य शून्य गर्दछु ।
द्रष्टा वैराग्यको आजै , छिल्लिम् रोप पहिर्दछु ।।५।।
शुद्ध हृदय यो राख्छु , वासनाले बिगार्दिन ।
अमूल्य सुनको सेज , मैला पारी लतार्दिन ।।६।।
यै जन्ममा सबै कार्य - सह्माल्दछु म डट्दछु ।
गुरु ! देह पुनः लिन्न , शान्ति मुक्ति म लुट्दछु ।।७।।

★

यहाँ पूरा भयो साखी , पूरै पुस्तक अन्त भो ।
गुरु-दया मिल्यो दृष्टि , पद विश्रान्ति शान्त भो ।।

बीजक महात्य

फल–साखी

बीजक कहिये साख धन , धनका कहै संदेश ।
आतम धन जेहि ठौर है , बचन कबीर उपदेश ।।१।।

बीजक-धनको साक्षी , धन-हाल बताउँछ ।
'आत्मा-धन' जहाँ यो छ , कबीर-उपदेश छ ।।

अर्थ – बीजक भनेको गुप्त धनको संकेत बताउने लेख-खाता हो । दोस्रो अर्थमा हाम्रो हृदयभित्र लुकेको चेतन-धनको संकेतक लेख हुन्छ । यसले चेतन साक्षी स्व स्वरूप-धनको निर्देश गर्दछ । चेतन-धन जहाँ छ, त्यो यथार्थ वर्णन भएको गुरु कबीरका निर्णय सार शब्दको सङ्कलन नै यो बीजक ग्रन्थ हो ।।१।।

देखै बीजक हाथ लै , पावै धन तेहि शोध ।
याते बीजक नाम भौ , माया मनको बोध ।।२।।

बीजक हात ली हेर्नु , धन को शोध पाउँछ ;
बीजक नाम यै रीत - भो माया मन बोध्य छ ।।

अर्थ– सेठको बीजक हेरेपछि तिनको भएभरको धन पत्ता लागेझैं गुरु कबीरको देन– यो बीजक हातमा लिई अति गडेर हेर्नेलाई सत्यासत्यको शोधन-शक्ति प्राप्त भई, स्व स्वरूप चेतन-धन हात लागिहाल्दछ; कल्पना-भ्रान्तिमा भौंतारिई रहन पर्दैन । यसैले यो ग्रन्थको नाम पनि बीजक भन्ने रहेको हो । यसको अध्ययन बाट माया र मनको सम्यक बोध भई, तिनका फन्दाबाट जीव विमुक्त बन्दछ ।।२।।

अस्ति आत्मा राम है , मन माया कृत नास्ति ।
या की पारख लहै यथा , बीजक गुरुमुख आस्ति ।।३।।

हो आत्माराम नै सत्य , माया को कृति नास्ति छ ।
हुन्छ बीजकले ज्ञान , गुरु मुख त आस्ति छ ।।

अर्थ– रमैया राम आत्म-चेतन यो सत्य वस्तुरूप हो । मन-मायाका कृति वाणी जालजति सबै कल्पनारूप हुनाले असत्य हुन् । यी कुराको यही बीजक गुरु मुख वाणीद्वारा यथार्थ पारख गरी, बन्धनरूप मन-माया भ्रान्तिबाट आफूलाई पृथक् गर ।।३।।

पढै गुनै अति प्रीतियुत , ठहरि के करै विचार ।
थिरता बुद्धि पावै सही , बचन कबीर निरधार ।।४।।

प्रीति युक्त पढी गुन्नु , विचार गर्नु शान्त भै ।
सुस्थिर बुद्धि मिल्नेछ , वाणी सत्य कबीर कै ।।

अर्थ– अति प्रेम-श्रद्धापूर्वक शान्त मनले यो बीजकको बारम्बार अध्ययन मनन गर्नु । यो अभ्यासबाट बुद्धिको विकार-चञ्चलतादि छुटेर गम्भीर सत्य-शोधक विचक्षण-बुद्धि प्राप्त हुनेछ । गुरु कबीरका यी वचन स्व स्वरूपमा निराधार स्थिति गराउने संशोधित युक्तियुक्तका प्रबन्ध हुन् ।।४।।

सार शब्द टकसार है , बीजक या को नाम ।
गुरुकी दया से परख भई , वचन कबीर तमाम ।।५।।

हुन् टकसार यी शब्द , बीजक नाम पर्नगो ।
गुरु दया भयो बोध , कबीरादेश सर्व यो ।।

अर्थ–टकसारमा नवीन पानढिकी असर्फी-रुपैयाहरू टकमरी झलझलाउँदा मुद्राको रास लागेझैं, गुरु कबीरका हृदयरूपी टकसार बाट अनुभवयुक्त निस्केका, सत्यको पालिसले टलक्क टल्केका, विशुद्ध निर्णय-वचनरूपी अनमोल असर्फीले भरिपूर्ण, यो पुस्तकको नाम पनि बीजक हो । यसको मनन गर्नाले गुरु-दयाबाट सत्य र कल्पित वाणीको यथार्थ परीक्षा गर्न सक्ने क्षमता प्राप्त भयो । सद्गुरुको देन वचनामृतको सङ्ग्रह-स्वरूप, यो पुस्तक पनि यहीं समाप्त हुन्छ ।।५।।

पारख बिन परचै नहीं , बिन सत्सङ्ग न जान ।
दुविधा तजि निर्भय रहे , सोई सन्त सुजान ।।६।।

बीना पारख था हुन्न, जानिन्न सङ्गतै नभै।
छाडी दो-मन निर्धक्क - बन्ने सन्त गुणी तिनै॥

अर्थ- पारख स्वरूपको सम्यक बोध नभई जड-चेतनको ठीक-ठीक परिचय पाइँदैन। पारखी सन्तको सत्सङ्ग बिना उक्त पारखबोध पनि हुँदैन। जो समस्त भ्रम-संशय छाडी निर्भयपद स्व स्वरूप चेतन ज्ञानमात्रमा स्थिर शान्त छन्, तिनै सुज्ञ सन्त सर्वोपर श्रेष्ठ हुन् ॥६॥

निर क्षीर निर्णय करे, हंस लक्ष सहिदान।
दया रूप थिर पद रहे, सो पारख पहिचान ॥७॥

दूध पानी पृथक् गर्ने, हंस लक्षण भिन्न हो।
स्थिर पद दया रूप, यही पारख चिह्न हो॥

अर्थ- (लोकोक्ति अनुसार--) दूध र पानी छुट्याई, दूधै-दूध ग्रहण गर्नु-- यो हंसको लक्ष्य, चिह्नल हो। यस्तै यहाँ जड-चेतन निर्णय गरी सार सत्य चेतनको बोध ग्रहण गर्नु– विवेकी हंसरूप मानवको स्वभाव हुन्छ। प्रथम स्वयंप्रति दया गरी गुरुपदमा स्थिर हुनु, साथै प्राणीमात्रमा पूर्णदया धारण गरी जगत्-वासना, अभिमान, भ्रान्ति-कल्पनालाई छाडेर स्व स्वरूपमा शान्त रहनु। यस्तै स्थिति अँगालेका सन्तले नै पारखपदको सम्यक परिचय पाए आफ्नो मुख्य काम बनाए ॥७॥

अरू– पारखपदमा निमज्जित भएका पुरुषको स्वभावै दयामय हुन्छ। परमार्थरूप हीराको एक कणसम्म मात्र पनि जीवले लिन सके ऊ निहाल होला भन्ने दया भावबाट उसलाई औला-दौला गराइदिन उहाँ सामान्यरूपबाट प्रवृत्ति लिने गर्नुहुन्छ।

देह मान अभिमान ते, निरहंकारी होय।
वर्ण कर्म कुल जाति ते, हंस निन्यारा होय ॥८॥

देह मान अहं छाड़ी, निरहङ्कार सो मन।
वर्ण कुल क्रिया जाति - बाट हंस परै बन॥

अर्थ– शरीर, सम्बन्धी, सम्पत्ति आदि केहीको पनि लेश-गुमान नलिई, सर्व अहङ्कारबाट शून्य हुनु । जाति वर्ण कुल कर्म सबैको आसक्ति अहङ्कार छाडेर हंसको स्वभाव धारण गर्नु, पारख-मा स्थिर हुनु नै जीवनमुक्तिदशा हो । यही कल्याणकारी सर्वोपरि स्थिति पनि हो ॥८॥

श्र.रू– ज्ञानको धेरै माथिल्लो श्रेणीमा पुगिसकेपछि पनि सूक्ष्म अभिमानले पिण्ड छोडेको हुँदैन । हत्तपत्त बन्धनको सूत्र कहाँ चुँडिन्छर ! कञ्चनको कामना र कामासक्ति, साधनाले छुट्न सक्तछ; तर मान र 'म' पना छाड्न सारै कठिनको कुरो हो । स्वयंको कसर पत्ता लगाउन त आफ्नो पीठको घाउ आफैंले देख्नु समान मुश्किल पर्दछ । यो त निन्दकजनरूपी हलबी ऐनाले मात्र देखाइदिन्छ। (यसैले यस्तालाई झन् हितैषी सम्झी सहनशील◈ बन्नु) अथवा गुरु-सन्तको दया र स्वयंको सूक्ष्म परीक्षादृष्टि चाहिन्छ । अर्थात् देहको कुल, जाति, वर्ण, आफूले गरेका काम, पद-प्रतिष्ठा-दिदेखि आफ्नो हंस-स्वरूप चेतन सर्वथा पृथक् हुनाले आफूलाई निरन्तर पृथक् सम्झनु, अन्य समस्त मनोभावनाबाट द्रष्टा बनी पर्न्छनु ।

जग विलास है देह को, साधो करो विचार ।
सेवा साधन मन कर्म ते, यथा भक्ति उरधार ॥९॥

◈क्षमाबाट शान्ति लाभ–

मुक्तिको छ भने इच्छा, पर धक्का सबै सहूँ ।
आफ्नै मन थचारेर, कृतकृत्य बनी रहूँ ॥
मन माफिक मिल्दैनन्, प्राणी चीज कहीं कुनै ।
चिन्ता साटो लिए कष्ट - हुन्छ होश गरौं रुने –
पर्छ-चिन्ता लिए-भित्र - भित्रै दन्कन्छ राप झन् ।
साटो लिंदा अरिंगाल - चलाए सरि चिल्दछन् ॥
अम्बरीष हरिश्चन्द्र, बुद्ध आदर्श थे सुन ।
विशाल लालको ख्याल - ले निहाल बनौं गुन ॥

जग विलास हो ज्यूको , विचार गर सन्त हो ।
मन कर्म - गरी सेवा , सक्तो भक्ति गरे भयो ।।

अर्थ– संसार-प्राणी, भोग-विलासमा चुर्लुम्म डुब्नु नै शरीरको सार हो भन्ने सम्झन्छन् । तर हे सन्त ! विचार गर, यहाँ छउन्जेल शरीर-निर्वाहसम्म लेउ, बाँकी-विलास उपभोग र विशेष व्यवहारको सट्टा, मन कर्मबाट प्राणी-परमेश्वरको सेवा गर । मन-इन्द्रियका विकारी स्वभावलाई सुधारी, निग्रहपूर्वक राख; साधनामा डुब । पारखी सन्त-गुरुको दिलैदेखि उपासना गर, स्वरूपानुसन्धान स्थितिरूपी भक्तिमा निमग्न बन ।।९।।

अरू– बोधाचरण-सम्पन्न सन्तको प्रारब्धरूप शरीर उभिए सम्म मनलाई अन्त नअल्झाई विचारपूर्वक बस्ने काम नै बाँकी रहन्छ । यसलाई एउटा अवलम्ब दिन– यथासक्य पूज्यजनको सेवामा निर्मानतापूर्वक समर्पण रहनु-मनलाई उठ्न नदिनु । आफ्नो कुनै कामना 'म' पना नबचोस् । वचन कर्मबाट प्राणीमात्रको हितैषी वरताव सहयोग गर्दै गर्नु । आफ्नो दैनिक व्यवहारमा वा परमार्थ-पथमा साथ पर्न आउने प्राणीलाई पनि परमार्थ, शुभगुण तिरै तान्ने-लगाइदिने प्रेरणा गर्नु, उत्साह भर्दै रहनु । सबैसित हेलमेल प्रेमपूर्वक रहने, भक्ति साधनामा स्वयं अघि बढ्ने र अरूलाई पनि अग्रसर गराउने भावना-पुरुषार्थ चालू राख्नु । आफ्ना कर्तव्यबाट अरूको उत्साहमा आँच आउन नपाओस्; दिनप्रति साहस-जोश बढोस् । यस्तो भावनालाई नभुल्नु। यो ध्येयलाई बिर्सेर 'जहाँ 'म' को टुसा उम्भ्यो, त्यहाँ अब मेरो खुट्टो चिप्लिन लाग्यो, धमिराको प्वाँख पलाए अर्थात् अहंकारले घर जमाउन लागेछ भन्ने सम्झे हुन्छ । यसैले हमेशा आफ्ना इन्द्रिय मनको निग्रानी राखी साधना गर्दैरहनु । आफूमा अहंभाव आउन नपाओस् भनेर नै हृदयमा भक्तिको बिरुवा लगाई गोडमेल गर्दै गर्नु । प्रथम भक्ति–

इष्ट प्रेम दीक्षा गुरु , सेवा ध्यान प्रसन्न ।
मुदित बितावे रात दिन , गुरु रुख साधि अमन्न ।।

[मुक्तिद्वार १।१३]

र अन्तिम भक्ति–

सब विषयन से भागि चलौ जब , निज स्वरूप ठहरौ ।
पूरण भक्ति करौ यहि विधि से , जस तेहि नाम परौ ।।

[भवयान २।४]

यिनै हाम्रा मुख्य पुरुषार्थ हुन्, यिनैले हामीलाई विशुद्ध स्वरूपस्थितिमा निहाल शान्त बनाउनेछन् ।

स्तुति

दयालुको दयाबाट , सुधा वर्षा भयो भारी ।
सुन्यौं सम्पूर्ण सद् शिक्षा , पलाए ज्ञानका घारी ।।टेक।।
हृदय हाम्रो सघन बन थ्यो , दुराशा काम क्रोधादि ।
हजारौं कल्पना भ्रान्ति - भरी अन्धेर थ्यो ज्यादी ।।१।।
कसैले भोगमा रोग - बताउन् सिल्ली ती ठान्थें ।
भई हैरान सुख खोज्थें , पर्‍यो दुःख साध्य-सुख मान्थें ।।२।।
सहें सारै सदा हण्डर , छ माथि पूर्ण सुख सम्झी ।
परें वाणी का फन्दामा , भरें अति मान्यता अल्झी ।।३।।
म लड्थें कल्पना पक्री , ठूला र लेखका भरमा ।
अपर्झटमा मिले दाता , भरोसा भो हृदी-घरमा ।।४।।
सुनाई नित्य सत् चर्चा , दिए बीजक को सम्पत्ति ।
बिलाए कल्पना तृष्णा , बल्यो सद् बोधको बत्ती ।।५।।
मिल्यो सद् वस्तु स्व शाश्वत , न भूलौं दुःख गुरु दानी ।
रहूँ आजन्म आज्ञामा , स्व द्रष्टा शान्ति नित जानी ।।६।।

विवेकशील शिष्यले व्यक्त गरेको
सारगर्भित उद्वार–

गुरु– तिमीले सन्तशिरोमणि कवीरको शोधपूर्ण बीजक ग्रन्थ- सम्पूर्ण अध्ययन गर्‍यौ, यसवाट के शिक्षा पायौ त ! लैनो गाईको कल्चौंडामा लागेको जूकाले अमृतमय दूधको कुण्डवाट पनि रगतमात्र भेट्टाएसमान सार-सत्यको बोध र सदाचरणको सट्टा उल्टो अरू-अरू नै घैमल त वटुलेनौ ?

शिष्य– निष्पक्ष सार सत्यका अन्वेषक हे गुरुदेव ! जस्तो श्री कृष्णवाट अर्जुनलाई गीता-ज्ञान पान गराइसक्नु भएपछि सोधनीभयो–'कच्चिदेतच्छ्रुतं...के तिम्रो सम्मोह शमन भयो ?...।' भन्दा अर्जुनले विनय गरे– 'नष्टो मोह स्मृतिर्लब्धा... मेरो मोहरूपी अज्ञान छुट्यो, स्मृति जागा भई सबै सन्देह हटे, स्थिर भएँ. अब म हजुरको आज्ञा पालन गर्छु...।' भने झैं हे गुरुदेव ! हजुरको अगाध करुणा-उदारताबाट गुरु कवीरका सत्य-निर्णय, विचार- सामग्रीको भण्डार वीजक-ग्रन्थमा भरिएका अमृतमय परिशोधित प्रसंग सम्पूर्ण, श्रवण-द्वारा पान गर्ने र यसलाई मनन गर्ने सौभाग्य दासलाई प्राप्त भयो । यो दुःखी अनाथकै निमित्त अति परिश्रमपूर्वक वीजकको अपूर्वका अकाट्य युक्ति-प्रयुक्ति, सुन्दर घतलाग्दा शैलीबाट सदाचार र पारखवोध सम्झाइबक्स्यो । आजसम्मको शिक्षा-दीक्षाबाट दासलाई के के वोध भयो भने–

१– एक लक्ष्यबाट एकै ध्येय लिई अनवरत पुरुषार्थ नगरी कुनै कार्य पनि सिद्ध हुँदो रहेनछ । सम्पूर्ण आसक्ति अहंकार कल्पना भ्रान्तिबाट रहित-भई एकनिष्ठ बनेर आत्मानुभवको साधनामा नै निमग्न हुनु, जोवनको मुख्य कर्तव्य र मुक्तिको महान् माध्यम रहेछ । यो साधनामा लाग्दा विषयासक्ति, मानको लिप्सा, गर्व, विभिन्न, सन्देह, कल्पनारूपी वादल साधकका समक्ष आई-आई ढाक्ने, विभ्रान्त बनाइरहने हुन्छन् । अरू-अरू नै प्रलोभनमा अल्झाउने, मुख्य ध्येय–साधना-अभ्यासमा अड्न नदिने हुनाले नै मूल ग्रन्थ-कारबाट "भूत-प्रेतादिको भ्रान्ति, ऋद्धि-सिद्धि आदिको प्रलोभन, कर्म-काण्डको अल्झाई, जड-उपासनाको अवलम्बन, जड चेतन मिश्रित र शून्यका समर्थक

ज्ञान वा यस्तैयस्ता समस्त बाह्य-प्रवृत्तिबाट निराश गराई, स्व मै स्थिति दिलाउन, यो ग्रन्थमा समीक्षापूर्वक निर्णय गर्नुभएको रहेछ।

२– चेतन तत्त्व नै सार सत्य हो, त्यो हाम्रै भित्र विद्यमान छ। यही कुरा सारा उपनिषद् वेद शास्त्रको अन्तिम निर्णय भएको र प्राणीमात्रमा चेतन जीवको निवास रहेको अनुभव सबैलाई भइरहेकै हुनाले मुख्य ज्ञातव्य उपादेय तत्त्व हामीलाई हाम्रै भित्रबाट उपलब्ध हुनेरहेछ। यसको लागि अन्यत्र भौंतारिनु र अपरोक्ष ज्ञानमात्र चेतनलाई छाडी, दृश्य-कल्पनाका पछिलाग्नु व्यर्थ रहेछ।

३– यसको निमित्त यही मानव-जीवनमैं सम्पूर्ण कुसंगबाट बचेर सत्संग-सदाचरणको पालन गर्नु, परीक्षापूर्वक सत्यको पुजारी बन्नुपर्ने रहेछ।

४– जड-चेतन दुवै अनादि देखिका सत्य द्रव्य रहेछन्। जडजति कारण-कार्यरूपमा प्रवाहरूपबाट परिणत भइरहने रहेछन्। चेतन, अनादि अनन्त अखण्ड एकरस रहेछन्।

५– मानव - जीवन कर्म-भूमिका रहेछ। यसबाट जे जस्ता कर्म गरिन्छन्, उही अनुरूप फल-भोग सबैले भोग्नुपर्ने रहेछ। यसबाट कोही बच्ने रहेनछन्। पुनर्जन्म, कर्मफल भोगको नियम अकाटच रहेछ।

६– यो अनादिको विश्वमा जड तत्त्वका गुण धर्म शक्ति क्रिया मेलहरू-बाट अनन्त कार्य पदार्थ बन्ने-बिग्रने भइरहने र यसैबाट संसारको स्थिति चली-बनिरहेको रहेछ। चेतन, कारण-कार्यरहितको स्वतन्त्र द्रव्य हुनाले यस-बाट न कुनै कार्य बन्दछ, न कुनै तत्त्व प्रकृतिहरूबाट यसको उत्पत्ति नै भएको हो। परन्तु जीवले वासना विवश अनादिदेखि शरीर धारण गरी, चार खानिमा भ्रमण गर्ने प्रवाह चल्दै आइरहेको रहेछ।

७– अहिंसा-धर्मको आठै अंग पूर्णपालन, लत-व्यसनहरूको सर्वथा त्याग, ब्रह्मचर्य व्रतको सम्यक धारणा, सन्तोष अपरिग्रह, वाक्य-सुधार, इन्द्रिय-दमन, मनको शमन–इत्यादि दैवी सम्पत्ति, हंसको सदाचरण आदि पूर्णरूपबाट बनाउनु पर्ने रहेछ। वाक-चातुर्यबाट आफू अलिप्त बनी, यिनलाई उपेक्षा गर्नुहुने रहेनछ।

८– विवेकी विज्ञ सन्तजनमा प्रेम-निष्ठा, देह-भोगबाट उपरामता, सद्ग्रन्थको चिन्तन मन, इन्द्रियादिको निग्रह, वैराग्य-साधना र द्रष्टा समाधिको अभ्यास–यिनै पुरुषार्थमा सदा स्वयं निरत रहनुपर्ने रहेछ ।

९– यी अभ्यासका आरम्भमा मनका तरङ्ग वासना-कल्पनाहरूलाई अन्तरलक्ष्य गरी निरीक्षणमात्र गर्ने, तिनमा आफू नमिली अलगै रहने–अभ्यास नित्यप्रति ज्यादाभन्दा ज्यादा समयसम्म गर्नेगर्नु, कुनै दिन पनि खाली जान नदिनु । यही सरल र सुसाध्य उपायवाट शान्ति-स्थिति, पारख समाधिमा निमज्जित होइन्छ भन्ने उहाँको मुख्य आशय रहेछ ।

यो पुस्तक पढ्दा पाठकवृन्दका पूर्व मान्यतामा मेल नखाई मनमा ठेस-लाग्न जाला, तर निष्पक्षतावाट विवेकपूर्वक परीक्षा गरेका खण्डमा हामीलाई अवश्य पनि सार सत्य परम तत्त्व प्राप्तभई सजिलैसित आफ्नो स्थिति मिल्नेछ । ह्वै न भने विषय-वासना र वाणीको मान्यता अति लेस्याइला, महान् बलशाली छन् । यिनले ठूला-ठूला वीर विद्वान् सवल स्वामीज्यू सम्मलाई पनि पिण्ड नछाड्ने रहेछन् । यस कारण ती सबै भूलभुलैयावाट बची, सत्य-चेतनकै ज्ञानमात्रको स्थिति अँगाल्न सोझो सजिलो र छिटो छरितो साधनाको दिशासूचक यंत्रसमान यो बीजक रहेछ । जस्तै– आत्मानुरक्त रहने, आत्मैमा तृप्त हुने र आत्मामै सन्तुष्ट बन्ने–यस्ता व्यक्तिको निमित्त अरू कुनै कर्तव्य वाकी रहँदैन ।◆ भन्ने गीताकै मुख्य सिद्धान्तसमान बीजकको पनि निर्देशन रहेछ,■ भन्ने मेरो धारणा बन्यो । अब म आफ्नै आचार विचार सुधार्दछु । अर्थात् हंसको सद्गुण-दैवी सम्पत्ति आफूमा उतार्ने र जडासक्ति कल्पनारहित विशुद्ध चेतनमात्रको बोध-स्थिति अँगाल्ने प्रयत्नमै अगाडि वढ्दछु । आचरणमा पूर्वकै खान पानादि व्यवहार नछाडी, मुखलेमात्र निर्विकल्प समाधि· कैवल्य स्थितिभन्ने वाक-बिलासमा बग्दिन ।

गुरु– हो बाबू ! तिमीमा साँच्चिकै जिज्ञासा र सार ग्राही विमल बुद्धि रहेछ। तिम्रो अध्ययन-श्रवण सबै सफल भयो, मानवमात्रमा यस्तै कुशाग्र बुद्धि सारग्राही अन्तःकरण बनोस् ।

◆ यस्त्वात्मरतिरेवस्याद्... –गीता । ■ दूरि नाहिं दूरि आशा हो... कहरा ३ । सहजध्यान रहु २...–कहरा १ । जो तूचाहे मूझको छाड सकल की आश । मुझ ही ऐसा होय रहो, सब सुख तेरे पास ॥ बी. साखी २९८ ।

मुमुक्षुको उद्‌गार-भजन

हामी सबै मिली जुली , मुक्ति-महल बनाऊँ ।
भक्ति धर्म पारख रङ्गी , स्व मैं शान्त बिलाऊँ ।।टेक।।
गुरु गुण सिद्धान्त र , सदाचार गुनेर ।
आउ आजै अघि बढौं , विवेकले चुनेर ।।१।।
ज्ञान सुन्यौं भक्त भयौं , पूरै भक्त भनाउँ ।
नाउँ तेरो गाउँ मेरो - छाडी टम्म अघाउँ ।।२।।
जङ्गी रूख ठाढे हुन्छ , हुरी चल्दा हुत्तिन्छ ।
बेत झुक्छ सानो बन्छ , विनम्र भै बचिन्छ ।।३।।
बत्ति पैले स्वयं जली , दिप्ती दिन्छ अन्यमा ।
अनि आई पुतली ती , ज्यानै दिन्छन् उनमा ।।४।।
हामी पनि सुख मान , कल्पनामा न झूली ।
गुनौं ज्ञान आज्ञा अमृत , चाखौं शान्ति नभुली ।।५।।

हित-सम्मत

सुन्नु भयो यो शिक्षा , गहिरो छ भाव सार ।
बार बार डुबेर गुन्नोस् , भर्नोस् हृदय भँडार ।।टेक।।
आँखा अगाडि हाम्रै , छर्लङ्ग सार असार ।
चैतन्य जड केलाई , सन्धी सुन्यौं अपार ।।१।।
यो मुक्तिपथको सामल , दश शील हंश लक्षण ।
अति पुष्टरूप बाट , बक्स्यो दया अधार ।।२।।
अब नित्य अग्रसर भै , सिद्धान्त पुष्ट सम्यक -
पाली, सुधारि दृष्टि , सन्तत गरौं विचार ।।३।।
शक्ति सबै लगाई , आसक्ति सिक्री वासना -
काटौं छुटिन्छ आजै , छौं शुद्ध मुक्त सार ।।४।।
हाम्रै हितैषी आज्ञा , लिउँ छाडि मनको टारबार ।
उठौं उघारि आँखा , कम्मर कसौं कछार ।।५।।

आरति

पारख प्रभुको आरति गर्छौं ।
यो शिर लिई कर सम्मुख पर्छौं ।।
दिव्य ज्ञान निधि गुरु सिर धर्छौं ।
हृदयै सामु गरी ।।
मुटु नै भेट धरी ।।टेक।।
के छ र दुःखीसित अर्पण गर्ने ।
जे जति तन धन मन छ सुमर्ने ।।
मलिन विकार छ अति दुःख भर्ने ।
विकलछु नित्य घरी ।।१।। हृदयै.
धूर्त छली छ याचक लोभ ।
राग अहं मद काम र द्रोह ।।
शुभगुण लिन पनि छेक्तछ मोह ।
बल भर स्व-गुण भरी ।।२।। हृदयै.
लालच डर भ्रम दिल भरी डम्मै ।
जीवन निष्फल गरिसके जम्मै ।।
जन्म मरण दुःख कति सहुँ टम्मै ।
विनय छ चरण परी ।। हृदयै.
लत, सुख अघिसरि शुभपथ छेक्छन् ।
होश ली बुधजन हतपत चेत्छन् ।।
गति मति देउ गुरु न त अरू रेट्छन् ।
हर मल, विमल गरी ।।४।। हृदयै.
धुक-धुक शेष छ अरू न छ शरण ।
नछुटोस् गुरु गुण गुरु धुन चरण ।।
विरति विवेक र शुभगुण भर न ।
निजकै शान्ति छरी, प्रभुकै शान्ति भरी ।।५।। हृदयै.

श्लोक– गुरु पारखको थात - छाडी चित्त कतै पनि ।
नरमोस् हे महादानी ! वर पाउँ यही अनि ।।
प्राणीमात्र सदा सम्झौं , स्वयंको प्राणकै सरि ।
गुरु सन्त सबै द्यौता - ठानौं पूज्य सँधैभरी ।।

★

दुइ हजार बत्तीस , पौष बाह्र गते दिन ।
कनी कुथी भयो पूर्ण , अर्थ लेख यही छिन ।।१।।
थिएन अर्थ नेपाली , ग्रन्थ बीजक - कोशमा ।
प्रेरणा सन्त - साथीको - भयो लेख्ने स्व होशमा ।।२।।
कलिलो बुद्धिको फूल , कोसेली श्रम यो लिनोस् ।
सारग्राही बनी मौरी , त्रुटि क्षमी सुधारनोस् ।।३।।

मूल बीजकको वर्णानुक्रमणिका

सबैको सावधानी र प्रयत्न हुँदाहुँदै पनि दृष्टिदोष र मेसिनको कारणबाट त्रुटि रहन गएका शब्दहरूको सुधार–

पहिलो भागमा

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने	पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
७	२८	सुन्नतको खुलासा पृष्ट ५४१ मा छ।		२२१	१९	भन्छ	भन्छु
२९	१	भ:वशुमाद्ध	भावमा शुद्ध	२२१	२७	पाउँछो	पाउँछौं
४९	२८	प्रवर्तं	प्रख ा तं	२२३	१	ऋदि	ऋद्धि
५१	११	मिलो	मिली	२३०	१	सम्भी	सम्झी
६३	२१	सम्रट्	सम्र ट्	२४१	२०	घेरै	घरै
६५	१	कोह्ली	कीह्ली	२४४	८	झठा	झूटा
७७	२५	भएपनि	भएपछि	२५४	१०	बजरे	बजारे
७९	५	र्क्कै	र्क्कै	२५९	३	लिल्ला	किल्ला
१००	२०	साद	सदा	२७८	७	ग्र'वश्यतका	आवश्यकता
११८	६	प्रत्येय	प्रत्येक	३०८	१७	जीवना	जीवनमा
१२०	७	जा ` र	जानेर	३२५	२५	सेंच नगर	सेंचन गर
१२९	१७	ग	र	३२८	२०	हे	है
१२९	१८	ा	था	३३४	१७	सशय	संशय
१२९	२२	तेड	तोड	३४८	३	रापिनि	रोपिन
१३२	१६	भा ी	भारी	३५५	१७	माग	मार्ग
१३६	१८	प्रकारकाबाट	प्रकारबाट	३५६	२७	भित्र	मित्र
१३७	२३	बु ने	बुझ्ने	३७२	२६	ठाढा	टाढा
१४८	२३	बेदी	वेदीय	३७४		Heardd	Harold
१५०	२२	द्रव्य तथा शक्ति	द्रव्य शक्ति तथा	३७९	२४	कभिज्ने	भिज्ने
१५१	२५	सुति	सुर्ता	३८१	३	फल	फूल
१५२		wotion	wotton	३८३	१७	सुद्रादि	मुद्रादि
१५४	२४	सुन्नतको कुरा पृष्ट ५४१ मा छ।		४००	१६	हस	हंस
१६६	२७	झट्टाका	झुट्टाका	४०१	५	ावणी	वाणी
२०५	७	छटेन	छुटेन	४०५	६	पदछ	पर्दछ
२१४	७	कृतिय सूत्रा	कृतिया सूत्र	४०६	४	मानिम	मानिस
२२०	१४	गुर	गुरु	४०६	१५	स्तिति	स्थिति
२२१	१८	छटाई	छुटाई	४३७	३	ताने	तार्में

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने	पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
४४२	१३	का	को	५१६	१४	मकट	मर्कट
४४२	१५	कहि	कहि	५१६	१९	आपनो	आफ्नो
४५७	१	छट्‌दैनन्	छुट्‌दैनन्	५३४	२६	सयम	संयम
४५७	५	जीवन	जोवन	५३५	११	दीह्लो धरि	धरिदीह्लो
४६५	४	तिरदेता	तिरदेवा	५६८		shed	sad,
४६७	२३	दशनी	दर्शनी	५६०	२७	धर्नाका	धाइका
४७३	८	नपुसङ्क	नपुङ्सक	५७६	९	मम	मर्म
४७५	२३	य.गी	योगी	५८०	३	स ारा	सह्यारा
४८१	२६	डरी	डोरी	५८२	२५	र न्छन्	रून्छन्
५०६	५	सायर	सागर	५९०	१७	रां च	रचि
५०७	११	निचारी	निचोरी	५९१	३	खोर	खीर
५१६	५	एकनस	एकनास	६०६	५	शुद्धद्वैत	शुद्धाद्वैत

दोस्रो भागमा

२	१८	मात्र	मात्रा	८०	२४	प्रणाली	प्राणी
८	१७	अ ि ज्ञ	अलिप्त	८३	२६	घुमाइहला	घुमाइहाल
१२	७	डरहा	डरही	८४		ssort	assert
१३		die I live	live	८७	१४	रज्जन	रज्जब
२०		tongne	fongue	८७	१६	लाक	लोक
४१		If	It	९३		all gives	all girls
४३	२	चाण्डालोडपि	चाण्डालो ऽ पि	१०३	१८	भन्दछन्	भन्छन्
६४	२	दला ी	दलाली	१०४		ccease	cease
६६	१८	हवे ी	हवेनी	१०५		caurage,	courage
६७		way, Ghidss	was Ghodes	१०५		if	but
७०	१०	ह ार्दै	हपार्दै	११२	२६	श्रष्ठ	श्रेष्ठ
७४	७	निरालय	निरालप	१२२	१	गरी-गरा	गरी-गरी
७५	४	यहि	याहि	१ ६	२७	खागि	लागि
७५		againesr	against	१२६		Franui	Francis
७५		Supre and	Septre-and	१३०	१३	झिक्नै	झिक्तै
७५		equil	equal	१३०		come	came
७५		shae	spade	१३८	२	खाज	खोज
७६	१४	आढि	ओढि	१७४	१५	हंस	हंसा

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
१७८	२०	काहै	काहे
१८०		canso	canto
१८१	१०	ग्राधो	ग्राधी
२०९	२	न म	नरम
२०९	२३	कोन	कौन
२१५	२३	दौडँदैन	दौडँदै
२३०			Diogenes Laertius
२३१	३	ग्राह्रो	गाह्रो
२५६	७	ग्रारण	ग्राचरण
२६०		bird	bird ?
२६४	४	द्वव्य	द्रव्य
२८४	२२	गुन्डयाइँ	गुन्डयाइँ
१९८	२४	घर्मो	घर्मी
३००	६	ज नेको	जानेको
३३२	१९	रुपा	रूपी
३३७		oppurtunity	opportunity
३३८	२७	प्रपची	प्रपंची
३६२	१५	हिसा	हिंमा
३६४	१४	सिको	सिकी
३६६	२	साँखा	ग्राँखा
३९४	७	सग	संग
४०१	२५	प्र प्त	प्राप्त
४०१	२६	ग्र फ्नै	ग्राफ्नै
४०४	२६	ग्र फ्नै	ग्राफ्नै
४२७	२५	म त्र	मात्र
४२८	१८	नए	गए
४३२		miton	milton
४६८	२७	प इन्छ	पाइन्छ
४६८		ewe	awe

सन्दर्भ ग्रन्थ र रचनाकारहरू

पहिलो भागका-

दोस्रो भाग

पढौं, कवीरको पारख-साहित्य नेपाली भाषामा

बीजक मूल नेपाली अनुवाद	१५/
बीजक अर्थ स्व चेतन-बोधक	१००/
बुद्धिविनोद- पारख प्रमोद	२/६७
अपना बोध सटीक	२/५०
आफ्नूथान्को	१/
निर्णय प्रवेशिका	१/
भार्तृहरि सार शतक	१/
विशाल विभूति हिन्दी भाग—१	८/
विशाल विभूति हिन्दी भाग—२	३/
विवेक मार्तण्ड	२०/
अहिंसा शास्त्र	२५/

पारख सिद्धान्तको अठार नियम

विशाल–सूत्र

अहिंसा ब्रह्मचर्यै ली गुरुदेव उपासना
शुद्धताले रही नित्य सबमा शुभ भावना

चैतन्य जड दोटैको अनादि नित्य बोध होस्
वासना वश कर्मैको - फल-जन्म हुने बुझोस्

स्वरूप बोधको भाव - ले बन्ध-क्षय निश्चय
गुणग्राही बनी धारी - विवेक दृढ अक्षय

संयमी वितरागी भै जडहन्ता सबै दलुन्
निर्वासना मनोद्वेग - शान्त एकान्तमा रहुन्

द्रष्टाको नित्य अभ्यास जीवन्मुक्त स्वयं बनी
विदेह मुक्तिको प्राप्ति - हुन्छ शाश्वतको पनि